एक

बाइबल: मानिसका निम्ति परमेश्वरको प्रकाश

"परमेश्वरको एक-एक वचन शुद्ध छ; जसले उहाँमाथि भरोसा राख्छन्, उनीहरूका निम्ति उहाँ ढाल हुनुहुन्छ।"
हितोपदेश ३०:५

तर उहाँले भन्नुभयो: "हो, तर तिनीहरू पो बरु धन्य हुन्, जसले परमेश्वरको वचन सुन्छन् र पालन गर्छन्।"
लूका ११:२८

तपाईंको व्यवस्थालाई प्रेम गर्नेहरूका निम्ति ठूलो शान्ति हुन्छ, र उनीहरूले कुनै कुरामा ठेस खानेछैनन्।

भजन संग्रह ११९:१६५

परमप्रभुका वचनहरू शुद्ध वचनहरू हुन्, माटोको भट्टीमा निखुर पारिएको, सातपल्ट खारिएको चाँदीजस्तो।
भजन संग्रह १२:६

बाइबल परमेस्वरको सत्यताको दस्तावेज हो जसलाई परमेस्वरले मानिसका निम्ति दिनुभयो। बाइबलले हामीलाई सिकाउँदछ कसरी हामी उहाँलाई जान्न सक्दछौं र कसरी उहाँको नजिक हिँड्ने। यसले हामीलाई प्रभु येशू ख्रीष्टको चेला कसरी बन्ने भनी सिकाउँदछ। येशू ख्रीष्टको चेलाको रुपमा हामीहरू जीवन भरि नै परमेश्वरको वचन बाइबल सिक्न, बुझ्न र आज्ञाकारी हुन अर्पित हुँदछौं।

बाइबल परमेश्वरबाट मानिसका निम्ति दिइएको आत्मिक सत्यताको एक मात्र आधिकारीक लिखित श्रोत हो।

हाम्रो विश्वासको एक मात्र जग भएकोले हामी सर्वप्रथम बाइबलको विषयमा अध्ययन गर्दछौं। यस अध्ययनको उद्देश्य परमेश्वरको वचनको स्रोत, उद्देश्य र विश्वासनीयताको सम्बन्धमा महत्वपूर्ण तथ्यहरूको अध्ययन गर्नु हो।

१. बाइबल मानिसको निम्ति परमेश्वरको सत्यताको प्रकाश हो।

प्रकाश भन्नाले त्यो सत्यता भन्ने बुझिन्छ जुन परमेश्वरबाट मानिसले जानून् भन्ने हेतूले दिनुहुन्छ। साथै परमेश्वरले सत्यता जानून् भन्ने हेतूले परमेश्वरले गर्नुभएको कार्य भन्ने बुझिन्छ। तल दिइएका बाइबल पदहरूलाई सावधानीपूर्वक पढ्नुहोस्। प्रत्येक ती मानवीय लेखकहरूले उल्लेख गरेका थिए कि उनीहरूले परमेश्वरको तर्फबाट के लेखिरहेका थिए।

तर भाइहरूहो, म तिमीहरूलाई जनाउँदछु, जुन सुसमाचार मद्वारा सुनाइएको थियो त्यो मान्छेअनुसारको होइन। किनकि न ता, मैले त्यो मान्छेबाट पाएँ, नता त्यो मलाई सिकाइएको हो, तर येशू ख्रीष्टको प्रकाशद्वारा मैले पाएँ। गलाती १:११-१२

येशू ख्रीष्टको प्रकाश – परमेश्वरले आफ्ना दासहरूलाई चाँडै हुनुपर्ने कुराहरू देखाउनाका निम्ति उहाँलाई यो प्रकाश दिनुभयो; अनि उहाँले यसलाई आफ्ना दूतद्वारा पठाईकन आफ्ना दास यूहन्नालाई बताउनुभयो। प्रकाश १:१

तल दिइएका पदले परमेश्वरको सारा वचनलाई अगमवाणी भनिएको हो केवल अगमवाणीको भाग मात्र होइन।

किनकि कुनै पनि समयमा भविष्यवाणी मानिसको इच्छाद्वारा आएन, तर परमेश्वरका पवित्र जनहरू पवित्र आत्माद्वारा प्रेरणा पाएर बोले। २ पत्रुस १:२१

तर परमेश्वरले हामीलाई ती कुराहरू उहाँको आत्माद्वारा प्रकट गर्नुभएको छ; किनकि आत्माले सबै कुराहरू अँ, परमेश्वरका गहिरा-गहिरा कुराहरू तलाश गर्नुहुन्छ। १ कोरिन्थी २:१०

अनि हामीले यस संसारको आत्मा होइन, तर परमेश्वरबाटका आत्मा पाएका छौं, परमेश्वरबाट हामीलाई सित्तैंमा दिइएका कुराहरू जान्न सकौं भनेर। ती कुराहरूचाहिँ मानिसको बुद्धिले सिकाएका शब्दहरूमा होइन, तर पवित्र आत्माले सिकाउनुभएका शब्दहरूमा आत्मिक कुराहरू आत्मिक कुराहरूसँग तुलना गर्दै हामी बताउँछौं। १ कोरिन्थी २:१२-१३

यदि तिमीहरूले परमेश्वरको अनुग्रहको प्रबन्धको विषयमा सुनेका छौ भने, जुन अनुग्रह तिमीहरूका निम्ति मलाई दिइएको छ, कसरी उहाँले प्रकाशद्वारा मलाई त्यो रहस्य थाहा दिनुभयो, जसरी मैले अघि केही शब्दमा लेखें। एफेसी ३:२-३

बाइबल विद्वानहरूले सही रुपमै उल्लेख गरेका छन् कि त्यहाँ १००० पटक भन्दा बढि मात्रामा "परमेश्वरको वचन यसो भन्दै मकहाँ आयो" वा "परमप्रभु यसो भन्नुहुन्छ"। तल दिइएका उदाहरणहरू हेर्नुहोस्।
१ शमूएल १५:१०, १ राजा १२:२४, यशैया १:२,१०,३:१६, ८:१, ४३:१,४४:२४,४५:१४, ४९:८, ५०:१, ५६:४, ६६:१, यर्मिया १:४, २:१, ४:१, ३५:१२, ४०:१, ४८:४७, इजकिएल ६:१, ७:१, दानिएल ९:२, होशे १:१, योएल १:१, आमोश १:३, ओवदिया १:१, योना १:१, मीका १:१, नहूम १:१२, हवकूक २:२, सपन्याह १:१, हाग्गै १:१, जकरिया १:१, मलाकी १:१-२)।

बाइबल परमेश्वरबाट हो भन्ने कुरामा कुनै प्रश्न रहेको छैन। यस विषयमा अबको खण्डले स्पष्ट पार्दछ।

२. बाइबल परमेश्वरबाट अभिप्रेरित भएको हो।

ईश्वरीय अभिप्रेरणा पवित्र आत्माको काम हो जसमा उहाँले बाइबलका लेखकहरूलाई परमेश्वरको विशेष प्रकाशलाई प्राप्त गर्न र त्रुटिरहित रुपमा बोल्न तथा आफ्नै भाषा र शैलीमा लेख्न सामर्थ्य प्रदान गर्नुहुन्छ।

परमेश्वरको वचनका वक्ता र लेखकहरू अभिप्रेरित भएका थिए ताकि उनीहरू मानवीय भाषाहरूमा परमेश्वरको सत्यता प्रकाश गरियोस्। बाइबलीय लेखकहरूबाट लेखिएकाहरू वचनहरू परमेश्वरकै वचनहरू थिए।

सबै पवित्रशास्त्र परमेश्वरको प्रेरणाद्वारा दिइएको हो, अनि शिक्षाका निम्ति, भूलदोष देखाउनका निम्ति, सुधारका निम्ति, धार्मिकताको सम्बन्धमा तालिमका निम्ति लाभदायक हुन्छ। २ तिमोथी ३:१६

जसरी यसअघिको खण्डमा हेरिसकेका छौं कि अगमवाणी भन्नाले अगमवाणीको भाग मात्र होइन तर परमेश्वरको वचनको सम्पूर्ण खण्ड नै भन्ने बुझिन्छ।

किनकि कुनै पनि समयमा भविष्यवाणी मानिसको इच्छाद्वारा आएन, तर परमेश्वरका पवित्र जनहरू पवित्र आत्माद्वारा प्रेरणा पाएर बोले। २ पत्रुस १:२१

तब उहाँका चेलाहरूमध्ये एकजनाले अर्थात् शिमोनको छोरा यहूदा इस्करयोतीले, जसले उहाँलाई पक्राउन आँटेको थियो, भन्यो। यूहन्ना १२:४

किनभने मैले आफ्नै पट्टिबाट बोलेको छैन, तर मलाई पठाउनुहुने पिताले, मैले के भन्नुपर्थ्यो र मैले के बोल्नुपर्थ्यो, सो मलाई आज्ञा दिनुभयो। यूहन्ना १२:४९

यस कुराका निम्ति पनि हामी परमेश्वरलाई निरन्तर धन्यवाद चढाउँछौं; किनभने जब तिमीहरूले परमेश्वरको वचन ग्रहण गऱ्यौ, जो तिमीहरूले हामीबाट सुनेका थियौ, तब तिमीहरूले यसलाई मानिसहरूको वचनजस्तो गरी होइन, तर परमेश्वरकै वचनजस्तो गरी ग्रहण गऱ्यौ; अनि यो सत्य पनि हो, जसले तिमी विश्वास गर्नेहरूमा प्रभावसित काम पनि गर्छ। १ थिस्सलोनिकी २:१३।

हे प्रियहरूहो, अब म तिमीहरूलाई यो दोस्रो पत्र लेख्दछु; यी दुवैमा तिमीहरूलाई सम्झना गराई-गराईकन तिमीहरूको शुद्ध मन जगाउँछु, पवित्र भविष्यवक्ताहरूद्वारा पहिले भनिएका वचनहरू र हामी अर्थात् प्रभु र मुक्तिदाताका प्रेरितहरूको आज्ञा सम्झना गर। २ पत्रुस ३:१-२

बाइबल अभिप्रेरणा बुझ्नलाई बाइबल शब्द शब्द (Verbal) र समान (Plenary) अभिप्रेरणा बुझ्नुपर्दछ। समान अभिप्रेरणा भन्नाले बाइबलका ६६ पुस्तक सबै नै समान रुपमा अभिप्रेरणा भएको छ भन्ने बुझिन्छ।

सबै पवित्रशास्त्र परमेश्वरको प्रेरणाद्वारा दिइएको हो, अनि शिक्षाका निम्ति, भूलदोष देखाउनका निम्ति, सुधारका निम्ति, धार्मिकताको सम्बन्धमा तालिमका निम्ति लाभदायक हुन्छ। २ तिमोथी ३:१६

पवित्र शास्त्रका सबै भागहरू परमेश्वरबाटका हुन् र समान रुपमा सत्य छन्। येशूका वचनहरू योनाको बचनहरू भन्दा बढि सत्य वा बढि अभिप्रेरित भन्ने होइन। पावलका वचनहरू पत्रुसका भन्दा बेसी अभिप्रेरित भन्ने हुँदैन। बाइबलका सबै भागहरू समान रुपमा अभिप्रेति छन्।

शब्द शब्द अभिप्रेरणा भन्नाले परमेश्वरबाट दिइएका हरेक वचन परमेश्वरबाट अभिप्रेरित हो भन्ने बुझिन्छ। परमेश्वरले केवल विचार होइन तर बाइबल लेखकहरूले प्रयोग गरेका शब्द शब्द नै अभिप्रेरित गर्नु भएको हो।

परमेश्वरको एक-एक वचन शुद्ध छ; जसले उहाँमाथि भरोसा राख्छन्, उनीहरूका निम्ति उहाँ ढाल हुनुहुन्छ। हितोपदेश ३०:५

निम्न बमोजिम पदहरूले देखाउँदछ 'बिऊ' शब्द एक वचन हो वा बहुवचन।

अब अब्राहाम र उनको वंशलाई प्रतिज्ञाहरू गरिए। उहाँले धेरैजनाको विषयमा भनेझैं गरी 'र वंशहरूलाई ' भन्नुहुन्न, तर एउटाको विषयमा भनेझैं गरी 'र तिम्रो वंशलाई 'भन्नुहुन्छ, जो वंशचाहिँ ख्रीष्ट हुनुहुन्छ। गलाती ३:१६

परमेश्वरले बाइबल लेखकहरूहरूलाई बचन लेख्दा केवल विचार मात्र दिनुभएन। उहाँले शुरुका ग्रन्थहरू लेख्दा हरेक शब्दलाई अभिप्रेरित गर्नुभएको थियो।

येशूले पुरानो नियमको अभिप्रेरणा र अधिकारलाई स्वीकार गर्नुपर्दछ। उहाँले धेरैपटक आफूले सिकाउनुभएका शिक्षाहरूलाई स्थापित गर्न पुरानो नियमबाट धेरैपटक उधृत गर्नुभयो। आफूले सिकाएका शिक्षाहरूलाई स्थापना गर्न नयाँ नियम लेखकहरूले धेरैपटक पुरानो नियमबाट उधृत गर्नुभयो।

बाइबलको श्रोत यात परमेश्वर हुनुहुनुहुन्छ र मानिसका निम्ति परमेश्वरको सत्यताको श्रोत हो यात यो मानिसद्वारा विकास गरिएको सबैभन्दा झूट हो। यो कति ठूलो आशिष हो कि बाइबल झूट होइन। यो वास्तवमा मानिसका निम्ति परमेश्वरको सत्यताको प्रकाश हो।

३. परमेश्वरको वचन सत्य हो। यो त्रुटिरहित र भुलरहित रहेको छ।

बाइबलमा उल्लेखित दस्तावेज र शिक्षाहरू जो शुरुमा लेखिएका थिए ती साँचो, सही र दुरुस्त थिए। तिनमा त्रुटी छैन र रहन सक्दैन।

विविध समयहरूमा मानव विचार र बुझाईहरू गलत होलान् तर बाइबल आफैंचाहिँ ठीक, सही र त्रुटिरहित थिए।

तपाईंको सत्यताद्वारा तिनीहरूलाई पवित्र पार्नुहोस्; तपाईंको वचन सत्य हो। यूहन्ना १७:१७

आफूलाई परमेश्वरकहाँ ग्रहणयोग्य तुल्याउने प्रयत्न गर, एउटा शर्ममा पर्नु नपर्ने किसिमको कामदारजस्तो, जसले सत्यताको वचन ठीक-ठीकसंग छुट्ट्याउँछ। २ तिमोथी २:१५

"परमेश्वरको एक-एक वचन शुद्ध छ; जसले उहाँमाथि भरोसा राख्छन्, उनीहरूका निम्ति उहाँ ढाल हुनुहुन्छ।" हितोपदेश ३०:५

परमप्रभुका वचनहरू शुद्ध वचनहरू हुन्, माटोको भट्टीमा निखुर पारिएको, सातपल्ट खारिएको चाँदीजस्तो। भजन संग्रह १२:६

तपाईंले ठहराउनुभएका तपाईंका साक्षी-वचनहरू धर्ममय र अति विश्वासयोग्य छन्। भ.सं .११९:१३८

तपाईंको धार्मिकता सदा-सर्वदा रहिरहने धार्मिकता हो; अनि तपाईंको व्यवस्था सत्य हो। भ.सं .११९:१४२

हे परमप्रभु, तपाईं नजिक हुनुहुन्छ; अनि तपाईंका सबै आज्ञाहरू सत्य हुन्। भ.सं .११९:१५१

तपाईंको वचन शुरुदेखि नै सत्य छ; अनि तपाईंका धर्ममय फैसलाहरूमा हरेक सदा-सर्वदा रहिरहन्छ। भ.सं . ११९:१६०

अनि अब, हे प्रभु यहोवा, तपाईं त्यही परमेश्वर हुनुहुन्छ, र तपाईंका वचनहरू सत्य छन्; अनि तपाईंले आफ्नो दासप्रति यस भलाइको प्रतिज्ञा गर्नुभएको छ;२ शमूएल ७:२८।

यसरी हामीले हेर्‍यौं कि परमेश्वरले बाइबललाई अभिप्रेरणा दिनुभयो। टिप्पणी गर्नोस् कि परमेश्वर झूट बोल्नुहुन्न।

अनन्त जीवनको आशामा, जसको प्रतिज्ञा झूट बोल्नै नसक्नुहुने परमेश्वरले संसारको शुरु हुनुभन्दा पहिल्यै गर्नुभयो, तीतस १:२

येशू जो त्रिएकताका एक सदस्य हुनुहुन्छ, बाइबलका लेखक हुनुहुन्छ। येशूले आफूलाई 'सत्य' भनी परिचय दिनुभयो।

येशूले तिनलाई भन्नुभयो" :बाटो, सत्य र जीवन म नै हुँ; मद्वारा बाहेक कोही पनि पिताकहाँ आउँदैन"। यूहन्ना १४:६

परमेश्वरको वचन सत्य हो। परमेश्वर जो लेखक हुनुहुन्छ उहाँले झूट, आधा सत्य वा विगारिएको सत्यता दिनुहुन्न। जसले परमेश्वरको सत्यतालाई प्रेम गर्दछ र त्यसमा समर्पण हुन्छ उसले बलियो जग र जीवनको लंगर प्राप्त गर्दछ यस जीवनमा अनि अनन्तामा। तिनीहरू परमेश्वरबाट आशिषित हुन्छन्। उनीहरूले शान्ति पाउँछन्, फल पाउँछन् अनि परमेश्वरमा अनन्तर शुरक्षाको बाटो हेर्दछन् किनकि परमेश्वरको वचन सत्य हो।

यो टिप्पणी गर्नु ठीकै होला कि शुरुमा हातद्वारा सारिएका बाइबल ग्रन्थहरूमा गल्तीहरू भएका थिए। तर एन.के.जे.भी., एन.ए.एस.भी., ई.एस.भी., एन.आई.भी. जस्ता अनुबादहरू अत्यन्तै ठीक, ज्यादै भरोसायोग्य रहेका छन्। जब तपाई आफ्नो बाइबल लिनुहुन्छ र पढ्नुहुन्छ तपाईले परमेश्वरको वचन पढिरहनुभएको छ।

हाम्रो प्रवृत्ति र विश्वासले बाइबलको सत्यतालाई फरक पार्दैन। तपाई र मैले विश्वास गरेपनि नगरेपनि बाइबल सत्य हो। हामी यसलाई वेवास्ता गर्न सक्दैनौं, वा हल्का रुपमा लिन सक्दैनौं, वा हाम्रो विचारको आधारमा यसलाई व्याख्या गर्न सकिंदैन। धेरैले आंशिक रुपमा वा पूर्ण रुपमा बाइबललाई त्याग्ने, बंग्याउने वा वेवास्ता गर्ने गर्दछन्। तर बाइबल सत्य हो र यो पूर्ण रुपमा सत्य छ। यसलाई हामीले लेखिए अनुसार नै ग्रहण गर्नुपर्दछ, यसमा समर्पण गर्नुपर्दछ अनि यस बमोजिम परिवर्तन हुनुपर्दछ। यसबाहेक अर्को छैन जसद्वारा हामी उहाँलाई खोज्दछौं, जान्न सक्दछौं अनि उहाँसंग हिँड्न सक्दछौं।

४. अन्य प्रमाणहरूले बाइबल सत्य भनी देखाउँदछ।

त्यहाँ अरू आधारहरू पनि छन् जसद्वारा पवित्र शास्त्र परमेश्वरबाट अभिप्रेरित गरिएको हो र सत्य हुन् भनी बलियो साथ पुष्टि हुन्छ। यसका करिब ४० लेखकहरू थिए। यस पुस्तक करिब १५०० वर्षको अवधिमा लेखिएको थियो। पुरानो नियम हिब्रूमा र नयाँ नियम ग्रीक भाषामा लेखिएको थियो। लेखकहरू विभिन्न किसिमका पृष्ठभूमिबाट आएका थिए। ती लेखकहरूमा कोही मछुवाहरू, अगमवक्ताहरू, कर उठाउनेहरू, वैद्यहरू, गोठालाहरू, सैनिकहरू, मण्डली अगुवाहरू, पुजाहारीहरू, न्यायकर्ताहरू, अनि कोही चाहिँ राजाहरू थिए। कोहि ज्यादै शिक्षित थिए, कोहि अशिक्षित थिए। कोहि अत्यन्तै गरीब थिए त कोहि अत्यन्तै धनी थिए। उनीहरू विभिन्न राजनीतिक पृष्ठभूमिबाट आएका थिए। बाइबलका कति पुस्तकहरू गुफामा, कुनै चाहिँ मरुभूमिमा, कुनै कैदमा कुनै चाहिँ दरवारमा लेखिएका थिए। कुनै चाहिँ इस्रायलमा लेखिए, कुनै बेबिलोनमा कुनै सिरियमा लेखिएका थिए। बाइबलका कुनै खण्ड ऐतिहासिक विवरण युक्त छन्, कुनै काव्य, कुनै गहिलो शिक्षामा, कुनै उखानको रुपमा भने कुनै चाहिँ सांकेति रुपमा लेखिए। लेखकहरूले थुप्रै विषयहरूमा, थुप्रै लेखन शैलीहरूमा लेखिएका थिए। यद्यपि बाइबल पुस्तकहरूमा विविधता रहेतापनि आपसमा त्यहाँ कुनै मतभेदहरू छैनन्। यी सबै पुस्तकहरू एक संयुक्त बाइबलको रुपमा स्थापित रहेको छ। यसको एक मात्र शिर्षक रहेको छ 'येशू ख्रीष्ट' जसको सेवा आज हामी गर्दछौं

यो आश्चर्य कर्म हो। समान पृष्ठभूमिका दुई व्यक्तिहरूले उही विषयमा लेख्ने हो भने पनि ती मतभेदविनाका हुनेथिएनन्, तर बाइबल लेखकहरू फरक फरक पृष्ठभूमिका भएतापनि ती पूर्ण रुपमा एक मतका रहेका छन्। यसको कारण चाहिँ ती सबै नै उही परमेश्वरबाट अभिप्रेरित भएका थिए। उहाँको वचन बाइबलका निम्ति परमेश्वरलाई स्तुति होस्।

भविष्यवाणीहरू पूरा हुनुले बाइबलको सत्यता र ईश्वरीय संस्थापन बुझ्न सकिन्छ। पुरानो नियममा येशू ख्रीष्टको जन्म, जीवन, मृत्यु सम्बन्धमा भविष्यवाणीहरू गरिएका थुप्रै खण्डहरू रहेका छन्। ती येशूको जन्म अघि सयौं वर्ष अघि लेखिएका थिए तर ती सबै नै सत्य साबित भए। ख्रीष्टको जीवनसंग सम्बन्धित निम्न बमोजिम बाइबल पदहरू त्यसका उदाहरणहरू हुन्।

यशैयाले अगमवाणी गरेका थिए कि येशू कन्याबाट जन्मनुहुनेछ।

यसकारण प्रभु आफैले तिमीहरूलाई एउटा चिन्ह दिनुहुनेछ हेर –, एउटी कन्या गर्भवती हुनेछिन्, र तिनले एउटा छोरा जन्माउनेछिन्, र उसको नाम इम्मानुएल राख्नेछिन्। यशैया ७:१४

मीकाले अगमवाणी गरेका थिए कि येशू बेतलेहेममा जन्मनुहुनेछ।

तर तँचाहिँ, हे बेतलेहेम एफ्राता, तँ यहूदाका हजारौंको बीचमा सानो छस्; ता पनि तँबाट मेरा निम्ति एकजना निस्केर आउनेछन्, जो इस्राएलका शासक हुनेछन्, जसका उद्गमहरू ता प्राचीनकालदेखि, अँ, अनन्तकालदेखि नै हुन्। मीका ५:२

यशैया ५३ अध्याय विशेष अध्याय हो। येशूको जीवन र मृत्युको सम्बन्धमा यस अध्यायमा धेरै अगमवाणीहरू रहेका छन्।

मानिसहरूद्वारा ऊ तुच्छ ठानिएको र त्यागिएको छ शोकहरूको मानिस –, र दुःखसँग परिचित; यस्तो मानिस, जसदेखि हामीले अनुहार लुकायौं; तुच्छ ठानिएको, जसलाई हामीले कुनै मूल्यको ठानेनौं। यशैया ५३:३

ऊ थिचोमिचोमा पऱ्यो र उसलाई कष्ट दिइयो, तर पनि उसले आफ्नो मुख खोलेन; एउटा भेड़ाको पाठोझैं ऊ मारिनका निम्ति ल्याइयो, अनि जसरी भेड़ा आफ्ना ऊन कत्रनेहरूको सामु गुँगा रहन्छ, त्यसरी नै उसले पनि आफ्नो मुख खोलेन। यशैया ५३:७

पुरानो नियमको पुस्तक दानिएलमा धेरै युद्धहरूको विषयमा अगमवाणीहरू उल्लेख भएका छन् जुन ग्रीक साम्राज्य टुक्रिएपछि पूरा भएका थिए। यी अगमवाणीहरू भनिए अनुसार नै पूरा भएका थिए।

त्यहाँ अझै पनि थुप्रै अगमवाणीहरू छन् जो पूरा हुन बाँकी नै छन्। येशू ख्रीष्टको आगमन र त्यसपछि हुने घटनाहरू सम्बन्धमा थुप्रै अगमवाणी रहेका छन्। जसरी धेरै अगमवाणीहरू पूरा भए त्यसरी नै भविष्यमा ती अगमवाणीहरू पूरा हुनेछन्।

पुरातत्व विज्ञानले पनि बाइबलको ऐतिहासिकतालाई पुष्टि गरेका छन्।

५. परमेश्वरको वचन शक्तिसाली र प्रभावशाली छ।

के मेरो वचन आगोजस्तो छैन र?, परमप्रभु भन्नुहुन्छ; अनि के त्यो घनजस्तो छैन र, जसले चट्टानलाई टुक्रा-टुक्रा पार्छ? यर्मिया २३:२९

परमप्रभुको वचनद्वारा आकाश, र उहाँको मुखको सासद्वारा तिनका सारा गणहरू बनिएका हुन्। भजन संग्रह ३३:६

किनकि परमेश्वरको वचन जिउँदो, प्रभावशाली र कुनै दुईधारे तरवारभन्दा पनि लाग्ने हुन्छ, जसले प्राण र आत्मालाई, जोर्नी जोर्नी र मासीलाई पनि अलग अलग पार्ने गरी छेड्छ र हृदयका विचार र मनसायहरू खुट्याउने हुन्छ। हिब्रू ४:१२

मेरो मुखबाट निस्केको मेरो वचन पनि त्यस्तै हुनेछ; त्यो मकहाँ रित्तो फर्किदैन, तर त्यसले जे म चाहन्छु, सो पूरा गर्नेछ, अनि जुन कुराका निम्ति मैले त्यो पठाएको छु, त्यसमा त्यो सफल हुनेछ। यशैया ५५:११

६. परमेश्वरको वचनले सैतान र पापमाथि विजय प्रदान गर्दछ।

परमेश्वरको वचन पठन अनि ग्रहण र आफ्नो व्यवहारमा लागु गर्दा सैतान र पापमाथि विजय हाँसिल हुन्छ

जवान मानिसले आफ्नो चाल के गरेर शुद्ध राख्न सक्छ? तपाईंको वचनअनुसार त्यसमा ध्यान दिएर नै। भजन संग्रह ११९:९

तपाईंको विरोधमा पाप नगरूँ भनेर मैले तपाईंको वचन आफ्नो हृदयमा लुकाइराखेको छु। भजन संग्रह ११९:११

यसकारण आफूलाई परमेश्वरको अधीनतामा सुम्पशैतानका सामना गर !, र त्यो तिमीहरूबाट भाग्नेछ। याकूब ४:७

एफिसी ६:१०-१८ मा हामीलाई सैतान र त्यसका सामर्थ्यहरू विरुद्ध युद्ध कसरी गर्ने सो को निम्ति निर्देशनहरू गरिएको छ। हरेक हतियार कसरी प्रयोग गर्ने सो कुरा परमेश्वरको वचनको बुझाई र प्रयोगमा निर्भर गर्दछ। सैतान विरुद्धको युद्धमा प्रयोग गर्ने घातक हतियार "आत्माको तरवार, जुन परमेश्वरको वचन" हो।

रोमी ६-८ अध्यायका खण्डहरू पापमाथि विजयका निम्ति पवित्र शास्त्रका चावी खण्डहरू हुन्। सामान्य पठन होइन तर अध्ययन गर्नको निम्ति समय लिन्छन्, बुझ्छन् र यी अध्यायहरूका सत्यताहरूमा जिउँछन् भारी मात्रामा आशिषित हुनेछन्।

हामीलाई सैतानको सामना गर्न स्पष्ट रुपमा आज्ञा गरिएको छ। परमेश्वरमा समर्पण गरेर अनि विश्वासमा खडा भएर हामी तिनको सामना गर्दछौं। सैतानमाथि विजयी हुनु परमेश्वरको इच्छा हो।

यसकारण आफूलाई परमेश्वरको अधीनतामा सुम्पशैतानका सामना गर !, र त्यो तिमीहरूबाट भाग्नेछ। याकूब ४:७

सचेत रहो, जागा रहो; किनकि तिमीहरूको विरोधी शैतान गर्जने सिंहझैं कसलाई निलूँ भनी खोज्दै चारैतिर घुमिहिँड्छ। विश्वासमा दह्रो रहेर त्यसको सामना गर, यो जानेर कि संसारमा रहेका तिमीहरूका दाजुभाइहरूले पनि यी नै दुःखहरू भोगिरहेका छन्। १ पत्रुस ५:८,९

कसैले सिकाउँछन् कि सैतान माथि विजय पाउन त्यसलाई हप्काउनु पर्दछ अथवा कसैको वरिपरि उभिएर प्रार्थना गर्नुपर्दछ। तर परमेश्वरको वचनले हामीलाई सैतान विरुद्ध हप्काउन वा कसैको वरिपरि उभिएर प्रार्थना गर्न भनेको छैन। यदि हामी सैतानमाथिको विजय सम्बन्धमा परमेश्वरको वचनमा आज्ञाकारी छैनौं भने त्यस्ता कार्य गरेर केही फाइदा हुनेछैन।

७. परमेश्वरको वचन अनन्त र अपरिवर्तनीय छ।

मानिसका वचन, विचार र उसका शिक्षाहरू समयसंगै परिवर्तन भइरहन्छन् जसले ज्ञान हाँसिल हुन्छ अनि परिस्थिति बदलन्छ। आजका वैज्ञानिक विश्वासमा भोलि मानिस हाँस्न सक्दछ। एउटा संस्कृतिले जेलाई सत्य मान्दछ त्यसलाई अर्कोले नमान्न सक्दछ। तर परमेश्वरको वचन सम्बन्धमा यो सत्य हुँदैन। यो अनन्त, अपरिवर्तनीय र सत्य छ सबै पुस्ता र संस्कृतिमा।

हे परमप्रभु, स्वर्गमा तपाईंको वचन सदा सर्वदा स्थिर छ। भजन संग्रह ११९:८९

आकाश र पृथ्वी बितेर जानेछन्, तर मेरा वचनहरू कुनै रीतिले बित्नेछैनन्। मर्कूस १३:३१

किनकि नाश हुने बीउबाट होइन, तर नाश नहुने बीउबाट परमेश्वरको जिउँदो र सधैंभरि रहिरहने वचनद्वारा तिमीहरूले नयाँ जन्म पाएका छौ। किनकि, 'सबै प्राणी घाँसजस्तै हो, र मानिसको सबै महिमा घाँसको फूलजस्तै। घाँस ओइलिजान्छ, र त्यसको फूल झरिहाल्छ; तर प्रभुको वचन सदासर्वदा रहिरहन्छ।अनि त्यो ' वचन यही नै हो, जो सुसमाचारद्वारा तिमीहरूलाई प्रचारिएको छ। १ पत्रुस १:२३-२५

परमेश्वरको वचन अनन्त रुपमा सत्य हो। यो सदालाई रहन्छ। मानिस र उसका अवधारणा परिवर्तन हुन्छ, परमेश्वरको वचन सत्य, जाहेज, भरोसायोग्य र अपरिवर्तनीय रुपमा रहिरहन्छ। यसले सबै पुस्तामा परमेश्वरलाई चिन्न र परमेश्वरसंग हिँड्न सिकाउँदछ।

८. परमेश्वरको आत्माले हामीहरूलाई परमेशश्वरको वचन बुझ्न सहयोग गर्दछ। आत्माले आत्मिक सत्यताको प्रकाश गर्दछ।

प्रकाश वा प्रज्ज्वलन बाइबलमा प्रकाश भएको परमेश्वरको सत्यतालाई बुझाउने पवित्र आत्माको कार्य हो।

अनि हामीले यस संसारको आत्मा होइन, तर परमेश्वरबाटका आत्मा पाएका छौं, परमेश्वरबाट हामीलाई सित्तैंमा दिइएका कुराहरू जान्न सकौं भनेर। १ कोरिन्थी २:१२

जुन ख्रीष्टियनहरू परमेस्वरसंग हिँड्दैनन् उनीहरू पवित्र आत्माको प्रज्ज्वलन पाउने स्थानमा रहँदैनन् र उनीहरू असत्य, आधा सत्य र बाइबललाई विगारिएको शिक्षामा विश्वास गर्न सक्दछन्। जब मानिस परमेश्वरको इच्छामा समर्पित हुँदैनन् उनले परमेश्वरको वचनलाई सहि रुपमा बुझ्न सक्दैनन्।

अनि हामीले यस संसारको आत्मा होइन, तर परमेश्वरबाटका आत्मा पाएका छौं, परमेश्वरबाट हामीलाई सित्तैंमा दिइएका कुराहरू जान्न सकौं भनेर। ती कुराहरूचाहिँ मानिसको बुद्धिले सिकाएका शब्दहरूमा होइन, तर पवित्र आत्माले सिकाउनुभएका शब्दहरूमा आत्मिक कुराहरू आत्मिक कुराहरूसँग तुलना गर्दै हामी बताउँछौं। तर शारीरिक मानिसले परमेश्वरको आत्माका कुराहरू ग्रहण गर्दैन; किनकि ती कुराहरू उसका निम्ति मूर्खता हुन्; न ता उसले ती कुराहरू जान्न नै सक्छ, किनकि ती कुराहरू आत्मिक रीतिले जाँचिन्छन्। १ कोरिन्थी २:१२-१४

यस पदले आत्मिक वचनको सन्दर्भ उठाइएको छ। हामीले परमेश्वरको वचनको अर्थ बुझ्न पवित्र शास्त्रमा भएका सिकाइएका शब्दहरूलाई बुझ्नुपर्दछ। अनुग्रह, छुटकारा, मुक्ति, पश्चात्ताप, विश्वास, भरोसा जस्ता शब्दहरूको अर्थ आज प्रयोग गरिने भन्दा फरक अर्थ लाग्न सक्छ। यसका निम्ति राम्रा शब्दकोषहरूको सहयोग लिनुपर्ने हुन्छ।

जब तपाई आफ्नो बाइबल पठन शुरु गर्नुहुन्छ, तपाईले शान्तसाथ प्रार्थना गर्नुपर्दछ र प्रभुलाई माग्नुपर्दछ कि तपाईले पढिरहनुभएको वचन बुझ्न सकियोस्। आफ्नो पाप स्वीकार गर्नुहोस् र उहाँको अगुवाई र शिक्षामा आफूलाई समर्पित गर्नुहोस्।

तपाई जसरी बाइबल पढ्नुहुन्छ यी पदहरू उत्तम प्रार्थनाका नमूनाहरू हुन्।

हे परमेश्वर, मेरो जाँचपड़ताल गर्नुहोस् र मेरो हृदयलाई जान्नुहोस्; मलाई जाँच्नुहोस् र मेरा विचारहरू बुझ्नुहोस्; अनि हेर्नुहोस्, कहीं ममा दुष्ट चाल पो छ कि, र मलाई अनन्तको मार्गमा डोऱ्याउनुहोस्। भजन संग्रह १३९:२३-२४

मलाई समझ दिनुहोस्, र म तपाईंको व्यवस्था पालन गर्नेछु; अँ, सम्पूर्ण हृदयले म त्यो पालन गर्नेछु। भजन संग्रह ११९:३४

९. परमेश्वरको वचन वेवास्था गर्दा त्याग्दाको परिणाम

अनि जुन समाचार हामीले उहाँबाट सुनेका छौं र तिमीहरूलाई सुनाउँछौं, त्यो यही होर ज्योति रमेश्वप : हुनुहुन्छ र उहाँमा अन्धकार छँदैछैन। उहाँसँग हाम्रो सङ्गति छ भनी हामी भन्छौं, तर अन्धकारमा हिँड्छौं भने हामी झूट बोल्छौं र सत्य काम गर्दैनौं; १ यूहन्ना १:५,६

जसले भन्छ 'म उहाँलाई चिन्छु', तर उहाँका आज्ञाहरूचाहिँ पालन गर्दैन, त्यो झूट हो, र त्यसमा सत्यता छँदैछैन। १ यूहन्ना २:४

किनकि सत्यता अधर्ममा दबाइराख्ने मानिसहरूका सबै अभक्ति र अधर्मको विरोधमा स्वर्गबाट परमेश्वरको क्रोध प्रकट भएको छ; रोमी १:१८

किनकि सत्यताको ज्ञान प्राप्त गरेपछि यदि हामी इच्छापूर्वक पाप गर्दछौं भने पापहरूका निम्ति कुनै बलिदान बाँकी रहँदैन, तर न्यायको डरलाग्दो प्रतीक्षा र विरोधीहरूलाई भस्म गर्ने आगोको ज्वाला मात्र बाँकी रहन्छन्। हिब्रू १०:२६,२७

बाइबलमा परमेश्वरले उहाँकहाँ जाने एकमात्र मार्गको विषयमा प्रकाश गरिएको छ। त्यहाँ अर्को बाटो छैन। जुन मानिसले बाइबलीय सत्यतालाई अस्वीकार गर्छ वा वेवास्ता गर्दछ उसले भारी कष्टपूर्ण परिणामहरू भोग्नुपर्दछ। उनीहरूले परमेश्वरको क्रोध, न्याय अनि नरकमा अनन्त रुपमा परमेश्वरबाट अलग हुनेछन्, जसबाट कहिल्यै उम्कन सक्नेछैनन्। यसको ठूलो महत्वका बाबजुद पनि कति ख्रीष्टियनहरू बाइबल प्रति औपचारिकता मात्र पूरा गर्दछन्। कतिले आराधनाका दिनहरूमा यसलाई मण्डली लैजालन् तर बाँकी दिनहरूमा यसले धुलो मात्र जम्मा गर्दछ। ठूलो संख्यामा ख्रीष्टियनहरूले यसलाई नियमित रुपमा पढ्ने र यसलाई ध्यान दिने कार्य गर्दैनन्। कतिपया परिपक्व ख्रीष्टियनहरूमा पनि यस प्रतिको सम्बन्धमा चिसोपना आउन सक्दछन्। हामीले यस्ता प्रवृत्तिबाट आफूलाई बचाउनुपर्दछ। बाइबल हाम्रो निम्ति परमेश्वरको सन्देश र शिक्षा हो। जब ख्रीष्टियनहरूले यसलाई इन्कार गर्दछ, यसले संकट, हृदयमा समस्या तथा फलरहित जीवन तर्फ उन्मुख गराउँदछ।

१०. बाइबल अनुबाद सम्बन्धमा एउटा भनाई

अनुबाद शब्द बाइबलको आफ्नै शब्द होइन। यो एउटा प्रकृया हो जसद्वारा मानिसलाई आफ्नै भाषामा अध्ययन गर्नको निम्ति परमेश्वरको प्रकाश उपलब्ध गराउँदछ। बाइबल शुरुमा हिब्रू, ग्रीक र केही खण्ड अरामी भाषामा लेखिएको थियो। केवल थोरैले मात्र हिब्रू र ग्रीक भाषामा बोल्ने र बुझ्ने भएकोले मानिसहरूले बुझ्ने भाषाहरूमा अनुबाद गर्नुपर्ने जरुरी हुन्छ। सबै भाषाहरूमा लेखिएका बाइबलहरू हिब्रू र ग्रीक भाषाबाट अनुवाद गरिएको हो। पृथ्वीका सबै भागहरूमा सुसमाचार प्रचार गर्नु र चेला बनाउनुमा कुनै प्रश्न छैन।

बाइबलले प्राय: प्रयोग गर्ने वाक्यंश 'सारा पृथ्वीमा' वा 'पृथ्वीको अन्तसम्म'ले परमेश्वरको वचनको प्रचारको सन्दर्भमा उल्लेख गरिएको हो।

तर पवित्र आत्मा तिमीहरूमाथि आउनुभएपछि तिमीहरूले सामर्थ्य पाउनेछौ, र यरूशलेममा, सारा यहूदिया र सामरियामा, अनि पृथ्वीको छेउसम्म तिमीहरू मेरा निम्ति साक्षी हुनेछौ। प्रेरित १:८

अनि उहाँले भन्नुभयोयाकूबका कुलहरूलाई खड़ा गर्न र इस्राएलका जोगाइएकाहरूलाई फर्काएर ल्याउनलाई : तिमी मेरो दास हुनु ता एउटा हल्का कुरा हो; अन्यजातिहरूको ज्योति हुनका निम्ति पनि म तिमीलाई दिनेछु, र तिमी पृथ्वीको छेउसम्म मेरो उद्धार हुनेछौ। यशैया ४९:६

परमेश्वरको वचनका यही प्रकारका अन्य खण्डहरू पनि छन्, जस्तै यशैया ४२:१०, भजन संग्रह३३:८; प्रस्थान ९:१६; १ इतिहास १६:२३, ३०; भजन संग्रह ८:९; भजन संग्रह ६६:१-४; भजन संग्रह ८३:१८; भजन संग्रह ९६:९।

हामीहरूलाई सबै जातिहरूलाई चेला बनाउन भनिएको छ। चेला एक सिक्ने र पछ्याउने व्यक्ति हो। यदि मानिसहरूको आफ्नै भाषामा बाइबल नभए चेला बनाउन निकै गाह्रो हुन्छ।

अनि तिनीहरूकहाँ आएर येशू तिनीहरूसँग यसो भन्दै बोल्नुभयो" :स्वर्ग र पृथ्वीमा सारा अधिकार मलाई दिइएको छ। यसकारण तिमीहरू जाओ, र सबै जातिहरूलाई चेला बनाओ, तिनीहरूलाई पिताको, पुत्रको र पवित्र आत्माको नाममा बप्तिष्मा देओ, मैले तिमीहरूलाई जेजे आज्ञा गरें-, ती सबै तिनीहरूलाई पालन गर्न सिकाओ; अनि हेर, म सधैंभरि, अँ, संसारको अन्तसम्म नै तिमीहरूको साथमा छु। मत्ती २८:१८-२०

अमेरिका लगायत कति राष्ट्रहरूमा बाइबल सहजै उपलब्ध हुन्छ। ती राष्ट्रहरूमा विभिन्न भाषाहरूमा समेत बाइबलहरू उपलब्ध हुन्छन्। तर संसारका धेरै देशहरूमा त्यो अवस्था छैन। धेरै जातिका आफ्नै भाषामा बाइबल छैन। आज संसारमा धेरै मानिसहरू आफ्ना भाषाहरूमा बाइबल अनुवाद गर्न काम गरिरहेका छन्। यो एक जटिल र कष्टप्रद सेवाकाई हो। जससंग बाइबल छैन उनीहरूलाई परमेश्वरको वचन दिनु सम्मानित र जीवनकाल सेवाकाईको निम्ति ठूलो योगदान हुन्छ।

परमप्रभुको व्यवस्था सिद्ध छ, प्राणलाई परिवर्तन गर्ने; परमप्रभुको साक्षी पक्का छ, बोधालाई बुद्धिमान् तुल्याउने। परमप्रभुका नियमहरू सही छन्, हृदयलाई आनन्दित गराउने; परमप्रभुको आज्ञा शुद्ध छ, आँखाहरूलाई ज्योतिर्मय पार्ने। परमप्रभुको भय सफा छ, सदा रहिरहने; परमप्रभुका न्यायवचनहरू पूर्णतया -

सत्य र धर्ममय छन्। सुनभन्दा बढ्ी, अँ, धेरै निखुर सुनभन्दा बढ्ी तिनीहरूको चाहना गरिनुपर्छ; ती महभन्दा, अँ, महको चाकाभन्दा पनि मीठा छन्। साथै तीद्वारा नै तपाईंको दासले चेताउनी पाउँछ, र तिनको पालन गरेमा ठूलो इनाम छ। भजन संग्रह १९:७-११

धन्य हो त्यो मानिस, जो भक्तिहीनहरूको सल्लाहमा हिँड्दैन, न पापीहरूको बाटोमा उभिँदछ, न त गिल्ला गर्नेहरूको आसनमा बस्दछ। तर उसको आनन्द परमप्रभुको व्यवस्थामा हुँदछ, र उहाँकै व्यवस्थामा दिनरात मनन गर्दछ। तब ऊ पानीका नदीहरूको किनारमा रोपिएको रूखझैं हुनेछ, जसले आफ्नो ऋतुमा आफ्नो फल फलाउँदछ; उसको पात पनि ओइलिनेछैन; अनि उसले जे गर्दछ, त्यो सफल हुनेछ। भक्तिहीनहरू त्यस्ता हुँदैनन्; तर भुसजस्ता हुन्छन्, जसलाई हावाले उड़ाई लैजान्छ। यसकारण भक्तिहीनहरू न्यायमा खड़ा रहनेछैनन्, न ता पापीहरू नै धर्मी जनहरूको सभामा खड़ा रहनेछन्। किनकि परमप्रभुले धर्मी जनहरूको बाटो जान्नुहुन्छ; तर भक्तिहीनहरूको बाटो नष्ट हुनेछ। भजन संग्रह १:१-६

दुई

परमेश्वर: हाम्रा सृष्टिकर्ता र संचालनकर्ता

शुरुमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो। उत्पत्ति १:१

विश्वासैद्वारा हामी बुझ्छौं, परमेश्वरको वचनद्वारा संसारहरू बनिए; यसर्थ देखिने कुराहरूचाहिँ देखा पर्ने कुराहरूद्वारा बनिएका होइनन्। हिब्रू ११:३

परमप्रभुको वचनद्वारा आकाश, र उहाँको मुखको सासद्वारा तिनका सारा गणहरू बनिएका हुन्। भजन संग्रह ६:३३

बाइबलको पहिलो पदले बताउँदछ कि परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो। बाइबलको यो सत्य शिक्षा हो जसलाई नकार्न सकिदैन। परमेश्वर को हो, कसरी उहाँलाई चिन्ने र कसरी उहाँसंग हिँड्ने सो बुझ्नको निम्ति हामीले बुझ्नै पर्दछ कि परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ।

पुस्तक परमेश्वरलाई चिन्नु, येशू ख्रीष्टमा विश्वास गर्नु र उहाँको चेला हुनु यस पुस्तकको अध्ययनको आधारभुत उद्देश्य तिनलाई बुझाउन उत्साह दिनु हो जसलाई परमेश्वरले आफ्ना निम्ति बोलाइरहनुभएको छ कि उनीहरूले आफ्ना सृष्टिकर्तालाई कसरी वास्तविक रुपमा चिन्न सकिन्छ र उनीहरूका निम्ति उहाँको उद्देश्य पूरा गर्न सहयोग गर्नु हो।

उत्पत्ति १:१ संगै परमेश्वरको सृष्टिको प्रकाश अन्त भएको थिएन। उहाँले उत्पत्ति १ अध्याय अनि २ अध्यायमा पृथ्वी, विश्व, स्त्री-पुरुष मानव जाति लगायत सबैको सृष्टिको सम्बन्धमा पूर्ण विवरण दिनुभएको छ। उत्पत्ति ३ अध्यायले मानिसको पतन र विद्रोहको विषयमा उल्लेख गरिएको छ।

बाइबलका प्रथम तीन अध्यायहरू बाँकी पवित्र शास्त्रका जग हुन्।

उत्पत्ति १:१ मा लेखिएको छ, "आदिमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो"। परमेश्वर बाहेक देखिएका सबै कुराहरू परमेश्वरले सृष्टि गर्नुभयो। यहाँ जो आकाश भनिएको छ, यसको अर्थ पृथ्वी वरिपरिको स्थानलाई बुझिन्छ।

अनि पृथ्वी आकारबिनाको र शून्य थियो; अनि गहिरा सागरको सतहमाथि अन्धकार थियो। अनि परमेश्वरका आत्मा पानीको सतहमाथि घुम्नुहुन्थ्यो। उत्पत्ति १:२

यी पदहरूले सृष्टिको केन्द्रको रुपमा पृथ्वी रहेको देखाइएको छ। यो आकार विनाको (पहाडहरू, महादेशहरू थिएनन्) र रित्तो (कुनै बासिन्दाहरू थिएनन्) थियो। त्यहाँ कुनै प्रकाश थिएन, पृथ्वीलाई पानीले ढाकेको थियो। यसमा शुरुमा मानिसले बसोबास गर्दैनथ्यो। आकारविनाको र रित्तो थियो भन्नुको तात्पर्य यसको पछाडी कारण कुनै यस्तो विपत्ति भएको थियो भन्ने होइन जसरी कसैले सिकाउँदछन्। पृथ्वी अझै पनि बसोबासयोग्य थिएन यसको अर्थ यो थिएन कि सृष्टिको प्रथम चरणमा त्यहाँ विशेष विपत्ति आयो जसले गर्दा पृथ्वी आकारविनाको र शुन्य भयो। यस शिक्षाको निम्ति त्यहाँ कुनै बाइबलीय आधार छैन। जसले यस्तो सिकाउँदछ उनीहरूले आधुनिक

विकासवाद शिद्धान्तहरूसंग बाइबललाई समायोजन गर्न प्रयास गर्दछन् जुन चाहिँ गलत हो। परमेश्वरको वचन आधिकारिक हो आधुनिक वैज्ञानिक सिद्धान्तहरू होइनन्।

शुरुमा त्यहाँ ज्योति थिएन। सूर्य, ताराहरू र चन्द्र अझै सृष्टि गरिएको थिएन। यो परिकल्पना गर्नु कति गाह्रो हुन्छ कि पृथ्वी कति अन्धकारमय थियो। पूर्ण रुपमा अन्धकार मात्र होइन, तर त्यहाँ कुनै सुख्खा भूमि पनि थिएन अनि यो पूरै पानीले ढाकिएको थियो।

याद गर्नुहोस् कि परमेश्वरको आत्माको उपस्थिति थियो र सारा सृष्टिलाई हेरिरहनुभएको थियो।

उत्पत्ति १ अध्याय सात दिनको दस्तावेज हो जसमा परमेश्वरले विश्व अनि पृथ्वीका सारा जीवनको सृष्टिलाई सम्पन्न गर्नुभयो। जब परमेश्वरले पृथ्वी र विश्वलाई सृष्टि गर्नुभयो तब उहाँले सबै कुराहरू एकैपटक सृष्टि गर्न सक्नुहुन्थ्यो तर उहाँले क्रमैसंग गर्ने कार्य गर्नुभयो। यसमा उहाँले अक्षरश: आजकै २४ घण्टे सात दिनहरूमा पूरा गर्नुभयो। ती सात कदमहरू सृष्टिका सात दिनहरू थिए जुन सृष्टिका सही क्रममा उल्लेख गरिएका छन् जुन कुरा उत्पत्ति १ अध्यायमा उल्लेख भएको छ।

उत्पत्ति १:३-५ मा सृष्टिको पहिलो दिनको प्रकाश गरिएको छ।

अनि परमेश्वरले भन्नुभयो" :उज्यालो होओस् "!तब उज्यालो भयो। अनि परमेश्वरले देख्नुभयो, उज्यालो असल थियो; अनि परमेश्वरले उज्यालो र अन्धकारलाई अलग अलग पार्नुभयो। अनि परमेश्वरले उज्यालोलाई 'दिन' भन्नुभयो र अन्धकारलाई 'रात' भन्नुभयो। अनि साँझ पऱ्यो र विहान भयो –पहिलो दिन। उत्पत्ति १:३-५

पहिलो दिनमा परमेश्वरले ज्योति सृष्टि गर्नुभयो।

कतिले यसलाई असंभव भनेको छ। उनीहरू भन्छन्, सूर्य, चन्द्र र ताराहरू अघि प्रकाशको अस्तित्व हुन सक्दैन। सूर्य, चन्द्र र ताराहरू विना कसरी प्रकाश हुन सक्दछ? त्यो कसरी हो परमेश्वरले व्याख्या गर्नुभएको छैन तर परमेश्वर परमेश्वर नै हो भन्ने कुरामा हामी ख्रीष्टियनहरू विश्वस्त छौं। उहाँ सर्वज्ञाता र सर्वशक्तिमान हुनुहुन्छ। उहाँको निति प्रकाशको सृष्टि गर्न असंभव छैन। परमेश्वर ज्योति हुनुहुन्छ र ज्योतिको श्रोत हुनुहुन्छ। परमेश्वरले आफूलाई ज्योति भन्नुभएको छ। उहाँले आफ्नो महिमाबाट पृथ्वीलाई प्रकाश दिन सक्नुहुन्छ।

ज्योति रच्ने र अन्धकार सृष्टि गर्ने म नै हुँ; शान्ति दिने र विपत्ति सृष्टि गर्ने म नै हुँ; यी सबै कुराहरू गर्नुहुने परमप्रभु म नै हुँ। यशैया ४५:७

अनन्तता भरि नै परमेश्वर हाम्रो ज्योतिको श्रोत हुनुहुनेछ।

अनि त्यहाँ रात हुनेछैन; अनि उनीहरूलाई न बत्तीको, न घामको उज्यालोको खाँचो पर्छ; किनकि परमप्रभु परमेश्वरले उनीहरूलाई ज्योति दिनुहुन्छ; अनि उनीहरूले सदासर्वदा राज्य गर्नेछन्। प्रकाश २२:५

हामीहरू प्रकाश सृष्टि भएकै दिन सूर्य, चन्द्र सृष्टि भएका थिए भनी सृष्टिका दिनहरूलाई पुनर्व्यवस्थापन गर्नु पर्दैन। परमेश्वर परमेश्वर नै हुनुहुन्छ। पृथ्वी र विश्वको शुरुआत सम्बन्धमा मानवीय विकासवाद सिद्धान्तहरूसंग समान बनाउन हामीले परमेश्वर र उहाँको सृष्टिको क्रमलाई सुधार्नुपर्दैन।

उत्पत्ति १:५ साँझ पऱ्यो र विहान भयो भन्नुको तात्पर्य आजको २४ घण्टे दिन हो। साँझ र विहान शब्द बाइबलमा ३०० पटक प्रयोग भएको पाइन्छ। हरेक पटक ने साँझ र विहानको अर्थ अक्षरश: २४ घण्टे दिन हुन्छ।

आदिकालमा समयको मापन कसरी हुन्थ्यो तर जब २४ घण्टे दिनको मापन शुरु भए यता मानव जातिले त्यसैलाई आधार मानेको छ। बनस्पति, जनावर, मानिस सबै जीवहरू यही २४ घण्टे समयमा आधारित जीवन चक्रमा जिइरहेको छ।

उत्पत्ति १:६-८

अनि परमेश्वरले भन्नुभयो" :पानीको बीचमा अन्तर होओस्; र यसले पानीलाई पानीबाट अलग पारोस् "!अनि परमेश्वरले एउटा अन्तर बनाउनुभयो, र अन्तरमनिको पानीलाई अन्तरमाथिको पानीबाट अलग पार्नुभयो; तब त्यस्तै भयो। अनि परमेश्वरले त्यस अन्तरलाई 'आकाश'भन्नुभयो; अनि साँझ पऱ्यो, र बिहान भयो दोस्रो दिन। उत्पत्ति १:६-८

हामी माथिको आकाश दोस्रो दिनमा सृष्टि गरिएको हो। यसले हामीले फेर्ने सास र सबै किसिमका बायुहरू अक्सिजन, कार्वनडाइअक्साइड, नाइट्रोजन र अन्य सबैको सृष्टि गर्नुभयो जुन बायुहरू मानिस, जनावर र बनस्पति सबैलाई आवश्यक पर्दछ। यी बायुहरूको उचित समिस्रण विना नता हामी नता केही जिउन सक्दछ। परमेश्वरले बायुमण्डलको मात्र सृष्टि गर्नुभएन तर उहाँले यसलाई गतिको नियमद्वारा चलायमान गर्नुभएको छ।

दुई दिन पछि सतहमा र आकाशमा पानी सृजना भएको थियो दुबै स्थानमा हाम्रो जिविकाका निम्ति आवश्यक हुन्छ। बायुमण्डलमा पानीको मात्रा महत्वपूर्ण हुन्छ।

यो टिप्पणी गर्नु महत्वपूर्ण छ कि बायुमण्डल परमेश्वरको प्रत्यक्ष सृष्टि हो। पृथ्वीको बायुमण्डल जीवहरूको निम्ति अनुकुल बन्न नियमित आकस्मिकताबाट अर्बौं वर्ष लगाएर बनेको र यी सबै कुराहरू आकस्मिकताबाट बन्न गएको भन्ने विचार तर्कसंगत छैन।

हे मेरो प्राण, परमप्रभुलाई धन्यको भन्! हे परमप्रभु मेरा पर्मेश्वर, तपाईं अति महान् हुनुहुन्छ; तपाईले आदर र प्रतापको वस्त्र पहिरनुभएको छ; तपाईंले आफूलाई पोशाकझैं गरी ज्योतिले ढाक्नुहुन्छ; तपाईंले आकाशलाई पर्दाझैं टाँग्नुहुन्छ। भजन संग्रह १०४:१-२

उत्पत्ति १:९-१३ मा परमेश्वरले तेस्रो दिनमा गर्नुभएको सृष्टिलाई प्रकाश गर्नुभयो।

"अनि म, हेर, म नै तिमीहरूसित, अनि तिमीहरूपछि तिमीहरूको वंशसित मेरो वाचा स्थापित गरिरहेको छु; साथै तिमीहरूसँग भएको हरेक जीवित प्राणीसित पनि चाहे त्यो पक्षी होस् –, चाहे घरेलु पशु, चाहे तिमीहरूसँग हुने जुनसुकै वनपशु हरेक पशुसम्म सबैसित। अनि जहाजबाट निस्कने सबैदेखि लिएर पृथ्वीको – मैले तिमीहरूसित मेरो वाचा स्थापित गरेको छु; अब जलप्रलयद्वारा फेरि कहिल्यै सबै प्राणी नाश हुनेछैनन्, न

ता पृथ्वीलाई नष्ट गर्नका निम्ति फेरि जलप्रलय हुनेछ।" :भयोरले भन्नुअनि परमेश्व "जुन वाचा म मेरो र तिमीहरू, र तिमीहरूसँग हुने हरेक जीवित प्राणीको बीचमा पुस्तापुस्तासम्मका निम्ति बाँध्दछु-, त्यसको चिन्ह यही हो म बादलमा मेरो धनु राख्दछु –; अनि त्यो मेरो र पृथ्वीको बीचमा बाँधिएको वाचाको चिन्ह हुनेछ। उत्पत्ति १:९-१३

सृष्टिका दिनहरूमा यस दिन पृथ्वीमा देखिने गरी सबैभन्दा ठूलो परिवर्तन भएको थियो। यस दिन महादेशहरू, पहाडहरू, नदीहरू, तालहरू, महासागरहरू, अनि हरिया बनस्पतिहरूसहितका भूभागहरू देखा परेका थिए। यो अत्यन्तै सुन्दर थियो। साग सब्जी, घाँस, झाडीहरू, रूखहरू पूरै हुर्केका र फल फलाउन तयार अवस्थामा थिए। यी सबै परिवर्तनहरू परमेश्वरको सृजनशिल कार्यहरू थिए। हामीसंग कति अचम्मका परमेश्वर हुनुहुन्छ।

'आ-आफ्नो जातिअनुसार' भन्ने बाक्यांश १० पटक उल्लेख भएका छन्। बनस्पतिहरू, प्राणीहरू, पंक्षीहरू र माछाहरू ती सबै नै आ-आफ्नो जाति अनुसार वृद्धि भएका थिए। त्यहाँ रंग र आकारमा अन्तर होला तर सन्तान आफ्नै पुर्खा जस्तै हुन्छन्। यो अत्यन्तै महत्वपूर्ण सत्यता हो। नासपतिले आरू फलाउँदैन। विरालोले विरालो नै जन्माउँछ, कुकुर जन्माउँदैन। विकासबादले सिकाउँदछ कि ठूलो युगमा अन्तरालमा विरालो कुकुर बन्दछ। समयमा क्रममा कुकुर नयाँ किसिमको कुकुरमा विकास हुन सक्ला तर कसै गरी विरालो बन्दैन। विरालोले विरालो जन्माउँछ, कुकुरल कुकुरलाई जन्माउँछ। ती आपसमा मिसिदैन।

उत्पत्ति १:१४-१९ मा परमेश्वरले चौथो दिनमा गर्नुभएको सृष्टिको प्रकाश गर्नुभएको छ।

अनि परमेश्वरले भन्नुभयो" :दिनलाई रातबाट अलग पार्नलाई आकाशको अन्तरमा ज्योतिहरू होऊन्, अनि ती चिन्हहरूको रूपमा होऊन्, अँ, ऋतुहरू, दिनहरू र वर्षहरूका निम्ति होऊन्; अनि पृथ्वीमाथि उज्यालो दिनलाई ती आकाशको अन्तरमा ज्योतिहरूका निम्ति होऊन् "!तब त्यस्तै भयो। अनि परमेश्वरले दुईवटा ठूला ज्योतिहरू बनाउनुभयोठूलो ज्योति दिनमाथि प्रभुत्व गर्नलाई :, र सानो ज्योति रातमाथि प्रभुत्व गर्नलाई; उहाँले ताराहरू पनि बनाउनुभयो। अनि उहाँले तिनलाई पृथ्वीमाथि उज्यालो दिनका निम्ति आकाशको अन्तरमा राख्नुभयो, दिनमाथि र रातमाथि प्रभुत्व गर्नलाई, अनि उज्यालोलाई अन्धकारबाट अलग राख्नलाई; अनि परमेश्वरले देख्नुभयो, त्यो असल थियो। अनि साँझ पऱ्यो र बिहान भयो चौथो दिन। उत्पत्ति १:१४-१९

मानिस सधैं सौर्य मण्डल सम्बन्धमा चकित हुन्छन्। जब राति आकाशमा जब मानिसहरू ताराहरू हर्छन् तब उनीहरू छक्क पर्दछन्। तैपनि हामी सम्पूर्ण भागको सानो भाग मात्र देखेका हुन्छौं। विश्व यति धेरै विशाल छ कि त्यसलाई हामी पूर्ण आकलन गर्न सक्दैनौं। मानौं, लाग्छ कि त्यसक कुनै अन्त हुँदैन। जसरी नयाँ नयाँ कुराहरू पत्ता लागिरहन्छ उसरी नै हामीहरू छक्क परिरहन्छौं।

सूर्य, चन्द्रमा र ताराहरु हाम्रा परमेश्वरका महानताका चिन्हहरू हुन्। तिनले हामीलाई अचम्ममा पर्दछ।

जब म तपाईंको आकाशलाई विचार गर्दछु, जो तपाईंका औंलाहरूको काम हो, अर्थात् जून र ताराहरू, जसलाई तपाईंले नियुक्त गर्नुभयो, तब मानिस के हो, र तपाईं ऊप्रति ध्यान राख्नुहुन्छ? अनि मानिसको सन्तान के हो, र तपाईं ऊमाथि दृष्टि लगाउनुहुन्छ? भजन संग्रह ८:३-४

हे परमप्रभु हाम्रा प्रभु, सारा पृथ्वीभरि तपाईंको नाम कति उत्तम छ! तपाईंले आफ्नो महिमा आकाशभन्दा माथि स्थापित गर्नुभएको छ। भजन संग्रह ८:१

आकाशले उहाँको धार्मिकताको घोषणा गर्दछ, र सबै मानिसहरूले उहाँको महिमा देख्छन्। भजन ९७:६

परमेश्वरले हामीलाई उहाँको सृष्टि हेर्न र उहाँ कति शक्तिसाली हुनुहुन्छ अनि उहाँ परमेश्वर हुनुहुन्छ, मानिस भन्दा धेरै भिन्न हुनुहुन्छ भन्ने कुरा महसुस गरेको चाहानुहुन्छ। मानिस जसले उहाँको सृष्टिलाई देख्दछ इन्कार गर्दा उनीहरूलाई बहाना हुनेछैन जब उनीहरू उहाँको न्याय आसनमा उभिंदछ।

किनभने संसारको उत्पत्तिदेखि नै उहाँका नदेखिने गुणहरू अर्थात् उहाँका अनन्त शक्ति र परमेश्वरत्व छर्लङ्ग देखा परेका छन्, सृष्टि गरिएका कुराहरूद्वारा जानिएका छन्; यसकारण तिनीहरूसँग कुनै बहाना छैन। रोमी १:२०

यो टिप्पणी गर्नुपर्दछ कि तारागण र ज्योतिषशास्त्र अनुसार त्यहाँ थुप्रै झूटा उपासनाहरू भइरहेका छन्। यी चाहिँ मूर्तिपुजक अभ्यासहरू हुन्। साँचो ख्रीष्टियनहरूको राशीचक्र, राशीफल, जोखना हेर्ने कुराहरूसंग कुनै सम्बन्ध छैन।

जब परमेश्वरले सूर्य, चन्द्र र ताराहरू सृष्टि गर्नुभयो, सबै ऋतुहरू, सौर्य मण्डलको परिक्रमा र चक्र आदिलाई स्थापित गरिएको थियो। हाम्रा घडीहरू र पात्रोहरू परमेश्वरको सृष्टि सौर्यमण्डलमा आधारित रहेको छ।

उत्पत्ति १:२०-२३ मा परमेश्वरले पाँचौं दिनको सृष्टिलाई प्रकाश गर्नुभयो।

अनि परमेश्वरले भन्नुभयो" :पानी चलफिर गर्ने जीवित प्राणीहरूले प्रशस्त गरी भरिओस्; अनि पृथ्वीमाथि आकाशको खुला अन्तरमा चाहिँ पक्षीहरू उडून् "!तब परमेश्वरले ठूला ठूला जलजन्तुहरू र चलफिर गर्ने सबै जीवित प्राणीहरू सृष्टि गर्नुभयो, जसले आफ्नो आफ्नो जातिअनुसार पानीलाई प्रशस्त गरी भरिदिए, अनि उहाँले आफ्नो आफ्नो जातिअनुसारका सबै पखेटा भएका पंक्षीहरू पनि सृष्टि गर्नुभयो; अनि परमेश्वरले देख्नुभयो, त्यो असल थियो। अनि परमेश्वरले तिनीहरूलई यसो भनेर आशिष दिनुभयो, फल्दै-फुल्दै र बढ्दै जाओ र समुद्रहरूको पानीलाई भरिदेओ! अनि साँझ पऱ्यो र विहान भयो – पाँचौं दिन। उत्पत्ति १:२०-२३

२० पदमा उल्लेखित कथनको सरलताले जे सृष्टि गरिएको थियो त्यसको उचित सम्बोधन गरेको छ। महासागर, तालतलैया र नदीहरूमा भएको जीवनमा जटिलता र विविधता रहेको पाइन्छ। त्यहाँ एक कोषिया जीवदेखि ठूला ठूला ह्वेलसम्मका जनावरहरू बस्दछन्। ती विविध आकार, रंगका हुन्छन्। कसरी आफ्नो प्रतिरक्षा गर्ने, खाना जुटाउने आदि कार्यमा ती प्राणीहरूका कार्यशैलीहरू विश्वासै गर्ने नसकिने किसिमका छन्। नयाँ नयाँ तथ्यहरू पत्ता लगाउने कार्यहरू भइरहेका छन्। यी सबै कुराहरूले हाम्रा सृष्टिकर्तका बुद्धि, सामर्थ्य र सक्षमताको प्रदर्शन गर्दछ।

पंक्षीहरूले पनि सृष्टिकर्ताको चरित्र र बुद्धिको प्रकाश गर्दछ। हरेक जसले पंक्षीहरूलाई खुवाउँदछन् अनि ती पंक्षीहरू जुन खान आउँछन् तिनको विविधता र त्यसमा देखिएको परमेश्वरको बुद्धिमा छक्क पर्नुपर्ने हुन्छ। परमेश्वर अचम्मको हुनुहुन्छ।

याद गर्नोस् कि ती सबै माछा र पंक्षीहरूले आफ्नै किसिमा अरू सन्तान जन्माउँछन्। समयक्रममा माछा गोही बन्दैन र डाइनोसरहरू पंक्षी बन्दैनन्।

उत्पत्ति १:२४-३१ मा परमेश्वरले छैटौं दिनको सृष्टिलाई प्रकाश गर्नुभयो।

अनि परमेश्वरले भन्नुभयो" :पृथ्वीले आआफ्नो जातिअनुसार -आफ्नो जातिअनुसार जीवित प्राणी अर्थात् आ-घरेलु पशु, घस्रने जन्तु र पृथ्वीका वनपशु उत्पन्न गरोस् "!तब त्यस्तै भयो। अनि परमेश्वरले पृथ्वीका वनपशुलाई त्यसको आफ्नै जातिअनुसार, घरेलु पशुलाई त्यसको आफ्नै जातिअनुसार र पृथ्वीका घस्रने जन्तुलाई त्यसको आफ्नै जातिअनुसार बनाउनुभयो; अनि परमेश्वरले देख्नुभयो, त्यो असल थियो। उत्पत्ति १:२४-२५

अनि परमेश्वरले भन्नुभयोः "हामी मानिसलाई हाम्रै स्वरुपमा, हाम्रै समानतामा बनाऔँ, र तिनीहरूले समुन्द्रका माछामाथी, आकाशका पंक्षीहरूमाथी र घरेलु पशुमाथी, साथै सारा पृथ्वीमाथि र पृथ्वीमाथि घस्रने हरेक घस्रने जन्तुमाथि अधिकार राखून्!" अनि परमेश्वरले मानिसलाई आफ्नै स्वरुपमा सृष्टि गर्नुभयो; उहाँले तिनलाई परमेश्वरको स्वरुपमा सृष्टि गर्नुभयो; उहाँले तिनीहरूलाई नर र नारी गरेर सृष्टि गर्नुभयो। अनि परमेश्वरले तिनीहरूलाई आशिष दिनुभयो; र परमेश्वरले तिनीहरूलाई भन्नुभयोः "फल्दै-फुल्दै र बढ्दै जाओ! अनि पृथ्वीलाई भरिदेओ र त्यसलाई वशमा पार ! अनि समुन्द्रका माछामाथि, आकाशका पंक्षीमाथि र पृथ्वीमाथि चलफिल गर्ने हरेक जीवित प्राणीमाथि अधिकार राख!" (उत्पत्ति १:२६-२८)

अनि परमेश्वरले भन्नुभयोः "हेर, मैले सारा पृथ्वीको सतहमाथिको हरेक बीउ लाग्ने सागपात र हरेक रुख, जसमा बीउ लाग्ने फल हुन्छ, तिमीहरूलाई दिएको छु; यो तिमीहरूका निम्ति आहार हुनेछ। अनि पृथ्वीको हरेक पशुलाई, आकाशको हरेक पंक्षीलाई र पृथ्वीमाथि घस्रने हरेक जन्तुलाई, जसमा प्राण छ, मैले आहारका निम्ति हरेक हरियो सागपात दिएको छु;" तब त्यस्तै भयो। अनि परमेश्वरले आफुले बनाउनुभएको हरेक चीज देख्नुभयो; अनि हेर, त्यो अति असल थियो। अनि साँझ पर्यो, र बिहान भयो – छैटौँ दिन। (उत्पत्ति १:२९-३१)

जब परमेश्वरले पृथ्वीको सृष्टि गर्नुभयो, त्यो स्वर्ग थियो जहाँ प्रकृतिमा शान्ति र एकता थियो। पापले प्रवेश गरिसकेको थिएन, र मानिसमा र प्रकृतिमा कुनै श्राप दिइएको थिएन। त्यहाँ कुनै कष्ट र मृत्यु थिएन। पशुहरू शाकाहारी थिए; तिनीहरूले एक-अर्कालाई मारेर खाँदैनथिए। विरामी, रोग, भोकमारी र भोकको कुनै अस्तित्व रहेको थिएन।

टिप्पणीः मानिसको सृष्टि, पद २६-२७मा बताइए अनुसार, अर्को अध्ययन पाठमा पूर्ण रुपले समावेश गरिनेछ।

सातौँ दिन

अनि सातौँ दिनमा परमेश्वरले आफ्नो काम, जो उहाँले बनाउनुभएको थियो, सिद्धयाउनुभयो। अनि सातौँ दिनमा उहाँले आफूले बनाउनुभएको आफ्नो सबै कामबाट विश्राम लिनुभयो। (उत्पत्ति २:२)

परमेश्वर थाकेको हुनाले वा उहाँको परिश्रमको कामद्वारा थकित भएकोले गर्दा विश्राम लिनु परेको होइन। जब उहाँले समस्त जगतको सृष्टि गर्नुभयो, तब उहाँले काम गर्नुपर्यो भनेर कुनै संकेत प्रस्तुत गरिएको छैन। उहाँको सामान्य आदेशमा नै ती अस्तित्वमा आए। हामीलाई नमुना प्रदान गर्नका लागी उहाँले विश्राम लिनुभयो। लेवी २३:३ ले हामीले विश्राम लिनुपर्दछ र हप्ताको एक दिन सबै एकसाथ भेला हुनुपर्दछ भनि निश्चित पार्दछ। हामी मानिसहरू हौँ र हामीमा सिमाहरू छन् भनि परमेश्वर जान्नुहुन्छ। उहाँले हाम्रो जीवनयापनमा विश्रामको निम्ति हप्ताको एकदिन निर्धारण गरिदिनुभएको छ।

छ दिनसम्म काम गरियोस्; तर सातौँ दिनचाहीँ विश्राम लिने विश्रामदिन, एउटा पवित्र सभा हो; यस दिन तिमीहरूले कुनै काम नगर्नु; तिमीहरूका सबै बासस्थानहरूमा यो परमप्रभुको विश्रामदिन हो। (लेवी २३:३)

सारा जगत अव्यवस्थित हुन र उथल-पुथल हुनबाट के ले रोकिराखेको छ?

रेखदेख नगरिएको कुनै पनि कुरा बिग्रिदँछ र अन्ततः त्यसको कार्य बन्द हुदँछ। उदाहरणको लागी, रेखदेख नगरिएको घरको बारेमा कल्पना गर्नुहोस्। त्यसका रङ्गहरू के हुदँछन्? त्यसको छानो कस्तो हुनेछ? त्यसका बत्तीहरूको अवस्था कस्तो हुदँछ? त्यसको आगनको अवस्था कस्तो हुनेछ? कुनै घर वा अरु कुनै भवनहरू, यदि त्यसलाई त्यतिकै छाडिदिने हो भने, ती नष्ट हुनेछन्। त्यही अनुरुपमा कुनै गाडी, कम्प्यूटर, उत्पादन गर्ने कल-कारखाना, वा कुनै अत्याधुनिक व्यवसाहिक भवनहरू पनि नष्ट हुनेछन्।

जीवित प्राणीहरूमा पनि यही नै लागु हुदँछ। यदि हामी आफ्नो हेर-विचार गर्दैनौँ भने, हामी पनि नाश हुनेछौँ।

घरहरू, गाडीहरू, वा उत्पादन गर्ने कल-कारखानाहरूभन्दा हाम्रो संसार निकै जटिल रहेको छ। यदि यो त्यत्तिकै छाडिदिने हो भने के यो नष्ट हुन्छ अथवा यो आफै कायम भइकन, अझ जटिल प्रणाली र व्यवस्थामा निर्मित हुदैँ जानेछ?

यदि कोही संवेदनशील रुपमा इमान्दार हुन्छ भने, उसले यो निष्कर्ष लिकाल्दछ की त्यहाँ कोही बुद्धिमान, शक्तिशाली हुनुहुन्छ जसले सारा संसारलाई सही क्रममा परिचालित गर्नुहुन्छ र त्यसलाई त्यसको प्राकृतिक जटिल व्यवस्था अनुरुप नै क्रमबद्ध रुपमा कार्यशील गराउनुहुन्छ।

किनभने स्वर्गमा भएका र पृथ्वीमा भएका कुराहरू, देखिने र नदेखिने कुराहरू, चाहे सिंहासनहरू, चाहे प्रभुताहरू, चाहे प्रधानहरू, चाहे अधिकारीहरू, सबै उहाँहरूद्वारा नै सृष्टि गरिएका हुन्; सबै कुराहरू उहाँद्वारा र उहाँकै निम्ति सृष्टि गरिएका हुन्; अनि सबै कुराहरूका अघि उहाँ हुनुहुन्छ, र सबै कुराहरू उहाँद्वारा नै स्थिर रहन्छन्। (कलस्सी १:१६-१७)

जो उहाँको महिमाको चमक र उहाँको व्यक्तित्वको पक्का प्रतिरुप हुनुहुन्छ, र आफ्नो सामर्थ्यको वचनले सबै थोकहरू सम्हाल्नुहुन्छ; (हिब्रु १:३क)

कलस्सी १:१७ र हिब्रु १:३ अनुसार, उहाँ प्रभु येशू ख्रीष्ट हुनुहुन्छ जसले सारा संसारको सृष्टि गर्नुभयो र उहाँ नै एकमात्र हुनुहुन्छ जसले यसलाई साथमा पक्रेर राख्नुहुन्छ र उहाँको शक्तिशाली वचनद्वारा यसलाई धान्नुहुन्छ। बाइबलले प्रष्ट रुपमा येशू ख्रीष्टलाई सृष्टिकर्ता हुनुहुन्छ र उहाँले नै सबै थोकहरू धान्नुहुन्छ भनि चिनाउँदछ।

प्रभु येशू ख्रीष्ट र सृष्टि

यो बुझ्न अति नै जरुरी छ की दुवै परमेश्वर पिता र परमेश्वर पुत्र, प्रभु येशू ख्रीष्ट, सृष्टिकर्ता हुनुहुन्छ भनि अभिज्ञात गराइएको छ। यी दिइएका प्रत्येक पदहरूमा नै येशू सृष्टिकर्ता हुनुहुन्छ भनि बताइएको छ।

किनभने स्वर्गमा भएका र पृथ्वीमा भएका कुराहरू, देखिने र नदेखिने कुराहरू, चाहे सिंहासनहरू, चाहे प्रभुताहरू, चाहे प्रधानहरू, चाहे अधिकारीहरू, सबै उहाँहरूद्वारा नै सृष्टि गरिएका हुन्; सबै कुराहरू उहाँद्वारा र उहाँकै निम्ति सृष्टि गरिएका हुन्; अनि सबै कुराहरूका अघि उहाँ हुनुहुन्छ, र सबै कुराहरू उहाँद्वारा नै स्थिर रहन्छन्। (कलस्सी १:१६-१७)

शुरुमा वचन हुनुहुन्थ्यो, अनि वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो। उहाँ नै शुरुमा परमेश्वरसँग हुनुहुन्थ्यो। सबै कुराहरू उहाँद्वारा हुन आए, अनि हुनआएका कुराहरूमध्ये कुनै पनि उहाँबिना हुन आएन। (यूहन्ना १:१-३)

परमेश्वर, जो प्राचिनकालमा हाम्रा पिता-पूर्खाहरूसँग विभिन्न समयमा र विभिन्न प्रकारले भविष्यवक्ताहरूद्वारा बोल्नुभयो, यी अन्तिम दिनहरूमा चाहीँ हामीसँग आफ्ना पुत्रद्वारा बोल्नुभएको छ; जसलाई उहाँले सबै कुराहरूका हकवाला नियुक्त गर्नुभएको छ, जसद्वारा उहाँले संसारहरू पनि बनाउनुभयो; (हिब्रु १:१-२)

येशूलाई प्रष्ट रुपमा सृष्टिकर्ता हुनुहुन्छ भनि प्रस्तुत गरिएको छ। यूहन्ना र १ यूहन्नाको पूस्तकबाट यो पनि प्रष्ट पारिएको छ की तपाईले एकै समयमा परमेश्वर पितालाई ग्रहण गरि उहाँको आराधना गर्दा, येशूको ईश्वरत्वलाई इन्कार गर्न भने पाउनुहुन्न। कुनै विश्वास वा शिक्षा जसले परमेश्वरलाई पछ्याउने र उहाँको आराधना गर्ने दाबी गर्छ तर येशूलाई इन्कार गर्छ भने, परमेश्वरले बाइबलद्वारा हामीलाई प्रकट गराउनुभएको वास्तविक सृष्टिकर्ताको आराधना तिनीहरूले साँचोरुपमा गर्दैनन्। तिनीहरूले जसले येशूलाई इन्कार गर्छन् तिनीहरूले परमेश्वरलाई पनि इन्कार गर्दछन् र परमेश्वर रहित अनन्त दण्डका भागी हुँदछन्, तरैपनि तिनीहरूले परमेश्वरलाई जानेका र उहाँको आराधना गर्ने गरेका दाबी गर्दछन्। यो नै बाइबलको स्पष्ट शिक्षा हो र यो अति गम्भिर विषय पनि हो। त्यहाँ धेरै मानिसहरू छन् जसले विचार गर्दछन् की तिनीहरूले परमेश्वरको पछि लागेका छन्, तर बाइबलसँग सम्बन्धित भएर हेर्ने हो भने, तिनीहरूले उहाँलाई जान्दैनन् वा अघि कहिल्यै जानेका थिएनन्।

यसकारण मैले तिमीहरूलाई भनेः "तिमीहरू आफ्ना पापहरूमा मर्नेछौ"; किनभने "म उही हुँ" भनि तिमीहरूले विश्वास गरेनौ भने तिमीहरू आफ्ना पापहरूमा मर्नेछौ"। (यूहन्ना ८:२४)

किनकी परमेश्वरबाट जन्मेको हरेकले संसारमाथि जय प्राप्त गर्छ; अनि हाम्रो विश्वास नै यो विजय हो, जसले संसारमाथि जय प्राप्त गर्छ। येशू नै परमेश्वरका पुत्र हुनुहुन्छ भनि विश्वास गर्नेबाहेक संसारमाथि जय प्राप्त गर्ने अरु को छ र? (१यूहन्ना ५:४-५)

हामीले सृष्टिकर्ताको उपासना गर्ने की उहाँले सृष्टि गर्नुभएका थोकहरूको उपासना गर्ने?

जब म तपाईको आकाशलाई विचार गर्दछु, जो तपाईका औंलाहरूका काम हो, अर्थात् जून र ताराहरू, जसलाई तपाईले नियुक्त गर्नुभयो; तब मानिस के हो, र तपाई ऊप्रति ध्यान राख्नुहुन्छ? अनि मानिसका सन्तान के हो, र

तपाई ऊमाथि दृष्टि लगाउनुहुन्छ? हे परमप्रभु हाम्रा प्रभु, सारा पृथ्वीभरि तपाईको नाम कत्ति उत्तम छ! (भजनसंग्रह ८: ३-४,९)

त्यहाँ धेरैजना छन् जसले सृष्टिको तारिफ गर्दछन् तर सृष्टिकर्तालाई भने इन्कार गर्दछन्। सृष्टिकर्ता परमेश्वरलाई पुज्नको साटो, तिनीहरूले प्रकृतिलाई वा परमेश्वरले सृष्टि गर्नुभएको कुनै थोकहरूलाई पुज्दछन्। धेरैजना यस पासोभित्र फसेका छन्। जसले "नव युग"को सोचको पिछा गर्दछन्, तिनीहरू यसका दोषीहरू भएका छन्। त्यहाँ धेरै सङ्ख्यामा अरुहरू पनि छन्। "नेशनल जिओग्राफी" जस्ता पत्र-पत्रिकाले सृष्टिको अद्भुत सौन्दर्यताको बारेमा आकर्षक लेखहरू प्रस्तुत गर्दछन्, तर तिनीहरूले बारम्बार र स्पष्टतया सृष्टिकर्तालाई इन्कार गर्दछन्। सार्वजनिक दुरदर्शनमा (टेलिभिजन) पनि कैयौँ आकर्षक प्राकृतिक कार्यक्रमहरू प्रस्तुत गरिदँछन्, तर तिनीहरूले पनि सृष्टिकर्तालाई इन्कार गर्दछन्।

नत्रता तिमीले आफ्ना आँखाहरू आकाशतिर उठाउँछौ, र जब घाम, जून र ताराहरू अर्थात् आकाशको सारा गणलाई देख्छौ, तब तिनीहरूलाई दण्डवत् गर्न र तिनीहरूका पूजा गर्नलाई तिमी लालायित हुनेछौ; यी थोकहरू ता परमप्रभु तिम्रा परमेश्वरले सम्पूर्ण आकाशमनि भएका सबै जातिहरूलाई दिनुभएको हो। (व्यवस्था ४:१९)

रोमी १:१६-३२ पढ्नुहोस्, विशेष गरी पद २१-२५लाई ध्यान दिनुहोस्। त्यहाँ परमेश्वरको कडा दण्डको बारेमा बताइएको छ, तिनीहरूका निम्ति जसले उहाँलाई इन्कार गर्दछन् र प्रकृतिलाई पुज्दछन्। यस व्यवहारले दण्ड र अनन्त न्याय निम्त्याउँदछ, जसले परमेश्वरदेखी अनन्तताको लागी अलग पार्दछ।

उत्पत्ति १-११ -- परमेश्वरद्वारा शब्दानुसार सत्यताको प्रकाश

केही समय लिनुहोस् र ध्यानपूर्वक अध्ययन गर्नुहोस् र तलका यी पूस्तकहरूमा विचार गर्नुहोस्:

शुरुमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो। (उत्पत्ति १:१)

विश्वासैद्वारा हामी बुझ्छौँ – परमेश्वरको वचनद्वारा संसारहरू बनिए; यसकारण देखिएका कुराहरू देखा पर्ने कुराहरूद्वारा बनिएका होइनन्। (हिब्रु ११:३)

सबै पवित्रशास्त्र परमेश्वरको प्रेरणाद्वारा दिइएको हो, ... (२तिमोथी ३:१६क)

परमेश्वरको एक-एक वचन शुद्ध छ; ..... (हितोपदेश ३०:५क)

परमप्रभुका वचनहरू शुद्ध वचनहरू हुन्, माटोको भट्टीमा निखुर पारिएको, सातपल्ट खारिएको चाँदीजस्तो। (भजनसंग्रह १२:६)

परमप्रभुको वचनद्वारा आकाश, र उहाँको मुखको सासद्वारा तिनका सारा गणहरू बनिएका हुन्। उहाँले समुन्द्रका पानीलाई रास पारेझैँ थुपार्नुहुन्छ; उहाँले गहिरा सागरहरूलाई आफ्ना ढुकुटीहरूमा राख्नुहुन्छ। सारा पृथ्वीले परमप्रभुको भय मानोस्; संसारका सबै बासिन्दाहरू उहाँको डरले भयभित होऊन्! किनकी उहाँ बोल्नुभयो, र त्यो भइगयो; उहाँले आज्ञा गर्नुभयो, र त्यो खडा भयो। (भजनसंग्रह ३३:६-९)

परमेश्वरको हरेक वचन नै, उत्पत्ति १-११समेत, हाम्रा निम्ति परमेश्वरद्वारा प्रकट गरिएका ईश्वरीय सत्यताका अभिलेख हुन्। यो मौखिक रुपले प्रेरित गरिएको,अनिन्दनीय र आधिकारिक छ। यो लेखिएझैँ गरी सत्य रहेको पाइन्छ।

"परमेश्वरको प्रत्येक वचन नै दोषरहित छन्"। यस अभिव्यक्ति सबै शास्त्रहरूमा सत्य नै रहेको पाइँदछ, उत्पत्ति १-११ समेत गरी। यद्यपी, बाइबलका प्रथम एघार पूस्तकहरूको ऐतिहासिक शुद्धताको बारेमा प्रश्न उठाउने गरेको पाइदँछ, र धेरैद्वारा, ख्रीष्टियनहरू समेत गरी, यसको उपहास समेत गरिएको पाइएको छ। यी पूस्तकहरू सामान्य रुपमा सारा संसारको सृष्टिको सम्बन्धमा र जीवनको विकासक्रमका बारेमा मानिसहरूको समझ अनुसार साथसाथै गएको हामी पाउँदैनौँ। धेरै सङ्ख्यामा, सृष्टिको सम्बन्धमा बाइबलीय लेखहरू पूर्ण रुपमा मूर्खतापूर्वक नै रहेका छन्। कैयौँले जोशिलो ढङ्गले तिनीहरूका सिद्धान्तहरू प्रचार गर्दछन् र तिनीहरूले धेरै मानिसहरूलाई यो प्रमाणित गरेका छन् की सृष्टिचाँही साधारणतया धार्मिक विश्वास मात्र हो र तिनीहरूले यो शिक्षा दिन्छन् की सृष्टि चाँही आधुनिक विज्ञानद्वारा बारम्बार र तीव्र रुपले झूटो प्रमाणित गरिएको छ। कैयौँ सम्मानित संस्थाहरू, जस्तै सार्वजनिक टेलिभिजन सञ्जाल र नेशनल जिओग्राफी पत्र-पत्रिका, यस गतिविधिका अङ्गहरू हुन्।

रिचार्ड डकिन्स्, अक्फर्ड विश्वविद्यालयका एक प्राध्यापक, जसलाई आजको क्रमिक विकासको दिनमा प्रायः अग्रज प्रवक्ताको रुपमा चिनिदँछ, उनले एक अभिव्यक्ति प्रस्तुत गरेः "यो बताउन अति नै सहज छ यदि तपाई कोही व्यक्तिलाई भेट्नुहुन्छ जसले क्रमिक विकासमा विश्वास गर्दैन भनि दाबी गर्दछ भने, ती व्यक्ति अनभिज्ञ, अबुझ, वा पागल (वा दुष्ट) व्यक्ति हुन्"। ("तपाईको पैसा क्रमिक विकासमा लगाउनुहोस्", न्यू योर्क टाइम्स्, अप्रिल ९, १९८९, पृष्ठ ३५)

उत्पत्तिका यी अध्यायहरू मानिसहरूद्वारा प्रबल रुपमा इन्कार गरिनुका प्राथमिक कारण चाँही तिनीहरूले सृष्टिकर्तालाई चिन्न चाहदैँनन् र आफूलाई सृष्टिकर्ता - परमेश्वर सामु समर्पण गर्न चाहदैँनन्। तिनीहरू लगावका साथ मानविय भौतिकवादी संसारतर्फ प्रतिबद्ध रहेका छन् जहाँ परमेश्वरको निम्ति कुनै स्थान रहेको छैन, जसमा उहाँले उहाँका अनुयायीहरूले समर्पणका साथमा उहाँको भक्ति गरेको उहाँ आशा गर्नुहुन्छ। परमेश्वरप्रतिको उनीहरूको उत्तरदायित्वबाट उम्कनका निम्ति , तिनीहरूले उहाँको अस्तित्व इन्कार गर्दछन् र विभिन्न विकासका सिद्धान्तहरूका शिक्षाको प्रचार गर्दछन्। यदि परमेश्वर अस्तित्वमा हुनुहुदैँन भने, अवश्य नै तिनीहरू उहाँतर्फ उत्तरदायी हुनुपर्दैन र प्रचारका उत्साहकासाथ तिनीहरूले तिनीहरूका अविश्वासका सन्देशको प्रचार गर्दछन्।

आलोचकका आक्रमण र निन्दाले उत्पत्ति १-११ अध्यायहरूको सत्यताको बारेमा धेरै ख्रीष्टियनहरूमा पनि शंका र प्रश्न उत्पन्न गराएको छ। कैयौँ ख्रीष्टियनहरू, धेरै ख्रीष्टियन उच्च विद्यालयहरू समेत गरी, एक वा अर्को तरीकाद्वारा उत्पत्तीको पूस्तकको सृष्टिको लेखलाई मानव विकासवादको सिद्धान्तमा एकसमान बनाउनका निम्ति यी दाबीहरू स्वीकार गरेका छन्। तिनीहरूले संसारिक नास्तिक विज्ञानको दाबीलाई स्वीकार गर्दछन् की क्रमिक विकास चाँही प्रमाणित तथ्य हो र पृथ्वी अर्बौँ वर्ष पूरानो हो। फलस्वरुप, तिनीहरूले बाइबललाई कसरी त्यस "प्रमाणित" क्रमिक विकासको सिद्धान्तसँग मेल गराउन सकिन्छ भनि हिसाब गरिरहन्छन्। अन्तराल सिद्धान्त, दिन-अवधी सिद्धान्त, आस्तिक विकासक्रम, प्रगतिशील क्रमिक विकास, संरचना अनुमान, र अरु यस्तै गरी बाइबललाई मानव विकासक्रमको शिक्षासँग सहमत गर्न प्रयास गरिरहेका छन्।

धेरैजसो ख्रीष्टियनहरू जसले यस आधारभूत क्रमिक विकासलाई स्वीकार गर्दछन् तिनीहरूले जलप्रलयचाँही सारा पृथ्वीभरि भएको जलप्रलय हो भन्ने बाइबलको स्पष्ट शिक्षालाई इन्कार गर्दछन्। सट्टामा, परमेश्वले नूहलाई विशाल नाउ बनाउन आज्ञा गर्नुभयो ताकी तिनीहरूले स्थानीय जलप्रलयबाट बच्न सकुन्। तिनीहरूले यस कुरामा विश्वास गर्नैपर्दछ कारण सम्पूर्ण पृथ्वीभरिको जलप्रलय तिनीहरूको क्रमिक विकासको ढाँचासँग मेल खाँदैन।

यो सृष्टिको विषय विरुद्ध क्रमिक विकासले केही मूलभूत प्रश्नहरूको सिर्जना गर्दछ। को चाँही सर्वोच्च अधिकारमा रहेको छ, परमेश्वर या मानिस? हामी कसमाथि विश्वास गर्न सक्दछौँ त? यसभन्दा अझ अत्यन्त महत्वपूर्ण प्रश्न यो उठ्दछ, "हामीले कसमाथी हाम्रो विश्वास राख्नुपर्दछ, परमेश्वरमा की मानिसमा?" यदि हामीले बाइबलीय व्याखा अनुरुप सृष्टिलाई आक्षरिक यथार्थको सत्यता हो भनि स्वीकार गर्छौँ भने, हामीले हाम्रो विश्वास परमेश्वर र उहाँको वचनमाथि राखेका छौँ। तर यदि हामीले मानव क्रमिक विकासको सिद्धान्तलाई प्रमाणित विज्ञान हो भनि स्वीकार गर्दछौँ भने, हामीले हाम्रो विश्वास मानिसप्रति राखेका छौँ।

विश्वासैद्वारा हामी बुझ्छौँ – परमेश्वरको वचनद्वारा संसारहरू बनिए; यसकारण देखिएका कुराहरू देखापर्ने कुराहरूद्वारा बनिएका होइनन्। (हिब्रु ११:३)

यदि उत्पत्ती १-११को पूस्तक लेखिएका अनुसार सत्य होइनन् भने, तब बाइबलमा कहाँनिर हामीले यो आक्षरिक सत्य हो भनि स्वीकार गर्न सक्दछौँ र? यसमा हामीले कतिको विश्वास गर्न सक्दछौँ त? बाइबल शुरु देखी अन्तसम्म अलौकिक कार्यहरूद्वारा भरिएको छ, जसमा परमेश्वरद्वारा मानिससँग भएको सोझो बातचित पनि समावेश गरिएको छ। बाइबलमा भएको अलौकिक कार्यहरूमा सृष्टि, सारा पृथ्वीभरिको जलप्रलय, र अरु पूरानो नियमका आश्चर्य कामहरू जस्तैः मिश्रको विपत्ति र लाल समुन्द्रको विभाजन आदि समावेश गरिएको छ। नयाँ नियममा कन्याद्वारा ख्रीष्टको जन्म, ख्रीष्टको सम्पूर्ण आश्चर्यकर्महरू जसमा लाजरसको मृत्युबाट पुनरुत्थान समेत, येशूको मृत्युबाट शारिरिक पुनरुत्थान, र येशू ख्रीष्टको आउनेवाला पुनरागमन समावेश गरिएको छ। यदि हामीले सृष्टिको यथार्थ स्वीकार, र बाइबल अनुसारको जलप्रलय स्वीकार गर्ने सक्दैनौँ भने, के हामीले परमेश्वरको वचनमा अभिलिखित कुनैपनि अलौकिक कार्यहरूमा विश्वास गर्न सक्दछौँ त, वा तिनीहरू सबै पनि मानवको लौकिक मानववादी विचारधारा सँग मेल गराइनुपर्छ?

यदि बाइबललको सृष्टिको यथार्थहरू सही होइनन् भने हामीले यी पूस्तकहरूमा विश्वास गर्न सक्दैनौँ, र बाइबलका अन्य पूस्तकहरूमा पनि विश्वास गर्न सक्दैनौँ र हाम्रो विश्वास चाँही एक अति कमजोर र दुर्बल जगमा बसालिइदँछ।

परमेश्वरबाट प्रकाश गरिएको सत्यको वचनलाई हेरफेर गर्ने कोशिस गर्नु ठूलो भूल हो जहाँ मानव "विज्ञानसम्बन्धी" सिद्धान्त, धारणा, र ज्ञानको प्रवाहमा समान तुल्याउन चाहदँछ। बाइबल, जुन परमेश्वरको वचन हो, जस्तो लिखित छ त्यसैअनुरुपमा सत्य रहेको छ र पूर्णतया सही छ। जब त्यहाँ परमेश्वरको वचन र मानव विश्वास - समझबीचमा मतभेत हुँदछ, तब मानिसको होइन, तर परमेश्वरको वचन सर्वोच्च आधिकारिक हुँदछ। परमेश्वरको वचन पुन- व्याखा,पुन-व्यवस्थित, र वर्णन गरिनु आवश्यक पर्दैन वा धर्मशास्त्रको कुनै अन्य शैलीद्वारा मानव शिक्षालाई समायोजित गर्न आवश्यक पर्दैन। हामी यो विश्वास गर्दछौँ की मानव शिक्षा र विश्वासको समायोजन गर्नको निम्ति त्यसअनुसार परमेश्वरको वचनको व्याखा गर्नु मूलभूत रुपमा गलत नै हो, वास्तवमा, यसले परमेश्वर र उहाँको वचनलाई अपवित्र पार्दछ।

सृष्टि र क्रमिक विकासलाई अनुकुलित गर्न हामीले के कुरा गर्नुपर्छ वा के कुरामा विश्वास गर्नुपर्दछ।

यस समयमा सिकाइए अनुसार परमेश्वरको वचन र क्रमिक विकासलाई अनुकुलित गर्नको निम्ति, निम्न लिखित कार्यहरू गर्नुपर्दछ।

१. हामीले सृष्टिका दिनहरूलाई पुनः व्यवस्थित गर्नुपर्दछ वा सृष्टिको क्रमलाई क्रमिक विकासको क्रमसँग ठीक रुपमा मिलाउनुपर्दछ। क्रमिक विकासलाई विश्वास गर्नको निम्ति हामीले यस कुरामा विश्वास गर्नुपर्दछ कि चौथौँ दिन चाँही पृथ्वी सृष्टि हुनुभन्दा अघि नै घटिसकेको थियो कारण क्रमिक विकासले यस कुरामा विश्वास

गर्दछ की सूर्यको अस्तित्व पृथ्वी अघि नै रहेको थियो। अझ, वास्तबमा परमेश्वरले पहिलो दिन र चौथो दिनलाई मिश्रित गर्नुभयो। तिनीहरूले यो विश्वास गर्छन् की सूर्यबिना प्रकाश रहदैँन, त्यसै अनुरुपमा, पहिलो दिनचाँही तेस्रो दिनपछि आउँदछ। परमेश्वरले तेस्रो दिनलाई पनि चौथो दिनसँग मिश्रित गर्नुभयो, कारण वोट-विरुवाको सृष्टि भएको तेस्रो दिन सूर्य सृष्टि गरिएको चौथो दिनपछि आउँदछ। परमेश्वरले तेश्रो दिन र पाचौँ दिनलाई पनि मिश्रित पार्नुभयो, कारण, क्रमिक विकास अनुसार, जीवनको थालनी समुन्द्रबाट शुरु भयो, जमिनबाट होइन। परमेश्वरले पाचौँ दिन र छैटौँ दिनलाई पनि मिश्रित गर्नुभएको हुनसक्छ। चराहरू (पाचौँ दिन)ले छैटौँ दिनलाई पिछा गरेको हुनुपर्दछ कारण चराहरूको उत्पन्न थलचर जनावरपछि भएको हुनुपर्दछ।

मानव क्रमिक विकासको सिद्धान्तले कुनै पनि रुपमा उत्पत्तिको १ अध्यायसँग एकमत हुदैँन। के परमेश्वर त्यतिविधि अलमलमा हुनुहुन्थ्यो? के परमेश्वरले साँच्चिकै मानिसलाई दिनुभएको उहाँको प्रकाशमा समस्या रहेको थियो वा यो मानिसले गरेको गोलमाल हो?

२. क्रमिक विकासमा विश्वास गर्नका निम्ति हामीले उत्पत्तिमा लिखित आदम र हव्वाको सृष्टिलाई इन्कार गर्नुपर्दछ। हव्वाको अभिलिखित सृष्टि विकासवादीहरूका निम्ति हाँस्यास्पद कुरा हो। यदि एक ख्रीष्टियनले क्रमिक विकासमा विश्वास गर्दछ भने, उसले यो कुरामा विश्वास गर्नुपर्दछ कि परमेश्वरले करौडौँ वर्ष अघि उत्पन्न गरिएका मानिसभन्दा कम श्रेणीको जातीलाई आदम र हव्वा बनाउनका निम्ति प्रयोग गर्नुभयो। यहि गत वर्ष नै, आफूलाई ख्रीष्टियन हुँ भन्ने र सृष्टि र क्रमिक विकासलाई समायोजन गर्न प्रयास गर्न खोज्ने केहीले यो स्पष्टतया बयान दिए की उत्पत्तिको पूस्तकमा अभिलिखित आदम र हव्वाको कथा वास्तविक हुदैँ होइन।

३. क्रमिक विकासमा विश्वास गर्नको निम्ति, मृत्युको कारण पाप नै हो भनि एकले यो इन्कार गर्नुपर्छ। यदि परमेश्वरले मानिसको सृष्टि गर्नको निम्ति क्रमिक विकासको प्रयोग गर्नुभएको हुँदा हो ता, उहाँले कैयौँ लाखौँ वर्षहरूमा मृत्यु र कष्टको प्रयोग गरी निर्बल र कमजोरलाई हटाइकन बलियोको जीवनरक्षाको शुरक्षा गर्नुभयो। के यही नै बाइबलले सिकाउँदछ र???

यसकारण जसरी एकजना मानिसद्वारा संसारमा पाप पस्यो, र पापद्वारा मृत्यु आयो, अनि त्यसरी नै मृत्यु सबै मानिसहरूमा फैलियो; किनकी सबैले पाप गरेका छन्। (रोमी ५:१२)

किनकी मानिसद्वारा मृत्यु आएको हुनाले मानिसद्वारा नै मरेकाहरूको बौरीउठाइ पनि आयो। (१कोरिन्थी १५:२१)

बाइबल स्पष्ट छ। पापको फलस्वरुप मृत्यु आयो। कमजोरहरूलाई केलाउनका निम्ति यो कुनै रुपले परमेश्वरको माध्यम थिएन।

४. क्रमिक विकासमा विश्वास गर्नको निम्ति, पाप र श्रापको कारण कष्ट आयो भनि इन्कार गरिनुपर्दछ। फेरी पनि, यदि परमेश्वरले सृष्टिको निम्ति क्रमिक विकासको प्रयोग गर्नुभएको हो भने, कमजोरहरूलाई नाश गर्न र बलियाहरूलाई जीवनरक्षाको शुरक्षा गर्नका निम्ति, लाखौँ वर्षहरूमा, कष्ट, पिडा, हत्या,यातना र मृत्यु सबै नै परमेश्वरको "असल" योजनाको भाग थियो।

के हामीले विश्वास गर्ने परमेश्वर यस किसिमको परमेश्वर हुनुहुन्छ त? कष्टहरू अवश्य नै अस्तित्वमा रहेका छन्, यो परमेश्वरद्वारा कमजोरहरूलाई नाश गर्न र बलियाहरूलाई जीवनरक्षाको शुरक्षा गर्नको निम्ति होइन, तर पाप र श्रापबाट फलस्वरुप हुन आएको हो।

केही समय अघिमात्र, म पहाडी इलाकातिर हिडिरहेको थिएँ, जहाँ म बस्दछु, मैले म हिडिरहेको ठाँउ तलतिरबाट डरलाग्दो चिच्याहट सुनैं। म त्यस आवाज आएको ठाँउतिर कुदेर झरैं र यो देखैं की केही कुकुरहरूले जवान मृगको पाठालाई खान शुरु गरिरहेका थिए। त्यो त्यही मृगको पाठा थियो जुन कष्ट र त्रासमा चिच्याएको थियो। त्यस मृगको पाठालाई च्यातिएको थियो, तर त्यो अझसम्म पनि जीवित नै थियो र मैले त्यसको मुटु धड्किरहेको देखैं। यो नै क्रमिक विकासको महत्वपूर्ण शिक्षा "योग्यको अस्तित्व"को एउटा उदाहरण हो। मलाई यो भन्न प्रयास नगर्नुहोस् की यो सबै नै कमजोरहरूलाई हटाउनका र योग्यहरूको अस्तित्वका निम्ति परमेश्वरबाटको "असल" योजनाको भाग हो जसद्वारा बलियाहरू जिउँदछन्, विकसित हुदँछन्, र आफ्नो विशिष्टता आगामी पूस्ताहरूमा सार्दै जादँछन्। र यस प्रकृयाको डर, पिडा, र यातनाद्वारा मानिस परमेश्वरको स्वरुप र प्रतिरुपमा विकसित हुदैं गयो???

यस प्रकारको कष्ट र पिडा परमेश्वरको सृष्टिको प्रकृयाको भाग होइन; यो त पाप र श्रापको फलस्वरुप आएको नतिजा हो।

५. क्रमिक विकासमा विश्वास गर्नको निम्ति, एक ख्रीष्टियनले यस कुरामा विश्वास राख्नुपर्दछ की मानिसभन्दा कम श्रेणीको जाती परमेश्वरको स्वरुपमा र प्रतिरुपमा विकसित हुदैं गए। मानव जाती परमेश्वरको स्वरुपमा र प्रतिरुपमा बनिएको तथ्य क्रमिक विकासको प्रकृया हो की परमेश्वरबाटको सोझो कार्य हो? के मानिस साच्चैंकै परमेश्वरको स्वरुपमा र प्रतिरुपमा विकसित हुदैं जादँछ त??? यदि यो सही हुँदा हो ता, के परमेश्वर पिता, पुत्र, र पवित्र आत्मा सबै नै जीवनको न्यून आकारबाट विकसित हुदैं आए त??? के यही बाइबलले दिने शिक्षा हो त???

६. क्रमिक विकासमा विश्वास गर्नको निम्ति, एकले जलप्रलय चाँही समस्त पृथ्वीभरि कै जलप्रलय हो भनि इन्कार गर्नुपर्दछ। समस्त पृथ्वीको जलप्रलय क्रमिक विकासको सिद्धान्तसँग मेल खाँदैन।

७. क्रमिक विकासमा विश्वास गर्नको निम्ति, एकले उत्पत्तिको पूस्तक १ अध्यायमा १० पटक प्रयोग भएको वाक्याँशमा, जसले यो बयान दिँदछ कि वोट-विरुवा र जनावरहरूले "त्यसकै प्रकारमा" सन्तान उत्पन्न गर्दछ, भन्ने कुरालाई पूर्णतया सही होइन भनि विश्वास गर्नुपर्दछ।

८. क्रमिक विकासमा विश्वास गर्नको निम्ति, धेरैले यस कुरालाई इन्कार गर्दछन् की बाइबलमा अभिलिखित सृष्टिका सात दिनहरू शब्दानुसार २४ घण्टाको दिन थिए।

९. क्रमिक विकासमा विश्वास गर्नको निम्ति, एकले उत्पत्ती १-३ अध्यायहरू शब्दानुसार सत्यको सही वृतान्त हुन् भनि यस कुरामा इन्कार गर्नुपर्दछ।

के हामी यस कुरामा साँचो रुपमा विश्वास गर्दछौं कि परमेश्वरले सबै कुरा गलत बताउनुभयो जब उहाँले मोशालाई उत्पत्तिको पहिलो अध्याय लेख्नका निम्ति प्रेरित गर्नुभयो? परमेश्वर परमेश्वर नै हुनुहुन्छ। उहाँसँग सबै शक्ति छन्; उहाँ सवै कुरा जान्नुहुन्छ; र उहासँग सबै प्रकारका ज्ञान र विवेक रहेको छ। परमेश्वरको शक्ति, बुद्धि, र विवेक मानिसको समझ र मानव विज्ञानको सिमाभन्दा धेरै पर पुग्न नसकिने गरी रहेको छ।

उत्पत्ती १-२ले स्पष्टसँग यो शिक्षा दिँदछ कि सारा संसार, पृथ्वी, र सारा जीवन, मानव जीवन समेत गरी, सबै नै परमेश्वरद्वारा प्रत्यक्ष रुपमा सिर्जना गरिएका हुन्।

धेरै जसो मानिसहरूले यस कुरामा विचार गर्दैनन् की क्रमिक विकासका मुख्य विकासकहरू समर्पित नास्तिकहरू थिए। यदि कसैले चार्ल्स डार्विनको समयदेखीको क्रमिक विकासलाई हेर्दै आउँदछन् भने यो नै प्रष्ट

रुपमा सत्यतथ्य हो। तिनीहरूले यस अनुमानको सिर्जना गरे की त्यहाँ परमेश्वरको कुनै अस्तित्व रहेको छैन, र तिनीहरूले वैज्ञानिक प्रमाणित भनिएका कुराहरूलाई वर्णन गरी त्यहाँ कुनै परमेश्वर, सृष्टिकर्ता वा निर्माता नै हुनुहुदैँन भन्दछन्। तिनीहरूका अनुसार, क्रमिक विकास भएको हुनुपर्दछ किनभने सृष्टिको विरुद्धमा त्यो नै एकमात्र विकल्प रहेको छ, र तिनीहरू सृष्टि गरिएको तथ्यलाई रुचाउँदैनन्। क्रमिक विकास जति नै तर्कहीन भएपनि तिनीहरू यसमा नै विश्वास गर्दछन्, कारण तिनीहरूले अरु कुनै उपयुक्त विकल्प पाएका छैनन्।

वैज्ञानिकहरू क्रमिक विकासमा विश्वास गर्दैनन् कारण वैज्ञानिक प्रमाणले क्रमिक विकास यसरी सावित गर्दछ; तिनीहरूले क्रमिक विकासमा विश्वास गर्दछन् किनभने, तिनीहरूको विचारमा , त्यहाँ अरु कुनै विकल्प रहेको छैन। धेरैजना तिनीहरूका आफ्नै विश्वासमा प्रबल भएका छन्। रिचार्ड लेवन्टिन, जो एक प्रमुख विकासवादी हुन् उनले लेखे, "हामी विज्ञानको पक्ष रहदँछौँ, त्यस्को केही ढाँचाको मूर्खताको वावजुत पनि..... कारण हामीले ईश्वरीय पाइलालाई द्वारमा आउन अनुमति दिन सक्दैनौँ"। (न्यू योर्क रिभिउ अफ् बुक्स्, जनवरी ९,१९७७, पृष्ठ ९१।)

रिचार्ड डकिन्स्, अक्सफर्ड विश्व-विद्यालयका एक प्राचार्य जो एक समर्पित नास्तिक हुन्, उनलाई आजको दिनमा क्रमिक विकासका मुख्य प्रवक्ताको रुपमा जानिएको छ। उनको एक पूस्तकमा,(पृथ्वीको सबैभन्दा महान् प्रदर्शन), उनले विज्ञानलाई "सरल भाव" र "निष्कर्ष" भनि बयान गरेका छन् (पृष्ठ १३-१६)। विकासवादीको निम्ति विज्ञान साबित गर्न सकिने, अनुभुतिमूलक, अवलोकनिय प्रमाणमा आधारित रहेको हुदैँन, तर यो चाँही सरल भाव, तर्क, र तर्कशक्तीमा आधारित हुँदछ। तिनीहरूको तर्क यस तर्क हो जसमा कसैले पनि परमेश्वरको अस्तित्वमा विश्वास गर्दैनन् र तिनीहरूले मानविक भौतिकवादी विचारधाराहरूलाई स्वीकार गर्नुपर्दछ।

डकिन्सको पूस्तकलाई क्रमिक विकासको सम्पूर्ण प्रमाणलाई एकसाथ समावेश गरिने सबैभन्दा उत्तम पूस्तकको रुपमा प्रचार प्रसार गरिएको छ। वयक्तिगत रुपमा मैले, केही असजिलो महसुस गर्दै, यसलाई अध्ययन गर्ने निर्णय गरेँ। जब मैले त्यो अध्ययन गरी सकाएँ, म अचम्ममा परेँ की त्यहाँ क्रमिक विकासका केहीमात्र थोरै वैज्ञानिक प्रमाणहरू समावेश गरिएका थिए। मैले सृष्टिमा कुनै शंका नराखी, जब त्यस पूस्तकलाई पूरै अध्ययन गरेँ तब म झनै निश्चित भएँ की सृष्टि चाँही पूर्णरुपले सत्य नै हो।

म अझै अघि बढ्न र सृष्टिमा विश्वास गर्न किन तर्कसंगत र विवेकसंगत छ भनि बताउन चाहन्छु , तर मैले पहिल्यै नै यस सृष्टि सम्बन्धी अध्ययनको मूख्य उद्देश्य विस्तार गरी सकेको छु।

त्यहाँ केही असल बाइबलीय संघ-संस्थाहरू छन् जसले कैयौँ पूस्तकहरू र डि.भि.डी (चक्काहरू) निर्माण गरेका छन् जसले उत्पत्तीको पूस्तकमा लिखित सृष्टिका बाइबलीय र वैज्ञानिक शुद्धताहरूलाई समर्थन गर्दछन्। यीमध्ये तीन संघ-संस्थाहरू "सृष्टि अन्वेषण संस्था", "अन्तराष्ट्रिय सृष्टि सेवा", "उत्पत्तीका उत्तरहरू" रहेका छन्। त्यहाँ अरु पनि संस्थाहरू रहेका छन्।

विश्वासैद्वारा हामी बुझ्छौँ – परमेश्वरको वचनद्वारा संसारहरू बनिए; यसकारण देखिएका कुराहरू देखा पर्ने कुराहरूद्वारा बनिएका होइनन्। (हिब्रु ११:३)

परमप्रभुको वचनद्वारा आकाश, र उहाँको मुखको सासद्वारा तिनका सारा गणहरू बनिएका हुन्। उहाँले समुन्द्रका पानीलाई रास पारेझैँ थुपार्नुहुन्छ; उहाँले गहिरा सागरहरूलाई आफ्ना ढुकुटीहरूमा राख्नुहुन्छ। सारा पृथ्वीले परमप्रभुको भय मानोस्; संसारका सबै बासिन्दाहरू उहाँको डरले भयभित होऊन्! किनकी उहाँ बोल्नुभयो, र त्यो भइगयो; उहाँले आज्ञा गर्नुभयो, र त्यो खडा भयो। (भजनसंग्रह ३३:६-९)

तीन

परमेश्वरको स्वरुपमा सृष्टि गरिएको

अनि परमेश्वरले भन्नुभयोः "हामी मानिसलाई हाम्रै स्वरुपमा, हाम्रै समानतामा बनाऔँ, र तिनीहरूले समुन्द्रका माछामाथी, आकाशका पंक्षीहरूमाथी र घरेलु पशुमाथी, साथै सारा पृथ्वीमाथि र पृथ्वीमाथि घस्रने हरेक घस्रने जन्तुमाथि अधिकार राखून्!" अनि परमेश्वरले मानिसलाई आफ्नै स्वरुपमा सृष्टि गर्नुभयो; उहाँले तिनलाई परमेश्वरको स्वरुपमा सृष्टि गर्नुभयो; उहाँले तिनीहरूलाई नर र नारी गरेर सृष्टि गर्नुभयो। (उत्पत्ती १:२६-२७)

यी पदहरूमा शास्त्रभरिकै सबैभन्दा गहन सत्यताहरू रहेका छन्। तपाई र म परमेश्वरको स्वरुपमा सृष्टि गरिएका छौँ। परमेश्वरको स्वरुपमा सृष्टि गरिएकाले गर्दा हरेक मानिसहरू, दुवै पुरुष र स्त्री, सृष्टिका अन्य थोकहरूका तुलनामा ज्यादै गरी बहुमूल्य छौँ। अरु कुनै जीवीत जीवातहरू - - चाहे ती जनावर, माछा,किरा वा अन्य कुनै– ती परमेश्वरको स्वरुपमा सृष्टि गरिएनन्, तर पुरुष र स्त्रीमात्र उहाँको स्वरुपमा सृष्टि गरिए। हामी परमेश्वरको सृष्टिका केन्द्र हौँ। परमेश्वरले हामीलाई गम्भिरतापूर्वक प्रेम गर्नुहुन्छ र उहाँसँग हाम्रो संगतिको चाह गर्नुहुन्छ।

यही कारणले हाम्रा प्रभु येशू ख्रीष्टका पिताको सामु म आफ्ना घुँडा टेक्छु, जसबाट स्वर्गमा र पृथ्वीमाथि सारा घरानाको नाम राखिन्छ, कि उहाँले तिनीहरूलाई यो दान दिऊन् – उहाँको महिमाको धनअनुसार उहाँकै आत्माद्वारा सामर्थ्यले भित्री मानिसमा तिमीहरूले बल पाउन सक, र विश्वासद्वारा ख्रीष्ट तिमीहरूका हृदयहरूमा वास गरुन्; र प्रेममा जरा गाडिएको र जग बसालिएको हुँदै तिमीहरूले चौडाइ, लमाइ, गहिराइ र उचाइ के रहेछ, सो कुरा सबै पवित्र जनहरूसित थाह पाउन सक; र ज्ञानले जानेर नसकिने ख्रीष्टको प्रेमलाई जान्न सक, कि तिमीहरू परमेश्वरको सारा परिपूर्णताले भरपूर होओ। (एफिसी ३:१४-१९)

उत्पत्ती १अध्यायमा, परमेश्वरले हामीलाई सृष्टिका सात दिनहरू प्रकाश गर्नुहुन्छ। शुरुका प्रथम पाँच दिन र त्यसपछिको दिनको आधा भागमा परमेश्वरले समान प्रकारको सृष्टिको अनुसरण गर्नुहुन्छ। तथापि, जब छैंटौँ दिनमा मानिसको सृष्टि गरिदँछ, तब त्यस पद्दति पूर्ण रुपले परिवर्तन गरिदँछ। यस परिवर्तनले कुनै भिन्न कुरा हुन आउने बारेमा संकेत प्रस्तुत गर्दछ। अब हामीले के पत्ता लगाउँदछौँ भने परमेश्वर मानिसको सृष्टि गर्न तयार हुनुभएको छ, जुनचाँही उहाँको सृष्टिको सबैभन्दा महत्वपूर्ण भाग हो।

अनि परमेश्वरले भन्नुभयोः **"हामी मानिसलाई हाम्रै स्वरुपमा, हाम्रै समानतामा बनाऔँ"**। (उत्पत्ती १:२६क)

उत्पत्ती १:२६मा, परमेश्वरले भन्नुभयो की उहाँले मानिसलाई "हाम्रै स्वरुपमा" र "हाम्रै समानतामा" बनाऔँ। हामी, जो मानिसहरू हौँ, परमेश्वरको स्वरुपमा र परमेश्वरको समानतामा श्रेष्ठ तुल्याइएका छौँ। "स्वरुप" र "समानता" यी शब्दहरूले एकै कुराको सार प्रदान गर्दछ। यी दुई वाक्याशँले एकै सत्यतालाई दोहोर्याउँदछ। दोहोर्याउनाले महत्वपूर्ण सत्यतालाई जोड दिँदछ। यो चाँही परमेश्वरले यस्तो भन्नुभएझैँ हो, "यो अति नै महत्वपूर्ण छ, तिमीले यसलाई सुनेको र बुझेको म चाहन्छु"। उत्पत्ती १:२७मा यस सत्यतालाई फेरी पनि बताइएको छ र फेरी पनि सत्यतालाई दोहोर्याइएको छ। हामीले यसलाई गुमाएको परमेश्वर चाहनुहुन्न। परमेश्वरको स्वरुपमा सृष्टि गरिएकाले गर्दा यसले हाम्रो जीवनको हरेक भागमा धेरै प्रभाव पार्दछ। एक सही

विचारधाराले हामी जो मानिस हौँ, हामी चाँही, सत्यतथ्यमा, परमेश्वरको स्वरुपमा र समानतामा सृष्टि गरिएका छौँ भनि स्वीकार गर्दछ।

अनि परमेश्वरले मानिसलाई आफ्नै स्वरुपमा सृष्टि गर्नुभयो; उहाँले तिनलाई परमेश्वरको स्वरुपमा सृष्टि गर्नुभयो; उहाँले तिनीहरूलाई नर र नारी गरेर सृष्टि गर्नुभयो। (उत्पत्ती १:२७)

यस पदमा पुरुष र स्त्रीलाई दिएको महत्वले यस कुरालाई प्रष्ट पार्दछ की दुवै पुरुष र स्त्री नै परमेश्वरको स्वरुपमा र समानतामा सृष्टि गरिएका हुन्।

परमेश्वरले सम्पूर्ण मानव जातीलाई नै उहाँको स्वरुपमा र समानतामा सृष्टि गर्नुभएको छ। यो चाँही एक रोमाञ्चित सत्यता हो। अर्को उत्साही सत्यता यो हो की परमेश्वरले एक-एक गरी हामी हरेकलाई सृष्टि गर्नुभयो। हामी कुनै आकस्मिक घटना होइनौँ।

किनभने तपाईले मेरो अन्तस्करणलाई आफ्नो अधिकारमा लिनुभएको छ; मेरी आमाको गर्भमा तपाईले मलाई ढाक्नुभएको छ। (भजनसंग्रह १३९:१३)

तिमीलाई बनाउनुहुने र गर्भैदेखी तिमीलाई रच्नुहुने परमप्रभु,.... (यशैया ४४:२क)

परमप्रभु, तिम्रा उद्धारक र गर्भैबाट तिमीलाई रच्नेवाला यसो भन्नुहुन्छः ..... (यशैया ४४:२४क)

उहाँले मलाई छुट्टा-छुट्टै गरी सृष्टिमात्र गर्नुभएन , उहाँले मलाई विशेष उद्देश्यको लागी सृष्टि गर्नुभयो। तपाई र म एक-एक नै परमेश्वरको विशेष सृष्टि हौँ र उहाँमा हाम्रो भिन्दा-भिन्दै मूल्य रहेको छ। हामी हरेकमा नै परमेश्वरको योजना र उद्देश्य रहेको छ। यसले नै हामीलाई जिउनुको उद्देश्य प्रदान गर्दछ, र हाम्रो हृदयको गहिराइको खाँचो पूरा गर्दछ र हाम्रो आत्मालाई सन्तुष्ट पार्दछ। यथार्थमा सन्तुष्टि तबमात्र आउँदछ जब हामीले परमेश्वरलाई चिन्दछौँ र हामीमा राखिएको उहाँको योजना मुताबिक हामीले उहाँको सेवा गर्दछौँ।

अनि मकहाँ परमप्रभुको यसो भन्ने वचन आयोः "मैले तिमीलाई पेटमा रच्नुभन्दा पहिल्यै म तिमीलाई चिन्दथेँ; अनि तिमी गर्भबाट निस्कनुभन्दा पहिल्यै मैले तिमीलाई पवित्र गरेँ, र जाती-जातीका निम्ति तिमीलाई भविष्यवक्ताको रुपमा नियुक्त गरेँ"। (यर्मिया १:४-५)

मेरो नामले कहलाइने हरेकलाई; किनकी मैले उसलाई आफ्नो महिमाका निम्ति सृष्टि गरेँ; मैले उसलाई रचेँ; अँ, मैले उसलाई बनाएँ'। (यशैया ४३:७)

मेरो तत्व बनिनसक्दै तपाईका आँखाले ती देखे, अनि मेरा जुन अङ्गप्रत्यङ्गहरू लगातार बनिँदै गइरहेथे, तीमध्ये एउटै पनि नहुँदा नै ती सब तपाईको पूस्तकमा लेखिसकिएका थिए। (भजनसंग्रह १३९: १६)

भजनसंग्रह १३९:१३-१८मा, हामीले पाउँदछौँ कि परमेश्वर गम्भिर रुपमा प्रत्येक मानिसको सृष्टि र जीवनको कार्यमा लाग्नुभएको थियो। हामी जन्मनुभन्दा अघि नै, उहाँले को मानिस कस्तो किसिमको हुने भनि पहिल्यै नै निर्धारण गरी सक्नुभएको छ। प्रत्येकमा नै उहाँको विशिष्ट योजना र उद्देश्य रहेको छ। मानिस जन्मनुभन्दा अघि नै उहाँले तिनको जीवन आयु निश्चित गर्नुहुँदछ। १३पदले यो भन्दछ कि हामी गर्भधारणमा हुदाँखेरी देखी नै परमेश्वर नियन्त्रक हुनुहुन्छ। *"मेरी आमाको गर्भमा तपाईले मलाई ढाक्नुभएको छ"*। हामी गर्भमा हुनुअघि नै, हामी को हुन्छौ, हामी कहाँ जन्मिन्छौँ,हामी कुन जातीमा जन्मन्छौँ, हाम्रो शारिरिक चरित्र, हाम्रो मानसिक योग्यता कस्तो हुनेछ आदि, उहाँले पहिल्यै निर्धारण गरी सक्नुहुन्छ। हामी पुरुष हुने वा महिला, भारतीय, गोरो,

कालो, एशियाली, वा कुनै अन्य जातीको सदस्य हुने कुरा कुनै आकस्मिक घटना होइन। हामी को हुन्छौँ र कहाँ हाम्रो घर हुन्छ भनि परमेश्वरले पहिल्यै निर्धारण गरी सक्नुहुन्छ।

कहिले-काँही हाम्रो जीवनको अवस्था निकै अन्यायपूर्ण महसुस हुनसक्दछ, तर परमेश्वरको हेरचाह र बन्दोवस्तको प्रतिज्ञा सबैमाथि नै लागु हुदँछ र जस्तोसुकै परिस्थिति भएपनि उहाँले हाम्रो खाँचोहरूमा प्रबन्ध गर्नुहुदँछ।(मत्ती ६:२५-३४मा हेर्नुहोस्)। परमेश्वरले हामीलाई हाम्रो विश्वास अनुसारको इनाम दिनुहुन्छ, र उहाँप्रतिको हाम्रो विश्वासद्वारा सेवाको निम्ति हामीलाई कृतज्ञता देखाउन उहाँसँग पूरै अनन्तताको समय रहेको छ।

फेरी, सबै मानिसहरू, दुवै पुरुष र स्त्री, परमेश्वरको स्वरुपमा र समानतामा सृष्टि गरिएका हुन्। "समानता" र "स्वरुप" यी शब्दहरूले हामी केही प्रकारमा परमेश्वरजस्तै छौँ भनि संकेत दिदँछ, तर ठीक उस्तै प्रतिलिपी भने चाँही होइन। यदि कुनै कुरा कुनै थोक "जस्तै छ" भने, त्यो चाँही त्यो जस्तै हो तर ठीक त्यही नै त होइन। केवल येशूले मात्र "ठीक परमेश्वरको व्यक्तित्वको प्रतिनिधित्व" गर्नुहुन्छ। (हिब्रु १:३)। येशू, परमेश्वर हुनाले, ठीक परमेश्वरझैँ हुनुहुन्छ। यद्यपी, हामी, मानिस भएकाले, हामीमा परमेश्वरको व्यक्तित्वको केही गुण रहेको छ तर हामी ठीक उहाँजस्तै हुनका निम्ति केयौँ दुरीमा रहेका छौँ।

कसरी हामी परमेश्वरको स्वरुपमा बनाइएका हौँ त?

यस खण्डमा हामी परमेश्वरको समानतनामा सृष्टि गरिइएका हौँ भनि केही कुराहरू प्रस्तुत गर्दछौँ र यही समानता अनुसार कसरी हामीले प्रतिकृया जनाउने भनि केही सुझाबहरू प्रस्तुत गरिएको छ। परमेश्वरको स्वरुपमा सृष्टि गरिएको हुनाले हामी को हौँ भनि जान्नको निम्ति यो निकै महत्वपूर्ण रहेको छ। संसारतर्फको हाम्रो दृष्टिकोण र हाम्रो स्व-धारणा सबै नै यस सत्यतातर्फको हाम्रो समझमा भर पर्दछ र हाम्रो दृष्टिकोण, व्यवहार, र कार्य यसै अनुरुप नै हुदँछ।

क. *परमेश्वरझैँ, हामीमा पनि प्रेम प्रकट गर्ने र संगति गर्ने क्षमता र इच्छा रहँदछ।*

उत्पत्ती १:२६, जब हामी परमेश्वरको स्वरुपमा सृष्टि गरिने भनि यसले बताउँदछ, त्यहाँ दुईवटा सर्वनाम रहेको छ, "आफ्नै" र "हाम्रै", जसमा दुवैले परमेश्वरलाई जनाउँदछ। परमेश्वरले आफ्नो बहु अस्तित्व वा त्रीएकताको उल्लेख गर्नुभयो जब उहाँले मानिसलाई आफ्नै स्वरुपमा बनाउनका निम्ति तयार हुनुभएको कुरालाई प्रकट पार्नुभयो, यो कुनै संयोगवश भएको होइन। हामी कसरी परमेश्वरको स्वरुपमा सृष्टि गरिएका हौँ भन्ने कुरा जान्नका लागी, हामीले यस पदमा भएको "हाम्रो" र "हामी" भन्ने शब्दहरूको प्रयोगको बारेमा बुझ्न आवश्यक पर्दछ।

यी दुई सर्वनाम चाँही त्रिएकतालाई जनाउने प्रथम संकेत, वा थोरै भएपनि ईशारा हुन्। त्यहाँ एकमात्र परमेश्वर हुनुहुन्छ; तरैपनि, त्यहाँ तीन व्यक्तित्व हुनुहुन्छ – पिता, पुत्र, र पवित्र आत्मा – जसद्वारा एक सर्वोच्च परमेश्वर अस्तित्वमा हुनुहुन्छ। यी प्रत्येक तीन नै भिन्न हुनुहुन्छ, तरैपनि, उहाँहरू एक हुनुहुन्छ। यो पवित्र शास्त्रको शिक्षा हो जसलाई हामीले पूर्णरुपले बुझ्न सक्दैनौ, तरैपनि , यो नै सत्य रहेको छ।

त्रिएकतामा, पिता, पुत्र, र पवित्र आत्मा सबैमा नै सिद्ध प्रेम, एकता, लय र एक-आपसमा संगति रहेको छ। (यूहन्ना १४:३१, यूहन्ना १७)। *त्यहाँ एक-आपसमा महिमा र आदरको आदन र प्रदान रहेको छ। येशूले पिताको महिमा गर्नुहुन्छ र पिताले पुत्रको महिमा गर्नुहुन्छ।* (यूहन्ना १७:१,२२,२४ ; १४:१३)। *पवित्र आत्माले पुत्रतर्फ हाम्रो ध्यान केन्द्रित गर्दछ* (यूहन्ना १४:२६; १५:२६) *र येशूले आफूलाई पिताको इच्छामा सुम्पनुहुन्छ* (मर्कुस

१४:३६)। *परमेश्वर सिद्ध प्रेम, अनुरुपता, एकता र संगतिको परमेश्वर हुनुहुन्छ र उहाँले यी सबैको प्रदर्शन त्रिएकताको व्यक्तित्वद्वारा गर्नुहुन्छ।*

जब परमेश्वरले हामीलाई उहाँको स्वरुपमा र समानतामा सृष्टि गर्नुभयो, तब उहाँले हामीलाई त्रिएक व्यक्तित्वको एक सदस्यले अर्को सदस्यसँग एक-आपसमा प्रेम, आदर गरेझैँ गरी प्रेम गर्ने, आदर गर्ने, र उहाँसँग संगति गर्ने क्षमता प्रदान गर्नुभयो। हामीले परमेश्वरलाई प्रेम गर्नसक्छौँ र उहाँसँग संगति गर्नसक्दछौँ र साथै हामीले अरु विश्वासीहरूलाई प्रेम गर्ने र उनीहरूसँग संगति गर्ने क्षमता हामीलाई प्रदान गरिएको छ (१यूहन्ना १:३, फिलिप्पी २:१)। यस जान्ने, प्रेम गर्ने र परमेश्वरसँग संगति गर्ने सक्ने क्षमता मानिसको निम्ति अनुपम छ। परमेश्वरको सृष्टिको अरु कुनै अंशमा यस क्षमता रहेको पाइँदैन। यस प्रकारको जान्ने, संगति गर्ने, र परमेश्वरलाई प्रेम गर्ने क्षमता जनावरहरूमा रहेको छैन। केवल मानिसले मात्र परमेश्वरलाई प्रेम गर्न सक्छन्, उहाँको सेवा र आराधना गर्न सक्दछन्। यसले परमेश्वरको हृदयमा आन्नद र हर्ष ल्याउँदछ।

आदम र हव्वाको सृष्टिपछि, वास्तवमा परमेश्वर "साँझको शितलमा" तल ओर्लि आउनुहुन्थ्यो र उनीहरूसँग बोल्नुहुन्थ्यो र संगति गर्नुहुन्थ्यो। मानिससँगको संगतिमा परमेश्वरको इच्छाको कत्रो प्रदर्शन। यस सत्यताले हाम्रो दिमागलाई अचम्मित पार्दछ। अहिले, हाम्रो पाप र कमजोरताको बाबजुत पनि, परमेश्वरले अझैपनि हामीलाई प्रेम गर्नुहुन्छ र उहाँ हामीसाथ हिँड्न चाहनुहुन्छ र हामीसँग संगति गर्न चाहनुहुन्छ!!! के हामीले यसलाई अठ्याउन सक्दछौँ? परमेश्वरले हामीलाई उहाँले आफ्नो पुत्रलाई गरेझैँ गरी प्रेम गर्नुहुन्छ भनि के हामी जान्दछौँ? र चाडैँ नै उहाँले उहाँमाथि विश्वास गर्ने हरेकलाई उहाँसँग रहनका निम्ति घरमा लानुहुन्छ। अनन्तताको निम्ति उहाँले हामीमा अनुग्रहको धनहरूको वर्षा गराउनुहुन्छ। हामी हाम्रो सोचाइको सिमानाभन्दा अधिक नै गरी आशिषित र धनी पारिएका छौँ।

... हामीले जे देखेका र सुनेका छौँ, सो कुरा तिमीहरूलाई सुनाउँछौँ। अनि हाम्रो संगति साझैँ पितासँग र उहाँका पुत्र येशू ख्रीष्टसँग छ। (१ यूहन्ना १:३)

परमेश्वर विश्वासयोग्य हुनुहुन्छ, जसद्वारा तिमीहरू उहाँका पुत्र, हाम्रा प्रभु येशू ख्रीष्टको सङ्गतिमा बोलाइएका छौ। (१कोरिन्थी १:९)

तल दिइएका यूहन्ना १७ अध्यायको पदहरूले परमेश्वरसँगको संगतिको गहिराइ कतिसम्म हुन्छ भनि हामीलाई केही अन्तरदृष्टिहरू प्रदान गर्दछ। यहाँ येशूले परमेश्वर, उहाँको पितासँग प्रार्थना गर्नुहुन्छ। होशियारी साथ यी परिच्छेदहरू अध्ययन गर्नुहोस् र विचार गर्नुहोस्। यसले गहन सत्यताहरू समावेश गर्दछ।

म तिनीहरूका लागीमात्र प्रार्थना गर्दिनँ, तर उनीहरूका लागी पनि गर्दछु, जसले तिनीहरूको वचनद्वारा ममाथि विश्वास गर्नेछन्; र तिनीहरू सब एक होऊन्; र तपाईले मलाई पठाउनुभयो भनि संसारले विश्वास गरोस्। अनि जसरी हामी एक छौँ, उसरी नै तिनीहरू पनि एक होऊन् भनेर तपाईले मलाई दिनुभएको महिमा मैले तिनीहरूलाई दिएको छु। म तिनीहरूमा अनि तपाई ममा, कि तिनीहरू सिद्ध बनाइएर एक होऊन्; अनि तपाईले मलाई पठाउनुभएको हो, अनि जसरी तपाईले मलाई प्रेम गर्नुभएको छ, उसरी नै तिनीहरूलाई पनि प्रेम गर्नुभएको छ भनि संसारले जानोस्। हे पिता, तपाईले मलाई जतिजना दिनुभएको छ, तिनीहरू पनि म जहाँ छु, त्यहीँ मसँगै रहून् भन्ने इच्छा म गर्दछु; र तपाईले मलाई दिनुभएको मेरो महिमा तिनीहरूले देखून्; किनकी तपाईले मलाई संसारको उत्पत्तीभन्दा पहिल्यै प्रेम गर्नुभयो। (यूहन्ना १७:२०-२४)

अनि शास्त्रीहरूमध्ये एकजना आए, अनि तिनीहरूले आपसमा तर्क गरेका सुनेर, र उहाँले तिनीहरूलाई ठीक जवाफ दिनुभएको थाह पाएर तिनले उहाँलाई सोधेः "सबैभन्दा पहिलो आज्ञा कुन हो?" अनि येशूले तिनलाई

जवाफ दिनुभयोः "सबैभन्दा पहिलो आज्ञाचाँही यो होः 'हे इस्राएल, सुन ! प्रभु हाम्रा परमेश्वर एउटै प्रभु हुनुहुन्छ; अनि तिमीले आफ्ना परमेश्वर प्रभुलाई आफ्नो सारा हृदयले, आफ्नो सारा प्राणले, आफ्नो सारा मनले र आफ्नो सारा बलले प्रेम गर'। पहिलो आज्ञा यही हो। अनि योजस्तै दोश्रो छ, जो यो होः 'तिमीले आफ्नो छिमेकीलाई आफैलाई झैँ प्रेम गर'। यीभन्दा ठूलो अर्को कुनै आज्ञा छैन"। अनि त्यस शास्त्रीले उहाँलाई भनेः "ठीक हो, गुरुज्यू, तपाईले सत्य कुरा भन्नुभएको छ; किनभने एउटै परमेश्वर हुनुहुन्छ, र उहाँबाहेक अरु कोही छैन। (मर्कुस १२:२८-३२)

हामीले परमेश्वरलाई प्रेम गर्ने र उहाँसँग संगति गर्ने मात्र होइन, हामीले विश्वासीहरूलाई पनि प्रेम गर्नुपर्दछ र उनीहरूसँग संगति गर्नुपर्दछ।

प्रियहरूहो, परमेश्वरले हामीलाई यसरी प्रेम गर्नुभयो भने हामीले पनि एक-अर्कालाई प्रेम गर्नुपर्छ। (१यूहन्ना ४:११)

भाइहरूलाई निष्कपट प्रेम गर्नाका लागी आत्माद्वारा सत्यता पालन गरेर तिमीहरूले आफ्ना मनहरूलाई शुद्ध पारेका छौ; यसैकारण एक-अर्कालाई चोखो हृदयले गहिरो प्रेम गर; (१पत्रुस १:२२)

ख. *परमेश्वरले मानिसलाई बुद्धिमान बनाउनुभयो।*

परमेश्वर मानिस, पृथ्वी, र सारा जगतको अभिकल्पकार र सृष्टिकर्ता हुनुहुन्छ। यसको लागी ठूलो बुद्धिको खाँचो पर्यो। स्पष्ट रुपमा हामी, जो मानिसहरू हौँ, परमेश्वरको बुद्धिको तुलनामा नगण्य छौँ; तरैपनि, जब परमेश्वरले हामीलाई उहाँको आफ्नै समानतामा सृजनुभयो, उहाँले हामीलाई, बनाइएका जीवीत प्राणीमध्येको उच्चतम् बुद्धिमानी प्राणी बनाउनुभयो। हामीले ज्ञान, अन्तरदृष्टि, र बुद्धि प्राप्त गर्न सक्दछौँ। हामीमा विचार गर्ने, तर्क गर्ने, समस्या समाधान गर्ने, र रचना गर्न सक्ने क्षमता रहेको छ। परमेश्वरले हामीलाई यी प्रतिभा र क्षमता दिनुभयो जसले गर्दा पवित्र आत्माको समर्थद्वारा उहाँले हामीलाई बोलाउनुभएकोमा पूर्ण क्षमता अनुसार उहाँको आराधना गर्न सकौँ जसले गर्दा उहाँ महिमित हुनसक्नुभएको होस्।

जसले प्रभु येशू ख्रीष्टमाथि आफ्नो विश्वास राख्दछन् तब पवित्र आत्माले तिनीहरूभित्र वास गर्नुहुन्छ र तिनीहरूलाइ डोर्याउनुहुन्छ। यद्यपि, यसले परमेश्वरले हामीलाई दिनुभएको हाम्रो मानसिक क्षमताको व्यायाम गर्नुहुँदैन भन्न खोजेको भने होइन। उहाँले हामीलाई क्षमताशिल दिमाग दिनुभयो र हामीले त्यसलाई प्रयोग गरेको उहाँ चाहनुहुन्छ। पवित्र शास्त्रमा पनि धेरै पटक हामीलाई ज्ञान, समझ, विवेक, अन्तरदृष्टि, र बुद्धिको खोजी गर्ने र त्यसको प्रयोग गर्न आदेश दिइएको छ।

बाइबलमा, ज्ञान चाँही समझको सबैभन्दा उच्चतम् रुप हो। ज्ञान परमेश्वरको वचनको समझको नतिजा हो, जुन पवित्र आत्माले डोर्याउनु भएको र अर्थपूर्थ समयको अन्तरालकालसम्म विश्वासयोग्यताको साथ प्रभुको सेवा गरेबाट प्राप्त हुदँछ। तलका पदहरूले परमेश्वरको समझको बुझाइ, विवेक, ज्ञानप्रतिको हाम्रो तीव्र प्रबलता व्यक्त गर्दछ।

हे मेरा छोरा, तिमीले मेरा वचनहरू ग्रहण गर्यौ र मेरा आज्ञाहरू आफूसित साँचेर राख्यौ भने, र बुद्धितिर आफ्नो कान थाप्यौ, र आफ्नो हृदय समझतिर ढल्कायौ भने, अँ, ज्ञानको निम्ति पुकार्यौ र समझका निम्ति आफ्नो सोर उचाल्यौ भने, तिमीले त्यसलाई चाँदीलाई झैँ खोज्यौ, र लुकाइराखेको धनलाई झैँ त्यसको खोज गर्यौ भने तिमीले परमप्रभुको भय बुझ्नेछौ र परमेश्वरको ज्ञान भेट्टाउनेछौ। किनभने परमप्रभुले वुद्धि दिनुहुन्छ; उहाँको मुखबाट ज्ञान र समझ निस्कन्छन्। धर्मी जनहरूका निम्ति उहाँले खाँटी वुद्धि साँचेर राख्नुहुन्छ; सीधा

चाल चल्नेहरूका निम्ति उहाँ ढाल हुनुहुन्छ। उहाँले न्यायका बाटाहरूको रक्षा गर्नुहुन्छ, र आफ्ना पवित्र जनहरूको मार्ग शुरक्षित राख्नुहुन्छ। (हितोपदेश २:१-८)

ग. *परमेश्वरले मानिसलाई भावनात्मक बनाउनुभयो।*

परमेश्वर भावनात्मक परमेश्वर हुनुहुन्छ। उहाँमा भावनाहरू छन्। पवित्र शास्त्रमा, परमेश्वरले भावनाहरू प्रकट गर्नुहुन्छ जस्तैः प्रेम, आनन्द, खुशी, धृणा, दुःख, शोक, र क्रोध। जब परमेश्वरले मानिसको सृष्टि गर्नुभयो, उहाँले हामीलाई पनि भावनात्मक नै बनाउनुभयो। यसैकारण, हामी पनि येशूको स्वरुपमा बनिइदैँ जानका निम्ति, उहाँले प्रेम गर्नुभएको कुरालाई हामीले पनि प्रेम गर्न सिक्नुपर्छ; उहाँले धृणा गर्ने कुरालाई हामीले पनि धृणा गर्नुपर्छ; उहाँ क्रोधित हुने कुरामा हामी पनि क्रोधित हुनुपर्छ; उहाँले आन्नद मान्ने कुरामा हामीले पनि आनन्द मान्नुपर्छ; उहाँले जे कुरामा सन्तुष्ट मान्नुहुन्छ हामी पनि त्यसैमा सन्तुष्ट हुनुपर्छ। यही भावनाको समानताले हामीलाई परमेश्वरको हृदय र भावनामा एकमेल गराउन मद्दत पुर्याउँदछ। यो अति नै अचम्मको छ। यसो हुनाले, हाम्रो सारा विचार, भावना, र उमंगले हामीलाई परमेश्वरको योजना र इच्छा अनुसार समान बनाउँदछ।

प्रेम निष्कपट होस्। खराब कुरालाई घृणा गर; जुन कुरा असल छ, त्यसमा टाँसिबस। भातृ- प्रेमले एक-अर्कालाई कोमलतापूर्वक माया गर; आदर गर्नामा एउटाले अर्कालाई उछिन। (रोमी १२:९-१०)

तर तिमीहरूसँग यो कुराचाँही छ – तिमीले निकोलाइटनहरूका कामहरूलाई घृणा गर्दछौ, जसलाई म पनि घृणा गर्दछु। (प्रकाश २:६)

मेरो आनन्द तिमीहरूमा रहोस्, र तिमीहरूको आनन्द पूर्ण होस् भनेर नै मैले यी कुराहरू तिमीहरूलाई भनेको हुँ। (यूहन्ना १५:११)

किनकी ईश्वरीय रीतिअनुसार शोकित भएको कुरा हेरिहालः यसले तिमीहरूमा कस्तो उत्सुकता उत्पन्न गर्यो ! अँ, आफ्नो विषयमा कस्तो सफाइ; अँ, कस्तो रीस; अँ कति डर; अँ, कस्तो ठूलो लालसा; अँ, कस्तो जोश; अँ, कस्तो बदला उत्पन्न गर्यो ! यस कुरामा तिमीहरू निर्दोष छौ भन्ने कुरा तिमीहरूले सबै कुराबाट आफूलाई प्रमाणित गरेर देखायौ। (२ कोरिन्थी ७:११)

घ. *परमेश्वरले मानिसलाई विवेकशील र नौतिक चरित्रको बनाउनुभयो।*

परमेश्वर पवित्र परमेश्वर हुनुहुन्छ। परमेश्वरमा सानोभन्दा सानो पाप र दुष्टताको चरित्र पनि रहेको छैन। परमेश्वरले मानिस भित्र पनि नौतिक विवेक प्रदान गर्नुभएको छ। तर मानिसको विवेक उग्र रुपमा कडा वा परिवर्तन हुन सक्दछ, र योचाँही परमेश्वरको पवित्र श्रेणीभन्दा निकै तल रहेको छ, तर पनि हामीमा असल र खराब छुट्टाउन सक्ने विवेक भने रहेको छ। जसले हामीलाई जनावरको संसारदेखी अलग पार्दछ र परमेश्वरको समानतामा पुर्याउँदछ। मानिसको विवेक, विशेष गरी, जब परमेश्वरको वचनद्वारा मार्गदर्शन गराइदैँछ,तब उसलाई उसको सृष्टिकर्तालाई आदर गर्ने मार्गतर्फ डोहोर्याउँदछ।

किनभने जब अन्यजातिहरूले जससँग व्यवस्था छैन, स्वभावैले व्यवस्थामा भएका कुराहरू गर्दछन्, तर तिनीहरूसँग व्यवस्था नभए तापनि तिनीहरू आफ्ना निम्ति आफै व्यवस्था हुन्छन्; तिनीहरूले आफ्नै हृदयहरूमा व्यवस्थाको काम लेखिएको देखाउँछन्; तिनीहरूको विवेकले पनि गवाही दिन्छ, र तिनीहरूका विचारहरूले आपसमा दोषी वा निर्दोष ठहराउँछन्। (रोमी २:१४-१५)

ख्रीष्टियनहरू जसले परमेश्वरलाई जान्दछन्, हामीहरूको साथमा परमेश्वरको वचन रहेको हुन्छ जसले हामीहरूलाई परमेश्वरको इच्छा अनुसारको जीवन जिउनलाई निर्देशन दिदँछ। हामीसँग परमेश्वरको आत्मा पनि रहेको हुन्छ जसले हामीलाई परमेश्वरको वचनले सिकाएको अनुसार व्यवहारमा लागु गर्न मद्दत गर्दछ। हामीमा यी कुराहरूले काम गरेसँगै, हामीमा प्रष्टैसँग असल र खराब छुटाउन क्षमता हुदँछ र त्यसलाई व्यवहारमा उतार्न हामीलाई सक्षम पार्दछ।

आओ, साँचो मनले, विश्वासको पूरा निश्चयतामा, दुष्ट विवेकबाट शुद्ध हुनालाई आफ्ना हृदयहरूमा छिट्काउ लिएर र आफ्ना शरिरहरूलाई शुद्ध जलले धोएर हामी नजिकमा जाऔँ। (हिब्रु १०:२२)

अब चोखो हृदय, असल विवेक र निष्कपट विश्वासबाटको प्रेम नै यस आज्ञाको उद्देश्य हो; (१तिमोथी १:५)

ङ. *परमेश्वरले मानिसलाई सृजनशिल र सौन्द्रयका निम्ति कृतज्ञता भएको बनाउनुभयो।*

परमेश्वरद्वारा पृथ्वीको सृष्टि र स्वर्ग र नयाँ यरुशलेमको विवरणले यो कुराको संकेत दिँदछ कि परमेश्वर सृजनशिल परमेश्वर हुनुहुन्छ जसले सौन्दर्यतालाई प्रेम गर्नुहुन्छ। जब हामीले एक सुन्दर सुर्यास्त, वा ऐश्वर्यपूर्ण हिमालहरू, वा सुन्दर चराहरू हेर्दछौँ, वा एउटा गुलाफ हेछौँ र त्यसको वास्ना सुँघ्छौँ भने, हामी तिनीहरूको सुन्दरताले र गौरवले मोहित हुदँछौँ। जब परमेश्वरले मानिसको सृष्टि गर्नुभयो, उहाँले त्यसलाई सुन्दरताको कृतज्ञता गर्ने क्षमता प्रदान गर्नुभयो। हाम्रो सौन्द्रयप्रतिको कृतज्ञताले परमेश्वरको सुन्दरताको प्रशंसा र आदर गर्न बाध्य गराउँदछ। परमेश्वरको सृष्टिको कारणले गर्दा हामी मोहित हुन्छौँ, र परमेश्वरको आराधना र प्रशंसा गर्न बाध्य हुन्छौँ।

जब म तपाईको आकाशलाई विचार गर्दछु, जो तपाईका औंलाहरूका काम हो, अर्थात् जून र ताराहरू, जसलाई तपाईले नियुक्त गर्नुभयो; तब मानिस के हो, र तपाई ऊप्रति ध्यान राख्नुहुन्छ? अनि मानिसका सन्तान के हो, र तपाई ऊमाथि दृष्टि लगाउनुहुन्छ? (भजनसंग्रह ८:३-४)

आकाशले परमेश्वरको महिमाको वर्णन गर्छ; अनि आकाश-मण्डलले उहाँको हातको काम देखाउँछ। दिनले दिनसित बात गर्छ, अनि रातले रातलाई ज्ञान प्रकट गर्छ। न कुनै बोली छ, न भाषा, जहाँ तिनीहरूको आवाज सुनिँदैन। तिनीहरूको ध्वनी सारा पृथ्वीभरि गुञ्जायमान् भएको छ; अनि तिनीहरूका शब्दहरूचाँही संसारको कुनासम्म पुगेका छन्। तिनीहरूमा उहाँले सूर्यको लागी तम्बू खडा गर्नुभएको छ। (भजनसंग्रह १९:१-४)

परमेश्वरले मानिसलाई सिर्जनशील हुने क्षमता पनि प्रदान गर्नुभयो। मानिसको सुन्दरतालाई कदर गर्न सक्ने खुबी र सृजनशील हुने क्षमताले उसलाई संगित र कलाको सिर्जना गर्न सक्षम पार्दछ जसले गर्दा हाम्रो सृष्टिकर्ताको महिमा र प्रशंसा हुदँछ।

र भन्नुहुन्छः 'मेरा भाइहरूलाई म (येशू) **तपाई** (परमेश्वर)**को नाम सुनाउनेछु; मण्डलीको वीचमा म** (येशू) **तपाई**(परमेश्वर)**को प्रशंसा गाउनेछु'।** (हिब्रु २:१२)

परमप्रभुका निम्ति एउटा नयाँ गीत गाओ; हे सारा पृथ्वी, परमप्रभुका निम्ति गाओ ! परमप्रभुका निम्ति गाओ, उहाँको नामलाई धन्यको भन; दिन प्रतिदिन उहाँको उद्धारको सुसमाचार सुनाओ! (भजनसंग्रह ९६:१-२)

आपसमा भजन, स्तुतिगान र आत्मिक गीतहरूद्धारा बात गर, प्रभुका निम्ति आ-आफ्नो हृदयमा गाओ, र भजन गर; हाम्रा प्रभु येशू ख्रीष्टको नाममा परमेश्वर र पितालाई सबै कुराहरूका निम्ति सधैँभरि धन्यवाद चढाओ; (एफिसी ५:१९-२०)

ख्रीष्टको वचनले तिमीहरूभित्र प्रशस्त गरी वास गरोस्; भजन, स्तुतिगान र आत्मिक गीतद्वारा सारा वुद्धिसित एक-अर्कालाई सिकाओ र सम्झाओ, अनुग्रहसाथ आफ्ना हृदयहरूमा प्रभुका निम्ति गाओ। (कलस्सी ३:१६)

अनि लेवी गायकहरू, अँ, उनीहरू सबैजना अर्थात् आसाफ, हेमान र यदूतून उनीहरूका छोराहरू र उनीहरूका दाजुभाइहरूको साथमा मिहिन मलमलको वस्त्र पहिरेको अवस्थामा झ्याली, सितार र वीणाहरू लिएर वेदीको पूर्वपट्टि उभिएका थिए, र उनीहरूको साथमा एक सय बीस पूजाहारीहरूले तूरहीहरू फूकिरहेका थिए; तब यस्तो भयो – जब तुरही फुक्नेहरू र गायकहरू एउटै मानिस भई एउटै आवाज निकालेर परमप्रभुलाई स्तुति गरिरहेका र धन्यवाद चढाइरहेका थिए; अनि जब उनीहरूले तुरही, झ्याली र अरु बाजाहरू बजाउँदै आफ्नो सोर उचालेर 'किनभने उहाँ भला हुनुहुन्छ; किनकी उहाँको करुणा सदा-सर्वदा रहिरहन्छ' भन्दै परमप्रभुको स्तुति गरिरहेका थिए, तब त्यो भवन, अँ, परमप्रभुको भवन बादलले यतिसम्म भरियो, (२ इतिहास ५:१२-१३)

तुरहीको आवाजमा उहाँको स्तुति गर; सितार र वीणा बजाएर उहाँको स्तुति गर! खैंजडी बजाउँदै र नाचमा उहाँको स्तुति गर; तारवाला बाजाहरू र बाँसुरीहरू बजाउँदै उहाँको स्तुति गर! चर्को बज्ने झ्यालीहरू बजाउँदै उहाँको स्तुति गर; भारी गुञ्जन गर्ने झ्याम्टाहरू बजाउँदै उहाँको स्तुति गर! सास हुने हरेक थोकले याहको स्तुति गरोस्! तिमीहरूले याहको स्तुति गर! (भजनसंग्रह १५०:३-६)

च. *परमेश्वर र हामी प्राकृतिक समानतामा बनिएका हैनौँ।*

परमेश्वरको रुपमा हुनु भन्नाले हामी शारिरिक रुपमा परमेश्वरजस्तै नै छौँ भन्न खोजिएको होइन। हामीसँग प्राकृतिक शरिर छ। यूहन्ना ४:२४ ले सिकाउँछ की परमेश्वर आत्मा हुनुहुन्छ। आत्मा हुनुभएको कारणले, परमेश्वरसँग प्राकृतिक शरिर छैन। यसैकारण, यो निष्कर्षमा पुग्दा अतियुक्ति हुदैँन की परमेश्वर र हामी प्राकृतिक समानतामा बनिएका हैनौँ।

के पापले मानिसमा भएको परमेश्वरको स्वरुपमा नष्ट गर्यो?

जब परमेश्वरले आदम र हव्वाको सृष्टि गर्नुभयो, तिनीहरू पापरहित थिए। परमेश्वरको स्वरुपमा र समानतामा मानिसहरू पापरहित भएको विचार गर्नका निम्ति हामीलाई कुनै समस्या हुदैँन। तर परमेश्वरको स्वरुपमा सृष्टि भएको पापमय मानिसको बारेमा विचार गर्दा यो कुनै सहज भने देखिदैँन। यसमा कुनै शंका छैन, मानिसमा भएको परमेश्वरको स्वरुपलाई पापले बर्बादी गरेको छ; यद्यपि, पवित्र शास्त्रमा कम्तिमा पनि दुईपल्ट, प्रष्टैसँग शिक्षा दिइएको छ कि हामी अझैपनि परमेश्वरको स्वरुपमा नै सृष्टि भएका छौँ।

उत्पत्ती ९:६ मानिसको पापबाटको पतन भएको निकै समयपछि लेखिएको थियो। ठूलो दण्डको बारेमा नूहलाई निर्देशन दिँदै गर्दा, परमेश्वरले पुनः पुष्टि पार्नुभयो की मानिस परमेश्वरको स्वरुपमा नै सृष्टि भएको हो।

हरेक जसले मानिसको रगत बगाउँछ, त्यसको रगत मानिसद्वारा नै बगाइनेछ; किनकी उहाँले मानिसलाई परमेश्वरको स्वरुपमा बनाउनुभयो। (उत्पत्ती ९:६)

येशू ख्रीष्टको जीवनकालपछि जब याकूबको पूस्तक लेखियो, मानिस तब पनि परमेश्वरको समानतामा नै सृष्टि भएको थियो।

तर जिब्रोलाई कुनै मानिसले सधाउन सक्दैन; यो प्राणनाशक विषले भरिएको वशमा नआउने दुष्टता हो। हामी परमेश्वर र पिताको स्तुति यसैले गर्छौं, अनि यसैले हामी परमेश्वरको स्वरुपमा बनिएका मानिसहरूलाई श्राप दिन्छौं। (याकूब ३:८-९)

यी दुवै परिच्छेदले नै मानवजाती अझैसम्म पनि परमेश्वरको स्वरुपमा सृष्टि गरिदँछन् भनि संकेत दिदँछ। उत्पत्ती ३ अध्यायले मानवजाती पापमा पतन भएको दुःखदायी कुरालाई अभिलेख गर्दछ। यो अति नै क्षति पुर्याउने भएतापनि, हामी प्रत्येक नै अझसम्म पनि परमेश्वरको विशेष सृष्टि हौं र गर्भमा हुँदा देखी नै हामीमा उहाँको योजना र उद्देश्य छ भन्ने सत्यतालाई खोसेर लग्दैन। परमेश्वरले हामीलाई त्याग्नुभएको छैन हामी यसमा आनन्द मनाउन सक्छौं र हामी अझसम्म पनि उहाँको समानतामा सृष्टि गरिएका छौं। आहा, कस्तो आशिष!!!

चार

परमेश्वर र मानिसको विचमा पाप पस्यो

परमेश्वरले आदम र हव्वाको सृष्टि गर्नुभएपछि, परमेश्वरसँग तिनीहरूको उत्तम संगति रहेको थियो। तिनीहरूले परमेश्वरसँग आनन्द मान्थे र आफूवीचमा पनि आनन्द लिन्थे। त्यहाँ परमेश्वरको र तिनीहरूको वीचमा आउने कुनै कुरा थिएन। आदम र हव्वाको वीचमा परिपूर्ण विवाह, मित्रता, र एक-आपसमा संगति भइरहेको थियो। दुवैले एकसाथ परमेश्वरको सेवा गर्दथे, र तिनीहरूका निम्ति राखिएको परमेश्वरको सबै उद्देश्य तिनीहरूले पूर्न गर्दथे।

आदम र हव्वा एक निर्दोष वातावरणमा जिइरहेका थिए। तिनीहरूसँग यथेष्ट असल खानेकुराहरू थिए, जलवायू उत्तम थियो, र त्यहाँ तिनीहरूको वरिपरि वर्णन नै गर्न नसक्ने किसिमको सौन्द्रय रहेको थियो। आदम र हव्वालाई अदनको बगैँचालाई रेखदेख गर्ने जिम्मा दिइएको थियो, तर त्यस समय पृथ्वीमा कुनै पनि झार, काडँ झाडी, वा त्यस्तो अरु कुनै थोकहरू थिएनन् जसले तिनीहरूका कार्यहरूलाई असर गर्दथ्यो।

त्यहाँ कुनै पाप वा विद्रोह थिएन। त्यहाँ कुनै पनि अपराध, जेल, प्रहरी, युद्ध, र सैनिकहरू थिएनन्। त्यहाँ कुनै दुःख वा कष्ट थिएन। त्यहाँ कुनै शारिरिक वा भावनात्मक पिडा थिएन। त्यहाँ रीस, डर, दोष, लाज, र पछुताउ थिएन। त्यहाँ कुनै हेलचेक्र्याँई वा बाल दुर्व्यवहार र लत थिएन। त्यहाँ अबुर्द रोग, हृदयको रोग, यौन रोग वा अन्य कुनै प्रकारको बिमारी वा रोग थिएन। त्यहाँ कुनै आर्थिक समस्या थिएन र कुनै ऋण थिएन। त्यहाँ तिर्नुपर्ने कुनै कर व्यवस्था पनि थिएन। त्यहाँ कुनै भ्रष्टचारी सरकार वा न्याय प्रणालीहरू थिएनन्। त्यहाँ कुनै पक्षपात वा लिङ्ग र जातको आधारमा कुनै असंगति रहेको थिएन।

पतन अघि, त्यहाँ मृत्युको अस्तित्व थिएन। जनावरहरूले पनि एक-अर्कालाई मार्ने र खाने गर्दैनथ्ये र मानिसले पनि खानाको निम्ति जनावरहरूको शिकार गर्दैनथ्ये। आदम र हव्वा बुढा हुदैँन थिए। तिनीहरूका जीवन असल बनाउनका निम्ति अरु कुनै कुरा चाहिदैँनथ्यो।

जाँच

यी सबै भइकन पनि, कसरी आदम र हव्वाले अझै धेरै चाह गर्न सके? शैतान आयो र उनीहरूको जाँच गर्यो। त्यसले तिनीहरूलाई भन्यो की परमेश्वरले केही असल कुराहरूबाट तिनीहरूलाई वन्चित गरिरहनुभएको छ। जसै हामी पछाडी फर्कन्छौँ र के भयो त्यो हेर्छौँ भने, हामी गएर आदम र हव्वामाथि कराउन चाहन्छौँ, "सेखी नगर", "पाप नगर", " तिमीहरूको पछि आउने लाखौँ मानिसहरूमा पिडा र कल्पना नै गर्न नसकिने कष्ट ननिम्त्याओ"। तरैपनि, वास्तवमा तिनीहरूले यही नै गरे। तथापि, आदम र हव्वालाई दोष लगाउनु उचित हुदैँन। हामी, पनि, आदम र हव्वाको ठाँउमा भएको भए, पापलाई नै चुन्नेथियौँ, यो अति नै शंकाष्पद छ की हामीमध्ये कोही पापबिहिन रहन सक्दथ्यो।

परमेश्वरले आदम र हव्वामा एकमात्र प्रतिबन्ध लगाउनुभएको थियो। उहाँले तिनीहरूलाई बगैँचाको जुनसुकै रूखको फल पनि खान सक्ने बताउनुभयो तर असल र खराबको ज्ञान दिने रुखको फल भने नखानु भन्नुभयो। तिनीहरूले छनोट गर्न सक्दथ्ये जहाँ तिनीहरूले आज्ञापालन गर्नसक्थ्ये वा आज्ञा उल्लंघन। जबसम्म तिनीहरूले

यस आज्ञालाई मान्दथे तबसम्म तिनीहरू पापरहित सिद्ध अवस्थामा रहँदथे। तर यदि तिनीहरूले आज्ञा उल्लंघन गरेको अवस्थामा, तिनीहरू आत्मिकी रुपमा मर्नेथिए। तिनीहरू परमेश्वरबाट अलग पारिनेथिए, र पापले मानवजातीमा प्रवेश गर्ने थियो। त्यहाँ शारिरिक मृत्यु पनि आउनेथियो, र मानिस बुढो हुने र मर्ने र त्यस साथ-साथ पिडा र कष्ट आउने प्रकृयाको पनि थालनी हुनेथ्यो।

अनि परमप्रभु परमेश्वरले मानिसलाई लिनुभयो र तिनलाई अदनको बगैँचामा त्यसलाई खनजोत गर्न र त्यसको रेखदेख गर्नका निम्ति राख्नुभयो। अनि परमप्रभु परमेश्वरले मानिसलाई यसो भन्दै आज्ञा गर्नुभयोः "बगैँचाको हरेक रुखबाट तिमीले स्वतन्त्रतापूर्वक खान सक्छौ; तर असल र खराबको ज्ञानको रुखबाट तिमीले नखानू ! किनकी जुन दिन तिमीले त्यसबाट खान्छौ, त्यही दिन तिमी निश्चय मर्नेछौ"। (उत्पत्ती २:१५-१७)

यस परिच्छेदलाई बुझ्नका निम्ति हामीले यो बुझ्न जरूरी छ की बाइबलले तीन विभिन्न प्रकारका मृत्युका बारेमा बताउँदछ। यी प्रत्येक नै पापको नतिजा हो।

१. आत्मिकी मृत्यु। परमेश्वरबाट अलग पारिनु।

२. दोश्रो मृत्यु। जब आत्मिकी रुपमा मृत मानिसहरू परमेश्वरको न्यायसामु उपस्थित हुदँछन्, तिनीहरूलाई सदाको निम्ति नरकमा फ्याकिँदछ।

३. शारिरिक मृत्यु। यो चाँही सामान्य शरिरको मृत्यु हो।

टिपोटः यी तीन विभिन्न प्रकारका मृत्युहरूको बारेमा अर्को अध्ययन निर्देशमा पूर्ण रुपले बृस्तित गरिने छ। (अध्ययन निर्देश ५)।

शैतान परमेश्वरको शत्रु हो। यसले परमेश्वरलाई तीतो उत्कटेच्छाले घृणा गर्दछ। शैतानलाई थाहा छ की त्यो अनन्तताको निम्ति नरकमा फालिनेछ। यसले क्रोधोमत्ततामा सकेसम्म धेरैभन्दा धेरै मानिसहरूलाई परमेश्वरलाई जान्न र उहाँ साथ-साथ हिँड्न र परमेश्वरसँग अनन्तताको लागी स्वर्गमा रहनबाट रोक्न चाहन्छ। बाइबलमा, शैतानलाई हत्यारा, झूटो, र धोकेवाज भनि परिचय दिइएको छ।

तिमीहरू आफ्ना बाबु शैतानबाटका हौ, अनि बाबुका कुइच्छाहरू पूरा गर्न चाहन्छौ,। त्यो शुरुदेखी नै हत्यारा थियो, अनि सत्यमा रहेन; किनकी त्यसमा सत्य छदैँ छैन। जब त्यसले झूट बोल्दछ; किनकी त्यो झूट हो, र झूटको बाबु हो। (यूहन्ना ८:४४)

सर्प वा साँपको रुपमा शैतान हव्वालाई पाप गर्नको निम्ति फकाउनलाई उनको सामु आयो। साँपको रुपमा आउनु हाम्रो लागी अनौठो लाग्न सक्छ तर पापमा फस्नु र न्यायमा पर्नु अघि , साँपलाई अहिलेको जस्तो घृणा गरिँदैनथ्यो र त्यसको भय मानिदैँनथ्यो। वास्तवमा, त्यो एक आकर्षक प्राणी थियो।

साँपचाँही परमप्रभु परमेश्वरले बनाउनुभएको वनको हरेक पशुभन्दा वढी धूर्त थियो। अनि त्यसले स्त्रीलाई भन्योः "तिमीहरूले बगैँचाको कुनै पनि रुखबाट नखानू भनि के परमेश्वरले साँच्ची नै भन्नुभएको हो?" अनि स्त्रीले साँपलाई भनिः "बगैँचाको रुखहरूको फलबाट हामी खान सक्छौँ; तर बगैँचाको वीचमा भएको रुखको फलबाट चाँही परमेश्वरले भन्नुभएको छः 'यसबाट नखानू, न ता तिमीहरूले यसलाई छुनु; नत्र तिमीहरू मर्नेछौ'"। तब साँपले स्त्रीलाई भन्योः "तिमीहरू निश्चय नै मर्नेछैनौ; किनकी जुन दिन तिमीहरू यसबाट खान्छौ, त्यही दिन तिमीहरूका आँखा खोलिनेछन्, र तिमीहरू परमेश्वरजस्तै असल र खराब जान्ने हुनेछौ भनि परमेश्वरले जान्नुहुन्छ"। (उत्पत्ती ३:१-५)

शैतानले सर्वप्रथम गरेको कार्यचाँही हव्वाको मनमा शंका उत्पन्न गरायो। यो नै शैतानको कार्यको प्रमुख रणनिति हो। यसले जहिले पनि परमेश्वर र उहाँको वचनमा शंका पैदा गर्न चाहन्छ।

साँपचाँही परमप्रभु परमेश्वरले बनाउनुभएको वनको हरेक पशुभन्दा वढी धूर्त थियो। अनि त्यसले स्त्रीलाई भन्योः "तिमीहरूले बगैँचाको कुनै पनि रुखबाट नखानू भनि के परमेश्वरले साँच्ची नै भन्नुभएको हो?" (उत्पत्ती ३:१)

याद गर्नुहोस, जब हव्वाले जवाफ फर्काइन् तिनले परमेश्वरले बताउनुभएको कुरामा अझ थपेर भनिन्। उत्पत्ती २:१६-१७लाई उत्पत्ती ३:१-२सँग तुलना गर्नुहोस्।

तर बगैँचाको वीचमा भएको रुखको फलबाट चाँही परमेश्वरले भन्नुभएको छः 'यसबाट नखानू, न ता तिमीहरूले यसलाई छुनु; नत्र तिमीहरू मर्नेछौ। (उत्पत्ती ३:३)

जब हव्वाले उनीहरूले त्यस फल छुनुपनु हुदैँन भनिन्, यसले हव्वाको मनमा शुरुहुन थालेको परमेश्वर विरुद्धको रीसलाई प्रकट गर्यो।

तब साँपले स्त्रीलाई भन्योः "तिमीहरू निश्चय नै मर्नेछैनौ; किनकी जुन दिन तिमीहरू यसबाट खान्छौ, त्यही दिन तिमीहरूका आँखा खोलिनेछन्, र तिमीहरू परमेश्वरजस्तै असल र खराब जान्ने हुनेछौ भनि परमेश्वरले जान्नुहुन्छ"। (उत्पत्ती ३:४-५)

शैतानले परमेश्वरको बारेमा प्रश्न सोध्न छाडेर सिधै परमेश्वरको प्रतिरोध गर्यो। त्यसले परमेश्वरलाई झूटो आरोप लगायो। परमेश्वरले आदम र हव्वालाई त्यस एक रुख, असल र खराबको ज्ञान दिने रुखको फलबाट खाएमा, तिनीहरू आत्मिकी रुपमा मर्नेछन्, वा परमेश्वरबाट अलग पारिनेछन् भनि भन्नुभएको थियो। शैतानले त्यो हुनेछैन भन्यो। शैतानको अनुसार, तिनीहरू मर्नेथिएनन्।

शैतानले हव्वालाई भन्यो की परमेश्वरले केही असल कुराबाट तिनीहरूलाई वन्चित गरिरहनुभएको थियो। त्यसले उनलाई त्यस रुखको फलबाट खाएमा तिनी पनि परमेश्वरझैँ हुनेछिन् भनि बतायो।

अनि त्यो रुख भोजनको निम्ति असल, आँखाको निम्ति त्यो मनोहर र वुद्धिमान बनाउनका निम्ति त्यो रुख चाहना गर्नको लायक रहेछ, सो त्यस स्त्रीले देखी, तब उसले त्यसको फलबाट टिपी, र खाई, अनि आफूसित भएका आफ्ना पतिलाई पनि दिई; अनि तिनले खाए। (उत्पत्ती ३:६)

यो पद बाइबलमा भएमध्येको सबैभन्दा दुःखदायी पद हुनुपर्छ। आदम र हव्वा दुवैले नै परमेश्वरको आज्ञा उलघंन गरेर त्यस नखानू भनिएको रुखको फलबाट खाई उहाँको विरुद्धमा पाप गरे। हव्वाले त्यस फललाई हेरिन् र त्यसलाई निकै आकर्षक देखिन्। कारण त्यस फल निकै राम्रो र आकर्षक देखिन्थ्यो, त्यसैकारण तिनले शैतानको निर्देशनलाई मानिन् र त्यस फलबाट केही खाएर उनीसाथ भएको आफ्नो पतिलाई पनि त्यो दिइन्। आदमले पनि त्यसबाट खाए। परमेश्वर विरुद्ध विद्रोह र पाप अब मानव जातीमा प्रवेश गर्यो। त्यस समयमा नै, आदम र हव्वा साथै सबै मानव जाती जसले उहाँलाई पछ्याउनुपर्नेथ्यो, आत्मिकी रुपमा नै मरे। तिनीहरू परमेश्वरबाट अलग पारिए; दुष्टताले अब त्यसको कपटी र धोकापूर्ण कार्यको शुरवात गरिसकेको थियो।

तब तिनीहरू दुवैका आँखा खुले, र हामी नाङ्गा रहेछौँ भनि तिनीहरूले थाह पाए; अनि तिनीहरूले नेभाराका पातहरू जोडेर सिलाए र आफ्ना निम्ति ढाक्ने लुगा बनाए। (उत्पत्ती ३:७)

७ पदमा, हामीले पापको पहिलो परिणाम – शर्म र दोष देख्दछौँ। आदम र हव्वाले दोष ढक्कका निम्ति काम नलाग्ने मानव प्रयास गरे। तिनीहरूको नाङ्गोपनाले पापसँग कुनै सम्बन्ध नराखे तापनि, तिनीहरूले आफू नाङ्गो भएको महसुस गरे र नेभाराका पातहरू जोडेर आफ्ना निम्ति लुगा बनाए। शारिरिक जाङ्गोपनाले उनीहरूको दोषसँग कुनै पनि सरोकार राख्दैनथियो, तर तिनीहरूले आफूलाई ढाक्के प्रयत्न गरे। तिनीहरूले यो विचार गरे की जसो-तसो शरिर ढाकेमा उनीहरूको दोष पनि ढाकिनेछ। मानिसको फलहिन् प्रयासको यो नै सबैभन्दा पहिलो उदाहरण हो जसद्वारा तिनीहरू परमेश्वरलाई शान्त पार्न चाहन्थे। त्यसले त्यो समयमा काम गरेन, त्यसदेखी अहिलेसम्म पनि त्यो सफल भएन, र भविष्यमा पनि त्यो कार्य सफल हुनेछैन।

आदम र हव्वाको पश्चातापप्रतिको इन्कार

अनि तिनीहरूले दिनको शितल क्षणमा बगैँचामा हिँडिरहनुभएको परमप्रभु परमेश्वरको आवाज सुने; तब आदम र तिनकी पत्नीले आफूलाई बगैँचाका रुखहरूको वीचमा परमप्रभु परमेश्वरको सामुबाट लुकाए। अनि परमप्रभु परमेश्वरले आदमलाई बोलाउनुभयो, र तिनलाई भन्नुभयोः "तिमी कहाँ छौँ?" अनि तिनले भनेः "बगैँचामा मैले तपाईको आवाज सुनें, र म डराएँ; किनकी म नाङ्गो छु; यसैले म लुकें"। अनि उहाँले भन्नुभयोः "तिमी नाङ्गा छौ भनि कसले तिमीलाई भन्यो? के तिमीले त्यस रुखबाट खायौ, जसबाट तिमीले खानुहुँदैन भनि मैले तिमीलाई आज्ञा गरेको थिएँ?" अनि आदमले भनेः "जुन स्त्रीलाई तपाईले मलाई मसँग रहनका निम्ति दिनुभएको थियो, उसैले मलाई त्यस रुखबाटको फल दिई, र मैले खाएँ"। अनि परमप्रभु परमेश्वरले स्त्रीलाई भन्नुभयोः "तिमीले गरेकी यो के हो?" अनि त्यस स्त्रीले भनिः "साँपले मलाई छल गर्यो, र मैले खाएँ"। (उत्पत्ती ३:८-१३)

तिनीहरूको पाप गरिसकेपछि, तिनीहरूलाई तिनीहरूको पापको सामना गराउन र तिनीहरूले गरेका पापबाटको पश्चातापको निम्ति परमेश्वर फेरी आदम र हव्वाको सामु आउनुभयो। आदम र हव्वा, जो अहिले पापी थिए, बहुसङ्ख्यक पापी भिडहरू पनि जसले तिनीहरूलाई पछ्याए, आफ्ना पापहरू स्वीकार्न र पश्चाताप गर्न इन्कार गरे।

अनि तिनीहरूले दिनको शितल क्षणमा बगैँचामा हिँडिरहनुभएको परमप्रभु परमेश्वरको आवाज सुने; तब आदम र तिनकी पत्नीले आफूलाई बगैँचाका रुखहरूको वीचमा परमप्रभु परमेश्वरको सामुबाट लुकाए। (उत्पत्ती ३:८)

परमेश्वरको सामुबाट छिप्र खोज्ने मानिसको यो नै पहिलो प्रयास थियो। आफ्ना पापहरू स्वीकार गर्नुका साटो, तिनीहरूले परमेश्वर समक्षबाट छिप्ने प्रयास गरे। त्यसले त्यो समयमा काम गरेन, त्यसदेखी अहिलेसम्म पनि त्यो सफल भएन, र भविष्यमा पनि त्यो कार्य सफल हुनेछैन।

अनि परमप्रभु परमेश्वरले आदमलाई बोलाउनुभयो, र तिनलाई भन्नुभयोः "तिमी कहाँ छौँ?" अनि तिनले भनेः "बगैँचामा मैले तपाईको आवाज सुनें, र म डराएँ; किनकी म नाङ्गो छु; यसैले म लुकें"। (उत्पत्ती ३:९-१०)

आदम र हव्वा कहाँ छन् भनि खोज्नका निम्ति परमेश्वरले तिनीहरूलाई बोलउनुभएको होइन। परमेश्वर परमेश्वर हुनुहुन्छ। तिनीहरू कहाँ थिए उहाँले जानिसक्नुभएको थियो। यस कुरामा विचार गर्नुहोस् की परमेश्वर उनीहरूका सामु नम्रता र प्रेममा उपस्थित हुनुभएको थियो। उहाँ तत्कालनै क्रोधमा सामु आउन सक्नुहुन्थ्यो र तिनीहरूलाई न्याय गर्नसक्नुहुन्थ्यो। जब परमेश्वरले तिनीहरूलाई बोलाउनुभयो, उहाँले तिनीहरू उहाँको समिपमा आएको र आफ्ना पाप स्वीकार गरी पश्चाताप गरेको चाहनुहुन्थ्यो।

आफ्नो पापको स्वीकार गर्नुको सट्टामा, आदमले छिप्र चाहे। परमेश्वर समक्ष तिनी आफ्नो पाप स्वीकार गर्दै आएनन्। उनले ढाटेँ र भने की उनी नाङ्गो भएकाले गर्दा उनी लुके। आदम लुक्नुको वास्तविक कारणचाँही तिनले पाप गरेका थिए, र त्यसलाई तिनी स्वीकार गर्न चाहँदैनथिए।

र यहाँ, पहिलो पटक, मानिसले भयको अनुभव गर्यो।

अनि उहाँले भन्नुभयोः "तिमी नाङ्गा छौ भनि कसले तिमीलाई भन्यो?" (उत्पत्ती ३:११क)

११पदमा, परमेश्वरले आदमको बाहानाको सामना गर्नुभयो। उहाँले सोध्नुभयो, *"तिमी नाङ्गा छौ भनि कसले तिमीलाई भन्यो?"* यहाँ परमेश्वरले आदमलाई यस्तो भन्नुभएकोझैँ देखिन्छ, "आदम, तिम्रो नाङ्गोपनाले यसमा के सरोकार राख्दछ? बाहाना बनाउन छाड र आफ्नो पाप स्वीकार गर"। परमेश्वरले तिनीहरूले उहाँ समक्ष तिनीहरूले पाप स्वीकार गरेको चाहनुहुन्थ्यो; यद्यपि, आदम र हव्वाले जवाफ नै दिएनन्।

"के तिमीले त्यस रुखबाट खायौ, जसबाट तिमीले खानुहुँदैन भनि मैले तिमीलाई आज्ञा गरेको थिएँ?" (उत्पत्ती ३:११ख)

परमेश्वरले सिधा नै तिनीहरूका पाप प्रकट गराइदिनुभयो। उहाँले तिनीहरूलाई सोध्नुभयो, *"के तिमीले त्यस रुखबाट खायौ, जसबाट तिमीले खानुहुँदैन भनि मैले तिमीलाई आज्ञा गरेको थिएँ?"* फेरी पनि तिनीहरूले आफ्ना पाप मानिलिन वा स्वीकार गर्न इन्कार गरे। पाप स्वीकार गर्नुको साटो, त्यहाँ बाहाना बनाइएको छ र एक-अर्कालाई दोष लगाइएको छ।

अनि आदमले भनेः "जुन स्त्रीलाई तपाईले मलाई मसँग रहनका निम्ति दिनुभएको थियो, उसैले मलाई त्यस रुखबाटको फल दिई, र मैले खाएँ"। अनि परमप्रभु परमेश्वरले स्त्रीलाई भन्नुभयोः "तिमीले गरेकी यो के हो?" अनि त्यस स्त्रीले भनिः "साँपले मलाई छल गर्यो, र मैले खाएँ"। (उत्पत्ती ३:१२-१३)

आदम र हव्वामा भएको पापको शोकजनक निरन्तर वृद्धि र विद्रोहलाई ध्यान दिनुहोस्। एकै दिनमा तिनीहरू परमेश्वरसँगको सिद्ध संगतिदेखी टाढा गएर परमेश्वर र एक-अर्कालाई दोष लगाइ र विरोध बने। तिनीहरूको वैवाहिक सम्बन्ध पनि सिद्धताबाट टाढा भएर पाप र विद्रोहमा परिणत हुनपुग्यो।

तिनीहरूको सिद्धतादेखीको पाप र विद्रोहमा परिणत भएको विनाशकारी निरन्तर वृद्धिलाई विचार गर्नुहोस्।

१. परीक्षाबाट टाढिनुको साटो, हव्वाले शैतानले भनेको कुरा सुन्न अडिरहिन्।

२. आदम, जो तिनीसँग थिए, तिनले हस्तक्षेप गर्न कुनै प्रयास गरेनन्। तिनी पनि, वास्तवमा चाख लिइरहेका थिए।

३. परमेश्वरले भन्नुभएको कुरामा हव्वाले थपिन्।

४. हव्वाले परमेश्वर विरुद्ध रीस प्रकट गरिन्।

५. हव्वाले परमेश्वरको भलाईप्रति शंका गर्न थालिन्।

६. हव्वाले त्यस फलबाट खाइकन परमेश्वर विरुद्ध विद्रोह गरिन्।

७. आदमलाई कुनै छल गरिएको थिएन। हव्वाले गलत गर्दैछिन् भनि तिनी जान्दथ्ये, तरै पनि तिनले उनलाई रोक्न चाहेनन्।

८. आदमले पनि विद्रोहमा साथ दिए र त्यस फलबाट खाए।

९. आफ्ना पापबाट पश्चाताप गर्नुको सट्टामा, तिनीहरूले आफ्नो समस्याको समाधान गर्न भनि नेभाराको पातको लुगा बनाइ फलहिन् प्रयास गरे।

१०. तिनीहरू परमेश्वरबाट छिप्न चाहे।

११. जब परमेश्वरले तिनीहरूलाई बोलाउनुभयो, तिनीहरू बाहिर आएर आफ्ना पाप स्वीकार गर्नका साटो, तिनीहरूले छिप्नका निम्ति बाहाना बनाए।

१२. जब परमेश्वरले तिनीहरूका बाहाना प्रकट गरिदिनुभयो, तबपनि तिनीहरूले त्यसलाई स्वीकार नगरी इन्कार नै गरे।

१३. जब परमेश्वरले आदमलाई सिधै उसको पाप प्रकट गरिदिनुभयो, तबपनि आदमले पश्चाताप गरेनन्, र उनले हव्वालाई र परमेश्वरलाई दोष लगाए।

१४. जब परमेश्वरले हव्वालाई तिनको पाप प्रकट गरिदिनुभयो, तिनले पश्चाताप गर्न इन्कार गरिन् र साँपलाई दोष लगाइन्।

न्याय

आदम र हव्वाले पश्चाताप गर्न इन्कार गरे वा तिनीहरूको पाप स्वीकार गर्न र दोषी ठहरिन इन्कार गरे। यी पूरा घटनामा एकपटक पनि आदम र हव्वाले आफ्ना पाप स्वीकार गरेनन्, वा कुनै पश्चाताप गरेनन्। परमेश्वरको एक चरित्रचाँही उहाँ धर्मी हुनुहुन्छ। परमेश्वरले तिनीहरूले कहिल्यै पाप नगरेकोझैँ गरी तिनीहरूका पाप इन्कार गर्न सक्नुभएन। पवित्र परमेश्वर हुनुभएकोले गर्दा, उहाँले पाप र विद्रोह सहनसक्नुभएन। उत्पत्ती ३:१४-१५मा, त्यहाँ क्रमसँगै न्याय गरिएका छन्। यी सबै न्याय पापको परिणाम हुन्।

यी न्यायहरू हामीलाई कडा र रुखो लाग्नसक्छ, तर यी न्यायले हामी पापको दण्डबाट स्वतन्त्र हुनाको निम्ति परमेश्वरको योजनालाई निर्धारण गर्दछ र जसद्वारा शैतान पराजित पारिनेछ र अनन्तताको लागी नरकमा फालिनेछ।

अनि परमप्रभु परमेश्वरले साँपलाई भन्नुभयोः "तैँले यो काम गरेको हुनाले तँ सबै घरेलु पशुहरूभन्दा र वनका सबै पशुहरूभन्दा वढी श्रापित भएको छस्; तँ आफ्नो भुँडीले घस्रेर हिँड्नेछस्, र तेरो सारा जीवनभरि तैँले धूलो खानेछस्; अनि तेरो र त्यस स्त्रीको वीचमा, अनि तेरो सन्तान र त्यसको सन्तानको वीचमा म दुश्मनी हालिदिनेछु; उसले तेरो टाउको कुच्र्याउनेछ, र तैँले उसको कुर्कुच्चा डस्नेछस्"। त्यस स्त्रीलाई उहाँले भन्नुभयोः "म तिम्रो दुःख र तिम्रो गर्भकाल ज्यादै बढाउनेछु; कष्टसँग तिमीले छोराछोरीहरू जन्माउनेछौ; अनि तिम्रो चाहना तिम्रो पतितर्फ हुनेछ, र उसले तिमीमाथि शासन चलाउनेछ"। अनि आदमलाई उहाँले भन्नुभयोः "तिमीले तिम्री पत्नीको कुरा सुनेका हुनाले र जुन रुखबाट मैले तिमीलाई 'यसबाट तिमीले खानुहुँदैन' भनि आज्ञा गरेको थिएँ, त्यसबाट तिमीले खाएका हुनाले भूमि तिम्रो कारणले श्रापित भएको छ; कष्टसँग तिमीले आफ्नो सारा जीवनभरि यसबाटको फल खानछौ। अनि यसले तिम्रा निम्ति काँडा र लोहोंडेहरू उमार्नेछ; अनि तिमीले

खेतबारीको सागपात खानेछौ। तिमी माटोमा नफर्कुन्जेल – किनकी तिमी यसैबाट निकालिएका हौ - तिमीले आफ्नो निधारको पसिनाले रोटी खानेछौ; किनभने तिमी माटो हौ, र तिमी माटैमा फर्किजानेछौ"।

आदम र हव्वाको पापको सबैभन्दा दुःखदायी परिणाम यो हो की सारा मानिसहरू अब उसो पापी स्वभावमा जन्मिनेछन्। सबै मानिसहरू आत्मिकी अवस्थामा मृत जन्मिनेछन्, र जबसम्म तिनीहरू बचाइदैनन्, तिनीहरूले परमेश्वरबाट अलग पारिएर अनन्तताको निम्ति नरकको अनुभव गर्नुपर्नेछ।

यसकारण जसरी एकजना मानिसद्वारा संसारमा पाप पस्यो, र पापद्वारा मृत्यु आयो, अनि त्यसरी नै मृत्यु सबै मानिसहरूमा फैलियो; किनकी सबैले पाप गरेका छन्। (रोमी ५:१२)

तर परमेश्वरले हामीतर्फ आफ्नो प्रेम यसैमा प्रकट गर्नुहुन्छ – हामी पापी हुँदा-हुँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो। यसकारण अब उहाँको रगतद्वारा धर्मी ठहरिएका हुनाले झन् बढ्ता गरी हामी उहाँद्वारा क्रोधबाट बचाइनेछौं। किनकी शत्रु हुँदाखेरि उहाँको पुत्रको मृत्युद्वारा परमेश्वरसित हाम्रो मिलाप भयो भने मिलाप भएपछि ता झन् बढ्ता गरी उहाँको जीवनद्वारा हामी बचाइनेछौं। (रोमी ५:८-१०)

किनकी जसरी एउटा मानिसले आज्ञा भङ्ग गरेकोले धेरैजना पापी बनिए, त्यसरी नै एकजनाले आज्ञापालन गरेकोले धेरैजना धर्मी बनाइनेछन्। (रोमी ५:१९)

किनकी जसरी आदममा सबै मर्छन्, उसरी नै ख्रीष्टमा सबै जिउँदो पारिनेछन्। (१कोरिन्थी १५:२२)

पछिको अर्को अध्ययन निर्देशमा, मुक्तिको योजनाको विवरणलाई अधिक रुपमा समावेश गरिएको छ। यसलाई निश्चित रुपमा विचार गर्नुहोस्। सम्भवतः एक पापी मानिसले पाउनसक्ने महान् सत्यता र महान् आशालाई यसले समावेश गर्दछ। यसलाई नछुटाउनुहोस्।

पाँच

परमेश्वरको मुक्तिको योजनाप्रतिको बुझाई

"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, की उहाँले आफ्नो एकमात्र जन्माइएको पुत्रलाई दिनुभयो- उहाँमाथी विश्वास गर्ने कोही पनि नष्ट नहोस्, तर उसले अनन्त जीवन पाओस्"। (यूहन्ना ३:१६)

किनकी पापको ज्याला मृत्यु हो; तर परमेश्वरको अनुग्रहको वरदानचाँही हाम्रा प्रभु येशू ख्रीष्टमा अनन्त जीवन हो। (रोमी ६:२३)

अनि उनीहरूले भनेः "प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्नुहोस्, र तपाईले मुक्ति पाउनुहुनेछ ... (प्रेरित १६:३१क)

सबै समयहरूका सबैभन्दा महान् सत्यता यो हो की, तपाई र म, हामी पापी भएका तापनि, पापको दण्डबाट बचाइन सक्छौँ जुन परमेश्वरले हामीमाथि फैसला गर्नुभएको छ। यदि हामी "पापीहरूमध्येको सबैभन्दा दुष्ट र खराब" भएतापनि, हाम्रो सारा पाप नै माफ हुनसक्दछ।

समान सत्यता यो हो की परमेश्वरले आफ्नै धार्मिकता र उदारता हामीमा हालिदिनुहुन्छ, र परमेश्वरसमक्ष हाम्रो विवरणहरू पूर्णरुपले सफा तुल्याइदँछन्। हामीले जान्न सक्छौ र पवित्र परमेश्वर साथ-साथ हिँड्न सक्छौँ। परमेश्वर, जसले सारा जगतको सृष्टि गर्नुभयो र जसले यसलाई धान्नुहुन्छ, उहाँले हामीलाई आफ्नो परिवारमा पनि समावेश गराउनुहुन्छ। हामी उहाँका सन्तानहरू हौँ ! यस पृथ्वीमा रहिन्जेल हामी उहाँलाई जान्न सक्छौ र उहाँसँग संगति गर्नसक्छौँ, र त्यसपछि हामी उहाँसँग अनन्तताको लागी स्वर्गमा रहनेछौँ। यो भन्दा असल त अरु के नै छ र !!!

यस पाठको उद्देश्य चाँही सरल तरीकाले हामी, जो पापी हौँ, कसरी त्यस पापबाट मुक्ति पाउँछौँ र अनन्तताको न्यायबाट कसरी उम्किँदछौँ भनि वर्णन गर्नु हो। हामीले परमेश्वरलाई जान्न सक्दछौँ र उहाँ साथ-साथ हिँड्न सक्दछौँ। यो नै परमेश्वरको वचनको प्रमुख आधारभूत शिक्षा हो। यो नै जग हो। यदि यसलाई हामी सिधा-सिधा बुझ्दैनौं भने, परमेश्वरको वचनको अरु भागहरू हाम्रा निम्ति अर्थहिन् हुन्छ।

परमेश्वरद्वारा दिइएको उहाँको योजना बुझ्न कठिन छैन। यद्यपि, धेरैले यसको गलत बुझाई राखेका छन् र यसलाई रनभुल्ल, पथभ्रष्ट, बङ्गाएका , बढाएका, घटाएका छन्, र यस प्रकारले यसबाट शिक्षा दिँदछन् मुक्ति पाएका छौँ भन्ने धेरेले वास्तवमा मुक्ति पाएका भने हुँदैनन्।

अब निस्तार – चाडमा, पर्वको दिन, जब उहाँ यरुशलेममा हुनुहुन्थ्यो, उहाँले गर्नुभएका चिन्हहरू देखेर धेरैले उहाँको नाममा विश्वास गरे। तर येशूले आफैलाई तिनीहरूको भरोसामा छोड्नुभएन, किनभने उहाँले सबै मानिसहरूलाई जान्नुहुन्थ्यो, अनि कसैले मानिसको विषयमा गवाही दिनु उहाँलाई खाँचो थिएन; किनभने मानिसभित्र के हुन्छ, सो उहाँलाई थाह थियो। (यूहन्ना २:२३-२५)

त्यस दिन धेरैले मलाई भन्नेछन्, 'हे प्रभु, हे प्रभु, के हामीले तपाईको नाममा भविष्यवाणी गरेनौँ र? अनि के तपाईकै नाममा दुष्ट आत्माहरू निकालेनौँ र? अनि के तपाईकै नाममा अनेकौँ अचम्मका कामहरू गरेनौँ र?

"अनि तब म तिनीहरूलाई खुल्लमखुल्ला भन्नेछु,' मैले तिमीहरूलाई कहिल्यै चिनेको छैनँ; हे कुकर्म गर्नेहरूहो, मदेखी टाढा होओ!'"। (मत्ती ७:२२-२३)

यहाँ, सामान्य पदचिन्हमा, प्राथमिक बाइबलिय सत्यतालाई प्रस्तुत गरिएको छ, जसले परमेश्वरद्वारा दिइएको मुक्तिको योजनासँग सम्बन्धित भएर त्यसको वर्णन गर्दछ।

१. *परमेश्वरले पुरुष र स्त्रीलाई आफ्नै स्वरुपमा सृष्टि गर्नुभयो।*

अनि परमेश्वरले मानिसलाई आफ्नै स्वरुपमा सृष्टि गर्नुभयो; उहाँले तिनलाई परमेश्वरको स्वरुपमा सृष्टि गर्नुभयो; उहाँले तिनीहरूलाई नर र नारी गरेर सृष्टि गर्नुभयो। (उत्पत्ती १:२७)

परमेश्वर पापरहित, सिद्ध – पूर्ण पवित्र हुनुहुन्छ।

हे परमप्रभु, देवताहरूको वीचमा तपाईजस्तो को छ र? तपाईजस्तो पवित्रतामा महिमावान्, प्रशंसाहरूमा भययोग्य, अचम्मका काम गर्नुहुने को छ र? (प्रस्थान १५:११)

उहाँको नाम पवित्र र श्रद्धेय छ। (भजनसंग्रह १११:९ख)

परमप्रभुजस्तो पवित्र अरु कोही छैन.... (१शमुएल २:२क)

परमेश्वर पूर्णरुपमा शुद्ध र पवित्र हुनुहुन्छ। उहाँमा चरित्रतामा दुष्टताको सानोभन्दा पनि सानो दाग पनि रहेको छैन।जब परमेश्वरले आफ्नै स्वरुपमा पुरुष र स्त्रीलाई सृष्टि गर्नुभयो, तिनीहरूपनि शुद्ध र पवित्र थिए। जसै आदम र हव्वा परमेश्वरको स्वरुपमा सृजना गरिएका थिए, तिनीहरूले परमेश्वरको महिमा गरे र त्यहाँ सिद्ध प्रेम, अनुराग, र परमेश्वर र मानिसवीचको संगति रहेको थियो। यस विन्दुमा, आदम र हव्वाले कष्ट, पिडा, समस्या, वा कुनै प्रकारको दुःखको अनुभव गरेका थिएनन्। बरु, तिनीहरूले परमेश्वरकोसाथमा सबै आशिषको अनुभव र संगतिको आनन्दको महसुस गरका थिए।

२. *प्रथम दुई मानिस, आदम र हव्वाले, परमेश्वरको विरुद्धमा विद्रोह गरे र पाप गरे।*

साँपचाँही परमप्रभु परमेश्वरले बनाउनुभएको वनको हरेक पशुभन्दा वढी धूर्त थियो। अनि त्यसले स्त्रीलाई भन्योः "तिमीहरूले बगैँचाको कुनै पनि रुखबाट नखानू भनि के परमेश्वरले साँच्ची नै भन्नुभएको हो?" अनि स्त्रीले साँपलाई भनिः "बगैँचाको रुखहरूको फलबाट हामी खान सक्छौँ; तर बगैँचाको वीचमा भएको रुखको फलबाट चाँही परमेश्वरले भन्नुभएको छः 'यसबाट नखानू, न ता तिमीहरूले यसलाई छुनु; नत्र तिमीहरू मर्नेछौ'"। तब साँपले स्त्रीलाई भन्योः "तिमीहरू निश्चय नै मर्नेछैनौ; किनकी जुन दिन तिमीहरू यसबाट खान्छौ, त्यही दिन तिमीहरूका आँखा खोलिनेछन्, र तिमीहरू परमेश्वरजस्तै असल र खराब जान्ने हुनेछौ भनि परमेश्वरले जान्नुहुन्छ"। अनि त्यो रुख भोजनको निम्ति असल, आँखाको निम्ति त्यो मनोहर र वुद्धिमान बनाउनका निम्ति त्यो रुख चाहना गर्नको लायक रहेछ, सो त्यस स्त्रीले देखी, तब उसले त्यसको फलबाट टिपी, र खाई, अनि आफूसित भएका आफ्ना पतिलाई पनि दिई; अनि तिनले खाए। (उत्पत्ती ३:१-६)

आदम र हव्वाले पाप गरुन् भनेर शैतानले तिनीहरूको परीक्षा गर्यो, र ती दुवै नै त्यस परीक्षामा लडे। जब मानिस पापी हुँदछ, परमेश्वरसँगको त्यसको संगति र अनुरुपता टुट्न जाँदछ। परमेश्वरसँग हिँड्न र संगति गर्नको साटो, पाप गरेपछि, परमेश्वरको क्रोध र न्यायद्वारा तिनीहरू परमेश्वरदेखी अलग पारिए। तिनीहरू आत्मिकी रुपमा मृत् भए। परमेश्वरसँग मेलमिलाप गर्नका निम्ति तिनीहरूले प्राप्त र आर्जन गर्न सक्ने केही पनि

थिएन। परमेश्वरले तिनीहरूलाई सृष्टि गर्नुभएको योजना र उद्देश्य पूरा गर्नका निम्ति तिनीहरू उसो सक्षम भएनन्।

३. *आदम र हव्वाको सबै सन्तानहरू ,जुन सारा मानिसहरू हुन्, अब उसो पापमा नै जन्मलिए।*

यसकारण जसरी एकजना मानिसद्वारा संसारमा पाप पस्यो, र पापद्वारा मृत्यु आयो, अनि त्यसरी नै मृत्यु सबै मानिसहरूमा फैलियो; किनकी सबैले पाप गरेका छन्। (रोमी ५:१२)

किनकी जसरी एउटा मानिसले आज्ञा भङ्ग गरेकोले धेरैजना पापी बनिए, त्यसरी नै एकजनाले आज्ञापालन गरेकोले धेरैजना धर्मी बनाइनेछन्। (रोमी ५:१९)

किनकी जसरी आदममा सबै मर्छन्, उसरी नै ख्रीष्टमा सबै जिउँदो पारिनेछन्। (१कोरिन्थी १५:२२)

जब आदम र हव्वाले पाप गरे, तिनीहरूले त्यस पापी स्वभावलाई तिनीहरूका सन्तानमा सारे। जसको फलस्वरुप, हामी सबै नै पापी छौँ, र हामी सबैमा पापी स्वभाव रहेको छ। हामीले पाप गर्दछौ कारण हामीमा पापी स्वभाव रहेको छ र हामी पाप गर्दछौँ किनभने हामी प्रत्येकले नै पापलाई रोज्दछौँ। तसर्थ, परमेश्वरले सबै मानिसमा मृत्युको न्यायको घोषणा गर्नुभयो किनकी सारा मानिसले पाप गरेका छन्।

४. *सबै (ठूलो वा सानो) पाप को परिणाम वा फलचाँही मृत्यु नै हो।*

किनकी पापको ज्याला मृत्यु हो; ... (रोमी ६:२३)

यसकारण जसरी एकजना मानिसद्वारा संसारमा पाप पस्यो, र पापद्वारा मृत्यु आयो, अनि त्यसरी नै मृत्यु सबै मानिसहरूमा फैलियो; किनकी सबैले पाप गरेका छन्। (रोमी ५:१२)

अनि तिमीहरू आफ्ना पापहरू र आफ्नो शरिरको खतना नभएको अवस्थामा मरेका हुँदा..... (कलस्सी २:१३)

तर परमेश्वर, जो दया गर्नामा धनि हुनुहुन्छ, आफ्नो महान् प्रेमको कारणले, जसद्वारा उहाँले हामीलाई प्रेम गर्नुभयो, हामी अपराधहरूमा मरेकै भए भए तापनि उहाँले हामीलाई ख्रीष्टसँगै जीवित पार्नुभयो – अनुग्रहले तिमीहरूले मुक्ति पाएका छौ – (एफिसी २:४-५)

पवित्र शास्त्रमा हामीले तीन प्रकारका मृत्यु पाउँदछौँ। प्रत्येक नै पापको परिणाम हो। यी तीन प्रकारमा पापहरू यी हुन् ;

क. *आत्मिकी मृत्यु*

आत्मिकी मृत्यु भन्नाले पापको कारणले गर्दा हामी परमेश्वरसँग अलग पारिनु हो। हरेक व्यक्ति जो बचाइएका छैनन् तिनीहरू आत्मिकी रुपमा मृत् अवस्थामा छन्।

अनि तिमीहरूलाई अर्थात् अपराध र पापहरूमा मरेकाहरूलाई उहाँले जीवित पारिदिनुभयो; ती पापमै तिमीहरू बितेको समयमा, यस संसारको रीतिअनुसार, आकाशको अधिकारको शासक अर्थात् त्यस आत्माअनुसार हिँड्थ्यौ, जसले अहिले ती आज्ञा नमान्ने सन्तानहरूमा काम गर्छ; तिनीहरूकै वीचमा हामी सबैले शरिर र मनका लालसाहरू पूरा गर्दै बितेको समयमा आफ्ना शरिरका कुइच्छाहरूमा जीवन बितायौं, र स्वभावैले हामी पनि अरुजस्तै क्रोधका सन्तान थियौं। (एफिसी २:१-३)

अनि तिमीहरू आफ्ना पापहरू र आफ्नो शरिरको खतना नभएको अवस्थामा मरेका हुँदा..... (कलस्सी २:१३)

ख. *दोश्रो मृत्यु*

दोश?रो मृत्यु चाँही नरकमा फालिनु हो जसमा परमेश्वरसँग मिलाप हुने कुनै आशा रहँदैन। पापद्वारा जो परमेश्वरबाट अलग पारिएका छन्, वा जो आत्मिकी रुपमा मृत छन्, अनन्त दण्डको कष्ट र नरकको सजाय भोग्दै तिनीहरूले अनन्तताको लागी परमेश्वरबाट अलग हुनुपर्नेछ।

तर डराउनेहरू, विश्वास नगर्नेहरू, घिनलाग्दाहरू, हत्याराहरू, व्यभिचारीहरू, टुनामुना गर्नेहरू, मूर्तिपूजा गर्नेहरू र सबै झूट बोल्नेहरूको भागचाँही आगो र गन्धकले जलिरहेको झीलभित्र हुनेछ; यो दोश्रो मृत्यु हो"। (प्रकाश २१:८)

अनि मैले एउटा ठूलो सेतो सिंहासन र त्यसमाथि बस्नुहुनेलाई देखें, जसको सामुन्नेबाट पृथ्वी र आकाश भागे; अनि तिनीहरूका निम्ति कहीं ठाँउ पाइएन। अनि मैले दुवै साना र ठूला मरेकाहरूलाई परमेश्वरका सामु उभिरहेका देखें; अनि पूस्तकहरू खोलिए; अनि अर्को पूस्तक खोलियो, जो जीवनको पूस्तक हो। अनि ती पूस्तकहरूमा लेखिएका कुराहरूबाट मरेकाहरूको न्याय तिनीहरूका कामहरूअनुसार गरियो। अनि समुन्द्रले त्यसभित्र भएका मरेकाहरूलाई दिहाल्यो; अनि मृत्यु र नरकले तिनीहरूभित्र भएका मरेकाहरूलाई दिहाले; अनि तिनीहरूका कामअनुसार तिनीहरू हरेकको न्याय गरियो। अनि मृत्यु र नरक आगोको झीलभित्र फ्याँकिए। यो दोश्रो मृत्यु हो। अनि जसको नाम जीवनको पूस्तकमा लेखिएको पाइएन, त्यो आगोको झीलभित्र फ्याँकियो। (प्रकाश २०:११-१५)

ग. *शारीरिक मृत्यु*

यो चाँही सामान्य शरिरको मृत्यु हो। पृथ्वीमा हाम्रो जीवनको अन्तमा, हाम्रो शरिर मर्नेछ। यो पनि आदमको पापको परिणामको रुपमा नै आयो। पाप अघि, त्यहाँ शरिरिक मृत्यु थिएन। अखिरीमा, बचाइएका वा नबचाइएका मानिसहरूका शरिरहरू, मृत्युबाट पुनर्जिवीत हुनेछन्।

यसकारण जसरी एकजना मानिसद्वारा संसारमा पाप पस्यो, र पापद्वारा मृत्यु आयो, अनि त्यसरी नै मृत्यु सबै मानिसहरूमा फैलियो; किनकी सबैले पाप गरेका छन्। (रोमी ५:१२)

किनकी मानिसद्वारा मृत्यु आएका हुनाले मानिसद्वारा नै मरेकाहरूको बौरिउठाइ पनि आयो। (१कोरिन्थी १५:२१)

५. *सबैले, हामी समेत गरी, पाप गरेका छौं।*

किनकी सबैले पाप गरेका छन् र परमेश्वरको महिमारहित हुन गएका छन्, (रोमी ३:२३)

यसकारण जसरी एकजना मानिसद्वारा संसारमा पाप पस्यो, र पापद्वारा मृत्यु आयो, अनि त्यसरी नै मृत्यु सबै मानिसहरूमा फैलियो; किनकी सबैले पाप गरेका छन्। (रोमी ५:१२)

जस्तो लेखिएको छः 'धर्मी कोही छैन, एउटै पनि छैन; (रोमी ३:१०)

किनभने भित्रबाट नै अर्थात् मानिसहरूको हृदयबाट नै खराब विचार, परस्त्रीगमन, व्यभिचार, हत्या, चोरी, लोभ, दुष्टता, छल, कामुकता, कुदृष्टि, निन्दा, घमण्ड, मूर्खता निस्कँदछन्; यी सबै खराब कुराहरू भित्रबाट नै निस्कँदछन्, र मानिसलाई अशुद्ध पार्दछन्"। (मर्कुस ७:२१-२३)

तर हामी सबै अशुद्ध थोकजस्ता छौँ, र हाम्रा सबै धार्मिक कामहरू मैला थाङ्नाहरूसरह छन्; अनि हामी सबै पातजस्तै ओइलिन्छौं, र हाम्रा अधर्महरूले बतासले झैँ हामीलाई उडाएर लगेका छन्। (यशैया ६४:६)

यस पदले हाम्रो "असल भाग" – हाम्रो धार्मिक कामहरू – मैला थाङ्नाहरू सरह छन्। यसले हाम्रो खराब भागलाई मैला थाङ्नाहरू सरह भन्दैन, तर यो चाँही हाम्रा असल भागहरूलाई परमेश्वरले गर्नुभएको बयान हो। हाम्रो असलपनाले परमेश्वरलाई प्रभाव पार्दैन; यो मैला थाङ्नाबाहेक अरु केही पनि होइन।

हृदय ता सबै कुराहरूभन्दा बढी छली हुन्छ, र त्यो असाध्य दुष्ट हुन्छ; कसले त्यो जान्न सक्छ र? (यर्मिया १७:९)

पवित्र परमेश्वर र पापी मानिसवीचमा त्यहाँ धेरै नैतिक अन्तर रहेको हुँदछ। हामी हाम्रो असलपनाबाट कहिले पनि परमेश्वरको समिपमा आइपुग्न सक्दैनौं। "थोरै" पापले पनि हामीलाई परमेश्वरदेखी अलग पार्दछ।

६. *किनभने परमेश्वरले अझैपनि हामीलाई प्रेम गर्नुहुन्छ, उहाँले, क्रुसमा टंगाउनका निम्ति र हाम्रो पापको दण्ड मृत्युलाई हाम्रो सट्टामा भोग्नका निम्ति, आफ्नो पापरहित पुत्र, येशू ख्रीष्टलाई पठाउनुभयो।*

तर परमेश्वरले हामीतर्फ आफ्नो प्रेम यसैमा प्रकट गर्नुहुन्छ – हामी पापी हुँदा-हुँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो। (रोमी ५:८)

किनकी हामीलाई परमेश्वरकहाँ पुर्याउनालाई ख्रीष्टले पनि – धर्मीले अधर्मीहरूका निम्ति – पापहरूका लागी एकपल्ट दुःख भोग्नुभयो र शरिरमा मारिनुभयो, (१ पत्रुस ३:१८क)

जुन प्रभु येशू हाम्रा अपराधहरूका निम्ति सुम्पिइनुभयो, र हाम्रा धार्मिकताका निम्ति बौराइनुभयो। (रोमी ४:२५)

उसरी नै ख्रीष्ट पनि धेरैका पापहरू बोक्नाका निम्ति एकपल्ट बलि चढाइनुभयो; (हिब्रु ९:२८क)

किनकी उहाँ (येशू)**मा हामी परमेश्वरका धर्मिकता बन्न पाऔं भनेर पापै नजान्नुहुनेलाई परमेश्वरले हाम्रा निम्ति पाप तुल्याउनुभयो।** (२कोरिन्थी ५:२१)

येशू पूर्णरुपमा पापरहित हुनुहुन्थ्यो; तसर्थ, उहाँ मर्नु आवश्यक थिएन। यद्यपि, उहाँले मृत्यु रोज्नुभयो कारण उहाँले हाम्रा पापहरूको मृत्युको दण्ड चुकाउनुभयो। उहाँ हाम्रो सट्टामा हुनुभयो। कस्तो आशिष !!! किनभने येशूले हाम्रो पापको दण्ड तिर्नको निम्ति मर्नुभयो, अब हामी मृत्युको न्याय जुन हामी माथि आउनेथियो, त्यसबाट उम्केका छौँ। हामीले अनन्तताको निम्ति परमेश्वरबाट अलग भएर नरकमा रहनुपर्ने छैन।

७. *हाम्रो पापहरूको दण्डको ऋण चुक्ता हुनका निम्ति परमेश्वरले ख्रीष्टको मृत्युलाई स्वीकार गर्नुभयो।*

किनकी उहाँ (येशू)**मा हामी परमेश्वरका धर्मिकता बन्न पाऔं भनेर पापै नजान्नुहुनेलाई परमेश्वरले हाम्रा निम्ति पाप तुल्याउनुभयो।** (२कोरिन्थी ५:२१)

उहाँ (प्रभु येशू ख्रीष्ट)**मा हामीले, उहाँको अनुग्रहको धनअनुसार उहाँको रगतद्वारा छुटकारा अर्थात् पापहरूको क्षमा पाएका छौँ; जुन अनुग्रह उहाँले सारा बुद्धि र समझमा...** (एफिसी १:७-८क)

जसले हामीलाई अन्धकारको सामर्थ्यबाट छुटकारा दिनुभएको छ र आफ्नो प्रिय पुत्रको राज्यभित्र सार्नुभएको छ; उहाँमा हामीले उहाँको रगतद्वारा छुटकारा अर्थात् पापहरूको क्षमा पाएकका छौँ; (कलस्सी १:१३-१४)

हाम्रो दण्ड वा पापको ऋण चुक्ता भइसकेको छ। येशूले पूर्णरुपमा त्यो तिरिसक्नुभयो। परमेश्वर, जसले पापको कारणले सारा मानव जातीमा मृत्युको न्यायको घोषणा गर्नुभयो, उहाँले येशूको मृत्युलाई हाम्रो पापको ऋण चुक्ता गर्नाका निम्ति स्वीकार्नुहुन्छ।

८. तपाईले आफ्नो पापको क्षमा हुनका निम्ति कमाउन र गर्न सक्ने केही पनि छैन। पापको क्षमाको एकमात्र बाटो चाँही क्षमाको निम्ति परमेश्वरद्वारा प्रदान गरिएको सिंत्तैको उपहारलाई ग्रहण गर्नु हो।

किनकी पापको ज्याला मृत्यु हो; तर परमेश्वरको अनुग्रहको वरदानचाँही हाम्रा प्रभु येशू ख्रीष्टमा अनन्त जीवन हो। (रोमी ६:२३)

किनकी विश्वासद्वारा अनुग्रहले तिमीहरूले मुक्ति पाएका छौ, अनि यो तिमीहरू आफैबाटको होइन, यो परमेश्वरको दान हो; कामहरूबाट होइन, नत्रता कसैले घमण्ड गर्नेछ"। (एफिसी २:८-९)

अब जसले काम गर्दछ, त्यसका निम्ति ज्याला अनुग्रह होइन, तर हक ठहरिन्छ। तर जसले काम गर्दैन, तर भक्तिहिनलाई धर्मी ठहराउनुहुनेमाथि विश्वास राख्छ, उसका निम्ति उसको विश्वास धार्मिकता ठहरिन्छ। (रोमी (४:४-५)

तर परमेश्वर, जो दया गर्नामा धनि हुनुहुन्छ, आफ्नो महान् प्रेमको कारणले, जसद्वारा उहाँले हामीलाई प्रेम गर्नुभयो, हामी अपराधहरूमा मरेकै भए भए तापनि उहाँले हामीलाई ख्रीष्टसँगै जीवित पार्नुभयो – अनुग्रहले तिमीहरूले मुक्ति पाएका छौ – (एफिसी २:४-५)

९. जब परमेश्वरले हामीलाई क्षमा दिनुहुन्छ, उहाँले हामीलाई धर्मी पनि ठहराउनुहुन्छ।

तर जसले काम गर्दैन, तर भक्तिहिनलाई धर्मी ठहराउनुहुनेमाथि विश्वास राख्छ, उसका निम्ति उसको विश्वास धार्मिकता ठहरिन्छ। (रोमी ४:५)

अनि यसैकारण उनका निम्ति यो कुरा धार्मिकता गनियो। अनि 'उनका उनका निम्ति यो धार्मिकता गनियो' भन्ने कुराचाँही उनका निम्ति मात्र लेखिएको होइन,तर हाम्रा निम्ति पनि; हामीले पनि हाम्रा प्रभु येशूलाई मरेकाहरूबाट बौराएर उठाउनुहुनेमाथि विश्वास गर्यौं भने हामीलाई पनि यो धार्मिकता दिइनेछ। (रोमी ४:२२-२४)

किनकी उहाँ (येशू)**मा हामी परमेश्वरका धर्मिकता बन्न पाऔं भनेर पापै नजान्नुहुनेलाई परमेश्वरले हाम्रा निम्ति पाप तुल्याउनुभयो।** (२कोरिन्थी ५:२१)

जब परमेश्वरले हामीलाई क्षमा दिनुहुन्छ, उहाँले हामीलाई धर्मी पनि ठहराउनुहुन्छ। हामी बचाइएका हुन सक्छौँ, हामी धर्मी भएकाले गर्दा होइन, तर परमेश्वरले हामीमा उहाँको धार्मिकता खनाइदिनुभएकोले गर्दा हो।

१०. बचाइनका निम्ति, तपाईले व्यक्तिगत रुपमा येशू ख्रीष्टले मात्र तपाईको पापको दण्ड तिर्नसक्नुहुन्छ भनि विश्वास गर्नुपर्छ वा उहाँमाथि तपाईको विश्वास राख्नुपर्दछ।

प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्नुचाँही तपाईको पापको दण्ड चुक्ता हुनका निम्ति उहाँको क्रुसको मृत्युमा तपाईको विचारपूर्वक गरिएको रोजाइ हो। तपाईले यस पापको दण्ड अनन्तताको निम्ति परमेश्वरबाट अलग भएर नरकमा रही तिर्नसक्नुहुन्छ या त तपाईले उहाँको मृत्युलाई तपाईको पापको दण्ड चुक्ता गर्नको निम्ति हो भनि स्वीकार गरी अनन्तताको निम्ति परमेश्वरसँग साथ रहनसक्नुहुन्छ। छनोट तपाईको नै हो !!!

किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, की उहाँले आफ्नो एकमात्र जन्माइएको पुत्रलाई दिनुभयो- उहाँमाथी विश्वास गर्ने कोही पनि नष्ट नहोस्, तर उसले अनन्त जीवन पाओस्। (यूहन्ना ३:१६)

अनि उनीहरूले भनेः "प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्नुहोस्, र तपाईले मुक्ति पाउनुहुनेछ... (प्रेरित १६:३१क)

तर जतिले उहाँलाई ग्रहण गरे, तिनीहरूलाई उहाँले परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो; अर्थात् तिनीहरूलाई , जसले उहाँको नाममा विश्वास गर्दछन्, (यूहन्ना १:१२)

... अनि जो मकहाँ आउँछ, उसलाई म कुनै रीतिले अफाल्नेछैनँ। (यूहन्ना ६:३७ख)

साँचो-साँचो म तिमीहरूलाई भन्दछु, जसले मेरो वचन सुन्छ र मलाई पठाउनुहुनेमाथि विश्वास गर्छ, ऊसँग अनन्त जीवन छ, र ऊ न्यायमा पर्नेछैन, तर मृत्युबाट जीवनमा सरिसकेको हुन्छ। (यूहन्ना ५:२४)

११. जब कोही आफ्नो पापहरूको क्षमाको निम्ति येशूको नजिकमा आउँदछ, उसले पापमय जीवनबाट पश्चाताप गर्दछ र प्रभु येशूको अनुयायी बन्दछ।

प्रभु येशू ख्रीष्टमा विश्वास गर्न छनोट गर्नुचाँही हाम्रा पापहरूको ऋण पूर्णरुपमा चुक्ता गर्नको निम्ति उहाँको क्रुसमा भएको मृत्यु मा विश्वास गर्नु हो, र प्रभु येशूको अनुयायी हुन, हाम्रो पापमय जीवनबाट पश्चाताप गरी फर्किनु हो। उहाँलाई पछ्याउनका निम्ति हामीले हाम्रो पापमय जीवनलाई त्याग्नु हो। यसको अर्थ हामी सिद्ध वा सिद्धताको नजिकमा पुग्छौँ भन्ने होइन, तर हामी हाम्रो प्रभु येशूको ख्रीष्टको अनुयायी हुनका निम्ति आफूलाई उहाँमा सुम्पिइन्छौँ भन्ने हो।जब हामीले उहाँलाई पछ्याउने निर्णय गर्छौँ र उहाँमा आज्ञाकारी हुँदछौँ तब प्रभु येशू ख्रीष्ट हाम्रो जीवनमा सर्वश्रेष्ठ हुनुहुँदछ।

यसैकारण कोही ख्रीष्टमा छ भने ऊ एउटा नयाँ सृष्टि हो, पूराना कुराहरू बितिगएका छन्; हेर, सबै कुराहरू नयाँ भएका छन्। (२कोरिन्थी ५:१७)

त तिमीहरूलाई भन्दछु, होइन; तर तिमीहरूले पश्चाताप गरेनौ भने तिमीहरू सबै त्यही प्रकारले नाश हुनेछौ। (लूका १३:३)

म तिमीहरूलाई भन्दछु, होइन; तर तिमीहरूले पश्चाताप गरेनौ भने तिमीहरू सबै त्यही प्रकारले नाश हुनेछौ। (लूका१३:५)

किनकी ईश्वरीय रीतिअनुसारको शोकले मुक्ति पाउनाका निम्ति पछुतो गर्नु नपर्ने किसिमको पश्चाताप उत्पन्न गराउँछ; तर संसारिक शोकले मृत्यु उत्पन्न गर्छ। (२कोरिन्थी ७:१०)

यसकारण तिम्रो यस दुष्टताबाट पश्चाताप गर, र परमेश्वरलाई प्रार्थना गर, (प्रेरित ८:२२क)

तर तिमीहरूले ख्रीष्टलाई यसरी सिकेका छैनौ; येशूमा भएको सत्यताअनुसार यदि तिमीहरूले साँच्ची नै उहाँका सुनेका छौ र उहाँद्वारा सिकाइएका छौ भने; तिमीहरूले पहिलेको चालचलनको त्यस पूरानो मान्छेलाई फालिदेओ, जो धोकापूर्ण लालसाहरूद्वारा भ्रष्ट हुन्छ, र तिमीहरूको मनको आत्मामा नयाँ हुँदै जाओ; अनि नयाँ

मान्छेलाई पहिर, जोचाँही परमेश्वरको स्वरुपअनुसार धार्मिकता र साँचो पवित्रतामा सृजिएको छ। (एफिसी ४:२०-२४)

अनि येशूले जवाफ दिँदै तिनीहरूलाई भन्नुभयोः "निरोगीहरूलाई होइन, तर रोगीहरूलाई डाक्टरको खाँचो पर्दछ। म धर्मीहरूलाई होइन, तर पापीहरूलाई पश्चातापको निम्ति बोलाउन आएको हुँ। (लूका ५:३१-३२)

र तिनीहरूलाई भन्नुभयोः "यसरी लेखिएको छ, अनि यसरी नै ख्रीष्टले दुःख भोग्नुपर्छ र तेश्रो दिनमा मरेकाहरूबाट बौरेर उठ्नुपर्छ; अनि यरुशलेमदेखी शुरु गरेर सबै जातीहरूका बीचमा उनैको नाममा पश्चाताप र पापहरूको क्षमाको प्रचार गरिनुपर्छ। (लूका २४:४६-४७)

जब तपाईले हाम्रा प्रभु येशू ख्रीष्टको मृत्युमा हाम्रा पापहरूका ऋण चुक्ता गर्नाका लागी विश्वास गर्न रोज्नुहुन्छ र उहाँलाई पछ्याउन थाल्नुहुन्छ ; तब उहाँले तपाईलाई कतातिर डोर्याउनुहुन्छ भनेर तपाईले जान्नुहुनेछैन। यो अति रोमान्चक छ। आफ्नो टोपी पक्रनुहोस् र जान दिनुहोस्। तपाईको अनौठो र अचम्मको यात्राको थालनी भएको छ !

मुक्ति यी होइनन्

मानिसहरूलाई मुक्ति पाएको सवालमा सोधेमा तिनीहरूले तलका कुराहरूलाई व्यक्त गर्दछन्। तिनीहरूले विचार गर्दछन् की यी कुराहरूले तिनीहरूलाई परमेश्वरमा योग्य तुल्याउँदछन्। यीमध्ये केही कुराहरू असल नै हुन् तरपनि तिनीहरूले हामीलाई बचाउन भने सक्दैनन्। सत्यताचाँही यो हो की एक व्यक्तिले यी सबै गरीकन पनि वास्तविकतामा बचाइएको भने हुदैँन। यहाँ केही विवरणहरू छन् जसद्वारा मुक्ति पाइँदैन।

१ मण्डलीमा "अघि बढेर", "येशूको निम्ति निर्णय गरेर" वा बप्तिष्मा लिँदैमा पाइँदैन ।

२ मण्डलीमा "उपस्थित" भएर वा मण्डली जोडिएर पाइँदैन ।

३ येशूसँग सम्बन्ध भएर" वा "येशूसित संयुक्त भएर" पाइँदैन ।

४ बाइबलमा के छ भनेर जानेकोले गर्दा पाइँदैन ।

५ "धार्मिक", इमान्दार, असल व्यक्ति भएर वा नियम पालन गरेर पाइँदैन ।

६ तपाईको पूर्ण योग्यता अनुसार गरेर वा पुनः शरुवात गरेर पाइँदैन ।

७ तपाईको असल काम तपाईको खराब काम अधिक भएर पनि पाइँदैन ।

८ "आत्मिकी अनुभव" र "आत्मिकी जागरुकता" भएर पाइँदैन ।

९ येशूलाई तपाईको सबै समस्याहरू सुम्पिदैँमा पाइँदैन ।

१० "अन्य भाषाहरू " बोलेर पाइँदैन।

११ धार्मिक सहभागिता वा संस्कार-रुप पालन गर्दैमा पाइँदैन।

१२ ख्रीष्टियन परिवार वा ख्रीष्टिय राष्ट्रमा जन्म लिदैँमा पाइँदैन।

१३ दश आज्ञा पालन गरेर वा अरु कुनै नियमहरू पालन गरेर पाइँदैन।

१४ दशाशं दिएर वा खाँचोमा परेकाहरूलाई आर्थिक सहयोग गर्दैमा पाइँदैन।

१५ कोही आफन्त बप्तिष्ट शिक्षक हुँदैमा र हजुरआमा, जसले जग्गा दिएर मण्डली भवन बन्यो, यसद्वारा पाइँदैन।

निरपेक्षरुपमा, यी माथीका कुनै पनि कुराहरूले हामीलाई मुक्ति दिलाउन सक्दैन। पाप क्षमाको एकमात्र बाटो र उपायचाँही पापबाट पश्चाताप गर्नु हो र हाम्रो पापप्रतिको परमेश्वरको क्षमालाई उपहारको रुपमा स्वीकार गर्नु हो।

छ

“येशूमा विश्वास” गर्नु भन्नुको महत्व कति छ

किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, की उहाँले आफ्नो एकमात्र जन्माइएको पुत्रलाई दिनुभयो- उहाँमाथी विश्वास गर्ने कोही पनि नष्ट नहोस्, तर उसले अनन्त जीवन पाओस्। (यूहन्ना ३:१६)

साँचो-साँचो म तिमीहरूलाई भन्दछु, जसले मेरो वचन सुन्छ र मलाई पठाउनुहुनेमाथि विश्वास गर्छ, ऊसँग अनन्त जीवन छ, र ऊ न्यायमा पर्नेछैन, तर मृत्युबाट जीवनमा सरिसकेको हुन्छ। (यूहन्ना ५:२४)

अनि उनीहरूले भनेः “प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्नुहोस्, र तपाईले मुक्ति पाउनुहुनेछ... (प्रेरित १६:३१क)

परमेश्वरले सारा मानिसहरूलाई पापको क्षमा र अनन्त जीवन प्रदान गर्नुहुन्छ। तर यसको निम्ति एकमात्र शर्त मान्नुपर्दछ त्यो हो प्रभु येशू ख्रीष्टमाथि विश्वास। कारण यो धेरै नै महत्वपूर्ण छ, यस पाठले बृहत् रुपमा प्रभु येशू ख्रीष्टमा पूर्णरुपले विश्वास गर्नुको महत्व बारेमा विवरण बताउनेछ।

विश्वास – मुक्तिको निम्ति स्वीकार्नुपर्ने एकमात्र शर्त

विश्वास गर्नु अत्यन्तै महत्वपूर्ण हो। जोखिम यहाँ छ, जहाँ हामीले अनन्तता व्यतित गर्नेछौँ। यदि हामीले प्रभु येशू ख्रीष्टमाति विश्वास गर्यौँ भने, हामीले उहाँसँग अनन्तता बिताउनेछौँ। तर यदि हामी परमेश्वरलाई जान्दैनौँ भने, हामीले हाम्रो अनन्तता उहाँसँग अलग भएर, उहाँको क्रोध सहदैँ, नरकमा बिताउनेछौँ। उहाँलाई विश्वास गर्नेले पृथ्वीमा नै उहाँलाई चिन्नेछन् र उहाँ सँग-सँगै हिँड्नेछन् र उसो परमेश्वरको सन्तान भएका कारणले गर्दा सबै आशिषहरूमा आनन्द मनाउनेछन्।

किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, की उहाँले आफ्नो एकमात्र जन्माइएको पुत्रलाई दिनुभयो- उहाँमाथी विश्वास गर्ने कोही पनि नष्ट नहोस्, तर उसले अनन्त जीवन पाओस्। किनभने संसारलाई दोषी ठहराउनका निम्ति होइन, तर उहाँद्वारा संसारले मुक्ति पाओस् भनेर परमेश्वरले आफ्नो पुत्रलाई संसारमा पठाउनुभयो। जसले उहाँमाथि विश्वास गर्दछ, ऊ दोषी ठहरिदैँन; तर जसले विश्वास गर्दैन, त्यो पहिल्यै दोषी ठहरिसकेको हुन्छ; किनकी त्यसले परमेश्वरका एकमात्र जन्माइएको पुत्रको नाममा विश्वास गरेको छैन। (यूहन्ना ३:१६-१८)

अनि उनीहरूलाई बाहिर निकाले, र भनेः “हजुरहरूहो, मुक्ति पाउनालाई मैले के गर्नुपर्छ?” अनि तिनीहरूले भनेः “प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्नुहोस्, र तपाईले मुक्ति पाउनुहुनेछ ... (प्रेरित १६:३०-३१क)

अनि जो जिउँछ र ममाथि विश्वास गर्छ, त्यो कहिल्यै मर्नेछैन...(यूहन्ना ११:२६क)

तर जतिले उहाँलाई ग्रहण गरे, तिनीहरूलाई उहाँले परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो; अर्थात् तिनीहरूलाई , जसले उहाँको नाममा विश्वास गर्दछन्। (यूहन्ना १:१२)

तर येशू नै परमेश्वरका पुत्र 'ख्रीष्ट' हुनुहुन्छ भनि तिमीहरूले विश्वास गर्न सक र विश्वास गरेर तिमीहरूले उहाँको नामद्वारा जीवन पाओ भनि यीचाँही लेखिएका हुन्। (यूहन्ना २०:३१)

साँचो-साँचो म तिमीहरूलाई भन्दछु, जसले ममाथि विश्वास गर्दछ, ऊसँग अनन्त जीवन छ। (यूहन्ना ६:४७)

यदि तिमीले आफ्नो मुखले प्रभु येशूलाई स्वीकार गर्यौ भने, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट बौराएर उठाउनुभयो भनि आफ्नि हृदयमा विश्वास गर्यौ भने तिमीले मुक्ति पाउनेछौ। किनकी धार्मिकताका निम्ति हृदयले विश्वास गरिन्छ, र मुक्तिका निम्ति मुखले स्वीकार गरिन्छ। (रोमी १०:९-१०)

अघिल्लो पाठमा भनिएझैँ, प्रभु येशू ख्रीष्टमा विश्वासगर्नुचाँही तपाईको पापको दण्ड पूर्णरुपले चुक्ता गर्नको निम्ति क्रुसमा भएको उहाँको मृत्युमाथि विश्वास राख्न विचारपूर्वक गरिएको व्यक्तिगत रोजाइ हो। तपाईले यस पापको दण्ड अनन्तताको निम्ति परमेश्वरबाट अलग भएर नरकमा रही तिर्नसक्नुहुन्छ या त तपाईले उहाँको मृत्युलाई तपाईको पापको दण्ड चुक्ता गर्नको निम्ति हो भनि स्वीकार गरी अनन्तताको निम्ति परमेश्वरसँग साथ रहनसक्नुहुन्छ। छनोट तपाईको नै हो !!!

"विश्वास गर्नु"को परिभाषा

त्यहाँ धेरै मानिसहरू छन् जसले प्रभु येशू सम्बन्धित बाइबलीय शिक्षालाई ग्रहण गर्नुको साटो आफू जे कुरामा विश्वास गर्न चाहन्छन् त्यसमा नै "विश्वास" गर्दछन्। विश्वास गर्नका निम्ति अरु तरीकाहरूको निर्माण गर्न वा छनोट गर्नको साटो वास्तविक विश्वासले परमेश्वरको शिक्षालाई नै स्वीकार गर्दछ।

बाइबलिय दृष्टिकोण अनुसार "विश्वास" शब्दलाई राम्रोसँग बुझ्नका निम्ति, विभिन्न बाइबलिय शब्दकोशबाट व्याख्या गरिएका विभिन्न परिभाषाहरू यहाँ उल्लेख गरिएका छन्।

विश्वास गर्नु भन्नालेः

... परमेश्वरमा भरोसा राख्नु वा ख्रीष्टमा भरोसा राख्नु हो।

... निश्चयता हुनु वा आशा राख्नु हो।

... भर पर्नु हो।

... केही कुरामा चित्त बुझाउनु हो।

... स्थिर रुपमा राजी हुनु हो।

... सत्य स्वीकार गर्नु हो।

म विश्वास गर्छु की सबैभन्दा उत्तम परिभाषा विलियम डी. माउन्स्ले दिनुभएको परिभाषा, "*विश्वास गर्नु भन्नाले सामान्य रुपमा मानसिक सहमति जनाउनु मात्र होइन, तर पूर्ण शरिर र प्राण नै परमेश्वरमा फर्काउनु हो"।* (माउन्सको पूर्ण व्याख्यात्मक शब्दकोष। पृष्ठ ६२)। 'भरोसा' र 'विश्वास' दुवै नै एकै ग्रीक शब्दको श्रोतबाट आउँदछ। नयाँ नियममा यसको प्रयोग ४७५ पटक भएको छ।

कम गहिराइ भएको वा अनुपयुक्त रुपमा 'विश्वास' वा भरोसाको प्रयोग भएको छ जसले मुक्ति ल्याउँदैन।

यस पाठ (अध्ययन निर्देश ६) लेख्नुको प्रमुख कारण चाँही त्यहाँ धेरै मानिसहरू छन् जसले येशूमा वा परमेश्वरमा गलत वा हल्का रुपमा 'विश्वास' राख्दछन्, जसले गर्दा वास्तविकतामा उद्धार पाएका हुँदैनन्। यो अति नै गम्भिर हो, किनभने त्यहाँ धेरै मानिसहरू छन् जसले विचार गर्दछन् की तिनीहरू बचाइएका छन्, तर यथार्थमा बचाइएका भने छैनन्। परमेश्वरको वचनले विश्वासलाई परिभषित गरे बमोजिम तिनीहरूले साँचो रुपमा कहिल्यै विश्वास गरेका छैनन्।

मलाई 'हे प्रभु, हे प्रभु' भन्ने हरेक स्वर्गको राज्यमा पस्नेछैन, तर त्यो पस्नेछ। जसले स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्छ।[२२] **त्यस दिन धेरैले मलाई भन्नेछन्,' हे प्रभु, हे प्रभु, के हामीले तपाईको नाममा भविष्यवाणी गरेनौँ र? अनि के तपाईकै नाममा दुष्ट आत्माहरू निकालेनौँ र? अनि के तपाईकै नाममा अनेकौँ अचम्मका कामहरू गरेनौँ र?**[२३]**"अनि तब म तिनीहरूलाई खुल्लमखुल्ला भन्नेछु,' मैले तिमीहरूलाई कहिल्यै चिनेको छैनँ; हे कुकर्म गर्नेहरूहो, मदेखी टाढा होओ!'"।**(मत्ती ७:२१-२३)

हाम्रो वास्तविक व्यवहार र अभिप्रायहरू परमेश्वर जान्नुहुन्छ। फेरी पनि, बेइमान विश्वासले मुक्ति ल्याउँदैन।

तर येशूले आफैलाई तिनीहरूको भरोसामा छोड्नुभएन, किनभने उहाँले सबै मानिसहरूलाई जान्नुहुन्थ्यो, अनि कसैले मानिसको विषयमा गवाही दिनु उहाँलाई खाँचो थिएन; किनभने मानिसभित्र के हुन्छ, सो उहाँलाई थाह थियो। (यूहन्ना २:२४-२५)

यस जातीले मलाई आफ्ना ओठले ता आदर गर्दछन्, तर यिनीहरूको हृदय मदेखी टाढो छ। तर यिनीहरू व्यर्थमा मेरो उपासना गर्दछन्, किनकी मानिसहरूका आज्ञाहरूलाई धर्म-शिक्षाहरूझैँ सिकाउँछन्। (मर्कुस ७:६ख,७)

परमेश्वर एक हुनुहुन्छ भनि तिमी विश्वास गर्दछौ; तिमी असल गर्दछौ। दुष्ट आत्माहरूले पनि विश्वास गर्छन्, र थरथर काम्छन्। (याकूब २:१९)

चट्टानमाथि परेकाहरूचाँही ती हुन्, जसले सब सुन्छन्; तब आनन्दपूर्वक वचन ग्रहण गर्छन्; अनि तिनीहरूको जरा हुँदैन, जसले थोरै समयका निम्ति विश्वास गर्छन्, र परीक्षाको समयमा पछि हट्छन्। (लूका ८:१३)

त्यस समयदेखी उहाँ चेलाहरूमध्ये धेरैजना पछि हटे, अनि फेरी उहाँसँग हिँडेनन्। (यूहन्ना ६:६६)

तब शिमोन आफैले पनि विश्वास गर्यो; अनि बप्तिष्मा लिएपछि त्यो निरन्तर फिलिपको साथमा रह्यो; अनि चिन्हहरू र सामर्थ्यका ठूला-ठूला कामहरू गरिएको देखेर त्यसले ताजुप मान्थ्यो। अब सामरियाले परमेश्वरको वचन ग्रहण गर्यो भन्ने कुरा जब यरुशलेममा रहेका प्रेरितहरूले सुने, तब उनीहरूले तिनीहरूकहाँ पत्रुस र यूहन्नालाई पठाए। उनीहरूले तल आएपछि, तिनीहरूले पवित्र आत्मा पाऊन् भनि तिनीहरूका निम्ति प्रार्थना गरिदिए । किनभने तिनीहरूमध्ये कुनैमाथि पनि उहाँ अहिलेसम्म ओर्लनुभएको थिएन; खालि तिनीहरूले प्रभु येशूको नाममा बप्तिष्मा लिएका थिए। तब उनीहरूले तिनीहरूमाथि आफ्ना हातहरू राखे, र तिनीहरूले पवित्र आत्मा पाए। अनि जब शिमोनले प्रेरितहरूका हात राखिएकोले पवित्र आत्मा दिइनुभएको देख्यो, तब त्यसले उनीहरूलाई यसो भन्दै पैसा टक्र्यायोः "मलाई पनि यो अधिकार दिनुहोस्, र जसमाथि म हात राखूँला, उसले पवित्र आत्मा पाओस्"। तर पत्रुसले त्यसलाई भनेः "तिम्रो पैसा तिमीसँगै नाश होस्, किनकी परमेश्वरको दान पैसाद्वारा किनिन सक्छ भनि तिमीले सोचेका छौ। यस कुरामा तिम्रो न कुनै भाग छ, न हिस्सा; किनकी तिम्रो हृदय परमेश्वरको दृष्टिमा सिधा छैन। यसकारण तिम्रो यस दुष्टताबाट पश्चाताप गर, र परमेश्वरलाई प्रार्थना गर, कहीं तिम्रो हृदयको विचार तिमीलाई क्षमा हुन्छ कि? किनभने म देख्दछु, तिमी तीतो पित्तले भरिएका र अधर्मले बाँधिएका छौ"। तब शिमोनले जवाफ दिँदै भन्योः "तपाईहरूले मेरा निम्ति प्रभुसँग प्रार्थना गरिदिनुहोस्, र तपाईहरूले भन्नुभएका कुराहरूमध्ये कुनै पनि ममाथि आइनपरोस्"। अनि गवाही दिएपछि र

प्रभुको वचन प्रचार गरेपछि उनीहरू यरुशलेम फर्के, अनि सामरीहरूका अनेकौं गाँउहरूमा सुसमाचार प्रचार गरे। (प्रेरित ८:१३-२५)

पावलले आफ्ना पाठकहरूका निम्ति तलका समिक्षात्मक महत्वपूर्ण निर्देशनहरू दिए।

तिमीहरू विश्वासमा छौ की छैनौं, आफैलाई जाँच; आफैलाई प्रमाण गर। (२कोरिन्थी १३:५क)

जब तपाई यस पूस्तकको अध्ययन गर्दै जानुहुन्छ, तपाईले आफैलाई जाँच गर्नुपर्ने हुन्छ। के तपाई साँच्चिकै परमेश्वरको सन्तान हुनुहुन्छ? के तपाई वास्तवमा "बचाइनुभएको' छ वा के तपाईसँग केही प्रकारका अनुभवहरू छन् जुन वास्तविकतामा उद्धार होइन। के तपाई परमेश्वरमा उहाँको शर्तमा आउनुभएको हो की तपाईको आफ्नै शर्तमा आउनुभएको हो? त्यहाँ एकमात्र बाटो र त्यो परमेश्वरको बाटो हो। बाइबललमा परमेश्वरले बताउनुभएको कुराहरूप्रति वा उहाँमा विश्वास गर्नका निम्ति धेरै, धेरै मानिसहरू अलमलमा परेका छन् र गलत विचारहरू राखेका छन्।

विश्वासको सन्दर्भमा बाइबलिय शिक्षा

साँचो रुपमा विश्वास गर्नु कुनै कठिन कार्य होइन। हाम्रा पापहरूको दण्डहरू पूर्णरुपमा चुक्ता गर्नका निम्ति हामी प्रभु येशू ख्रीष्टको मृत्युमा विश्वास राख्न हामी उहाँमा भरोसा गर्दछौं र पापमय जीवनबाट फर्कि आउँदछौं। जब हामी मुक्त पारियौं, बाइबलले शिक्षा दिएअनुसारको केही भागमात्र हामीले बुझ्दथ्यौं। यद्यपी, *जब* परमेश्वरले *मुक्तिको निम्ति साँचो रुपले हामीलाई उहाँमा बोलाउनुहुन्छ, उहाँले हामीलाई मुक्तिको सन्दर्भका आधारभूत सत्यता बुझ्नका निम्ति विश्वास र भरोसा प्रदान गर्नुहुन्छ।* यदि कुनै व्यक्तिले यी आधारभूत सत्यतालाई स्वीकार गर्न सक्दैन भने, ऊ वास्तविक रुपमा उद्धार गरिएको छैन भनि यसले सकेंत दिदँछ। फेरी, उद्धार गरिनका निम्ति एक व्यक्ति अध्यात्मवादी हुनुपर्दछ भन्ने होइन, तर तलका चार आधारभूत सत्यताहरू चाँही साँचो विश्वासका वा बचाउने भरोसाका मूलभूत अंशहरू हुन्;

१ *विश्वास गर्नु भन्नाले परमेश्वरको वचन, येशू ख्रीष्टको शिक्षाहरू समेत, नै सत्य छन् भनि विश्वास गर्नु हो।*

जब येशू यस पृथ्वीमा हुनुहुन्थ्यो, उहाँले दिनुभएको शिक्षा सुनेर धेरै मानिसहरूले उहाँमाथि विश्वास गरे। उहाँले भन्नुभएका र शिक्षा दिनुभएको कुरामा तिनीहरूले विश्वास गरे।

साँचो-साँचो म तिमीहरूलाई भन्दछु, कसैले मेरो वचन पालन गर्छ भने उसले कहिल्यै मृत्यु देख्नेछैन। (यूहन्ना ८:५१)

साँचो-साँचो म तिमीहरूलाई भन्दछु, जसले मेरो वचन सुन्छ र मलाई पठाउनुहुनेमाथि विश्वास गर्छ, ऊसँग अनन्त जीवन छ, र ऊ न्यायमा पर्नेछैन, तर मृत्युबाट जीवनमा सरिसकेको हुन्छ। (यूहन्ना ५:२४)

उहाँले यी कुराहरू गर्नुहुँदा धेरैले उहाँमाथि विश्वास गरे। (यूहन्ना ८:३०)

अनि उहाँका आफ्नै वचनको कारणले अझै धेरैले विश्वास गरे। (यूहन्ना ४:४१)

अनि उहाँको वचन तिमीहरूभित्र रहिरहेको छैन; किनकी जसलाई उहाँ (परमेश्वर पिता)**ले पठाउनुभएको छ, उन** (येशू)**लाई तिमीहरू विश्वास गर्दैनौं।** (यूहन्ना ५:३८)

यसकारण, विश्वास सुनाइद्वारा आउँछ, र सुनाइचाँही परमेश्वरको वचनद्वारा। (रोमी १०:१७)

कसैले पनि साँचो रुपमा "येशूमा विश्वास" गर्न सक्दैनन्, जबसम्म उसले उहाँले भन्नुभएको कुराहरूमा विश्वास गर्दैन। "म येशूमा विश्वास गर्छु", यो भन्नुचाँही भित्रदेखी गलत हो, जब उसले यस कुरामा विश्वास राख्दछ की येशूले सिकाउनुभएका कुराहरू सब गलत कुराहरू हुन्।

आज हाम्रा निम्ति येशूका वचनहरूको अभिलेख बाइबल हो। येशू परमेश्वर हुनुहुन्छ र उहाँ, यथार्थमा, पूरा बाइबलको लेखक हुनुहुन्छ। येशू ख्रीष्टमाथि विश्वास गर्नु भन्नाले परमेश्वरको वचन, बाइबललाई, सत्य हो भनि स्वीकार गर्नु हो। बचाइनका निम्ति कोही पनि अध्यात्मवादी हुनुप्रछ भन्ने जरुरी छैन, र नयाँ विश्वासीले बाइबललाई धेरै स्पष्ट रुपमा बुझ्न सक्दैन वा यो कसरी अस्तित्वमा आयो भनि जान्दैन। यद्यपि, उसले मुक्तिको बारेमा सत्यताको आधारभूत शिक्षाहरूलाई भने स्वीकार गर्नुपर्दछ। यदि ऊ एउटा साँचो विश्वासी हो भने, जसै ऊ आफ्नो विश्वासमा हुर्कदै जादँछ तब पवित्र शास्त्रको सत्यतातर्फ उसको भरोसा बढ्दै जादँछ। यदि कोही व्यक्तिले मुक्ति पाएको दाबी गर्दछ तर परमेश्वरको वचनको सत्यतालाई इन्कार गर्दछ भने, तब त्यहाँ उसको साँचो विश्वासप्रति गम्भिर प्रश्न उठ्दछ।

येशूले प्रार्थना गर्नुभयो"

तपाईको सत्यद्वारा तिनीहरूलाई पवित्र पार्नुहोस्; तपाईको वचन सत्य हो। (यूहन्ना १७:१७)

येशूले परमेश्वरको वचनलाई सत्य पाउनुभयो। फेरी, हाम्रो निम्ति परमेश्वरको वचनको अभिलेख बाइबल हो। फेरी येशूमा विश्वास गरेको दाबी गर्नका निम्ति उहाँको शिक्षालाई सत्य भनि स्वीकार गर्नुपर्दछ। अन्ततः येशूको वचनहरूलाई परमेश्वरद्वारा दिइएको सत्यता भनि ग्रहण गर्नलाई सम्पूर्ण बाइबल सत्य छ भनि स्वीकार गर्नुपर्दछ।

२ *साँचो विश्वासले येशू परमेश्वर हुनुहुन्छ भनि विश्वास गर्दछ।*

येशूले दिनुभएको शिक्षाको आधारभूत शिक्षा यो हो की परमेश्वर उहाँको पिता हुनुहुन्छ। परमेश्वरको पुत्र हुनुभएकोले, उहाँ परमेश्वरको बराबरी हुनुहुन्थ्यो र वास्तवमा उहाँ नै परमेश्वर हुनुहुन्थ्यो। हाम्रो पापको दण्डको सट्टामा कष्ट भोग्न र मर्न येशू आउनुको एकमात्र कारण उहाँ परमेश्वरको पापरहित पुत्र हुनुहुन्छ। यदि येशू मानिसमात्र हुनुभएको भए, उहाँ आफैमा एक पापी हुनुहुनेथ्यो, जो हाम्रो पापहरूको ऋण तिर्नका निम्ति असक्षम हुनुहुन्थ्यो। उहाँ आफ्नै पापहरूका निम्ति मर्नुपर्ने हुन्थ्यो, हाम्रा पापहरूका निम्ति होइन।

फेरी, उद्धार गरिनका निम्ति कोही अध्यात्मवादी हुनैपर्छ भन्ने होइन। त्रिएकताको बारेमा कसैले पनि पूर्णरुपमा बुझ्न सक्दैन। हामीमध्ये कसैले पनि सक्दैन। यद्यपि, एक व्यक्तिले येशू परमेश्वरको पापरहित पुत्र हुनुहुन्छ भनि विश्वास गर्नुपर्छ, र उहाँ, वास्तवमै, परमेश्वर हुनुहुन्थ्यो। येशू परमेश्वर हुनुहुन्थ्यो, हुनुहुन्छ भनि कसैले विश्वास गर्दैन भने, उसले उद्धार पाउन सक्दैन।

अनि साँच्चै येशूले आफ्ना चेलाहरूका सामु अरु धेरै चिन्हहरू देखाउनुभयो, जो यस पूस्तकमा लेखिएका छैनन्; तर येशू नै परमेश्वरका पुत्र 'ख्रीष्ट' हुनुहुन्छ भनि तिमीहरूले विश्वास गर्न सक र विश्वास गरेर तिमीहरूले उहाँको नामद्वारा जीवन पाओ भनि यीचाँही लेखिएका हुन्। (यूहन्ना २०:३०-३१)

झूट अरु को हो र, त्योबाहेक, जसले येशू नै ख्रीष्ट हुनुहुन्छ भन्ने कुरा इन्कार गर्छ? जसले पिता र पुत्रलाई इन्कार गर्छ, त्यही हो ख्रीष्ट-विरोधी। हरेक जसले पुत्रलाई इन्कार गर्छ, त्यससँग पिता पनि हुनुहुन्न; तर जसले पुत्रलाई स्वीकार गर्छ, त्यससँग पिता पनि हुनुहुन्छ। (१यूहन्ना २:२२-२३)

हरेक जसले येशू नै ख्रीष्ट हुनुहुन्छ भनि विश्वास गर्छ, ऊ परमेश्वरबाट जन्मेको हो; (१यूहन्ना ५:१क)

किनकी परमेश्वरबाट जन्मेको हरेकले संसारमाथि जय प्राप्त गर्छ; अनि हाम्रो विश्वास नै यो विजय हो, जसले संसारमाथि जय प्राप्त गर्छ। ५ येशू नै परमेश्वरका पुत्र हुनुहुन्छ भनि विश्वास गर्नेबाहेक संसारमाथि जय प्राप्त गर्ने अरु को छ र? (१यूहन्ना ४:४-५)

पूरानो नियममा परमेश्वरले मोशाको अघि आफैलाई "म हुँ" भनि सम्बोधित गर्नुभयो। परमेश्वरले आफैलाई "म हुँ" भनि गरेको सम्बोधनलाई यहूदीहरूले धेरै प्रष्टसँग बुझेका थिए।

अनि मोशाले परमेश्वरलाई भनेः "हेर्नुहोस्, जब म इस्राएलीहरूकहाँ जाउँला, र उनीहरूलाई भनुँलाः 'तिमीहरूका पिता-पूर्खाहरूका परमेश्वरले मलाई तिमीहरूकहाँ पठाउनुभएको छ', र उनीहरूले मलाई भन्लान् 'उहाँको नाम के हो?' तब म उनीहरूलाई के भनुँ?" अनि परमेश्वरले मोशालाई भन्नुभयोः "म हुँ, जो म हुँ"; अनि उहाँले भन्नुभयोः "तिमीले इस्राएलीहरूलाई यसो भन्नुः 'म हुँ'ले मलाई तिमीहरूकहाँ पठाउनुभएको हो"। (प्रस्थान ३:१३-१४)

तलका पदहरूमा येशूले आफैलाई "म हुँ" भनि परिचय दिनुभयो। यी पदहरूले प्रस्थान ३:१४ तिर पुर्याउँदछ जहाँ परमेश्वरले आफैलाई 'म हुँ' भनि सम्बोधित गर्नुहुन्छ। येशूले भन्नुहुन्छ की जबसम्म कसैले उहाँ' म हुँ' हुनुहुन्छ भनि विश्वास गर्दैन, वा येशू परमेश्वर हुनुहुन्छ भनि विश्वास गर्दैन, तिनीहरू पापमा नै मर्नेछन्। अर्को शब्दमा भन्नुपर्दा,यदि तपाईले येशू परमेश्वर हुनुहुन्छ भनि विश्वास गर्नुहुँदैन भने, तपाईले उद्धार पाउनुहुँदैन।

येशूले तिनीहरूलाई भन्नुभयोः "साँचो-साँचो म तिमीहरूलाई भन्दछु, अब्राहाम हुनुभन्दा पहिले म हुँ"। (यूहन्ना ८:५८)

यसकारण मैले तिमीहरूलाई भनेः "तिमीहरू आफ्ना पापहरूमा मर्नेछौ"; किनभने "म उही हुँ" भनि तिमीहरूले विश्वास गरेनौ भने तिमीहरू आफ्ना पापहरूमा मर्नेछौ"। (यूहन्ना ८:२४)

३ *साँचो विश्वासले हाम्रा प्रभु येशूको मृत्युबाटको पुनरुत्थानमाथि विश्वास राख्दछ।*

हाम्रा पापहरूको दण्डको सट्टामा जब येशू क्रुसमा मर्नुभयो, उहाँको शबलाई तल झारियो, अनि दफनको लागी तयारी पारियो र दफन गरियो। उहाँ मर्नुभएको तेस्रो दिनमा, उहाँको शरिर मृत्युबाट पुनरुत्थान भयो र फेरी जीवनमा आयो। (मत्ती २८, मर्कुस १६, यूहन्ना २०मा हेर्नुहोस्।) येशूको मृत्युबाटको पुनरुत्थानले येशू नै परमेश्वर हुनुहुन्छ भनि अनेकौं शंकाविरुद्ध प्रमाणित गरिदियो, र उहाँको मृत्यु कुनै साधारण मृत्यु थिएन। सत्यचाँही यो हो की उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ र उहाँ हाम्रो पापहरूको सट्टामा दण्ड भोग्न मर्नुभयो।

येशू परमेश्वर हुनुहुन्छ र उहाँको वचनहरू सत्यका वचनहरू हुन् भनि विश्वास गर्नका निम्ति, एकले उहाँको मृत्युबाटको पुनरुत्थानमा विश्वास गर्नुपर्दछ। उहाँ मर्नअघि, उहाँबाट फेरी जीवित हुनुहुनेछ भनि उहाँले भन्नुभएको थियो। जब उहाँको पुनरुत्थान भयो, उहाँले फेरीपनि तिनीहरूलाई उहाँको शिक्षाहरूको बारेमा र पुनरुत्थानको बारेमा सिकाउनुभयो।

पुनरुत्थान सुसमाचारको एक आवश्यक अंश हो। येशूमाथि विश्वास गर्नु भन्नाले उहाँको मृत्युमाथिको बौरीउठाइमा विश्वास गर्नु हो।

यदि तिमीले आफ्नो मुखले प्रभु येशूलाई स्वीकार गर्यौ भने, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट बौराएर उठाउनुभयो भनि आफ्नो हृदयमा विश्वास गर्यौ भने तिमीले मुक्ति पाउनेछौ। (रोमी १०:९)

अब हे भाइहरूहो, जुन सुसमाचार मैले तिमीहरूलाई प्रचार गरें, त्यही म तिमीहरूलाई बताउँछु; त्यसलाई नै तिमीहरूले ग्रहण गरेका छौ, र त्यसैमा तिमीहरू उभिन्छौ; त्यसैद्वारा तिमीहरूले मुक्ति पनि पाउँछौँ, यदि तिमीहरूले मैले प्रचार गरेको वचन बलियो गरि पक्रयौ भने; नत्र तिमीहरूले व्यर्थैमा विश्वास गर्यौं। किनकी सबैभन्दा पहिले मैले तिमीहरूलाई त्यही कुरा सुम्पिदिएँ, जुन कुरा मैले पनि पाएको थिएँ; अर्थात् पवित्र-शास्त्रहरूमुताबिक ख्रीष्ट हाम्रा पापहरूका निम्ति मर्नुभयो, र गाडिनुभयो, अनि पवित्र-शास्त्रहरूमुताबिक उहाँ तेस्रो दिनमा बौराइनुभयो; (१कोरिन्थी १५:१-४)

अनि यसैकारण उनका निम्ति यो कुरा धार्मिकता गनियो। अनि 'उनका उनका निम्ति यो धार्मिकता गनियो' भन्ने कुराचाँही उनका निम्ति मात्र लेखिएको होइन,"तर हाम्रा निम्ति पनि; हामीले पनि हाम्रा प्रभु येशूलाई मरेकाहरूबाट बौराएर उठाउनुहुनेमाथि विश्वास गर्यौं भने हामीलाई पनि यो धार्मिकता दिइनेछ"। (रोमी ४:२२-२४)

र पवित्रताको आत्माअनुसार उहाँ मरेकाहरूबाट बौरेर उठ्नुभएको कारणले सामर्थ्यसहित परमेश्वरका पुत्र ठहरिनुभयो; (रोमी १:४)

परमेश्वरको वचनमा हाम्रो मुक्तिको निधो पुनरुत्थानद्वारा हुँदछ। पुनरुत्थान बिना, त्यहाँ मुक्ति छदैँछैन। कसैले पनि पुनरुत्थानमा विश्वास नगरी प्रभु येशूमा साँचो रुपले विश्वास गर्न सक्दैन।

किनभने मरेकाहरू बौराइँदैनन् भने ता ख्रीष्ट पनि बौराइनुभएन। अनि यदि ख्रीष्ट बौराइनुभएन भने तिमीहरूको विश्वास व्यर्थै हो; तिमीहरू अझै पनि आफ्ना पापहरूमै छौ। (१कोरिन्थी १५:१६-१७)

किनभने उहाँले एउटा दिन ठहराउनुभएको छ, जुन दिनमा उहाँले आफूले नियुक्त गर्नुभएको मानिसद्वारा धार्मिकतापूर्वक संसारको न्याय गर्नुहुनेछ; उहाँलाई मरेकाहरूबाट बौराएर उठाईकन उहाँले सबै मानिसहरूलाई यस कुराको प्रमाण दिनुभएको छ। (प्रेरित १७:३१)

हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर र पिता धन्य होऊन्, जसले आफ्नो ठूलो दयाअनुसार येशू ख्रीष्टको मरेकाहरूबाटको बौरीउठाइद्वारा एउटा जिउँदो आशाका निम्ति हामीलाई नयाँ गरी जन्माउनुभएको छ; एउटा अविनाशी, निष्कलङ्क र ओइलिएर नजाने पैतृक-सम्पत्तिका निम्ति, जो तिमीहरूका लागि स्वर्गमा शुरक्षित राखिएको छ; (१पत्रुस १:३-४)

४ येशू ख्रीष्टमा भएको साँचो विश्वासले उहाँको शिक्षालाई, पापहरू सम्बन्धि बाइबलिय शिक्षा समेतलाई, सत्य स्वीकार गर्दछ। जब कसैले विश्वास गर्दछ भने, उसले आफ्नो पापमय जीवनबाट प्रभु येशू ख्रीष्टको सेवा गर्नको निम्ति फर्किनेछ।

हरेक जो उहाँमा रहन्छ, उसले पाप गर्दैन; हरेक जसले पाप गर्दछ, त्यसले उहाँलाई देखेको छैन, न ता उहाँलाई चिनेको छ। (१यूहन्ना ३:६)

पापचाँही परमेश्वरको विरुद्ध अनाज्ञाकारिता र विद्रोह हो। परमेश्वरले प्रथम पुरुष र स्त्रीलाई पापरहित, सिद्ध बनाउनुभयो। आदम र हव्वाको परमेश्वरसँगको कुनै बाधा बिनाको संगति थियो र तिनीहरूले जे-जति गर्ने गर्थ्यो त्यसमा उहाँको नै महिमा हुनेगर्थ्यो। यद्यपि, पापको प्रवेशसँगै, यी सबै नै विनाश भएर गए। परमेश्वरसँगको संगति बिगार्ने त्यो पाप नै थियो र त्यसले सारा मानवजातिमा आत्मिकी र शारिरिक मृत्यु ल्यायो।

यसकारण जसरी एकजना मानिसद्वारा संसारमा पाप पस्यो, र पापद्वारा मृत्यु आयो, अनि त्यसरी नै मृत्यु सबै मानिसहरूमा फैलियो; किनकी सबैले पाप गरेका छन्। (रोमी ५:१२)

जस्तो लेखिएको छः 'धर्मी कोही छैन, एउटै पनि छैन; बुझ्ने कोही छैन, परमेश्वरलाई खोज्ने कोही छैन। तिनीहरू सबै बाटोदेखी भड्किएका छन्, तिनीहरू एकैसाथ बेकम्मा भएका छन्; असल गर्ने कोही छैन, एउटै पनि छैन। (रोमी ३:१०-१२)

बाइबलको शुरूदेखी आखिरीसम्म, परमेश्वरले रिसलाई पापसँग प्रदर्शित पारिदिनुभएको छ, र उहाँले घरिघरि कडारुपमा पापीहरूको न्याय गरिदिनुभएको छ, यतिसम्म की नूह र उनको परिवारबाहेक सबलाई उहाँले नष्ट गर्नुभयो।

तब परमप्रभुले पृथ्वीमा मानिसको दुष्टता ज्यादा भएको र त्यसको हृदयका विचारहरूको हरेक कल्पना निरन्तर खराबै मात्र भएको देख्नुभयो। अनि पृथ्वीमा मानिसलाई बनाउनुभएकोमा परमप्रभु पछुताउनुभयो; अनि यसले उहाँको हृदयलाई दुःखित तुल्यायो। अनि परमप्रभुले भन्नुभयोः "मैले सृष्टि गरेको मानिसलाई म पृथ्वीको सतहबाट मेटिदिनेछु – के मानिस, के पशु, के घस्रने जन्तु, के आकाशका पंक्षीहरू, सबैलाई; किनकी तिनीहरूलाई बनाएकोमा मलाई पछुतो लागेको छ"। (उत्पत्ती ६:५-७)

पापको लागी परमेश्वरको न्यायमध्येको सबैभन्दा कडा न्यायचाँही सारा पापीहरूलाई अनन्तताको लागी परमेश्वरबाट अलग भएर नरकमा जानुपर्ने दण्डाज्ञा हो।

तर डराउनेहरू, विश्वास नगर्नेहरू, घिनलाग्दाहरू, हत्याराहरू, व्यभिचारीहरू, टुनामुना गर्नेहरू, मूर्तिपूजा गर्नेहरू र सबै झूट बोल्नेहरूको भागचाँही आगो र गन्धकले जलिरहेको झीलभित्र हुनेछ; यो दोश्रो मृत्यु हो"। (प्रकाश २१:८)

यसकारण जसरी एकजना मानिसद्वारा संसारमा पाप पस्यो, र पापद्वारा मृत्यु आयो, अनि त्यसरी नै मृत्यु सबै मानिसहरूमा फैलियो; किनकी सबैले पाप गरेका छन्। (रोमी ५:१२)

हाम्रो लागी सौभाग्य, परमेश्वरले मुक्तिको बाटो प्रदान गरिदिनुभयो।

जसले पुत्रमाथि विश्वास गर्दछ, ऊसँग अनन्त जीवन हुन्छ; अनि जसले पुत्रलाई विश्वास गर्दैन, त्यसले जीवन देख्नेछैन, तर परमेश्वरको क्रोध त्यसमाथि रहन्छ। (यूहन्ना ३:३६)

किनकी पापको ज्याला मृत्यु हो; तर परमेश्वरको अनुग्रहको वरदानचाँही हाम्रा प्रभु येशू ख्रीष्टमा अनन्त जीवन हो। (रोमी ६:२३)

परमेश्वरको क्रोधबाट र हाम्रो पापको दण्डबाट बच्नको निम्ति हामीलाई बाटो प्रदान गर्न, येशू, परमेश्वरको पापरहित पुत्रले, क्रुसमा डरलाग्दो मृत्यु भोग्नुभयो। उहाँले हाम्रो सट्टामा हाम्रो पापहरूको मूल्य चुकाउनुभयो।

हामी, ख्रीष्टियनहरू भएकाले, हाम्रो मुक्तिको निम्ति परमेश्वरले कस्तो मूल्य चुकाउनुभयो भनि हामीले कहिल्यै बिर्सनुहुँदैन। हाम्रो पापहरूको कारणले गर्दा येशूले क्रुसमा बलिदान हुनका निम्ति आफैलाई चुन्नुभयो।

तर परमेश्वरले हामीतर्फ आफ्नो प्रेम यसैमा प्रकट गर्नुहुन्छ – हामी पापी हुँदा-हुँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो। (रोमी ५:८)

उसरी नै ख्रीष्ट पनि धेरैका पापहरू बोक्नाका निम्ति एकपल्ट बलि चढाइनुभयो; अनि उहाँको बाटो हेर्नेहरूकहाँ मुक्तिका निम्ति उहाँ दोश्रो पटक बिनापाप देखा पर्नुहुनेछ। (हिब्रु ९:२८)

किनकी हामीलाई परमेश्वरकहाँ पुर्याउनालाई ख्रीष्टले – पनि धर्मीले अधर्मीहरूका निम्ति – पापहरूका लागी एकपल्ट दुःख भोग्नुभयो र शरिरमा मारिनुभयो। (१पत्रुस ३:१८क)

किनकी उहाँ (येशू)**मा हामी परमेश्वरका धर्मिकता बन्न पाऔं भनेर पापै नजान्नुहुनेलाई परमेश्वरले हाम्रा निम्ति पाप तुल्याउनुभयो।** (२कोरिन्थी ५:२१)

जब मानिसहरूले विश्वास गर्छन् वा तिनीहरू उद्धार गरिदँछन्, तब उहाँ परमेश्वर हुनुहुन्छ जसले तिनीहरूलाई उहाँको पुत्र प्रभु येशू ख्रीष्टमा विश्वास गर्न नजिकमा ल्याउनुहुन्छ।

मलाई पठाउनुहुने पिताले उसलाई नखिँचेसम्म कोही मानिस मकहाँ आउन सक्दैन; अनि म उसलाई अन्तिम दिनमा बौराएर उठाउनेछु। (यूहन्ना ६:४४)

अनि उहाँले भन्नुभयोः "यसैकारण मैले 'मेरा पिताबाट उसलाई नदिइएसम्म कोही पनि मकहाँ आउन सक्दैन' भनि तिमीहरूलाई भनेको हुँ"। (यूहन्ना ६:६५)

त्यो पाप हो जसले हामीलाई परमेश्वरदेखी अलग पार्दछ। परमेश्वरसँग मिलाप गर्नालाई, पापको समस्यालाई समाधान गर्नुपर्दछ। जब परमेश्वरले उद्धार नपाइएकाहरूलाई उहाँको नजिकमा ल्याउनुहुन्छ, उहाँले तिनीहरूलाई तिनीहरूका पापहरूदेखी पश्चातापी तुल्याउनुहुन्छ।

अनि जब उहाँ आउनुहुन्छ, तब उहाँले संसारलाई पापको विषयमा, धार्मिकताको विषयमा र न्यायको विषयमा कायल पार्नुहुनेछ। (यूहन्ना १६:८)

पवित्र आत्माले उद्धार नपाएकाहरू (संसार)लाई पाप, धार्मिकता र न्यायको विषयमा दोषी ठहराउनुहुन्छ। कैयौं व्याख्यात्मक शब्दाकोषको अनुसार "दोषी ठहिरिनु" भन्ने शब्दले 'गलत भएको देखाउनु' , 'झपार्नु' र 'प्रदर्शित गर्नु' भन्ने अर्थ प्रदान गर्दछ। यूहन्ना १६अध्यायको ८ पद अनुसार, पवित्र आत्माले उद्धार नपाएकाहरू (संसार)लाई तिनीहरूको पाप गलत हो भनि दोषी ठहराउनुहुन्छ र तिनीहरूको कार्यहरूलाई झपार्नुहुन्छ। उहाँले तिनीहरूलाई तिनीहरू धार्मिकता र न्यायको सवालमा गलत बुझिरहेका थिए पनि भन्नुहुन्छ।

जब कोही व्यक्ति पवित्र आत्माद्वारा प्रेरित भएर पापदेखी आफूलाई दोषी ठहराउँदछ र प्रभु येशू ख्रीष्टमा विश्वास गर्दछ भने, उसले परमेश्वरसँग उसको पाप गलत हो र उसलाई धार्मिकताको खाँचो छ भनि सहमत जनाउँदछ। पापबाट दोषी ठहरिनु चाँही, त्यसको परिभाषा अनुसार, उसको पाप गलत हो भनि जान्नु हो। जब परमेश्वरले कोही व्यक्तिलाई दोषी ठहराउनुहुन्छ भने वा त्यसको पाप गलत हो भनि दोष देखाउनुहुन्छ भने, त्यस स्वाभाविक दोषसिद्धिले उसलाई उसले जिइरहेको जीवनमा परिवर्तन को खाँचो छ र धर्मी व्यवहारमा गर्नुपर्दछ भनि जान्न मद्दत पुर्याउँदछ। जब कोही उद्धार गरिदँछ, उसले अबउसो पापलाई जीवन जिउने तरीका बनाउँदैन। जबसम्म एक व्यक्तिले पापको व्यवहार परिवर्तन गर्दैन तबसम्म उसलाई उसको पाप गलत हो भनि साँचो रुपमा पवित्र आत्माले दोषी ठहराएको हुँदैन।

हरेक जो परमेश्वरबाट जन्मेको छ, उसले पाप गर्दैन; किनकी उहाँको बीउ उसमा छ रहन्छ; र उसले पाप गर्न सक्दैन, किनभने ऊ परमेश्वरबाट जन्मेको हो। परमेश्वरका सन्तान र शैतानका सन्तान यसैबाट प्रकट हुन्छन्; हरेक जसले धार्मिकताको काम गर्दैन, त्यो परमेश्वरबाटको होइन, र त्यो पनि होइन, जसले आफ्नो भाइलाई प्रेम गर्दैन। (१यूहन्ना ३:९-१०)

संसारलाई प्रेम नगर, न ता संसारमा भएका कुराहरूलाई नै। कसैले संसारलाई प्रेम गर्छ भने पिताको प्रेम त्यसमा हुँदैन। (१यूहन्ना २:१५)

यसैकारण कोही ख्रीष्टमा छ भने ऊ एउटा नयाँ सृष्टि हो, पूराना कुराहरू बितिगएका छन्; हेर, सबै कुराहरू नयाँ भएका छन्"। (२कोरिन्थी ५:१७)

कुनैपनि साँचो विश्वासी सिद्ध भने हुँदैनन्। हामी सबैले नै पाप गर्दछौँ, तर हामीमा निरन्तर पापमा जिइरहने पापी जीवनशैली भने हुँदैन। जब कसैले विश्वास गर्दछ भने, ऊ प्रभु येशू ख्रीष्टको सेवा गर्नको निम्ति आफ्नो पापमय जीवनशैलीबाट फर्कन्छ। कोही जो परमेश्वरबाट जन्मेको छ भने उसले पापमय जीवनको अभ्यास गरिरहँदैन।

हरेक जो उहाँमा रहन्छ, उसले पाप गर्दैन; हरेक जसले पाप गर्दछ, त्यसले उहाँलाई देखेको छैन, न ता उहाँलाई चिनेको छ। (१यूहन्ना ३:६)

कोहीपनि व्यक्ति परमेश्वरसँग मिलाप गर्नका निम्ति(उद्धार गरिनलाई) उसले आफ्नो पापमय जीवनसँग व्यवहार गर्नुपर्दछ। प्रभू येशू ख्रीष्टमा विश्वास गर्नेका हृदयहरूले (विश्वास राख्ने) आफू पापी भएको स्वीकार गर्दछन् र आफ्नो पापको मूल्य तिर्नका निम्ति उहाँको मृत्युमा भरोसा गर्दछन्। सबैले पापका त्यस्ता पापमय तरीकाहरूबाट फर्किनुपर्दछ। यदि हामी पापमय जीवनशैलीमा नै रहिरहन्छौँ भने, हामीले परमेश्वरलाई चिनेका छैनौं। (१यूहन्ना ३:६,९,१०)। पापमय जीवनशैलीबाट फर्कीआउने त्यस रोजाइलाई कहिलेकाँही परमेश्वरको वचनमा पश्चाताप भनि जानिदँछ।

पश्चातापचाँही व्यवहारको आधारभूत परिवर्तन हो। पश्चाताप भन्नाले हामी सिद्ध हुनेछौँ भन्ने होइन, तर यसको अर्थ हाम्रो जीवनको पूर्ण ध्यानकेन्द्र परिवर्तन हुदँछ। विगतमा हामी पापद्वारा संचालित थियौं भने, अब हामीले परमेश्वरलाई हाम्रो जीवन नियन्त्रण गर्न सुम्पिदँछौं।

यसकारण तिम्रो यस दुष्टताबाट पश्चाताप गर, र परमेश्वरलाई प्रार्थना गर। (प्रेरित ८:२२क)

म (येशू) **धर्मीहरूलाई होइन, तर पापीहरूलाई पश्चातापको निम्ति बोलाउन आएको हुँ।** (लूका ५:३२)

यसकारण तपाईहरूका पाप मेटिनका लागि पश्चाताप गर्नुहोस् र फर्कनुहोस्; तब प्रभुको उपस्थितिबाट शीतल पार्ने समयहरू आउनेछन्; (प्रेरित ३:१९)

अनि यरुशलेमदेखी शुरु गरेर सबै जातीहरूका बीचमा उनैको नाममा पश्चाताप र पापहरूको क्षमाको प्रचार गरिनुपर्छ। (लूका २४:४७)

किनकी ईश्वरीय रीतिअनुसारको शोकले मुक्ति पाउनाका निम्ति पछुतो गर्नु नपर्ने किसिमको पश्चाताप उत्पन्न गराउँछ; तर संसारिक शोकले मृत्यु उत्पन्न गर्छ। (२कोरिन्थी ७:१०)

त तिमीहरूलाई भन्दछु, होइन; तर तिमीहरूले पश्चाताप गरेनौ भने तिमीहरू सबै त्यही प्रकारले नाश हुनेछौ। (लूका १३:३)

बाइबलिय पश्चातापचाँही प्रभू येशू ख्रीष्टलाई पछ्याउनका निम्ति आफ्नो पापमय जीवनशैलीबाट फर्किनु हो। यो चाँही एकको जीवनको दिशानिर्देशमा हुने पूर्ण परिवर्तन हो। जब हामीले साँचो रुपमा विश्वास (उद्धार गरिन) गर्ने निर्णय लिँदछौं, तब पवित्र आत्माले धार्मिक जीवन जिउनका निम्ति हामीलाई क्षमता, सामर्थ्य र निशाना

प्रदान गर्नुहुन्छ र हामीलाई प्रभु येशूको उपयोगी अनुयायी बनाउनुहुन्छ। यो हामीले आफ्नो इच्छामा गर्ने कुरा होइन। यो त हामीमा वास गर्नुहुने, हामीलाई डोहोर्याउनुहुने, सामर्थी बनाउनु हुने पवित्र आत्माको फल हो।

पश्चाताप मुक्ति प्राप्त गर्नका निम्ति अत्यावश्यक "कार्य" होइन। हामी परिवर्तन हुनाले उद्धार प्राप्त गर्ने होइन। जब हामी उद्धार गरिदँछौं, परमेश्वरको आत्मा हामीमा आउनुहुन्छ र हामीभित्र वास गर्नुहुन्छ। हामीभित्र वास गर्नुहुने परमेश्वरको आत्माबिना, हामी पापको दासत्व जीवनबाट मुक्त पारिदैँनौं।

जब हामी उद्धार गरिदँछौं, हामी प्रभु येशूको अनुयायी वा चेला बन्दछौँ। परमेश्वरको वचनले कसैलाई पनि विवेकपूर्ण रुपमा विश्वास गर्न अनुमति दिँदैन जबसम्म उसको आधारभूत व्यवहारहरूमा परिवर्तन आउँदैन। उहाँको अनुयायी भएको कारणले, उहाँ हाम्रो उद्धारक र प्रभु हुनुहुन्छ भनि हामी स्वीकार गर्दछौं। हामी "उहाँलाई प्रभु तुल्याउँदैनौं" कारण उहाँ पहिल्यै नै प्रभु हुनुहुन्छ। विश्वासी भएकाले गर्दा, हामी उहाँलाई पछ्याउन रोज्छौं। हाम्रो पापतर्फको व्यवहारमा परिवर्तन नगरिकन हामी प्रभु येशूको चेला हुन असम्भव छ।

रोमी १०:९-१०

यदि तिमीले आफ्नो मुखले प्रभु येशूलाई स्वीकार गर्यौ भने, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट बौराएर उठाउनुभयो भनि आफ्नो हृदयमा विश्वास गर्यौ भने तिमीले मुक्ति पाउनेछौ। किनकी धार्मिकताको निम्ति हृदयले विश्वास गरिन्छ, र मुक्तिका निम्ति मुखले स्वीकार गरिन्छ। (रोमी १०:९-१०)

बाइबलमा, येशूलाई "प्रभु येशू ख्रीष्ट" भनि ६० पटक परिचित गराइएको छ। उहाँलाई "प्रभु" भनि ६०० पटक परिचित गराइएको छ। "कायल" भन्ने शब्दले हामी परमेश्वरसँग सहमत छौँ भन्ने अर्थ दिँदछ। जब हामीले "येशू प्रभु हुनुहुन्छ" भनि स्वीकार गर्दछौं, तब हामी उहाँ प्रभु हुनुहुन्छ भनि सहमति जनाउँदछौं। पाप स्वीकार गर्नुचाँही परमेश्वरसँग सहमत हुनु हो। यो कुनै अधुरो मनले अनौपचारिक सहमति होइन तर यो त हृदयको गहिरोपनामा गरिएको विश्वास हो। हाम्रो हृदयमा, हाम्रो प्राणको भित्री भागदेखी, हामी विश्वास गर्छौं, र त्यस विश्वासले धार्मिकता ल्याउँदछ।

येशू प्रभु हुनुहुन्छ भनि हाम्रो हृदयबाट सहमति जनाउनुचाँही उहाँले सिकाउनुभएका कुराहरूलाई यत्नसाथ पछ्याउनु र अभ्यास गर्नु हो र जीवनयापन गर्नाको निम्ति उहाँको निर्देशनमा आफूलाई सुम्पनु हो। हामीमा दुई विभिन्न स्तर रहन सक्दैन। हामी एक कुरामा विश्वास गरेर अर्को खाले जीवनयापन गर्न सक्दैनौं। हामी हाम्रो भित्री प्राणदेखी नै विश्वास गर्छौं र हाम्रो जीवनशैलीबाट र वचनद्वारा खूलारुपमा स्वीकार गर्दछौं।

ख्रीष्टियनहरू "गोप्य विश्वासी" हुन आशा गरिदैँन। हामी येशू हाम्रो प्रभु हुनुहुन्छ र हामी हाम्रो पापमय जीवनशैलीबाट फर्केका छौँ र हामी उहाँद्वारा धर्मी ठहरिएका छौं भन्ने तथ्यलाई लुकाउन सक्दैनौं। हाम्रो जीवन र हाम्रो बोलीद्वारा ती प्रकट गरिदँछन्।

येशू प्रभु हुनुहुन्छ भनि स्वीकार गर्नुको अर्थ हाम्रो हृदय र हाम्रो जीवनशैलीद्वारा हामी परमेश्वरसँग उहाँ सबै अस्तित्वमा भएका कुराहरूमा – हामी समेत गरी - सर्वोच्च हुनुहुन्छ भनि सहमत हुँदछौं। जब उहाँलाई हामी प्रभु भनि स्वीकार गर्दछौं, तब हाम्रो जीवनमा शासन गर्ने अधिकार उहाँमा छ भनि हामी सहमत हुँदछौं, र त्यस शासनमा हामीले आफैलाई समर्पण गर्दछौं।

"साँचो रुपमा स्वीकार गर्नुचाँही शब्दहरू दोहोर्याउनुमात्र होइन, यो त हृदयको गहिरो दोषसिद्धि हो"।

(ईश्वरशास्त्र शब्दपुस्तिका, पृष्ठ ६८)

"*विश्वास गर्नु भन्नाले सामान्य रुपमा मानसिक सहमति जनाउनु मात्र होइन, तर पूर्ण शरिर र प्राण नै परमेश्वरमा फर्काउनु हो"।* (माउन्सको पूर्ण व्याख्यात्मक शब्दकोष। पृष्ठ ६२)।

किनकी प्रभुको नाम पुकार्ने हरेकले मुक्ति पाउनेछ। (रोमी १०:१३)

सात

आत्मिकी आशिषहरू

हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर र पिता धन्य होऊन्, जसले हामीलाई स्वर्गीय स्थानहरूमा सबै आत्मिक आशिषहरूले ख्रीष्टमा आशिषित पार्नुभएको छ; (एफिसी १:३)

हामी बचाइएका समयमा नै त्यहाँ धेरै असल कुराहरू हुन आउँदछ। यी कुराहरू हामीले जरुरी रुपमा महसुस गर्दैनौं , वा हामीले यसको "अनुभव" नै गर्दछौं, तर यिनीहरू नै विश्वासीका जीवनमा प्रमुख आशिषहरू हुन्।

जब एक मानिसले प्रभु येशू ख्रीष्टमा विश्वास गर्ने निर्णय गर्दछ, त्यहाँ प्राय हर्षका भावहरू उत्पन्न हुँदछन् वा त्यस निर्णयलाई साथ दिने आराम मिल्दछ। यो अति नै असल भावना हो। यद्यपि, महान् आशिषहरू आवश्यक रुपमा महसुस हुदैँनन्। शायद, एक नयाँ विश्वासीले भइरहेको सारा कुरा नबुझ्न सक्दछन्, तर परमेश्वरको वचनको ठीक शिक्षाको सिकाई, अध्ययन र पक्राईद्वारा उसको बुझाई बढ्दै जानेछ।

जब हामी उद्धार गराइदँछौं तब तलका कुराहरू हुन आउदँछन्। यी सबै नै भिन्न छन्; तरैपनि यी सबै एकै गाँठमा हुन आउदँछन् र एक-अर्कामा सम्बन्धित हुँदछन्।

१ *हामीलाई नयाँ जीवन प्रदान गरिदँछ – नवजीवन।*

आशिषहरूमध्येको सबैभन्दा महान् आशिषचाँही यो हो की हामीलाई नयाँ जीवन प्रदान गरिदँछ – अनन्त जीवन। अब उसो हाम्रो पापको कारणले हामी परमेश्वरको मृत्युको न्यायकोमुनि रहँदैनौं। परमेश्वरबाट अलग भई अनन्तताको लागी नरकमा रहनुको साटो, अब हामीसँग (वर्तमान काल) अनन्त जीवन रहेको छ। अनन्तताको जीवन सदासर्वदा रहिरहन्छ र हामी हाम्रो प्रभुसँग स्वर्गमा रहिरहनेछौं।

अनि तिमीहरूलाई अर्थात् अपराध र पापहरूमा मरेकाहरूलाई उहाँले जीवित पारिदिनुभयो; ती पापमै तिमीहरू बितेको समयमा, यस संसारको रीतिअनुसार, आकाशको अधिकारको शासक अर्थात् त्यस आत्माअनुसार हिँड्थ्यौ, जसले अहिले ती आज्ञा नमान्ने सन्तानहरूमा काम गर्छ; तिनीहरूकै वीचमा हामी सबैले शरिर र मनका लालसाहरू पूरा गर्दै बितेको समयमा आफ्ना शरिरका कुइच्छाहरूमा जीवन बितायौं, र स्वभावैले हामी पनि अरुजस्तै क्रोधका सन्तान थियौं। तर परमेश्वर, जो दया गर्नामा धनि हुनुहुन्छ, आफ्नो महान् प्रेमको कारणले, जसद्वारा उहाँले हामीलाई प्रेम गर्नुभयो, हामी अपराधहरूमा मरेकै भए भए तापनि उहाँले हामीलाई ख्रीष्टसँगै जीवित पार्नुभयो – अनुग्रहले तिमीहरूले मुक्ति पाएका छौ – (एफिसी २:१-५)

साँचो-साँचो म तिमीहरूलाई भन्दछु, जसले मेरो वचन सुन्छ र मलाई पठाउनुहुनेमाथि विश्वास गर्छ, ऊसँग अनन्त जीवन छ, र ऊ न्यायमा पर्नेछैन, तर मृत्युबाट जीवनमा सरिसकेको हुन्छ। (यूहन्ना ५:२४)

अनि म तिनीहरूलाई अनन्त जीवन दिन्छु; र तिनीहरू कहिल्यै नष्ट हुनेछैनन्; न ता कसैले तिनीहरूलाई मेरो हातबाट खोसेर लैजान्छ। (यूहन्ना १०:२८)

त्यहाँ पवित्र शास्त्रमा धेरै पूस्तकहरू छन् जसले हाम्रो नयाँ अनन्त जीवनको बारेमा शिक्षा दिँदछ। हामीले कहिल्यै पनि यी शिक्षाहरूलाई हाम्रा विचारहरूमा सामान्य र अनौपचारिक रुपमा लिन हुँदैन। हामीले निरन्तरताका साथ उहाँको आराधना गर्नुपर्दछ र उहाँले हामीलाई प्रदान गर्नुभएको त्यस अनन्तताको जीवनको उपहारको निम्ति धन्यवादी हुनुपर्दछ।

"पुनर्जन्म" भन्ने शब्दलाई परमेश्वरको वचनमा जीवनको उपहार भनि परिभाषा गरिएको छ।

हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर र पिता धन्य होऊन्, जसले आफ्नो ठूलो दयाअनुसार येशू ख्रीष्टको मरेकाहरूबाटको बौरीउठाइद्वारा एउटा जिउँदो आशाका निम्ति हामीलाई नयाँ गरी जन्माउनुभएको छ; (१पत्रुस १:३)

किनकी नाश हुने होइन, तर नाश नहुने वीउबाट परमेश्वरको जिउँदो र सधैँभरि रहने वचनद्वारा तिमीहरूले नयाँ जन्म पाएका छौ। (१पत्रुस १:२३)

हामीले यो जान्नु अतिआवश्यक छ की जीवनको उपहारचाँही पूर्णरुपमा परमेश्वरबाटको हो। यसलाई उपहारको रुपमा स्वीकार गरिनुपर्दछ। यसलाई आर्जन गर्न सकिन्न र हामी कुनैपनि कार्यद्वारा यसको लायकको हुन सक्दैनौं। हामीले गर्नसक्ने भनेको केवल यसलाई सित्तैंमाको उपहार भनि ग्रहण गर्नु हो।

"किनकी विश्वासद्वारा अनुग्रहले तिमीहरूले मुक्ति पाएका छौ, अनि यो तिमीहरू आफैबाटको होइन, यो परमेश्वरको दान हो; कामहरूबाट होइन, नत्रता कसैले घमण्ड गर्नेछ"। (एफिसी २:८-९)

तर जतिले उहाँलाई ग्रहण गरे, तिनीहरूलाई उहाँले परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो; अर्थात् तिनीहरूलाई , जसले उहाँको नाममा विश्वास गर्दछन्, जो न ता रगतबाट, न ता शरिरको इच्छाबाट, न ता मानिसको इच्छाबाट, तर परमेश्वरकोबाट जन।मेका हुन्। (यूहन्ना १:१२-१३)

मलाई पठाउनुहुने पिताले उसलाई नखिँचेसम्म कोही मानिस मकहाँ आउन सक्दैन; अनि म उसलाई अन्तिम दिनमा बौराएर उठाउनेछु। (यूहन्ना ६:४४)

२ *हामीलाई हाम्रो पापहरूको क्षमा प्रदान गरिएको छ।*

हामी उद्धार गरिएको क्षणमा नै हाम्रो सारा पाप – भूत, वर्तमान, र भविष्य – सदाको लागी क्षमा गरिदँछ। कस्तो आशिष र आनन्दको कारण !!!

हाम्रो पापहरू क्षमा गरिएका छन् भनि तलका पदहरूले स्पष्ट पार्दछन्;

... र उहाँका पुत्र येशू ख्रीष्टको रगतले हामीलाई सब पापबाट शुद्ध पार्छ। (१यूहन्ना १:७ख)

... तिमीहरूका सबै अपराधहरू क्षमा गरेर उहाँले तिमीहरूलाई उहाँसित जीवित पार्नुभएको छ; (कलस्सी २:१३ख)

उहाँले तिम्रा सबै अधर्महरू क्षमा गर्नुहुन्छ;... (भजनसंग्रह १०३:३क)

किनकी तिनीहरूका अधर्महरूतर्फ म कृपालु हुनेछु, र तिनीहरूका पापहरू र तिनीहरूका अपराधहरू म कहिल्यै सम्झना गर्नेछैनँ। (हिब्रु ८:१२) यर्मिया ३१:३४ र यशैया ४३:२५मा पनि हेर्नुहोस्।

पश्चिमदेखी पूर्वजति टाढो छ, त्यति नै उहाँले हाम्रा अपराधहरू हामीदेखी टाढो हटाउनुभएको छ। (भजनसंग्रह १०३:१२)

...उहाँले हाम्रा अधर्महरू वशमा पार्नुहुनेछ; अनि तपाईले तिनीहरूका सबै पापहरू समुन्द्रको गहिराइमा फालिदिनुहुनेछ। (मीका ७:१९ख)

...तिमीहरूका पापहरू सिन्दूरे रङ्गका भए तापनि ती हिँउजस्तै सेता हुनेछन्; ती गाढा राता भए तापनि ऊनजस्तै सेता हुनेछन्। (यशैया १:१८ख)

३ *हामीलाई परमेश्वरको धार्मिकता प्रदान गरिएको छ।*

जब हामी उद्धार गरिदँछौं, दुईवटा महत्वपूर्ण कुराहरू हुन आउँदछन्। पहिलो, हाम्रो सारा पापहरू – भूत, वर्तमान्, र भविष्य – क्षमा गरिदँछन्, र दोश्रो, परमेश्वरले हामीलाई उहाँको धार्मिकता प्रदान गरिदिनुहुँदछ। बचाइएका मानिसहरू परमेश्वरको सामु पूर्णरुपमा शुद्ध र धर्मीको रुपमा खडा हुँदछन्, हाम्रो आफ्नै धार्मिकताद्वारा होइन तर परमेश्वर आफैबाट प्रदान गरिएको धार्मिकताद्वारा खडा हुँदछन्। हामीमा केही स्तरको असल कुराहरू भएकोले गर्दा हामी बचाइएका होइनौं तर परमेश्वर आफैद्वारा प्रदान गरिएको धार्मिकताबाट हामी बचाइएका हुन्छौं। हामी अनन्ततासम्म परमेश्वरको साथ-साथ रहनेछौं कारण हामी स्वयमं परमेश्वर आफूबाटकै धार्मिकताहरू हौं।

धार्मिकता एक पारिभाषिक शब्द हो जसले परमेश्वरको सद्गुण, पापरहित, र पवित्रताको वर्णन गर्दछ। परमेश्वर पूर्णरुपले पवित्र, न्यायी र धर्मी हुनुहुन्छ। उहाँ, पापको कुनै दाग र चरित्रमा दुष्टता बिनाको, शिद्ध हुनुहुन्छ। परमेश्वर पूर्णरुपले पवित्र र शिद्ध हुनुहुन्छ। यो यही परीपूर्णता र शुद्धता हो जुन परमेश्वरले हामीलाई प्रदान गर्नुहुन्छ र यही नै हाम्रो मुक्तिको आधार हो।

किनकी उहाँ (येशू)**मा हामी परमेश्वरका धर्मिकता बन्न पाऔं भनेर पापै नजान्नुहुनेलाई परमेश्वरले हाम्रा निम्ति पाप तुल्याउनुभयो।** (२कोरिन्थी ५:२१)

तर जसले काम गर्दैन, तर भक्तिहिनलाई धर्मी ठहराउनुहुनेमाथि विश्वास राख्छ, उसका निम्ति उसको विश्वास धार्मिकता ठहरिन्छ। परमेश्वरले जसलाई कामबिना धर्मी ठहराउनुहुन्छ, त्यस मानिसको धन्यतालाई दाउदले पनि यसरी बयान गरेका छन्; (रोमी ४:५-६)

किनकी एउटै बलिदानद्वारा उहाँले पवित्र पारिएकाहरूलाई सदाको निम्ति सिद्ध पार्नुभएको छ। (हिब्रु १०:१४)

'तिम्रा सन्तान यस्तै हुनेछन्' भनि भनिएको वचन अनुसार धेरै जातिहरूका पिता हुनका निम्ति उनले निराशामा पनि आशा राखेर विश्वास गरे; अनि यसैकारण उनका निम्ति यो कुरा धार्मिकता गनियो। अनि 'उनका उनका निम्ति यो धार्मिकता गनियो' भन्ने कुराचाँही उनका निम्ति मात्र लेखिएको होइन, "तर हाम्रा निम्ति पनि; हामीले पनि हाम्रा प्रभु येशूलाई मरेकाहरूबाट बौराएर उठाउनुहुनेमाथि विश्वास गर्यौं भने हामीलाई पनि यो धार्मिकता दिइनेछ"। (रोमी ४:१८, २२-२४)

किनकी म ख्रीष्टको सुसमाचारसँग लजाउँदिनँ; किनकी विश्वास गर्ने हरेकका लागी – पहिले यहूदीका लागी र ग्रीकका लागी पनि – मुक्तिका निम्ति यो परमेश्वरको सामर्थ्य हो। किनकी यसैमा विश्वासद्वारा विश्वासका

निम्ति परमेश्वरको धार्मिकता प्रकट भएको छ, जसरी लेखिएको छः "धर्मी जन विश्वासद्वारा जिउनेछ"। (रोमी १:१६-१७)

व्यवस्थाबाट हुने आफ्नै धार्मिकता भएकोले होइन, तर ख्रीष्टमाथिको विश्वासद्वारा हुने धार्मिकताले अर्थात् परमेश्वरको धार्मिकता, जो विश्वासद्वारा प्राप्त हुन्छ। (फिलीप्पी ३:९)

४ *हामीलाई क्षमा योग्य तुल्याइएको छ।*

निर्दोषिकरण परमेश्वरको कार्य हो जसद्वारा एउटा पापीलाई, धार्मिकता प्रदान गरिदँछ, र धर्मी ठहराइदँछ। यस धार्मिकताको घोषणाचाँही येशूको क्रुसको मृत्युद्वारामात्र सम्भव पारिएको छ। यसलाई कमाउन वा आर्जन गर्न सकिदैँन। हामीले आफैलाई योग्य तुल्याउन सक्दैनौं। यो उहाँको प्रेम र उहाँको अनुग्रहमा मात्रै आधारित छ।

जब कसैलाई क्षमा योग्य तुल्याइन्छ वा धर्मी घोषणा गरिदँछ, यसले कसैको चरित्र वा कार्यको बयान गर्दैन, तर परमेश्वरको अघि न्यायको निम्ति खडा भएको जनाउँदछ।

जब कोही क्षमा योग्य तुल्याइदँछ, उसलाई उसको सबै अधर्मदेखी दोषमुक्त गरिदँछ। न्यायीरुपमा हाम्रो विवरण शुद्ध हुँदछन्। हामीमा कुनै अभियोग रहदैँन। यद्यपि, निर्दोषिकरण सरल रुपमा दोषबाट स्वतन्त्र हुनु वा निष्कृय हुनुभन्दा अधिक रुपमा – धर्मी घोषणा गरिनु हो। परमेश्वरबाट माग गरिएको पवित्रतालाई यसले सन्तुष्टता प्रदान गर्दछ र हामीलाई उद्धार गरिनका निम्ति योग्य बनाउँदछ र परमेश्वरसँग संगति गर्न र उहाँसँग हिड्न सक्षम पार्दछ। निर्दोषिकरण चाँही परमेश्वरबाटको निरन्तर गरिने कार्य हो। हामीलाई निरन्तर रुपमा धर्मी ठहराइदँछ।

यसकारण विश्वासद्वारा धर्मी ठहरिएका हुनाले हाम्रा प्रभु येशू ख्रीष्टद्वारा परमेश्वरसँग हाम्रो मेलमिलाप भएको छ। (रोमी ५:१)

किनकी सबैले पाप गरेका छन् र परमेश्वरको महिमारहित हुन गएका छन्, र उहाँको अनुग्रहद्वारा ख्रीष्ट येशूमा भएको छुटकाराको कारणले तिनीहरू सित्तैँमा धर्मी ठहरिन्छन्; (रोमी ३:२३-२४)

यसकारण अब उहाँको रगतद्वारा धर्मी ठहरिएका हुनाले झन् बढ्ता गरी हामी उहाँद्वारा क्रोधबाट बचाइनेछौं। (रोमी ५:९)

यसकारण व्यवस्थाका कामहरूबिना, विश्वासद्वारा नै मानिस धर्मी ठहरिन्छ भन्ने निष्कर्षमा हामी आइपुग्छौं। (रोमी ३:२८)

५ *हामी मुक्त गरिएका छौं।*

मूलरुपमा, मुक्त गरिनुको अर्थ मूल्य चुकाई दासत्वबाट मुक्त पारिनु हो। बाइबलमा, "मुक्त" भन्ने शब्दलाई दुवै संसारिक र आत्मिकी भावमा प्रयोग गरिएको छ। जब नयाँ नियमा यसलाई आत्मिकी भावमा प्रयोग गरिएको छ, यसले पापको शक्तिबाट स्वतन्त्रता गरिएको भन्ने अर्थ प्रदान गर्दछ। किनभने उहाँको प्रेम, अनुग्रह, र क्षमाद्वारा, येशूले हामीलाई पापको दासत्वबाट मुक्त पार्नुभयो र उहाँसँग संगति गर्न , उहाँको स्तुति गर्न, र उहाँलाई सेवा गर्नको निम्ति स्वतन्त्रता प्रदान गर्नुभयो। हाम्रो मुक्तिको निम्ति ऋण चुकाउनका निम्ति तिरिएको मूल्यचाँही उहाँको रगत हो जुन क्रुसमा बहाइएको थियो।

उहाँमा हामीले, उहाँको अनुग्रहको धनअनुसार उहाँको रगतद्वारा छुटकारा अर्थात् पापहरूको क्षमा पाएका छौं; जुन अनुग्रह उहाँले सारा बुद्धि र समझमा हामीलाई प्रशस्त गरी दिनुभयो। (एफिसी १:७-८)

किनकी तिमीहरू जान्दछौ – तिमीहरूका पितापुर्खाहरूदेखी चलिआएको तिमीहरूको व्यर्थको चालचलनबाट तिमीहरूले चाँदी र सुनजस्ता नाश हुने चीजहरूद्वारा छुटकारा पाएका होइनौ; तर निर्दोष र निष्कलङ्क थूमाको रगत अर्थात् ख्रीष्टको बहुमूल्य रगतद्वारा छुटकारा पाएका हौ। (१पत्रुस १:१८-१९)

जसले हामीलाई अन्धकारको सामर्थ्यबाट छुटकारा दिनुभएको छ र आफ्नो प्रिय पुत्रको राज्यभित्र सार्नुभएको छ; उहाँमा हामीले उहाँको रगतद्वारा छुटकारा अर्थात् पापहरूको क्षमा पाएकका छौं; किनभने स्वर्गमा भएका र पृथ्वीमा भएका कुराहरू, देखिने र नदेखिने कुराहरू, चाहे सिंहासनहरू, चाहे प्रभुताहरू, चाहे प्रधानहरू, चाहे अधिकारीहरू, सबै उहाँहरूद्वारा नै सृष्टि गरिएका हुन्; सबै कुराहरू उहाँद्वारा र उहाँकै निम्ति सृष्टि गरिएका हुन्; (कलस्सी १:१३-१४)

किनभने मानिसका पुत्र पनि सेवा गरिनलाई होइन, तर सेवा गर्न र धेरैको सट्टामा छुटकाराको दामको निम्ति आफ्नो प्राण दिन आए। (मर्कुस १०:४५)

यसकारण, हामी पापको शक्तिदेखी मुक्त गरिएकोले गर्दा, अबउसो हामीले मुक्ति पाएका मानिसलेझैं गरी जीवन जिउनुपर्दछ। हामी *ईश्वरीय विरुद्धका र संसारिक अनुरागहरूलाई "हुँदैन"* भन्दछौं, *र स्व-नियन्त्रित, सिधा, र ईश्वरीय जीवन जिउदँछौं*।

र हामीलाई यो सिकाउँछ – अभक्ति र संसारिक अभिलाषाहरू इन्कार गरेर यस वर्तमान संसारमा हामीले आत्मसंयम, धार्मिकता र भक्तिसाथ जिउनुपर्छ; र त्यस धन्य आशाको, र हाम्रा महान् परमेश्वर र मुक्तिदाता येशू ख्रीष्टको महिमापूर्ण आगमनको बाटो हेर्दै जिउनुपर्छ। हामीलाई सबै अधर्मबाट छुटकारा दिनालाई र असल-असल कामहरूमा जोशिलो भएको एउटा विशेष जातिलाई आफ्नै निम्ति शुद्ध पार्नालाई उहाँले आफैलाई हाम्रा निम्ति दिहाल्नुभयो। (तीतस २:१२-१४)

६ हामी परमेश्वरसित मेलमिलाप गराइदँछौं।

मूलरुपमा, मेलमिलाप भन्नाले असंगतिका श्रोत वा कारण हटाइ दुई वा सोभन्दा बढी व्यक्तिलाई एकता, अनुरुपता, वा सहमतिमा ल्याउनु हो। यसले शान्तिको सम्बन्ध स्थापना गर्दछ जुन यस अघि रहेको थिएन।

आत्मिकी भावमा, परमेश्वरले आफू र उहाँमा विश्वास गर्ने वीचमा शत्रुता हटाई दिनुहुन्छ। परमेश्वरले, येशू ख्रीष्टको क्रुसको मृत्युको सट्टामा पापपूर्ण मानिसहरूलाई अनुग्रह प्रदानको अभ्यास गर्नुहुँदछ, जसद्वारा उहाँले पापपूर्ण मानिस र उहाँवीचमा रहेको अलगपनताको सिमालाई हटाइदिनुहुन्छ। परमेश्वर र उहाँमाथि विश्वास गर्ने मानिसहरूका वीचमा मेलमिलापले वैरभाव र शत्रुताको सिमालाई पूर्णरुपमा हटाइदिँदछ। परमेश्वरको पूर्ण शान्तिका निम्ति अब कुनै बाधाहरू छैनन्।

तर अब मृत्युद्वारा आफ्नो मासुको शरिरमा उहाँले तिमीहरूको मिलाप गराउनुभएको छ, तिमीहरूलाई आफ्ना सामु पवित्र, निष्कलङ्क र निर्दोष उपस्थित गराउनका निम्ति – (कलस्सी १:२२)

तर अब ता ख्रीष्ट येशूमा तिमीहरू, जो बितेको समयमा टाढा थियौ, ख्रीष्टको रगतद्वारा नजिक पारिएका छौ। किनकी उहाँ हाम्रा मेलमिलाप हुनुहुन्छ, उहाँले दुवैलाई एक बनाउनुभयो, र बीचको अलग पार्ने भित्ता भत्काइदिनुभयो। अनि मेलमिलाप गराएर आफैमा दुईजनाबाट एउटा नयाँ मानिस सृष्टि गर्नका निम्ति उहाँले

बिधिबिधानहरूमा भएका आज्ञाहरूको व्यवस्था अर्थात् शत्रुता आफ्नै शरिरमा मेटाइदिनुभयो; अनि क्रुसद्वारा एउटा शरिरमा दुवैलाई परमेश्वरसँग मिलाप गराउनाका निम्ति उहाँले शत्रुतालाई त्यस क्रुसद्वारा नाश गर्नुभयो; (एफिसी २:१३-१६)

किनकी शत्रु हुँदाखेरि उहाँको पुत्रको मृत्युद्वारा परमेश्वरसित हाम्रो मिलाप भयो भने मिलाप भएपछि ता झन् बढ्ता गरी उहाँको जीवनद्वारा हामी बचाइनेछौं। अनि यति मात्र होइन, तर हाम्रा प्रभु येशू ख्रीष्टद्वारा हामी परमेश्वरमा आनन्द पनि मनाउँछौं, उहाँद्वारा अब हामीले मिलाप पाएका छौं। (रोमी ५:१०-११)

अनि सबै कुराहरू परमेश्वरबाटका हुन्, जसले येशू ख्रीष्टद्वारा आफूसँग हाम्रो मिलाप गराउनुभएको छ, र हामीलाई मिलापको सेवा दिनुभएको छ; अर्थात् परमेश्वरले ख्रीष्टमा भईकन आफूसित संसारको मिलाप गराउनुभयो, तिनीहरूसित तिनीहरूका अपराधहरूको हिसाब लिनुभएन र हामीलाई मिलापको वचन सुम्पनुभएको छ। यसकारण अब हामी ख्रीष्टका राजदूतहरू हौं, मानो परमेश्वरले हामीद्वारा विन्ती गरिरहनुभएको छ; हामी ख्रीष्टको सट्टामा विन्ती गर्दछौः 'परमेश्वरसँग मिलाप गर'। (२कोरिन्थी ५:१८-२०)

त्यस समयमा तिमीहरू ख्रीष्टविहिन थियौ, इस्राएलको नागरिकताबाट अलग, प्रतिज्ञाका वाचाहरूबाट पराई, आशा नभएका र संसारमा परमेश्वररहित थियौ। तर अब ता ख्रीष्ट येशूमा तिमीहरू, जो बितेको समयमा टाढा थियौ, ख्रीष्टको रगतद्वारा नजिक पारिएका छौ। किनकी उहाँ हाम्रा मेलमिलाप हुनुहुन्छ, उहाँले दुवैलाई एक बनाउनुभयो, र बीचको अलग पार्ने भित्ता भत्काइदिनुभयो। (एफिसी २:१२-१४)

७ *हामी उहाँको परिवारमा परमेश्वरका छोराहरू "र छोरीहरू"का रुपमा अपनाइएका छौं।*

उद्धार पाउनुको सबैभन्दा अमूल्य आशिषचाँही हामी परमेश्वरको परिवारमा अपनाइएका छौँ। विश्वव्यापी रुपमा परमेश्वरको परिवारको अंश हुन पाउनु यो कस्तो आशिष । हामीसँग प्रेम गर्ने स्वर्गिय पिता हुनुहुन्छ र संसारभरिकै विश्वासीजनहरू हुनुहुन्छ जो हाम्रो दाजु-भाइ र दिदी-बहिनीहरू हुनुहुन्छ। कुनै समयमा हामी सबैले नै यी सबैजनालाई भेट्ने अवसर पाउनेछौं।

तर जतिले उहाँलाई ग्रहण गरे, तिनीहरूलाई उहाँले परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो; अर्थात् तिनीहरूलाई , जसले उहाँको नाममा विश्वास गर्दछन्, (यूहन्ना १:१२)

हेर त, पिताले हामीलाई कस्तो किसिमको प्रेम प्रदान गर्नुभएको छ – हामी परमेश्वरका सन्तान कहलिँदछौं; (१यूहन्ना ३:१क)

हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर र पिता धन्य होऊन्, जसले हामीलाई स्वर्गीय स्थानहरूमा सबै आत्मिक आशिषहरूले ख्रीष्टमा आशिषित पार्नुभएको छ; त्यसरी नै हामी उहाँको सामु प्रेममा पवित्र र निर्दोष होऔं भनेर उहाँले हामीलाई संसारको उत्पत्तीभन्दा पहिल्यै ख्रीष्टमा चुन्नुभयो; अनि आफ्नो इच्छाको शुभ अभिप्रायअनुसार ख्रीष्ट येशूद्वारा हामीलाई आफ्ना निम्ति पहिल्यै धर्म-पुत्रहरू ठहराउनुभयो, (एफिसी १:३-५)

हामी धर्मपुत्र हुन पाऔं भनेर यस व्यवस्थाको अधिनतामा भएकाहरूलाई दाम तिरी छुटकारा दिनालाई जन्मनुभयो। अनि तिमीहरू पुत्र भएका हुनाले परमेश्वरले 'हे अब्बा, हे पिता' भन्दै पुकार्ने आफ्नै पुत्रका आत्मा तिमीहरूका हृदयभित्र पठाउनुभएको छ। यसकारण अब उसो तिमीहरू दास होइनौ, तर पुत्र हौ; अनि पुत्र हौ भने ख्रीष्टद्वारा परमेश्वरका हकवाला पनि हौ। (गलाती ४:५-७)

"अब्बा" हिब्रु संस्कार अनुसार माया स्नेह देखाउने पारिभाषिक शब्द थियो। कोही-कोहीले यस "अब्बा" शब्दलाई हाम्रो "बुबा" शब्दसँग तुलना गर्दछन्। वाह, हाम्रो पिताबाट यस प्रकारको प्रेम प्राप्त गर्न पाउने यो हामीलाई प्रदान गरिएको कस्तो असल आशिष।

किनकी फेरी डराउनका निम्ति तिमीहरूले बन्धनका आत्मा पाएका छैनौ; तर तिमीहरूले धर्मपुत्र तुल्याउनुहुने आत्मा पाएका छौ, जसद्वारा हामी, हे अब्बा ! हे पिता ! भनि पुकार्दछौं। (रोमी ८:१५)

विश्वासी भएकाले, हाम्रो पितासँगको हाम्रो सँगतिमा मात्र होइन, हामी हाम्रो विश्वासीजनहरूसँग हुने संगति र साथमा पनि आनन्द मनाउँदछौं।

तिमीहरूले पनि हामीसँग सङ्गति पाओ भनेर हामीले जे देखेका र सुनेका छौं, सो कुरा तिमीहरूलाई सुनाउँछौं। अनि हाम्रो संगति साँच्चै पितासँग र उहाँका पुत्र येशू ख्रीष्टसँग छ। (१ यूहन्ना १:३)

भाइहरूलाई निष्कपट प्रेम गर्नाका लागी आत्माद्वारा सत्यता पालन गरेर तिमीहरूले आफ्ना मनहरूलाई शुद्ध पारेका छौ; यसैकारण एक-अर्कालाई चोखो हृदयले गहिरो प्रेम गर; (१पत्रुस १:२२)

यसकारण एक-अर्कालाई सान्त्वना देओ, र एउटाले अर्काको उन्नति गर, जो तिमीहरूले गर्दैछौ पनि। (१थेस्सोलोनिकी ५:११)

परमेश्वरको वचनमा "एक-अर्का" भन्ने शब्द धेरै पटक प्रयोग भएको पाइन्छ। परमेश्वरको परिवारको सदस्य हुन पाउनु सबैभन्दा ठूलो आशिष हो।

८ हामी ख्रीष्टको शरिरको अङ्ग बनाइएका छौं – मण्डली।

घनिष्ठ रुपले परमेश्वरको परिवारको सदस्य हुनुको सत्यताचाँही, जब हामी उद्धार गरिदँछौं, परमेश्वरको आत्माले हामीलाई उहाँको आफ्नै शरिरमा -- *मण्डली* बप्तिष्मा दिनुहुन्छ। सबै साँचो रुपमा उद्धार पाएका व्यक्ति, विश्वव्यापि रुपमा, उहाँको शरिरको अङ्ग बनाइदँछन्।

यो टिपप्णी गर्न उत्तम हुन्छ की परमेश्वरको आत्माद्वारा बप्तिष्मा गराइनुचाँही उहाँको शरिरको अङ्ग बनाउनु हो। धेरै मानिसहरूले विश्वास गरेका अन्य भाषाहरूसँग यसले कुनै सम्बन्ध राख्दैन। कसैले पनि काननीरुपमा यो शिक्षा दिन सक्दैन की परमेश्वरको आत्माद्वारा बप्तिष्मा दिई ख्रीष्टको शरिरमा ढालिनाले "अन्य भाषाहरू" बोल्न सक्षम हुँदछन्। परमेश्वरको वचनले यी कुराहरूको शिक्षा दिँदैन।

किनकी शरिर एउटै हुन्छ, तर त्यसका अङ्गहरू धेरै हुन्छन्; अनि त्यस एउटा शरिरका सबै अङ्गहरू, धेरै भए तापनि एउटै शरिर हुन्; ख्रीष्ट पनि त्यस्तै हुनुहुन्छ। किनकी चाहे हामी यहूदी हौं चाहे ग्रीक, चाहे हामी कमारा हौं चाहे स्वतन्त्र, हामी सबै एउटै आत्माद्वारा एउटै शरिरभित्र बप्तिष्मा भयौं; र सबैलाई एउटै आत्माभित्र पिउन दिइयो। (१कोरिन्थी १२:१२-१३)

वा हामीहरूमध्ये जतिजनाले येशू ख्रीष्टभित्र बप्तिष्मा लियौं, उहाँकै मृत्युभित्र बप्तिस्मा लिएका थियौं भन्ने कुरा के तिमीहरूलाई थाह छैन? यसकारण हामी उहाँसँगै बप्तिष्माद्वारा मृत्युभित्र गाडियौं; र जसरी पिताको महिमाद्वारा ख्रीष्ट मरेकाहरूबाट बौराइनुभयो, त्यसरी नै हामी पनि जीवनको नयाँपनामा हिँडन्नुपर्दछ। (रोमी ६:३-४)

तिनीहरूका आँखा खोल्नाका लागी, अनि तिनीहरूलाई अन्धकारबाट ज्योतितिर र शैतानको अधिकारबाट परमेश्वरतिर फिराउनका लागि; र तिनीहरूले पापहरूको क्षमा र ममाथि राखिएको विश्वासद्वारा पवित्र हुनेहरूका बीचमा पैतृक-सम्पत्ति पाऊन्। (प्रेरित २६:१८)

अब तिमीहरू ख्रीष्टको शरिर हौ,र एक-एक गरी चाँही अङ्गहरू हौ। (१कोरिन्थी १२:२७)

९ *हामी पवित्र पारिएका छौं।*

पवित्र हुनुको अर्थ पाप र दुष्टताबाट छुटिनु हो र अलग भएर परमेश्वरसँग रहनु हो। हामीले पहिले पनि भनेका छौं, हामी उद्धार गरिएकै क्षणमा हामीलाई उहाँको धार्मिकता प्रदान गरिएको थियो। अब हामी परमेश्वरसँग आबद्द भएका छौं। परमेश्वरबाट उहाँमा रहनका लागी बोलाइएको, यो कस्तो उच्च वोलावट र लाभ। योभन्दा उच्च वोलावट अरु कुनै छैन।

स्थिती सम्बन्धमा, जुन क्षणमा नै हामी उद्धार गरियौँ, हामी पवित्र पारिएका छौँ, वा परमेश्वरका निम्ति अलग पारिएका छौँ। यद्यपि, पवित्रताको पनि व्यवहारिक पाटो हुने गर्दछ। जब हामी परमेश्वरसँगको हाम्रो हिँडाईमा अघि बढ्दै जादँछौँ वा जब हामी हाम्रो आत्मिकी जीवन, विचार, व्यवहार, र कार्यमा परिपक्क हुदैँ जादँछौँ तब हामी परमेश्वरलाई अझ प्रशन्न पार्दै जादँछौँ। जब हामी हाम्रो ईश्वरिय जीवनमा बढ्दै जान्छौँ तब हामी हाम्रो पवित्रतामा पनि बढ्दै जान्छौँ। हाम्रा कार्यहरू अझ पवित्र हुँदछन्। हामी अझ ख्रीष्टजस्तै हुदैँ जादँछौँ। अन्ततः जब हामी हाम्रो प्रभुसँग रहन जानेछौँ, तब हामी पूर्णरुपमा पवित्र वा पूर्णतया पवित्रतामा ढालिनेछौँ।

अनि तिमीहरूमध्ये कतिजना यस्तै थियौ; तर तिमीहरू धोइएका छौ, तर तिमीहरू प्रभु येशूको नाममा र हाम्रा परमेश्वरका आत्माद्वारा धर्मी ठहरिएका छौ। (१कोरिन्थी ६:११)

किनकी एउटै बलिदानद्वारा उहाँले पवित्र पारिएकाहरूलाई सदाको निम्ति सिद्ध पार्नुभएको छ। २२ आओ, साँचो मनले, विश्वासको पूरा निश्चयतामा, दुष्ट विवेकबाट शुद्ध हुनालाई आफ्ना हृदयहरूमा छिट्काउ लिएर र आफ्ना शरिरहरूलाई शुद्ध जलले धोएर हामी नजिकमा जाऔँ। (हिब्रु १०:१४)

परमेश्वरको इच्छाद्वारा येशू ख्रीष्टका प्रेरित हुनालाई बोलाइएका पावल र भाइ सोस्थेनेसबाट, कोरिन्थमा भएको परमेश्वरको मण्डलीलाई अर्थात् उनीहरूलाई, जो ख्रीष्ट येशूमा पवित्र पारिएका छन्, पवित्र जन हुनालाई बोलाइएका छन्; ती सबैका साथमा, जसले हरेक ठाउँमा हाम्रा प्रभु – उनीहरू र हामी दुवैमा प्रभु येशू ख्रीष्टको नाम पुकार्दछन्; (१कोरिन्थी१:१-२)

तपाईको सत्यद्वारा तिनीहरूलाई पवित्र पार्नुहोस्; तपाईको वचन सत्य हो। जसरी तपाईले मलाई संसारमा पठाउनुभएको छ, उसरी नै मैले पनि तिनीहरूलाई संसारमा पठाएको छु। अनि तिनीहरू पनि सत्यद्वारा पवित्र होऊन् भनि म आफूलाई तिनीहरूका निम्ति पवित्र गर्दछु। (यूहन्ना १७:१७-१९)

१० *परमेश्वरको आत्मा हामीभित्र वास गर्न आउनुहुन्छ।*

हामी उद्धार गरिएका क्षणमा नै, परमेश्वरको आत्माले हामीमा अन्तर्निवास गर्नुहुन्छ। उहाँ हाम्रो स्थायी सहयात्री बन्नुहुन्छ। साँचो ख्रीष्टियनहरूले आत्माको खोजी गर्नुपर्दैन। उहाँ पूर्णतामा हामीभित्र नै रहनुहुन्छ। हामीभित्र पवित्र आत्माको केही अंशमात्र वास गर्नुहुने होइन, उहाँको पूर्णता हामीसँग रहन्छ। ख्रीष्टको अनुयायी भएकाले गर्दा हाम्रो कर्तव्यचाँही उहाँको नेतृत्वमा आफैलाई सुम्पनु हो र हाम्रो जीवन उहाँलाई नियन्त्रण गर्न

समर्पण गर्नु हो। हामीलाई अझ धेरै पवित्र आत्माको खाँचो पर्दैन; हामीले आफूलाई अझ धेरै गरी पवित्र आत्मामा सुम्पनुपर्दछ।

अनि म पितालाई प्रार्थना गर्नेछु, र उहाँले अर्को शान्तिदाता, उहाँ सधैँभरि तिमीहरूसँगै रहून् भनेर तिमीहरूलाई दिनुहुनेछ; अर्थात् सत्यको आत्मा, जसलाई संसारले ग्रहण गर्न सक्दैन; किनभने त्यसले न ता उहाँलाई देख्छ, न उहाँलाई चिन्छ; तर तिमीहरूले उहाँलाई चिन्छौ, किनकी उहाँ तिमिहरूसित रहनुहुन्छ, र तिमीहरूभित्र हुनुहुनेछ। (यूहन्ना १४:१६-१७)

तिमीहरू परमेश्वरका मन्दिर हौ, र परमेश्वरका आत्मा तिमीहरूभित्र वास गर्नुहुन्छ – के यो कुरा तिमीहरूलाई थाह छैन? (१कोरिन्थी ३:१६)

व्यभिचारदेखी भाग ! हरेक पाप जो मानिसले गर्दछ, त्यो शरिरदेखी बाहिर हुन्छ; तर जसले व्यभिचार गर्दछ, त्यसले आफ्नै शरिरको विरोधमा पाप गर्दछ। अथवा के यो तिमीहरूलाई थाह छैन? तिमीहरूको शरिर पवित्र आत्माको मन्दिर हो, जो तिमीहरूभित्र हुनुहुन्छ, जसलाई तिमीहरूले परमेश्वरबाट पायौ, र तिमीहरू आफैका होइनौ; किनकी तिमीहरू दाम तिरेर किनिएका हौ। यसकारण आफ्नो शरिर र आफ्नो आत्मामा परमेश्वरको महिमा गर, जो परमेश्वरका हुन्। (१कोरिन्थी ६:१८-२०)

तर साँच्चै परमेश्वरका आत्मा तिमीहरूभित्र वास गर्नुहुन्छ भने तिमीहरू शरिरमा छैनौ, तर आत्मामा छौ। तर कुनै मानिससँग ख्रीष्टका आत्मा हुनुहुन्न भने त्यो उहाँको होइन। (रोमी ८:९)

पवित्र आत्माको अन्तर्निवास र पवित्रआत्माद्वाराको पूर्णतामा, हामी होशीयार हुनुपर्दछ। सबै उद्धार गरिएका मानिसहरूमा पवित्र आत्माले वास गर्नुहुन्छ। हामीले कहिल्यै पनि हामीभित्र वास गर्नुहुने पवित्रआत्मालाई "गुमाउँदैनौं"। पवित्र आत्माले भरपुर हुनु भनेको पवित्र आत्माको नेतृत्व र नियन्त्रणमा समर्पण हुनु हो। हामीमा स्थायी रुपमा पवित्रआत्माले वास गर्नुहुँदा, हामी स्थायी रुपमा भरपुर भने नहुन पनि सक्दछौं। समय-समयमा ख्रीष्टियनले पनि आफ्नो जीवनमा पवित्र आत्माको कार्यको प्रतिरोध र अवरोध गर्न सक्दछन्, र कुनै समयमा पवित्रआत्माले भरपुर नहुन सक्दछ र पवित्रआत्माको नियन्त्रणमा नहुन पनि सक्दछ।

कुनै शिक्षाहरू अनुसार परमेश्वरको आत्माले भरपुर हुनु र "अन्य भाषाहरू" बोल्नुबीचमा कुनै सम्बन्ध रहेको हुँदैन।

११ *हामीलाई आत्मिकी उपहार प्रदान गरिएको छ।*

उद्धारको समयमा, परमेश्वरको आत्माले हामीलाई उहाँको सेवा गर्नका निम्ति विशेष खूबी र क्षमताले उहाँको शरिरको (मण्डली) सदस्यहरूको सेवा गर्न र यसलाई बढाउनका लागी भनेर सुसज्जित पार्नुहुदँछ। उहाँको स्व-इच्छा अनुरुप र उद्देश्य अनुसार नै, उहाँले हामीलाई शरिरमा जहाँ राखिएको उहाँ चाहनुहुन्छ त्यहाँ नियुक्त गर्नुहुन्छ, र उहाँले हामीलाई सुसज्जित पार्नुहुन्छ र सामर्थ्य प्रदान गर्नुहुन्छ ताकी हामी उहाँको इच्छा अनुसार नै उहाँको सेवा गर्न सकौं। "आत्मिकी उपहार" यस पारिभाषिक शब्दले परमेश्वरले उहाँको सेवा गर्नको निम्ति हामीलाई दिनुभएको विशेष क्षमता वा खूबी भनि अर्थ प्रदान गर्दछ।

आत्मिकी उपहार चाँही पवित्र आत्माद्वारा विश्वास गर्ने व्यक्तिलाई प्रदान गरिएको सामर्थ्यी क्षमता हो जसद्वारा परमेश्वरको आत्माले उहाँको शरिरको अरु अङ्गहरूमा त्यसद्वारा कार्य गर्नुहुन्छ।

ख्रीष्टको शरिरका सदस्यहरूको बीचमा सेवा गर्ना सकौँ भनेर हामीलाई आत्मिकी उपहार प्रदान गरिदँछन्। हामीले आफ्नै तारिफ गर्न वा आफूलाई उच्च पार्नका निम्ति भनेर हामीलाई यस आत्मिकी उपहारहरू प्रदान गरिएका होइनन्। जब परमेश्वरले योजना अनुसार हामीले अरुहरूको सेवा गर्नको निम्ति यस आत्मिकी उपहारको प्रयोग गर्दछौँ तब हामी बढ्दै जान्छौँ र आशिषित हुदैँ जादँछौँ। आफ्नै महिमाको खातिर उपहारको प्रयोग गर्ने प्रयास परमेश्वरबाटको होइन र जसले थोरै वा कति पनि आत्मिकी फल फलाउँदैन।

हरेकले पाएको वरदानअनुसार, परमेश्वरका नाना प्रकारका अनुग्रहका असल भण्डारीहरूझैँ तिमीहरूले त्यो वरदान एक-अर्काको सेवामा लगाओ। (१ पत्रुस ४:१०)

तर सबैलाई फाइदा होस् भनेर हरेकलाई आत्माको प्रकाश दिइन्छ। (१कोरिन्थी १२:७)

उसरी नै हामी, धेरै भएर पनि हामी ख्रीष्टमा एउटै शरिर हौँ, र हरेक एक-अर्काका अङ्ग हौँ। तब हामीलाई दिइएको अनुग्रहअनुसार हामीले बेग्ला-बेग्लै किसिमका दानहरू पाएका छौँ; भविष्यवाणीको दान हो भने विश्वासको मात्राअनुसार भविष्यवाणी गरौँ; (रोमी १२:५-६)

अब तिमीहरू ख्रीष्टको शरिर हौ,र एक-एक गरी चाँही अङ्गहरू हौ। (१कोरिन्थी १२:२७)

ख्रीष्टियन जीवनका आशिषहरू निरन्तर बढ्दै जानसक्छन्। यो अति नै समृद्ध अध्ययन हो। हामीले आनन्द मनाउनका निम्ति हामीसँग धेरै कारणहरू रहेका छन्।

हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर र पिता धन्य होऊन्, जसले हामीलाई स्वर्गीय स्थानहरूमा सबै आत्मिक आशिषहरूले ख्रीष्टमा आशिषित पार्नुभएको छ; त्यसरी नै हामी उहाँको सामु प्रेममा पवित्र र निर्दोष होऔं भनेर उहाँले हामीलाई संसारको उत्पत्तीभन्दा पहिल्यै ख्रीष्टमा चुन्नुभयो; अनि आफ्नो इच्छाको शुभ अभिप्रायअनुसार ख्रीष्ट येशूद्वारा हामीलाई आफ्ना निम्ति पहिल्यै धर्म-पुत्रहरू ठहराउनुभयो, उहाँको अनुग्रहको महिमाको प्रशंसाका निम्ति, जुन अनुग्रहमा उहाँले हामीलाई उही प्रियमा ग्रहणयोग्य तुल्याउनुभयो। उहाँमा हामीले, उहाँको अनुग्रहको धनअनुसार उहाँको रगतद्वारा छुटकारा अर्थात् पापहरूको क्षमा पाएका छौं; जुन अनुग्रह उहाँले सारा बुद्धि र समझमा हामीलाई प्रशस्त गरी दिनुभयो। (एफिसी १:३-८)

आठ

प्रभु येशू ख्रीष्टमाथिको विश्वास मुक्तिको निश्चयता

तिमी विश्वासमा छौ की छैनौ, आफैलाई जाँच; आफैलाई प्रमाण गर। (२कोरिन्थी १३:५क)

पावल प्रेरित, पवित्र आत्माको प्रेरणाद्वारा, उनका पाठकहरूलाई बुद्धिमानीपूर्वक *"तिमी विश्वासमा छौ की छैनौ, आफैलाई जाँच; आफैलाई प्रमाण गर"* भनि यी निर्देशन दिँदछन्। परमेश्वरको महत्वपूर्ण निर्देशनहरूलाई पालन गर्नका निम्ति तपाईहरूलाई मद्दत होस् भनेर यी पूस्तकहरू लेखिएका हुन्।

"के म वास्तवमा उद्धार गरिएको छु?" यो अति नै महत्वपूर्ण प्रश्न हो। *हामीले हाम्रो अनन्तता परमेश्वरसँग रही स्वर्गमा बिताउँछौँ की उहाँसँग अलग पारिएर नरकमा बिताउँछौँ भनि यसले निश्चयता प्रदान गर्दछ।*

हामीले परमेश्वरलाई जान्दछौँ र यस पृथ्वीमा रहुन्जेल उहाँको इच्छा र उद्देश्य पूरा गर्नेछौँ भन्ने कुरा दोधारको विषय रहेको छ। के हाम्रो जीवन व्यर्थै जानेछ वा यो फलवान् र उपयोगी हुँदछ त?

धेरै मानिसहरूले यो विचार गर्दछन् की तिनीहरूले बिगतमा गरेका केही कार्यहरूले गर्दा तिनीहरू उद्धार गरिदँछन्; यद्यपि, त्यहाँ परिवर्तनिय जीवनको थोरै वा कति पनि प्रमाण भने रहेको छैन वा तिनीहरूभित्र परमेश्वरको आत्माले वास गर्नुहुन्छ भनेर त्यहाँ कुनै पनि प्रमाण रहेको छैन। यो रहनलाई अति नै डरलाग्दो स्थिति हो। यदि त्यहाँ थोरै वा कति पनि आत्मिकी फल रहेको हुदैँन वा परिवर्तनिय जीवनको कुनैपनि प्रमाण रहँदैन भने, त्यस व्यक्ति साँचो रुपमा कहिल्यै पनि बचाइएको हुदैँन।

बाइबलले स्पष्टरुपमा भन्दछ, त्यहाँ धेरै मानिसहरू छन् जसले परमेश्वरलाई चिनेको र उद्धार गरिएको दाबी गर्दछन्, जहाँ, यथार्थमा, तिनीहरू कहिल्यै पनि साँचोरुपमा उद्धार गरिएका भने छैनन्।

मलाई 'हे प्रभु, हे प्रभु' भन्ने हरेक स्वर्गको राज्यमा पस्नेछैन, तर त्यो पस्नेछ। जसले स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्छ। त्यस दिन धेरैले मलाई भन्नेछन्,' हे प्रभु, हे प्रभु, के हामीले तपाईको नाममा भविष्यवाणी गरेनौँ र? अनि के तपाईकै नाममा दुष्ट आत्माहरू निकालेनौँ र? अनि के तपाईकै नाममा अनेकौँ अचम्मका कामहरू गरेनौँ र? "अनि तब म तिनीहरूलाई खुल्लमखुल्ला भन्नेछु,' मैले तिमीहरूलाई कहिल्यै चिनेको छैनँ; हे कुकर्म गर्नेहरूहो, मदेखी टाढा होओ!'"। (मत्ती ७:२१-२३)

तलका परिच्छेदले यस कुराको संकेत दिन्छ की धेरैले येशूमा "विश्वास" गरे, तर तिनीहरू वास्तवमा बचाइएका भने थिएनन्। येशूले "आफैलाई तिनीहरूका अघि सुम्पिनु भएन" किनभने "मानिसभित्र के हुन्छ" भनि उहाँ जान्नुहुन्छ। उहाँले तिनीहरूभित्र खोक्रो विश्वास देख्नुभयो जसले साँचो पश्चाताप उत्पन्न र मुक्ति प्रदान गर्न सकेन।

अब निस्तार-चाडमा, पर्वको दिन, जब उहाँ यरुशलेममा हुनुहुन्थ्यो, उहाँले गर्नुभएका चिन्हहरू देखेर धेरैले उहाँको नाममा विश्वास गरे। तर येशूले आफैलाई तिनीहरूको भरोसामा छोड्नुभएन, किनभने उहाँले सबै मानिसहरूलाई जान्नुहुन्थ्यो, २५ अनि कसैले मानिसको विषयमा गवाही दिनु उहाँलाई खाँचो थिएन; किनभने मानिसभित्र के हुन्छ, सो उहाँलाई थाह थियो। (यूहन्ना २:२३-२५)

नयाँ नियममा ख्रीष्टियनहरूलाई "ख्रीष्टमा" वा "उहाँमा" भनि बारम्बार बर्णन गरिएको छ। उहाँ "हामीभित्र" पनि हुनुहुन्छ। साँचो विश्वासीहरूभित्र परमेश्वरको आत्मा स्थायीरुपमा उपस्थित हुनुहुन्छ। यस (यूहन्ना २:२३-२५)को परिच्छेदमा येशूले यी खोक्रो विश्वासीहरूको बीचमा आफैलाई सुम्पनुहुदैँन किनभने तिनीहरूका हृदयमा के छ उहाँ जान्नुहुन्थ्यो। तिनीहरूको विश्वास साँचो थिएन र येशूले त्यो जान्नुहुन्थ्यो। तिनीहरू उद्धार गरिएका थिएनन् र उहाँ तिनीहरूभित्र वास गर्नुहुदैँनथ्यो न ता तिनीहरू "उहाँमा" थिए।

तलको पदमा परमेश्वरले के भन्नुहुन्छ ध्यानपूर्वक विचार गर्नुहोस्। यो अति नै गम्भिर सत्यता हो।

'ती जाति आफ्नो मुखले चाँही मेरो नजिकमा आउँछ, र आफ्ना ओठले मेरो आदर गर्छ; तर यिनीहरूको हृदय मदेखि टाढो छ। तर यिनीहरू व्यर्थमा मेरो उपासना गर्छन्, किनकी मानिसहरूका आज्ञाहरूलाई धर्म-शिक्षाहरूझैँ सिकाउँछन्'। (मत्ती १५:८-९)

परमेश्वरलाई जान्ने र उहाँसँग हिँड्ने सम्बन्धमा आज यहाँ धेरै भयानक, विकृत, खोक्रो, वा साधा झूटा शिक्षाहरू रहेको पाइन्छ। परमेश्वरको मुक्तिको योजनालाई स्पष्ट पारिदैँन र मानिसहरूले साँचोरुपमा कसरी मुक्ति पाउँछन् भनि बुझेका छैनन्। टेलिभिजनमा, रेडियोमा, वा कैयौं व्यासपिठबाट (पुल्पिट), भयानक शिक्षाहरू निरन्तर जारी छ। *धेरै मानिसहरू जसले यी सुन्छन् तिनीहरूले यी शिक्षाहरू पछ्याउँदछन् र मुक्तिको निम्ति झूटा आशाहरू राख्दछन्।*

२ तिमोथी ३:५मा, प्रष्टैसँग प्रस्तुत गरिएको छ की त्यहाँ केही त्यस्ताहरू छन् जो ईश्वरिय देखिदँछन् तर साँचो भने हुदैँनन्।

भक्तिको भेष ता धारण गर्ने, तर त्यसको शक्ति इन्कार गर्ने हुनेछन्; यस्ताहरूबाट पर बस। (२तिमोथी ३:५)

धेरैले त्यस्ता अगुवाहरूलाई पछ्याएका छन् जो देख्दा ईश्वरिय देखिदँछन्, तर सत्यता भने सिकाउँदैनन्। यसले नाशकारी नजिताहरू ल्याउन सक्दछ। पछ्याउनेहरू धेरैले उहाँलाई चिनेका छैनन्, र तिनीहरूले परमेश्वरबाट अलग भइ अनन्तताको निम्ति नरकमा रहनुपर्नेछ।

यदि कसैले उसको मुक्तिमा शंका वा प्रश्न गर्छ भने, त्यस शंकापछाडि असल प्रश्न रहेको हुनसक्छ। अब समय भएको छ - "तिमी विश्वासमा छौ की छैनौ, आफैलाई जाँच; आफैलाई प्रमाण गर"।

हाम्रो मुक्तिको निम्ति आधारभूत बाइबलिय शिक्षा यो हो की *"हामी हाम्रो कोसिस, सद्गुणद्वारा वा हामी योग्यको भएकोले उद्धार गरिदैँनौं"*। हामीले यो बुझ्न अति नै आवश्यक छ की बाइबलले प्रष्ट गरि भनेको छ, हामी हाम्रो असल कामहरू वा कुनै मानविय प्रयास वा आफ्नै योग्यताले गर्दा उद्धार गरिदैँनौं। हामीले मुक्तिलाई आर्जन गर्न नसकिने उपहारको रुपमा स्वीकार गर्नुपर्दछ। परमेश्वरले उहाँको प्रेम, अनुग्रह, र दयाको कारणले गर्दा हामीलाई मुक्तिको उपहार दिनुहुन्छ। हामीले आर्जन गरेकाले वा जसोतसो हामीले आफैलाई यसको योग्य तुल्याएकोले गर्दा परमेश्वरले हामीलाई मुक्ति प्रदान गर्नुभएको होइन। हामी अयोग्य पापीहरू हौं जसले यस क्षमालाई सित्तैंमाको उपहारको रुपमा ग्रहण गर्नछौं। हामीले यसलाई आर्जन वा यसको निम्ति आफैलाई योग्य तुल्याउन सक्दैनौं। हामीले यसलाई उपहारको रुपमा ग्रहण गर्नुपर्दछ। त्यहाँ मुक्तिको निम्ति अरु कुनै बाटो छैन – कुनै पनि छैन।

"किनकी विश्वासद्वारा अनुग्रहले तिमीहरूले मुक्ति पाएका छौ, अनि यो तिमीहरू आफैबाटको होइन, यो परमेश्वरको दान हो; कामहरूबाट होइन, नत्रता कसैले घमण्ड गर्नेछ"। (एफिसी २:८-९)

किनकी कामहरूद्वारा अब्राहाम धर्मी ठहरिएका भएदेखी उनको घमण्ड गर्ने कारण हुनेथ्यो, तर परमेश्वरका सामु होइन। किनकी पवित्रशास्त्रले के भन्दछ? 'अब्राहामले परमेश्वरलाई विश्वास गरे, र यो उनको निम्ति धार्मिकता गनियो'। अब जसले काम गर्दछ, त्यसका निम्ति ज्याला अनुग्रह होइन, तर हक ठहरिन्छ। तर जसले काम गर्दैन, तर भक्तिहिनलाई धर्मी ठहराउनुहुनेमाथि विश्वास राख्छ, उसका निम्ति उसको विश्वास धार्मिकता ठहरिन्छ।

तर परमेश्वर, जो दया गर्नामा धनि हुनुहुन्छ, आफ्नो महान् प्रेमको कारणले, जसद्वारा उहाँले हामीलाई प्रेम गर्नुभयो, हामी अपराधहरूमा मरेकै भए भए तापनि उहाँले हामीलाई ख्रीष्टसँगै जीवित पार्नुभयो – अनुग्रहले तिमीहरूले मुक्ति पाएका छौ – (एफिसि २:४-५)

तब हामी आफैले गरेका धर्मका कामहरूद्वारा होइन, तर उहाँकै कृपाअनुसार उहाँले हाम्रो उद्धार गर्नुभयो – नयाँ जन्मको स्नान र पवित्र आत्माबाटको नविकरणद्वारा; जसलाई उहाँले येशू ख्रीष्ट हाम्रा मुक्तिदाताद्वारा हामीमाथि प्रशस्त गरी खन्याउनुभयो; उहाँको अनुग्रहद्वारा धर्मी ठहरिएर अनन्त जीवनको आशाअनुसार हामी हकवालाहरू बन्न सकौं भनेर। (तीतस ३:५-७)

आफैलाई जाँच्नु

बाइबलले बप्तिष्मा लिएर, निर्णय गरेर, मण्डलीमा उपस्थित भएर, हृदयमा ख्रीष्टलाई बोलाएर, असल भावना राखेर, आत्मिकी अनुभव भएर, अन्य भाषाहरू बोलेर, वा येशूसित सम्बन्ध राखेर, मुक्तिको प्रमाणको रुपमा यी कुराहरूको वर्णन गर्दैन।

यद्यपि, बाइबलले हामी विश्वासमा छौं की छैनौं भनेर आफैलाई जाँच गर्नको निम्ति भनेर केही प्रष्ट मानदण्डहरू भने प्रस्तुत गर्दछ। बाइबलिय पूस्तक १यूहन्नाको प्रमुख उद्देश्यचाँही जाँचहरू दिनु हो जसले गर्दा कोही, यथार्थमा, साँचो विश्वासी हो की होइन भनि निश्चित गर्न मद्दत गर्दछ।

मैले तिमीहरूलाई अर्थात् परमेश्वरका पुत्रको नाममा विश्वास गर्नेहरूलाई यी कुराहरू लेखेको छु – तिमीहरूसित अनन्त जीवन भन्ने कुरा तिमीहरूलाई थाह होस्, र परमेश्वरका पुत्रको नाममा तिमीहरूले विश्वास गर। (१यूहन्ना ५:१३)

हामी साँचो रुपमा उद्धार गरिएका छौं की छैनौं भनि निश्चचित गर्नका निम्ति परमेश्वरद्वारा दिइएका बाइबलिय जाँचहरू तल प्रस्तुत गरिएका छन्। धेरै जसो, तर सबै ता होइन, उल्लेख गरिएका कुराहरू १यूहन्नाको पूस्तकबाट हुन्।

परिक्षण १- के तपाई येशू परमेश्वरका पुत्र हुनुहुन्छ भनि स्वीकार गर्नुहुन्छ?

परमेश्वरको वचनको आधारमूत बाइबलिय शिक्षा यो हो र सदा हुनेछ की येशू परमेश्वरको पापरहित पुत्र हुनुहुन्छ र हुनुहुनेछ। येशू परमेश्वरको पापरहित पुत्र हुनुहुन्छ भन्ने तथ्यलाई इन्कार गरेर कोही पनि उद्धार गरिन सक्दैन।

एक व्यक्ति उद्धार गरिनका निम्ति अध्यात्मवादी हुनैपर्छ भन्ने होइन। उसले त्रिएकताको बारेमा पूर्णरुपले बुझ्न कहिल्यै सक्दैन। हामीले पनि सक्दैनौं। यद्यपि, उसले येशूको सम्बन्धमा बाइबलको आधारमूत शिक्षासँग सहमति भने जनाउनुपर्दछ। येशू परमेश्वरको पापरहित पुत्र हुनुहुन्छ जो यस संसारमा हाम्रो पापहरूको मूल्य तिर्नको

निम्ति मृत्यु भोग्न आउनुभयो। उहाँले पापरहित जीवन बिताउनुभयो, र हाम्रो पापको दण्ड भोग्नको निम्ति मर्नुभयो, गाडिनुभयो र तेश्रो दिनमा फेरी जीवित हुनुभयो। यी सत्यतालाई इन्कार गर्ने व्यक्ति उद्धार नगरिएको भनि तलका पदहरूले प्रष्ट पार्दछ।

किनकी परमेश्वरबाट जन्मेको हरेकले संसारमाथि जय प्राप्त गर्छ; अनि हाम्रो विश्वास नै यो विजय हो, जसले संसारमाथि जय प्राप्त गर्छ। येशू नै परमेश्वरका पुत्र हुनुहुन्छ भनि विश्वास गर्नेबाहेक संसारमाथि जय प्राप्त गर्ने अरु को छ र? (१यूहन्ना ५:४-५)

झूट अरु को हो र, त्योबाहेक, जसले येशू नै ख्रीष्ट हुनुहुन्छ भन्ने कुरा इन्कार गर्छ? जसले पिता र पुत्रलाई इन्कार गर्छ, त्यही हो ख्रीष्ट-विरोधी। हरेक जसले पुत्रलाई इन्कार गर्छ, त्यससँग पिता पनि हुनुहुन्न; तर जसले पुत्रलाई स्वीकार गर्छ, त्यससँग पिता पनि हुनुहुन्छ। (१यूहन्ना २:२२-२३)

येशू परमेश्वरका पुत्र हुनुहुन्छ भनि जसकसैले स्वीकार गर्छ, उसमा परमेश्वर रहनुहुन्छ र ऊ परमेश्वरमा। (१यूहन्ना ४:१५)

हरेक जसले येशू नै ख्रीष्ट हुनुहुन्छ भनि विश्वास गर्छ, ऊ परमेश्वरबाट जन्मेको हो; (१यूहन्ना ५:१क)

अनि साँच्चै येशूले आफ्ना चेलाहरूका सामु अरु धेरै चिन्हहरू देखाउनुभयो, जो यस पूस्तकमा लेखिएका छैनन्; तर येशू नै परमेश्वरका पुत्र 'ख्रीष्ट' हुनुहुन्छ भनि तिमीहरूले विश्वास गर्न सक र विश्वास गरेर तिमीहरूले उहाँको नामद्वारा जीवन पाओ भनि यीचाँही लेखिएका हुन्। (यूहन्ना २०:३०-३१)

यदि तिमीले आफ्नो मुखले प्रभु येशूलाई स्वीकार गर्यौ भने, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट बौराएर उठाउनुभयो भनि आफ्नो हृदयमा विश्वास गर्यौ भने तिमीले मुक्ति पाउनेछौ। (रोमी १०:९)

प्रभु येशूको मृत्यु, दफन, र पुनरुत्थान सुसमाचारको केन्द्र हो। परमेश्वरको पापरहित पुत्रले मात्र हामी पापीहरूका पापहरूको मूल्य चुकाउन सक्नुहुन्छ। यदि उहाँ मानिसमात्र हुनुभएको हुदाँ हो ता, उहाँ पनि पापी नै हुनुहुनेथ्यो जसले आफ्नो पापहरूको निम्तिमात्र मूल्य चुकाउनुहुनेथ्यो। यद्यपि, येशू परमेश्वर हुनुहुन्छ, जो मानिसको स्वरुपमा यस पृथ्वीमा आउनुभयो, र हाम्रा पापहरूको मूल्य चुकाउनका निम्ति मर्नुभयो। यसले हामीलाई अनन्तताको लागी परमेश्वरबाट अलग हुनबाट जोगाएको छ। यदि कसैले येशूको सम्बन्धमा यी बाइबलिय शिक्षाहरूलाई इन्कार गर्दछ, ऊ उद्धार गरिनका निम्ति कुनै पनि उपाय छैन।

"ख्रीष्ट येशूमा जुन मन थियो, त्यही मन तिमीहरूमा पनि होओस्; जसले परमेश्वरकै स्वरुपमा हुनुभएकोले परमेश्वरसँग बराबरी हुनालाई लुटको माल सम्झनुभएन, तर आफैलाई रित्तो पार्नुभयो, र दासको रुप धारण गरेर मानिसहरूको समानतामा हुनुभयो; अनि मानिसजस्तो रुपमा प्रकट भएर उहाँले आफूलाई नम्र तुल्याउनुभयो; र मृत्युसम्म, अँ, क्रुसको मृत्युसम्म आज्ञाकारी हुनुभयो"। (फिलिप्पी २:५-८)

परिक्षण २ – के तपाई नियमित रुपमा परमेश्वरको वचनलाई पक्रनुहुन्छ र यसको शिक्षालाई निरन्तरता दिनुहुन्छ?

हरेक जसले अपराध गर्दछ र ख्रीष्टको शिक्षामा रहदैँन, त्योसँग परमेश्वर हुनुहुन्न। जो ख्रीष्टको शिक्षामा रहन्छ, ऊसँग पिता र पुत्र दुवै हुनुहुन्छ। (२यूहन्ना ९)

तब येशूले आफूलाई विश्वास गर्ने ती यहूदीहरूलाई भन्नुभयोः "तिमीहरू मेरो वचनमा लागिरह्यौ भने तिमीहरू साँच्चै मेरा चेला हौ । अनि तिमीहरूले सत्यलाई जान्नेछौ, र सत्यले तिमीहरूलाई स्वतन्त्र गराउनेछ"। (यूहन्ना ८:३१-३२)

त्यसैद्वारा तिमीहरूले मुक्ति पनि पाउँछौँ, यदि तिमीहरूले मैले प्रचार गरेको वचन बलियो गरि पक्रयौ भने; नत्र तिमीहरूले व्यर्थैमा विश्वास गर्यौ। (१कोरिन्थी १५:२)

साँचो विश्वासीले बाइबललाई प्रेम गर्दछन्, जुन हाम्रो निम्ति परमेश्वरद्वारा दिइएको सत्यको प्रकाश हो। तिनीहरूले निरन्तरता दिन्छन् वा परमेश्वरको वचन "पालना" गर्दछन्। परमेश्वरको वचनले परमेश्वरको सत्यताको शिक्षा दिदँछ र परमेश्वरलाई कसरी प्रसन्न पार्ने भनि सिकाउँदछ। वचनले हामीलाई पापको दासत्वबाट छुटाउँदछ र स्वतन्त्र पार्दछ। यदि कसैमा परमेश्वरको वचन सिक्ने, बुझ्ने, र अभ्यास गर्ने इच्छा हुदैँन भने, उसले परमेश्वरलाई चिन्दैन भनि यसले संकेत प्रदान गर्दछ।

परिक्षण ३ – के तपाई "ज्योतिमा हिँड्नुहुन्छ" वा के तपाई "अन्धकारमा हिँड्नुहुन्छ"? के तपाई परमेश्वरको वचनले दिएको निर्देशनमा आज्ञाकारी भई आफ्नो जीवन जिउनुहुन्छ?

अनि जुन समाचार हामीले उहाँबाट सुनेका छौं, र तिमीहरूलाई सुनाउँछौं, त्यो यही हो – परमेश्वर ज्योति हुनुहुन्छ, र उहाँमा अन्धकार छदैँ छैन। उहाँसँग हाम्रो संगति छ भनि हामी भन्छौं, तर अन्धकारमा हिँड्छौं भने हामी झूट बोल्दछौं, र सत्य काम गर्दैनौं; तर जसरी उहाँ ज्योतिमा हुनुहुन्छ, उसरी नै हामी ज्योतिमा हिँड्छौं भने एक-अर्कासँग हाम्रो संगति हुन्छ, र उहाँका पुत्र येशू ख्रीष्टको रगतले हामीलाई सब पापबाट शुद्ध पार्छ। (१यूहन्ना १:५-७)

जसले 'म उहाँमा रहन्छु' भन्छ, ऊ आफै पनि, जसरी उहाँ हिँड्नुहुन्थ्यो, उसरी हिँड्नुपर्छ। (१यूहन्ना २:६)

"ज्योतिमा हिँड्नु" भन्नाले हाम्रो प्रभुमा आज्ञाकारी जीवन जिउनु भन्ने अर्थ दिदँछ। "अन्धकारमा हिँड्नु" भन्नाले जीवनकालभरि नै परमेश्वरको निर्देशन उल्लघंन गर्नु भन्ने अर्थ दिदँछ। यदि हामी ज्योतिमा हिँड्छौं भने, *"उहाँको पुत्र येशूको रगतले हाम्रा सबै पापहरू धुदँछ"* भनि प्रमाण प्रस्तुत गर्दछ।

यदि हामी निरन्तर अनाज्ञाकारिताको जीवनयापन गर्छौं भने परमेश्वरको वचनले स्पष्ट रुपमा भन्दछ की, यो हामीले परमेश्वरलाई चिनेका छैनौं भन्ने प्रमाण हो।

अनि हामी उहाँका आज्ञाहरू पालन गर्दछौं भने, यसैबाट हामी उहाँलाई चिन्दा रहेछौं भनि हामी थाह पाउँछौं। जसले 'म उहाँलाई चिन्छु' भन्छ, तर उहाँका आज्ञाहरूचाँही पालन गर्दैन, त्यो झूट हो, र त्यसमा सत्य छैन। (१यूहन्ना २:३-४)

अनि तिमीहरू जान्दछौ – हाम्रा पापहरू हरण गर्नालाई उहाँ प्रकट हुनुभयो; अनि उहाँमा पाप छैन। हरेक जो उहाँमा रहन्छ, उसले पाप गर्दैन; हरेक जसले पाप गर्दछ, त्यसले उहाँलाई देखेको छैन, न ता उहाँलाई चिनेको छ। (१यूहन्ना ३:५-६)

हरेक जो परमेश्वरबाट जन्मेको छ, उसले पाप गर्दैन; किनकी उहाँको बीउ उसमा छ रहन्छ; र उसले पाप गर्न सक्दैन, किनभने ऊ परमेश्वरबाट जन्मेको हो। परमेश्वरका सन्तान र शैतानका सन्तान यसैबाट प्रकट हुन्छन्; हरेक जसले धार्मिकताको काम गर्दैन, त्यो परमेश्वरबाटको होइन, र त्यो पनि होइन, जसले आफ्नो भाइलाई प्रेम गर्दैन। (१यूहन्ना ३:९-१०)

हे मेरा भाइहरूको, मसँग विश्वास छ भनि कुनै मानिसले भन्ला, तर ऊसँग कामहरूचाँही छैनन् भने के फाइदा भयो र? के विश्वासले उसलाई बचाउन सक्छ र? (याकूब २:१४)

यही प्रकारले विश्वास पनि, यदि त्यसका कामहरू छैनन् भने एकलो भई मरेको हुन्छ। (याकूब २:१७)

हामीबाट तिनीहरू निस्के, तर तिनीहरू हाम्रा थिएनन्; किनकी तिनीहरू हाम्रा हुदाँ हुन् ता तिनीहरू हामीसँगै रहिरहनेथिए; तर तिनीहरू सबै हाम्रा होइन रहेछन् भनि प्रकट होओस् भनेर तिनीहरू हामीबाट निस्के। (१यूहन्ना २:१९)

साँचो विश्वासीले हाम्रा प्रभु येशू ख्रीष्टको दोश्रो आगमनको बाटो हेर्दै रहन्छन्। उहाँको पुनःआगमन हामीलाई पवित्र जीवन जिउनको निम्ति कारक हो। हाम्रो हिँडाईमा कसैले पनि सिद्धता हासिल गर्न सक्दैन, तर हामीले नियमित रुपमा अझ ईश्वरिय जीवन जिउन खोज्दछौं।

प्रियहरूहो, अहिले ता हामी परमेश्वरका सन्तान छौं, अनि हामी के हुनेछौं, सो अहिलेसम्म प्रकट भएको छैन; तर हामी जान्दछौं, जब उहाँ देखा पर्नुहुनेछ, तब हामी उहाँजस्तै हुनेछौं; किनकी हामी उहाँलाई, उहाँ जस्तो हुनुहुन्छ, त्यस्तै देख्रेछौं। अनि उहाँमा यो आशा राख्रे हरेक मानिसले जस्तो उहाँ शुद्ध हुनुहुन्छ, त्यस्तै गरी आफूलाई शुद्ध पार्दछ। (१यूहन्ना ३:२-३)

उद्धार गरिएपछि जीवन परिवर्तन हुँदछ। यदि त्यहाँ जीवन परिवर्तनको कुनै परिणाम देखिदैँन भने, हाम्रो मुक्तिमाथि धेरै प्रश्न उठ्दछ। यद्यपि, यस कुरामा प्रष्ट हुन आवश्यक पर्दछ कि यी पदहरूले निरन्तर भइरहने पापमय जीवनयापनको बारेमा चर्चा गर्दछ। सबै ख्रीष्टियनहरूले पाप गर्दछन्। यी कुराहरूलाई तलका पदले प्रष्ट पर्दछ जुन ख्रीष्टियनहरूका निम्ति लेखिएको हो र उनीहरूलाई उदृघृत गरिएको छ।

हामीसँग पाप छैन भनि हामी भन्छौं भने हामीले आफैलाई धोका दिन्छौं, र हामीमा सत्य हुदैँन। (१यूहन्ना १:८)

हामीले पाप गरेका छैनौं भनि हामी भन्छौं भने हामी उहाँलाई झूट तुल्याउँछौं, र उहाँको वचन हामीमा छैन। (१ यूहन्ना १:१०)

सर्वप्रथम यस खण्डको शुरुमा यी दिएका पदहरू प्रतिवादात्मक लाग्न सक्दछ; यद्यपि, तिनीहरू प्रतिवादात्मक भने अवश्य छैनन्।

सबै ख्रीष्टियनहरूले पाप गर्दछन्, तर तिनीहरूमा निरन्तर यापन गर्ने पापमय जीवनशैली भने रहेको हुदैँन। हामीले परमेश्वरलाई चिनेका छैनौं र हामीले साँचो मुक्ति पाएका छैनौं भनि यस प्रकारको निरन्तर यापन गर्ने पापमय जीवनशैलीले प्रमाणित गर्दछ। साँचो विश्वासीले परमेश्वरसँगको हिँडाईलाई अझ बढाउँदै लैजानुपर्दछ। तिनीहरूका जीवनका पापहरूमा तिनीहरूले चाँडोभन्दा चाँडो पश्चाताप गर्नुपर्दछ। तिनीहरूका जीवनमा पापको घट्दो पद्दति रहेको हुनुपर्दछ।

हामी, ख्रीष्टियनहरूलाई, सबै कुराको ज्ञात हुदैँन। हामीले "संसारिक" ख्रीष्टियन र अख्रीष्टियनबीचको भिन्नतालाई छुट्टाउन सक्षम नहुन पनि सक्छौं। *हामी यस कुरामा सचेत हुनु आवश्यक छ की हामीले विश्वास दाबी गरेका सबै मानिसहरू साँचो रुपमा ख्रीष्टियनहरू हुन् भनि ग्रहण गर्नुहुँदैन जब त्यहाँ तिनीहरूको जीवनमा थोरै वा कतिपनि परिवर्तन देखिएको हुँदैन। हामीले तिनीहरूलाई "संसारिक" वा "पछि हटेका" ख्रीष्टियनहरू भनि चिन्दछौँ, र तिनीहरूले उद्धार पाएको कुरालाई मानिलिदँछौं कारण तिनीहरूले "निर्णय लिएका छन्" वा "अघि बढेका छन्" वा बप्तिष्मा लिएका छन्। हामीले गर्ने कुरामध्ये सम्भवतः यो सबैभन्दा खराब कुरा हो। हामीले तिनीहरूका उद्धारलाई मानिलिदँछौं, जब की तिनीहरू उद्धार गरिएका नै हुदैँनन्। हांमीले तिनीहरूप्रति*

झूटा निश्चयता प्रकट गरिरहेका हुँदछौं की तिनीहरू अनन्तताको लागी परमेश्वरको साथमा रहनेछन्, यथार्थमा, तिनीहरू अनन्तताको निम्ति नरकका भागिदारहरू हुँदछन्। यी व्यक्तिहरूको उद्धारमा निश्चय हुनुको साटो, यिनीहरूलाई "तिमी विश्वासमा छौ की छैनौ, आफैलाई जाँच; आफैलाई प्रमाण गर" भनि उत्साह दिनु असल हुदँछ।

परिक्षण ४ – के तपाई यस संसारका थोकहरूलाई प्रेम गर्नुहुन्छ?

संसारलाई प्रेम नगर, न ता संसारमा भएका कुराहरूलाई नै। कसैले संसारलाई प्रेम गर्छ भने पिताको प्रेम त्यसमा हुँदैन। (१यूहन्ना २:१५)

कसैले पनि परमेश्वर र संसारको थोकहरूलाई सँगसँगै प्रेम गर्न सक्दैन। धेरै जसो जसले "प्रभुलाई प्रेम गर्ने" दाबी गर्दछन्, परमेश्वरको महिमा, उहाँसँगको हिँडाईमा बढ्नु, र उहाँको सेवा गर्नुको साटो तिनीहरूले धेरैजसो समय त्यस्ता कार्यहरूमा आनन्द मनाउँदछन् जसले शारिरिक इच्छा पुर्ति गर्दछ। धेरैजसो जसले आफूलाई "ख्रीष्टियन" हुँ भनि बताउँदछन् तिनीहरूले परमेश्वरले घृणा गर्नुहुने कुराहरूलाई प्रेम गर्दछन्। हामीले हेर्ने टेलिभिजनका कार्यक्रमहरूले विध्वसं, विलासिता, र परमेश्वरको अनादर तर्फ केन्द्रित हुदँछ वा त्यसले परमेश्वरको महिमा गर्दछ त? हामीले सुन्ने संगितले परमेश्वरको महिमा गर्दछ वा शरिरको अभिलाषा पूरा गर्दछ त? हामीले अध्ययन गर्ने सामाग्रीहरूले के परमेश्वरको महिमा गर्दछ त? हामीले के विचार गर्दछौँ? के हाम्रो विचारले परमेश्वरको महिमा गर्दछ वा यसले हाम्रो पापमय स्वभावलाई भरपूर पार्दछ?

किनकी मुक्ति ल्याउने परमेश्वरको अनुग्रह सबै मानिसहरूकहाँ देखा परेको छ, र हामीलाई यो सिकाउँछ – अभक्ति र संसारिक अभिलाषाहरू इन्कार गरेर यस वर्तमान संसारमा हामीले आत्मसंयम, धार्मिकता र भक्तिसाथ जिउनुपर्छ; र त्यस धन्य आशाको, र हाम्रा महान् परमेश्वर र मुक्तिदाता येशू ख्रीष्टको महिमापूर्ण आगमनको बाटो हेर्दै जिउनुपर्छ। हामीलाई सबै अधर्मबाट छुटकारा दिनालाई र असल-असल कामहरूमा जोशिलो भएको एउटा विशेष जातिलाई आफ्नै निम्ति शुद्ध पार्नालाई उहाँले आफैलाई हाम्रा निम्ति दिहाल्नुभयो। (तीतस २:११-१४)

अन्तमा भाइहरूहो, जे-जे कुरा सत्य छन्, जे-जे कुरा आदरयोग्य छन्, जे-जे कुरा न्यायसङ्गत छन्, जे-जे कुरा चोखा छन्, जे-जे कुरा मनोहर छन्, जे-जे कुरा तारिफ गर्न लायकका छन्; यदि सद्गुण छ भने, यदि कुनै प्रशंसा छ भने यी कुराहरूमा ध्यान देओ। (फिलिप्पी ४:८)

परिक्षण ५ – के तपाई विश्वासी जनहरूलाई प्रेम गर्नुहुन्छ?

परमेश्वरले हामीलाई विश्वासी जनहरूलाई प्रेम गर्नाको निम्ति निर्देशन दिनुहुन्छ। तलका पदहरूअनुसार, यदि हामीले यसो गर्दैनौं भने, हामी साँचो विश्वासी होइनौं। यो अति प्रष्ट पनि छ की यदि कसैले आफ्नो भाइलाई घृणा गर्दछ भने ऊ साँचो विश्वासी होइन।

हामी जान्दछौं – हामी मृत्युबाट जीवनमा सरिसकेका छौं, किनभने हामी भाइहरूलाई प्रेम गर्छौं। जसले आफ्नो भाइलाई प्रेम गर्दैन, त्यो मृत्युमा रहिरहन्छ। (१यूहन्ना ३:१४)

हामी उहाँलाई प्रेम गर्छौं, किनभने उहाँले पहिले हामीलाई प्रेम गर्नुभयो। यदि कसैले 'म परमेश्वरलाई प्रेम गर्छु' भन्छ, तर आफ्नो भाइलाई चाँही घृणा गर्छ भने त्यो झूट हो; किनकी जसले आफूले देखेको आफ्नो भाइलाई प्रेम गर्दैन, त्यसले परमेश्वरलाई कसरी प्रेम गर्न सक्छ, जसलाई त्यसले देखेकै छैन? (१यूहन्ना ४:१९-२०)

जसले 'म ज्योतिमा छु' भन्छ, तर आफ्नो भाइलाई चाँही घृणा गर्छ, त्यो अहिलेसम्म पनि अन्धकारमै छ। जसले आफ्नो भाइलाई प्रेम गर्छ, ऊ ज्योतिमा रहन्छ, र उसमा ठेस लाग्ने कुनै कारण हुँदैन। (१यूहन्ना २:९-१०)

प्रियहरूहो, हामी एक-अर्कालाई प्रेम गरौं, किनकी प्रेम परमेश्वरबाटको हो; अनि प्रेम गर्ने हरेक जन परमेश्वरबाट जन्मेको हो, र परमेश्वरलाई चिन्छ। जसले प्रेम गर्दैन, त्यसले परमेश्वरलाई चिन्दैन; किनकी परमेश्वर प्रेम हुनुहुन्छ। (१यूहन्ना ४:७-८)

धेरै पटक बाइबलमा परमेश्वरको वचनले "एक-अर्कालाई प्रेम गर" भनि निर्देशन दिँदछ। हामीले एक-अर्कालाई कसरी प्रेम गर्ने भन्ने सम्बन्धमा बाइबलले हामीलाई अझ बृस्तित रुपमा निर्देशन दिँदछ। हामीले...

... र एक-अर्काको निम्ति प्रार्थना गर। याकूब ५:१६

... एउटाले अर्कोलाई ग्रहण गर। रोमी १५:७

... एक-अर्कालाई क्षमा गर। एफिसी ४:३२

... एउटाले अर्काको अतिथि-सत्कार गर। १पत्रुस ४:९

... एक-अर्काको पाउ धुनैपर्छ। यूहन्ना १३:१४

... एक-अर्कालाई सान्त्वना देओ, र एउटाले अर्काको उन्नति गर। १थेस्सोलिनिकी ५:११

... एक ठाउँमा भेला हुन नछोडौं। हिब्रु १०:२५

... वुद्धिसित एक-अर्कालाई सिकाओ र सम्झाओ। कलस्सी ३:१६

... प्रेम र असल कामहरूका निम्ति हौसला दिनालाई एक-अर्काको चिन्ता गरौं। हिब्रु १०:२४

"एक-अर्काको" सम्बन्धमा निर्देशन गरिएका कुराहरू यीमात्र होइन। त्यहाँ अझ धेरै छन्।

हामीले एक-अर्कालाई प्रेम गर्ने सम्बन्धमा परमेश्वरबाट कसरी निर्देशन गरिदँछ भनि यी सूचीहरूले हामीलाई आधारभूत उपायहरू प्रस्तुत गर्दछन्। यदि हामीले आफैलाई परमेश्वरको जनहरूमा अलग पार्छौं भने वा परमेश्वरले निर्देशन गर्नुभए अनुसार हामीले उनीहरूलाई प्रेम गर्न कुनै प्रयास गर्दैनौं भने, हामीले परमेश्वलाई चिनेका रहेनछौं भनि यसले चिन्ह दिदँछ।

हामीले एकै समयमा ख्रीष्टियन जनहरूलाई घृणा गरेर परमेश्वरलाई चिनेका छौं भनि दाबी गर्न सक्दैनौं भनि यी पदहरूले प्रष्ट पार्दछन्। हामीले परमेश्वरलाई प्रेम गरेर ख्रीष्टियन जनहरूलाई घृणा गर्न सक्दैनौं। यदि हामीले ख्रीष्टियन जनलाई घृणा गर्छौं भने, हामीले परमेश्वरलाई चिनेका छैनौं भनि यसले प्रमाण दिदँछ।

तिमी विश्वासमा छौ की छैनौ, आफैलाई जाँच; आफैलाई प्रमाण गर। (२कोरिन्थी १३:५क)

याद राख्नुहोस्, परमेश्वरको वचनमा हामीलाई भनिएको छ की "*तिमी विश्वासमा छौ की छैनौ, आफैलाई जाँच; आफैलाई प्रमाण गर*"। तपाईले यी पाठ अध्ययन गरेको अवधिभरि यसको अभ्यास कतिको गर्नुभयो? के तपाईले निश्चयताका साथ भन्नसक्नुहुन्छ की, "हो, मैले यी पाँचवटै परिक्षणहरूमा उतिर्ण भएँ।"? यो जान्नलाई अति नै सन्तुष्टपूर्ण छ की परमेश्वरसँगको हाम्रो अनन्तता निश्चित छ। अब परमेश्वरलाई खोज्नका र उहाँसँगको हिँडाईमा बढ्नका निम्ति अझै एकाग्र हुनुहोस्।

यी पाँच परिक्षणहरू परमेश्वरबाट उहँको वचन -- बाइबलद्वारा दिइएका हुन्। यदि तपाई यस पाठहुँदो जादैँ गर्नुहुदाँ केहीले तपाईलाई बिरक्त पार्दछ भने वा तीकुराहरूमा तपाईलाई रिस उठ्दछ भने, तपाईले मुक्ति पाउनुभएको छ की छैन भनेर निश्चय हुनु आवश्यक पर्दछ। सर्वप्रथम, यस अध्ययनको पाठ ३लाई समिक्षा गर्नुहोस्। मुक्तिको सन्दर्भमा तपाईले बुझ्नुभएको कुरामा निश्चय हुनुहोस्, त्यसपछि तपाईले साँचो रुपमा प्रभु येशू ख्रीष्टमा विश्वास गर्ने निर्णय गरेर मुक्ति पाउनुभएको कुरामा निश्चयता प्राप्त गर्नुहोस्।

हाम्रा प्रभु येशू ख्रीष्टको मृत्युमा तपाईको पापको दण्डको मूल्य पूर्णरुपमा चुकाइनका निम्ति गरिएको विश्वास, र त्यस पापहरूबाट फर्किने र उहाँलाई पछ्याउने निर्णय नै मुक्तिको एकमात्र बाटो हो। त्यहाँ अरु कुनै बाटो छैन – एउटै छैन।

यदि आफ्नि मुक्तिको सवालमा तपाईका कुनै शंका रहेको छ भने, हामी तत्काल नै तपाई आफ्नो मुक्तिमा निश्चय भएको हामी चाहन्छौं। अवसर भएको यस समयमा नै पश्चाताप गर्नुहोस् र अहिले नै विश्वास गर्नुहोस्। भोलि ढिला हुन सक्छ।

मैले तिमीहरूलाई अर्थात् परमेश्वरका पुत्रको नाममा विश्वास गर्नेहरूलाई यी कुराहरू लेखेको छु – तिमीहरूसित अनन्त जीवन भन्ने कुरा तिमीहरूलाई थाह होस्, र परमेश्वरका पुत्रको नाममा तिमीहरूले विश्वास गर। उहाँमा हाम्रो जे निर्धक्कता छ, त्यो यही हो – उहाँको इच्छाअनुसार हामीले केही कुरा माग्यौं भने उहाँले हाम्रो विन्ती सुन्नुहुन्छ; (१यूहन्ना ५:१३-१४)

नौ

मुक्तिको स्थायित्व

मैले तिमीहरूलाई अर्थात् परमेश्वरका पुत्रको नाममा विश्वास गर्नेहरूलाई यी कुराहरू लेखेको छु – तिमीहरूसित अनन्त जीवन भन्ने कुरा तिमीहरूलाई थाह होस्, र परमेश्वरका पुत्रको नाममा तिमीहरूले विश्वास गर। (१यूहन्ना ५:१३)

त्यहाँ धेरैजना छन् जो उद्धार गरिएका छन् तर प्रभुको सेवा भने त्याग गरेका छन् कारण तिनीहरूले यो कुरामा विश्वास राखेका छन् की तिनीहरूको मुक्ति गुमेको छ। कोही-कोही निराश भएका छन् र प्रयास गर्न छाडेका छन् किनभने तिनीहरूले यो महसुस गर्दछन् की एक ख्रीष्टियन हुनका निम्ति आवश्य कुराहरू तिनीहरूमा रहेको छैन। म अझ स्पष्ट रुपमा याद गर्छु, मैले उच्च माध्यमिक विद्यालयको मेरो कक्षाका एक विद्यार्थीसँग कुरा गरेको थिएँ जसले एकपटक तिनी ख्रीष्टियन भएको बताएकी थिइन् तर हालमा भने त्याग गरेकी थिइन्, र अबउसो ख्रीष्टियन हुने प्रयास नगर्ने बताइन् कारण उनलाई थाहा थियो की उनी योग्यकी थिइनन्।

के यी प्रकारका कुराहरूले परमेश्वरको वचनको शिक्षासँग मेल खादँछ त? के हामीले जिउने हाम्रो जीवनको असलपनताको स्तरमा मुक्ति निर्भर रहेको हुँदछ त? हामी एकपटक उद्धार गरिएपछि, के हामीले त्यो गुमाउँछौं त? हामी साँचो रुपमा उद्धार गरिएपछि, के यो हाम्रो निम्ति सम्भव छ की हामीले गम्भिर पाप गर्छौं जसले गर्दा परमेश्वरले हाम्रो उद्धारलाई फिर्ता लिनुहुन्छ, फलस्वरुप, जब हामी मर्छौं तब हामीले अनन्तताको लागी नरकमा वास गर्नेछौं? के परमेश्वरले जसलाई आफ्नो परिवारमा अपनाउनुभएको थियो अब तिनीहरूलाई फाल्नुहुन्छ त? यदि एक उद्धार गरिएको व्यक्तिले आत्महत्या गर्दछ भने, स्वतः के ऊ अनन्ततको निम्ति नरकमा रहनेछ?

परमेश्वरको वचनले यी सबै प्रश्नहरूको उत्तर प्रदान गर्दछ। उत्तरचाँही चर्को आवाजमा छ "***होइन***"। एक साँचो उद्धार पाएको व्यक्तिले त्यो गुमाउँदैन। ऊ शुरक्षित छ। त्यहाँ पवित्रशास्त्रमा धेरै पूस्तकहरू छन् जसले यस मामिलामा बयान दिदँछ।

हामी सबैले जान्दछौं, हामी उद्धार गरिएपनि हामीले पाप भने अवश्य गर्दछौं। एक अपरिपक्व ख्रीष्टियनले यो निष्कर्ष निकाल्न सक्दछ की यसकारण उद्धार निश्चित गरिएकोले गर्दा, ख्रीष्टियन जीवनमा पाप कुनै गम्भिर विषय होइन। यो अति नै गलत निष्कर्ष हो। पापको कारणले हामीले मुक्ति गुमाउँदैनौं, ख्रीष्टियन जीवनमा पाप निकै गम्भिर विषय हो, जसले भयानक परिणामहरू ल्याउन सक्दछ।

जब एक विश्वासीले पाप गर्दछ तब के हुन्छ?

मैले यस शिर्षकमा चर्चा गर्न पहिले यसको छनौट गरँै, नत्रभने कसैले पनि यो विचार राख्न सक्छ की मुक्ति निश्चित भएकोले उसले पाप गर्न सक्दछ र फलस्वरुप कुनै गम्भिर परिणाम आउँदैन। जसले अनन्ततको शुरक्षाले पाप गर्न अनुमतिपत्र प्रदान गर्दछ भनि यसप्रति आपत्ती जनाउँदछन् तिनीहरूमा थोरैमात्रामा मात्र

पापप्रति, हाम्रो वोलावटको योग्यताको हिँडाई, र प्रभुसँगको गहिरो र पूर्णताको हिँडाईप्रतिको ज्ञान रहेको हुँदछ।

शायद हाम्रो ख्रीष्टियन जीवनको पापको गम्भिर परीणामचाँही हाम्रो पिता र हाम्रो प्रभु येशू ख्रीष्ट जसले हामीलाई प्रेम गर्नुभयो र हाम्रो निम्ति आफ्नो जीवन नै अर्पण गरिदिनुभयो जसले गर्दा हामीले उहाँलाई चिन्न सक्दछौं र उहाँसँग संगति गर्न सक्दछौं र यस संसारको भ्रष्टताबाट उम्कनसक्दछौं, उहाँको नाम बदनाम गर्नु र उहँको अनादर गर्नु हो।

त्यहाँ पवित्रशास्त्रमा हामीलाई वोलावटको योग्य जीवन जिउनका निम्ति, र परमेश्वरको अनुग्रहलाई पाप गर्नका निम्ति बहाना नबनाइयोस् भनि धेरै निर्देशनहरू दिइएका छन्। एक विश्वासीले जानिकनै आफ्नो जीवनमा गरेको पापको पश्चाताप नगर्नुचाँही परमेश्वरको विरुद्धमा गरिएको विद्रोह हो।

यसकारण म, प्रभुको कैदी, तिमीहरूलाई विन्ती गर्दछु; जुन वोलावटले तिमीहरू बोलाइएका छौ, त्यसैको योग्य चालमा हिँड, सबै दीनता र नम्रतासाथ, सहनशीलतासित प्रेमले एक-अर्कालाई सह, मेलमिलापको बन्धनमा आत्माको एकता कायम राख्ने प्रयत्न गर। (एफिसी ४:१-३)

यसकारण जसरी तिमीहरूले ख्रीष्ट येशू प्रभुलाई ग्रहण गरेका छौ, यसरी नै तिमीहरू उहाँमा हिडँ; अनि उहाँमा नै जरा हाल्दै र बनिदैँ जाओ; अनि जसरी तिमीहरू सिकाइएका छौ, उसरी नै यस धन्यवादले प्रशस्त हुँदै विश्वासमा स्थिर हुँदै जाओ। होसियार होओ, नत्र कसैले तत्वज्ञान र व्यर्थैको धोकाद्वारा तिमीहरूलाई शिकार बनाउला ! ती कुराहरू मानिसका रीतिथिति र संसारका प्राथमिक शिक्षाअनुसार छन्, तर ख्रीष्टअनुसार छैनन्। (कलस्सी २:६-८)

हामीले परमेश्वरको अनुग्रह , कष्ट, र धैर्यतालाई पाप गर्नको निम्ति कारण वा बहानाको रुपमा प्रयोग गर्न सक्दैनौं।

तब हामी के भनौं त? अनुग्रह प्रशस्त होस् भनेर के हामी पापमा लागिरहौं? कदापि होइन! हामी, जो पापका निम्ति मरिसकेका छौं, अब उसो कसरी त्यसैमा जिऔं र? (रोमी ६:१-२)

तब के? हामी व्यवस्थाको अधिनमा छैनौं, तर अनुग्रहको अधीनमा छौं भनेर के हामी पाप गरौं त? कदापि, होइन! (रोमी ६:१५)

परमेश्वरको वचनमा धेरै-धेरै पटक हामीलाई ईश्वरिय जीवन जिउनका निम्ति भनिएको छ। जब एक व्यक्ति जसले आफू ख्रीष्टियन हुँ भनि दाबी गर्दछ, उसले स्वभाविक बानीले नै पाप गर्दछ र त्यसलाई झिनो सम्झन्छ, वा तर्कसंगत गर्दछ वा न्यायसंगत सिद्ध गर्दछ, तर उसले परमेश्वरको विरुद्धमा विद्रोह गर्दछ। यस विद्रोहको भयकंर परिणाम आउँदछ।

उहाँसँग हाम्रो संगति छ भनि हामी भन्छौं, तर अन्धकारमा हिँड्छौं भने हामी झूट बोल्दछौं, र सत्य काम गर्दैनौं; (१यूहन्ना १:६)

एक विश्वासीको जीवनमा पापको फलस्वरुप धेरै दुःखदायी परिणामहरू हुँदछन्। तलका सूचीहरू आवश्यक रुपमा पूर्ण सूची त होइनन्, तर यिनीहरूलाई होसियारीपूर्वक विचार गर्नुहोस्;

१ पाप र विद्रोहले हृदयलाई कठोर पार्दछ र परमेश्वरलाई शोकित पार्दछ।

तर उनीहरूले विद्रोह गरे, र उहाँको पवित्र आत्मालाई दुःखित तुल्याए; (यशैया ६३:१०क)

अनि तिनीहरूको हृदयको कठोरताको कारणले दुःखित भई उहाँले रिसले तिनीहरूलाई चारैतिर हेर्नुभयो,... (मर्कुस ३:५क)

फेरी उहाँले यति धेरै समयपछि दाउदद्वारा 'आज' भन्दै कुनै एउटा दिन ठहराउनुहुन्छ, जस्तो भनिएको छः 'आज तिमीहरूले उहाँको आवाज सुन्यौ भने आफ्ना हृदयहरू कठोर नपार'। (हिब्रु ४:७)

अनि परमेश्वका पवित्र आत्मालाई शोकित नपार, जसद्वारा तिमीहरू छुटकाराको दिनका निम्ति छाप मारिएका छौ। (एफिसी ४:३०)

२ पश्चाताप नगरिएको पापले गर्दा एक व्यक्तिले परमेश्वरसाथ हिँड्ने र उहाँलाई जान्ने आशिषहरूलाई गुमाउँछ।

जब आत्मालाई चोट र अवरोध पुर्याइन्छ, तब हामीले हाम्रो जीवनमा "आत्माको फलको" आशा गर्न सक्दैनौं। हामीले एक आनन्दित व्यक्ति वा हर्ष वा शान्ति भएको महसुस गर्न सक्दैनौं।

तर आत्माको फल होः प्रेम, आनन्द, मेलमिलाप, सहनशीलता, कृपा, भलाइ, विश्वास, नम्रता, संयम; यस्ता कुराहरूको विरोधमा कुनै व्यवस्था छैन। (गलाति ५:२२-२३)

आफ्ना पापहरूको पश्चाताप गर्दैगर्दा, दाउदले प्रार्थना गरे, तपाईको उद्धारको आनन्द मलाई फेरी दिनुहोस्, (भजनसंग्रह ५१:१२क)

जब म चुप लागें, तब मेरा हड्डीहरू दिनभरिको मेरो ऐया-आत्थाले गर्दा सुके। किनकी दिनरात तपाईको हात ममाथि गह्रौं भएर रह्यो; मेरो शरिरको पानी ग्रीष्म-ऋतुको खडेरीमा परिवर्तित भयो। (भजनसंग्रह ३२:३-४)

यस पदको सन्दर्भमा, *"जब म चुप लागें"* ले दाउदको पश्चातापको इन्कार र उनको त्यस पापदेखी फर्किनलाई इन्कार गरेको कुरालाई उल्लेख गर्दछ।

धार्मिकताका निम्ति भोकाउने र तिर्खाउनेहरू धन्य हुन्, किनभने उनीहरू तृप्त हुनेछन्। (मत्ती ५:६)

३ पश्चताप नगरिएको पापले परमेश्वरसँगको हाम्रो बढाईमा र हिँडाईमा अवरोध सृजना गर्दछ।

पापले आत्मिकी वृद्धिलाई अवरोध पुर्याउँदछ वा रोक्दछ। बाइबल अध्ययन र प्रार्थना अप्रभावकारी र अस्तित्वहिन् बन्न पुग्दछ।

यसैकारण सबै वैरभाव, सबै छल, कपट, डाहा र सबै प्रकारका निन्दा हटाओ; र नयाँ जन्मेका बालकहरूझैँ वचनको विशुद्ध दूधको तिर्सना गर, र यसद्वारा तिमीहरू बढ्दै जाओ; यदि साँच्चै प्रभु कृपामय हुनुहुन्छ भनि तिमीहरूले चाखेका छौ भने। (१ पत्रुस २:१-३)

जसले आफ्ना पापहरू ढाक्छ, त्यो सफल हुँदैन; तर जसले तिनलाई मानिलिन्छ र छोडिदिन्छ, उसले कृपा पाउनेछ। (हितोपदेश २८:१३)

आत्मालाई ननिभाओ। (१थेस्सोलिनिकी ५:१९)

हेर, परमप्रभुको हात बचाउन नसक्ने गरी छोटो भएको छैन, न ता उहाँको कान सुन्न नसक्ने गरी बोधो भएको छ; तर तिमीहरूका अधर्महरूले तिमीहरूलाई तिमीहरूका परमेश्वरबाट अलग पारेका छन्, अनि तिमीहरूका पापहरूले उहाँको मुख तिमीहरूदेखी लुकाइदिएका छन्, र उहाँले सुन्नुहुन्न। (यशैया ५९:१-२)

यूहन्ना १७ अध्यायमा, प्रभु येशूद्वारा व्यक्त गरिएको प्रार्थनामा त्यहाँ हाम्रो प्रभुसँग हाम्रो अद्भुत एकता र एकपन रहेको छ। हामी उहाँमा छौं, र जस्तो अद्भूत छ उस्तै गरी नै, हामी परमेश्वरद्वारा उहाँको पुत्रमा प्रदान गरिएको महिमालाई बाड्दछौं। जब हामी पाप गर्दछौं, उहाँसँगको यस एकपनालाई अवरोध पुग्दछ। के हामी यस प्रकारले हाम्रो प्रभुसँगको सम्बन्धलाई बाधा पुर्याउन चाहन्छौं त?

म तिनीहरूका लागीमात्र प्रार्थना गर्दिनँ, तर उनीहरूका लागी पनि गर्दछु, जसले तिनीहरूको वचनद्वारा ममाथि विश्वास गर्नेछन्; २१ र तिनीहरू सब एक होऊन्; र तपाईले मलाई पठाउनुभयो भनि संसारले विश्वास गरोस्। २२ अनि जसरी हामी एक छौं, उसरी नै तिनीहरू पनि एक होऊन् भनेर तपाईले मलाई दिनुभएको महिमा मैले तिनीहरूलाई दिएको छु। २३ म तिनीहरूमा अनि तपाई ममा, कि तिनीहरू सिद्ध बनाइएर एक होऊन्; अनि तपाईले मलाई पठाउनुभएको हो, अनि जसरी तपाईले मलाई प्रेम गर्नुभएको छ, उसरी नै तिनीहरूलाई पनि प्रेम गर्नुभएको छ भनि संसारले जानोस्। २४ हे पिता, तपाईले मलाई जतिजना दिनुभएको छ, तिनीहरू पनि म जहाँ छु, त्यहीँ मसँगै रहून् भन्ने इच्छा म गर्दछु; र तपाईले मलाई दिनुभएको मेरो महिमा तिनीहरूले देखून्; किनकी तपाईले मलाई संसारको उत्पत्तीभन्दा पहिल्यै प्रेम गर्नुभयो। हे धार्मिक पिता, संसारले तपाईलाई चिनेको छैन; तर मैले तपाईलाई चिनेको छु; अनि तपाईले मलाई पठाउनुभएको हो भनि तिनीहरूले जानेका छन्। अनि मैले तपाईको नाम तिनीहरूलाई जनाइदिएको छु, अनि जनाइदिनेछु, जुन प्रेमले तपाईले मलाई प्रेम गर्नुभयो छ, त्यही प्रेम तिनीहरूमा रहोस् र म तिनीहरूमा रहूँ"। (यूहन्ना १७:२०-२६)

४ पश्चाताप नगरिएको पापले गर्दा हाम्रो प्रार्थना सुनुवाई हुदैँन।

यही प्रकारले हे पतिहरू हो, पत्नीलाई कमजोर पात्र सम्झी, साथै जीवनका अनुग्रहका साझा हकदारहरू सम्झी उनीहरूलाई आदर गर्दै बुद्धिमानीसाथ उनीहरूसँग बस; र तिमीहरूका प्रार्थनाहरू नरोकिएका होऊन्। (१पत्रुस ३:७)

यदि मैले आफ्नो हृदयमा अधर्म राखें भने प्रभुले मेरो विन्ती सुन्नुहुनेछैन। (भजनसंग्रह ६६:१८)

हेर, परमप्रभुको हात बचाउन नसक्ने गरी छोटो भएको छैन, न ता उहाँको कान सुन्न नसक्ने गरी बोधो भएको छ; तर तिमीहरूका अधर्महरूले तिमीहरूलाई तिमीहरूका परमेश्वरबाट अलग पारेका छन्, अनि तिमीहरूका पापहरूले उहाँको मुख तिमीहरूदेखी लुकाइदिएका छन्, र उहाँले सुन्नुहुन्न। (यशैया ५९:१-२)

५ एक ख्रीष्टियन जनलाई, जस्तो बाबुबाट नानीलाई अनुशासित गरिदँछ, त्यसरी नै परमेश्वरद्वारा सजाय दिइदँछ वा अनुशाषित गरिदँछ।

किनकी जसलाई प्रभुले प्रेम गर्नुहुन्छ, उसलाई ताडना पनि दिनुहुन्छ, अनि आफूले अपनाएको हरेक छोरालाई कोर्रा पनि लाउनुहुन्छ। (हिब्रु १२:६)

फेरी, हाम्रा शरिरिक बाबुहरू थिए, जसले हामीलाई ताडना दिन्थे, र हामीले उनीहरूलाई आदर गर्यौं; त के आत्माहरूका पिताको अधिनतामा हामी झन् बढी नबसौं? र नबाचौं? किनकी साँच्चै उनीहरूले ता जुन कुरा उनीहरूलाई असल लाग्दथ्यो, त्यहीअनुसार थोरै दिनका निम्ति हामीलाई ताडना दिए; तर उहाँले ता, हामी उहाँका पवित्रताका भागी होऔं भनेर हाम्रा फाइदाका निम्ति ताडना दिनुहुन्छ। अनि कुनै पनि ताडना

अहिलेलाई आनन्दमय होइन, तर दुःखमय नै देखा पर्छ; तरै पनि यस तालिमद्वारा अभ्यस्त भइसकेकाहरूका निम्ति यसले पछिबाट धार्मिकताको शान्तिमय फल दिनेछ। (हिब्रु १२:९-११)

तर संसारसँगै हामी पनि दोषी ठहरिन नपरोस् भनेर हाम्रो न्याय गरिँदाखेरि प्रभुबाट हामी ताडना पाउँछौं। (१कोरिन्थी ११:३२)

६ विश्वासीहरूले पापहरूको फलको कटनी गर्नेछन्। पापले हाम्रो जीवनमा धेरै सङ्ख्यामा पिडा, कष्ट, र समस्याहरू ल्याउँदछ।

धोकामा नपर; परमेश्वर ठट्टामा उडाइनुहुन्न; किनकी मानिसले जे छर्छ, त्यसैको कटनी पनि गर्नेछ। (गलाती ६:७)

जसले अधर्म छर्छ, त्यसले खराबीको कटनी गर्नेछ;... (हितोपदेश २२:८क)

ख्रीष्टियनहरूले पाप गर्न सक्छौं र त्यस पापलाई स्वीकार गर्नेछौं र त्यसका सबै परिणामहरू हटिजानेछन् भनि विचार राख्नुहुँदैन। पाप स्वीकार गर्नाले संगति पुनर्स्थापना हुँदछ, तर यसले पापको परिणामहरूचाँही आवश्यक रुपले हटाउँदैन। पवित्रशास्त्रको कुनै पनि पूस्तकमा यो लेखिएको छैन की परमेश्वरको अभिभावकिय क्षमादान भन्नाले हामीले हाम्रो पापहरूको परिणाम भोग्नुपर्दैन।

तब परमप्रभुले भन्नुभयोः "तिम्रो वचनअनुसार मैले क्षमा गरेको छु; तर मेरो जीवनको कसम ! निश्चय सारा पृथ्वी परमप्रभुको महिमाले भरपूर हुनेछ। किनभने यी सब मानिसहरू, जसले मेरो महिमा र मेरा चिन्हहरू देखेका छन्, जो मैले मिश्रमा र उजाडस्थानमा गरें र पनि यी दशपल्ट मलाई जाँचेका छन्, र मेरो कुरा मानेका छैनन्, तिनीहरूले निश्चय त्यो देश देख्न पाउनेछैनन् नै, जसको विषयमा मैले तिनीहरूका पिता-पूर्खाहरूसित कसम खाएको थिएँ; अँ, मलाई तुच्छ ठान्नेहरूमध्ये एउटाले पनि त्यो देश पाउनेछैन। (गन्ती १४:२०-२३)

राजा दाउद यसको अर्को उदाहरण हुन्। परमेश्वरले दाउदको पाप क्षमा गर्नुभयो, तर त्यस समयबाट दाउदको परिवारमा बलात्कार, कौटुम्बिक व्यभिचार, हत्या, विद्रोह घट्न थाल्यो। उनको पाप अघि यी कुनै कुराहरू पनि घटेका थिएनन्। म यो महसुस गर्दछु की बेथसेबासँग राखेको अनौतिक कामुकताले दाउदले धेरै दिनहरू शोकमा बिताए।

७ पाप गरेकोले गर्दा हामीले स्वर्गका पाउने अनन्तताको इनाम र स्वर्गिय धनहरू गुमाउन पुग्दछौं।

आफ्नो विषयमा होसियार बस, यसैले की जुन कुराहरूका लागी हामीले परिश्रम गर्यौं तिनलाई हामी नगुमाऔं, तर पूरा प्रतिफल पाऔं। (२यूहन्ना ८)

किनकी शरिरमा गरिएका कामहरूका निम्ति, चाहे असल होस् चाहे खराब, हरेकले जे गरेको छ, त्यसअनुसारको फल पाउनालाई हामी सबै ख्रीष्टको न्यायआसनका सामु देखा पर्नुपर्छ। (२कोरिन्थी ५:१०)

किनकी त्यो दिनले त्यो काम देखाउनेछ, किनकी त्यो आगोद्वारा प्रकट गरिनेछ; अनि हरेककको काम, त्यो कस्तो किसिमको रहेछ भनि आगोले जाँच गर्नेछ। कुनै मानिसको काम, जो उसले त्यसमाथि बनाएको छ, रहिरह्यो भने उसले इनाम पाउनेछ। कसैको काम जलिजान्छ भने उसले हानी भोग्नेछ; तर ऊ आफैचाँही बाँच्नेछ, तर आगोबाट भएर उम्केजस्तो। (१कोरिन्थी ३:१३-१५)

अनि हेर, म चाँडै आउँछु; अनि हरेक मानिसलाई जस्तो उसको काम हुनेछ, त्यही अनुसार दिनालाई मेरो इनाम मसित छ। (प्रकाश २२:१२)

प्रभुको सेवा गर्नेहरूका निम्ति त्यहाँ अनन्तताको लागी इनाम रहेको छ। सबै उद्धार गरिएका मानिसहरू परमेश्वरकोसाथमा अनन्तताको लागी स्वर्गमा रहनेछन्, तर केहीले मात्र उहाँको सेवा गरेकाले इनाममा आनन्द मनाउनेछन्।

८ हामीले अरुहरूलाई आफ्नो उदाहरणद्वारा पाप गर्न सिकाउँदछौं।

हामी सबै नै एक-अर्कासँग पूर्णरुपले अलग पारिएका भने छैनौं। हामीले गर्ने कार्यले अरुलाई पनि प्रभाव पार्दछ। हाम्रो उदाहरणद्वारा, जब हामी पाप गर्दछौं, हामीले त्यसलाई लुकाउन र सिद्ध पार्ने प्रयास गरेतापनि, तब हामीले अरुलाई पनि पाप गर्न उत्साह प्रदान गर्दछौं। राजा दाउदको बेथसेबासँगको अनैतिक कामुकतापछि, उनका छोराले पनि दाउदको परिवारमा अनौतिक कार्यहरुः बलात्कार, कौटुम्बिक व्यभिचार गरे। यसले दाउदको जीवन र उनको परिवारमा निरन्तर समस्या, पिडा, र हृदय व्यथामात्र निम्त्यायो।

नानीहरूले आफ्नो बाबु-आमाको व्यवहार र कार्यहरूबाट नियाल्छन् र त्यसको सिको गर्दछन्। अपवाद बाहेक, धेरैजसो समय नानीहरूले आफ्ना बाबु-आमाको उदाहरणलाई नै पछ्याउँदछन्।

९ पापले उग्र रुपमा अरुहरूलाई र आफैलाई पनि कष्ट दिदँछ।

एउटा पापले अर्को र अर्को पापले अर्को.....तर्फ डोर्याउँदछ। दाउदको बेथसेबासँगको पापलाई उनले झूट बोली, छल गरी, सामुहिक हत्या गरी, र परमेश्वरको बिरुद्धमा बिद्रोह नै गरी ढाक्न खोजे। दाउदको पापले विवाहलाई नै विनाश गर्यो, उरियालाई र अरु सिपाहीहरूलाई मारिन लगायो, नवजात शिशुको मृत्यु गरायो, साथै दाउदको छोरा अबिजाह र अदोनिजाहको पनि मृत्यु भयो। दाउदको पापको कारणले गर्दा उनको परिवारमा कष्ट नपाउने कोही पनि थिएन (२शमुएल १२:७-१८)। अब्राहामको हागारसँगको पापले, करिब ३००० वर्षपछि पनि, यहूदीहरू र अरबीहरूविरुद्ध मतभेद र मृत्युको परिणाम रहेको छ।

१० जब एक ख्रीष्टियनले पाप गर्न निरन्तरता दिइरहँदछ, तब उसको साक्षी विश्वासलायक भने हुदैँन।

कसैले पनि कपटी मानिसलाई विश्वास र आदर गर्दैनन्।

जब एक ख्रीष्टियनले पाप गर्दछ भने उसले के गर्नुपर्दछ?

हरेक ख्रीष्टियनहरूले हृदयबाट नै परमेश्वरलाई खोज्न र परमेश्वरसँगको हिँडाईलाई बढाउनका निम्ति सकृय प्रतिज्ञा गर्नुपर्दछ। तिनीहरूले अझै राम्रोसँग परमेश्वरलाई जान्नको निम्ति खोज गरिरहनुपर्दछ र उहाँको समिपमा जानुपर्दछ। यद्यपि, यस पृथ्वीमा रहुन्जेल, हामी कहिल्यै पनि त्यस पाप नै नगर्ने अवस्थामा भने पुग्न सक्दैनौं। तरैपनि, जब हामी उहाँको नजिकमा जादँछौं, हामीले पाप स्वाभावलाई कम-कम गर्दै लादँछौं। जब हामीले पाप गर्दछौं, तब तत्काल नै हामीले त्यो स्वीकार गर्दछौं र त्यससँग उचित च्यचहार गर्नुहोस्।

१ परमेश्वरसँग त्यस पापलाई स्वीकार गर्नुपर्दछ।

हामीसँग पाप छैन भनि हामी भन्छौं भने हामीले आफैलाई धोका दिन्छौं, र हामीमा सत्य हुदैँन। हामीले आफ्ना पापहरू स्वीकार गर्यौं भने हामीलाई हाम्रा पापहरू क्षमा गर्न र हामीलाई सबै अधर्मबाट शुद्ध पार्नाका निम्ति

उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ। हामीले पाप गरेका छैनौं भनि हामी भन्छौं भने हामी उहाँलाई झूट तुल्याउँछौं, र उहाँको वचन हामीमा छैन। (१यूहन्ना १:८-१०)

यस पापको स्वीकार गराईले हामी फेरी उद्धार गरिदँछौं भन्ने होइन, तर त्यस पापको अपवित्रतादेखी स्वतन्त्र हुनको निम्ति भने हो। हामीले परमेश्वरसँग कुरा गर्नका निम्ति कुराकानीका माध्यमहरू सदा खुल्ला राख्नुपर्दछ र हामीले परमेश्वरसँगको हाम्रो हिँडाईलाई निश्चितरुपमा निरन्तर बढाउँदै लानुपर्छ।

२ त्यस पापबाट पश्चाताप गर्नुहोस्।

यसकारण तिमी कहाँबाट खसेका छौ, सम्झना गर, पश्चाताप गर र पहिलेका कामहरू गर; नत्रभने म तिमीकहाँ चाडैँ आउनेछु, र तिमीले पश्चाताप गरेनौ भने तिम्रो सामदान त्यसको ठाउँबाट हटाइदिनेछु। (प्रकाश २:५)

अँ, त्यसैलाई म हेर्नेछु, जो दीन र चूर्ण आत्माको छ र मेरो वचन सुनेर थरथर काम्छ। (यशैया ६६:२ख)

न्यायसंगत पार्ने, सिद्ध बनाउने, बहाना बनाउने, वा हाम्रो पापलाई बे-वास्ता गर्नुको साटो, हामीले पश्चाताप गर्नु अत्यावश्यक हुन्छ। त्यो पाप को भनि स्वीकार गर्नुहोस् र त्यसबाट फर्कनुहोस्। आत्माको सामर्थ्य बनाउने कुरामा निश्चित हुनुहोस् र तपाईले त्यस पापलाई निरन्तरता दिनुहुनेछैन।

३ यदि तपाईको पापले अर्को व्यक्तिलाई चोट पुर्याएको छ भने, यथासम्भव तपाईले त्यस व्यक्तिसँग सही व्यवहार गर्नुपर्दछ।

यदि तिमीले आफ्नो भेटि वेदीमा ल्यायौ भने, र त्यहाँ तिम्रो विरोधमा तिम्रो भाइको केही छ भन्ने सम्झना भयो भने, आफ्नो भेटी त्यहीं वेदीको अघिल्तिर छोड, र जाऊ; पहिले आफ्नो भाइसँग मेलमिलाप गर, त्यसपछि आएर आफ्नो भेटी चढाऊ। (मत्ती ५:२३-२४)

परमेश्वरको सेवा गर्नाको निम्ति अरुहरूसँगको हाम्रो सम्बन्ध सच्चा हुनुपर्दछ । यदि हामीले, केही तरीकाले, जानिकन वा नजानिकन, अरु मानिसलाई चोट पुर्याएका छौं भने त्यसलाई सही तुल्याउनका निम्ति हामीले गर्नसक्ने सक्दो प्रयास गर्नुपर्दछ। यही प्रकारले नै, हामीले हाम्रो विरुद्धमा पाप गर्नेहरूलाई क्षमा दिन तत्पर हुनुपर्दछ र रिस र क्रोधलाई पक्रिराख्नुहुदैँन।

४ हाम्रो विरुद्धमा गलत गर्ने र पाप गर्नेहरूलाई हामीले क्षमा दिनुपर्दछ।

किनकी तिमीहरूले मानिसहरूलाई तिनीहरूका अपराधहरू क्षमा गर्यौं भने तिमीहरूका स्वर्गीय पिताले पनि तिमीहरूलाई क्षमा गर्नुहुनेछ। तर तिमीहरूले मानिसहरूलाई तिनीहरूला अपराधहरू क्षमा गरेनौ भने तिमीहरूका पिताले पनि तिमीहरूका अपराधहरू क्षमा गर्नुहुनेछैन। (मत्ती ६:१४-१५)

क्षमालाई बुझ्नका निम्ति हामीले परमेश्वरको वचनलाई बुझ्न आवश्यक पर्दछ जहाँ पाप क्षमा गर्नको निम्ति परमेश्वरको दयाको दुईवटा उपयोगहरू प्रस्तुत गरिएको छ। "न्यायसम्बन्धी क्षमा" र "अभिभावकीय क्षमा" यी पारिभाषिक शब्द बाइबलिय होइनन्, तर यिनीहरूले बाइबलिय सत्यतालाई भने बर्णन गर्दछन्।

क न्यायसम्बन्धी क्षमा

जब एक उद्धार नगरिएको व्यक्तिले साँचोरुपमा उसको पापबाटको पश्चाताप गर्दछ र आफ्नो पापको दण्डको मूल्य चुकाउनका निम्ति हाम्रो प्रभु येशू ख्रीष्टको मृत्यु र पुनरुत्थानमाथि आफ्नो विश्वास राख्दछ, तब त्यस

व्यक्तिको पाप क्षमा गरिदँछ। उसको सबै पाप – भूत, वर्तमान, र भविष्य – नै क्षमा गरिदँछ। जब उसको पाप क्षमा गरिदँछ, उसलाई न्यायोचित ठहराइन्छ, र उसमा धार्मिकता खनाइदँछ। ऊ अब परमेश्वरको सन्तान हुदँछ, र सदा-सर्वदा परमेश्वरसँग रहिरहन्छ।

उहाँमा हामीले, उहाँको अनुग्रहको धनअनुसार उहाँको रगतद्वारा छुटकारा अर्थात् पापहरूको क्षमा पाएका छौं; (एफिसी १:७)

अनि तिमीहरू आफ्ना पापहरू र आफ्नो शरिरको खतना नभएको अवस्थामा मरेका हुँदा तिमीहरूका सबै अपराधहरू क्षमा गरेर उहाँले तिमीहरूलाई उहाँसित जीवित पार्नुभएको छ; (कलस्सी २:१३)

ख अभिभावकीय क्षमा

एक व्यक्ति जो साँचोरुपमा उद्धार गरिएको छ जब उसले पाप रोज्दछ भने, उसको परमेश्वरसँगको संगति र आनन्दलाई वाधा पुग्दछ। उसले थोरै वा कत्तिपनि साँचो आत्मिकी फल फलाउँदैन। जब एक ख्रीष्टियनले आफ्नो पापहरू स्वीकार गर्छ, तब त्यसको जीवनमाथि फेरी पनि पवित्र आत्माको नियन्त्रण रहदँछ र परमेश्वरसँगको उसको संगति फेरी पुनर्स्थापित हुदँछ, र त्यस व्यक्तिले परमेश्वरसँगको आफ्नो हिँडाईलाई फेरी आरम्भ गर्दछ।

१यूहन्नाको पूस्तक ख्रीष्टियन विश्वासीहरूका निम्ति लेखिएको थियो। यो पूस्तक लेखिनुको कारणहरूमध्येको एक कारणचाँही विश्वासीहरूले कसरी पितासँग, पवित्रजनहरूसँग संगति राख्रसक्दछन् र उनीहरूको आनन्द कसरी भरपूर हुदँछ भनि सिकाउनका निम्ति लेखिएको हो। पहिलो अध्यायमा, यूहन्नाले लेख्दछन्,

हामीसँग पाप छैन भनि हामी भन्छौं भने हामीले आफैलाई धोका दिन्छौं, र हामीमा सत्य हुदैँन। ९ हामीले आफ्ना पापहरू स्वीकार गर्यौं भने हामीलाई हाम्रा पापहरू क्षमा गर्न र हामीलाई सबै अधर्मबाट शुद्ध पार्नाका निम्ति उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ। (१यूहन्ना १:८-९)

परमेश्वरसँग र अरु ख्रीष्टियन जनहरूसँगको निरन्तर संगति राख्रका निम्ति ख्रीष्टियन विश्वासीहरूले नियमित रुपले आफ्ना पापहरू स्वीकार गर्नुपर्दछ, जसले गर्दा उनीहरूको आनन्द भरपूर हुदँछ, फलस्वरुप तिनीहरू हाम्रा प्रभु येशू ख्रीष्टको उपयोगी सेवकहरू हुन सक्दछन्।

अभिभावकीय क्षमाको एउटा उत्तम उदाहरण राजा दाउदको जीवनी हो। दाउद परमेश्वरको सन्तान थिए; तरैपनि उनले शोकित पाप गरे। जब दाउदलाई उनको पाप प्रकट गराइयो, उनले त्यो स्वीकार गरे र पश्चाताप गरे।

मैले तपाईको सामु आफ्नो पाप स्वीकार गरें, र मेरो अधर्म लुकाइनँ। मैले भनेः "म परमप्रभुको सामु आफ्ना अपराधहरू स्वीकार गर्नेछु"; अनि तपाईले मेरो पापको अधर्म क्षमा गर्नुभयो। (भजनसंग्रह ३२:५)

दाउदले उनको पाप स्वीकार गरे आनन्दको नविकरणको निम्ति प्रार्थना गरे। दाउदले अझैपनि आफ्ना पापहरूका थूप्रै परिणामहरू सहनुपर्नेथियो, तर जब उनले आफ्ना पापहरू स्वीकार गरे तब परमेश्वरसँगको उनको हिँडाईको आनन्दको नविकरण गरियो।

तपाईको उद्धारको आनन्द मलाई फेरी दिनुहोस्; र तपाईको इच्छुक आत्माले मलाई सम्हाल्नुहोस ! (भजनसंग्रह ५१:१२)

हाम्रो मुक्तिको शुरक्षाको सन्दर्भमा परमेश्वरको वचनबाटको सत्यता

अब हामी परमेश्वरको वचनबाटका केही चाबी शिक्षाहरूलाई लिन्छौं र हेर्छौं जुन साँचो रुपमा विश्वास गर्नेहरूले पाउने अनन्तको जीवनसँग सम्बन्धित रहेको छ। यी सत्यताहरू ख्रीष्टियन जीवनमा आनन्दका कारकहरू हुन्। यदि, समय-समयमा, तपाई "परमेश्वरको महिमा होस्" भनि कराउनुहुन्छ भने, अगाडी बढ्दै जानुहोस्।

१. पापबाटको क्षमा

परमेश्वरले पूर्णरुपमा हाम्रा पापहरू क्षमा गर्नुहुन्छ भनेर यी तलका पदहरूले बयान गर्दछन्;

... र उहाँका पुत्र येशू ख्रीष्टको रगतले हामीलाई सब पापबाट शुद्ध पार्छ। (१यूहन्ना १:७ख)

... तिमीहरूका सबै अपराधहरू क्षमा गरेर उहाँले तिमीहरूलाई उहाँसित जीवित पार्नुभएको छ; (कलस्सी २:१३ख)

किनकी तिनीहरूका अधर्महरूतर्फ म कृपालु हुनेछु, र तिनीहरूका पापहरू र तिनीहरूका अपराधहरू म कहिल्यै सम्झना गर्नेछैनँ। (हिब्रु ८:१२) -- यर्मिया ३१:३४ र यशैया ४३:२५मा पनि हेर्नुहोस्।

पश्चिमदेखी पूर्वजति टाढो छ, त्यति नै उहाँले हाम्रा अपराधहरू हामीदेखी टाढो हटाउनुभएको छ। (भजनसंग्रह १०३:१२)

... **अनि तपाईले तिनीहरूका सबै पापहरू समुन्द्रको गहिराइमा फालिदिनुहुनेछ।** (मिका ७:१९ख)

...तिमीहरूका पापहरू सिन्दूरे रङ्गका भए तापनि ती हिँउजस्तै सेता हुनेछन्; ती गाढा राता भए तापनि ऊनजस्तै सेता हुनेछन्। (यशैया १:१८ख)

चोरहरू, लोभीहरू, मतवालाहरू, गाली बक्नेहरू र धूताहाहरू परमेश्वरका राज्यका हकवाला हुनेछैनन्। ११ अनि तिमीहरूमध्ये कतिजना यस्तै थियौ; तर तिमीहरू धोइएका छौ, तर तिमीहरू प्रभु येशूको नाममा र हाम्रा परमेश्वरका आत्माद्वारा धर्मी ठहरिएका छौ। (१ कोरिन्थी ६:१०-११)

यी पदहरूमा प्रयोग गरिएको "सबै" शब्दलाई विचार गर्नुहोस्। सबै भन्नाले सबै – भूत, वर्तमान, र भविष्यलाई दर्शाउँदछ। उहाँले पहिलेका पापहरू क्षमा गर्नुहुन्छ तर भविष्यमा हुन आउन होइन भनि पवित्र शास्त्रमा कहीँ पनि बताइएको छैन। फेरी पनि, सबै भन्नाले सबै नै हो।

यसकारण हाम्रा पापहरू क्षमा गरिएका हुनाले, हामीले कुन आधारमा हाम्रो मुक्तिलाई गुमाउँदछौं र क्षमा गरिसकिएको त्यस पापको दण्ड अनन्तताको लागी भोग्छौं र? क्षमा गरिसकिएका मानिसहरूलाई दोष लगाएर त्यस क्षमा गरिसकिएको पापको न्याय गर्न नरकमा फाल्नलाई परमेश्वर सक्नुहुन्न, उहाँले यसो गर्नुहुन्न।

यस पदहरूमा कुनै शर्त लागु गरिएको छैन। जब एक व्यक्तिले साँचोरुपले विश्वास गर्ने निर्णय गर्दछ, उसको सबै पापहरू क्षमा गरिदँछ। तर उद्धार गरिएका ख्रीष्टियनहरूले पाप गरेको र तिनलाई स्वीकार नगरेको खण्डमा भने क्षमा गरिदैँनन् भनि यसले भन्न खोजेको होइन। हामीले यी बाइबलिय पदहरूका यस शिक्षामा शर्त थप्न मिल्दैन। सबै भन्नाले सबै नै हो – त्यहाँ कुनै शर्त लागु गरिएको छैन।

उद्धार गरिएपछि पनि गम्भिर पाप गर्नाले मुक्ति गुम्दछ भनि कसैले विश्वास गर्दछ भने उसले मुक्ति गुमाउने पाप र मुक्ति नगुमाउने पापको बीच भिन्नता छुट्टाउन आवश्यक पर्दछ। वास्तवमा, केही सफेद झूटले उनीहरूको मुक्तिमा केही फरक पार्दैन तर हत्या र अनैतिकताले फरक पार्दछ। योचाँही पूर्णरुपले मानिसले बनाएका भिन्नता हुन्। जे सुकै भए पनि यस बारेमा कुनै बाइबलिय जग रहेको छैन। *सबै पाप नै गम्भिर पाप हुन् र सबै पापहरूको दण्ड अनन्तताको मृत्यु नै हो। यदि क्षमा गरिसकिएपनि ख्रीष्टियनहरूलाई तिनीहरूको पापहरूको न्याय गरिन्छ भने, हामी सबैले नै अनन्तताको निम्ति नरकमा रहनुपर्ने हुदँछ कारण सबै पापको दण्ड मृत्यु नै हो।*

२. के येशूको मृत्यु सारा पापहरूको मूल्य चुकाउनका निम्ति प्रशस्त छ की "थोरै" पापहरूमात्र को?

के येशूको क्रुसको मृत्युले हाम्रा सबै पापहरूको मूल्य चुक्ता गर्यो की केही पापहरूको मूल्यमात्र चुक्ता गर्यो? हामी उद्धार गरिसकिएपछि हामीले गरेका पापहरू, जसलाई हामीले स्वीकार गरेका हुदैँनौं, ती उनका रगतले ढाक्दछ त वा "ठूला" पापहरू ढाक्दैन? साँचो विश्वास गरेतापनि पापद्वारा कसैले आफ्नो मुक्ति गुमाउँछ भनि विश्वास गर्नुचाँही, उसले आफूले स्वीकार नगरेका पापहरू येशूको क्रुसको मृत्युले ढाक्दैन भन्ने कुरामा विश्वास राख्नु हो।

परमेश्वरको वचनले के भन्न चाहन्छ?

हामीलाई सबै अधर्मबाट छुटकारा दिनालाई र असल-असल कामहरूमा जोशिलो भएको एउटा विशेष जातिलाई आफ्नै निम्ति शुद्ध पार्नालाई उहाँले आफैलाई हाम्रा निम्ति दिहाल्नुभयो। (तीतस २:१४)

... र उहाँका पुत्र येशू ख्रीष्टको रगतले हामीलाई सब पापबाट शुद्ध पार्छ। (१यूहन्ना १:७ख)

... तिमीहरूका सबै अपराधहरू क्षमा गरेर उहाँले तिमीहरूलाई उहाँसित जीवित पार्नुभएको छ; (कलस्सी २:१३ख)

...तिमीहरूका पापहरू सिन्दूरे रङ्गका भए तापनि ती हिँउजस्तै सेता हुनेछन्; ती गाढा राता भए तापनि ऊनजस्तै सेता हुनेछन्। (यशैया १:१८ख)

चोरहरू, लोभीहरू, मतवालाहरू, गाली बक्रेहरू र धूताहाहरू परमेश्वरका राज्यका हकवाला हुनेछैनन्। अनि तिमीहरूमध्ये कतिजना यस्तै थियौ; तर तिमीहरू धोइएका छौ, तर तिमीहरू प्रभु येशूको नाममा र हाम्रा परमेश्वरका आत्माद्वारा धर्मी ठहरिएका छौ। (१कोरिन्थी ६:१०-११)

३. के हाम्रो मुक्ति हाम्रो आफ्नै धार्मिकतामा (सद्गुण) आधारित छ वा परमेश्वरद्वारा प्रदान गरिएको धार्मिकतामा आधारित छ?

धार्मिकता भन्ने पारिभषिक शब्दलाई बाइबलमा परमेश्वरको पापरहित चरित्र र उहाँको सिद्धतालाई सम्बोधित गर्नका निम्ति प्रयोग गरिएको छ। परमेश्वर पवित्र, पूर्णतया धर्मी, न्यायी, र पापरहित हुनुहुन्छ। उहाँको चरित्र, पाप र दुष्टताको कुनै सानोभन्दा सानो दाग पनि नरहेको, सिद्ध रहेको छ।

यस अध्ययनक्रमको पाठ ७ मा हामीले अघि नै देखिसकेका छौं की, जब हामी उद्धार गरिदँछौं, हामीमा परमेश्वरको धार्मिकता खनाइदँछ। आफ्ना पापहरूको कारणले मुक्ति गुमाइन्छ भनि विश्वास गर्ने व्यक्तिले, उसको मुक्ति केही स्तरसम्म आफ्नै धार्मिकता वा सद्गुणमा आधारित रहेको हुदँछ भनि विश्वास गर्नुपर्दछ। फेरीपनि, मुक्ति सम्बन्धमा परमेश्वरको वचनको शिक्षाअनुसार सही तरीकाले बुझ्नका लागी, हामीले हाम्रो

मुक्ति आफ्नै सद्गुणमा आधारित छ वा परमेश्वरद्वारा खनाइने धार्मिकतामा आधारित छ भनि जान्नु खाँचो पर्दछ।

अन्ततः मुक्ति पाएको मान्छे फेरी हराउन सक्छ भन्ने प्रश्नको जवाफचाँही मुक्तिको कार्य कसले गर्दछ भन् कुरामा निर्भर गर्दछ। यदि मुक्ति परमेश्वको पूर्ण गरिएको कार्य र हामीलाई उहाँको धार्मिकता खनाइन्छ भन्ने कुरामा निर्भर हुदँछ भने हाम्रो मुक्ति निश्चित छ। तर यदि मुक्ति सद्गुण र असल कार्यको अज्ञात स्तरमा भर पर्दछ भने, हामी अनन्तताको निम्ति नरकमा फालिनेछौं किनभने हामी सबैले पापमा निरन्तरता दिनेछौं, र हाम्रो सारा पापको ज्यालाचाँही अनन्त मृत्यु हो।

हामीले आफ्नै विश्वासयोग्यतामाथि र परमेश्वरद्वारा खनाइएको धार्मिकतामा एकैसमय भरोसा राख्नुहुदैँन। यो की त एक हो या त अर्को।

पहिले, हाम्रो धार्मिकताको सवालमा परमेश्वरले विचार गर्नुहुन्छ त्यो हेरौं।

तर हामी सबै अशुद्ध थोकजस्ता छौँ, र हाम्रा सबै धार्मिक कामहरू मैला थाङ्नाहरूसरह छन्; अनि हामी सबै पातजस्तै ओइलिन्छौं, र हाम्रा अधर्महरूले बतासले झैँ हामीलाई उडाएर लगेका छन्। (यशैया ६४:६)

हृदय ता सबै कुराहरूभन्दा बढी छली हुन्छ, र त्यो असाध्य दुष्ट हुन्छ; कसले त्यो जान्न सक्छ र? (यर्मिया १७:९)

किनभने भित्रबाट नै अर्थात् मानिसहरूको हृदयबाट नै खराब विचार, परस्त्रीगमन, व्यभिचार, हत्या, चोरी, लोभ, दुष्टता, छल, कामुकता, कुदृष्टि, निन्दा, घमण्ड, मूर्खता निस्कँदछन्; यी सबै खराब कुराहरू भित्रबाट नै निस्कँदछन्, र मानिसलाई अशुद्ध पार्दछन्। (मर्कुस ७:२१-२३)

जस्तो लेखिएको छः 'धर्मी कोही छैन, एउटै पनि छैन; बुझ्ने कोही छैन, परमेश्वरलाई खोज्ने कोही छैन। तिनीहरू सबै बाटोदेखी भड्किएका छन्, तिनीहरू एकैसाथ बेकम्मा भएका छन्; असल गर्ने कोही छैन, एउटै पनि छैन। (रोमी ३:१०-१२)

यो हाम्रो बारेमा राम्रो बर्णन होइन। परमेश्वरले हाम्रो धार्मिकताको बारेमा के विचार गर्नुहुन्छ भनि यी पदहरूले प्रस्तुत गर्दछ। यदि हाम्रो आफ्नै धार्मिकताले उद्धार गरिने भएता वा असल कार्यको केही उत्तम स्तर कायम गरिने भए, हाम्रो पापहरूको प्रायश्चित गर्नाको निम्ति हामीले परमेश्वरलाई प्रदान गर्न सक्ने असल थोकहरू हाम्रा थोत्रो थाङ्ग्रा वा झूत्रो वस्त्र हुनेथ्यो। संयोगवश, हाम्रो मुक्ति हाम्रो असलपनता वा धार्मिकतामा आधारित रहेको छैन।

तब हामी आफैले गरेका धर्मका कामहरूद्वारा होइन, तर उहाँकै कृपाअनुसार उहाँले हाम्रो उद्धार गर्नुभयो – (तीतस ३:५क)

"किनकी विश्वासद्वारा अनुग्रहले तिमीहरूले मुक्ति पाएका छौ, अनि यो तिमीहरू आफैबाटको होइन, यो परमेश्वरको दान हो; कामहरूबाट होइन, नत्रता कसैले घमण्ड गर्नेछ" (एफिसी २:८-९)

अब जसले काम गर्दछ, त्यसका निम्ति ज्याला अनुग्रह होइन, तर हक ठहरिन्छ। तर जसले काम गर्दैन, तर भक्तिहिनलाई धर्मी ठहराउनुहुनेमाथि विश्वास राख्छ, उसका निम्ति उसको विश्वास धार्मिकता ठहरिन्छ। (रोमी ४:४-५)

यो पद र अरु पदहरूले पनि हामीलाई प्रष्ट पार्दछ की हाम्रो मुक्ति हाम्रो धार्मिकतामा निर्भर रहेको छैन। मुक्ति पाउन वा यसलाई राख्नका निम्ति यो हाम्रो आफ्नै असलपनता र आफ्नै धार्मिकतामा निर्भर हुदँछ भनि पवित्रशास्त्रको कुनै पनि पूस्तकले भन्दैन, जुनचाँही परमेश्वरको नजरमा झुत्रो थाङ्ग्रा बाहेक अरु केही होइन। संयोगवश हाम्रा निम्ति, जब हामी प्रभू येशू ख्रीष्टमाथि विश्वास गर्ने निर्णय गर्दछौं, परमेश्वरले हामीमाथि उहाँको आफ्नै धार्मिकता खन्याउनुहुन्छ। यो यही खनाइएको धार्मिकता हो जसले उहाँलाई जान्न, उहाँको निम्ति जिउन र उहाँसँग अनन्तताको निम्ति रहनका लागी हामीलाई योग्य तुल्याउँदछ। यो परमेश्वरद्वारा प्रदान गरिएको धार्मिकता हो जुन हाम्रो मुक्तिको आधार हो।

किनकी उहाँ (येशू)**मा हामी परमेश्वरका धर्मिकता बन्न पाऔं भनेर पापै नजान्नुहुनेलाई परमेश्वरले हाम्रा निम्ति पाप तुल्याउनुभयो।** (२कोरिन्थी ५:२१)

अब जसले काम गर्दछ, त्यसका निम्ति ज्याला अनुग्रह होइन, तर हक ठहरिन्छ। ५ तर जसले काम गर्दैन, तर भक्तिहिनलाई धर्मी ठहराउनुहुनेमाथि विश्वास राख्छ, उसका निम्ति उसको विश्वास धार्मिकता ठहरिन्छ।६ परमेश्वरले जसलाई कामबिना धर्मी ठहराउनुहुन्छ, त्यस मानिसको धन्यतालाई दाउदले पनि यसरी बयान गरेका छन्; 'जसका अधर्महरू क्षमा भएका छन्, र जसका पापहरू ढाकिएका छन्, तिनीहरू धन्य हुन् । जसलाई प्रभुले पापी ठहराउनुहुनेछैन, त्यो मानिस धन्य हो'। (रोमी ४:४-८)

यस पदको अन्तिम वाक्यलाई विचार गर्नुहोस्। *'जसलाई प्रभुले पापी ठहराउनुहुनेछैन, त्यो मानिस धन्य हो'*। यस व्यक्तिले यो पद पढेर कसरी बुझ्न सक्दछ, र पछिबाट भन्न सक्छ की परमेश्वरले आफ्नो धार्मिकता खनाइदिनुभएको मानिसको विरुद्धमा उसका ठूला पापहरूको हिसाब गर्नुहुन्छ।

अनि यसैकारण उनका निम्ति यो कुरा धार्मिकता गनियो। अनि 'उनका उनका निम्ति यो धार्मिकता गनियो' भन्ने कुराचाँही उनका निम्ति मात्र लेखिएको होइन, "तर हाम्रा निम्ति पनि; हामीले पनि हाम्रा प्रभु येशूलाई मरेकाहरूबाट बौराएर उठाउनुहुनेमाथि विश्वास गर्यौं भने हामीलाई पनि यो धार्मिकता दिइनेछ" जुन प्रभु येशू हाम्रा अपराधहरूका निम्ति सुम्पिइनुभयो, र हाम्रा धार्मिकताका निम्ति बौराइनुभयो। (रोमी ४:२२-२५)

अर्थात् परमेश्वरको धार्मिकता; यो येशू ख्रीष्टमाथिको विश्वासद्वारा विश्वास गर्ने सबैका लागी हो र सबैमाथि आउँछ; किनभने त्यहाँ कुनै भिन्नता छैन। किनकी सबैले पाप गरेका छन् र परमेश्वरको महिमारहित हुन गएका छन्, र उहाँको अनुग्रहद्वारा ख्रीष्ट येशूमा भएको छुटकाराको कारणले तिनीहरू सित्तैँमा धर्मी ठहरिन्छन्; (रोमी ३:२२-२४)

जब हामी उद्धार गरिदँछौं, दुईवटा महत्वपूर्ण कुराहरू हुन आउँदछन्। पहिलो चाँही हाम्रो सारा पापहरू – भूत, वर्तमान भविष्यको – क्षमा गरिदँछ। दोश्रोचाँही परमेश्वरले हामीमा उहाँको धार्मिकता खनाइदिनुहुन्छ। माथीका सबै पदहरूले यी कुराहरूलाई प्रष्ट पार्दछ। उद्धार गरिएका मानिसहरू परमेश्वरकोअघि पूर्णरुपले शुद्ध र धर्मी (न्यायसंगत) भइ खडा हुन्छन्, हामीमा आधारित भएको धार्मिकताले होइन तर परमेश्वर आफैबाट आएको धार्मिकताले गर्दा हो। हामीमा केही स्तरको असलपनताले गर्दा हामी उद्धार गरिएका होइनौ, तर परमेश्वर आफैले उहाँको धार्मिकता प्रदान गरिदिनुभएकोले गर्दा हो।

कसैले उसको मुक्ति गुम्छ भनि भन्नुचाहीँ परमेश्वर आफैबाटको धार्मिकताको सिद्धताले परमेश्वरलाई सन्तुष्टि दिन पर्याप्त हुदैँन भन्नु हो। यदि परमेश्वरको धार्मिकताले हामीलाई उद्धार गर्न पर्याप्त हुदैँन भने, अवश्य नै हाम्रो धार्मिकताले हामीलाई कहिल्यै पनि उद्धार गर्न सक्दैन। यदि परमेश्वरको धार्मिकता हाम्रो उद्धार गर्न पर्याप्त हुदैँन भने, यसमा कुनै शंका छैन, सबै मानिसहरू अनन्तताको दण्डको निम्ति सदाका लागी नरकमा फालिदँछन्।

यदि तपाईको मुक्ति तपाईले राख्नुभएको केही स्तरको असलतापनामा भर पर्दछ भने, तपाईले आफ्नो मुक्ति चाडैँ नै गुमाउनुहुनेछ कारण सबै ख्रीष्टियनहरूले पाप गर्दछन् र सबै पापहरूको ज्याला अनन्त मृत्यु हो। यद्यपि, हामी परमेश्वरको समक्ष पूर्णरुपले शुद्ध खडा हुनेछौं किनभने उहाँले सारा उद्धार गरिएका मानिसहरूलाई आफ्नो धार्मिकता खनाइदिनुहुन्छ।

किनकी एउटै बलिदानद्वारा उहाँले पवित्र पारिएकाहरूलाई सदाको निम्ति सिद्ध पार्नुभएको छ। (हिब्रु १०:१४)

यस शास्त्रमा, हामी नै हौं जो पवित्र पारिएका छौं। यहाँ स्पष्ट रुपमा भनिएको छ की उहाँले हामीलाई *सबै समयहरूमा निम्ति* सिद्ध बनाउनुभयो। परमेश्वरको धार्मिकताको साथमा उद्धार गरिएका मानिसहरू अब सिद्ध भएका छन् र परमेश्वरको दृष्टिमा सधैँ सिद्ध नै रहनेछन्। कस्तो सत्यता!!!

४. हामी न्यायसंगत पारिएका छौं।

न्यायसंगत पार्नु परमेश्वरको कार्य हो जसद्वारा एक पापीलाई धर्मी घोषित गरिदँछ। जब हामी उहाँमा विश्वास गर्ने निर्णय लिदँछौं तब त्यही क्षणमा नै यो हुन पुग्दछ। येशूको क्रुसको मृत्युले गर्दा धार्मिकताको घोषणा हुन सम्भव भएको हो। कार्य र आर्जनबाट यो प्राप्त हुन सक्दैन। हामीले आफैलाई यसको योग्य तुल्याउन सक्दैनौं। यो उहाँको प्रेम र उहाँको अनुग्रहमा मात्र आधारित रहेको छ।

जब कोही न्यायसंगत गरिदँछ, तब उसको सारा दोषबाट उसलाई विमुक्त गरिदँछ। कानुनीरुपमा हाम्रो विवरणहरू शुद्ध हुदँछन्। हामीमा कुनै अपराध अभिलेख रहदैँन। परमेश्वरबाट माग गरिएको पवित्रतालाई यसले सन्तुष्टि प्रदान गर्दछ र हामीलाई उद्धार गर्न र उहाँसँग हिँड्न र संगति गर्न सक्षम पार्दछ।

न्यायसंगतको बाइबलिय अर्थले हाम्रो कार्यहरूलाई इंगित गर्दैन, तर सट्टामा यसले परमेश्वरको सम्मुखमा हाम्रो न्यायी अवस्थाको वर्णन गर्दछ। हामी धर्मी ठहरिएका छौं र परमेश्वरले हामीलाई धर्मी ठहराउन निरन्तरता दिइरहनुहुदँछ। याद राख्नुहोस्, न्यायसंगत गरिनुचाँही निरन्तर गइरहने कार्य हो। हामी निरन्तर रुपमा नै परमेश्वरद्वारा धर्मी घोषित गरिदँछौं।

यसकारण विश्वासद्वारा धर्मी ठहरिएका हुनाले हाम्रा प्रभु येशू ख्रीष्टद्वारा परमेश्वरसँग हाम्रो मेलमिलाप भएको छ। (रोमी ५:१)

किनकी सबैले पाप गरेका छन् र परमेश्वरको महिमारहित हुन गएका छन्, र उहाँको अनुग्रहद्वारा ख्रीष्ट येशूमा भएको छुटकाराको कारणले तिनीहरू सित्तैँमा धर्मी ठहरिन्छन्; (रोमी ३:२३-२४)

यसकारण अब उहाँको रगतद्वारा धर्मी ठहरिएका हुनाले झन् बढ्ता गरी हामी उहाँद्वारा क्रोधबाट बचाइनेछौं। (रोमी ५:९)

यसकारण व्यवस्थाका कामहरूबिना, विश्वासद्वारा नै मानिस धर्मी ठहरिन्छ भन्ने निष्कर्षमा हामी आइपुग्छौं। (रोमी ३:२८)

याद राख्नुहोस्, ख्रीष्टियनहरू धर्मी ठहरिएका छन्। तिनीहरूलाई परमेश्वरको धार्मिकता प्रदान गरिएको छ र तिनीहरूलाई परमेश्वरद्वारा धर्मी घोषणा गरिएको छ।

धर्मी ठहरिनुचाँही हामीले शर्त आधारित धार्मिकताको कुनै स्तरलाई कायम गर्नु होइन। यो चाँही शत प्रतिशत उहाँको प्रेम, अनुग्रह र करुणामा आधारित रहेको छ। फेरी पनि हामीले यो प्रश्न सोध्न आवश्यक छ, "के

परमैश्वरले धर्मी ठहराइसकेको कसैलाई नरकमा फालिदिनुहुन्छ त?" के परमेश्वरले धर्मी मानिसलाई नरकमा फालिदिनुहुन्छ त???

५. अनन्त जीवन के हो?

"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, की उहाँले आफ्नो एकमात्र जन्माइएको पुत्रलाई दिनुभयो- उहाँमाथी विश्वास गर्ने कोही पनि नष्ट नहोस्, तर उसले अनन्त जीवन पाओस्"। (यूहन्ना ३:१६)

किनकी पापको ज्याला मृत्यु हो; तर पेरमेश्वरको अनुग्रहको वरदानचाँही हाम्रा प्रभु येशू ख्रीष्टमा अनन्त जीवन हो। (रोमी ६:२३)

जसले परमेश्वरलाई विश्वास गर्न निर्णय गर्दछन् तिनीहरूलाई उहाँले प्रष्टरुपमा अनन्त जीवनको प्रतिज्ञा गर्नुभएको छ। पवित्रशास्त्रका धेरै पूस्तकहरूले यसलाई पुष्टि गर्दछ। अनन्त जीवन भनेको कहिल्यैपनि अन्त नहुने जीवन हो। जससँग अनन्त जीवन छ तिनीहरूले प्रभु येशू ख्रीष्टसँग अनन्तताको लागी रहनेछन् र उहाँको अनुग्रह र धनहरूको आशिषमा सदाको निम्ति आनन्द मनाउँनेछन्।

अनन्त जीवनको ठीक अर्थचाँही अन्तबिनाको जीवन हो। अनन्त जीवन अन्त हुनसक्दैन। यदि परमेश्वरले अनन्त जीवन दिएर पछिबाट फेरी त्यसलाई फिर्ता लिनुहुने हो भने वा कुनै कारणले हामीले त्यसलाई "गुमाउने" हो भने, परमेश्वरले झूट बोल्नुभएको हुन्छ कारण छ महिना वा दुई वर्षको लागी होइन, तर उहाँले अनन्त जीवनको प्रतिज्ञा गर्नुभएको छ। छ महिनाको जीवन अनन्त जीवन होइन। एक ख्रीष्टियनलाई छ महिनाको अनन्त जीवन प्रदान गरिदँछ भनि भन्नुचाँही यो प्रतिज्ञा आफैबारेमा विरोधाभाषी हुँदछ। अनन्त जीवन सदाको जीवन हो – अन्त बिनाको जीवन हो। अनन्तताको जीवन छ महिनापछि, एक वर्षपछि, दश वर्षपछि, वा दश लाखौं वर्षपछि सकिँदैन।

अनि म तिनीहरूलाई अनन्त जीवन दिन्छु; र तिनीहरू कहिल्यै नष्ट हुनेछैनन्; न ता कसैले तिनीहरूलाई मेरो हातबाट खोसेर लैजान्छ। (यूहन्ना १०:२८)

यो येशूद्वारा दिइएको स्पष्ट र सरल बयान हो। नष्ट हुनुको अर्थ अनन्तताको लागी नरकमा रहनु हो। यहाँ येशूले भन्नुभएको कुरातर्फ गलत बुझाई राख्र कठिनपर्दछ। उहाँले प्रष्टरुपमा उहाँलाई पछ्याउनेहरूलाई अनन्त जीवन दिन्छु भनिरहनुभएको छ, र तिनीहरूले कहिल्यै पनि अनन्तताको निम्ति नरकमा रहनुपर्ने छैन। हामीले आफैलाई सोध्नसक्छौं, "कहिल्यैपनि" भनेको के हो। यसको अर्थ कदापी रहनुपर्दैन भन्ने हो। यो हुने छैन। जब यसले हामी कहिल्यै पनि नष्ट हुदैँनौं भन्दछ, यसले ठीक त्यही नै अर्थ प्रदान गर्दछ। जस-जसलाई अनन्त जीवन प्रदान गरिएको छ तिनीहरू कहिल्यै पनि, कुनै कारणले, नष्ट हुनेछैनन् वा अनन्तताको निम्ति नरकमा रहनुपर्ने छैन।

साँचो-साँचो म तिमीहरूलाई भन्दछु, जसले मेरो वचन सुन्छ र मलाई पठाउनुहुनेमाथि विश्वास गर्छ, ऊसँग अनन्त जीवन छ, र ऊ न्यायमा पर्नेछैन, तर मृत्युबाट जीवनमा सरिसकेको हुन्छ। (यूहन्ना ५:२४)

यहाँ येशूले प्रष्टसँग ब्यक्त गर्नुहुन्छ, "म तिमीहरूलाई साँचो भन्छु"। येशूले जहिले पनि सत्य नै बताउनुहुन्छ तर यहाँ उहाँले यसमा जोड दिनुहुन्छ कारण हामीले यसलाई उहाँले बताएअनुरुप स्पष्ट बुझेको उहाँ चाहनुहुन्छ। हामीले बुझौं भनेर उहाँले चाहनुभएको सत्यताचाँही यो हो की उहाँलाई सुन्ने र विश्वास गर्नेले अनन्त जीवन प्राप्त गर्नेछन्, र तिनीहरूलाई दोषी ठहराइदैँन (नरकमा फालिदैँन) किनभने तिनीहरू मृत्युबाट जीवनमा सरिसकेका छन्।

यस पदमा विचार गर्नुहोस्, अनन्त जीवनचाँही वर्तमान अधिपत्य हो। हामीसँग *अब* अनन्त जीवन छ। यदि कुनैपनि गम्भिर पाप नगरेको खण्डमा कसैले यसलाई भविष्यमा प्राप्त गर्छ भनि यसले भनेको छैन। तर उसले अहिले नै अनन्त जीवन प्राप्त गर्दछ र ऊ दोषी ठहरिदैँन भनि यसले भन्दछ।

यी पदहरू अर्थ प्रदान गर्नमा स्पष्ट छन्। यदि, यथार्थमा, एउटा मानिसले साँचोरुपमा विश्वास गर्यो र परमेश्वरले उसलाई अनन्त जीवन पनि दिनुभयो, र पछि, जे कारणहरू होस्, त्यस व्यक्ति मर्यो र नरकमा गयो भने, परमेश्वर झूटो ठहरिनुहुन्छ। यदि परमेश्वर झूट बोल्नुहुन्छ भने, उहाँ अबउसो परमेश्वर नै हुनुहुदैँन र उहाँका वचनहरू व्यर्थ हुन्छन्। यो हुदैँन र कहिल्यै पनि हुनेछैन। परमेश्वर सत्य हुनुहुन्छ र उहाँका वचनहरू पनि सत्य छन् र भरोसायोग्यका छन्।

बाइबलमा, उद्धार नगरिएका मानिसहरूले अनन्त जीवन पाएका वा पाउने कुरा गरिएको छैन। बरु, उद्धार नपाएका सारा मानिसहरूले "दोश्रो मृत्यु" भोग्नुपर्नेछ (प्रकाश २०:१४-१५ , २१:८) जुनचाँही "आगोको कुण्ड" वा नरक हो। तिनीहरू जसले साँचोरुपमा विश्वास गरेका छन् तिनीहरूलाई मात्र अनन्त जीवन प्रदान गरिदँछ जुन जीवन हाम्रा प्रभु येशू ख्रीष्टसँग सदाको निम्ति हो।

मेरा भेडाहरूले मेरो सोर सुन्छन्, अनि म तिनीहरूलाई चिन्छु, र तिनीहरूले मलाई पछ्याउँछन्। अनि म तिनीहरूलाई अनन्त जीवन दिन्छु; र तिनीहरू कहिल्यै नष्ट हुनेछैनन्; न ता कसैले तिनीहरूलाई मेरो हातबाट खोसेर लैजान्छ। मेरा पिता, जसले ती मलाई दिनुभयो, सबैभन्दा महान् हुनुहुन्छ, अनि मेरा पिताको हातबाट कसैले तिनीहरूलाई खोसेर लैजान सक्दैन। म र मेरा पिता एक हौं। (यूहन्ना १०:२७-३०)

यहाँ फेरी पनि, ती जसले येशूलाई सुन्छन् र उहाँलाई पछ्याउँछन्, तिनीहरूलाई अनन्त जीवन दिइन्छ र तिनीहरू कहिल्यै पनि नष्ट हुदैँनन्। यो भन्दा अझै प्रष्ट गरी बुझ्न जरुरी छैन। यो भन्न अझै सशक्त हुन्छ की कसैले पनि अनन्त जीवन पाएको व्यक्तिलाई येशूको हातबाट वा पिताको हातबाट खोसेर लैजान सक्दैन। अनन्त जीवन प्राप्त गरिसकेपछि, कसैले पनि, शैतानले पनि, हामी आफैले पनि, वा अरुकोहीले, हामीलाई येशूको हातबाट र परमेश्वरको हातबाट खोसेर लैजान सक्दछ।

परमेश्वरको दास र येशू ख्रीष्टको प्रेरित पावलको तर्फबाट – परमेश्वरका चुनिएकाहरूका विश्वास र सत्यको ज्ञानअनुसार, जो भक्तिमुताबिकको छ; अनन्त जीवनको आशामा, जसको प्रतिज्ञा झूट बोल्नै नसक्नुहुने परमेश्वरले संसार शुरु हुनुभन्दा पहिल्यै गर्नुभयो; (तीतस १:१-२)

परमेश्वरले तिनीहरूलाई अनन्त जीवनको प्रतिज्ञा गर्नुभयो जसले जन्मिनुअघि नै विश्वास (चुनिएका) गरेका थिए – समयहरूको शुरुवातअघि नै। के यो सम्भव छ की परमेश्वर जसले हामीलाई समयहरूको शुरुअघि नै अनन्त जीवनको प्रतिज्ञा गर्नुहुन्छ र त्यसबमोजिम उहाँले हामीलाई ती प्रतिज्ञा गरिएकै झैँ गरी दिनुहुन्छ, र पछिबाट त्यस प्रतिज्ञालाई भङ्ग गरी अनन्त जीवन खोस्नुहुन्छ? के जन्मनुभन्दा अघि नै अनन्त जीवनको प्रतिज्ञा गरिएको व्यक्तिलाई परमेश्वरले नरकमा फाल्नुहुन्छ? यदि यो सम्भव छ भनेता, हामीले परमेश्वरबाट गरिएको कुनै पनि प्रतिज्ञामाथि भरोसा गर्न सक्दैनौं।

येशूले तिनलाई भन्नुभयोः "बौरीउठाइ र जीवन म नै हुँ; जसले ममाथि विश्वास गर्छ, ऊ मरे तापनि जिउनेछ। अनि जो जिउँछ र ममाथि विश्वास गर्छ, त्यो कहिल्यै मर्नेछैन; के तिमी यो विश्वास गछ्यौं"। (यूहन्ना ११:२५-२६)

जसले उहाँमाथि विश्वास गर्दछ, ऊ दोषी ठहरिदैँन; तर जसले विश्वास गर्दैन, त्यो पहिल्यै दोषी ठहरिसकेको हुन्छ; किनकी त्यसले परमेश्वरका एकमात्र जन्माइएको पुत्रको नाममा विश्वास गरेको छैन। (यूहन्ना ३:१८)

यसकारण अब ख्रीष्ट येशूमा हुनेहरूलाई कुनै दण्डको आज्ञा छैन, (रोमी ८:१क)

जसले उहाँमाथि विश्वास गर्दछ, ऊ दोषी ठहरिदैँन; तर जसले विश्वास गर्दैन, त्यो पहिल्यै दोषी ठहरिसकेको हुन्छ; किनकी त्यसले परमेश्वरका एकमात्र जन्माइएको पुत्रको नाममा विश्वास गरेको छैन। (यूहन्ना ३:१८)

यहाँ यसले प्रष्टरुपमा व्यक्त गर्दछ की विश्वास गर्ने व्यक्ति दोषी ठहरिँदैन जसको अर्थ ऊ नरकमा फालिनेछैन। यसले यो भन्दैन की विश्वासीहरू खराब कार्य नगरेसम्म दोषी ठहरिदैँनन्।

६. यूहन्ना ६:३७-४०

किनभने म आफ्नै इच्छा होइन, तर मलाई पठाउनुहुनेको इच्छा पूरा गर्नका निम्ति स्वर्गबाट ओर्ली आएको हुँ। अनि मलाई पठाउनुहुने पिताको इच्छा यो छ – उहाँले मलाई दिनुभएको सबैमध्ये एउटालाई पनि म नहराँऊ, तर अन्तिम दिनमा त्यसलाई फेरी बौराएर उठाऊँ। अनि मलाई पठाउनुहुनेको इच्छा यो छ – हरेक जन, जसले पुत्रलाई देख्छ र उनीमाथि विश्वास गर्छ, उसले अनन्त जीवन पाओस्; अनि म उसलाई अन्तिम दिनमा बौराएर उठाउनेछु। (यूहन्ना ६:३८-४०)

परमेश्वरले उद्धार नपाएका मानिसहरूलाई येशू ख्रीष्टमा ल्याउनुहुन्छ, र तिनीहरू येशूमा विश्वास गरी उद्धार गरिदँछन्। यी पदहरूमा स्पष्ट रुपमा बयान गरिएको छ की ख्रीष्टमा आउनेहरूमा रहेको अनन्त जीवन र पुनरुत्थान परमेश्वरको इच्छाद्वारा भएको हो। अन्तिम वाक्याशंलाई विचार गर्नुहोस्, *"अनि म उसलाई अन्तिम दिनमा बौराएर उठाउनेछु"*। यहाँ येशूले स्पष्ट रुपमा व्यक्त गर्नुहुन्छ की परमेश्वरले उहाँलाई जो-जति दिनुहुन्छ तिनीहरूले अनन्त जीवन पाउनेछन् र उहाँले (येशू) मृत्युबाट तिनीहरूको पुनरुत्थान गराउनुहुन्छ। यो प्रष्ट छ। उहाँले यो भन्नुहुन्न की परमेश्वरले पुत्रलाई दिनुभएको कोहीले मात्र अनन्त जीवन प्राप्त गर्नेछन् वा ती जसले असल जीवन जिउँछन् उनीहरूको पुनरुत्थान हुँदछ। यहाँ के जोड दिइएको छ भने तिनीहरू कोही पनि हराउनेछैनन् - *एउटैपनि*। अनन्त जीवन पाएकाहरूको येशूद्वारा मृत्युबाटको पुनरुत्थान नहुने त्यहाँ कोही पनि छैनन् जो उहाँसँग अनन्तताको लागी रहनेछन्।

यहाँ प्रष्ट छ की यो परमेश्वर र उहाँको पुत्रको इच्छा हो की पुत्रको सम्मुखमा आउने कोही पनि हराउनेछैन। परमेश्वरले पुत्रलाई दिनुहुने कोही पनि हराउदैँन। कोही एउटा पनि अफालिदैँन – एउटा पनि । येशूले पिताले अनन्त जीवन दिनुभएको जति सबैलाई पुनरुत्थान गराउनुहुन्छ।

७. १ यूहन्ना २:१-२)

मेरा साना नानीहरूहो, तिमीहरूले पाप नगर भनि म यी कुराहरू तिमीहरूलाई लेख्दछु। अनि कसैले पाप गर्यो भने पिताको साथमा हाम्रा एकजना वकिल हुनुहुन्छ अर्थात् धर्मी येशू ख्रीष्ट; अनि उहाँ हाम्रा पापहरूका निम्ति प्रायश्चित हुनुहुन्छ, र हाम्रा निम्ति मात्र होइन, तर सारा संसारका पापहरूका निम्ति पनि। (१यूहन्ना २:१-२)

यी दुई पदहरूले अद्भुत सत्यता समावेश गर्दछ। केही क्षणको लागी, न्यायलयको कक्षको कल्पना गर्नुहोस्। परमेश्वर न्यायधिश हुनुहुन्छ, शैतान हाम्रो निन्दकवादी (अभियोजक) हो र येशू हाम्रो प्रतिरक्षक वकिल हुनुहुन्छ। यसले प्रष्टैसँग व्यक्त गर्दछ की जब हामीले कुनै पाप गर्दछौं, येशूले हाम्रो पक्षमा पितासँग बोल्नुहुन्छ। यदि कोही ख्रीष्टियनले "गम्भिर" पाप हत्या गर्दछ। (वास्तवमा सबै पाप नै गम्भिर हुन्।) कल्पना गर्नुहोस् शैतान

परमेश्वर समक्ष जादँछ र हामीलाई हत्याको वा अरु कुनै पापको आरोप लगाउँदछ। तब येशूले पितासँग बोल्नुहुन्छ, यो भनेर की उहाँ (येशू) यस मानिसको पापहरूका निम्ति मर्नुभयो र यस मानिसलाई पूर्णरुपमा क्षमा प्रदान गरिसकिइएको छ र ऊ धर्मी ठहरिसकेको छ। 'म (येशू) यस मानिसको निम्ति मरँे र ऊ मेरो रगतमा धोइसकिएको छ र शुद्ध पारिसकिएको छ'। परमेश्वर, न्यायधिशले, सहमति जनाउनुहुन्छ र मुद्दा खारेज गरिदँछ कारण अभियुक्त (हामी) धर्मी, शुद्ध ठहरिसकेका छन् र हामीलाई क्षमा प्रदान गरिसकेको छ।

यो अचम्मको छ। जब हामी पाप गर्दछौं, येशू, जो हाम्रो निम्ति मर्नुभयो, वास्तवमा उहाँले हाम्रो प्रतिरक्षा गर्नुहुन्छ वा उहाँको आफ्नो क्रुसको मृत्युद्वारा हाम्रो निम्ति मध्यस्तता बनाउनुहुन्छ। येशू, जो हामी सबैको निम्ति मर्नुभयो, उहाँ हामीबाट कहिल्यै पनि फर्कनुहुदैँन वा हाम्रो पापहरूको दण्ड हामीले भोग्नका निम्ति हामीलाई छाड्नुहुदैँन जसको निम्ति उहाँले मृत्यु दण्ड भोगिसक्नुभयो।

हिब्रुको पूस्तकमा, यही सत्यतालाई नै तलका पदहरूमा वर्णन गरिएको छः

तर यहाँचाँही सदासर्वदा रहिरहनुहुन्छ; यसकारण यहाँको अदलबदल नहुने पूजाहारीपद छ। यसैकारण उहाँद्वारा जो-जो परमेश्वरकहाँ आउँछन्, तिनीहरूलाई पूर्ण रुपले मुक्त गर्न उहाँ सामर्थी हुनुहुन्छ; किनकी तिनीहरूका निम्ति अन्तर्विन्ती गर्न उहाँ सधैँ जीवित रहनुहुन्छ। हिब्रु ७:२४-२५)

येशू स्थायी उच्च पूजाहारी हुनुहुन्छ। उहाँ हाम्रो उच्च पूजाहारी बन्न रोकिनुहुदैँन। तसर्थ, उहाँ हामीलाई सदाको निम्ति उद्धार गर्नको निम्ति सक्षम हुनुहुन्छ। याद गर्नुहोस् की हामीलाई उहाँले छ महिनाको निम्ति, एक वर्षको निम्ति होइन तर "सदाको निम्ति" उद्धार गर्नुहुन्छ। उहाँले हामीलाई पूर्णरुपमा र सदाको लागी उद्धार गर्नुहुन्छ। यदि पापको कारणले गर्दा हामीले मुक्ति गुमाउने हो भनेता, यसले के परिणाम प्रस्तुत गर्दछ भने येशूले हामीलाई मध्यस्तता गर्ने उहाँको कार्यमा बिफल हुनुभयो।

ठूला र साना पापबीचमा कुनै भिन्नता गरिएको छैन। यसले यो भन्दैन की उहाँले हामीलाई हाम्रा "साना" पापहरूमा मध्यस्तता वा प्रतिरक्षा गर्नुहुन्छ तर "ठूला" पापहरूमा भने यस्तो गर्नुहुदैँन।

८. पवित्र आत्माद्वारा छाप मारिएको।

जब एक व्यक्तिले कार वा घर किन्न चाहन्छ, तब उसले केही रकम बैना स्वरुप छाड्दछ की उसले त्यस कार वा घर चाँडो भन्दा चाँडो कागजपत्रहरू मिलाएर र पूरा रकम तयार गरेर किनिहाल्नेछ। परमेश्वरले पनि हामीलाई बैनाको जमानी दिनुभयो की उहाँले अनन्त जीवन प्रदान गर्ने आफ्नो प्रतिज्ञा पूरा गर्नुहुनेछ। धेरैजसो मानिसहरूले आफ्नो प्रतिज्ञालाई निभाउन क्दैनन्, तर परमेश्वर जो झूट बोल्नसक्नुहुन्न, उहाँले आफ्नो प्रतिज्ञा तोड्न सक्नुहुन्न, र उहाँले आफ्नो प्रतिज्ञा पूरा गर्छु भनि प्रमाणको निम्ति आफ्नै आत्मा **ग्यारेन्टी** स्वरुपमा दिनुहुन्छ।

अनन्त जीवनको आशामा, जसको प्रतिज्ञा झूट बोल्नै नसक्नुहुने परमेश्वरले संसार शुरु हुनुभन्दा पहिल्यै गर्नुभयो; (तीतस १:२)

उहाँमा नै तिमीहरूले सत्यको वचन अर्थात् तिमीहरूको मुक्तिको सुसमाचार सुनेपछि भरोसा गर्यौ; उहाँमा नै तिमीहरूले विश्वास गरेपछि प्रतिज्ञाको पवित्र आत्माले तिमीहरू छाप मारियौ। जोचाँही किनिएको सम्पत्तीको छुटकाराको समयसम्म हाम्रो पैतृक-सम्पत्तिको बैना हुनुहुन्छ, उहाँकै महिमाको प्रशंसाको लागी। (एफिसी १:१३-१४)

अब जसले हामीलाई तिमीहरूसँग-सँगै ख्रीष्टमा दृढ पार्नुहुन्छ, र हामीलाई अभिषेक गर्नुभएको छ, उहाँ परमेश्वर हुनुहुन्छ; जसले हामीमा छाप पनि लगाउनुभएको छ, र आत्माको बैना हाम्रा हृदयहरूमा दिनुभएको छ। (२कोरिन्थी १:२१-२२)

अब जसले हामीलाई यही कुराका निम्ति तयार पार्नुभयो, उहाँ परमेश्वर हुनुहुन्छ, उहाँले हामीलाई आत्माको बैना पनि दिनुभएको छ। (२कोरिन्थी ५:५)

अनि परमेश्वका पवित्र आत्मालाई शोकित नपार, जसद्वारा तिमीहरू छुटकाराको दिनका निम्ति छाप मारिएका छौ। (एफिसी ४:३०)

९. रोमी ८:२८-३९

अनि हामी जान्दछौं, परमेश्वरलाई प्रेम गर्नेहरूका निम्ति सबै कुरा मिलेर भलाई नै उत्पन्न गर्दछन् – उनीहरूका निम्ति , जो उहाँकै मनसायअनुसार बोलाइएका छन्। किनभने जसलाई उहाँले पहिले नै जान्नुभएको थियो, उनीहरूचाँही आफ्नै पुत्रको रुपमा ढालिऊन् भनेर उहाँले उनीहरूलाई पहिले नै ठहराउनु पनि भयो, यसैले की उहाँ चाँही अनेकौं भाइहरूका बीचमा जेठा होऊन्। अनि जसलाई उहाँले पहिल्यै ठहराउनुभयो, उनीहरूलाई उहाँले बोलाउनु पनि भयो; अनि जसलाई उहाँले बोलाउनुभयो, उनीहरूलाई उहाँले धर्मी पनि ठहराउनुभयो; अनि जसलाई उहाँले धर्मी ठहराउनुभयो, उनीहरूलाई उहाँलाई महिमा पनि दिनुभयो। (रोमी ८:२८-३०)

तब हामी यी कुराहरूको विषयमा के भनौं त? परमेश्वर हाम्रो पक्षमा हुनुहुन्छ भने को हाम्रो बिरोधमा हुन सक्ला? उहाँले आफ्नै पुत्रलाई पनि बाँकी राख्नुभएन, तर हामी सबका निम्ति उहाँलाई अर्पिदिनुभयो; त कसरी उहाँले उहाँको साथमा सबै कुराहरू पनि हामीलाई सित्तैंमा दिनुहुनेछैन र? परमेश्वरका चुनिएकाहरूको विरोधमा कसले दोष लाउला? धर्मी ठहराउनुहुने ता परमेश्वर हुनुहुन्छ। दण्डको आज्ञा दिने को हो? मर्नुहुने ता ख्रीष्ट हुनुहुन्छ, तर झन् बौराइनु पनि भएको छ, जो परमेश्वरको दाहिने हातपट्टि पनि हुनुहुन्छ, जसले हाम्रा निम्ति अन्तर्विन्ती पनि गर्नुहुन्छ। कसले हामीलाई ख्रीष्टको प्रेमदेखी अलग पार्ला? के सङ्कष्टले, वा क्लेशले, वा सतावटले, वा अनिकालले, वा नाङ्गो अवस्थाले, वा खतराले, वा तरवारले? जस्तो लेखिएको छः 'तपाईका निम्ति हामी दिनभरि मारिँदछौं; हामी काटिने भेडाहरूझैँ गनिँदछौं'। (रोमी ८:३१-३६)

तर यी सबै कुराहरूमा हामी उहाँद्वारा, जसले हामीलाई प्रेम गर्नुभयो, विजेताहरूभन्दा पनि वढी छौं। किनकी मलाई पूरा निश्चयता भएको छ – न मृत्युले, न जीवनले, न स्वर्गदूतहरूले, न प्रधानताहरूले, न अधिकारहरूले, न अहिलेका कुराहरूले, न पछि आउने कुराहरूले, न उचाइले, न गहिराइले, न अरु कुनै सृष्टिले नै हामीलाई हाम्रा प्रभु ख्रीष्ट येशूमा भएको परमेश्वरको प्रेमदेखी अलग पार्न सक्नेछ। (रोमी ८:३७-३९)

यो पवित्र शास्त्रको भरपुर परिच्छेद हो जसलाई हामीले यस छोटो अध्ययनमा पूर्णरुपले स्पष्ट पार्न सक्दैनौं। यस परिच्छेदले जसलाई परमेश्वरले जान्नुहुन्छ तिनीहरूलाई उहाँले महिमित पार्नुहुन्छ भनि पूर्णरुपमा तिनीहरूको निश्चयताको बारेमा वर्णन गर्दछ र उद्धार गरिएका मानिसहरू परमेश्वरको प्रेमबाट अलग पारिन असम्भव छ भनि बताउँदछ। यस परिच्छेदलाई कैयौं पटक अध्ययन गर्नुहोस् र यसमा ध्यान दिनुहोस्। तपाईले यस परिच्छेदको अध्ययन गरिसकेर तपाईले यसबाट साँचो रुपमा उद्धार गरिएको व्यक्तिले मुक्ति गुमाउन र परमेश्वरको क्रोध र रिसको अनुभव गर्नसक्ने सम्भावना छ भनि निष्कर्ष निकाल्न सक्नुहुन्न। यस परिच्छेदले स्पष्टरुपमा बताउँदछ की सारा जगतमा (हामी आफैलाई पनि समावेश गर्दछ) कुनै कुरा पनि छैन जसले हामीलाई उहाँको प्रेमदेखी अलग पार्नसक्दछ।

बाइबलको गम्भिर सत्यता यो हो की ती जसले ख्रीष्टलाई इन्कार गर्दछन् तिनीहरू परमेश्वरको क्रोधमुनि रहेका छन्। यदि एक साँचो विश्वासीले मुक्ति गुमाउँदछ भने, ऊ फेरी पनि परमेश्वरको क्रोधको विषय बन्दछ। ऊ परमेश्वरको प्रेमदेखी अलग पारिदँछ, र परमेश्वरको क्रोध "ऊमाथि रहिरहनेछ"।

जसले पुत्रमाथि विश्वास गर्दछ, ऊसँग अनन्त जीवन हुन्छ; अनि जसले पुत्रलाई विश्वास गर्दैन, त्यसले जीवन देख्नेछैन, तर परमेश्वरको क्रोध त्यसमाथि रहन्छ। (यूहन्ना ३:३६)

यस रोमीको पूस्तक ८ अध्यायको परिच्छेदले के सिकाउँदछ भने, हामी उहाँको प्रेमदेखी अलग हुनसक्दैनौं। यदि हामी अलग हुन सक्छौं भने, हामी फेरी पनि उहाँको क्रोधको विषय बन्न पुग्दछौं।

यस रोमीको पूस्तक ८ अध्यायको परिच्छेदको शुरुवात यो वर्णनद्वारा गरोएको छ *"परमेश्वरलाई प्रेम गर्नेहरूका निम्ति सबै कुरा मिलेर भलाई नै उत्पन्न गर्दछन् – उनीहरूका निम्ति , जो उहाँकै मनसायअनुसार बोलाइएका छन्"।* "सबै" यस शब्दलाई विचार गर्नुहोस्। उहाँमा बोलाइएकाहरूका सबैकुराहरूमा परमेश्वरले भलाई गर्नुहुन्छ। यो अति अद्भुत अभिव्यक्ति हो। हाम्रा जीवनमा हुन आउने सारा कुराहरूमा परमेश्वरले भलाई उत्पन्न गर्नुहुन्छ। उहाँले हाम्रो भलाईको निम्ति कार्य गर्नुहुन्छ, हामीलाई दण्ड दिनको लागी होइन। परमेश्वरले हामीलाई इन्कार गर्ने वा दण्ड दिने बारेमा हामीले चिन्तन गर्नुपर्दैन, कारण उहाँले हाम्रो भलाईको लागी नै कार्य गर्नुहुन्छ – हामीलाई दण्डाज्ञा दिनका निम्ति होइन।

आउनुहोस्, पद २९-३०लाई अझै नजिकबाट गहिरिएर विचार गरौं।

किनभने जसलाई उहाँले पहिले नै जान्नुभएको थियो, उनीहरूचाँही आफ्नै पुत्रको रुपमा ढालिऊन् भनेर उहाँले उनीहरूलाई पहिले नै ठहराउनु पनि भयो, यसैले की उहाँ चाँही अनेकौं भाइहरूका बीचमा जेठा होऊन्। अनि जसलाई उहाँले पहिल्यै ठहराउनुभयो, उनीहरूलाई उहाँले बोलाउनु पनि भयो; अनि जसलाई उहाँले बोलाउनुभयो, उनीहरूलाई उहाँले धर्मी पनि ठहराउनुभयो; अनि जसलाई उहाँले धर्मी ठहराउनुभयो, उनीहरूलाई उहाँलाई महिमा पनि दिनुभयो। (रोमी ८:२९-३०)

यी पदहरूलाई ध्यानपूर्वक विचार गर्नुहोस् र यसको सार-संग्रह गर्नुहोस्। अनन्तता अघि, अनन्त जीवनको भागीदार को हुन्छ भनि परमेश्वरले निर्धारण गरिसक्नुभयो। संसार अस्तित्वमा आउनुअघि र मानिसको सृष्टि हुनुअघि नै उहाँले तिनीहरूलाई जान्नुहुन्थ्यो। ती सब जसको बारेमा परमेश्वरलाई *पूर्वज्ञान* थियो, उहाँले तिनीहरूलाई आफ्नो पुत्रझैं महिमित हुनका निम्ति पूर्व निर्धारित गर्नुभयो। (पूर्व निर्धारित भन्नाले परमेश्वरले समयहरूको शुरुवात अघि नै योजना गरिसक्नुभयो भन्ने अर्थ प्रदान गर्दछ।) परमेश्वरद्वारा पूर्व निर्धारित ती सबैलाई, उहाँले आफू समिप *बोलाउनुभयो* । परमेश्वरद्वारा बोलाइएका ती सबैलाई, उहाँले *महिमित* पनि पार्नुभएको छ। यी सबै नै भूतकालका क्रियापदमा छन्। उहाँले यी प्रत्येक कार्य नै गरिसिध्याउनु भएको छ। हाम्रो निम्ति, प्रशंसा एक भविष्यको घटना हो जब परमेश्वरले हामीलाई हाम्रो नयाँ महिमित शरिर सुम्पनुहुन्छ र हामी सबै नै उहाँसाथमा सदाको लागी रहनेछौं। *यद्यपि, परमेश्वरको नजरमा, हामी महिमित भइसकेका छौं*। यो भइसकेको छ। के परमेश्वरले उहाँका केही महिमित जनहरूलाई अनन्तताको लागी नरकमा पठाउनुहुन्छ त?

याद गर्नुहोस् की परमेश्वरका यी प्रत्येक कार्यहरू नै वृस्तित छ। परमेश्वरद्वारा पूवज्ञान केहीलाई उहाँले धर्मी ठहराउनुहुन्छ भनि यसले भन्न खोजेको होइन। यसले प्रष्टरुपमा व्यक्त गर्दछ की *"परमेश्वरद्वारा पूर्वज्ञान भएकाहरूलाई उहाँले पूर्व निर्धारित पनि गर्नुभयो"*। कोही पनि छुट्ने छैन। परमेश्वरको कार्यहरूलाई वर्णन गर्ने प्रत्येक अभिव्यक्तिहरूमा यही नै ढाँचा पाइँदछ। *परमेश्वरद्वारा पूर्वज्ञान भएकाहरू जति सबैलाई बोलाइएको छ,*

धर्मी तुल्याइएको छ, र महिमित पारिएको छ। परमेश्वरद्वारा पूर्वज्ञानमा भएकाहरू जति सबै सदाको निम्ति स्वर्गमा उहाँसँगै महिमित हुनेछन्। कोही पनि छुटिनेछैन।

यी पदहरू शक्तिशाली छन्। अनन्तता अघि परमेश्वरद्वारा पूर्वज्ञानमा भएकाहरू स्वर्गमा उहाँसँगै महिमित हुनेछन्। यी प्रत्येक व्यक्तिहरूका लागी सत्यता हो की परमेश्वरको पूर्वज्ञानमा उनीहरू रहेका छन् र उहाँमा बोलाइएका छन्। परमेश्वरको पूर्वज्ञानमा रहेको, उहाँमा बोलाइएको, धर्मी तुल्याइएको, र महिमित गरिएको कसैले उसको मुक्ति गुमाउँछ भने, पवित्र शास्त्र झूटो हो र परमेश्वर गलत हुनुहुन्छ। यसकारण जस्तो परमेश्वरको वचन सत्य छ, हामीले कहिल्यै पनि हाम्रो मुक्ति गुमाउन सक्दैनौं। *हामी महिमित पारिनेछौं!!!* परमेश्वरको प्रशंसा होस्।

यी पदहरूले यसो भन्दै जादँछन् की *"परमेश्वर जसले आफ्नै पुत्रलाई पनि बाँकी राख्नुभएन, तर हाम्रो निम्ति दिहाल्नुभयो"* र जसले हामीलाई धर्मी तुल्याउनुभयो उहाँले हामीलाई दण्डाज्ञा दिनुहुदैँन। न ता येशूले पनि *"जो मर्नुभयो – त्यो भन्दा पनि अधिक, उहाँ जीवित हुनुभयो – परमेश्वरको दाहिने हातमा हुनुहुन्छ र हाम्रि निम्ति विन्ति गर्दै हुनुहुन्छ"*। यदि परमेश्वर पिता र पुत्र येशूले हामीलाई दण्डाज्ञा दिनुहुदैँन भने, दण्ड दिने को हुन्छ र कसले दिनेछ र?

यी पदहरूले यो पनि व्यक्त गर्दछ की "सङ्कष्टले, वा क्लेशले, वा सतावटले, वा अनिकालले, वा नाङ्गो अवस्थाले, वा खतराले, वा तरवारले" हामीलाई ख्रीष्टको प्रेमदेखी अलग पार्न सक्दैन।

अन्तमा महिमित अभिव्यक्ति दिदैँ यी पदहरू (रोमी ८:२८-३९) अन्त हुदँछनः **किनकी मलाई पूरा निश्चयता भएको छ – न मृत्युले, न जीवनले, न स्वर्गदूतहरूले, न प्रधानताहरूले, न अधिकारहरूले, न अहिलेका कुराहरूले, न पछि आउने कुराहरूले, न उचाइले, न गहिराइले, न अरु कुनै सृष्टिले नै हामीलाई हाम्रा प्रभु ख्रीष्ट येशूमा भएको परमेश्वरको प्रेमदेखी अलग पार्न सक्नेछ।** वाह, हाम्रो लागी यो भन्दा अझ प्रष्ट गरी अरु हुनै सक्दैन।

१०. रोमी ११:२९

यो छोटो तर अति शक्तिशाली अभिव्यक्ति हो।

किनकी परमेश्वरका अनुग्रहका दानहरू र वोलावट नउल्टिने हुन्छन्। (रोमी ११:२९)

परमेश्वरले हामीलाई बोलाउनुभयो (रोमी ८:२८-३०) र उहाँले हामीलाई मुक्तिको वरदान दिनुभएको छ (एफिसी २:८-९)। यस पदले (रोमी ११:२९) प्रष्टसँग परमेश्वरको वोलावटलाई व्यक्त गर्दछ र उहाँको वरदानलाई रद्द र खारिज गर्न सकिदैँन भनि बताउँदछ। परमेश्वरले उहाँको विचारलाई परिवर्तन गरी उहाँको वोलावट र मुक्तिको वरदानलाई फिर्ता लिनुहुदैँन र लिन सक्नुहुदैँन पनि।

११. के हामी परमेश्वरका अपनाइएका सन्तानहरू हौं या हामी अस्थायी चाहना गरिएका सन्ताहरू हौं?

केहीको अनुभवमा, सबैको त होइन, पालिएका नानीहरू मर्मभेदी हुन्छन्। एउटा नानीको निम्ति सबैभन्दा गार्हो र क्षति पुर्याउने कुराहरूमध्ये एक कुराचाँही ऊ एउटा पालिएको नानी हो भनि ज्ञात हुनु हो, जसलाई एकदेखी अर्काकोमा कुनै दयामाया र शरक्षाबिना सारी राखिन्छ। केही पालिएका नानीहरूमा थोरैमात्र आत्माभिमान रहदँछ र जसले गर्दा तिनीहरूमा असल स्व-स्थिर स्वभावको बिकास हुदैँन। एक नानीको निम्ति असल कुरा, जे-

जस्तो कारण भएतापनि, आफ्नो परिवारसाथ हुदैँमा प्राप्त भने हुदैँन, तर स्नेह र हेरविचार गर्ने परिवारमा अपनाइनाले मात्र प्राप्त हुन्छ जसले त्यस नानीलाई प्रेम र स्थायित्व प्रदान गर्दछ।

हामी, प्रभु येशू ख्रीष्टमा विश्वासी भएकाले, हामी परमेश्वरको परिवारमा अपनाइएका छौं। परमेश्वरलाई तपाईले आफ्नो सारा प्राणले उहाँको परिवारमा अपनाइएको यस सत्यता र आशिषहरूका लागी प्रशंसा चढाउनुहोस्।

त्यसरी नै हामी उहाँको सामु प्रेममा पवित्र र निर्दोष होऔं भनेर उहाँले हामीलाई संसारको उत्पत्तीभन्दा पहिल्यै ख्रीष्टमा चुन्नुभयो; अनि आफ्नो इच्छाको शुभ अभिप्रायअनुसार ख्रीष्ट येशूद्वारा हामीलाई आफ्ना निम्ति पहिल्यै धर्म-पुत्रहरू ठहराउनुभयो, उहाँको अनुग्रहको महिमाको प्रशंसाका निम्ति, जुन अनुग्रहमा उहाँले हामीलाई उही प्रियमा ग्रहणयोग्य तुल्याउनुभयो। उहाँमा हामीले, उहाँको अनुग्रहको धनअनुसार उहाँको रगतद्वारा छुटकारा अर्थात् पापहरूको क्षमा पाएका छौं; जुन अनुग्रह उहाँले सारा बुद्धि र समझमा हामीलाई प्रशस्त गरी दिनुभयो। (एफिसी १:४-८)

परमेश्वरले हामीलाई गहिरोरुपमा प्रेम गर्नुहुन्छ, उहाँले हामीलाई उद्धार गर्नुभयो, र उहाँले हामीलाई उहाँको अनुग्रहको धनद्वारा आफ्नै परिवारमा अपनाउनुभयो।

किनकी फेरी डराउनका निम्ति तिमीहरूले बन्धनका आत्मा पाएका छैनौ; तर तिमीहरूले धर्मपुत्र तुल्याउनुहुने आत्मा पाएका छौ, जसद्वारा हामी, हे अब्बा ! हे पिता ! भनि पुकार्दछौं। (रोमी ८:१५)

"अब्बा" यस शब्दलाई "बुबा" भनेर पनि अनुवाद गर्न सकिन्छ। हाम्रो स्वर्गिय पिता हाम्रो बुबा हुनुहुन्छ। बुबाहरूले शुरक्षा, प्रेम र क्षमा दिनुहुन्छ, र हाम्रा स्वर्गिय पिता हाम्रो साना पापहरूमात्र होइन, तर सारा पापहरू क्षमा गर्नुहुने हाम्रो एकमात्र तारणहार हुनुहुन्छ। अपनाइएको पुत्रमा सारा अधिकारहरू, अधिपत्य र उत्ताधिकारी पुत्रकोझैं प्रेम रहेको हुदँछ।

तर अब समय पूरा भयो, तब परमेश्वरले आफ्ना पुत्रलाई पठाउनुभयो, जो स्त्रीद्वारा जन्मनुभयो, व्यवस्थाको अधिनतामा जन्मनुभयो - हामी धर्मपुत्र हुन पाऔं भनेर यस व्यवस्थाको अधिनतामा भएकाहरूलाई दाम तिरी छुटकारा दिनालाई जन्मनुभयो। गलाती ४:४-५

के परमेश्वरको प्रेम, अनुग्रह, करुणा, र दयाले उहाँले आफ्नो परिवारमा अपनाउनुभएका नानीहरूलाई फेरी ग्रहण नगरिनलाई अनुमति दिँदछ त? हाम्रो सारा पापहरू ढाकिनका लागी के पिताको प्रेम, अनुग्रह, र करुणा पर्याप्त हुदैँनन् र? वा परमेश्वरबाटको अधिक अनुग्रहले मात्र "साना" पापहरूलाई ढाक्नका निम्ति पर्याप्त हुदँछ? के परमेश्वरको अनुग्रहको अन्त हुँदछ र उहाँले अपनाइएका आफ्ना नानीहरूलाई उनीहरूका "ठूला" पापहरूले गर्दा नरकमा फालिदिनुहुनेछ?

परमेश्वरले आफ्नो पुत्रलाई हाम्रो मुक्तिको मूल्य तिरिदिनका निम्ति पठाउनुभयो, ताकी उहाँले हामीलाई आफ्नो परिवारमा अपनाउन सक्नुभएको होस्। फेरी, हाम्रो मुक्तिको मूल्यचाँही उहाँको आफ्नै पुत्र - येशूको मृत्यु, रगत बहाई थियो।

परमेश्वर जसले हामीलाई आफ्नो परिवारमा अपनाउन सकियोस् भनेर त्यस बहुमूल्य दाम तिरिदिनुभयो के उहाँ फिर्नुहुन्छ र हामीलाई फेरी "अग्रहणयोग्य तुल्याउन" सक्नुहुन्छ? के हाम्रो प्रेमिलो पिताले हामीलाई अपनाउनुहुन्छ र फिरेर हामीलाई अग्रहणयोग्य तुल्याउनुहुन्छ, र फेरी अपाउनुहुन्छ, र फिरेर फेरी अग्रहणयोग्य तुल्याउनुहुन्छ, र फेरी अपाउनुहुन्छ, र फिरेर फेरी अग्रहणयोग्य तुल्याउनुहुन्छ, र फेरी अपाउनुहुन्छ, र फिरेर

फेरी अग्रहणयोग्य तुल्याउनुहुन्छ, र फेरी अपाउनुहुन्छ, र फिरेर फेरी अग्रहणयोग्य तुल्याउनुहुन्छ, र फेरी .....? यदि हामी उद्धार गरिदँछौं र फेरी – फेरी हराइदँछौं भन्ने कुरामा तपाईको विश्वास रहेको छ भने यही कुरामा नै तपाईले विश्वास गर्नुपर्दछ। के हाम्रो स्वर्गिय पिता यस अनुरुपको बाबु हुनुहुन्छ?

हाम्रो स्वर्गिय पिताले हामीलाई प्रेम, हेरचाह, प्रबन्ध, शुरक्षा, र पथ-प्रदर्शन दिनुहुन्छ। उहाँले हामीलाई यति धेरै प्रेम गर्नुहुन्छ की हाम्रा पापहरूको मूल्य तिरिदिनका लागी उहाँले कष्ट भोग्नुभयो र क्रुसमा मर्नुभयो। पवित्र परमेश्वर आफै पाप बन्नुभयो ताकी उहाँले हामीलाई उहाँको आफ्नो परिवारमा अपनाउनसक्नुभएको होस्। उहाँले हामी उहाँको परिवारमा अपनाइनसकौं भनेर मृत्यु भोग्नुभयो र उहाँले हामीलाई उहाँको पारिवारबाट कहिल्यै पनि हटाउनुहुनेछैन।

१२. अविश्वायोग्य ख्रीष्टियनहरूको सवालमा के त?

मलाई दिइएको परमेश्वरको अनुग्रह – अनुसार एउटा बुद्धिमान् घर बनाउने नाइकेले झैं मैलेर जग बसालेको छु, र अर्कोले त्यसमाथि बनाउँदै लैजान्छ। तर त्यसमाथी उसले कसरी बनाउँदै लैजान्छ, त्यस विषयमा हरेक होसियार बसोस्। "किनकी त्यस बसालिएको जगलाई छोडेर, जो येशू ख्रीष्ट हुनुहुन्छ, कुनै पनि मानिसले अर्को जग बसाल्न सक्दैन। अब कुनै मानिसले त्यस जगमाथी सुन। चाँदी, रत्नहरू, काठ, घाँस, पराल बनाउँदै लैजान्छ भने हरेकको काम, प्रकट हुनेछ; किनकी त्यो दिनले त्यो काम देखाउनेछ, किनकी त्यो आगोद्वारा प्रकट गरिनेछ; अनि हरेककको काम, त्यो कस्तो किसिमको रहेछ भनि आगोले जाँच गर्नेछ। कुनै मानिसको काम, जो उसले त्यसमाथि बनाएको छ, रहिरह्यो भने उसले इनाम पाउनेछ। कसैको काम जलिजान्छ भने उसले हानी भोग्नेछ; तर ऊ आफैचाँही बाँच्नेछ, तर आगोबाट भएर उम्केजस्तो। १कोरिन्थी ३:१०-१५

परमेश्वरले हरेक साँचो विश्वासीका कार्यहरू र सेवाहरूको जाँच गर्नुहुन्छ। वास्तवमा त्यहाँ केही त्यस्ता साँचो विश्वासीहरू पनि छन् जसले उहाँलाई सेवा गर्ने कार्यमा त्यति परिश्रम दिदैँनन्। यस पदले भन्दछ की, हरेक विश्वासीहरूका कामहरू आगोद्वारा प्रकट गरिनेछ। केहीका कार्यहरू त्यस परिक्षामा खडा रहदँछन्, तर अरुहरूका कार्यहरू आगोद्वारा जलिजानेछ। याद गर्नुहोस् जसका कार्यहरू जलिजानेछन् तिनीहरू तैपनि बाँच्नेछन्। तिनीहरूले अत्याधिक रुपले भन्न सक्ने भनेको तिनीहरू आगोबाट उम्केजस्तो गरि बाँच्नेछन्, तर तिनीहरूका अविश्वासयोग्यतामा पनि परमेश्वर आफ्ना नानीहरूका लागी अझै विश्वायोग्य हुनुहुन्छ र तिनीहरू अझ पनि उहाँको नै हुनेछन् – तिनीहरू अझपनि बचाइनेछन्।

१३. परमेश्वरद्वारा विश्वास गर्नेहरूका लागी प्रतिज्ञा गरिएको अनन्त जीवन बिना शर्तको हो।

परमेश्वरको वचनमा दिइएका प्रतिज्ञाहरू शर्तका र बिना शर्तका छन्। तल शर्त अनुरुपका प्रतिज्ञाहरू प्रस्तुत गरिएका छन्;

१४. उहाँमा हाम्रो जे निर्धक्कता छ, त्यो यही हो – उहाँको इच्छाअनुसार हामीले केही कुरा माग्यौं भने उहाँले हाम्रो विन्ती सुन्नुहुन्छ; १५ अनि हामीले जेसुकै मागे तापनि उहाँले हाम्रो विन्ति सुन्नुहुन्छ भनि हामी जान्दछौं भने हामीले उहाँबाट जे चाहेका थियौं, ती मागहरू पनि पाएका छौं भनि हामी जान्दछौं। १यूहन्ना ५:१४-१५

तिमीहरू ममा रह्यौ र मेरा वचनहरू तिमीहरूमा रहे भने तिमीहरू जे चाहन्छौ, सो माग्नेछौ, र त्यो तिमीहरूका निम्ति गरिनेछ"। यूहन्ना १५:७

यी दुई पदहरू शर्तका प्रतिज्ञाका उदाहरणहरू हुन्। यदि केही शर्तहरू पालन हुँदछन् भने परमेश्वरले हाम्रो प्रार्थनाहरूको जवाफ दिनुहुन्छ। यद्यपि, साँचो विश्वासीहरूलाई मुक्तिको सन्दर्भमा दिइएको प्रतिज्ञाचाँही बिना शर्तको रहेको छ।

मेरा भेडाहरूले मेरो सोर सुन्छन्, अनि म तिनीहरूलाई चिन्छु, र तिनीहरूले मलाई पछ्याउँछन्। अनि म तिनीहरूलाई अनन्त जीवन दिन्छु; र तिनीहरू कहिल्यै नष्ट हुनेछैनन्; न ता कसैले तिनीहरूलाई मेरो हातबाट खोसेर लैजान्छ। यूहन्ना १०:२७-२८

किनकी तिनीहरूका अधर्महरूतर्फ म कृपालु हुनेछु, र तिनीहरूका पापहरू र तिनीहरूका अपराधहरू म कहिल्यै सम्झना गर्नेछैनँ। हिब्रु ८:१२

मेरा भेडाहरूले मेरो सोर सुन्छन्, अनि म तिनीहरूलाई चिन्छु, र तिनीहरूले मलाई पछ्याउँछन्। अनि म तिनीहरूलाई अनन्त जीवन दिन्छु; र तिनीहरू कहिल्यै नष्ट हुनेछैनन्; न ता कसैले तिनीहरूलाई मेरो हातबाट खोसेर लैजान्छ। मेरा पिता, जसले ती मलाई दिनुभयो, सबैभन्दा महान् हुनुहुन्छ, अनि मेरा पिताको हातबाट कसैले तिनीहरूलाई खोसेर लैजान सक्दैन। म र मेरा पिता एक हौं। यूहन्ना १०:२७-३०

यी प्रतिज्ञाहरूमा "यदि" भन्ने शब्द नै छैन। तिनीहरूमा शर्त रहेको छैन। हामीले केही स्तरको असलपनता कायम गरेको, वा हामीले गम्भिर पाप नगरेको खण्डमा यी हामीलाई प्रदान गरिने भन्ने होइन। यी प्रतिज्ञाहरू, हाम्रो विश्वासयोग्यतामा होइन, तर परमेश्वरप्रतिको भरोसायोग्यता र विश्वायोग्यतामा आधारित रहेको छ।

१४. के परमेश्वर भरोसायोग्यका हुनुहुन्छ?

१ परमेश्वरको दास र येशू ख्रीष्टको प्रेरित पावलको तर्फबाट – परमेश्वरका चुनिएकाहरूका विश्वास र सत्यको ज्ञानअनुसार, जो भक्तिमुताबिकको छ; २ अनन्त जीवनको आशामा, जसको प्रतिज्ञा झूट बोल्नै नसक्नुहुने परमेश्वरले संसार शुरु हुनुभन्दा पहिल्यै गर्नुभयो; तीतस १:१-२

किनकी जब परमेश्वरले अब्राहामसँग प्रतिज्ञा बाँध्नुभयो, तब कसम खानलाई, आफूभन्दा ठूलो अरु कोही पाउनुभएन; यसकारण उहाँले आफ्नै नाममा यसो भन्दै कसम खानुभयोः 'निश्चय नै म तिमीलाई आशिषमाथि आशिष दिनेछु, र म तिमीलाई वृद्धिमाथी वृद्धि गर्नेछु'। अनि यसरी धीरजसँग सहेपछि उनले प्रतिज्ञा गरिएको कुरा प्राप्त गरे। किनकी साँच्ची नै मानिसहरू आफूभन्दा ठूलाको नाममा कसम खान्छन्, अनि दृढ निश्चयताका लागी खाइएको कसम तिनीहरूका निम्ति सबै वादविवादको अन्त हो। यसरी नै जब परमेश्वरले प्रतिज्ञाका हकदारहरूलाई, 'उहाँको मनसाय कहिल्यै बदलिन सक्दैन' भन्ने कुरा प्रशस्त गरी देखाउन चाहनुभयो; यसैले की हाम्रा सामु राखिएको आशालाई पक्रनका निम्ति शरण लिनालाई दगुरेकाहरूले अथात् हामीले यी दुईटा कहिल्यै बदलिन नसक्ने कुराहरूद्वारा, जसको विषयमा परमेश्वरले झूट बोल्नु असम्भव छ, बलियो सान्त्वना पाऔं। यो आशाचाँही हामीसित प्राणको लङ्गरजस्तै छ, जो शुरक्षित र दृढ छ, अनि पर्दाको भित्रपट्टिको स्थानसम्म प्रवेश गर्दछ; जहाँ अग्रदूतको रुपमा येशू सधैँका निम्ति मल्किसेदेकको रीतिमुताबिकका पूजाहारी भईकन हाम्रा निम्ति प्रवेश गर्नुभएको छ। हिब्रु :१३-२०

यी अति नै ठूला पदहरू हुन्। परमेश्वर, जो झूट बोल्न सक्नुहुन्न, हामी जसले उहाँमाथि आफ्नो आशा र भरोसा राखेका छौं, हामीहरूले उहाँको प्रतिज्ञाको निश्चयता प्राप्त गरेको उहाँ चाहनुहुन्छ। परमेश्वरले आफ्नै र उहाँको कहिल्यै परिवर्तित नहुने वचनको कसम लिनुभयो ताकी उहाँ आफ्नो विचारमा कहिल्यै परिवर्तन नहुनुभएको होस् र हाम्रा आशाहरूलाई शुरक्षित राख्नुभएको होस्। हाम्रो आशाहरू जति परमेश्वर शुरक्षित हुनुहुन्छ त्यति नै

शुरक्षित भएका छन्। हाम्रा आशाहरू परमेश्वर र हाम्रो सदाको महापूजाहारी – येशू ख्रीष्टमा बाँधिएका छन् जसले निरन्तरताका साथ हाम्रो निम्ति परमेश्वरको उपस्थितिमा विन्ति गरि नै रहनुहुन्छ। जसो परमेश्वर हाम्रो लागी शुरक्षित हुनुहुन्छ, यो आशा नै हाम्रो आत्माको लङ्गर हो। वाह!!! यो भन्दा अधिकको शुरक्षा हामीले कहीँ पाउन सक्दैनौं। हामीलाई उत्साह गर्ने यस लङ्गरद्वारा, हामी शान्तिमा वास गर्न सक्दछौं। जस्तो परमेश्वर हाम्रा निम्ति शुरक्षित हुनुहुन्छ त्यस्तै हाम्रो मुक्ति पनि शुरक्षित नै रहेको छ।

आत्महत्याको सन्दर्भमा के त?

मलाई धेरै पटक सोधिएको छ की यदि एक व्यक्तिले आत्महत्या गर्दछ भने के ऊ स्वर्ग जादँछ त? हामीले यो जान्न अति नै आवश्यक छ की हाम्रो अनन्तताको लक्ष्य, स्वर्ग वा नरक, चाँही प्रभु येशू ख्रीष्टमाथीको विश्वास गराई वा नगराईद्वारा निर्भर हुँदछ। यदि हामी उहाँमाथी विश्वास गर्छौं भने, हामी बचाइदँछौं र अनन्तताको निम्ति उहाँसँग रहने छौं। यदि हामी उहाँमाथी विश्वास गर्दैनौं भनौ, हामी हराउँदछौं र परमेश्वरबाट अलग रही अनन्तताको निम्ति नरकमा रहनेछौं। तैपनि, हामी आत्महत्यालाई क्षमा दिँदैनौं वा न्या संगत गर्दैनौं, हामी अनन्तताको लागी कहाँ रहन्छौं भन्ने कुरासँग आत्महत्याले कुनै सरोकार राख्दैन। याद गर्नुहोस्, हाम्रा सारा पापहरू – भूत, वर्तमान्, भविष्य – सबै नै क्षमा गरिएका छन्। आत्महत्या, अरु पापहरूजस्तै नै गरी, क्षमा गरिएका छन्। त्यहाँ निरुपक्ष रुपमा कुनै वास्तविक बाइबलिय शिक्षा रहेको छैन जसले शिक्षा र विश्वास दिदँछ की आत्महत्या गर्ने साँचो विश्वासी स्वर्गमा जादैँन।

किन कसैले मुक्ति सम्बन्धि बाइबलिय शिक्षाप्रति आपत्ति जनाउँदछन्?

हामीले मुक्तिको सम्बन्धमा बाइबलिय शिक्षाप्रति आपत्ति जनाउने कुराहरूतिर संक्षिप्त रुपमा अध्ययन गर्नुअघि, यस पाठको निम्ति पृष्ठ ७६बाट शुरुवात गरी, अध्ययन निर्देश ८को समिक्षा गर्नु असल हुनेछ। सम्झना गर्नुहोस् अध्ययन निर्देश ८ले बाइबलिय जाँचहरूसित व्यवहार गर्दछ जसले हामी साँचो रुपमा बचाइएका हौं की होइनौं भनि निश्चयता दिलाउँदछ। यदि एउटा मानिस जसले विश्वास गरेको दाबी गर्दछ र निरन्तरताका साथ अनाज्ञाकारिता र पापमा जीवनयापन गर्दछ भने,परमेश्वरको वचन मुताबिक, उसले कहिल्यै पनि परमेश्वरलाई जानेको छैन। यी शास्त्रहरूलाई उचित रुपमा जान्नको निम्ति अति नै आवश्यक रहेको हुदँछ, जसद्वारा हामीले केही पदहरू जसले हाम्रा मुक्ति गुम्दछ भनि "प्रमाणित" गर्दछ तिनीहरूलाई सहीरुपले बुझ्न सकेका हौं।

यी तलका प्रत्येक पदहरूले प्रष्ट पार्दछन् की साँचो रुपमा उद्धार गरिएका मानिसहरूले निरन्तरताका साथ पापपूर्ण जीवनयापन गर्दैनन्।

हरेक जसले पाप गर्दछ, त्यसले व्यवस्था पनि भङ्ग गर्दछ; किनकी व्यवस्था भङ्ग गर्नु नै पाप हो। अनि तिमीहरू जान्दछौ – हाम्रा पापहरू हरण गर्नालाई उहाँ प्रकट हुनुभयो; अनि उहाँमा पाप छैन। हरेक जो उहाँमा रहन्छ, उसले पाप गर्दैन; हरेक जसले पाप गर्दछ, त्यसले उहाँलाई देखेको छैन, न ता उहाँलाई चिनेको छ। १ यूहन्ना ३:४-६

हरेक जो परमेश्वरबाट जन्मेको छ, उसले पाप गर्दैन; किनकी उहाँको बीउ उसमा छ रहन्छ; र उसले पाप गर्न सक्दैन, किनभने ऊ परमेश्वरबाट जन्मेको हो। परमेश्वरका सन्तान र शैतानका सन्तान यसैबाट प्रकट हुन्छन्; हरेक जसले धार्मिकताको काम गर्दैन, त्यो परमेश्वरबाटको होइन, र त्यो पनि होइन, जसले आफ्नो भाइलाई प्रेम गर्दैन। १यूहन्ना ३:९-१०

अनि हामी उहाँका आज्ञाहरू पालन गर्दछौं भने, यसैबाट हामी उहाँलाई चिन्दा रहेछौं भनि हामी थाह पाउँछौं। जसले 'म उहाँलाई चिन्छु' भन्छ, तर उहाँका आज्ञाहरूचाँही पालन गर्दैन, त्यो झूट हो, र त्यसमा सत्य छैन। १ यूहन्ना २:३-४

अनि जुन समाचार हामीले उहाँबाट सुनेका छौं, र तिमीहरूलाई सुनाउँछौं, त्यो यही हो – परमेश्वर ज्योति हुनुहुन्छ, र उहाँमा अन्धकार छदैँ छैन। उहाँसँग हाम्रो संगति छ भनि हामी भन्छौं, तर अन्धकारमा हिँड्छौं भने हामी झूट बोल्दछौं, र सत्य काम गर्दैनौं; तर जसरी उहाँ ज्योतिमा हुनुहुन्छ, उसरी नै हामी ज्योतिमा हिँड्छौं भने एक-अर्कासँग हाम्रो संगति हुन्छ, र उहाँका पुत्र येशू ख्रीष्टको रगतले हामीलाई सब पापबाट शुद्ध पार्छ। १ यूहन्ना १:५-७

हामीबाट तिनीहरू निस्के, तर तिनीहरू हाम्रा थिएनन्; किनकी तिनीहरू हाम्रा हुदाँ हुन् ता तिनीहरू हामीसँगै रहिरहनेथिए; तर तिनीहरू सबै हाम्रा होइन रहेछन् भनि प्रकट होओस् भनेर तिनीहरू हामीबाट निस्के। १ यूहन्ना २:१९

"ज्योतिमा" हिँड्नु चाँही प्रभुको आज्ञाकारितामा समर्पित जीवन जिउनु हो। "अन्धकारमा हिँड्नु" चाँही परमेश्वरको निर्देशन प्रति अनाज्ञाकारिताका साथ जीवनयापन गर्नु हो। यदि हामी ज्योतिमा हिँड्छौं भने, यो प्रमाण हो की *"उहाँका पुत्र येशू ख्रीष्टको रगतले हामीलाई सब पापबाट शुद्ध पार्छ"*।

मेरा भाइहरूको, मसँग विश्वास छ भनि कुनै मानिसले भन्ला, तर ऊसँग कामहरूचाँही छैनन् भने के फाइदा भयो र? के विश्वासले उसलाई बचाउन सक्छ र? १७ यही प्रकारले विश्वास पनि, यदि त्यसका कामहरू छैनन् भने एकलो भई मरेको हुन्छ। याकूब २:१४, १७

परमेश्वरको वचन स्पष्ट छ की यदि हामी निरन्तरताका साथ अनाज्ञाकारी जीवन जिउँदछौं भने, यो प्रमाण हो की हामीले परमेश्वरलाई जानेका छैनौं न ता हामीले उहाँलाई कहिल्यै चिनेका थियौं।

उद्धार गरिनाले जीवन परिवर्तन गराउँदछ। यदि परिवर्तनिय जीनवको कुनै प्रमाण रहेको देखिदैँन भने, हाम्रो मुक्ति प्रति उच्च रुपमा प्रश्न खडा हुदँछ। यद्यपि, यी पदहरूले निरन्तरतापूर्ण पापमय जीवनयापनको बारेमा बताउँदछ भनि प्रष्ट पार्दछ। सबै ख्रीष्टियनहरूले पाप गर्दछन्। यसलाई तलका पदहरूद्वारा स्पष्ट तुपमा बताएका छन् जुन ख्रीष्टियनहरूका लागी लेखिएका हुन् र ख्रीष्टियनहरूलाई सम्बोधित गरिएका हुन्।

हामीसँग पाप छैन भनि हामी भन्छौं भने हामीले आफैलाई धोका दिन्छौं, र हामीमा सत्य हुदैँन। १यूहन्ना १:८

हामीले पाप गरेका छैनौं भनि हामी भन्छौं भने हामी उहाँलाई झूट तुल्याउँछौं, र उहाँको वचन हामीमा छैन। १यूहन्ना १:१०

शुरुमा तल दिइएका यी खण्डहरूका पदहरूप्रति प्रतिवादहरू उठ्न सक्दछ; यद्यपि, तिनीहरू प्रतिवादात्मक भने छदैँ छैनन्। *सबै ख्रीष्टियहरूले नै पाप गर्दछन्, तर तिनीहरूले निरन्तरताका साथ पापमय जीवनयापन भने गर्दैनन्। हाम्रो विश्वास साँचो होइन भनि त्यस पापमय जीवनयापन तर्फको निरन्तरताले प्रस्तुति दिँदछ र हामीले कहिल्यै पनि साँचो रुपमा परमेश्वरलाई जानेका छैनौं भनि यसले बताउँदछ।*

अब, यस बाइबलिय बुझाईका साथ, आउनुहोस्, यस अनन्तताको शुरक्षा शिक्षाको सन्दर्भमा उठ्ने प्रमुख आपत्तिहरू तिर हेरौं। यो सबै आपत्तिलाई समावेश गर्ने सुची त होइन, तर यसले चार प्राथमिक आपत्तिहरूसँग व्यवहार गर्दछ जुन त्यस्ता मानिसहरूस्वारा उठाइएका छन् जसले बाइबलिय शिक्षालाई इन्कार गर्दछन्।

आपत्ति १. त्यहाँ शास्त्रहरू छन् जसले "प्रमाण" दिदँछ की मुक्ति हाम्रो आज्ञाकारिता र विश्वासयोग्यताको शर्तमा आधारित हुन्छ।

तपाईमध्ये सबै जसले यो विश्वास गर्नुहुन्छ की मुक्ति गुम्छ तपाईहरूले यो कुरामा पनि विश्वास गर्नुपर्छ की हाम्रो मुक्ति हाम्रो आज्ञाकारितामा निर्भर हुँदछ। तल केही पदहरू दिइएका छन् जसले यस दाबीलाई "उध्रित" गर्दछ। यी पदहरूलाई बुझ्ने हृदय तलका प्रश्नमा छ। तपाई उद्धार गरिनका निम्ति सधैँ नै विश्वासयोग्य रहनुपर्छ भनि के यी पदहरूले शिक्षा दिदँछ वा तिनीहरूले अरु पदहरूसँगै सहमति जनाउँदछन् की साँचो रुपमा उद्धार गरिएको व्यक्ति सधैँ नै विश्वासयोग्य रहन्छ, र यदि ऊ रहदैँन भने, यो प्रमाण हो की उसले साँचो रुपमा परमेश्वरलाई जानेको छैन?

तर अब मृत्युद्वारा आफ्नो मासुको शरिरमा उहाँले तिमीहरूको मिलाप गराउनुभएको छ, तिमीहरूलाई आफ्ना सामु पवित्र, निष्कलङ्क र निर्दोष उपस्थित गराउनका निम्ति – यदि तिमीहरू जग बसालेर र स्थिर भएर विश्वासमा लागिरह्यौ भने, र सुसमाचारको आशाबाट हटेनौ भने; जुन सुसमाचार तिमीहरूले सुनेका छौ, जुनचाँही स्वर्गमनि भएको हरेक प्राणीलाई प्रचार गरिएको थियो, जसको सेवक म पावल बनाइएको छु। कलस्सी १:२२-२३

यदि मुक्तिसँग यही पद मात्र सम्बन्धित हुँदा हो ता, हामी यस निष्कर्षमा आउने थियौं की मुक्ति पाउन का निम्ति हामीले निरन्तरताका साथ विश्वासमा स्थापित भइरहनुपर्नेछ। यद्यपि, हामीलाई यो थाहा छ की साँचो रुपमा मुक्ति पाएका मानिसहरूले विश्वासमा निरन्तरताका साथ लागिरहन्छन् र यदि यसो हुदैँन भने, ऊ कहिल्यै उद्धार गरिएको थिएन भनि प्रमाणित हुदँछ। साँचो रुपले उद्धार गरिएका मानिसहरू विश्वासमा निरन्तर लागिरहन्छन्। यस पदको बुझाई अपरिहार्य बाइबलिय शिक्षासँग समान छन् की हाम्रा पापहरू क्षमा गरिएका छन् र ती जससँग अनन्त जीवन छ, तिनीहरूले कहिल्यै पनि त्यस परमेश्वरद्वारा प्रदान गरिएको अनन्त जीवनलाई गुमाउनेछैनन्।

तलका केही पदहरू जसलाई मुक्ति गुमाइदँछ भनि "प्रमाणित" गर्नाको निम्ति प्रयोग गरिदँछ, यिनीहरू सबैमा यही बाइबलिय वर्णन गरिएको सिद्धान्त लागु हुँदछ। त्यहा अरु पनि चन् तर यिनीहरू केही प्राथमिक पदहरू हुन्।

तिमीहरूले मेरा आज्ञाहरू पालन गर्यौं भने तिमीहरू मेरो प्रेममा रहनेछौ, जसरी मैले पनि मेरा पिताका आज्ञाहरू पालन गरेको छु, अनि उहाँको प्रेममा रहन्छु। यूहन्ना १५:१०

तर ख्रीष्ट ता उहाँको आफ्नो घरमा पुत्रको रुपमा अधिकारी हुनुहुन्थ्यो; उहाँको घर हामी हौं, यदि हामीले यस भरोसा र आशाको आनन्दलाई अन्तसम्म बलियो गरी पक्रिराख्यौं भने। हिब्रु ३:६

किनकी हामी ख्रीष्टका भागीदारीहरू भएका छौं, यदि हामीले हाम्रो भरोसाको शूरुलाई अन्तसम्म बलियो गरी पक्रिराख्यौं भने; हिब्रु ३:१४

जससँग मेरा आज्ञाहरू छन् र तिनलाई पालन गर्दछ, उही मलाई प्रेम गर्ने हो। अनि जसले मलाई प्रेम गर्दछ, ऊ मेरा पिताद्वारा प्रेम गरिनेछ, अनि म उसलाई प्रेम गर्नेछु, र आफैलाई उसकहाँ प्रकट गर्नेछु। यूहन्ना १४:२१

यी सबै पदहरू नै जस्तो लेखिएका छन् त्यही अनुरुप नै सत्य रहेका छन्, किनभने साँचो ख्रीष्टियनले उहाँका आज्ञाहरू पालन गर्दछन् र साँचो ख्रीष्टियनहरू अन्तसम्म विश्वासयोग्य रहँदछन् र साँचो ख्रीष्टियनहरूले विश्वासमा निरन्तरता दिई नै रहँदछन्।

साँचो ख्रीष्टियनहरू आज्ञाकारी र विश्वासयोग्य हुँदछन्। *आज्ञाकारिता र विश्वासयोग्यता उद्धार गरिएको* प्रमाण हुन् – *उद्धार गरिने बाटो वा उद्धार गरिरहनका निम्ति मार्ग होइनन्।* उहाँले हामीमा उहाँको धार्मिकता खनाउनुहुने कुरासँग हाम्रो मुक्ति निर्भर भएको हुदँछ। यो हाम्रो स्व-धार्मिकतामा निर्भर रहेको हुँदैन जसलाई परमेश्वरले, "झुत्रा- थाङ्ग्रा" भन्नुहुन्छ।

पवित्र शास्त्रद्वारा यो स्पष्ट पारिएको छ की त्यहाँ खोक्रो विश्वास पनि रहेको हुन्छ जसले मुक्तितर्फ डोर्याउँदैन। यस खोक्रो विश्वास रहेका मानिसहरूले उहाँका आज्ञाहरू पालन गर्दैनन्, अन्तसम्म विश्वासयोग्य रहँदैनन्, र विश्वासमा निरन्तरता दिई रहँदैनन्। तिनीहरूले संसारमाथि विजय प्राप्त गर्दैनन् कारण तिनीहरूमा परमेश्वरको आत्माले वास गरेको हुदैँन। यी व्यक्तिहरूले सक्रिय रुपमा परमेश्वरलाई जान्नको निम्ति खोजी गर्दैनन् किनभने तिनीहरूले थालनी गर्नाको लागी कहिल्यै पनि उहाँलाई जानेका छैनन्।

हामीबाट तिनीहरू निस्के, तर तिनीहरू हाम्रा थिएनन्; किनकी तिनीहरू हाम्रा हुदाँ हुन् ता तिनीहरू हामीसँगै रहिरहनेथिए; तर तिनीहरू सबै हाम्रा होइन रहेछन् भनि प्रकट होओस् भनेर तिनीहरू हामीबाट निस्के।
१यूहन्ना २:१९

मलाई 'हे प्रभु, हे प्रभु' भन्ने हरेक स्वर्गको राज्यमा पस्नेछैन, तर त्यो पस्नेछ। जसले स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्छ। त्यस दिन धेरैले मलाई भन्नेछन्,' हे प्रभु, हे प्रभु, के हामीले तपाईको नाममा भविष्यवाणी गरेनौँ र? अनि के तपाईकै नाममा दुष्ट आत्माहरू निकालेनौँ र? अनि के तपाईकै नाममा अनेकौँ अचम्मका कामहरू गरेनौँ र?" अनि तब म तिनीहरूलाई खुल्लमखुल्ला भन्नेछु,' मैले तिमीहरूलाई कहिल्यै चिनेको छैनँ; हे कुकर्म गर्नेहरूहो, मदेखी टाढा होओ!'" मत्ती ७:२१-२३

अब निस्तार-चाडमा, पर्वको दिन, जब उहाँ यरुशलेममा हुनुहुन्थ्यो, उहाँले गर्नुभएका चिन्हहरू देखेर धेरैले उहाँको नाममा विश्वास गरे। तर येशूले आफैलाई तिनीहरूको भरोसामा छोड्नुभएन, किनभने उहाँले सबै मानिसहरूलाई जान्नुहुन्थ्यो, अनि कसैले मानिसको विषयमा गवाही दिनु उहाँलाई खाँचो थिएन; किनभने मानिसभित्र के हुन्छ, सो उहाँलाई थाह थियो। यूहन्ना २:२३-२५

मानिसहरू जसले तपाईलाई मुक्ति गुम्दछ भनि शिक्षा दिँदछन् तिनीहरूले हामीले अध्ययन गरेका यी पवित्र शास्त्रका धेरै पूस्तकहरूलाई बे-वास्ता गर्दछन् वा बिगार्दछन् जसले प्रष्टसँग मुक्तिको निश्चयताको बारेमा शिक्षा प्रदान गर्दछन्। तिनीहरूले अपरिहार्य बाइबलिय सत्यताको प्रकाशमा यी प्रत्येक पदलाई नै व्याख्या गर्दैनन्, तर तिनीहरूले यी पदहरूलाई प्रयोग गर्दछन् र सतही स्तरको व्याख्या दिँदछन् जसले गर्दा बाँकी परमेश्वरको वचनको प्रष्ट शिक्षाप्रति प्रतिवादात्मक विचार पैदा गर्दछन्।

आपत्ति २ पतनको विरुद्ध बाबइलिय चेतावनी

मुक्तिको अनन्तताको निश्चयता - यस बाइबलिय शिक्षाप्रति जसले आपत्ति जनाउँदछन्, तिनीहरूले यी परिच्छेदहरूले साँचो विश्वासीले मुक्ति गुमाउँदछन् भन्ने कुराको शिक्षा दिदँछ भनि विश्वास गर्दछन्।

हे भाइहरूहो, होसियार बस; नत्र ता तिमीहरूमध्ये कसैमा जीवित परमेश्वरदेखी टाढो लैजाने अविश्वासको खराब हृदय हुनआउला। हिब्रु ३:१२

किनकी सत्यको ज्ञान प्राप्त गरेपछि यदि हामी इच्छापूर्वक पाप गर्दछौं भने पापहरूका निम्ति कुनै बलिदान बाँकी रहँदैन; तर न्यायको डरलाग्दो प्रतीक्षा र विरोधीहरूलाई भस्म गर्ने आगोको ज्वाला मात्र बाँकी रहन्छन्। हिब्रु १०:२६-२७

किनकी धार्मिकताको बाटो जानेपछि तिनीहरूलाई सुम्पिएको पवित्र आज्ञाहरूबाट फर्कनुभन्दा त यसलाई नजान्नु नै तिनीहरूका निम्ति असल हुनेथ्यो। २पत्रुस २:२१

किनकी तिनीहरू, जसले एकपल्ट ज्योति पाए, अनि स्वर्गीय दानलाई चाखे, र पवित्र आत्माको भागी बनाइए, अनि परमेश्वको उत्तम वचन र आउँदो युगका सामर्थ्यहरूको स्वाद चाखे, पतित भए भने तिनीहरूलाई पश्चातापका निम्ति फेरी नयाँ बनाउनु असम्भव छ; किनकी तिनीहरूले आफ्ना निम्ति परमेश्वरका पुत्रलाई फेरी क्रुसमा चढाउँदछन्, र उहाँलाई खुल्लमखुल्ला शर्ममा पार्छन्। हिब्रु ६:४-६

यी प्रत्येक पदमा जवाफ दिइनुपर्ने प्रश्नचाँही यो हो – "यस पदमा वर्णन गरिएका व्यक्तिहरू साँचो विश्वासी हुन् वा अविश्वासी हुन् जसले विश्वासीले झैँ गरी स्वरुप धारण गर्दछन्?" हामीले अघि पनि हेरसकेका छौं, त्यहाँ त्यस्ता व्यक्तिहरू छन् जससँग "खोक्रो" विश्वास रहेको छ तर उद्धार गरिएका भने छैनन्। तिनीहरूले गहिरिएर "ख्रीष्टियन" कार्यहरूमा पनि भाग लिदँछन् र साँचो विश्वासीझैँ देखिदँछन्, तर तिनीहरू होइनन्। *यी पदहरू तिनीहरूका लागी कडा चेतावनी हो जसलाई सत्यता थाहा छ , तर साँचो विश्वासी हुनका सट्टामा, तिनीहरूले सत्लाई नै इन्कार गर्दछन्।*

धेरैजसो यी पदहरू हिब्रुको पूस्तकबाट छन्। हिब्रुको पूस्तक हिब्रुहरूका निम्ति लेखिएको हो, जसमध्ये धेरैजना साँचो विश्वासी हुने र फर्किने भन्ने कुराबीचमा अस्थिर रहेका थिए। वास्तवमा, तिनीहरूमध्ये केहीले त विश्वासीहरूका संगतिमा पनि भाग लिएका थिए र तिनीहरूसँग सत्यको ज्ञान रहेको थियो र विश्वासी हुनुको स्वाद तिनीहरूले चाखेका थिए, तर प्रभु येशू ख्रीष्टमा व्यक्तिगत रुपमा विश्वास गर्नको निम्ति तिनीहरूले निर्णय भने लिएका थिएनन् र तिनीहरूले साँचो रुपमा आफ्नो पापबाट पश्चाताप गरेका थिएनन्।

यी पदहरूले ती व्यक्तिहरूलाई चेतावनी दिँदछ जसलाई सत्यको ज्ञान छ, की यदि तिनीहरू साँचो विश्वासी हुनबाट फर्किदँछन् वा "पतन हुदँछन्" भने, त्यहाँ मुक्तिको निम्ति अरु कुनै बाटो रहेको हुदैँन र तिनीहरूले हुन आउने भयानक न्यायको सामना गर्नुपर्नेछ। यथार्थमा, पत्रुसले भन्दछन् की, *"किनकी धार्मिकताको बाटो जानेपछि तिनीहरूलाई सुम्पिएको पवित्र आज्ञाहरूबाट फर्कनुभन्दा त यसलाई नजान्नु नै तिनीहरूका निम्ति असल हुनेथ्यो"*। तिनीहरू जसलाई सत्यको ज्ञान छ र त्यसलाई इन्कार गर्दछन् भने तिनीहरूले सत्यको ज्ञान नभएकाहरू वा सत्यता नसुनेकाहरूले भन्दा भयानक न्यायको सामना गर्नुपर्नेछ।

हिब्रु ४:४-६मा नजर

किनकी तिनीहरू, जसले एकपल्ट ज्योति पाए, अनि स्वर्गीय दानलाई चाखे, र पवित्र आत्माको भागी बनाइए, अनि परमेश्वको उत्तम वचन र आउँदो युगका सामर्थ्यहरूको स्वाद चाखे, पतित भए भने तिनीहरूलाई पश्चातापका निम्ति फेरी नयाँ बनाउनु असम्भव छ; किनकी तिनीहरूले आफ्ना निम्ति परमेश्वरका पुत्रलाई फेरी क्रुसमा चढाउँदछन्, र उहाँलाई खुल्लमखुल्ला शर्ममा पार्छन्।

धेरैजसो जसले मुक्ति गुम्दछ भन्ने कुरामा तिब्र रुपले विश्वास गर्छन्, यी पदहरूले विश्वासी "पतन " हुँदछ वा उसको मुक्ति गुम्दछ भनि शिक्षा दिन्छ भनि तिनीहरूले विश्वास गर्दछन्। फेरी पनि यस पदहरूका अन्तका आधी भागहरू पढ्नुहोस्। यदि यस पदले वास्तविक रुपमा साँचो विश्वासीले मुक्ति गुमाउँदछ भन्दछ भने, यसले यो पनि शिक्षा प्रदान गर्दछ की उसले फेरी मुक्ति पाउन सक्दैन किनकी येशू फेरी पनि क्रुसमा चढाइनुपर्नेछ।

तिनीहरू जसले मुक्ति गुम्दछ भनि विश्वास गर्दछन् तिनीहरूले बारम्बर – घरिघरि -- मुक्ति प्राप्त गरिन्छ र गुमाइन्छ भनि शिक्षा दिदँछन्। यदि यो सत्य हुँदा हो ता, हामी बचाइन सकौं भनेर येशू फेरी-फेरी क्रुसमा टांगिनुपर्नेथियो। के परमेश्वरको वचनले दिने शिक्षा यही नै हो?

मुक्ति नगुमाउनका निम्ति हामी विश्वायोग्य भइरहनुपर्दछ भन्ने कुरामा विश्वास नगरीकन, हाम्रा प्रभु येशू ख्रीष्ट जो विश्वासयोग्य हुनुहुन्छ र हामीलाई बचाइराख्नुहुन्छ भन्ने बाइबलिय शिक्षामा विश्वास गर्न कतिको उत्तम हुँदछ।

अब उहाँलाई नैजसले तिमी ,हरूलाई लोट्नदेखी बचाउन र तिमीहरूलाई उहाँको महिमाका सामु अति दातालाई नैअर्थात् एक मात्र बुद्धिमान् परमेश्वर हाम्रा मुक्ति ,आनन्दसहित दोषरहित खडा गराउन सक्नुहुन्छ महिमासर्वदा भइरहुन्। आमेन्।-प्रभुता र अधिकार अहिले पनि र सदा ,प्रताप , यहूदा १:२४-२५

आपत्ति ३ हाम्रो नाम जीवनको पूस्तकबाट हटिइनेछ भनि के बाइबलले बताउँदैन र?

जसले जय पाउँछ, उसैलाई सेतो वस्त्र पहिराइनेछ; अनि जीवनको पूस्तकबाट म उसको नाम कुनै रीतिले काट्नेछैनँ, तर उसको नाम मेरा पिताको सामु र उहाँका दूतहरूका सामु स्वीकार गर्नेछु। प्रकाश ३:५

ती जसले अनन्तताको निश्चयताप्रति आपत्ति जनाउँदछन् तिनीहरूले विजय हासिल गर्नेलाई आफ्नो सामर्थ्य र प्रतिवद्धताका कारण विश्वास गर्ने, विजय प्राप्त गर्ने वा "अन्तसम्म सहने" भनि परिभाषित गर्दछन्। हामीले यस पदमा हेर्नुअघि, हामीले विजय हासिल गर्ने को हुन् भनि जान्न आवश्यक छ। विजय हासिल गर्ने को हुन् भनि तलका पदले यसलाई प्रष्ट पार्दछ।

किनकी परमेश्वरबाट जन्मेको हरेकले संसारमाथि जय प्राप्त गर्छ; अनि हाम्रो विश्वास नै यो विजय हो, जसले संसारमाथि जय प्राप्त गर्छ। येशू नै परमेश्वरका पुत्र हुनुहुन्छ भनि विश्वास गर्नेबाहेक संसारमाथि जय प्राप्त गर्ने अरु को छ र? १यूहन्ना ५:४-५

सबै साँचो विश्वासीहरू विजय हासिल गर्नेहरू हुन्' *"...परमेश्वरबाट जन्मेको हरेकले संसारमाथि जय प्राप्त गर्छ"*।

प्रकाश ३:५ बहुमूल्य पद हो। यसले जे शिक्षाप्रदान गर्दछ भनि भनिन्छ ठीक त्यसको विपरित शिक्षा दिदँछ। यस पदले स्पष्ट रुपमा यो शिक्षा दिँदछ की – साँचोरुपमा विश्वास गर्ने हरेकको (१यूहन्ना ५:४-५) – नाम जीवनको पूस्तकबाट *कहिल्यै* पनि हटाइनेछैन। वाह!!! कस्तो आशिष! यो भन्दा अधिक गरी हामीले कुनै निश्चयता पाउन सक्दैनौं।

आपत्ति ४ यदि अनन्तताको निश्चयता सत्य हो भने, ख्रीष्टियनहरूलाई पाप गर्नको निम्ति अनुमति रहेको छ।

धेरै जसो जो मुक्तिको निश्चयताको विपरितमा छन् तिनीहरूले यस विचार गर्दछन् की विश्वासीको मुक्तिको निश्चयताको शिक्षाले ख्रीष्टियनहरूलाई पाप गर्ने अनुमति दिदँछ। यदि हामीले आफ्नो मुक्ति गुमाउँदैनौं भने, हामीलाई पाप गर्नाको निम्ति स्वतन्त्रता रहेको छ र त्यहाँ कुनै प्रमुख परिणामहरू रहदैँनन्। हामीले जति चाहन्छौं त्यति नै पाप गर्न सक्नेछौं कारण हामीले हाम्रो मुक्ति गुमाउँदैनौं।

यो आपत्ति वास्तविकतामा आधारित छ भनि म विश्वास गर्दिनँ। व्यक्तिगत रुपमा मैले सेवकाईमा भाग लिएको करिब ४५ वर्ष भएको छ, र मैले कहिल्यै पनि अनन्तताको निश्चयतामा विश्वास गर्ने कुनै व्यक्तिले पनि

तिनीहरूसँग पाप गर्नको निम्ति अनुमति छ भनेको सुनेको छैन। यसको विपरित चाँही सत्य हो। मैले सयौं प्रवचनहरू सुनेको छु जसले पापको विरुद्धमा चेतावनी दिँदछन्।

यो तर्क यसको गहिराईसम्म नै खोक्रो रहेको छ। यस पाठको शुरुवातमा हामीले विश्वासीका जीवनमा हुने पापका धेरै परिणामहरूको अध्ययन गर्यौं। त्यहाँ साँचो विश्वासीको जीवनमा हुने पापको गम्भिर परिणामहरू रहेका छन्, तर मुक्ति गुमाउनेचाँही त्यसको परिणाम होइन। हामीले अध्ययन निर्देश ८ को "जाँच ३"बाट पनि हेरिसकेका छौं की विश्वायोग्यता साँचो विश्वासी हुनुको नतिजा हो। हामीले हेरिसकेका छौं, यदो ख्रीष्टियन हुँ भनि दाबी गर्ने कसैले पापमय जीवनयापनमा निरन्तरता दिँदछ भने, शुरुवात गर्नाको लागी ऊ कहिल्यै पनि उद्धार नगरिएको कुरालाई प्रमाणित गर्दछ। अनन्तताको निश्चयाताको शिक्षाले पाप गर्नको निम्ति अनुमति प्रदान गर्दछ भनि भन्नु चाँही परमेश्वरको वचनप्रति गम्भिर रुपमा गलत बुझाई राख्नु हो र ख्रीष्टियन जीवनको बारेमा खोक्रो ज्ञान हुनु हो।

किनकी मलाई पूरा निश्चयता भएको छ – न मृत्युले, न जीवनले, न स्वर्गदूतहरूले, न प्रधानताहरूले, न अधिकारहरूले, न अहिलेका कुराहरूले, न पछि आउने कुराहरूले, न उचाइले, न गहिराइले, न अरु कुनै सृष्टिले नै हामीलाई हाम्रा प्रभु ख्रीष्ट येशूमा भएको परमेश्वरको प्रेमदेखी अलग पार्न सक्नेछ। रोमी ८:३८-३९

दस

हाम्रो मुक्ति प्रति निश्चयता

अध्ययन खण्ड ९ मा हामीले मुक्तिको निश्चयता सम्बन्धित शिक्षालाई हेर्यौं। परमेश्वरको वचनबाट यो प्रष्ट छ की एकपटक हामी साँचो रुपलेमुक्ति प्राप्त गरेपछि, हामीले फेरी त्यो गुमाउनेछैनौं। जब हामी परमेश्वरको सन्तान बन्दछौं र उहाँको सित्तैमाको उपहार अनन्त जीवन प्राप्त गर्दछौं, तब उहाँले त्यस उपहारलाई कहिल्यै पनि फर्काइ लानुहुदैँन। हाम्रो मुक्ति तर्फको हाम्रो भरोसा हामीले कुनै कुरामा राख्ने हाम्रो धार्मिकताको स्तरमा होइन तर परमेश्वर र उहाँको वचनप्रतिको हाम्रो सत्यता र भरोसामा निर्भर हुँदछ।

यद्यपि, बाइबलिय शिक्षा स्पष्ट भए तापनि, धेरै, शायद बहुसङ्ख्यक, ख्रीष्टियनहरूले तिनीहरू बचाइएका "अनुभव" गर्दैनन्। परमेश्वरको वचनले सिकाए अनुरुप तिनीहरूको भावनाहरूले मेल खाँदैनन्। तिनीहरूमा आफ्नो मुक्तिको "निश्चयता" रहेको छैन। ख्रीष्टियनहरूका बीचमा यो साझा समस्या हो। कसैले निरन्तर उत्सुकताको अनुभव गर्दछन्, र कहिले-काँही उदासी र निराशी पनि भोग्दछन्, कारण तिनीहरूमा आफ्नो मुक्तिप्रतिको निश्चयता रहेको हुँदैन।

एक ख्रीष्टियनले मुक्तिको सवालमा निश्चयता प्राप्त गर्न नसक्ने कारणहरूले धेरै छन्। हामीले अनुभव गर्ने कुरामा शारिरिक दुर्बलताले पनि अवश्य प्रभाव पार्दछ। जब हामी जीवनको कठिन समस्याहरू र जाँचहरूमा पर्दछौं, हामीले गर्ने अनुभवमा यसले प्रभाव पार्दछ। हामीलाई ठीक कारण थाहा नभएतापनि कहिले-काहीँ निराश हुदँछौं। हामी परमेश्वरलाई धन्यवाद चढाऔं किनकी हाम्रो मुक्ति हाम्रो भावनाहरूमा निर्भर भएको हुँदैन। हामीले गर्ने अनुभव वा सधैँभरि बचाइएको अनुभव गराईले गर्दा हामी उद्धार गरिएका होइनौं, तर हामीले प्रभु येशू ख्रीष्टमा भरोसा राखेका हुनाले हामी उद्धार गरिएका छौं। परमेश्वर विश्वासयोग्य हुनुहुन्छ र उहाँका प्रतिज्ञाहरू हाम्रा अनुभवमा आधार हुने शर्तमा छैन।

त्यहाँ त्यस्तो समयहरू पनि हुन्छन् जहाँ ख्रीष्टियनहरूले परमेश्वरसँगको हिडाँईलाई बे-वास्ता गर्दछन्। हामीले परमेश्वरको वचन लिनलाई सक्षम हुदैँनौं; हामीले प्रार्थनाको जीवनलाई बे-वास्ता गर्दछौं; र हामीले निरन्तरताका साथ विश्वासी भाइहरूलाई भेट्नलाई विफल हुँदछौं। जब यसो हुन थाल्दछ, हामीले निश्चय नै बचाइएको "अनुभव" गर्न सक्दैनौं। यदि यो तपाईको जीवनमा सत्य रहेको छ भने, परमेश्वरसँगको सही बाटोमा हिँड्नुहोस्। परमेश्वरको वचनमा मन लगाउनुहोस्, नियमित प्रार्थना गर्नुहोस्, र असल मण्डलीमा सहभागी हुनुहोस् जसले परमेश्वरको वचन सही प्रकारले सिकाउँदछन्।

यस अध्ययन निर्देश १०मा, किन साँचो विश्वासीहरूले बचाइएको निश्चयता प्राप्त गर्न सक्दैनन् भनि हामी केही कारणहरू हेर्न गइरहेका छौं, र ती समस्याहरूमा केही सुझाबहरू दिन गइरहेका छौं। याद राख्नुहोस्, हामीले मुक्तिको निश्चयता सम्बन्धि बाइबलिय शिक्षामा होइन, व्यक्तिको भावनाको बारेमा कुरा गरिरहेका छौं।

कसैले मुक्तिको निश्चयता प्राप्त गर्न नसक्ने कारणहरू

१ परमेश्वरसँगको आधारभूत हिँडाईको प्रतिवद्धतामा कमजोर हुनाले।

अर्को अध्ययन निर्देशमा (११), परमेश्वरसँगको हिँडाईलाई शुरु गर्नका निम्ति हामी तीन महत्वपूर्ण उपायहरूलाई समेट्नेछौं। यी उपायहरू हुन्;

क) परमेश्वरको वचन नियमित रुपमा अध्ययन गर्ने, मनमा लिने, र यसलाई बुझ्न समझको बिकासको सिर्जना गर्ने। हामीले यसलाई बुझ्नको निम्ति खोजी गर्ने मात्र होइन, यसलाई अभ्यास गर्नको लागी पनि हामी सक्रियताका प्रतिवद्ध हुनुपर्दछ।

ख) प्रार्थनाका बाइबलिय नमुनाहरू बिकास गर्ने।

ग) शिक्षा सिक्न र सिकाउन, बलियो पार्न, उत्साह दिन, र विश्वासमा दह्रो हुनका निम्ति अरु विश्वासीहरूसँग नियमित रुपमा भेट गर्ने।

हामी निश्चय नहुनुको पहिलो कारण चाँही हामी यी आधारभूत बाइबलिय शिक्षाप्रतिको हाम्रो प्रतिवद्धतामा कमजोर हुदँछौं। जब हामी परमेश्वरसँगको हाम्रो हिँडाईमा अनौपचारिक हुदँछौं, हामीले हाम्रो जीवनमा कार्य गर्नाको निम्ति परमेश्वरको आत्मालाई अवरोध पुर्याउँदछौं, र हामी मुक्ति सम्बन्धि प्रश्नहरू र शंकाहरूप्रति चाडैँ नै प्रभावित हुदँछौं।

यस प्रतिको जवाफ प्रत्यक्ष छ। प्रभुसँगको हिँडाईको बाटोमा फर्कनुहोस्। विश्वासको आधारभूत पक्षप्रति विश्वासयोग्य र आज्ञाकारी हुनुहोस्। यसले परमेश्वरको आत्मालाई डोर्याउनका निम्ति अवरोध पन्छाउँदछ, जसले हामीलाई विश्वास प्रदान गर्दछ र हाम्रो मुक्तिप्रतिको निश्चयतालाई वृद्धि गर्दछ।

२ त्यस व्यक्ति साँचो रुपमा उद्धार गरिइएको नहुन सक्छ।

प्रत्यक्षरुपमा, यदि एक व्यक्तिको साँचो उद्धार भएको छैन भने, उसले मुक्तिको निश्चयता प्राप्त गर्नसक्दैन।

तिमी विश्वासमा छौ की छैनौ, आफैलाई जाँच; आफैलाई प्रमाण गर। २कोरिन्थी १३:५क

यदि कोही साँचोरुपमा उद्धार गरिएको छ भनि निश्चय छैन भने, यस पाठ्यक्रमका अघिल्ला पाठहरू अध्ययन गर्नु असल हुनेछ। यो अति नै धेरै कार्य र समय खाने कार्यझैँ लाग्नसक्दछ, तर बाजी के छ सो विचार गर्नुहोस्। आफ्नो अनन्ततालाई शुरक्षित पार्न र बचाइएको आहा गर्नुचाँही यसले लिने समय र मेहिनेतको मूल्यभन्दा अधिक नै हो।

३ पश्चाताप नगरिएका पापहरू

अन्तिम अध्ययन निर्देशमा (९), पृष्ठ ८४-८९मा, एक विश्वासीको जीवनमा पश्चाताप नगरिएका पापहरूसँग यसले व्यवहार गर्दछ। ती पृष्ठहरूमा फर्किएर अध्ययन गर्नु असल हुनेछ। ती पृष्ठहरूमा बताइएका नकारात्मक परिणामहरूका बाबजुत पनि, जब एक व्यक्तिले पाप गरेको छ भनि जान्दछ र पश्चाताप गर्न र त्यसबाट फर्कन अनिच्छुक हुँदछ, यसले मुक्तिप्रतिको अनिश्चयतातर्फ डोर्याउँदछ।

जसले आफ्ना पापहरू ढाक्छ, त्यो सफल हुँदैन; तर जसले तिनलाई मानिलिन्छ र छोडिदिन्छ, उसले कृपा पाउनेछ। हितोपदेश २८:१३

फेरी, उत्तर प्रत्यक्ष नै छ – परमेश्वरको अघि पापहरू मानिलिनुहोस् र पश्चाताप गर्नुहोस्। पापहरूदेखी फर्कनुहोस्।

हामीले आफ्ना पापहरू स्वीकार गर्यौं भने हामीलाई हाम्रा पापहरू क्षमा गर्न र हामीलाई सबै अधर्मबाट शुद्ध पार्नाका निम्ति उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ। १यूहन्ना १:९

४ बाइबलिय शिक्षालाई गलत सिकाउने वा बाइबलिय शिक्षाप्रतिको बे-वास्ता

एक व्यक्ति जसलाई उसको मुक्ति गुम्दछ भनि सिकाइएको छ र उसले त्यसमा नै विश्वास गर्दछ भने उसले परिधी नागिकन मुक्ति गुमायो भनि विचार गर्न पुग्दछ। यदि एक व्यक्तिले केही अज्ञात वा वर्णन नगरिएको असलपनताको स्तरलाई कायम गर्नुपर्दछ वा उसले मुक्ति गुमाउनेछ भनि विचार गर्दछ भने उसले मुक्तिको निश्चयता प्राप्त गर्न सम्भव हुनसक्दछ। यदि हामीले मुक्ति गुमाउँदछौं भनि हामी विश्वास गछौं भने, परमेश्वरको धार्मिकतामा भन्दा, मुक्ति हामी आफैको धार्मिकतामा भर पर्दछ भनि हामीले विश्वास गर्नुपर्दछ। हामीले परिधी काटेका छौं र हाम्रो मुक्तिलाई गुमाएका छौं भनि हामी कसरी जान्न सक्दछौं जब की परमेश्वरको वचनले त्यस किसिमले परिभाषित गर्दैन वा विवरण दिदैँन? यो विश्वास गर्नको निम्ति अति नै भयानक कुरा हो कारण परमेश्वरले हाम्रो सबै धार्मिकतालाई झूत्रो थाङ्नाहरूको थूप्रो भन्नु हुँदछ।

तर हामी सबै अशुद्ध थोकजस्ता छौं, र हाम्रा सबै धार्मिक कामहरू मैला थाङ्नाहरूसरह छन्; अनि हामी सबै पातजस्तै ओइलिन्छौं, र हाम्रा अधर्महरूले बतासले झैं हामीलाई उडाएर लगेका छन्। यशैया ६४:६

मुक्तिको सन्दर्भमा त्यहाँ अन्य धेरै शिक्षाहरू रहेका छन्। यी मध्ये केही चाँही यी हुन्, हामी आफ्नै परिश्रमद्वारा, बप्तिष्माद्वारा, नामकरणीद्वारा, मण्डलीको सहभागिताद्वारा , वा मण्डलीका वा टिलिभिजनका वा रेडियोका प्रचारकलाई गरिएको आर्थिक सहयोगद्वारा बचाइदँछौं। फेरी, बाइबलको शिक्षाप्रति कोही अस्पष्ट छ भने, उसले यस पाठ्यक्रममा अघिका अध्ययन निर्देशहरू र सदिइएका सबै पदहरूको अध्ययन गर्न जरुरी छ।

मैले पढाउने उच्च विद्यालयको कक्षाको एक छात्रासँग गरेको बात-चितको मलाई अझै प्रष्टसँग सम्झना रहेको छ जसले भनेकी थिइन् की उनी एक समय ख्रीष्टियन थिइन्, तर हालमा भने रहेकी थिइनन्। उनले एक ख्रीष्टियन जीवन जिउनसक्नेछैन भनि तिनलाई थाहा थियो र उनले प्रयास गर्न पनि चाहिनन्। उनी एक प्रतिभावान् असामान्य छात्रा थिइन्, तर उनलाई गलत शिक्षा सिकाइएको थियो र त्य गलत शिक्षाले तिनलाई यो विश्वास दिलाएको थियो की तिनी बचाइएको स्थितिमा रहिरहन र परमेश्वरसँग हिँड्नका लागी लायकको व्यक्ति थिइनन्। त्यो गलत शिक्षाको नतिजाचाँही उनको आत्मविश्वासमा कमि र अनिश्चयता थियो।

यस पाठ्यक्रमको अध्ययन निर्देश ९को समिक्षा र त्यस पाठमा दिइएका पदहरूको गहिरो अध्ययनले परमेश्वरको वचनद्वारा बताइएको मुक्ति र मुक्तिको निश्चयताको सन्दर्भमा सही तरीकाले बुझ्नका निम्ति मद्दत पुर्याउँदछ।

आफूलाई परमेश्वरकहाँ ग्रहणयोग्य तुल्याउने प्रयत्न गर – एउटा शर्ममा पर्नु नपर्ने किसिमको कामदारजस्तो, जसले सत्यको वचन ठीक-ठीकसँग छुट्टयाउँछ। २तिमोथी २:१५

ती व्यक्ति जसलाई निरन्तर झूटा बाइबलिय शिक्षाहरू सिकाइएका छन् भने उसले त्यस मण्डलीबाट निस्कि आउनुपर्दछ र परमेश्वरको वचन सही तरीकाले सिकाउने मण्डली खोज्नुपर्दछ। परमेश्वरको वचनले अनिश्चयता र गोलमाल होइन शान्ति ल्याउँदछ।

५ आफ्नै आत्मिकी कमजोरीहरूमा शतर्क रहनाले।

त्यहाँ केही ख्रीष्टियनहरू छन जसले साँचो रुपले परमेश्वरको सेवा गर्न चाहदँछन् र तिनीहरूले के सही छ त्यो गर्नालाई साँचो परिश्रम पनि गर्दछन् र परमेश्वरसँगको हिँडाईमा विश्वायोग्य पनि हुँदछन्। तर समयमा

तिनीहरू आफ्ना असंगतिप्रति र परमेश्वरले चाहनुभएजस्तो नहुनाले तिनीहरू निरास हुँदछन्। यसले, समय-समयमा, कसैलाई साँचोरुपले उद्धार गरिएको हो की होइन भनि सोच्न बाध्य गराउँदछ।

यो सम्झिनाले निकै लाभदायक हुन्छ की ख्रीष्टियनहरूमध्येका सबैभन्दा महान् मध्ये एक, पावल प्रेरित, जो, पवित्र आत्माको प्रेरणाद्वारा, नयाँ नियमका अधिक पूस्तकहरू लेखे, तिनमा पनि यी भावनाद्वारा निराशा रहेको थियो।

किनकी भित्रको मानिसअनुसार परमेश्वरको व्यवस्थामा म आनन्दित हुन्छु। तर मेरा अङ्गहरूमा म अर्कै व्यवस्था देख्दछु, जसले मेरो मनको व्यवस्थाको विरोधमा लडाईँ गर्छ, र मलाई मेरा अङ्गहरूमा हुने पापको व्यवस्थाको वशमा ल्याउँछ। हाय! म कति अभागी मानिस! कसले मलाई यस मृत्युको शरिरबाट छुटकारा देला? हाम्रा प्रभु येशू ख्रीष्टद्वारा म परमेश्वरलाई धन्यवाद चढाउँछु। यसैले अब मनले चाँही म आफै परमेश्वरको व्यवस्थाको सेवा गर्दछु, तर शरिरले चाँही पापको व्यवस्थाको सेवा गर्दछु। रोमी ७:२२-२५

बाइबलमा त्यहाँ जीवन जिउनका निम्ति केही उच्च स्तरहरू रहेका छन्। हाम्रो निम्ति परमेश्वरले जब यस उच्च स्तरको निर्धारण गर्नुभयो, उहाँले जान्नुहुन्छ की हामी "धूलो मात्र" हौँ र उहाँलाई हाम्रो यस कमजोरीबारेमा पूर्णरुपले ज्ञात रहेको छ।

जसरी बाबुले आफ्ना छोराछोरीहरूलाई टिठाउँछन्, त्यसरी नै परमप्रभुले आफ्नो डर मान्नेहरूलाई टिठाउनुहुन्छ। किनकी उहाँले हाम्रो बनावट जान्नुहुन्छ, हामी धूला हौं भन्ने कुरा उहाँले सम्झनुहुन्छ। भजनसंग्रह १०३:१३-१४

यस पदमा, यसले भन्दछ की परमेश्वरले *"हामी धूला हौं भन्ने कुरा सम्झनुहुन्छ"*। हामीमा कमजोरीहरू छन् भनि परमेश्वर जान्नुहुन्छ र उहाँले हाम्रो कमजोरीहरूमा टिठाउनुहुन्छ।

'मेरो (परमेश्वरको) **अनुग्रह तिम्रो लागी प्रशस्त छ, किनकी दुर्बलतामा मेरो सामर्थ्य सिद्ध हुन्छ'।** २कोरिन्थी १२:९

हाम्रा सारा कमजोरीहरू र दुर्बलताहरूमा पनि, परमेश्वरले हामीलाई महान् प्रेम र कृपा दर्शाउनुहुन्छ र उहाँले कहिल्यै नत्याग्ने र अलग नपार्ने प्रतिज्ञा गर्नुहुन्छ।

परमप्रभुका करुणाहरूको कारणले हामी नष्ट भएनौं; किनभने उहाँका कोमल कृपाहरूको अन्त हुदैँन। हरेक बिहान ती नयाँ-नयाँ हुन्छन्; तपाईको विश्वासयोग्यता महान् छ। विलाप ३:२२-२३

पिताले मलाई जतिजना दिनुहुन्छ, ती सबै मकहाँ आउनेछन्; अनि जो मकहाँ आउँछ, उसलाई म कुनै रीतिले आफाल्नेछैनँ। किनभने म आफ्नै इच्छा होइन, तर मलाई पठाउनुहुनेको इच्छा पूरा गर्नका निम्ति स्वर्गबाट ओर्ली आएको हुँ। अनि मलाई पठाउनुहुने पिताको इच्छा यो छ – उहाँले मलाई दिनुभएको सबैमध्ये एउटालाई पनि म नहराँऊ, तर अन्तिम दिनमा त्यसलाई फेरी बौराएर उठाऊँ। अनि मलाई पठाउनुहुनेको इच्छा यो छ – हरेक जन, जसले पुत्रलाई देख्छ र उनीमाथि विश्वास गर्छ, उसले अनन्त जीवन पाओस्; अनि म उसलाई अन्तिम दिनमा बौराएर उठाउनेछु। यूहन्ना ६:३७-४०

यस तथ्य, परमेश्वरले चाहनुभएझैँ हुने कुरामा, रहेका हाम्रा अधर्महरू र विफलताहरूद्वारा हामी निराश हुने गर्दछौं, यसले के प्रमाणित गर्दछ भने हामी परमेश्वरका साँचो सन्तानहरू हौं। उद्धार नगरिएका मानिसहरूमा परमेश्वरलाई आदर र प्रशन्न तुल्याउनका निम्ति साँचो चाहना रहेको हुदैँन। साँचो विश्वासी सबैमा परमेश्वरको

आत्माले वास गर्नुहुन्छ र परमेश्वरको नजिकमा हिँड्नका निम्ति उहाँले हामीलाई डोर्याउनुहुन्छ। जब हामीमा अयोग्यताको भावना प्रकट हुँदछ, हामी एक प्रकारले रमाहट गर्न सक्दछौं कारण यो हामीमा पवित्र आत्माले वास गर्नुभएको र उहाँसँग हिँड्नका निम्ति उहाँको नजिकमा डोर्याइएको प्रमाण हो।

जब एक मानिसमा यस प्रकारको अयोग्यताको भावना रहेको हुँदैन, तब त्यस व्यक्तिले यसमा गम्भिर ध्यान पुर्याउनुपर्दछ। जब प्रभुले हामीलाई उहाँसँग हिँड्नको निम्ति उहाँको नजिकमा डोर्याउनुभएको कुराको अभाव हामीले महसुस गर्दछौं, तब हामी जान्न सक्छौं की त्यस व्यक्तिले साँचोरुपले परमेश्वरलाई जान्दैन।

परमेश्वरले चाहनुभएझैँ हुने कुरामा जब हामी हाम्रा कमजोरीहरू र दुर्बलताहरूमा निराश हुने गर्दछौं, परमेश्वर र तपाईको बीचमा, तपाईको विश्वास र भक्तिलाई पुनःपुष्टि गर्नको निम्ति र उहाँमा विश्वासयोग्य हुनलाई प्रतिवद्धता व्यक्त गर्नको निम्ति, यो अति असल समय हो। धेरैजसोले यो महसुस गर्दछन् की यस किसिमको पुष्टि परमेश्वरसँगको हाम्रो हिँडाईको क्रममा निरन्तरताका साथ गरिनुपर्दछ।

हेर त, पिताले हामीलाई कस्तो किसिमको प्रेम प्रदान गर्नुभएको छ – हामी परमेश्वरका सन्तान कहलिँदछौं; १ यूहन्ना ३:१क

६ बाइबलप्रतिको भरोसाको कमि।

त्यहाँ केही मानिसहरू छन् जसले परमेश्वरको वचनमा पूर्ण भरोसा राख्न चाहन्छन्, तर यसको सत्यतामा पूर्णरुपले भरोसा र विश्वास गर्न भने समय-समयमा तिनीहरूमा प्रश्नहरू र शंकाहरू उठ्दछन्।

तिनीहरू जसमा यी प्रश्नहरू उठेका हुन्छन्, तिनीहरूले यस पाठ्यक्रमको अध्ययन निर्देश १ अध्ययन गर्न र परमेश्वरको वचनले आफ्नो बारेमा के भन्दछ सो बुझ्न असल हुनेछ। साथै अन्य केही प्रमाणहरूलाई पनि हेर्नुहोस् जसले बाइबल साचोँरुपमा सत्यको वचन हो भनि बताउँदछ।

पहिले, परमेश्वरको वचनले आफूलाई गरेका दाबीहरू हेरौं।

किनकी कुनै समयमा भविष्यवाणी मानिसको इच्छाद्वारा आएन, तर परमेश्वरका पवित्र जनहरू पवित्र आत्माद्वारा प्रेरणा पाएर बोले। २पत्रुस १:२१

सबै पवित्रशास्त्र परमेश्वरको प्रेरणाद्वारा दिइएको हो, २तिमोथी ३:१६क

परमेश्वरको एक-एक वचन शुद्ध छ। हितोपदेश ३०:क

तपाईको सत्यद्वारा तिनीहरूलाई पवित्र पार्नुहोस्; तपाईको वचन सत्य हो। यूहन्ना १७:१७

बाइबले दाबी गरेको कुरामा कुनै प्रश्न उठ्दैन। बाइबल मानिसको निम्ति परमेश्वरको सत्यको प्रकाश हो यस होइन। यदि यो होइन भने, यो मानिसद्वारा सिर्जना गरिएको सबैभन्दा ठूलो जाल हो।

यी शंकाहरूको असल उपायहरूमध्ये एक उपाय उहाँको प्रकाश तपाईमा प्रकट होस् भनेर विन्ति चढाई, परमेश्वरको सम्मुखमा यी शंकाहरू सुम्पिदिनु हो र त्यसपछि तपाई परमेश्वरको वचनमा डुब्नुहोस्।

तापनि जब उहाँ अर्थात् सत्यको आत्मा आउनुहुन्छ, तब उहाँले तिमीहरूलाई सबै सत्यताभित्र डोर्याउनुहुनेछ; यूहन्ना १६:१३क

यदि कसैले उहाँको इच्छा पालन गर्न चाहन्छ भने यस शिक्षाको विषयमा, योचाँही परमेश्वरबाटकै हो कि म आफ्नैपट्टिबाट बोल्दछु, सो उसले थाह पाउनेछ। यूहन्ना ७:१७

जब एक व्यक्ति परमेश्वरसँग इमान्दारी हुँदछ र साँचोरुपले सत्यता जान्न चाहदँछ र सत्यतामा समर्पित हुन चाहँदछ भने परमेश्वरको आत्माले उसलाई सत्यतातर्फ डोर्याउनुहुन्छ। सत्यता यो हो की परमेश्वरको वचन लेखिए अनुरुप नै सत्य हो र यसमा भएका सारा प्रतिज्ञाहरू र शिक्षाहरूमा भरोसा गर्न सकिन्छ।

७ परमेश्वरले तिनीहरूलाई व्यक्तिगत रुपमा प्रेम गर्नुहुन्छ निश्चतता नभएकाले

त्यहाँ केही ख्रीष्टियनहरू छन् जसले बाइबलमा विश्वास गर्दछन्, तर परमेश्वरले तिनीहरूलाई व्यक्तिगत रुपमा प्रेम गर्नुहुन्छ भनेर तिनीहरूलाई ज्ञान छैन। तिनीहरूले यो विश्वास राख्छन् की परमेश्वरले संसारलाई प्रेम गर्नुहुन्छ र अरू विश्वासीहरूलाई प्रेम गर्नुहुन्छ, विशेष गरी तिनीहरू जो उनीहरूभन्दा "बढि आत्मिकी" छन्, र परमेश्वरले तिनीहरूलाई प्रेम गर्नुहुन्छ र व्यक्तिगतरुपमा तिनीहरूप्रति रुचि लिनुहुन्छ भन्ने कुरामा तिनीहरू विश्वस्त छैनन्।

तिनीहरू जसमा यी भावनाहरू रहेका छन् तिनीहरू एक्लै भने छैनन्।

यदि कसैले उहाँको इच्छा पालन गर्न चाहन्छ भने यस शिक्षाको विषयमा, योचाँही परमेश्वरबाटकै हो कि म आफ्नैपट्टिबाट बोल्दछु, सो उसले थाह पाउनेछ। हबक्कूक १:२

हे परमप्रभु, मेरो पुकार झट्टै सुन्नुहोस्; मेरो आत्मा मुर्छित हुँदैछ। मदेखी आफ्नो चेहरा नलुकाउनुहोस्; नत्र म खाडलभित्र जानेहरूझैँ हुनेछु। भजनसंग्रह १४३:७

किनभने मेरो आत्तुरीमा मैले भनेः "म तपाईको आँखाबाट अलग पारिएको छु;" तर पनि जब मैले तपाईलाई पुकारें, तब तपाईले मेरा विन्तिहरूको सोर सुन्नुभयो। भजनसंग्रह ३१:२२

अय्यूब, एक ईश्वरिय मानिस, उनमा पनि धेरै शंकाहरू र प्रश्नहरू रहेको थियो जुन उनले बुझ्न सकेका थिएनन्।

म तपाईलाई पुकार्छु, तर तपाईले मेरो सोर सुन्नुहुन्न; म खडा हुन्छु, तर तपाईले मलाई ध्यान दिनुहुन्न। अय्यूब ३०:२०

हेर, म अन्याय! भन्दै कराउँछु, तर मेरो सुनिँदैन; म जोडले चिच्याउँछु, तर न्याय हुँदैन। अय्यूब १९:७

शायद हामीमध्ये सबैले नै, एक समयमा- वा अन्य, यी बाइबलिय पात्रहरूमध्ये एक झैँ महसुस गर्यौं। जब यी प्रकारका भावनाहरू आउँदछन्, परमेश्वरले हामीलाई विफल तुल्याउनुभएको हो भन्ने एक वा अर्को तरीकाको भावनाले गर्दा यो आउँदछ। उहाँले आफ्नो प्रतिज्ञा पूरा गर्नुभएन भनेझैँ हामीलाई लाग्दछ।

परमेश्वरको वचनको खण्डहरू जसले उहाँको महान् प्रेमको वर्णन गर्दछ त्यसलाई हामीले समय-समयमा अध्ययन गर्नुपर्छ र त्यसमा मनन गर्नुपर्छ। यी खण्डहरू र अरू केही खण्डहरूलाई तपाईको आत्मामा डुब्न दिनुहोस् र सचेत गराउनुहोस्।

परमप्रभु मेरा गोठाला हुनुहुन्छ; मलाई कुनै कुराको घटि हुनेछैन। उहाँले मलाई हरिया खर्कहरूमा सुताउनुहुन्छ; उहाँले मलाई शान्त पानीनिर डोर्याउनुहुन्छ। उहाँले मेरो प्राणलाई पुनर्जीवित पार्नुहुन्छ; उहाँले मलाई आफ्नो नामको खातिर धार्मिकताका मार्गहरूमा डोर्याउनुहुन्छ। चाहे मृत्युको घोर अन्धकारमय छायाको घाटीबाट भएर हिँड्नुपरे तापनि म कुनै खराबीदेखी डराउनेछैनँ; किनकी तपाई मेरो साथमा हुनुहुन्छ; तपाईको लाठो र

तपाईको लौराले, अँ, तिनैले मलाई सान्त्वना दिन्छन्। मेरा शत्रुहरूको सामुन्ने तपाईले मेरो अघिल्तिर मेज तयार पार्नुहुन्छ; तपाईले मेरो शिर तेलले अभिषेक गर्नुहुन्छ; मेरो कचौरा भरिएर पोखिन्छ। निश्चय मेरो जीवनभरि नै भलाइ र करुणाले मलाई पछ्याउनेछन्; अनि म परमप्रभुको भवनमा सदा-सर्वदा वास गर्नेछु। भजनसंग्रह २३:१-६

हेर त, पिताले हामीलाई कस्तो किसिमको प्रेम प्रदान गर्नुभएको छ – हामी परमेश्वरका सन्तान कहलिँदछौं; यसैकारण संसारले हामीलाई चिन्दैन, किनभने यसले उहाँलाई चिनेन। १यूहन्ना ३:१

तर हे प्रभु, तपाई दयालु र अनुग्रही परमेश्वर हुनुहुन्छ; रिसाउनमा ढिलो अनि करुणा र सत्यताले परिपूर्ण हुनुहुन्छ। भजनसंग्रह ८६:१५

किनकी पृथ्वीमाथि आकाश जति उच्च छ, उहाँको डर मान्नेहरूप्रति उहाँको करुणा पनि उत्ति नै महान् छ। भजनसंग्रह १०३:११

दुष्टमाथि धेरै शोक आइपर्नेछन्; तर जसले परमप्रभुमाथि भरोसा राख्दछ, उसलाई करुणाले घेरा हाल्नेछ। भजनसंग्रह ३२:१०

मेरो जीवनमा पनि त्यहाँ धेरै चोटि समयहरू रहेका छन् जहाँ मसँग प्रश्नहरू र शंकाहरू थिए जसको उत्तर मसँग थिएनन्। यद्यपि, जब म परमेश्वरको वचनमा फर्के र त्यसलाई मेट्नको निम्ति प्रयास गरें, र मैले परमेश्वरमा ती भावनाहरू सुम्पिदिएँ, तब उहाँले मलाई उहाँका वचनहरू सत्य छन् र म उहाँको सन्तान हुँ, जसलाई उहाँले गहिरो प्रेम र फिक्री राख्नुहुन्छ, भनि निश्चयता र भरोसा प्रदान गर्नुभयो।

८ दोषी

केही ख्रीष्टियनहरू तिनीहरू बचाइएका सवालमा अलमल्लमा छन्, कारण तिनीहरू अपराधी महसुस गर्छन्।

यदि एक व्यक्तिले भारीरुपले दोषी महसुस गर्दछ भने, यस भावना रहनका निम्ति त्यहाँ कमसेकम तीन सम्भाव्यता रहेको हुन्छ।

पहिलो कारण, यो हो की तिनीहरू साँचो रुपमा बचाइएका नहुनसक्दछ र तिनीहरूका जीवनमा गरेका पापहरूका लागी परमेश्वरको आत्माले तिनीहरूलाई दोषी ठहराइरहनु भएको छ। फेरी, साँचो रुपमा विश्वास गरेको हो की होइन भनि एक व्यक्तिले आफूलाई जाँच्न सक्दछ। अध्ययन निर्देश ३ र ४ को समिक्षाले यसको जाँच गर्न मद्दत गर्दछ।

तिमी विश्वासमा छौ की छैनौ, आफैलाई जाँच; आफैलाई प्रमाण गर। २कोरिन्थी १३:५क

दोश्रो कारण, यो हो की तिनीहरूले जीवनमा पापहरूको स्वीकार गरेका छैनन्। यदि यसो हो भने, तिनीहरूले आफ्ना पापहरू स्वीकार गर्नु अत्यावश्यक छ, परमेश्वरको क्षमा स्वीकार गर्नु छ, र अगाडी बढ्दै जानुछ।

हामीले आफ्ना पापहरू स्वीकार गर्यौं भने हामीलाई हाम्रा पापहरू क्षमा गर्न र हामीलाई सबै अधर्मबाट शुद्ध पार्नाका निम्ति उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ। १यूहन्ना १:९

जसले आफ्ना पापहरू ढाक्छ, त्यो सफल हुँदैन; तर जसले तिनलाई मानिलिन्छ र छोडिदिन्छ, उसले कृपा पाउनेछ। हितोपदेश २८:१३

तेश्रि कारण, यो हो की तिनीहरूले आफ्ना पापहरू स्वीकार त गरेका छन् तर परमेश्वरले त्यो क्षमा दिइसक्नुभएको छ भनेर तिनीहरूले महसुस गर्न सकेका छैनन्। केहीले क्षमा गरिएको महसुस गर्नका निम्ति त्यही नै पाप बारम्बार स्वीकार गरिरहेका छन्। परमेश्वरको वचनले के शिक्षा दिदँछ भनि यी व्यक्तिले जान्नु आवश्यक छ, र त्यसपछि विचारपूर्वक, विश्वासद्वारा, एकपटक पाप स्वीकार गरेपछि क्षमालाई स्वीकार गरुन्। यदि तिनीहरूले क्षमा गरिएको अनुभव नगरे तापनि, तिनीहरूले विश्वासद्वारा क्षमा स्वीकार गरुन् र कुनै अवरोधहरूलाई अनुमति नदिइकन कुनै पछुताऊ बिना अघि बढ्दै जाऊन्। कुनै समयमा, तिनीहरूका भावनाहरूले विश्वासद्वाराको क्षमा स्वीकारसँग मेल खानेछन्।

यदि यस क्षेत्रमा कोही व्यक्तिले समस्या भोग्दै छन् भने, अघि बढेर अध्ययन निर्देश १८ (स्वतन्त्र जीवन) को दोषसँग व्यवहार गर्ने खण्ड अध्ययन गर्नु लाभदायक हुनेछ।

जब हामीले आफ्ना पापहरू स्वीकार गर्दछौं तब परमेश्वरले ती कसरी क्षमा गर्नुहुन्छ भनि तलका पदहरूले बताउँदछन्। उहाँले हाम्रा पापहरूको क्षमा दिनुहुन्छ र हाम्रा सबै अधर्महरूबाट हामीलाई शुद्ध पार्नुहुन्छ।

हामीले आफ्ना पापहरू स्वीकार गर्यौं भने हामीलाई हाम्रा पापहरू क्षमा गर्न र हामीलाई सबै अधर्मबाट शुद्ध पार्नाका निम्ति उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ। १यूहन्ना १:९

३क उहाँले तिम्रा सबै अधर्महरू क्षमा गर्नुहुन्छ;... भजनसंग्रह १०३:३क

अनि तिमीहरू आफ्ना पापहरू र आफ्नो शरिरको खतना नभएको अवस्थामा मरेका हुँदा तिमीहरूका सबै अपराधहरू क्षमा गरेर उहाँले तिमीहरूलाई उहाँसित जीवित पार्नुभएको छ; कलस्सी २:१३

किनकी तिनीहरूका अधर्महरूतर्फ म कृपालु हुनेछु, र तिनीहरूका पापहरू र तिनीहरूका अपराधहरू म कहिल्यै सम्झना गर्नेछैनँ। हिब्रु ८:१२

...तिमीहरूका पापहरू सिन्दूरे रङ्गका भए तापनि ती हिँउजस्तै सेता हुनेछन्; ती गाढा राता भए तापनि ऊनजस्तै सेता हुनेछन्। यशैया १:१८ख

... र उहाँका पुत्र येशू ख्रीष्टको रगतले हामीलाई सब पापबाट शुद्ध पार्छ। १यूहन्ना १:७ख

चोरहरू, लोभीहरू, मतवालाहरू, गाली बक्नेहरू र धूताहाहरू परमेश्वरका राज्यका हकवाला हुनेछैनन्। अनि तिमीहरूमध्ये कतिजना यस्तै थियौ; तर तिमीहरू धोइएका छौ, तर तिमीहरू प्रभु येशूको नाममा र हाम्रा परमेश्वरका आत्माद्वारा धर्मी ठहरिएका छौ। १कोरिन्थी ६:१०-११

९ मुक्तिको दिनको अनिश्चयता

धेरैजसो ख्रीष्टियनहरूलाई स्पष्टरुपमा थाहा छ की कहिले तिनीहरूले प्रभु येशूमा विश्वास गर्ने निर्णय लिए, र त्यो तिनीहरूका लागी एक बहुमूल्य सम्झना हो। यद्यपि, त्यहाँ त्यस्ता अरु ख्रीष्टियनहरू पनि छन् जसले, तिनीहरूले विश्वास गरेको र बचाइएको त्यस विशेष समयलाई तोकेर भन्न सक्दैनन्। यो कुरा तिनीहरूका लागी लागु हुँदछ जो एक ख्रीष्टियन परिवारमा जन्म लिए र जब तिनीहरू साना थिए, त्यस समयबाट नै तिनीहरूलाई समय-समयमा परमेश्वरको वचनबाट नियमित सिकाइन्थ्यो। तिनीहरूले विश्वास नगरेको समयको सम्झना गर्न सक्दैनन्। ती जसले त्यस विशेष समयलाई सम्झना गर्न सक्दैनन्, तिनीहरूले आफू बचाइएको कुरामा अलमल्लमा पर्दछन् कारण तिनीहरूले सबैभन्दा पहिले विश्वास गर्ने निर्णय गरेको कुरालाई सम्झना गर्न सक्दैनन्। प्रभु येशू ख्रीष्टमा गरेको साँचो विश्वासले नै हामी बचाइएका वा नबचाइएका कुरालाई निर्धारण

गर्दछ। मुक्तिको दिनको सम्झनासँग यसले कुनै सरोकार राख्दैन। केही प्रचारकहरूले यो प्रचार गर्दछन् की यदि तपाईले त्यस दिनलाई तोक्न सक्नुहुन्न भने तपाईले मुक्ति पाउनुभएको छैन। त्यहाँ त यस किसिमका सुसमाचारिय भजनहरू पनि छन् जसले यी प्रभावहरू प्रस्तुत गर्दछन्। वास्तवमा त्यहाँ कुनै बाइबलिय शिक्षा रहेको छैन जसले यस किसिमको विश्वास गराईमा डोर्याउँदछ। *यो पूर्णरुपमा गलत , र खतराजनक शिक्षा हो। यसले मानिसलाई घटिसकेको एक घटनातर्फ डोर्याउँदछ र मुक्तिको निम्ति त्यस घटनामा भरोसा गर्न लगाउँदछ, जब, यथार्थमा, ऊ साँचोरुपमा उद्धार गरिएको भने हुँदै-हुँदैन।*

ती जसले मुक्तिको त्यस विशेष दिनको सम्झना गर्न सक्दैनन्, तिनीहरूले साँचो रुपमा उद्धार गरिएको हो की होइन भनि अलमल्लमा पर्नुपर्दैन। व्यक्तिगत रुपमा म पनि, र साथै केही सु-परिचित बाइबलिय शिक्षाहरू जस्तै जोन् म्याकआर्थरले पनि, कुन दिन उद्धार गरिएको भनेर तोकेर भन्न सक्दैनन्। यद्यपि, मैले निश्चयतापूर्वक यो भन्न सक्दछु की म प्रभु येशू ख्रीष्टमाथि विश्वास राख्दछु र म बचाइएको छु कारण उहाँले मेरो पापहरू क्षमा गरिदिनुभएको छ र आफ्नो धार्मिकता ममाथि खनाइसक्नुभएको छ। परमेश्वरको प्रशंसा होस्!!! ☺

१० परीक्षामा परेर

केही ख्रीष्टियनहरूले आफ्नो मुक्तिको सवालमा प्रश्न गर्दछन् किनभने तिनीहरू प्राय पापको परीक्षामा पर्दछन्। तिनीहरू यो विचारमा पर्दछन् की प्रभु येशू ख्रीष्टमा विश्वास गर्ने निर्णय गरेर पनि किन तिनीहरू पापको परीक्षामा पर्दछन्, र फलस्वरुप, तिनीहरू साँचोरुपमा उद्धार गरिएको कुरामा अलमल्लमा पर्दछन्।

बाइबललको एक आधारभूत शिक्षा यो हो की हामी उद्धार गरिसकेपछि पनि र ख्रीष्टमा नयाँ सृष्टि भएपछि पनि, हामीमा त्यो पूरानो पापको स्वभाव भने रहेको हुदँछ। यसले हामीमा संघर्षको सिर्जना गर्दछ र सही गर्नको निम्ति प्रतिवद्धता प्रकट गरे तापनि हामी अझै पनि पापको परीक्षामा नै पर्दछौं। जब हामी उद्धार गरिदँछौं, यसले हाम्रो पूरानो पापी स्वभावलाई खारेज गर्दैन, र हामी अझैपनि पापमा खिचिनपुग्दछौं। केहीले यो तर्क प्रस्तुत गर्छन् की हाम्रो पूरानो पापी स्वभाव हटाइदँछ तर हाम्रो शरिर भने अझ पनि पापमा नै खिचिदँछ। जे भएपनि, ख्रीष्टियनहरू अझै पनि पापको परीक्षामा पर्दछन्।

किनकी म जान्दछु, मभित्र अर्थात् मेरो शरिरभित्र कुनै असल कुराले वास गर्दैन; किनकी इच्छा गर्नेचाँही मसित हाजिर छ, तर जे असल छ, त्यसलाई पूरा गर्नेचाँही म पाउँदिन। किनकी जुन असल कुरा म चाहन्छु, त्यो म गर्दिन; तर जुन खराब कुरा म चाहँदिनँ, त्यही म गर्दछु। अब जुन कुरा म चाहँदिनँ, त्यही गर्दछु भने त्यो गर्नेचाँही म होइनँ रहेछु, तर पाप पो रहेछ, जो मभित्र वास गर्दछ। रोमी ७:१८-२०

येशूले आफ्ना चेलाहरूलाई सतर्क हुनाको निम्ति चेतावनी दिनुभयो कारण हाम्रो शरिर कमजोर छ। हाम्रो आफ्नै सामर्थ्यमा, (आफ्नो शरिमा) हामी कमजोर छौं र पापको प्रतिरोध गर्न सक्दैनौं।

जागा रहो र प्रार्थना गर, कि तिमीहरू परीक्षामा नपर; आत्मा साँच्चै तयार छ, तर शरिर कमजोर छ। मत्ती २६:४१

यही प्रकारले तिमीहरूले पनि आफूलाई पापका निम्ति साँच्चै मरेका, तर हाम्रा प्रभु येशू ख्रीष्टद्वारा परमेश्वरका निम्ति जिउँदा भएका ठान। यसकारण पापलाई तिमीहरूको मर्ने शरिरमा राज्य गर्न नदेओ, नत्र तिमीहरूले त्यसका कुकामनाहरूमा त्यसको आज्ञापालन गर्नुपर्छ। न ता आफ्ना अङ्गहरूलाई नै अधर्मका हतियारहरूका रुपमा पापको वशमा सुम्प; तर मरेकाहरूबाट जिउँदा भएझैं गरी तिमीहरूले आफूलाई परमेश्वरको वशमा सुम्प, र तिमीहरूका अङ्गहरूलाई चाँही धार्मिकताका हतियारहरूका रुपमा परमेश्वरको वशमा सुम्प। किनकी

पापले तिमीहरूमाथि राज्य गर्नेछैन; किनभने तिमीहरू व्यवस्थाको अधिनमा छैनौ, तर अनुग्रहको अधिनमा छौ। रोमी ६:११-१४

पापको परीक्षामा पर्ने कुनै पाप होइन। सबै ख्रीष्टियनहरू लगातार परीक्षामा परिरहेका हुँदछन्। परमेश्वरसँगको हिँडाईमा जसै हामी अघि बढ्दै जादँछौं, पापको विरुद्धमा हामीले अझ-अझ सामर्थ्य प्राप्त गर्दै जादँछौं। प्रभुको सेवा गरिरहनुहोस्, विश्वासयोग्य हुनुहोस्, र पापको विरुद्धमा होसियार रहनुहोस् जसले हामीलाई परीक्षामा पार्न सक्दछ।

यसकारण आफूलाई परमेश्वरको अधिनतामा सुम्प। शैतानको सामना गर, र त्यो तिमीहरूबाट भाग्नेछ। परमेश्वरको नजिकमा जाओ, र उहाँ पनि तिमीहरूको नजिकमा आउनुहुनेछ। हे पापीहरूहो, आफ्ना पापहरू शुद्ध पार; हे दुईचित्तेहरूहो, आफ्ना हृदयहरू पवित्र पार। याकूब ४:७-८

पापको परिक्षामा पर्ने कुरालाई कारण बनाई तपाईको विश्वासमाथि शंका नगर्नुहोस्।

११ जाँचहरू

म अब ख्रीष्टियन हुँ र मेरा सारा समस्याहरू समाप्त हुनेछन् भन्ने विचार कहिले-काँही हामीमा आउनसक्छ। कसैले यो सत्य होइन भनि बुझ्नका निम्ति धेरै समय लाग्दैन। परमेश्वरमा विश्वास गरे लगत्तै धेरै ख्रीष्टियनहरूले यो अनुभव पाएका छन् की, त्यहाँ केही कुरा रहेको छ जसले तिनीहरूका विश्वासलाई जाँचमा पार्दछ। यस किसिमका जाँचहरूद्वारा धेरैजसो ख्रीष्टियनहरूका विश्वास अझ मजबुत हुदैँ गइरहेको छ; यद्यपि, अरूहरूमा भने उनीहरूको विश्वासप्रति शंका खडा गरिदिएको छ। परमेश्वरको वचनले स्पष्टरुपले भन्दछ की हामी कठिन अवस्थाहरू हुँदो जानेछौं। सबै साँचो विश्वासीहरूले जाँचको अवधि सहन गर्नुपर्नेछ।

हे प्रियहरूहो, तिमीहरूलाई जाँच्नका लागी तिमीहरूको बीचमा आएको आगोको जाँचको सम्बन्धमा, मानो तिमीहरूमाथि कुनै अनौठो कुरो आइपरेझैँ गरी अचम्म नमान; तर जति तिमीहरू ख्रीष्टका दुःखहरूमा भागी हुन्छौ, उति नै आनन्द मनाओ, र उहाँको महिमा प्रकट हुँदा तिमीहरू पनि भारी आनन्दले आनन्दित हुन सक। १पत्रुस ४:१२-१३

किनभने ख्रीष्टको सम्बन्धमा उहाँमाथि विश्वास गर्ने मात्र होइन, तर उहाँका निम्ति दुःख भोग्ने पनि तिमीहरूलाई अनुग्रह दिइएको छ। फिलीप्पी १:२९

कुनै पनि साँचो विश्वासीले सामय-समयमा हुन आउने कुनै परीक्षा वा जाँचको कारणले आफ्नो मुक्तिप्रति प्रश्न उठाउनुपर्दैन। सबै ख्रीष्टियनहरू समय-समयमा यी कुराहरू भएर जाने गर्दछन्।

यस पाठ्यक्रमको अध्ययन निर्देश ७ ले ख्रीष्टियन जीवनका जाँचहरूसँग अधिक गरी व्यवहार गर्दछ। यस पाठ र खण्डहरूको होसियारीपूर्वक गरिएको अध्ययनले किन हामीले यस किसिमको कठिन समयहरूको सामना गर्नुपर्छ र कसरी हामीले यसमा प्रतिकृया जनाउनुपर्छ भनि हामीलाई बुझ्नको निम्ति मद्दत पुर्याउँदछ।

अध्ययन निर्देश २५मा हामी २पत्रुस १:४-११मा हेर्दछौं। यस खण्डलाई व्यवहारमा उतार्नुको एक परिणामचाँही हामी हाम्रो मुक्तिमा निश्चयता प्राप्त गर्न सक्दछौं। यदि यस क्षेत्रमा तपाईलाई समस्या रहेको छ भने, तपाईले अघि बढेर यस पाठलाई अध्ययन गर्नु लाभदायक हुनेछ।

एघाह्र
परमेश्वरसँगको हाम्रो हिँडाईको शुरुवात

जब उसले प्रभु येशू ख्रीष्टमा विश्वास गर्ने निर्णय लिदँछ, तब ऊ स्वचालित रुपमा परमेश्वरसँगको हिँडाइमा बढ्दैन। बढ्नका निम्ति परिश्रम, प्रतिवद्धता, र विश्वायोग्यताको खाँचो हुँदछ।

धेरै जसो जसले विश्वास गर्ने निर्णय गर्दछन् तिनीहरूले परमेश्वरसँगको हिँडाइलाई शुरु गर्दछन् र , धेरै वर्षपछि, तिनीहरू अझैपनि बढिरहेका हुदँछन्, र तिनीहरू अझैसम्म पनि परमेश्वरको सेवा गर्नका निम्ति प्रतिवद्ध रहेका हुँदछन्। तिनीहरूले अझै पनि प्रभुसँगको सन्तुष्टिपूर्ण र उपयोगी हिँडाइमा आनन्द मनाइरहेका हुँदछन्। यद्यपि, अरुले प्रभुप्रति गरेको आफ्नो प्रतिवद्धतालाई मधुरो भएको अनुभव गर्दछन् र त्यहाँ परमेश्वरसँगको हिँडाइमा कुनै आनन्द र सन्तुष्टि रहेको हुँदैन। तिनीहरूले आत्मिकी रुपमा सुख्खा र अनुपयोगी अनुभव गर्दछन्।

कुन कुराले फरक पार्दछ?

हामीले पूर्णरुपमा यो बुझ्न सक्दैनौं की किन कोही बढ्दै जादँछन् र कोही बढ्दै जादैँनन्; यद्यपि, एउटा कुरा स्पष्ट रहेको छ। परमेश्वरसँगको हिँडाइमा जो प्रतिवद्ध छ र उपयोगी रहेको छ तिनीहरूले निरन्तरताका साथ परमेश्वरको वचनलाई मनमा लिँदछन् र अभ्यास गर्दछन्, र जो-जति सुख्खा र अनुपयोगी छन् तिनीहरूले परमेश्वरको वचन मनमा लिदैँनन् र आफ्नो जीवनका नियमित कामहरूमा ती अभ्यास गर्दैनन्।

कोही नबढ्नुको अर्को कारण यो पनि हो, की शरुवात गर्नाको लागी तिनीहरू कहिल्यै पनि साँचो रुपमा उद्धार गरिएका हुँदैनन्। पावलका सुझाबहरूलाई याद गर्नुहोस्।

तिमी विश्वासमा छौ की छैनौ, आफैलाई जाँच; आफैलाई प्रमाण गर। २ कोरिन्थी १३:५क

धेरैले यो विचार गर्लान् की तिनीहरू उद्धार गरिएका छन् तर वास्तवमा तिनीहरूले प्रभु येशू ख्रीष्टमा विश्वास गरेका भने छैनन् र साँचो रुपले आफ्ना पापहरू स्वीकार गरि पश्चातापी भएका छैनन्। वास्तवमा, एक उद्धार नगरिएको व्यक्तिले विश्वासयोग्यताका साथ प्रभुको सेवा गर्दैन।

यस पाठमा हामी केही आधारभूत सन्दर्भहरूको चर्चा गर्नेछौं जुन परमेश्वरसँगको निरन्तर हिँडाइको जग हो।

पानीमा डुब्ने बप्तिष्माको महत्व

“महान् आज्ञा”मा हामीलाई प्रभु येशूको चेला वा अनुयायी बन्ने हरेकलाई बप्तिष्मा दिनको निम्ति सिकाइएको छ।

अनि तिनीहरूकहाँ आएर येशू तिनीहरूसँग यसो भन्दै बोल्नुभयोः “स्वर्ग र पृथ्वीमा सारा अधिकार मलाई दिइएको छ। यसकारण तिमीहरू जाओ, र सबै जातिहरूलाई चेला बनाओ, तिनीहरूलाई पिताको, पुत्रको र पवित्र आत्माको नाममा बप्तिष्मा देओ, मैले तिमीहरूलाई जे-जे आज्ञा गरें, ती सबै तिनीहरूलाई पालन गर्न

सिकाओ; अनि हेर, म सधैँभरि, अँ, संसारको अन्तसम्म नै तिमीहरूको साथमा छु"। आमेन।
मत्ती २८:१८-२०

यो जान्नलाई अत्यावश्यक छ की बप्तिष्माले, कुनै तरीकाद्वारा, हामीलाई बचाउन सक्दैन। हामी उद्धार गरिनका निम्ति हामीले बप्तिष्मा लिदैँनौं वा, कुनै प्रकारले हाम्रो मुक्तिलाई पूर्णता दिँदैन। यदि हामी बप्तिष्मा लिनु अघि हामी उद्धार गरिएका छैनौं भने, हामी बप्तिष्मापछि पनि कुनै हालतमा उद्धार गरिदैँनौं। बप्तिष्मा उद्धार गरिएका मानिसहरूका निम्ति मात्र हो जो परमेश्वरमा आज्ञाकारी हुन चाहँदछन्।

जब एक व्यक्तिले बप्तिष्मा लिदँछ तब उसले सार्वजनिक रुपमा आफू प्रभु येशू ख्रीष्टको अनुयायी भएको चिनारी दिदँछ। ती जो बचाइएका छन् तिनीहरूले बप्तिष्मा लिँदछन्। परमेश्वरको वचनमा यही विधि बताइएको छ।

अनि बाटोमा जादैँ गर्दा उनीहरू कुनै पानीनिर आइपुगे; अनि नपुंसकले भनेः "हेर्नुहोस्, यहाँ पानी रहेछ, मलाई बप्तिष्मा लिन केले रोक्छ र?" अनि फिलिपले भनेः "तपाईले सम्पूर्ण हृदयले विश्वास गर्नुहुन्छ भने तपाईले लिन सक्नुहुन्छ"। अनि तिनले जवाफ दिँदै भनेः "म विश्वास गर्दछु, येशू ख्रीष्ट परमेश्वरका पुत्र हुनुहुन्छ।" अनि तिनले रथ रोक्ने आज्ञा दिए; अनि उनीहरू दुवै पानीभित्र पसे – दुवै फिलिप र नपुंसक' ; अनि उनले तिनलाई बप्तिष्मा दिए।

तब जतिले आनन्दसित उनको वचन ग्रहण गरे, तिनीहरूले बप्तिष्मा लिए; अनि त्यही दिनमा प्रायः तीन हजार मानिसहरू तिनीहरूमा थपिए। प्रेरित २:४१

तर जब तिनीहरूले परमेश्वरको राज्य येशू ख्रीष्टको नामको विषयमा फिलिपले प्रचार गरेका कुराहरूलाई विश्वास गरे, तब तिनीहरू दुवै पुरुष र स्त्रीहरूले बप्तिष्मा लिए। प्रेरित ८:१२

"जसले हामीले झैँ पवित्र आत्मा पाएका छन्, यिनीहरूले बप्तिष्मा नपाऊन् भनेर के कसैले पानी रोक्न सक्छ र?" प्रेरित १०:४७

येशूले उहाँलाई पछ्याउने इच्छा गर्नेहरूलाई बप्तिष्मा दिनुभयो र उहाँका चेलाहरूले पनि दिए।

यी कुराहरूपछि येशू र उहाँका चेलाहरू यहूदिया देशमा आउनुभयो; अनि त्यहाँ उहाँले तिनीहरूसित रहेर बप्तिष्मा दिनुहुन्थ्यो। यूहन्ना ३:२२

नयाँ नियम शुरुमा ग्रीक भाषामा लेखिएको थियो। "ब्यापटाइज्" भनिने अङ्ग्रेजी शब्द ग्रीक शब्द "ब्यापटाइजो" वा "ब्याप्टो" बाट लिइएको हो। तीन बिभिन्न ग्रीक विद्वानबाट यस ग्रीक शब्दलाई यसरी परिभाषित गरिएको छ।

१ जोधियाटेस (Zodhaites) – चोप्नु, डुबाउनु, जलमग्न हुनु, भिजाउनु

२ भाइन (Vine) – डुबाउने काम, चोप्नु र निकाल्नु

३ माउन्स (Mounce) – हाल्नु वा पानीभित्र जानु

बप्तिष्मा एक समारोह हो जसमा एक व्यक्तिलाई पानीभित्र डुबाइन्छ।

ग्रीक भाषाको यस "ब्याप्टिजो" शब्द कपडालाई रङ्गाउनका निम्ति चोप्ने कार्यलाई बताउनका निम्ति प्रयोग गरिदँथ्यो। वास्तवमा, बप्तिष्माको अर्को अर्थ "डुब्नु" पनि हुँदथ्यो। यद्यपि, जब व्यक्तिहरूलाई बप्तिष्मा दिइँदछ तब यी कुराहरू नघटोस् भनेर हामी सबै जरुरी सावधानीहरू अपनाउनेवाला छौं।

"ब्याप्टाइजो"को अर्थ छिट्काउनु भन्ने होइन। छिट्काउ पनि एउटा छुट्टै अर्थ दिने ग्रीक शब्द हो जुन बप्तिष्मा समारोहमा कहिल्यै पनि प्रयोग गरिएको थिएन। साथै, बाइबलमा बाल-बप्तिष्मा बारेमा कहिल्यै शिक्षा दिइएको छैन वा कहिल्यै पनि अभ्यास गरिएको छैन। त्यसैगरी पानीको बप्तिष्माको समारोह र आत्माको बप्तिष्मा बीचमा अस्पष्ट नरहनु पनि महत्वपूर्ण विषय रहेको छ, जुन तलका पदहरूमा वर्णन गरिएको छ।

किनकी चाहे हामी यहूदी हौं चाहे ग्रीक, चाहे हामी कमारा हौं चाहे स्वतन्त्र, हामी सबै एउटै आत्माद्वारा एउटै शरिरभित्र बप्तिष्मा भयौं; र सबैलाई एउटै आत्माभित्र पिउन दिइयो। १कोरिन्थी १२:१३

हामी बचाइएका क्षणमा नै परमेश्वरको आत्माले हामीलाई बप्तिष्मा दिनुहुन्छ वा हामीलाई ख्रीष्टको शरिर, मण्डलीमा स्थापित गर्नुहुन्छ। यस पाठ्यक्रमको अध्ययन निर्देश १४मा, जुन पवित्र आत्माको विषयमा हो, हामी यहाँ आत्माको बप्तिष्माको विषयमा अधिक गहिराईमा अध्ययन गर्नेछौं। अहिले हामी सरल रुपमा यो भनौं की आत्माको बप्तिष्मा र पानीको बप्तिष्माको समारोह एकै विषय होइनन्। यसको गलत बुझाई राख्नाले धेरै मानिसहरूलाई यसले यो शिक्षा प्रचार्दछन् की हामी पानीको बप्तिष्माद्वारा उद्धार गरिदँछौं। यो गलत शिक्षा हो। यदि कोही व्यक्तिले मुक्तिको निम्ति पानीको बप्तिष्मामा विश्वास राखेको छ भने, ऊ उद्धार गरिएको छैन।

हामीले अघि पनि भनिसकेका छौं, बप्तिष्मा प्रभुप्रतिको आज्ञाकारिताको पहिलो कदम हो। यो चाँही प्रभु येशू ख्रीष्टको चेला हुँ भनि सबैको बीचमा आफूलाई परिचित गराउनु हो। यदि, जे कारण भए तापनि, उद्धार गरिनु अघि एक व्यक्तिले पानीको बप्तिष्मा लिएको छ भने, साँचो उद्धार गरिएपछि उसले फेरी पनि बप्तिष्मा लिनु आवश्यक रहँदछ।

जब एक व्यक्ति उद्धार गरिएपछि पनि बप्तिष्मा लिन चाहदैँन भने, प्रभुसँगको उसको हिँडाईमा सही छैन भनि जान्न सकिन्छ। यदि ऊ साँचोरुपमा उद्धार गरिएको छ र बप्तिष्मा लिन चाहदैँन भने, उसले आफूलाई हार र निराशाको जीवनको निम्ति स्थापित गर्दैछ। साँचो रुपमा उद्धार गरिएका मानिसहरू प्रभुप्रति अनाज्ञाकारी हुन चाहदैँनन्। बप्तिष्मालाई इन्कार गर्नु वा "यसमा रुची" नलिनु प्रभुसँगको हिँडाईमा अनाज्ञाकारी र विद्रोही हुनु हो। प्रभुसँगको उपयोगी हिँडाईको शुरुवात गर्नलाई यो सही तरीका होइन।

यो मण्डली र मण्डली अगुवाहरूका निम्ति यसका लेखक (फिल बेनेडिक्ट)बाटको चेतावनीका शब्दहरू हो। त्यहाँ केही मण्डलीहरू छन् जसले सफलता नाप्रका निम्ति बप्तिष्माको सङ्ख्यालाई आधार मान्दछन्। केही मामलामा त, बप्तिष्माको सङ्ख्याले मण्डलीको कार्यक्रम बिकास गर्नका निम्ति कति आर्थिक अनुदान प्राप्त हुदँछ भनि निर्धारण गर्दछ। धेरै सङ्ख्यामा हुने बप्तिष्माले मण्डलीलाई हेर्दा असल तुल्याउँदछ र यसले तिनीहरूलाई गर्व पार्दछ। केही मामलामा, जब केही किशोर र नानीहरूले उनीहरूका अर्जीप्रति प्रतिकृया जनाउँदछन् तब तिनीहरूलाई पनि बप्तिष्मा दिइन्छ, तर यथार्थमा तिनीहरूलाई मुक्तिको योजना बारेमा ज्ञान रहेको हुँदैन र साँचो रुपमा पापबाट पश्चाताप गरेका हुँदैनन्। उनीहरूसँग भेट्न र उद्धार गरिनुको अर्थ बताउनका निम्ति कसैले पनि समय दिँदैनन्। यो गलत र खतराजनक छ। मुक्ति नपाएका कैयौं मानिसहरूलाई बप्तिष्मा दिन तर्फ यसले डोर्याउँदछ, र यीमध्ये धेरैले मुक्ति पाएको ठानी प्रमाण स्वरुप आफ्नो बप्तिष्मालाई पछि फर्केर हेर्नेछन्। मैले व्यक्तिगत रुपमा धेरै मानिसहरूसँग वार्तालाप गरेको छु जसले यस कुरामा विश्वास गर्दछन्। मण्डलीद्वारा प्रदान गरिने यस किसिमको ठेलाईको बप्तिष्माले धेरै मानिसहरूलाई आफू उद्धार गरिएको महसुस गराउँदछ जब की तिनीहरू साँचोरुपमा उद्धार गरिएका भने छैनन्। यस किसिमको अभ्यासले एक व्यक्तिमा आफ्नो

मुक्तिप्रति गलत भरोसा राख्न बाध्य गराउँछ र यो एकदम दुखःदायी कुरा हो। यसले अनन्तताको परीणाम पनि निम्त्याउन सक्दछ।

प्रभुसँगको हाम्रो हिँडाईमा वृद्धि

परमेश्वरसँगको हाम्रो हिँडाईमा लामो समयसम्म निरन्तरताका साथ बढ्न र उपयोगी हुन, हामीले हाम्रो जीवनमा तीन कुराहरू लगातार गरिरहनुपर्दछ। ती हुन्;

१ परमेश्वरको वचन निरन्तरताका साथ मनमा लिने र अभ्यास गर्ने।

२ बाइबलिय प्रार्थना पद्दतीको बिकास गर्ने।

३ मजबुत बाइबलिय शिक्षा र अभ्यस्त मण्डलीको सभा र संगतिमा निरन्तर सहभागी भइरहने।

साँचो बाइबलिय सत्यता मनमा लिने र अभ्यास गर्ने पद्दतिबिना कुनै मण्डली र व्यक्तिगत ख्रीष्टियन मजबुत हुँदैन, र प्रार्थनाको जीवनयापन बाहेक कुनै मण्डली वा व्यक्तिगत ख्रीष्टियन मजबुत हुँदैन। परमेश्वरसँगको हाम्रो हिँडाईको मूल्यांकन रहेको छ।

यी तीन – वचनलाई लिने, प्रार्थना गर्ने, र मण्डलीमा सेवकाई गर्ने— कुराहरू हाम्रो आत्मिकी जीवनमा त्यति नै महत्वपूर्ण छन् जति हावा, खाना, र पानी हाम्रो शारिरिक जीवनमा अत्यावश्यक छन्।

व्यक्तिगत ख्रीष्टियन भएर हामी, "असल" मानिस हुन सक्छौं, मण्डलीको सारा सभामा सहभागि हुन सक्छौं, बाइबलिय कक्षामा पढाउन सक्छौं, वा प्रचारक समेत हुन सक्छौं, तर यदि हामीले परमेश्वरको वचन निरन्तरताका साथ मनमा लिदैँनौं भने र यदि हामीमा बाइबलिय प्रार्थना पद्दतिको बिकास भएको छैन भने, त्यहाँ कम वा कुनै साँचो आत्मिकी वृद्धि हुँदैन र त्यहाँ हाम्रो जीवनमा आत्माको फल केही मात्रामा मात्र फलेको हुँदछ।

मलाई सम्झना छ मैले समूहगत मनोचिकित्सा कार्यक्रमको अगुवाई गरेको थिएँ जहाँ एक पाष्टर पनि समावेश थिए जो एक मद्यव्यसनी व्यक्ति भएका थिए। मैले यस विषयमा जोड दिएँ – परमेश्वरको वचन दिनहुँ मनमा लिनु। यो उनको मनमा बत्ती बलेझैँ भयो। उनी, जो विश्वासी मण्डलीको व्यस्त पाष्टर थिए, उनले प्रभुसँगको आफ्नो हिँडाईलाई भने हेलचेक्रयाँई गरेका थिए, र त्यस हेलचेक्रयाँईको साटोमा उनले ठूलो मूल्य तिर्नुपर्यो।

यस अध्ययन भरि, प्रथम अध्ययन निर्देश देखी, परमेश्वरको वचन लिने र अभ्यास गर्ने कुरामा जोड गरिएको छ। त्यहाँ व्यक्तिगत अध्ययन निर्देशनहरू पनि छन् जो प्रार्थनाको विषयमा र हाम्रो निम्ति परमेश्वरको योजनामा मण्डलीको महत्वसँग सम्बन्धित छन्।

हामीले अघि पनि भनिसकेका छौं, निरन्तरताको वृद्धिको लागी हामीले परमेश्वरको वचन मनमा लिनुपर्छ र निरन्तर प्रार्थना गरिरहनुपर्दछ। हाम्रो तालिकालाई अवरुद्ध पार्ने समय पनि त्यहाँ आउनेछन्; यद्यपि, हामीले वचन र प्रार्थनामा निरन्तर बाधा ल्याउन खोज्ने कुराहरूलाई छेक्नुपर्छ। साथै हामीले आफूलाई मजबुत बाइबलिय शिक्षा र अभ्यासमा लागिरहेको मण्डलीमा उच्च प्राथमिकताका साथ सहभागी गराइरहनुपर्छ। प्रभुसँगको हाम्रो हिँडाईका निम्ति यी जीवन आधार रहेका छन्।

प्रभुसँग समय बिताउनका निम्ति उहाँको वचन अध्ययन गर्न र प्रार्थना गर्न भनेर हामी जुन समय अलग पार्दछौं त्यस समयलाई दर्शाउनका निम्ति ख्रीष्टियन समाजमा हामीले "शान्त समय" वा "उपासना" जस्ता पारिभाषिक शब्दहरूको प्रयोग गरिरहेका हुन्छौं। प्रभुसँगको "शान्त समय"लाई प्रभावकारी र उपलब्धीमूलक बनाउनका निम्ति तल केही सुझाबहरू प्रस्तुत गरिएका छन्। मानिसहरू भिन्न छन् र सबैले ठीक यही किसिमको पद्दति पछ्याउँदैनन्, तर यस सुझाब उपयोगी हुनेछ भनि आशावादी छौं।

दौनिक बाइबल अध्ययन र प्रार्थनाका लागी "शान्त समय"को प्रभावकारीता कायम गर्नका लागी सुझाब

१ संभव भएसम्म, एकान्त हुने र भङ्ग नहुने समय र ठाँउ थाह गरी, आफ्नो तालिकालाई तयार पार्नुहोस्, र "शान्तसमय"को थालनी गर्नुहोस्।

२ संभव भएसम्म, आफ्नो सोचलाई बाधा पार्नसक्ने अन्य कुराहरूदेखी निर्मल पार्नुहोस्।

३ व्यक्तिगतरुपमा मैले पनि भजनसंग्रह १३९:२३-२४बाट आफ्नो प्रार्थनाको थालनी गर्दछु।

हे परमेश्वर, मेरो जाँच – पड्ताल गर्नुहोस् र मेरो हृदयलाई जान्नुहोस्;

मलाई जाँच्नुहोस्, र मेरा विचारहरू बुझ्नुहोस्;

अनि हेर्नुहोस्, कहीं ममा दुष्ट चाल पो छ कि;

र मलाई अनन्तको मार्गमा डोर्याउनुहोस्!

४ अधिका केही घण्टाहरू वा दिनहरूको सम्झना गर्नुहोस्। स्वीकार नगरेका ज्ञान भएका पापहरू स्वीकार गर्नुहोस्।

५ तपाईको अध्ययन तालिका अनुसार पवित्रशास्त्रको खण्डबाट होसियारीका साथ सरसर अध्ययन गर्नुहोस्। पवित्रशास्त्रबाटको खण्डको धेरै पटकको अध्ययन गराई असल हुनेछ। यी पाठहरूको अध्ययनपछि (अध्ययन निर्देश २९) नयाँ ख्रीष्टियन विश्वासीहरू जसको अध्ययन तालिका छैन तिनीहरूका लागी दुई वर्षे अध्ययन कार्यक्रम रहेको छ जुन शुरुवात गर्नको लागी अति असल हुनेछ।

६ तपाईले अध्ययन गर्नुभएको र सिक्नुभएको कुरामा विचार गर्नुहोस् र ध्यान लगाउनुहोस्। खण्डको अध्ययनसँगै धन्यवादी र प्रतिवद्धता व्यक्त गर्दै प्रार्थना गर्नुहोस्। तपाईले सिक्नुभएको खण्डको सत्यतामा सम्बन्धित भइकन परमेश्वरलाई आराधना र प्रशंसा चढाउनुहोस्। परमेश्वरलाई तपाईसँग बोल्नका निम्ति यो उपयुक्त र बहुमूल्य समय हुनेछ, जसद्वारा उहाँले तपाईलाई समझ र ज्ञान दिनुहुन्छ जसले प्रभुसँगको तपाईको हिँडाईमा तपाईलाई मजबुत बनाउँछ र अघि बढ्न सहायता प्रदान गर्दछ।

परमेश्वरसँग समझको माग गर्दै, उहाँको बुझाई र निर्देशनतर्फ समर्पित हुनका निम्ति विन्ति चढाई, पवित्र शास्त्रबाटको मनन र विचार गराई भन्नुको अर्थ चाँही शान्तपूर्वक बिना हतार गरिएको बाइबलिय सत्यको चिन्तन हो।

७ तपाईले अध्ययन गर्नुभएको खण्डप्रति तपाईले आफैलाई प्रश्न गर्ने इच्छा राख्न सक्नुहुन्छ जस्तैः

क पवित्र शास्त्रबाटको यस खण्डमा रहेको मूख्य सत्यताहरू के हुन्?

ख जिउनका निम्ति दिइएका निर्देशन र सिद्धान्तहरू के-के हुन्?

ग के यहाँ सिधा वा अपलक्षित प्रतिज्ञाहरू र चेतावनीहरू समावेश रहेका छन्?

घ यस खण्डबाट परमेश्वरको बारेमा म के जान्न सक्दछु?

८ अब, आत्माको निर्देशनको खोजीले, तपाईको जीवनमा परीवर्तन गरिन आवश्यक रहेका कार्यहरू र व्यवहारलाई निर्धारण गर्दछ र उहाँको वचनको अध्ययनद्वारा तपाईको जीवनलाई पथमा डोर्याउनु पर्ने कुरालाई प्रस्तुत गर्दछ। तब उहाँको सामर्थ्यले, तपाईले ती कुराहरू निर्धारित गर्नुहुनेछ र त्यसलाई परिवर्तन गर्नुहुनेछ।

९ अब हालका खाँचोहरू र तपाईका सूची रहेका विषयहरूमा प्रार्थना चढाउनुहोस् र धन्यवाद र प्रशंसामा समय बिताउनुहोस्।

टिपोटः तपाईले प्राप्त गर्नुभएको कुनैपनि आशिषहरू वा अन्तरदृष्टिलाई संक्षेपमा लेख्नसक्नुहुन्छ। हामीले कति छिटो कुराहरूलाई विर्सन्छौं, अचम्म छ। हामीले सिकेका कुराहरूलाई संक्षिप्त रुपमा लेखेर राख्नाले यो हामीले अरुहरूमा बाड्नाको लागी चाहिएको बखतमा उपलब्ध हुँदछ र यसद्वारा तिनीहरूलाई उत्साह प्रदान गर्न सकिन्छ र तिनीहरूले सिक्न पनि सक्दछन्।

परमेश्वरको वचन अध्ययन गर्न र आत्मसाथ गर्नका लागि तीन पद्दतिहरू

ख्रीष्टको वचनले तिमीहरूभित्र प्रशस्त गरी वास गरोस्; ... कलस्सी ३:१६क

जसै तपाई आफ्नो बाइबल अध्ययन् \ अध्ययन कार्यमा लागिरहनुहुन्छ, तपाईले आफ्नो अध्ययन तरीकालाई फराकिलो पार्न चाहनुहुन्छ। तल केही सुझाबहरू दिइएका छन्।

पद्दति १ – दोहोरो अध्ययन

पवित्रशास्त्रबाट एक खण्ड निकाल्नुहोस् (एक अध्याय, केही अध्यायहरू, वा कुनै पूरा पूस्तक) जसमा तपाई ध्यान केन्द्रित गर्न सक्नुहुन्छ र त्यसलाई जान्न र बुझ्न सक्नुहुन्छ। दिनहुँ केही समयको निम्ति (दुई हप्ता, एक महिना, वा शायद अझै बढी समय) यसबाट पूरै वा केही अंश निकालेर अध्ययन गर्नुहोस्। धेरै पूस्तकहरू अध्ययन गर्नुको साटोमा, बाइबलबाटको यस एउटै खण्डलाई केही दिनसम्म अध्ययन गरिरहनुहोस्। यसको कारण सरल छ। हामीले प्रथम पटक अध्ययन गर्दाखेरी सम्पूर्ण कुराहरू बुझ्न सक्दैनौं। बाइबलको सम्बन्धमा यो सत्यता हो। यो गहिराईको पूस्तक हो। जति हामीले बाइबलको एक खण्डबाट अध्ययन गर्दछौं, त्यति नै धेरै गरि हामीले बुझ्न सक्दछौं र त्यसबाट अभ्यास गर्न सक्दछौं।

यदि तपाईले छनोट गर्नुभएको खण्ड एकैदिनमा अध्ययन गरि सिद्धिन्छ भने, केही दिनको निम्ति यसबाट लगातार अध्ययन गरि नै रहनुहोस्। यदि छनोट गरिएको खण्ड एकदिनमा अध्ययन गर्न नसकिने गरि लामो छ भने, एकैदिनमा अध्ययन गरि सिध्याउनलाई त्यसलाई दुई भागमा बिभाजित गर्नुहोस्, र त्यसबाट हरेक दिन एक भाग अध्ययन गर्नुहोस्। त्यसपछि धेरै पटक गरि त्यस खण्डलाई संक्षेपमा लेख्नुहोस् (एक भाग एक दिनमा)। यसले केही समय लिन सक्छ, तर यसले प्रशस्त इनाम ल्याउँदछ।

यस अध्ययन निर्देशको अन्त्यमा (अध्ययन निर्देश २९ पछि) त्यहाँ "परिच्छेद अध्ययन" नामक फारम रहेको छ। यो तपाईले पवित्रशास्त्रबाटका साना खण्डहरूलाई (पदहरू वा परिच्छेद) बुझ्नका निम्ति प्रयोगमा ल्याउन सकिने फारम हो। यस फारमको प्रयोगले अध्ययन गर्ने व्यक्तिले के-के शिक्षा प्राप्त गरे सो विचार गर्न मद्दत पुर्याउँदछ। यो परमेश्वरको वचन बुझ्न र आत्मसाथ गर्न इच्छा गर्ने कुनै पनि व्यक्तिको निम्ति दिइएको सुझाब हो, र पवित्र शास्त्रबाटको खण्डलाई सिकाउनका निम्ति यो अति नै उत्तम तरीका पनि हो।

पद्दति २ – बाइबलबाटको अध्ययनको, संक्षेप

कुनै समय तपाईले सम्पूर्ण बाइबल अध्ययन गर्नको निम्ति चिन्तन गर्नुपर्दछ। यदि तपाईले दिनको दुई अध्याय अध्ययन गर्नुहुन्छ भने, सम्पूर्ण बाइबल अध्ययन गर्नको निम्ति तपाईलाई **डेढ वर्ष**भन्दा अलिक बढि समय लाग्न सक्दछ। तपाई हतारमा हुनुपर्दैन – जति समय चाहिन्छ लिनुहोस्। स्पष्टताः कुनै अध्यायहरू लामो छन्, र कुनै अध्यायहरू छोटो छन्। लचिलो हुनुहोस्। यस अध्ययन पद्दतिले तपाईलाई पवित्रशास्त्रको बारेमा फराकिलो जानकारी प्रदान गर्दछ। तपाईले अध्ययन गर्दा सबै कुराहरू बुज्ण र आत्मसाथ गर्न सक्नुहुन्न र कुनै- कुनै ठाउँमा तपाईले ब्याकुल वा फसेको महसुस गर्न सक्नुहोला। अध्ययन जारी नै राख्नुहोस्। तपाईले नयाँ नियम र पूरानो नियमबीचमा परिवर्तन गर्न चाहनुहोला। यस पाठ्यक्रमको अध्ययनपछि (अध्ययन निर्देश २९) त्यहाँ सारा पूस्तकहरू र अध्यायहरूलाई समावेश गरिएको रेखाचित्र छ ताकी तपाईले अध्ययन गरिसिध्याउनुभएको अध्यायहरूलाई तपाईले चिनो लगाउन सक्नुभएको होस्। के अध्ययन गरिसकिएको छ भनि यसले सूचना प्रदान गर्दछ।

परमेश्वरको वचनबाटको अध्ययनको लागी यस पद्दतिलाई मात्र प्रयोग गर्नु उत्तम नहोला। तपाईको बाइबल अध्ययन कार्यक्रमको थालनीको निम्ति "पद्दति १" जग बनाइनुपर्दछ। पद्दति एकलाई तपाईले शुरु गरिसकेर त्यसपछि तपाई अझ धेरै बुझ्न चाहनुहुन्छ भने, बाइबलबाटको अध्ययन कार्यक्रम धेरै लाभदायक हुँदछ।

पद्दति ३ – परमेश्वरको वचनको अध्ययनमा, गहिराईमा जानु

"पद्दति १"मा, कुनै पद वा केही पदहरू धेरैपटक पढ्नुहोस् र तापईले अध्ययन गर्नुभएको कुरामा केही समय चिन्तन गर्नको लागी बिताउनुहोस्।

जब तपाईले एक खण्ड धेरैपटक अध्ययन गरिसक्नुहुन्छ, तब तपाईले बाइबलिय टिप्पणीको पूस्तकमा त्यसको जानकारी थाह गर्नको लागी इच्छा गर्नुहुन्छ। तपाई अत्यन्त होसियारी हुनुपर्दछ कारण अन्य धार्मिक सम्प्रदाय वा अरु झूटा शिक्षा सिकाउनेहरूले परमेश्वरको वचनलाई बिगार्नका निम्ति वा अभिप्रायद्वारा झूटा शिक्षालाई सिकाउदँछन्। बाइबल परमेश्वरको प्रेरणाद्वारा दिइएको हो र बाइबल अक्षरश सत्य छ भनि परमेश्वरको वचनमा विश्वास गर्ने ज्ञानी बाइबलिय शिक्षकद्वारा ती पूस्तकहरू किनिनु र प्रयोग गरिनु अघि जाँच्न लगाउनु असल हुनेछ।

परमेश्वरको वचनबाटको हाम्रो अध्ययन र बुझाई उपयोगी होस् भनेर तल केही बाइबल अध्ययन टिप्पणी पूस्तकहरू प्रस्तुत गरिएका छन्।

बाइबल जसमा पाठका सन्दर्भका टिपोटहरू प्रस्तुत गरिएका छन्, वा "बाइबल अध्ययन", जुन कहिलेकाँही उपयोगी हुँदछ। म्याकआर्थर बाइबल अध्ययन पूस्तक (MacArthur Study Bible) असल पूस्तक हो। तपाईले यो gty.org बाट प्राप्त गर्नसक्नुहुन्छ।

सानो तर असल बाइबल टिप्पणी पूस्तक ह्यालिज् बाइबल पूस्तिका (Halley's Bible Handbook) हो, जुन जोनडरभन प्रकाशनबाट (Zondervan Publishers) प्रकाशित भएको हो।

एक व्यक्ति, स्थान, वा पदमा बताइएको कुनै कुराको बारेमा जानकारी प्राप्त गर्नका निम्ति, असल बाइबल शब्दाकोष सहयोगी हुँदछ। दुई असल बाइबल शब्दाकोषहरू मुडि प्रकाशनद्वारा (Moody Press) प्रकाशित नयाँ अङ्गर्स बाइबल शब्दाकोष (The New Unger's Bible Dictionary), र विक्लिफ बाइबल शब्दाकोष (Wycliffe Bible Dictionary) रहेका छन् जुन असल टिप्पणीका पूस्तकहरू हुन्।

वारेन विर्स्बिद्वारा (Warren Wiersbe) लिखित बाइबल व्याख्या टिप्पणी (Bible Exposition Commentary), जुन पाँच अंकमा प्रकाशित छ, यो असल छ।

म्याकआर्थर नयाँ नियम टिप्पणी (MacArthur New Testament Commentary) जुन नयाँ नियम अध्ययनका लागी २९ (अझै गन्तिमा) अंकमा पूर्ण हुनै लागेको छ, तर वास्तकमा बुझ्न साह्रै सहज छ, यो पनि अध्ययनको निम्ति असल पूस्तक हो। परमेश्वरको वचन जान्ने इच्छा राख्ने व्यक्तिको निम्ति यो अति नै सहयोगी पूस्तक रहेको छ, तर यो परमेश्वरको वचन एक तरीका वा अन्य तरीकाद्वारा सिकाउने व्यक्तिहरूका निम्ति अझ उपयोगी र सहयोगी पूस्तक रहेको छ।

स्ट्रङ्गस् शब्दानुक्रमणिका (Strong's Concordance) र नेभ्स टोपिकल बाइबल (Naves Topical Bible), दुवै नै टिप्पणीका पूस्तकहरू हुन् जसले बाइबलमा रहेका पदहरूको अवस्थिति बताउँदछ।

यदि तपाई बाइबलको वचनको अर्थ अझै राम्रोसँग बुझ्न चाहनुहुन्छ भने, राम्रो व्याख्यात्मक बाइबल शब्दाकोष उपयोगी हुँदछ। यीमध्येको केही असल पुस्तकहरू यी हुन्; नयाँ नियम वचनका व्याख्यात्मक शब्दाकोष (Expository Dictionary of New Testament Words), डब्लु. ई. भाइन (W.E Vine) , शब्दको पूर्ण अध्ययन शब्दाकोष (The Complete Word Study Dictionary), स्पिरोष जोडियाटेस (Spiros Zodhiates), माउन्सको पूरानो र नयाँ नियमको पूर्ण व्याख्यात्मक शब्दाकोष (Mounce's Complete Expository Dictionary of Old and New Testaments), विलियम डी. माउन्स (William D. Mounce), र ईश्वरशास्त्रको शाब्दिकपूस्तिका (The Theological Wordbook), चार्ल्स स्विनडल (Charles Swindoll), प्रमुख सम्पादक (General Editor).

टिपोटः साधारणतया अङ्ग्रेजी शब्दाकोषमा शब्दहरूको अर्थ हेर्नु लाभदायक नहुन पनि सक्दछ किनकी बाइबलका शब्दहरूको बिभिन्न अर्थहरू रहेका हुँदछन् वा अर्थहरू प्रकाश गर्दछन् र हाम्रो दैनिक अङ्ग्रेजी भाषासङ्ग यसले मेल नखान सक्दछ।

बाइबल अध्ययन \ अध्ययन कार्यक्रमलाई प्रभावकारी बनाउनका निम्ति, यसलाई अध्ययन गर्ने बानी वा एक शैक्षिक खोजभन्दा अधिक गराउनुपर्दछ। वचनको समझमा हामी हुर्कनेमात्र होइन, हामी यसमा समर्पित पनि हुनुपर्दछ र हाम्रि जीवनमा यसको शिक्षाहरू लागु गर्नुपर्दछ। हाम्रो प्रभुमा समर्पित हुनाका निम्ति हामीले प्रतिवद्धता व्यक्त गर्नुपर्दछ र यसलाई हाम्रो जीवनको पहिलो प्राथमिकता बनाउनुपर्दछ।

प्रार्थना – परमेश्वरसँगको हिँडाई

परमेश्वरको वचन आत्मसाथ गर्नको निम्ति आफ्नो प्रतिवद्धतासाथ जानुचाँही प्रार्थना सिक्नको निम्ति गरिने प्रतिवद्धता हो। जब तपाई परमेश्वरको वचन अध्ययन गर्नुहुन्छ र आत्मसाथ गर्नुहुन्छ, तब तपाईले निरन्तर प्रार्थना गर्नुहुन्छ, र तपाईले अध्ययन गर्नुभएको र सिक्नुभएको कुरालाई व्यवहारमा उतार्न चाहनुहुन्छ। तपाईले सिकेका कुरा अभ्यास गर्नलाई परमेश्वरसँग सामर्थ्य माग्नुहोस्। यो अति नै महत्वपूर्ण छ। परमेश्वरमा आदर्णिय जीवन जिउनका निम्ति यो बुनियादी रहेको छ।

तल मत्ती ६ अध्यायमा दिइएको प्रार्थनाको नमुनाको प्रस्तुत गरिएको छ। यो शब्दको शब्द दोहोर्याउनका निम्ति दिइएको प्रार्थनाको विधि होइन, तर यस किसिमको पछ्याउनु पर्ने तरीका भने हो। होसियारी साथ यसको अध्ययन गर्नुहोस् र तपाईलाई प्रार्थनामा अगुवाई गर्नका निम्ति यसको प्रयोग गर्नुहोस्।

यसकारण तिमीहरूले यस प्रकारले प्रार्थना गरः 'हे स्वर्गमा हुनुहुने हाम्रा पिता, तपाईको नाम पवित्र गरियोस्। तपाईको राज्य आओस्। तपाईको इच्छा स्वर्गमा झैँ पृथ्वीमा पनि पूरा होओस्। आज हामीलाई हाम्रो दिनहुँको रोटी दिनुहोस्। अनि हाम्रा ऋणहरू हामीलाई क्षमा गर्नुहोस्, जसरी हामीले पनि आफ्ना ऋणीहरूलाई क्षमा गर्दछौं। अनि हामीलाई परीक्षामा नलैजानुहोस्, तर हामीलाई दुष्टबाट छुटाउनुहोस्; किनभने राज्य, पराक्रम र महिमा सदासर्वदा तपाईकै हुन्। आमेन'। मत्ती ६:९-१३

परमेश्वरसँगको हाम्रो हिँडाईमा प्रार्थना स्वभाविक पाटो रहेको छ। हामी नियमित रुपमा उहाँलाई धन्यवाद चढाउन चाहन्छौं र उहाँमा हाम्रा विन्तीहरू ल्याउन चाहन्छौं। प्रभु येशू ख्रीष्टलाई प्रेम गर्ने हरेक व्यक्तिले सबै कुराहरूका निम्ति धन्यवाद चढाउन सक्दछ, र परमेश्वरले ती सुन्नुहुन्छ, फिक्री गर्नुहुन्छ, र उहाँ कार्य गर्न योग्यको हुनुहुन्छ भनि निश्चयता प्राप्त गर्न सक्दछ। तपाईले थाहा गर्नुहुनेछ की तपाईको प्रार्थनाको जीवनचाँही प्रभु येशू ख्रीष्टसँग संगति र बात-चित गरनाको लागी एक आशिषित समय हुनेछ।

मलाई पुकार, र म तिमीलाई जवाफ दिनेछु, अनि तिमीलाई ठूला र थाह गर्न नसकिने कुराहरू प्रकट गर्नेछु, जो तिमी जान्दैनौ। यर्मिया ३३:३

यसकारण हामी साहससँग अनुग्रहको सिंहासनको नजिकमा आऔं, र दया पाऔं, अनि खाँचो पर्दा सहायता पाउनालाई अनुग्रह प्राप्त गरौं। हिब्रु ४:१६

विश्वासीहरूका निम्ति परमेश्वरको योजनामा मण्डलीको महत्व

परमेश्वरले उहाँका सन्तानहरू सन्त होऊन् भनेर योजना बनाउनुभएको होइन। हामीले एकै शरिरका विश्वासीझैँ होऊँ र साथमा कार्यहरू गर्न सकौं भनेर उहाँले त्यस अनुसार योजना बनाउनुभयो।

अनि आओ, प्रेम र असल कामहरूमा निम्ति हौसला दिनालाई एक-अर्काको चिन्ता गरौं; र कसै-कसैको रीति भएझैँ हामी एक ठाउँमा भेला हुन नछोडौं; तर एक-अर्कालाई उत्साह दिदैँ रहौं; अनि त्यो दिन जति नजिक-नजिक आउँदै गरेको तिमीहरू देख्छौ, उति नै वेसी हामी यसो गर्ने गरौं। हिब्रु १०:२४-२५

उहाँका मानिसहरूका निम्ति परमेश्वरको योजनामा मण्डली अति नै महत्वपूर्ण रहेको छ। यी पदहरूले स्पष्ट रुपमा परमेश्वरले हामी आफूले सिक्न, उत्साह प्राप्त गर्न र बलियो हुदैँ जानका निम्ति र साथै एक-अर्कालाई उत्साह दिन र बलियो हुनका निम्ति एक-अर्कामा साथ रहनुपर्छ अभिव्यक्ति दिदँछन्। हामीलाई एक-अर्काको आवश्यकता रहेको छ।

नयाँ नियममा करिब ११५ पटक मण्डली शब्दको प्रयोग गरिएको छ। नयाँ नियमले प्राय जसो स्थानिय मण्डलीहरूलाई लेखिएको पत्रहरूलाई समावेश गर्दछ। विश्वासीहरूका स्थानिय समुहमा सकृयताका साथ भाग नलिनु चाँही परमेश्वरको विरुद्धमा अनाज्ञाकारिता र विद्रोह हो।

यस पाठ्यक्रमको अध्ययन निर्देश १५मा, ख्रीष्टियनहरू र मण्डलीको निम्ति परमेश्वरको योजनालाई गहिराईमा समावेश गरिएको छ। हाललाई भने, प्रभुमा आज्ञाकारी हुनुहोस् र सकृयताका साथ उहाँको सेवा गर्नुहोस् र बलियो बाइबल-विश्वासी मण्डलीका विश्वासीहरूमा माझको संगतिमा लागिरहनुहोस्।

बाह्र

हाम्रो प्रभु येशू ख्रीष्टको चेला हुने

प्रत्येक विश्वासीको आधारभूत लक्ष्य भनेको चेला हुनुपर्दछ, जसले हाम्रो प्रभु येशू ख्रीष्टलाई पछ्याउँछ र उहाँ जस्तै हुदँछ। यदि हामीमा यस किसिमको आधारभूत प्रतिवद्धता रहेको छैन भने, परमेश्वरले हामीलाई सृष्टि र उद्धार गर्नुभएको उहाँको उद्देश्य हामीले गाम।

येशूले चेला बनाओ भनि आफ्ना चेलाहरूलाई अन्तिम निर्देशन दिनुभएको थियो।

अनि तिनीहरूकहाँ आएर येशू तिनीहरूसँग यसो भन्दै बोल्नुभयोः "स्वर्ग र पृथ्वीमा सारा अधिकार मलाई दिइएको छ। यसकारण तिमीहरू जाओ, र सबै जातिहरूलाई चेला बनाओ, तिनीहरूलाई पिताको, पुत्रको र पवित्र आत्माको नाममा बप्तिष्मा देओ, मैले तिमीहरूलाई जे-जे आज्ञा गरें, ती सबै तिनीहरूलाई पालन गर्न सिकाओ; अनि हेर, म सधैँभरि, अँ, संसारको अन्तसम्म नै तिमीहरूको साथमा छु"। आमेन। मत्ती २८:१८-२०

सृष्टि अघि, हामी परमेश्वरजस्तै हौं भनेर उहाँले योजना गर्नुभयो। नयाँ नियम भरि नै यो मूख्य विषय रहेको छ।

किनभने जसलाई उहाँले पहिले नै जान्नुभएको थियो, उनीहरूचाँही आफ्नै पुत्रको रुपमा ढालिऊन् भनेर उहाँले उनीहरूलाई पहिले नै ठहराउनु पनि भयो, यसैले की उहाँ चाँही अनेकौं भाइहरूका बीचमा जेठा होऊन्। रोमी ८:२९

"ख्रीष्ट येशूमा जुन मन थियो, त्यही मन तिमीहरूमा पनि होओस्; जसले परमेश्वरकै स्वरुपमा हुनुभएकोले परमेश्वरसँग बराबरी हुनालाई लुटको माल सम्झनुभएन, तर आफैलाई रित्तो पार्नुभयो, र दासको रुप धारण गरेर मानिसहरूको समानतामा हुनुभयो; अनि मानिसजस्तो रुपमा प्रकट भएर उहाँले आफूलाई नम्र तुल्याउनुभयो; र मृत्युसम्म, अँ, क्रुसको मृत्युसम्म आज्ञाकारी हुनुभयो"। फिलिप्पी २:५-८

किनकी यसैका निम्ति तिमीहरू बोलाइएका पनि हौ; किनभने तिमीहरू उहाँकै पाइलाहरूका पछि-पछि हिँड भनेर नै हाम्रा लागी एउटा नमुना छोड्दै ख्रीष्टले हाम्रा निम्ति दुःख भोग्नुभयो। १पत्रुस २:२१

चेला आफ्ना गुरुभन्दा श्रेष्ठ हुँदैन; तर हरेक जो सिद्ध छ, ऊ आफ्ना गुरुजस्तै हुनेछ। लूका ६:४०

यदि हामीले प्रभु येशू ख्रीष्टको समर्पित अनुयायी हुनका निम्ति प्रतिवद्धता व्यक्त गरेका छैनौं भने परमेश्वरको वचनको पढाई र अध्ययन, बाइबलिय प्रार्थनाको पद्दति सिकाई, विश्वासीसँगको संगति सबै नै खोक्रो कार्यहरू हुन्।

यस पाठमा हामी प्रभु येशु ख्रीष्टको अनुयायी हुनुको अर्थ के हो भनि हेर्नेछौं।

चेलापन के हो?

यस अध्ययनलाई शुरु गर्नु अघि, हामीले साँचो चेलापन के हो सो बुझ्न जरुरी छ। विभिन्न बाइबलिय विद्वानहरूले दिएका केही परिभाषाहरू तल प्रस्तुत गरिएका छन्।

क "*आफ्ना शिक्षकहरूको अनुयायी*" नयाँ नियम वचनका व्याख्यात्मक शब्दाकोष (An Expository Dictionary of New Testament Words)

ख *"दक्ष हुनका निम्ति इच्छा, एक शिकारु",* चेला बनाउने (Making Disciples), जोन् म्याकआर्थर (John MacArthur), पृष्ठ ११

ग *"अनुयायी"* । ईश्वरशास्त्रको शाब्दिकपुस्तिका (Theological Wordbook), चार्ल्स स्वीनडल (Charles Swindoll), प्रमुख सम्पादक, पृष्ठ ९४-९५

घ *"... सिक्के मात्र होइन, तर आफ्नो शिक्षकप्रति बाँधिरहने र उहाँको शिक्षालाई पछ्याउने र जीवनमा लागु गर्ने"*

शब्दको पूर्ण अध्ययन शब्दाकोष (The Complete Word Study Dictionary), जोडियाटेस (Zodhiates), पृष्ठ ९३६

यी परिभाषाहरूलाई ध्यान पूर्वक विचार गर्नुहोस्। तपाईको हृदयको गहिराईमा यिनलाई डुब्न दिनुहोस्। तपाईले कस्तो गरिरहनुभएको छ? के तपाईले साँचोरुपमा उहाँलाई पछ्याउने प्रतिवद्धता व्यक्त गरिरहनुभएको छ। तपाईको प्रतिवद्धता कति मात्रामा साँचो र वास्तविक छ र साधारण ख्रीष्टियन सिद्धान्तसँग कति मात्रामा सम्मति निष्क्रिय रहेको छ? प्रभु येशू ख्रीष्टको असल चेला हुनाको निम्ति हामी सबैले नै प्रतिवद्धता जनाउनुपर्दछ।

जब येशू यस पृथ्वीमा हुनुहुन्थ्यो, प्रभु येशू ख्रीष्टको चेला भनेको ती व्यक्ति थिए जसले एक स्थानदेखी अर्को स्थानसम्म उहाँको पिछा गर्दथे, उहाँलाई प्रेम गर्दथे, उहाँलाई सुन्दथे र उहाँले सिकाउनुभएको सबै कुराहरू सिक्दथे, र ती शिक्षाहरूलाई अभ्यास गर्दथे। *आज, चेला ती हुन् जसले हाम्रा प्रभुलाई प्रेम गर्दछन्, जसले उहाँको वचनहरू मनमा आत्मसाथ गर्दछन्, र उहाँजस्तै हुनाको निम्ति प्रतिवद्धता जनाउदँछन् र आफ्नो दिन-दिनको जीवनमा उहाँको वचनलाई व्यवहारमा उतार्दछन्।*

प्रभु येशू ख्रीष्टको चेला हुनु कुनै अनौपचारिक प्रतिवद्धता होइन। यो हामीले हाम्रो सम्पूर्ण चाहनाहरूलाई मार्नु हो र उहाँको इच्छा जान्नु र पूर्ण गर्नका निम्ति उहाँमा समर्पित हुनु हो।

येशूले चेलापन सम्ब्नधमा शिक्षा प्रदान गर्नुहुन्छ

मत्ती १०:२४-४२

(मत्ती १० अध्याय) यस अध्यायको प्रथम भागमा, येशूले आफ्ना बाह्र चेलाहरूलाई तिनीहरूका प्रथम प्रचार जिम्मेवारीका निम्ति तयार पार्दै हुनुहुन्थ्यो। जसै अध्याय अघि बढ्दै जादँछ, उहाँको शिक्षाले भविष्यका सारा चेलाहरूलाई पनि समावेश गर्दछ,र उहाँ महासङ्कष्टकाल अवधिभित्र पनि जानुहुन्छ। हामीले हेररहेका यस पाठका (मत्ती १०:२४-४२) अंश अब - मण्डली युगका सारा चेलाहरूमा लागु हुँदछ। यद्यपि, पाष्टरहरू र अन्य मण्डली अगुवाहरूले यी पदहरूमा होसियारीका साथ ध्याकेन्द्रित गर्नुपर्दछ कारण तिनीहरूलाई उहाँको चेलाहरू निर्माण गर्न भनेर सुसमाचार प्रचारको सेवकाईको जिम्मेवारी सुम्पिइएको छ।

पवित्रशास्त्रको यो खण्ड कमजोर वा कातरहरूका लागी होइन। प्रभु येशू ख्रीष्टमा पूर्ण प्रतिवद्ध हुनाको लागी यसले वोलावट गर्दछ। उहाँको अनुयायी भएका हुनाले, र विशेष गरी ती जो मण्डलीका अगुवाहरू हुन्,

तिनीहरूले प्रसिद्धिको आशा गर्नुहुँदैन, तर इन्कारको आशा गर्नुपर्दछ। हामी हाम्रो विश्वासमा मरेतूल्य हुनु हुँदैन, र हाम्रो मानव परिवारको प्रेम भन्दा प्रभुप्रतिको हाम्रो प्रेम प्राथमिकतामा रहेको हुनुपर्दछ। (हाम्रो परिवारलाई इन्कार गर्नको निम्ति यो कुनै बहाना भने होइन)। यथार्थमा, हामीले हाम्रा सारा स्वार्थमय चाहनाहरू मार्दछौं र हाम्रो प्रभुजस्तै हुनका निम्ति पूर्णरुपमा हामी उहाँमा प्रतिवद्ध हुँदछौं। पाष्टर वा मण्डलीको कुनै अगुवा हुनाको निम्ति यदि यो अधिक मूल्य हो भने, तीमध्ये एक नहुनुहोस् किनभने तपाईले पवित्र आत्मालाई कार्य गर्नबाट वन्चित गर्नुहुनेछ, र हाम्रा प्रभुमा असल चेलाहरू बन्नका निम्ति तपाईले अरुहरूलाई अगुवाई गर्न सक्नुहुन्न।

यस खण्डको उद्देश्य चाँही (मत्ती १०:२४-४३) रहेको पवित्रशास्त्रको वचनलाई सही तरीकाले हेर्नु हो र हाम्रा सारा हृदयले उहाँलाई खोज्न, उहाँको समिपमा जान, प्रभु येशू ख्रीष्टको उपयोगी दास हुनाको निम्ति हाम्रो प्रतिवद्धतालाई गहिराउने चुनौतिलाई स्वीकार गर्नु हो।

चेला आफ्ना गुरुभन्दा श्रेष्ठ हुँदैन, न ता दास आफ्ना मालिकभन्दा श्रेष्ठ हुन्छ। मत्ती १०:२४

प्रतिवद्ध दास उसको मालिकजस्तै हुँदछ।

"चेला आफ्ना गुरुभन्दा श्रेष्ठ हुँदैन; तर हरेक जो सिद्ध छ, ऊ आफ्ना गुरुजस्तै हुनेछ"। लूका ६:४०

किनभने जसलाई उहाँले पहिले नै जान्नुभएको थियो, उनीहरूचाँही आफ्नै पुत्रको रुपमा ढालिऊन् भनेर उहाँले उनीहरूलाई पहिले नै ठहराउनु पनि भयो, यसैले की उहाँ चाँही अनेकौं भाइहरूका बीचमा जेठा होऊन्। रोमी ८:२९

किनकी यसैका निम्ति तिमीहरू बोलाइएका पनि हौ; किनभने तिमीहरू उहाँकै पाइलाहरूका पछि-पछि हुँड भनेर नै हाम्रा लागी एउटा नमुना छोड्दै ख्रीष्टले हाम्रा निम्ति दुःख भोग्नुभयो। १पत्रुस २:२१

किनभने जसलाई उहाँले पहिले नै जान्नुभएको थियो, उनीहरूचाँही आफ्नै पुत्रको रुपमा ढालिऊन् भनेर उहाँले उनीहरूलाई पहिले नै ठहराउनु पनि भयो, यसैले की उहाँ चाँही अनेकौं भाइहरूका बीचमा जेठा होऊन्। रोमी ८:२९

चेला आफ्ना गुरुसमान, र दास आफ्ना मालिसमान हुनु नै यथेष्ठ छ। तिनीहरूले घरका मालिकलाई बेल्जेबुल भनेका छन् भने उनका घरानाकाहरूलाई झन् कति बढ्ता गरी भन्लान् ! मत्ती १०:२५

एक चेलाले इन्कार गरिने कुरामा आशा गर्नुपर्दछ। येशू धेरै मानिसहरूद्वारा इन्कार गरिनुभयो र उहाँले शैतानको शक्तिद्वारा दुष्ट-आत्मा निकाल्नुहुन्छ भनेर आरोप पनि लगाइयो। यदि तिनीहरूले येशूलाई "बेल्जेबुल", वा शैतान, भनि बोलाइएका हुन् भने, हामीले पनि प्रसिद्धिको वा व्यापक स्वीकारको आशा गर्नुहुदैँन।

तर फरिसीहरूले भनेः "यसले ता दुष्ट आत्माको शासकद्वारा दुष्ट आत्माहरू निकाल्छ"। मत्ती ९:३४

दास आफ्नो मालिकभन्दा ठूलो हुँदैन भनि मैले तिमीहरूलाई भनेको वचन याद गर। तिनीहरूले मलाई सताएका छन् भने तिनीहरूले तिमीहरूलाई पनि सताउनेछन्। तिनीहरूले मेरो वचन पालन गरेका छन् भने तिनीहरूले तिमीहरूको पनि पालन गर्नेछन्। यूहन्ना १५:२०

हेर, म तिमीहरूलाई भेडाझैँ ब्वासाँहरूका बीचमा पठाउँछु; यसकारण तिमीहरू साँपहरूजस्तै चतुर र ढुकुरहरूजस्तै सोझा होओ। मत्ती १०:१६

यसकारण तिनीहरूसँग नडराओ, किनकी कुनै कुरो छोपिएको छैन, जो उघारिनेछैन, अनि न ता लुकेको छ, जो थाह पाइनेछैन। मत्ती १०:२६

एक चेला प्रचार गर्न र शिक्षा दिनको निम्ति डराउनु हुँदैन। येशूले यी पदहरूमा तीन पटक हामीलाई नडराउनु भनि भन्नुहुन्छ। हामी डराउनु नपर्ने पहिलो कारण चाँही परमेश्वरको इच्छाले, कुनै समयमा, हाम्रो र हाम्रो विरुद्धमा हुने अरूहरूको बारेमा सत्यता प्रकट गर्दछ। यदि हामी असल सेवकहरू हुन्छौं र खराबी गर्नबाट निर्दोष रहन्छौं भने, यो सबैलाई थाह हुनेछ। ती जसले उहाँको सन्देशहरूलाई इन्कार गर्दछन् र उहाँको अनुयायीहरूलाई खराबी गर्दछन्, तिनीहरू खुल्लम खूल्ला उजागर गरिनेछन् र तिनीहरूले त्यस किसिमको आफ्ना इन्कार र व्यवहारको परिणाम सार्वजनिक रुपमा भोग्नेछन्।

किनभने कुनै कुरा गुप्त छैन, जो प्रकट हुनेछैन; न ता लुकाइएको छ, जो थाह पाइनेछैन र देखा पर्नेछैन। लूका ८:१७

यसकारण प्रभु नआउन्जेल समयभन्दा पहिले कुनै कुराको न्याय नगर, उहाँले अन्धकारमा लुकेका कुराहरू उज्यालोमा निकाल्नुहुनेछ, र हृदयका विचारहरू प्रकट गरिदिनुहुनेछ; अनि तब हरेकले परमेश्वरबाट प्रशंसा पाउनेछ। १कोरिन्थी ४:५

यस पदको आखिरी वाक्यांशलाई विचार गर्नुहोस्। हरेक मानिसले परमेश्वरबाट प्रशंसा पाउनेछ। यस पृथ्वीमा इन्कार गरिने चेलाहरूले परमेश्वरबाट खुल्लम खूल्ला प्रशंसा र इनाम पाउनेछन्।

अँध्यारोमा म तिमीहरूलाई जे भन्दछु, त्यो तिमीहरूले उज्यालोमा भनिदेओ; अनि तिमीहरूले कानमा जे सुन्छौ, त्यो छानाहरूमा प्रचार गरिदेओ। मत्ती १०:२७

येशूले एकान्तमा आफ्ना चेलाहरूलाई धेरै कुराहरू सिकाउनुभयो। अब तिनीहरूले ती सिकेका कुराहरू सार्वजनिकरुपमा सिकाउनु र प्रचार गर्नुपर्नेथ्यो। आज एक चेलाले उसले सिकेका कुराहरू सार्वजनिकरुपमा बताउनुपर्दछ। परमेश्वरले हामीलाई संगतिको सेवकाईको जिम्मेवारी प्रदान गर्नुभएको छ। हामीले संसारलाई येशूको बारेमा बताउनुपर्दछ।

अनि सबै कुराहरू परमेश्वरबाटका हुन्, जसले येशू ख्रीष्टद्वारा आफूसँग हाम्रो मिलाप गराउनुभएको छ, र हामीलाई मिलापको सेवा दिनुभएको छ; अर्थात् परमेश्वरले ख्रीष्टमा भईकन आफूसित संसारको मिलाप गराउनुभयो, तिनीहरूसित तिनीहरूका अपराधहरूको हिसाब लिनुभएन र हामीलाई मिलापको वचन सुम्पनुभएको छ। यसकारण अब हामी ख्रीष्टका राजदूतहरू हौं, मानो परमेश्वरले हामीद्वारा विन्ती गरिरहनुभएको छ; हामी ख्रीष्टको सट्टामा विन्ती गर्दछौः 'परमेश्वरसँग मिलाप गर'। २कोरिन्थी ५:१८-२०

तर पवित्र आत्मा तिमीहरूमाथि आउनुभएपछि तिमीहरूले सामर्थ्य पाउनेछौ, र यरुशलेममा, सारा यहूदिया र सामरियामा, अनि पृथ्वीको छौउसम्म तिमीहरू मेरा निम्ति शाक्षी हुनेछौ। प्रेरित १:८

निश्चय नै, पाष्टर र प्रचारकहरूले परमेश्वरको वचनबाट प्रचार र शिक्षा दिनुपर्दछ। यद्यपि, साधारण सदस्यहरूले पनि आफूले सिकेका कुराहरू अरुलाई सिकाउनुपर्दछ। अभिभावक र हजुर बुबा- आमाले पनि आफ्ना नानीहरू र नातिनाहरूलाई सिकाउनुपर्दछ। सबै ख्रीष्टियनहरूले सिकाउनुपर्दछ र एक-अर्कालाई सल्लाह दिनुपर्दछ।

ख्रीष्टको वचनले तिमीहरूभित्र प्रशस्त गरी वास गरोस्; भजन, स्तुतिगान र आत्मिक गीतद्वारा सारा वुद्धिसित एक-अर्कालाई सिकाओ र सम्झाओ, अनुग्रहसाथ आफ्ना हृदयहरूमा प्रभुका निम्ति गाओ। कलस्सी ३:१६

कुनै कुवचन तिमीहरूको मुखबाट ननिस्कोस्, तर आवश्यक उन्नतिका निम्ति जुन कुरा असल छ, त्यही मात्र निस्कोस्, र त्यसले सुन्नेहरूलाई अनुग्रह प्रदान गरोस्। एफिसी ४:२९

यसकारण एक-अर्कालाई सान्त्वना देओ, र एउटाले अर्काको उन्नति गर, ... १थेस्सोलोनिकी ५:११क

हे भाइहरूहो, कुनै मानिस कुनै अपराधमा पक्राउ पर्यो बने, तिमी आत्मिकहरूले त्यस्तोलाई नम्रताको आत्माले उठओ, र कहीं तिमी आफैँ पनि परीक्षामा पर्छौ कि भनेर आफूलाई विचार गर। तिमीहरूले एक-अर्काका भारहरू उठाइदेओ, र यसरी ख्रीष्टको व्यवस्था पूरा गर। गलाती ६:१-२

अनि हे मेरा भाइहरूहो, तिमीहरूको विषयमा म पूरा निश्चित भएको छु; कि तिमीहरू पनि भलाईले भरपूर भएका छौ, सबै ज्ञानले भरिएका छौ, एक-अर्कालाई चेताउनी दिन सक्ने पनि भएका छौ। रोमी १५:१४

अनि शरिरलाई मार्ने, तर प्राणलाई चाँही मार्न नसक्नेहरूसँग नडराओ; तर बरु उहाँसँग डराओ, जसले प्राण र शरिर दुवैलाई नरकमा नष्ट पार्न सक्नुहुन्छ। मत्ती १०:२८

यदि आवश्यक भएमा, एक चेला मर्नलाई डराउनु हुँदैन। हाम्रो शरिरलाई मार्न सक्नेसँग हामी डराउनुपर्दैन। हामी शैतानर तिनीहरू जसले जानिकन वा अनजानमा त्यसका कार्यहरू गर्दछन् हामी तिनीहरूको डरमा रहदैँनौं। तिनीहरूले गर्न सक्ने भनेको हामीलाई मार्ने मात्र हो र त्यो पनि यदि परमेश्वरको इच्छा र योजना भयो भने मात्र संभव हुँदछ। जब हामी मर्दछौं, हामी अनन्तताको लागी प्रभुसाथ रहनेछौं। यसमा डराउनु पर्ने कुनै कुरा छैन। हाम्रो जीवन वा हाम्रो बारेमा सुर्ताउनुको सट्टामा, हामी तिनीहरूका लागी सुर्ताऊँ जसको शरिर र आत्मालाई परमेश्वरले नरकमा फाली तिनीहरूको न्याय गर्नुहुनेछ।

के दुईटा भँगेरा एउटा तामाको पैसामा बिक्री हुँदैनन् र? अनि तिमीहरूका पिताको इच्छाबिना तीमध्ये एउटा पनि भुँईमा खस्नेछैन। तर तिमीहरूका शिरका केशधरि सबै गन्ती गरिएका छन्। मत्ती १०:२९-३०

एक चेलाले कहिल्यै पनि बन्दोवस्त र शुरक्षाको अभावको महसुस गरी डराउँदैन। प्रत्येक भँगेराहरूले के गरिरहेका छन् भनि पूर्णरुपमा वास्ता परमेश्वरले गर्नुहुन्छ भने, हाम्रा खाँचोहरू के छन् भनि अधिक रुपमा उहाँ जान्नुहुन्छ र उहाँले हामीलाई ती प्रदान गर्नुहुन्छ। हाम्रो सम्पूर्ण कुराहरू उहाँमा ज्ञात छन्, यतिसम्म कि हाम्रो शिरका केशहरू धरि उहाँ गन्ती गर्नुहुन्छ। यदि हाम्रो बारेमा उहाँ त्यति धेरै जान्नुहुन्छ भने, निश्चय नै उहाँ हाम्रा सारा खाँचोहरू जान्नुहुन्छ।

यसकारण म तिमीहरूलाई भन्दछु, हामी के खाऔंला वा के पिऔंला भनि आफ्ना प्राणका लागी, साथै के पहिरौंला भनि आफ्ना शरिरका लागी तिमीहरू फिक्री नगर। के प्राण भोजनभन्दा र शरिर लूगाफाटाभन्दा बढी होइन र? आकाशका चराचुरुङ्गीहरूलाई हेर; किनकी ती न ता बीउ छर्दछन्, न कटनी गर्दछन्, न ढुकुटीहरूका बटुल्दछन्; तर पनि तिमीहरूका स्वर्गीय पिताले तिनीहरूलाई खुवाउनुहुन्छ। त के तिमीहरू तीभन्दा धेरै मूल्यवान् होइनौ र? तिमीहरूमध्ये कुनचाँहीले फिक्री गरेर आफ्नो उचाइमा एक हात थप्न सक्छ र? अनि लूगाफाटाका लागी तिमीहरू किन फिक्री गर्दछौ? मैदानका लिली फूलहरूलाई विचार गर, ती कसरी बढ्दछन्; ती न ता परिश्रम गर्दछन्, न धागो कात्दछन्; तर पनि म तिमीहरूलाई भन्दछु, सुलेमानले पनि आफ्नो सम्पूर्ण महिमामा तीमध्ये एउटाले जस्तो वस्त्र पहिरेका थिएनन्। यसकारण परमेश्वरले मैदानको घाँसलाई, जो आज छ, र भोलि चुलामा फालिन्छ, यसरी पहिराउनुहुन्छ भने हे अल्पविश्वासीहरूहो, के उहाँले तिमीहरूलाई झन् बढ्ता गरी पहिराउनुहुन्न र? मत्ती ६:२५-३०

यसकारण जसकसैले मलाई मानिसहरूका सामु स्वीकार गर्ला, उसलाई म पनि स्वर्गमा हुनुहुने मेरा पिताका सामु स्वीकार गर्नेछु। तर जसले मलाई मानिसहरूका सामु इन्कार गर्ला, त्यसलाई म पनि स्वर्गमा हुनुहुने मेरा पिताका सामु इन्कार गर्नेछु। मत्ती १०:३२-३३

साँचो विश्वासीले सार्वजनिक रुपमा प्रभु येशूलाई विश्वास गरेको कुराको स्वीकार गर्दछन्। येशू ख्रीष्टको मृत्युद्वारा हाम्रो पापको दाम तिरिएकोले, र त्यस किसिमको पापी जीवनयापनबाट फर्किएकाले गर्दा हामी विश्वासैद्वारा बचाइदँछौं। साँचोरुपमा बचाइएका मानिसहरूले आफ्नो मुक्तिलाई मानिसहरूका बीचमा परिचित गराउँदछन्।

यदि तिमीले आफ्नो मुखले प्रभु येशूलाई स्वीकार गर्यौ भने, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट बौराएर उठाउनुभयो भनि आफ्नो हृदयमा विश्वास गर्यौ भने तिमीले मुक्ति पाउनेछौ। किनकी धार्मिकताको निम्ति हृदयले विश्वास गरिन्छ, र मुक्तिका निम्ति मुखले स्वीकार गरिन्छ। रोमी १०:९-१०

म पृथ्वीमा मिलाप ल्याउन आएको हुँ भनि नसम्झ; म मिलाप ल्याउन होइन, तर तरवार चलाउन आएँ। किनकी म मानिसलाई उसको बाबुबाट, छोरीलाई उसकी आमाबाट, र बुहारीलाई उसको सासूबाट अलग गराउन आएको हुँ। अनि मानिसका शत्रु उसका आफ्ना परिवारहरू हुनेछन्। जसले बाबु वा आमालाई मलाई भन्दा बेसी माया गर्दछ, त्यो मेरो योग्यको छैन; अनि जसले छोरा वा छोरीलाई मलाई भन्दा बेसी माया गर्दछ, त्यो मेरो योग्यको छैन। मत्ती १०:३४-३७

साँचो चेलाले आफ्नो मानविय परिवारलाईभन्दा परमेश्वरलाई अधिक प्रेम गर्दछ। विश्वव्यापी रुपमा र यहाँ अमेरिकामा पनि, प्रभु येशू ख्रीष्टको चेला हुने प्रतिवद्धता जाहेर गरेका चेलाले, विरोधको सामना गर्नुपर्दछ र कहिले-काँही ऊ आफ्नो परिवारबाट इन्कार समेत गरिदँछ। यदि हामी यसलाई स्वीकार गर्न इच्छुक छैनौं भने, हाम्रो प्रभु येशू ख्रीष्टको चेला भएको अभिनय नगर्नुहोस्।

अनि जो आफ्नो क्रुस उठाएर मेरो पछि लाग्दैन, त्यो मेरो योग्यको छैन। जसले आफ्नो प्राण प्राप्त गर्दछ, त्यसले त्यो गुमाउनेछ, अनि जसले मेरो कारणले आफ्नो प्राण गुमाउँछ, त्यसले त्यो प्राप्त गर्नेछ। मत्ती १०:३८-३९

क्रुस मृत्युको प्रतिक हो। साँचो चेलाले अन्य सारा चाहनाहरूलाई मार्ने इच्छा गर्दछ र हाम्रो प्रभुमा पूर्ण रुपमा समर्पित हुँदछ। हामी आफूलाई मार्दछौं।

ती जसले अहिलेको जीवनमा रहेको आनन्द र चाहनाहरूमा आफूलाई केद्रित गराउँदछन्, अनन्ततामा, तिनीहरूले ती सबै नै गुमाउनेछन्। परमेश्वरबाट अलग पारी नरकमा फालिएको तिनीहरूका जीवनलाई मृत् जीवन भनि वर्णन गरिएको छ। ती जसले हाम्रा प्रभु येशू ख्रीष्टको खातिर अहिले आफ्नो जीवन गुमाउँदछन् तिनीहरूले उहाँसँग अनन्तताको जीवन बिताउनेछन्।

जसले तिमीहरूलाई ग्रहण गर्दछ, त्यसले मलाई ग्रहण गर्दछ, अनि जसले मलाई ग्रहण गर्दछ, त्यसले मलाई पठाउनुहुनेलाई ग्रहण गर्दछ। जसले भविष्यवक्तालाई भविष्यवक्ताको नाममा ग्रहण गर्दछ, त्यसले भविष्यवक्ताको इनाम पाउनेछ; अनि जसले धर्मी जनलाई धर्मी जनको नाममा ग्रहण गर्दछ, त्यसले धर्मी जनको इनाम पाउनेछ। मत्ती १०:४०-४१

ख्रीष्टको चेलाहरूद्वारा प्रचार गरिएको सन्देश सबैले नै इन्कार गर्नेछैनन्। केहीले सन्देश र सन्देशवाहकलाई स्वीकार गर्नेछन्। ती जसले भविष्यवक्ताको नाममा ग्रहण गर्दछन् र तिनीहरूलाई मद्दत गर्दछन् तिनीहरूले

भविष्यवक्ताको इनाम पाउनेछन्। अनि जसले धर्मी जनको नाममा ग्रहण गर्नेछन् तिनीहरूले धर्मी जनको इनाम पाउनेछ।

ती जसले हामीले प्रचारेका सन्देशहरू स्वीकार गर्दछन् तिनीहरू प्रभुमा हाम्रा भाइ- बहिनीहरू हुनेछन् र तिनीहरू पनि हामीसाथ उहाँको चेला हुनेछन्। प्रभु येशू ख्रीष्टमा कसैलाई चेला बन्नलाई डोर्याउनका निम्ति परमेश्वरद्वारा हामीलाई गरिने प्रयोगबाट प्राप्त हुने रमाहटलाई तुलना गर्नका निम्ति जीवन छोटो छ।

अनि जसले यी सानाहरूमध्ये एउटालाई चेलाको नाममा एक कचौरा चिसो पानी मात्र भए पनि पिउन देला, म तिमीहरूलाई साँचो भन्दछु, त्यसले कुनै रीतिले आफ्नो इनाम गुमाउनेछैन। मत्ती १०:४२

धेरैजसो उद्घोषकहरूले सहमति जनाउँदछन् की यहाँ सम्बोधन गरिएको साना, कुनै नानीहरू होइनन्, तर तिनीहरू प्रभु येशू ख्रीष्टका अनुयायी वा चेलाहरू हुन्। यदि उहाँको प्यासी चेलालाई एक कप चिसो पानी पिउन दिइयो भने पनि यसले अनन्तताको इनाम ल्याउँदछ।

समिक्षा – मत्ती १०:२४-४२मा चेलाको चरित्र कस्तो हुनुपर्ने बताइएको छ?

१ एक चेला उसको गुरुजस्तै हुनुपर्दछ।

२ एक चेलाले इन्कार गरिने आशा राख्नुपर्दछ।

३ एक चेलाले आफूले सिकेको कुरा सार्वजनिक रुपमा बताउनुपर्दछ।

४ एक चेला ख्रीष्टलाई इन्कार गर्नेहरूदेखी डराउनु हुँदैन।

५ एक चेला आफ्नो विश्वासको कारणले गर्दा मरेतुल् हुनु हुदैँन।

६ एक चेलाले बन्दोवस्त र शुरक्षामाको कमिको भय राख्नुहुँदैँन।

७ एक चेलाले सार्वजनिक रुपमा प्रभु येशू ख्रीष्टमा विश्वास गरेको कुरा स्वीकार्दछ।

८ एक साँचो चेलाले आफ्नो मानविय परिवारलाई भन्दा अधिक गरी परमेश्वरलाई प्रेम गर्दछ।

९ साँचो चेलाले अन्य सारा चाहनाहरूलाई मार्ने इच्छा गर्दछ र हाम्रो प्रभुमा पूर्ण रुपमा समर्पित हुँदछ।

चेलापनको सन्दर्भमा अझै धेरै बाइबलिय शिक्षा

१ त्यहाँ झूटा चेलाहरू पनि रहेका हुँदछन्। ख्रीष्टको चेला हुँ भनि दाबी गर्ने हरेक व्यक्ति साँचो चेला भने हुँदैन।

मलाई 'हे प्रभु, हे प्रभु' भन्ने हरेक स्वर्गको राज्यमा पस्नेछैन, तर त्यो पस्नेछ। जसले स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्छ। त्यस दिन धेरैले मलाई भन्नेछन्,' हे प्रभु, हे प्रभु, के हामीले तपाईको नाममा भविष्यवाणी गरेनौँ र? अनि के तपाईकै नाममा दुष्ट आत्माहरू निकालेनौँ र? अनि के तपाईकै नाममा अनेकौँ अचम्मका कामहरू गरेनौँ र? "अनि तब म तिनीहरूलाई खुल्लमखुल्ला भन्नेछु, 'मैले तिमीहरूलाई कहिल्यै चिनेको छैनँ; हे कुकर्म गर्नेहरूहो, मदेखी टाढा होओ!'"। मत्ती ७:२१-२३

यो अति भयानक सत्यता हो। धेरैजसो जसले आफू बचाइएको ठान्दछ र जसले येशूलाई "प्रभु" समेत पुकार्दछ, तिनीहरू साँचोरुपमा उद्धार गरिएका नहुन सक्दछ। येशुले तिनीहरूलाई भन्नुहुनेछ, *'मैले तिमीहरूलाई कहिल्यै चिनेको छैनँ; हे कुकर्म गर्नेहरूहो, मदेखी टाढा होओ!'*

अब निस्तार-चाडमा, पर्वको दिन, जब उहाँ यरुशलेममा हुनुहुन्थ्यो, उहाँले गर्नुभएका चिन्हहरू देखेर धेरैले उहाँको नाममा विश्वास गरे। तर येशूले आफैलाई तिनीहरूको भरोसामा छोड्नुभएन, किनभने उहाँले सबै मानिसहरूलाई जान्नुहुन्थ्यो, अनि कसैले मानिसको विषयमा गवाही दिनु उहाँलाई खाँचो थिएन; किनभने मानिसभित्र के हुन्छ, सो उहाँलाई थाह थियो। यूहन्ना २:२३-२५

यहाँ धेरै मानिसहरू थिए जसले येशूको नाममा विश्वास गर्दथे, तर येशूले *"आफैलाई तिनीहरूको भरोसामा छोड्नुभएन"* किनभने उहाँले तिनीहरूको हृदय जान्नुहुन्थ्यो। तिनीहरूको विश्वास खोक्रो थियो र जसले तिनीहरूमा साँचो मुक्ति ल्याउन सकेन।

'ती जाति आफ्नो मुखले चाँही मेरो (येशू) **नजिकमा आउँछ, र आफ्ना ओठले मेरो आदर गर्छ; तर यिनीहरूको हृदय मदेखि टाढो छ। तर यिनीहरू व्यर्थमा मेरो उपासना गर्छन्, किनकी मानिसहरूका आज्ञाहरूलाई धर्म-शिक्षाहरूझैँ सिकाउँछन्'।** मत्ती १५:८-९

भक्तिको भेष ता धारण गर्ने, तर त्यसको शक्ति इन्कार गर्ने हुनेछन्; यस्ताहरूबाट पर बस। २तिमोथी ३:५

त्यस समयदेखी उहाँ चेलाहरूमध्ये धेरैजना पछि हटे, अनि फेरी उहाँसँग हिँडेनन्। यूहन्ना ६:६६

यूहन्ना ६:६०-७१ लाई ध्यानपूर्वक अध्ययन गर्नुहोस्। यस खण्डमा ती चेलाहरू छन् जो साँचो चेलाहरू हुन्, र त्यहाँ ती "चेलाहरू" पनि छन् जसले केही समय उहाँलाई पछ्याए तर पछिबाट जब उहाँको शिक्षालाई मन पराएनन् तब उहाँलाई परित्याग गरे। त्यहाँ एक व्यक्ति पनि थियो जो एक चेलाको रुपमा परिचित थियो तर पछिबाट त्यसले येशूलाई घात गर्यो।

फेरी पनि, यो एउटा भयानक सत्यता हो। वास्तवमा त्यहाँ धेरै मानिसहरू रहेका छन् जसले यो विश्वास गर्दछन् की तिनीहरू प्रभु येशू ख्रीष्टका साँचो चेलाहरू हुन्; तर यथार्थमा तिनीहरूले कहिल्यै पनि उहाँलाई जानेका छैनन्। हामीले हाम्रो आफ्नै हृदय जाँचेर प्रभुको साँचो चेला हो कि होइन भनि निश्चित हुनु असल हुनेछ।

तिमी विश्वासमा छौ की छैनौ, आफैलाई जाँच; आफैलाई प्रमाण गर। २कोरिन्थी १३:५क

२ एउटा साँचो चेला परमेश्वरको वचनको ज्ञान प्राप्त गर्न र त्यसमा अभ्यस्त रहनका लागी निरन्तरताका साथ अघि बढिरहदँछ।

तब येशूले आफूलाई विश्वास गर्ने ती यहूदीहरूलाई भन्नुभयोः "तिमीहरू मेरो वचनमा लागिरह्यौ भने तिमीहरू साँच्चै मेरा चेला हौ। यूहन्ना ८:३१

यस पदले स्पष्टताका साथ बताउँदछ की साँचो चेला त्यो हो जसले वचन पालन गरिरहदँछ। वचन पालन गर्नु भन्नुको अर्थ निरन्तर वचनमा लागिरहनु हो। पालन भन्नाले नियमित रुपमा परमेश्वरको वचन पढ्नु, अध्ययन गर्नु, आत्मसाथ गर्नु, र अभ्यास्त हुनु हो। पालनचाँही निरन्तरताको प्रकृया हो, अनियमित कार्य होइन।

सबै पवित्रशास्त्र परमेश्वरको प्रेरणाद्वारा दिइएको हो, अनि शिक्षाका निम्ति, भूलदोष देखाउनाका निम्ति, सुधारका निम्ति, धार्मिकताको सम्बन्धमा तालिमका निम्ति लाभदायक हुन्छ; जसद्वारा परमेश्वरको जन हरेक असल कामका निम्ति पूर्ण रुपले सुसज्जित भई सिद्ध होओस्। २तिमोथी ३:१६-१७

परमेश्वरको कार्य गर्नको निम्ति सुसज्जित हुन एक व्यक्तिले निरन्तरताका साथ परमेश्वरको वचनको अध्ययन गरिरहनुपर्दछ, वचनलाई भूल-दोष देखाउन अनुमति दिनुपर्दछ, गलत पापी व्यवहारलाई सुधार गर्नुपर्दछ, र सही तरीकाले जीवन जिउनको निम्ति वचनलाई तालिम दिन अनुमति दिनुपर्दछ।

जवान मानिसले आफ्नो चाल के गरेर शुद्ध राख्न सक्छ? – तपाईको वचनअनुसार त्यसमा ध्यान दिएर नै। भजनसंग्रह ११९:९

तपाईको विरोधमा पाप नगरूँ भनेर मैले तपाईको वचन आफ्नो हृदयमा लुकाइराखेको छु। भजनसंग्रह ११९:११

कुनै व्यक्तिले नियमित रुपमा परमेश्वरको वचन पढ्दैन, अध्ययन गर्दैन, आत्मसाथ गर्दैन, र त्यस अनुसार जीवनयापन गर्दैन भने उसले साँचो चेला भएको दाबी गर्न सक्दैन। यदि एक व्यक्ति पाष्टर, एल्डर, डिकन, शिक्षा, वा साधारण सदस्य हो भने पनि यो कुरा लागु हुदँछ र सत्य यहि नै हो। परमेश्वरको वचन पालन सित चेलापनलाई कसैले पनि अलग पार्न सक्दैन।

३ चेलापनको निम्ति बाइबलिय प्रतिवद्धतामा प्रबलता रहेको छ।

तलका दिइएको पवित्रशास्त्रको खण्डले परमेश्वरको खोज र आत्मिकी बुझाई र समजको खोजको प्रबलता बारे वर्णन गर्दछ। चेलापनको प्रबलता रहेको छ। यसको लागी कार्य र स्व-अनुशासनको आवश्यकता पर्दछ। समग्रमा, धेरै ख्रीष्टियनहरू प्रभु येशू ख्रीष्टको चेला बन्ने प्रतिवद्धतामा निष्क्रिय रहेका छन्। यो परमेश्वरले चाहनुभएको कुरा होइन। हामी उहाँको चेला हुनलाई आफ्नो प्रतिवद्धतामा उत्सुक र परिश्रमी रहेको उहाँ चाहनुहुन्छ।

हे मेरा छोरा, तिमीले मेरा वचनहरू ग्रहण गर्यौ र मेरा आज्ञाहरू आफूसित साँचेर राख्यौ भने, र वुद्धितिर आफ्नो कान थाप्यौ, र आफ्नो हृदय समझतिर ढल्कायौ भने, अँ, ज्ञानको निम्ति पुकार्यौ र समझका निम्ति आफ्नो सोर उचाल्यौ भने, तिमीले त्यसलाई चाँदीलाई झैं खोज्यौ, र लुकाइराखेको धनलाई झैं त्यसको खोज गर्यौ भने तिमीले परमप्रभुको भय बुझ्नेछौ र परमेश्वरको ज्ञान भेट्टाउनेछौ। किनभने परमप्रभुले वुद्धि दिनुहुन्छ; उहाँको मुखबाट ज्ञान र समझ निस्कन्छन्। धर्मी जनहरूका निम्ति उहाँले खाँटी वुद्धि साँचेर राख्नुहुन्छ; सीधा चाल चल्नेहरूका निम्ति उहाँ ढाल हुनुहुन्छ। उहाँले न्यायका बाटाहरूको रक्षा गर्नुहुन्छ, र आफ्ना पवित्र जनहरूको मार्ग शुरक्षित राख्नुहुन्छ। तब तिमीले धार्मिकता, न्याय, निष्पक्षता, अँ हरेक असल मार्ग बुझ्नेछौ। जब बुद्धि तिम्रो हृदयमा पस्छ, र ज्ञानचाँही तिम्रो प्राणको निम्ति आनन्ददायक बन्छ; तब विवेकले तिमीलाई जोगाउनेछ र समझले तिम्रो रक्षा गर्नेछ। हितोपदेश २:१-११

अनि यही कारणले पनि तिमीहरूले सबै यत्न गरेर आफ्नो विश्वासमाथि सद्गुण, सद्गुणमाथि ज्ञान, "अनि ज्ञानमाथि संयम, संयममाथि धीरज, धीरजमाथि भक्ति, अनि भक्तिमाथि भाइ-भाइको माया र भाइ-भाइको मायामाथि प्रेम थप। किनकी यी कुराहरू तिमीहरूमा छन्, र प्रशस्त हुदैँ जान्छन् भने यिनीहरूले तिमीहरूलाई हाम्रा प्रभु येशू ख्रीष्टको पहिचानमा बेकम्मा र निष्फल नहुने तुल्याउँछन्। २पत्रुस १:५-८

आफूलाई परमेश्वरकहाँ ग्रहणयोग्य तुल्याउने प्रयत्न गर – एउटा शर्ममा पर्नु नपर्ने किसिमको कामदारजस्तो, जसले सत्यको वचन ठीक-ठीकसँग छुट्टयाउँछ। २तिमोथी २:१५

यी कुराहरूमाथि मनन गर; यिनीहरूमा लागिरह, र तिम्रो प्रगति सबैकहाँ देखा परोस्। १तिमोथी ४:१५

हे परमेश्वर, तपाई मेरा परमेश्वर हुनुहुन्छ; एकाबिहानै म तपाईलाई खोज्नेछु; सुक्खा र तिर्खाएको भुमिमा, जहाँ पानी छैन, मेरो प्राण तपाईका निम्ति तिर्खाउँछ; मेरो शरिरले तपाईको तिर्सना गर्छ, भजनसंग्रह ६३:१

अनि तिमीहरूले मलाई खोज्नेछौ, र मलाई भेट्टाउनेछौ, जब तिमीहरूले मलाई आफ्नो सम्पूर्ण हृदयले खोज्नेछौ। यर्मिया २९:१३

४ चेलापनको निम्ति मूल्य तिर्नुपर्दछ।

हाम्रो प्रभुको समिपमा हिँड्नलाई प्रतिवद्धता प्रकट गर्ने व्यक्तिहरूलाई आशिषले प्रतिक्षा गरिरहेको हुँदछ। यद्यपि, मानवको दृष्टिकोणबाट, पूर्ण प्रतिवद्धताको लागी त्यहाँ मूल्य र त्याग समावेश रहेको हुँदछ। लूका ९:२३मा, हामीलाई *"दिनहुँ आफ्नो क्रुस उठाओस्"* बताइएको छ। क्रुस मृत्युको प्रतिक हो। रोमी१२:१मा, हाम्रा शरिरलाई जीवित बलिदानको रुपमा चढाउनका निम्ति निर्देशन दिइएको छ।

तब येशूले आफ्ना चेलाहरूलाई भन्नयभयोः "कोही मेरो पछि आउन चाहन्छ भने उसले आफैलाई इन्कार गरोस्, आफ्नो क्रूस उठाओस्, र मेरो पछि लागोस् ! मत्ती १६:२४

अनि जो आफ्नो क्रुस उठाएर मेरो पछि लाग्दैन, त्यो मेरो योग्यको छैन। मत्ती १०:३८

"यसकारण भाइहरूहो, परमेश्वरका कृपाहरूद्वारा म तिमीहरूलाई विन्ति गर्दछुः आफ्ना शरिरहरूलाई तिमीहरूले पवित्र, परमेश्वरलाई मनपर्ने, जिउँदो बलिदानको रुपमा चढाइदेओ; यहि तिमीहरूको उचित सेवा हो। अनि यस संसारसित एकनासे नहोओ, तर परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के रहेछ, सो जाँचेर थाहा पाउनालाई आफ्नो मनको नयाँ हुवाइद्वारा तिमीहरू बदली हुदैँ जाओ। रोमी १२:१-२

अँ, साँच्चै मेरा प्रभु ख्रीष्ट येशूको ज्ञानको सर्वश्रेष्ठताका निम्ति म सबै कुराहरू हानी ठान्छु; उहाँकै निम्ति मैले सबै कुराहरूको हानी खपें, अनि ख्रीष्टलाई प्राप्त गरूँ र उहाँमा भेट्टाइन सकूँ भनेर म तिनीहरूलाई कसिङ्गर ठान्छु; फिलिप्पि ३:८

अनि यस्तो भयो – उहाँहरू बाटोमा जादैँ गर्नुहुँदा कुनै एउटा मानिसले उहाँलाई भन्योः "प्रभु, तपाई जहाँ-जहाँ जानुहुन्छ, म तपाईको पछि-पछि लाग्नेछु"। अनि येशूले त्यसलाई भन्नुभयोः "स्यालहरूको ओडार छन्, र आकाशका चराहरूका गुँड छन्, तर मानिसका पुत्रको शिर राख्ने ठाउँधरि छैन"। अनि उहाँले अर्कोलाई भन्नुभयोः "मेरो पछि लाग"। तर त्यसले भन्योः "हे प्रभु, पहिले मलाई जान र आफ्ना बाबुलाई गाड्न दिनुहोस्"। येशूले त्यसलाई भन्नुभयोः "मुर्दाहरूलाई आफ्ना मुर्दाहरू गाड्न देऊ; तर तिमीचाँही जाऊ, र परमेश्वरको राज्यको प्रचार गर"। अनि अर्काले पनि भन्योः "हे प्रभु, म तपाईको पछि लाग्नेछु; तर पहिले मलाई मेरा घरमा भएकाहरूलाई बिदा लिन दिनुहोस्"। अनि येशूले त्यसलाई भन्नुभयोः "आफ्नो हात हलोमा राखेर पछिल्तिर हेर्ने कोही पनि परमेश्वरको राज्यका निम्ति लायकको हुँदैन"। लूका ९:५७-६२

जसले बाबु वा आमालाई मलाई भन्दा बेसी माया गर्दछ, त्यो मेरो योग्यको छैन; अनि जसले छोरा वा छोरीलाई मलाई भन्दा बेसी माया गर्दछ, त्यो मेरो योग्यको छैन। मत्ती १०:३७

ख्रीष्टसँगको हाम्रो प्रतिवद्धतासँग तुलना गर्दा, हाम्रो मानव परिवार पनि दोश्रो श्रेणीमा पर्दछ।

बाइबलमा, "घृणा" भन्ने शब्द तुलानात्मक प्रयोगको रुपमा लिइन्छ। तलका पदहरूमा (लूका १४:२५-२७) सबै चेलाहरू आफ्ना परिवारबाट शत्रुता व्यवहार गरिएको वा "घृणित" भएको हुनुपर्छ भनि सिकाइएको छैन, तर हामीलाई यो शिक्षा दिइएको छ की हाम्रो परिवारलाई भन्दा हामीले हाम्रो प्रभुलाई अधिक प्रेम गर्नुपर्दछ। पवित्रशास्त्रको अरु खण्डमा यो स्पष्ट छ की हामीले *"एक-अर्कालाई चोखो हृदयले गहिरो प्रेम गर"।* याद राख्नुहोस, बाइबलिय "आश्चर्य" कार्य गर्नको निम्ति छनोट हो; यो भावनात्मक हुनुपर्छ भन्ने होइन। परमेश्वरप्रतिको आज्ञाकारितालाई हामी हाम्रि जीवनमा उच्च प्राथमिकतामा राख्दछौं, हाम्रो परिवारलाई भन्दा पनि बेसी गरी नै। यदि हामीले परमेश्वरको आज्ञापालन गर्दछौं भने, प्रभुसँगको हाम्रो प्रतिवद्धताको तुलनामा तिनीहरू दोश्रो श्रेणीमा भए तापनि, हाम्रो परिवारप्रति हामीमा गहिरो प्रेम र आदर रहेको हुँदछ।

ख्रीष्टियनहरूलाई पवित्र शास्त्रमा दुष्टतालाई घृणा गर्नु भनिएको छ। हामी आफैभित्र र परिवारमा रहेको दुष्टतालाई घृणा गर्दछौं। साँचो चेलाले दुष्टतालाई घृणा गर्दछ।

"अनि उहाँको साथमा ठूला भिडहरू गइरहेका थिए, अनि पछिल्तिर फर्केर उहाँले तिनीहरूलाई भन्नुभयोः 'कोही मानिस मकहाँ आउँछ र आफ्ना बाबु, आमा, स्वास्नी, छोरा-छोरीहरू, दाजुभाइहरू र दिदीबहिनीहरूलाई, अँ, र आफ्नै प्राणलाई पनि घृणा गर्दैन भने त्यो मेरो चेला हुन सक्दैन। अनि जो आफ्नो क्रुस बोक्दैन र मेरो पछि लाग्दैन, त्यो मेरो चेला हुन सक्दैन। लूका १४:२५-२७

यसकारण, यसरी नै तिमीहरूमध्ये हरेक जसले आफूसँग भएका सबै कुरा त्याग्दैन, त्यो मेरो चेला हुन सक्दैन। लूका १४:३३

एक व्यक्ति जो चेला हुनाको निम्ति प्रतिवद्धता व्यक्त गर्न चाहन्छ उसले त्यसको लागी लाग्ने मूल्य तिर्नलाई इच्छुक हुनुपर्दछ। फेरी, क्रुस मृत्युको प्रतिक हो। एक साँचो चेलाले प्रभु येशू ख्रीष्टलाई पछ्याउने प्रतिवद्धता व्यक्त गर्नका निम्ति आफ्ना स्वार्थमय इच्छाहरूलाई मार्नुपर्दछ।

आज धेरै-धेरै ख्रीष्टियन मण्डलीहरूले संसारतर्फ ख्रीष्टियनमतलाई याचना गराउँदै छन्। यसो गर्नाले, सत्यता ओझेलमा पर्नेछ। सधैँ उल\लेख गर्ने हो भने, प्रभु येशू ख्रीष्टलाई पछ्याउने मूल्य कहिले-काहीँ मात्र तिरिदँछ। यो अति भयानक झुकाउ हो र यसले धेरै मानिसहरूमा यो विचार ल्याउन सक्दछ की तिनीहरू बचाइएका छन्, तर यथार्थमा, तिनीहरूमा साँचो उद्धारको अनुभव कहिल्यै पनि भएको छैन।

धेरै ख्रीष्टियनहरूले प्रतिवद्धताको मूल्य अति धेरै रहेको बताउँदछन्। तिनीहरूले उद्धार गरिएकोमा र परमेश्वरसँगको अनन्तताको जीवनप्रति कृतज्ञता जनाउँदछन्, तर यस पृथ्वीमा प्रतिवद्धता जनाउनका निम्ति तिनीहरूले तिर्न चाहेको मूल्यभन्दा लाग्ने मूल्य धेरै बढि रहेको छ। यस प्रकारको स्वभाव भएका मानिसहरूले आफूलाई केन्द्रित गराउन छाडेर प्रभु येशू ख्रीष्टमा केन्द्रित हुनु जरुरी रहेको छ। हामीले अनन्त जीवन पाऔं भनेर उहाँले कति सहनुभयो भनि यदि हामी विचार गर्दछौं भने, यसका तुलनामा हाम्रा परिक्षा र बलिदानहरू अत्यधिक सूक्ष्म लाग्दछन्।

यस पाठको आखिरीमा हाम्रो साथी बब् र क्यारोल ज्यानेकबाट प्राप्त गरेको ई-मेल (E-mail) समावेश गरिएको छ – जो भारतमा मिसिनेरीका रुपमा कार्यरत रहेका छन्। प्रभु येशू ख्रीष्टलाई पछ्याउनको निम्ति ज्यानेकले धेरै मूल्य तिर्नपर्यो। भारतमा गरिएको परमेश्वरबाटको अगुवाईको सोझो परिणाम स्वरुप तिनीहरूको ९ वर्षिय छोराको मृत्यु भएको थियो। यस ई-मेलमा तिनीहरूले चुकाउनु पर्ने मूल्य अधिक भए-नभएको तपाईले थाहा गर्नुहुनेछ।

५ प्रेम र एकताले हाम्रा प्रभु येशू ख्रीष्टको रहेको चेलापनको चरित्रलाई दर्शाउँदछ।

एउटा नयाँ आज्ञा म तिमीहरूलाई दिन्छु – तिमीहरूले एक-अर्कालाई प्रेम गर; जसरी मैले तिमीहरूलाई प्रेम गरेको छु, उसरी नै तिमीहरूले पनि एक-अर्कालाई प्रेम गर। तिमीहरूको आपसमा प्रेम छ भने यसैबाट सबैले तिमीहरू मेरा चेला रहेछौ भनि थाह पाउनेछन्।

अब धीरज सान्त्वनाका परमेश्वरले तिमीहरूलाई ख्रीष्ट येशूअनुसार एक-अर्कासित एकै मनका हुने दान दिएका होऊन्, रोमी १५:५

साँचो विश्वासीहरूले एक-अर्कालाई प्रेम गर्दछन् र प्रभु येशू ख्रीष्टलाई आदर गर्ने र समग्र उद्देश्य पूरा गर्नलाई एकतामा रहँदछन्। जब प्रभुको अनुयायीहरूका बीचमा त्यहाँ झगडा वा कलह र फुट हुँदछ, तब त्यहाँ केही उदण्ड कुराहरू हुन पुग्दछ। येशूको चेला हुनुभन्दा गर्व र स्वार्थ पूरा गर्न महत्व दिइँदछ। परमेश्वरको आत्मालाई अवरोध पुर्याइँदँछ र हाम्रा कार्यहरूद्वारा संसारलाई पन्छाइँदछ। वैरभावको अस्तित्व नरहेको स्थितिभन्दा एकतामा रहेको स्थिति अधिक हो। एकता भनेको प्रभु येशू ख्रीष्टको महिमाको खातिर हाम्रो योजनाहरूमा एकमन हुनु हो। यही नै परमेश्वर चाहनुहुन्छ र यसमा नै उहाँले आशिष दिनुहुन्छ र प्रयोगमा ल्याउनुहुन्छ।

६ प्रतिवद्धताको कमिमा परीणाम रहेको छ।

तलका पदहरूलाई ध्यानपूर्वक बारम्बार अध्ययन गर्नुहोस्। आत्मिकी समझ र बुद्धिको बे-वास्ता विरुद्धमा यहाँ यस खण्डमा गम्भिर चेतावनीहरू प्रस्तुत गरिएका छन्।

बुद्धि बाहिर चर्को स्वरले कराउँछ; उसले सडकहरूहुँदो आफ्नो आवाज उचाल्छ; ऊ भिड लाग्ने ठाउँहरूको मूख्य स्थानमा, मूल-ढोकाहरूको मुखमा चिच्याउँछ; ऊ यसो भन्दै शहरमा आफ्ना वचनहरू सुनाउँछः 'हे बोधाहरूहो, कहिलेसम्म तिमीहरू बुद्धूपनलाई प्रेम गर्दछौ? अनि कहिलेसम्म गिल्ला गर्नेहरूचाँही आफ्नो गिल्लामा आनन्दित रहन्छन्? र कहिलेसम्म मूर्खहरूले चाँही ज्ञानलाई घृणा गर्छन्? मेरो हप्की सुनेर फर्क; हेर, तिमीहरूका निम्ति म आफ्नो आत्मा खन्याउनेछु; म तिमीहरूलाई मेरा वचनहरू बुझाउनेछु'। किनभने मैले पुकारें, तर तिमीहरूले इन्कार गर्यौं; मेले आफ्नो हात फैलाएँ, तर कसैले वास्ता गरेन; तर तिमीहरूले मेरा सबै सल्लाहलाई तुच्छ ठान्यौ, र मेरो कुनै हप्की चाहेनौ; यसकारण म पनि तिमीहरूको विपत्तिमा हाँस्नेछु; तिमीहरूमाथि डर आइपर्दा म खिसी गरेर हाँस्नेछु; जब तिमीहरूको डर आँधीबेहरीझैँ, र तिमीहरूको विनाश भुमरीझैँ आउँछ; जब विपत्ति र वेदना तिमीहरूमाथि आइपर्छन्। त्यस घडी तिनीहरूले मलाई पुकार्नेछन्, तर म जवाफ दिनेछैनँ; तिनीहरूले यत्नसित मलाई खोज्नेछन्, तर मलाई भेट्टाउनेछैनन्; किनकी तिनीहरूले ज्ञानलाई घृणा गरे, र परमप्रभुको भयलाई रोजेनन्; तिनीहरूले मेरो कुनै सल्लाह चाहेनन्; तिनीहरूले मेरो सबै हप्कीलाई तुच्छ ठाने। यसकारण तिनीहरूले आफ्नै चालचलनको फलबाट खानेछन् र आफ्ना युक्तिहरूले अघाउनेछन्। किनकी बोधाहरूको पछि हटाइले तिनीहरूलाई मार्नेछ, र मूर्खहरूको उन्नतिले तिनीहरूलाई नष्ट पार्नेछ। तर जसले मेरो कुरा ध्यानसित सुन्छ, ऊ सुरक्षित रहनेछ, र खराबीको डरबाट ढुक्क भई रहनेछ। हितोपदेश १:२०-३३

यस खण्डबाट, ईश्वरिय बुद्धिलाई बे-वास्ता गर्नाले ल्याउने परीणामहरूको बारेमा विचार गर्नुहोस्, जुन परमेश्वरलाई इन्कार गर्नुझैँ रहेको छ। यी परिणामहरू गम्भिर छन्। ध्यानपूर्वक अध्ययन गर्नुहोस् र यी कुराहरूमा चिन्तन गर्नुहोस्।

परिणाम १... त्यस घडी तिनीहरूले मलाई पुकार्नेछन्, तर म जवाफ दिनेछैनँ

परिणाम २... तिनीहरूले यत्नसित मलाई खोज्नेछन्, तर मलाई भेट्टाउनेछैनन्

परिणाम ३... तिनीहरूले आफ्नै चालचलनको फलबाट खानेछन् र आफ्ना युक्तिहरूले अघाउनेछन्

परिणाम ४... किनकी बोधाहरूको पछि हटाइले तिनीहरूलाई मार्नेछ, र मूर्खहरूको उन्नतिले तिनीहरूलाई नष्ट पार्नेछ।

अब होसियारीपूर्वक तलका खण्डहरूको अध्ययन गर्नुहोस्।

धन्य हो त्यो मानिस, जसले सधैँभरि परमेश्वरको भय मान्छ; तर जसले आफ्नो हृदय कठोर पार्छ, त्यो खराबीमा पर्नेछ। हितोपदेश २८:१४

धोकामा नपर; परमेश्वर ठट्टामा उडाइनुहुन्न; किनकी मानिसले जे छर्छ, त्यसैको कटनी पनि गर्नेछ। ८ किनकी जसले आफ्नै शरिरका निम्ति छर्छ, त्यसले शरिरबाट विनाशको कटनी गर्नेछ; तर जसले आत्माका निम्ति छर्छ, उसले आत्माबाट अनन्त जीवनको कटनी गर्नेछ। गलाती ६:७-८

"तिम्रा कामहरू म जान्दछु, तिमी न ता चिसा न ताता छौ; तिमी चिसा अथवा ताता भएका भए हुनेथ्यो। यसरी तिमी न चिसा छौ न ताता, तर मनताता भएका हुनाले म तिमीलाई आफ्नो मुखबाट थुकिदिनेछु। प्रकाश ३:१५-१६

परमेश्वरसँगको हिँडाईमा बढ्न नचाहने ख्रीष्टियनहरूले आफैमा धेरै समस्या र हैरानीहरू ल्याउँदछन्। परमेश्वरसँगको हाम्रो हिँडाईद्वारा शारिरिक ख्रीष्टियनहरूले आफूमा निम्त्याउने धेरै व्यथा र पिडालाई रोक्दछ। आफ्ना अनाज्ञाकारिताले गर्दा ख्रीष्टियनहरूले सोझै आफूमाथि निम्त्याउन सक्ने बहुसङ्ख्यक समस्या र पिडाहरूको कुरालाई विचार गर्दा यसका लेखक पनि अचम्ममा पर्दछन्। यो पनि साह्रै अचम्मको कुरा छ की तिनै ख्रीष्टियनहरूले ती भोग्दैनन्। हाम्रो प्रभुको सेवा गराईले ती बहुसङ्ख्यक समस्या र पिडाहरूदेखी हामीलाई जोगाउँदछन्।

कच्चा चेलापन – यहून्ना ६ अध्यायबाट

तपाईले यस खण्डलाई कदर गर्नुअघि, केही पटक यूहन्ना ६ अध्यायको अध्ययन गर्नुपर्दछ। तपाईले जे अध्ययन गर्नुहुन्छ त्यसमा चिन्तन गर्नुहोस्। यो २१ पदको अध्याय लामो छ, तर परमेश्वरको वचन आत्मसाथ गर्न भने तपाईले आनन्द मनाउनुहुनेछ।

यस अध्यायको शुरुवात मानिसहरूको ठूलो भिडले येशूलाई पछ्याएकोबाट शुरु हुँदछ। येशूले करिब ५०००जना पुरुषको भिडलाई खुवाउनुभयो। जब तपाईले महिलाहरू र नानीहरूलाई पनि समावेश गर्नुहुन्छ, तब त्यहाँ जम्मा हुने मानिसहरूको सङ्ख्या करिब १५,००० – २०,०००रहेको थियो। केही त त्यहाँ यो सङ्ख्या भन्दा अधिक रहेको थियो भनि सुझाब दिँदछन्।

अनि एउटा ठूलो भिड उहाँको पछि लाग्यो; किनकी उहाँले बिरामीहरूमाथि गर्नुभएको उहाँला चिन्हहरूलाई तिनीहरूले देखे। यूहन्ना ६:२

अनि येशूले भन्नुभयोः "मानिसहरूलाई बस्न लाओ"। अब त्यस ठाँउमा धेरै घाँस थियो। यसकारण गन्तीमा प्रायः पाँच हजार पुरुष बसे। यूहन्ना ६:१०

यस पूरा बहुसङ्ख्यक भिडहरूका लागी येशूले भोजन रच्नुभयो। त्यस भिडले यो रूचाए र तिनीहरूले येशूलाई उनीहरूका राजा बनाउनका निम्ति जबरजस्ती पनि गरे। भोलिको बिहानमा ती भिड भोजनको र तिनीहरूका बिरामीहरूलाई चंगाई गराउने आशा गर्दै फेरी पनि येशूको सामु आए।

त्यसदिनको शुरुवातमा येशू साह्रै नै चर्चित हुनुभयो। यद्यपि, दिनको आखिरीमा त्यस भिड भ्रममा परे र थोरैले मात्र उहाँलाई लगातार पछ्याइरहे।

तब येशूले ती बाह्रजनालाई भन्नुभयोः "के तिमीहरू पनि जान चाहन्छौ?" यूहन्ना ६:६६-६७

किन यी भिडहरूमध्ये धेरैले, जो उहाँको चेला भनि परिचित भएका थिए, उहाँबाट फिरेर हिँडे त?

यस अध्यायमा हामीले थाहा पाउँदछौं की येशूले स्पष्टसँग भन्नुभयो उहाँ परमेश्वरबाटको हो र अनन्त जीवनको एकमात्र श्रोत उहाँ नै हुनुहुन्छ। उहाँमा गहिरिएर प्रतिवद्धता व्यक्त गर्नाको निम्ति यस अध्यायले वोलावट गर्दछ।

येशूले तिनीहरूलाई अघिल्लो दिनमात्र भोजन खुवाउनुभएको थियो, उहाँले आफ्नो बारेमा सिकाउनको निम्ति रोटीको प्रयोग गर्नुभयो। जस्तै रोटी (भोजन) शारिरिक जीवनको निम्ति अत्यावश्यक छ, त्यसैगरी, येशू, हाम्रो जीवनको रोटी हुनुहुन्छ वा अनन्त जीवनको श्रोत हुनुहुन्छ।

नष्ट भइजाने भोजनका निम्ति होइन, तर अनन्त जीवनसम्म रहिरहने भोजनका निम्ति परिश्रम गर, जुनचाँही मानिसका पुत्रले तिमीहरूलाई दिनेछन्; किनकी परमेश्वर पिताले उनैमाथि छाप लगाउनुभएको छ। यूहन्ना ६:२७

अनि येशूले तिनीहरूलाई भन्नुभयोः "जीवनको रोटी म नै हुँ। जो मकहाँ आउँछ, ऊ कहिल्यै भोकाउनेछैन; अनि जसले ममाथि विश्वास गर्छ, ऊ कहिल्यै तिर्खाउनेछैन। यूहन्ना ६:३५

त्यो जिउँदो रोटी म नै हुँ, जो स्वर्गबाट ओर्लेर आयो; कसैले यस रोटीबाट खायो भने ऊ सधैँभरि जिउनेछ; अनि त्यो रोटीचाँही, जो म दिनेछु, मेरो मासु हो, जसलाई म संसारको जीवनका निम्ति दिनेछु। यूहन्ना ६:५१

येशूले तिनलाई भन्नुभयोः "बाटो, सत्य र जीवन म नै हुँ; मद्वारा बाहेक कोही पनि पिताकहाँ आउँदैन"। यूहन्ना १४:६

यस समयमा येशूले तिनीहरूलाई गहिरिएर उहाँमा सहारा लिन, प्रतिवद्धता व्यक्त गर्न, र निकटतामा हुनाको निम्ति वोलावट गर्नुभयो।

तब येशूले तिनीहरूलाई भन्नुभयोः "साँचो-साँचो म तिमीहरूलाई भन्दछु, तिमीहरूले मानिसका पुत्रको मासु खाएनौ र उनको रगत पिएनौ भने तिमीहरू आफैमा जीवन छैन। जसले मेरो मासु खान्छ र मेरो रगत पिउँछ, ऊसँग अनन्त जीवन छ, अनि अन्तिम दिनमा म उसलाई बौराएर उठाउनेछु। किनकी मेरो मासु साँच्चै खानेकुरा हो, र मेरो रगत साँच्चै पिउने कुरा हो। जसले मेरो मासु खान्छ र मेरो रगत पिउँछ, ऊ ममा रहन्छ, अनि म उसमा। जसरी जीवित पिताले मलाई पठाउनुभयो, र म पिताद्वारा जिउँछु, उसरी नै जसले मलाई खान्छ, ऊ पनि मद्वारा जिउनेछ। यूहन्ना ६:५३-५७

येशू अनन्त जीवनको एकमात्र श्रोत हुनुहुन्छ। आत्मिकी दृष्टिकोणमा हामीले उहाँको मासु खानुपर्दछ र उहाँको रगत पिउनुपर्दछ। उहाँको मृत्यु र रगत बहाईको कारणले मात्र हामीले परमेश्वरलाई चिन्न सक्दछौं र उहाँसाथ

हिँड्न सक्दछौं। आत्मिकी रुपमा उहाँको मासु खान र रगत पिउनको निम्ति गरिएको वोलावटचाँही उहाँमा रहेको पूर्ण आश्रयलाई पूरा गर्नु हो। यो उहाँको शिक्षाहरूलाई पछ्याउन र तिनलाई अभ्यास गर्नाको निम्ति गहिरो प्रतिवद्धता व्यक्त गर्नलाई गरिएको वोलावट हो।

येशूबाट यो सुनिसकेपछि, त्यस भिडले लिनसक्ने कुराहरू ती नै थिए। धेरैजसो त्यहाँबाट हिँडे र उहाँ सँग-सँगै हिड्ने कार्यलाई त्यागे। तिनीहरूका कार्यहरूले यो कुरा पस्तुत गरे की तिनीहरू येशूका साँचो चेला थिएनन्।

तब यहूदीहरूले उहाँको विषयमा गनगन गरे; किनकी उहाँले भन्नुभयो, 'स्वर्गबाट ओर्ली आएको रोटी म नै हुँ'। यूहन्ना ६:४१

यसकारण उहाँका चेलाहरूमध्ये धेरैले यो सुनेर भनेः "यो कठोर वचन हो, कसले यसलाई सुन्न सक्छ र?" यूहन्ना ६:६०

त्यस समयदेखी उहाँ चेलाहरूमध्ये धेरैजना पछि हटे, अनि फेरी उहाँसँग हिँडेनन्। यूहन्ना ६:६६

पछिबाट प्रेरित यूहन्नाले धेरै मानिसहरूले प्रभुलाई पछ्याउन छाडेका कारणहरू प्रस्तुत गरे।

हामीबाट तिनीहरू निस्के, तर तिनीहरू हाम्रा थिएनन्; किनकी तिनीहरू हाम्रा हुदाँ हुन् ता तिनीहरू हामीसँगै रहिरहनेथिए; तर तिनीहरू सबै हाम्रा होइन रहेछन् भनि प्रकट होओस् भनेर तिनीहरू हामीबाट निस्के। १यूहन्ना २:१९

मानिसका प्रोत्साहन के मा हुँदछ भनि येशू जान्नुहुन्छ। तिनीहरूका हृदयमा के थिए वा तिनीहरूले के विचार गर्दैथिए भनि उहाँ जान्नुहुन्थ्यो। खोक्रो, साँचो जीवन नभएको विश्वासीकोमा वास गर्नाको निम्ति उहाँले आफैलाई प्रतिवद्ध पार्नुभएन।

अब निस्तार-चाडमा, पर्वको दिन, जब उहाँ यरुशलेममा हुनुहुन्थ्यो, उहाँले गर्नुभएका चिन्हहरू देखेर धेरैले उहाँको नाममा विश्वास गरे। तर येशूले आफैलाई तिनीहरूको भरोसामा छोड्नुभएन, किनभने उहाँले सबै मानिसहरूलाई जान्नुहुन्थ्यो, अनि कसैले मानिसको विषयमा गवाही दिनु उहाँलाई खाँचो थिएन; किनभने मानिसभित्र के हुन्छ, सो उहाँलाई थाह थियो। यूहन्ना २:२३-२५

खोक्रो विश्वासीका चरित्रहरू

यूहन्ना ६ अध्यायमा अभीलिखित, उहाँलाई त्याग्ने भिडहरूका चरित्रको बारेमा हामी यस खण्डमा हेर्नेछौं। अझ सरल रुपमा हेर्ने हो भने, खोक्रो विश्वास र झूटा चेलाहरूका सम्दर्भमा त्यहाँ धेरै अभिलक्षणहरू रहेका छन्। आजका कैयौं "चेलाहरू"का बारेमा यी अभिलक्षणहरूले बृस्तित वर्णन प्रस्तुत गर्दछन्।

१ तिनीहरूले भिडलाई पछ्याउँदथे।

मानिसहरू तमासा मन पराउँदछन्। येशूले आश्चर्यकाम गर्नुहुन्छ भनि हेर्नको लागी धेरै मानिसहरू जो साँचो विश्वासी थिएनन् , तिनीहरूले उहाँलाई पछ्याए। उहाँको सन्देशप्रति तिनीहरूको कुनै रुचि थिएन, बरु तिनीहरू मनोरन्जन लिन वा खानको लागी आएका थिए। आजको स्थिति पनि त्यति फरक रहेको छैन। मानिसहरू अझैपनि भिडहरूलाई पछ्याइरहन्छन्। धेरै झूटा प्रचारकहरूले राम्रा प्रदर्शनीहरू गर्दछन् र भिडहरू

जुट्दछन्। यदि त्यहाँ भिड छ भने मात्र धेरै मानिसहरू उचित सेवामा सहभागी हुँदछन्। तथापी, भिडहरूको सहभागी हुदैँमा कुनै पनि व्यक्ति प्रभु येशू ख्रीष्टको साँचो चेला हुनसक्दैन।

२ तिनीहरू आश्चर्यकामहरूद्वारा मोहित भएका थिए।

अनि एउटा ठूलो भिड उहाँको पछि लाग्यो; किनकी उहाँले बिरामीहरूमाथि गर्नुभएको उहाँला चिन्हहरूलाई तिनीहरूले देखे। यूहन्ना ६:२

आजसम्म पनि, आश्चर्यकामप्रति मानिसहरू मोहित हुने गर्दछन्। महासंकष्टकाल अवधिमा ख्रीष्ट-विरोधीले अनेक आशचर्यकामहरू गरेर धेरै मानिसहरूलाई धोका दिनेछ। आज, हामी अलग रहनुपर्दछ। शैतानले पनि "आश्चर्यकाम"हरू गर्दछ।

मलाई 'हे प्रभु, हे प्रभु' भन्ने हरेक स्वर्गको राज्यमा पस्नेछैन, तर त्यो पस्नेछ। जसले स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्छ। त्यस दिन धेरैले मलाई भन्नेछन्,' हे प्रभु, हे प्रभु, के हामीले तपाईको नाममा भविष्यवाणी गरेनौँ र? अनि के तपाईकै नाममा दुष्ट आत्माहरू निकालेनौँ र? अनि के तपाईकै नाममा अनेकौँ अचम्मका कामहरू गरेनौँ र? "अनि तब म तिनीहरूलाई खुल्लमखुल्ला भन्नेछु,' मैले तिमीहरूलाई कहिल्यै चिनेको छैनँ; हे कुकर्म गर्नेहरूहो, मदेखी टाढा होओ!'"। मत्ती ७:२१-२३

३ येशूले शारिरिक आशिष दिनुभएको तिनीहरू चाहन्थे। उहाँको शिक्षामा तिनीहरूको लगाब थिएन।

येशूले भिडहरूको जीवन सहज गरिदिनुभएको तिनीहरू चाहन्थे। तिनीहरू रोमबाट स्वतन्त्रता चाहन्थे। तिनीहरूले अझै धेरै खानाहरू चाहन्थे। तिनीहरूका रोगीहरूलाई येशूले चंगाई गर्नुभएको तिनीहरू चाहन्थे। येशूले अनेक कार्यहरू गरेर तिनीहरूलाई मनोरन्जन प्रदान गर्नुभएको तिनीहरू चाहन्थे। तर उहाँले सिकाउनुभएको कुरा तिनीहरूले सुनेनन्। तिनीहरूले ग्रहण गरेको, विश्वास गरेको, वा उहाँको शिक्षालाई अभ्यासमा उतार्न चाहेको कुरा दर्शाउन कुनै संकेत थिएन। परमेश्वरमा समर्पित हुनुको साटो, येशूले तिनीहरूको केन्दित इच्छाहरूलाई पूरा गर्नुभएको तिनीहरू चाहन्थे।

तब यहूदीहरूले उहाँको विषयमा गनगन गरे; किनकी उहाँले भन्नुभयो, 'स्वर्गबाट ओर्ली आएको रोटी म नै हुँ'। यूहन्ना ६:४१

आज पनि, धेरै मानिसहरू येशूले तिनीहरूका इच्छालाई पूरा गरिदिनुभएको चाहन्छन्। बाइबलले प्रष्टसँग शिक्षा दिदँछ कि परमेश्वरले आफ्ना मानिसहरूको रेखदेख गर्नुहुन्छ, तर तिनीहरूसँग अधिक विश्वास रहेमा, धेरै आर्थिक सहयोग दिएमा, वा सही वचनहरू बोलेमा उहाँले हरेक ख्रीष्टियनको जीवन सहज हुने वा तिनीहरू धनि हुने कुरामा भने परमेश्वरले प्रतिज्ञा गर्नुभएको छैन। केही समुहमा यो शिक्षा दिइन्छ की यदि तपाईले देरै आर्थिक सहयोग प्रदान गर्नुभयो भने, परमेश्वरले तपाईलाई धनि बनाउनुहुन्छ। तपाईले चाहनुभएको सबैथोक परमेश्वरले तपाईलाई दिनुहुन्छ – भव्य घरहरू, महंगा सुविधायुक्त गाडीहरू, भव्य वस्त्रागार, आदी।

"समृद्धिको शिक्षा" को विचारवाद यो हो की परमेश्वरको अनुग्रह शारिरिक स्वस्थ्यता र भौतिकवाद समृद्धिद्वारा मूख्य रुपमा प्रस्तुत हुँदछ, र जोसँग प्रशस्त विश्वास रहेको छ तिनीहरूले मात्र यसलाई दाबी गर्नसक्दछन् र यो तिनीहरूका लागी मात्र उपलब्ध हुँदछ। यसमा शिक्षा, चेलापन, पश्चाताप, ईश्वरिय आज्ञाकारी जीवनयापन महत्वपूर्ण छैन। धनि र हामीले चाहेकोभन्दा अधिक प्राप्त गर्नाको लागी केवल विश्वास र आर्थिक सहयोग प्रदानको मात्र खाँचो रहेको छ।

यस शिक्षालाई धेरै शिर्षकहरूबाट जान्न सकिन्छ – समृद्धिको शिक्षा, विश्वासको वचनको गतिविधि, विश्वासको सुत्र, सकारात्मक पापस्वीकार, वा शिर्षक दिनुहोस् र दाबी गर्नुहोस्। तिनीहरूले आधारभूत शिक्षा दिदँछन् की आफ्ना स्वार्थमय इच्छाहरू जस्तोसुकै र जहाँसुकै पुर्ण गर्नाको लागी"विश्वास"द्वारा परमेश्वरमा प्रभाव पार्न सकिन्छ।

साँचो चेलापनको केन्द्र उहाँको इच्छा पूरा गर्नका निम्ति उहाँलाई पछ्याइ उहाँमा प्रतिवद्ध हुनु हो। परमेश्वर हाम्रो इच्छातर्फ प्रतिवद्ध हुनुभन्दा हामी उहाँको शिक्षामा समर्पित भएर उहाँलाई पछ्याउन चाहन्छौं।

यसकारण तिमीहरूले यस प्रकारले प्रार्थना गरः 'हे स्वर्गमा हुनुहुने हाम्रा पिता, तपाईको नाम पवित्र गरियोस्। तपाईको राज्य आओस्। तपाईको इच्छा स्वर्गमा झैं पृथ्वीमा पनि पूरा होओस्। मत्ती ६:९-१०

४ तिनीहरू धार्मिक मानिसहरू थिए, तर साँचो बाइबलिय सत्यताको लागी तिनीहरूका कुनै तृष्णा थिएन। साटोमा तिनीहरूले प्रष्टैसँग यसलाई इन्कार गरे।

यूहन्ना ६ अध्यायको यस भिड धार्मिक मानिसहरूको भिड थियो। पूरानो नियमका व्यवस्था पालन गर्न र आफ्ना अग्रजहरूका रीतिहरू पूरा गर्न भनि तिनीहरू यत्नसित लागिरहन्थे; यद्यपि, व्यवस्था दिनुहुने परमेश्वरमा विश्वास व्यक्त गर्नुको साटो योचाँही एक संस्कारयुक्त आज्ञाकारितामात्र थियो।

यस भिड निस्तार चाडलाई हेर्नको निम्ति गइरहेको कुरा यस अध्यायको चार पदले यसो गरी भन्दछः

अनि यहूदीहरूको एउटा चाड, निस्तार-चाड नजिकै थियो। यूहन्ना ६:४

यो अद्भूत छ की यस धार्मिक मानिसहरूको भिड, जो निस्तार चाड हेर्न भनि अघि बढिरहेको थिए, तिनीहरूले निस्तारचाडको थूमा आफैले सिकाउनुभएको सत्यता सुनिरहेका थिए; तरैपनि ढिट र अविश्वासका कारण तिनीहरूले यसलाई इन्कार गरे। तिनीहरू मुर्मुरिए, फतफताए र येशूले सिकाउनुभएको कुरामा ठट्टा समेत गरे।

तब यहूदीहरूले उहाँको विषयमा गनगन गरे; किनकी उहाँले भन्नुभयो, 'स्वर्गबाट ओर्ली आएको रोटी म नै हुँ'। यूहन्ना ६:४१

यसकारण उहाँका चेलाहरूमध्ये धेरैले यो सुनेर भनेः "यो कठोर वचन हो, कसले यसलाई सुन्न सक्छ र?" यूहन्ना ६:६०

यसकारण यहूदीहरूले "यस मानिसले कसरी हामीलाई आफ्नो मासु खान दिन सक्छ?" भन्दै आपसमा झगडा गरे। यूहन्ना ६:५२

आज पनि लाखौं-लाख धार्मिक मानिसहरू छन्, जसले आफूलाई एक ख्रीष्टियन हुँ भन्दछन्, तर परमेश्वरको वचनको शिक्षामा कुनै विश्वास राख्दैनन् वा सुन्न नै चाहदैँनन्। साँचो चेलाले परमेश्वरको वचन र परमेश्वरद्वारा त्यसमा प्रदान गरिएका सत्यतालाई प्रेम गर्दछ। उसले अध्ययन गर्दछ र साँचो तरीकाले बुझ्नका लागी खोजी गर्दछ र त्यसको शिक्षालाई अभ्यास गर्दछ। झूटो चेलाले बाइबलको सत्यतालाई बिगार्दछ र बटार्दछ। उसले सिकाउन र मानिसहरूले सुन्न चाहेको कुरा उसले सिकाउँदछ। त्यहाँ जान्नको लागी, सिकाउनको लागी, वा परमेश्वरको वचनमा सिकाइएको सत्यतालाई अभ्यास गर्नको लागी वास्तविक चाहना रहदैँन।

तर उहाँले जवाफ दिएर तिनीहरूलाई भन्नुभयोः "यशैयाले तिमी कपटीहरूका विषयमा ठीक भविष्यवाणी गरेका छन्, जस्तो लेखिएको छः 'यस जातिले मलाई आफ्ना ओठले ता आदर गर्दछ, तर यिनीहरूको हृदय

मदेखी टाढो छ। तर यिनीहरू व्यर्थमा मेरो उपासना गर्दछन्, किनकी मानिसहरूका आज्ञाहरूलाई धर्म-शिक्षाहरूझैँ सिकाउँछन्। मर्कुस ७:६-७

५ तिनीहरूले येशूलाई "पछ्याए" तापनि, तिनीहरूले उहाँमाथि आफ्नो विश्वास राखेनन्।

त्यो जिउँदो रोटी म नै हुँ, जो स्वर्गबाट ओर्लेर आयो; कसैले यस रोटीबाट खायो भने ऊ सधैँभरि जिउनेछ; अनि त्यो रोटीचाँही, जो म दिनेछु, मेरो मासु हो, जसलाई म संसारको जीवनका निम्ति दिनेछु। ५२ यसकारण यहूदीहरूले "यस मानिसले कसरी हामीलाई आफ्नो मासु खान दिन सक्छ?" भन्दै आपसमा झगडा गरे। यूहन्ना ६:५१-५२

येशूले तिनीहरूले उहाँको मासु खानुपर्छ र उहाँको रगत पिउनुपर्छ भनि सिकाउनुभयो। ती जसले उहाँलाई सुनिरहेका थिए यो आत्मिकी भावमा हो भनि तिनीहरूले बुझे। तिनीहरूले उहाँको दाबी र शिक्षालाई बुझे। उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ भनि प्रमाण देखे तापनि, येशूमा विश्वास राखी अनन्त जीवन प्राप्त गर्नुको साटो, तिनीहरूले उहाँलाई इन्कार गरे। आज धेरैले येशूलाई असल मानिस, भविष्यवक्ता, वा असल नैतिक शिक्षक भन्दछन्, तर तिनीहरूले उहाँ परमेरश्वरको पुत्र र अनन्त जीवनको एकमात्र श्रोत हुनुहुन्छ भन्ने कुरालाई भने इन्कार गर्दछन्।

तर उहाँले जवाफ दिएर तिनीहरूलाई भन्नुभयोः "यशैयाले तिमी कपटीहरूका विषयमा ठीक भविष्यवाणी गरेका छन्, जस्तो लेखिएको छः 'यस जातिले मलाई आफ्ना ओठले ता आदर गर्दछ, तर यिनीहरूको हृदय मदेखी टाढो छ। तर यिनीहरू व्यर्थमा मेरो उपासना गर्दछन्, किनकी मानिसहरूका आज्ञाहरूलाई धर्म-शिक्षाहरूझैँ सिकाउँछन्। मर्कुस ७:६-७

६ तिनीहरूले आफ्नो अविश्वासलाई उचित, सिद्ध गरे र त्यसलाई समर्थन गरे।

जो-जतिले येशूलाई इन्कार गरे तिनीहरूले प्रमाणलाई बे-वास्ता गरे। येशूले पनि घरिघरि उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ, र परमेश्वरको बराबरीमा हुनुहुन्छ भनि दाबी गर्नुभयो। तिनीहरूले देखेका अनेकौं आश्चर्यकर्महरूद्वारा उहाँले आफ्नो दाबीलाई पुष्टि गर्नुभयो। बप्तिष्मा दिने यूहन्नाले उहाँ संसारको पाप उठाइ लैजाने परमेश्वरको थूमा" हुनुहुन्छ भनि थाहा गरे। जब येशूले बप्तिष्मा लिनुभयो, उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ भनि स्वयमं परमेश्वर आफैले सार्वजनिक रुपमा बताउनुभयो। यद्यपि, तिनीहरूले प्रशस्त प्रमाणहरूलाई इन्कार गरे र आफ्ना अविश्वासलाई सिद्ध गरे।

अनि तिनीहरूले भनेः "के यिनी यूसुफका छोरा छोरा येशू होइनन् र, जसका बाबु र आमालाई हामी चिन्छौं? तब यिनले कसरी 'म स्वर्गबाट ओर्ली आएको हुँ' भन्छन् त?" यूहन्ना ६:४२

आज पनि यो स्थिति भिन्न रहेको छैन। मानिसहरूले अझैपनि सृष्टिको प्रमाणहरूलाई इन्कार गर्दछन् र येशू ख्रीष्टको पुनरुत्थानलाई इन्कार गर्दछन्। क्रमिक बिकासका सम्पूर्ण सिद्धान्त आफूलाई सिद्ध तुल्याउने र परमेश्वरलाई इन्कार गर्नको लागी प्रमाण प्रस्तुत गर्ने प्रयास मात्र हो।

७ पापबाटको पश्चातापको त्यहाँ कुनै प्रमाण रहेको थिएन।

यस पूरा अध्याय (६) भरि नै त्यहाँ झिनो भए पनि पापबाटको पश्चातापको वा पापबाटको फर्काईको प्रमाण छैन। तिनीहरू आफ्ना पापमा नै लागिरहे र मुक्तिदातालाई इन्कार गरे।

८ त्यहाँ साँचो आराधनाको इच्छा रहेको थिएन।

'ती जाति आफ्नो मुखले चाँही मेरो नजिकमा आउँछ, र आफ्ना ओठले मेरो आदर गर्छ; तर यिनीहरूको हृदय मदेखि टाढो छ। तर यिनीहरू व्यर्थमा मेरो उपासना गर्छन्, किनकी मानिसहरूका आज्ञाहरूलाई धर्म-शिक्षाहरूझैँ सिकाउँछन्'। मत्ती १५:८-९

यस पाठलाई निष्कर्षमा ल्याउँदा, बब् र क्यारोल ज्यानेकबाट, जो भारतमा मिसिनेरीको रुपमा सेवाग्रत थिए, फिल र लिण्डा बेनेडिक्टले प्राप्त गरेको ई-मेलको प्रतिलिपी यहाँ प्रस्तुत गरिएको छ। यस ई-मेल अप्रिल ३०, २००४मा पठाइएको थियो।

जेनेक्सबाटः

लूकाको बारेमा लेख्नको लागी कठिन रहेको छ। ऊ आइतबार हामीसँग थियो। सोमबार छालाको समस्यासाथ ऊ उठ्यो। साँझसम्म पानी पिउन ऊ डराउन लाग्यो। हामीले उसलाई मगंलबार बिहान अस्पताल पुर्यायौं। बुधबार साँझमा ऊ सुतिसकेको थियो। यो तत्काल नै भयो, तरैपनि अधिक समयसम्म रह्यो। आफ्नो छोरा बितेको हेर्न साहैं गाह्रो हुँदो रहेछ।

लूका हाम्रो कास्ठ हिमालको भिरालोमा सुरेली खेल्न रुचाउँथ्यो। सडकका सबै कुकुरहरू र डुलिहिँड्ने गाईहरूको नाम उसले राखेको थियो। उसका साथी कुकुरहरूमध्येको एकलाई रेबिज लागेको हुनसक्छ। लूकालाई कहिले पनि कुनै टोकेको त थिएन। शायद अनुहारमा चाटेकोले गर्दा हुनसक्छ।

आशाका खोजी गर्दै, हाम्रो छिमेकीले हामीलाई दिल्लीसम्म गाडीमा पुर्याइ दिनुभयो। यो अति नै कठिन थियो, जोखिमपूर्ण बाटोमा करिब ६ घण्टाको यात्रा रहेको थियो। ए.सी चलाउनाले वा झ्यालको सिसा खोल्नाले, लूकालाई अत्याउँदथ्यो। त्यहाँ पुग्दासम्म बाटोभरि नै ऊ बोलिरह्यो। उसको व्यक्तित्वमा बदली भइरहेको थियो। घामको तापले मुर्छा परेको कुरा उसलाई थाहा भयो। हामीलाई सिफारिस गरिएको अस्पताल पत्ता लगाउनुभन्दा अघि, मैले उसको शरिरलाई पक्रिनुपर्थ्यो। तिनीहरूले उसलाई भर्ना गरेनन्। दिल्लीमा साँझको सवारी आवागमनमा हामीले संक्रात्मक रोग अस्पतालको खोजी गर्नुपर्नेथ्यो। आखिरीमा जब हामी त्यहाँ पुग्यौं। उसलाई देखेर तिनीहरू त्रसित भए। उसलाई अँध्यारो कक्षमा फलामे ढोका बारमा राखिछाड्ने र त्यसलाई ताच्चा लगाउने उनीहरूको विकल्प थियो। ऊ मर्न लागेको हामीले बाहिरबाट हेर्न सकेनौं। "ऊ चाँडै नै मर्नेछ"। तपाईहरू यस कक्ष चाहनुहुन्छ की हुदैँन चाँडो निर्णय गर्नुहोस् कारण हाम्रो घर जाने समय भइसकेको छ। तब हामीले हाम्रो घरतिरको लामो यात्राको थालनी गर्यौं।

तिनीहरूले लूकालाई शान्त पार्नको निम्ति लठ्याउने औषधी दिए। यसले पनि त्यति कार्य गरेन। ऊ अझैसम्म पनि निरन्तर बोलिरहेको थियो। ऊ अब त झन् अनेक अनियमित वाक्यहरूमा बोलिरहेको थियो। प्रायजसो, ऊ परिवारका सदस्यहरूको वा छिमेकीको कुकुरको बारेमा बोल्दथ्यो। कहिले काँही हिन्दीमा बोल्दथ्यो। मैले उसलाई सारा बाटोभरि पक्रिरहैं। मलाई थाहा थियो की मेरो छोरालाई पक्रने यो अन्तिम समय हुनेछ। ऊ जादैँ थियो।

हामी हाम्रो सानो ख्रीष्टियन अस्पतालमा बिहानको ४ बजे आइपग्यौं। सबैकुरा शान्त थियो। मैले उसलाई बोकेर कोठामा पुर्याइन्जेल सम्ममा हाम्रो डाक्टर त्यहाँ उपस्थित हुनुभएसकेको थियो। नर्सहरूले उसको नसाबाट औषधीहरू दिए। लूका चाँडै नै शान्त भइरहेको थियो। हाम्रो डाक्टर, र सारा कर्मचारीहरू, पूरा दिन लूकाको लागी प्रार्थना गरी नै रहेका थिए। जब तिनीहरूले त्यस दिन उसको रेखदेख गरे तब तिनीहरू सबैले नै यति धेरै प्रेम र दया देखाए। ऊ चेत अवस्थामा, बिना पिडा आराम गरिरहेको थियो। हामी अझपनि ऊसँग कुरा गर्न सक्दथ्यौं।

हाम्रा छिमेकीले साम, रीचेका, र हन्नालाई करिब सात बजे अस्पतालमा ल्याउनुभयो। केही बेरमै अरुहरू पनि भेट्न र प्रार्थनाको निम्ति जुट्न लागे। सारा दिनभरि नै मानिसहरू खाना, प्रार्थना, र प्रेम साथ उपस्थित भइ नै रहे। एक स्त्री सारा दिनभरि नै उसको कोठा बाहिर बसिन् र प्रार्थना गरि नै रहिन्। शहरमा मानिसहरू सबै प्रार्थना गरिरहेका थिए। अरुहरूले प्रार्थनाको विषयहरू सारा भारत र संसारभरि पठाए। कति धेरै प्रार्थना। अस्पतालले हामीलाई सँगै जोडिएको कोठालाई भेटघाटका निम्ति आएका मानिस र खाना खानको लागी प्रदान गरिदियो। धेरै मानिसहरू, कोठा भरिकन, बसिरहेका थिए र हामीलाई पर्खिरहेका थिए। तैपनि हामीले चाहेको खण्डमा हामी लूकासँग एक्लै रहन सक्नेथियौं। मैले ऊ बित्तुअघि ... ऊसँग बोल्ने, रुने र प्रार्थना गर्ने मौका पाएँ। अन्ततः, थकित हुँदै, साँझको ६ बजे, म सुत्नको लागी पल्टे। त्यसको केही समयमा नै डाक्टहरू आए। लूका गइसकेको थियो।

लूका येशूसाथ छ। उहाँले उसलाई घरमा लैजानुभयो। हामी दिल्ली जानुअघि मैले उसँग एकान्तमा बोल्ने मौका पाएको थिएँ। उसको जवान जीवनको केही समय अघि उसले येशूलाई आफ्नो जीवनको उद्धारकर्ता बनाएको थियो। दिल्लीबाट घर फर्कने यात्रामा मैले उसलाई स्वर्ग जाने विषयमा कुरा गरेको थिएँ। त्यो कस्तो हुनेछ? ख्रीष्ट त्यहाँ हुनुहुनेछ भन्ने कुरा मात्र लूकालाई थाहा थियो। यो अति नै असल ठाउँ हुनेछ।

ऊ बितेको भोली बिहान (हिजो) हामीले उसको दफन कार्य सकायौं। स्वामीले त्यस रातभरमा लूकाको निम्ति बाकस तयारी गरे। ल्यान्सर लज अनाथालयका तीन ठूला केटाहरूले ख्रीष्टियन दफनस्थल ....रूखहरूले ढाकिएको हिमाली ढिस्कोको सुन्दर स्थलमा उसको चिहान खन्न मद्दत गरे। चिहान पुर्नको निम्ति हामी सबैले सहयोग गर्यौं ... चिहानमाथि हामीले फूलहरू राख्यौं र मैन-बत्ती बाल्यौं, र साथै भजन पनि गायौं।

तपाईहरूको प्रार्थना र प्रेमको लागी धेरै धन्यवाद। लूकाको बारेमा अगाडी नै भन्न नपाएकोमा हामी क्षमा प्रार्थी छौं। लूका मात्र ९ वर्षको थियो। हामीमध्ये कसैलाई पनि भोलीको दिनको प्रतिज्ञा गरिएको छैन, तर हामी सबैलाई परमेश्वरबाट अनन्त जीवन प्रदान गरिएको छ। *उहाँले पनि हामीलाई यस वरदान दिनको निम्ति आफ्नो पुत्रलाई मरेको हेर्नुपरेको थियो।* लूकाले यो ग्रहण गरेको थियो। ऊ जानलाई तयार थियो।

बब्, जेनेक परिवारको लागी

*यो ई-मेल जेनेकहरूको स्वीकृतिबाट प्रयोगमा ल्याइएको हो।

आजको दिनसम्म पनि जेनेकहरू सकृयताकासाथ प्रभु येशू ख्रीष्टलाई पछ्याइरहेका छन्। उहाँलाई पछ्याउनुको मूल्य उनीहरूले आफ्नै छोरा, लूकाको मृत्युको अनुभवद्वारा चुकाए; उनीहरूसँगको मेरो कुराकानीबाट मैले उनीहरूले कुनै तीतोपना, वा क्रोध महसुस गरेको पाइनँ। म जहिले पनि यस ई-मेलको अन्तिम खण्डको दोश्रो अन्तिम वाक्य, *उहाँले पनि हामीलाई यस वरदान दिनको निम्ति आफ्नो पुत्रलाई मरेको हेर्नुपरेको थियो* सम्झना गरिरहनेछु। परमेश्वरले आफ्नो पुत्रको जीवन अर्पि दिनुभयो ताकी हामीले अनन्त जीवन प्राप्त गर्न सकौं। म, एक प्रतिवद्धता जाहेर गर्दछु की म प्रभु येशू ख्रीष्टको साँचो चेला बन्ने छु।

तेह्र

प्रतिवद्धताको आशिष

मचाँही तिनीहरूले जीवन पाऊन्, र झन् प्रशस्त गरी पाऊन् भनि आएको हुँ। यूहन्ना १०:१०ख

परमेश्वरको वचनले प्रष्टसँग शिक्षा दिदँछ की ती जसले उहाँलाई यत्नसाथ खोज्दछन् तिनीहरूका लागी प्रशस्त आशिषहरू राखिएका छन्। तलका खण्ड र अन्य पदहरू अध्ययन गर्नुहोस् जसमा उहाँलाई पछ्याउनेहरूले आशिषका प्रतिज्ञाहरूलाई प्राप्त गर्नेछन् भनि बताइएको छ।

हे मेरा छोरा, तिमीले मेरा वचनहरू ग्रहण गर्यौ र मेरा आज्ञाहरू आफूसित साँचेर राख्यौ भने, र वुद्धितिर आफ्नो कान थाप्यौ, र आफ्नो हृदय समझतिर ढल्कायौ भने, अँ, ज्ञानको निम्ति पुकार्यौ र समझका निम्ति आफ्नो सोर उचाल्यौ भने, तिमीले त्यसलाई चाँदीलाई झैँ खोज्यौ, र लुकाइराखेको धनलाई झैँ त्यसको खोज गर्यौ भने तिमीले परमप्रभुको भय बुझ्नेछौ र परमेश्वरको ज्ञान भेट्टाउनेछौ। किनभने परमप्रभुले वुद्धि दिनुहुन्छ; उहाँको मुखबाट ज्ञान र समझ निस्कन्छन्। धर्मी जनहरूका निम्ति उहाँले खाँटी वुद्धि साँचेर राख्नुहुन्छ; सीधा चाल चल्नेहरूका निम्ति उहाँ ढाल हुनुहुन्छ। उहाँले न्यायका बाटाहरूको रक्षा गर्नुहुन्छ, र आफ्ना पवित्र जनहरूको मार्ग शुरक्षित राख्नुहुन्छ, तब तिमीले धार्मिकता, न्याय, निष्पक्षता, अँ हरेक असल मार्ग बुझ्नेछौ। जब बुद्धि तिम्रो हृदयमा पस्छ, र ज्ञानचाँही तिम्रो प्राणको निम्ति आनन्ददायक बन्छ; तब विवेकले तिमीलाई जोगाउनेछ र समझले तिम्रो रक्षा गर्नेछ। हितोपदेश २:१-११

... तिनीहरू पो बरु धन्य हुन्, जसले परमेश्वरको वचन सुन्छन् र पालन गर्छन्। लूका ११:२८ख

आफ्नो सम्पूर्ण हृदयले परमप्रभुमाथि भरोसा राख, र आफ्नै समझमाथि भर नपर! ६ आफ्ना सबै मार्गहरूमा उहाँलाई मान; र उहाँले तिम्रा बाटाहरू सीधा तुल्याउनुहुन्छ। हितोपदेश ३:५-६

परमप्रभुमाथि भरोसा राख, र भलाइ गर; र तिमी देशमा बस्नेछौ, अनि निश्चय तृप्त हुनेछौ। अनि परमप्रभुमा मग्न होऊ; र उहाँले तिम्रा हृदयका चाहनाहरू पूरा गरिदिनुहुनेछ। आफ्नो मार्गको चिन्ता परमप्रभुलाई सुम्प, र उहाँमाथि भरोसा पनि राख; तब उहाँले त्यो पुर्याउनुहुनेछ। अनि उहाँले तिम्रो धार्मिकता ज्योतिझैँ र तिम्रो न्याय मध्य-दिनको प्रकाशझैँ गरी प्रकट गर्नुहुनेछ। भजनसंग्रह ३७:३-६

आफ्ना कामहरू परमप्रभुलाई सुम्पिदेऊ; र तिम्रा विचारहरू सफल हुनेछन्। हितोपदेश १६:३

प्रभु येशू ख्रीष्टको प्रतिवद्ध चेलाहरूले प्राप्त गर्ने केही निश्चित आशिषहरू तल प्रस्तुत गरिएका छन्।

१ परमेश्वरको वचनलाई प्रेम गर्ने र त्यसमा विश्वासयोग्य हुनेहरूलाई परमेश्वरले शान्ति प्रदान गर्नुहुन्छ।

तपाईको व्यवस्थालाई प्रेम गर्नेहरूका निम्ति ठूलो शान्ति हुन्छ, अनि उनीहरूले कुनै कुरामा ठेस खानेछैनन्। भजनसंग्रह ११९:१६५

जसको मन तपाईमाथी अडेसिएर बसेको हुन्छ, उसलाई तपाईले शान्ति नै शान्तिमा जोगाइराख्नुहुनेछ; किनकी उसले तपाईंमाथि भरोसा राख्दछ। यशैया २६:३

शान्ति म तिमीहरूको साथमा छोड्छु, मेरो शान्ति म तिमीहरूलाई दिन्छु, संसारले दिने जस्तोचाँही म तिनीहरूलाई दिन्नँ। तिमीहरूको हृदय विचलित नहोस्, नता भयभित होस्। यूहन्ना १४:२७

तर नम्रहरूचाँही पृथ्वीका हकवाला हुनेछन्, र शान्तिको भरपूरीमा मग्न हुनेछन्। भजनसंग्रह ३७:११

कुनै कुराका निम्ति फिक्री नगर, तर हरेक कुरामा प्रार्थना र विन्तिद्वारा तिमीहरूका मागहरू धन्यवादसाथ परमेश्वरकहाँ जाहेर गरिऊन्; र सारा समझलाई माथ गर्ने परमेश्वरको शान्तिले तिमीहरूका हृदयहरू र विचारहरूलाई ख्रीष्ट येशूमा रक्षा गर्नेछ। फिलीप्पी ४:६-७

अनि परमेश्वरको शान्तिले तिमीहरूका हृदयहरूमा राज्य गरोस्, यसैका निम्ति तिमीहरू पनि एउटै शरिरमा बोलाइएका छौ; अनि तिमीहरू धन्यवादी होओ। कलस्सी ३:१५

२ जीवनयापनका निम्ति हामीलाई अर्थयुक्त उद्देश्य प्रदान गरिएको छ।

मेरो नामले कहलाइने हरेकलाई; किनकी मैले उसलाई आफ्नो महिमाका निम्ति सृष्टि गरँै; मैले उसलाई रचैं; अँ, मैले उसलाई बनाएँ'। यशैया ४३:७

किनकी हामी असल कामहरूका निम्ति ख्रीष्ट येशूमा सृजना गरिएका उहाँका हातका कारिगरी हौं, जुन कामहरूबाट हामीले हिँड्नुपर्छ भनेर परमेश्वरले अघिबाटै तिनलाई तयार पार्नुभएको छ। एफिसी २:१०

तर तिमीहरू एउटा चुनिएको वंश, एउटा राजकीय पूजाहारीको समाज, एउटा पवित्र जाति र निज प्रजा हौ; यसैले जसले तिमीहरूलाई अन्धकारबाट आफ्नो अचम्मको ज्योतिभित्र बोलाउनुभयो, उहाँका सद्गुणहरू तिमीहरूले प्रकट गर; १पत्रुस २:९

अनि अन्यजातिहरूका बीचमा तिमीहरूले असल चालचलन देखाओ; र जुन कुरामा कुकर्म गर्नेहरू भनि तिनीहरू तिमीहरूको विरोधमा बोल्छन्, तिमीहरूका असल कामहरू देखेर ती कुराकै कारणले तिनीहरूले न्यायको दिनमा परमेश्वरको महिमा गरुन्। १पत्रुस २:१२

यसकारण अब हामी ख्रीष्टका राजदूतहरू हौं, मानो परमेश्वरले हामीद्वारा विन्ती गरिरहनुभएको छ; हामी ख्रीष्टको सट्टामा विन्ती गर्दछौः 'परमेश्वरसँग मिलाप गर'। किनकी उहाँमा हामी परमेश्वरका धर्मिकता बन्न पाऔं भनेर पापै नजान्नुहुनेलाई परमेश्वरले हाम्रा निम्ति पाप तुल्याउनुभयो। २कोरिन्थी ५:२०-२१

अनि हामी भलाई गर्न नथाकौं; किनकी हरेस खाएनौं भने हामीले ठीक समयमा कटनी गर्नेछौं। गलाती ६:९

प्रभुसँग नजिकको हिँडाईको महान् आशिषमध्ये एकचाँहि यो हो की उहाँको आफ्नो इच्छा र उद्देश्य पूरा गर्नाको लागी तपाई परमेश्वरबाट प्रयोग गरिनुभएको छ। हामीले प्रार्थना र आज्ञाकारिताद्वारा परमेश्वरबाट प्रयोग गरिन सक्दछौं। यससँग केहीले पनि तुलना गर्न सक्दैन। तालमा डुङ्गा विहार गर्दा, गल्फ खेल्दा हुँदी, नयाँ घरमा सर्दाखेरी, नयाँ कार वा पिक-अप किन्दा, मायामा पर्दा, तपाईको मनपर्दो टोलीले राष्ट्रिय प्रतिस्पर्दामा जित हासिल गर्दा, आर्थिक सफलता हासिल गर्दा, र शारिरिक रुपमा स्वस्थ्यता हासिल हुँदा, यी सबैले नै परमेश्वरबाट प्रयोग गरिएको कुरासँग तुलना गर्दा केही पनि होइनन्। यो कुराचाँही उद्धार नगरिएका

मानिसहरू र केही ख्रीष्टियनहरूका लागी मूर्खता हुन्; तर ती जो उहाँको लागी जिउन चाहन्छन्, यो महान् आनन्द र गहिरो सदा रहिरहने सन्तुष्टिको श्रोत हो।

३ जब हामीले सकृयताका साथ उहाँको सेवा गर्दछौं, हामीले फलदायी जीवनयापन गर्दछौं।

तर उसको आनन्द परमप्रभुको व्यवस्थामा हुँदछ, र उहाँकै व्यवस्थामा दिनरात मनन गर्दछ। तब ऊ पानीका नदीहरूको किनारमा रोपिएको रूखझैँ हुनेछ, जसले आफ्नो ऋतुमा आफ्नो फल फलाउँदछ; उसको पात पनि ओइलिनेछैन; अनि उसले जे गर्दछ, त्यो सफल हुनेछ। भक्तिहिनहरू त्यस्ता हुँदैनन्; तर भूसजस्ता हुन्छन्, जसलाई हावाले उडाई लैजान्छ। भजनसंग्रह १:२-४

दाखको बोट म नै हुँ; तिमीहरूचाँही हाँगा हौ। जो ममा रहन्छ, अनि म उसमा, उसैले धेरै फल फलाउँछ; किनभने मबाट अलग भएर तिमीहरूले केही पनि गर्न सक्दैनौ। यूहन्ना १५:५ **तिमीहरूले मलाई चुनेनौ, तर मैले तिमीहरूलाई चुनें, अनि तिमीहरू जाओ र फल फलाओ, र तिमीहरूको फल फलिरहोस् भनि तिमीहरूलाई नियुक्त गरें; र तिमीहरूले पितालाई मेरो नाममा जे मागौला, सो उहाँले तिमीहरूलाई दिनुहुनेछ।** यूहन्ना १५:१६

तिमीहरूले धेरै फल फलायौ भने, यसैमा मेरा पिताको महिमा हुनेछ@ र तिमीहरू मेरा चेला हुनेछौ"। यूहन्ना १५:८

तब हामीलाई दिइएको अनुग्रहअनुसार हामीले बेग्ला-बेग्लै किसिमका दानहरू पाएका छौं; रोमी १२:६क

अनि यही कारणले पनि तिमीहरूले सबै यत्न गरेर आफ्नो विश्वासमाथि सद्गुण, सद्गुणमाथि ज्ञान, "अनि ज्ञानमाथि संयम, संयममाथि धीरज, धीरजमाथि भक्ति, अनि भक्तिमाथि भाइ-भाइको माया र भाइ-भाइको मायामाथि प्रेम थप। किनकी यी कुराहरू तिमीहरूमा छन्, र प्रशस्त हुँदै जान्छन् भने यिनीहरूले तिमीहरूलाई हाम्रा प्रभु येशू ख्रीष्टको पहिचानमा बेकम्मा र निष्फल नहुने तुल्याउँछन्। तर जससँग यी कुराहरू छैनन्, ऊ अन्धा हो, र टाढा देख्न सक्दैन, अनि आफ्ना पहिलेका पापहरूबाट ऊ शुद्ध पारिएको छ भन्ने कुरा उसले बिर्सेको छ। २पत्रुस १:५-९

अनि उहाँले तिनीहरूलाई भन्नुभयोः "मेरो पछि लाग, र म तिमीहरूलाई मानिसहरूका मछुवा तुल्याउनेछु!" मत्ती ४:१९

येशू ख्रीष्टको चेलाले अरुहरूलाई बचाउनको निम्ति प्रभु येशू ख्रीष्टमाथिको विश्वासमा ल्याउने खोजी गर्दछ। परमेश्वरले हामीलाई उहाँमा वोलावट गर्नुको एक आधारभूत कारण यो नै हो।

एउटा साँचो विश्वासीको जीवनबाट परमेश्वरले प्रार्थनाको जवाफ दिनुहुन्छ र कार्य गर्नुहुन्छ। त्यहाँ आत्मिकी फलहरू फल्नेछन्, वा अर्को शब्दमा भन्नुपर्दा, एक साँचो विश्वासीको जीवनमा परमेश्वर कार्यरत हुनुहुन्छ भन्ने कुरालाई यसले प्रमाणित गर्दछ।

जब हामीले आफ्नो स्व-इच्छालाई प्रोत्साहन गर्दछौं, परमेश्वरको आत्माले हामीमा कार्य गर्दैहुनुहुन्न भनेर यसले संकेत दिँदछ। प्रभु येशू ख्रीष्टको चेला हुँ भनि दाबी गर्ने व्यक्तिको जीवनबाट परमेश्वरले काम गर्नुहुन्छ भनि यदि त्यहाँ थोरै मात्र वा कुनै पनि प्रमाण भेटिदैँन भने, त्यहाँ केही आमूल खराबी छन्।

४ जब हामीले उहाँको सेवा गर्दछौं, तब हामीले जीवनको आनन्द लिन सक्दछौं।

परमप्रभुमाथि भरोसा राख, र भलाइ गर; र तिमी देशमा बस्नेछौ, अनि निश्चय तृप्त हुनेछौ। भजनसंग्रह ३७:३

हे नानीहरूहो, प्रभुमा आफ्ना बाबुआमाको आज्ञा पालन गर, किनकी यो उचित छ। 'आफ्ना बाबु र आमालाई आदर गर', जोचाँही प्रतिज्ञा सहितको पहिलो आज्ञा हो, 'र तिम्रो भलाइ होस् र यस पृथ्वीमा तिम्रो आयु लामो होस्'। एफिसी ६:१-३

"जो यस संसारमा धनवान् छन्, तिनीहरूलाई कडा आज्ञा देऊ – तिनीहरू अभिमानी नहोऊन्, न ता चञ्चले धनमाथि भरोसा राखून्, तर जिउँदो परमेश्वरमाथि राखून्, जसले हाम्रा आनन्दका निम्ति हामीलाई सब थोक प्रशस्त गरी दिनुहुन्छ; १तिमोथी ६:१७

धार्मिकताका निम्ति भोकाउने र तिर्खाउनेहरू धन्य हुन्, किनभने उनीहरू तृप्त हुनेछन्। मत्ती ५:६

र मैले तिमीलाई आज्ञा गरेका उहाँका सबै विधिहरू र उहाँका आज्ञाहरू पालन गर्नलाई तिमीले आफ्नो सारा जीवनभरि परमप्रभु तिम्रा परमेश्वरको डर मान्न सक – तिमीले, तिम्रा छोराछोरी र तिम्रा नातिनातिनीले; फलस्वरुप तिम्रो आयु लामो होओस्। व्यवस्था ६:२

तिमीहरूले धर्मी जनलाई भनः 'तिम्रो भलो हुनेछ!' किनभने तिनीहरूले आफ्ना कामहरूको फल खानेछन्। यशैया ३:१०

जसले आँसु बहाउँदै छर्छन्, उनीहरूले हर्षसहित कटनी गर्नेछन्। भजनसंग्रह १२६:५

५ ती जसले परमेश्वरको सेवा गर्दछन् र उहाँको वचनलाई प्रेम गर्दछन्, परमेश्वरले तिनीहरूलाई बुद्धि र समझ प्रदान गर्नुहुन्छ।

परमप्रभुको भय मान्नु नै बुद्धिको शुरु हो; उहाँका आज्ञा पालन गर्नेहरू सबैसँग असल समझ हुन्छ; उहाँको स्तुति सदा-सर्वदा रहिरहन्छ। भजनसंग्रह १११:१०

बूढा- प्रधानहरूभन्दा बढी म समझदार छु; किनकी म तपाईका आदेशहरू पालन गर्दछु। भजनसंग्रह ११९:९९-१००

तपाईका वचनहरूको भित्र पसाइले ज्योति दिन्छ, यसले सिधा-सादाहरूलाई समझ दिन्छ। भजनसंग्रह ११९:१३०

परमप्रभुको भय नै ज्ञानको शुरु हो; तर मूर्खहरूले बुद्धि र शिक्षालाई तुच्छ ठान्छन्। हितोपदेश १:७

किनभने परमप्रभुले वुद्धि दिनुहुन्छ; उहाँको मुखबाट ज्ञान र समझ निस्कन्छन्। हितोपदेश २:६

परमप **परमप्रभुको भय बुद्धिको शुरु हो; अनि परमपवित्रको ज्ञानचाँही समझ हो।** हितोपदेश ९:१०

म जे भन्दछु, त्यसमा ध्यान देऊ; र सबै कुराहरूमा प्रभुले तिमीलाई समझ दिऊन्। २तिमोथी २:७

तर तिमीहरूमध्ये कसैलाई बुद्धिको खाँचो छ भने उसले परमेश्वरलाई मागोस्, जसले सबै मानिसहरूलाई मन खोलेर दिनुहुन्छ र हपार्नुहुन्न; अनि उसलाई यो दिइनेछ। याकूब १:५

बुद्धि श्रेष्ठ वस्तु हो, यसैले बुद्धि प्राप्त गर; र तिम्रो सारा प्राप्तिले समझ प्राप्त गर! हितोपदेश ४:७

६ परमेश्वरले आफ्ना जनहरूलाई संकष्टबाट पार गराउनुहुन्छ।

परमेश्वरको लागी जिउनु भनेको स्वास्थ्य, धन, र आरामको जीवन होइन। यस प्रकारको शिक्षाको ब्याप्तताको कारण पनि, ख्रीष्टियनले केही दुःख र कष्टको समस्याजनक समयको आशा गर्नुपर्दछ।

किनभने ख्रीष्टको सम्बन्धमा उहाँमाथि विश्वास गर्ने मात्र होइन, तर उहाँका निम्ति दुःख भोग्ने पनि तिमीहरूलाई अनुग्रह दिइएको छ। फिलिप्पी १:२९

तर असल काम गरेर पनि त्यसका लागी दुःख भोग्छौ र त्यसलाई धीरजसँग सहन्छौ भने परमेश्वरका सामु यो प्रशंसाको योग्य छ। १पत्रुस २:२०ख

किनकी यसैका निम्ति तिमीहरू बोलाइएका पनि हौ; किनभने तिमीहरू उहाँकै पाइलाहरूका पछि-पछि हुँड भनेर नै ह्राम्रा लागी एउटा नमुना छोड्दै ख्रीष्टले ह्राम्रा निम्ति दुःख भोग्नुभयो। १पत्रुस २:२१

यसैकारण मभित्र-भित्रै मेरो आत्मा व्याकुल भएको छ; मभित्र-भित्रै मेरो हृदय उदास भएको छ। भजनसंग्रह १४३:४

जब हामीले कठिन परिस्थितिको अनुभव गर्दछौं, तब त्यस समयभरि नै परमेश्वरको आत्मा हामीभित्र वास गर्नुहुन्छ र हामी साथ रहनुहुन्छ भन्ने कुरा हामीलाई थाहा छ। परमेश्वरको सामर्थ्यद्वारा, कठिन समयलाई जित्नका लागी हामीलाई सामर्थ्य प्रदान गरिदँछ। ती जो उहाँको साथमा हिडँदछन्, व्यथा र समस्याको समयहरूमा उहाँको अनुग्रह तिनीहरूमा पर्याप्त छ भनि तिनीहरूले थाहा गर्दछन्। दुःख र कष्ट वास्तविक हुन्, तर प्रेम, अनुग्रह, कृपा, र परमेश्वरको आत्मा पनि साँचो हो।

अनि उहाँले मलाई भन्नुभयोः 'मेरो अनुग्रह तिम्रो लागी प्रशस्त छ, किनकी दुर्बलतामा मेरो सामर्थ्य सिद्ध हुन्छ'। यसकारण ख्रीष्टको सामर्थ्य ममाथि रहोस् भनेर बरु मेरा दुर्बलताहरूमा ज्यादै खुशीसित म गर्व गर्नेछु। २कोरिन्थी १२:९

धर्मी जनहरूले पुकार्दछन्; अनि परमप्रभुले सुन्नुहुन्छ, र उनीहरूका सबै कष्टहरूबाट उनीहरूलाई छुटकारा दिनुहुन्छ। भजनसंग्रह ३४:१७

किनकी विपत्तीको दिनमा उहाँले मलाई आफ्नो मण्डपभित्र लुकाइराख्नुहुनेछ; उहाँले मलाई आफ्नो वासस्थानको गुप्त स्थानमा लुकाउनुहुनेछ; उहाँले मलाई चट्टानमाथि बसाल्नुहुनेछ। भजनसंग्रज २७:५

तपाई मेरा लुक्ने ठाँउ हुनुहुन्छ; तपाईले मलाई दुःखबाट जोगाउनुहुनेछ; तपाईले मलाई छुटकाराका गीतहरूले घेर्नुहुनेछ। भजनसंग्रह ३२:७

परमेश्वर ह्राम्रा शरणस्थान र बल, सङ्कष्टहरूमा तुरुन्तै पाइने सहायता हुनुहुन्छ। भजनसंग्रह ४६:१

ममा तिमीहरूलाई शान्ति मिलोस् भनेर यी कुराहरू मैले तिमीहरूलाई भनेको हुँ। संसारमा तिमीहरूलाई सङ्कष्ट हुनेछ। तर साहस गर, मैले संसारलाई जितेको छु। यूहन्ना १६:३३

किनकी ह्राम्रो छिनभरको हल्का सङ्कष्टले ह्राम्रा निम्ति नाप्नै नसकिने र सदा रहने भारी महिमा उत्पन्न गर्छ;

२कोरिन्थी ४:१७

अनि म पितालाई प्रार्थना गर्नेछु, र उहाँले अर्को शान्तिदाता, उहाँ सधैँभरि तिमीहरूसँगै रहून् भनेर तिमीहरूलाई दिनुहुनेछ; यूहन्ना १४:१६

स्कट पिइपर कुना ब्याप्टिस्ट मण्डली, कुना, इडाहोको पाष्टर हुनुहुन्छ। स्कट र उहाँकी पत्नी, जुलीका सात नानीहरू भए, तिनीहरू सबै छोरीहरू थिए। जुली एक ईश्वरीय पत्नी, र सेवकाईमा सहभागी थिइन्, यसको चर्चा थियो। सन् २००६मा तिनमा क्यान्सर छ भन्ने पत्ता लाग्यो र जीवन जिउनका निम्ति उनीसँग धेरै समय थिएन। आक्रमक उपचार पछि, उनका सात नानीहरूको हेरचाहको जिम्मा स्कट एक्लैलाई छाडि सन् २००७को हिउँदमा उनी बितिन्। उनको मृत्युको केही समय अघिमात्र जुलीको नजिकिएको मृत्यु बारेमा म स्कटसँग कुराकानी गर्दै थिएँ। स्कटले उनकी पत्नीलाई गहिरो प्रेम गर्दथे। उनले भनेका उस्तै शब्दहरू त म सम्झना गर्न सक्दिन, तर जब उनले आफ्नो "हल्का जाँच"को बारेमा सुनाउन थाले ममा भय भयो। पछि, जुलीको मृत्यु पश्चात्, उनले बयान दिए की उनी त्यस "हल्का जाँच" बारेमा बताउन सक्दछन् कारण यो वचनमा रहेको प्रतिज्ञाप्रतिको उनको विश्वास र उनको जीवनमा प्रभुको उपस्थितिले गर्दा हो।

प्रभु येशू ख्रीष्टको चेला भएकाले, हामी एक्लैले परीक्षाको सामना गर्नुपर्दैन।

७ उहाँलाई पहिलो स्थानमा राख्नेहरूका जीवनमा रहेका खाँचोहरूको प्रबन्ध परमेश्वरले गरिदिनुहुन्छ।

यसकारण 'हामी के खाऔंला? हामी के पिऔलां? वा हामी के पहिरौंला?' भन्दै तिमीहरू फिक्री नगर। ३२ किनकी अन्यजातिहरू यी सबै थोकहरूको खोज गर्दछन्; किनकी तिमीहरूलाई यी सबै थोकहरूको खाँचो छ भनि तिमीहरूका स्वर्गीय पिताले जान्नुहुन्छ। ३३ तर पहिले परमेश्वरको राज्य र उहाँको धार्मिकताको खोजी गर, र यी सबै थोकहरू तिमीहरूलाई थपिनेछन्। मत्ती ६:३१-३३

अब मसँग सब थोक छन्, र भरपुर भएको छु; तिमीहरूले एपाफ्रोडिटसद्वारा पठाएका यी कुराहरू पाएर म तृप्त भएको छु – यो मीठो वास्ना आउने सुगन्ध, ग्रहणयोग्य बलि हो, जो परमेश्वरलाई खूबै मन पर्छ। १९ तर मेरा परमेश्वरले आफ्नो धनअनुसार महिमामा ख्रीष्ट येशूद्वारा तिमीहरूका सबै खाँचो पूरा गरिदिनुहुनेछ। फिलिप्पी ४:१८-१९

अनि सधैँभरि सबै कुराहरूमा पूरा भरिभराउ भएर हरेक असल कामका लागी तिमीहरू भरपूर होओ भनेर तिमीहरूलाई सबै अनुग्रह प्रशस्त गरी दिनालाई परमेश्वर सामर्थी हुनुहुन्छ। २कोरिन्थी ९:८

८ जब हामी उहाँसँग हिँड्दछौं, उहाँद्वारा हामीलाई शुरक्षा गरिदँछ।

परमप्रभुमाथि भरोसा राख, र भलाइ गर; र तिमी देशमा बस्नेछौ, अनि निश्चय तृप्त हुनेछौ। भजनसंग्रह ३७:३

परमप्रभु मेरो चट्टान, मेरो किल्ला र मेरा उद्धारक हुनुहुन्छ; मेरा परमेश्वर, मेरो बल, जसमाथि म भरोसा राख्नेछु; मेरो ढाल, मेरो उद्धारको सिङ र मेरो उच्च गढ। भजनसंग्रह १८:२

जो सिधा चाल चल्छ, ऊ बचाइनेछ; तर जसका चालहरू टेढा छन्, त्यो एक्कासी लोट्नेछ। हितोपदेश २८:१८

उहाँले तिमीलाई आफ्ना प्वाँखहरूले ढाक्नुहुनेछ; र उहाँका पखेटाहरूमनि तिमीले शरण लिनेछौ; उहाँको सत्यता तिम्रो ढाल र कवच हुनेछ।

उहाँले तिमीलाई आफ्ना प्वाँखहरूले ढाक्नुहुनेछ; र उहाँका पखेटाहरूमनि तिमीले शरण लिनेछौ; उहाँको सत्यता तिम्रो ढाल र कवच हुनेछ। भजनसंग्रह ९१:४

परमप्रभुको नाम बलियो धरहरा हो; धर्मी जन त्यसभित्र दगुरेर जान्छ, र शुरक्षित रहन्छ। हितोपदेश १८:१०

जसले आफ्नै हृदयमाथि भरोसा राख्छ, त्यो मूर्ख हो; तर जो बुद्धिमानीसाथ हिँड्छ, उसले छुटकारा पाउनेछ। हितोपदेश २८:२६

किनकी विपत्तीको दिनमा उहाँले मलाई आफ्नो मण्डपभित्र लुकाइराख्नुहुनेछ; उहाँले मलाई आफ्नो वासस्थानको गुप्त स्थानमा लुकाउनुहुनेछ; उहाँले मलाई चट्टानमाथि बसाल्नुहुनेछ। भजनसंग्रह २७:५

९ जब हामी उहाँसाथ हिँड्दछौं, हामीले मृत्युको कुनै भय राख्दैनौं।

'मृत्यु विजयमा निलियो'। ५५'हे मृत्यु, तेरो खील कहाँ छ? हे चिहान, तेरो विजय कहाँ छ?' १कोरिन्थी १५:५४ख, ५५

हामी ढुक्क छौं, र शरिरबाट अलग भएर बरु प्रभुसित रहनु नै इच्छा गर्छौं। २कोरिन्थी ५:८

दुष्ट त्यसकै दुष्टताले गर्दा लखेटिन्छ; तर धर्मी जनलाई आफ्नो मृत्युमा पनि आशा हुन्छ। हितोपदेश १४:३२

चाहे मृत्युको घोर अन्धकारमय छायाको घाटीबाट भएर हिँड्नुपरे तापनि म कुनै खराबीदेखी डराउनेछैनँ; किनकी तपाई मेरो साथमा हुनुहुन्छ; तपाईको लाठो र तपाईको लौराले, अँ, तिनैले मलाई सान्त्वना दिन्छन्। भजनसंग्रह २३:४

दुई पटक संक्रामक इन्सेफलाइटिसद्वारा म मृत्युको नजिकमा पुगेको छु, जुनचाँही दिमागमा हुने संक्रमण हो। दुवै पटक म वेहोशी अवस्थामा पुगेको थिएँ। म बाँच्नेछु या छैन भनि डाक्टरहरूले पनि बताइरहन सकेका थिएनन्। जब दोश्रो पटक म वेहोशीबाट होशमा आउँदै थिएँ, म कति विरामी थिएँ र म मृत्युको नजिकमा थिएँ भन्ने कुरालाई महसुस गर्न सक्दथेँ। म इमान्दारिताका साथ बन्न सक्दछु की म मर्न डराएको थिइनँ किनभने उहाँमा मेरो अनन्तता शुरक्षित छ भन्ने मलाई थाहा थियो।

हामी, ख्रीष्टियन भएकाले, मृत्युको भय राख्नुहुदैँन।

१० जब हामी उहाँको सेवा गर्दछौं, स्वर्गमा हामीले अनन्तताको इनामहरू कहाइरहेका हुँदछौं।

यो जानेर की हरेक मानिसले, चाहे ऊ दास होस, चाहे स्वतन्त्र, जे-जे भलो काम गर्दछ, प्रभुबाट उसले त्यही पाउनेछ। एफिसी ६:८

४२ अनि जसले यी सानाहरूमध्ये एउटालाई चेलाको नाममा एक कचौरा चिसो पानी मात्र भए पनि पिउन देला, म तिमीहरूलाई साँचो भन्दछु, त्यसले कुनै रीतिले आफ्नो इनाम गुमाउनेछैन"। मत्ती १०:४२

३ हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर र पिता धन्य होऊन्, जसले आफ्नो ठूलो दयाअनुसार येशू ख्रीष्टको मरेकाहरूबाटको बौरीउठाइद्वारा एउटा जिउँदो आशाका निम्ति हामीलाई नयाँ गरी जन्माउनुभएको छ; ४ एउटा अविनाशी, निष्कलङ्क र ओइलिएर नजाने पैतृक-सम्पत्तिका निम्ति, जो तिमीहरूका लागि स्वर्गमा शुरक्षित राखिएको छ; १पत्रुस १:३-४

अनि जे तिमीहरू गर्दछौ, सो मानिसहरूका निम्ति होइन, तर प्रभुका निम्ति गरेझैँ तनमनले गर; यो कुरा जानेर की प्रभुबाट तिमीहरूले पैतृकसम्पत्तीरुपी इनाम पाउनेछौ; किनकी तिमीहरू प्रभु ख्रीष्टको सेवा गर्दछौ। कलस्सी ३:२३-२४

"आफ्ना निम्ति पृथ्वीमा सम्पत्ती नथुपार, जहाँ किरा र खियाले नष्ट पार्दछन् – जहाँ चोरहरूले फोर्दछन् र चोर्दछन्; २० तर आफ्ना निम्ति सम्पत्ती स्वर्गमा थुपार, जहाँ न कीराले नष्ट पार्दछ न खियाले – जहाँ चोरहरूले न फोर्दछन् न चोर्दछन्। २१ किनभने जहाँ तिमीहरूको सम्पत्ती छ, त्यहीं तिमीहरूको हृदय पनि हुनेछ। मत्ती ६:१९-२१

किनभने मानिसका पुत्र आफ्ना पिताको महिमामा आफ्ना दूतहरूका साथमा आउनेछन्, र त्यस बेला उनले हरेकलाई उसका कामहरूअनुसार प्रतिफल दिनेछन्। मत्ती १६:२७

अनि हेर, म चाँडै आउँछु; अनि हरेक मानिसलाई जस्तो उसको काम हुनेछ, त्यही अनुसार दिनालाई मेरो इनाम मसित छ। प्रकाश २२:१२

अनि पृथ्वीको धूलोमा सुत्नेहरूमध्ये धेरैजना – कतिजनाचाँही अनन्त जीवनका निम्ति तर कतिजनाचाँही शर्म र अनन्त घृणाका निम्ति बिउझँनेछन्। ३ अनि जोउनी ,जो समझदार छन्-हरूमण्डलको चमकझैँ -आकाश जसले धेरैलाई धार्मिकतातिर फर्काउँछन् उनी अनि ;चम्कनेछन्हरूतारा हरूसर्वदा चम्कनेछन्।-झैँ सदा दानिएल १२:२-३

दानिएल १२:३ अचम्मको पद हो। अनन्तताको लागी, ती जसले अरुहरूलाई धार।मिकतातर्फ डोर्याउँदछन् तिनीहरू ताराहरूझैँ चम्कनेछन्। यस लेखकले यो अचम्मको सत्यतालाई अठ्याए। कमसेकम परमेश्वरका केही मानिसहरूल, एक तरीकाले वा अर्कोले, परमेश्वरको महिमालाई अनन्ततामा परावर्तित गर्दै, ताराहरूझैँ चम्कनेछन्।

११ ती जसले उहाँलाई यत्नसाथ खोज्दछन् परमेश्वरले तिनीहरूलाई इनाम प्रदान गर्नुहुनेछ।

अनि तिमीहरूले मलाई खोज्नेछौ, र मलाई भेट्टाउनेछौ, जब तिमीहरूले मलाई आफ्नो सम्पूर्ण हृदयले खोज्नेछौ। यर्मिया २९:१३

तर त्यहींबाट तिमीले परमप्रभु आफ्ना परमेश्वरलाई खोज्यौ भने – तिमीले आफ्ना सारा हृदय र आफ्नो सारा प्राणले उहाँलाई खोज्यौ भने तिमीले उहाँलाई भेट्टाउनेछौ। व्यवस्था ४:२९

धन्य हुन् उनीहरू, जसले उहाँका शाक्षीवचनहरू पालन गर्दछन्, अनि उहाँलाई सम्पूर्ण हृदयले खोज्दछन्। भजनसंग्रह ११९:२

तर बिनाविश्वास उहाँलाई खूशी पार्नु असम्भव छ; किनकी परमेश्वरकहाँ आउनेले, उहाँ हुनुहुन्छ र उहाँलाई यत्नसित खोज्नेहरूलाई उहाँले इनाम दिनुहुन्छ भनि विश्वास गर्नुपर्छ। हिब्रु ११:६

१२ जब हामी उहाँसँग संगति गर्दछौं, हाम्रो हृदय र आत्माका गहिरो खाँचोहरू पूरा हुन्छन्।

मानिसहरूमा जन्मदेखि नै आत्मिकी खाँचोहरूको महसुस हुँदछ। मानिव इतिहास भरि नै, सबै समयमा र सबै संस्कृतिका मानिसहरूले केही कुरालाई या कसैलाई आराधना गर्नाको निम्ति चाहना गरिरहेका छन्। मानिसहरू जसले साँचो परमेवरलाई जान्दैनन्, तिनीहरूले केही अवास्तविक वा कल्पित चिजहरूको आराधना गर्दछन्। नास्तिकहरू र अरुहरू जसले "धार्मिक" हैनौं भन्दछन्, तिनीहरूले पनि विश्वास गर्नाको लागी केही कारणहरू वा केही थोकहरू खोज्दछन्।

ती जसले बाइबलका एकमात्र सत्य परमेश्वरलाई जान्दछन् र उहाँको आराधना गर्दछन्, हाम्रो विश्वास र भक्ति साँचो छ र हाम्रो सेवा वास्तविकता र सत्यतामा आधारित रहेको छ। जब हामी एकमात्र सत्य परमेश्वरको संगतिमा उहाँसँगै हिँड्दछौं हाम्रो हृदय र आत्माको गहिरो खाँचोहरू पूरा हुँदछन्।

मेरो प्राणले परमप्रभुका चोकहरूको तिर्सना गर्छ; अँ, मूर्छित पनि हुन्छ; मेरो हृदय र मेरो शरिर जीवित परमेश्वरका निम्ति चिच्याइउठ्छन्। भजनसंग्रह ८४:२

आओ, हामी दण्डवत गरौं र निहुरौं; हाम्रा सृष्टिकर्ता परमप्रभुको सामु घुँडा टेकौं! भजनसंग्रह ९५:६

जसरी मृगले खोलाको पानीको तिर्सना गर्छ, त्यसरी ने हे परमेश्वर, मेरो प्राणले पनि तपाईको तिर्सना गर्छ। २ मेरो प्राण परमेश्वरका निम्ति, जीवित परमेश्वरका निम्ति तिर्खाउँछ; कहिले म आऊँ र परमेश्वरको सामु देखा परूँ? भजनसंग्रह ४२:१-२

हे परमेश्वर, तपाई मेरा परमेश्वर हुनुहुन्छ; एकाबिहानै म तपाईलाई खोज्नेछु; सुक्खा र तिर्खाएको भुमिमा, जहाँ पानी छैन, मेरो प्राण तपाईका निम्ति तिर्खाउँछ; मेरो शरिरले तपाईको तिर्सना गर्छ, २ तपाईको सामर्थ्य र तपाईको महिमा देख्नका निम्ति, जसरी मैले तपाईलाई पवित्र स्थानमा देखेको छु। ३ किनकी तपाईको करुणा जीवनभन्दा उत्तम छ; मेरा ओठले तपाईको प्रशंसा गर्नेछन्। ४ यसरी मेरो जीवनभरि म तपाईलाई धन्यको भन्नेछु; म मेरो हातहरू तपाईको नाममा उचाल्नेछु। ५ मेरो प्राण मासी र बोसोले झैं तृप्त हुनेछ; अनि मेरो मुखले हर्षित ओठहरूद्वारा तपाईको स्तुति गर्नेछ; ६ जब आफ्नो ओछ्यानमा म तपाईको सम्झना गर्छु, र रातका पहर-पहरमा म तपाईमाथि ध्यान गर्छु। ७ किनकी तपाई मेरो सहारा हुनुभएको छ; यसकारण तपाईका पखेटाहरूको छाँयामा म रमाउनेछु; ८ मेरो प्राणले ज्यादै तपाईको पिछा गर्दछ; तपाईको दाहिने हातले मलाई सम्हाल्छ। भजनसंग्रह ६३:१-८

चौध

पवित्र आत्मा - चेलापनको निम्ति हाम्रो सामर्थ्य

हामीले अघि पनि हेरिसकेका छौं, साँचो बाइबलिय चेलापनको निम्ति गहिरो प्रतिवद्धता चाहिदँछ। हामी, मानव भएकाले, आफ्नो सामर्थ्यमा, परमेश्वरले चाहनुभएजस्तो र परमेश्वरले चाहनुभएझैँ गरी हामी हुन सक्दैनौं। हामीले अध्ययन निर्देश १२मा अध्ययन गरेका तल प्रस्तुत पदहरूले उहाँका चेलाहरूबाट परमेश्वरले के आशा गर्नुहुन्छ भन्ने कुरालाई सम्झना गराउँदछः

तब येशूले आफ्ना चेलाहरूलाई भन्नयभयोः "कोही मेरो पछि आउन चाहन्छ भने उसले आफैलाई इन्कार गरोस्, आफ्नो क्रूस उठाओस्, र मेरो पछि लागोस् ! मत्ती १६:२४

क्रुस मृत्युको प्रतिक हो। प्रभु येशू ख्रीष्टलाई पछ्याउनु भन्नुको अर्थ हामीले आफूलाई मार्नु हो र उहाँलाई पछ्याउनु हो। यदि कोही यसो गर्न चाहदैँन भने ऊ प्रभुको चेला कहलाइन योग्यको छैन।

अनि जो आफ्नो क्रुस उठाएर मेरो पछि लाग्दैन, त्यो मेरो योग्यको छैन। मत्ती १०:३८

"यसकारण भाइहरूहो, परमेश्वरका कृपाहरूद्वारा म तिमीहरूलाई विन्ति गर्दछुः आफ्ना शरिरहरूलाई तिमीहरूले पवित्र, परमेश्वरलाई मनपर्ने, जिउँदो बलिदानको रुपमा चढाइदेओ; यहि तिमीहरूको उचित सेवा हो। अनि यस संसारसित एकनासे नहोओ, तर परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के रहेछ, सो जाँचेर थाहा पाउनालाई आफ्नो मनको नयाँ हुवाइद्वारा तिमीहरू बदली हुदैँ जाओ"। रोमी १२:१-२

अँ, साँच्चै मेरा प्रभु ख्रीष्ट येशूको ज्ञानको सर्वश्रेष्ठताका निम्ति म सबै कुराहरू हानी ठान्छु; उहाँकै निम्ति मैले सबै कुराहरूको हानी खपें, अनि ख्रीष्टलाई प्राप्त गरूँ र उहाँमा भेट्टाइन सकूँ भनेर म तिनीहरूलाई कसिङ्गर ठान्छु; फिलिप्पी ३:८

जसले बाबु वा आमालाई मलाई भन्दा बेसी माया गर्दछ, त्यो मेरो योग्यको छैन; अनि जसले छोरा वा छोरीलाई मलाई भन्दा बेसी माया गर्दछ, त्यो मेरो योग्यको छैन। मत्ती १०:३७

यसकारण, यसरी नै तिमीहरूमध्ये हरेक जसले आफूसँग भएका सबै कुरा त्याग्दैन, त्यो मेरो चेला हुन सक्दैन। लूका १०:३३

जब हामीले अन्य कुराहरूलाई प्राथमिकता दिदँछौं, हाम्रो परिवारलाई समेत, हामी प्रभु येशू ख्रीष्टको साँचो अनुयायी (चेला) हुन सक्दैनौं।

यदि हामी आफूले गर्नुपर्ने थियो भने हामीमा यस किसिमको प्रतिवद्धता रहने कुरा असम्भव जस्तै हुनेथ्यो। उहाँको सेवा गर्ने प्रयासहरू जुन हाम्रो सामर्थ्यमा भरोसा गरी हामी गर्दछौं, यस प्रयासले धेरै टाढा लादैँन वा धेरै समय टिक्दैन। भाग्यावश, हामी मानिसहरू, कमजोरी छौं भनि परमेश्वर जान्नुहुन्छ। हाम्रो आफ्नै प्रयासमा प्रभु येशू ख्रीष्टको साँचो चेला हुनाको निम्ति प्रतिवद्धता जनाउने जीवन जिउनलाई असंभव हुनेछ भन्ने कुरा परमेश्वरलाई थाहा छ। उहाँले चाहनुभएजस्तै गरी हुन र उहाँले चाहनुभएजस्तै गरी कार्यहरू गर्नका निम्ति

हामीलाई योग्य तुल्याउनलाई, उहाँले हामीलाई आफ्नै आत्मा प्रदान गरिदिनुभएको छ जो हामीमा वास गर्नुहुन्छ र हामी साथ रहनुहुन्छ, जसले हामीलाई जिउन र उहाँलाई प्रसन्न तुल्याउने खातिर आदरको व्यवहारमा हिँडनलाई निपूर्णता र सामर्थ्य प्रदान गर्नुहुन्छ।

अनि म पितालाई प्रार्थना गर्नेछु, र उहाँले अर्को शान्तिदाता, उहाँ सधैँभरि तिमीहरूसँगै रहून् भनेर तिमीहरूलाई दिनुहुनेछ; यूहन्ना १४:१६

तापनि म तिमीहरूलाई सत्यको कुरा भन्दछु, म गएकोमा नै तिमीहरूको फाइदा छ; किनकी म गइनँ भने शान्तिदाता तिमीहरूकहाँ आउनुहुनेछैन; तर म गएँ भने म उहाँलाई तिमीहरूकहाँ पठाउनेछु। यूहन्ना १६:७

तलका पदले पवित्र आत्माको गुणलाई बयान गर्दछ। परमेश्वरले चाहनुभएझैँ गरी हुन र उहाँले चाहनुभएझैँ गर्नका लागी यी सबै नै गुणहरू हामीलाई उपलब्ध गराइएका छन्।

अनि परमप्रभुको आत्मा उहाँमाथि बसिरहनुहुनेछः बुद्धि र समझको आत्मा। सल्लाह र शक्तिको आत्मा, ज्ञान र परमप्रभुको डरको आत्मा; यशैया ११:२

मानिसलाई व्यवहार गर्नाको निम्ति पवित्र आत्मा परमेश्वरको शिरको मूख्य सदस्य हुनुहुन्छ। परमेश्वरको प्रत्येक सन्तानहरूमा आत्माले वास गर्नुहुन्छ। आत्माको गुण थाहा गर्नको लागी माथीको पदलाई (यशैया ११:२) फेरी ध्यानपूर्वक अध्ययन गर्नुहोस्। उहाँले चाहनुभएझै गरी हुन र उहाँले चाहनुभएझै गरी कार्य गर्नालाई योग्य तुल्याउन यी सबै गुणहरू हामीमा उपलब्ध गराइएका छन्। परमेश्वरको वचन बुझ्न र हाम्रि जीवनमा रहेको उहाँको इच्छा र उद्देश्य जान्नका लागी पवित्रआत्माले हामीलाई सामर्थ्य प्रदान गर्नुहुन्छ। परमेश्वरले हामीलाई आदेश दिनुभएको कुरा गर्नका लागी पवित्रआत्माले हामीलाई सामर्थ्य प्रदान गरिदिनुहुन्छ। परमेश्वरसँगको हाम्रो दिनहुँ हिँडाईलाई पवित्रआत्माले योग्य बनाउनुहुन्छ। परमेश्वरको आत्माले हामीलाई धन्यवादी हुन, प्रशंसा चढाउन, आराधना गर्न, र परमेश्वरको भय राख्नाको लागी अगुवाई गर्नुहुन्छ। पवित्र आत्माले हाम्रो जीवनमा आत्माको फलहरू फलाउनुहुन्छ। हाम्रो जीवनमा हुने पवित्र आत्माको अगुवाई, भरिपूर्णता र नियन्त्रणले महा आनन्द र आशिषहरूको परीणाम ल्याउँदछन्!!!

पवित्रआत्माद्वारा निरन्तर डोहोर्याइनका लागी हामीलाई निर्देशन दिइएको छ।

... आत्माले भरपूर होओ। एफिसी ५:१८ख

यदि हामी आत्मामा जिउँछौं भने हामी आत्मामा हिडौं पनि। गलाती ५:२५

परमेश्वरलाई आदर दिने जीवन जिउनका लागी निरन्तरताका साथ पवित्रआत्मालाई अगुवाई गर्न र हामीलाई सामर्थ्य प्रदान गर्नका लागी अनुमति दिनुपर्छ। परमेश्वरले निर्देशन दिनुभएझैँ गरी जीवन जिउनका लागी योग्य तुल्याउने, उहाँ पवित्र आत्मा नै हुनुहुन्छ।

हामी सबैले दिनभरी छनोटहरू गर्छौं र निर्णयहरू लिदँछौं। हामीले दिनहुँ गर्ने निर्णयहरूमध्ये केही महत्वपूर्ण निर्णयहरू हुदँछन्, तर धेरैजसो "साना" छनोटहरू हुने गर्दछन्। हामीले, सानाहरू समेत गरी, यी छनोटहरू, परमेश्वरलाई आदर गर्ने र उहाँलाई प्रशन्न तुल्याउने कुरामा आधारित भएर गर्न सक्दछौं वा आफ्ना चाहना पूर्ति गर्नौं कुरामा आधारित भएर गर्न सक्दछौं। पवित्रआत्माले भरपूर हुनु वा पवित्र आत्मा साथ हिँड्नु भन्नुचाँही निरन्तर रुपमा पवित्र आत्माले हाम्रो जीवनमा नियन्त्रण गरिरहनुभएको छ भनि प्रकट गराउनु हो। पवित्रआत्माले भरुपूर हुनु वा नियन्त्रित हुनु चाँही जीवनयापनको मार्ग हो। यो चाँहि परमेश्वरको वचनलाई प्रशस्ततामा हामीमा वास गर्न दिनु हो र पवित्रआत्माको अगुवाईलाई निरन्तरताका साथ पछ्याउनु हो। जब

हामीले यी छनोटहरू लिँदछौं, परमेश्वरले चाहनुभएझैँ गरी हुन र उहाँले चाहनुभएझैँ गरी गर्नलाई पवित्रआत्माले हामीलाई योग्य तुल्याउनुहुन्छ। यो नै चेलापनको केन्द्र हो।

यो विशाल अध्ययन हो। पवित्र आत्माको बारेमा सम्पूर्ण रुपले जान्न हामी कहिल्यै पनि सक्दैनौं। यद्यपि, हामीले जान्नसक्ने कुराहरू भने अधिक छन्, र जति धेरै हामी जान्दछौं, त्यति नै धेरै हामी आशिषित र प्रोत्साहित हुँदछौं।

पवित्रआत्मा सबै विश्वासीहरूमा वास गर्नुहुन्छ।

यसकारण जो शरिरमा छन्, तिनीहरूले परमेश्वरलाई खुशी पार्न सक्दैनन्। तर साँच्चै परमेश्वरका आत्मा तिमीहरूभित्र वास गर्नुहुन्छ भने तिमीहरू शरिरमा छैनौ, तर आत्मामा छौ। तर कुनै मानिससँग ख्रीष्टका आत्मा हुनुहुन्न भने त्यो उहाँको होइन। रोमी ८:८-९

यस पदबाट यो प्रष्ट हुन्छ की यदि कसैमा पवित्रआत्माले वास गरेको छैन भने, ऊ परमेश्वरसँग सम्बन्धित छैन। अर्को शब्दमा भन्नुपर्दा, कुनै व्यक्तिमा पवित्रआत्माले वास गर्नुभएको छैन भने त्यस व्यक्ति उद्धार गरिएको छैन।

ख्रीष्टियन मानिसहरूमा पवित्रआत्माले वास गर्नुहुन्छ भनि यी पदहरूले शिक्षा प्रदान गर्दछन्। पवित्रआत्मा सारा ख्रीष्टियनहरूमा वास गर्नुहुन्छ। उहाँ हाम्रो स्थायि सहयात्री हुनुहुन्छ।

तिमीले मबाट सुनेका खाँटी वचनहरूका नमुना ख्रीष्ट येशूमा भएको विश्वास र प्रेममा बलियो गरी पक्रिराख। तिमीलाई सुम्पिएको त्यस असल कुरालाई हामीभित्र वास गर्नुहुने पवित्र आत्माद्वारा रखवाली गर। २तिमोथी १:१३-१४

तर जसले येशूलाई मरेकाहरूबाट बौराएर उठाउनुभयो, उहाँका आत्मा तिमीहरूभित्र वास गर्नुहुन्छ भने ख्रीष्टलाई मरेकाहरूबाट बौराई उठाउनुहुनेले तिमीहरूभित्र वास गर्नुहुने उहाँका आत्माद्वारा तिमीहरूका मर्ने शरिरहरूलाई पनि जीवित पार्नुहुनेछ। रोमी ८:११

अनि म पितालाई प्रार्थना गर्नेछु, र उहाँले अर्को शान्तिदाता, उहाँ सधैँभरि तिमीहरूसँगै रहून् भनेर तिमीहरूलाई दिनुहुनेछ; अर्थात् सत्यको आत्मा, जसलाई संसारले ग्रहण गर्न सक्दैन; किनभने त्यसले न ता उहाँलाई देख्छ, न उहाँलाई चिन्छ; तर तिमीहरूले उहाँलाई चिन्छौ, किनकी उहाँ तिमिहरूसित रहनुहुन्छ, र तिमीहरूभित्र हुनुहुनेछ। यूहन्ना १४:१६-१७

अनि तिमीहरू पुत्र भएका हुनाले परमेश्वरले 'हे अब्बा, हे पिता' भन्दै पुकार्ने आफ्नै पुत्रका आत्मा तिमीहरूका हृदयभित्र पठाउनुभएको छ। गलाती ४:६

साँचो ख्रीष्टियन विश्वासीले पवित्रआत्माको अधिक खोज गर्नुपर्दैन। उहाँले हामीभित्र उहाँको पूर्णताअनुसार वास गरिसक्नुभएको छ। हामी थोरै मात्रामा मात्र पवित्रआत्माको वास रहेको छैन; हामीसँग उहाँको पूर्णता नै छ। ख्रीष्टको अनुयायी हुनुको हाम्रो कर्तव्यचाँही उहाँको अगुवाईमा पूर्णरुपले समर्पित हुनु हो र हाम्रो जीवनमा नियन्त्रण गर्नको निम्ति उहाँलाई अनुमति दिनु हो। हामीलाई अझै धेरै पवित्रआत्मा चाहिदैँन; बरु, हामीले आत्मालाई अधिक रुपमा दिनुपर्दछ।

तलका पदहरूमा हामी यो जान्न सक्दछौं की हाम्रो शरिर पवित्र आत्माको मन्दिर हो। यसको सरल माने यो हुन्छ की उहाँ हामीभित्र वास गर्नुहुन्छ। हामीले आफ्नो शरिरसँग कस्तो व्यवहार गर्दछौं यस कुरामा हामी सतर्क हुनुपर्दछ। यो परमेश्वरको वासस्थान हो र, तलका पदहरू मुताबिक, यो पवित्र छः

तिमीहरू परमेश्वरका मन्दिर हौ, र परमेश्वरका आत्मा तिमीहरूभित्र वास गर्नुहुन्छ – के यो कुरा तिमीहरूलाई थाह छैन? कसैले परमेश्वरको मन्दिर नष्ट गर्दछ भने त्यसलाई परमेश्वरले नष्ट गर्नुहुनेछ; किनभने परमेश्वरको मन्दिर पवित्र हुन्छ, जुन मन्दिरचाँही तिमीहरू हौ। १कोरिन्थी ३:१६-१७

व्यभिचारदेखी भाग ! हरेक पाप जो मानिसले गर्दछ, त्यो शरिरदेखी बाहिर हुन्छ; तर जसले व्यभिचार गर्दछ, त्यसले आफ्नै शरिरको विरोधमा पाप गर्दछ। अथवा के यो तिमीहरूलाई थाह छैन? तिमीहरूको शरिर पवित्र आत्माको मन्दिर हो, जो तिमीहरूभित्र हुनुहुन्छ, जसलाई तिमीहरूले परमेश्वरबाट पायौ, र तिमीहरू आफैका होइनौ; किनकी तिमीहरू दाम तिरेर किनिएका हौ। यसकारण आफ्नो शरिर र आफ्नो आत्मामा परमेश्वरको महिमा गर, जो परमेश्वरका हुन्। १कोरिन्थी ६:१८-२०

विश्वासीका लागी पवित्रआत्माको निरन्तर कार्यहरू

१ ख्रीष्टियनको जीवनमा परमेश्वरको आत्माले आत्माको फल फलाउनुहुन्छ।

तर आत्माको फल होः प्रेम, आनन्द, मेलमिलाप, सहनशीलता, कृपा, भलाइ, विश्वास, नम्रता, संयम; यस्ता कुराहरूको विरोधमा कुनै व्यवस्था छैन। गलाती ५:२२-२३

गलाती ५:१९-२१मा, फलहरू, वा शरिरको कामहरूको सूचि प्रस्तुत गरिएको छ। ध्यानपूर्वक यी पदहरू पढ्नुहोस्।

अब शरिरका कामहरू प्रकट छन्, ती यी हुन्; परस्त्रीगमन, व्यभिचार, अशुद्धता, कामुकता, मूर्तिपूजा, टुनामुना, शत्रुता, झगडा, डाहा, क्रोध, विरोध, फूट, दलबन्दी, द्वेष, हत्या, मतवालापन, मोजमज्जा र यही प्रकारका कुराहरू; जुन कुराहरूका विषयमा म तिमीहरूलाई पहिल्यै भन्दछु, जसरी अघि नै भनिसकेको पनि छु; यस्ता-यस्ता काम गर्नेहरू परमश्वरका राज्यका हकवाला हुनेछैनन्। गलाती ५:१९-२१

आत्माको फल र शरिरका कामहरू विपरित हुन्। यो हरेक ख्रीष्टियनको निम्ति लाभ हुनेथ्यो यदि उसले आफूमा कुन चरित्र – आत्माको फल वा शरिरका कामहरू छन् भनि आफैलाई जाँच्नेथ्यो। यदि हामीमा शरिरका कामहरूले चिनारी दिदँछ भने हामी हाम्रा प्रभु येशू ख्रीष्टको चेला भएको कुरालाई दाबी गर्न सक्दैनौं।

२ आत्मा हाम्रो सहयोगी हुनुहुन्छ।

अनि म पितालाई प्रार्थना गर्नेछु, र उहाँले अर्को शान्तिदाता, उहाँ सधैँभरि तिमीहरूसँगै रहून् भनेर तिमीहरूलाई दिनुहुनेछ; १७ अर्थात् सत्यको आत्मा, जसलाई संसारले ग्रहण गर्न सक्दैन; किनभने त्यसले न ता उहाँलाई देख्छ, न उहाँलाई चिन्छ; तर तिमीहरूले उहाँलाई चिन्छौ, किनकी उहाँ तिमिहरूसित रहनुहुन्छ, र तिमीहरूभित्र हुनुहुनेछ। यूहन्ना १४:१६-१७

तापनि म तिमीहरूलाई सत्यको कुरा भन्दछु, म गएकोमा नै तिमीहरूको फाइदा छ; किनकी म गइनँ भने शान्तिदाता तिमीहरूकहाँ आउनुहुनेछैन; तर म गएँ भने म उहाँलाई तिमीहरूकहाँ पठाउनेछु। यूहन्ना १६:७

तपाईले प्रयोग गर्नुभएको अनुवादमा भर पर्दछ, यी पदहरूमा रहेको आत्मालाई सहयोगी, अधिवक्ता, वा आराम प्रदान गर्ने व्यक्ति भनिन्छ। ग्रीक शब्दले यो अर्थ दिदँछ की कोही व्यक्ति हामीलाई निर्देशन दिन, हामीलाई सहयोग गर्न, र हामीलाई प्रतसाहित गर्नकोको निम्ति हाम्रो छेउमा आउनुहुन्छ। यो अति नै भव्य आशिष हो।

हामीसँग परमेश्वरको आत्मा हुनुहुन्छ जो सधैँभरी हामीमा वास गर्नुहुन्छ, जसले उहाँमा विश्वास गर्नेहरूलाई निरन्तरताका साथ सहयोग र निर्देशन दिइरहनुहुन्छ।

तिमीले मबाट सुनेका खाँटी वचनहरूका नमुना ख्रीष्ट येशूमा भएको विश्वास र प्रेममा बलियो गरी पक्रिराख। तिमीलाई सुम्पिएको त्यस असल कुरालाई हामीभित्र वास गर्नुहुने पवित्र आत्माद्वारा रखवाली गर। २तिमोथी १:१३-१४

यदि हामीले सिकेका कुराहरूलाई "रक्षा" गर्न सक्छौं भने, हामीले परमेश्वरलाई प्रेम गर्न सक्दछौं र परमेश्वरको वचनको शिक्षामा विश्वासयोग्य हुन सक्दछौं।

३ आत्माले हामीलाई आत्मिकी सत्यता बुझ्न सामर्थ्य प्रदान गर्नुहुन्छ।

परमेश्वरको वचनमा, पवित्रआत्मालाई सत्यताको आत्मा भनि परिचित गराइएको छ।

अनि म पितालाई प्रार्थना गर्नेछु, र उहाँले अर्को शान्तिदाता, उहाँ सधैँभरि तिमीहरूसँगै रहून् भनेर तिमीहरूलाई दिनुहुनेछ; अर्थात् सत्यको आत्मा, जसलाई संसारले ग्रहण गर्न सक्दैन; किनभने त्यसले न ता उहाँलाई देख्छ, न उहाँलाई चिन्छ; तर तिमीहरूले उहाँलाई चिन्छौ, किनकी उहाँ तिमिहरूसित रहनुहुन्छ, र तिमीहरूभित्र हुनुहुनेछ। यूहन्ना १४:१६-१७

तापनि जब उहाँ अर्थात् सत्यको आत्मा आउनुहुन्छ, तब उहाँले तिमीहरूलाई सबैसत्यताभित्र डोर्याउनुहुनेछ; यूहन्ना १६:१३

तर शान्तिदाता, जो पवित्र आत्मा हुनुहुन्छ, जसलाई पिताले मेरो नाममा पठाउनुहुनेछ; उहाँले तिमीहरूलाई सबै कुराहरू सिकाउनुहुनेछ, अनि जे-जे मैले तिमीहरूलाई भनेको छु, तिमीहरूलाई यी सबै कुराहरूको सम्झना गराउनुहुनेछ। यूहन्ना १४:२६

यी प्रत्येक पदहरूमा, आत्मालाई सत्यताको आत्मा भनि परिचित गराइएको छ। आत्माले ढाँट्न वा धोका दिन सक्नुहुन्न। उहाँमाथि भरोसा राख्न सकिन्छ। उहाँले हामीलाई कुनै पनि गलत मार्गहरूमा वा असत्यतामा डोर्याउनुहुदैँन। यदि हामीले विश्वास गरेका कुराहरू झूटो हो भने, यो आत्माबाटको होइन।

बाइबलले, पवित्राआत्मा, हाम्रो आफ्नै आत्मा, र दुष्टात्मा समेत गरी, धेरै प्रकारका आत्माहरूको बारेमा वर्णन गर्दछ भनि हामीले सम्झना गर्नुपर्दछ। एक व्यक्ति जसले परमेश्वरको आत्मालाई उसमाथि नियन्त्रण गर्न अनुमति दिएको छैन, ऊ यो विचारद्वारा धोकामा पर्न सक्दछ की ऊ पवित्रआत्माद्वारा अगुवाई गरिएको छ जब, यथार्थमा, ऊ आफ्नै आत्माद्वारा वा शैतानद्वाराको आत्माद्वारा डोर्याइएको छ।

एउटा पूरानो साथीसँग बातचित गरेको कुरालाई व्यक्तिगत रुपमा म स्पष्टसँग सम्झना गर्न सक्दछु जसले तिव्रताकासाथ दाबी गर्दथ्यो की ऊ "आत्माले भरिपूर्ण" थियो। उसले व्यक्त गर्यो की ऊ "आत्माले भरिएको" थियो, र ऊ बाइबलभन्दा अधिक माथिको स्थितिमा रहेको थियो। उसलाई अबउसो बाइबलको खाँचो थिएन कारण ऊ अब "आत्माले भरपूर" थियो। जसै, मैले आत्मिकी कुराहरूको बारेमा ऊसँग कुराकानी गरें, त्यहाँ उसको विचार र बाइबलको शिक्षा बीचमा कैयौं भड्किलो प्रतिवादको सिर्जना भयो। बाइबलिय सत्यताप्रतिको यस किसिमको दृष्टिकोण पूर्णरुपले मूर्खता र संभावित आत्मिकी हत्या थियो। पवित्र आत्माद्वारा डोर्याइन वा भरिपूर्ण हुनका लागी, हामीले बुझ्ने, सही तरीकाले जान्ने, र परमेश्वरको वचनलाई प्रेम गर्ने पद्दतीको थालनी गर्नुपर्दछ।

आजको दिनमा बाइबलिय सत्यता विरुद्धका झूटहरू व्यापक रुपमा भट्टाइन सकिन्छ। मण्डलीमा, टेलिभिजनमा, रेडियोमा, पूस्तिका र पत्र-पत्रीकामा सटीक बाइबलिय शिक्षाभन्दा अर्ध सत्यता र झूटा शिक्षाहरू बढि मात्रामा पाइन्छ। सटीक र सम्झौता नगर्ने शिक्षा दुर्लभ भइसकेको छ। ती जसले ठीकसँग बाइबलिय सत्यताबाटको शिक्षा दिँदैनन् तिनीहरू सत्यताको आत्माले डोर्याएका छैनन्।

बाइबलमा लेखेको कुरा बुझ्नलाई सधैँ सहज भने हुँदैन। फेरी, यो पवित्र आत्मा हुनुहुन्छ, परमेश्वरको वचनको लेखक, जसले आत्मिकी सत्यता बुझ्नको लागी हामीलाई सामर्थ्य प्रदान गर्नुहुन्छ। साँचो रुपले आत्माद्वारा अगुवाई नगरिएको व्यक्तिले सिमित रुपमा मात्र बाइबलिय शिक्षालाई बुझ्न सक्दछ।

तर जसरी लेखिएको छः 'आँखाले नदेखेका, कानले नसुनेका र मानिसको चित्तमा पनि नपसेका कुराहरू परमेश्वरले आफूलाई प्रेम गर्नेहरूका निम्ति तयार पार्नुभएको छ'। तर परमेश्वरले हामीलाई ती कुराहरू उहाँको आत्माद्वारा प्रकट गर्नुभएको छ; किनकी आत्माले सबै कुराहरू तलाश गर्नुहुन्छ, अँ, परमेश्वरका गहिरा-गहिरा कुराहरू। ११ किनकी मानिसभित्र भएको उसको आत्माले बाहेक अरु कुनै मानिसले जान्दैन। अब हामीले यस संसारको आत्मालाई होइन, तर परमेश्वरबाटको आत्मालाई पाएका छौं,परमेश्वरबाट हामीलाई सित्तैंमा दिइएका कुराहरू जान्न सकौं भनेर। ती कुराहरूलाई मानिसको बुद्धिले सिकाएका शब्दहरूमा होइन, तर पवित्र आत्माले सिकाउनुभएको शब्दहरूमा आत्मिक कुराहरू आत्मिक कुराहरूसँग तुलना गर्दै हामी पनि बताउँछौं। तर शरिरिक मानिसले परमेश्वरका आत्माका कुराहरू ग्रहण गर्दैन; किनकी ती उसका निम्ति मूर्खता हुन्; न ता उसले ती जान्न नै सक्छ, किनकी ती आत्मिक रीतिले जाँचिदँछन्। १कोरिन्थी २:९-१४

आत्माले आत्मिकी समझ प्रदान गर्नुहुन्छ भन्ने तथ्यले यो अर्थ प्रदान गर्दैन की हामीले वचनको अध्ययन गर्नुपर्दैन, र यस हामीले पढेको प्रथम पटक नै सबैकुराहरू बुझ्दछौं भनि यसले भन्दैन। यसले अधिक समय, परीश्रम,ध्यान लिदँछ र हाम्रो तर्फबाटको अधिक अध्ययन चाहदँछ। जसै हामीले यसो गर्दछौं, परमेश्वरको आत्माले परमेश्वरको वचन बुझ्नका निम्ति सामर्थ्य प्रदान गर्नुभएकोमा त्यहाँ वास्तविक सन्तुष्टि मिल्दछ।

आफूलाई परमेश्वरकहाँ ग्रहणयोग्य तुल्याउने प्रयत्न गर – एउटा शर्ममा पर्नु नपर्ने किसिमको कामदारजस्तो, जसले सत्यको वचन ठीक-ठीकसँग छुट्टयाउँछ। २ तिमोथी २:१५

२६ तर शान्तिदाता, जो पवित्र आत्मा हुनुहुन्छ, जसलाई पिताले मेरो नाममा पठाउनुहुनेछ; उहाँले तिमीहरूलाई सबै कुराहरू सिकाउनुहुनेछ, अनि जे-जे मैले तिमीहरूलाई भनेको छु, तिमीहरूलाई यी सबै कुराहरूको सम्झना गराउनुहुनेछ। यूहन्ना १४:२६

अब आत्माको शिक्षा र येशूले सिकाउनुभएको कुरालाई सम्झना गराउने कार्य बीचमा भएको सम्बन्धलाई विचार गर्नुहोस्। यो प्रतिज्ञा बाह्र चेलाहरूलाई दिइएको थियो, तर यो उहाँलाई पछ्याउने चेलाहरूले (हामी) पनि उचितरुपले लागु गर्न सक्दछन्। येशूले भन्नुभएको कुरालाई अझै पनि पवित्र आत्माले सम्झना गराइरहनुहुन्छ। हाम्रो निम्ति येशूले भन्नुभएको कुराहरूको अभिलेख बाइबल हो र बाइबलबाट अध्ययन गरेका कुराहरूलाई पवित्र आत्माले हाम्रो स्मरणमा ल्याइदिनुहुन्छ। हामीमध्ये धेरैले आवश्यक समयमा चाहिएका पदहरूको स्मरण भएको कुरालाई अनुभव गरेका छौं।

आत्माको तरवारचाँही परमेश्वरको वचन हो भनि तलको पदमा हेर्नुहोस्। उहाँको कार्य गर्नको लागी परमेश्वरको आत्माले परमेश्वरको वचनको प्रयोग गर्नुहुन्छ।

अनि मुक्तिको टोप, र आत्माको तरवार, जोचाँही परमेश्वरको वचन हो, लेओ; एफिसी ६:१७

यहाँ आत्माको तरवार परमेश्वरको वचन हो। परमेश्वरको आत्माले परमेश्वरको वचनको प्रयोग परमेश्वरको कार्य गर्नको लागी गर्नुहुन्छ। फेरी पनि, परमेश्वरको वचन सिक्नुको महत्वलाई यसले जोड दिँदछ। यदि एक व्यक्तिले परमेश्वरको वचनलाई – बाइबल, जुन सत्यको वचन हो -- आत्मसाथ गर्नको लागी कुनै पनि समय र परीश्रम लिदैँन भने उसले आफ्नो जीवनमा सत्यताको आत्माको सेवालाई सिमित गर्दछ र अवरोध पुर्याउँदछ।

४ जब हामीले प्रार्थना गर्दछौं तब पवित्रआत्माले मध्यस्तता गर्नुहुन्छ।

अनि यही प्रकारले आत्माले पनि हाम्रा कमजोरीहरूमा सहायता गर्नुहुन्छ; किनकी हामीले के प्रार्थना, कसरी गर्नुपर्ने हो, सो हामी जान्दैनौं, तर आत्मा आफैले बयान गर्न नसकिने व्यथा पोख्दै हाम्रा निम्ति अनतर्विन्ति गर्नुहुन्छ। २७ अनि हृदयहरूलाई तलाश गर्नुहुनेले आत्माको मन के छ, जान्नुहुन्छ; किनभने परमेश्वरको इच्छामुताबिक उहाँले पवित्र जनहरूका निम्ति अन्तर्विन्ति गर्नुहुन्छ। रोमी ८:२६-२७

हाम्रो पक्षमा आत्माको मध्यस्तताको बारेमा हामीलाई बृस्तित रुपमा त्यति धेरै बताइएको छैन; यद्यपि, हामीलाई बताइएकोबाट हामी थाहा गर्छौं, यो निकै बहुमूल्य सत्यता हो। तर्‍हाँ ती समयहरू आउँछन् जहाँ परमेश्वरले कार्य गर्नुभएको हामी चाहदँछौं तर हामीले कसरी प्रार्थना गर्नुपर्ने हो सो भने जान्दैनौं। वा शायद हामीले गहिरो चोट पुर्याका हुन सक्छौं र शब्दहरूमा हाम्रा प्रार्थनाहरू बताउन चोटग्रस्त आत्माको लागी कठिन हुनसक्दछ। कारण हामी कमजोर छौं, आत्माले गहिरो प्रेम र करूणाका साथ हाम्रो प्रार्थनामा हामीसँगै मध्यस्त गर्नुहुन्छ जुन हाम्रो मानविय सिमितताभन्दा अधिकमा पुग्दछ। परमेश्वरले हाम्रो प्रार्थनाहरूलाई यति धेरै महत्व दिनुहुन्छ की, उहाँको आफ्नै पवित्रआत्माद्वारा, उहाँ प्रवेश गर्नुहुन्छ र हाम्रो लागी प्रार्थना गर्नुहुन्छ।

परमेश्वरको इच्छामुताबिक आत्माले हाम्रो मध्यस्त गर्नुहुन्छ। हामीले जवाफ प्राप्त हुन्छ भनेर भरोसा गर्ने सक्ने प्रार्थना यहि नै हो। जसै पवित्रआत्माले हाम्रो मध्यस्त गर्नुहुन्छ परमेश्वरले जहिल्यै पनि आफ्नो पवित्रआत्माको प्रार्थनाको उत्तर दिनुहुन्छ।

यो नान्नाले हामीलाई प्रार्थना गर्न उत्साह मिल्दछ। हामी कमजोर र सामर्थ्यहीन् महसुस गर्न सक्दछौं तर हामीले प्रार्थना गर्ने घडीमा पवित्रआत्मा पनि त्यहाँ हामीसाथ प्रार्थना गर्दै हुनुहुन्छ, र परमेश्वरले आफ्नै पवित्रआत्माको प्रार्थनालाई निश्चय नै बे-वास्ता गर्नुहुन्न।

५ परमेश्वर र पवित्रजनहरूको सेवा गर्नाको लागी आत्माले हामीलाई भरपूर पार्नुहुन्छ।

उद्धार गरिएको हरेक व्यक्तिलाई "आत्मिकी वरदान" प्रदान गरिएको हुन्छ जसले प्रभु येशू ख्रीष्टको उपयोगी दास हुनाको निम्ति उसलाई योग्य तुल्याउँदछ। "आत्मिकी वरदान" आत्माद्वारा प्रदान गरिदँछ र यो विश्वासी जनहरूलाई सेवा गरी प्रभु येशू ख्रीष्टको सेवकाई पूरा गर्नको लागी आत्माद्वारा प्रदान गरिएको सामर्थी योग्यता हो।

तर सबैलाई फाइदा होस् भनेर हरेकलाई आत्माको प्रकाश दिइन्छ। ८ किनकी एउटालाई आत्माद्वारा बुद्धिको वचन दिइन्छ, र अर्कोलाई उही आत्माद्वारा ज्ञानको वचन दिइन्छ; ९ अनि अर्कोलाई उही आत्माद्वारा विश्वास, र अर्कोलाई उही आत्माद्वारा निको पार्ने वरदानहरू, १कोरिन्थी १२:७-९

हरेकले पाएको वरदानअनुसार, परमेश्वरका नाना प्रकारका अनुग्रहका असल भण्डारीहरूझैँ तिमीहरूले त्यो वरदान एक-अर्काको सेवामा लगाओ। १ पत्रुस ४:१०

यस आत्मिकी वरदान सन्दर्भमा तीन मूख्य खण्डहरूले हामीलाई आधारभूत शिक्षा प्रदान गर्दछन्। तिनीहरू हुन्, रोमी १२:४-८, एफिसी ४:११-१५, र १कोरिन्थी १२। यी लामा खण्डहरू हुन् यसकारण यिनीहरूलाई यहाँ समावेश गरिएको छैन। यद्यपि, आत्मिकी वरदान सन्दर्भको पूरा विषय जान्नका लागी, एक व्यक्तिले ध्यानपूर्वक यी खण्डहरूलाई अध्ययन र चिन्तन गर्नुपर्दछ।

विश्वासी जनहरूलाई बृद्धि गर्नका लागी आत्मिकी वरदानहरू प्रदान गरिएका छन्। जब हामीले यसलाई विश्वासी जनहरूको सेवाका लागी प्रयोग गर्दछौं, तब हामीले वास्तविकतामा प्रभु येशू ख्रीष्टको सेवा गरिरहेका हुँदछौं।

उल्लेख गरिएमध्येका वरदानहरू सेवा दिने, प्रोत्साहन गर्ने, दया देखाउने, समस्यामा मद्दत गर्ने, नेतृत्व गर्ने, विश्वास गर्ने, प्रशासनको काम, विवेक, ज्ञान, प्रचारक, पाष्टर, शिक्षक आदी हुन्। कुनै पनि वरदानहरू मुक्तिको प्रमाण भने होइनन् वा परमेश्वरसँगको प्रतिवद्धताको हिँडाई हो।

तलका पदहरूलाई ध्यानपूर्वक अध्ययन गर्नुहोस्। प्रेरित पावलले सबैलाई ख्रीष्टमा सिद्ध वा परिपक्व बनाउनका लागी परिश्रम गर्दछन्। यसैको लागी हामीलाई आत्मिकी वरदानहरू प्रदान गरिएका छन् – विश्वासीहरूलाई प्रोत्साहन दिन र निर्माण गर्न, उनीहरूलाई वृद्धि गराउन मद्दत गर्न र आत्मिकीरुपमा परिपक्व गराउन। "उहाँमा" विशेष ध्यान दिनुहोस्। "उहाँ"को परिश्रमले परमेश्वरको सामर्थ्यलाई जनाइरहेको छ जसले "सामर्थ्यसित ममा कार्य गरिरहेको छ"। जब हामीले प्रभूलाई उहाँको अगुवाई अनुसारले सेवा गर्दछौं, तब हामीमा परमेश्वरको सामर्थ्यले कार्य गरिरहेको हुँदछ। परमेश्वरको वोलावट अनुसारको कार्य गर्नाको लागी हामीले आफ्नो मानविय परिश्रममा भर पर्नुपर्दैन। यो चाँही हामीलाई प्रोत्साहन दिनको लागी ठूलो श्रोत हुनुपर्दछ। हामी हाम्रो सामर्थ्यमा निर्भर हुनुपर्दैन, तर उहाँको सामर्थ्यमा भर पर्न सक्दछौं।

हरेक मानिसलाई ख्रीष्ट येशूमा सिद्ध भएको अवस्थामा उपस्थित गराउनाका निम्ति हरेक मानिसलाई चेतावनी दिँदै हामी उहाँलाई प्रचार गर्दछौं। २९ यसैका निम्ति म पनि, उहाँको प्रभावकारी कार्यअनुसार, जसले ममा सामर्थ्यसाथ काम गर्छ, संघर्ष सर्दै परिश्रम गर्दछु। कलस्सी १:२८-२९

६ पवित्र आत्मा मण्डलीमा वास गर्नुहुन्छ।

यसकारण अब उसो तिमीहरू पराई र परदेशीहरू होइनौ, तर पवित्र जनहरूसँग सङ्गी नागरिकहरू हौ, र परमेश्वरका घराना हौ; अनि तिमीहरू प्रेरितहरू र भविष्यवक्ताहरूको जगमाथि बनाइएका छौ, जसको कुनाढुङ्गाचाँही येशू ख्रीष्ट आफै हुनुहुन्छ; जसमा सारा भवन टम्म मिलेर प्रभुमा एउटा पवित्र मन्दिर बन्नालाई बढ्दै जान्छ; जसमा तिमीहरू पनि आत्माद्वारा परमेश्वरको वासस्थान बन्नालाई एकसाथ बनिदैँ जान्छौ। एफिसी २:१९-२२

एफेससका विश्वासीहरूलाई (मण्डली) भवन भनिएको छ जसको कुनाढूङ्गा प्रभु येशू ख्रीष्ट हुनुहुन्छ। मण्डली वासस्थान हो जहाँ परमेश्वरको आत्माले वास गर्नुहुन्छ। हामी अघि पनि हेरसकेका छौं, प्रत्येक विश्वासीमा परमेश्वरको आत्माले वास गर्नुहुन्छ, तर उहाँ मण्डलीमा पनि वास गर्नुहुन्छ जुन विश्वासीहरूको झुण्ड हो।

तब सारा यहूदिया, गालिल र सामरियामा मण्डलीहरूले विश्राम पाए, र तिनीहरूको उन्नति भयो; अनि प्रभुको डर र पवित्र आत्माको सान्त्वनामा हिँडेर तिनीहरू बढ्दै गए। प्रेरित ९:३१

हामी आत्माद्वारा अगुवाई र नियन्त्रण गरिन सक्छौं वा हामीले आत्मालाई सामना गर्न सक्दछौं।

हे कडा गर्दन भएका अनि हृदय र कानहरूको खतना नभएकाहरूहो, तपाईहरू सधैँ पवित्र आत्माको सामना गर्नुहुन्छ! जस्तो तपाईहरूका पितापुर्खाहरूले गरे, त्यस्तै तपाईहरू पनि गर्नुहुन्छ। प्रेरित ७:५१

प्रेरित ७ अध्यायमा विश्वास नगर्नेहरूलाई कडा गर्दन भएका मानिसहरू भनि परिचित गराइएको छ जसले पवित्र आत्माको सामना गर्दछन्। दुर्भाग्यावश, यो निकै दुःखको सत्यता हो की ख्रीष्टियनहरूले पनि आत्माको सामना गर्न सक्दछन्। पवित्रआत्मासँग सम्बन्धित धेरै प्रत्यक्ष निर्देशनहरू हामीलाई दिइएका छन्। यी निर्देशनहरू पालन गर्ने चा उलघंन गर्ने भनि विश्वासीहरूले छनोट गर्न सक्दछन्। जब हामीले पालन गर्दछौं, त्यहाँ आशिष रहदँछ। हामी प्रभु येशू ख्रीष्टलाई महिमा गर्दछौं, र परमेश्वरले हामीलाई सृष्टि गर्नुभएको योजनालाई पूरा गर्न सक्दछौं। साथै हामी स्वर्गमा प्राप्त गर्न सकिने इनामलाई हेर्न सक्दछौं। जब हामीले आज्ञा उलघंन गर्दछौं, हामीले हाम्रो जीवनमा धेरै समस्याहरू निम्त्याउँदछौं। यद्यपि, हामीले परमेश्वरको आशिषमा रमाहट गर्न सक्दछौं र परमेश्वरको आत्मासँग सम्बन्धित निर्देशनहरूलाई पालन गरी फलदायी ख्रीष्टियनहरू हुन सक्दछौं।

१ आत्माले भरपूर हुनु।

अनि दाखमद्यले नमात, जसमा चरित्रहीनता हुन्छ; तर आत्माले भरपूर होओ; आपसमा भजन, स्तुतिगान र आत्मिक गीतहरूद्वारा बात गर, प्रभुका निम्ति आ-आफ्नो हृदयमा गाओ, र भजन गर; हाम्रा प्रभु येशू ख्रीष्टको नाममा परमेश्वर र पितालाई सबै कुराहरूका निम्ति सधैँभरि धन्यवाद चढाओ; परमेश्वरको डरमा एक-अर्काको अधीनतामा आफूलाई सुम्प। एफिसी ५:१८-२१

यी सम्पूर्ण पदहरूको केन्द्र पद १८ हो जहाँ हामीलाई पवित्र आत्माले भरपूर हुने निर्देशन दिइएको छ। "भरपूर" यस शब्दको महत्वचाँही पूर्णरुपले भरिपूर्ण हुनु हो वा "पूर्ण भरपूर" हुनु हो। हामी अर्धपूर्ण हुने होइन तर पूर्ण र पूरा भरिभराउ हुनु हो। यदि हामी आत्मामा भरपूर छौं भने, तब हामी आत्माद्वारा नियन्त्रण र सामर्थी गरिइएका हुँदछौं।

आत्माले भरपूर हुनुमा कुनै जादुगरी वा रहस्यमय कुरा रहेको छैन। *यो त सामान्य रुपमा परमेश्वरको उपस्थितिमा क्षण-क्षण जिउनु हो, र परमेश्वरको वचनको - बाइबलबाटको निर्देशन अनुसार सारा छनोटहरू र निर्णयहरू गर्नु हो। हामी आज्ञाकारी हुन र हाम्रो जीवनको सबै भागहरूमा उहाँलाई महिमित गर्नको लागी खोज गरिरहँदछौं।*

दिनभरमा हामी सबैले नै छनोटहरू गरिरहेका हुन्छौं र निर्णयहरू लिइरहेका हुन्छौं। हामीले दिनहुँ लिने निर्णयमध्ये केही ठूला निर्णयहरू हुन सक्दछन्, तर धेरैजसो "साना" छनोटहरू हुँदछन्। हामीले, सानाहरू समेत गरी, यी छनोटहरू, परमेश्वरलाई आदर गर्ने र उहाँलाई प्रशन्न तुल्याउने कुरामा आधारित भएर गर्न सक्दछौं वा आफ्ना चाहना पूर्ति गर्नौं कुरामा आधारित भएर गर्न सक्दछौं। पवित्रआत्माले भरपूर हुनु वा पवित्र आत्मा साथ हिँड्नु भन्नुचाँही निरन्तर रुपमा पवित्र आत्माले हाम्रो जीवनमा नियन्त्रण गरिरहनुभएको छ भनि प्रकट गराउनु हो। पवित्रआत्माले भरुपूर हुनु वा नियन्त्रित हुनु चाँही जीवनयापनको मार्ग हो। जब हामी हाम्रो जीवनको भागका भएका कुनै पनि कुराहरूलाई अठ्याइराख्दछौं, तब हामीले परमेश्वरको आत्मालाई अवरोध पुर्याइरहेका हुन्छौं र परमेश्वरको आत्मासँग सामना गरिरहेका हुन्छौं। पवित्रआत्मा हाम्रो जीवनको बाहिरी रेखा हुनुहुन्न – उहाँ त हाम्रो सम्पूर्ण जीवनको हृदय र आत्मा हुनुहुन्छ। परमेश्वरको वचनसँग सम्पूर्णरुपमा हाम्रो जीवनमा रहेका पक्षहरूलाई एकरुप गराउनका लागी हामीले को खोजी गरिरहनुपर्दछ।

... **दाखमद्यले नमात, जसमा चरित्रहीनता हुन्छ; तर आत्माले भरपूर होओ;** एफिसी ५:१८

यस खण्डमा रहेको "ले" भन्ने क्रियाको कालले निरन्तरताको प्रकृयालाई जनाउँदछ। हामी निरन्तर रुपमा पवित्र आत्माद्वारा भरपुर रहनुपर्दछ। परमेश्वरमा निरन्तर आज्ञाकारी हुनाको लागी यो हामीलाई दिइएको निर्देशन हो। म आज परमेश्वरमा समर्पित हुनसक्दछु तर भोली क्रोध र विद्रोहलाई आउने अनुमति दिन सक्दछु। निरन्तर रुपले आत्माद्वारा भरुपूर्ण हुनाको लागी, एक व्यक्ति निरन्तरताका साथ समर्पित र आज्ञाकारी हुनुपर्दछ। यो त निरन्तर रुपले परमेश्वरको वचनलाई प्रशस्तताका साथ हामीमा वास गराउनु हो र हाम्रा सारा निर्णय र कार्यहरूमा अगुवाई खोज्नु हो।

हामीले हाम्रा जीवनमा छिटोभन्दा छिटो स्वीकार नगरेका पापहरू वा प्रभुसँगको प्रतिवद्धताप्रति हेलचेक्र्याँई गर्दछौं र अल्छे हुँदछौं, भने हामीले पवित्रआत्मालाई हामीमाथि नियन्त्रण गर्नबाट बहिस्कृत गरिरहेका हुन्छौं र उसो हामी आत्माद्वारा भरपूर रहिरहेका हुँदैनौं।

यस शास्त्रहरूको (एफिसी ५:१८-२१, कलस्सी ३:१६-१७) खण्डहरूमा विचार गरौं, *"आत्माले भरपुर हुनु"* र *"परमेश्वरको आत्माले प्रशस्त गरी वास गर्नु"* यी कुराहरूले एकै नजिता ल्याउँदछन्। यसले फरीपनि परमेश्वरको वचन र परमेश्वरको आत्माको एकतालाई, वा सत्यताको वचन र सत्यताको आत्मालाई एकपनलाई संकेत गर्दछ। आत्माले भरपूर हुनु र परमेश्वरको वचनमा पूर्णरुपले समर्पित हुनु एकै कुरा हो। यी दुईलाई विभाजित गरिन सकिदैँन।

अनि दाखमद्यले नमात, जसमा चरित्रहीनता हुन्छ; तर आत्माले भरपूर होओ; आपसमा भजन, स्तुतिगान र आत्मिक गीतहरूद्वारा बात गर, प्रभुका निम्ति आ-आफ्नो हृदयमा गाओ, र भजन गर; हाम्रा प्रभु येशू ख्रीष्टको नाममा परमेश्वर र पितालाई सबै कुराहरूका निम्ति सधैँभरि धन्यवाद चढाओ; परमेश्वरको डरमा एक-अर्काको अधीनतामा आफूलाई सुम्प। एफिसी ५:१८-२१

आत्माले भरपूर हुन वा आत्माद्वारा नियन्त्रित हुनाको लागी, एक व्यक्तिले निरनतरताका साथ परमेश्वरको वचनलाई आत्मसाथ गर्नुपर्दछ। एक व्यक्ति जो गम्भिरतापूर्वक परमेश्वरको वचनप्रति आज्ञाकारी हुन चाहदैँन, त्यो कहिल्यै पनि परमेश्वरको आत्माले डोर्याइदैँन वा भरपूर पारिदैँन। *आत्माले भरपूर हुनु वा परमेश्वरको वचनप्रति तिब्र आज्ञाकारी हुनु एकै कुरा हो। क्रोधित र निरास समर्पणता हुनुभन्दा हाम्रो आज्ञाकारिता तिब्र र समर्पण आनन्दित हुनुपर्दछ। जब हामी तिब्र रुपमा समर्पित हुँदछौं र आज्ञाकारी हुँदछौं, हामीलाई अगुवाई गर्नका लागी आत्मा स्वतन्त्र हुनुहुनेछ र परमेश्वरले चाहना गर्नुभए बमोजिमको मानिस हुनालाई उहाँले हामीलाई सामर्थ्यी तुल्याउनुहुनेछ।*

परमेश्वरको वचन सही तरीकाले जान्नका लागी र अभ्यास गर्नको लागी यदि कसैमा चाहना हुँदैन भने, परमेश्वरको आत्माद्वारा ऊ कहिल्यै पनि भरपूर भएको हुँदैन। त्यहाँ केही मानिसहरू छन् जसले धाराप्रवाहका साथ भन्दछन् की तिनीहरू आत्माले भरपूर भएका छन् तर परमेश्वरको वचन जान्न र बुझ्नको लागी तिनीहरूले कुनै इच्छा प्रकट गर्दैनन्। तिनीहरू धोकामा र अज्ञानमा रहेका छन्। परमेश्वरको वचनको आज्ञाकारितासँग परमेश्वरको आत्माको भरपूरीलाई तपाईले अलग पार्न सक्नुहुन्न।

तल प्रस्तुत गरिएको पवित्रशास्त्रको खण्ड गह्रौं खण्ड हो। यसले परमेश्वरको आत्माको नियन्त्रणमा रहेको मानिस र शरिरको अधिनमा रहेको मानिसबीचको भिन्नतालाई बयान गर्दछ। पवित्रआत्माद्वारा नियन्त्रित हुनु र आत्माले भरपूर हुनु एकै हो।

किनकी शारिरिक हुनेहरू शरिरकै कुराहरूमा मन लगाउँछन्; तर आत्मिक हुनेहरू आत्माकै कुराहरूमा मन लगाउँछन्। किनकी शरिरमा मन लगाउनुचाँही मृत्यु हो; तर आत्मामा मन लगाउनुचाँही जीवन र शान्ति हो।

किनभने शरिरमा मन लगाउनुचाँही परमेश्वरसँग दुश्मनी गर्नु हो; किनकी शरिरिक मन परमेश्वरको व्यवस्थाको घधिनमा छैन; किनकी यो हुन नै सक्दैन। यसकारण जो शरिरमा छन्, तिनीहरूले परमेश्वरलाई खुशी पार्न सक्दैनन्। तर साँच्चै परमेश्वरका आत्मा तिमीहरूभित्र वास गर्नुहुन्छ भने तिमीहरू शरिरमा छैनौ, तर आत्मामा छौ। तर कुनै मानिससँग ख्रीष्टका आत्मा हुनुहुन्न भने त्यो उहाँको होइन। तर ख्रीष्ट तिमीहरूभित्र हुनुहुन्छ भने शरिर पापको कारणले मरेको छ, तर आत्मा धार्मिकताको कारणले जीवन हुनुहुन्छ। तर जसले येशूलाई मरेकाहरूबाट बौराएर उठाउनुभयो, उहाँका आत्मा तिमीहरूभित्र वास गर्नुहुन्छ भने ख्रीष्टलाई मरेकाहरूबाट बौराई उठाउनुहुनेले तिमीहरूभित्र वास गर्नुहुने उहाँका आत्माद्वारा तिमीहरूका मर्ने शरिरहरूलाई पनि जीवित पार्नुहुनेछ। रोमी ८:५-११

हामी आत्माद्वारा वा पापपूर्ण स्वभावद्वारा नियन्त्रित हुन सक्दछौं भनि यस खण्डले सिकाउँदछ। ती व्यक्ति जसले पापपूर्ण स्वभावलाई उसका कार्यहरू नियन्त्रण गर्ने अनुमति दिदँछ, उसले आत्माद्वारा भरपूर भएको दाबी गर्न सक्दैन। सारा विश्वासीहरूमा परमेश्वरको आत्माले वास गर्नुभए तापनि, केही समयको लागी हामीले आत्माको सामना गर्न सक्दछौं र हामीमाथि नियन्त्रण गर्नको निम्ति पापलाई अनुमति दिन सक्दछौं।

जब हामीले परमेश्वरलाई उहाँको आत्माद्वारा भरपुर पार्ने अनुमति दिँदछौं, आत्माको सारा सेवाका कार्यहरू पूर्णरुपले संचालित हुँदछन् र परमेश्वरले चाहनुभएझैँ गरी हामीले कार्य गर्दछौं। ज्ञान, समझ, विवेक, सामर्थ्य, परमेश्वरको भय, सत्यता, अनुग्रह, न्याय, पवित्रता, महिमा र अझै धेरै – यी नै आत्माहरूबाटका हुन्, जो हामीमा रहन्छन्, र जसै हामीले उहाँलाई हाम्रो जीवन नियन्त्रित गर्ने अनुमति दिदँछौं, तब परमेश्वरले चाहनुभएझैँ हुनको लागी यिनीहरूले हामीलाई योग्य तुल्याउँदछन्।

आत्माले भरपुर हुनु, जुन हुँदैन।

क आत्माले भरपूर हुनु र आत्माले वास गर्नु एकै कुरा होइन।

सबै ख्रीष्टियन जनहरूमा परमेश्वरको आत्माले वास गर्नुहुन्छ। आत्माद्वारा वास गरिनका लागी हामीलाई निर्देशित गरिएको छैन। जब हामी उद्धार गरिदँछौं तब यो स्वचालित रुपमा हुन आउँदछ। सबै ख्रीष्टियनहरूमा आत्माले वास गर्नुहुन्छ तर सबै ख्रीष्टियनहरूले आफूमाथि नियन्त्रण र अगुवाई गर्न परमेरश्वरको आत्मा र परमेश्वरको वचनलाई अनुमति भने दिँदैनन्।

ख आत्माले भरपुर हुनु र आत्माद्वारा बप्तिष्मा गराइनु एकै होइन।

फेरी पनि, मुक्ति पाएको क्षणमा सारा ख्रीष्टियनहरूले बप्तिष्मट लिदँछन् वा ख्रीष्टको शरिरसँग एक हुँदछन्। आत्माद्वारा हामीलाई बप्तिष्मा लिनको लागी निर्देशन दिइदैँन; यो त स्वचालित रुपमा हुन आउँदछ।

ग आत्माको भरिपूर्णता "अन्य भाषा बोल्नु" होइन।

आज, धेरै यो शिक्षा दिँदछन् की आत्माले भरपुर हुनु भनेको "अन्य भाषा बोल्नु" हो। धेरैले विश्वास गर्दछन् की यदि तपाईले "अन्य भाषाहरू बोल्नुहुदैँन" भने तपाईले मुक्ति पाउनुभएको छैन वा तपाई आत्मिकी ख्रीष्टियन होइन। केहीले भन्छन् तपाई उद्धार गरिनुभएको कुराको निश्चियता "अन्य भाषा बोलाई" बाट प्रस्तुत हुँदछ। यी सबै शिक्षाहरू झूटा हुन्। तिनीहरू खोक्रो छन् र यिनले आत्माको भरपुरीसँग मेल खाने तर्कहरूलाई छुटाएका छन्। यस प्रकारका शिक्षाहरूले प्रभुसँगको हाम्रो हिँडाईलाई, विजयमा होइन, तर पराजय तर्फ डोर्याउँदछन्। बाइबलले "अन्य भाषा" लाई आत्माको भरपूरीसँग समान व्यवहार गरेको छैन। ईश्वरिय जीवनयापन वा आत्मामा हिँडाईको "अन्य भाषा" सँग कुनै समान्तर रहेको छैन।

घ आत्माले भरपुर हुनु कुनै प्रकारको आत्मिकी प्रहार होइन वा कुनै किसिमको चित्तार्षण, वनावटी, गुप्ति, वा रहस्यमय अनुभव रहनु होइन जसले एक व्यक्तिलाई प्रगतिशिल स्थायी आत्मिकी उच्चतामा स्थापन गर्दछ।

याद राख्नुहोस्, आत्माले भरपुर हुनु चाँही *सामान्य रुपमा क्षणप्रति क्षण परमेश्वरको उपस्थितिको सचेत हुदैँ जिउनु हो, र उहाँको वचन – बाइबलमा दिइएको निर्देशन अनुसार मेल खानका लागी जिउनु र छनोटहरू गर्नु हो।* प्रत्येक साँचो विश्वासी वा हाम्रो प्रभुको चेला, क्षणप्रति क्षण, आत्माले भरपुर हुँदै जान र उहाँसँगै हिँड्दै जानका लागी योग्यको हुन सक्दछ। यो केही विशिष्ट "राम्रा ख्रीष्टियन" हरूका वर्गका लागी होइन।

आत्माले भरपुर भएको बाइबलिय उदाहरणहरू

बाइबलमा धेरै ठाउँहरू छन् जहाँ मानिसहरू आत्माले भरपुर भएको कुरालाई अभिलिखित गरिको छ।

प्रेरित २ अध्यायमा, येशूका चेलाहरू आत्माले भरपुर भएका थिए, र तिनीहरूले "परमेश्वरका महान् कामहरूको घोषणा गरे" (पद ११)। ती जो बोलिरहेका थिए तिनीहरू गालिलीहरू थिए (पद ७)। यद्यपि, सुनिरहेकाहरूमध्ये धेरै मानिसहरू अरु राष्ट्रका थिए र तिनीहरूले विभिन्न भाषाहरू बोल्दथे। पवित्रआत्माले अप्राकृतिक रुपमा वक्ताहरूलाई सुनिरहेका मानिसहरूका अन्य भाषाहरू बोल्ने खूबी प्रदान गर्नुभयो। तीमध्ये हरेकले तिनीहरूले आफ्ना भाषाहरू बोलिरहेको सुने।

प्रेरित ४:८, पत्रुस पवित्र आत्माले भरपुर भए र साहसका साथ येशू ख्रीष्टको हत्यामा सहभागी भएकाहरूका अघि परमेश्वरको वचन प्रचार गरे।

प्रेरित ४:३१, येशूका चेलाहरू आत्माले भरपुर भए र तिनीहरूले परमेश्वरको वचन बिना संकोच बताए।

प्रेरित ६:१-७, सात मानिसहरू, आत्माले भरपुर भएर, खाना बाँड्नका लागी जिम्मेवारी प्रदान गरियो।

प्रेरित ७:५४-६०, स्टेफन आत्माद्वारा भरपुर भए र परमेश्वरको महिमा र येशूलाई परमेश्वरको छेउमा बस्नुभएको देखे। जब उनलाई मार्नको लागी ढुङ्गा बर्साइयो, उनले आफ्ना हत्याराहरूलाई क्षमा दिए र पछिबाट आफ्नो प्राण त्यागे।

प्रेरित ९:१७, पावल आत्माले भरपुर भए, र परमेश्वरले उनलाई फेरी देख्नसक्ने तुल्याउनुभयो।

प्रेरित १३:१, एन्टिओक मण्डली पवित्रआत्माद्वारा भरपुर पारियो र तिनीहरूले पावल र सिलासलाई मिसिनेरीका रुपमा पठाए।

प्रेरित १३:९, पावल आत्मा भरपुर भए र उनले झूटा भविष्यवक्तालाई हप्काए।

२ पवित्र आत्मालाई शोकित नपार्नुहोस्।

हामीमध्ये धेरैजना अभिभावकहरू हौं र हामी जान्दछौं की हाम्रा नानीहरूले हामीमा आनन्द वा शोक ल्याउन सक्दछन्। हामीलाई थाहा छ ती भावनाहरू कति गहिरिएर जान सक्दछन्। ख्रीष्टियन हुनाले, हामी परमेश्वरका सन्तान हौं। उहाँ हाम्रो पिता हुनुहुन्छ। यदि हामी उहाँसँग हिँड्छौं भने, हामी हाम्रा पितामा आनन्द ल्याउँदछौं। जब हामीले उहाँको सामना गर्दछौं, तब हामीले उहाँलाई दुःख र शोक ल्याउँदछौं।

अनि परमेश्वका पवित्र आत्मालाई शोकित नपार, जसद्वारा तिमीहरू छुटकाराको दिनका निम्ति छाप मारिएका छौ। एफिसी ४:३०

एफिसी ४:२५-३२मा, जुन पवित्र आत्मालाई शोकित नपार भनि निर्देशित गरिएको खण्ड हो, त्यहाँ कमसेकम दशवटा आदेशहरू दिइएका छन्। यी आज्ञाहरूको पालनले परमेश्वरको हृदयमा आनन्द ल्याउँदछ। यी आज्ञाहरू प्रतिको अनाज्ञाकारिताले परमेश्वरको आत्मालाई शोकित पार्दछ।

यसकारण झूटलाई फालेर तिमीहरू हरेकले आफ्नो छिमेकीसित साँचो बोल; किनकी हामी एक-अर्काका अङ्गहरू हौं। रिसाओ, तर पाप नगर; घाम अस्ताउनुभन्दा पहिल्यै तिमीहरूको रिस मरोस्।। शैतानलाई ठाँउ नदेओ। जसले चोर्दथ्यो, अबदेखी उसले नचोरोस्, तर बरु आफ्ना हातहरूले असल काम गर्दै त्यसले मेहनत गरोस्, र जसलाई खाँचो छ, उसलाई दिनालाई त्यससँग केही होस्। कुनै कुवचन तिमीहरूको मुखबाट ननिस्कोस्, तर आवश्यक उन्नतिका निम्ति जुन कुरा असल छ, त्यही मात्र निस्कोस्, र त्यसले सुन्नेहरूलाई अनुग्रह प्रदान गरोस्। अनि परमेश्वका पवित्र आत्मालाई शोकित नपार, जसद्वारा तिमीहरू छुटकाराको दिनका निम्ति छाप मारिएका छौ। सबै तीतोपना, क्रोध, रिस, कलह र निन्दा सबै वैरभावसित तिमीहरूबाट टाढा गरिऊन्; अनि एक-अर्काप्रति दयालु होओ, कोमल मनका होओ; र जसरी परमेश्वरले ख्रीष्टमा तिमीहरूलाई क्षमा गर्नुभएको छ, उसरी नै तिमीहरूले पनि एक-अर्कालाई क्षमा गर। एफिसी ४:२५-३२

यस खण्डलाई अध्ययन गर्नको निम्ति समय दिनु असल हुनेछ र यहाँ परमेश्वरद्वारा दिएकामध्ये कमसेकम दश निर्देशनहरूलाई लेख्नुहोस्।

यो सम्झना गर्नु उचित हुनेछ की पवित्र आत्मा बाहेक त्यहाँ अरु धेरै आत्माहरू छन् भनि परमेश्वरको वचनले सिकाउँदछ। यदि एक व्यक्ति पवित्र आत्माद्वारा नियन्त्रित गरिएको छैन भने, ऊ अरु कुनै आत्माद्वारा नियन्त्रित गरिएको छ। तलका पदहरूलाई ध्यानपूर्वक अध्ययन गर्नुहोस्।

... जसले आफ्नो हैदय ठीक राखेन, र जसको आत्मा परमेश्वरप्रति विश्वासयोग्य रहेन। भजनसंग्रह ७८:८ख

प्रियहरूहो, हरेक आत्मालाई विश्वास नगर, तर आत्माहरूचाँही परमेश्वरबाटका हुन् कि होइनन् भनि तिनीहरूलाई जाँचेर हेर; किनकी अनेकौं झूटा भविष्यवक्ताहरू संसारमा निस्कि आएका छन्। १यूहन्ना ४:१

किनकी मानिसभित्र भएको उसको आत्माले बाहेक अरु कुनै मानिसले जान्दैन। १कोरिन्थी २:११

मानिसको आत्मा गलत र दुष्ट कार्यहरू गर्नाको लागी लायक छन्। हामी सधैँभरि सचेत रहनुपर्दछ की परमेश्वरको आत्माद्वारा डोर्याइनका साटो हामी हाम्रो आफ्नै आत्माद्वारा हामी नडोर्याइएका हौं।

शैतान आफैले पनि हाम्रा आत्माहरूमाथि नियन्त्रण गर्ने चाहना गर्दछ। ध्यानपूर्वक तलका पदहरूको अध्ययन गर्नुहोस्;

अब आत्माले स्पष्ट गरी भन्नुहुन्छः पछि आउने समयहरूमा कति मानिसहरू बहकाउने आत्माहरूतिर र दुष्टात्माहरूको शिक्षाहरूतिर ध्यान दिएर विश्वासबाट भड्लिएर जानेछन्; १तिमोथी ४:१

ती पापमै तिमीहरू बितेको समयमा, यस संसारको रीतिअनुसार, आकाशको अधिकारको शासक अर्थात् त्यस आत्माअनुसार हिँड्थ्यौ, जसले अहिले ती आज्ञा नमान्ने सन्तानहरूमा काम गर्छ; एफिसी २:२

अनि यो अचम्मको कुरा होइन! किनकी शैतान आफैले पनि ज्योतिर्मय स्वर्गदूतको भेष धारण गर्छ। २कोरिन्थी ११:१४

शैतानलाई ठाँउ नदेओ। एफिसी ४:२७

यदि हामीले कुनै पनि अस्वीकृत पापलाई हाम्रो जीवनमा अनुमति दिइ नै रहेका छौं भने, हामीले हाम्रो जीवनमा शैतानलाई ठाँउ दिइ रहेका छौं र र हाम्रा केही विचारहरू र कार्यहरूमा नियन्त्रण गर्न त्यसलाई अनुमति दिइ रहेका छौं। जसै शैतानले ज्योतिर्मय स्वर्गदूतको भेष धारण गर्दछ यसो गरिन सहज हुँदछ। हामीलाई नियन्त्रण गर्नको लागी परमेश्वरको आत्मालाई अनुमति दिइनुपर्दछ वा हामीले आफूलाई नियन्त्रण गर्नाको लागी धोकापूर्ण दुष्ट आत्मालाई आफ्नो हृदय खोलिरहेका हुँदछौं। यसले परमेश्वरको हृदयमा शोक निम्त्याउँदछ।

३ आत्मालाई ननिभाउनुहोस् वा आत्माको आगो नबुझाउनुहोस्।

आत्मालाई ननिभाओ। १थेस्सोलोनिकी ५:१९

यहाँ हामीलाई आत्मा ननिभाउन वा नबुझाउनको लागी निर्देशन दिइएको छ। आत्माको सामना गर्ने र आत्मालाई निभाउने कार्य एकै हुन्।

यस पदलाई अझ स्पष्टताका साथ बुझ्नका लागी १ थेस्सोलोनिकी ५:१६-२२को ध्यानपूर्वक अध्ययन गर्नुहोस्, जसले पद १९लाई घेर्दछन्।

सधैँ आनन्दित रहो। निरन्तर प्रार्थना गरिरहो। हरेक कुरामा धन्यवाद चढाओ; किनकी प्रभु येशूमा तिमीहरूका निम्ति परमेश्वरको यही इच्छा छ। आत्मालाई ननिभाओ। भविष्यवाणीहरू तुच्छ नठान। सबै कुरा जाँच; जुन कुरा असल छ, त्यसलाई बलियो गरी समाती राख। दुष्टताको हरेक रुपबाट अलग बस। १थेस्सोलिनिकी ५:१६-२२

यस खण्डमा कमसेकम सातवटा आदेशहरू दिइएका छन् जुन आत्मालाई ननिभाउने कुरासँग सम्बन्धित छन्। यस खण्डबाट दिइएका आदेशहरूलाई ध्यानपूर्वक आत्मसाथ गर्नुहोस्।

यहाँ आगोसँग सम्बन्धित कुरा चाखलाग्दो छ। यदि सही इन्धन भएमा आगो राम्रोसँग बल्दछ। यदि आत्माको इन्धन पनि सही भएमा यो पनि जगमगाउनेछ। *यहाँको सन्दर्भमा, आत्मालाई बालिरहने इन्धन हाम्रो रमाहट, निरन्तरताको प्रार्थना, धन्यवाद, संसारप्रतिको हाम्रो अध्ययन, असलसँग टाँसि बस्ने र दुष्टताको स्वरुपलाई त्याग्ने आदी हुन्।*

यस पदमा प्रस्तुत गरिएका आदेशहरू वा अरु कुनै बाइबलिय निर्देशनहरूसँग सहमति जनाउन इच्छुक नहुनुले, हाम्रो जीवनमा कार्य गर्नाको लागी परमेश्वरको आत्मालाई अवरोध पुर्याउँदछ।

४ हामी आत्मासित हिँड्नुपर्छ वा आत्माको चालसँग मेल हुनुपर्दछ।

यदि हामी आत्मामा जिउँछौं भने हामी आत्मामा हिडौं पनि। गलाती ५:२५

तर म यो भन्दछुः आत्मामा हिँड, र तिमीहरूले शरिरको अभिलाषा कुनै रीतिले पूरा गर्नेछैनौं। गलाती ५:१६

अनि म मेरो आत्मा तिमीहरूभित्र हालिदिनेछुर तिमी ,हरूलाई मेरा विधिहरूअनि ;मा हिँड्ने तुल्याउनेछु तिमीहरूले मेरा नियमहरूहोशियारसाथ पालन गर्नेछौ। इजकिएल ३६:२७

यसैले की व्यवस्थाको धार्मिकता हामीमा, जो शरिरअनुसार होइन, तर आत्माअनुसार हिँड्दछौं पूरा होओस्। रोमी ८:४

आधारभूत सत्यता यही नै हो की हामी परमेश्वरको आत्माको चालसँगै हिँड्नुपर्दछ। हामी एक पटकमा एक कदम मात्र चाल्दछौं। यो चाखलाग्दो छ की हामीलाई "आत्मामा दगुर" वा "आत्मामा विश्वासको फट्को मार" भनिएको छैन। सरल रुपमा हामीलाई आत्मामा हिँड भनिएको छ। जब हामी आत्मामा कदम-कदम अनुसारले हिँडन सिक्दछौं, तब हामीले ख्रीष्टियन जीवनको आधारभूत सिद्धान्तमध्ये एकमा दक्खल हासिल गर्दछौं – जुन परमेश्वरको आत्माको अधिनमा जीवनयापन गर्नु हो।

यो बुझ्नको लागी र अभ्यास गर्नको लागी कठिन विचार भने होइन। जब हामी हिँड्छौं, हामी एक पटकमा एउटा पाइलामात्र सार्दछौं। हाम्रो केन्द्रविन्दु प्रभु येशू भनेको ख्रीष्टमा समर्पित हुनाको लागी कदम अघि बढाउनु हो। यदि तपाईले एक पटकमा एक कदम चाल्नुहुन्छ भने तपाई आफ्नो सम्पूर्ण जीवनभरि नै परमेश्वरसँग-सँगै हिँड्नुहुनेछ।

५ आत्मामा प्रार्थना गर्नुहोस्।

तर प्रियहरूहोतिमी ,हरूपवित्र आत्मामा प्रार्थना गर। ,ले चाँही आफ्नो अति पवित्र विश्वासमा आफ्नै उन्नति गर यहूदा १:२०

सारा प्रार्थना र अन्तर्विन्ती गर्दै हर समय आत्मामा प्रार्थना गर, अनि यसैका निम्ति सारा प्रयत्न र सबै पवित्र जनहरूका लागी अन्तर्विन्ती गर्दै जागा रहो; एफिसी ६:१८

आत्मामा प्रार्थना गर्नुचाँही परमेश्वरको वचनमा प्रार्थना गर्ने निर्देशन बताएझैँ गरी गर्नु हो। यो आत्माको भरपूरीको निर्देशन साथ-साथ जानु हो। परमेश्वरले निर्देशन दिनुभएझैँ गरी जब हामीले प्रार्थना गर्दछौं, तब हामीले परमेश्वरको हृदयमा आनन्द ल्याउदँछौं र हामीले आत्मालाई शोकित वा अवरोध पुर्याउँदैनौं।

फेरी पनि, ध्यान दिनुहोस् की यस पदहरूमा वा बाइबलका अरु कुनै पनि पदहरूमा आत्मासँग प्रार्थना गर्नुचाँही "अन्य भाषा" बोल्नु हो भनि बताइएको छैन। जब कसैले यस खण्डहरूमा भाषाको शिक्षाहरूलाई घुसाउँदछ भने, तिनीहरूले यस पदलाई गलत व्याख्या गरिरहेका छन् र यी महत्वपूर्ण पदहरूमा परमेश्वरले के सिकाइरहनुभएको छ सो कुरा तिनीहरूले छुटाइरहेका छन्।

यस वचनमा परमेश्वरले प्रार्थनाको बारेमा के शिक्षा दिइरहनुभएको छ भनेर धेरै विश्वासीहरूले अधिकरुपले बुझिरहेका छैनन्। जसको फलस्वरुप, आफ्नो जीवनका प्रार्थनाहरूमा तिनीहरूले थोरैमात्र जवाफ पाइरहेका छन्। आत्मामा प्रार्थना गर्नु कुनै लापरवाही तरीकाको आफूखूशी भावुक भावनाहरू होइन; तर यो त हृदयबाट आउने प्रार्थना हो जुन पूर्ण छ र यसमा वचनद्वारा प्रकट गरिएझैँ गरी परमेश्वरको इच्छाप्रति विचारपूर्ण समर्पणता रहेको हुँदछ। जब हामी यस किसिमले प्रार्थना गर्दछौं, तब हाम्रो प्रार्थनामा आत्माको मध्यस्तता वास्तविक हुँदछ। यस अध्ययनको १६औं पाठमा हामीले प्रार्थनालाई अझै गहिराईमा अध्ययन गर्नेछौं।

आत्माले भरपुर हुनु कुनै प्रकारको आत्मिकी जादुगरी होइन वा कुनै किसिमको चित्तार्षण, वनावटी, गुप्ति, वा रहस्यमय अनुभव रहनु होइन जसले एक व्यक्तिलाई प्रगतिशिल स्थायी आत्मिकी उच्चतामा स्थापन गर्दछ। यो त सामर्थ्य हो जुन, केही विशिष्ट वर्गहरूको लागीमात्र होइन, तर सारा ख्रीष्टियनहरूका लागी उपलब्ध गराइएको छ।

आत्माद्वारा भरपुर हुनु वा नियन्त्रण गरिनु चाँही *सरल रुपमा परमेश्वरको उपस्थितीप्रति सचेत हुँदै क्षणप्रति क्षण जिउनु हो, र उहाँको वचन – बाइबलमा निर्देशन गरिएबमोजिम छनोटहरू र निर्णयहरूलाई मेल गर्नु हो। हामी हाम्रो जीवनभरि नै उहाँमा आज्ञाकारी हुन र उहाँलाई महिमित तुल्याउनका लागी खोजी गरिरहँदछौं।*

किनकी शारिरिक हुनेहरू शरिरकै कुराहरूमा मन लगाउँछन्; तर आत्मिक हुनेहरू आत्माकै कुराहरूमा मन लगाउँछन्। किनकी शरिरमा मन लगाउनुचाँही मृत्यु हो; तर आत्मामा मन लगाउनुचाँही जीवन र शान्ति हो। किनभने शरिरमा मन लगाउनुचाँही परमेश्वरसँग दुश्मनी गर्नु हो; किनकी शरिरिक मन परमेश्वरको व्यवस्थाको घधिनमा छैन; किनकी यो हुन नै सक्दैन। यसकारण जो शरिरमा छन्, तिनीहरूले परमेश्वरलाई खुशी पार्न सक्दैनन्। तर साँच्चै परमेश्वरका आत्मा तिमीहरूभित्र वास गर्नुहुन्छ भने तिमीहरू शरिरमा छैनौ, तर आत्मामा छौ। तर कुनै मानिससँग ख्रीष्टका आत्मा हुनुहुन्न भने त्यो उहाँको होइन। तर ख्रीष्ट तिमीहरूभित्र हुनुहुन्छ भने शरिर पापको कारणले मरेको छ, तर आत्मा धार्मिकताको कारणले जीवन हुनुहुन्छ तर जसले येशूलाई मरेकाहरूबाट बौराएर उठाउनुभयो, उहाँका आत्मा तिमीहरूभित्र वास गर्नुहुन्छ भने ख्रीष्टलाई मरेकाहरूबाट बौराई उठाउनुहुनेले तिमीहरूभित्र वास गर्नुहुने उहाँका आत्माद्वारा तिमीहरूका मर्ने शरिरहरूलाई पनि जीवित पार्नुहुनेछ। रोमी ८:५-११

पन्ध्र

मण्डली – विश्वासीहरूका निम्ति परमेश्वरको योजना

आओ, हाम्रो विश्वासको अङ्गीकारलाई स्थिर भएर बलियो गरी पक्रौं; किनकी जसले प्रतिज्ञा गर्नुभयो, उहाँ विश्वासयोग्य हुनुहुन्छ; २४ अनि आओ, प्रेम र असल कामहरूमा निम्ति हौसला दिनालाई एक-अर्काको चिन्ता गरौं; २५ र कसै-कसैको रीति भएझैँ हामी एक ठाउँमा भेला हुन नछोडौं; तर एक-अर्कालाई उत्साह दिदैँ रहौं; अनि त्यो दिन जति नजिक-नजिक आउँदै गरेको तिमीहरू देख्छौ, उति नै वेसी हामी यसो गर्ने गरौं।
हिब्रु १०:२३-२५

परमेश्वरले आफ्ना सन्तानहरू एकान्तवासी भएको चाहनुभएन। हामीले एकत्रित विश्वासी भएर साथमा कार्य गरेको उहाँले चाहनुभयो। उहाँको योजनालाई बयान गर्दा, उहाँले मानव शरिरको प्रयोग गर्नुभयो। (रोमी १२ र १कोरिन्थी १२)। हाम्रो शरिरले कार्य गर्नको लागी यसको प्रत्येक अङ्गहरूले नै (हातहरू, पाउहरू, कानहरू, नाम, आँखाहरू आदी।) कार्य गर्नुपर्दछ। राम्रोसँग कार्य गर्नको लागी हरेक अङ्गलाई हरेक अङ्गको सहायता चाहिदँछ। जब शरिरको एक अङ्गले आफ्नो कर्तव्य पूरा गर्दैन, तब पूरा शरिरले नै कष्ट भोग्नुपर्दछ। परमेश्वरले हरेक उद्धार गरिएका व्यक्तिहरूलाई विशेष प्रतिभाहरू र खूबीहरू प्रदान गरिदिनुभएको छ र उहाँले शरिरको सेवा, प्रोत्साहन गर्नको लागी र विश्वासीलाई बढाउनका लागी ती योग्यताहरूको प्रयोग गरिएको चाहनुहुन्छ।

किनकी शरिर एउटै हुन्छ, तर त्यसका अङ्गहरू धेरै हुन्छन्; अनि त्यस एउटा शरिरका सबै अङ्गहरू, धेरै भए तापनि एउटै शरिर हुन्; ख्रीष्ट पनि त्यस्तै हुनुहुन्छ। किनकी चाहे हामी यहूदी हौं चाहे ग्रीक, चाहे हामी कमारा हौं चाहे स्वतन्त्र, हामी सबै एउटै आत्माद्वारा एउटै शरिरभित्र बप्तिष्मा भयौं; र सबैलाई एउटै आत्माभित्र पिउन दिइयो। किनकी शरिर पनि एउटै अङ्ग होइन, तर धेरै अङ्गहरू हुन्। यदि खुट्टाले 'म ता हात होइनँ, यसैकारण म शरिरको होइनँ' भन्यो भने, के त्यही कारणले त्यो शरिरको होइन? अनि यदि कानले ' म ता आँखा होइनँ, यसैकारण म शरिरको होइनँ' भन्यो भने, के त्यही कारणले त्यो शरिरको होइन? यदि सारा शरिर आँखा हुँदो हो ता सुन्ने कहाँ? यदि सारा शरिर सुन्ने हुँदो हो ता सुँघ्ने कहाँ? तर अब आफूलाई मन परेअनुसार परमेश्वरले अङ्गहरूलाई – तीमध्ये एक-एकलाई शरिरमा राख्नुभयो। अनि तिनीहरू सबै एउटै अङ्ग हुँदा हुन् ता शरिर कहाँ हुनेथ्यो। तर अब अङ्गहरू साँच्चै धेरै छन्, तर शरिर एउटै। अनि आँखाले हातलाई 'मलाई तिम्रो खाँचो छैन' भन्न सक्दैन; न ता फेरी शिरले खुट्टाहरूलाई 'मलाई तिमीहरूको खाँचो छैन' भन्न सक्दछ। अनि शरिरका जुन अङ्गहरू बेसी कमजोर देखा पर्छन्, तिनीहरूकै झन् बेसी खाँचो पर्छ। अनि शरिरका जुन अङ्गहरूलाई हामी कम आदरका सम्झन्छौं, तिनीहरूलाई हामी झन् प्रशस्त आदर दिन्छौं; अनि हाम्रा असुन्दर अङ्गहरूकै झन् प्रशस्त सुन्दरता हुन्छ; किनकी हाम्रा सुन्दर अङ्गहरूलाई कुनै खाँचो छैन। तर परमेश्वरले पछि परेको अङ्गलाई झन् प्रशस्त आदर दिँदै शरिरलाई एकसाथ मिलाउनुभएको छ; यसैले की शरिरमा कुनै फाटो नहोस् तर अङ्गहरूले एक-अर्काका निम्ति एकै प्रकारको वास्ता राखून्। अनि एउटा अङ्गले दुःख पायो भने

सबै अङ्गहरूले त्योसँगै दुःख भोग्छन्; अथवा एउटा अङ्गले आदर पायो भने सबै अङ्गहरूले त्योसँगै आनन्द मनाउँछन्। अब तिमीहरू ख्रीष्टको शरिर हौ,र एक-एक गरी चाँही अङ्गहरू हौ। १कोरिन्थी १२:१२-२७

एक व्यक्तिले परमेश्वरको कार्य वा उद्देश्य पूरा गर्नको निम्ति उसलाई ख्रीष्टको शरिरको (मण्डली) बाँकी अङ्गहरूको आवश्यकता पर्दैन भनि भन्नु वा सोच्नुचाँही मानव हातले, "मलाई अन्य अङ्गहरूको आवश्यकता छैन। किन मलाई हृदय वा आँखाको आवश्यकता पर्यो र? एक्लैले म राम्रो वा अझ धेरै राम्रो सक्छु" भन्नु जस्तै हो। हामी सबैलाई थाहा छ यदि हामीले हातलाई शरिरबाट निकाल्यौं भने, यो उपयोगी हुँदैन र यो चाँडै मर्नेछ। मण्डलीसँग पनि ठीक यस्तै हो। परमेश्वरले हामीलाई उहाँको शरिरको (मण्डली) अङ्गहरू हुनाको लागी योजना बनाउनुभयो र उहाँको इच्छा र उद्देश्यलाई पूरा गर्नको लागी हामीले साथमा कार्य गर्नुपर्दछ।

धेरै मानिसहरूले जब मण्डलीको बारेमा विचार गर्दछन्, तिनीहरूले मण्डली भवनको बारेमा सोच्दछन् जहाँ मानिसहरू "मण्डलीमा सहभागिता" जनाउँदछन्। यद्यपि, मण्डलीको बारेमा बाइबलिय शिक्षालाई सही तरीकाले जान्नका लागी हामीले यो बुझ्नु आवश्यक छ की *मण्डली भवन होइन; यो त उद्धार गरिएका मानिसहरू हुन्।* नयाँ नियममा, ग्रीक शब्दले "मण्डलीलाई" यसरी अनुवाद गर्यो "बोलावट गरिएका मानिसहरू"। सारा मानिसहरू, विश्वभर, जो साँचो रुपमा उद्धार गरिएका छन्, तिनीहरू मण्डली हुन्। अरुहरूले त सभामा सहभागिता मात्र जनाउँदछन् र "मण्डलीमा संलग्न" पनि हुँदछन्, तर स्थानिय मण्डलीमा आवद्ध हुनाले कुनै पनि व्यक्तिलाई "ख्रीष्टको शरिर"को अङ्ग भने बनाउँदैन, वा साँचो "मण्डली"को अंश तुल्याउँदैन।

स्थानिय विश्वासी समुहहरू जो नियमित रुपमा भेला हुँदछन् र साथमा परमेश्वरलाई आराधना चढाउँदछन्, तिनीहरूलाई जनाउनका निम्ति हामी यस "स्थानिय मण्डली" भनि परिभाषित गर्दछौं। पवित्रशास्त्रमा प्रयोग गरिएका प्रायजसो मण्डली भन्ने शब्दले स्थानिय मण्डलीलाई जनाउँदछ। यस अध्ययनमा, जब "मण्डली" शब्दको प्रयोग हुँदछ, धेरैजसो पटक यसले स्थानिय विश्वासीका समूहलाई सम्बोधन गरिरहेको हुँदछ जसले "स्थानिय मण्डली" स्थापन गर्दछन्।

ख्रीष्टियनहरू आराधना गर्न, संगति गर्न, सिक्न, बढ्दै जान, प्रोत्साहन दिन, र विश्वासमा एक-अर्कालाई निर्माण गर्नका निम्ति एकसाथ आउँदछन्। यो सिक्ने कार्य, प्रेरणा, र संगतिको लागी रमाहटको समय हो। प्रायजसो हाम्रो जनिकको मित्र विश्वासी नै हुनुहुन्छ जो नियमित रुपमा स्थानिय मण्डलीको अंङ्ग भएर साथ जुटिरहनु हुँदछ।

जब तिनीहरूले मलाई 'लौ, हामी परमप्रभुको भवनमा जाऔं' भने, तब म आनन्दित भएँ। भजनसंग्रह १२२:१

मण्डलीको सन्दर्भमा चाबी खण्डहरू

तल मण्डलीसँग सम्बन्धित केही चाबी खण्डहरू प्रस्तुत गरिएका छन्। यस खण्डहरूमा थोरैमा "टिप्पणी" गरिएको छ। यद्यपि, मण्डलीको लागी परमेश्वरको कार्य थाहा गर्न, एक व्यक्तिले तलका खण्डहरूलाई आत्मसाथ गर्नुपर्दछ।

१ मत्ती २८:१८-२० यी पदहरूले समग्रमा मण्डलीका उद्देश्यहरू प्रस्तुत गर्दछ जुन येशूद्वारा प्रदान गरिएको हो। हामीले *"चेलाहरू बनाउनुपर्दछ, -- सबै कुराहरूको शिक्षा दिइकन जुन म (ख्रीष्ट)ले तिनीहरूलाई निर्देशित गरें"।*

अनि तिनीहरूकहाँ आएर येशू तिनीहरूसँग यसो भन्दै बोल्नुभयोः "स्वर्ग र पृथ्वीमा सारा अधिकार मलाई दिइएको छ। यसकारण तिमीहरू जाओ, र सबै जातिहरूलाई चेला बनाओ, तिनीहरूलाई पिताको, पुत्रको र

पवित्र आत्माको नाममा बप्तिष्मा देओ, मैले तिमीहरूलाई जे-जे आज्ञा गरें, ती सबै तिनीहरूलाई पालन गर्न सिकाओ; अनि हेर, म सधैँभरि, अँ, संसारको अन्तसम्म नै तिमीहरूको साथमा छु"। आमेन। मत्ती २८:१८-२०

२ २तिमोथी ३:१५ – ४:४ यी पदहरूले चेलाहरू कसरी बनाउने सो विषयमा सन्दर्भित रहेका छन्। हामीले *वचन प्रचार* गर्नुपर्दछ!!!

अनि तिमीले बालककालदेखी नै पवित्र शास्त्रहरू जानेका छौ; जसले तिमीलाई, ख्रीष्ट येशूमा भएको विश्वासद्वारा मुक्तिका निम्ति बुद्धिमान् तुल्याउन सक्छन्। सबै पवित्रशास्त्र परमेश्वरको प्रेरणाद्वारा दिइएको हो, अनि शिक्षाका निम्ति, भूलदोष देखाउनाका निम्ति, सुधारका निम्ति, धार्मिकताको सम्बन्धमा तालिमका निम्ति लाभदायक हुन्छ; जसद्वारा परमेश्वरको जन हरेक असल कामका निम्ति पूर्ण रुपले सुसज्जित भई सिद्ध होओस्। २तिमोथी ३:१५-१७

यसकारण परमेश्वर र प्रभु येशू ख्रीष्टका सामु म तिमीलाई कडा आज्ञा गर्दछु, जसले आफ्नो आगमन र आफ्नो राज्यमा जिउँदा र मरेकाहरूको न्याय गर्नुहुनेछ; २ वचन प्रचार गर; समयमा असमयमा तयार बस; सारा सहनशीलता र शिक्षाले दोष देखाइदेऊ, हप्काऊ, अर्ती देऊ । ३ किनकी यस्तो समय आउनेछ, जब तिनीहरूले खाँटी शिक्षा सहनेछैनन्, तर चिलाउने कानहरू भएका हुनाले आफ्नै अभिलाषाहरूअनुसार तिनीहरूले आफ्ना निम्ति शिक्षकहरूको थूप्रो लगाउनेछन्; ४ अनि तिनीहरूले आफ्ना कानहरू सत्यताबाट फर्काउनेछन् र दन्त्यकथाहरूतिर लगाउनेछन्। २तिमोथी ४:१-४

३ प्रेरित २:४२ यस पदले प्रथम मण्डलीका कार्यहरूलाई बयान गर्दछ।

अनि तिनीहरू प्रेरितहरूका शिक्षामा, सङ्गतिमा, रोटी-भँचाइमा र प्रार्थनाहरूमा दृढतापूर्वक लागिरहे। प्रेरित २:४२

४ एफिसी ४:११-१६ यी पदहरूले स्वस्थ बाइबलिय मण्डलीका बारेमा बयान गर्दछन्।

अनि उहाँले कतिलाई प्रेरितहरू, अनि कतिलाई भविष्यवक्ताहरू, अनि कतिलाई सुसमाचार प्रचारकहरू, अनि कतिलाई गोठालाहरू र शिक्षकहरू हुनालाई दिनुभयो; सेवाको काम र ख्रीष्टको शरिरको उन्नतिका निम्ति पवित्र जनहरूलाई सिद्ध बनाउनालाई, जबसम्म हामी सबैजना विश्वासको र परमेश्वरको पुत्रको पहिचानको एकतामा आइपुग्दैनौं, एउटा पूरा बढेको मानिस बन्दैनौं, ख्रीष्टको परिपूर्णतारुपी कदको नापसम्म आइपुग्दैनौं; र अब उसो बालक नरहौं, जो मनिसहरूका चलाकी र छलपूर्ण धूर्ततामा हरेक शिक्षारूपी बतासद्वारा यता र उता पारिदँछन् अनि वर र पर हुत्याइँदछन्; यस्ता कुराहरूद्वारा धोका दिनालाई तिनीहरू ढुकेर बस्छन्। तर प्रेममा साँचो बोल्दै हामी सबै कुराहरूमा उहाँसम्म, जो शिर हुनुहुन्छ अर्थात् ख्रीष्टसम्म बढौं। उहाँबाट नै सम्पूर्ण शरिरले हरेक अङ्गको नापमुताबिकको प्रभावकारी कामअनुसार हरेक जोर्नीको सहायताद्वारा टम्म मिलेर एकसाथ बाँधिएर प्रेममा आफ्नै उन्नति गर्नाको निम्ति शरिरको वृद्धि गर्दछ। एफिसी ४:११-१६

५ हिब्रु १०:२२-२५ यी पदहरूले कसरी ख्रीष्टियनहरूले एक-आपसमा मिलेर कार्य गर्नुपर्दछ।

आओ, साँचो मनले, विश्वासको पूरा निश्चयतामा, दुष्ट विवेकबाट शुद्ध हुनालाई आफ्ना हृदयहरूमा छिट्काउ लिएर र आफ्ना शरिरहरूलाई शुद्ध जलले धिएर हामी नजिकम जाऔं। आओ, हाम्रो विश्वासको अङ्गीकारलाई स्थिर भएर बलियो गरी पक्रौं; किनकी जसले प्रतिज्ञा गर्नुभयो, उहाँ विश्वासयोग्य हुनुहुन्छ; अनि आओ, प्रेम र असल कामहरूमा निम्ति हौसला दिनालाई एक-अर्काको चिन्ता गरौं; र कसै-कसैको रीति भएझैँ हामी एक

ठाउँमा भेला हुन नछोडौं; तर एक-अर्कालाई उत्साह दिदैँ रहौं; अनि त्यो दिन जति नजिक-नजिक आउँदै गरेको तिमीहरू देख्छौ, उति नै वेसी हामी यसो गर्ने गरौं। हिब्रु १०:२२-२५

६ यूहन्ना ४:२३-२४ र हिब्रु १२:२८-२९

तर त्यो समय आउँछ, , र अहिले नै हो, जुन घडी साँचो उपासकहरूले पिताको उपासना आत्मामा र सत्यतामा गर्नेछन्; किनकी उहाँको उपासना गर्नालाई पिताले यस्तैहरूलाई खोज्नुहुन्छ। २४ परमेश्वर आत्मा हुनुहुन्छ, अनि उहाँको उपासना गर्नेहरूले आत्मामा र सत्यतामा उपासना गर्नुपर्दछ"। यूहन्ना ४:२३-२४

यसकारण हल्लन नसक्ने राज्य हामीले पाइरहेका हुनाले आओ, हामी अनुग्रह प्राप्त गरौं, जसद्वारा हामी श्रद्धा र ईश्वरीय भयसाथ परमेश्वरलाई ग्रहणयोग्य सेवा चढाउन सकौं; किनकी हाम्रा परमेश्वर भस्म गर्नुहुने आगो हुनुहुन्छ। हिब्रु १२:२८-२९

यी पदहरूले हामीलाई शान्त सत्यता सिकाउँदछ। मण्डलीको प्राथमिक उद्देश्य भनेको परमेश्वरको आराधना गर्नु हो। हाम्रो आराधना सही आत्मामा हुनुपर्दछ र यो सत्यतामा आधारित हुनुपर्दछ। यदि हाम्रो हृदय सही छैन भने र यदि हामीले "हाम्रो आफ्नै तरीकामा" आराधना गर्दछौं भने, यो साँचो आराधना होइन। बाइबलिय सत्यताका आधारमा हाम्रो आराधना आधारित भएको हुनुपर्दछ। हाम्रो हृदयमा परमेश्वरप्रति श्रद्धा र भय हुनुपर्दछ।

साँचो आराधना परमेश्वरलाई महिमित तुल्याउने र उच्च पार्ने कुरामा केन्द्रित रहेको हुँदछ। मनोरन्जन गर्ने, मण्डलीमा मानिसहरूलाई आकर्षित गर्नका लागी केन्द्त भएका, मानिसहरूमा प्रभाव पार्ने उद्देश्य राखिएका, वा यूवामाझ आकर्षण गराउने हेतुका सारा उद्देश्यहरू साँचो होइनन् र यसले परमेश्वरको महिमा गर्दैन। साँचो आराधना परमेश्वरको महिमा र भयमा मात्र केन्द्रित रहेको हुँदछ – अरु केहीमा होइन।

स्वस्थ मण्डलीका बाइबलिय जग

परमेश्वरले हामीलाई सृष्टि गर्नुभएको र हामी अस्तित्वमा रहेको आधारभूत कारण यो हो की हामीले परमेश्वरलाई महिमोति तुल्याउन सकेका हौं। यो हरेक मण्डलीको र हरेक मण्डलीका सदस्यहरूको उद्देश्य भएको हुनुपर्दछ। हामी आज्ञाकारी हुनाले र उहाँको निर्देशनहरू पालन गर्नाले उहाँलाई महिमित पार्दछौं, जसम स्थानिय मण्डलीका निर्देशनहरू समावेश छन्।

मण्डलीको बारेमा सयौं (हजारौं) पूस्तकहरू लेखिएका छन्। धेरैजसो असल छन्, तर धेरै त्यति असल भने छैनन्। धेरैजसो बिकृत र आफू-खूशी कुरामा आधारित छन्। धेरैजसोले परमेश्वरले सिकाउनु भएको अनुसारले होइन तर मानव चाहना मुताबिक मण्डली दर्शनलाई मध्यस्त गरिएको छ। व्यक्तिगतरुपमा मैले सिफारिस गर्ने पूस्तक मण्डलीको लागी गुरुयोजना हो, जसका लेखक जोन् म्याकआर्थर हुनुहुन्छ।

स्वस्थ मण्डलीका केही बाइबलिय जगहरू तल प्रस्तुत गरिएका छन्।

१ एक स्वस्थ बाइबलिय मण्डलीले परमेश्वरको वचनमा ठीकसँग विश्वास गर्छन् र सही तरीकाले शिक्षा प्रदान गर्दछन्।

स्वस्थ मण्डलीको पहिलो जग यो हो की तिनीहरूले परमेश्वरको वचन होशियारीका साथ सही तरीकाले सिकाउनुपर्दछ। ती जसले परमेश्वरलाई पालन गर्दछन् र उहाँको शिक्षालाई अभ्यास गर्दछन् तिनीहरूका निम्ति धेरै आशिषहरूको प्रतिज्ञा गरिएको छ भनि परमेश्वरको वचनले भन्दछ। झूटा शिक्षाहरूका लागी पनि त्यहाँ धेरै

चेतावनीहरू प्रस्तुत गरिएका छन्। यदि कुनै मण्डलीले सहीसँग परमेश्वरको वचनलाई सिकाउँदैन भने,परमेश्वरलाई जान्न र उहाँसँग हिँड्नको निम्ति तिनीहरूले सिकाइरहेका होइनन्। यो अति गम्भिर विषय हो। यसले अनन्तताको परीणामहरू निम्त्याउँदछ।

झूटा शिक्षाले परमेश्वरको महिमा गर्नको निम्ति अगुवाई गर्दैन। मण्डलीमा मानिसहरूले असल समय त प्राप्त गर्लान् र त्यहाँ धेरै कार्यक्रमहरू आयोजित होलान् र भव्य भिड त भेला होलान्, तर, यथार्थमा, तिनीहरू आत्मिकीरुपमा सुख्खा र उपयोगहिन् रहेका छन्।

तर उहाँले जवाफ दिएर तिनीहरूलाई भन्नुभयोः "यशैयाले तिमी कपटीहरूका विषयमा ठीक भविष्यवाणी गरेका छन्, जस्तो लेखिएको छः 'यस जातिले मलाई आफ्ना ओठले ता आदर गर्दछ, तर यिनीहरूको हृदय मदेखी टाढो छ। तर यिनीहरू व्यर्थमा मेरो उपासना गर्दछन्, किनकी मानिसहरूका आज्ञाहरूलाई धर्म-शिक्षाहरूझैँ सिकाउँछन्। मर्कुस ७:६-७

तपाईहरूकै बीचबाट पनि चेलाहरूलाई आफ्नो पछि खिँच्नालाई टेढामेढा कुरा गर्ने मानिसहरू उठ्नेछन्। प्रेरित २०:३०

किनभने ख्रीष्टले मलाई बप्तिष्मा दिन होइन, तर सुसमाचार प्रचार गर्न पठाउनुभयो; शब्दहरूको बुद्धिमा होइन, नत्र ता ख्रीष्टको क्रुस बिनाकामको पारिनेछ। १कोरिन्थी १:१७

होसियार होओ, नत्र कसैले तत्वज्ञान र व्यर्थैको धोकाद्वारा तिमीहरूलाई शिकार बनाउला ! ती कुराहरू मानिसका रीतिथिति र संसारका प्राथमिक शिक्षाअनुसार छन्, तर ख्रीष्टअनुसार छैनन्। कलस्सी २:८

२ स्वस्थ मण्डली प्रार्थनारत मण्डली हो।

बाइबलिय सत्यतालाई आत्मसाथ गर्ने र अभ्यास गर्ने मण्डली वा व्यक्तिजस्तो अरु कुनै पनि हुँदैन, र कुनै पनि मण्डली र कुनै पनि व्यक्ति आफ्नो प्रार्थनाको जीवनभन्दा बलियो हुनसक्दैन। परमेश्वरसँगको हिँडाईलाई मापन गर्ने तरीका यही नै हो। स्वतन्त ख्रीष्टियन भएका हुनाले, हामी "असल" मानिस बन्न सक्दछौं, मण्डलीको सभाहरूमा नियमित सहभागीता जनाउन सक्दछौं, मण्डली बाइबल विद्यालयमा पढाउन सक्दछौं, वा हामी प्रचारकहरू पनि बन्न सक्दछौं, तर यदि हामीले नियमित रुपमा परमेश्वरको वचनलाई आत्मसाथ गरिरहेका छैनौं भने र यदि हामीले प्रार्थनाका बाइबलिय पद्दतिहरू अपनाइरहेका छैनौं भने, त्यहाँ केही वा कुनै पनि आत्मिकी वृद्धि रहेको हुँदैन र हाम्रो जीवनमा केही मात्रामा वा कुनै पनि आत्मी फल फलेको हुँदैन।

मैले धेरै मण्डलीहरूमा सहभागिता जनाएको छु साथै शिक्षा पनि दिएको छु जहाँ प्रार्थनाको लागी कक्षामा पाँच मिनेटभन्दा पनि कम समय निर्धारित गरिएको हुँदछ। तिनीहरूका बुधबारिय प्रार्थना सभा भए तापनि, तिनीहरूले प्रचार सेवाको अन्त्यमा नाममात्रको प्रार्थना गर्दथे। मूख्यतः संकलन गरिएका प्रार्थनाहरू मध्ये धेरै प्रार्थना धेरै व्यक्तिका शारिरिक स्वस्थतासँग संबन्धित थिए। यस प्रकारको प्रार्थना पद्दतिले एक मण्डलीलाई स्वस्थ मण्डली हुनका निम्ति अगुवाई गर्दैन।

यस अध्ययनको अर्को पाठ प्रार्थनासँग सम्बन्धित रहेको छ। हामी सबैले नै होशियारीका साथ परमेश्वरको वचनलाई आत्मसाथ गर्नुपर्छ र प्रार्थना सम्बन्धि बाइबलिय निर्देशनहरूलाई अभ्यास गर्नुपर्दछ।

३ एक स्वस्थ मण्डलीले प्रभु येशू ख्रीष्टको असल दास हुनाको लागी विश्वासीहरूलाई उन्नति र भरपूर गराउन तर्फ प्रतिवद्धता जाहेर गर्दछ।

यसकारण जसरी तिमीहरूले ख्रीष्ट येशू प्रभुलाई ग्रहण गरेका छौ, यसरी नै तिमीहरू उहाँमा हिडँ; अनि उहाँमा नै जरा हाल्दै र बनिदैँ जाओ; अनि जसरी तिमीहरू सिकाइएका छौ, उसरी नै यस धन्यवादले प्रशस्त हुँदै विश्वासमा स्थिर हुँदै जाओ। कलस्सी २:६-७

त्यहाँ कैयौं मण्डलीहरू छन् जसले विश्वासीहरूलाई उन्नती गराउन र बलियो पार्नका निम्ति प्राथमिकता दिँदैनन्। केहीले प्रचारमा जोड दिँदछन् की तिनीहरूले विश्वासीहरूका उन्नतिमा ध्यान दिँदैनन्। अरु मण्डलीहरूले शिक्षामाभन्दा उच्च रुपमा मनोरन्जनमा ध्यानकेन्द्रित गर्दछन्। एक स्वस्थ मण्डली हुनाको लागी, विश्वासीहरूलाई उन्नति गराउने उद्देश्यलाई मण्डलीको प्राथमिक उद्देश्य बनाउनुपर्दछ। तलका पदहरूमा विचार गर्नुहोस् की *"मैले निर्देशन दिएका सारा कुराहरू"* लाई हामीले तिनीहरूमा पालन गर्नको निम्ति यस शिक्षा प्रदान गर्नुपर्दछ। हामीले तिनीहरू *सबैलाई* परमेश्वरको वचनको शिक्षा प्रदान गर्नुपर्दछ।

अनि तिनीहरूकहाँ आएर येशू तिनीहरूसँग यसो भन्दै बोल्नुभयोः "स्वर्ग र पृथ्वीमा सारा अधिकार मलाई दिइएको छ। यसकारण तिमीहरू जाओ, र सबै जातिहरूलाई चेला बनाओ, तिनीहरूलाई पिताको, पुत्रको र पवित्र आत्माको नाममा बप्तिष्मा देओ, मैले तिमीहरूलाई जे-जे आज्ञा गरें, ती सबै तिनीहरूलाई पालन गर्न सिकाओ; अनि हेर, म सधैँभरि, अँ, संसारको अन्तसम्म नै तिमीहरूको साथमा छु"। आमेन। मत्ती २८:१८-२०

विश्वासीहरूलाई उन्नति गराउनु समस्त मण्डलीगत प्रकृया हो। विश्वासीहरू मण्डलीको प्रचार \ शिक्षाको सेवकाईद्वारा उन्नतिशित गराइँदछन् र एक-आपसमा आत्मिकी वरदानहरूद्वारा अभ्यस्त भइ, एक-अर्काको लागी प्रार्थना गर्दै, र एक-अर्कालाई प्रोत्साहन दिँदै मण्डलीका सदस्यहरूको उन्नति गराइदँछ। पवित्रशास्त्र २०पटकभन्दा बढि बिभिन्न "एक-अर्का"को प्रयोग भएको छ। एक-अर्कालाई उन्नति गराउनाको निम्ति यो परमेश्वरद्वारा प्रदान गरिएको निर्देशन हो।

र कसै-कसैको रीति भएझैँ हामी एक ठाउँमा भेला हुन नछोडौं; तर एक-अर्कालाई उत्साह दिदैँ रहौं; अनि त्यो दिन जति नजिक-नजिक आउँदै गरेको तिमीहरू देख्छौ, उति नै वेसी हामी यसो गर्ने गरौं। हिब्रु १०:२५

यसकारण एक-अर्कालाई सान्त्वना देओ, र एउटाले अर्काको उन्नति गर, जो तिमीहरूले गर्दैछौ पनि। १थेस्सोलोनिकी ५:११

तर जबसम्म 'आज' भनिन्छ, तबसम्म दिनहुँ एक-अर्कालाई अर्ती देओ, र पापको छलद्वारा तिमीहरूमध्ये कोही कठोर नबनोस्। हिब्रु ३:१३

४ एक स्वस्थ मण्डली सुसमाचारका साथ उद्धार नगरिएका मानिसहरू बीचमा पुग्दछ।

अघिका पदहरूलाई विचार गर्नुहोस् (मत्ती २८:१८-२०), हामीलाई सारा राष्ट्रमा चेला बनाउनका निम्ति निर्देशन दिइएको छ। चेलापन बनाउने पहिलो कदम तिनीहरूलाई प्रभुमा अगुवाई गर्ने हो। एक मण्डली जसले कहिलेकाँही मानिसहरू उद्धार गरिएको देख्दछ त्यो स्वस्थ मण्डली होइन। एक स्वस्थ मण्डलीसँग दुवै स्थानिय र विश्वव्यापी पहुँच रहेको सेवकाई हुँदछ। हामीसँग विश्वव्यापी पहुँच रहेको सेवकाई तब हुँदछ जब हामीले कार्यउद्देश्यको बारेमा शिक्षा प्रदान गर्दछौं,उद्धार नगरिएका मानिसहरू र मिसिनेरीहरूका लागी प्रार्थना गर्दछौं, र परदेशी मेसिनेरीहरूलाई आर्थिक सहयोग प्रदान गर्दछौं।

तर पवित्र आत्मा तिमीहरूमाथि आउनुभएपछि तिमीहरूले सामर्थ्य पाउनेछौ, र यरुशलेममा, सारा यहूदिया र सामरियामा, अनि पृथ्वीको छौउसम्म तिमीहरू मेरा निम्ति शाक्षी हुनेछौ। प्रेरित १:८

५ एक स्वस्थ मण्डली, एक-अर्कासँग संगति गर्दै, आत्मिकी वरदानहरूलाई अभ्यास गर्दै, एक-अर्कालाई उन्नति गराउँदै, र एक-अर्कालाई प्रोत्साहन दिँदै, एकै शरिरझैँ एकतामा रहदँछ।

आउनुहोस्, एफिसी ४अध्यायको हाम्रो चाबी खण्डमा हामी फेरी एकपटक हेरौं। परमेश्वरले वर्णन गर्नुभएको स्वस्थ मण्डली त्यो हो जुन एकतामा रहेको हुँदछ। याद गर्नुहोस् एकता परिपक्वताबाट आउँदछ। आशय यही हो की एक मण्डली तबसम्म परिपक्व मण्डली हुँदैन जबसम्म त्यो एकतामा रहदैँन।

अनि उहाँले कतिलाई प्रेरितहरू, अनि कतिलाई भविष्यवक्ताहरू, अनि कतिलाई सुसमाचार प्रचारकहरू, अनि कतिलाई गोठालाहरू र शिक्षकहरू हुनालाई दिनुभयो; सेवाको काम र ख्रीष्टको शरिरको उन्नतिका निम्ति पवित्र जनहरूलाई सिद्ध बनाउनालाई, जबसम्म हामी सबैजना विश्वासको र परमेश्वरको पुत्रको पहिचानको एकतामा आइपुग्दैनौं, एउटा पूरा बढेको मानिस बन्दैनौं, ख्रीष्टको परिपूर्णतारुपी कदको नापसम्म आइपुग्दैनौं; र अब उसो बालक नरहौं, जो मनिसहरूका चलाकी र छलपूर्ण धूर्ततामा हरेक शिक्षारूपी बतासद्वारा यता र उता पारिदैँछन् अनि वर र पर हुत्याइँदछन्; यस्ता कुराहरूद्वारा धोका दिनालाई तिनीहरू ढुकेर बस्छन्। तर प्रेममा साँचो बोल्दै हामी सबै कुराहरूमा उहाँसम्म, जो शिर हुनुहुन्छ अर्थात् ख्रीष्टसम्म बढौं। उहाँबाट नै सम्पूर्ण शरिरले हरेक अङ्गको नापमुताबिकको प्रभावकारी कामअनुसार हरेक जोर्नीको सहायताद्वारा टम्म मिलेर एकसाथ बाँधिएर प्रेममा आफ्नै उन्नति गर्नाको निम्ति शरिरको वृद्धि गर्दछ। एफिसी ४:११-१६

कहिलेकाँही मण्डलीको एकतालाई मतभेदको अभाव भनि पनि वर्णन गरिदैँछ। यदि कसैले पनि समस्या सिर्जना गरिरहेका छैनन् भने, हामी एकतामा रहेका छौं। यद्यपि, कसैले समस्या नदिनाले हामी एकतामा छौं भन्ने अर्थ पनि प्रदान गर्दैन। एकता तब बन्दछ जब हामी उहाँको सेवा गर्न र हाम्रो साझा उद्देश्य पूरा गर्नको लागी साथमा जुट्दछौं। हामी प्रभु र एक-अर्कामामा प्रेम र संगतिद्वारा एकसाथ आउँदछौं। एकता तब मात्र बन्दछ जब हामीले हाम्रो प्रभु र मुक्तिदाता, येशू ख्रीष्टलाई महिमित तुल्याउन, आदर दिन, उहाँको प्रशंसा र आराधना गर्नाको लागी प्रतिवद्धतामा एकसाथ आउँदछौं।

परमेश्वरको योजना अनुसारको एकताको मण्डली हुनाका निम्ति कसरी अघि बढ्ने भन्ने कुरामा हामी अचम्ममा पर्न सक्दछौं। तलका खण्डहरूले एकिकृत मण्डली हुनका निम्ति हामीलाई व्यवहारिक मार्गहरू प्रदान गर्दछन्।

"यसकारण ख्रीष्टमा कुनै उत्साह, प्रेमको कुनै सान्त्वना, आत्माको कुनै सङ्गति, कुनै कोमल माया र कृपाहरू छन् भने तिमीहरूले एकै मनका भएर, एउटै प्रेम राखेर, एकै चित्तको भएर, एउटै कुराको चिन्ता गरेर मेरो आनन्द पूरा गरिदेओ। आपसी विरोध वा खोक्रो प्रशंसाको कारणले केही पनि नगर, तर मनको नम्रताको कारणले एकले अर्कालाई आफूभन्दा असल ठानोस्"। "हरेकले आफ्नै कुराहरूलाई मात्र होइन, तर हरेकले अरुका कुराहरूलाई पनि ध्यान देओस्"। फिलिप्पी २:१-४

भातृ- प्रेमले एक-अर्कालाई कोमलतापूर्वक माया गर; आदर गर्नामा एउटाले अर्कालाई उछिन। रोमी १२:१०

किनभने भाहरूहो, स्वतन्त्रका निम्ति तिमीहरू बोलाइएका छौ; तर यति होस् – यो स्वतन्त्रता शरिरका लागी मौका नबनोस्, तर प्रेमद्वारा एक-अर्काको सेवा गर। गलाती ५:१३

कसैले कसैको विरोधमा दोष दिने केही कुरा छ भने एक-अर्कालाई सहिदेओ र एक-अर्कालाई क्षमा गर; जसरी ख्रीष्टले तिमीहरूलाई क्षमा गर्नुभयो, उसरी नै तिमीहरूले पनि क्षमा गर। कलस्सी ३:१३

यसकारण एक-अर्कालाई सान्त्वना देओ, र एउटाले अर्काको उन्नति गर, जो तिमीहरूले गर्दैछौ पनि। १थेस्सोलिनिकी ५:११

तिमीहरूले विचार गर, त्यो मानिस झन् कति कडा दण्डको योग्य ठहरिनेछ, जसले परमेश्वरको पुत्रलाई पाउमनि कुल्चेको छ, वाचाको रगतलाई, जसद्वारा ऊ पवित्र पारिएको थियो, अपवित्र ठानेको छ? हिब्रु १०:२९

ख्रीष्टको वचनले तिमीहरूभित्र प्रशस्त गरी वास गरोस्; भजन, स्तुतिगान र आत्मिक गीतद्वारा सारा वुद्धिसित एक-अर्कालाई सिकाओ र सम्झाओ, अनुग्रहसाथ आफ्ना हृदयहरूमा प्रभुका निम्ति गाओ। कलस्सी ३:१६

जब हामी बलियाहरूले कमजोरहरूका दुर्बलताहरू सहनुपर्दछ, र आफैलाई खुशी पार्नुहुँदैन।२ हामीमध्ये हरेकले आफ्नो छिमेकीलाई, उसको भलाइका निम्ति उन्नति गराउनलाई खुशी पारौं। रोमी १५:१-२

कुनै कुवचन तिमीहरूको मुखबाट ननिस्कोस्, तर आवश्यक उन्नतिका निम्ति जुन कुरा असल छ, त्यही मात्र निस्कोस्, र त्यसले सुन्नेहरूलाई अनुग्रह प्रदान गरोस्। एफिसी ४:२९

तर यी सबै कुराहरूभन्दा बढी प्रेम धारण गर, जो सिद्धताको बन्धन हो। कलस्सी ३:१४

६ एक स्वस्थ मण्डलीले परमेश्वरलाई साँचो प्रशंसा र आराधना चढाउँदछ।

धन्यवादी हुन, प्रशंसा र आराधना चढाउनाको लागी पवित्रशास्त्रमा धेरै निर्देशनहरू प्रदान गरिएका छन्। परमेश्वरको वचनमा यो प्राथमिक विषय हो। परमेश्वरद्वारा हामी सृष्टि गरिनुको यो नै प्राथमिक उद्देश्य हो।

प्रशंसा र आराधनाले एकमात्र व्यक्तित्व – परमेश्वरलाई उच्च पार्दछ। धेरै मण्डलीहरूमा प्रशंसा यति नियमित छ की साँचो प्रशंसा र आराधना आत्यावश्यक रुपमा लोप भएका छन्। अरु धेरै मण्डलीहरूमा प्रशंसा र आराधनालाई मनोरन्जनसँग तुलना गरिएको छ, र "आराधना अगुवा"हरूले प्रदेशनी गर्दछन् जसले गर्दा प्रभु येशू ख्रीष्टलाई उच्च पार्नुको सट्टामा प्रदर्शकहरूलाई उच्च पार्दछ।

यसकारण हल्लन नसक्ने राज्य हामीले पाइरहेका हुनाले आओ, हामी अनुग्रह प्राप्त गरौं, जसद्वारा हामी श्रद्धा र ईश्वरीय भयसाथ परमेश्वरलाई ग्रहणयोग्य सेवा चढाउन सकौं; २९ किनकी हाम्रा परमेश्वर भस्म गर्नुहुने आगो हुनुहुन्छ। हिब्रु १२:२८-२९

तर तिमीहरू एउटा चुनिएको वंश, एउटा राजकीय पूजाहारीको समाज, एउटा पवित्र जाति र निज प्रजा हौ; यसैले जसले तिमीहरूलाई अन्धकारबाट आफ्नो अचम्मको ज्योतिभित्र बोलाउनुभयो, उहाँका सद्गुणहरू तिमीहरूले प्रकट गर; १पत्रुस २:९

आओ, हाम्रा परमप्रभुका निम्ति गाऔं; हाम्रा उद्धारका चट्टानका निम्ति आनन्दको सोर निकालौं! २ धन्यवादसाथ उहाँको उपस्थितिमा आऔं, र उहाँका निम्ति भजनहरू गाउँदै आनन्दको सोर निकालौं! भजनसंग्रह ९५:१-२

आओ, हामी दण्डवत गरौं र निहुरौं; हाम्रा सृष्टिकर्ता परमप्रभुको सामु घुँडा टेकौं! ७ किनकी उहाँ नै हाम्रा परमेश्वर हुनुहुन्छ; अनि हामीचाँही उहाँको खर्कको प्रजा र उहाँको हातका भेडाहरू हौं। आज तिमीहरूले उहाँको आवाज सुन्यौ भने, भजनसंग्रह ९५:६-७

तर त्यो समय आउँछ, , र अहिले नै हो, जुन घडी साँचो उपासकहरूले पिताको उपासना आत्मामा र सत्यतामा गर्नेछन्; किनकी उहाँको उपासना गर्नालाई पिताले यस्तैहरूलाई खोज्नुहुन्छ। २४ परमेश्वर आत्मा हुनुहुन्छ, अनि उहाँको उपासना गर्नेहरूले आत्मामा र सत्यतामा उपासना गर्नुपर्दछ"। यूहन्ना ४:२३-२४

परमेश्वरको वचनमा रहेको उहाँलाई आराधना गर्ने निर्देशन परमेश्वरसँगको गहिरो हिँडाईका लागी गरिएको वोलावट हो। यो हाम्रो परमेश्वरको श्रद्धा गर्न र भयम रहनाका लागी गरिएको वोलावट हो। परमेश्वरको सम्बन्धमा हामी खोक्रो र अनौपचारिक रहेका छौं, फलस्वरुप, हाम्रो भनिएको "आराधना" पनि खोक्रो र असाबधानी हुँदछ। हामीले उहाँको महिमा र आराधना गरेको दाबी गर्दछौं, तस यथार्थमा, हामीले आफ्नो महिमा गर्न चाहिरहेका हुँदछौं र हामीले राम्रोसँग उहाँको खोजी गर्न चाहदैंनौं वा उहाँसँगको हाम्रो हिँडाईलाई गहिराउन चाहदैँनौं।

हामीले चेतना प्राप्त गरेको चाहन्छौं भनि हामी दाबी गर्दछौं तर यो हामी आफ्नै तरीकाबाट भएको चाहना गर्दछौं। *जब हामी हाम्रो प्रभु येशू ख्रीष्टको साँचो चेला हुनाको लागी निर्णय गर्दछौं र उहाँले चाहना गर्नुभएझैँ गरी उहाँको आराधना गर्दछौं भने तब हाम्रो जीवनमा र मण्डलीको जीवनमा सदा रहिरहने ईश्वरिय चेतनाले स्थान लिदँछ।*

७ एक स्वस्थ मण्डलीसँग योग्य अगुवाहरू हुँदछन्।

त्यहाँ संयोगको अपवादहरू हुन सक्दछन्, तर केही मण्डलीहरू तिनीहरूका मण्डलीका अगुवाहरूका आत्मिकी स्तरभन्दा माथि उठ्दछन्।

१तिमोथी ३ र तीतस१मा, परमेश्वरले पाष्टरहरू र अन्य मण्डलीका अगुवाहरूमा रहनु पर्ने योग्यतालाई प्रकट गरिदिनुभयो। तरै पनि, यी कुराहरूलाई बे-वास्ता गरिदँछ र पाष्टर छनोट गर्दा वा अगुवाहरू छाँनिदा यसलाई विचार गरिँदैन। यी योग्यताहरूलाई बे-वास्ता गर्नुचाँही पूर्णरुपमा मूर्खता हो र सेवामा धेरै समस्याहरू निम्त्याउनु हो र फलहिन सेवकाईको अवस्थाको सिर्जना गर्नु हो। कुनै पनि मानिस, पाष्टरसमेत गरी, सिद्ध हुँदैन, र केही, यदि छन् भने, हरेक क्षेत्रहरूमा योग्य हुँदछन्। यद्यपि, परमेश्वरद्वारा प्रदान गरिएको योग्यतालाई बे-वास्ता गर्नको निम्ति त्यहाँ कुनै कारण वा बहाना रहेको छैन। यदि एक व्यक्तिलाई एक वा बढि ठाँउमा शंका गरिदँ भने, ऊ पाष्टर हुन योग्यको छैन।

केहीले माथि प्रस्तुत गरिएको परिच्छेदलाई विरोध गर्नेछन् र भन्नेछन् की यदि परमेश्वरले प्रचार गर्नको निम्ति मानिसलाई वोलावट गर्नुहुन्छ भने, त्यस वोलावटमाथि शंका गर्ने हामी को हौं र? यद्यपि, उहाँ परमेश्वर नै हुनुहुन्छ जसले हामीलाई यी योग्यताहरू प्रदान गर्नुभयो र हामीले ती पालन गरेको उहाँ चाहनुहुन्छ। परमेश्वरले कहिल्यै पनि आफ्नो वचनमा प्रतिरोध गर्नुहुन्न। यदि एक अयोग्य व्यक्तिले आफू परमेरश्वरबाट प्रचार गरिनका निम्ति वोलावट गरिएको हो भनि दाबी गर्दछ भने, यसलाई जान्नका लागी हामी योग्य हुनुपर्दछ। हामीले सहीसँग यी योग्यताहरूलाई बुझ्नुपर्दछ र पाष्टर वा अगुवाहरू नियुक्ति गर्दा यसको प्रयोग गर्नुपर्दछ।

जब मण्डलीले पाष्टरको वोलावट गर्दछ तब तिनीहरूले उसलाई प्रेम र सहायता गर्नुपर्दछ। दिनहुँ र उत्सुकताका साथ उनको लागी प्रार्थना गर्नुहोस्। उनको आलोचना नगर्नुहोस् र उनलाई नरुवाउनुहोस्। जब उनले असल उदाहरण कायम गर्दछन्, उनलाई पछ्याउनुहोस्। साथै आर्थिक सहयोग पनि गर्नुहोस्। उत्तेजक वा फूट गराउने व्यक्ति नबन्नुहोस्। परमेश्वरले मतभेदलाई घृणा गर्नुहुन्छ।

जुन प्राचिनहरूले राम्ररी शासन गर्दछन्, उनीहरू दुईगुणा आदरका योग्य मानिऊन्; विशेष गरी उनीहरू, जसले वचन र शिक्षामा परिश्रम गर्दछन्। १तिमोथी ५:१७

मण्डली अनुशासन

विश्वासीलाई सुधार्न र गल्ती देखाउनका लागी र मण्डलीको शुद्धता कायम गर्नको लागी मण्डली अनुशासन परमेश्वरबाटको दिइएको पथप्रदर्शक हो।

एक व्यक्ति जो मण्डलीको सदस्य हो तर उसको जीवनले प्रभुको निन्दा गरिरहेको छ वा उसले झूटा शिक्षा प्रचार गरिरहेको छ भने ऊसँग कसरी व्यवहार गर्ने भनि परमेश्वरले हामीलाई निर्देशनहरू दिनुभएको छ। सही बाइबलिय शिक्षासँग समान नहुने शिक्षालाई जसले प्रचार्दछ वा जसको प्रवृत्ती वा व्यवहारले प्रभुको निन्दा गर्दछ यस्ताहरूलाई बाइबलिय सिद्धान्त अनुसार अनुशासन गर्दै ण्डलीको सदस्तयाबाट निलम्बित गरिनुपर्दछ।

मण्डलीको अनुशासन सम्बन्धित यस क्षेत्रलाई धेरै मण्डलीहरूले पूर्णरुपमा बे-वास्ता गरिरहेकाछन्। प्रायजसो मण्डलीहरूमा, मण्डली अनुशासन सुनाइएको छैन। धेरैले यसले कार्य गर्दछ भनि विचार गर्दैनन्, र यथार्थमा यसले मण्डलीलाई चोट पुर्याइरहेको छ। यो जान्नु चाखलाग्दो छ की ख्रीष्टले मण्डलीलाई प्रदान गर्नुभएको प्रथम निर्देशनमा गलत मानिससँग कसरी व्यवहार गर्ने भनि सिकाइएको छ। मत्ती १८:१५-१८, मण्डली चेलापनको सम्बन्धमा ख्रीष्टले निर्देशनहरू प्रदान गरिरहनुभएको ।

"तर तिम्रो भाइले तिम्रो विरोधमा पाप गर्छ भने जाऊ, अनि तिम्रो र उसको बीचमा मात्र उसले गरेको दोष उसलाई देखाइदेऊ; उसले तिम्रो कुरा सुन्यो भने तिमीले आफ्नो भाइलाई प्राप्त गर्यौं। १६ तर तिम्रो भाइले तिम्रो कुरा सुनेन भने साथमा अझै एकजना वा दुईजनालाई लैजाऊ, र दुई वा तीनजना साक्षीहरूको मुखबाट हरेक कुरा पक्का गरियोस्। १७ अनि उसले तिनीहरूको कुरा पनि सुन्न चाहेन भने मण्डलीलाई बताइदेऊ; तर मण्डलीको कुरा पनि सुन्न चाहेन भने ऊचाँही तिम्रा लागी अन्यजाति र महसुल उठाउनेसरह ठहरियोस्। मत्ती १८:१५-१७

किनकी बाहिरकाहरूलाई पनि न्याय गर्ने मलाई के काम छ र? के तिमीहरू भित्रकाहरूलाई न्याय गर्दैनौं? तर जो बाहिर छन्, तिनीहरूलाई परमेश्वरले न्याय गर्नुहुन्छ। यसकारण तिमीहरूले आफ्नो बीचबाट त्यस दुष्ट मान्छेलाई फालिदेओ। १कोरिन्थी ५:१२-१३

परमेश्वरको निम्ति मण्डलीको शुद्धता कतिको महत्वपूर्ण हुन्छ भनि प्रेरित ५अध्यायमा बताइएको छ। परमेश्वरले हनानिया र उनकी पत्नी, सफीरालाई, धोकापूर्ण भएकाले र सत्यता नबताएका हुनाले, तिनीहरूको प्राण लिनुभयो।

मण्डली अनुशासनको आवश्यकता बारेमा दिइएका केही बाइबलिय उदाहरणहरुः

१ खुल्ला पाप

किनकी बाहिरकाहरूलाई पनि न्याय गर्ने मलाई के काम छ र? के तिमीहरू भित्रकाहरूलाई न्याय गर्दैनौं? तर जो बाहिर छन्, तिनीहरूलाई परमेश्वरले न्याय गर्नुहुन्छ। यसकारण तिमीहरूले आफ्नो बीचबाट त्यस दुष्ट मान्छेलाई फालिदेओ। १कोरिन्थी ५:१२-१३

तिमीहरूका बीचमा व्यभिचार छ भन्ने कुरा जहाँतहीं सुनिँदैछ, र यस्तो व्यभिचार, जसको नाम अन्यजातिहरूका बीचमा पनि लिइँदैन, अर्थात् कसैले आफना बाबुको स्वास्नीलाई राखेको छ रे। २ अनि तिमीहरूले गर्वले फुलिएका छौ, यस्तो काम गर्ने तिमीहरूका बीचबाट निकालीयोस् भनेर बरु तिमीहरूले विलाप गर्नुपर्थ्यो। १कोरिन्थी ५:१-२

यो पनि जानिराख – अन्तिम दिनहरूमा सङ्कटपूर्ण समयहरू आउनेछन्। किनकी मानिसहरू आफूलाई मात्र प्रेम गर्ने, पैसाको लोभी, सेखीबाज, घमण्डी, निन्दा गर्ने, बाबु-आमाको आज्ञापालन नगर्ने, बैगुणी, अपवित्र, स्वाभाविक माया नभएका, मेल गर्न नचाहने, झूटा दोष लाउने, आत्मसंयम नभएका, कठोर, असललाई घृणा गर्ने, विश्वासघाती, जिद्दीवाल, धमण्डले फुलिएका, परमेश्वरलाई भन्दा बरु मोजमज्जालाई प्रेम गर्ने; भक्तिको भेष ता धारण गर्ने, तर त्यसको शक्ति इन्कार गर्ने हुनेछन्; यस्ताहरूबाट पर बस। २तिमोथी ३:१-५

२ जब गोप्य रुपमा अपमान हुँदछ र कुनै भाइ वा बहिनीलाई चोट पुग्दछ। यस परिस्थितिमा, चोट पुगेका व्यक्तिले व्यक्तिगतरुपमा मेलमिलाप गर्नुपर्दछ।

"तर तिम्रो भाइले तिम्रो विरोधमा पाप गर्छ भने जाऊ, अनि तिम्रो र उसको बीचमा मात्र उसले गरेको दोष उसलाई देखाइदेऊ; उसले तिम्रो कुरा सुन्यो भने तिमीले आफ्नो भाइलाई प्राप्त गर्यौं। तर तिम्रो भाइले तिम्रो कुरा सुनेन भने साथमा अझै एकजना वा दुईजनालाई लैजाऊ, र दुई वा तीनजना साक्षीहरूको मुखबाट हरेक कुरा पक्का गरियोस्। अनि उसले तिनीहरूको कुरा पनि सुन्न चाहेन भने मण्डलीलाई बताइदेऊ; तर मण्डलीको कुरा पनि सुन्न चाहेन भने ऊचाँही तिम्रा लागी अन्यजाति र महसुल उठाउनेसरह ठहरियोस्। मत्ती १८:१५-१७

३ बिभाजित हुनु वा बारम्बार समस्या दिएमा।

पहिलो र दोश्रो चेताउनी दिएपछि विभाजन ल्याउने मानिसलाई रद्द गर; ११ यो जानेर कि यस्तो मानिस कुबाटो लागेको छ, र आफैद्वारा दोषी ठहरिँदै पाप गरिरहन्छ। तीतस ३:१०-११

अब हे भाइहरूहो, म तिमीहरूलाई विन्ती गर्दछु, जुन शिक्षा तिमीहरूले सिकेका छौ, त्यसको विपरित फाटो ल्याउने र ठक्कर खुवाउनेहरूलाई चिनिराख, र तिनीहरूबाट टाढा बस। रोमी १६:१७

४ गम्भिर शिक्षाको त्रुटि

झूटा शिक्षा र झूटा शिक्षकको बारेमा पवित्रशास्त्रमा सयौं चेतावनीहरू प्रदान गरिएका छन्। मण्डलीमा यसलाई सहन गर्न सकिदैँन। झूटा शिक्षाबाट आफूलाई अलग राख्ने कुराद्वारा मण्डलीको आयु निर्धारण हुँदछ।

अब हे भाइहरूहो, म तिमीहरूलाई विन्ती गर्दछु, जुन शिक्षा तिमीहरूले सिकेका छौ, त्यसको विपरित फाटो ल्याउने र ठक्कर खुवाउनेहरूलाई चिनिराख, र तिनीहरूबाट टाढा बस। १८ किनकी त्यस्ता मानिसहरू हाम्रा प्रभु येशू ख्रीष्टको सेवा गर्दैनन्, तर आफ्नै पेटको सेवा गर्दछन्; अनि मीठा बोली र चिप्ला कुराहरूद्वारा सीधा-साझाहरूका हृदयहरूलाई धोका दिँदछन्। रोमी १६:१७-१८

५ आफैलाई र आफ्नो परिवारलाई सहयोग गर्नका लागी इन्कार।

अब हे भाइहरूहोहाम्रा प्रभु येशु ख्रीष्टको नाममा हामी तिमी ,हरू– लाई आज्ञा गर्दछौं बेठीक चाल चल्ने र हामीबाट पाएका शिक्षाअनुसार नचल्ने हरेक भाइबाट अलग रहो। किनकी कसरी तिमीहरू हाम्रो चालमुताबिक चल्नुपर्छसो तिमी ,हरूकिनकी तिमी ;आफैलाई थाहा छ हरूको बoीचमा हामीले बेठीक चाल चलेनौं ;र हामीले कसैको रोटी सित्तैंमा खाएनौंतर तिमी ;हरूमध्ये कसैका भoार नबनौं भनेर रातदिन मेहनत र कठोर परिश्रम गर्दै काम गर्यौं। हामीसँग अधिकार नभएकोले होइनतर हाम्रो देखासिकी गर भनि तिमी ,हरूका निम्ति हामीले आफूलाई एउटा नमुना बनाएका हौं। किनकी तिमीहरूसँग रहँदा पनि हामीले तिमीहरूलाई यो आज्ञा दिएका थियौः यदि कसैले काम गर्न' चाहँदैन भने त्यसले नखाओस् पनि ।' किनकी हामी सुन्छौं – तिमीहरूका बीचमा

कतिपय बेठीक चाल चल्नेहरू छन् रे जसले पटक्कै काम गर्दैनन् ;तर अर्काको काममा हात हाल्छन्। अब यस्ताहरूलाई हाम्रा प्रभु येशू ख्रीष्टद्वारा हामी आज्ञा र अर्ती दिन्छौंचुपचापसित तिनी ;हरूले क०ाम गरुन्र , आफ्नै रोटी खाऊन्। तर भाइहरूतिमी ,होहरू भलाइ गर्न नथाक। अनि कुनै मानिसले यस पत्रद्वारा भनिएको हाम्रो वचन पालन गर्दैन भने त्यस मानिसलाई चिनिराखर त्यो शर्ममा परोस् भनेर त्यससँग संगति नगर। , २थेस्सोलोनिकी ३:६-१४

तर यदि कसैले आफ्नाहरूका निम्ति, र विशेष गरी आफ्नो परिवारको निम्ति प्रबन्ध गर्दैन भने उसले विश्वासलाई इन्कार गरेको छैन, र ऊ अविश्वासीभन्दा पनि खराब भएको छ। १तिमोथी ५:८

जब मण्डली अनुशासनलाई अभ्यास गरिदँछ, बाबलिय पद्दति अनुसार तलका कार्यप्रणाली लागु गरिनुपर्दछ।

१ एक व्यक्तिलाई उसको पापको सन्दर्भमा स्वीकार गराउनाको निम्ति दुई वा धेरै आत्मिकी परिपक्व मानिसहरूलाई जिम्मेवारी प्रदान गरिनुपर्दछ। यदि त्यस पाप दुई व्यक्तिबीचमा रहेको छ भने, मण्डलीमा जानकारी गराउनु अघि, तिनीहरूलाई मेलमिलापमा ल्याउनुपर्दछ।

२ यदि ती व्यक्तिले यस हप्काइप्रति कुनै प्रतिकृया जनाउँदैनन् भने, मण्डलीका अगुवाहरूले मण्डलीमा यो बताइनेछ भनि तिनीहरूलाई चेतावनी दिनुपर्छ। यतिसम्म पनि त्यस व्यक्तिले पश्चाताप गर्न चाहदैँन भने, त्यस गल्ती गर्ने सदस्यको बारेमा र उसको पापी स्वभावको बारेमा मण्डलीलाई जानकारी गराउनुपर्दछ।

३ यदि त्यस हप्कीले पनि समयभित्र नै त्यस व्यक्तिमा पश्चाताप र संकल्प पैदा गर्दैन भने, मण्डलीले त्यस दोषी सदस्यलाई मण्डलीको सदस्यबाट हटाइदिनुपर्छ। यदि आवश्यकता भएमा, तिनीहरूलाई संगतिबाट पनि वन्चित गरिदिनुपर्छ ताकी ख्रीष्टको शरिरमा परेको त्यसको दुष्ट प्रभावको अन्त्य हुँदछ। पुनःस्थापनको अपेक्षालाई त्यस समयमा स्थापित गर्नुपर्दछ।

मण्डली बन्नको लागी एकसाथ हुन परमेश्वरद्वारा दिइएका कारणहरू

१ परमेश्वरले यसको अपेक्षा गर्नुहुन्छ।

आओ, हाम्रो विश्वासको अङ्गीकारलाई स्थिर भएर बलियो गरी पक्रौं; किनकी जसले प्रतिज्ञा गर्नुभयो, उहाँ विश्वासयोग्य हुनुहुन्छ; अनि आओ, प्रेम र असल कामहरूमा निम्ति हौसला दिनालाई एक-अर्काको चिन्ता गरौं; र कसै-कसैको रीति भएझैँ हामी एक ठाउँमा भेला हुन नछोडौं; तर एक-अर्कालाई उत्साह दिदैँ रहौं; अनि त्यो दिन जति नजिक-नजिक आउँदै गरेको तिमीहरू देख्छौ, उति नै वेसी हामी यसो गर्ने गरौं। हिब्रु १०:२३-२५

यहाँ हामीलाई एक-अर्कासँग संगति गर्न र एक-अर्कालाई असल कामहरू गर्नको लागी उत्साहित र प्रोत्साहन गर्नका लागी प्रष्ट निर्देशन दिइएको छ। यसलाई अलग्गै गर्न सकिन्न। हामीले एक-अर्कासँग संगति गर्नुपर्दछ। (टेलिभिजन) दूर-दर्शनबाट प्रवार हेर्ने, ट्वीटरद्वारा एकआपसमा सन्देश बाँड्ने, वा सामाजिक सञ्जालका कुनै पनि माध्यमबाट जोडिनाले जबर्जस्ती उछिन्दैन, वा एक-आपसमा संगति गर्नु भन्ने परमेश्वरको आज्ञाको स्थानलाई ओगट्दैन।

यसैले की शरिरमा कुनै फाटो नहोस् तर अङ्गहरूले एक-अर्काका निम्ति एकै प्रकारको वास्ता राखून्। २६ अनि एउटा अङ्गले दुःख पायो भने सबै अङ्गहरूले त्योसँगै दुःख भोग्छन्; अथवा एउटा अङ्गले आदर पायो भने सबै अङ्गहरूले त्योसँगै आनन्द मनाउँछन्। २७ अब तिमीहरू ख्रीष्टको शरिर हौ,र एक-एक गरी चाँही अङ्गहरू हौ। १कोरिन्थी १२:२५-२७

उसरी नै हामी, धेरै भएर पनि हामी ख्रीष्टमा एउटै शरिर हौँ, र हरेक एक-अर्काका अङ्ग हौँ। रोमी १२:५

२ उदाहरणहरू परमेश्वरको वचनमा दिइएको छ।

तब जतिले आनन्दसित उनको वचन ग्रहण गरे, तिनीहरूले बप्तिष्मा लिए; अनि त्यही दिनमा प्रायः तीन हजार मानिसहरू तिनीहरूमा थपिए। ४२ अनि तिनीहरू प्रेरितहरूका शिक्षामा, सङ्गतिमा, रोटी-भँचाइमा र प्रार्थनाहरूमा दृढतापूर्वक लागिरहे। प्रेरित २:४१-४२

प्रथम मण्डली, जुन परमेश्वरको आत्माद्वारा अगुवाई गरिएको हो, निरन्तरताका साथ एक-आपसमा संगति गर्दथे। नयाँ नियमभरि पाइने बाइबलिय पद्दतीका मण्डली यही नै हो। यो परमेश्वरद्वारा स्थापित पद्दती हो। परमेश्वर जो हाम्रो सृष्टिकर्ता, पिता, प्रभु, सामर्थ्यको श्रोत, सहायक, सान्त्वना हुनुहुन्छ उहाँले हामीलाई प्रेम गर्नुहुन्छ र उहाँसँग विश्वासयोग्यताका साथ हिँड्नका लागी हामीलाई के खाँचो हुँदछ भनि उहाँले जान्नुहुन्छ। विश्वासी जनहरूका साथ नियमित संगति नै हाम्रो निम्ति उहाँको योजनाको ठूलो भाग हो।

३ परमेश्वरको वचनलाई बुझ्न र लागु गर्नका निम्ति वृद्धि हुन

अनि तिनीहरू प्रेरितहरूका शिक्षामा, सङ्गतिमा, रोटी-भँचाइमा र प्रार्थनाहरूमा दृढतापूर्वक लागिरहे। प्रेरित २:४२

अघिका मण्डली *"निरन्तर रुपमा प्रेरितहरूका शिक्षामा समर्पित थिए"*। यो परमेश्वरको योजना हो। यसको प्रमुख कारणहरू तल प्रस्तुत गरिएका छन्।

सबै पवित्रशास्त्र परमेश्वरको प्रेरणाद्वारा दिइएको हो, अनि शिक्षाका निम्ति, भूलदोष देखाउनाका निम्ति, सुधारका निम्ति, धार्मिकताको सम्बन्धमा तालिमका निम्ति लाभदायक हुन्छ; जसद्वारा परमेश्वरको जन हरेक असल कामका निम्ति पूर्ण रुपले सुसज्जित भई सिद्ध होओस्। २तिमोथी ३:१६-१७

हामीमा उहाँको कार्य गराउने परमेश्वरको वचन हो जसले हामीलाई परमेश्वरको कार्यका लागी सुज्जित पार्दछ। यदि हामीलाई नियमित रुपमा परमेश्वरको वचनबाटको शिक्षा प्रदान गरिदैँन र यसलाई हामीले आत्साथ गर्दैनौं र अभ्यास गर्दैनौं भने, हामी परमेश्वरको कार्य गर्नाको लागी वा हामीलाई सृष्टि गर्नुको उद्देश्यलाई पूरा गर्नका लागी र हामी जहाँ हुनुपर्ने हो त्यहाँ स्थापित हुनाको लागी सुसज्जित पारिएका छैनौं।

४ अरुहरूलाई प्रोत्साहन गर्न र निर्माण गर्नको लागी साथै हामी आफै पनि प्रोत्साहित हुन र निर्माण हुनका लागी

आओ, हाम्रो विश्वासको अङ्गीकारलाई स्थिर भएर बलियो गरी पक्रौं; किनकी जसले प्रतिज्ञा गर्नुभयो, उहाँ विश्वासयोग्य हुनुहुन्छ; अनि आओ, प्रेम र असल कामहरूमा निम्ति हौसला दिनालाई एक-अर्काको चिन्ता गरौं; र कसै-कसैको रीति भएझैँ हामी एक ठाउँमा भेला हुन नछोडौं; तर एक-अर्कालाई उत्साह दिदैँ रहौं; अनि त्यो दिन जति नजिक-नजिक आउँदै गरेको तिमीहरू देख्छौ, उति नै वेसी हामी यसो गर्ने गरौं। हिब्रु १०:२३-२५

परमेश्वरको वचनमा, ख्रीष्टियनहरूलाई बारम्बार एक-अर्कालाई उत्साह प्रदान गर्न र निर्माण गर्नाका लागी निर्देशन दिइएको छ। हामी आफै पनि प्रोत्साहित र निर्माण हुनुपर्दछ र हाम्रा विश्वासी जनमित्रहरू पनि प्रोत्साहित र निर्माण हुनुपर्दछ। यो सेवा दिने सेवकाई हो। बिश्वासी जनमित्रहरूलाई वृद्धि गर्नका लागी हामीले आफैलाई समर्पित गर्दछौं। परमेश्वरद्वारा निर्देशित विश्वासी जनहरूका लागी सेवा गर्ने आदेशभन्दा अघि आफ्नो आनन्दलाई राख्नु खोक्रो र स्वार्थमय हुँदछ। यदि परमेश्वरको नजिकमा हुनको निम्ति हामी चाहना गर्दछौं भने,

पहिले हामी उहाँमा मानिसहरूको नजिक जानुपर्दछ र उहाँको निर्देशन मुताबिक उनीहरूको सेवा गर्नुपर्दछ। एक-आपसमा नियमित संगति गर्ने, परमेश्वरद्वारा निर्देशित यस आदेशलाई पूरा नगरेसम्म यो कार्य पूरा गर्न सकिदैँन।

५ परमेश्वर र हाम्रा ख्रीष्टियन विश्वासी जनहरूको सेवा गर्नका लागी परमेश्वरबाट प्रदान गरिएको खूबीको (आत्मिकी वरदानहरू) प्रयोग गर्ने।

हरेकले पाएको वरदानअनुसार, परमेश्वरका नाना प्रकारका अनुग्रहका असल भण्डारीहरूझैँ तिमीहरूले त्यो वरदान एक-अर्काको सेवामा लगाओ। १पत्रुस ४:१०

भातृ- प्रेमले एक-अर्कालाई कोमलतापूर्वक माया गर; आदर गर्नामा एउटाले अर्कालाई उछिन। रोमी १२:१०

सबैलाई फाइदा होस् भनेर हरेकलाई आत्माको प्रकाश दिइन्छ। १कोरिन्थी १२:७

विश्वासी जनहरूको सेवा गर्न भनि परमेश्वरले प्रत्येक साँचो विश्वासीलाई विशेष योग्यता (आत्मिकी वरदान) प्रदान गरिदिनुभएको छ। विश्वासी जनहरूलाई प्रोत्साहन गर्ने र निर्माण गर्ने मात्र होइन, उनीहरूको सेवा गर्नका लागी परमेश्वरबाट प्रदान गरिएको जुनसुकै वरदानहरूलाई पनि हामीले प्रयोग गर्नुपर्दछ। फेरी पनि, यदि हामीले एक-अर्काबाट आफूलाई अलग पार्दछौं भने यसो गरिन सकिदैँन।

६ साझा प्रार्थनामा सहभागी हुने

अनि तिनीहरू प्रेरितहरूका शिक्षामा, सङ्गतिमा, रोटी-भँचाइमा र प्रार्थनाहरूमा दृढतापूर्वक लागिरहे। प्रेरित २:४२

यसकारण पत्रुस झ्यालखानामा राखिए; तर उनका निम्ति मण्डलीद्वारा परमेश्वरलाई अटुट प्रार्थना चढाइयो। प्रेरित १२:५

अनि यस कुरालाई विचार गर्दै उनी मर्कुस उपनाम भएको यूहन्नाको आमा मरियमको घरमा आए, जहाँ धेरैजना भेला भएर प्रार्थना गरिरहेका थिए। प्रेरित १२:१२

अनि छोडिएपछि उनीहरू आफ्नै साथीहरूकहाँ गए, अनि मूख्य पूजाहारीहरू र बूढा प्रधानहरूले उनीहरूलाई जे-जे भनेका थिए, ती सबै सुनाइदिए। २४ अनि यो सुनेर तिनीहरूले एकै मनको भएर परमेश्वरतर्फ आफ्नो सोर उचाले, र भनेः "हे प्रभु, तपाई परमेश्वर हुनुहुन्छ; तपाईले स्वर्ग, पृथ्वी, समुन्द्र र तिनीहरूमा भएका सबै थोकहरू बनाउनुभयो; प्रेरित ४:२३-२४

हब ख्रीष्टियनहरूले एकसाथ प्रार्थना गर्दछन्, यो संगतिको आशिषित समय हुँदछ र हाम्रो प्रभु येशू ख्रीष्ट आदरयोग्य हुनुहुँदछ। साथ प्रार्थना गर्नाले प्रभु येशू ख्रीष्टमा रहेको हाम्रो विश्वासलाई हामीले प्रदर्शित गर्दछौं, र हामीले विश्वासी जनहरूलाई प्रोत्साहित र निर्माण गर्दछौं।

७ परमेश्वरको आराधना र प्रशंसाको लागी विश्वासी जनहरूसँग साथ हुनु

परमप्रभुका निम्ति एउटा गीत गाओ; र पवित्र जनहरूका सभामा उहाँको स्तुति गाओ! भजनसंग्रह १४९:१

म मेरा भाइहरूलाई तपाईको नाम घोषणा गर्नेछु; सभाको बीचमा म तपाईको प्रशंसा गर्नेछु। भजनसंग्रह २२:२२

ठूलो सभामा म तपाईलाई धन्यवाद चढाउँनेछु; धेरै मानिसहरूको बीचमा म तपाईको प्रशंसा गर्नेछु। भजनसंग्रह ३५:१८

अनि दिनहुँ मन्दिरमा एक मनको भई लागिरहँदै र घर-घरमा रोटी भाँच्दै तिनीहरूले आ-आफ्ना भोजन आनन्दसित र चोखो हृदयले खान्थे; ४७ परमेश्वरको प्रार्थना गर्थे, र सबै मानिसहरूबाट कृपा पाउँथे। अनि दिनहुँ प्रभुले मुक्ति पाउनेहरूलाई मण्डलीमा थप्नुहुन्थ्यो। प्रेरित २:४६-४७

दुवै पूरानो र नयाँ नियममा मानिसहरू परमेश्वरको आराधना गर्नाको लागी एकसाथ आए र गाए। तिनीहरूले आनन्दसित र चोखो हृदयले संगति गर्दथे। प्रभु येशू ख्रीष्टको प्रशंसा र आराधनाको निम्ति इमान्दारी विश्वासी जनहरू एकसाथ भेला हुनु, र एकसाथ गाउनुयो यो अति नै प्रशस्त र इनामपूर्ण अनुभव हो।

आत्माले भरपुर हुनु र प्रशस्ततामा परमेश्वरको आत्मालाई हामीमा वास गर्न दिनुको एक परिणामचाँही यो हो की हामीले प्रभुका निम्ति हामीले गाउन सक्दछौं र लयवद्ध राग निकाल्न सक्दछौं।

अनि दाखमद्यले नमात, जसमा चरित्रहीनता हुन्छ; तर आत्माले भरपूर होओ; आपसमा भजन, स्तुतिगान र आत्मिक गीतहरूद्वारा बात गर, प्रभुका निम्ति आ-आफ्नो हृदयमा गाओ, र भजन गर; हाम्रा प्रभु येशू ख्रीष्टको नाममा परमेश्वर र पितालाई सबै कुराहरूका निम्ति सधैँभरि धन्यवाद चढाओ; परमेश्वरको डरमा एक-अर्काको अधीनतामा आफूलाई सुम्प। एफिसी ५:१८-२१

ख्रीष्टको वचनले तिमीहरूभित्र प्रशस्त गरी वास गरोस्; भजन, स्तुतिगान र आत्मिक गीतद्वारा सारा वुद्धिसित एक-अर्कालाई सिकाओ र सम्झाओ, अनुग्रहसाथ आफ्ना हृदयहरूमा प्रभुका निम्ति गाओ कलस्सी ३:१६

पूरानो नियमबाट प्रस्तुत गरिएको तलको पदले संयुक्त आराधनाको उदाहरण पेश गर्दछ जसले परमेश्वरलाई अति प्रशन्न तुल्यायो की उहाँको महिमाले परमेश्वरको भवन भरियो।

अनि लेवी गायकहरू, अँ, उनीहरू सबैजना अर्थात् आसाफ, हेमान र यदूतून उनीहरूका छोराहरू र उनीहरूका दाजुभाइहरूको साथमा मिहिन मलमलको वस्त्र पहिरेको अवस्थामा झ्याली, सितार र वीणाहरू लिएर वेदीको पूर्वपट्टि उभिएका थिए, र उनीहरूको साथमा एक सय बीस पूजाहारीहरूले तूरहीहरू फूकिरहेका थिए; तब यस्तो भयो – जब तुरही फुक्नेहरू र गायकहरू एउटै मानिस भई एउटै आवाज निकालेर परमप्रभुलाई स्तुति गरिरहेका र धन्यवाद चढाइरहेका थिए; अनि जब उनीहरूले तुरही, झ्याली र अरु बाजाहरू बजाउँदै आफ्नो सोर उचालेर 'किनभने उहाँ भला हुनुहुन्छ; किनकी उहाँको करुणा सदा-सर्वदा रहिरहन्छ' भन्दै परमप्रभुको स्तुति गरिरहेका थिए, तब त्यो भवन, अँ, परमप्रभुको भवन बादलले यतिसम्म भरियो, कि त्यस बादलले गर्दा पूजाहारीहरू सेवा गर्नलाई खडा रहन सकेनन्; किनभने परमप्रभुको महिमाले परमेश्वरको भवन भरिएको थियो। २इतिहास ५:१२-१४

८ विश्वासी जनहरूका साथमा प्रभु-भोजलाई पालन गर्न

अनि उहाँले रोटी लिनुभयो, र धन्यवाद दिएर भाँच्नुभयो, र यसो भन्दै तिनीहरूलाई दिनुभयोः "यो मेरो शरिर हो, जो तिमीहरूका निम्ति दिइन्छ; मेरो सम्झनामा यो गर"। २० यही प्रकारले खाएपछि उहाँले यसो भन्दै कचौरा पनि दिनुभयोः "यो कचौरा मेरो रगतमा भएको नयाँ वाचा हो, जो तिमीहरूका निम्ति बहाइन्छ। लूका २२: १९-२०

यस पालन, जसलाई "कुराकानी" वा "प्रभुको टेबल" वा "प्रभ भोज" भनिन्छ, जुन आफ्नो मृत्यु र रगत-बहाईको सम्झनामा येशूद्वारा स्थापना भयो। हामीले यस *"मेरो सम्झनामा यो गर"* लाई पालन गर्नुपर्छ। हामी ख्रीष्टियन भएकाले, येशूले हाम्रो निम्ति गर्नुभएको कुरालाई कदर गर्नाको लागी हामी कति सजिलै अनौपचारिक वा अधूरो-मनका हुँदछौं। यस्तो लाग्छ की हामीले सजिलै भुल्दछौं। जब हामीले यस कार्यमा सहभागिता जनाउँदछौं, यो हामीले आफैलाई र आफ्नो व्यवहारलाई जाँच्न पाउने र सारा हृदयले उहाँलाई सेवा गर्न आफूलाई प्रतिवद्ध गराउन पाउने समय हो।

ख्रीष्टियन हुनाले, हामी हाम्रो समझभन्दा अधिकमा नै आशिषित पारिएका छौं कारण हामीले अनन्त जीवन पाउन सकौं भनेर उहाँ मर्नुभयो। सहभागिता यस गहन सत्याको चित्रण र उत्सब हो।

अनि तिनीहरू प्रेरितहरूका शिक्षामा, सङ्गतिमा, रोटी-भँचाइमा र प्रार्थनाहरूमा दृढतापूर्वक लागिरहे। प्रेरित २:४२

अघिका मण्डलीहरूमा रोटी भँचाई र सहभागिता आराधनाको नियमित भागहरू थिए।

"के त्यो आशिषको कचौरा, जसका निम्ति हामी आशिष माग्छौँ, ख्रीष्टको रगतको सहभागी होइन र? के त्यो रोटी, जसलाई हामी भाच्छौँ, ख्रीष्टको रगतको सहभागी होइन र? किनकी हामी, धेरै भए तापनि एउटै रोटी, एउटै शरिर हौँ@ किनकी हामी सबै एउटै रोटीबाट भाग लिन्छौँ"। १कोरिन्थी १०:१६-१७

९ मण्डलीको विश्वाव्यापी प्रचार सेवामा सहभागी हुने

यसकारण तिमीहरू जाओ, र सबै जातिहरूलाई चेला बनाओ, तिनीहरूलाई पिताको, पुत्रको र पवित्र आत्माको नाममा बप्तिष्मा देओ, २० मैले तिमीहरूलाई जे-जे आज्ञा गरें, ती सबै तिनीहरूलाई पालन गर्न सिकाओ; अनि हेर, म सधैँभरि, अँ, संसारको अन्तसम्म नै तिमीहरूको साथमा छु"। आमेन। मत्ती २८:१९-२०

परमेश्वरले हामीलाई मुक्तिको सन्देश पृथ्वीका सारा मानिसहरूका माझमा पुर्याउने दायित्व प्रदान गर्नुभएको छ। व्यक्तिगत रुपमा, हामीमा यो गर्ने संभावना छैन; तर मण्डलीका रुपमा भने, हामी विश्वव्यापी प्रचारमा भने सहभागी हुन सक्दछौं। परमेश्वरको निम्ति यो अति महत्वपूर्ण रहेको छ र हाम्रो लागी पनि यो महत्वपूर्ण हुनुपर्दछ। विश्वव्यापी प्रचारमा सहभागी भएर हामीले उहाँप्रतिको हाम्रो प्रेमलाई प्रकट गर्दछौं।

१० हाम्रो आफ्नै र हाम्रा नानीहरूका निम्ति ख्रीष्टियन जनहरूलाई बिकास गर्नु

एकजनाभन्दा दुईजना असल हुन्किनभने तिनी ;हरूकिनकी १०ले आफ्नो परिश्रमको असल प्रतिफल पाउँछन्। तिनीहरू ;जो लोट्दाहुँदी एकलै हुन्छ ,तर हाय त्यसलाई ;लोटे भने एउटाले आफ्नो साथीलाई उठाउनेछ दैन।किनभने त्यसलाई उठाउने अर्को कोही हुँ उपदेशक ४:९-१०

जो बिद्धिमान् मानिसहरूसँग हिँड्छ, ऊ बुद्धिमान् हुनेछ; तर मूर्खहरूको साथ लाग्ने मानिस नष्ट हुनेछ। हितोपदेश १३:२०

तेल र अत्तरले मान्छेको हृदयलाई आनन्दित तुल्याउँछन्; त्यसरी नै आफ्नो साथी पनि हृदयबाटको सल्लाहको कारणले मीठो लाग्छ। हितोपदेश २७:९

साथीबाटका चोटहरू विश्वासयोग्य हुन्छन्; तर शत्रुका चुम्बनहरू कपटपूर्ण हुन्छन्। हितोपदेश २७:६

फलामले फलामलाई धारिलो पार्छ, त्यसरी नै मान्छेले आफ्नो साथीको चेहरालाई धारिलो पार्छ। हितोपदेश २७:१७

रिसाहा मान्छेलाई साथी नबनाऊ; अनि झडङ्ग रिसाउनेसँग नहिँड; २५ नत्र ता तिमीले त्यसका चाल सिक्छौ, र आफ्नो प्राणलाई पासोमा पार्छौं। हितोपदेश २२:२४-२५

हाम्रा नजिकको साथमाबाट हामी प्रभावित हुदँछौं। उनीहरू साथ रहन, उनीहरूसँग जीवनको र कार्यहरूको बारेमा कुराकानी गर्न पाउँदा हामी खुशी हुँदछौं। आत्मिकी स्तरमा, हाम्रा साथीहरूले या त हामीलाई निर्माण गर्दछन् या त तल झार्दछन्। प्रभुसँग हिँड्ने साथी हाम्रो आत्मिकी उन्नतीका लागी ठूला प्रोत्साहन हुन सक्छन्। ती साथीहरू जसले हाम्रा आत्मिकी मूल्यहरूलाई बाँड्दैनन्, तिनीहरूले हामीलाई तल झार्दछन्। हामीले संसारद्वारा आफूलाई अलग पार्नुहुन्न, हाम्रा घनिष्ट साथीहरू ती हुनु पर्दछ जो प्रभुसँग हिँड्दछन्।

यो जवानहरूका लागी महत्वपूर्ण छ, यूवाहरूका लागी त यो झन् बढी महत्वपूर्ण छ। हामी जान्दछौं की नियालेर हेर्ने हो भने यूवाहरूका जीवनका दबाबहरू कति धेरै छन्। यदि तपाईसँग यूवा नानीहरू छन् भने, तपाईले यस्तो मण्डली खोज्नु अति जरुरी रहेको छ जहाँ त्यस्ता साथीहरू होऊन् जसले उनीहरूका जीवनमा सकारात्मक प्रभावहरू ल्याउन सकेका होऊन्।

यस अन्तिम पदले यही नै सत्यतालाई सिकाउँदछ, तर केवल नकारात्मक पक्षबाट। संसारको साथी हुनु भनेको परमेश्वरसँग शत्रुता राख्नु हो।

हे व्यभिचारी र व्यभिचारिणीहरूहो, संसारसँगको मित्रताचाँही परमेश्वरसँगको शत्रुता हो भनि के तिमीहरू जान्दैनौं? यसकारण जो संसारको मित्र हुन चाहन्छ, उसले आफूलाई परमेश्वरको शत्रु बनाउँछ। याकूब ४:४

११ हाम्रा नानीहरूलाई पमरेश्वरसँग हिँडाउनाको लागी शिक्षामा मद्दत गर्नु

अनि हे बाबुहरूहो, आफ्ना छोराछोरीहरूलाई रिस नउठाओ; तर प्रभुको अनुशासन र चेताउनीमा तिनीहरूको पालन-पोषण गर। एफिसी ६:४

बालकलाई जुन बाटोमा त्यो हिँड्नुपर्छ, त्यही बाटोको तालिम देऊ; र बूढो हुँदा पनि ऊ त्यसबाट हट्नेछैन। हितोपदेश २२:६

तर तिमीचाँही यी कुराहरू कसबाट सिकेका हौ, सो जानेर आफूले सिकेका र निश्चय भएका कुराहरूमा लागिबस; अनि तिमीले बालककालदेखी नै पवित्र शास्त्रहरू जानेका छौ; जसले तिमीलाई, ख्रीष्ट येशूमा भएको विश्वासद्वारा मुक्तिका निम्ति बुद्धिमान् तुल्याउन सक्छन्। २तिमोथी ३:१४-१५

हामी यी कुराहरू उनीहरूका सन्तानबाट लुकाउनेछैनौं, आउँदो पुस्तालाई परमप्रभुका प्रशंसाहरू, उहाँको सामर्थ्य र उहाँले गर्नुभएका उहाँका अचम्मका कामहरूका वर्णन गर्नेछौं। भजनसंग्रह ७८:४

अनि यी वचनहरू, जो म आज तिमीलाई आज्ञा गर्दछु, तिम्रो हृदयभित्र रहिरहुन्; ७ अनि तिमीले यी वचनहरू आफ्ना छोराछोरीहरूलाई यत्नसित सिकाउनु; अनि तिमी आफ्नो घरमा बस्दा, आफ्नो बाटोमा हिँड्दा, सुत्दा रउठ्दा तिमीले तिनकै चर्चा गर्नू! व्यवस्था ६:६-७

परमेश्वरले अभिभावकहरूलाई आफ्ना नानीहरूलाई शिक्षा दिन र परमेश्वरलाई जान्नको लागी तालिम दिन र कसरी ईश्वरिय जीवन जिउने भनि सिकाउनका निम्ति निर्देशन दिनुहुन्छ।

नानीहरूलाई शिक्षा र तालिम दिनु सजिलो छैन। नानीहरू साना हुँदा-देखी नै यसको थालनी गर्नुपर्दछ, शिशू अवस्थामा समेत। आत्मिकी निर्देशन प्रदान गर्नाका लागी मण्डलीले अभिभावक परिवर्तन गर्न सक्दैन, मण्डलीले सहायता भने गर्न सक्दछ।

जवानहरूलाई जस्तै, साना नानीहरूलाई पनि शिक्षा, प्रोत्साहन, र निर्माण को खाँचो हुँदछ। यसलाई प्रदान गर्न मण्डलीले सहायता गर्नुपर्दछ। धेरै मण्डलीहरूले नानीहरूलाई मनोरन्जन मात्र गर्दछन् ताकी तिनीहरूले "मण्डली सभामा" बाधा नपुयाउन्। यो डरलाग्दो, गैरजिम्मेवारी, ईश्वरविहिन प्रवृत्ती हो। तिनीहरूले के विचार गर्दछन? के नानीहरूका तालिम र निर्देशन तर्फ परमेश्वरको चासो छैन र? अभिभावकहरूले आफ्ना नानीहरूलाई शिक्षा र तालिम दिनाको लागी मण्डलीले पनि सक्दो सहयोग *गर्नैपर्दछ*।

१२ मण्डली अगुवाहरू र सदस्यहरू तर्फ उत्तरदायी हुने

ख्रीष्टको वचनले तिमीहरूभित्र प्रशस्त गरी वास गरोस्; भजन, स्तुतिगान र आत्मिक गीतद्वारा सारा वुद्धिसित एक-अर्कालाई सिकाओ र सम्झाओ, अनुग्रहसाथ आफ्ना हृदयहरूमा प्रभुका निम्ति गाओ। कलस्सी ३:१६

अब भाइहरूहो, हामी तिमीहरूलाई अर्ती दिन्छौः अटेरी चाल चल्नेहरूलाई चेताउनी देओ, हरेस खानेहरूलाई सान्त्वना देओ, कमजोरहरूलाई सहारा देओ, सबै मानिसहरूतर्फ सहनशील होओ। १ थेस्सोलोनिकी ५:१४

१ हे भाइहरूहो, कुनै मानिस कुनै अपराधमा पक्राउ पर्यो बने, तिमी आत्मिकहरूले त्यस्तोलाई नम्रताको आत्माले उठओ, र कहीं तिमी आफैँ पनि परीक्षामा पर्छौं कि भनेर आफूलाई विचार गर। २ तिमीहरूले एक-अर्काका भारहरू उठाइदेओ, र यसरी ख्रीष्टको व्यवस्था पूरा गर। गलाती ६:१-२

आफ्नो विषयमा होशियार बस; तिम्रो भाईले तिम्रो विरोधमा पाप गर्यो भने त्यसलाई हप्काऊ; र त्यसले पश्चाताप गर्यो भने त्यसलाई क्षमा गर। लूका १७:३

एक-अर्कामा हाम्रो दायित्व यो हो की हामीले एक-अर्कालाई गम्भिरतापूर्नक सल्लाह-सुझाब दिनुपर्छ र उचित समयमा हप्की पनि दिनुपर्छ। बाइबलिय मण्डलीमा, सदस्यहरू तिनीहरूको आफ्नो जीवनयापनमा उत्तरदायी हुनुपर्दछ। प्रभुको सेवाको निम्ति विश्वासयोग्य हुन यस किसिमको उत्तरदायित्वले ठूलो प्रोत्साहन प्रदान गर्दछ। यस किसिमको उत्तरदायित्वले, धेरै ख्रीटियनहरू आफ्नो आत्मिकी वृद्धि र परमेश्वरसँगको हिँडाईमा समना भने हुँदैनन्।

परमेश्वरको योजना विरुद्ध विद्रोह

अनि आओ, प्रेम र असल कामहरूमा निम्ति हौसला दिनालाई एक-अर्काको चिन्ता गरौं; २५ र कसै-कसैको रीति भएझैँ हामी एक ठाउँमा भेला हुन नछोडौं; तर एक-अर्कालाई उत्साह दिदैँ रहौं; अनि त्यो दिन जति नजिक-नजिक आउँदै गरेको तिमीहरू देख्छौ, उति नै वेसी हामी यसो गर्ने गरौं। हिब्रु १०:२४-२५

यी पदहरूले हामीलाई प्रष्ट अभिव्यक्ति प्रस्तुत गर्दछन् की हामीले सिक्रको लागी संगति गर्ने, प्रोत्साहित हुने र निर्माण गरिने, साथै एक-अर्कालाई प्रोत्साहित र निर्माण गर्ने कुरामा परमेश्वरले आशा गर्नुभएको हुँदछ। हामीलाई एक-अर्काको आवश्यकता रहँदछ। नयाँ नियममा मण्डलीलाई ११५ पटक उल्लेख गरिएको छ। नयाँ नियमको अधिकाशं भाग स्थानिय मण्डलीलाई लेखेको पत्रहरूद्वारा भरिएको छ।

परमेश्वरका मानिसहरूका लागी, परमेश्वरको योजनामा मण्डली निकै महत्वपूर्ण रहेको छ; यद्यपि, विश्वासी ख्रीटियनहरूले, अज्ञानमा वा विरोधमा, यसलाई त्यति महत्व भने दिँदैनन्। तिनीहरूले सोध्र सक्छन्,

"मण्डलीमा सहभागी नभइकन किन मैले असल जीवन बिताउन सक्दिन र असल मानिस हुन सक्दिन र?" अरुहरूले यस किसिमको अभिव्यक्ति दिदँछन्, " म घरमा परमेश्वरको आराधना गर्न सक्दिन"। वा "मण्डलीमा भन्दा प्रकृतिमाको वरिपरि म परमेश्वर नजिक भएको अनुभव गर्दछु"। मण्डलीको सवालमा मानिसहरूले यी प्रश्नहरू खडा गर्दछन् र सहभागिता नजनाउनका बहानाहरू अनेक छन्। "के लामो प्रवचनहरूमा पनि म बस्नुपर्दछ र?" "आइतबार म निकै थकित हुने गर्दछु, यो दिन मात्र मेरो फुर्सत को समय हो"। "आइतबारमात्र त्यो दिन हो जहाँ म तालमा जान पाउँदछु"। "आइतबार म काममा जानुपर्छ"। "मेरो विचारमा नानीहरू (सण्डे स्कुल) बाल बाइबल अध्ययन विद्यालयमा जानुपर्दछ, तर म घरमा रहनुपर्छ र मोटर-गाडी राख्ने ठाउँ (ग्यारेज) सफा गर्नुपर्दछ। "मण्डलीमा धेरै कपटी मानिसहरू छन्"। "तिनीहरूले चाहने भनेको पैसा मात्र हो"। "लगाउनको लागी मसँग कुनै राम्रो वस्त्र छैन"। यस किसिमको सूचि गइ नै रहन्छ ....।

यी सारा प्रश्नहरू र अभिव्यक्तिहरूले, एक रुपले वा अनेकले, मण्डली चाहिदैँन संकेत गर्दछ। सत्यता यही हो – हो, तपाई मण्डली नगइकन पनि असल मानिस बन्न सक्नुहुन्छ, तर तपाईले परमेश्वरलाई प्रशन्न तुल्याउनुहुन्न वा उहाँमा आज्ञाकारी हुन सक्नुहुन्। अन्य विश्वासी जनहरूसाथ नियमित संगति गर्न परमेश्वरले हामीलाई निर्देशन दिनुभएको छ। मण्डली परमेश्वरको लागी महत्वपूर्ण छ, र यो हाम्रो निम्ति पनि महत्वपूर्ण हुनुपर्दछ। ख्रीष्टको शरिरबाट (मण्डली) अलग हुने चाहना गर्नु परमेश्वरको विरुद्धमा विद्रोह हो। मुख्यतः एक व्यक्ति जसले यस किसिमले अभिव्यक्ति दिँदछ परमेश्वरभन्दा ऊ ज्ञानी छ भनि उसले व्यक्त गरेको हुँदछ। यस किसिमको विद्रोहले हाम्रो जीवनमा शैतानलाई ठाउँ दिँदछ र यसले हामीलाई परमेश्वर सँगको हिँडाईमा उपयोगीहीन र पराजित पार्दछ।

हामी तिनीहरूलाई चिन्दछौं जसले अरु ख्रीष्टियनसँग शारिरिक रुपमा नियमित भेट्न पाउँदैनन्। यिनीहरूले साथमा संगति गर्नुको सारा आशिषहरू अनुभव गर्न भने सक्दैनन् तर पनि प्रभुसँगको हिँडाईमा भने बढ्दै जान सक्दछन् र उहाँको नजिकमा जादँछन्। ख्रीष्टियनहरू जो शारिरिक बन्देजमा छैनन् यी मानिसहरूका बीचमा सेवा गर्नका लागी विशेष परिश्रम लगाउनुपर्दछ।

मण्डली छनोटका केही विचारयुक्त कुराहरू

जीवनको कुनै विन्दुमा तपाई त्यस्तो स्थितिमा पुग्नुहुनेछ जब तपाईले सहभागी जनाउन र सेवा गर्नाको लागी मण्डलीको छनोट गर्नुपर्ने हुँदछ। तपाईले गर्नुभएको निर्णयमध्ये यो सबैभन्दा ठूलो निर्णय। परमेश्वरसँगको तपाईको हिँडाई, तपाईले सहभागिता जनाउन र सेवा गर्नाको लागी छनोट गर्नुभएको मण्डलीमा निर्भर हुँदछ। तपाईको परिवारमा यसले मूख्य प्रभाव पार्दछ। असल मण्डलीले तपाई र तपाईको परिवारलाई परमेश्वरसँगको हिँडाईमा बढाउँदै लैजान्छ, र प्रभु येशू ख्रीष्टको सेवामा तपाईलाई उपयोगी बनाउँदछ। "मृत" मण्डली वा परमेश्वरको वचन सही शिक्षामा नसिकाउने मण्डलीले तपाई र तपाईको परिवारलाई आत्मिकी "मृत्यु" र रुखोपनतर्फ डोर्याउँदछ। मण्डली छनोट गर्दा, तपाईले गम्भिरतापूर्वक प्रार्थना गर्नुपर्दछ र परमेश्वरको अगुवाई खोज्नुपर्दछ।

मण्डली छनोट गर्दा, यस अघिको पाठ अन्तर्गतको बाइबलिय मण्डलीको गुणहरूलाई ध्यानपूर्वक समिक्षा गर्नु असल विचार हुनेछ। याद राख्नुहोस्, सिद्ध मण्डली कुनै छैन; यद्यपि, यदि तिनीहरूले स्पष्टतासँग अन्दाज गर्दैनन् भने, त्यहाँ छनोट रहेको छ, खोजी रहने विचार उचित हुनेछ।

मण्डली छनोटको प्रथम यो हो, "के तिनीहरूले परमेश्वरको वचनलाई विश्वासयोग्यताहा साथ र सही तरीकाले सिकाइरहेका छन् वा के यसमा प्रश्नहरू उब्जने शिक्षा मिसाइएको छ? के तिनीहरूको शिक्षा संसारको विचारसँग मिसाइएको छ वा बिगारिएको छ? परमेश्वरको वचन पूर्णरुपमा छ भनि के तिनीहरूले विचार

गर्दछन्, वा तिनीहरूले मानव रीति, मनोविज्ञान, विज्ञान, राजनिती, वा सयौं अन्य थोकहरूलाई परमेश्वरको वचनसित मिसाउँछन् जसले उहाँको वचनलाई बिगार्दछ?

के त्यस मण्डलीले सिकाएको कुराहरूलाई अभ्यास गर्दछ? याद राख्नुहोस्, मण्डली उद्धार गरिएका पापीहरूको समुहबाट बन्दछ। कुनै पनि मण्डलीले सिद्धता हासिल गरेका छैनन्; यद्यपि, तपाईले अगुवाहरूमा र मण्डलीका धेरै सदस्यहरूमा आत्मिकी जीवन र उन्नतिलाई देख्नुपर्दछ।

यदि तपाई कुनै पन्थ वा "मण्डली"को बारेमा त्यति परिचित हुनुहुदैँन भने, पहिला केही व्यक्तिहरूबाट सुझाब लिनुहोस् जसमा तपाईले भरोसा गर्नसक्नुहुन्छ। मण्डलीको शिक्षाको अभिव्यक्ति, प्रतिज्ञा, निति, र उद्देश्यलाई अध्ययन गर्नुहोस। ख्रीष्टियन पूस्तक भण्डारमा जानुहोस् र त्यस पन्थको बारेमा लेखिएको पूस्तकलाई माग्नुहोस्। त्यहाँ धेरै-धेरै समुहहरू छन् जसले परमेश्वरको वचनलाई सहीसँग सिकाउँदैनन्, र तपाईले प्रष्टसँग तिनीहरूलाई इन्कार गर्नुपर्छ।

यदि तपाईको परिवारमा नानीहरू र यूवाहरू छन् भने, तपाईले त्यस्तो मण्डलीको खोजी गर्नुहोस् जसमा असल सण्डे स्कुल (बाइबलिय विद्यालय) र यूवा सभाहरू रहेका हुन्छन्। यो अति नै महत्पूर्ण छ। जब तपाईका नानीहरू मण्डली जान शुरु गर्दछन् तब मण्डलीप्रतिको उनीहरूको जीवन पर्यान्त व्यवहारहरूले रुप लिन थाल्दछन्। असल यूवा संगति नहुने मण्डलीमा सहभागिता जनाउने र आफ्ना नानीहरूलाई त्यहाँ हुर्काउनु भन्दा बरु तपाईको परिवारलाई ठाउँ सारिकन असल यूवा संगति हुने मण्डलीमा सहभागिता गराउनु भलो हुदँछ। तपाईले अरु ठाउँमा वा अर्को शहरमा सर्नु परे पनि र कम पारिश्रमिक आउने जागिर खानुपरे तापनि, तपाईको नानीहरू र यूवाहरूलाई सिकाउनका लागी मद्दत गर्ने मण्डलीमा सहभागी हुनु धेरै मूल्यको हुनेछ।

एक असल यूवा संगति हुनु भन्नुको अर्थ तिनीहरूले यूवाहरूलाई मनोरन्जन गराउनका लागी प्रभावकारी कार्यक्रमहरू गर्नु र तिनीहरूलाई त्यसमा ब्यस्त बनाउनु भन्ने चाँही होइन। असल यूवा सेवकाई ठूलो वा सानो हुन सक्छ, तर यसले यूवाहरूलाई साँचो रुपमा परमेश्वरलाई चिन्न र उहाँ साथ हिँड्नका लागी शिक्षा प्रदान गर्दछ। यदि तपाईसँग नानीहरू छन् र तपाईको मण्डलीले तपाईका नानीहरू र यूवाहरूलाई असल संगति प्रदान गर्दैन भने, तब अर्को मण्डलीको खोज गर्ने समय भएको छ भनि विचार गर्नु जरुरी छ।

तपाई मण्डलीमा स्थापित हुनु अगि, तिनीहरूका कार्य सभाहरूमा सहभागी हुनुहोस् र अवलोकन गर्नुहोस्। के तिनीहरू एकतामा रहेका छन्? के यसले पवित्रशास्त्र मुताबिकको नेतृत्व पद्दतीलाई अपनाएको छ? नेतृत्वको निम्ति परमेश्वरको योजना यो हो की परिपक्व मानसिहरूले मण्डलीलाई अगुवाई गरुन्। यदि तपाईले बहस, असहमति, वा आत्मिकी परिपक्वता नरहेका केही मानिसहरूले नेतृत्व गर्न र मण्डलीलाई अधिनमा राख्न खोजीरहेको देख्नुभयो भने, तपाईले निश्चयत प्राप्त गर्न सक्नुहुन्छ की त्यहाँ मण्डलीमा मूख्य समस्याहरू रहदँछन्, र भइरहेछन्। यदि यो स्थिति रहेमा, अर्को मण्डलीको खोजी गर्नुहोस्।

मण्डली छनोटका केही कमजोर हारणहरुः

१ यो तपाईको "पारिवारिक" मण्डली हो।

२ यो तपाईको अभिबावकहरूले \ वा हजुरबा-आमाले सहभागिता जनाउनुभएको मण्डली हो।

३ तपाईको हजुर-आमाले यस मण्डलीको थालनी गर्नुभएको हो।

४ तपाईको अङ्कलले यहाँ प्रचार गर्नुहुन्छ।

५ यसमा मनोरन्जनात्मक संगित कार्यक्रमहरू संचालनमा रहदँछन्।

६ तपाई जहाँ रहनुहुन्छ त्यहाँबाट यो सबैभन्दा नजिकको मण्डली हो।

७ यो त्यस्तो मण्डली हो जहाँ तपाईले नियन्त्रणको अभ्यास गर्न सक्नुहुन्छ वा "कोही" हुन सक्नुहुन्छ।

८ यो तपाईको लागी नयाँ पोशाक वा अन्य सम्पत्ती देखाउने स्थान हुँदछ।

९ यसको भव्य, महँगो, वा नयाँ भवन रहेको छ।

१० आदी.., आदी.., आदी।

मण्डलीमा सहभागिता जनाउनको लागी तपाइले निर्णय लिइसक्नुभएपछि, तब, सामान्य नियमझैँ, बिभिन्न उतार-चढावमा त्यस मण्डलीको साथमा रहनुहोस्। तपाई एक "मण्डली फेर्ने" व्यक्ति नहोऊँ। मूख्य बाइबलिय मुद्दाहरू वा समस्याहरूको बिकास नभएसम्म वा पहिला तपाईले नदेखेका समस्याहरूलाई तपाईले थाहा नगुरन्जेलसम्म त्यस मण्डलीलाई नछाड्नुहोस्। यदि त्यहाँ मूख्य समस्याहरू छन् भने, सबै माध्यमहरूद्वारा अरु मण्डलीको खोजी गर्नुहोस् जहाँ तपाईले लामो समयसम्म रहनसक्नुहुन्छ र प्रभु येशू ख्रीष्टको सेवाको लागी वृद्धिको पद्दतीमा रहनुहोस्।

मण्डली सेवकाई अन्त्यका एघार कारणहरू

यस पाठको अध्ययन पश्चात् मैले "सेवा अन्त्य कारकहरू"लाई हेर्रें। तिनीहरूलाई – मबाटको कुनै टिप्पणी बिना, यहाँ तल साराशंमा प्रस्तुत गरिएको छ ।

१ असल बाइबलिय शिक्षालाई *जान्न* र *सिकाउनका* लागी जनाउनु पर्ने प्रतिवद्धताको कमि।

२ प्रार्थनालाई इन्कार

३ मण्डलीमा भएको पापलाई सहन गर्नु

४ "ताता" न "चिसा" भइदिनाले

५ सङ्ख्या वा बप्तिष्मा लिनेहरूको सङ्ख्यामा केन्द्रित हुनाले

६ आर्थिकमा केन्द्रित हुनाले

७ कार्यक्रमहरू र नितीलाई केन्द्रित हुनाले

८ परमेश्वरलाई महिमित तुल्याउनुभन्दा मानिसहरूलाई आकर्षित गराउन वा मानिसहरूलाई प्रशन्न तुल्याउनका निम्ति खोक्रा आराधना र प्रशंसाका योजना बनाउनाले

१० कम वा कुनै पनि विश्वव्यापी प्रचार वा विश्वव्यापी मिसनमा सहभागी नहुनाले

११ अयोग्य अगुवाहरू भएकाले

सोह्र

बाइबलिय प्रार्थना पद्दतिको बिकास

प्रभु येशू ख्रीष्टको चेला हुन प्रतिवद्धता व्यक्त गर्नालाई प्रार्थनामय जीवनको बिकास नै आधारभूत रहेको हुँदछ। विश्वासीका लागी प्रार्थना स्वभाविक नै हो। परमेश्वरसँग हिँड्नु भन्नु नै उहाँसँग बोल्नु हो। हामीले नियमित प्रार्थना गरेको परमेश्वर चाहनुहुन्छ र तिनीहरू जो उहाँको चेला हुनाका लागी प्रतिवद्ध रहेका छन् उहाँले तिनीहरूका प्रार्थनाहरू सुन्नुहुन्छ।

किनभने प्रभुका आँखा धर्मीहरूमाथि लागेका हुन्छन्, र उहाँका कानहरू उनीहरूका प्रार्थनाहरूतिर खुला भएका हुन्छन्; तर प्रभुको चेहरा खराबी गर्नेहरूको विरुद्धमा हुन्छ। १पत्रुस ३:१२

यसकारण हामी साहससँग अनुग्रहको सिंहासनको नजिकमा आऔं, र दया पाऔं, अनि खाँचो पर्दा सहायता पाउनालाई अनुग्रह प्राप्त गरौं। हिब्रु ४:१६

तिमीहरू लालसा गर्दछौ, तर पाउँदैनौं; तिमीहरू हत्या र डाहा गर्दछौ, तर प्राप्त गर्न सक्दैनौं; तिमीहरू झगडा र लडाँई गर्दछौ, तरै पनि तिमीहरूले पाउँदैनौं; किनभने तिमीहरू माग्दैनौ। याकूब ४:२

दुष्टहरूको बलिदान परमप्रभुका निम्ति घृणित कुरा हो; तर सीधा चाल चल्नेको प्रार्थना उहाँको आनन्द हो। हितोपदेश १५:८

मलाई पुकार, र म तिमीलाई जवाफ दिनेछु, अनि तिमीलाई ठूला र थाह गर्न नसकिने कुराहरू प्रकट गर्नेछु, जो तिमी जान्दैनौ। यर्मिया ३३:३

अब उहाँलाई, जसले हामीभित्र कार्य गर्ने सामर्थ्यअनुसार हामीले मागेका वा सोचेका सबै कुराहरूभन्दा अत्यन्तै बढी गर्न सक्नुहुन्छ, एफिसी ३:२०

धेरै ख्रीटियनहरूलाई र मण्डलीलाई प्रार्थना गर्न सिकाइएको छैन, र , फलस्वरुप, धेरै मण्डलीहरू र व्यक्तिहरूले प्रार्थनाको सन्दर्भमा असफल हुँदछन्। मैले मण्डलीमा सुनेमध्येको कमसेकम ९५प्रतिशत प्रार्थनाहरू र प्रार्थनाका विषयहरू शारिरिक स्वस्थ्यता र सुरक्षासँग सम्बन्धित रहेका हुन्छन्। तर, परमेश्वरको वचनमा भएका हजारौं प्रार्थनाहरूमध्ये, केही मात्र प्रार्थनाहरू शारिरिक स्वस्थ्यतासँग सम्बन्धित रहेका छन्।

हामी थाहा छ तिनीहरू जसले शारिरिक कष्टहरू भोगिरहेका छन् येशूले तिनीहरूमाथि करुणा देखाउनुहुन्छ। यस पृथ्वीमा रहुन्जेल उहाँले धेरै मानिसहरूलाई शारिरिक रोगहरू र असक्तताबाट चंगाई दिनुभयो। उहाँले अझै पनि यसो गर्नुहुन्छ। म यसमा विश्वास गर्दछु की संक्रात्म इन्सेफलाइटिसबाट दुई पटक गम्भिर अस्वस्थता भए तापनि म स्वस्थ मगजसाथ आजसम्म जीवित रहनुको कारण धेरै मानिसहरूको प्रार्थना र परमेश्वरले मलाई स्वस्थ्यता पुनर्स्थापन गरिदिनुभएकोले गर्दा हो। निश्चय नै, शारोरिक स्वस्थता, सुरक्षा, र प्रबन्धको लागी पनि हामीले प्रार्थना गर्नुपर्छ; यद्यपि, हाम्रा प्रार्थनाहरू र चासोहरू योभन्दा अधिकमा हुनुपर्दछ।

पवित्रशास्त्रमा रहेका धेरैजसो प्रार्थनाहरू पापका स्वीकार, प्रशंसा र धन्यवाद, वा त्यस किसिमका प्रार्थनाहरू हुन्, जुन एकरुपले वा अर्कोले, आत्मिकी उन्नतिसँग सम्बन्धित हुँदछ। हामीले परमेश्वरलाई धन्यवाद चढाएको, उहाँको प्रशंसा र आराधना गरेकोमा हामीलाई उहाँले प्रेम गर्नुहुन्छ। हाम्रा सारा हृदयले उहाँको खोजी गरेको,

उहाँको नजिकमा आएको, र उहाँसँगको हाम्रो हिँडाईमा बढेको र गपयोगी दास बनेको उहाँ चाहनुहुन्छ। यी सबैमा प्रार्थनाले महत्वपूर्ण भुमिका खेलेको हुन्छ। यदि हामीले शासरिरिक स्वस्थता र सुरक्षाको लागी मात्र प्रार्थना गर्दछौं भने यीमध्ये थोरैमात्र हुन आउँदछन्।

यस पआठ्यक्रमको अध्ययन निर्देश २९मा, त्यहाँ बाइबलिय प्रार्थनार प्रतिवद्धताका सुचीहरू रहेका छन् जसलाई मैले मेरो आफ्नै जीवनमा प्रयोग गरेको छु। मेरो आफ्नै अनुभवमा, प्रभुसँगको मेरो हिँडाईमा यी प्रार्थनाका सुचीहरू मेरा निम्ति वृद्धिका चाबी भएका छन्।

प्रार्थना सम्बन्धित चाबी बाइबलिय शिक्षा

हामीले नियमित (निरन्तर) प्रार्थना गर्नु नै हामीप्रति परमेश्वरबाटको योजना हो।

प्रार्थनामा यत्नसित लागिरहो, धन्यवादसाथ यस कुरामा जागा रहो; कलस्सी ४:२

सधैँ आनन्दित रहो। १७ निरन्तर प्रार्थना गरिरहो। १८ हरेक कुरामा धन्यवाद चढाओ; किनकी प्रभु येशूमा तिमीहरूका निम्ति परमेश्वरको यही इच्छा छ। १थेस्सोलोनिकी ५:१६-१८

अनि सधैँ प्रार्थना गर्नुपर्छ, र हिम्मत हार्नुहुँदैन भन्ने उद्देश्य राखेर उहाँले तिनीहरूलाई यसो भन्दै एउटा दृष्टान्त बताउनुभयोः लूका १८:१

आशामा आनन्दित होओ; सङ्कष्टमा स्थिर रहो; प्रार्थनामा दृढतापूर्वक लागिरहो; रोमी १२:१२

सारा प्रार्थना र अन्तर्विन्ती गर्दै हर समय आत्मामा प्रार्थना गर, अनि यसैका निम्ति सारा प्रयत्न र सबै पवित्र जनहरूका लागी अन्तर्विन्ती गर्दै जागा रहो; एफिसी ६:१८

भजनसंग्रह १३९ र धेरै अरु खण्डहरूले परमेश्वर सबै समयहरूमा हामीसाथ हुनुहुन्छ भनि शिक्षा दिदँछ। परमेश्वरको उपस्थितिको सतर्कतालाई हामीले बिकास गर्नुपर्दछ दिनभरि नै उहाँसँग कुरा गर्ने प्रवृत्तीको थालनी गर्नुपर्दछ। तपाईले आँखा बन्द गर्ने पर्छ वा कुनै अवस्थामा रहनुपर्छ भन्ने होइन। उहाँ जो हुनुहुन्छ र तपाईलाई उहाँले जे दिनुहुन्छ त्यसमा उहाँलाई धन्यवाद चढाउनुहोस्। कठिन समयहरूमा पनि उहाँलाई धन्यवाद दिन सिक्नुहोस् जसले तपाईलाई उहाँसँगै हिँड्ने कार्यमा अघि बढायो। प्रभुमा तपाईका भाइ-बहिनीहरूका निम्ति प्रार्थना गर्नुहोस्। तपाईको परिवार र साथीहरूका लागी प्रार्थना गर्नुहोस्। उद्धार नगरिएकाहरूका निम्ति प्रार्थना गर्नुहोस्। तपाईका समस्याहरू र चिन्ताहरूका बारेमा परमेश्वरसँग कुरा गर्नुहोस् र ती कुराहरूलाई व्यवस्थित गर्न परमेश्वलाई सुम्पिदिनुहोस्। तपाईलाई आवश्यकता परेका कुराहरू उहाँलाई भन्नुहोस्। जब तपाईले निर्णय लिनुपर्ने हुन्छ, उहाँबाटको पथप्रदर्शनलाई खोजी गर्नुहोस्। कुनै कुरा वा सबैकुराहरूको बारेमा उहाँसँग बोल्नुहोस्!!!

जब आधारभूत अवस्थाहरूले मेल खाँदछन् तब परमेश्वरले सकारात्मक जवाफको प्रतिज्ञा गर्नुहुन्छ।

परमेश्वरले प्रार्थनामा मागेका सबै कुराहरू प्रदान गर्नुहुन्न। प्रार्थनासम्बन्धी प्रतिज्ञाका शर्तहरू रहेका छन्। बाइबलिय शर्तहरू तल प्रस्तुत गरिएका छन्। यथार्थमा, तिनीहरू भिन्न शर्तहरू होइनन् कारण यिनीहरू सबैले एक तरीकाले वा अर्कोले, एकै आशय जनाउँदछन्। यिनीहरू सबैले परमेश्वरले हामीकस्तो हौं र के गरौं भन्ने उहाँको इच्छामुताबिक रहनमा जीवनभर प्रतिवद्ध हुनुपर्दछ भनि जनाउँदछ।

क जब हामीले आज्ञाकारी धार्मिकताका जीवनयापन गर्दछौं।

परमेश्वरले धर्मी जनको प्रार्थनाको उत्तर दिने प्रतिज्ञा गर्नुभएको। ख्रीष्टियनहरू पापमा र विद्रोहमा रहिरहेर परमेश्वरबाट प्रार्थनाको जवाफको अपेक्षा गर्नुहुदैँन।

तिमीहरू निको हुनाका निम्ति एक-अर्काका सामु आफ्ना भूलचुकहरू मानिलेओ, र एक-अर्काका निम्ति प्रार्थना गर। धर्मी जनको प्रभावकारी प्रार्थनाले धेरै कुरा प्राप्त हुन्छ। याकूब ५:१६

अनि परमप्रभुमा मग्न होऊ; र उहाँले तिम्रा हृदयका चाहनाहरू पूरा गरिदिनुहुनेछ। भजनसंग्रह ३७:४

उहाँको डर मान्नेहरूको चाहना उहाँले पूरा गर्नुहुनेछ; अनि उहाँले उनीहरूको पुकार सुन्नुहुनेछ र उनीहरूलाई बचाउनुहुनेछ। भजनसंग्रह १४५:१९

मेरो नामले कहलाइएका मेरा जनहरूले आफूलाई नम्र तुल्याए, प्रार्थना गरे र मेरो चेहराको खोजी गरे अनि आफ्ना दुष्ट चालहरूबाट फर्के भने म स्वर्गबाट सुन्नेछु, उनीहरूको देशलाई निको पारिदिनेछु। २इतिहास ७:१४

यदि मैले आफ्नो हृदयमा अधर्म राखें भने प्रभुले मेरो विन्ती सुन्नुहुनेछैन। भजनसंग्रह ६६:१८

जसले आफ्ना पापहरू ढाक्छ, त्यो सफल हुँदैन; तर जसले तिनलाई मानिलिन्छ र छोडिदिन्छ, उसले कृपा पाउनेछ। भजनसंग्रह २८:१३

हेर, परमप्रभुको हात बचाउन नसक्ने गरी छोटो भएको छैन, न ता उहाँको कान सुन्न नसक्ने गरी बोधो भएको छ; तर तिमीहरूका अधर्महरूले तिमीहरूलाई तिमीहरूका परमेश्वरबाट अलग पारेका छन्, अनि तिमीहरूका पापहरूले उहाँको मुख तिमीहरूदेखी लुकाइदिएका छन्, र उहाँले सुन्नुहुन्न। यशैया ५९:१-२

ख जब हामीले उहाँको इच्छामुताबिक माग्दछौं

उहाँमा हाम्रो जे निर्धक्कता छ, त्यो यही हो – उहाँको इच्छाअनुसार हामीले केही कुरा माग्यौं भने उहाँले हाम्रो विन्ती सुन्नुहुन्छ; अनि हामीले जेसुकै मागे तापनि उहाँले हाम्रो विन्ति सुन्नुहुन्छ भनि हामी जान्दछौं भने हामीले उहाँबाट जे चाहेका थियौं, ती मागहरू पनि पाएका छौं भनि हामी जान्दछौं। १यूहन्ना ५:१४-१५

प्रभु येशू ख्रीष्टद्वारा प्रदान गरिएको यस प्रार्थना पद्दतीमा, हामीलाई निम्न रुपमा प्रार्थना गर्नको लागी निर्देशित गरिएको छः

तपाईको राज्य आओस्। तपाईको इच्छा स्वर्गमा झैँ पृथ्वीमा पनि पूरा होओस्। मत्ती ६:१०

परमेश्वरको वचनले परमेश्वरको इच्छालाई प्रकट गर्दछ। जब हामीले परमेश्वरको वचनमा नियमित समर्पणतका साथ जीवनयापन गर्दछौं र पवित्र आत्माको अगुवाईलाई पछ्याउँदछौं भने, हामीले परमेश्वरको इच्छा मुताबिक गरिरहेका छौं भनि हामी निश्चित हुन सक्दछौं। जब हामीले वचन र आत्मालाई हामीमाथि नियन्त्रण गर्ने अनुमति प्रदान गर्दछौं, तब परमेश्वरको इच्छासँग हाम्रो प्रार्थनाले मेल खादँछ। यसले हाम्रो प्रार्थनाको सकारात्मक उत्तरको अपेक्षालाई निश्चित पार्दछ।

ग जब हामी परमेश्वरको वचनमा स्थिर रहँदछौं

तिमीहरू ममा रह्यौ र मेरा वचनहरू तिमीहरूमा रहे भने तिमीहरू जे चाहन्छौ, सो माग्नेछौ, र त्यो तिमीहरूका निम्ति गरिनेछ"। यूहन्ना १५:७

जसले व्यवस्था सुन्नदेखी आफ्नो कान फर्काउँछ, त्यसको प्रार्थना पनि घृणित बन्नेछ। हितोपदेश २८:९

एक व्यक्ति जसले परमेश्वरको वचनलाई निरन्तर बे-वास्ता गर्दछ भने परमेश्वरले उसको प्रार्थनाको उत्तर दिनुहुन्छ भनि अपेक्षा राख्न सक्दैन।

घ जब हामीले येशूको नाममा प्रार्थना गर्दछौं

अनि जेसुकै तिमीहरू मेरो नाममा मगौला, पिताको महिमा पुत्रमा होस् भनेर म त्यो गर्नेछु। १४ तिमीहरूले कुनै कुरा मेरो नाममा माग्यौ भने म त्यो गर्नेछु। यूहन्ना १४:१३-१४

तिमीहरूले मलाई चुनेनौ, तर मैले तिमीहरूलाई चुनें, अनि तिमीहरू जाओ र फल फलाओ, र तिमीहरूको फल फलिरहोस् भनि तिमीहरूलाई नियुक्त गरें; र तिमीहरूले पितालाई मेरो नाममा जे मागौला, सो उहाँले तिमीहरूलाई दिनुहुनेछ। यूहन्ना १५:१६

उहाँ येशू हुनुहुन्छ जो हाम्रो पापहरूका लागी मर्नुभयो र हामी धर्मी ठहरिनका लागी संभव तुल्याउनुभयो र हाम्रा प्रभु येशू ख्रीष्टको नाममा वा अधिकारमा पितालाई प्रार्थना गर्नसक्दछौं। येशूले जहिले पनि पिताको इच्छा र उद्देश्यमा कार्यहरू गर्नुहुन्छ। ती प्रार्थनाहरू जुन साँचो रुपले येशूको नामद्वारा चढाइन्छन् ती प्रार्थनाहरूले परमेश्वरको इच्छा र उद्देश्यसँग मेल खाँदछ। जब परमेश्वरको इच्छालाई हामी जान्दछौं र परमेश्वरको इच्छा अनुरुप गर्दछौं र उहाँको इच्छामुताबिक प्रार्थनाहरू वढाउँदछौं भने, हामीले येशूको नाममा र उहाँको अधिकारमा प्रार्थना गरिरहेका हुँदछौं। हामीलाई थाहा छ की परमेश्वरले आफ्ना पुत्र, येशूको इच्छामुताबिकका प्रार्थनालाई जवाफ दिनुहुन्छर जब हामी पनि साँचो रुपमा येशूको नाममा प्रार्थनामा आउँदछौं तब उहाँले हाम्रो प्रार्थनाको जवाफ दिनुहुन्छ।

ङ जब हामी बिनाशंका प्रार्थना गर्दछौं

यसकारण म तिमीहरूलाई भन्दछु, तिमीहरूले प्रार्थना गर्दै जे-जे कुराहरू माग्दछौ, ती पाउँछौ भनि विश्वास गर, र तिमीहरूले ती पाउनेछौ। मर्कुस ११:२४

तर उसले पटक्कै शंका नगरीकन विश्वाससित मागोस्; किनकी जसले शंका गर्दछ, ऊ बतासद्वारा बहाइएको र यताउता पारिएको समुन्द्रको छालजस्तो हो। याकूब १:६

अनि तिनीहरूको विरोधमा उनीहरूले सहायता पाए अनि ,हगारीहरू र तिनीहरूको साथमा हुने सबै उनीहरूको हातमा सुम्पिएकिनकी उनी ;हरूर उहाँले उनी ,ले लडाँईमा परमेश्वरलाई पुकारेहरूको विन्ती किनभने उनी ;सुनिदिनुभयोहरूले उहाँमाथि भरोसा राखे। १इतिहास ५:२०

जब हामीले धर्मी जीवनयापन गर्दछौं र परमेश्वरको इच्छामुताबिकको प्रार्थना गर्दछौं भने, हामीले निश्चयताका साथ प्रार्थना गर्न सक्दछौं। हामीलाई थाहा छ कि परमेश्वरले आफ्नो इच्छा र उद्देश्यलाई पूरा गर्नुहुन्छ। परमेश्वरले सकारात्मक जवाफहरूको प्रतिज्ञा गर्नुहुन्छ, र हामीले निश्चयताका साथ प्रार्थना गरेको उहाँ चाहनुहुन्छ। जब हामीले उहाँको इच्छामुताबिक प्रार्थना गर्दछौं, हामी जान्दछौं की उहाँले जवाफ दिनुहुन्छ।

हामीले धेरै परिश्रम लगाउनाले प्रार्थनाको जवाफ प्राप्त गर्ने होइन, तर यो त परमेश्वरको इच्छा र योजनालाई पूरा गर्नका निम्ति उहाँद्वारा प्रदान गरिने विश्वासमा निर्भर हुँदछ। जब हामीले परमेश्वरलाई महिमित तुल्याउन

र उहाँसाथ हिँड्न प्रतिवद्धता जनाउँदछौं, तब उहाँले हामीलाई उहाँको इच्छा र उद्देश्य मुताबिक कार्य गर्नको निम्ति विश्वास प्रदान गर्नुहुन्छ। *अधिक विश्वासको लागी सरलरुपमा हामी आफैबाटको परीश्रम पर्याप्त हुँदैन, तर यसको लागी परमेश्वर को हुनुहुन्छ भनि जान्नको निम्ति असल बाइबलिय समझको बिकास गर्न र उहाँसाथ हिँड्न आवश्यक रहेको छ।*

निजी सुव्यबस्थित प्रार्थना

तर तिमी, जब प्रार्थना गर्दछौ, आफ्नो निजी कोठामा पस; र ढोका बन्द गरेर गुप्तमा हुनुहुने आफ्ना पितालाई प्रार्थना गर; अनि गुप्तमा देख्नुहुने तिम्रा पिताले तिमीलाई खुल्लमखुल्ला इनाम दिनुहुनेछ। मत्ती ६:६

यो परमेश्वरको निम्ति एक्लै हुनलाई र हाम्रो सारा ध्यान उहाँमा केन्द्रित गराउनका लागी समय छुट्टाइएको समय हो। यो बाइबल अध्ययन, ध्यान, प्रार्थना, र परमेश्वरकोसँगको बातचितमा समय बिताउनु हो। यस पाठ्यक्रममको अध्ययन निर्देश ११ले, प्रभुसँगको "शान्त समय"को सन्दर्भमा केही सुझाबहरू प्रस्तुत गर्दछन्।

विश्वासी जनहरूका साथ प्रार्थना

प्रेरितको पूस्तकले मण्डलीको शुरुवातलाई अभीलेख गर्दछ। अघिका ख्रीष्टियनहरूले साथमा रहेर धेरै पटक प्रार्थना गर्दथे भनि अभिलेख गर्दछ। जब परमेश्वरका मानिसहरू एकसाथ भेला हुन्छन् र प्रार्थना गर्दछन् तब उहाँ प्रशन्न हुनुहुन्छ। मानिसहरूका अघि ठूला सोरले कराइकन प्रार्थना गर्नु नयाँ विश्वासीलाई डरलाग्दो हुन सक्छ, तर याद गर्नुहोस् की तपाई, अरुहरूसँग होइन परमेश्वरसँग बोल्दै हुनुहुन्छ। अरुहरूले के सोच्छन् र तपाईले कसरी व्यक्त गर्नुहुन्छभन्दा पनि तपाईको हृदयको इच्छा बढी महत्वपूर्ण हो। तपाईले अत्तालिएको र बेढङ्ग महसुस गरे तापनि अरु धेरै ख्रीष्टियनहरू तपाईको प्रार्थनाद्वारा रोमान्चित र प्रोत्साहित हुँदछन्।

अनि छोडिएपछि उनीहरू आफ्नै साथीहरूकहाँ गए, अनि मूख्य पूजाहारीहरू र बूढा प्रधानहरूले उनीहरूलाई जे-जे भनेका थिए, ती सबै सुनाइदिए। अनि यो सुनेर तिनीहरूले एकै मनको भएर परमेश्वरतर्फ आफ्नो सोर उचाले, र भनेः "हे प्रभु, तपाई परमेश्वर हुनुहुन्छ; तपाईले स्वर्ग, पृथ्वी, समुन्द्र र तिनीहरूमा भएका सबै थोकहरू बनाउनुभयो; प्रेरित ४:२३-२४

पारिवारिक प्रार्थना

यसो भन्ने भनाई छ की साथमा प्रार्थना गर्ने परिवारहरू एकसाथ रहदछन्। पति र पत्नीले साथमा प्रार्थना गर्नु आवश्यक छ। यसले प्रभुमा र एक-अर्काप्रतिको प्रेम उनीहरूलाई गहिराउँदै लादँछ। हामीले हाम्रा नानीहरूलाई पनि प्रार्थना गर्न सिकाउनुपर्दछ। हाम्रा नानीहरूलाई प्रभुको प्रेम र सेवामा बढाउनको लागी पारिवारिक बाइबल अध्ययन र साथको प्रार्थनाले हुनु अपरिहार्य छ।

"प्रभुको प्रार्थना", प्रार्थनाको लागी बाइबलिय नमुना

येशूले हामीलाई "प्रभुको प्रार्थना" नमुनाको लागी प्रस्तुत गर्नुभयो। तलका दुई पदहरूमा येशूले के भन्नुहुन्छ विचार गर्नुहोस्।

यसकारण तिमीहरूले यस प्रकारले प्रार्थना गरः 'हे स्वर्गमा हुनुहुने हाम्रा पिता, तपाईको नाम पवित्र गरियोस्। मत्ती ६:९

अनि उहाँले (येशू) **तिनीहरूलाई भन्नुभयोः "जब तिमीहरू प्रार्थना गर्दछौ, तब भनः 'हे स्वर्गमा हुनुहुने हाम्रा पिता, तपाईको नाम पवित्र गरियोस्। तपाईको राज्य आओस्। तपाईको इच्छा स्वर्गमाझैँ पृथ्वीमा पनि पूरा होओस्।** लका ११:२

यसकारण येशूले यस प्रार्थनाको नमुना प्रस्तुत गर्नुभयो, अब हामीले हाम्रा प्रार्थनाहरूमा यस नमुनालाई उपयोग गर्नुपर्दछ। राद गर्नुहोस् की यो नमुना मात्र हो। यो शब्द-शब्द रट्नको लागी दिइएको होइन। प्रार्थनाको यो नमुना तल प्रस्तुत गरिएको छः

यसकारण तिमीहरूले यस प्रकारले प्रार्थना गरः
'हे स्वर्गमा हुनुहुने हाम्रा पिता, तपाईको
नाम पवित्र गरियोस्। तपाईको राज्य
आओस्। तपाईको इच्छा स्वर्गमा
झैँ पृथ्वीमा पनि पूरा होओस्। आज हामीलाई
हाम्रो दिनहुँको रोटी दिनुहोस्। अनि हाम्रा ऋणहरू
हामीलाई क्षमा गर्नुहोस्, जसरी हामीले पनि
आफ्ना ऋणीहरूलाई क्षमा गर्दछौं। अनि हामीलाई परीक्षामा नलैजानुहोस्,
तर हामीलाई दुष्टबाट छुटाउनुहोस्; किनभने राज्य, पराक्रम र महिमा सदासर्वदा तपाईकै हुन्। आमेन'।

आउनुहोस्, अब यी प्रत्येक वाक्यहरूलाई हेरौं।

हे स्वर्गमा हुनुहुने हाम्रा पिता

परमेश्वर हाम्रो "पिता" हुनुहुन्छ, यो मेरो आफ्नै व्यक्तिगत खाँचाहरूका लागी गरिएको प्रार्थना होइन; यो त सम्पूर्ण परमेश्वरको परिवारका लागी गरिएको प्रार्थना हो। जब हामीले यस किसिमको प्रार्थनाको नमुनालाई उपयोग गर्दछौं, परमेश्वरलाई आदर गर्ने जीवनयापन गर्नका लागी हामी प्रतिवद्धता मात्र जाहेर गर्दैनौं, हामी प्रभुमा संसारभरिका आफ्ना भाइ-बहिनी, लागी पनि प्रार्थना गर्दछौं ताकी उनीहरूले पनि परमेश्वरलाई आदर दिने जीवनयापन गर्न सकेका होऊन्।

हाम्रा "पिता" हुनाले, परमेश्वरले हामीलाई आफ्नै परिवारमा अपनाउनुभएको छ। जब हामी हराएकाहरू र सहाराहीन थियौं, उहाँले हामीलाई आफ्नै सन्तानका रुपमा अपनाउनुभयो र आफ्नो पुत्रलाईझैँ प्रेम गर्नुभयो।

परमेश्वरको हाम्रो व्यक्तिगत करूणामय पिता हुनुहुन्छ। परमेश्वर सारा मानवजातिका पिता हुनुमा अर्थ रहेको छ किनभने उहाँले सारा मानवलाई सृष्टि गर्नुभयो। यद्यपि, यसलाई यो प्रार्थनामा सान्दर्भिक प्रयोग गराइएको भने होइन। ती जसले प्रभु येशू ख्रीष्टलाई इन्कार गर्दछन् तिनीहरू कहिल्यै पनि परमेश्वरको परिवारमा अपनाइँदैनन्। परमेश्वरले अपनाउनुभएका र आफ्नो परिवारमा डोर्याउनुभएकाहरूलाई जस्तो तिनीहरूलाई कहिल्यै पनि प्रेम र स्नेह प्रदान गरिदैँन।

जसरी बाबुले आफ्ना छोराछोरीहरूलाई टिठाउँछन्, त्यसरी नै परमप्रभुले आफ्नो डर मान्नेहरूलाई टिठाउनुहुन्छ। किनकी उहाँले हाम्रो बनावट जान्नुहुन्छ, हामी धूला हौं भन्ने कुरा उहाँले सम्झनुहुन्छ। *भजनसंग्रह १०३:१३-१४*

परमेश्वर पार्थिव मानव पिता हुनुहुन्न। उहाँ हाम्रो **"स्वर्गका पिता"** हुनुहुन्छ। यदि हामीले परमेश्वरलाई हाम्रो प्रेमिलो पिताको रुपमा मात्र केन्द्रित गर्छौं भने, हामीले यो भुल्न पुग्दछौं की उहाँ सार्वभौम परमेश्वर हुनुहुन्छ

जसले सारा जगतको सृष्टि गर्नुभयो र उहाँमा सारा सामर्थ्य र ज्ञान रहेको छ। उहाँ सृष्टिकर्ता हुनुहुन्छ। उहाँ साराथोकमाथि सार्वभौम हुनुहुन्छ। परमेश्वरप्रतिको हाम्रो प्रवृत्तीमा हामी अनौपचारिक वा हल्का हुनु हुदैँन।

ध्यानपूर्वक तलका खण्डहरूको अध्ययन गर्नुहोस्। परमेश्वरको सार्वभौम बारेमा बताउनेमध्येका यी थोरैमात्र खण्डहरू हुन्। यिनीहरूद्वारा परमेश्वरप्रतिको तपाईको भय र श्रद्धालाई गहिराउनुहोस्। परमेश्वरप्रतिको तपाईको विचारहरू र प्रवृत्तीलाई खोक्रो र अनौपचारिक हुन नदिनुहोस्। किनभने उहाँ सार्वभौम परमेश्वर, सारा जगतको सृष्टिकर्ता हुनुहुन्छ, उहाँप्रति हामीमा गहिरो श्रद्धापूर्ण भय, डर, र आदर हुनुपर्दछ। हाम्रा जीवनका सबै पाटोमा उहाँको आराधना गरिनुपर्दछ।

यसैले आजको दिनमा यो जान, र आफ्नो हृदयभित्र मनन गर, की माथि स्वर्गमा र तल पृथ्वीमा परमप्रभु नै परमेश्वर हुनुहुन्छ; अरु कोही छैन। ४० यसैकारण तिमीले उहाँका विधिहरू र उहाँका आज्ञाहरू पालन गर्नू, जो म आज तिमीलाई आज्ञा गर्दछु; फलस्वरुप तिम्रो र तिमीपछि तिम्रा छोराछोरीहरूको भलो होस्, र जुन देश परमप्रभु तिम्रा परमेश्वरले तिमीलाई सदाका निम्ति दिनुहुन्छ, त्यस देशमा तिम्रो आयु लामो होओस्। व्यवस्था ४:३९-४०

परमेश्वर, जसले यो संसार र यसमा भएका सारा थोकहरूलाई बनाउनुभयो, उहाँचाहिँ स्वर्ग र पृथ्वीका प्रभु हुनुभएको हुनाले हातले बनाएका मन्दिरहरूमा बस्नुहुन्न। २५ न ता उहाँले केही खाँचो परेझैँ गरी मानिसहरूका हातबाट सेवा नै लिनुहुन्छ; किनकी उहाँले पो सबैलाई जीवन, सास र सब थोक दिनुहुन्छ। प्रेरित १७:२४-२५

अनि ती राजाका दिनहरूमा स्वर्गका परमेश्वरले एउटा राज्य खडा गर्नुहुनेछअनि त्यो ;जो कहिल्यै नष्ट हुनेछैन , तर त्यसले ती सबै राज्य ,राज्य अरु कुनै जातिको हातमा छाडिनेछैनहरूअनि त्यो ; टुक्रा पारेर नाश गर्नेछ-टुक्रा सर्वदा स्थिर रहनेछ।-सदा दानिएल २:४४

जसलाई उहाँले आफ्नै समयहरूमा प्रकट गर्नुहुनेछ, जो परमधन्य, अद्वितीय अधिराज, राजाहरूका राजा, प्रभुहरूका प्रभु हुनुहुन्छः उहाँसँग मात्र अमरता छ, उहाँ ज्योतीमा वास गर्नुहुन्छ, जसको नजिकमा कोही मानिस पनि जान सक्दैन; उहाँलाई कुनै मानिसले देखेको छैन, न ता देख्न सक्छः उहाँलाई नै आदर र अनन्त अधिकार होऊन्। आमेन्। १तिमोथी ६:१५-१६

तपाईको नाम पवित्र गरियोस्

"पवित्र" यस शब्दको आधार अर्थ शुद्ध हो। अनन्तताको सार्वभौम र सारा जगतका सृष्टिकर्ता परमेश्वर पवित्र हुनुहुन्छ। उहाँ सम्पूर्ण रुपमा पाप वा दुष्टतादेखी अलग हुनुहुन्छ। "पवित्र" यस शब्दले आदरयोग्यताको विचारलाई पनि बोक्दछ। परमेश्वर आदरयोग्य हुनुहुन्छ कारण यो उहाँको पवित्रताले गर्दा हो। *जब हामीले "तपाईको नाम पवित्र होस्" भनि प्रार्थना गर्दछौं, यो परमेश्वरको आदरयोग्य नामलाई परमेश्वरको मानिसहरूले पुकारुन् भनेर गरिएको हो।*

प्रार्थनाको यस पक्षले परमेश्वरलाई ऐश्वर्यपूर्ण उच्चतामा उचाल्दछ की हामी, पापी मानिसले, यसलाई पूर्ण रुपमा बुझ्न सक्दैनन्। परमेश्वर पवित्र हुनाले, उहाँको चरित्रमा कुनै दुष्टता छैन। उहाँ पूर्णरुपमा पवित्र हुनुहुन्छ। त्यस किसिमको पाप र दुष्टताबाट उहाँ पूर्णतया अलग हुनुहुन्छ। हाम्रो मानव स्वभावको पापप्रति यति झुकाव छ र हामी संसारको पापहरूदेखी यति घरिएका छौ की पवित्र हुनु भनेको के हो भनि हामीले पूर्ण ज्ञान हासिल गर्न सकेका छैनौं।

पवित्र हुनु भनेको के हो भनि हामीले पूर्ण ज्ञान हासिल गर्न नसके तापनि, परमेश्वर शुद्ध र पवित्र हुनुहुन्छ भनि हामिले जान्नु र स्वीकार गर्न जरुरी छ।

यदि हामीमा परमेश्वरको पवित्रतातर्फ गहिरो कृतज्ञता छैन भने, हामीले सही रुपमा परमेश्वरलाई कहिल्यै पनि जान्न सक्नेछैनौं। उहाँले इच्छा गरे अनुरुप हामीले कहिल्यै पनि उहाँसाथ हिँड्न, वा प्रार्थना गर्न, वा आराधना गर्न सक्दैनौं।

परमेश्वरको पवित्रताको बारेमा कसरी सिकाउने र लेख्रे, सो म जान्दिनँ। मैले त केवल पवित्रशास्त्रलाई तपाईको ध्यानाकर्षण अगि ल्याउने मात्र हो। परमेश्वरको आत्माले प्रकट गरिदिनुभएको होस् र यस सत्यतालाई प्रकाश पार्नुहोस् भनेर प्रार्थना चढाउनुहोस्। यी पदहरलाई पढ्नको निम्ति केही समय दिनुहोस् र यिनीहरूलाई मनन गर्नुहोस्। परमेश्वरको अद्भूत पवित्रतालाई तपाईको हृदय र आत्मामा बसाल्नुहोस्।

यदि हामीले उहाँको पवित्रतालाई बुझ्न सक्दैनौं भने, हामीलाई मुक्ति प्रदान गर्न उहाँ कति पर जानुभयो भनि हामीले बुझ्दैनौं। जब परमेश्वरलाई हामीले शुद्ध पवित्र परमेश्वर भनि जान्दछौं, हामी कति धेरै पापी रहेछौं भनि यसले हामीलाई महसुस गराउँछ। हामीमा रहेको हाम्रो पापलाई हामीले स्वीकार गर्न र तीदेखी पश्चाताप गर्नलाई परमेश्वरको पवित्रताको ज्ञान कारक हुनुपर्दछ, जसले हामीलाई शुध्द हृदयले उहाँको मार्गमा हिँड्न र उहाँको आशिष प्राप्त गर्नका लागी उहाँको उपस्थितिमा डोर्याउँदछ।

हे परमप्रभु, देवताहरूको वीचमा तपाईजस्तो को छ र? तपाईजस्तो पवित्रतामा महिमावान्, प्रशंसाहरूमा भययोग्य, अचम्मका काम गर्नुहुने को छ र? प्रस्थान १५:११

अनि एउटाले अर्कालाई कराएर भनेः 'सेनाहरूका परमप्रभु पवित्र, पवित्र, पवित्र हुनुहुन्छ; सम्पूर्ण पृथ्वी उहाँको महिमाले भरपूर छ'! यशैया ६:३

सेनाहरूका परमप्रभुलाई नै पवित्र मान्नु; अनि उहाँ नै तिमीहरूको डर होऊन्, उहाँ नै तिमीहरूको भय होऊन्। यशैया ८:१३

परमप्रभुलाई उहाँको नामलाई सुहाँउदो महिमा देओपवित्रताको सुन्दरतामा ;आओ भेटी लिएर उहाँको सामु ; ,हे सारा पृथ्वी !परमप्रभुलाई दण्डवत् गरउहाँको सामु थरथर काम्यसैले त्यो ,संसार पनि स्थिर हुनेछ ! हल्लिनेछैन। २इतिहास १६:२९-३०

जब हामीले ईश्वरीय जीवन जिइ परमेश्वरको आराधना गर्दछौं, हामीले उहाँको नामलाई पवित्र तुल्याउँदछौं। जब हामीले परमेश्वरलाई उहाँ पवित्र परमेश्वर हुनुहुन्छ भनि जान्दछौं र शुद्ध पवित्र जीवन जिएर उहाँको महिमा गर्दछौं भने, हामीले उहाँको नामलाई पवित्र पार्दछौं।

पवित्र, यस शब्दको पूरानो नियमबाटको विपरीतार्थक शब्द हो "अपवित्र"। परमेश्वरको नामलाई अपवित्र तुल्याउनु भनेको उहाँ सामान्य प्राणी झैं हुनुहुन्छ भनि त्यस किसिमले व्यवहार गर्नु हो। उहाँको नामलाई अपवित्र तुल्याउनु भनेको उहाँ अपवित्र हुनुहुन्छ भन्ने व्यवहार गर्नु मात्र होइन, उहाँको नामलाई श्रद्धा गर्ने कुनै कारण नभएको जस्तो पनि गर्नु हो।

अनि तिमीहरूले मेरो पवित्र नाम अपवित्र नतुल्याउनू; तर म इस्राएलीहरूका बीचमा पवित्र मानिनेछु; म नै तिमीहरूलाई पवित्र पार्ने परमप्रभु हुँ; लेवी २२:३२

उनीहरू आफ्ना परमेश्वरका निम्ति पवित्र होऊन्, र आफ्ना परमेश्वरको नाम अपवित्र नपारून्; किनकी उनीहरूले आगोले चढाइने परमप्रभुका बलिहरू अर्थात् आफ्ना परमेश्वरको भोजन चढाउँछन्; यसैकारण उनीहरू पवित्र होऊन्! लेवी २१:६

यदि हाम्रो सम्पूर्ण हृदयबाट हामीले परमेश्वरलाई खोज्ने र उहाँको समिपमा जाने हो भने, हामीले परमेश्वरको पवित्रताको बारेमा हाम्रो बुझाईलाई बढाउँदै लानुपर्दछ। हामीले आफ्नो जीवन यापनद्वारा उहाँको पवित्रतालाई स्वीकार गर्दै लानुपर्छ र उहाँको नामलाई अपवित्र पार्नुहुदैँन। हामीले आफैलाई परमेश्वरप्रति अनौपचारिक वा बेढङ्ग रुपमा व्यवहार गर्नुहुदैँन।

परमेश्वरको पवित्र नामलाई श्रद्धा गर्नाका लागी गरिने प्रार्थना हृदयदेखी नै आउनुपर्दछ। हामीले साँचो रुपमा ईश्वरिय जीवन जिउन प्रतिवद्धता व्यक्त नगरेसम्म *"तपाईको नामपवित्र गरियोस्"* भनि प्रार्थना गर्न सक्दैनौं।

तपाईको राज्य आओस

"परमेश्वरको राज्य"ले परमेश्वरको सार्वभौमिकता र अधिकारको बारेमा बताउँदछ। परमेश्वर अनन्तताको हुनुहुन्छ र उहाँ सार्वभौम हुनुहुन्छ। परमेश्वर जहिल्यै पनि नियन्त्रक हुनुहुन्छ र उहाँले सधैँभरिलाई नियन्त्रण गरिरहनुहुनेछ। यस अर्थमा, परमेश्वरको राज्य जहिल्यै पनि अस।तित।वमा रहेको छ र रहिरहनेछ पनि। यस बारेमा शिक्षा दिनको लागी पवित्रशास्त्रहरूमा अनेकौं खण्डहरू रहेका छन्।

तपाईको राज्य अनन्तको राज्य हो, अनि तपाईको प्रभुत्व पुस्ता-पुस्तासम्म रहिरहन्छ। भजनसंग्रह १४५:१३

परमप्रभुले स्वर्गमा आफ्नो सिंहासन स्थापित गर्नुभएको छ; अनि उहाँको राज्यले सबैमाथि शासन गर्दछ। भजनसंग्रह १०३:१९

जब हामीले "तपाईको राज्य आओस्" भनि प्रार्थना गर्दछौं, यो हाम्रो जीवनमा परमेश्वरप्रतिको अधिकारमा समर्पणताको प्रार्थना हो। हामीले साँचो रुपले "तपाईको राज्य आओस्" भनि प्रार्थना गरेर हाम्रो जीवनमा उहाँको आदेशलाई भङ्ग गर्न सक्दैनौं। हामीले किन प्रार्थना गर्दछौं भनि यसले हामीलाई केन्द्रमा लैजादँछ। परमेश्वरले हाम्रो इच्छाअनुसार गर्नुभएको होस् भनि के हामीले प्रार्थना गरिरहेका छौं, वा हामीले आफ्नो जीवनमा वा अरु विश्वासीहरूका जीवनमा अधिकार गर्नुहोस् भनि परमेश्वरमा प्रार्थनाहरू चढाइरहेका छौं?

"तपाईको राज्य आओस्" भनि प्रार्थना गर्नुचाँही प्रतिवद्धताको कार्य हो। हामीले "तपाईको राज्य आओस्" भनि प्रार्थना गरेर पछिबाट उहाँको राज्यलाई प्रोत्साहन दिनका लागी केही पनि नगर्नु चाँही मिल्दैन। जब हामीले यस प्रार्थनालाई उहाँको सामु राख्दछौं, यो त अग्रिमरुपमा पृथ्वीमा परमेश्वरको राज्य खडा गर्ना लागी प्रतिवद्धताको व्यक्त गर्ने प्रार्थना हो।

तपाईको इच्छा..,

"तपाईको इच्छा" पूरा होओस् भनेर गरिने प्रार्थना पनि परमेश्वरको इच्छा पूरा गर्नका निम्ति व्यक्तिगत प्रतिवद्धतालाई जाहेर गर्ने प्रार्थना हो। यो हामीले आफ्ना इच्छाहरूलाई पूर्णरुपमा त्यागेर परमेश्वरको इच्छामा पूर्णरुपमा समर्पित हुनु हो। "तपाईको इच्छा" पूरा होस् भनेर प्रार्थना गर्नु , र पछिबाट परमेश्वरको इच्छा अनुसारले कार्य गर्न सहमत नहुनु ढोङ्गी हो।

परमेश्वरको इच्छामा समर्पित हुने कुरामा प्रभु येशू आफै नै एक चरम उदाहरण हुनुहुन्छ। परमेश्वरको इच्छामुताबिक प्रभु येशूको प्रतिवद्धताको गहिराईलाई तल दिइएका पदहरूले वर्णन गर्दछन्;

येशूले तिनीहरूलाई भन्नुभयोः "जसले मलाई पठाउनुभयो, उहाँको इच्छा पालन गर्नु र उहाँको काम गरिसिद्ध्याउनु नै मेरो भोजन हो। यूहन्ना ४:३४

अनि अलि पर गएर उहाँ भुँईमा घोप्टो पर्नुभयो, र "सम्भव भए यो घडी मबाट टलेर जाओस्" भन्दै प्रार्थना गर्नुभयो। अनि उहाँले भन्नुभयोः "हे अब्बा, हे पिता, तपाईका निम्ति सबै कुराहरू सम्भव छन्; यो कचौरा मबाट हटाइदिनुहोस्; तरै पनि म जे इच्छा गर्छु त्यो होइन, तर तपाई जे इच्छा गर्नुहुन्छ। मर्कुस १४:३५-३६

येशूमा त्यहाँ क्रुसमा चढ्नुको डर रहेको थियो। उहाँ पवित्र, धर्मी, र शुद्ध परमेश्वरको पुत्र हुनुहुन्थ्यो। उहाँको चरित्रमा दुष्टताको सानो धब्बा पनि रहेको थिएन; तरैपनि, उहाँ क्रुसमा टांगिन लागिरहनुभएको थियो र पाप बन्नुभएको थियो।

किनकी उहाँमा (येशू) हामी परमेश्वरका धर्मिकता बन्न पाऔं भनेर पापै नजान्नुहुनेलाई परमेश्वरले हाम्रा निम्ति पाप तुल्याउनुभयो। *२ कोरिन्थी ५:२१*

समय-समयमा, येशूको उदाहरण हाम्रा लागी अर्थहिन् लाग्न सक्दछ। हामी प्रभुलाई प्रेम गर्छौं भनि हामी भन्दछौं; तरैपनि, हामी आफ्नै बाटोमा लागिरहेका हुदँछौं र हाम्रा दृष्टिमा जे ठीक छन् त्यही नै गर्न पुग्दछौं। परमेश्वरको वचनलाई प्रेम गर्छौं भनि हामीले दाबी पनि गर्दछौं; तर, यथार्थमा, यसले बताउँदछ त्यसमा हामीले त्यति ध्यान नै दिदैँनौं। परमेश्वरको इच्छा जान्नलाई हामी उहाँको वचनको खोजी गर्ने इच्छा नै गर्दैनौं। समय-समयमा, कसैले धारप्रवाहमा भन्दछन्, "आत्माले मलाई अगुवाई गर्दै हुनुहुन्छ"।, वा "मैले यस बारेमा प्रार्थना गरेको थिएँ", तर पवित्रशास्त्रले के शिक्षा दिँदछ भनि तिनीहरूले कहिल्यै पनि खोजी गर्दैनन्।

हरेक ख्रीष्टियन विश्वासीले आफूले गरेका प्रार्थनाको उद्देश्यलाई होशियारीपूर्वक र इमान्दारिताका साथ जाँच्नु आवश्यक रहदँछ। के तपाईले प्रार्थना तपाईले चाहेको वा सोचेको कुरा सही हो भनेर परमेश्वरसँग के तपाईले प्रार्थना गर्दै हुनुहुन्छ? के तपाईले आफ्नो इच्छा पूरा गर्नको लागी परमेश्वरलाई सताइरहनुभएको छ? के तपाईको प्रार्थना तपाईको सन्तुष्टिमा केन्द्रित छ या परमेश्वरको महिमामा केन्द्रित रहेको छ?

प्रार्थनाको उद्देश्य परमेश्वरद्वारा हाम्रा इच्छाहरू पूरा गरिनु होइन। हाम्रा शरिरले चाहेका सारा कुराहरू पूरा गरिनेछन् भनि परमेश्वरले हामीलाई प्रतिज्ञा गर्नुभएको छैन। ख्रीष्टियन जीवनको सम्पूर्ण उद्देश्य परमेश्वरको इच्छामा समर्पित हुनु हो। हाम्रा प्रार्थनाहरूले यी कुराहरू प्रतिबिम्बित गर्नुपर्दछ। हाम्रा स्वार्थमय प्रार्थनाहरूको जवाफ उहाँले दिनुहुन्छ भन्ने साँचो विश्वास उहाँले प्रदान गर्नुहुन्न।

उहाँमा हाम्रो जे निर्धक्कता छ, त्यो यही हो – उहाँको इच्छाअनुसार हामीले केही कुरा माग्यौं भने उहाँले हाम्रो विन्ती सुन्नुहुन्छ; अनि हामीले जेसुकै मागे तापनि उहाँले हाम्रो विन्ति सुन्नुहुन्छ भनि हामी जान्दछौं भने हामीले उहाँबाट जे चाहेका थियौं, ती मागहरू पनि पाएका छौं भनि हामी जान्दछौं। १यूहन्ना ५:१४-१५

प्रभु येशू ख्रीष्टको अनुयायी भएकाले, परमेश्वरको इच्छा पूरा गर्न हामी खुशी हुनुपर्दछ। परमेश्वरको इच्छा अनुसार गर्नको लागी हामीले रिस देखाउनु हुँदैन, वा निष्कृय हुनुहुँदैन।

'हे मेरा परमेश्वर, तपाईको इच्छा पूरा गर्न म प्रशन्न हुन्छु; हो, तपाईको व्यवस्था मेरो हृदयभित्र छ'। भजनसंग्रह ४०:८

स्वर्गमाझैँ पृथ्वीमा पनि पूरा होओस्

प्रभु येशू ख्रीष्टद्वारा प्रदान गरिएको यस प्रार्थनाको नमुना वास्तवमा विशिष्ट यहूदी कवितात्मक शैलीमा लेखिएको छ।यस समान्तर लेखन शैलीले यो संकेत गर्दछ की यस वाक्याशं, "स्वर्गमाझैँ पृथ्वीमा पनि पूरा होओस्", यो यसअघि आउने सबै, तीन विन्तीहरूमा नै लागु हुँदछ। अर्को शब्दमा भन्नुपर्दा, तलका प्रत्येक प्रार्थनाहरूलाई हामीले चलि आएको नियम अनुसार प्रार्थना गर्न सक्दछौं।

"तपाईको नाम पवित्र गरियोस्"।

"तपाईको राज्य आओस्"।

"तपाईको इच्छा स्वर्गमाझैँ पृथ्वीमा पनि पूरा होओस्"।

परमेश्वरले उहाँको नाम स्वर्गमाझैँ यस पृथ्वीमा पनि पवित्र भएको चाहनुहुन्छ। उहाँले स्वर्गमा राज्य गर्नुभएझैँ यस पृथ्वीमा पनि राज्य गर्न चाहनुहुन्छ, र उहाँले स्वर्गमाझैँ यस पृथ्वीमा पनि आफ्नो इच्छा पूरा गर्न चाहनुहुन्छ।

स्वर्गमा, परमेश्वरको नामलाई आदर, प्रशंसा, र आराधना गरिदँछ। स्वर्गमा, पवित्र परमेश्वरको सार्वभौम शासन र अधिकारको विरुद्धमा कसैले पनि विद्रोह गर्दैन। स्वर्गमा, स्वर्गदूतहरूले तुरुन्तै र उत्साहका साथ परमेश्वरको सेवा गर्दछन् र कुनै पनि प्रश्न र शंका बिना उहाँको इच्छामुताबिक गर्दछन्। परमेश्वरको नाम स्वर्गमाझैँ यस पृथ्वीमा पनि पवित्र होस् भनि हामीले प्रार्थना गर्नुपर्दछ, र उहाँको इच्छा स्वर्गमाझैँ यस पृथ्वीमा पनि पूरा होस् भनि हामीले प्रार्थना गर्नुपर्दछ।

हे परमप्रभुका दूतहरूहो, तिमीहरू जो बलमा सामर्थी छौ, उहाँका आज्ञाहरू पालन गर्दछौ र उहाँको वचनको आवाज ध्यान दिई सुन्छौ, उहाँलाई धन्यको भन! हे परमप्रभुका सारा सेनाहरूहो, हे उहाँका सेवकहरूहो, तिमीहरू, जसले उहाँको इच्छा पूरा गर्दछौ, उहाँलाई धन्यको भन। भजनसंग्रह १०३:२०-२१

हामीले – स्वर्गमा गरिएझैँ, उहाँको आज्ञालाई उत्सुकताका साथ र तुरुन्तै पूरा गर्नुपर्दछ। यी निकै उच्चताका स्तरहरू हुन्, तर यी नै परमेश्वर चाहनुहुन्छ।

आज हामीलाई हाम्रो दिनहुँको रोटी दिनुहोस्,

यहाँ प्रार्थनाको केन्द्र परिवर्तित हुँदछ। यस प्रार्थना स्पष्टका साथ र प्रत्यक्ष रुपमा परमेश्वरमा केन्द्रित रहेको छ। अब प्रार्थनाले मानिसका प्रार्थनाहरूलाई व्यवहार गर्न शुरु गरेको छ।

यद्यपि, हामीले यो महसुस गर्नु जरुरी छ की यस प्रार्थना अझै पनि परमेश्वर हाम्रो खाँचाहरूका प्रबन्ध हुनुहुन्छ भनि उहाँमा समर्पित रहेको छ। हामीले परमेश्वरलाई श्रद्धा, आराधना, र सेवा दिदँछौ र यसको एक व्यवहारिक कारण यो हो किनभने उहाँ हाम्रो प्रबन्धक हुनुहुन्छ।

उहाँलाई सेवा गर्न र उहाँमा जिउनका लागी, हामीलाई खाना, वास, कपडा, स्वास्थ्य, र यतायातको खाँचो हुँदछ। यी सारा खाँचोहरू पूरा गरिएपछि, उहाँको सेवा गर्न, उहाँको नामलाई आदर गर्न, उहाँको राज्यलाई प्रोत्साहन गर्न, र उहाँको इच्छा पूरा गर्नका लागी हामी शारिरिक रुपमा योग्य हुँदछौं।

यहाँ अमेरिकामा खानाको लागी प्रार्थना गर्नु अलिक मूर्खपूर्ण कार्य हुँदछ। हामीमध्ये धेरैजनासँग प्रचुरतामा खाना रहेको हुँदछ; र हाम्रा सारा आधारभूत खाँचाहरू पनि पूरा भएका हुँदछन्। यथार्थमा, परमेश्वरलाई धेरै खाना माग्नुभन्दा हामीमध्ये धेरैले यस प्रकारले प्रार्थना गरिरहेका हुँदछौं, "प्रभु, मलाई धेरै खानबाट जोगाउनुहोस्.."।

यद्यपि, हाम्रा प्रचुरताका बन्दोबस्तका बाजुत पनि, हामी अझैपनि आफ्ना दैनिक खाँचाहरूका लागी प्रार्थना गर्दछौं। जब हामीले आफ्ना दैनिक खाँचाहरूका लागी प्रार्थना गर्दछौं, तब हामीले थाहा गर्दछौं की हामी हाम्रा दैनिकी खाँचाहरूमा पूर्णरुपले उहाँमा नै आश्रित रहेका छौं र उहाँ परमेश्वर हुनुहुन्छ जसले हामीलाई काम गर्न र पैसा कमाउनका लागी योग्यता प्रदान गर्नुहुन्छ ताकी हामी आफैले आफ्नो निम्ति र परिवारको निम्ति प्रबन्ध गर्न सकेका होऊँ। यदि प्रभु प्रबन्ध नगरिदिनुभएको भए, हामीसँग खाना, वास, कपडा, यतायात, स्वास्थ्यता, वा अरु कुनै कुराहरू हुने थिएन। परमेश्वरले प्रबन्ध गरिदिनुभएको सारा कुरामा हामी धन्यवादी हुनुपर्दछ। "आज हामीलाई हाम्रो दिनहुँको रोटी दिनुहोस्", भन्ने प्रार्थनाले परमेश्वर हाम्रो प्रबन्धक हुनुहुन्छ भनि सम्झना गराउँदछ र यो हामीले उहाँलाई धन्यवाद र प्रशंसा दिने कारक हुनुपर्दछ किनभने उहाँले हामीलाई यति प्रचुरतामा प्रबन्ध गरिदिनुभएको छ।

तर पहिले परमेश्वरको राज्य र उहाँको धार्मिकताको खोजी गर, र यी सबै थोकहरू तिमीहरूलाई थपिनेछन्। यसकारण भोलीका निम्ति फिक्री नगर, किनकी भोलीको दिनले आफ्नै थोकहरूका निम्ति फिक्री गर्नेछ। आजको खराबी आजका निम्ति प्रशस्त छ। मत्ती ६:३३-३४

हामीले "हाम्रो" दिनहुँको रोटीका लागी प्रार्थना गरिरहेका छौं भनि जान्नु जरूरी छ। यसको अर्थ हामीले आफ्नो र ख्रीष्टियन जनहरूका खाँचाहरूका निम्ति प्रार्थना गरिरहेका छौं। संसारका धेरै भुभागमा अमेरिकामा झैं प्रशस्ताको स्थिति छैन। धेरैले दैनिक बन्दोबस्तीका लागी प्रार्थना गर्दछन् किनभने तिनीहरूसँग धेरै खाना वा प्रशस्त वास छैन। हामीले यी भाइ-बहिनीका साथ प्रभुसँग प्रार्थना विन्ती चढाउनुपर्छ ताकी परमेश्वरले तिनीहरूका जीवनमा आधारभूत खाँचाहरू पूर्ण गरिदिनुभएको होस्।

हाम्रा ऋणहरू हामीलाई क्षमा गर्नुहोस्, (मत्ती ६:१२) ***हाम्रा पापहरू हामीलाई क्षमा गर्नुहोस्,*** (लूका ११:४)

"हाम्रा ऋणहरू हामीलाई क्षमा गर्नुहोस्" भनि प्रार्थना गर्नचाँही हाम्रा पापहरू क्षमा गर्नुहोस् भनि विन्ती चढाउनुझैं हो। जब हामीले पाप गर्दछौं, परमेश्वरमा हामी ऋणी हुँदछौं। जब हामीले साँचोरुपमा परमेश्वरलाई क्षमाको विन्ति चढाउँदछौं, तब त्यस पाप र ऋणहरू क्षमा गरिदँछन्।

यस प्रार्थनालाई सही तरीकाले बुझ्नको लागी, हामी दुई तरीकाको बाइबलिय क्षमालाई जान्नुपर्दछ।

१ न्यायसम्बन्धी क्षमा

बाइबलिय क्षमाको पहिलो प्रकारको क्षमालाई कहिलेकाँही "आलोचनात्मक क्षमा" भनिन्छ। जब एक उद्धार नगरिएको व्यक्तिले साँचो रुपले आफ्नो पापबाट पश्चाताप गर्दछ र हाम्रा पापहरूको दण्ड तिर्नका लागी प्रभु येशू ख्रीष्टको मृत्यु र पुनरुत्थानमा विश्वास गर्दछ, तब त्यस व्यक्तिको सारा पापहरू क्षमा गरिदँछ। उसका – भूत, वर्तमान, र भविष्यका सारा पापहरू – क्षमा गरिदँछ। ऊ परमेश्वरको सन्तान हुँदछ, र उसले परमेश्वरको साथमा अनन्तताको समय बिताउँदछ।

उहाँमा हामीले, उहाँको अनुग्रहको धनअनुसार उहाँको रगतद्वारा छुटकारा अर्थात् पापहरूको क्षमा पाएका छौं; एफिसी १:७

२ अभिभावकिय क्षमा

दोश्रो प्रकारको क्षमालाई कहिलेकाँही "अभिभावकिय क्षमा" भनि जानिदँछ। जब साँचो रुपमा उद्धार गरिसकेको व्यक्तिले पाप गर्दछ, परमेश्वरसँगको उसको संगति र आनन्द बिथोलिन्छ। ऊ अझै पनि परमेश्वरको सन्तान नै रहन्छ, तर परमेश्वरको आत्मालाई अवरोध पुगेको हुँदछ। जब एक ख्रीष्टियनले उसको पाप स्वीकार गर्दछ, फेरी पनि उसको जीवनमा पवित्र आत्माले नियन्त्रण गर्दछ र परमेश्वरसँगको उसको संगति पुनर्स्थापित हुँदछ, र त्यस व्यक्तिले परमेश्वरसँगको फ्नो हिँडाईलाई पुनःआरम्भ गर्दछ।

अभिभावकिय क्षमाको सबृभन्दा उत्तम उदाहरण हो – राजा दाउदको जीवन। दाउद परमेश्वरको सन्तान थिए; तर पनि उसले कष्टकर पाप गर्न पुग्यो। जब दाउदलाई उनका पापहरू सदृश गराइए, उनले आफ्ना पापहरू स्वीकार गरे र त्यसबाट पश्चाताप गरे।

मैले तपाईको सामु आफ्नो पाप स्वीकार गरें, र मेरो अधर्म लुकाइनँ। मैले भनेः "म परमप्रभुको सामु आफ्ना अपराधहरू स्वीकार गर्नेछु"; अनि तपाईले मेरो पापको अधर्म क्षमा गर्नुभयो। भजनसंग्रह ३२:५

१ यूहन्नाको पूस्तक ख्रीष्टियनहरूका लागी लेखिएको थियो। विश्वासीहरूले पितासँग, विश्वासी जनहरूसँग कसरी संगति गर्ने, र तिनीहरूका आनन्द कसरी पूर्ण हुन्छन् भन्ने विषयमा सिकाउनका लागी यस पूस्तक लेखिएको थियो र यो लेखिनुको एक कारण यो नै थियो। पहिलो अध्यायमा, यूहन्ना लेख्छन्,

हामीसँग पाप छैन भनि हामी भन्छौं भने हामीले आफैलाई धोका दिन्छौं, र हामीमा सत्य हुदैँन। हामीले आफ्ना पापहरू स्वीकार गर्यौं भने हामीलाई हाम्रा पापहरू क्षमा गर्न र हामीलाई सबै अधर्मबाट शुद्ध पार्नाका निम्ति उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ। हामीले पाप गरेका छैनौं भनि हामी भन्छौं भने हामी उहाँलाई झूट तुल्याउँछौं, र उहाँको वचन हामीमा छैन। १यूहन्ना १:८-१०

१ यूहन्नाको एक अध्यायमा के सिकाइएको छ भने ख्रीष्टियनहरूले पाप गर्दछन् र परमेश्वरसँगको र विश्वासी-जनहरूसँगको संगति निरन्तर जाओस्, र तिनीहरूका आनन्द पूर्ण होओस् भन्नको लागी ती पापहरू स्वीकार गरिनुपर्छ।

हाम्रा प्रभु येशूद्वारा प्रदान गरिएको यस प्रार्थनाको नमुनामा, "हाम्रा ऋणहरू हामीलाई क्षमा गर्नुहोस्" वा "हाम्रा पापहरू हामीलाई क्षमा गर्नुहोस्" प्रस्तुत यी वाक्याशंहरूले, न्यासम्बन्धी क्षमालाई होइन, अभिभावकिय क्षमालाई उल्लेख गरिरहेका छन्। जब ख्रीष्टियनहरूले पाप स्वीकार र पश्चाताप गर्न इन्कार गर्दछन्, यसले परमेश्वरसँगको तिनीहरूको संगति, विश्वासी जनहरूसँगको तिनीहरूको संगति, र तिनीहरूका आनन्दबाट तिनीहरूलाई छुटाउनेछ।

अनि हाम्रा ऋणहरू हामीलाई क्षमा गर्नुहोस्, जसरी हामीले पनि आफ्ना ऋणीहरूलाई क्षमा गर्दछौं

एक-अर्कालाई क्षमा गर्न ख्रीष्टियनहरूलाई स्पष्टसँग निर्देशन दिइएको छ। यी नर्सेशनहरू पवित्रशास्त्रमा कैयौं पटक दिइएको छ, जस्तै यस पदमाः

अनि एक-अर्काप्रति दयालु होओ, कोमल मनका होओ; र जसरी परमेश्वरले ख्रीष्टमा तिमीहरूलाई क्षमा गर्नुभएको छ, उसरी नै तिमीहरूले पनि एक-अर्कालाई क्षमा गर। एफिसी ४:३२

जब हामीले "हाम्रा ऋणहरू हामीलाई क्षमा गर्नुहोस्, जसरी हामीले पनि आफ्ना ऋणीहरूलाई क्षमा गर्दछौं" भनि प्रार्थना गर्दछौं, हामीले क्षमा गर्ने कर्तव्यलाई जानिरहेका हुन्छौं र यी नर्देशनहरू पालन गर्नका निम्ति यो

प्रतिवद्धता हो। यदि हामी क्षमा दिन इच्छुक छैनौं भने, हामी अनाज्ञाकारी भइरहेका छौं र हामीले इमान्दारिताका साथ र साँचो रुपलेपरमेश्वरद्वारा प्रदान गरिएको कुनै पनि नमुना अनुसारले प्रार्थना गर्न सक्दैनौं।

क्षमाको सरल व्यवहारिक परिभाषा यो होः *क्रोधलाई अठ्याइनराख्ने वा बदलाको भावना नराख्ने*

धेरै जसो मानिसलाई आफूलाई गलत गर्ने मानिसलाई क्षमा दिन समस्या हुँदछ। ख्रीष्टियनहरूका लागी, क्षमा दिने एक व्यवहारिक तरीका यो हो की सरल रुपमा परमेश्वरलाई बदला लिनका लागी छाडिदिनुहोस्। परमेश्वरले प्रतिज्ञा गर्नुभएको छ की उहाँले चुक्ता गर्नुहुनेछ र त्यो उहाँले न्यायोचित तरीकाले पूरा गर्नुहुन्छ। जब हामीले मानसिक तवरले परमेश्वरलाई सम्हाल्नका लागी छाडिदिन्छौं र पछिबाट कुनै बदलाको भावना लिदैँनौं भने, तब पूरा क्षमा गर्न त्यति कठिन हुँदैँन।

खराबको बदलामा कसैलाई खराब नगर। सबै मानिसहरूको दृष्टिमा भलो देखिने कुराहरूको पहिलेदेखी चिन्ता गर। सम्भव भए तिमीहरूबाट जहाँसम्म हुन सक्छ, सबै मानिसहरूसँग मेल-मिलापमा बस। रोमी १२:१७-१८

क्षमा दिनु मानसिक छनोट हो। जब हामीले परमेश्वरलाई बदला लिनका लागी छाडिदिन्छौं र हामीले क्षमा दिनका लागी मानसिक छनोट गर्दछौं, हामीमा अझ पनि नकारात्मक भावनाहरू आउँदछन्, तर, समय अन्तरालमा, ती विचारहरू हाम्रा मानसिक क्षमा छनोटको अनुरुप आउनेछन्। यद्यपि, यदि हामीले कहिल्यै पनि क्षमा दिन मानसिक छनोट गर्दैनौं बने, हाम्रा क्रोधका र क्षमा नदिने भावनाहरूले पूर्ण रुपमा हामीलाई छाड्नेछैनन्।

हाम्रो क्षमा दिने कार्य त्यस व्यक्तिको पश्चातापमा वा उसका क्षमा विन्ती वा क्षतिपूर्तीमा निर्भर हुदैँन। तिनीहरूले पश्चाताप, क्षमाको विन्ती नगरे तापनि, क्षतिपूर्ती नदिए तापनि हामीले क्षमा दिनु नै पर्दछ। यस किसिमको क्षमाले मानिसलाई आफूसँग र परमेश्वरसँगको संगतिमा शान्ति ल्याउँदछ।

मत्ती ६:१४-१५ले अन्त्यमा तल पुछारमा टिप्पणी छाडेको छ जुन धेरै मानिसहरूबाट गलत बुझाई राखिएको छ।

किनकी तिमीहरूले मानिसहरूलाई तिनीहरूका अपराधहरू क्षमा गर्यौं भने तिमीहरूका स्वर्गीय पिताले पनि तिमीहरूलाई क्षमा गर्नुहुनेछ। तर तिमीहरूले मानिसहरूलाई तिनीहरूलाई अपराधहरू क्षमा गरेनौ भने तिमीहरूका पिताले पनि तिमीहरूका अपराधहरू क्षमा गर्नुहुनेछैन। मत्ती ६:१४-१५

कसैलाई यसलाई लिएर यो अर्थ निकालेका छन् की परमेश्वरले हामीलाई क्षमा गर्नु अघि नै, हामीले हाम्रो विरोधमा हुनेहरूलाई क्षमा गर्नुपर्दछ। यी पदहरूमा आधारित भएर, एक व्यक्तिले यो विश्वास राख्न सक्दछ की हाम्रो मुक्ति चाँही अरुलाई क्षमा दिनर शर्तमा आधारित रहेको छ। शत प्रतिशत परमेश्वरमा भन्दा हाम्रो आफ्नै काममा, अर्ध भए तापनि, यसले हाम्रो मुक्तिलाई निर्भर तुल्याउँदछ।

यस प्रार्थनामा सम्झना गर्नुपर्ने मूख्य कुरा यो हो की यसले अभिभावकिय क्षमाको बारेमा बताउँदैछ, न्यायसम्बन्धी क्षमाको बारेमा होइन। यो ख्रीष्टियनहरूले गर्ने प्रार्थना हो, उद्धार नगरिएकाहरूको लागी होइन। उद्धार नगरिएको व्यक्तिको प्रार्थना पश्चाताप र मुक्तिको सित्तैंमाको उपहारलाई ग्रहण गर्ने प्रार्थना हो। यो त क्षमा विन्ती चढाउने र परमेश्वरसँगको हिँडाइलाई र आनन्दलाई पुर्स्थापना गराउने ख्रीष्टियनहरूको प्रार्थना हो।

अनि हामीलाई परीक्षामा नलैजानुहोस्,

ख्रीष्टियनहरूले पाप क्षमाको चाहना मात्र गर्दैनन्, हामीले हाम्रा प्रभु येशू ख्रीष्टलाई महिमित तुल्याउनका लागी दैनिक शुद्ध जीवन जिउने इच्छा पनि गर्दछौं। जब हामीले "अनि हामीलाई परीक्षामा नलैजानुहोस्", भनेर प्रार्थना गर्दछौं, पवित्र जीवन जिउनका निम्ति – पाप र दुष्टताबाट अलग हुन, हामीले आफैमा प्रतिवद्धता जाहेर गर्दछौं।

येशू आफै पनि परिक्षित पारिनुभएको थियो, ती जो परीक्षमा परेका छन् उहाँले तिनीहरूलाई सहायता गर्न र बलियो पार्नका निम्ति सामर्थी हुनुहुन्छ।

किनकी हाम्रा महापूजाहारी हाम्रा दुर्बलताहरूमा दुःखित हुन नसक्ने हुनुहुन्न; यर हामीहरूझैँ उहाँ सबै कुराहरूमा परीक्षित हुनुभयो, तरै पनि पापरहित हुनुहुन्छ। यसकारण हामी साहससँग अनुग्रहको सिंहासनको नजिकमा आऔं, र दया पाऔं, अनि खाँचो पर्दा सहायता पाउनालाई अनुग्रह प्राप्त गरौं। हिब्रु ४:१५-१६

हामीले सहन सक्नेभन्दा अधिक गरी हाम्रो परीक्षा हुदैँन भनि परमेश्वरले हामीलाई प्रतिज्ञा दिनुभएको छ।

मानिसमाथि आइपर्ने किसिमको परीक्षाबाहेक अरु परीक्षा तिमीहरूमाथि आइपरेको छैन; तर परमेश्वर विश्वासयोग्य हुनुहुन्छ, जसले तिमीहरूलाई तिमीहरूको शक्तिदेखी बाहिरको परीक्षामा पर्न दिनुहुनेछैन, तर तिमीहरूले सहन सक भनेर परीक्षाको साथ-साथ उम्किने बाटो पनि बनाउनुहुनेछ। १कोरिन्थी १०:१३

जब येशू शैतानबाट परीक्षित पारिनुभयो, त्यसले परमेश्वरको वचनबाट सामर्थ्य पायो। यी तीनै परीक्षामा, येशूले शैतानलाई पवित्रशास्त्रबाट उद्‌रण दिनुभयो। परीक्षाको समयमा हाम्रो सामर्थ्यको श्रोत परमेश्वरको वचन हो। हामीले दिनहुँ परमेश्वरको वचनलाई आत्मसाथ गर्नुपर्छ ताकी परीक्षाको समयमा हामी बलियो हुन सकौं।

ख्रीष्टियनहरू, परीक्षाको सामना गर्न नियमित रुपमा सचेत रहनु जरूरी छ।

जागा रहो र प्रार्थना गर, कि तिमीहरू परीक्षामा नपर; आत्मा साँच्चै तयार छ, तर शरिर कमजोर छ। मत्ती २६:४१

शुद्ध जीवन जिउन र परमेश्वरको हिँडाईमा बढ्नका लागी, हामीले त्यस्ता परिस्थितिलाई टाढा राख्नुपर्छ जहाँ परीक्षित हुन्छौं भनि हामीलाई ज्ञान हुँदछ। यदि हामीले धेरै वजन लाभ गरिरहेका छौं भने, हामीले किचन र रेष्टुरेन्टबाट आफूलाई टाढा राख्नुपर्छ। यदि हामी मत-पानको निम्ति परीक्षित भइरहेका छौं भने, हाम्रो अनुकुल रहेको बार हुदैँ हामी नगुडौं। यदि हामी अश्लिलता देखी परीक्षित भइरहेका छौं भने, यो बिक्री हुने स्थान देखी हामी टाढा हुनुपर्दछ, र कम्प्युटरमा एक्लै रहन हुदैँन। यदि कुनै साथीहरू वा सुपरिचित व्यक्तिले हामीलाई आत्मिकी स्थानबाट तल झारिरहेका छन् भने, हामीले अरु नयाँ साथीहरूको खोजी गर्नुपर्दछ। यस किसिमको सूची जादैँ गर्दछ। हामीमध्ये हरेकले आफ्नो जीवनलाई नियाल्नुपर्दछ र आफैमा प्रतिवद्धता जाहेर गर्नुपर्दछ की परीक्षामाथि विजय प्राप्त गर्न र हाम्रा प्रभु येशू ख्रीष्टलाई महिमित तुल्याउनको लागी हामीले जेसुकै आवश्यक कार्यहरू पनि गर्नुपर्दछ।

तर हामीलाई दुष्टबाट छुटाउनुहोस्;

यस प्रार्थनाको आखिरी विन्ती यही हो की हामी शैतानको दुष्ट प्रभाव र धोकाबाट छुटाइएका हौं। परमेश्वरको प्रधान शत्रु शैतान हो। त्यो "पूर्ण क्रोध"मा छ। त्यसले परमेश्वर र उहाँको मानिसहरूलाई घृणा गर्छ। त्यसले सक्ने भएता; प्रत्येक ख्रीष्टियनहरूलाई, परमेश्वरको वचननलाई नाश गर्नेथ्यो र उद्धार नगरिएकाहरूलाई

परमेश्वरकहाँ आउनबाट रोक्के थियो र तिनीहरूलाई नाश गर्नेथ्यो; र, त्यसले सक्के भए, परमेश्वरलाई नै नाश गर्नेथ्यो।

यद्यपि, म यो विश्वास गर्छु कि हामीले शैतानमा केन्द्रित हुनुहुँदैन, न यो गर्नु बुद्धिमानी हो। यदि हामीले हाम्रो ध्यान प्रभु येशू ख्रीष्टमा नै केन्द्रित गरायौं भने, हामीमाथि शैतानको कुनै अधिकार हुँदैन।

हे साना नानीहरूहो, तिमीहरू परमेश्वरका हौ, र तिनीहरूमाथि विजयी भएका छौ; किनभने जो तिमीहरूभित्र हुनुहुन्छ, उहाँचाही संसारमा हुनेभन्दा महान् हुनुहुन्छ। १यूहन्ना ४:४

यसकारण आफूलाई परमेश्वरको अधिनतामा सुम्प। शैतानको सामना गर, र त्यो तिमीहरूबाट भाग्नेछ। परमेश्वरको नजिकमा जाओ, र उहाँ पनि तिमीहरूको नजिकमा आउनुहुनेछ। हे पापीहरूहो, आफ्ना पापहरू शुद्ध पार; हे दुईचित्तेहरूहो, आफ्ना हृदयहरू पवित्र पार। याकूब ४:७-८

यस पाठ्यक्रमको अध्ययन निर्देश २६मा शैतान कस्तो छ, त्यसका लक्ष्य र उद्देश्यहरू कस्ता छन् भन्ने एउटा खण्ड त्यहाँ प्रस्तुत छ। हामीले अघि बढ्नुभन्दा अघि त्यस खण्डलाई हेर्नु असल विचार हुनेछ। । शैतान कस्तो छ भन्ने जान्नाले छुटकाराको हाम्रो प्रार्थनामा र त्यस विरुद्धको हम्रो विजयलाई सामर्थ्य प्रदान हुँदछ।

जब हामीले "तर हामीलाई दुष्टबाट छुटाउनुहोस्" भनि प्रार्थना गर्दछौं, यो हल्का खेलाची प्रार्थनाभन्दा अधिक पर छ। यो त पूर्ण समर्पणताको प्रार्थना हो। यो प्रभुको नजिकमा हिँड्नको लागी गरिने प्रार्थना हो। यो परमेश्वरको सम्पूर्ण हतियारलाई धारण गर्ने प्रार्थना हो। यो सचेत र स्व-नियन्त्रण हुनको निम्ति गरिने प्रतिवद्धता हो। यो विश्वाससमा स्थिर रहनाको लागी गरिने प्रतिवद्धता हो। यो हाम्रो जीवनमा दुष्टतालाई सानो ठाउँ पनि नदिनलाई गरिने प्रतिवद्धता हो।

किनभने राज्य, पराक्रम र महिमा सदासर्वदा तपाईकै हुन्। आमेन'

हाम्रो पिता जो सबैथोकहरूमा सर्वोच्च सार्वभौम प्रभु हुनुहुन्छ उहाँको प्रशंसाको शक्तिशाली विजयी अभिव्यक्तिसँग यस प्रार्थनाको अन्त हुँदछ।

हे परमप्रभुकिनकी स्वर ;विजय र प्रताप तपाईकै हुन् ,महिमा ,सामर्थ्य ,महानता ,०गमा र पृथ्वीमा सबै कुराहरू तपाईकै हुन्। हे परमप्रभुर तपाई नै सबैमाथि शिर भईकन सबैभन्दा माथि ,राज्य तपाईकै हो , उचालिनुभएको छ। १इतिहास २९:११

याद गर्नुहोस्, "प्रभुको प्रार्थना" प्रार्थनाको नमुना हो। यो शब्द-शब्द दोहोर्याउनको लागी प्रदान गरिएको होइन। जब हामीले प्रार्थना गर्दछौं, हामीले यस नमुनालाई सम्झनुपर्दछ र हाम्रा व्यक्तिगत परिस्थितिहरू अनुसार यसलाई अनुकुल प्रार्नको लागी प्रयोग गर्न सकिन्छ, तर यस प्रार्थनामा प्रस्तुत गरिएका आधारभूत कुराहरूलाई सदैँ आफ्नो मनमा राख्नुहोस्।

बाइबलिय विश्वासका मानिसहरूका प्रार्थनाबाटको शिक्षा

प्रार्थनाका सम्बन्धमा अझै बाइबलिय धारणाको बिकास गर्नको लागी, बाइबलिय व्यक्तित्वहरूले गरेका प्रार्थनालाई हेर्नु विचार गर्नु निकै लाभदायक हुनेछ। परमेश्वरको वचनमा धेरै प्रार्थनाहरू अभिलेख गरिएका

छन्। ती सबैबाट हामीले सिक्न सक्दछौं। प्रेरित पावल एक हुन् जसबाट हामीले प्रार्थनाको बारेमा अधिक रुपमा सिक्न सक्दछौं। तल प्रस्तुत गरिएका प्रार्थनाहरू उनका प्रार्थनाहरूमध्येका दुई प्रार्थनाहरू हुन्।

यही कारणले हाम्रा प्रभु येशू ख्रीष्टका पिताको सामु म आफ्ना घुँडा टेक्छु, जसबाट स्वर्गमा र पृथ्वीमाथि सारा घरानाको नाम राखिन्छ, कि उहाँले तिनीहरूलाई यो दान दिऊन् – उहाँको महिमाको धनअनुसार उहाँकै आत्माद्वारा सामर्थ्यले भित्री मानिसमा तिमीहरूले बल पाउन सक, र विश्वासद्वारा ख्रीष्ट तिमीहरूका हृदयहरूमा वास गरुन्; र प्रेममा जरा गाडिएको र जग बसालिएको हुँदै तिमीहरूले चौडाइ, लमाइ, गहिराइ र उचाइ के रहेछ, सो कुरा सबै पवित्र जनहरूसित थाह पाउन सक; र ज्ञानले जानेर नसकिने ख्रीष्टको प्रेमलाई जान्न सक, कि तिमीहरू परमेश्वरको सारा परिपूर्णताले भरपूर होओ। एफिसी ३:१४-१९

यही कारणले हामीले पनि यो कुरा सुनेको दिनदेखी तिमीहरूका निम्ति प्रार्थना गर्न, र सारा बुद्धि र आत्मिक समझमा उहाँको इच्छा जान्ने ज्ञानले तिमीहरू भरिएका होओ भनि विन्ती गर्न छोडेका छैनौं; कि उहाँलाई पूरा प्रसन्न गराउनालाई तिमीहरू प्रभुको योग्य चालमा हिँड, हरेक असल काममा फलदार हुँदै जाओ, र परमेश्वरलाई चिन्ने ज्ञानमा बढ्दै जाओ; अनि आनन्दसितको सम्पूर्ण धीरज र सहनशीलताका निम्ति उहाँको महिमित सामर्थ्यअनुसार सारा शक्तिले बलवान् होओ; र पितालाई धन्यवाद चढाओ, जसले ज्योतिमा पवित्र जनहरूको पैतृक-सम्पत्तीका भागीदार हुनाका निम्ति हामीलाई योग्य बनाउनुभएको छ; कलस्सी १:९-१२

यो प्रार्थनाको विषय-वस्तुलाई हेर्नुहोस्। उनले महत्वपूर्ण आत्मिकी विषयहरूका बारेमा प्रार्थना गर्दैछन्। उनले प्रार्थना गरिरहेका यस आत्मिकी विषयहरूले येशूले दिनुभएको "प्रभुको प्रार्थना"का विचारहरूसँग मेल खाएका छन्।

हामीमध्ये धेरैजसोले आफ्नो प्रार्थनाको जीवनलाई गम्भिररुपमा नियालेर हर्नु आवश्यक रहेको छ र येशूले सिकाउनुभएको जस्तो गरीकन प्रार्थना गर्न र प्रेरित पावल र अरु बाइबलिय विश्वासी मानिसहरूजस्तै प्रार्थना गर्नको निम्ति आफैसँग प्रतिबद्धता जनाउन जरूरी रहेको छ।

टिपोटः मैले अधिकरुपमा प्रार्थना सम्बन्धी पूर्ण अध्ययन तयारी गरेको छु। यो विशाल छ र यसले बाइबलिय प्रार्थनाका धेरै क्षेत्रहरूलाई समावेश गर्दछ। यदि यस अध्ययनको प्रतिलिपी पाउनको निम्ति तपाई इच्छुक हुनुहुन्छ भने, तपाईले मसँग सम्पर्क गर्नसक्नुहुन्छ वा सत्यता ब्याप्तिष्ट मण्डली, टेलिक्का, ओक्लहोमा, को कुनैपनि व्यक्तिसँग सम्पर्क गर्न सक्नुहुन्छ र "प्रार्थनाको बाइबलिय अध्ययन" नाम पूस्तकको माग गर्न सक्नुहुन्छ।

सत्र

कठिन परिस्थितहरू हुँदै जानु

"तर अब हे याकूब, तिमीलाई सृष्टि गर्नुहुने, अनि हे इस्राएल, तिमीलाई रच्नुहुने परमप्रभुले यसो भन्नुहुन्छः नडराऊ; किनकी मैले तिमीलाई दाम तिरेर छुटाएको छु; मैले तिमीलाई तिम्रो नाम काढेर बोलाइएको छु; तिमी मेरा हौ। २ तिमी पानीबाट पार भएर जाँदा म तिम्रो साथमा हुनेछु; अनि नदीहरूबाट भएर जाँदा तिनीहरूले तिमीलाई डुबाउनेछैनन्; तिमी आगोबाट भएर जाँदा तिमी डढ्नेछैनौं; न ता ज्वाला तिमीमाथि सल्किनेछ। ३ किनभने म, परमप्रभु तिम्रा परमेश्वर, इस्राएलका पवित्र जन, तिम्रा उद्धारकर्ता हुँ; मेले तिम्रो छुटकाराको दामको रुपमा मिश्र, तिम्रो सट्टामा, कूश र सेबा दिएँ। यशैया ४३:१-३

कसैले यो विचार गर्दछन् की जब एक व्यक्ति ख्रीष्टियन हुँदछ तब तिनीहरूका समस्याहरू हटिजानेछन्। यो सही होइन भनि जान्नको लागी कुनै पनि व्यक्तिलाई धेरै समय लाग्दैन। धेरै नयाँ ख्रीष्टियनहरूले परमेश्वरमा विश्वास र भरोसा गर्ने निर्णय लिएको केही समयमा नै यो थाहा गरेका छन् की, केही परिस्थतिहरूको सिर्जना हुँदछ जसले तिनीहरूका विश्वासको जाँच लिदँछ। जसै तिनीहरू परीक्षा हुँदै जादँछन् केही मानिसहरूको विश्वास अझ मजबुत हुँदै जादँछ, तर केही मानिसहरूका भने हृदय विचलित हुँदछ र तिनीहरू आफ्ना नयाँ विश्वासमा भ्रममा पर्दछन्।

हाम्रो जीवनमा हामी किन कठिन परिस्थिति हुँदै जादँछौं भन्ने कुराको पूर्ण कारण हामीलाई थाहा हुँदैन। यद्यपि, सबैजना, नयाँ ख्रीष्टियनहरू समेत गरी, सबैले यसको अनुभव गर्दछन्। यस किसिमको समस्याले कुन रुप लिदँछ भन्ने कुरा कसैले पनि अनुमान लगाउन सक्दैनन्। कुनै पनि दुई व्यक्तिले आफ्नो जीवनकालमा एकै किसिमको समस्याको सामना गर्दैनन्।

जब हामी समस्या र कष्टहरूको परिस्थितिमा पनि विश्वासयोग्य रहँदछौं, परमेश्वरलाई आदर गरिदँछ र उहाँले महिमा प्राप्त गर्नुहुन्छ। हाम्रो विश्वासको वृद्धि हुने र हामी अझै धेरै बढ्ने समय यस संङ्कष्टको समयमा नै हो। यदि हामीले आफ्नो जीवनकालमा कुनै पनि कठिन परिस्थितिहरूको सामनाको अनुभव गर्दैनौं भने, हामी परमेश्वरसँगको हाम्रो हिँडाईमा त्यति धेरै बड्न सक्दैनौं। ती जो विश्वासयोग्य,छन्, विशेष गरी कठिन परिस्थितिको समयहरूमा, परमेश्वरले तिनीहरूलाई अनन्तताको इनाम दिनुहुनेछ।

कठिन परिस्थितिहरू भएर जाँदा यसले हामीलाई अन्य विश्वासीहरू जो कठिन परिस्थिति भएर गइरहेका छन्, उनीहरूलाई प्रोत्साहन दिन र निर्माण गर्नको लागी सुसज्जति पार्दछ।

यस पाठको उद्देश्यचाँही ख्रीष्टियनहरूलाई पछि आउने परीक्षालाई सामना गर्नको निम्ति तयारी बनाउनु हो। परमेश्वरसँग हिँड्नु भनेको - कठिन परिस्थितिहरूको बाबजुत पनि - शान्ति, आनन्द, सन्तुष्टि, परिपूर्णताको जीवन हो। आँधी-बेहरी र युद्धकोबीचमा पनि शान्ति कायम हुँदछ।

जीवनका कठिन परिस्थितिहरूलाई उल्लेख गर्ने बाइबलिय शाब्दिक परिभाषाहरू

पवित्रशास्त्रमा प्रयोग गरिएका पारिभाषिक शब्दहरूलाई तल प्रस्तुत गरिएको छ जसले ख्रीष्टियनको जीवनमा आउने समस्या र परीक्षासँग सम्बन्धित भएर बाइबलिय शिक्षालाई जान्नको निम्ति सद्दत पुर्याउँदछ। यी प्रत्येक बाइबलिय शब्दहरूको अर्थ भाग गर्ने कुनै प्रष्ट रेखा पंक्ति रहेको छैन। केहीका लागी, तिनीहरूका अर्थमा विचारहरू गाभिएको छ।

परीक्षाः प्रयास गर्नु, जाँच गरिनु, वा प्रमाणित गर्नु। परमेश्वरले आफ्ना सन्तानहरूलाई महान् विश्वासमा अझै अघि बढ्न र बिकास हुनाको लागी जाँच गराउनुहुन्छ। समय-समयमा परीक्षाले चोट पार्दछ, तर परमेश्वरले हानी गर्नका लागी ती आउने अनुमति दिनुभएको भने होइन। तिनीहरू सधैँ हाम्रै भलाईका लागी आएका हुन्।

हे प्रियहरूहो, तिमीहरूलाई जाँच्नका लागी तिमीहरूको बीचमा आएको आगोको जाँचको सम्बन्धमा, मानो तिमीहरूमाथि कुनै अनौठो कुरो आइपरेझैँ गरी अचम्म नमान; १३ तर जति तिमीहरू ख्रीष्टका दुःखहरूमा भागी हुन्छौ, उति नै आनन्द मनाओ, र उहाँको महिमा प्रकट हुँदा तिमीहरू पनि भारी आनन्दले आनन्दित हुन सक। १पत्रुस ४:१२-१३

मेरा भाइहरूहो, जब तिमीहरू नाना प्रकारका परीक्षाहरूमा पर्दछौ, तब यसलाई पूरा आनन्द सम्झ; यो जानेर की तिमीहरूको विश्वासको जाँचले धीरज उत्पन्न गर्छ। तर धीरजलाई आफ्नो सिद्ध काम गर्न देओ, कि कुनै कुराको काँचो नपर्ने गरी तिमीहरू सिद्ध र पूर्ण होओ। याकूब १:२-४

महासङ्कष्टः पिडा, अत्याचार, वा कुल्चनु। साधारणता भन्नुपर्दा, महासङ्कष्ट परीक्षाहरूभन्दा अझ उग्र हो। धेरै विश्वासीहरूले महासङ्कष्ट भोगेका छन्, विशेष गरी जब त्यहाँ ख्रीष्टियन विश्वासको विरुद्धमा सकृय संगठित विरोधहरू हुने गर्दछन्। महासङ्कष्ट भोग्नेहरूलाई परमेश्वरले महान् इनामहरू प्रदान गर्नुहुनेछ किनभने त्यस समयहरूमा पनि तिनीहरू विश्वासयोग्य रहदँछन्।

ममा तिमीहरूलाई शान्ति मिलोस् भनेर यी कुराहरू मैले तिमीहरूलाई भनेको हुँ। संसारमा तिमीहरूलाई सङ्कष्ट हुनेछ। तर साहस गर, मैले संसारलाई जितेको छु। यूहन्ना १६:३३

अनि यो मात्र होइन, तर हामी सङ्कष्टहरूमा पनि आनन्द मनाउँछौं; यो कुरा जानेर की सङ्कष्टले धीरज, अनि धीरजले खारिएको गुण; र खारिएको गुणले आशा उत्पन्न गर्छ; रोमी ५:३-४

भातृ- प्रेमले एक-अर्कालाई कोमलतापूर्वक माया गर; आदर गर्नामा एउटाले अर्कालाई उछिन। ११ प्रयत्न गर्नामा अल्छे नहोओ; आत्मामा जोशिला होओ; प्रभुको सेवा गरिरहो; १२ आशामा आनन्दित होओ; सङ्कष्टमा स्थिर रहो; प्रार्थनामा दृढतापूर्वक लागिरहो; **पवित्र जनहरूको खाँचोमा सहायता गर; पाहुनाहरूका सेवामा लागिरहो।** रोमी १२:१०-१२

पिडाः कुल्चनु, घायल पार्नु, सङ्कष्ट दिनु, शारिरिक बिमार। यसले जीवनका फराकिलो कठिन परिस्थितिहरू र समस्याहरूलाई जनाउदँछ। सामान्यतया, कसैको जीवनको गम्भिर प्रकारको समस्यालाई यसले जनाउँदछ। हाम्रो विद्रोहको कारणले गर्दा हामीलाई अनुशासन गर्नलाई परमेश्वरले हाम्रो जीवनमा पिडा आउन दिनुहुन्छ।

परमेश्वर अर्थात् हाम्रा प्रभु येशू ख्रीष्टका पिता धन्य हुनुहुन्छ, जो दयाहरूका पिता र सबै सान्त्वनाका परमेश्वर हुनुहुन्छ। ४ परमेश्वरबाटको जुन सान्त्वनाद्वारा हामीले पनि कुनै पनि विपत्तीमा परेकाहरूलाई सान्त्वना दिन सकौं भनेर उहाँले हाम्रा सबै सङ्कष्टमा हामीलाई सान्त्वना दिनुहुन्छ। २कोरिन्थी १:३-४

म आनन्दित हुनेछु र तपाईको करुणामा रमाउनेछु; किनकी तपाईले मेरो कष्ट देख्नुभएको छ; दुर्दशाहरूमा तपाईले मेरो प्राणलाई चिन्नुभएको छ। भजनसंग्रह ३१:७

धर्मी जनलाई धेरै कष्टहरू ता हुन्छन्, तर परमप्रभुले उसलाई ती सबैबाट छुटकारा दिनुहुन्छ। भजनसंग्रह ३४:१९

अनि यदि तिमीहरू मेरो विरोधमा चल्छौ, र मेरो कुरा मानेनौ भने, तिमीहरूका पापअनुसार म तिमीहरूमाथी सात गुणा बढी विपत्ती ल्याउनेछु। लेवी २६:२१

"तिम्रा कामहरू, सङ्कष्ट र गरिबी म जान्दछु, (तर तिमी धनवान् छौ); म तिनीहरूको निन्दा पनि जान्दछु, जसले 'हामी यहूदीहरू हौं" भन्छन्, तर होइनन् तर शैतानका सभा हुन्। प्रकाश २:९

कष्ट पुर्याउनुः द्वेषको भावले बारम्बार पिछा गर्नु, कष्ट पुर्याउनाको लागी पछि परिरहनु। कष्ट पुर्याउनु भनेको हाम्रा प्रभु येशू ख्रीष्टमा विश्वासयोग्य हुने कुनै पनि व्यक्तिलाई चोट पार्नको लागी निरन्तर हमलाको प्रयास गरिराख्नु, वा नोक्सानी गर्नु, वा मार्ने प्रयास गर्नु हो। फेरी पनि, परमेश्वरले स्वर्गमा महान् इनामहरूको प्रतिज्ञा गर्नुभएको छ जसले उहाँमा रहेको आफ्ना विश्वासका खातिर ती कष्ट र यातनाहरूलाई सहदँछन्।

धार्मिकताका निम्ति सताइनेहरू धन्य हुन्, किनभने स्वर्गको राज्य उनीहरूकै हो। तिमीहरू धन्य हौ, जब मानिसहरूले मेरो कारणले तिमीहरूलाई निन्दा गर्नेछन्, सताउनेछन् र झूट बोली-बोली तिमीहरूका विरोधमा हर प्रकारको खराब कुरा गर्नेछन्। रमाओ, र अत्यन्तै खुशी होओ, किनभने स्वर्गमा तिमीहरूको इनाम ठूलो छ; किनभने यसरी नै तिनीहरूले तिमीहरूभन्दा पहिलेका भविष्यवक्ताहरूलाई सताएका थिए"। मत्ती ५:१०-१२

दास आफ्नो मालिकभन्दा ठूलो हुँदैन भनि मैले तिमीहरूलाई भनेको वचन याद गर। तिनीहरूले मलाई सताएका छन् भने तिनीहरूले तिमीहरूलाई पनि सताउनेछन्। तिनीहरूले मेरो वचन पालन गरेका छन् भने तिनीहरूले तिमीहरूको पनि पालन गर्नेछन्। यूहन्ना १५:२०

हो, ख्रीष्ट येशूमा भक्तिपूर्वक जिउन चाहनेहरू सबै सतावटमा पर्नेछन्। २तिमोथी ३:१२

अनुशासनः निर्देशन दिनु, सुधार्नु, कहिलेकाँही सुधारका लागी सजाय दिनु। परमेश्वरले कहिलेकाँही हामीलाई उहाँको विश्वासयोग्यको स्तरमा ल्याउनका लागी दण्ड दिनुहुन्छ।

हे मेरा छोरा, परमप्रभुको ताडनालाई तुच्छ नठान; न ता उहाँको कप्की पाउँदा हताश होऊ; १२ किनकी जसलाई परमप्रभुले प्रेम गर्नुहुन्छ, उसलाई ताडना पनि दिनुहुन्छ, जुन व्यवहार बाबुले आफूले माया गरेको छोरासित गर्दछन्। हितोपदेश ३:११-१२

तिमीले आफ्नो हृदयमा यो कुरा पनि विचार गर्नूः जसरी मानिसले आफ्ना छोरालाई ताडना दिन्छ, त्यसरी परमप्रभु तिम्रा परमेश्वरले तिमीलाई ताडना दिनुहुन्छ। व्यवस्था ८:५

जसले शिक्षालाई प्रेम गर्छ, उसले ज्ञानलाई प्रेम गर्छ; तर जसले हप्कीलाई घृणा गर्छ, त्यो पशुसरह हो। हितोपदेश १२:१

अनि तिमीहरूले त्यस अर्तीलाई बर्सेका छौ, जसले तिमीहरूसँग छोराहरूसँग झैं बात गर्दछः 'हे मेरो छोरा, प्रभुको ताडनालाई तुच्छ नठान, न ता उहाँद्वारा तिमीले हप्की पाउँदा हताश होऊ; किनकी जसलाई प्रभुले प्रेम गर्नुहुन्छ, उसलाई ताडना पनि दिनुहुन्छ, अनि आफूले अपनाएको हरेक छोरालाई कोर्रा पनि लाउनुहुन्छ। यदि तिमीहरूले ताडना सह्यौ भने परमेश्वरले तिमीहरूसित छोराहरूसित झैं व्यवहार गर्नुहुन्छ; किनकी कुन छोरा होला, जसलाई बाबुले ताडना दिँदैन? तर तिमीहरूले ताडना पाएनौं भने, जुन ताडनाका भागी सबै हुन्छन्, तब तिमीहरू व्यभिचारद्वारा जन्मेका सन्तान हौ, छोराहरू होइनौ। फेरी, हाम्रा शरिरिक बाबुहरू थिए, जसले हामीलाई ताडना दिन्थे, र हामीले उनीहरूलाई आदर गर्यौं; त के आत्माहरूका पिताको अधिनतामा हामी झन् बढी नबसौं? र नबाचौं? किनकी साँच्चै उनीहरूले ता जुन कुरा उनीहरूलाई असल लाग्दथ्यो, त्यहीअनुसार थोरै दिनका निम्ति हामीलाई ताडना दिए; तर उहाँले ता, हामी उहाँका पवित्रताका भागी होऔं भनेर हाम्रा

फाइदाका निम्ति ताडना दिनुहुन्छ। अनि कुनै पनि ताडना अहिलेलाई आनन्दमय होइन, तर दुःखमय नै देखा पर्छ; तरै पनि यस तालिमद्वारा अभ्यस्त भइसकेकाहरूका निम्ति यसले पछिबाट धार्मिकताको शान्तिमय फल दिनेछ। हिब्रु १२:५-११

जतिलाई म प्रेम गर्छु, तिनीहरूलाई म हप्काउँछु र ताडना दिन्छु; यसकारण जोशिला होऊ र पश्चाताप गर। प्रकाश ३:१९

हाम्रो जीवनका कठिन परिस्थितिहरूका सन्दर्भमा बाइबलिय शिक्षा

जसै हामी यस अध्ययनमा अघि बढ्दै जादँछौं हामीले यस कुरामा ध्यान दिनुपर्छ की, हो, त्यहाँ परीक्षाको समय पनि आउँदछन्, तर सबै समयहरूमा भने होइन। अध्ययन निर्देश १३मा के समावेश गरिएको थियो याद गर्नुहोस् – *"प्रतिवद्धताको आशिष"*। एक ख्रीष्टियन जीवन धेरै आशिषहरूको जीवन हो जहाँ आनन्द, शान्ती,सन्तुष्टि र पूर्णता समावेश हुँदछन्। जब हामीले उहाँमा भरोसा गर्दछौं, परीक्षाका समयहरूमा पनि त्यहाँ शास्तीको स्थिति रहदँछ।

१ एक ख्रीष्टियनले कठिन परिस्थितिहरू र समस्याहरू भएर जानुपर्दछ भनि आशा गर्नुपर्छ।

किनभने ख्रीष्टको सम्बन्धमा उहाँमाथि विश्वास गर्ने मात्र होइन, तर उहाँका निम्ति दुःख भोग्ने पनि तिमीहरूलाई अनुग्रह दिइएको छ। फिलिप्पी १:२९

हे प्रियहरूहो, तिमीहरूलाई जाँच्नका लागी तिमीहरूको बीचमा आएको आगोको जाँचको सम्बन्धमा, मानो तिमीहरूमाथि कुनै अनौठो कुरो आइपरेझैँ गरी अचम्म नमान; १३ तर जति तिमीहरू ख्रीष्टका दुःखहरूमा भागी हुन्छौ, उति नै आनन्द मनाओ, र उहाँको महिमा प्रकट हुँदा तिमीहरू पनि भारी आनन्दले आनन्दित हुन सक। १पत्रुस ४:१२-१३

अहिले केही समयका निम्ति, खाँचो परिगयो भने, नाना प्रकारका परीक्षाहरूद्वारा तिमीहरू दुःखित हुन्छौ, तापनि यस मुक्तिमा तिमिहरू खूबै आनन्द मनाउँछौ; ७ र तिमीहरूको विश्वासको यो जाँचचाहीँ, जो आगोद्वारा जाँचिएको नाशवान् सुनभन्दा पनि धेरै बढी मूल्वान् छ येशू ख्रीष्ट प्रकट हुनुहुँदा प्रशंसा, आदर र महिमाको कारण ठहरियोस; १पत्रुस १:६-७

किनकी यसैका निम्ति तिमीहरू बोलाइएका पनि हौ; किनभने तिमीहरू उहाँकै पाइलाहरूका पछि-पछि हुँड भनेर नै हाम्रा लागी एउटा नमुना छोड्दै ख्रीष्टले हाम्रा निम्ति दुःख भोग्नुभयो। १पत्रुस २:२१

दास आफ्नो मालिकभन्दा ठूलो हुँदैन भनि मैले तिमीहरूलाई भनेको वचन याद गर। तिनीहरूले मलाई सताएका छन् भने तिनीहरूले तिमीहरूलाई पनि सताउनेछन्। तिनीहरूले मेरो वचन पालन गरेका छन् भने तिनीहरूले तिमीहरूको पनि पालन गर्नेछन्। यूहन्ना १५:२०

परमेश्वरले कहिले पनि हामीलाई, सारा समस्या र पिडा मुक्त सहज मार्गको प्रतिज्ञा गर्नुभएन। माथि दिइएका पवित्रशास्त्रका खण्डहरू मुताबिक, हामीले हाम्रो जीवनमा परीक्षाको समयहरू आउनेछन् भनि आशा गर्नुपर्दछ। बाइबलिय भविष्यवक्ताहरू र प्रेरितहरू सबैले यो भोगे। तिनीहरूका विश्वासको कारणले धेरै त आफ्नो प्राण पनि गुमाए। त हामीले किन भिन्न कुराको आशा राख्ने? हामी हाम्रो विश्वासको कारणले समस्या भोग्न चाहदैँनौं भने, शायद हामीमा त्यति धेरै विश्वास छैन।

प्रचारकहरू र शिक्षकहरू जसले यदि तपाई आत्मिकी विश्वासी हुनुहुन्छ भने, जीवनमा निरन्तर स्वास्थ्यता, धन, सहजता, र आशिषित आनन्दहरू प्राप्त हुन्छन् भनेर तपाईलाई यस किसिमको शिक्षा प्रदान गर्दछन् भने, तिनीहरूले बाइबलिय सत्यता सिकाइरहेका छैनन्। यदि तपाई एक साँचो विश्वासी हुनुहुन्छ भने, कठीन परिस्थितिहरूको आशा गर्नुहोस् र ती समयहरूलाई पनि अपेक्षा गर्नुहोस् जसमा तपाईको विश्वासको जाँच हुँदछ।

२ येशू ख्रीष्टआफैले पनि कष्ट भोग्नुभयो र हामीले पछ्याउनका निम्ति हाम्रा लागी उदाहरण छाडिदिनुभयो।

किनकी आफ्ना अपराधहरूले गर्दा तिमीहरूले मुक्का खाएर त्यसलाई धीरजसँग सह्यौ भने बढाइँ गर्ने कुरा के छ र? तर असल काम गरेर पनि त्यसका लागी दुःख भोग्छौ र त्यसलाई धीरजसँग सहन्छौ भने परमेश्वरका सामु यो प्रशंसाको योग्य छ। २१ किनकी यसैका निम्ति तिमीहरू बोलाइएका पनि हौ; किनभने तिमीहरू उहाँकै पाइलाहरूका पछि-पछि हुँड भनेर नै हाम्रा लागी एउटा नमुना छोड्दै ख्रीष्टले हाम्रा निम्ति दुःख भोग्नुभयो। १पत्रुस २:२०-२१

किनभने ख्रीष्टको सम्बन्धमा उहाँमाथि विश्वास गर्ने मात्र होइन, तर उहाँका निम्ति दुःख भोग्ने पनि तिमीहरूलाई अनुग्रह दिइएको छ। फिलिप्पी १:२९

यसकारण यति ठूलो साक्षीहरूको बादलले हामी पनि घेरिएका हुनाले आओ, हरेक भार र पाप जसले हामीलाई सजिलै जेल्दछ, पन्साऔं, र धीरजसँग हाम्रा सामु राखिएको त्यो दौड दगुरौं, २ हाम्रो विश्वासका कर्ता र सिद्ध पार्नुहुने येशूलाई हेर्दै, जसले आफ्नो अघिल्तिर राखिएको आनन्दका निम्ति शर्मलाई पनि तुच्छ ठानेर क्रुसको शासना सहनुभयो, र परमेश्वरको सिंहासनको दाहिने हातपट्टि बस्नुभयो। हिब्रु १२:१-२

३ हामी एक्लैले परीक्षाहरूको सामना गर्नुपर्दैन। परमेश्वर सधैँ हाम्रो साथमा हुनुहुन्छ, जसले हामीलाई सामर्थ्य, दिशानिर्देशन, र आराम दिनुहुन्छ।

ममा तिमीहरूलाई शान्ति मिलोस् भनेर यी कुराहरू मैले तिमीहरूलाई भनेको हुँ। संसारमा तिमीहरूलाई सङ्कष्ट हुनेछ। तर साहस गर, मैले संसारलाई जितेको छु। यूहन्ना १६:३३

तपाई मेरा लुक्ने ठाँउ हुनुहुन्छ; तपाईले मलाई दुःखबाट जोगाउनुहुनेछ; तपाईले मलाई छुटकाराका गीतहरूले घेर्नुहुनेछ। भजनसंग्रह ३२:७

"तर अब हे याकूब, तिमीलाई सृष्टि गर्नुहुने, अनि हे इस्राएल, तिमीलाई रच्नुहुने परमप्रभुले यसो भन्नुहुन्छः नडराऊ; किनकी मैले तिमीलाई दाम तिरेर छुटाएको छु; मैले तिमीलाई तिम्रो नाम काढेर बोलाइएको छु; तिमी मेरा हौ। तिमी पानीबाट पार भएर जाँदा म तिम्रो साथमा हुनेछु; अनि नदीहरूबाट भएर जाँदा तिनीहरूले तिमीलाई डुबाउनेछैनन्; तिमी आगोबाट भएर जाँदा तिमी डढ्नेछैनौं; न ता ज्वाला तिमीमाथि सल्किनेछ। किनभने म, परमप्रभु तिम्रा परमेश्वर, इस्राएलका पवित्र जन, तिम्रा उद्धारकर्ता हुँ; मेले तिम्रो छुटकाराको दामको रुपमा मिश्र, तिम्रो सट्टामा, कूश र सेबा दिएँ। यशैया ४३:१-३

अनि उहाँले मलाई भन्नुभयोः 'मेरो अनुग्रह तिम्रो लागी प्रशस्त छ, किनकी दुर्बलतामा मेरो सामर्थ्य सिद्ध हुन्छ'। यसकारण ख्रीष्टको सामर्थ्य ममाथि रहोस् भनेर बरु मेरा दुर्बलताहरूमा ज्यादै खुशीसित म गर्व गर्नेछु। २कोरिन्थी १२:९

किनकी विपत्तीको दिनमा उहाँले मलाई आफ्नो मण्डपभित्र लुकाइराख्नुहुनेछ; उहाँले मलाई आफ्नो वासस्थानको गुप्त स्थानमा लुकाउनुहुनेछ; उहाँले मलाई चट्टानमाथि बसाल्नुहुनेछ। भजनसंग्रह २७:५

परमेश्वर हाम्रा शरणस्थान र बल, सङ्कष्टहरूमा तुरुन्तै पाइने सहायता हुनुहुन्छ। भजनसंग्रह ४६:१

अनि सङ्कष्टको दिनमा मलाई पुकार; म तिमीलाई छुटकारा दिनेछु, र तिमीले मेरो बढाइ गर्नेछौ। भजनसंग्रह ५०:१५

४ परीक्षाको समयमा, हामीले प्रार्थना गर्नुपर्दछ।

परमेश्वरको वचन ती मानिसहरूका उदाहरणले पूर्ण छन् जसले आफ्ना समस्याहरूलाई प्रार्थनाद्वारा प्रभुमा राखे। परमेश्वरले कहिल्यै पनि हामीले आफ्ना समस्याहरू एक्लैले सामना गरेको चाहनुहुन्न। उहाँ हामीसाथ हुनुहुन्छ, जब हामीले उहाँलाई "अनुभव" पनि गर्न सकेका हुँदैनौं। उहाँ सधैँ हामीसाथ हुनुहुन्छ र उहाँले सुन्नुहुन्छ र हाम्रा प्रार्थनाहरूको जवाफ दिनुहुन्छ भन्ने थाहा पाउनु बहुमूल्य सत्यता हो।

के तिमीहरूमा कसैले कष्ट पाएको छ? उसले प्रार्थना गरोस्। के कोही आनन्दित छ? उसले भजन गाओस्। याकूब ५:१३

धर्मी जनहरूले पुकार्दछन्; अनि परमप्रभुले सुन्नुहुन्छ, र उनीहरूका सबै कष्टहरूबाट उनीहरूलाई छुटकारा दिनुहुन्छ। भजनसंग्रह ३४:१७

अनि सङ्कष्टको दिनमा मलाई पुकार; म तिमीलाई छुटकारा दिनेछु, र तिमीले मेरो बढाइ गर्नेछौ। भजनसंग्रह ५०:१५

अनि हेर, समुन्द्रमा एउटा ठूलो आँधी चल्यो, यहाँसम्म की डुङ्गा छालहरूद्वारा छोपियो; तर उहाँचाहीँ निदाउनुभएको थियो। अनि उहाँका चेलाहरूले उहाँकहाँ आएर यसो भन्दै उहाँलाई बिउँझाएः "हे प्रभु, हामीलाई बचाउनुहोस्! हामी नष्ट भइरहेकाछौं"। मत्ती ८:२४-२५

मप्रति कृपालु हुनुहोस्, हे परमेश्वर, मप्रति कृपालु हुनुहोस्; किनकी मेरो प्राणले तपाईमाथि भरोसा राख्छ; हो, यी विपत्तीहरू नबितुन्जेल म तपाईकै पखेटाहरूको छायामा आफ्नो शरणस्थान बनाउनेछु। भजनसंग्रह ५७:१

अनि सधैँ प्रार्थना गर्नुपर्छ, र हिम्मत हार्नुहुँदैन भन्ने उद्देश्य राखेर उहाँले तिनीहरूलाई यसो भन्दै एउटा दृष्टान्त बताउनुभयोः लूका १८:१

५ ती जसले कष्ट भोग्दछन् तिनीहरूलाई परमेश्वरले दया देखाउनुहुन्छ, र उहाँले तिनीहरूलाई केही बहुमूल्य प्रतिज्ञा गर्नुहुन्छ।

ती जो विभिन्न प्रकारमा जाँचहरू हुँदै जादँछन् परमेश्वरले तिनीहरूलाई शुरक्षा र चंगाईको धेरै प्रतिज्ञाहरू प्रदान गर्नुभएको छ। परमेश्वर विश्वासयोग्य हुनुहुन्छ र हामीले सहनेभन्दा अधिक गरी आउनलाई उहाँले अनुमति दिनुहुन्न। परमेश्वरले हामीमा आउनका लागी अनुमति दिने हरेक परीक्षाहरूमा हाम्रो निम्ति उहाँको अनुग्रह प्रशस्त रहदँछ। परमेश्वरको वचनमा रहेका प्रतिज्ञाहरूमध्येका केहीलाई तल प्रस्तुत गरिएको छ। यदि तपाईले कठिन परिस्थितिको सामना गर्दै हुनुहुन्छ भने, यी पदहरू र यीजस्तै पदहरू तपाईको हृदय र आत्माको गहिराइमा बसुन्। यिनीहरू सामर्थ्य र प्रोत्साहनका महान् श्रोतहरू हुन सक्दछन्।

"तर अब हे याकूब, तिमीलाई सृष्टि गर्नुहुने, अनि हे इस्राएल, तिमीलाई रच्नुहुने परमप्रभुले यसो भन्नुहुन्छः नडराऊ; किनकी मैले तिमीलाई दाम तिरेर छुटाएको छु; मैले तिमीलाई तिम्रो नाम काढेर बोलाइएको छु; तिमी मेरा हौ। तिमी पानीबाट पार भएर जाँदा म तिम्रो साथमा हुनेछु; अनि नदीहरूबाट भएर जाँदा तिनीहरूले

तिमीलाई डुबाउनेछैनन्; तिमी आगोबाट भएर जाँदा तिमी डढ्नेछैनौं; न ता ज्वाला तिमीमाथि सल्किनेछ। किनभने म, परमप्रभु तिम्रा परमेश्वर, इस्राएलका पवित्र जन, तिम्रा उद्धारकर्ता हुँ; मेले तिम्रो छुटकाराको दामको रुपमा मिश्र, तिम्रो सट्टामा, कूश र सेबा दिएँ। यशैया ४३:१-३

हे सबै परिश्रम गर्ने र भारीले दबिएकाहरूहो, मकहाँ आओ, अनि म तिमीहरूलाई विश्राम दिनेछु। २९ मेरो जुवा आफूमाथि राख, र मबाट सिक; किनकी म नम्र र हृदयमा दीन छु; अनि तिमीहरूले आ-आफ्नो मनमा विश्राम पाउनेछौ। मत्ती ११:२८-२९

अनि उहाँले मलाई भन्नुभयोः 'मेरो अनुग्रह तिम्रो लागी प्रशस्त छ, किनकी दुर्बलतामा मेरो सामर्थ्य सिद्ध हुन्छ'। यसकारण ख्रीष्टको सामर्थ्य ममाथि रहोस् भनेर बरु मेरा दुर्बलताहरूमा ज्यादै खुशीसित म गर्व गर्नेछु। २कोरिन्थी १२:९

किङ्ग्याइएको निगालोलाई तिनले भाँच्नेछैनन्, धूवाँ निस्किरहेको सलेदोलाई तिनले निभाउनेछैनन्; तिनले न्याय सत्यतामा ल्याइपुर्याउनेछन्। यशैया ४२:३

उहाँले टुटेको हृदय भएकाहरूलाई निको पार्नुहुन्छ र उनीहरूका चोटहरूमा मलहमपट्टी बाँध्नुहुन्छ। भजनसंग्रह १४७:३

धर्मी जनलाई धेरै कष्टहरू ता हुन्छन्, तर परमप्रभुले उसलाई ती सबैबाट छुटकारा दिनुहुन्छ। भजनसंग्रह ३४:१९

तिमीहरू ख्रीष्टको नामको कारणले निन्दित हुन्छौ भने तिमीहरू धन्य हौ; किनभने महिमाका र परमेश्वरका आत्मा तिमीहरूमाथि रहनुहुन्छ; तिनीहरूबाट उहाँको निन्दा भएको छ, तर तिमीहरूबाट उहाँको महिमा भएको छ। १पत्रुस ४:१४

परमप्रभु थिचोमिचोमा परेकाहरूका निम्ति पनि शरणस्थान बन्नुहुनेछ – सङ्कष्टका बेलामा पनि शरणस्थान। भजनसंग्रह ९:९

परमेश्वर हाम्रा शरणस्थान र बल, सङ्कष्टहरूमा तुरुन्तै पाइने सहायता हुनुहुन्छ। भजनसंग्रह ४६:१

मानिसमाथि आइपर्ने किसिमको परीक्षाबाहेक अरु परीक्षा तिमीहरूमाथि आइपरेको छैन; तर परमेश्वर विश्वासयोग्य हुनुहुन्छ, जसले तिमीहरूलाई तिमीहरूको शक्तिदेखी बाहिरको परीक्षामा पर्न दिनुहुनेछैन, तर तिमीहरूले सहन सक भनेर परीक्षाको साथ-साथ उम्किने बाटो पनि बनाउनुहुनेछ। १कोरिन्थी १०:१३

तपाईको आत्मादेखी म कहाँ जाऊँ? अथवा तपाईको उपस्थितिबाट म कहाँ भागूँ? ८ म आकाशमा उक्लें भने तपाई त्यहाँ हुनुहुन्छ, अनि मैले पातालमा आफ्नो ओछ्यान बनाएँ भने हेर्नुहोस्, त्यहाँ पनि तपाई हुनुहुन्छ। ९ म बिहानमा पखेटाहरूमा उडेर समुन्द्रका आखिरी भागहरूमा गई बसें भने १० त्यहाँ पनि तपाईको हातले मलाई डोर्याउनेछ, र तपाईको दाहुने हातले मलाई समात्नेछ। भजनसंग्रह १३९:७-१०

६ जब हामीले जीवनमा परीक्षाहरू भोग्दछौं, हामी विश्वासयोग्य भएको र हामीले उहाँमाथि भरोसा राखेको परमेश्वर चाहनुहुन्छ।

कठिन समयहरूमा परमेश्वरको वचनलाई आत्मसाथ गर्न, प्रार्थना गर्न, र विश्वासीजनहरू साथ संगतिको गर्नको लागी हामी प्रतिवद्ध रहनुपर्दछ। हामीलाई बलियो पार्ने कुराहरू यी नै हुन्। केहीले आफ्ना कठिन

परिस्थितिहरूमा यी आधारभूत कुराहरूलाई बे-वास्ता गर्दछन्, जतिखेर तिनीहरूलाई यो अति आवश्यक रहेको हुँदछ। त्यहाँ त्यस्तो पनि समय आउनेछ जहाँ हाम्रो शरिरको प्रत्येक हाँडले नसके तापनि, हामीले सही कार्य गर्नको निम्ति प्रतिज्ञा गर्नुपर्दछ। परमेश्वरले हामीलाई विश्वासयोग्य हुनको निम्ति चाहना गर्नुहुन्छ, र ती जो विश्वासयोग्य हुँदछन् उहाँले तिनीहरूलाई प्रशस्त इनाम दिनुहुन्छ।

यसैकारण जस-जसले परमेश्वरको इच्छा मुताबिक दुःख भोग्छन्, उनीहरूले असल काम गर्दै आफ्ना प्राणहरूलाई विश्वासयोग्य सृष्टिकर्ताको हातमा सुम्पिदिऊन्। १पत्रुस ४:१९

यसकारण येशू ख्रीष्टको असल सिपाहीझैँ दुःख उठाऊ। २तिमोथी २:३

प्रेम निष्कपट होस्। खराब कुरालाई घृणा गर; जुन कुरा असल छ, त्यसमा टाँसिबस। भातृ- प्रेमले एक-अर्कालाई कोमलतापूर्वक माया गर; आदर गर्नामा एउटाले अर्कालाई उछिन। प्रयत्न गर्नामा अल्छे नहोओ; आत्मामा जोशिला होओ; प्रभुको सेवा गरिरहो; आशामा आनन्दित होओ; सङ्कष्टमा स्थिर रहो; प्रार्थनामा दृढतापूर्वक लागिरहो; पवित्र जनहरूको खाँचोमा सहायता गर; पाहुनाहरूका सेवामा लागिरहो। रोमी १२:९-१३

हेर, धीरज धर्नेहरूलाई हामी धन्यका सम्झन्छौं। तिमीहरूले अयूबको धीरजको विषयमा सुनेका छौ, अनि प्रभुबाटको परीणाम देखेका छौ; किनकी प्रभु अति नै टिठाउनुहुने र दयालु हुनुहुन्छ। याकूब ५:११

जसले आफ्नो विरुद्धमा पापीहरूको यस्तो विरोध सहनुभयो, उहाँलाई विचार गर; कि थकित नहोओ, र आफ्ना मनहरूमा हताश नहोओ। हिब्रु १२:३

हिब्रु १२:३मा, प्रभु येशू ख्रीष्मा नै ध्यनाकेन्द्रित गर्नको लागी हामीलाई निर्देशन् प्रदान गरिएको छ। उहाँले भयानक कष्ट भोग्नुभयो र हामीले पछ्याउनको निम्ति हामीलाई विश्वासयोग्यताको उदाहरण प्रदान गरिदिनुभयो। ती जो, येशू जस्तै, विश्वासयोग्य रहदँछन्, तिनीहरूका अघि महान् इनामहरू राखिएका छन्।

७ ख्रीष्टियनहरू भित्र पवित्र आत्माले वास गर्नुहुन्छ, उहाँले हामी खडा रहनाका लागी हामीलाई सामर्थ्य, दिशानिर्देशन, र वुद्धि प्रदान गर्नुहुन्छ।

यस पाठ्यक्रमको अध्ययन निर्देश १४मा हामीले अध्ययन गर्यौं की पवित्र आत्मा हामीमा वास गर्नुहुन्छ। यो सत्यतालाई जानिकन यसले हामीलाई यो महसुस गराउन मद्दत गर्दछ की हामी एक्लैले परीक्षाको सामना गर्नुपर्दैन। परमेश्वरको आत्मा सधैँ साथ रहनुहुन्छ र उहाँले सधैँ हामीलाई सहयोग, अगुवाई, र सामर्थ्य प्रदान गर्नुहुन्छ। फेरी पनि फर्केर अध्ययन निर्देश १४लाई अध्ययन गर्नु र आत्माले हाम्रा निम्ति के गर्नुहुन्छ र परीक्षाको समयमा यो कसरी सान्दर्भिक हुदँछ भनि विचार गर्नु उपयोगी हुनेछ।

अनि म पितालाई प्रार्थना गर्नेछु, र उहाँले अर्को शान्तिदाता, उहाँ सधैँभरि तिमीहरूसँगै रहून् भनेर तिमीहरूलाई दिनुहुनेछ; यूहन्ना १४:१६

अनि परमप्रभुको आत्मा उहाँमाथि बसिरहनुहुनेछः बुद्धि र समझको आत्मा। सल्लाह र शक्तिको आत्मा, ज्ञान र परमप्रभुको डरको आत्मा; यशैया ११:२

८ उहाँमा रहेको विश्वासयोग्यताका कारण ती जसले कष्ट भोग्दछन्, परमेश्वरले तिनीहरूलाई अनन्तताको प्रशस्त इनामद्वारा आशिषित पार्नुहुनेछ।

येशू आफै पनि सताइनुभएको थियो र भयानक कष्ट भोग्नुभएको थियो ताकी हामीले उहाँसँग रहनलाई अनन्तताको जीवन प्राप्त गरौं। यद्यपि, यूहन्ना १७ अध्यायमा, येशूलाई थाहा थियो की क्रुसको पार उहाँको पिताकोको उपस्थितिमा त्यहाँ आनन्द र महिमा थियो। उहाँले पितासँग फेरी पनि रहन पाउने कुरातर्फ अघि हेर्नुभयो। हामीले पनि हाम्रा परीक्षाहरू पार भएर त्यो समयमा हेर्नुपर्दछ जहाँ हामी पनि उहाँसँगको उपस्थितिमा सदाका लागी रहनेछौं र आनन्द मनाउँनेछौं।

ती जो परीक्षाहरू र कष्टहरूमा विश्वासयोग्य रहँदछन् तिनीहरूका लागी परमेश्वरबाट स्पष्ट रुपमा अनन्तताको प्रशस्त इनामको प्रतिज्ञा गरिएको छ। हामी पनि, हाम्रो प्रभु येशू ख्रीष्टझैँ, हाम्रा कष्टहरू पार अब अनन्तताको प्रशस्त इनाम र आशिषलाई हेर्नुपर्दछ जुन उहाँले हाम्रा निम्ति अनन्तताको लागी भनेर साँची राख्नुभएको छ।

किनकी म ठान्दछु, यस वर्तमान समयका दुःखकष्टहरू त्यस महिमासँग तुलना गरिने योग्यका छैनन्, जो हामीमाथी प्रकट हुनेछ। रोमी ८:१८

किनकी हाम्रो छिनभरको हल्का सङ्कष्टले हाम्रा निम्ति नाप्नै नसकिने र सदा रहने भारी महिमा उत्पन्न गर्छ; २कोरिन्थी ४:१७

धन्य हो त्यो मानिस, जो परीक्षामा स्थिर रहन्छ; किनकी उसको जाँच भइसकेपछि उसले जीवनको मुकुट पाउनेछ, जुन मुकुटको प्रतिज्ञा प्रभुले आफूलाई प्रेम गर्नेहरूसित गर्नुभएको छ। याकूब १:१२

यसकारण यति ठूलो साक्षीहरूको बादलले हामी पनि घेरिएका हुनाले आओ, हरेक भार र पाप जसले हामीलाई सजिलै जेल्दछ, पन्साऔं, र धीरजसँग हाम्रा सामु राखिएको त्यो दौड दगुरौं, २ हाम्रो विश्वासका कर्ता र सिद्ध पार्नुहुने येशूलाई हेर्दै, जसले आफ्नो अघिल्तिर राखिएको आनन्दका निम्ति शर्मलाई पनि तुच्छ ठानेर क्रुसको शासना सहनुभयो, र परमेश्वरको सिंहासनको दाहिने हातपट्टि बस्नुभयो। ३ जसले आफ्नो विरुद्धमा पापीहरूको यस्तो विरोध सहनुभयो, उहाँलाई विचार गर; कि थकित नहोओ, र आफ्ना मनहरूमा हताश नहोओ। हिब्रु १२:१-३

तिमीहरू धन्य हौ, जब मानिसहरूले मेरो कारणले तिमीहरूलाई निन्दा गर्नेछन्, सताउनेछन् र झूट बोली-बोली तिमीहरूका विरोधमा हर प्रकारको खराब कुरा गर्नेछन्। मत्ती ५:११

९ परीक्षाले दह्रो विश्वासमा डोर्याउँदछ र परमेश्वरसँगको हाम्रो हिँडाईलाई वृद्धि गर्दछ।

यो परीक्षाको समयहरूमा नै हो जहाँ हामीले अर्थपूर्ण वृद्धिको अनुभव गर्दछौं। त्यहाँ केही किसिमका विश्वास र परिपक्वता रहेका छन् जुन त्यस्ता समयहरूमा मात्र आउँदछन् जहाँ परमेश्वरले हामीलाई ती जटिल परीक्षाहरूमा प्रदान गर्नुहुन्छ र हामीलाई स्थिर राखिरहनुहुन्छ।

तपाईका नियमहरू सिक्क सकूँ भन्ने उद्देश्यले मैले जुन कष्ट भोगें, त्यो मेरा लागि असलै भयो। भजनसंग्रह ११९:७१

मेरा भाइहरूहो, जब तिमीहरू नाना प्रकारका परीक्षाहरूमा पर्दछौ, तब यसलाई पूरा आनन्द सम्झ; ३ यो जानेर की तिमीहरूको विश्वासको जाँचले धीरज उत्पन्न गर्छ। ४ तर धीरजलाई आफ्नो सिद्ध काम गर्न देओ, कि कुनै कुराको काँचो नपर्ने गरी तिमीहरू सिद्ध र पूर्ण होओ। याकूब १:२-४

अनि यो मात्र होइन, तर हामी सङ्कष्टहरूमा पनि आनन्द मनाउँछौं; यो कुरा जानेर की सङ्कष्टले धीरज, ४ अनि धीरजले खारिएको गुण; र खारिएको गुणले आशा उत्पन्न गर्छ; रोमी ५:३-४

किनकी हे भाइहरूहो, एशियामा हुँदा हामीमाथि आइपरेको हाम्रो सङ्कष्टको विषयमा तिमीहरूलाई थाह नहोस् भन्ने इच्छा हामी गर्दैनौं; हामी ता हदभन्दा वेसी, शक्तिदेखी बाहिरको मिचाइमा पर्यौं, यहाँसम्म की नबाँच्ने रहेछौं भनि हरेस पनि खायौं; तर हामीले आफूमाथि होइन, तर मरेकाहरूलाई बौराउनुहुने परमेश्वरमाथि भरोसा राख्नुपर्छ भनेर हामीले आफैमा मृत्युदण्डको आज्ञा पाइसकेका थियौं। २कोरिन्थी १:८-९

अहिले केही समयका निम्ति, खाँचो परिगयो भने, नाना प्रकारका परीक्षाहरूद्वारा तिमीहरू दुःखित हुन्छौ, तापनि यस मुक्तिमा तिमिहरू खूबै आनन्द मनाउँछौ; ७ र तिमीहरूको विश्वासको यो जाँचचाहीँ, जो आगोद्वारा जाँचिएको नाशवान् सुनभन्दा पनि धेरै बढी मूल्वान् छ येशू ख्रीष्ट प्रकट हुनुहुँदा प्रशंसा, आदर र महिमाको कारण ठहरियोस्; १पत्रुस १:६-७

हामी चारैतिरबाट मिचिएका छौं, तर पनि सङ्कटमा परेका छैनौं; हामी अत्याइएका छौं, तर नष्ट भएका छैनौं; ९ सताइएका छौं, तर त्यागिएका छैनौं; तल फ्याँकिएका छौं, तर नष्ट भएका छैनौं; १० येशूको जीवन पनि हाम्रो शरिरमा प्रकट होओस् भनेर नै हामी जिउँदाहरू येशूको कारणले सधैँभरि मृत्युको हातमा सुम्पिइन्छौं। २कोरिन्थी ४:८-१०

१० हाम्रो जीवनमा नकारात्मकझैँ लागेको परिस्थितिबाट परमेश्वरले भलाई गर्नुहुन्छ।

हामीमध्ये धेरैले कठिन समयहरूलाई "असल" समय हो भनि हेर्दैनौं। यसबाट कसरी असल कुरा हुन आउँदछ भनि हेर्न हामीलाई कठिन नै पर्दछ। यद्यपि, हामीले नकारात्मक देखेका परिस्थितिहरूमा पनि परमेश्वरले भलाई गर्नका लागी कार्य गरिरहनु हुँदछ।

यो सहजता र प्रोत्साहनको ठूलो श्रोत हुनसक्छ। हामीलाई थाहा छ की यस किसिमको परिस्थितिबाट असल नै परिणाम आउँदछ। हामीले यस्तो परिस्थितिमा कुनै राम्रो परिणाम आउने नदेखे तापनि, हामीले विश्वासमा निरन्तरता दिनुपर्छ र हाम्रा प्रभुमा विश्वासयोग्य भइ नै रहनुपर्छ।

अनि हामी जान्दछौं, परमेश्वरलाई प्रेम गर्नेहरूका निम्ति सबै कुरा मिलेर भलाई नै उत्पन्न गर्दछन् – उनीहरूका निम्ति , जो उहाँकै मनसायअनुसार बोलाइएका छन्। रोमी ८:२८

११ परमेश्वरले हामीलाई चिन्ता नलिनु भन्नुहुन्छ; सट्टामा हामीले उहाँको शान्तिलाई हाम्रो हृदयमा राज्य गर्न दिनुपर्छ।

जीवनमा सिक्नुपर्ने शिक्षामध्ये सबैभन्दा कठिन शिक्षा हो चिन्ता नगर्नु। म आफैले पनि यसलाई सिक्न कठिन रहेको पाएँ। हामीले चिन्ता लिएको परमेश्वर चाहनुहुन्न र उहाँले हामीले कसरी शान्ति प्राप्त गर्ने भनेर निर्देशन दिनुहुन्छ। हामी, विश्वासी भएका हुनाले, छनोट गर्न सक्दछौं। हामी जीवनको उतार-चढावमा जाँदा खेरी हर समय चिन्तित हुन सक्दछौं, वा हामीले आनन्द र शान्ति प्राप्त गर्न सक्दछौं। यो हाम्रो छनोट हो। यदि हामी शान्ति चाहन्छौं भने, तलका खण्डहरूलाई आत्मसाथ गर्नुहोस्।

शान्ति म तिमीहरूको साथमा छोड्छु, मेरो शान्ति म तिमीहरूलाई दिन्छु, संसारले दिने जस्तोचाँही म तिनीहरूलाई दिन्नँ। तिमीहरूको हृदय विचलित नहोस्, नता भयभित होस्। यूहन्ना १४:२७

कुनै कुराका निम्ति फिक्री नगर, तर हरेक कुरामा प्रार्थना र विन्तिद्वारा तिमीहरूका मागहरू धन्यवादसाथ परमेश्वरकहाँ जाहेर गरिऊन्; र सारा समझलाई माथ गर्ने परमेश्वरको शान्तिले तिमीहरूका हृदयहरू र विचारहरूलाई ख्रीष्ट येशूमा रक्षा गर्नेछ। अन्तमा भाइहरूहो, जे-जे कुरा सत्य छन्, जे-जे कुरा आदरयोग्य छन्,

जे-जे कुरा न्यायसङ्गत छन्, जे-जे कुरा चोखा छन्, जे-जे कुरा मनोहर छन्, जे-जे कुरा तारिफ गर्न लायकका छन्; यदि सद्गुण छ भने, यदि कुनै प्रशंसा छ भने यी कुराहरूमा ध्यान देओ। फिलिप्पी ४:६-८

फिलिप्पीका यी पदहरूमा हामीलाई प्रार्थना गर्न निर्देशन दिइएको छ र साथै परमेश्वरले हाम्रो हृदयलाई रक्षा गर्नुहुन्छ भनि बताइएको छ ।मेरो आफ्नै अनुभवमा मैले कुनै परिस्थितिको बारेमा बारम्बार प्रार्थना गर्थे होला, र त्यसपछि चिन्ता लिरहन्थे होला। तलका पदमा *"परमेश्वरको शान्तिले तिमीहरूका हृदयहरूमा राज्य गरोस्"* यसलाई पालन गर्नको लागी हामीलाई बताइएको छ। हामीले प्रभुमा कुराहरू पुर्याउनुपर्दछ र उहाँले ती समस्याहरूलाई सम्हाल्नुहुन्छ भनेर विश्वास गर्नुपर्छ, र विचारपूर्वक त्यसको बारेमा चिन्ता लिन छाड्नुपर्छ। निरन्तर चिन्ता लिइरहनु भन्दा परमेश्वरको हातमा सुनएइदिनु असल हुदँछ।

अनि परमेश्वरको शान्तिले तिमीहरूका हृदयहरूमा राज्य गरोस्,... कलस्सी ३:१५

"यसकारण म तिमीहरूलाई भन्दछु, हामी के खाऔंला वा के पिऔंला भनि आफ्ना प्राणका लागी, साथै के पहिरौंला भनि आफ्ना शरिरका लागी तिमीहरू फिक्री नगर। के प्राण भोजनभन्दा र शरिर लूगाफाटाभन्दा बढी होइन र? आकाशका चराचुरुङ्गीहरूलाई हेर; किनकी ती न ता बीउ छर्दछन्, न कटनी गर्दछन्, न ढुकुटीहरूका बटुल्दछन्; तर पनि तिमीहरूका स्वर्गीय पिताले तिनीहरूलाई खुवाउनुहुन्छ। त के तिमीहरू तीभन्दा धेरै मूल्यवान् होइनौ र? तिमीहरूमध्ये कुनचाँहीले फिक्री गरेर आफ्नो उचाइमा एक हात थप्न सक्छ र? अनि लूगाफाटाका लागी तिमीहरू किन फिक्री गर्दछौ? मैदानका लिली फूलहरूलाई विचार गर, ती कसरी बढ्दछन्; ती न ता परिश्रम गर्दछन्, न धागो कात्दछन्; तर पनि म तिमीहरूलाई भन्दछु, सुलेमानले पनि आफ्नो सम्पूर्ण महिमामा तीमध्ये एउटाले जस्तो वस्त्र पहिरेका थिएनन्। यसकारण परमेश्वरले मैदानको घाँसलाई, जो आज छ, र भोलि चुलामा फालिन्छ, यसरी पहिराउनुहुन्छ भने हे अल्पविश्वासीहरूहो, के उहाँले तिमीहरूलाई झन् बढ्ता गरी पहिराउनुहुन्न र? यसकारण 'हामी के खाऔंला? हामी के पिऔलां? वा हामी के पहिरौंला?' भन्दै तिमीहरू फिक्री नगर। किनकी अन्यजातिहरू यी सबै थोकहरूको खोज गर्दछन्; किनकी तिमीहरूलाई यी सबै थोकहरूको खाँचो छ भनि तिमीहरूका स्वर्गीय पिताले जान्नुहुन्छ। तर पहिले परमेश्वरको राज्य र उहाँको धार्मिकताको खोजी गर, र यी सबै थोकहरू तिमीहरूलाई थपिनेछन्। यसकारण भोलीका निम्ति फिक्री नगर, किनकी भोलीको दिनले आफ्नै थोकहरूका निम्ति फिक्री गर्नेछ। आजको खराबी आजका निम्ति प्रशस्त छ। मत्ती ६:२५-३४

१२ जीवनलाई एक समयमा एक कदम मात्र लिनुहोस्।

परमेश्वरले हामीलाई विश्वासमा हिँड्नको लागी निर्देशन दिनुभएको छ। जब हामी हिँड्दछौं, हामीले एक समयमा एक कदम चाल्दछौं। परमेश्वरले हामीसँग माग गर्ने कुरा यही नै हो।

त्यहाँ त्यस्ता समयहरू हुँदछन्, विशेष गरी जब हामी कठिन परिस्थितहरू हुँदै जादँछौं, जब हामीले भविष्यलाई हेर्दछौं तब हामी निरुत्साहित वा भयमा हुँदछौं। कुराहरू कसरी सम्पन्न हुनेछन् भनि हामी सोच्दछौं र चिन्ता लिदँछौं। निरन्तर चिन्ता लिनुको साटोम, विश्वास र आज्ञाकारितामा हिँड्न सिक्नुहोस् – एक समयमा एक कदम। हामी हाम्रो जीवन आत्मालाई नियन्त्रण गर्न दिँदै उहाँमा पनि एक समयमा एक कदम चाल्दछौं। तपाइले अर्को केही मिनेट वा घण्टाका लागी परमेश्वरमा भरोसा गर्न सक्नुहुन्छ र उहाँको आज्ञा मान्न सक्नुहुन्छ। जब हामीले यसो गर्दछौं, हाम्रो भविष्यलाई परमेश्वरको हातमा सुम्पनको लागी हामीले आफैलाई अनुशासनमा राख्न सक्दछौं र त्यस बारेको चिन्तालाई छाड्न सक्छौं। यो ठूलो मुक्ति हो।

किनकी हामी रुप देखेर होइन, तर विश्वासद्वारा हिँड्छौं; २कोरिन्थी ५:७

किनकी यसैमा विश्वासद्वारा विश्वासका निम्ति परमेश्वरको धार्मिकता प्रकट भएको छ, जसरी लेखिएको छः "धर्मी जन विश्वासद्वारा जिउनेछ"। रोमी १:१७

यदि हामी आत्मामा जिउँछौं भने हामी आत्मामा हिडौं पनि। गलाती ५:२५

अनि हनोक परमेश्वरको साथ-साथ हिँड्थे;... उत्पत्ती ५रु.२४क

नूह धर्मी र आफ्नो पुस्ताका मानिसहरूको बीचमा सिद्ध थिए। नूह परमेश्वरको साथ-साथ हिँड्थे। उत्पत्ती ६:९ख

१३ धन्यवादी प्रवृत्तीलाई कायम गर्नु महत्वपूर्ण रहेको छ।

एक आधारभूत बाइबलिय शिक्षा यो हो की हामी धन्यवादी मानिसहरू हुनुपर्दछ। हामी कठिन परिस्थितिहरू हुँदो गइरहे तापनि, हामी सबै समय नै धन्यवादी भइरहनुपर्दछ। यसको अर्थ यो होइन की हामीले र अरु विश्वासीहरूले कष्ट पाए पनि हामी खुशी हुँदछौं, तर हामी धन्यवादी भने हुनुपर्दछ किनभने हामीसँग प्रेमिलो हेरचाह गर्ने परमेश्वर हुनुहुन्छ जो नियन्त्रक हुनुहुन्छ, र हामीलाई उहाँसँगको हिँडाईमा गहिराएर बिकास गर्दै लानका लागी उहाँले कार्य गरि रहनुभएको छ।

समय-समयमा हामी परमेश्वरको उपहारप्रति धन्यवादी हुनुपर्दछ जसमा उहाँले हामीलाई आफ्नै पुत्र दिनुभयो, र पुत्रले हामीलाई मुक्ति प्रदान गर्नुहुन्छ। येशू ख्रीष्टमा रहेको आशिषमा केन्द्रित हुनको लागी जब हामी सिक्दछौं, तब परीक्षाहरू त्यति कठिन भने हुदैँनन्।

परमेश्वरलाई उहाँको बयान गरेर नसकिने दानका निम्ति धन्यवाद होस्। २कोरिन्थी ९:१५

सधैँ आनन्दित रहो। १७ निरन्तर प्रार्थना गरिरहो। १८ हरेक कुरामा धन्यवाद चढाओ; किनकी प्रभु येशूमा तिमीहरूका निम्ति परमेश्वरको यही इच्छा छ। १थेस्सोलोनिकी ५:१६-१८

प्रार्थनामा यत्नसित लागिरहो, धन्यवादसाथ यस कुरामा जागा रहो; कलस्सी ४:२

यसकारण तिमीहरू होसियारीसँग हिँडिरहेका छौ कि छैनौं, हेर; बुद्धिहिनझैँ होइन, तर बुद्धिमानझैँ हिँड; समय खेर जान नदेओ, किनकी दिन खराब छन्। यसैकारण मूर्ख नहोओ, तर प्रभुको इच्छा के रहेछ, सो बुझ्ने होओ। अनि दाखमद्यले नमात, जसमा चरित्रहीनता हुन्छ; तर आत्माले भरपूर होओ; आपसमा भजन, स्तुतिगान र आत्मिक गीतहरूद्वारा बात गर, प्रभुका निम्ति आ-आफ्नो हृदयमा गाओ, र भजन गर; हाम्रा प्रभु येशू ख्रीष्टको नाममा परमेश्वर र पितालाई सबै कुराहरूका निम्ति सधैँभरि धन्यवाद चढाओ; एफिसी ५:२५

अनि परमेश्वरको शान्तिले तिमीहरूका हृदयहरूमा राज्य गरोस्, यसैका निम्ति तिमीहरू पनि एउटै शरिरमा बोलाइएका छौ; अनि तिमीहरू धन्यवादी होओ। १६ ख्रीष्टको वचनले तिमीहरूभित्र प्रशस्त गरी वास गरोस्; भजन, स्तुतिगान र आत्मिक गीतद्वारा सारा वुद्धिसित एक-अर्कालाई सिकाओ र सम्झाओ, अनुग्रहसाथ आफ्ना हृदयहरूमा प्रभुका निम्ति गाओ। १७ अनि वचन वा काममा तिमीहरू जे पनि गर्दछौ, उहाँद्वारा परमेश्वर र पितालाई धन्यवाद वढाउँदै सबै कुरा प्रभु येशूकै नाममा गर। कलस्सी ३:१५-१७

१४ परीक्षाले हामीलाई परमेश्वरको प्रेमदेखी अलग पार्न सक्दैन।

परमेश्वरले प्रष्ट पारिदिनुभएको छ की परीक्षा र कष्टले हामीलाई उहाँको प्रेमदेखी अलग पार्न सक्दैन। ठूलो परीक्षाहरूमा पनि उहाँ हाम्रा साथमा हुनुहुन्छ र उहाँले हामीलाई प्रेम गर्नुहुन्छ,

कसले हामीलाई ख्रीष्टको प्रेमदेखी अलग पार्ला? के सङ्कष्टले, वा क्लेशले, वा सतावटले, वा अनिकालले, वा नाङ्गो अवस्थाले, वा खतराले, वा तरवारले? जस्तो लेखिएको छः 'तपाईका निम्ति हामी दिनभरि मारिँदछौं; हामी काटिने भेडाहरूझैँ गनिँदछौं'। तर यी सबै कुराहरूमा हामी उहाँद्वारा, जसले हामीलाई प्रेम गर्नुभयो, विजेताहरूभन्दा पनि वढी छौं। किनकी मलाई पूरा निश्चयता भएको छ – न मृत्युले, न जीवनले, न स्वर्गदूतहरूले, न प्रधानताहरूले, न अधिकारहरूले, न अहिलेका कुराहरूले, न पछि आउने कुराहरूले, न उचाइले, न गहिराइले, न अरु कुनै सृष्टिले नै हामीलाई हाम्रा प्रभु ख्रीष्ट येशूमा भएको परमेश्वरको प्रेमदेखी अलग पार्न सक्नेछ। रोमी ८:३५-३९

१५ परमेश्वर धर्मी परमेश्वर हुनुहुन्छ। अपराधहरूलाई व्यवहार गरिनेछ

कहिलेकाँही हामीले कष्ट भोग्दछौं, कारण अरुहरूले, एक वा अन्य तरीकाले हामीलाई नराम्रो गर्दछन्। यो ख्रीष्टियनहरू वा संसारिक मानिसहरू दुवैबाट आउन सक्दछ। मेरो जीवनको पछिल्तिर हेर्ने हो भने, गहिरो चोटहरू संसारिक मानिसहरूले दिएका होइनन्, तर ख्रीष्टियनहरूले दिएका हुन्।

जब परमेश्वरले यस्ता मानिसहरूसँग व्यवहार गर्नुहुन्छ र हामीप्रति गरेका कार्यहरूको बदला लिनुहुन्छ तब परमेश्वरले हामीलाई थाहा गराउनुहुन्छ। यो जान्नाले हामीले ती मानिसहरू जसले हामीलाई नराम्रो व्यवहार गरेका छन् तिनीहरूलाई क्षमा दिन सक्दछौं, र अब उसो हामीले क्रोध र असन्तुष्टिलाई पक्रिराख्नुपर्दैन। यसले हाम्रो आत्मालाई रिस देखी मुक्त पार्दछ र हामीले जीवनमा आनन्द लिनका लागी आत्माको व्यापक स्वतन्त्रता प्राप्त गर्ने अनुमति दिँदछ र प्रभुको सेवामा हामीलाई उपयोगी बनाउँदछ। ती जसले क्रोधलाई पक्रिरहँदछन् तिनीहरूले परमेश्वरको आत्मालाई दुःखी तुल्उँछन् र हामीमा हुने उहाँको कार्यलाई अवरोध पुर्याउँदछन्।

योचाँही परमेश्वरको धर्ममय न्यायको स्पष्ट प्रमाण होकि तिमी ,हरू परमेश्वरको राज्यका योग्य ठहरिओजसका , म्ति तिमीनिहरूदुःख पनि भो ग्दछौ ;किनकी जसले तिमीहरूलाई दुःख दिन्छन्, तिनीहरूलाई साटोमा कष्ट दिनु ,र तिमी दुःख भोग्नेहरूलाई चाँही हाम्रो साथमा विश्राम दिनु परमेश्वरका निम्ति धर्मसङ्गत कुरा होत्यस ; जब प्रभु येशू ,समयमास्वर्गमा आफ्ना सामर्थी दूतहरूका साथमा दन्किरहेको आगोमा प्रकट हुनुहुनेछ, २थेस्सोलिनिकी १:५-७

हे प्रियहरूहो, तिमीहरू आफैले बदला नलेओ, तर बरु क्रोधलाई ठाउँ देओ; किनकी लेखिएको छः 'बदला लिने काम मेरो हो, म नै बदला दिनेछु, प्रभु भन्नुहुन्छ'। रोमी १२:१९

१६ परमेश्वरले, प्रेममा, उहाँका सन्तानहरूलाई अनुशासन गर्नुहुन्छ।

परमेश्वरले आफ्ना सन्तानहरूलाई अनुशासनमा राख्नुहुन्छ। यो परमेश्वरको वचनबाट प्रष्ट छ। उहाँले हामीलाई अनुशासित गर्नुहुन्छ किनभने उहाँले हामीलाई प्रेम गर्नुहुन्छ र उहाँले हाम्रो निम्ति उच्चतम् असलपनता चाहनुहुन्छ। सरलरुपमा अनुशासन उहाँसँगको हिँडाईमा हामीलाई परिपक्व तुल्याउनका लागी आउँदछ। अरु समयमा भने, उहाँले हामीलाई अनुशासित गर्नुहुन्छ कारण हामर् अनाज्ञाकारिता र उहाँको निर्देशनप्रतिको समर्पणताको इन्कारले गर्दा हो। केही मामलामा, परमेश्वरले आफ्ना नानीहरूलाई तिनीहरूको विद्रोहमा निरन्तरतासाथ लागिरहन अनुमति दिनुभन्दा बरु तिनीहरूलाई उहाँसँगै रहनका लागी घरमा लानुहुन्छ।

ख्रीष्टियनहरूले आफूमाथि – जिद्दिपन र आज्ञाकारी हुन इन्कार गरेकाले निम्त्याएका समस्याहरू र कष्टहरूलाई देख्दाखेरी व्यक्तिगत रुपमा म पनि निकै आश्चर्यचकित हुने गर्दछु। हाम्रो निम्ति के उत्तम छ त्यो परमेश्वर जान्नुहुन्छ र हामीले शान्ति, सन्तुष्टि, परिपूर्णताको जीवनको आनन्द लिएको उहाँ चाहनुहुन्छ। हामीले मात्र के

गर्नुपर्ने हो भने प्रेमिलो, स्नेही, र सर्वज्ञानी पितामा समर्पित हुनुपर्दछ। तिनीहरू जो समर्पित हुन चाहदैँनन् दुःखी छन् र तिनीहरूले हृदय-व्यथा, समस्या र पिडालाई आफ्नो जीवनमा निम्त्याउँदछन्। यो निकै सरल छ तापनि धेरैले यसलाई जान्न सक्दैनन्; तिनीहरूले उत्तम के हो जान्दछन् भनि जिद्दी गर्दछन् र तिनीहरूले हृदय-व्यथा र पिडालाई आफ्नो जीवनमा निमन्त्रण गरिरहँदछन्।

किनभने हामीले उहाँका आज्ञाहरू पालन गर्नु नै परमेश्वरको प्रेम हो; अनि उहाँका आज्ञाहरू कष्टपूर्ण छैनन्। १यूहन्ना ५:३

हे मेरा छोरा, परमप्रभुको ताडनालाई तुच्छ नठान; न ता उहाँको कप्की पाउँदा हताश होऊ; १२ किनकी जसलाई परमप्रभुले प्रेम गर्नुहुन्छ, उसलाई ताडना पनि दिनुहुन्छ, जुन व्यवहार बाबुले आफूले माया गरेको छोरासित गर्दछन्। हितोपदेश ३:११-१२

अनि तिमीहरूले त्यस अर्तीलाई बर्सेका छौ, जसले तिमीहरूसँग छोराहरूसँग झैँ बात गर्दछः 'हे मेरो छोरा, प्रभुको ताडनालाई तुच्छ नठान, न ता उहाँद्वारा तिमीले हप्की पाउँदा हताश होऊ; किनकी जसलाई प्रभुले प्रेम गर्नुहुन्छ, उसलाई ताडना पनि दिनुहुन्छ, अनि आफूले अपनाएको हरेक छोरालाई कोर्रा पनि लाउनुहुन्छ। यदि तिमीहरूले ताडना सह्यौ भने परमेश्वरले तिमीहरूसित छोराहरूसित झैँ व्यवहार गर्नुहुन्छ; किनकी कुन छोरा होला, जसलाई बाबुले ताडना दिँदैन? हिब्रु १२:५-७

ममा भएको फल नफल्ने हरेक हाँगालाई उहाँले हटाउनुहुन्छ@ र फल फलाउने हरेक हाँगालाई, त्यसले अझ धेरै फल फलोस् भनेर उहाँले छाट्नुहुन्छ। यूहन्ना १५:२

यही कारणले गर्दा तिमीहरूको बीचमा धेरै कमजोर र रोगी छन्, अनि धेरै सुतिगए। ३१ किनकी हामीले आफैलाई जाँच्यौं भने हाम्रो न्याय गरिनेछैन। ३२ तर संसारसँगै हामी पनि दोषी ठहरिन नपरोस् भनेर हाम्रो न्याय गरिँदाखेरि प्रभुबाट हामी ताडना पाउँछौं। १कोरिन्थी ११:३०-३२

... किनभने त्यसका प्रशस्त अपराधहरूको कारणले परमप्रभुले त्यसलाई कष्ट दिनुभएको छ; ... विलाप १:५

जतिलाई म प्रेम गर्छु, तिनीहरूलाई म हप्काउँछु र ताडना दिन्छु; यसकारण जोशिला होऊ र पश्चाताप गर। २० हेर, म ढोकामा उभिन्छु, र ढकढक्याउँछु; कसैले मेरो सोर सुन्यो र ढोका खोल्यो भने म उसकहाँ भित्र आउनेछु, र ऊसँग भोजन खानेछु, अनि उसले मसँग खानेछ। प्रकाश ३:१९-२०

किनकी उहाँको क्रोध ता क्षणभरको मात्र हो; उहाँकै निगाहमा जीवन छ; रुवाइ रातभर रहला, तर बिहानै आनन्द आउँछ। भजनसंग्रह ३०:५

यसकारण जसकसैको अयोग्य रीतिले यो रोटी खान्छ वा प्रभुको यो कचौरा पिउँछ, त्यो प्रभुको शरिर र रगतको दोषी हुनेछ। २८ तर मानिसले आफैलाई जाचोस्, र त्यसरी नै यस रोटीबाट खाओस् र यस कचौराबाट पिओस्। २९ किनकी जसले प्रभुको शरिरलाई नचिनिकन अयोग्य रीतिले खान्छ र पिउँछ, त्यसले आफैमाथि दण्ड ल्याउनाका निम्ति खान्छ र पिउँछ। ३० यही कारणले गर्दा तिमीहरूको बीचमा धेरै कमजोर र रोगी छन्, अनि धेरै सुतिगए। ३१ किनकी हामीले आफैलाई जाँच्यौं भने हाम्रो न्याय गरिनेछैन। ३२ तर संसारसँगै हामी पनि दोषी ठहरिन नपरोस् भनेर हाम्रो न्याय गरिँदाखेरि प्रभुबाट हामी ताडना पाउँछौं। १कोरिन्थी ११:२७-३२

१७ जब हामीले कठिन परिस्थितको अनुभव गर्दछौं, विश्वासी जनहरूलाई यो सुनाउन आवश्यक हुँदछ ताकी तिनीहरूले हामीलाई प्रोत्साहन दिन, हामीलाई निर्माण गर्न, वा अरु कुनै संभव तरीकाद्वारा सहायता गर्न सक्दछन्।

हामीले अघि पनि धेरै पटक बताइसकेका छौं, हामी आत्मिकी सन्यासी होऔं भनेर परमेश्वरले योजना बनाउनुभएको होइन। हामी विश्वासीहरू एकै शरिर भइकन कार्य गर्ने योजनामा उहाँले हामीलाई बनाउनुभयो। शरिरले (मण्डली) सहायता, प्रोत्साहन, र एक-अर्कालाई निर्माण गर्नुपर्छ। जब एक व्यक्ति कष्टमा पर्दछ, हामी सबैले नै त्यो साथमा भोग्नुपर्छ। ती जो अनेकौं परीक्षा र समस्याहरूका समयमा परेका छन्, तिनीहरूलाई जसले यी कठिन परिस्थितिहरूको अनुभव गरेका छन् तिनीहरूले उत्साह, प्रोत्साहन दिनुपर्दछ।

परमेश्वर अर्थात् हाम्रा प्रभु येशू ख्रीष्टका पिता धन्य हुनुहुन्छ, जो दयाहरूका पिता र सबै सान्त्वनाका परमेश्वर हुनुहुन्छ। परमेश्वरबाटको जुन सान्त्वनाद्वारा हामीले पनि कुनै पनि विपत्तीमा परेकाहरूलाई सान्त्वना दिन सकौं भनेर उहाँले हाम्रा सबै सङ्कष्टमा हामीलाई सान्त्वना दिनुहुन्छ। २कोरिन्थी १:३-४

यसैले की शरिरमा कुनै फाटो नहोस् तर अङ्गहरूले एक-अर्काका निम्ति एकै प्रकारको वास्ता राखून्। अनि एउटा अङ्गले दुःख पायो भने सबै अङ्गहरूले त्योसँगै दुःख भोग्छन्; अथवा एउटा अङ्गले आदर पायो भने सबै अङ्गहरूले त्योसँगै आनन्द मनाउँछन्। १कोरिन्थी १२:२५-२६

तिमीहरूले एक-अर्काका भारहरू उठाइदेओ, र यसरी ख्रीष्टको व्यवस्था पूरा गर। गलाती ६:२

यसकारण एक-अर्कालाई सान्त्वना देओ, र एउटाले अर्काको उन्नति गर, जो तिमीहरूले गर्दैछौ पनि। १थेस्सोलिनिकी ५:११

जब हामी बलियाहरूले कमजोरहरूका दुर्बलताहरू सहनुपर्दछ, र आफैलाई खुशी पार्नुहुँदैन। हामीमध्ये हरेकले आफ्नो छिमेकीलाई, उसको भलाइका निम्ति उन्नति गराउनलाई खुशी पारौं। रोमी १५:१-२

कुनै कुवचन तिमीहरूको मुखबाट ननिस्कोस्, तर आवश्यक उन्नतिका निम्ति जुन कुरा असल छ, त्यही मात्र निस्कोस्, र त्यसले सुन्नेहरूलाई अनुग्रह प्रदान गरोस्। एफिसी ४:२९

जब एक विश्वासी परीक्षा हुँदो जादँछ, मण्डलीले त्यस मण्डलीलाई प्रेम र प्रोत्साहन साथ घेर्न सक्दछ। यद्यपि, हामीले केही नभनेसम्म, विश्वासी जनहरूलाई के भइरहेको छ भनि पूर्ण रुपमा अज्ञात रहेको हुँदछ। धेरैजसो समय हामी, प्रभुमा भाइ-बहिनी भएकाले, हामी एक-अर्कामा खुल्लस्त हुनुपर्दछ र के भइरहेछ भनि मानिसहरूलाई थाहा गराउनुपर्दछ ताकी तिनीहरूले हाम्रो निम्ति प्रार्थना र प्रोत्साहन प्रदान गर्न सक्दछन्।

धेरै पटक हामीले के भइरहेको छ भनि मानिसहरूलाई थाहा दिन चाहदैँनौं, यद्यपि, हामीले विश्वासी जनहरूका साथ निर्माण हुने र प्रोत्साहित हुने परमेश्वरको योजनालाई परिवर्तन गर्न सक्दैनौं। यदि हामीले आफ्नो कठीन परिस्थितलाई विश्वासी जनहरूका साथ बाड्दैनौं भने हामीले प्रशस्तताको आशिषलाई गुमाउन पुग्दछौं।

र कसै-कसैको रीति भएझैँ हामी एक ठाउँमा भेला हुन नछोडौं; तर एक-अर्कालाई उत्साह दिदैँ रहौं; अनि त्यो दिन जति नजिक-नजिक आउँदै गरेको तिमीहरू देख्छौ, उति नै वेसी हामी यसो गर्ने गरौं। हिब्रु १०:२५

पुनर्स्थापना र विश्वासको प्रार्थना

यो दुःखको कुरा हो की केही मानिसहरूले कठिन परिस्थितिहरूलाई आफ्नो विश्वास कमजोर पार्न वा नाश गर्न अनुमति दिँदछन्। यो तिनीहरूको सवालमा सत्य रहेको छ जसले शुरुवात गर्नको लागी कहिल्यै पनि साँचो उद्धार गरिएनन्। उद्धार नगरिएको मानिसले उसको त्यस "विश्वास"मा निरन्तरता दिदैँन, जुन साँचो पनि होइन। यद्यपि, यो पनि सत्य जो की तिनीहरू जसको विश्वास साँचो छ तिनीहरूको विश्वास पनि भ्रममा पर्दछ,

र तिनीहरूले, कमसेकम एकपटक, प्रभुलाई सेवा गर्ने तिनीहरूका उत्साहलाई त्याग्दछन्। तिनीहरूको व्यवहारले र कार्यहरूले अझ धेरै समस्याहरू, पिडा, र कष्टलाई आफ्नो जीवनमा निम्त्याउँदछन्।

यही प्रकारले ढुङ्गेनी जमिनमा छरिएकाहरू यी हुन्, जसले वचन सुनेपछि तुरुन्तै आनन्दपूर्वक त्यसलाई ग्रहण गर्दछन्; १७ अनि तिनीहरूको आफैमा जरा हुँदैन, र यसकारण तिनीहरू थोरै समयसम्म मात्र रहन्छन्; पछि, जब वचनका कारणले कष्ट वा खेदोमा आइपर्दछ, तब तुरुन्तै तिनीहरूले ठेस खान्छन्। १८ अनि काँडाहरूको बीचमा छरिएकाहरूचाँही यी हुन्, जसले वचन सुन्छन्, १९ अनि यस संसारका चिन्ता-फिक्रीहरू, धनसम्पत्तीको धोका र अरु-अरु कुराहरूका अभिलाषा भित्र पसेर वचनलाई निसासयाइदिन्छन्, र त्यो फलहीन बन्छ। मर्कुस ४:१६-१९

चट्टानमाथि परेकाहरूचाँही ती हुन्, जसले सब सुन्छन्, तब आनन्दपूर्वक वचन ग्रहण गर्छन्; अनि तिनीहरूको जरा हुँदैन, जसले थोरै समयका निम्ति विश्वास गर्छन्, र परीक्षाको समयमा पछि हट्छन्। लूका ८:१३

किनकी जसले प्रभुको शरिरलाई नचिनिकन अयोग्य रीतिले खान्छ र पिउँछ, त्यसले आफैमाथि दण्ड ल्याउनाका निम्ति खान्छ र पिउँछ। यही कारणले गर्दा तिमीहरूको बीचमा धेरै कमजोर र रोगी छन्, अनि धेरै सुतिगए। १कोरिन्थी ११:२९-३०

जसले बाटो छोड्छ, त्यसका निम्ति अनुशासन कष्टदायक हुन्छ; अनि जसले हप्कीलाई घृणा गर्छ, त्यो मर्नेछ। हितोपदेश १५:१०

जसले बारम्बार हप्काइँदा पनि आफ्नो हठ छोड्दैन, त्यो हचानक कुनै उपाय नपाईकन नष्ट हुनेछ। हितोपदेश २९:१

हामीलाई थाहा छ की हामीले नियमित रुपमा विश्वासी जनहरूका लागी प्रार्थना गर्नुपर्दछ। यद्यपि, जब हामीले प्रभुमा एक भाइ वा बहिनी कठिन परिस्थिति हुँदै गएको देख्दछौंभने, हामीले हाम्रो प्रार्थनालाई प्रबल पार्नुपर्दछ।

मलाई शंका छ की हामीमध्ये धेरैले हामीसँग भएको प्रार्थनाको सेवकाईलाई बुझेका छौ। याकूब ५अध्यायको खण्ड साधारणतया शारिरिक अस्वस्थता भएका मानिसहरूका लागी लागु हुँदछ। तैपनि यो खण्ड योभन्दा अझ धेरै फराकिलो रहेको छ जसको प्राथमिक प्रयोग तिनीहरूका लागु हुँदछ जो थाकेका छन् र आफूले सामना गर्नुपरेको परीक्षाद्वारा तिनीहरूको हृदय विचलित भएको छ।

कष्ट, यातनाको कष्ट समेत गरी, बाइबलिय याकूबको पूस्तकको प्रमुख विषय-वस्तु हो। लडाँईमा कसैको हृदय विचलित हुँदछ, र कसैले अठ्याइराख्नका लागी पापलाई अनुमति दिँदछन्। पुनर्स्थापन हुनको निम्ति के गर्नुपर्छ भनेर यस पूस्तकले निर्देशन प्रदान गर्दछ। यस खण्डलाई होसियारीका साथ अध्ययन गर्नुहोस् र त्यसपछि हामीले एक भागलाई एक पटक गरी व्यवहार गर्नेछौं।

के तिमीहरूमा कसैले कष्ट पाएको छ? उसले प्रार्थना गरोस्। के कोही आनन्दित छ? उसले भजन गाओस्। के तिमीहरूको बीचमा कोही बिरामी छ? उसले मण्डलीका प्राचिनहरूलाई बोलाओस्; अनि उनीहरूले प्रभुको नाममा उसलाई तेल घसेर उसका निम्ति प्रार्थना गरून्। अनि विश्वासको प्रार्थनाले बिरामीलाई बचाउनेछ, र प्रभुले उसलाई उठाउनुहुनेछ; अनि यदि उसले पापहरू गरेको भए तापनि उसलाई ती क्षमा हुनेछन्। तिमीहरू निको हुनाका निम्ति एक-अर्काका सामु आफ्ना भूलचुकहरू मानिलेओ, र एक-अर्काका निम्ति प्रार्थना गर। धर्मी जनको प्रभावकारी प्रार्थनाले धेरै कुरा प्राप्त हुन्छ। एलिया पनि हामीजस्तै दुःखसुख भोगी मानिस थिए, अनि

उनले पानी नपरोस् भनेर यत्रसित प्रार्थना गरे, तीन वर्ष छ महिनासम्म पृथ्वीमा पानी परेन। अनि उनले फेरी प्रार्थना गरे, तब आकाशले वर्षा दियो, र पृथ्वीले आफ्नो फल फलायो। याकूब ५:१३-१८

के तिमीहरूमा कसैले कष्ट पाएको छ? उसले प्रार्थना गरोस्। के कोही आनन्दित छ? उसले भजन गाओस्। पद १३

कष्टित व्यक्तिले चाल्नुपर्ने प्रथम कदम हो प्रार्थना। नम्रताका साथ, र खाँचो भएमा, पश्चातापमा, एक व्यक्तिले प्रार्थना गर्नुपर्दछ। उहाँका मानिसहरूका लागी परमेश्वरको प्रेम र दया रहदँछ र उहाँले तिनीहरूका प्रार्थनाहरूलाई सुन्नुहुन्छ र त्यसप्रति प्रतिकृया जनाउनुहुन्छ।

ती जो आनन्दित छन्, तिनीहरूले गाउन् र प्रभुको प्रशंसा गरुन्। आफ्ना आशिषहरूका लागी धन्यवादी हुनुहोस्। हामीले महान् र प्रेमिलो परमेश्वरको सेवा गर्दछौं।

के तिमीहरूको बीचमा कोही बिरामी छ? उसले मण्डलीका प्राचिनहरूलाई बोलाओस्; अनि उनीहरूले प्रभुको नाममा उसलाई तेल घसेर उसका निम्ति प्रार्थना गरून्। पद १४

१४पदमा बिरामीको ग्रीक शब्द "एस्थेनिओ" हो। यस शब्दको प्राथमिक अर्थ "सामर्थ्यहीन" वा "कमजोर हुनु", वा "निर्धो" हो। यो शारिरिक अस्वस्थताको कारणले कमजोर हुनुभन्दा अधिक नै हो। यो याकूबको पूस्तको सन्दर्भबाट निकालिएको हो र विशेष गरी अध्याय ५ जहाँ कष्टलाई प्रष्ट पार्नको निम्ति पूरानो नियमका भविष्यवक्ताहरूलाई प्रयोग गरिएको छ। शारिरिक अस्वस्थताको कारणले होइन, अत्याचारको कारणले पूरानो नियमका भविष्यवक्ताहरूले कष्ट भोगे।

एक व्यक्ति जसले मण्डलीको प्राचिनहरूलाई प्रार्थना गर्नका निम्ति बोलाउँदछ शारिरिक अस्वस्थताले ऊ कमजोर भएको हुन सक्छ; यद्यपि, विश्वासमा कमजोर हुनाको लागी त्यसतर्फ डोर्याउने कारणहरू धेरै छन्। मण्डलीका प्राचिनहरूलाई प्रार्थना गर्न बोलाउनाले उसको तर्फबाट यो संकेत दिँदछ की ऊ परमेश्वरसँगको हिँडाईमा स्वस्थ हुनको लागी पुनर्स्थापन हुन चाहन्छ।

एक व्यक्ति जो उसको जीवनको परीक्षाहरूबाट कमजोर भएको छ उसले आत्मिकी परिपक्व मानिसहरूलाई (प्राचिन) उसका निम्ति प्रार्थना गरिदिनको लागी बोलाउन आवश्यक रहेको छ। अभिषेक गर्नु वा तेल लगाउनु त्यति बेलाको साझा अभ्यास थियो, शारिरिक तरीकाले, जसले कमजोर मानिसलाई राम्रो महसुस गर्न मद्दत पुर्याउँदथ्यो।

अनि विश्वासको प्रार्थनाले बिरामीलाई बचाउनेछ, र प्रभुले उसलाई उठाउनुहुनेछ; अनि यदि उसले पापहरू गरेको भए तापनि उसलाई ती क्षमा हुनेछन्। पद १५

यस पदमा पद १४ जस्तै बिरामीको ग्रीक शब्द "एस्थेनिओ" होइन; सट्टामा, यो "कभ्" हो जसको अर्थ "थाकेको" हो। जब मण्डलीका प्राचिनहरूले विश्वासाथ प्रार्थना गर्दछन्, थाकेको व्यक्ति निको पारिदँछ। याद गर्नुहोस् तिनीहरू प्राचिनहरू हुन् जसले विश्वास साथ प्रार्थना गर्दछन्। बिरामी भएको त्यस व्यक्तिले विश्वासको अभ्यास गर्यो र प्राचिनहरूलाई बोलायो र निको हुनका निम्ति संकेत गर्यो। प्राचिनहरूको विश्वासद्वारा उसको पुनर्स्थापनलाई परिणाम प्रदान गर्यो। याद गर्नुहोस् की उसले टेलिभिजनमा चंगाई कार्यक्रम गर्ने प्रचारकको (विश्वासद्वारा चंगाई गर्ने) निर्देशनलाई पछ्याएन; सट्टामा उसले मण्डलीका प्राचिनहरूलाई बोलायो।

जब प्राचिनहरूको विश्वासको प्रार्थना चढाइन्छ, प्रभुले त्यस कमजोर मानिसलाई निको पार्नुहुन्छ। पुनर्स्थापनको ग्रीक शब्दको अर्थ "बचाइनु" हो। विश्वासको प्रार्थनाले उसको कमजोरी अवस्था वा थकाईबाट निको पार्दछ वा त्यस मानिसलाई बचाउँदछ । उसलाई निको पारिनेछ। प्रभुले उसलाई उठाउनुहुनेछ।

जब एक कमजोर मानिसले निको हुनलाई प्रार्थना गर्नका लागी मण्डलीका प्राचिनहरूलाई बोलाउँदछ, यो परमेश्वरमा रहेको उसको विश्वास र प्रभुसँगको उसको हिँडाईमा स्वस्थता प्राप्त गर्ने इच्छाको प्रमाण हो। ती जसले आफ्ना पापहरूबाट पश्चाताप गर्दछन्, र यस मामलामा ती जो आफ्नो आत्मिकी कमजोरी र हारदेखी फर्कन चाहन्छन् र परमेश्वरसँगको हिँडाईलाई पुर्स्थापन गर्न चाहन्छन् परमेश्वरले तिनीहरूका पापहरू क्षमा गरिदिनुहुन्छ।

परमेश्वरले मानिसहरूको पाप क्षमा गरिदिनुहुन्छ भन्ने अभिव्यक्ति अर्को प्रमाण हो की यस खण्डले प्राथमिक रुपमा शारिरिक बिरामीलाई उल्लेख गरिरहेको छैन तर आत्मिकी कमजोरी र हारलाई उल्लेख गरिरहेको छ। शारिरिक चंगाईबाट कुनै पनि व्यक्तिले आफ्नो पापको क्षमा पाउँदैन तर ऊ परमेश्वरतर्फ फर्किएकोले, त्यस मानिसले जस्तै जसले आफ्नो विश्वासको अभ्यासनिको हुनाको निम्त् प्रार्थना गरिदिनलाई मण्डलीका प्राचिनहरूलाई बोलाइकन गर्यो।

तिमीहरू निको हुनाका निम्ति एक-अर्काका सामु आफ्ना भूलचुकहरू मानिलेओ, र एक-अर्काका निम्ति प्रार्थना गर। धर्मी जनको प्रभावकारी प्रार्थनाले धेरै कुरा प्राप्त हुन्छ। पद १६

यस पद हामी कमजोर र थकित हुनुअघिको हाम्रो आत्मिकी हिँडाईतर्फ जादँछ। जब हामीले आफैलाई कमजोरी र आत्मिकी हारमा फसिरहेको महसुस गर्दछौं बने, हामीले कुनै एक विश्वासी जनलाई आफ्ना पापहरू स्वीकार गर्न सक्दछौं, र आफ्नो लागी प्रार्थना गर्नको निम्ति विन्ती गर्न सक्दछौं। यसले प्\रभुसँगको हाम्रो हिँडाईलाई कायम गर्दछ र हामीलाई आत्मिकी कमजोरी र हारतिर लैजानबाट रोक्दछ। ख्रीष्टियनहरूसँग एक-अर्काको लागी प्रार्थनाको सेवकाई रहेको छ। परमेश्वरको वचनमा यो कैयौं पटक प्रस्तुत गरिएको छ।

ईश्वरिय मानिसले गरेको प्रार्थना प्रभावकारी गराइँदछ भनि प्रतिज्ञा गरिएको छ भनेर पद १६को आखिरी वाक्याशंले बताउँदछ। कस्तो सेवकाई !!! हामीले धर्मी जीवन जिइकन र प्रभुमा आफ्ना भाइ-बहिनीहरूका आत्मिकी बलका लागी प्रार्थना गरिकन तिनीहरूलाई हाम्रा प्रोत्साहन र उत्साह प्रदान गर्न सक्दछौं।

एलिया पनि हामीजस्तै दुःखसुख भोगी मानिस थिए, अनि उनले पानी नपरोस् भनेर यत्नसित प्रार्थना गरे, तीन वर्ष छ महिनासम्म पृथ्वीमा पानी परेन। १८ अनि उनले फेरी प्रार्थना गरे, तब आकाशले वर्षा दियो, र पृथ्वीले आफ्नो फल फलायो। पद १७-१८

यस खण्डमा यो सुहाउँदो निष्कर्ष हो। एलियाको जीवनीबाटको यो कताले सत्यतालाई प्रकट गर्दछ की आत्मिकी पुनर्स्थापनाको लागी परमेश्वरले प्रार्थनाको उत्तर प्रदान गर्नुहुन्छ। एलिया पनि हामीजस्तै मानिस थिए तर परमेश्वरले उनको प्रार्थनाको उत्तर दिनुभयो।

परमेरश्वरको निर्देशनलाई पछ्याइकन, एलियाले प्रार्थना गरे र -- तीन वर्ष छ महिनासम्म परमेश्वरले वर्षा थाम्नुभयो। जमिन सुख्खा र उपयोगहीन भयो जसले एक व्यक्तिको चित्रण दिदँछ जो आत्मिकी रुपमा सुख्खा र अउपयोगी भएको छ। जब एलियाले पानी परोस् भनेर प्रार्थना गरे, प्रशस्त वर्षा झारिकन परमेश्वरले उत्तर दिनुभयो जसद्वारा जमिन उपयोगी र फलदायी भयो। जब हामीले ती मानिसहरू जो आत्मिकी रुपमा सुख्खा छन्, तिनीहरूका लागी प्रार्थना गर्दछौं भने, त्यस मानिसलाई आत्मिकी रुपमा उपयोगी र फलदायी बनाइकन परमेश्वरले उत्तर प्रदान गर्नुहुन्छ।

परमेश्वरको हातमा

... इन्सेफलाइटिस्को संङ्क्रमणबाट दुई पल्ट बाँचेको।

... फिल र लिण्डे बेनेडिक्टबाट

म र मेरी पत्नी, लिण्डाले अनुभव गरेको एउटा परीक्षा यो हो की जीवनमा म दुई पटक संक्रामक इन्सेफलाइटिसबाट बाँचे। हामीले यस कथालाई सङ्कष्टको समयमा परमेश्वरबाटको प्रेम र स्नेहको प्राप्तिको व्यक्तिगत अनुभव बाँड्नका लागी समावेश गर्न निर्णय गर्यौं। म र मी पत्नी लिण्ड दुवैले जीवनको यस भागको बारेमा लेख्यौं र मैले यी दुवै कथाहरूलाई आपसमा राखे, त्यसैले यहाँ केही कुराहरू खप्टिएको छ। यदि बाइबल अध्ययन समुहसँग यसलाई अध्ययन गर्नको लागी तपाई बढिरहनुभएको छ भने, तपाईले यसलाई आफ्नो अध्ययनमा समावेश गर्ने इच्छा नगर्नुहोला। यो अलि लामो नै छ।

हरेक विश्वासीले आफ्नो जीवनमा परमेश्वरको हात रहेको अनुभव गर्दछ। उहाँसँगको हाम्रो हिँडाईमा कुनै दुई व्यक्तिले एकै किसिमको अनुभव भने गर्दैनन्। परमेश्वर, उहाँको विवेकमा, मलाई मृत्युको नजिकमा ल्याउनका लागी दुई पटक योग्यको सम्झनुभयो। सारा कारणहरू के हो म जान्दिनँ। तर म यो भन्न सक्दछु, ममा गहिरो भाव रहेको छ की मेरो जीवन परमेश्वरको हातमा छ र मेरो निम्ति उहाँको उद्देश्य रहेको छ। वास्तवमा, अरुहरूको भन्दा यो मेरो लागी कुनै कन सत्यता भने होइन। हामी सबै नै परमेश्वरको हातमा छौं।

म दुईपल्ट संक्रामक इन्सेफलाइटिसको गम्भिर समस्याबाट बाँचे, एकपटक १९८६ र फेरी अर्को पटक १९९४मा। म परमेश्वरको सार्वभौमता बारेमा सम्पूर्ण रुपले त जान्दिनँ, तर म यो विश्वास गर्छु की म आजसम्म जीवित छु किनभने परमेश्वरको जनहरूले मेरो निम्ति प्रार्थना गरे। म बिरामी भएको प्रत्येक पटक, धेरैले प्रार्थना गरे र परमेश्वरले जवाफ दिनुभयो। लिण्डाले जति त कसैले पनि प्रार्थना गरेनन्, जसले मलाई गहिरो माया गर्नुहुन्छ र परिस्थिति जति नै खराब भए तापनि परमेश्वर पूर्ण नियन्त्रक हुनुहुन्छ भनि उहाँमा विश्वास रहेको थियो।

इन्सेफलाइटिस मस्तिष्कको संक्रमण हो। केही मामलामा, यो अति नै झिनो हुँदछ र एक व्यक्तिलाई त्यस रोग लागेको थियो भनि थाहा पनि हुँदैन। अर्को मामलामा भने, यो अति नै भयंकर प्राणघातक नै हुँदछ। यसको कुनै अर्को प्रकारको मृत्यु दर त करिब ७० प्रतिशत हुँदछ। केही बाँचेका मानिसहरूको मस्तिष्क जटिल रुपमा खराब भएको हुँदछ , वा पक्षघात हुँदछ, वा दुवै स्थिति हुँदछ। कोही त जीवनभर नै चल्न नसक्ने हुँदछन्। केहीका लागी भने, उपयोगी जीवनमा फेरी फर्कन र योग्य हुन धेरै वर्ष लाग्दछ। ती जो पूर्णरुपमा निको भएका छन् तिनीहरूमा पनि लामो समयसम्म लक्षण देखा परि नै रहन्छ जस्तैः लामो वा छोटो स्मरणशक्तिको नाश, चिरकालिन थकान, टाउको दुःखाई, सुस्त प्रतिकृया, घट्दो ध्यानाकर्षण, र अरु धेरै शारिरिक समस्याहरू। म अझ पनि यी किसिमका समस्याहरू जस्तैः स्मरण समस्या, थकान, सुस्त प्रतिकृया, र घट्दो ध्यानाकर्षणको अनुभव गर्दछु। भाग्यावश इन्सेफलाइटिसबाट बाँचेका मानिसहरूमा जस्तो ममा कुनै टाउको-दुःखाई को समस्या छैन। समग्रमा, कुनै तरीकाले, मेरो संक्रामक इन्सेफलाइटिस बिरामीको दाँचोमा मेरो स्वास्थ्य लाभ उल्लेखनिय रहेको छ। एक डाक्टर जो ख्रीष्टियन होइन, उनले हालैमा (२००९)मा यो अभिव्यक्ति दिए की म यी दुई संक्रामक इन्सेफलाइटिसबाट निको हुनु र मेरो मस्तिष्कले वर्तमान स्तरमा कार्य गर्नु कुनै आश्चर्यकर्मभन्दा कम होइन। मलाई प्रदान गरिएको यस स्वस्थताको लागी म केवल परमेश्वरलाई धन्यवाद मात्र दिन सक्दछु, र उहाँले मलाई शारिरिक र मानसिक योग्यता प्रदान गरिन्जेल मैले उहाँको सेवा गर्नका निम्ति आफैलाई प्रतिवद्ध तुल्याएको छु।

फिल

धेरै वर्ष अघि जब म आफ्नो प्रारम्भिक तीसौं वर्षहरूमा थिएँ, जीवन राम्रो देखिदँथ्यो। मैले मुडि बाइबल संस्था, सिकागो र बोइस राज्य विश्वविद्यालय, बोइस, इडाहो दुवैबाट स्नाकोत्तर हासिल गरे, र माध्यामिक विद्यालय प्रशासनबाट मैले अधिस्नातक सकाउनै लागेको थिएँ। म मेरो कलेज जीवनमा बिजुलीको काम गर्दथें। मैले धेरै समय यो काम गरिरहेको थिएँ र आधिकारिक मजदुर बिजुलीमिस्त्री हुनाको लागी कक्षाहरू पनि लिइरहेको थिएँ। मैले बिजुलीमिस्त्रीको राम्रो काम पाइरहेको थिएँ, मसँग विशिष्ट श्रीमति हुनुहुन्थ्यो, चार नानीहरू थिए, तीन तलाको घर थियो, र म एक सानो मण्डलीको पाष्टर थिएँ।

सन् १९७९ र १९८०मा, नौं महिनाको अन्तरालमा मेरो दुवै अभिभावक र लिण्डाको आमा बित्नुभयो। हाम्रो अभिभावकहरूको निधनपछि, ख्रीष्टियन सेवामा पूर्ण कालिन सेवक हुनको लागी हामीले निर्णय र खोजी गर्यौं। केही वर्ष पछि हामीले अमेजन जङ्गल, इक्वेडर, दक्षिण अमेरिकामा जङ्गलको बीचमा निर्माण भएको एक मिशन अस्पतालसंग सम्बन्धित हुन पायौं जहाँ मैले विद्युतीय स्थापनाका निरिक्षक हुने अवसर प्राप्त गरें। हामीले इक्वेडरमा दुई वर्ष बितायौं। हामी सबैले नै, मेरी पत्नी र हाम्रा चार नानीहरूले, ती दुई वर्षलाई जीवनको सबैभन्दा आनन्दमय वर्ष भनि महसुस गर्दछौं। हाम्रा नानीहरूले पूर्णरुपले ती वर्षहरूमा आनन्द मनाए र अनुभवहरू बटुले जुन केही नानीहरूले मात्र बटुल्ने अवसर प्राप्त गर्दथे।

मलाई मिसिनेरी टेक (TECH) समुहमा सदस्यको रुपमा स्वीकृत गरियो, त्यो संघ जसले मिशन अस्पतालको योजना तयार पारेको थियो र निर्माण गरेको थियो। इक्वेडरमा हाम्रो कार्य सम्पन्न भएपछि, हामी बोइस, इडाहोमा फर्क्यौं र लङभिउ,मिसिनेरी टेकको (TECH) समुहको प्रधानाकार्यालय, टेक्सासमा जानका लागी तयारी भयौं।

टेक्सासमा जानुअघि मलाई थोरै पनि थाहा थिएन की, मेरो जीवन मैले कहिल्यै पनि नसुनेको रोग – संक्रामक इन्सेफलाइटिसबाट उलटपुलट हुनेथ्यो।

लिण्डा

बोइस, इडाहोमा सन् १९८६को यो चिसो दिन थियो। बेनेडिक्ट परीवार न्यायो भइ रहेका थिए र आफ्नो पूरानो वासस्थानमा आनन्द मनाउँदै रहेका थिए। फिल विजुली मिस्त्रि थिए र म (लिण्डा) घरमा बस्दथे। हाम्रा चार नानीहरू क्रमश ९, ११, १३ र १५ वर्षका थिए। यो सधैझैं चिसो र जीवाणु भएका औसत जाडोको समय थियो। फिलले फेब्रुवरीमा पहिलो हप्ता वा तीन-चार दिन धेरै रूघाको कारणले काममा जानुभएन। त्यसपछि उहाँ दुई वा तीन दिनको लागी काममा जानुभयो, तर फेब्रुवरी १३ तारिकमा बिरामी भइ उठ्नुभयो।

मैले उहाँको मालिकलाई फोन गरें त बताएँ की फिल त्यस दिन काममा आउनसक्नुहुन्न। जसै दिन बित्दै गयो, फिल झनै मौन रहनुभयो र मेरो कुराहरूमा झनै प्रतिकृया जनाउन नसक्ने हुनुभयो। म डाक्टरलाई बोलाउँ की भनि मैले उहाँलाई सोधैं र उहाँले पनि आदर्शपूर्ण मानिसले जस्तै “पर्दैन” भन्नुभयो। साझँसम्ममा मैले थाह गरें की केही गलत हुँदैछ र मैले एम्बुलेन्सलाई (रोगीगाडी) आउनको लागी र सेन्ट. आलफनसस् अस्पतालमा लानका लागी फोन गरें। हामीले सारा रात र अर्को दिनको बिहानी आकस्मिक कक्षमा बितायौं, फेब्रुवरी १४ तारिक, प्रेम दिवसमा, तिनीहरूले उहाँलाई अस्पतालमा भर्ना गरे, र संक्रामक इन्सेफलाइटिसको रोगनिदानका साथ डाक्टर मकहाँ आउनुभयो। यस समयम फिल अचेत अवस्थामा पुगिसक्नुभएको थियो। एक दिन पछि, फिल मर्ने सम्भावना एक तिहाई रहेको छ र बाँच्ने सम्भावना पनि एक तिहाई छ तर स्थायी रुपमा उहाँको मस्तिष्क खराब हुनेछ वा पक्षाघात हुनेछ वा दुवै स्थिति हुनेछ र केही स्तरको स्वास्थ्य लाभ भइ निको हुने सम्वना पनि

एक तिहाई छ भनि डाक्टरले मलाई भन्नुभयो। यो झट्का थियो, तर परमेश्वरले उहाँको हेरचाह गर्नुहुन्छ भनि म विश्वस्त थिएँ। बिहान करिब ९ बजे हाम्रो पाष्टर, ब्राड कोल्बो आउनुभयो र मेरोसाथमा प्रार्थना गर्नुभयो। त्यसपछि, उहाँ नियन्त्रणमा हुनुहुन्छ र सबैकुराहरू सही हुनेछन् भनि परमेश्वरले मलाई त्यस्तो सिद्ध शान्ति प्रदान गरिदिनुभयो। यो एउटा अप्राकृतिक शान्ति थियो जुन म बयान गर्न नै सक्दिन र यस अघि कहिल्यै पनि मैले यस किसिमको अनुभव गरेको थिइनँ।

फिल

सन् १९८६को फेब्रुवरीको प्रारम्भमा, बोइसमा रुघाको संक्रमण फैलिरहेको थियो, र साधारणतया मलाई यो लाग्दैन थियो, तर यस समयमा भने मलाई यसले समात्यो। यस रुघा खासै प्रबावकारी थिएन तर एक हप्ता पछाडि टाउको दुःखाइका साथ म उठें। म काममा जानै आटेको थिएँ, तर मेरी पत्नीले मलाई घरमा नै बस्नका लागी सम्झाउनुभयो। अर्को दुई हप्ता वा सोभन्दा वेसी समयहरू बीचमा मैले सम्झने भनेको यत्ती नै हो। जसै दिन बित्दै गयो मैले स्वाभाविक ढङ्गले कमभन्दा कम रुपमा प्रतिकृया जनाउँदै गएँ। केही गलत हुँदैछ भनि मेरी पत्नीलाई शंका भयो, तर म डाक्टर वा अस्पताल जानको लागी सहमत भइनँ। त्यस दिनको साँझमा मेरी पत्नीले एम्बुलेन्स (बिरामीगाडी) बोलाउनुभयो र मलाई अस्पताल लगियो। रातमा म अचेत अवस्थामा पुगेँ। अर्को दिन तिनीहरूले मेरी पत्नीलाई म संक्रामक इन्सेफलाइटिसबाट पिडित छु भनि बताए। पछिका केही दिनहरूमा मेरो अवस्था झन् नाजुक हुँदै गयो। मेरो स्वास्थ्य सुधार हुन्छ भनेर तिनीहरूले लिण्डालाई आशा देखाएनन्। तिनीहरूले यो संकेत दिए की यदि म निको भएँ भने पनि, यसको लागी महिनौं, शायद वर्षौं समय लाग्न सक्दथ्यो।

यस कथाको भागमा परमेश्वरमा रहेको मेरो विश्वासलाई म बताएरहेको हुनेछु। जब म जवान थिएँ, मैले येशू ख्रीष्टमा विश्वास गर्नको लागी निर्णय लिएको थिएँ र मेरो जीवन उहाँको सेवा गर्नको लागी प्रतिवद्धता जाहेर गरेको थिएँ। कसरी मेरो र मेरी विशिष्ट पत्नी, लिण्डाको परमेश्वरमा रहेको विश्वास, जुन यस संक्रामक इन्सेफलाइटिसको दुई घटनामा भएको अनुभवको भाग रहेको थियो, यसको विवरण पेश नगरेसम्म मेरो कथा बताउनलाई कठीन हुनेछ। मेरी पत्नीले आफ्नो पतिलाई (म) धेरै माया गर्नुहुन्थ्यो र डाक्टरबाट यस्तो सुनेपछि त उहाँ तहसनहस पारिनुभयो। मेरी पत्नीसँग डाक्टरले बोलेको केही समयपछि, हाम्रो पाष्टर अस्पतालको कक्षभित्र आउनुभयो र लिण्डासँग भेट्नुभयो। उहाँहरूले मेरो स्वास्थ्यताको लागी प्रार्थना गरिदिनुभयो र यस परीक्षाहरू हुँदो अघि बढ्दै जानका लागी उहाँले लिण्डाको लागी प्रार्थना गरिदिनुभयो। हाम्रो लागी प्रार्थना गरिदिने अरु साथीहरू र परिवारहरू पनि थिए। मेरी पत्नीले स्पष्टसँग सम्झनुहुन्छ की हाम्रो पाष्टरले प्रार्थना गरिसिध्याउनुभएपछि उहाँले गहिरो शान्तिको भावको अनुभव गर्नुभयो। मेरो बिरामीको परिणाम कस्तो आउनेछ भनि उहाँलाई थाहा थिएन, तर उहाँलाई यो थाहा थियो की परमेश्वर नियन्त्रक हुनुहुन्छ र सबैकुराहरू सही हुनेछन्। मेरो स्वास्थ्य निको हुनेबेलासम्म त्यस शान्ति उहाँमा रहिरहेको थियो।

लिण्डा

त्यो क्याथोलिक अस्पतालमा थियो र "सिष्टर"हरू वरिपरि घुमिरहेका थिए र केही मिनेटको अन्तरालमा मेरो अवस्था हेर्न र म ठीक छु भनि निश्चित हुनको निम्ति मकहाँ आइरहेको म सम्झना गर्दछु। म "टुटेर झर्छु" वा मन नियन्त्रणभन्दा बाहिर जान्छ वा अरुकेकी होला भनि उनीहरूले सोचेका रहेछन्। ममा रहेको शान्तिको कारणले तिनीहरू छक्कै परे। भजनसंग्रह ४६:१-२ले भन्दछ की, परमेश्वर हाम्रो सामर्थ्य र सहायता हुनुहुन्छ, र जस्तोसुकै अवस्था भएपनि, हामी भयभित हुँदैनौं। फिल बिरामी हुँदा के गर्नुपर्ने हो सो गर्नका निम्ति परमेश्वरले मलाई शान्ति र सामर्थ्य दिनुभयो।

मैले पहिलो काम के गरें भने मैले सारा संसारभरिका साथीहरू र परिवारहरूलाई फोन गरें र फिलको निम्ति प्रार्थनाको माग गरें। इक्वेडर, अफ्रिका, मेक्सिको, फ्लोरिडा, न्यु योर्क, वासिङ्टन, क्यालिफोर्निया, टेक्सास, र अरु धेरै राष्ट्रहरूबाट मानिसहरूले फिलको निम्ति प्रार्थना गरिदिनुभयो। परमेश्वरले प्रार्थनाको जवाफ दिनुहुन्छ भनि म विश्वास गर्दछु।

हरेक साँझ ३:३०मा स्कुलबाट म मेरो नानीहरूलाई बटुल्दथें र घरमा लादँथें, र तिनीहरूका लागी खाना तयार पार्दथें र रातको ९:३० वा १० बजेसम्ममा अस्पताल पुग्दथें। त्यसपछि म घर जादँथें र नानीहरूका साथमा रात बिताउँदथें, अर्को बिहान उनीहरूलाई स्कुल पुर्याउँदथें, र फेरी उनीहरूलाई घर लानको लागी समय नभइन्जेलसम्म म अस्पतालमा रहदथें। म हरेक मिनेट फिलसँग नै बस्न चाहन्थें, तर हाम्रा नानीहरूसँग पनि रहनु र उनीहरूलाई निश्चयता प्रदान गर्नु र उनीहरूका दैनिकीलाई कायम गर्नु पनि महत्वपूर्ण छ भनि मैले महसुस गर्दथें। जब म दिन व दिन फिलको बिस्तराको छेउमा बस्दथें, परमेश्वरले उहाँलाई चंगाई गर्नुभएको होस् र जाडो महिनाको अन्त्यभित्र मिसिनेरी टेक (TECH) समुहसँग काम गर्नको निम्ति हाम्रा योजनाहरूलाई निरन्तरता दिन सकौं भनि मैले उहाँलाई प्रार्थना चढाउँथें।

जब म त्यहाँ बस्दथें, मैले बाइबल पनि अध्ययन गर्दथें। परमेश्वरले मलाई दुई पदहरू प्रदान गर्नुभयो जुन मेरा लागी ज्यादै महत्वपूर्ण रहेका छन्। पहिलो पद हो १यूहन्ना ४:१८। *"प्रेममा डर हुँदैन; तर सिद्ध प्रेमले डर निकालिदिन्छ, किनभने डरमा बढी पीडा हुन्छ। जो डराउँछ, ऊ प्रेममा सिद्ध पारिएको छैन"।* दोश्रो पद हो भजनसंग्रह ४:८। *"शान्तिसित म सुत्नेछु र निदाउनेछु; किनकी हे परमप्रभु, तपाईले मात्र मलाई सुरक्षासाथ बस्ने तुल्याउनुहुन्छ"।* यी पदहरूले मेरा भयहरूलाई हटाइदिए र परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ र हाम्रो हेरचाह गर्नुहुन्छ भनि मलाई शान्ति प्रदान गर्यो।

फिलको बिरामी अवस्थामा हाम्रा धेरैजसो साथीहरू अस्पतालमा मलाई भेट्नको लागी र मसँग प्रार्थना गर्नको लागी आए। हरेक परिस्थितिहरूमा काम गर्नको लागी परमेश्वरले कसरी पूर्ण समयको प्रयोग गर्नुहुन्छ भनि थाहा गर्दा म चकिन परें। हामीसँग एकजना साथी हुनुहुन्छ, जोन् किन्ज, जो हामीसाथ नै हुर्कनुभयो। स्कुलको अध्ययन सकेपछि उहाँ टाढाको कलेजमा पढ्न जानुभयो र जब उहाँले विवाह गर्नुभयो, उहाँ आफ्नी पत्नीसाथ क्यालिफोर्नियामा सर्नुभयो र एउटा मण्डलीमा पाष्टर भइ कार्यारत हुनुभयो। बोइसमा भेटघाट गर्नको लागी उहाँहरू समय-समयमा जानुहुन्थ्यो। फिल र मैले स्कुल जानका लागी दुई वर्ष सिकागोमा बिताएका थियौं र पछिबाट हामीले दुई वर्ष इक्वेडरमा रह्यौं, त्यसकारण स्कुल पछि २२वर्षको समय अवधीमा हामीले जोनलाई केही पटकमात्र भेटेका थियौं। परमेश्वर, उहाँको प्रेम र करुणामा, यस किसिमले व्यवस्था गरिदिनुभयो की जब इन्सेफलाइटिसका कारणले फिल अस्पतालमा रहनुभएको थियो त्यतिबेला जोन् बोइसमा हुनुहुन्थ्यो। जोनकी पत्नीले केही वर्षहरू पछि प्रमुख हृदय-व्यथा भोग्न पुग्नुभयो तब म कस्तो अवस्थाबाट गुज्रेको थिएँ भनि जोनले थाहा गर्नुभयो। साथे उहाँले मलाई प्रोत्साहन पनि दिनुभयो, उहाँले सारा रसिदहरू मिलाउन र आर्थिक मामलालाई व्यवस्थापन गर्नको निम्ति मलाई मद्दतपूर्ण सूचनाहरू प्रदान गरिदिनुभयो।

फिल

म गहिरो अचेत अवस्थामा हुदैँ गर्दा। मेरी पत्नी र अरु साथीहरूले बताएबाट मात्र म यो कथा भन्न सकिरहेको छु। पछिका केही दिनहरूमा मेरो अवस्थामा केही परिवर्तनहरू आउनपुग्यो। म वास्तवमा यन्त्रहरू, तारहरू, र नलीद्वारा जीवित राखिएको थिएँ। मलाई नसाभित्र केही औषधीहरू दिइयो, म सास फेर्ने, खाना खुवाउने, मुटुलाई निगरानी गर्ने, "ध्वनि", र अरु के-के, यन्त्रमा रहेको थिएँ,

अचेत अवस्थामा रहेको छैटौं दिनमा, म बिउँझिन पुगँै। जब म होसमा आउँदै थिएँ, मैले वरिपरि हेर्दै थिएँ र यो मलाई सम्झनामा छ र मलाई महसुस भयो की अस्पतालमा थिएँ। म किन त्यहाँ थिएँ र म किन ती यन्त्रहरू सँग जोडिएको थिएँ भनि म अचम्म मान्न थालैँ। एउटा नर्स आउनुभयो र मलाई होसमा आएको, र वरिपरि हेरेको, र चलेको देख्दा छक्क पर्नुभयो। चाडैँ नै लिण्डा आउनुभयो र शान्तसाथ के-के हुन पुग्यो र म किन अस्पतालमा छु भनि मलाई बताउनुभयो। मेरो जीवनको त्यस नाजुक अवस्थामा पनि मेरी पत्नीले मलाई कसरी प्रोत्साहन दिनुभयो भनि म बताउन नै सक्दिनँ। इन्सेफलाइटिस के हो भनेर उहाँले मलाई बताउनुभयो, र पछिबाट भन्दै जानुभयो की सारा कुराहरू ठीक हुनेछन्। उहाँको शान्त व्यवहार गहिरोरुपमा पुनर्निश्चियता प्रदान गर्ने किसिमको थियो र उहाँले जे भन्नुभयो ती मैले स्वीकार गरें। त्यस समयमा मैले आफ्नो स्वास्थ्यताको पुनर्स्थापनको बारेमा चिन्ता गरिनँ।

लिण्डा

उहाँलाई अस्पतालमा भर्ना गरेर राखेको चौथौं दिनमा, फिलले संक्षपेमा एउटा आँखा खोल्नुभयो। अर्को दिनमा उहाँले दुवै आँखा खोल्नुभयो र ती फेरी बन्द गर्नुभयो। उहाँ कुनै पनि कुरा वा कसैलाई पनि जान्नसक्ने हुनुभएको थिएन, तर अचेत अवस्था कम गहिरिएको थियो। छैठौं दिनमा बिहानको करिब ९ बजेतिर जब म अस्पतालमा पुगें, उहाँ चेत अवस्था हुनुहुन्थ्यो र बोल्दै हुनुहुन्थ्यो। मेरो हृदय हर्षले फुट्नेछ भनि मैले सोचें। उहाँ बिउँझिसक्नुभएको थियो, तर अचेत अवस्थामा रहेको छ दिन भएकोले, सामान्य अवस्थामा आउन भने समय लाग्दथ्यो। के कुराको आशा गर्ने भनेर मलाई केही पनि थाहा थिएन, तर चाडैं नै मैले थाहा गरें।

फिलले मलाई सोध्नुभएको पहिलो प्रश्नमा उहाँले आफू कहाँ छु र किन त्यहाँ छु भनि सोध्नुभयो। उहाँ अस्पतालमा हुनुहुन्छ र उहाँ संक्रमिक इन्सेफलाइटिसको बिरामी हुनुहुन्छ, जुन मस्तिष्कको संक्रमण हो भनि उहाँलाई मैले बताएँ। अर्को प्रश्न थियो उहाँ त्यहाँ कति दिन रहनुभयो। ६दिन भनि मैले उहाँलाई भनें। उहाँको अर्को अभिव्यक्ति यो थियो की खर्ष $२००० लाग्यो होला। मैले मुस्कानसाथ भनें, “कमसेकम त्यति”। मलाई थाहा थियो की त्यस समयमा करिब $१०००० उभिँ जति खर्च भइसकेको थियो। ती दिनहरूमा जवान परिवारका लागी त्यति खर्च धेरै खर्च थियो, तर उहाँले यस विषयमा चिन्ता लिएको मैले चाहिनँ।

फिल चेत अवस्था आउनुभएको ती दिनहरूमा, धेरै कुराहरू घटेकाले तीद्वारा मलाई महसुस भयो कि फिल सामान्य अवस्थामा आउनको लागी लामो समय लाग्नेछ । जब म उहाँको ओछ्यान छेउमा बसिरहेको थिएँ, पानी भित्र नपरोस् भनेर उहाँले मलाई धेरै पटक झ्याल बन्द गर्नको लागी आग्रह गर्नुभयो। झ्याल खोलिएको थिएन न ता पानी नै परिरहेको थियो। एउटा यन्त्र रेडियो हो की भनेर उहाँले मलाई सोधिरहनुभएको थियो। यो चाँही एउटा बालकले पहिलोपटक केही थोक देखेकोझैँ र अचम्म भएको झैँ थियो। जब उहाँले पानी पिउनको लागी गिलासलाई पक्रन खोज्नुभयो, उहाँको संयोजन बन्द रहेको थियो र गिलास उठाउनको निम्ति उहाँको हात गिलासतिर जान सकेकै थिएन। उहाँको सन्तुलन यतिसम्म बन्द रहेको थियो की उहाँ सिधा उभिन र हिँड्न समेत सक्नुहुन्नथ्यो। फिल उठ्नुभएको केही दिनहरू पछि, एक आइतबारको दिनमा, उहाँको ओछ्यानको छेउमा बसेर अस्पतालको कक्षबीचको बाटोमा गुन्जने संगित म सुनिरहेको थिएँ। फिलले पनि त्यो सुन्नुभयो, र संगितको साथमा त्यसको गीत गाउन शुरु गर्नुभयो। तब त्यस क्षणबाट मैले थाह गरें की उहाँ निको हुनुहुनेछ। उहाँले गाउनुभएको गीतको बोल थियो, “येशूलेजस्तो गरी मलाई कसैले हेरचाह गर्दैनन्”।

फिल

म बिउँझेपछिको हप्तादेखी उसो म केही कुराहरूको पनि सम्झना गर्न सक्दिनँ। मेरो मस्तिष्कले अझ राम्रोसँग काम गरिरहेको थिएन। मैले एकपटक हिँड्ने कोसिस गरेको कुरालाई भने म सम्झन्छु। मेरो संयोजन र सन्तुलन धेरै कमजोर भएको थियो र म सहारा बिना हिँड्न सक्दैनथिएँ। कुर्सीमा मलाई बाँधिएको, र शौचालयमा जान पनि मलाई सहारा चाहिएको मलाई याद छ। मैले सहायता माग्नुपर्ने थियो, तर मैले निर्णय गरें की मलाई शौचालय नर्सको सहायता चहिँदैन। मैले आफ्नो बन्देजबाट त आफूलाई छुटाएँ, मेरो सहायताको डण्डीमा झुण्डें र शौचालयसम्मको मेरो बाटोमा म लरबराएँ र ठेस खाएँ, जहाँ मैले मेरो मिसनलाई पूरा गरें। मैले विचार गरें की यो त ठूलो प्रगति हो, तर केही बेरमै मैले मेरी पत्नी र नर्स दुवैबाट हप्कि पाएँ। अर्को एउटा कुराको मलाई सम्झना छ। मेरो कोठामा पानी परिरहेको थियो!!! म प्रष्टसँग अझै पनि यसलाई सम्झन सक्दछु।

लिण्डा

अस्पतालमा रहेको अर्को हप्ता, म अस्पतालको आर्थिक कार्यालयमा जाने समय भएको थियो र फिललाई सेवा मुक्त गर्नका लागी भुक्तानीको व्यवस्था गर्नुपर्ने थियो। फिल मिसिनेरी टेक (TECH) समुहमा पूर्ण कालिन सेवारत हुनाको लागी हामीले अर्थ संकलन प्रतिनियुक्ति गरिरहेका थियौं, र फिलले आफ्नो काम केही समयको लागी मात्र गर्ने विचार गर्नुभएकोले, हामीले कुनै चिकित्सा विमा गरेका थिएनौं। सबैजना स्वस्थ भएका हुनाले या बारेमा हामीले कुनै चिन्ता पनि लिएनौं। विभिन्न सं-संस्थाहरूले विभिन्न कार्यक्रमहरूद्वारा सहयोग प्रदान गर्न सकोस् भनेर अस्पतालले भर्न लागी मलाई यति धेरै फारम प्रदान गर्यो। मैले ती घरमा लगें र हेरें र मैले यो महसुस गरें की भुक्तानी गर्नको लागी परमेश्वरले मलाई उहाँमा भरोसा गरेको चाहनुहुन्छ भन्ने मलाई लाग्यो। दोश्रो दिम म कार्यालयमा गएँ र मैले भुक्तानी गर्नको निम्ति परमेश्वरले कसरी सहायता गर्नुहुन्छ सो हेर्नको लागी एक महिनाको समय माग गरें। आश्चर्यरुपमा, तिनीहरूले मलाई तीन महिना दिन्छौं बताए। यो एउटा अति नै ठूलो अस्पताल थियो र तिनीहरूले यस्तो व्यवहार त गर्दैनथिए; तर यस समयमा भने तिनीहरूले यसो गरे।

मैले हाम्रो पाष्टरलाई यस स्थितिको बारेमा ज्ञात गराएँ, र उहाँले मेरा साथीहरू र आफन्तहरूलाई हाम्रो खाँचोको बारेमा लेख्नेछु भनि सल्लाह दिनुभयो, र उहाँले लेखिदिनु पनि भयो। हाम्रो मण्डलीले चिकित्सा कोषमा आउने आर्थिक सहयोगलाई हाम्रो निम्ति उपलब्ध गराइदिने विचारे गर्यो र एउटा कोष खोलिदियो। परमेश्वरले हाम्रो मद्दतको प्रार्थनाको उत्तर दिनुभयो र आर्थिक सहयोगहरू आउन थाले। सबैजनाको उदारता देखेर हामी अचम्मित र ब्याकुल भयौं। केही हप्ताहरू पछि अस्पतालको आर्थिक व्यवस्थापनको कार्यालयबाट मलाई खबर आयो की हाम्रा आर्थिक प्रबन्धहरू के-कसो हुँदैछन्। मैले उनीहरूलाई सूचना गराएँ की मसँग $३००० मात्र थियो र म चाडैँ आउनु र भुक्तानी गरिदिनेछु भनि बताएँ। तिनीहरूले भने यस विषयमा चिन्ता नलिनुहोस्, तब म उदेकमा परें। तिनीहरूले मलाई बताए की खाँचोमा परेकाहरूलाई मद्दत गर्नाको निम्ति तिनीहरूसँग अर्को अतिरिक्त कोष थियो, र तिनीहरूले त्यसबाट हाम्रो सारा रसिदहरू जुन करिब $११००० जति थियो, त्यसको भुक्तानी गरिदिने कुरालाई व्यक्त गरे। परमेश्वरको प्रशंसा होस्! हामीसँग रहेको रकम आफैले राख्नलाई तिनीहरूले आग्रह गरे र त्यसको प्रयोगचाँही अस्पतालको रसिदहरूको रकमभन्दा अतिरिक्त उठेको खण्डमा, डाक्टरको शुल्क र अन्य परिक्षणहरूको शुल्क तिर्नको लागी प्रयोग गर्नुहोस् भने।

फिल घर जान पाउन अघि, उहाँलाई शारिरिक पुनर्स्थापनको लागी बोइसमा रहेको अर्को अस्पतालमा सारियो। उहाँ त्यहाँ एक हप्ता भर्ना हुनुभयो र अर्को हप्ता भने वाहिरङ्ग बिरामीको रुपमा जाँच्नको लागी जानुपर्ने भयो। त्यसबेलासम्ममा उहाँ प्राय सामान्य अवस्थामा आइपुग्नु भएको थियो। उहाँले उल्लेखनिय स्वास्थ्यता लाभ गर्दै हुनुहुन्छ भनि सबैले बताइरहेका थिए। अर्को हप्ता विजुलीको काम गर्नको लागी उहाँ फेरी पनि जानुभयो, तर

चाँडै अनुभव गरेको "मस्तिष्कको कष्ट"को कारणले गर्दा उहाँले त्यो कामलाई छाड्नुपर्यो। समय बित्दै जाने क्रममा यस स्थिति बिस्तारै सुधार हुँदै थियो।

फिल

अर्को दिन मलाई एउटा शारिरिक पुनर्स्थापन अस्पतालमा हिँड्ने तालिम प्रदान गर्नका निम्ति सारियो। मलाई घर जान नदिइएकोमा झोक उठ्यो, र म त्यहाँ जान नपरोस् भनेर मैले सक्दो राम्रो भएको भान गरें। मेरो पुनर्स्थापनको कार्य शुरु हुनु अघि नै, म मेरो पाङ्ग्रे कुर्सीबाट निस्कें र छडीको सहारामे साझा कोठामा हिँडडुल गरें। दोश्रो दिन म खाना-खाने कक्षमा कसैको मद्दत बिना नै पुगें। मैले के गर्न सक्छु वा सक्दिनँ भनि कसैले पनि मलाई केही बताएनन्। म उनीहरूको अघि राम्रो भएको देखाउने प्रयास गरें। म एक मानसिक रोग चिकित्सकबाट पनि मुल्यांकन गरिएँ जसले परमेश्वरमा रहेको विश्वासलाई कमजोर तुल्याउने प्रयास गरे तर उनी यस कठीन बिरामीद्वारा झट्टै बेसुर पारिए। अर्को हप्ता मलाई घर जाने अनुमति दिइयो, तर म जचाउँनको लागी भने बाहिरङ्ग बिरामीको रुपमा अस्पताल आइरहनु पर्ने थियो।

म काममा फेरी फर्कने सवालमा डाक्टरले मलाई केही पनि बताउनुभएन, र घरमा रहेको केही हप्तापछि मैले विचार गरें की मेरो जीवन अगि बढाउने र काम गर्ने समय भएको छ, र लङ्गिभ्यउ, टेक्सास मेसिनेरी टेक (TECH) समुहमा जानको लागी तयारी हुनुपर्ने बेला भएको छ। म फेरी पनि विजुली मिस्त्रीको काम गर्न गएँ। म एक हप्ताभन्दा कम काम गरिरहेको थिएँ तब मेरो मस्तिष्कमा ज्यादै पिडाको अनुभुति भयो। मैले काम गरेको ३-४ घण्टामा मेरो मस्तिष्कले कार्य गर्न छाड्दथ्यो। मैले सोच्न नै सक्दैनथिएँ।

साँझमा म घर आइसक्रुपर्ने थियो। यो शिलशिला तीन दिन लगातार चल्यो, र मैले गरेको काम फेरी अर्को व्यक्तिले गर्नुपर्यो। पहिलो हप्ताको अनत्यतिर नै म कामबाट निकालिएँ।

यस समयमा, मेरो बिरामी कति गम्भिर रहेछ भनि थाहा हुन थाल्यो। रसिदहरूको थुप्रो लाग्न थालेको थियो र काम गर्नको लागी मसँग सामर्थ्य थिएन। मैले मेरी पत्नी र चार नानीहरूलाई कसरी मद्दत गर्ने भन्ने बारेमा म विचार गरिरहेको थिएँ। त्यस समयमा मेरा नानीहरू क्रमश १५,१३,११ र ९ वर्षका थिए। यी दिनहरू मेरो जिन्दगीको सबैभन्दा अन्धकार दिनहरू थिए। म उसासीबाट गहिरो निराशातर्फ पुगें। मेरो मस्तिष्क बिग्रिएको थियो। मैले अब उसो काम गर्न सक्दिन थिएँ, र मेरी पत्नी र नानीहरूलाई सहायता गर्न असक्षम रहेको थिएँ वा म कुनै राम्रो कुरा गर्नको लागी योग्यको थिइनँ, र मैले देखेको भविष्य यथार्थमा बिलिन भएको थियो। ती अन्धकारमय दिनहरूमा मैले भोगिरहेको मानसिक पिडालाई म व्यक्त गर्न सक्दैनथिएँ। मैले राम्रो स्थिति नै रहेको देखाउन खोजें तर भित्र-भित्रै म पिडित थिएँ, र यो कुरा मेरी श्रीमति, वा अरुकसैलाई बताउन सकिरहेको थिइनँ। परमेश्वरमा रहेको मेरो विश्वास पनि बाङ्गिएको थियो, र समय-समयमा उहाँ त्यहाँ हुनुभए तापनि उहाँले मलाई किन मस्तिष्क खराबी भएको मानिस हुन दिनुभयो भनि यस्ता विचारहरू म गरिरहँदथे।

म कसरी भनेर बयान गर्न सक्दिनँ, तर मेरो निरासाको बीचमा, परमेश्वरले मेरो विचलित हृदय र आत्मालाई शान्त पारिदिनुभयो। उदासीको समयमा रहुन्जेल पनि, मैले यो निर्णय लिएँ की परमेश्वरले हामीलाई मिसिनेरी टेक (TECH) समुहमा कार्यारत हुनको लागी अगुवाई गर्दै हुनुहुन्थ्यो र म त्यही नै दिशामा निरन्तरता दिनेछु। त्यही समयमा नै रसिदहरूको थुप्रो लागि नै रहेको थियो र हाम्रा जीवनयापनका साधारण खर्चहरू पनि भइ नै रहेको थियो। मैले विजुली मिस्त्रीको अर्को काम पाएँ, त्यहाँ अर्को एक हप्ता काम गरें र फेरी पनि निकालिएँ। त्यसपछि फेरी पनि अर्को काम र म तेश्रो पटक पनि निकालिएँ। मेरो मस्तिष्क सामान्य रुपमा सही काम गरिरहेको थिएन। ती महिनाहरूबाट मैले केही राम्रो सम्झना त गर्दिनँ, तर टेक्सासमा सर्नको लागी भने मैले

पर्याप्त काम गर्ने मौका पाएँ। इन्सेफलाइटिसबाट संक्रमित भएको सात महिनापछि, हामी टेक्सासमा मिसिनेरी टेक (TECH) समुहमा कार्यारत हुनको लागी जादैँ थियौं। हाम्रा साथीहरू र परिवारका उदारताले , हामी टेक्सासमा सर्न अघि हाम्रा सारा रसिदहरू भुक्तानी भइसकेका थिए।

लिण्डा

अर्को महिना वा त्यसपछिको अर्को महिना पनि फिल, फेरी काम गर्न सक्छु की सक्दिनँ र उहाँले परिवारलाई सहायता गर्न सक्नुहुन्छ की हुँदैन र मिसिनेरी भइ कार्यारत हुन सक्नुहुन्छ कि हुँदैन भनि विचार गरिरही उदासी समयहरूमा रहनुभएको थियो। यी प्रश्नहरूको उत्तर मलाई थाहा थिएन, मलाई यो भने थाहा थियो की परमेश्वरले हाम्रो हेरचाह गर्नुहुन्छ र हामीलाई अगुवाई गर्नुहुनेछ। फिललाई प्रोत्साहन गर्न र समस्याहरूबाट उहाँको विचारलाई हटाउनको लागी मैले सकेसम्मको प्रयास गरें। फिल र म विवाहित हुनुअघि, हामीले बलिङ् खेललाई रुचाउँथ्यौं। अब यो खेल्नु केही मनोरन्जनको कार्य हुनेथ्यो र उहाँको शक्ति कायम गर्नको लागी यसले मद्दत पनि पुर्याउँदथ्यो। हाम्रा नानीहरू विद्यालयमा हुँदा, हामीले केही महिनाहरू बलिङ खेल खेलेर बितायौं, र यसले हामी दुवैलाई नै मद्दत पुर्यायो।

फिलले यो निर्णय लिनुभयो की परमेश्वरले ढोका बन्द नगर्नुभएसम्म हामी त्यस गर्मीयाममा टेक्सासमा जाने र मिसिनेरी टेक (TECH) समुहमा कार्यारत हुने लक्ष्य बनाउने छौं। परमेश्वरले, आफ्नो अनुग्रह र प्रेममा, फिललाई अगस्तको आखिरीसम्ममा पूर्ण चंगाई प्रदान गर्नुभयो, र हामी टेक्सासमा गयौं र मिसिनेरी टेक (TECH) समुहमा कार्यारत भयौं। हाम्रा सारा चिकित्सा खर्चहरू तिरिसहिएको थियो र फिल काम गर्ने अवस्थामा नहुदाँसम्म हामीसँग धेरै रकम जम्मा रहेको थियो। परमेश्वरको प्रशंसा होस्!

फिल

यो मेरो भावना हो, कि समयको अन्तरालमा, मैले ९५प्रतिशत स्वास्थ्य लाभ प्राप्त गरें। मैले विचार गर्न र मेरो मस्तिष्कलाई प्योग गर्ने प्रयास गरें, र मैले मिसिनेरी टेक (TECH) समुहको अधिकाशं कामहरू सम्पन्न गरें। म सजिलैसँग थकिन हुँदथेँ, तर मैले मेरो कार्यतालिकालाई समायोजित गर्न सक्षम भएँ र मैले "खराब" अनुभव गरेको दिनमा धेरै काम गर्न चाहिनँ। सबैकुरालाई ध्यानमा राख्दै, मिसिनेरी टेक (TECH) समुहमा कामहरू राम्रैसँग चलिरहेको थियो। मैले बिभिन्न कार्यहरू गरिरहेको थिएँ। मैले बिभिन्न मिसनहरूका लागी विद्युतिय कार्यहरू पनि गरें, विद्युतिय नमुनाहरू पनि बनाएँ र बिभिन्न कलेजहरूमा मिसिनेरी टेक (TECH) समुहको प्रतिनिधित्व पनि गरें। मैले यात्रा गरिरहेको थिएँ र आनन्द पनि लिइरहेको थिएँ। यद्यपि, परमेश्वरले मलाई अझै प्रत्यक्ष सेवकाईमा अगुवाई गरिरहनुभएको छ भनि मैले महसुस गरें। मिसिनेरी टेक (TECH) समुहसँग आवद्ध भएको पाँच वर्षपछि (इक्वेडरमा रहेको समयलाई पनि समावेश गरी), जब मलाई दक्षिणी-पूर्व, ओक्लहोमामा, सेवकाईको निर्देशक हुनाका निम्ति सोधियो, तब मैले स्वीकार गरें।

दक्षिणी-पूर्व, ओक्लहोमामा, मस्खोगियन (चक्ट) जातिको मानिस, क्लार्क विल्सनसँग म साथी बनें, जो एक समयमा करोडपति बनिसकेका थिए र सफल ५०० कम्पनिका संस्थापक र प्रमुख खध्यक्ष बनिसकेका थिए। जब मैले उहाँलाई भेटे त्यतिबेला उहाँ ऋण चुक्ता गर्न नसक्ने अवस्था पुगिसक्नु भएको रहेछ, र उहाँको मद्यपानको लतले गर्दा सारा थोकहरू गुमाइसक्नुभएको रहेछ। म यो कुरामा विश्वास गर्दिनँ की म क्लार्क जस्तो आत्मिकी भोको मानिसँग कहिल्यै पनि कार्यारत रहेको छु। साथमा परमेश्वरको वचन अध्ययन र प्रार्थनामा हामीले धेरै समयहरू बितायौं। जसै हाम्रो मित्रता बढ्दै गयो, पियक्कड र अरु लागुऔषध दुर्व्यसनमा लागेकाहरू माझमा

सेवा गर्ने विचार गर्नको निम्ति उहाँले मलाई प्रोत्साहन प्रदान गर्नुभयो। शुरुमा म तर्किन खोजें, तर हामीले धेरै लागुऔषत पुनर्स्थापना केन्द्रहरूको निरिक्षण गर्यौं र पुनर्स्थापना केन्द्र खोल्नको लागी हामीले साथमा योजनाहरू बनाउन थाल्यौं। इलोनोइस नदिको नजिकमा, टलिक्वा, ओक्लहोमामा रहेको ९५ एकड सुन्दर जमिन हामीलाई प्रयोग गर्नको निम्ति प्रदान गरियो। त्यहाँ छ वर्षसम्म, क्लार्क र मैले साथमा दुर्व्यसनीहरूले आफ्नो लतमाथि विजय प्राप्त गर्न सकुन् भनेर कार्यहरूको योजना बनायौं। म एक निर्देशक र बाइबल शिक्षक थिएँ, र क्लार्कले मद्यपानको बारेमा सिकाउनुहुन्थ्यो। यो अति नै तनावग्रस्त थियो र यो सजिलो थिएन, तर परमेश्वर कार्य गर्दै हुनुहुन्थ्यो। त्यहाँ असल परिणामहरू आइरहेको थियो र यो पुरस्कृत कार्य रहेको थियो।

नोभेम्बर १९९४मा, मैले त्यस राज्यको मानसिक स्वास्थ्य विभागलाई, तिनीहरूले रूघाको औषधी बाँडिरहेको स्थानहरूमा लागुऔषध दुर्व्यवसनीको बारेमा केही लेखहरू बाँड्ने गर्ने सहमति जनाएको थिएँ। मैले यस अघि कहिल्यै पनि रुघाको सुई लिएको थिइनँ र मैले पनि त्यो लिऊँ की भनेर विचार गरिरहेको थिएँ। मैले त्यहाँ खटाइएको निरिक्षकलाई बताएँ की मलाई संक्रामक इन्सेफलाइटिस भएको थियो। मलाई केही पनि हुनेछैन भनि निश्चयता प्रदान गरियो र सबैले मलाई लिनको लागी आग्रह गरे। म फेरी पनि यस संक्रामक इन्सेफलाइटिसबाट बिरामी हुँदिन भनि अस्पतालको डाक्टरहरूबाट पनि मलाई निर्धक्क तुल्याइएको थियो। मैले त्यस औषधिलाई लिने निर्णय गरें। फेरी पनि मेरो जीवन त्यस रोगबाट उलटपुलट हुन लागेको थियो जुन कहिले पनि मलाई लाग्नेछैन भनि डाक्टरहरूले मलाई निश्चयता प्रदाम गरेका थिए।

त्यस औषधि लिएको केही दिनपछि हामीसँग हाम्रा केही साथीहरू त्यस साँझ साथमा रहनुभएको थियो र मैले टाउको दुःखाईको अनुभव गर्नथालें। मैले माफ मागें, चारवटा टाइलेनलको चक्की खाएँ र बिस्तरामा उक्लें। फेरी, त्यस हप्ता वा सोभन्दा बढीको समयमा मैले सम्झना गर्ने भनेको यही मात्र हो। अर्को दिन फेरी पनि म प्रतिकृया जनाउन नसक्ने स्थितमा पुगे, र मेरी पत्नीले फेरी पनि त्यही लक्षणलाई अनुभव गर्नुभयो जुन ९वर्षअघि मैले देखाएको थिएँ। उहाँले नजिकको साथी जो चिकित्सा प्राविधिक (EMT – Emergency Medical Technician) हुनुहुन्थ्यो उहाँलाई बोलाउनुभयो र उहाँ आउनुभयो अनि मलाई जाँच्नुभयो। उहाँले एम्बुललेन्स (बिरामी गाडी) बोलाउनुभयो र यस शहरमा रहेको सानो अस्पतालमा मलाई लैजानुभयो। मलाई फेरी संक्रामक इन्सेफलाइटिस भएको थाहा गरियो। त्यस रात आकस्मिक कक्षमा म लडाकु भएको थिएँ। मलाई बताइयो की मैले ५फिट ३ इन्चको महिला डाक्टर र उनकी एक नर्सलाई झण्डै हिर्काएको थिएँ। तिनीहरूले मेरो साथमा रातभरि नै सुरक्षा पाले राखे। तिनीहरूले मलाई ठूलो मात्रामा निन्द्रा लगाउने औषधी दिए। बिहानसम्ममा म शान्त भइसकेको थिएँ तर मैले सास फेर्न भने रोकें। आकस्मिक सेवा प्रदान गर्नका लागी तालिम प्राप्त गरेका स्वास्थ्य कर्मीहरूलाई (ब्लू कोड \ Blue Code) बोलाइएयो र तिनीहरूले मलाई पुनर्जीवित पारे। यस पछि म हेलिकप्टरमा उडाइएँ र तुल्सा, ओक्लहोमामा रहेको ठूलो अस्पतालमा लगिएँ। ती डाक्टर जसले मलाई टलिक्वामा हेरचाह गर्नुभएको थियो की उहाँले पछिबाट व्यक्ति गर्नुभयो की जब मलाई तुल्सातर्फ उडाइयो, उहाँले मलाई फेरी जीवित देख्ने आशा पनि गर्नुभएको रहेनछ।

लिण्डा

फिललाई इन्सेफलाइटिस कसरी लाग्यो भन्ने बारेमा डाक्टरहरूले पनि ठ्याक्कै पत्ता लगाउन सकेनन्। यो हुन आउने कारणहरू धेरै छन्, तर फिलको मामलामा कुनै पनि सही हुन आएनन्। मैले चित्त बुझाएको एउटा वर्णन चाँही सही हुन आएको थियो, जुन चाँही एक हप्ता अघि उहाँमा रहेको रूघा खोकीको ज्वरोको जटिलता नै थियो। उहाँ यो बिरामीमा फेरी पर्नुहुनेछैन भनि तिनीहरूले मलाई बताएका थिए।

अब, उहाँले के गर्नुभयो, सो अनुमान लगाउनुहोस्?! सेवानिवृत्त सेना दिवसको दिन, नोभेम्वर ११, १९९४मा, फिल टाउको दुःखाईको साथ उठ्नुभयो। साँझ सम्ममा उहाँ मप्रति प्रतिकृया जनाउन नसक्ने स्थितिमा पुगिसक्नुभएको थियो। यो के भएको हो भनि मैले तुरुन्त थाहा गरिहालें, म हाम्रो घरपछाडिको चउरमा गएँ र हाम्रो पिकनिक टेबलमा बेर रुदैँ परमेश्वरसँग विन्ती चढाएँ की यो, इन्सेफलाइटिस भएको म चाहँदिनँ, परमेश्वरले फेरी यो हुन दिनुभयो, र फेरी पनि अघि बढ्नको लागी उहाँले मलाई शान्ति र सामर्थ्य प्रदान गर्नुभयो।

फेरी पनि फिलले डाक्टरलाई नबोलाउनु भन्नुभयो, तर मध्य-दिनमा मैले मेरो साथी, जेस् फ्रेनच, जो हाम्रो पाष्टर र चिकित्सा प्राविधिक (EMT – Emergency Medical Technician) पनि हुनुहुन्थ्यो, उहाँलाई बोलाएँ। उहाँ काममा हुनुहुन्थ्यो, र तुरुन्तै उहाँ र उहाँका एम्बुलेन्सका सदस्यहरू फिललाई हेर्नको निम्ति आइहाल्नुभयो। उहाँहरूले तुरुन्तै फिललाई टलिक्का सिटि अस्पतालमा लैजानुभयो। जहाँ तिनीहरूले फिलको परिक्षण गर्न थाले। मैले यो कुन बिमारी हो भने, र धेरै परिक्षणहरू पछि तिनीहरू पनि एउटै निष्कर्षमा पुगे – त्यो थियो संक्रामक इन्सेफलाइटिस। यस समयमा भने फिल अचेत अवस्थामा पुग्नुभएन र उहाँ निकै थकित र आक्रामक हुनुहुन्थ्यो, तर उहाँको वरिपरि के भइरहेछ त्यसमा भने पूर्णरुपले अज्ञात हुनुहुन्थ्यो।

हाम्री छोरी रकस्यान, जिन् ब्राउन विश्व-विद्यालय, सिलोआम स्प्रिङ्ग्स, अर्कान्सामा अध्ययनरत थिइन्, जब फिल बिरामी भएको तिनले थाहा गरिन् त्यस समयमा नै उनीले विद्यालयबाट विदा लिइ घरमा आइन्। तिनी केही समयको लागी अस्पतालमा पनि आइन्, र पछिबाट मैले तिनलाई घर गएर साथीहरू र परिवारहरूलाई प्रार्थनाको खबर दिनको लागी आग्रह गरें।

अर्को बिहानीको करिब ६बजेतिर, फिललाई आघात भयो र उहाँले सास रोक्नुभयो। जब तिनीहरूले उहाँलाई होशमा ल्याए, तब तिनीहरूले तिरुन्तै हेलिकप्टरद्वारा उहालाई हिलक्रेष्ट असपताल केन्द्र, तुल्सामा लानको लागी प्रबन्ध मिलाए, जुन करिब ७५ माइल (१२०.७०कि.मी) टाढामा रहेको थियो। भयङ्कर मौसमको कारणले, तिनीहरू उड्न सक्छन् वा सक्दैनन् भन्ने प्रश्न खडा हुने अवस्था थियो, तर उनीहरू उडे। जब म त्यस ठन्डा नोभेम्बरको रातमा त्यहाँ हाम्रा पाष्टर र उहाँकी श्रीमतिको साथ मा रहिरहें र फिललाई हेलिकप्टरमा लगिरहेको देखें, ममा आँशु आइरहेको थियो। तर म अघि बढ्नको लागी परमेश्वरले मलाई शान्ति र सामर्थ्य प्रदान गर्नुभएको थियो। म हतारिदैँ घर गएँ र मेरो दाँत माझ्ने ब्रुस आदी... उठाए र हप्तादिनलाई पुग्ने कपडाहरू लिएँ, र हाम्रो छोरी र फिलको भाइ, स्टेफन, जो यहाँ टलिक्कामा नै बस्दथे, उनीहरूको साथमा तुल्सातर्फ लागें। हामी सबै नै आ-आफ्नो कारमा गयौं कारण मैले फिल अस्पतालमा रहुन्जेलसम्मै उहाँसँग नै रहने योजना बनाएको थिएँ, र तिनीहरू आफ्नो विद्यालय र काममा जानुपर्नेथ्यो। यस समयमा हाम्रा सारा नानीहरू आफ्नै खुट्टामा उभिसकेका थिए, र निरन्तर फिलसंग रहनुबाट मलाई कुनै कुराले पनि रोक्ने थिएन।

त्यहाँका सारा नर्सहरू असल थिए र तिनीहरूले मलाई बस्न नहुने भए तापनि फिलको खाट छेउको कुर्सीमा बस्ने अनुमति दिए। किनभने फिल निकै छटपटीमा थिए, र उहाँलाई आराम दिनको लागी डाक्टरहरूले अर्को नयाँ प्रकारको औषधी दिए जसले उहालाई बेहोश बनाउँदथ्यो। हेकी दिनहरू पछि, तिनीहरूले उहाँ “ठीक” हुनुभयो की भनेर हेर्नको लागी दिनको सुई पटक औषधीको मात्रा कम गरे। चौथौं दिनमा, उहाँले आफ्नो थोरै खोल्नुभयो र फेरी ती बन्द गर्नुभयो। त्यस रात जब तिनीहरूले उहाँलाई त्यस औषधि दिएनन्, फिल फेरी होशमा आउनुभयो। मेरो प्रार्थनाहरूमा फेरी पनि जवाफ दिनुभएकोमा परमेश्वरलाई धन्यवाद होस्!

अर्को दिन वा त्यपछिको दिनमा, तिनीहरूले फिललाई सघन उपाचार एकाइबाट निकाले र चिकित्सा भुइमा सारे। नर्सहरूले त्यहाँ पनि मलाई फिलको बिस्तरा छेउको कुर्सीमा सुत्ने अनुमति दिए। त्यसपछि एक दिन मलाई

बताइयो की त्यस रात त्यहाँ कार्यको लागी खटिने नर्स नियम पालन गर्नलाई ज्यादै नै कडा रहेको र म फिलको साथमा त्यस रात रहन नसक्ने स्थितिको सिर्जना हुनेछ। यस विचारमा म निकै खिन्न बएको थिएँ, तर संभव भएसम्म साथ बस्ने निर्णय मैले लिएको थिएँ। त्यस रात नर्स आउनुभयो र स्थितिलाई अवलोकन गरेर फिल र म एक-अर्कामा निकै घनिष्ठ सम्बन्धित रहेको महसुस गर्नुभयो। हामीले विवाह गरेको कति वर्ष भयो भनि उहाँले सोध्नुभयो र मैले जवाफ दिएँ २८ वर्ष। उहाँले भन्नुभयो, "यो मेरो लागी पर्याप्त छ", र मलाई फिलको बिस्तरा छेउको कुर्सीमा रहने अनुमति पनि दिनुभयो।

फिल

इन्सेफलाइटिसको दोश्रो संक्रमणमा, पहिलो पटकमा भन्दा अहिले म कम अचेत अवस्थामा थिएँ, तर केही हप्तासम्म म निकै गम्भिर अवस्थामा रहेको थिएँ। जब मलाई दुःखाइ भगाउने औषधी दिइँदैनथ्यो, मलाई छटपटी हुन्थ्यो र सम्हाल्न कठिन हुँदथ्यो। यस समयमा मलाई एक कुराको सम्झना भने रहेको छ। मलाई मधुरो सम्जना छ की मेरी छोरी रक्स्यानले मेरो नाम पुकारेको थिइन्। मलाई लठ्याइएको र पिडा भएको मस्तिष्कमा पनि, मैले यो थाहा गरें की म अचेत अवस्थामा अस्पतालमा चार वर्षसम्म रहेको थिएँ, कारण मेरी छोरीलाई नर्स हुनको निम्ति त्यति समय लागेको हुनुपर्दछ।

अस्पतालमा रहेको हप्तादिनपछि, जब तिनीहरूले दुखाइ भगाउने औषधीलाई बन्द गर्दथे, तब म वरिपरि हेर्न र प्रतिक्रिया जनाउन सक्ने हुँदथे। फेरी पनि, मैले सारा यन्त्रहरू, तारहरू र नलीहरूलाई देखें। नलीहरू मेरो मुखमा रहेका हुनाले म बोल्न असमर्थ रहेको थिएँ, र मैले मेरी पत्नीको मुखमा हेरें जो मेरो साथमा हुनुहुन्थ्यो, र उनले शान्तसँग बयान गरिदिनुभयो की म संक्रामक इन्सेफलाइटिसको रोगी थिएँ।

म होसमा आएको केही समयमा नै, मैले मेरी पत्नी र नर्सहरूलाई भयमा पारिदिएँ। म सास फेर्ने यन्त्रमा रहेको थिएँ र मेरो मुखदेखी गलासम्म नली पसाइएको थियो। जब मैले आफ्नो टाउको फर्काउँथें तब नली अल्झन्थ्यो र म सास फेर्न सक्दिनँ थिएँ। नर्सहरूले पछिबाट भने की यो हुन नै सक्दैन थियो, तर मलाई प्रष्ट थाहा छ की यसो भएको थियो। जब मैले मेरो टाउको फर्काउँथें, नली थुनिदँथ्यो र म सास फेर्न असमर्थ हुँदथें। मेरा हातहरू बाधिँएका भए तापनि, मैले मेरो औंलाहरू सास फेर्ने नलीमा लान्थें र त्यसलाई तान्दथें। मेरी पत्नीले तत्कालनै मद्दतको लागी नर्सलाई गुहार्दथिन् र तिनीहरू कुदेर आउँदथे। म, कुनै पनि तरीकाले, राम्री नै सास फेरी रहेको हुँदथें। म यो विश्वास गर्दछु की मैले फेरी पनि सास लिन पाएको मुक्तिको अनुभव गर्न सक्दथें। यसकारण त्यो बिना नै म ठीक थिएँ, तब तिनीहरूले त्यसलाई फेरी भित्र हालेनन्। नली बाहेर निकालिको भए तापनि मलाई गाह्रो लाग्दथ्यो तैपनि, फेरी पनि बोल्न पाउनुको आनन्दलाई मैले अनुभव गरें।

यस समयमा, टक्किला अस्पतालमा, तुल्साको उडानमा, वा तुल्साको पहिलो केही दिनहरूको सन्दर्भमा कुनैपनि अनुभवको सम्झना मलाई छैन। म होसमा आउन थालेको पहिलो दिनलाई बयान गर्न निकै कठिन रहेको छ। म अर्ध-होसमा थिएँ, रिङ्गटा लागिरहेको थियो, भ्रम परिरहेको थियो, र सास फेर्नको लागी लडाँई गरिरहेको थिएँ। मेरा दुवै हातहरू बाधिँएका थिए, र म बोल्न असमर्थ थिएँ कारण मेरा मुख र नाक दुवैमा नली घुसाइएको थियो। मेरो मस्तिष्क निको हुनेछ की र कसरी त्यो खर्चहरू तिर्ने भनेर म सोचिरहेको थिएँ। यी सारा अनुभवहरूमा मैले परमेश्वरको शान्तिको अनुभव गर्न सकें बनेर मैले बताउन सकेको भए हुनेथ्यो, तर बितिरहेको समयहरूको भागमा म फेरी पनि गहिरोरुपमा निरुत्साहित भएँ। एक समयमा मैले विचार गरें की मसँग भएका सारा कुराहरू दिनेथिएँ, र परमेश्वरले मलाई आफूसाथ घरमा लैजानको लागी मैले प्रार्थनाको विन्ती चढाएँ। यद्यपि, लिण्डा र अरुहरूले मेरो स्वास्थ्य लाभको लागी प्रार्थना गरि नै रहनुभएको थियो। परमेश्वरले उहाँहरूको प्रार्थना सुन्नुभयो, र फेरी म पूर्ण स्वास्थ्य लाभको नजिकमा थिएँ।

एकपटक, अस्पतालमा, लिण्डाले बाइबल हेररहेको म सम्झना गर्दछु। मलाई सुनाउनको निम्ति मैले उहाँलाई अग्रह गरें। उहाँले सुनाउनुभएको एउटा पदचाँही १पत्रुस २:९ थियो। *"तर तिमीहरू एउटा चुनिएको वंश, एउटा राजकीय पूजाहारीको समाज, एउटा पवित्र जाति र निज प्रजा हौ; यसैले जसले तिमीहरूलाई अन्धकारबाट आफ्नो अचम्मको ज्योतिभित्र बोलाउनुभयो, उहाँका सद्गुणहरू तिमीहरूले प्रकट गर;"* जसै मैले यो सुनें, परमेश्वरले मेरो दुःखित हृदयमा बोल्नुभयो र उहाँको *"सद्गुणहरू तिमीहरूले प्रकट गर"* यस आदेशलाई पालन गर्नको निम्ति मलाई वोलावट गर्नुभयो भन्न निश्चयता मैले प्राप्त गरें। त्यस गहिरो हैरानीको समयहरूमा यस पद मेरो निम्ति कति बहुमूल्य थियो भनेर मैले कुनै तरीकाद्वारा पनि यसलाई बयान गर्न सक्दिनँ।

दुई मूख्य घटनाहरू जुन हुन आयो तीद्वारा परमेश्वररले यो सन्देशलाई पुष्टि गर्नुभयो । अस्पतालमा प्रवेश गर्नु एक दिनअघि, म राष्ट्रिय लागु औषध र मद्य उपचार केन्द्रमा रहेको थिएँ जहाँ मैले स्वयं-सेवक शिक्षक र परामर्शदाताको रुपमा कार्य भइरहेको थिएँ। एउटा ग्राहकसँग कुरा गर्दै गर्दा, मलाई थाहा भयो की म यस्तो एउटा व्यक्तिसँग कुरा गरिरहेको छु जो, मद्यपान र लागु पदार्थको (कोकिन) दुर्व्यसनी थिए, ती एकदमै शिक्षित, बुद्धिमान् र आत्मिकी भोको थिए। यस जवान पितालाई प्रभु येशू ख्रीष्टमा पापबाट क्षमा दिने मुक्तिदाता उहाँ नै हुनुहुन्छ भनि विश्वास गर्नको निम्ति अगुवाई गर्न पाउँदा म आनन्दित थिएँ। अस्पतालबाट फर्केको केही दिनपछि, एक जवान पत्नी जो लागुऔषध दुर्व्यसनी पनि थिइन् हतास साथ सहायताको लागी मेरो कार्यकक्षमा आइपुगिन्। प्रभु येशू ख्रीष्टमा विश्वास गर्नको निम्ति अगुवाई गर्न पाउनु कति आनन्दको कुरा हो। म विश्वास गर्दछु की त्यस समयमा परमेश्वरले ती दुई आत्मिकी भोकाहरूलाई मकहाँ ल्याउनु मेरो निम्ति विशेष प्रोत्साहन थियो र उहाँमा मेरो निम्ति सेवकाईको इच्छा अझै रहेको थियो भनि उहाँले मलाई जानकारी गराइरहनुभएको थियो।

लिण्डा

अस्पतालको दुई हप्ता पछि, फिललाई मुक्त गरियो र उहाँ सिधै घर जान सक्नुहुन्थ्यो। उहाँ कमजोर हुनुहुन्थ्यो र केहीम समयसम्म सजिलै थकित हुनुसक्नुहुन्थ्यो, तर उहाँसँग पहिलो बिरामीपछिभन्दा अहिले सानो-सानो समस्याहरू अनेकौं रहेको थियो। फेरी पनि, परमेश्वरले उहाँलाई झण्डै पूर्ण स्वास्थ्य चंगाई प्रदान गरिसक्नुभएको थियो। थकान र "मस्तिष्को थकान" यी निरन्तर भइरहने समस्याहरि थिए जसको कुनै चंगाई थिएन, र यसलाई मध्यनजर गर्दै उहाँले आफ्नो जीवनशैलीलाई समायोजित गर्नुपर्नेथ्यो। जब उहाँ थकित हुनुहुन्थ्यो, उहाँ १५ मिनेट उघ्रुँ हुन्थ्यो \ वा बाहिर बसेर शारिरिक कार्यकलापहरू गर्नुहुन्थ्यो, र उहाँ फेरी कार्य गर्नको लागी तयार हुनुहुन्थ्यो। त्यहाँ केही दिनहरू हुनेथ्यो जहाँ उहाँ "गलिरहनुहुन्थ्यो" र त्यति काम गर्न सक्नुहुन्नथ्यो। , तर अर्को दिन भने उहाँ ठीक हुनुहुन्थ्यो।

यस पालिको हाम्रो आर्थिक अवस्था पहिलेकोझैं राम्रो थिएन। फिललाई पहिले पनि इन्सेफलाइटिस भइसकेको थियो, र यो हाम्रो बिमा नितिबाट हटिसकेको थियो। साथै हामीले आपत्कालिन समयको लागी रकमको जुहाड गरेका थिएनौं पनि। हाम्रो पाष्टर, जेस फ्रेन्चले, हाम्रा साथीहरू र सहयोगीहरूका लागी हाम्रो अवस्थाको बारेमा लेखिदिनुभयो। मैले अस्पतालको लेखा कार्यालयमा पनि हाम्रो अवस्थाको बारेमा बयान गरें, र तिनीहरूले हाम्रा खर्चहरूलाई $६००० बनाई अधिक मात्रामा घटाइदिए। केही महिनाको अन्तरालमा, , परिवार र साथीहरूबाटका उपहारहरूद्वारा ती र अन्य चिकित्सा रसिदहरू सबै चुक्ता गरियो, जुन फिलको बिरामीको समयमा उठेको थियो। परमेश्वरलाई उहाँको भलाईको लागी प्रशंसा होस्!

फिल

म इन्सेफलाइटिसबाट संक्रमण भएको पहिलो र दोश्रो पटक दुवैमा नै डाक्टरहरू यो खास कुन कारणले गर्दा भएको हो भनि जान्न सकेका थिएनन्। रूघा लागेको एक हप्तापछि पहिलो पटक संक्रमित हुनु र दोश्रो पटक यो खोकीको सुई लिएको एक हप्ता पछि हुनु, संयोग हुनसक्दछ। कुनै डाक्टरहरूले प्रबल रुपमा भने की त्यहाँ कुनै सम्बन्ध रहेको थिएन। यो यस्तो थियो की एक विचारले गर्दा शुद्ध गाई विकृत भएको थियो – रुघा खोकीको सुई। तिनीहरूले इन्सेफलाइटिस र रूघा खोकी औषधीबीचमा कुनै सम्बन्ध देख्न चाहेनन्। अरुहरू त्यति निश्चित थिएनन् र तिनीहरूले भने त्यहाँ केही सम्बन्ध हुनसक्ने संभावना छ। हालैमा एउटा अनुभवी स्नायु विशेषज्ञले व्यक्त गरे की दोश्रो पटकको बिरामीचाँही रुघाखोकीको सुईको कारणले गर्दा भएको थियो। त्यस समयबाट, इन्टरनेट इन्सेफलाइटिसबाट बाँचेका मानिसहरूको सहायता समुहका सदस्य भएका हुनाले, मैले यो थाहा पाएँ की धेरै मानिसहरूलाई रुघाखोकीको सुई लिएपछि इन्सेफलाइटिस भएको छ। अरु मानिसहरूले के गरुन् भनेर मैले सुझाब दिन खोजेको होइन, तर म विश्वासका साथ भन्दछु की यहाँ एउटा बूढो छ जसले फैरी कहिल्यै पनि अर्को रुघाखोकीको सुई लिदैँन। दोश्रो पटकको इन्सेफलाइटिसको रकम करिब $६०००० उठ्यो। यो बिमाद्वारा भरपाइ भएन कारण हाम्रो बिमामा विशेष गरी इन्सेफलाइटिसलाई अलग पारिएको थियो। यद्यपि, परमेश्वरको र उहाँको मानसिहरूको भलाईद्वारा, सबै रसिदहरूको भुक्तानी गरियो। परमेश्वरको प्रशंसा होस् (PTL – Praise the Lord).

दोश्रो पटक इन्सेफलाइटिसबाटको मेरो स्वास्थ्य लाभ पहिलो पटकको भन्दा सजिलैसँग भइरहेको थियो। निश्चय नै मसँग त्यस्ता दिनहरू पनि छन् जसको बारेमा म सोच्न सक्दिनँ। केही खराब दिनहरूको बारेमा सम्झना गर्दाखेरी म आफैलाई मानसिक कुहिरोमा अल्झिएकोझैँ महसुस गर्दछु। मैले ती दिनहरूमा सिकेको कुरा के हो भने ती दिनहरूबाट उसो मैले कुनै गहौँ कुराहरू वा कुनै पढाई, अध्ययन वा लेखनको कार्यहरू गरिनँ। यदि म बाहिर गएर कुनै पूरानो शारिरिक कसरतहरू गरें भने, मैले जानें की मैले मेरो मस्तिष्कबाट ती कुहिरोहरू पन्छाउन सक्नेरहेछु। धेरै जसो दिनहरूमा मेरो दिमाग धेरै वा थोरै "सामान्य"रहेको महसुस हुँदथ्यो, र मैले सामान्य दैनिकी कार्यहरू गर्न सक्दथें। म इमान्दारिताका साथ भन्न सक्दछु की, दुई पटक संक्रामक इन्सेफलाइटिसद्वारा ग्रसित भए तापनि, धेरै जसो समय, मैले जीवनमा आनन्द मानिरहेको हुँदछु। मैले मेरो स्वास्थ्यता र बाँकी रहेको मेरो जीवनको समयहरूलाई मूलवासी अमेरिकनहरू र अरुहरूको प्रोत्साहनका लागी उचित प्रयोग गर्ने प्रतोवद्धता लिएको छु, जसद्वारा तिनीहरूले प्रभु येशू ख्रीष्टलाई जान्न, उहाँसँग हिँड्न र उहाँको सेवा गर्न सक्दछन्।

परमेश्वरले मलाई दिनुभएको विशिष्ट पत्नी प्रति मेरो नविकरणिय कदर रहेको छ। उहाँ, मेरो बिस्तरा छेउमा, दिन र रात साथ रहनुभयो, र मेरा लागी आराम र प्रोत्साहनको चट्टान बन्नुभयो। अरु पारिवारका सदस्यहरूले पनि आफ्नो प्रेम प्रस्तुत गरिदिनुभयो र ती पनि ठूलो आशिष थियो। म मेरो विशाल परिवारको – ख्रीष्टको शरिर, लागी पनि नविकरणीय कदर प्रस्तुत गर्न चाहँदछु। धेरैले प्रार्थना गरिदिनुभयो र त्यति ठूलो चिकित्साको रकम भुक्तानी गर्नको लागी मद्दत गरिदिनुभयो। सामान्य रुपमा, "धन्यवाद" भन्नु त्यति प्रभावकारी हुँदैन, तर मेरो हृदयको गहिराईबाट ती सबैलाई, जसले मेरो निम्ति प्रार्थना गरिदिनुभयो, मलाई भेट्न आउनुभयो, र मलाई सहायता गर्नुभयो, उहाँहरूलाई म "धन्यवाद" टक्राउँदछु।

अहिलेको स्थितिमा म बिर्सिरहने भए तापनि, परमेश्वरको उपस्थिति र उहाँको सामर्थ्यको सन्दर्भमा ममा गहिरो सतर्कता रहेको छ। उहाँ सार्वभौम हुनुहुन्छ र उहाँले हाम्रा जीवनहरूलाई उहाँको हातमा सम्हाल्नुहुन्छ।

अस्पतालमा बुबाको बारेमा मेरो सम्झना रहेका कुराहरू

रक्स्यान बेनेडिक्टबाट – वर्ष १९

बुबालाई इन्सेफलाइटिस भएको पहिलो पटकमा, मलाई त्यति धेरै सम्झना रहेको छैन। म जम्मा ९ वर्षको थिएँ। बुबा बिरामी हुनुहुन्छ भनेर मलाई बताइएको थियो, तर त्यति बेलासम्म मैले डाक्टरले भनेको एक तिहाई बाँच्ने सम्भावना, एक तिहाई मर्ने सम्भावना, र एक तिहाई तंत्रिका कमी सम्बन्धीको बारमा बुझेको थिइनँ।

दोश्रो पटक, म धेरै प्रष्टसँग सम्झना गर्दछु। मलाई सम्झना छ की आमाले बुबाको टादको दुखेको छ भन्दै हुनुहुन्थ्यो, र दिन बित्दै जाने क्रममा, उहाँ अझ अन्योलमा पर्नुभयो। आमाले एम्बुलेन्स (बिरामीगाडी) बोलाइसक्नुभएपछि, म हतास अनुहार बनाएर बुबालाई खाटमा बसिरहनुभएको देखेको थिएँ र कारण उहाँले के भन्दै हुनुहुन्थ्यो सो बिर्सनुहुन्थ्यो र वाक्य पूरा हुन पाउँदैनथ्यो। आमाले उहाँलाई सुरुवाल लगाउनका लागी उठाउन खोज्दै हुनुहुन्थ्यो, तर उहाँ सुरुवालमा भन्दा स्मरणशक्ति गुमेकोमा त्यता बढी केन्द्रित हुनहुनथ्यो।

मैले सम्झिने अर्को कुरा के हो भने म आमस्मिक कक्षको पर्दा पछाडी उहाँको छेउमा रहेको खाली स्थानमा गइ बसेको थिएँ। बुबा त्यति बेला अर्ध- अचेत अवस्थामा हुनुहुन्थ्यो र उहाँको अनुहार अझैपनि हतास झल्किरहेको थियो। पाङ्ग्रा भएको टेबलमा अस्पतालको गाउन लगाएर बसिरहनुभएको थियो र, प्राय बुबा शान्त स्वभावको हुनुहुन्थ्यो र कहिलेकाँहीमात्र रिसाउनुहुन्थ्यो, र त्यतिबेला कसैले उहाँलाई क्रोधित तुल्याएको थियो। मेरो विचारमा तिनीहरूले प्रयोगशालामा परिक्षण गर्नको लागी रगत लानका लागी रगत तान्न खोजिरहेका थिए। बुबा, अन्ततः निरास, अन्योल र निःसहाय भएर विरोध गर्दै आफ्नो हात तानिरहनुभएको थियो र "कुकुर लालची" (dog gannet) भन्दै कराउनुभयो। म हासैँ, कारण मैले सोचें की मेरो बुबाले अब यसरी गाली गर्नुहुनेछैन।

अर्को पटक मैले बुबालाई देखेको भनेको टलिक्का सिटि अस्पतालको सघन उपाचार एकाइमा (ICU) हो। आमाले भन्नुभएको थियो की त्यस रात बुबाको सास रोकिएको थियो र उहाँको उपचारको निम्ति तिनीहरूले तालिम प्राप्त गरेका स्वास्थ्य कर्मीहरूलाई (कोड ब्लू \ Code Blue) बोलाउन पठाए। त्यसपछि तिनीहरू तुल्सामा तर्फ उडे।

तुल्सा, हिलक्रेस्ट चिकित्सा केन्द्रमा, करिब दुई हप्ता, सारा समयभरि मेरी आमा मेरो बुबाको छेउमा नै बसिरहनुभयो। मेरो बुबाको प्रबल बिरामीको बारेमा म अझसम्म पनि बुझ्न सक्दिनँ, कारण दुःखको घटनाहरू अरुको परिवारमा मात्र हुँदछ, मेरोमा होइन। सबैकुराहरू डाक्टरहरूको नियन्त्रणमा छ झैँ देखिन्थ्यो, किनभने जतिखेर तिनीहरू चाहन्थे तिनीहरूले उहाँलाई थोरै लठ्याउने औषधी दिएर होसमा ल्याउँथे, र त्यपछि उहाँ जाग्नुहुन्थ्यो सनसनी मच्चाउनुहुन्थ्यो। जब तिनीहरूले बुबालाई जगाउनुपर्दथ्यो, उहाँ धेरै "आक्रमक" हुनुहुन्थ्यो, भनि तिनीहरूले भन्दथे।

नर्ससँग भएको मेरो पहिलो अनुभव हिलक्रेष्ट चिकित्सा केन्द्रको नर्सबाट भएको हो, जसले मेरो बुबाको हेरचाह गर्दैहुनुहुनथ्यो। उहाँ धेरै दयालु र मद्दतकारी हुनुहुन्थ्यो र उहाँहरूले बुबासँग के गर्दै हुनुहुन्छ भनि हामीलाई बताउनुहुन्थ्यो। जब म सडकहरू हुँदो हिडिरहेको थिएँ तब मैले महसुस गरें की मेरो लक्ष्य पनि उहाँजस्तै हुने थियो। यो लक्ष्य तबसम्म गम्भिर थिएन जबसम्म, सुबोध अन्तरालमा एकदिन होसमा आएर बुबाले उठिकन मलाई म उहाँको नर्स भन्ने ठान्नुभएको थियो। यसल कुराले मलाई दर्ता नर्स (registered nurse) हुनको निम्ति पक्का लक्ष्य स्थापित गर्यो।

जब बुबाको स्वास्थ्य लाभ भयो, अचेत अवस्थामा हुँदा र अस्पतालको बिस्तरामा निःसहाय भइ रहनु कस्तो हुन्छ भनि सविस्तार वर्णन गर्नको लागी हामी नानीहरूलाई आग्रह गर्नुभयो। साँचो रुपमा मर्न चाहनु र साँचोरुपमा आफूलाई उठाइ लैजानका लागी परमेश्वरसँग प्रार्थनाको विन्ती चढाउनु कस्तो हुन्छ भनि म विचार गर्न पनि सक्दिनँ। यो कुरा नै हो जसले मेरो हृदयमा व्यथा ल्याउँदछ, यो महसुस गर्न की मेरो बुबालाई यति पिडा थियो की त्यस पिडाबाट मुक्त हुनको निम्ति उहाँले मलाई, मेरो भाइहरू र आमालाई छोडी जान चाहनुहुन्थ्यो।

फेरी एकपटक मेरो बुबालाई संक्रामक इन्सेफलाइटिसको बिरामीबाट निकालेर परमेश्वरले म र मेरो परिवारलाई आशिषित तुल्याउनुभएको छ।

अठाह्र

स्वतन्त्र बाँच्नु

क्रोध, भय, दोष, र गर्वबाटको स्वतन्त्रता

अनि यस संसारसित एकनासे नहोओ, तर परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के रहेछ, सो जाँचेर थाहा पाउनालाई आफ्नो मनको नयाँ हुवाइद्वारा तिमीहरू बदली हुदैँ जाओ"। रोमी १२:२

तिमीहरूले पहिलेको चालचलनको त्यस पूरानो मान्छेलाई फालिदेओ, जो धोकापूर्ण लालसाहरूद्वारा भ्रष्ट हुन्छ, र तिमीहरूको मनको आत्मामा नयाँ हुँदै जाओ; अनि नयाँ मान्छेलाई पहिर, जोचाँही परमेश्वरको स्वरुपअनुसार धार्मिकता र साँचो पवित्रतामा सृजिएको छ। एफिसी ४:२२-२४

यसकारण यदि तिमीहरू ख्रीष्टसँग बिउँतिएका छौ भने माथिका कुराहरू खोज, जहाँ ख्रीष्ट परमेश्वरको दाहिने हाततर्फ बसिरहनुभएको छ। २ माथिका कुराहरूमा मन लगाओ, पृथ्वीमा भएका कुराहरूमा होइन; कलस्सी ३:१-२

अनि तिमीहरूले सत्यलाई जान्नेछौ, र सत्यले तिमीहरूलाई स्वतन्त्र गराउनेछ"। यूहन्ना ८:३२

जब एक व्यक्तिले साँचो रुपमा प्रभु येशू ख्रीष्टमा विश्वास राख्दछ, उसको सोच्ने तरीकाहरू परिवर्तन हुँदछ। आफ्नो विचारलाई पुनःनविकरण गर्दै ऊ परिवर्तन हुनुपर्दछ। कुनै एक व्यक्तिको जीवनको हरेक पक्षमा यस परिवर्तनले प्रभाव पार्दछ। यो पूर्ण रुपमा नयाँ तरीकाले विचार गर्नु हो।

यस अध्ययन निर्देशमा हामीले क्रोध, भय, दोष, र गर्वजस्ता भावनाहरूसँग व्यवहार गर्नेछौं। परिवर्तनिय जीवनका चार क्षेत्रहरू हुँदछन्। परिवर्तनिय जीवनका लागी चाहिने कुराहरू पूर्णरुपमा यिनीहरू मात्र त होइनन्, तर, केहीका लागी, यी चार क्षेत्रहरूबाटका परिवर्तनिय विचारधाराद्वारा तिनीहरूको जीवन परिवर्तन भने अवश्य हुँदछ।

क्रोध, भय, दोष र गर्वको कठोर भावनाले आत्मिकी वृद्धिलाई असल गर्न सक्छ वा पूरै रोकिदिन पनि सक्दछ। हाम्रो जीवनमा कार्य गर्नको लागी तिनीहरूले परमेश्वरको आत्मालाई अवरोध पुर्याउँदछन्। साथे यिनीहरूमध्ये कुनैले पनि हामीलाई दुःखित तुल्याउन सक्दछन्। जब हामीले अस्वस्थ क्रोध, भय, दोष, र गर्वलाई त्याग्दछौं, तब परमेश्वरसँगको हाम्रो हिँडाईमा बढ्दै जानको लागी हामीलाई स्वतन्त्रता मिल्दछ। यी भावनाहरू त्याग्नाले जीवनलाई आनन्दसाथ लिन, उपयोगी हुन, र एक-अर्कासँग स्वस्थ सम्बन्धको लाभ उठाउनको लागी हामीमा अधिकरुपमा भित्री स्वतन्त्रता मिल्दछ।

ख्रीष्टियनहरूमा पनि यस किसिमको व्यवहार र भावनाहरू साझा भइसकेको छ। तिनीहरूले धेरै ख्रीष्टियनहरूलाई परमेश्वरको नजिक जान र परमेश्वरसँगको हिँडाईमा उपयोगी हुन र बढ्दै जाने कार्यबाट तिनीहरूलाई पर नै राख्दछन्।

यी प्रत्येक व्यवहारहरू र भावनाहरूको बारेमा – पालैसँग एक-एक गरी, हामी हेर्नेछौं। हरेकलाई ध्यानपूर्वक अध्ययन गर्नुहोस्। यसले तपाईको जीवनलाई परिवर्तन गर्नसक्दछ।

क्रोधलाई नियन्त्रण

क्रोध साझा, कहिलेकाँही दिनहुँ, घट्ने घटना हो। हामी सबै नै, धेरै परिपक्व ख्रीष्टियनहरू समेत गरी, समय-समयमा क्रोधको अनुभव गरि नै रहन्छन्। बाइबलिय दृष्टिकोणबाट, क्रोध आफैमा कुनै गलत कुरा होइन, तर क्रोधित हुँदा हामीले कसरी प्रतिकृया व्यक्त गर्दछौं र कति समयसम्मले हामीले क्रोधलाई थामि राख्दछौं गलत यसमा निर्भर हुँदछ। परमेश्वरले हामीलाई क्रोधलाई पापमय तरीकाबाट प्रतिकृया नजाउनु भनि बताउनुभएको छ, र उहाँले हामीलाई हामीले दिनहुँ क्रोधलाई हटाउनुपर्छ भनि बताउनुहुन्छ।

भयभित होओ, र पाप नगर; आफ्नो ओछ्यानमा मनमनै ध्यान गर, र शान्त होओ! भजनसंग्रह ४:४

२६ रिसाओ, तर पाप नगर; घाम अस्ताउनुभन्दा पहिल्यै तिमीहरूको रिस मरोस्। एफिसी ४:२६

क्रोध तर्फ प्रतिकृया जनाउने कमसेकम तीन तरीकाहरू छन्। दुईवटा गलत छन् र एउटा सही छ।

तरीका १. गलतः क्रोध को प्रतिकृया यसरी जनाउने की यसले अरुकसैलाई झनै धेरै गरी चोट पुर्याउने।

बाइबलले हामीलाई "उस्तै नहुन" वा बदला नलिनका लागी प्रष्ट बताएको छ। यो परमेश्वरको कर्तव्य हो।

हे प्रियहरूहो, तिमीहरू आफैले बदला नलेओ, तर बरु क्रोधलाई ठाउँ देओ; किनकी लेखिएको छः 'बदला लिने काम मेरो हो, म नै बदला दिनेछु, प्रभु भन्नुहुन्छ'। रोमी १२:१९

तरिका २. गलतः क्रोधलाई पक्रिराख्नु - यसलाई स्वीकार इन्कार गर्नु र यसको बारेमा केही गर्नको लागी रोक्नु।

यदि तपाईले क्रोधलाई स्वीकार नगरी त्यससँग कुनै पनि व्यवहार नगरी पक्रि राख्नुहुन्छ बने, यसले तपाईको आत्मिकी वृद्धिमा अवरोध पुर्याउँछ वा रोक्न पनि सक्दछ। यदि यसलाई तपाईले आफूभित्र उमारिराख्नुहुन्छ भने, यो यस किसिमले आउँदछ की यसले कसैलाई वा तपाई आफैलाई पनि चोट पुयाउँदछ – शायद गहिरो चोट। जब यसो हुन आउँदछ, परमेश्वरको आत्मालाई शोक पर्दछ र तपाईले आफैमाथि र वरिपरि रहेका मानिसहरूमा धेरै समस्याहरू र पिडाहरूलाई निम्त्याउनुहुन्छ। धेरै समयसम्म क्रोधलाई पक्रनाले तीतोपना, निरासा, र अरु मानसिक र शारिरिक समस्याहरूतर्फ डोर्याउँदछ।

जब म चुप लागें, तब मेरा हड्डीहरू दिनभरिको मेरो ऐया-आत्थाले गर्दा सुके। किनकी दिनरात तपाईको हात ममाथि गह्रौं भएर रह्यो; मेरो शरिरको पानी ग्रीष्म-ऋतुको खडेरीमा परिवर्तित भयो। भजनसंग्रह ३२:३-४

तरीका ३. सहीः तपाईलाई खराबी गर्नेलाई माफी दिन र तपाईले बदला नलिनको निम्ति वा उस्तै व्यवहार नगर्नको निम्ति क्षमाको छनोट गर्नुहोस्। जब तपाई क्रोधित हुनुहुनेछ तब प्रतिज्ञा गर्नुहोस् की तपाईले स्व-नियन्त्रणको अभ्यास गर्नुहुनेछ र तपाईले बाइबलिय तरीकाले र परमेश्वरलाई आदर दिने तरीकाले प्रतिकृया जनाउनुहुनेछ।

स्व-नियन्त्रण परमेश्वरको आत्माको भरपुरी र हामीलाई नियन्त्रण गर्नुभएकोले प्राप्त हुने फल वा परिणाम हो। (गलाती ५:२२-२४) जब हामीले आत्मालाई अगुवाई र नियन्त्रण गर्नको अनुमति दिँदछौं, तब क्रोधित भएको

अवस्थामा हामीले स्व-नियन्त्रणलाई अभ्यास गर्नेछौं वा अभ्यास गर्न सक्दछौं। जब हामी क्रोधित हुँदछौं र यसलाई नियन्त्रण गर्न सक्दैनौं भनि हामी भन्दछौं भने, हामीले, यथार्थमा, परमेश्वरको वचन सत्य छैन भन्दछौं।

तर आत्माको फल होः प्रेम, आनन्द, मेलमिलाप, सहनशीलता, कृपा, भलाइ, विश्वास, नम्रता, संयम; यस्ता कुराहरूको विरोधमा कुनै व्यवस्था छैन। अनि जो ख्रीष्टका हुन्, उनीहरूले शरिरलाई वासना र लालसाहरूसँगै क्रुसमा टाँगेका छन्। गलाती ५:२२-२४

क्षमाको सन्दर्भमा

क्रोधलाई व्यवहार गर्ने पहिलो कदम यो हो की हामीले आफूलाई खराबी गर्ने वा हाम्रो विपरित कार्य गर्नेहरूलाई क्षमा प्रदान गर्नुपर्दछ। यो एउटा सुझाब मात्र होइन – यो परमेश्वरबाटको आदेश हो। परमेश्वरसँगको हिँडाईमा यदि हामी बढ्दै जान चाहन्छौं बने, हामीले क्षमा दिनैपर्दछ। क्षमा दिन इन्कार गर्नु भनेको अनाज्ञाकारिता र विद्रोह हो।

कसैले कसैको विरोधमा दोष दिने केही कुरा छ भने एक-अर्कालाई सहिदेओ र एक-अर्कालाई क्षमा गर; जसरी ख्रीष्टले तिमीहरूलाई क्षमा गर्नुभयो, उसरी नै तिमीहरूले पनि क्षमा गर। कलस्सी ३:१३

सबै तीतोपना, क्रोध, रिस, कलह र निन्दा सबै वैरभावसित तिमीहरूबाट टाढा गरिऊन्; अनि एक-अर्काप्रति दयालु होओ, कोमल मनका होओ; र जसरी परमेश्वरले ख्रीष्टमा तिमीहरूलाई क्षमा गर्नुभएको छ, उसरी नै तिमीहरूले पनि एक-अर्कालाई क्षमा गर। एफिसी ४:३१-३२

अनि हाम्रा पापहरू हामीलाई क्षमा गर्नुहोस्; किनकी हामी पनि हाम्रो हरेक ऋणीलाई क्षमा गर्दछौं। अनि हामीलाई परीक्षामा नलैजानुहोस् तर हामीलाई दुष्टताबाट छुटाउनुहोस्। लूका ११:४

किनकी तिमीहरूले मानिसहरूलाई तिनीहरूका अपराधहरू क्षमा गर्यौं भने तिमीहरूका स्वर्गीय पिताले पनि तिमीहरूलाई क्षमा गर्नुहुनेछ। १५ तर तिमीहरूले मानिसहरूलाई तिनीहरूला अपराधहरू क्षमा गरेनौ भने तिमीहरूका पिताले पनि तिमीहरूका अपराधहरू क्षमा गर्नुहुनेछैन। मत्ती ६:१४-१५

क्षमा दिनुको व्यवहारिक परिभाषा यो हो -- *असन्तुष्टिलाई पक्रिरहनका लागी वा बदलाको खोजी नगर्न वा उस्तै नहुनको लागी कुनै पनि छनोट नगर्नु हो।*

क्षमा नदिनु वा क्रोधलाई पक्रिराख्नुको एकमात्र कारण हो बदला लिनु वा त्यस व्यक्तिसँग वा तपाई रिसाउनुभएको व्यक्तिसँग पनि उस्तै व्यवहार गर्न चाहनु हो। क्रोधलाई अठ्याइराख्नुको अरु कारण नै रहेको छैण – कुनै पनि छैन। बाइबलले भन्दछ की बदला लिने काम परमेश्वरको हो।

हे प्रियहरूहो, तिमीहरू आफैले बदला नलेओ, तर बरु क्रोधलाई ठाउँ देओ; किनकी लेखिएको छः 'बदला लिने काम मेरो हो, म नै बदला दिनेछु, प्रभु भन्नुहुन्छ'। रोमी १२:१९

यदि तपाई परमेश्वरलाई सम्हाल्नको लागी सुम्पिदिन चाहनुहुन्छ भने क्षमा दिने कार्य कठिन हुँदैन। तपाईले परमेश्वरको हातमा सारा कुराहरू राखिदिनुभएको छ र उहाँले ती सम्हाल्नका लागी तपाई पछि हट्नुभएको छ भनि तपाईले उहाँलाई बताउनुहोस्। परमेश्वर धर्मी परमेश्वर हुनुहुन्छ र उहाँले खराबीको बदला लिनुहुन्छ। उहाँको न्याय जहिले पनि सही हुँदछ। तपाईले परमेश्वरमाथि भरोसा गर्नुपर्छ र ती कुराहरूलाई त्यहीँ नै छाडिदिनुपर्दछ।

क्षमा मानसिक छनोट साथ शुरुवात हुँदछ। हामीले क्षमा दिन तयार नरहेको महसुस गर्न सक्दछौं, तर पनि हामीले क्षमा दिने छनोट भने गर्दछौं किनभने हामी परमेश्वरमा आज्ञाकारी हुन चाहन्छौं। क्षमा नदिनाले र क्रोधलाई पक्रिराख्नाले आत्मिकी हारतर्फ मात्र लैजादँछ। परमेश्वरमा आज्ञाकारी हुनुहोस् र तपाईलाई मन लागे तापनि, क्षमा दिने छनोट भने अवश्य गर्नुहोस्।

तपाईले एक व्यक्तिलाई क्षमा दिनको निम्ति छनोट गरिसक्नुभएपछि, आवश्यक भएको खण्डमा, त्यस निर्णयलाई केही दिन, महिना वा वर्षसम्म पनि पुनःपुष्टि गर्नुहोस्। शुरुमा तपाईले खासै फरक अनुभुति गर्नुहुन्न; यद्यपि, क्षमा दिनको लागी जब तपाईले एकचोटी मानसिक छनोट गर्नुहुन्छ, तपाईको छनोटसँगै तपाईका भावनाहरू पनि मेल हुदैँ आउँनेछन्। यदि तपाईले क्षमा दिनको निम्ति मानसिक छनोट गर्नुहुन्न भने, परमेश्वर वा आफैसँगको शान्तिमा तपाई कहिले पनि रहनुहुँदैन वा तपाई आफ्नो क्रोध र आत्मिकी पराजयमा बढ्दै जानुहुनेछ।

फेरी पनि, क्षमा नदिनाले वा क्रोधलाई पक्रिराख्नाले निरासा, चिन्ता, तीतोपना, तनावको सम्बन्ध, शारिरिक समस्या, आदी, आदी बिभिन्न प्रकारका समस्याहरू तर्फ डोर्याउँदछ। क्षमा दिनु भनेको आत्मिकी वृद्धि, व्यक्तिगत स्वतन्त्रता, शान्ति, राम्रो मानसिक स्वास्थ्यता र राम्रो शारिरिक स्वस्थता तर्फ ठूलो कदम चाल्नु हो।

क्षमा दिनको लागी प्रभु येशू ख्रीष्ट हाम्रो निम्ति असल उदाहरण हुनुहुन्छ। उहाँले हाम्रा सारा पापहरू र हामी विरुद्धका सबै अपराधहरूलाई क्षमा गरिदिनुभयो। तिनीहरू जसले उहाँलाई क्रुसमा टाँगे उहाँले तिनीहरूलाई पनि क्षमा गरिदिनुभयो। यदि हामी हाम्रा प्रभु येशू ख्रीष्टको स्वरुपमा ढालिदैँ जान चाहन्छौं भने, ती जसले हाम्रो विरुद्धमा अपराध गरेका छन् र हामीलाई चोट पुर्याएका छन् तिनीहरू सबैलाई हामीले क्षमा प्रदान गर्ने छनोट लिनुपर्दछ।

क्षमा प्रदान गर्नु भन्नाले तपाईले क्षमा दिनुभएको व्यक्तिलाई तपाईले मन पराउनुहुन्छ वा आदर गर्नुहुन्छ भनि अत्यावश्यक रुपमा भनिएको होइन। "क्षमा गर र बिर्सिऊ" यस तर्कको विपरितमा, के भएको हो भनेर तपाईले कहिल्यै भुल्नुहुनेछैन। यद्यपि, क्षमा दिने छनोट लिइ सकेपछि यसको बारमा सोचिरहन तपाईलाई आवश्यक परेको त हुदैँन, तर तपाईले यसलाई पूर्णरुपमा भुल्नुहुने भने छैन।

रिस थाम, र क्रोधलाई त्याग; मनलाई अमिलो नपार; निश्चय खराबी मात्र निस्कन्छ। किनकी दुष्टहरू नाश हुनेछन्; तर परमप्रभुको बाटो हेर्नेहरिचाँही पृथ्वीका हकवाला हुनेछन्। भजनसंग्रह ३७:८-९

क्रोधलाई नियन्त्रण गर्नाको लागी केही सुझाबहरू

क्रोध नियन्त्रण गर्नको लागी तल केही व्यवहारिक कदमहरूलाई प्रस्तुत गरिएको छ। यसलाई फेरी पनि जानकारी गराउन जरूरि छ की त्यो व्यक्ति जसले क्रोधलाई पक्रिरहेको छ र उसलाई खराबी गर्ने कसैलाई उसले क्षमा दिन चाहदैँन भने, तलका कुनै पनि कदमहरू प्रभावकारी भने हुँदैनन्।

१ परमेश्वरको वचन नियमित अध्ययन गर्न र आत्मसाथ गर्नको लागी होसियार हुनुहोस्। प्रार्थनामा निरन्तरता दिइरहनुहोस्।

२ यदि तपाईले, बिगतमा, आफूमाथि नियन्त्रण गर्न क्रोधलाई स्थान दिनुभएको छ वा तपाईले एक दिन वा सोभन्दा वेसी क्रोधलाई पक्रिरहनुभएको छ भने, क्रोधको कुनै समस्या नहोस् भन्नाको लागी त्यसलाई आफूसँग र परमेश्वरसँग स्वीकार गर्नुहोस्।

३ कुनै पनि अनियन्त्रित क्रोधलाई पापको रुपमा परमेश्वरको सामु स्वीकार गर्नुहोस्। साथै क्रोधको कारणले गर्दा तपाईले कुनै पनि पाप गर्नुभएको छ भने त्यसलाई पनि स्वीकार गरि हाल्नुहोस्।

४ परमेश्वरको सहायताद्वारा, छनोट गर्नुहोस् की, तपाईले आफ्नो क्रोधलाई नियन्त्रण गर्नुहुनेछ -- तपाई क्रोधले मुर्मुरिएको अवस्थामा समेत। तपाईको क्रोधलाई नियन्त्रण गर्नको निम्ति भित्री सामर्थ्य र समझ प्राप्त गर्नको लागी परमेश्वरमा विन्ती चढाउनुहोस्। याद राख्नुहोस, परमेश्वरले तिनीहरूलाई स्व-नियन्त्रणको योग्यता दिनुहुन्छ जो पवित्रआत्माले भरपुर हुँदछन् र उहाँलाई नियन्त्रण गर्ने अनुमति प्रदान गर्दछन्।

५ त्यहाँ त्यस्तो समय पनि आउनेछ जहाँ कुनै अवस्थाबाट तपाई फर्कनुपर्ने र हिँड्नुपर्ने हुन्छ। यदि त्यो व्यवहार गर्नुपर्ने अवस्था हो भने, तपाई शान्त भइसकेपछि र अझ प्रष्टसँग चिन्तन गर्न सक्ने भएपछि त्यससँग व्यवहार गर्नुहोस्। त्यहाँ ती समयहरू पनि हुनेछन् जहाँ शान्तका साथ र विवेकसाथ विचार गर्नाले तपाईले केही मिनेटमा नै धेरै कामहरू सम्पन्न गर्नसक्नुहुन्छ जुनचाँही एक-अर्कामा कराउनाले र चिच्याउनाले घण्टौं समय पनि लाग्न सक्दथ्यो। क्रोधको समयमा लिएको निर्णयले आफैमा र अरुहरूमा प्राय गलत र चोटपूर्ण परिणाम निम्त्याउँदछ।

६ तपाईले आफैलाई सोध्नुहोस् की यो मामला समस्या बनाउनको लागी योग्यको छ। त्यहाँ धेरै समयहरू हुँदछन् जहाँ कुनै कुरा मामलाको विषय बन्नको योग्य हुँदैन। जब यस्तो परिस्थिति आउँदछ, यसलाई भुल्नुहोस् र अघि बढ्नुहोस्।

७ त्यो व्यक्ति जसले तपाईसँग निउँ खोज्यो त्यो व्यक्तिसँग कुरा गर्नको लागी पनि त्यहाँ समय सही आउँदछ। यसलाई धम्की नदिने, परमेश्वरको तरीकाद्वारा सम्पन्न गर्नुपर्दछ। यो स्थितिलाई सुधार गर्नको निम्ति के भन् र गर्न आवश्यक छ सो जाहेर गर्नुहोस्। अर्को व्यक्ति सकारात्मक दृष्टिकोणले प्रतिकृया जनाउन सक्नुहुन्छ या सक्नुहुँदैन। जे भए तापनि, तपाईले आफ्नो तर्फबाट कार्य गर्नुभयो।

८ कहिलेकाँही क्रोधलाई मोडेर स्वस्थ कार्य गर्नको लागी कुनै कुरामा आवद्ध हुनु उपयोगी हुँदछ। (कुद्रे, हिँड्ने, कठीन शारिरिक कार्य गर्ने, भकुण्डो (फूटबल) खेल हेर्ने आदी।) यो मात्रै त पर्याप्त नहोला, तर समय-समयमा यो लाभदायक भने हुवदछ।

९ यदि तपाईले कसैलाई चोट पुर्याउनका लागी क्रोधलाई तपाईमाथि नियन्त्रण गर्ने अनुमति दिनुहुन्छ भने, तपाईले त्यो पाप परमेश्वरसँग स्वीकार गर्नुपर्छ। तपाईले चोट पुर्याउनुभएको व्यक्तिको सामु पइनि तपाई जानुपर्दछ र जे भयो त्यो गलत थियो भनि स्वीकार्नुपर्दछ। त्यस परिस्थितिलाई सही बनाउनको निम्ति वा "संशोधित" गर्नको निम्ति तपाई के गर्न सक्नुहुन्छ सो गर्नुहोस्। आत्माको निर्देशन र सामर्थ्यबाट निश्चित गर्नुहोस् की तपाईले त्यस किसिमको अपराधलाई दोहोर्याउनु हुनेछैन, र त्यहाँबाट अघि बढ्दै जानुहोस्। *तर याद राख्नुहोस्, तपाईको क्रोधले परिणाम स्वरुप ल्याएको चोटलाई पूर्ण रुपमा सही तुल्याउन वा भुल्न सकिँदैन। शुरुवात गर्नको लागी तपाईको क्रोध नियन्त्रण गर्नु कति उत्तम छ।*

१० तपाईलाई क्रोधित पार्ने परिस्थितलाई पुर्वअनुमान लगाउनुहोस्। जब संभव हुदँछ, यी परिस्थितिहरूलाई हटाउनुहोस्। यदि तपाईले तिनीहरूलाई हटाउन सक्नुहुन्न भनें, तपाई त्यस परिस्थितिमा पर्नु अघि नै परमेश्वरसँग सामर्थ्य र स्व-नियन्त्रणको माग गर्नुहोस्।

११ तपाईले विश्वास गर्न सक्ने कुनै व्यक्ति – असल साथी, परामर्शदाता, वा पाष्टरलाई तपाईको क्रोधको बारेमा बताउनुहोस्।

१२ धन्यवादी हुन सिक्नुहोस्। प्रशंसाको गीतहरू गाउनुहोस्। एकै समयमा क्रोधित हुन र धन्यवादी हुन कठिन छ।

१३ तपाईको अतितमा राम्ररी नियाली हेर्नुहोस्। के त्यहाँ "लामो अवधीको" क्रोध रहिरहेको छ वा कुनै हल नगरिएको समस्या रहेको छ जसले तपाईको क्रोधलाई इन्धन दिइ रहेको छ र तपाई झडङ्ग रिसाउनको लागी कारण बनिरहेको छ? लामो समयसम्म पक्रिरहेको क्रोध रिस वा आक्रोश हो जुन धेरै दिन, हप्ता वा वर्षहरूसम्म तपाईमा रहिरहेको छ। यस प्रकारको क्रोधले एक व्यक्तिको आत्मिकी, मानसिक, र शारिरिक स्वास्थ्यलाई पनि नष्ट गर्दछ।

१४ यदि तपाईमा दीर्घकालिन क्रोध रहेको छ भने, अडिनुहोस् र यसको बारेमा विचार गर्नुहोस्। क्रोधलाई विश्लेषण गर्नुहोस्। आफूसँग इमान्दार हुनुहोस्। किन म क्रोधित छु? कसले वा केले यसलाई निम्त्यायो? सम्स्या सिर्जना हुनुमा मेरो कति हात रहेको छ? कति भागमा मेरो हात थिएन? क्रोधसँग व्यवहार गर्नको लागी मैले के-के गरें? मैले अझ धेरै के गर्न सक्छु? के त्यस व्यक्तिलाई क्षमा दिने छनोट मैले गरेको छु? यदि छैन भने, किन त?

तल दुई कार्यपूस्तिका प्रदान गरिएको छ जसले तपाईको दीर्घकालिन क्रोधसँग व्यवहार गर्नको निम्तिलाई तपाईलाई मद्दत पुर्याउँदछ। तपाईले यसलाई जति चाहनुहुन्छ त्यति नै सङ्ख्यामा यसको प्रतिलिपि तयार गर्न सक्नुहुन्छ।

क्रोध कार्यपत्र अङ्क १

तल मानिसहरूका सूची प्रदान गरिएका छन् जसतर्फ तपाईको क्रोधको भावना रहेको हुन सक्दछ। कृपया लागु हुने जति सबैलाई जाँच्नुहोस्।

_____ आमा वा सौतेनी-आमा (नाम) _____

_____ पिता वा सौतेनी-पिता (नाम) _____

_____ दाजु\भाइ वा दिदी\बहिनी (नाम) _____

_____ अरु आफन्त (नाम) _____

_____ शिक्षक (नाम) _____

_____ कानुन लागु गर्ने अधिकृत (नाम वा पद) _____

_____ अन्य आधिकारिक आकार (नाम वा पद) _____

_____ पाष्टर वा अन्य मण्डली अगुवा (नाम) _____

_____ श्रीमति वा भूतपूर्व श्रीमति (नाम) _____

_____ प्रेमिका वा भूतपूर्व प्रेमिका (नाम) _____

_____ मालिक (नाम) _____

_____ कार्य सहयोगी (नाम)_____

_____ साथी _____

_____ परामर्शदाता वा चिकित्सक (नाम) _____

_____ आफै _____

_____ परमेश्वर _____

_____ अन्य (नाम) _____

_____ अन्य (नाम) _____

अब क्रोध कार्यपत्रक अङ्क दुईमा जानुहोस्।

क्रोध कार्यपत्र अङ्क २

तपाईको क्रोध र क्रोधको स्थितिको बारेमा अब यी प्रश्नहरूको उत्तर दिनुहोस्। यी प्रत्येक कार्यपत्रक एक व्यक्तिलाई भर्नको निम्ति प्रदान गर्नुहोस् जसलाई तपाईले कार्यपत्रक १मा जाँच्नुभएको थियो। । तपाईले यसलाई जति चाहनुहुन्छ त्यति नै सङ्ख्यामा यसको प्रतिलिपि तयार गर्न सक्नुहुन्छ।

तपाई यस व्यक्तिसँग किन क्रोधित हुनुहुन्छ संक्षिप्तमा बयान गर्नुहोस्।

तपाई यस व्यक्तिसँग क्रोधित हुनुमा तपाईको गल्ती कति रहेको थियो? वर्णन गर्नुहोस्।

तपाई क्रोधित हुनुभएकोमा यस व्यक्तिको गल्ती कति रहेको थियो? वर्णन गर्नुहोस्।

यस स्थितिको बारेमा तपाईले केही प्रयास गर्नुभएको छ? कुन?

तपाईले गर्न सक्ने अरु केही छ?

परमेश्वरलाई बदला लिनको निम्ति यस कुरा उहाँमा सुम्पिदिन के तपाई इच्छुक हुनुहुन्छ? _____

के तपाईले यस व्यक्तिलाई क्षमा दिनुभयो? यदि छैन भने, यसो गर्नबाट कुन कुराले तपाईलाई रोकी राखेको छ?

यस व्यक्तिसँगको तपाईको क्रोध मूल्यको रहेको छ? के यसले तपाईको जीवनलाई उत्तम तुल्यायो?

भयको सामना

धेरै, धेरै मानिसहरू डराउँछन्। मानिसहरू डराउने कुराहरूको सूची अन्तहिन छ; रोजगारीको अन्त्य, अर्थको कमि, सम्पत्तीको नोक्सानी, साथीको घाटा। मानिसहरूले परिवर्तन, बहिष्कार, एक्लोपना, असफलता, आफ्नै अपर्याप्तता र कमजोरीहरू, रोग-बिमार, दुर्घटना, कानुनी समस्या, कर्तव्य, प्रतिवद्धता, लत, र पतन आदीमा भय राख्दछन्। मानसिहरूले अपराध, युद्ध र आतकंको भय राख्दछन्। तिनीहरूले पारिवारिक समस्याहरू जस्तैः पारपाचुकेको (डाइभोर्स) भय राख्दछन् र तिनीहरूले आफ्ना नानीहरूको सुरक्षा र भविष्यको पनि चिन्ता राख्दछन्। तिनीहरूले मृत्यु, अनन्तता, परमेश्वर, न्याय र अज्ञात भविष्यको भय राख्दछन्। भयले जीवनमा सारा आनन्द र हर्षलाई हटाई लादँछ। परमेश्वरले उहाँमाथि भरोसा गर्नेहरूलाई भय नराख्न बताउनुभएको छ।

जसको मन तपाईमाथी अडेसिएर बसेको हुन्छ, उसलाई तपाईले शान्ति नै शान्तिमा जोगाइराख्नुहुनेछ; किनकी उसले तपाईंमाथि भरोसा राख्दछ। यशैया २६:३

नडराऊ; किनकी म तिम्रो साथमा छु; जिल्ल नपर; किनभने म तिम्रा परमेश्वर हुँ; म तिमीलाई बलियो पार्नेछु, अँ, म तिमीलाई सहायता गर्नेछु; अँ, म मेरो धार्मिकताको दाहिने हातले तिमीलाई सम्हाल्नेछु। यशैया ४१:१०

हे सबै परिश्रम गर्ने र भारीले दबिएकाहरूहो, मकहाँ आओ, अनि म तिमीहरूलाई विश्राम दिनेछु। मेरो जुवा आफूमाथि राख, र मबाट सिक; किनकी म नम्र र हृदयमा दीन छु; अनि तिमीहरूले आ-आफ्नो मनमा विश्राम पाउनेछौ। किनकी मेरो जुवा सजिलो, र मेरो भारी हलुका छ"। मत्ती ११:२८-३०

शान्त रहो, र परमेश्वर म नै हुँ भनि जान; म अन्यजातिहरूको बीचमा उच्च पारिनेछु, म पृथ्वीमा उच्च पारिनेछु। भजनसंग्रह ४६:१०

मानवको कठोर दृष्टिकोणबाट, डराउनको निम्ति राम्रा कारणहरू पनि रहेका छन्। धेरै मानसिहरू यस्ता पृष्ठभूमिबाट आएका छन् की त्यसले तिनीहरूलाई भयभित हुन र डराउन बाध्य गराउँदछ। मानव दृष्टिकोणबाट, तिनीहरूका भय बुझ्न सकिने खालका छन्। यो संसार कसैको लागी पनि जिउनका निम्ति सुनिश्चित र शुरक्षित रहेको छैन। यद्यपि, विश्वासी भएकाले, हाम्रो शुरक्षा चाँही दिगो घर वा दिगो, सुनिश्चित संसारद्वारा आएको होइन; यो त परमेश्वरबाट आएको हो।

ती व्यक्ति जसले आफ्नो भरोसा परमेश्वरमा राख्नको लागी अभ्यास गरिरहदँछ ऊ निर्भय र शुरक्षित हुँदछ। यो कस्तो आशिष! यस अशुरक्षित अनिश्चित संसारमा पनि म जीवनको आनन्द लिन सक्छु। छनोट हाम्रो नै हो। ती जो भयभित छन् भयमा नै निरन्तर रहन सक्दछन्, वा तिनीहरूले परमेश्वरमा आफ्नो भरोसा राख्नको लागी अभ्यास गर्न सक्दछन् र उहाँको शुरक्षा र हेरचाहमा जीवनको आनन्द लिन सक्दछन्।

यहाँ तल पवित्रशास्त्रका केही खण्डहरू प्रस्तुत गरिएको छ जसले बिभिन्न परिस्थितिहरूमा पनि परमेश्वरको सन्तानलाई शुरक्षा प्रदान गर्दछ। तल केहीलाई प्रस्तुत गरिएको छः

शान्ति म तिमीहरूको साथमा छोड्छु, मेरो शान्ति म तिमीहरूलाई दिन्छु, संसारले दिने जस्तोचाँही म तिनीहरूलाई दिन्नँ। तिमीहरूको हृदय विचलित नहोस्, नता भयभित होस्। यूहन्ना १४:२७

नडराऊ; किनकी म तिम्रो साथमा छु; जिल्ल नपर; किनभने म तिम्रा परमेश्वर हुँ; म तिमीलाई बलियो पार्नेछु, अँ, म तिमीलाई सहायता गर्नेछु; अँ, म मेरो धार्मिकताको दाहिने हातले तिमीलाई सम्हाल्नेछु। यशैया ४१:१०

परमेश्वर हाम्रा शरणस्थान र बल, सङ्कष्टहरूमा तुरुन्तै पाइने सहायता हुनुहुन्छ। भजनसंग्रह ४६:१

तपाई मेरा लुक्ने ठाँउ हुनुहुन्छ; तपाईले मलाई दुःखबाट जोगाउनुहुनेछ; तपाईले मलाई छुटकाराका गीतहरूले घेर्नुहुनेछ। भजनसंग्रह ३२:७

धर्मी जनहरूले पुकार्दछन्; अनि परमप्रभुले सुन्नुहुन्छ, र उनीहरूका सबै कष्टहरूबाट उनीहरूलाई छुटकारा दिनुहुन्छ। भजनसंग्रह ३७:१७

यसकारण भोलीका निम्ति फिक्री नगर, किनकी भोलीको दिनले आफ्नै थोकहरूका निम्ति फिक्री गर्नेछ। आजको खराबी आजका निम्ति प्रशस्त छ। मत्ती ६:३४

हे सबै परिश्रम गर्ने र भारीले दबिएकाहरूहो, मकहाँ आओ, अनि म तिमीहरूलाई विश्राम दिनेछु। मेरो जुवा आफूमाथि राख, र मबाट सिक; किनकी म नम्र र हृदयमा दीन छु; अनि तिमीहरूले आ-आफ्नो मनमा विश्राम पाउनेछौ। किनकी मेरो जुवा सजिलो, र मेरो भारी हलुका छ"। मत्ती ११:२८-३०

यस अध्ययन निर्देशमा हामीले धेरै पटक बताइसकेका छौं की, हामीले आफैलाई जाँच्नु आवश्यक छ। के प्रभु येशू ख्रीष्टमा तपाई साँचो विश्वासी हुनुहुन्छ? यदि एक व्यक्तिको जीवनमा धेरै प्रकारको भय रहेको छ भने, उसले प्रभुलाई नजानेको पनि हुनसक्छ। यदि एक व्यक्ति साँचो विश्वासी हो तर पनि उसमा भयहरू रहेका छन् भने, परमेश्वरको स्नेह, शुरक्षा, र प्रबन्धको बारेमा परमेश्वरको वचनले के बताउँदछ, ती सिक्नको लागी उसले समय लिनुपर्छ र विचारपूर्वक ती प्रतिज्ञाहरूमा भरोसा गर्नको निम्ति निर्णय लिनुपर्छ।

के यसले साँच्चै काम गर्छ त? हो! धेरै वर्ष अघि हामीसँग एउटा छोरो थियो जो मद्यपान र लागुऔषध दुर्व्यसनीमा फसेको थियो, र ऊ सारा कार्यहरूमा पनि संलग्न थियो, उत्पादन तथा बिक्री समेतमा। मैले मेरो जीवनमा कहिल्यै मद्य सेवन नगरे पनि र गैरकानुनी रुपमा लागुऔषध सेवन कहिल्यै नगरे तापनि, म लागुऔषध र मद्यपानसम्बन्धित सेवकाईमा पहिले सेवारत थिएँ र मैले राष्ट्रिय लागुऔषध र मद्यपान पुनर्स्थापन कार्यक्रममा पादरीको काम गरेको थिएँ। हाम्रो छोरोलाई पछि के हुनेछ भनि मलाई पूर्णरुपमा थाहा थियो। हामीले उसको लागी बारम्बार प्रार्थना गर्दथ्यौं र अरुहरूलाई पनि प्रार्थना गरिदिन आग्रह गर्दथ्यौ, र त्यसपछि मैले प्रभुमा भरोसा राख्दथें र चिन्ता लिने छनोट गर्दैनथिएँ। अन्ततः हाम्रो छोरालाई सुधारगृहमा राखियो। त्यहाँ रहँदा उसलाई विचार गर्ने समय प्रशस्त थियो, र दुई वर्षपछि उसले भन्यो की ऊ "परमेश्वरको विरुद्धमा हुनलाई थाकिसक्यो"। प्रभुको सेवा गर्नको लागी उसले आफैमा प्रतिवद्धता जाहेर गर्यो र उसको प्रतिवद्धता वास्तविक पनि थियो। आज (२०१२) ऊ उसको सुन्दर ख्रीष्टियन श्रीमति मजबुत ख्रीषटियन कलेजमा छन् र मेसिनेरीको रुपमा नेपालमा जादैँछन्। हो, जीवनको आँधी-बेहरी मध्यमा पनि एक व्यक्तिले शान्ति प्राप्त गर्न सक्दछ।

फेरी, हामी आफैले मात्र परीक्षाहरूको सामना गरेको परमेश्वर चाहनुहुदैँन। हाम्रो साथमा परमेश्वर र प्रभुमा रहेका हाम्रा दाजु-भाइ \ दिदी-बहिनीहरू हुनुहुन्छ। तपाईले भरोसा गर्न सक्ने ईश्वरिय मानिसको खोजी गर्नुहोस् र उनीहरूलाई आफ्नो भय बताउनुहोस् र उनीहरूको सल्लाहलाई हुन्नुहोस्। तपाई प्रोत्साहित हुन र निर्माण गरिनको लागी उनीहरूलाई अनुमति दिनुहोस्। तपाई र तपाईले सामना गर्नुभएको परिस्थितिलाई प्रार्थना गरिदिनको निम्ति विश्वासीजनहरूलाई अनुरोध गर्नुहोस्। समय-समयमा यो महान् आशिष हुन आउँदछ।

भय व्यवहार सम्बन्धी केही व्यवहारिक कदमहरू

१ परमेश्वरको वचनलाई नियमित रुपमा आत्मसाथ गरिरहनुहोस् र यसले तपाईलाई बलियो पार्नसकोस्। परमेश्वरमा आज्ञाकारी हुनलाई प्रतिज्ञा गर्नुहोस्। जीवनमा शान्ति प्राप्त गर्नको लागी यी नै प्रमुख कदम हुन्। परमेश्वर नियन्त्रक हुनुहुन्छ र उहाँ सधैँ तपाईसाथ हुनुहुन्छ भन्ने कुरालाई महसुस गर्नुहोस्। परमेश्वरले तपाईलाई शुरक्षा र मार्गदर्शन प्रदान गर्दै उहाँ सधैँ तपाईको साथमा हुनुहुन्छ भन्ने जागरुकता तपाईमा बिकास नभएसम्म **भजनसंग्रह १३९**लाई दिनहुँ अध्ययन गरिरहनुहोस्।

२ नियमित रुपमा आफ्ना भयहरूलाई प्रार्थनाद्वारा परमेश्वरमा राख्नुहोस्।

कुनै कुराका निम्ति फिक्री नगर, तर हरेक कुरामा प्रार्थना र विन्तिद्वारा तिमीहरूका मागहरू धन्यवादसाथ परमेश्वरकहाँ जाहेर गरिऊन्; र सारा समझलाई माथ गर्ने परमेश्वरको शान्तिले तिमीहरूका हृदयहरू र विचारहरूलाई ख्रीष्ट येशूमा रक्षा गर्नेछ। फिलिप्पी ४:६-७

अनि परमेश्वरको शान्तिले तिमीहरूका हृदयहरूमा राज्य गरोस्, यसैका निम्ति तिमीहरू पनि एउटै शरिरमा बोलाइएका छौ; अनि तिमीहरू धन्यवादी होओ। कलस्सी ३:१५

३ परमेश्वरले तपाईको निम्ति गरिदिनुभएको सबै कुराहरूमा उहाँलाई निन्तर धन्यवाद चढाउनुहोस्, र विशेष गरी तपाईप्रतिको उहाँको शुरक्षा र प्रबन्धको लागी।

सधैँ आनन्दित रहो। निरन्तर प्रार्थना गरिरहो। हरेक कुरामा धन्यवाद चढाओ; किनकी प्रभु येशूमा तिमीहरूका निम्ति परमेश्वरको यही इच्छा छ। १थेस्सोलोनिकी ५:१६-१८

प्रार्थनामा यत्नसित लागिरहो, धन्यवादसाथ यस कुरामा जागा रहो; कलस्सी ४:२

परमेश्वरलाई उहाँको बयान गरेर नसकिने दानका निम्ति धन्यवाद होस्। २कोरिन्थी ९:१५

४ जीवनलाई एक पटकमा एक दिनको लिनुहोस्। भोलीको निम्ति चिन्ता नलिनलाई सिक्नुहोस्।

यसकारण भोलीका निम्ति फिक्री नगर, किनकी भोलीको दिनले आफ्नै थोकहरूका निम्ति फिक्री गर्नेछ। आजको खराबी आजका निम्ति प्रशस्त छ। मत्ती ६:३४

कुनचाँहीले फिक्री गरेर आफ्नो उचाइमा एक हात थप्न सक्छ र? मत्ती ६:२७

पछिको लागी योजना गर्नु र पछि के हुनेछ भनि चिन्ता लिइरहनुमा धेरै अन्तर छ। हामी, ख्रीष्टियनहरू हुनाले, पछिको समयहरूका लागी असल निर्णय र बुद्धिमानी योजनाको प्रयो गर्नु असल हुदँछ, तर हामीले चिन्ता लिनु भने पर्दैन। यसले मूल्यको कुनै थोक हासिल गर्दैन र यसले परमेश्वरद्वारा हामीलाई प्रदान गरिएको शान्ति र आनन्दलाई नष्ट गर्दछ।

५ तपाईको भयलाई बुझ्न र विचार गर्न समय दिनुहोस्। तपाईले आफैलाई केही मूख्य प्रश्नहरू सोध्नुहोस्। कुन कुरामा म भयभित हुँदछ? के भयको निम्ति यो उपयुक्त कारण हो वा यो अधिक परिकल्पनाको भय हो? यस परिस्थितिलाई सुधार गर्नको लागी मैले कुन-कुन व्यवहारिक कदमहरू चाल्नसक्दछु?

६ भरोसायोग्य साथी र पाष्टरसँग तपाईको भय बताउनुहोस्, यो उपयोगी कार्य हुन सक्दछ।

७ असल ख्रीष्टियन संगित सुन्नुहोस्। टेलिभिजनलाई (दूरदर्शन) बन्द गर्नुहोस्। धेरै ख्रीष्टियन संगितहरू उपलब्ध छन्। परमेश्वरले संगितलाई रुचाउनुहुन्छ र हामीले ख्रीष्टियन संगितमा आनन्द मनाउने योजना उहाँले बनाउनुभयो।

८ स्वस्थ्यता प्रप्त गर्नको लागी केही शारिरिक कार्यकलापहरूमा सहभागी हुनुहोस। मनोरन्जनका लागी समय निर्धारण गर्नुहोस्।

९ आफ्नो हेरचाह गर्नुहोस्। पर्याप्त निन्द्रा पुर्याउनुहोस्। सन्तुलित आहार लिनुहोस्। नियमित व्यायाम गर्नुहोस्।

१० वर्षैंपिछे चिकित्सा परीक्षण गर्नुहोस्।

अपराध बोधसँग व्यवहार

सारा भावना वा उमंगहरूमध्येमा अपराध बोध सबैभन्दा उजाड पार्ने भावना हो। दिन व दिन, हप्ता व हप्ता, वर्षौं-वर्षसम्म पनि यो हामीसँग रहन्छ। एक व्यक्ति जसले निन्तर अपराध बोध गर्दछ ऊसँग शान्ति हुदैँन, परमेश्वरसँगको हिँडाईमा ऊ बढ्दै जादैँन। अपराध बोधले निरासा, क्रोध, वा अन्य कुनै पनि भावनात्मक र शारिरिक समस्याहरू तर्फ डोर्याउँदछ। अको हातमा भने, जब हामीले परमेश्वरको क्षमादानलाई र हाम्रो अपराधलाई पन्छाउने कार्यको अनुभव गर्दछौं, तब परमेश्वर र उहाँको मानसिहरूसितको सम्बन्धमा आनन्द मनाउनको लागी हामीमा व्यापक भित्री स्वतन्त्रता रहदँछ।

अपराध बोधलाई यसरी परिभाषित गर्न सकिन्छ, *"असहजता, कहिलेकाँही ब्याकुल पार्ने जागरुकता जसले तपाईले परमेश्वरको नियमलाई भङ्ग गर्नुभएको छ भनि बताउँदछ"।*

अपराध बोधसँग व्यवहार गर्न संसारलाई कठिन छ। परामर्शदाताहरूले, एक तरीकाले वा अन्यबाट, एक व्यक्तिलाई उसको आफ्नै सन्दर्भमा उत्तम महसुस गराउँदछन्। त्यसको अस्तित्वलाई सरल रुपमा अस्वीकार गरेर वा उसले गरेका कार्यहरू कुनै गलत कार्य होइन भनि पुनःपरिभाषित गरिकन तिनीहरूले व्यवहार गर्दछन्। तिनीहरूले सरल रुपमा जे भयो त्यसमा तपाईको गल्ती छैन भनि त्यस अपराधलाई नकाबले ढाक्दछन्। समस्या यहाँ छ की यी सबैले कार्य गर्दैनन्। *अपराधलाई सरल रुपमा सिद्ध प्रमाणित गर्न वा अस्तित्वमा नै नरहेको भनि पुनःपरिभाषित गर्न सकिदैँन।* जब हामीले यस्तो प्रयास गर्दछौं, यसले दमन त गर्ला वा दोषलाई क्षणिक रुपमा ढाक्ला; यद्यपि, वास्तविकतामा यसले दोषसँग कुनै व्यवहार गर्दैन र यसले त्यस अपराधको विनाशकारी परिणामलाई रोक्न सक्दैन।

जब हामी उद्धार गरिदँछौं, तब हाम्रा सारा पापहरू क्षमा गरिदँछ।

अपराधबाटको वास्तविक छुटकारा परमेश्वरबाट मात्र आउँदछ। बाइबलिय सत्यताको सबैभन्दा आधारभूत सत्तयामध्येको एक यो हो की जब परमेश्वरले कुनै व्यक्तिलाई क्षमा गरिदिनुहुन्छ, तब उहाँले पूर्णरुपमा र पूरै क्षमा गरिदिनुहुन्छ। सारा – भूत, वर्तमान, र भविष्यका पापहरू पूर्णरुपमा र पूरै क्षमा हुँदछन्।

उहाँले तिम्रा सबै अधर्महरू क्षमा गर्नुहुन्छ;... भजनसंग्रह १०३:३क

कसैले कसैको विरोधमा दोष दिने केही कुरा छ भने एक-अर्कालाई सहिदेओ र एक-अर्कालाई क्षमा गर; जसरी ख्रीष्टले तिमीहरूलाई क्षमा गर्नुभयो, उसरी नै तिमीहरूले पनि क्षमा गर। कलस्सी २:१३

अनि म तिनीहरूलाई तिनीहरूको सबै अधर।मबाट शुद्ध पार्नेछु, जसद्वारा तिनीहरूले मेरो विरोधमा पाप गरेका छन्; अनि म तिनीहरूका सबै अधर्महरू क्षमा गर्नेछु, जसद्वारा तिनीहरूले मेरो विरोधमा अपराध गरेका छन्। यर्मिया ३३:८

म, अँ, म उही हुँ, जसले आफ्नै खातिर तिम्रा अधर्महरू मेटिदिन्छ; अनि म तिम्रा पापहरू सम्झनेछैनँ। यशैया ४३:२५

किनकी तिनीहरूका अधर्महरूतर्फ म कृपालु हुनेछु, र तिनीहरूका पापहरू र तिनीहरूका अपराधहरू म कहिल्यै सम्झना गर्नेछैनँ। हिब्रु ८:१२

पश्चिमदेखी पूर्वजति टाढो छ, त्यति नै उहाँले हाम्रा अपराधहरू हामीदेखी टाढो हटाउनुभएको छ। भजनसंग्रह १०३:१२

तपाईले तिनीहरूका सबै पापहरू समुन्द्रको गहिराइमा फालिदिनुहुनेछ। मीका ७:१९ख

तर जसरी उहाँ ज्योतिमा हुनुहुन्छ, उसरी नै हामी ज्योतिमा हिँड्छौं भने एक-अर्कासँग हाम्रो संगति हुन्छ, र उहाँका पुत्र येशू ख्रीष्टको रगतले हामीलाई सब पापबाट शुद्ध पार्छ। १यूहन्ना १:७

हामीले आफ्ना पापहरू स्वीकार गर्यौं भने हामीलाई हाम्रा पापहरू क्षमा गर्न र हामीलाई सबै अधर्मबाट शुद्ध पार्नाका निम्ति उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ। १यूहन्ना १:९

...तिमीहरूका पापहरू सिन्दूरे रङ्गका भए तापनि ती हिँउजस्तै सेता हुनेछन्; ती गाढा राता भए तापनि ऊनजस्तै सेता हुनेछन्। यशैया १:१८ख

स्वीकार गरिसकेकको पापको निम्ति र, संभव भएमा, परिवर्तन भइसकेपछि एक साँचो ख्रीष्टियनलाई अपराध-बोध भइरहनुपर्ने कुनै कारण रहँदैन। हामीले केही पश्चातापको अनुभव भने गर्दछौं वा अघिका पापका निम्ति पछुतो गर्दछौं, तर निरन्तर अपराध-बोध भइरहनलाई कुनै कारण भने रहँदैन।

संसारिक अवस्थामा, आफैलाई माफ गर्नको निम्ति धेरै जोड दिनुपर्दछ। आफैलाई क्षमा दिने बारे बाइबलले केही पनि बताउँदैन। जब हामीले परमेश्वरको पूर्ण र पूरा क्षमालाई स्वीकार गर्दछौं, तब आफैलाई माफ गर्ने बारेमा हामीले केही पनि सरोकार राख्न आवश्यक छैन। परमेश्वरले पूर्णरुपमा प्रदान गरिसक्नुभएको क्षमा पछि पनि हामीले आफैलाई दोष दिइरहनुपर्दैन र अघि बढ्नुपर्दछ। परमेश्वरले क्षमा गरिसक्नुभएको कुरामा पनि आफैलाई दोष लगाइराख्नाले परमेश्वरप्रतिको विश्वास र परमेश्वरको वचनको सत्यताप्रति कमी रहेको कुरालाई प्रकट गराउँदछ।

जब हामी उद्धार गरिदँछौं, तब हामीमा परमेश्वरको धार्मिकता प्रदन गरिदँछ।

जब हामी उद्धार गरिदँछौं, दुईवटा आधारभूत कुराहरू हुन पुग्दछ। पहिलो, हाम्रा सारा – भूत, वर्तमान, भविष्यका – पापहरू क्षमा गरिदँछ, र दोश्रो, परमेश्वरले हामीलाई उहाँको धार्मिकता खनाइदिनुहुन्छ। उद्धार गरिएका मानिसहरू परमेश्वरको अघि पूर्णरुपमा शुद्ध र धर्मी भइ खडा हुँदछन्। यो हाम्रो धार्मिकतामा आधारित रहेको हुँदैन तर परमेश आफैबाट प्रदान गरिएको धार्मिकतामा आधारित हुँदछ। हामीमा केही स्तरको असलपनता रहेकाले गर्दा हामी उद्धार गरिएका होइनौं, तर परमेश्वरले हामीलाई आफ्नै धार्मिकता प्रदान

गरिदिनुभयो। परमेश्वरले हामीलाई अपराधी पापीको रुपमा हेर्नुहुन्न; उहाँले हामीलाई आफ्नै धार्मिकता भएको आफ्नो सन्तानहरूको रुपमा हेर्नुहुन्छ। यो ठूलो सत्यता हो!!!

किनकी उहाँमा हामी परमेश्वरका धर्मिकता बन्न पाऔं भनेर पापै नजान्नुहुनेलाई परमेश्वरले हाम्रा निम्ति पाप तुल्याउनुभयो। २कोरिन्थी ५:२१

अब जसले काम गर्दछ, त्यसका निम्ति ज्याला अनुग्रह होइन, तर हक ठहरिन्छ। तर जसले काम गर्दैन, तर भक्तिहिनलाई धर्मी ठहराउनुहुनेमाथि विश्वास राख्छ, उसका निम्ति उसको विश्वास धार्मिकता ठहरिन्छ। परमेश्वरले जसलाई कामबिना धर्मी ठहराउनुहुन्छ, त्यस मानिसको धन्यतालाई दाउदले पनि यसरी बयान गरेका छन्; रोमी ४:४-६

'तिम्रा सन्तान यस्तै हुनेछन्' भनि भनिएको वचन अनुसार धेरै जातिहरूका पिता हुनका निम्ति उनले निराशामा पनि आशा राखेर विश्वास गरे; रोमी ४:१८

अनि यसैकारण उनका निम्ति यो कुरा धार्मिकता गनियो। अनि 'उनका उनका निम्ति यो धार्मिकता गनियो' भन्ने कुराचाँही उनका निम्ति मात्र लेखिएको होइन, "तर हाम्रा निम्ति पनि; हामीले पनि हाम्रा प्रभु येशूलाई मरेकाहरूबाट बौराएर उठाउनुहुनेमाथि विश्वास गर्यौं भने हामीलाई पनि यो धार्मिकता दिइनेछ" रोमी ४:२२-२४

व्यवस्थाबाट हुने आफ्नै धार्मिकता भएकोले होइन, तर ख्रीष्टमाथिको विश्वासद्वारा हुने धार्मिकताले अर्थात् परमेश्वरको धार्मिकता, जो विश्वासद्वारा प्राप्त हुन्छ। फिलिप्पी ३:९

हामी उद्धार गरिएको क्षणमा नै, हामी धर्मी ठहरिदँछौं।

धर्मी ठहराउने कार्य परमेश्वरबाटको हो जसद्वारा एक पापी, जसमा धार्मिकता खनाइएको छ, ऊ धर्मी ठहरिदँछ। जब एक व्यक्ति धर्मी ठहरिदँछ, ऊ सबै अपराधहरूबाट निर्दोष ठहरिदँछ। कानुनी रुपमा हाम्रो अभिलेख शुद्ध हुँदछ। हामीमा कुनै अभियोग लागेको हुँदैन। यद्यपि, धर्मी ठहराइनुचाँही दोष बिनाको हुनुभन्दा अधिक नै हो – यो चाँही धर्मी भएको घोषणा गरिनु हो। यसले परमेश्वरको पवित्रताको मागलाई सन्तुष्ट पार्दछ र उहाँसँग हिँड्नको निम्ति र संगति गर्नको निम्ति हामीलाई योग्य तुल्याउँदछ।

जब एक व्यक्ति धर्मी ठहरिदँछ वा धर्मी भएको घोषणा गरिदँछ, यसले उसको व्यक्तित्व वा कार्यहरूलाई बयान गरिरहेको छैन तर सट्टामा यसले परमेश्वर अघिको उसको विधिसम्मत न्यायलाई बर्णन गर्दछ। परमेश्वरले निरन्तरताका साथ हामीलाई धर्मी ठहराइरहनुभएको छ। ख्रीष्टियन हुनाले, हामीले बाइबलिय सत्यतालाई बुझ्न र स्वीकार गर्न आवश्यक रहेको छ। यसको कारणले, अपराध-बोधमा अल्झि रहनलाई कुनै पनि कारण भेटिदैँन।

अनि तिमीहरूमध्ये कतिजना यस्तै थियौ; तर तिमीहरू धोइएका छौ, तर तिमीहरू प्रभु येशूको नाममा र हाम्रा परमेश्वरका आत्माद्वारा धर्मी ठहरिएका छौ। १कोरिन्थी ६:११

यसकारण अब उहाँको रगतद्वारा धर्मी ठहरिएका हुनाले झन् बढ्ता गरी हामी उहाँद्वारा क्रोधबाट बचाइनेछौं। रोमी ५:९

यसकारण विश्वासद्वारा धर्मी ठहरिएका हुनाले हाम्रा प्रभु येशू ख्रीष्टद्वारा परमेश्वरसँग हाम्रो मेलमिलाप भएको छ। रोमी ५:१

किनकी सबैले पाप गरेका छन् र परमेश्वरको महिमारहित हुन गएका छन्, र उहाँको अनुग्रहद्वारा ख्रीष्ट येशूमा भएको छुटकाराको कारणले तिनीहरू सित्तैँमा धर्मी ठहरिन्छन्। रोमी ३:२३-२४

गलत अपराध-बोधको पहिचान

तपाईले गलत अपराध-बोध महसुस गरिरहनुभएको छ भनि जान्नु आवश्यक छ। जब हामीले मानिसहरू, जसलाई हाम्रा निम्ति स्तर निर्धारण गर्ने अधिकार छैन, तिनीहरूका आशाहरूलाई पूरा गर्दैनौं तब हामीले अपराध-बोधको अनुभव गर्न पुग्दछौं। यस किसिमका आशाहरू धेरै श्रोतहरूद्वारा आउन सक्छ। अभिभावक, परिवारका अन्य सदस्यहरू, पाष्टरहरू, शिक्षकहरू, र कार्य-निरिक्षकहरूले हामीलाई गलत स्तरहरू निर्धारण गरिदिन सक्दछन्। यदि अभिभावकहरूले तपाई डाक्टर वा वकिल भएको चाहनुहुन्छ तर तपाई निर्माण कर्मचारी बन्न चाहनुहुन्छ भने, तपाईले कुनै अपराध-बोध वा लाज्जित अनुभव गर्नुपर्दैन। समय-समयमा, पाष्टरहरू र बाइबल शिक्षकहरूले यति उच्च सत्र निर्धारण गरिदिन्छन् की कुनै पनि मानिस त्यति सिद्ध हुने संभावना रहेको हुँदैन। हामी आफैमा पनि उच्च आशाहरू रहेको हुन सक्दछ, र, जब हामीले त्यस महत्वकाक्षांलाई पूरा गर्न सक्दैनौं, तब हामीले गलत अपराध-बोधको बोझ महसुस गर्नसक्दछौं। या राख्नुहोस्, साँचो अपराध-बोधचाँही परमेश्वरको निर्देशन उलघंन गरेबाट आउँदछ, मानविय स्तर उलघंनबाट होइन। अरु मानिसबाट निर्धारित बेठीक स्तर प्राप्ति गर्न असक्षम भएकाले यसमा अपराध-बोध वा लज्जति हुनुपर्ने कुनै पनि कारण छैन।

अपराध-बोधसँग व्यवहार गर्ने प्रयोगात्मक तरीका...

१ यदि तपाईले प्रभुलाई चिन्नु हुँदैन भने, तपाई पापी हुनुहुन्छ भनेर स्वीकार गर्नुहोस् र उहाँको क्षमादानलाई स्वीकार गर्नुहोस्।

२ ख्रीष्टियनहरूले अनजानमा गरेका सबै पापहरूलाई तुरुन्तै स्वीकार गरिहाल्नुपर्दछ। यदि तपाईले पाप गर्नुभएको छ भनेर पवित्रआत्माले तपाईमा विचार उत्पन्न गराउनुहुँदछ भने, तब तुरुन्तै त्यो स्वीकार गरिहाल्नुहोस्।

हामीले आफ्ना पापहरू स्वीकार गर्यौं भने हामीलाई हाम्रा पापहरू क्षमा गर्न र हामीलाई सबै अधर्मबाट शुद्ध पार्नाका निम्ति उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ। १यूहन्ना १:९

जब हामीले साँचो रुपमा प्रभुसँग हाम्रा पापहरू स्वीकार गर्दछौं, तब उहाँले हामीलाई पूर्णरुपमा क्षमा गर्नुहुन्छ। एउटै पापलाई बारम्बार स्वीकार गरिरहनुपर्ने पासोम नपर्नुहोस्। हामीलाई क्षमा गरिसकेको "अनुभव" हामीले नगरे तापनि, हामीले क्षमा मागेको पहिलो पटकमै परमेश्वरले हामीलाई क्षमा दिनुहुन्छ। परमेश्वरको प्रतिज्ञाप्रति भरोसा राख्नुहोस, क्षमादान स्वीकार गर्नुहोस्, र अघि बढ्दै जानुहोस्। तपाईले आफ्नो पाप स्वीकार गरिसक्नुभएपछि, परमेश्वरलाई धन्यवाद चढाउनुहोस् र उहाँको प्रशंसा गर्नुहोस् र उहाँसँगको हिँडाईमा आनन्द मनाउनुहोस्।

३ नियमित बाइबल अध्ययन (आत्मसाथ गर्ने) र प्रार्थनाको बानी बसाल्नोस्। जसै हामी उहाँमा विश्वासयोग्य हुन्छौं, उहाँको आत्माद्वारा हामी भरपूर हुन्छौं र हामीले अपराध-बोधको अनुभव होइन, शान्तिको अनुभव गर्दछौं।

४ यदि तपाईले कुनै व्यक्तिलाई चोट पुर्याउनु भएको छ भने, तपाईले क्षमा माग्नुपर्छ र, तपाई सक्नुहुन्छ भने, उचित परिवर्तन गर्नुहोस्।

परमेश्वरबाट क्षमा प्राप्त हुँदैमा तपाईले चोट पुर्याउनुभएको व्यक्तिसँग तपाईले सही व्यवहार गर्नुपर्दैन र कुरा मिलाउनुपर्दैन भन्न खोजिएको भने होइन। यथार्थमा, मूलभूतरुपमा परमेश्वरमा साँचो स्वीकार गर्नुचाँही संभव भएसम्म त्यस व्यक्तिसँग सही व्यहार गर्नु हो। जब परिवर्तन गर्नको लागी संभावना रहँदैन, तब पनि तपाईले त्यस व्यक्तिसँग तपाई गलत हुनुहुन्छ भन्ने कुरा स्वीकार गरिकन क्षमा माग्नुपर्दछ। यदि तिनीहरूले तपाईलाई क्षमा गर्दछन् भने, तिनीहरूका क्षमालाई स्वीकार गर्नुहोस् र अघि बढेनुहोस्। तर यदि तिनीहरूले क्षमा दिएनन् भने, परमेश्वरले आशा गर्नु भए बमिजिम तपाईले गर्नुभएको छ। परमेश्वरको क्षमादानलाई स्वीकार गर्नुहोस् र अघि बढ्नुहोस्। यी प्रत्येक मामलामा, परमेश्वरको सहायताद्वारा, तपाईले त्यस अपराधलाई दोहोर्याउनु हुँदैन भनि प्रतिवद्धता जाहेर गर्नुहोस्।

५ तपाईलाई चोट पुर्याउने सबैलाई क्षमा दिनुहोस्। यदि तपाईले क्रोधलाई पक्रिरहनु भएको छ र अर्को व्यक्तिलाई क्षमा दिनुभएको छैन भने, परमेश्वरले तपाईलाई क्षमा गर्न सक्नुहुन्न र तपाईले कहिल्यै पनि परमेश्वरको क्षमालाई महसुस गर्न सक्नुहुनेछैन। यदि तपाईले कसैलाई क्षमा दिनुभएको छैन भने, यस पाठ्यक्रमको क्रोधको खण्डमा जानुहोस् र क्षमा सम्बन्धित त्यस खण्डलाई अध्ययन गर्नुहोस्।

किनकी तिमीहरूले मानिसहरूलाई तिनीहरूका अपराधहरू क्षमा गर्यौं भने तिमीहरूका स्वर्गीय पिताले पनि तिमीहरूलाई क्षमा गर्नुहुनेछ। तर तिमीहरूले मानिसहरूलाई तिनीहरूला अपराधहरू क्षमा गरेनौ भने तिमीहरूका पिताले पनि तिमीहरूका अपराधहरू क्षमा गर्नुहुनेछैन। मत्ती ६:१४-१५

६ जब पाप स्वीकार गरिदँछ र परिवर्तन गरिदँछ, अघि हेर्नुहोस्, पछाडि होइन।

भाइहरूहो, मैले पक्रिसकेको छु भनि म आफ्नो विषयमा सम्झन्नँ; तर यो एउटा कुरा म गर्दछु – पछिल्तिरका कुराहरू बिर्सेर अघिल्तिरका कुराहरूतिर लम्कँदै ख्रीष्ट येशूमा परमेश्वरको उच्च वोलावटको पुरस्कारका निम्ति म निशानातिर दगुर्छु। फिलिप्पी ३:१३-१४

७ होशियार हुनुहोस् की तपाईले वास्तविक अपराध-बोधसँग व्यवहार नगरिकन त्यसलाई सिद्ध पार्न नखोज्नुहोस्, वा आफ्नो अपराधलाई व्यवहार नगरिकन परमेश्वरको व्यवस्थालाई पुनःभाषित नगर्नुहोस्। हामी दोषी छैनौं भनि हामीले देखावटी गर्न सक्दैनौं, वा सिद्ध प्रमाणित गरी वा आफ्ना अपराधलाई धर्मी ठहराउन सक्दैनौं।

८ परमेश्वरको पूर्ण क्षमादानलाई स्वीकार गर्न तपाईमा समस्या रहेको छ र अपराध-बोधको अनुभव तपाईमा भइरहेको छ भने, भरोसायोग्य साथीसँग बातचित गर्नुहोस् वा पाष्टरसँग कुरा गर्नुहोस् जसले तपाईलाई सहायता गर्न सक्नुहुन्छ।

९ गलत महसुस र पछुताऊ बीचमा अस्पष्ट नहुनुहोस्। तपाईमा जहिल्यै पनि कुनै न कुनै पछुताऊ रहदँछ। यथार्थमा, कुनै पछुताउहरू लाभदायक हुदँछन्; यद्यपि, परमेश्वर तपाईलाई क्षमा गरिसक्नुभएपछि र तपाईले उचित परिवर्तन गरिसक्नुभएपछि पनि तपाईले अपराध-बोधको भारी बोकीरहन जरूरी छैन। फेरी, उहाँको क्षमादानलाई स्वीकार गर्नुहोस् र अघि बढ्नुहोस्।

गर्वसँग व्यवहार। किन म गर्व नगरूँ? आखिरमा, मलाई हेर्नुहोस्।

शायद त्यहाँ एउटै पनि मानिस छैन होला, एक प्रकारले वा अन्य, जो घमण्डी हुँदैन। यो हितकर गर्व हुन सक्छ वा यो अति नै अस्वस्थ गर्व हुन सक्दछ। अस्वस्थ गर्वले एक व्यक्तिलाई उचाल्दछ र धेरै मानिसहरूलाई प्रभु येशू ख्रीष्टमा विश्वास गर्नबाट वन्चित गराउँदछ। परमेश्वरको आत्माबाट भरपुर हुन र नियन्त्रण हुनबाट धेरै

ख्रीष्टियनहरूलाई यसले वाधा पुर्याउँदछ। यस किसिमको गर्वको सन्दर्भमा परमेश्वरको वचनले हामीलाई बारम्बार चेतावनी दिँदछ।

विनाशको अघि गर्व आउँछ, र पतनको अघि चाँही हठी मन आउँछ। हितोपदेश १६:१८

मान्छेको गर्वले त्यसलाई तल झार्नेछ; तर नम्र आत्मा भएको मानिसले आदर पाउनेछ। हितोपदेश २९:२३

रगडा-झगडा खाली गर्वबाट उत्पन्न हुन्छ; तर सल्लाह लिनेहरूसँग बुद्धि हुन्छ। हितोपदेश १३:१०

परमप्रभुको भय मान्नुचाँही खराबीलाई घृणा गर्नु हो; गर्व, हठीपना, खराब चाल र टेढा-मेढाबोल्ने मुखलाई म घृणा गर्दछु। हितोपदेश ८:१३

आत्मामा गरिब हुनेहरू धन्य हुन्, किनभने स्वर्गको राज्य उनीहरूकै हो। मत्ती ५:३

त्यहाँ केही प्रकारका अस्वस्थ गर्वहरू छन् भनि हामीले जान्नु आवश्यक रहेको छ। मेरो परिवारमा, मेरी पत्नी, मेरा नानीहरू, मेरा नातिनाहरूमा अस्वस्थ गर्व रहेको हुन सक्दछ। म परमेश्वरको सन्तान हुँ भनि गर्वको अनुभव हुन सक्दछ। जब प्रभुमा हाम्रा भाइ-बहिनीहरूले विश्वायोग्य सेवकाई गर्दछन् तब हामीमा स्वस्थ गर्व रहन सक्दछ। *स्वस्थ गर्वले प्रभुलाई उचाल्छ र यो उहाँमा धन्यवादी हुँदछ भने, अस्वस्थ गर्वले आफैलाई उचाल्दछ।* हामीले स्वस्थ गर्व पापपूर्ण गर्व नहोस् भन्नको लागी होशियार रहनुपर्दछ जसले आफैलाई उचाल्दछ र अरुलाई तल झार्दछ।

तर जसले गर्व गर्दछ, उसले मलाई 'परमप्रभु म नै हुँ; म नै पृथ्वीमा करुणा, न्याय र धार्मिकताको काम गर्छु' भनि बुझेको र चिनेकोमा गर्व गरोस्; किनकी यी कुराहरूमा म प्रसन्न हुन्छु, परमप्रभु भन्नुहुन्छ। यर्मिया ९:२४

तर हाम्रा प्रभु येशू ख्रीष्टको क्रुसमा बाहेक अरू कुनै कुरामा म गर्व गर्दै गर्दिनँ, जसद्वारा संसार मेरा निम्ति, र मचाँही संसारका निम्ति क्रुसमा टाँगिएको छु। गलाती ६:१४

स्वस्थ गर्वले हाम्रो प्रभुलाई उचाल्दछ। पापमय गर्वले आफैलाई उचाल्दछ र अहंकार र स्व-केन्दितलाई आधार बनाउँदछ। यस प्रकारको गर्वले एक व्यक्तिलाई परमेश्वरको खोजी गर्नबाट र उहाँसँगको संगतिबाट उसलाई रोक्दछ। यसले आत्मिकी वृद्धिलाई रोक्दछ।

अनि जब तिम्रा गाईबस्तुहरू र भेडाबाख्राहरू गन्तीमा बढ्लान्; जब तिम्रा चाँदी र सुन बढ्लान्, र तिम्रा सबै थोकहरू बढ्लान्; तब तिम्रो हृदय घमण्डले फुल्ला, र तिमीले परमप्रभु आफ्ना परमेश्वरलाई बिर्सौला, जसले तिमीलाई मिश्र देशबाट अर्थात् दासत्वको घरबाट निकालेर ल्याउनुभयो; व्यवस्था ८:१३-१४

पवित्रशास्त्रका धेरै खण्डहरूले गर्वको विषयमा हामीलाई चेतावनी दिदँछन्। यहाँ केही प्रस्तुत गरिएका छन्;

जसको हृदयमा घमण्ड छ, त्यस्तो हरेक व्यक्ति परमप्रभुका निम्ति घृणित छ; निश्चय नै त्यो दण्ड नपाई छोडिनेछैन। हितोपदेश १६:५

विनाशको अघि घमण्ड आउँछ, र पतनको अघि चाँही हठी मन आउँछ। हितोपदेश १६:१८

प्रभुका सामु आफूलाई नम्र तुल्याओ, र उहाँले तिमीहरूलाई माथि उठाउनुहुनेछ। याकूब ४:१०

रगडा-झगडा खाली घमण्डबाट उत्पन्न हुन्छ; तर सल्लाह लिनेहरूसँग बुद्धि हुन्छ। हितोपदेश १३:१०

तर अब तिमीहरू आफ्ना सेखीमा अमण्ड गर्दछौ; यस्तो सबै घमण्ड खराब हो। याकूब ४:१६

तिमीहरूको घमण्ड गराइ असल होइन। अलिकति खमीरले सारा ढिकालाई खमीर बनाइदिन्छ भन्ने कुरा के तिमीहरूलाई थाहा छैन? १कोरिन्थी ५:६

परमप्रभुको भय मान्नुचाँही खराबीलाई घृणा गर्नु हो; घमण्ड, हठीपना, खराब चाल र टेढा-मेढाबोल्ने मुखलाई म घृणा गर्दछु। हितोपदेश ८:१३

एक-अर्कासँग एकै मनका होओ। अल्गा कुराहरूमा मन नलगाओ, तर नम्रहरूतर्फ झुक। आफ्नो दृष्टिमा बुद्धिमान् नहोओ। रोमी १२:१६

मानिसलाई घमण्डले प्रभाव पार्ने तरीकाहरू धेरै छन्। यो विभिन्न प्रकारले हुन आउँदछ। कसैको लागी यो अहंकारी घमण्डी गर्व हो, जसद्वारा अरुलाईभन्दा आफूलाई माथि उचाल्दछन्। यद्यपि, धेरै मानिसहरूका लागी घमण्ड सुक्ष्म रहेको छ। यी व्यक्तिहरूले खुलारुपमा घमण्ड देखाउँदैनन् तर भित्र-भित्रै यिनीहरू पूर्ण विश्वस्त हुन्छन् र अरुभन्दा आफूलाई धेरै योग्य वा अरूभन्दा उत्तम सम्झदँछन्। तिनीहरूले आफूलाई अरुहरूभन्दा नैतिक उच्चस्तरको देख्दछन्।

केही ख्रीष्टियनहरू जसले कुनै पनि सेवकाईमा नियमित सेवा गर्दछन् तिनीहरूले आफूलाई अरूहरूभन्दा श्रेष्ठ वा अरुभन्दा आत्मिकी उच्चतामा रहेको समेत देख्दछन्। त्यहाँ ईश्वरशास्त्रको ज्ञानको घमण्ड पनि रहेको हुँदछ। ती जसलाई बाइबलको केही ज्ञान छ वा ती जसले यी जान्दछन् र धेरै बुझ्दछन्, तिनीहरू पनि वचनको ज्ञानको कारणले फुलिनसक्दछन्।

घमण्डले अरुभन्दा आफूलाई उच्च राख्दछ। परमेश्वर हाम्रो योग्यताको श्रोत, हाम्रो सफलता वा हाम्रो ज्ञान हुनुहुन्छ भनि यो परिचित हुन सक्दैन। परमेश्वरबाट हासिल यस किसिमको प्रतिभा र योग्यताको लागी धन्यवादी हुनुको साटो, हामी आफ्नै विचारहरूद्वारा हामी जे छौं त्यसको लागी आफैलाई श्रेय दिँदछौं।

घमण्डले हामीलाई कसरी प्रभावित पार्दछ भनि तलका उदाहरणहरू हेरी विचार गर्नुहोस्।

१ घमण्डले भन्ला, "यो म आफैले सम्हाल्न सक्दछु। मलाई तिम्रो, वा अरु कुनै व्यक्तिको, वा परमेश्वरको आवश्यकता पर्दैन।
२ घमण्डले एक व्यक्तिलाई ऊ\उनी गलत छन् भनि स्वीकार गर्नबाट रोकिराख्दछ।
३ घमण्डले भन्ला, "मलाई कुनै सुझाब वा परामर्श चाहिदैँन"।
४ घमण्डले भन्ला, "ममा केही कसुरहरू छन् तर समग्रमा म एक असल व्यक्ति हुँ"।
५ घमण्डले भन्ला, "मैले केही पापहरू गरेको छु, तर म खराब व्यक्ति भने होइनँ"।
६ घमण्डले एक व्यक्तिद्वारा अर्को व्यक्तिलाई तल झार्दछ।
७ घमण्डले सोच्ला, "म अरु मानिसहरूभन्दा उत्तम छु"।
८ हामीले प्रेम गर्ने र हाम्रा संगतको प्रभाव वरिपरि भएका मानिसहरूमा घमण्डले अनावश्यक रुपमा उच्च स्तर निर्धारित गराउँदछ।
९ हामीसँग जो-जति सहमत हुँदैनन् घमण्डले तिनीहरू प्रति हामीलाई क्रोधी तुल्याउँदछ।

उद्धार नपाएका मानिसहरूमा, यस किसिमको प्रवृत्तीले ऊ\उनी निःसहाय पापी हुन भनि स्वीकार गर्नबाट वन्चित तुल्याउँदछ। उद्धार गरिनका लागी, एक व्यक्ति घमण्डमा होइन, तर नम्रतामा परमेश्वरकहाँ आउनुपर्दछ।

वियोगको कुरा यो हो की ती नउद्धार पाएका मानिसहरूमात्र होइनन् जो घमण्डी हुँदछन्; यो ख्रीष्टियनहरूमा पनि रहेको प्रमुख समस्या हो। परमेश्वरले प्रदान गर्नुभएको प्रतिभा र योग्यताको निम्ति धन्यवादी हुनुको साटो, हामी ले गर्छौं वा हामी जे छौं त्यसमा हामी हाम्रै विचारहरूद्वारा आफैलाई श्रेय प्रदान गर्दछौं। ख्रीष्टियन भएकाले,यो हाम्रो लागी सहज छ, आफूलाई सूक्ष्म रुपमा असल देखाउनको लागी । कथाहरूमा पनि, आफूलाई माथि उठाउन र प्रशंसा प्राप्ति गर्न वा अरुबाट आदर पाउनको लागी हामी बढाएर बताउँदछौं। हामीमा र हामीद्वारा कार्य गर्नको निम्ति यी सबैले परमेश्वरको आत्मालाई वाधा पुर्याउँदछ, र उहाँसँगको हिँडाईमा बढ्दै जान घमण्डले हामीलाई रोक्न सक्दछ। जब यो हुन आउँदछ, हामीले परमेश्वरमा अनाज्ञाकारी हुँदछौं र उहाँलाई दुःखित पार्दछौं र हामीले आफैलाई र अरुहरूलाई यस किसिमका चोट, असफलता, नैराश्यता, दोष, क्रोध, र उदासीमा पार्दछौं।

घमण्डले मतभेदतर्फ डोर्याउँदछ र हाम्रो परिवार वा अरुहरूसँग मतभेद समाधान बिना नै जिउन बाध्य तुल्याउँदछ। हामीले एक-अर्कालाई चोट पुर्याउँदछौं, र हामी तिरस्कार गरिदँछौं र व्यक्तिगतरुपमा उदास हुँदछौं। यी सबैले हामीलाई हाम्रो सँगी व्यक्तिहरूको सेवा गर्न, र अरुहरू, जसले हाम्रो जीवनलाई सुभोशित पार्न सक्छन् तिनीहरूसँग स्वस्थ सम्बन्ध कायम गर्नबाट वन्चित पार्दछ।

जब मानिसहरू अरुका कुरा सुन्नका लागी धेरै घमण्डी हुँदछन्, तिनीहरूले विगतमा गरेका भूलहरूलाई दोहोर्याउँछन् र आफ्ना जीवनभरि समझ र बुद्धिलाई सिमित पार्दछन्। तिनीहरूले आफ्ना प्रवृत्तीहरू वा व्यवहारहरू परिवर्तन गर्नको लागी परमेश्वरको खोजी गर्न अनिच्छुक हुँदछन्।

घमण्ड पापमु हो भनि कुनै शंका रहेको छ भने, हेर्नुहोस् घमण्ड केसँग सम्बन्धित रहेको छ।

यो पनि जानिराख – अन्तिम दिनहरूमा सङ्कटपूर्ण समयहरू आउनेछन्। किनकी मानिसहरू आफूलाई मात्र प्रेम गर्ने, पैसाको लोभी, सेखीबाज, घमण्डी, निन्दा गर्ने, बाबु-आमाको आज्ञापालन नगर्ने, बैगुणी, अपवित्र, स्वाभाविक माया नभएका, मेल गर्न नचाहने, झूटा दोष लाउने, आत्मसंयम नभएका, कठोर, असललाई घृणा गर्ने, विश्वासघाती, जिद्दीवाल, धमण्डले फुलिएका, परमेश्वरलाई भन्दा बरु मोजमज्जालाई प्रेम गर्ने; भक्तिको भेष ता धारण गर्ने, तर त्यसको शक्ति इन्कार गर्ने हुनेछन्; यस्ताहरूबाट पर बस। २तिमोथी ३:१-५

घमण्डको विपरित हो नम्रता। हामी नम्र हुनको निम्ति धेरै चोटी परमेश्वरको वचनद्वारा हामीलाई निर्देशन दिइएको छ। यथार्थमा, हामीले नम्रताको खोजी गर्नुपर्छ। ती जो नम्र हुन्छन् तिनीहरूका लागी आशिषहरूको प्रतिज्ञा गरिएको छ। जसले आफूलाई नम्र तुल्याउँदछन् तिनीहरूलाई परमेश्वरले उच्च पार्नुहुनेछ।

हे देशका सबै नम्रहरूहोधार्मिकताको खोजी !परमप्रभुको खोजी गर ,जसले उहाँको न्यायको काम गरेका छौ , हुन !नम्रताको खोजी गर !गरसक्छपरमप्रभुको रिसको दिनमा तिमी ,हरू लुकाइनेछौ। सपन्याह २:३

प्रभुका सामु आफूलाई नम्र तुल्याओ, र उहाँले तिमीहरूलाई माथि उठाउनुहुनेछ। याकूब ४:१०

मान्छेको घमण्डले त्यसलाई तल झार्नेछ; तर नम्र आत्मा भएको मानिसले आदर पाउनेछ। हितोपदेश २९:२३

"यही प्रकारले हे जवानहरूहो, आफू-आफूलाई प्राचिनहरूको अधिनको सुम्प। अँ, तिमीहरू सबै एक-अर्काको अधिनमा बस, र नम्रतालाई पहिर; किनभने परमेश्वरले घमण्डीहरूलाई विरोध गर्नुहुन्छ, तर नम्रहरूलाई अनुग्रह दिनुहुन्छ। यसकारण परमेश्वरको सामर्थी हातमनि आफू-आफूलाई नम्र तुल्याओ, र ठीक समयमा उहाँले तिमीहरूलाई उच्च पार्नुहुनेछ; १पत्रुस ५:५-६

मेरो नामले कहलाइएका मेरा जनहरूले आफूलाई नम्र तुल्याए, प्रार्थना गरे र मेरो चेहराको खोजी गरे अनि आफ्ना दुष्ट चालहरूबाट फर्के भने म स्वर्गबाट सुन्नेछु, उनीहरूको देशलाई निको पारिदिनेछु। २इतिहास ७:१४

तर उहाँले बढी अनुग्रह दिनुहुन्छ। यसकारण उहाँ भन्नुहुन्छः 'परमेश्वरले घमण्डीहरूलाई विरोध गर्नुहुन्छ, तर नम्रहरूलाई अनुग्रह दिनुहुन्छ। याकूब ४:६

यसकारण परमेश्वरको सामर्थी हातमनि आफू-आफूलाई नम्र तुल्याओ, र ठीक समयमा उहाँले तिमीहरूलाई उच्च पार्नुहुनेछ; १पत्रुस ५:६

प्रभु येशू ख्रीष्टको अनुयायी भएकाले, हाम्रो जीवनको पूर्ण उद्देश्य यो हो की हामीले उहाँलाई महिमित तुल्यायौं, आफैलाई होइनँ। हामीले एकैपटकमा आफैलाई उच्च पार्न र प्रभुको महिमा गर्नसक्दैनौं। हाम्रो प्रवृत्ती कस्तो हुनुपर्छ भनेर यस छोटो पदले प्रष्टैसँग निर्धारित गर्छ।

उहाँ (येशू) **बढ्नुपर्छ, तर मचाँही घट्नुपर्छ।** यूहन्ना ३:३०

तपाईले कस्तो गर्दै हुनुहुन्छ? यथार्थमा, के तपाईले ख्रीष्टलाई उच्च पार्नको लागी खोजी गर्दै हुनुहुन्छ वा के तपाईले आफैलाई नै उच्च पारन खोजी गर्नुहुन्छ? के तपाईले नम्रताको खोजी गर्दैहुनुहुन्छ? के घमण्डको कारणले परमेश्वरको उत्तमतालाई तपाईले गुमाउनुभएको छ?

गर्वसँग व्यवहार गर्नको लागी केही सुझाबहरू

१ आफैलाई इमान्दारितापूर्वक विचार गर्नुहोस्।

> के तपाईको घमण्डले परमेश्वरको खोजी गर्नबाट तपाईलाई वन्चित गरिरहेको छ?
> आवश्यक प्रवृतीको परिवर्तनका लागी के तपाईको घमण्डले तपाईलाई रोकी रहेको छ?
> आवश्यक रुपमा तपाईको व्यवहारमा गरिनुपर्ने परिवर्तनलाई के तपाईको घमण्डले रोकी राकेको छ?
> तपाई गलत हुनुहुन्छ भन्ने कुरालाई स्वीकार गर्नबाट के तपाईको घमण्डले तपाईलाई रोकी राखेको छ?
> के तपाईको घमण्डले तपाईलाई अरुबाटको मद्दत लिनबाट वन्चित गरिराखेको छ?
> अरुसँग स्वस्थ सम्बन्ध कायम गर्नको निम्ति के तपाईको घमण्डले वाधा पुर्याइरहेको छ?
> के तपाईको घमण्डले अरुलाई चोट पुर्याइरहेको छ?

२ आफ्नो घमण्डलाई मानिलिनुहोस्।
३ आफ्नो घमण्डको पापलाई परमेश्वरमा मानिलिनुहोस् र त्यसलाई नियन्त्रन गर्नको निम्ति उहाँसँग सहायता माग्नुहोस्।
४ परमेश्वरको वचनलाई नियमित रुपमा आत्मसाथ गर्नुहोस् र सामर्थ्य र मार्गदर्शन हासिल गर्नुहोस्।
५ परमेश्वरले तपाईलाई हेर्नुभएझैँ गरी आफैलाई हेर्नुहोस्। तपाई परमेश्वरबाटको विशेष सृष्टि हो र उहाँले चाहना गर्नुभएको कुराहरू पूरा गर्नको लागी उहाँले तपाईलाई सु-सज्जित पार्नुभएको छ। तपाईसँग केही क्षमताहरू छन् भने परमेश्वरद्वारा यो तपाईलाई प्रदान गरिएको हो।
६ धन्यवादी हुन सिक्नुहोस्। एकै समयमा धन्यवादी र गमण्डी हुनु निकै कठिन छ।
७ प्रभु येशू ख्रीष्टमा आफ्नो दृष्टि लगाइराख्नुहोस्, जो वास्तविक सामर्थ्य र शक्तिको श्रोत हुनुहुन्छ।
८ अरु विश्वासीहरू जसले तपाईका असल छनोटहरूलाई प्रोत्साहन दिन्छन् तिनीहरूसँग मिल्नुहोस्।

यी छओटा कुरा परमप्रभुले धृणा गर्नुहुन्छ; अँ, सातओटा छन्, जो उहाँका निम्ति घृणित छन्; घमण्डी आँखा, झूट बोल्ने जिब्रो, निर्दोषको रगत बगाउने हात; दुष्ट युक्ति रच्ने मन, हतासँग खराबीतिर दगुर्ने पाउहरू; झूट बोल्ने झूटो साक्षी र भाइ-भाइको बीचमा अमेलको बीउ छर्ने मान्छे। हितोपदेश ६:१६-१९

उन्नाइस

ख्रीष्टियन र उसको थैली

अर्थ महत्वपूर्ण छ। साधारण जीवनयापनमा, एक मानिस जो आफ्नो परिवारको प्रमुख प्रबन्धक हो, आफू र परिवार जिउनका निम्ति उसले करिब ४०-४५ वर्षसम्म काम गरेर पैसा कमाउँदछ। आफ्नो र परिवारको निम्ति खाना, कपडा, यतायात, वास, र अन्य धेरै कुराहरू खरिद गर्नका लागी पैसाको आवश्यकता पर्दछ। आफू र आफ्नो परिवारलाई जुटाउनका निम्ति पुरुष र महिलाहरूले कडा परिश्रमका साथ काम गर्दछन्।

मानिसहरूमा आफ्ना परिवारलाई प्रबन्ध गर्ने योग्यता रहोस् भन्ने कुराको आशा परमेश्वर गर्नुहुन्छ।

तर यदि कसैले आफ्नाहरूका निम्ति, र विशेष गरी आफ्नो परिवारको निम्ति प्रबन्ध गर्दैन भने उसले विश्वासलाई इन्कार गरेको छैन, र ऊ अविश्वासीभन्दा पनि खराब भएको छ। १तिमोथी ५:८

परमेश्वरले आफ्नो वचमा दिनुभए अनुसारले यदि पैसा खर्च दरिन्छ भने, हामीले प्रभुलाई आदर गर्दछौं र उहाँलाई महिमित तुल्याउँदछौं। अर्को हातमा भने, पैसा पिडा, चोट, समस्या, बहस, र हृदय-व्यथाको अकथनिय श्रोत बन्न पुग्दछ। धेरै परिवारहरू र वैवाहिक सम्बन्धमा पैसा प्रमुख विषय बन्दछ। धेरै अपराधहरूको कारण पनि पैसा नै हो। धेरैजसो हाम्रो राष्ट्रिय आर्थिक समस्याको कारण लोभ नै रहेको छ।

धार्मिक घेरामा, पैसाप्रतिको मोहले धेरै झूटा शिक्षकलाई चलाउँदछ जसले सुसमाचारलाई भ्रष्ट पार्दछन् र "विधुवाका घरहरू निल्दछन्"।

अर्थव्यवस्था प्रमुख बाइबलिय विषय हो। परमेश्वरले हामीलाई पैसाको सम्बन्धमा उचित व्यवहार र यसको उचित प्रयोगको निर्देशन दिनुहुन्छ। बाइबलमा करिब २००० सन्दर्भहरू छन्, एक तरीकाले वा अन्य, जुन अर्थव्यवस्थापन सँग सम्बन्धित रहेका छन्। पैसाको सन्दर्भमा येशूले १६ओटा दृष्टान्तहरू बताउनुभएको छ।

प्राय धेरै जसो प्रवचन र ख्रीष्टियन साहित्य पैसा दिनुपर्छ भन्ने कुरामा सम्बन्धित छन्। पैसा दिनुपर्छ भनेर प्रवचनबाट केही ख्रीष्टियनहरूले धम्की पाएको पनि अनुभव गर्दछन्। यद्यपि, परमेश्वरको वचनको शिक्षा पैसा दिनुपर्छ भन्ने कुरा भन्दा पनि अधिक रहेको छ। मूख्तया, हाम्रो जीवनका सारा क्षेत्रहरूमा हामी कसरी सम्बन्धित हुनुपर्छ भनेर यसले त जीवनका सिद्धान्तहरूलाई ओगट्दछ।

हामीले कसरी अर्थव्यवस्थापन गर्दछौं भन्ने कुराले परमेश्वरप्रतिको हाम्रो प्रेमलाई जाँच गर्दछ। यदि ख्रीष्टियनहरू दिनका निम्ति अनिच्छुक हुँन्छन र डराउँछन् भने, संभवभएसम्म परमेश्वरसँगको तिनीहरूको हिँडाईमा धेरै बिकास भएको छैन। एक व्यक्ति जसले समर्पण साथ नियमित रुपमा दिँदछ, परमेश्वरसँगको हिँडाईमा ऊ उपयुक्त रुपमा वृद्धि भइरहँदछ।

अर्थव्यवस्थासँग सम्बन्धित बाइबलिय सिद्धान्तहरू एक ख्रीष्टियन जीवनका आधार हुन् र यसलाई पछ्याउनाले परमेश्वरलाई सन्तुष्टि मिल्दछ र उहाँबाट आशिष प्राप्त हुँदछ। त्यहाँ पृथ्वीमा मात्र आशिष मिल्दैन, तर अनन्तसम्म रहिरहने आशिषहरू पनि प्राप्त हुँदछन्। यी निर्देशनहरू उलघंन गर्नाले आत्मिकी सुख्खापन र अउत्पादकतातर्फ डोर्याउँदछ।

पैसासँग सम्बन्धित बाइबलिय सिद्धान्तहरू

१ सबैथोक, हाम्रो "पैसा" समेत, प्रभुको हो।

सबैथोक प्रभुकै हो। परमेश्वरले पृथ्वीको सृष्टि गर्नुभो र यसका सबैथोक उहाँकै हुन्। हामीसँग भएका सारा कुराहरू परमेश्वरकै हुन् भन्ने सत्यतालाई स्वीकार गर्नुचाँही हाम्रो ख्रीष्टियन जीवनका सबै क्षेत्रहरूका आधारभूत सत्यता हो र जब पैसाको सन्दर्भमा आउँदछ तब यो वास्तविक रुपमा नै सत्य हो।

चाँदी मेरो होसेना ,र सुन मेरो हो ,हरूको परमप्रभु भन्नुहुन्छ। हाग्गै २:८

पृथ्वी र यसको भरपूरी परमप्रभुकै हुन्; संसार र यसमा बस्नेहरू पनि। भजनसंग्रह २४:१

किनकी 'पृथ्वी र यसको भरपूरी प्रभुकै हुन्'। १कोरिन्थी १०:२६

आकाश तापईको हो, पृथ्वी पनि तपाईकै हो; संसार र यसको भरपूरी तपाईले नै स्थापित गर्नुभएको हो। भजनसंग्रह ८९:११

हे परमप्रभु किनकी स्वर्गमा र ;विजय र प्रताप तपाईकै हुन् ,महिमा ,सामर्थ्य ,महानता ,पृथ्वीमा सबै कुराहरू तपाईकै हुन्। हे परमप्रभुमाथि शिर भईकन सबैभन्दा माथि उचालिनुभएको र तपाई नै सबै ,राज्य तपाईकै हो , छ। १इतिहास २९:११

धेरैजसो ख्रीष्टियनहरूले यो विश्वास गर्दछन् की तिनीहरूको कमाईको दशौं भागचाँही परमेश्वरको हो र बाँकीलाई तिनीहरूले के चाहन्छन् त्यही नै गर्न सक्दछन्। यो खराब प्रवृत्ती हो। हामीसँग भएका सबथोकहरू प्रभुकै हुन् र हाम्रा सारा पैसाहरू पनि यसमा समावेश हुँदछन्। यसमा 'मैरै' प्रभुत्व छ भन्ने भावनाले आत्मिकी वृद्धीमा अवरोध पुर्याउँदछ। परमेश्वरले हामीलाई प्रदान गर्नुभएका थोकहरूप्रतिको हाम्रो महत्व परमेश्वरभन्दा पनि बढी रहेको छ भने, परमेश्वरसँगको हाम्रो हिँडाई गम्भिर समस्यामा छ।

एउटा आधारभूत सत्यता यो हो की हाम्रो जीवनका सारा क्षेत्रहरूमा हामीले परमेश्वरको आदर गर्नुपर्छ र उहाँलाई महिमित तुल्याउनुपर्छ। यसले हाम्रा सारा आम्दामीलाई पनि समावेश गर्दछ – दशौं अशंलाई मात्र होइन। हामीसँग भएका सारा कुराहरूमा, हाम्रो सारा सम्पत्ती र सारा आम्दामीलाई समेत गरी, हामीले परमेश्वरको महिमा र उहाँको प्रशंसा गर्नुपर्छ।

मेरो नामले कहलाइने हरेकलाई; किनकी मैले उसलाई आफ्नो महिमाका निम्ति सृष्टि गरैँ; मैले उसलाई रचैँ; अँ, मैले उसलाई बनाएँ'। यशैया ४३:७

तर तिमीहरू एउटा चुनिएको वंश, एउटा राजकीय पूजाहारीको समाज, एउटा पवित्र जाति र निज प्रजा हौ; यसैले जसले तिमीहरूलाई अन्धकारबाट आफ्नो अचम्मको ज्योतिभित्र बोलाउनुभयो, उहाँका सद्गुणहरू तिमीहरूले प्रकट गर; १पत्रुस २:९

यसैले तिमीहरूले एउटै मन एउटै मुखले परमेश्वरको अर्थात् हाम्रा प्रभु येशू ख्रीष्टका पिताको महिमा गर्न सक। रोमी १५:६

प्रभुको अनुयायी भएकाले, हामीसँग भएका कुराहरूतर्फको हाम्रो प्रवृत्तीमा हामी होशीयार हुनुपर्छ। यसलाई कसिएर नपक्रुहोस्, र सम्पत्तीमा धेरै महत्व नराख्नुहोस्। यी सबै अस्थायी हुन्। यिनीहरू केही क्षणमा नै बिलिन

हुन सक्छन्। यिनीहरू केही समयका निम्ति हामीलाई प्रदान गरिएका छन् ताकी हामीले प्रभु येशू ख्रीष्टको सेवा गर्न सकौं।

२ हामीसँग भएका सारा थोकहरू परमेश्वरद्वारा हामीलाई प्रदान गरिएको हो।

किनकी कसले तिमीलाई बेग्लै हुन लगायो? अनि तिमीसँग के छ र, जो तिमीले अरूबाट पाएका छैनौं? तर तिमीले पाएकै हो भने, मानो तिमीले पाएकै होइनौ जस्तो गरी किन घमण्ड गर्दछौ त? १कोरिन्थी ४:७

मेरा प्रिय भाइहरूहो, भूलमा नपर। हरेक असल दान र हरेक सिद्ध दान माथिबाटको हो, अनि ज्योतिहरूका पिताबाट तल आउँछ, जससँग कुनै अदलबदल छैन, न ता परिवर्तनको छाया छ। याकूब १:१६-१७

"जो यस संसारमा धनवान् छन्, तिनीहरूलाई कडा आज्ञा देऊ – तिनीहरू अभिमानी नहोऊन्, न ता चञ्चले धनमाथि भरोसा राखून्, तर जिउँदो परमेश्वरमाथि राखून्, जसले हाम्रा आनन्दका निम्ति हामीलाई सब थोक प्रशस्त गरी दिनुहुन्छ; १तिमोथी ६:१७

"तर तिमीले परमप्रभु आफ्नो परमेश्वरलाई सम्झना गर्नू; किनकी तिमीलाई धनसम्पत्ती प्राप्त गर्ने सामर्थ्य दिनुहुने उहाँ नै हुनुहुन्छ; आफ्नो वाचा पूरा गर्नलाई उहाँ यसो गर्नुहुन्छ, जसको विषयमा उहाँले तिम्रा पिता-पूर्खाहरूसँग कसम खानुभयो, जस्तो आज भइरहेको छ" व्यवस्था ८:१८

हामीसँग भएका सबथोकहरू प्रभुबाटको हो। परमेश्वरले हामीलाई काम गर्ने र पैसा कमाउने योग्यता दिनुहुन्छ ताकी जीवनमा खाँचो परेका कुराहरू हामीले किन्न सकेका हौं। हाम्रा घरहरू, कारहरू, र हाम्रा सारा सम्पत्तीहरू परमेश्वरबाट प्रदान गरिएका हुन्। तिनीहरूलाई उहाँको सेवा र उपभोगका निम्ति हामीलाई प्रदान गरिएको हो।

हामीसँग भएका यस पृथ्वीका भौतिक थोकहरू, जुन परमेश्वरले हामीलाई प्रदान गर्नुभयो, यो चाँही हामीले उहाँले चाहनुभएझैँ र उहाँले निर्धारण गर्नुभएझैँ गरी गर्न सकौं भन्नको लागी हामीलाई सुसज्जति पार्ने कार्यमध्यको एक भाग हो। हामीसँग भएका सबैथोकहरू, हाम्रा जीवनमा निर्धारित भएका उहाँको इच्छा र उदेश्य पूरा गर्नको निम्ति प्रयोग भएका हुन्।

३ प्रत्येक ख्रीष्टियनको खाँचोहरूमा परमेश्वरले प्रबन्ध गरिदिनुहुन्छ।

"यसकारण म तिमीहरूलाई भन्दछु, हामी के खाऔंला वा के पिऔंला भनि आफ्ना प्राणका लागी, साथै के पहिरौंला भनि आफ्ना शरिरका लागी तिमीहरू फिक्री नगर। के प्राण भोजनभन्दा र शरिर लूगाफाटाभन्दा बढी होइन र? आकाशका चराचुरुङ्गीहरूलाई हेर; किनकी ती न ता बीउ छर्दछन्, न कटनी गर्दछन्, न ढुकुटीहरूका बटुल्दछन्; तर पनि तिमीहरूका स्वर्गीय पिताले तिनीहरूलाई खुवाउनुहुन्छ। त के तिमीहरू तीभन्दा धेरै मूल्यवान् होइनौ र? तिमीहरूमध्ये कुनचाँहीले फिक्री गरेर आफ्नो उचाइमा एक हात थप्न सक्छ र? अनि लूगाफाटाका लागी तिमीहरू किन फिक्री गर्दछौ? मैदानका लिली फूलहरूलाई विचार गर, ती कसरी बढ्दछन्; ती न ता परिश्रम गर्दछन्, न धागो काल्दछन्; तर पनि म तिमीहरूलाई भन्दछु, सुलेमानले पनि आफ्नो सम्पूर्ण महिमामा तीमध्ये एउटाले जस्तो वस्त्र पहिरेका थिएनन्। यसकारण परमेश्वरले मैदानको घाँसलाई, जो आज छ, र भोलि चुलामा फालिन्छ, यसरी पहिराउनुहुन्छ भने हे अल्पविश्वासीहरूहो, के उहाँले तिमीहरूलाई झन् बढ्ता गरी पहिराउनुहुन्न र? यसकारण 'हामी के खाऔंला? हामी के पिऔलां? वा हामी के पहिरौंला?' भन्दै तिमीहरू फिक्री नगर। किनकी अन्यजातिहरू यी सबै थोकहरूको खोज गर्दछन्; किनकी तिमीहरूलाई यी सबै थोकहरूको खाँचो छ भनि तिमीहरूका स्वर्गीय पिताले जान्नुहुन्छ। तर पहिले परमेश्वरको राज्य र उहाँको

धार्मिकताको खोजी गर, र यी सबै थोकहरू तिमीहरूलाई थपिनेछन्। यसकारण भोलीका निम्ति फिक्री नगर, किनकी भोलीको दिनले आफ्नै थोकहरूका निम्ति फिक्री गर्नेछ। आजको खराबी आजका निम्ति प्रशस्त छ। मत्ती ६:२५-३४

तर पहिले परमेश्वरको राज्य र उहाँको धार्मिकताको खोजी गर, र यी सबै थोकहरू तिमीहरूलाई थपिनेछन्। मत्ती ६:३३

तर मेरा परमेश्वरले आफ्नो धनअनुसार महिमामा ख्रीष्ट येशूद्वारा तिमीहरूका सबै खाँचो पूरा गरिदिनुहुनेछ। फिलिप्पी ४:१९

बाइबलिय सत्यतामध्येको सबैभन्दा आधारभूत सत्यता यो हो की परमेश्वरले हाम्रा खाँचाहरूमा जुटाइदिनुहुन्छ। हामीले यस बारेमा कुनै चिन्ता लिनुपर्दैन। धेरै पूस्तकहरूले यो कुरा सिकाउँछ। यो ठूलो सत्यता हो जसले हामीमा रहेको चापलाई निकाल्दछ। हाम्रा खाँचाहरूमा प्रभुले प्रबन्ध गर्नुहुन्छ भन्ने कुरालाई जान्नाले हामी उहाँको सेवामा ध्यान दिनसक्दछौं।

परमेश्वरले धेरै तरीकाहरूद्वारा हाम्रा दैनिकी भौतिक खाँचाहरूमा प्रबन्ध गरिदिनुहुन्छ। प्राथनिक तरीकाचाँही यो हो की उहाँले हामीलाई काम गर्नको निम्ति सामर्थ्य र योग्यता प्रदान गरिदिनुहुन्छ ताकी हामीले हाम्रा खाँचाहरू पूरा गर्नको निम्ति हामीले धन आर्जन गर्न सकौं। परमेश्वरले प्रबन्ध गरिदिनुहुन्छ भन्ने सत्यता अल्छे हुनको निम्ति बहाना भने होइन। हामी त्यतिकै बसेर हामीलाई चाहिएका थोकहरू परमेश्वरले हाम्रो काखमा नै राखिदिनुहुन्छ भनि हामीले आशा गर्न सक्दैनौं।

मूलतः धेरै मानिसहरूले विचार गर्दछन् की शुरक्षा र आनन्दको प्रमुख श्रोत पैसा नै हो। यद्यपि, पैसा शुरक्षाको श्रोत भने होइन। अन्ततः एक धनी ख्रीष्टियन एक गरीब ख्रीष्टियनभन्दा अधिक शुरक्षित भने हुँदैन। ती जो भक्तिमा प्रतिवद्ध छन् तिनीहरू सबैमा परमेश्वरबाटको शुरक्षा र प्रबन्धको एउटै प्रतिज्ञा रहेको हुँदछ।

४ ख्रीष्टियन भएकाले, स।वर।गमा धन सङ्ग्रह गर्नका लागी हामी केन्द्रित हुन्छौं, यस पृथ्वीमा होइन।

"आफ्ना निम्ति पृथ्वीमा सम्पत्ती नथुपार, जहाँ किरा र खियाले नष्ट पार्दछन् – जहाँ चोरहरूले फोर्दछन् र चोर्दछन्; तर आफ्ना निम्ति सम्पत्ती स्वर्गमा थुपार, जहाँ न कीराले नष्ट पार्दछ न खियाले – जहाँ चोरहरूले न फोर्दछन् न चोर्दछन्। किनभने जहाँ तिमीहरूको सम्पत्ती छ, त्यहीं तिमीहरूको हृदय पनि हुनेछ। मत्ती ६:१९-२१

किनकी रुपियाँ-पैसाको प्रेमचाँही सबै खराबीको जरा हो; जुन कुराको लोभ गर्दा कतिजना विश्वासबाट भड्किएका छन्, र आफैलाई अनेकौं पीडाहरूले छेंडै-छेंड पारेका छन्"। १तिमोथी ६:१०

कुनै पनि नोकरले दुईजना मालिकको सेवा गर्न सक्दैन; कि ता उसले एउटालाई घृणा गरेर अर्कालाई प्रेम गर्नेछ, कि ता एउटासँग टासिएर अर्कोलाई तुच्छ ठान्नेछ। तिमीहरूले परमेश्वर र धन दुवैको सेवा गर्न सक्दैनौ"। "अनि फरिसीहरूले पनि, जो पैसाका लोभी थिए, यी सबै कुराहरू सुने; र तिनीहरूले उहाँलाई खिसी गरे"। लूका १६:१३-१४

तिमीहरूको चालचलन पैसाको लोभरहित होस्; अनि तिमीहरूसँग जे कुराहरू छन्, तिनैमा सन्तोष गर; किनकी उहाँ आफैले भन्नुभएको छः 'म तिमीलाई कुनै रीतिले छोड्नेछैनँ, न ता तिमीलाई कुनै रीतिले त्याग्नेछु'। हिब्रु १३:५

हामीले अघि पनि बताइसकेका छौं, समाजमा सरल जीवन जिउनको लागी पैसाको आवश्यकता पर्दछ। पैसा कमाउने र राख्ने बानी नराम्रो होइन। यद्यपि, पैसालाई प्रेम गर्ने वा अझ धेरै पैसा कमाउनमा नै जीवनभरि ध्यान केन्द्रित गरिरहनुचाँही गलत हो। यदि एक व्यक्ति पैसा कमाउन केन्द्रित भइरहन्छ भने, उसले\ उनले परमेश्वरप्रतिको ध्यानलाई गुमाएको हुन्छ। यो धेरै ख्रीष्टियनहरूमा पनि घटेको छ। प्रभु येशू ख्रीष्टमा प्रतिवद्ध भएर उहाँको सेवा गर्नुको साटो, ख्रीष्टियनहरू भौतिक कुराहरूमा केन्द्रित भएका छन्। जब यसो हुन्छ, प्रभुमा रहेको आनन्दलाई हामीले गुमाउन पुग्दछौं; प्रभुप्रतिको हाम्रो उपयोगी सेवालाई हामीले गुमाउँछौं; र हामीले अनन्तताको आशिषलाई पनि गुमाउँछौं।

ख्रीष्टियन भएकाले, हामी अनन्ततातर्फ केन्द्रित छौं। यसको माने हामी पृथ्वीमा रहिन्जेल हाम्रो दायित्वलाई बे-वास्ता गर्छौं भन्ने चाँही हुदैँ होइन, तर परमेश्वरको राज्यलाई बढावा दिनको लागी हाम्रो ध्यान त्यसैमा केन्द्रित गर्दछौं, हामी आफूलाई होइन। यस दृष्टिकोणले, धेरै धन आर्जन गर्ने र सामाग्रीहरू खरिद गर्ने कार्यलाई हामीले हाम्रो जीवनको प्राथमिक उद्देश्य बनाउँदैनौं।

५ पैसाको लागी काम गरी हामी पैसा कमाउँदछौं।

तिमी माटोमा नफर्कुन्जेल – किनकी तिमी यसैबाट निकालिएका हौ - तिमीले आफ्नो निधारको पसिनाले रोटी खानेछौ; किनभने तिमी माटो हौ, र तिमी माटैमा फर्किजानेछौ"। उत्पत्ती ३:१९

किनकी तिमीहरूसँग रहँदा पनि हामीले तिमीहरूलाई यो आज्ञा दिएका थियौः यदि कसैले काम गर्न चाहँदैन ' ।'भने त्यसले नखाओस् पनि १थेस्सोलिनिकी ३:१०

जसले आफ्नो जमिन खनजोत गर्छ, ऊसँग प्रशस्त भोजन हुनेछ; तर जो निकम्मा मानिसहरूको पछि लाग्छ, त्यो साहैं गरीब हुनेछ। हितोपदेश २८:१९

हे अल्छे, कमिलाकहाँ जा; त्यसका चालहरू विचार गर् र बुद्धिमान् बन्; त्यसको न अगुवा, न देखरेख गर्ने निरीक्षक, न शासक छ; तर पनि ग्रीष्म ऋतुमा त्यसले आफ्नो खानेवस्तु जोहो गर्छ, र कटनीको समयमा खानेकुरा बटुल्छ। हे अल्छे, कहिलेसम्म तँ सुतिरहन्छस्? आफ्नो निन्द्राबाट तँ कहिले उठ्छस्? अलिकति निन्द्रा, एकछिणको झप्की, निदाउनलाई अतिकति हात बधाँइ, तब तिम्रो गरिबी बाटोको लुटेराझैं, र तिम्रो घटीकमी हातहतियार भिरेको मान्छेझैं आइलाग्नेछन्। हितोपदेश ६:६-११

जसले चोर्दथ्यो, अबदेखी उसले नचोरोस्, तर बरु आफ्ना हातहरूले असल काम गर्दै त्यसले मेहनत गरोस्, र जसलाई खाँचो छ, उसलाई दिनालाई त्यससँग केही होस्। एफिसी ४:२८

कमाईको लागी हामीले काम गर्नुपर्छ भनेर बाइबल स्पष्ट छ। अल्छेपनालाई निन्दा गरिएको छ। यदि शारिरिक योग्य मानिसले काम गर्दैन भने, ऊ अरुले काम गरेको भरमा रहनुहुँदैन।

आज हाम्रो समाजमा, <u>पवित्रशास्त्रको विपरित तरीकाबाट पैसा कमाउनको</u> निम्ति हामीलाई उपायहरूको बौछार गरिन्छ। तल तीन तरीकाहरू प्रस्तुत गरिएका छन् जुन पवित्रशास्त्रबाटको अर्थव्यवस्था सिद्धान्तसँग मेल खाँदैनन्।

क क्रेडिट कार्ड र उधारोको दुरुपयोग

धनीले गरीबहरूमाथि शासन चलाउँछ; अनि ऋण लिने ऋण दिनेको दास हुन्छ। हितोपदेश २२:७

लाखौं मानिसहरू, ख्रीष्टियनहरू समेत गरी, क्रेडिट कार्ड सजिलै प्राप्त हुने र प्रयोग गर्न सजिलो हुने भएकोले गर्दा, आफ्नो शिरसम्म पुग्ने गरी ऋणमा डुबेका छन्। हाम्रो विचारमा चाहिएका वा खाँचामा परेका कुराहरू प्राप्त गर्नका निम्ती यसको प्रयोग कमै मात्रामा हुँदछ, तर यथार्थमा, हाम्रो आफ्नै स्वार्थी चाहना पूरा गर्नको निम्ति यसको प्रयोग गरिएको हुँदछ। एक व्यक्तिले विचार गर्ला, "ठूलो चित्रपट भएको दुरदर्शन (टि.भी) किन्नको लागी परमेश्वरसँग विन्ती चढाउनुपर्छ जस्तो मलाई लाग्दैन, त्यसैले म जान्छु र क्रेडिट कार्डको प्रयोग गरेर एउटा किनेर ल्याउँछु"। यो एउटा शैली नै हुँदछ, र हामी सजिलैसँग ऋण र तिर्ने असमर्थताको चक्रव्यूहमा पर्छौं।

हाम्रा खाँचोहरूमा प्रबन्ध गरिदिनेछु भनि परमेश्वरले हामीलाई प्रतिज्ञा गर्नुभएको छ। क्रेडिट कार्ड र अन्य ऋणको प्रयोग गर्नुचाँही परमेश्वरले हाम्रा खाँचोहरूमा प्रबन्ध गरिदिनुहुनेछ भनि भरोसा गर्न अनिच्छुक भएको प्रस्तुति दिनु हो। अनि क्रेडिट कार्डको बारम्बार प्रयोगचाँही परमेश्वरले प्रबन्ध गरिदिनु भएअनुसारले जीवन जिउन अनिच्छुक हुनु हो। हामीलाई अझ धेरै चाहिएको हुन्छ र परमेश्वरबाटको प्रबन्धलाई प्रतिक्षा नगरिकन हामी ती प्राप्त गर्दछौं, र चाडैँ वा ढिलो हामीले यसको परीणाम भोग्नुपर्छ। धेरै-धेरै समस्याहरू, टुटेको घरवार र पारपाचुके समेत गरी, खराब ऋण र क्रेडिट कार्डको प्रयोगको नतिजा हो।

क्रेडिट कार्डको प्रयोग मात्र खराब ऋणमा पर्ने कारण होइन। आज, वित्तीय संस्था, ऋण संघ, कार व्यापारी, बैङ्क, घर धितो राख्ने कम्पनी, आदी-आदी, सबैले तपाईलाई पैसा सापट लिनको लोभ्याउँछन् र ऋणमा पार्दछन् जसले गर्दा धेरै ब्याज तिर्नुपर्ने हुन्छ। समय-समयमा, सरकारले पनि हामीलाई हाम्रो क्षमताभन्दा अधिक नै गरी खर्ष गर्नको लागी प्रोत्साहन गर्दछ ताकी हामीले "बलियो" स्वस्थ अर्थव्यवस्था प्राप्त गर्न कसौं। यो पूर्ण रुपमा मूर्खता हो।

तिमी हातमा हात ठोक्नेहरूमध्येका नहोऊ, अथवा ऋणका लागी जमानी बस्नेहरूमध्येका नहोऊ; २७ तिर्नको लागी तिमीसँग केही नहुँदा किन त्यसले तिमीमनिबाट तिम्रो ओछ्यान तानेर लैजाओस्? हितोपदेश २२:२६-२७

जब हामी परमेश्वरको इच्छा र उद्देश्यअनुरुप हुदँछौं, त्यहाँ आशिष र उत्पादकता हुँदछ। जब हामी परमेश्वरले प्रबन्ध गर्नुहुने भन्दा धेरैगरी चाहदँछौं, तब यसले हाम्रो हृदय-विचलित पार्दछ र समस्या ल्याउँदछ।

ख जुवा

"तिमीले जुवा नखेल्नु" भन्ने पद बाइबलमा कहीँ पनि पाइँदैन। यद्यपि, यो गलत हो भन्ने कुरामा कुनै प्रश्न खडा हुँदैन। परमेश्वरले उहाँको इच्छा र उद्देश्य पूरा गर्नको लागी हामीलाई पैसा प्रदान गर्नुहुन्छ। जुवा खेलेर यो गुमाउनु गलत हो। याद राख्नुहोस् जसकसैले पनि जुवा खेल्दछ त्यो पैसा परमेश्वरको हो। जुवा त्यस्तो दुष्टता हो जसले हजारौं-हजारौं व्यक्तिहरू र घरहरूलाई नष्ट पारेको छ। जुवाको कारणले प्राय नानीहरूको खाना, कपडा, र वास खोसिएको छ। कल्पना गर्न सकिने सारा दुष्टतामा जुवाले डोर्याएको छ। यसले मानिसको उन्नति गर्दैन; यसले तिनीहरूलाई रूवाउँदछ। जुवाले परमेश्वरमा आदर ल्याउँदैन।

सारा समयहरूमा र सारा परिस्थितीहरूमा हामीले परमेश्वरलाई धन्यवाद चढाउनुपर्छ र उहाँको प्रशंसा गर्नुपर्छ भनि पवित्रशास्त्रमा बारम्बार बताइएको छ। एक व्यक्तिले जुवाको कुनै एक खेलमा भाग लिदैँ र "प्रभु येशू, म

तापईलाई धन्यवाद दिन्छु र प्रशंसा गर्छु किनकी तपाईले मलाई तपाईको पैसाले यस जुवा खेल्ने मौका दिनुभयो" भनि प्रार्थना गरेको विचार गर्न कठिन हुँदछ। अनि यदि यसो भयो भने र त्यस व्यक्तिले जुवामा जिते पनि, परमेश्वरको महिमा अझ पनि हुँदैन रहामीले "यसको बारेमा प्रार्थना" गरे तापनि हामीले परमेश्वरबाटको आशिषलाई आशा गर्न सक्दैनौं।

ग चोरी वा अन्य पापमु कार्यहरू

स्पष्टरुपमा, चोरी गर्नु गलत हो। तर जब हामी हाम्रो पूरानो स्वभाव, शरिरबाट नियन्त्रण गरिदँछौं, धन आर्जनका लागी ख्रीष्टियनहरूले धेरै प्रकारका पापमय कार्यहरूमा आश्रय लिन पुग्दछन्, गैरकानुनी कार्यहरूमा समेत। धेरैजना त यति परसम्म पुगेका छन् की तिनीहरूले वेश्या-वृत्तीमा पनि सम्लघंन पनि भएका छन्। यी कुराहरू केही ख्रीष्टियनहरूका लागी धेरै परको कुरा हो की, आर्थिक लाभको लागी एक ख्रीष्टियन हुँ भनि परिचय दिने व्यक्तिले गैरकानुनी कार्यलाई आफ्नो जीवनको अशं नै बनाएको छ।

६ परमेश्वरले जे दिनुभएको छ त्यसैमा एक ख्रीष्टियन आत्मसन्तुष्ट हुनुपर्दछ। आफूसँग नभएका कुराहरूमा दुःखी हुने र ईर्ष्या गर्नुभन्दा तिनीहरूसँग जे छ त्यसमा नै तिनीहरू धन्यवादी हुनुपर्छ।

ख्रीष्टियनहरू निरन्तरताका साथ अझै वेसी थोकहरूको चाहना गर्नुभन्दा सन्तुष्ट रहन नै सिक्नुपर्छ। तलका पदहरूलाई ध्यानपूर्वक पढ्नुहोस्;

तिमीहरूको चालचलन पैसाको लोभरहित होस्; अनि तिमीहरूसँग जे कुराहरू छन्, तिनैमा सन्तोष गर; किनकी उहाँ आफैले भन्नुभएको छः 'म तिमीलाई कुनै रीतिले छोड्नेछैनँ, न ता तिमीलाई कुनै रीतिले त्याग्नेछु'। हिब्रु १३:५

बेचैनीको साथमा थुप्रै सम्पत्तीभन्दा परमप्रभुको भयको साथमा थोरै सम्पत्ती उत्तम हो। हितोपदेश १५:१६

अनि उहाँले तिनीहरूलाई भन्नुभयोः "होसियार रहो! र आफूलाई लोभबाट जोगाइराख; किनकि मानिसको जिन्दगीचाँही त्यससँग भएको सम्पत्तीको भरपूरीमाथि आधारित छैन"। लूका १२:१५

"तर सन्तुष्टतासितको भक्ति नै ठूलो लाभ हो। किनकी हामीले यस संसारमा केही पनि ल्याएनौँ; अनि यो निश्चित छ, हामी केही लैजान सक्दैनौं"। "तर खानेकुरा र वस्त्र छन् भने हामी त्यसैमा सन्तुष्ट होऔं। तर जो धनि हुन चाहन्छन्, तिनीहरू परीक्षा र पासो, अनि धेरै मूर्ख र हानिकारक अभिलाषाहरूमा फस्छन्, जसले मानिसहरूलाई बरबादी र विनाशभित्र डुबाउँछन्। १तिमोथी ६:६-९

खाँचोको विषयमा मैले कुरा गरेको होइनजुनसुकै अवस्थामा म रहे तापनि सन्तुष्ट रहनु मैले सिकेको किनकी , छु। म होचिनु जान्दछु, र भरिपूर्ण हुन पनि जान्दछु; सबै ठाउँमा र सबै कुराहरूमा भरपेट हुनु, साथै भोको रहनु; भरिपूर्ण हुनु, साथै खाँचोमा पर्नु मैले सिकेको छु। मलाई शक्ति दिनुहुने ख्रीष्टद्वारा म सबै कुराहरू गर्न सक्छु। फिलिप्पी ४:११-१३

हरेक कुरामा धन्यवाद चढाओ; किनकी प्रभु येशूमा तिमीहरूका निम्ति परमेश्वरको यही इच्छा छ। १थेस्सोलोनिकी ५:१८

७ ख्रीष्टियनहरूले समझदार भइ अर्थ व्यवस्थापन गर्नुपर्दछ।

मत्ती २५:१४-३० र लूका १९:१३-२६मा, येशूले आफूले प्रयोग गर्नुभएको दृष्टान्तहरूमा पैसाको सही प्रयोगको बारेमा शिक्षा प्रदान गर्नुभएको छ। यी खण्डहरू लामा छन् यसकारण यहाँ प्रस्तुत गरिएका छैनन्, तर तपाईले आफ्नो बाइबलबाट हेरी यसको अध्ययन गर्नु र आत्मसाथ गर्नु असल हुनेछ।

उसले जमिनको विषयमा सोच्छे, र त्यो किन्छे; आफ्ना हातको कमाइले उसले दाखबारी लगाउँछे। उसले आफ्नो कम्मर बलले कस्छे, र आफ्ना पाखुरा बलियो पार्छे। आफ्नो कमाइ राम्रो छ भनि उसले थाह गर्छे; राती उसको बत्ती निभ्दैन। उसले चर्खामा आफ्ना हात लगाउँछे, र आफ्ना हातले कतुवा समाउँछे। हितोपदेश ३१:१६-१९

तिमी हातमा हात ठोक्नेहरूमध्येका नहोऊ, अथवा ऋणका लागी जमानी बस्नेहरूमध्येका नहोऊ; २७ तिर्नको लागी तिमीसँग केही नहुँदा किन त्यसले तिमीमनिबाट तिम्रो ओछ्यान तानेर लैजाओस्? हितोपदेश २२:२६-२७

बाइबलले असल अर्थ व्यवस्थापनको शिक्षा दिँदछ। पैसाको वचत र समझदार लगानीले राम्रो आर्थिक बुद्धिको निर्माण हुँदछ। परमेश्वरले प्रदान गरिदिनुभएको कुराहरूमा असल भण्डारी हुने सिद्धान्तसँग यी कुराहरूले मेल खाँदछन्।

केही मानिसहरूको विचार विपरित, त्यहाँ बाइबलमा कुनै त्यस्तो ठाउँ छैन जहाँ प्रभु येशू ख्रीष्टका अनुयायीहरू गरीब हुनुपर्छ भनि शिक्षा प्रदान गरिएको छ। हामीले पैसालाई वा पैसाले किन्न सक्ने कुराहरूलाई प्रेम गर्नु हुँदैन, तर यसले यो अर्थ प्रदान गर्दैन की एक गरिब मानिस धेरै धर्मी हुन्छ वा धनी मानिसभन्दा बढी आत्मिकी हुन्छ।

८ ख्रीष्टियनहरूले आफ्ना कमाइका केही भाग परमेश्वरलाई फिर्ता गर्नुपर्छ।

तलका पदहरूलाई ध्यानपूर्वक पढ्नुहोस्;

तर म यो भन्दछु – जसले थोरै छर्छ, त्यसले थोरै कटनी पनि गर्नेछ; र जसले धेरै छर्छ, त्यसले धेरै नै कटनी पनि गर्नेछ। हरेकले आफ्नो हृदयमा जस्तो संकल्प गर्छ, त्यस्तै देओस्; चित्त दुखाउँदै होइन, न ता करमा परेर नै; किनभने हर्षसाथ दिनेलाई परमेश्वरले प्रेम गर्नुहुन्छ। अनि सधैँभरि सबै कुराहरूमा पूरा भरिभराउ भएर हरेक असल कामका लागी तिमीहरू भरपूर होओ भनेर तिमीहरूलाई सबै अनुग्रह प्रशस्त गरी दिनालाई परमेश्वर सामर्थी हुनुहुन्छ। (जस्तो लेखिएको छः 'उनले चारैतिर छरेका छन्, उनले गरिबहरूलाई दिएका छन्; उनको धार्मिकता सदा रहिरहन्छ'। अब जसले छर्नेलाई बीउ दिनुहुन्छ, उहाँले नै खानालाई रोटी पनि दिनुहुनेछ, तिमीहरूको छरिएको बीउलाई वृद्धि दिनुहुनेछ, र तिमीहरूका धार्मिकताका फलहरू बढाउनुहुनेछ); अनि तिमीहरू पूरा उदारतासित दिनाका निम्ति हरेक कुरामा धनवान् पारिन्छौ; जुन उदारताले हामीद्वारा परमेश्वरलाई धन्यवाद दिलाउँछ। २ कोरिन्थी ९:६-११

पवित्रशास्त्रको यस खण्डबाट धेरै सिद्धान्तहरू प्रस्तुत गरिएको छ। यसलाई ध्यानपूर्वक हेर्नुहोस्। यीमध्ये प्रत्येक नै महत्वपूर्ण छन्।

१ यदि तपाईले खूला मनले पवित्र आत्मालाई दिनुहुन्छ भने, परमेश्वरले पनि तपाईलाई खूला मनले आशिष दिनुहुनेछ।
२ हामीले हर्षसाथ दिनुपर्छ, अनिच्छुक भएर वा हामीले दिनु नै पर्ने भएकाले गर्दा होइन।
३ सही व्यवहारबाट दिनाले परीणाम स्वरुप अनन्तताको आशिष ल्याउँदछ।
४ ती जसले दिदँछन् परमेश्वरले तिनीहरूका खाँचाहरूमा प्रबन्ध गरिदिनुहुन्छ।
५ जसै परमेश्वरले हामीलाई आशिष दिनुहुन्छ, हाम अझै दिनाका लागी योग्य हुँदछौं।

६ तपाईले दिनुभएकोले परमेश्वरमा धन्यवादी बनाउँदछ।

हप्ताको पहिलो दिनमा तिमीहरूमध्ये हरेकले, जुन-जुन कुरामा उसलाई फलिफाप हुन्छ, त्यहीमुताबिक जम्मा पारेर आफूसँग राखोस्; र म आउँदाखेरी चन्दा उठाउने कामहरू नहोऊन्। १कोरिन्थी १६:२

यस पदमा सुव्यवस्थित दिने कार्यलाई संकेत गरिएको छ। हप्ताको पहिलो दिनमा (आइतबार), पैसालाई एक-छेउ लगाउनुहोस्। हाम्रो कमाइ हामीसँगै राख्नको साथ-साथै हामीलाई केही रकम दिनको लागी पनि बताइएको छ। धेरै मण्डलीहरूले हाम्रो कमाइबाट भेटी वा दशअंश दिनको लागी शिक्षा दिँदछन्, तर यदि हामीमा त्यो भन्दा अझै धेरै क्षमता छ भने हामीले धेरै पनि दिन सक्दछौं। आर. जी. लिटोरनिउले प्रभुलाई आफ्नो कमाइको ९०औं अंश प्रदान गर्दथे र पनि उनी करोडपति भए।

पूरानो नियममा, परमेश्वरले इस्राएल राष्ट्रलाई कडासँग संकेत गर्नुहुन्छ की तिनीहरूले आफूले दिनुपर्ने दशांश नदिइकन "परमेश्वरलाई लुटिरहेकाछन्"। तिनीहरू श्रापित भएका छन् भनि परमेश्वरले तिनीहरूलाई बताउनुहुँदछ। यदि तिनीहरू दशांश र भेटीहरू दिन विश्वासयोग्य भए भने तिनीहरूले ठूलो आशिष पाउनेछन् भनि परमेश्वरले तिनीहरूसँग प्रतिज्ञा गर्नुभएको छ।

तिमीहरूका पितापूर्खा-हरूका समयहरूदेखी नै तिमी हरूमेरा नियम हरूबाट हटेका छौर तिनलाई पालन , र म तिमी ,गरेका छैनौ। मकहाँ फर्कहरूसेना ,कहाँ फर्कनेछुहरूतर तिमी ;को परमप्रभु भन्नुहुन्छहरू न्छौःभ 'हामी कुन कुरामा फर्कौं?' के मानिसले परमेश्वरलाई लुट्छ र तैपनि तिमी ?हरूले मलाई लुटेका छौतर ; तिमीहरू भन्छौः 'कुन कुरामा हामीले तपाईलाई लुटेका छौं?' दसौं अंशहरू र भेटीहरूमा। तिमीहरू श्रापले श्रापित भएका छौकिनकी तिमी ;हरू ले मलाई लुटेका छौ– अँ, यस सम्पूर्ण जातिले नै। सबै दसौं अंशहरू भण्डारघरभित्र ल-ो्याओतिमी ,अनि अब यसो गरेर मलाई जाँचेर हेर !र मेरो भवनमा भोजन रहोस् ,हरूका निम्ति स्वर्गका झ्यालहरू खोलेर म तिमीहरूमाथि ठाउँ नै नहुने गरी आशिष बर्साउँछु की बर्साउँदिनँ , सेनाहरू को परमप्रभु भन्नुहुन्छ। अनि म तिमीहरूका निम्ति खाइदिनेलाई हप्काउनेछुर त्यसले तिमी ,हरूको जमिनको फल नाश गर्नेछैनन ता बारीमा तिमी ,हरूको दाखको बोटले समय नपुग्दै आफ्नो फल झार्नेछ , सेनाहरूको परमप्रभु भन्नुहुन्छ। अनि सबै जातिहरूले तिमिहरूलाई धन्य भन्नेछन्किनभने तिमी ;हरूएउटा सेना ,ल्याउने देश हुनेछौप्रसन्न तुहरू को परमप्रभु भन्नुहुन्छ। मलाकी ३:७-१२

अनि येशूले ढुकुटीको सामुन्ने बसेर मानिसहरूले ढुकुटीमा कसरी पैसा हाल्दा रहेछन् भनि हेर्नुभयो; अनि धेरै धनवानहरूले थुप्रै-थुप्रै हाले। अनि कुनै एउटा गरीब विधवा आई, र उसले, दुईटा तामाको पैसा अर्थात् एक कोड्रान्टेस हाली। अनि आफ्ना चेलाहरूलाई आफूकहाँ बोलाएर उहाँले तिनीहरूलाई भन्नुभयोः "म तिमीहरूलाई साँचो भन्दछु, ढुकुटीमा हाल्नेहरूमध्ये सबैभन्दा बढी यही गरिब विधवाले हालेकी छ; किनकी ती सबैले चाँही आफ्नो भरपूरीबाट चढाएका छन्, तर उसले ता आफ्नो अपुगबाट, आफूसँग जे जति थियो, सबै अर्थात् आफ्नो सम्पूर्ण जीविका नै हालेकी छ"। मर्कुस १२:४१-४४

यहाँ विधवाले आफ्नो सम्पूर्ण जीविका नै हालेकी छ भनि येशूले तिनलाई चिन्नुभयो। तिनले आफ्नो धनबाट दिएकी थिइनन्; तिनले त आफ्नो गरिबीबाट दिएकी थिइन्।

कहाँ र कसलाई दिने भन्ने विषयमा ख्रीष्टियनहरू खूबै होशायार हुनुपर्दछ। ख्रीष्टियनहरूबाट दान लिने धेरै-धेरै संध-संस्थाहरू छन्। त्यहाँ धेरै असल ख्रीष्टियन सेवकाईहरू पनि छन्, र नभएकाहरू पनि धेरै नै छन्। तपाईको दिने कार्यमा होसियारी हुनुहोस्। परमेश्वरलाई आदर नदिने संघ-संस्थालाई हामीले सहयोग दिनाले हामीले परमेश्वर महिमित हुने कुरामा आशा गर्न सक्दैनौं।

दिने कार्यमा स्थानिय मण्डली तपाईको प्राथमिकता हुनुपर्दछ। मण्डली संचालन गर्नको निम्ति पाष्टरलाई र अरु कारिन्दाहरूलाई पारिश्रमिक दिनको निम्ति पैसाको खाँचो पर्दछ। धेरै मण्डलीहरूले प्रभुको सेवा गर्नको लागी सकृयरुपमा विश्वव्यापी सेवकाईको मिसन कार्यक्रमहरू संचालन गरिरहेका छन्।

विशेष गरी, गरिब र भोका, विधवा र टुहुरा, र मिशनलाई दिनको निम्ति हामीलाई बताइएको छ (अल्छेलाई होइन)। यीमध्ये धेरै मण्डलीद्वारा गर्न सकिन्छ, तर सबै त संभव छैन। ती जोजति खाँचाहरूमा छन् तिनीहरूलाई सहयोग गर्नको निम्ति धेरै मण्डलीहरूले सद्भावपूर्ण कार्यक्रमहरू संचालन गर्दछन्।

९ दिने कार्य "गोप्यतामा" गरिनुपर्दछ।

मानिसहरूबाट केही आशा गर्दै र प्रख्यात हुने चाहना राख्दै हामीले दिने कार्य गर्नुहुँदैन। यो त "गोप्यतामा" गरिनुपर्दछ।

"होसियार रहो, मानिसहरूले देखून् भनेर तिनीहरूका सामु तिमीहरूको दान नगर; नत्र स्वर्गमा हुनुहुने तिमीहरूका पिताबाट तिमीहरूले केही इनाम पाउँदैनौं। यसकारण जब तिमी दान गर्दछौ, तब आफ्नो अघिल्तिर तुरही नबजाऊ, जसरी कपटीहरूले सभाघर र सडकहरूहुँदो मानिसहरूबाट प्रशंसा पाउनालाई गर्दछन्। म तिमीहरूलाई साँचो भन्दछु, तिनीहरूले आफ्नो इनाम पाइसकेका छन्। तर जब तिमी दान गर्दछौ, तब तिम्रो दाहिने हातले के गर्दछ, सो तिम्रो देब्रे हातले थाह नपाओस्। तिम्रो दान गुप्तमा गरियोस्; र गुप्तमा देख्नुहुने तिम्रा पिता आफैले तिमीलाई खुल्लमकुल्ला इनाम दिनुहुनेछ। मत्ती ६:१-४

१० तिनीहरू जसले दिदँछन् परमेश्वरले तिनीहरूलाई आशिष दिने प्रतिज्ञा गर्नुभएको छ।

तर म यो भन्दछु – जसले थोरै छर्छ, त्यसले थोरै कटनी पनि गर्नेछ; र जसले धेरै छर्छ, त्यसले धेरै नै कटनी पनि गर्नेछ। २कोरिन्थी ९:६

सबै दसौं अंशहरू भण्डारघरभित्र ल-ो्याओअनि अब यसो गरेर मलाई जाँचेर !र मेरो भवनमा भोजन रहोस् , तिमी ,हेरहरूका निम्ति स्वर्गका झ्यालहरू खोलेर म तिमीहरूमाथि ठाउँ नै नहुने गरी आशिष बर्साउँछु की बर्साउँदिनँसेना ,हरूको परमप्रभु भन्नुहुन्छ। मलाकी ३:१०

देओ, र तिमीहरूलाई दिइनेछः पूरा-पूरा नाप, खाँदी-खाँदी, र हल्लाई-हल्लाई, र पोखिने गरी मानिसहरूले तिमीहरूका काखमा हालिदिनेछन्। किनकी जुन नापले तिमीहरू नाप्दछौ, त्यही नापले तिमीहरूका निम्ति फेरी नापिनेछ" लूका ६:३८

कसै-कसैले चारैतिर छर्छ, तर पनि उसको बढ्ती नै हुन्छ; अनि कसै-कसैले हकभन्दा बढ्ता राख्छ, तर पनि त्यो गरिबीमै पुग्छ। हितोपदेश ११:२४

परमेश्वरको नजरमा जसले सही कार्य गर्दछ तिनीहरूका निम्ति आशिषको प्रतिज्ञा गरिएको छ भनि पवित्रशास्त्रमा धेरै ठाउँहरूमा बताइएको छ। आधारभूत सिद्धान्त यो हो की परमेश्वरको सेवा गर्ने र उहाँमा आज्ञाकारी हुनेहरूलाई परमेश्वरले आशिष दिनुहुन्छ र उहाँले तिनीहरूको हेरचाह गर्नुहुन्छ।

११ ती जोजति लोभी छन् तिनीहरूलाई परमेश्वरले आशिष दिनुहुनेछैन।

जसले गरीबको पुकार नसुन्नलाई कान बन्द गर्छ, त्यो आफैले पनि पुकार्ने, तर त्यसको सुनिनेछैन। हितोपदेश २१:१३

पूरानो नियमबाटको यो पद बाइबलिय आधारभूत सिद्धान्तसँग मेल खादँछ। ती जो खाँचोमा परेका छन् तिनीहरूको विन्ती जसले सुन्दैन त्यस स्वार्थी मानिससँग परमेश्वर खुसी हुनुहुनेछैन र उहाँले त्यसको प्रार्थना सुनुहुनेछैन।

परमप्रभु तिम्रा परमेश्वरले तिमीलाई दिनुभएको तिम्रो देशमा तिम्रो कुनै मूलढोकाभित्र तिमीहरूको बीचमा तिम्रा कुनै भाइहरूमध्ये कोही गरिब छ भने तिमीले आफ्नो हृदय कठोर नपार्नु, न ता आफ्नो गरिब भाइप्रति मुठ्ठी कस्नु! तर उसका निम्ति तिमीले आफ्नो मुठ्ठी ठूलो खोल्नू, र निश्चय उसलाई जे खाँचो छ, उसको त्यस खाँचाका निम्ति पुग्ने गरी उधारो दिनू! व्यवस्था १५:७-८

गरिब र टुहुराको इन्साफ गरिदेओ; दुःखी र खाँचोमा परेकोलाई न्याय गरिदेओ! ४ गरिब र खाँचोमा परेकोलाई छुटाओ; दुष्टहरूको हातबाट तिनीहरूलाई बचाओ! भजनसंग्रह ८२:३-४

उसले चारैतिर छरेको छ, उसले गरिबहरूलाई दिएको छ, उसको धार्मिकता सदा रहिरहन्छ; उसको सिङ आदरसाथ उच्च पारिनेछ। भजनसंग्रह ११२:९

यो ठीक होइन!!!

समय-समयमा हामीले यो विचार गर्न सक्छौं की किन कोही व्यक्तिहरूसँग संसारका यति धेरै थोकहरू छन् र अरूसँग यति थोरै कुराहरू छन्। हामीले यो बुझ्न सक्छौं की किन अल्छे मानिस वा बुद्धिको राम्रो प्रयोग गर्न नसक्ने मानिससँग धेरै थोकहरू हुँदैन। तर गरिबीमा जन्मेका मानिसहरूको सन्दर्भमा के , जसको त्यस परिस्थितिबाट उम्कने अवसर न्यून रहेको छ। संसारको धेरै भागहरूमा त्यस्ता ख्रीष्टियनहरू छन् जो शरणार्थी शिविरमा बस्छन् जो सँग आङ ढाक्ने एउटा कमिज मात्र छ र खानको निम्ति थोरै मात्र खाना छ। संसारको केही स्थानहरूमा, ख्रीष्टियनहरूले भयानक कष्ट भोग्नुपर्छ, कारण तिनीहरू ख्रीष्टियन भएकाले गर्दा हो। यी सबै कुराहरू घटिरहेका छन् भने अर्को तर्फ अरू ख्रीष्टियनहरू आराममा रहेका छन्। यो ठीक होइन !!!

मसँग सबै उत्तरहरू त छैनन्, तर परमेश्वरले सारा ख्रीष्टियनहरूका खाँचाहरू पूरा गरिदिनुहुन्छ, गरिबहरू समेत गरी, भन्ने प्रतिज्ञालाई भने हामीले सम्झना गरिरहनुपर्दछ। ख्रीष्टियनहरू सारा संसारभरी र समाजको हरेक स्तरमा परमेश्वरको प्रतिनिधि र दूत भएको उहाँ चाहनुहुन्छ। आर्थिक रुपमा गरिब ख्रीष्टियन अरु गरिब मानिसहरू कहाँ जान सक्दछ। आर्थिक रुपमा बलियो ख्रीष्टियन अरु आर्थिक मजबुत मानिसहरू कहाँ कान सक्दछन्।

म आर्थिक रुपमा गरिब परिवारमा जन्मेको हुँ; तरैपनि हामी प्रेमिलो परमेश्वरद्वारा आशिषित भयौं जसले हाम्रा सारा खाँचाहरू पूरा गरिदिनुभयो। हामी भौतिकरुपी प्रशस्ताबाट टाढै थियौं; तरैपनि हामी प्रभु येशू ख्रीष्टलाई प्रेम गर्न र उहाँको सेवा गर्न सिकाउने अभिभावकबाट असिमित रुपमा आशिषित भयौं।

परमेश्वरले तिनीहरू जसले उहाँको सेवकाईमा अभावमा पर्दछन् तिनीहरूलाई प्रशस्ततामा इनाम प्रदान गर्नुहुनेछ। ख्रीष्टियनहरू जो परमेश्वरमा विश्वासयोग्य छन् तिनीहरूले परमेश्वरबाट प्राप्त गर्ने इनाम र आशिषको उपभोग गर्नको निम्ति तिनीहरूसँग अनन्तताको समय रहेको छ। अनि जसले आफ्नो विश्वासको खातिर कष्ट भोग्दछन् तिनीहरूलाई प्रशस्त इनाम प्रदान गरिनेछ।

समृद्धीको शिक्षाको सन्दर्भमा के त?

बाइबलले प्रष्टसँग भन्दछ की परमेश्वरले आफ्नो मानिसहरूको हेरचाह गर्नुहुन्छ र ती जसले भक्तिपूर्ण जीवन जिउँछन् र उहाँमा आज्ञाकारी हुन्छन् तिनीहरूलाई उहाँले समृद्ध पार्नुहुनेछ। तर प्रशस्त विश्वास भएमा, धेरै पैसा दिएमा, वा सही वचन बोलेमा हरेक ख्रीष्टियनलाई धनी बनाउनुहुनेछ भनि परमेश्वरले प्रतिज्ञा गर्नुभएको छैन? धेरैको शिक्षामा, पश्चाताप र भक्तिपूर्ण आज्ञाकारी जीवनलाई विषय बनाइँदैन। हामीले सोचेभन्दा अधिक गरी प्रशस्तितामा रहनको लागी आवश्यक भनेको विश्वास र दान नै हो।

यस "समृद्धीको शिक्षा" यस किसिमको विचार हो की परमेश्वरबाटको कृपा शारिरिक स्वस्थता र भौतिक प्रशस्तताबाट मात्रै व्यक्त हुँदछ, र जससँग पर्याप्त विश्वास छ त्यसले मात्र यी आशिषहरूलाई दाबी गर्न सक्दछ र यो उनीहरूका लागी उपलब्ध गराइदँछ। यदि हामीमा विश्वास छ र प्रचार गर्ने व्यक्तिलाई हामीले पैस पठाउन सक्दछौं भने, परमेश्वरले हामीलाई धन-सम्पत्ती र आनन्दबाट आशिषित गराउनुहुनेछ। धेरैले यो पनि सिकाउँछन् की दिनको लागी प्राथमिक स्तर भनेको एक हजार डलर हो। यदि तपाईले कुनै प्रचारकलाई एक हजार डलर पठाउनुहुन्छ भने, परमेश्वरले तपाईको जीवनमा धेरै आश्चर्यकामहरू गर्नुहुनेछ। ओरल रबर्टले यो प्रतिज्ञा गरे की यदि तपाईले उनलाई पैसा पठाउनुभयो भने, उनले तपाईलाई ओरू (ओ.आर.यू \ ORU) स्थापना केन्दबाट तपाईको थैलीलाई अभिषेक गर्नको निम्ति पवित्र पानी पठाउनेछन् जसले गर्दा तपाई धनी हुनुहुनेछ। यस प्रकारको लालसायुक्त झूटा शिक्षाले गरिबहरूको शिकार गर्दछन् र तिनीहरू जो डरलाग्दो आर्थिक समस्यामा छन् उनीहरूबाट लाखौं डलरहरू ठगिसकेका छन्। यथार्थमा, धनी हुने एकमात्र व्यक्ति भनेको पैसा माग्ने र ती बटुल्ने ती मानिसहरू मात्र हुन्छन्।

यस समूहमा यो शिक्षा दिँइदछ की यदि तपाईले प्रशस्त दिनुभयो भने, परमेश्वरले तपाईलाई धनी बनाउनुहुनेछ। परमेश्वर हरेक ख्रीष्टियन धनी भएको चाहनुहुन्छ भनि तिनीहरूले शिक्षा दिँदछन्। विश्वास गर्नुहोस् र परमेश्वरले तपाईले चाहनुभएको सबैथोक तपाईलाई दिनुहुनेछ – ठूला बिस्तारित भवनहरू, महंगा आरामदायी कारहरू, अधिक बिस्तारित दराजहरू, र आदी-आदी। यस प्रकारको शिक्षा अन्य शिर्षकहरूबाट पनि परिचित छ – विश्वासको वचनको चाल, विश्वासको सुत्र, सकारात्मक पापस्वीकार, वा नाम दिनुहोस् दाबी गर्नुहोस्। यिनीहरूले आधारभूत रुपमा यो शिक्षा दिदँछन् की आफ्नो जस्तोसुकै स्वार्थमय चाहनाहरू जहिले र जहाँ पूरा गर्नु परे तापनि परमेश्वरलाई प्रभावित पार्नको निम्ति "विश्वास"को प्रयोग गर्न सकिन्छ। कल्पना गर्न सक्ने धन र सम्पत्तीलाई परमेश्वरद्वारा तपाईले कसरी प्राप्त गर्न सक्नुहुन्छ भनेर यी शिक्षाले सिकाउने दाबी गर्दछन्।

भक्तिलाई *"आर्थिक लाभको साधन"* को रुपमा प्रयोग गर्ने झूटा शिक्षहरूको विरुद्धमा तलका खण्डहरूले स्पष्टसँग चेताबनी दिँदछ।

यदि कसैले अर्कै शिक्षा दिन्छ भने, र खाँटी वचनहरू अर्थात् हाम्रा प्रभु येशू ख्रीष्टका वचनहरू र भक्तिअनुसारको शिक्षा स्वीकार गर्दैन भने, ४ केही पनि नजानिकन त्यो घमण्डी भएको छ, तर प्रश्नहरू गर्ने र शब्दहरूको विषयमा तर्क-वितर्क गर्ने रोग लागेको छ; जसबाट डाहा, झगडा, दुर्वचनहरू, खराब शङ्काहरू, ५ र व्यर्थका रगडा-झगडाहरू ती मानिसहरूमा उत्पन्न हुन्छन्, जसका मनहरू भ्रष्ट भएका छन्, जो सत्यदेखि रहित भएका छन्, र भक्तिचाँही लाभ हुने बाटो हो भनि सम्झन्छन्; यस्ताहरूबाट तिमी अलग बस। १तिमोथी ६:३-५

धेरै मानिसहरू जसले "भक्तिलाई आर्थिक लाभको साधन" को रुपमा हेर्दछन्, तिनीहरू भित्र देखी नै झूटा छन्। तिनीहरू झूटा ख्रीष्टियनहरू हुन् जसले व्यक्तिगत रुपमा धनी हुन र सम्पत्ती आर्जनको मार्ग पत्ता लगाएका छन्।

किनकी धेरैजना अधिनतामा नबस्ने, बकवादी र छली छन्; विशेष गरी खतना भएकाहरू। ११ तिनीहरूका मुख बन्द गरिनुपर्छ; नीच कमाइका निम्ति तिनीहरूले नगर्नुपर्ने कुराहरू सिकाई-सिकाईकन सारा घरहरू बरबाद पार्छन्। तीतस १:१०-११

तिमीहरूका बीचमा भएको परमेश्वरको बगाललाई देखरेख गर्दै गोठाला गर, करले होइन, तर इच्छापूर्वक; नीच कमाइका निम्ति होइन, तर तयार मनले; १पत्रुस ५:२

तब सबै मानिसहरूले सुनिरहेका बेलामा उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयोः "शास्त्रीहरूदेखि होसियार रहो, जो लामो वस्त्र पहिरेर हिँड्न चाह गर्छन्, र बजारहरूहुँदो सलाम पाउन रूचाउँछन्, अनि सभाघरहरूमा मुख्य आसनहरू र भोजहरूमा उच्च स्थानहरू मन पराउँछन्। यिनीहरू विधवाहरूका घरहरू निल्छन्, र बहानाका निम्ति लामो-लामो प्रार्थना गर्छन्; यिनीहरूले झन् ठूलो दण्ड पाउनेछन्"। लूका २०:४५-४७

ती जसले स्वास्थ्य, धन, र आनन्दको शिक्षा सिकाउँदछन् तिनीहरूले गरिबहरूलाई शिकार गर्दछन्। तिनीहरूले लोभमा "विधवाहरूका घरहरू निल्छन्"। तिनीहरूले धेरै गरिब मानिसहरूसँग पनि लाखौं डलर ठगिसकेका छन् जसलाई तिनीहरूले, प्रश्स्त पैसा पठाएमा, आर्थिक इनामको झूटो आशा र प्रतिज्ञाको प्रलोभनमा प्रार्दछन्। तिनीहरूले रोगीहरूलाई चंगाईको प्रतिज्ञा गर्दछन् जसमा कुनै बाइबलिय जग रहेको हुँदैन। तिनीहरूले धनको प्रतिजा गर्दछन् जसमा पनि कुनै बाइबलिय आधार रहेको हुँदैन्। तिनीहरूले झूटा आशा प्रदान गर्दछन्। साँचो आत्मिकी आशिषको निम्ति मानसिहरूलाई मुक्तिदाताको समिपमा ल्याउनुको साटोमा, तिनीहरूले धोका दिन्छन् र स्वास्थ्य, धन, र शारिरिक आशिषको भरपुरीको झूटो प्रतिज्ञा गर्दछन्।

यी झूटा शिक्षकहरू लोकप्रियता रूचाउँछन्। तिनीहरूले असल शिक्षा सिकाउँदैनन्। यो त कतिपयको लागी चासोको विषय पनि हुँदैन। प्रभुलाई चिनाउने र उहाँसँगको हिँडाईमा तिनीहरूलाई बढाउँदै लानेभन्दा मानिसहरूले पैसा पठाउन् भनेर तिनीहरूलाई चलाकीसाथ हेरफेर गर्ने कुरामा मात्र यिनीहरू केन्द्रित हुँदछन्। साँचो आत्मिकी आशिषको निम्ति मुक्तिदातातर्फ वोलावट गर्नुको साटो तिनीहरूले मानिसहरूका शारिरिक चाहना आर्थिक धन लाभलाई पूरा गर्नको निम्ति लागीपर्दछन्। अन्ततः यसको परिणाम यो हो की तिनीहरूका अनुयायीमध्ये धेरैले परमेश्वरबाट अलग भइ अनन्तताको लागी नरकमा रहनुपर्ने हुन्छ किनभने तिनीहरूलाई पाप क्षमाको निम्ति मुक्तिदाताकहाँ आउनुभन्दा आर्थिक लाभको खोजी गर्न सिकाइयो। तपाईले परमेश्वरबाटको आशिषलाई खरिद गर्न सक्नुहुन्न्न्।

यी व्यक्तिहरूले सिकाउँछन् की परमेश्वरमाथि मानिसको अधिकार छ। यदि तपाईले "विश्वास साथ" प्रार्थना गर्नुभयो भने, तपाईको प्रार्थना जति नै स्वार्थमय र अबाइबलिय भए तापनि तपाईको प्रार्थनाको जवाफ दिनको निम्ति परमेश्वर बाध्य हुनुहुनेछ। यथार्थमा, स्वार्थमय चाहनाका प्रार्थनाहरू परमेश्वरमा रहेको विश्वासमा आधारित हुँदैनन्, तर यो त मानिस आफैबाटको पापमय स्वभावबाट आउँदछ। परमेश्वरको वचनमा आज्ञाकारी हुनेहरूलाई परमेश्वरले प्रदान गर्नुहुने विश्वास भन्दा तिनीहरूको "विश्वास" आफै उत्पन्न हुँदछ र यो स्वार्थमय हुँदछ।

बाइबलिय सत्यताको कार्यक्षेत्र विश्वव्यापी छ। यो संसारको हरेक भागमा सत्य नै रहन्छ, केवल अमेरिकामा मात्र होइन। संसारका धेरै भू-भागहरूमा ख्रीष्टियनहरू सतावटबाट कष्ट भोगिरहेका छन्, र धेरैजना गरिबीमा बाँचिरहेका छन्। विश्वासका कारणले धेरै जना सहिद भएका छन्। तरैपनि तिनीहरू हाम्रा प्रभुमा विश्वासयोग्य रही नै रहे। गरिबीमा रहँदै र हाम्रा प्रभु येशू ख्रीष्टमा कष्ट भोगेकाले के यी सबै मानिसहरू अत्यन्तै संसारिक छन् वा तिनीहरू विश्वासको कमी रहेको छ?

स्मर्नाको मण्डलीमा येशूले आफ्ना चेलाहरूलाई बताउनुभयोः

"अनि स्मर्नामा भएको मण्डलीका दूतलाई लेखः 'यी कुराहरू प्रथम र अन्तिमले भन्छन्, जो मरेका थिए, र जीवित भएः "तिम्रा कामहरू, सङ्कष्ट र गरिबी म जान्दछु, (तर तिमी धनवान् छौ); म तिनीहरूको निन्दा पनि जान्दछु, जसले 'हामी यहूदीहरू हौं' भन्छन्, तर होइनन्, तर शैतानको सभा हुन्। तिमीले कष्ट भोग्न लागेका कुराहरूमध्ये कुनैसँग नडराऊ; हेर, तिमीहरूको जाँच होओस् भनेर शैतानले तिमीहरूमध्ये कतिलाई झ्यालखानामा हाल्नेछ; अनि दस दिनसम्म तिमीहरूलाई सङ्कष्ट हुनेछ; मृत्युसम्म विश्वासयोग्य रह, र म तिमीलाई जीवनको मुकुट दिनेछु। प्रकाश २:८-१०

परमेश्वरले यी मानिसहरू धनवान् थिए भनि बताउनुभयो; तरै पनि तिनीहरू गरिबीमा नै जिइरहेका थिए र पछिबाट केहीको त झ्यालखानामा मृत्यु हुने थियो, किनभने तिनीहरू सबै नै ख्रीष्टियनहरू थिए। म विचार गर्दछु की येशूले किन तिनीहरूलाई एक हजार डलर पठाऊ र म तिमीहरूका लागी आश्चर्यकाम गर्छु भन्नुभएन। तिनीहरू विश्वासयोग्य रहिरहुन् भनि येशूले तिनीहरूलाई बताउनुभयो – मृत्युसम्म पनि।

पूरानो नियमका धेरै खण्डहरूमा प्रस्तुत गरिएको शब्द "वृद्धी" लाई गलत अर्थ लगाइ झूटा शिक्षाको आधारमा यस विचारधारामा धेरैले धनको प्रतिज्ञा गर्दछन्। तिनीहरूले "वृद्धि"लाई जहिल्यै आर्थिक लाभको अर्थ लगाई शिक्षा दिइरहदँछन्। सत्यता यो हो की "वृद्धि" भन्ने हिब्रु शब्दले उपयोगिता वा परमेश्वद्वारा निर्धारण गरिएको उद्देश्यलाई पूर्ण गर्ने भन्ने अर्थ प्रदान गर्दछ। भजनसंग्रह १ अध्याय यसको प्रष्ट उदाहरण हो।

धन्य हो त्यो मानिस, जो भक्तिहीनहरूको सल्लाहमा हिँड्दैन, न पापीहरूको बाटोमा उभिदँछ, न ता गिल्ला गर्नेहरूको आसनमा बस्दछ। तर उसको आनन्द परमप्रभुको व्यवस्थामा हुँदछ, र उहाँकै व्यवस्थामा दिनरात मनन गर्दछ। तब ऊ पानीका नदीहरूको किनारमा रोपिएको रूखझैँ हुनेछ, जसले आफ्नो ऋतुमा आफ्नो फल फलाउँदछ; उसको पात पनि ओइलिनेछैन; अनि उसले जे गर्दछ, त्यो सफल हुनेछ। भजनसंग्रह १:१-३

यस खण्डमा, "वृद्धि"ले आत्मिकी फल फलाउने र उपयोगी हुने कुरालाई प्रष्टसँग व्यक्त गरिरहेको छ।

यस विचारधाराबाट नबहगाइनुहोस्। यो बाइबलिय सत्यताको कुल विकृती हो। धेरै लोभका कारणले गर्दा, तिनीहरूले मोटा रकमको माग गर्दछन्, र यदि तपाईले त्यो प्रदान गर्नुभयो भने तपाई आर्थिक रुपमा आशिषित हुनुहुनेछ भनि तिनीहरूले तपाईलाई झूटा प्रतिज्ञा समेत देखाउँदछन्।

तपाईबाट मैले दुईटा कुरा मागेको छु, म मर्नभन्दा पहिले ती कुराहरू मलाई दिन इन्कार नगर्नुहोस्; धोका र झूट मबाट टाढो हटाइदिनुहोस्; मलाई गरिबी नदिनुहोस्, न धन-सम्पत्ती नै; मलाई मेरा निम्ति ठहराइएको भोजन दिनुहोस्; नत्र म प्रशस्त भएर तपाईलाई इन्कार गरूँला, र भनुँलाः 'परमप्रभु को हो र?' अथवा गरिब भएर म चोरूँला र मेरा परमेश्वरको नाम व्यर्थमा लिउँला। हितोपदेश ३०:७-९

बीस

मेरा निम्ति साक्षी हुनेछौ

अनि तिनीहरूकहाँ आएर येशू तिनीहरूसँग यसो भन्दै बोल्नुभयोः "स्वर्ग र पृथ्वीमा सारा अधिकार मलाई दिइएको छ। यसकारण तिमीहरू जाओ, र सबै जातिहरूलाई चेला बनाओ, तिनीहरूलाई पिताको, पुत्रको र पवित्र आत्माको नाममा बप्तिष्मा देओ, मैले तिमीहरूलाई जे-जे आज्ञा गरें, ती सबै तिनीहरूलाई पालन गर्न सिकाओ; अनि हेर, म सधैँभरि, अँ, संसारको अन्तसम्म नै तिमीहरूको साथमा छु"। आमेन। मत्ती २८:१८-२०

येशूको पुनरुत्थान पछि र उहाँ स्वर्गमा उठाइलानु अघि, येशूले आफ्ना चेलाहरूलाई *"सारा संसारमा जाओ र चेला बनाओ"* भनि निर्देशन दिनुभयो। हामी प्रत्येक ख्रीष्टियनहरू भएकाले र उहाँको मण्डली भएकाले हामीलाई यो निर्देशन दिइएको छ। व्यक्तिगत रुपमा र मण्डली भएकाले हाम्रो छिमेकमा र पृथ्वीका सारा भू-भागहरूमा सुसमाचार प्रचार गर्ने दायित्व हामीलाई प्रदान गरिएको छ।

चेला भनेको प्रभु येशू ख्रीष्टको अनुयायी हो। स्पिरोस जोडिएट्सले चेलापनलाई यसरी परिभाषित गर्दछन्। चेला हुनु भनेको *"...सिक्ने मात्र होइन, तर आफ्नो शिक्षकसँग टाँसि बस्नु हो र उहाँको शिक्षा र जीवनयापनमा उहाँको अनुयायी हुनु हो"।* पूर्ण शाब्दिकअध्ययन शब्दाकोष – नयाँ नियम, जोडिएट्स, पृष्ठ ९३६।

यी पदहरूमा (मत्ती २८:१८-२०), जसलाई "महान् आज्ञा" पनि भनिन्छ, चेला बनाउनका निम्ति हामीलाई तीन मुलभुत कदमहरू दिइएका छन्। यी कदमहरू निम्न हुन्;

१ चेला बनाउने प्रथम कदम यो हो की हरेक व्यक्तिहरूलाई प्रभु येशू ख्रीष्टमा रहेको उद्धार गराउने विश्वासमा डोर्याउनु पर्छ। उद्धार नगरिएका मानिसहरू हाम्रा प्रभु येशू ख्रीष्टको बाइबलिय चेला हुन सक्दैनन्। ऊ\उनी असल नौतिक व्यक्ति भए तापनि वा बप्तिष्मा लिएर मण्डलीको सकृय सदस्य भए तापनि, एक उद्धार नपाएका व्यक्तिहरू हाम्रा प्रभु येशू ख्रीष्टको चेला हुँदैनन् र हुन सक्दैनन्। यसर्थ, *चेला बनाउने प्रथम कदम चाँही उद्धार नगरिएका मानसिहरूका बीचमा सुसमाचार पुर्याउनु हो।*

२ दोश्रो कदमचाँही ती जसले सुसमाचार प्रति प्रतिकृया जनाउँछन् र साँचो रुपमा उद्धार गरिदँछन् तिनीहरूलाई बप्तिष्मा दिनु हो। ती जसले प्रभु येशू ख्रीष्टलाई पछ्याउँछन् तिनीहरूलाई बप्तिष्मा दिनु भनि यस खण्डले हामीलाई प्रष्टसँग निर्देशन प्रदान गर्दछ। बप्तिष्मा लिनु भनेको सार्वजनिक रुपमा म प्रभु येशू ख्रीष्टको अनुयायी हुँ भनि परिचित गराउनु हो। यो अति महत्वपूर्ण छ। यो आज्ञाकारिताको पहिलो कदम हो। यदि कुनै व्यक्तिले हाम्रो प्रभुको अनुयायी भएको दाबी गर्छ तर बप्तिष्मा लिन मान्दैन भने त्यहाँ केही गलत छ।

३ चेला बनाउने तेश्रो कदमचाँही *"मैले तिमीहरूलाई जे-जे आज्ञा गरें, ती सबै तिनीहरूलाई पालन गर्न सिकाओ"* यो कुरा सिकाउनु हो। यो जीवनभरि चलिरहने प्रकृया हो। येशू, परमेश्वर हुनाले, बाइबलको लेखक हुनुहुन्छ; तसर्थ, हामीले सम्पूर्ण बाइबलबाट सिकाउनुपर्छ, हामीलाई मन परेको भागहरू मात्र होइन।

यस पाठले यी तीन कदमहरू मध्ये प्रथम कदमलाई प्राथमिक रुपमा व्यवहार गर्दछ – *विश्वास गर्नको निम्ति व्यक्तिहरूलाई डोर्याउने वा प्रभु येशूमा विश्वास गराउने।* एक ख्रीष्टियनको जीवनमा यो कुरा उच्च प्राथमिकताको

हुनुपर्छ। हामी सबै नै, "अनुभवी ख्रीष्टियनहरू" मात्र होइन, हामीलाई उहाँको साक्षी बन्ने उत्तरदायित्व प्रदान गरिएको छ।

तर पवित्र आत्मा तिमीहरूमाथि आउनुभएपछि तिमीहरूले सामर्थ्य पाउनेछौ, र यरुशलेममा, सारा यहूदिया र सामरियामा, अनि पृथ्वीको छौउसम्म तिमीहरू मेरा निम्ति शाक्षी हुनेछौ। प्रेरित १:८

यसैकारण कोही ख्रीष्टमा छ भने ऊ एउटा नयाँ सृष्टि हो, पूराना कुराहरू बितिगएका छन्; हेर, सबै कुराहरू नयाँ भएका छन्"। अनि सबै कुराहरू परमेश्वरबाटका हुन्, जसले येशू ख्रीष्टद्वारा आफूसँग हाम्रो मिलाप गराउनुभएको छ, र हामीलाई मिलापको सेवा दिनुभएको छ; अर्थात् परमेश्वरले ख्रीष्टमा भईकन आफूसित संसारको मिलाप गराउनुभयो, तिनीहरूसित तिनीहरूका अपराधहरूको हिसाब लिनुभएन र हामीलाई मिलापको वचन सुम्पनुभएको छ। यसकारण अब हामी ख्रीष्टका राजदूतहरू हौं, मानो परमेश्वरले हामीद्वारा विन्ती गरिरहनुभएको छ; हामी ख्रीष्टको सट्टामा विन्ती गर्दछौः 'परमेश्वरसँग मिलाप गर'। २कोरिन्थी ५:१७-२०

हामी यस पृथ्वीमा येशू ख्रीष्टको प्रतिनिधिहरू हौं। यो अति उत्तम स्वाधिकार र उत्तम दायित्व हो। उहाँको प्रतिनिधि भएकाले, उद्धार नगरिएका मानसिहरूलाई तिनीहरू परमेश्वरसँग मिलाप गराइन सक्दछन् भनि बताउनुपर्छ। परमेश्वरसँग मिलाप हुनु भनेको उहाँसँग शान्तिमा वास गर्नु हो। यद्यपि, जब मानिसले पाप गरे, ऊ परमेश्वरको शत्रु हुन पुग्यो। जब हामीले आफ्ना पापहरू मानिलिन्छौं र उहाँमा विश्वास गर्छौं, हामी परमेश्वरसँग मिलाप हुँदछौं र उहाँमा शान्तिमा रहन्छौं। अब उसो हामी परमेश्वरको शत्रु रहँदैनौं।

एक ख्रीष्टियनले आफ्नो वरिपरि रहेका मानिसहरूलाई मुक्तिको सु-समाचार बताएको परमेश्वर चाहनुहुन्छ। मण्डली, एकसाथ कार्य गर्दै, सारा पृथ्वीमा मुक्तिको सु-समाचारलाई प्रचार गर्ने कर्तव्य प्रदान गरिएको छ। हामीले पृथ्वीका भू-भागहरूमा दूतहरू (मिशिनेरी) पठाउँदछौं। परमेश्वरले मण्डलीहरू र व्यक्तिहरूलाई आशिष दिनुहुनेछ जसले यस कार्यलाई संभव गराउनको लागी प्रार्थना गर्दछन् र इमान्दारिताकासाथ दिन्छन्। एक मण्डलीले यस कर्तव्यलाई बे-वास्ता गरिकन असल मण्डली हुन सक्दैन।

हामीले बाँड्नुपर्ने सन्देश के हो?

परमेश्वरबाट हामीलाई अलग पार्ने पापले हो। उद्धार गरिनु अघि एक व्यक्तिले आफ्नो पापसँग व्यवहार गर्नुपर्छ। बाइबले के शिक्षा दिन्छ र हामी कसरी पापको दण्डबाट उम्कन सक्छौं भन्ने बारेमा हामीले मानिसहरूलाई बताउनुपर्छ र परमेश्वरले आफ्नो वचनमा, बाइबलमा प्रकट गर्नुभएको कुरामा विश्वास गराउनको लागी मानिसहरूलाई प्रोत्साहन गर्नुपर्छ। हाम्रो सन्देश यो हो की हाम्रा पापहरूको ज्याला तिर्नको लागी येशू मर्नुभयो र उहाँ मरेकोबाट बौरी उठ्नुभयो, र उहाँ नै परमेश्वरको पुत्र हुनुहुन्छ भनि कुनै प्रश्न खडा नहुने गरी प्रमाणित गर्नुभयो।

किनकी सबैभन्दा पहिले मैले तिमीहरूलाई त्यही कुरा सुम्पिदिएँ, जुन कुरा मैले पनि पाएको थिएँ; अर्थात् पवित्र-शास्त्रहरूमुताबिक ख्रीष्ट हाम्रा पापहरूका निम्ति मर्नुभयो, र गाडिनुभयो, अनि पवित्र-शास्त्रहरूमुताबिक उहाँ तेस्रो दिनमा बौराइनुभयो; १कोरिन्थी १५:३-४

यस अध्ययनको पहिलो पाठले मुक्तिको निम्ति परमेश्वरको योजनालाई स्पष्टसँग वर्णन गर्दछ। यदि मुक्तिको सन्दर्भमा तपाई प्रष्ट हुनुहुन्न भने, पछि जानुहोस् र ध्यापूर्वक यी पाठहरू अध्ययन गर्नुहोस्, विशेषगरी अध्ययन निर्देश ५। प्रभु येशू ख्रीष्टमा विश्वास गर्नुको महत्व के हो भन्ने कुरालाई वर्णन गर्दा प्रष्ट र सरल हुनुहोस्।

साक्षी भएका बाइबलिय उदाहरणहरू

बाइबलले हामीलाई साक्षी हुनको निम्ति "ठीक तरीका" प्रदान गर्दैन। बाइबल भित्र बिभिन्न तरीकाबाट साक्षी भएको उदाहरणहरू प्रस्तुत गरिएको छ। येशू आफै पनि साक्षी हुनलाई निपुण हुनुहुन्थ्यो र बिभिन्न मानसिहरूलाई बिभिन्न तरीकाहरू प्रयोग गर्नुहुन्थ्यो।

... जब येशूले इनारमा त्यस स्त्रीसँग बोल्नुभयो, उहाँले, प्रेममा, उसलाई आफ्नो पापहरू प्रकट गराइदिनुभयो र "जीवित पानी" जसद्वारा अनन्त जीवन प्राप्त हुन्थ्यो त्यो प्रदान गर्नुभयो।

... व्यभिचारमा पक्राऊ परेकी स्त्रीसँग जब उहाँले बोल्नुभयो, उहाँले तिनलाई क्षमा दिनुभयो र "जाऊ र पाप नगर" भनि सल्लाह दिनुभयो।

... जब उहाँ निकोदेमससँग बोल्नुभयो, जो एक बुद्धिमान् मानिस थिए, उहँले निकोदेमसलाई वौद्धिकतामा चुनौति दिनुभयो।

... जब उहाँले पत्रुसलाई बोलाउनुभयो, एक मछुवा, उहाँले पत्रुसलाई "मान्छेहरूका मछुवा" हुनको लागी वोलावट गर्नुभयो।

... जब भिडहरू भोका थिए, येशूले पहिले तिनीहरूलाई खुवाउनुभयो र उहाँमाथि विश्वास गर्नको निम्ति चुनौति दिनुभयो, "जीवनको रोटी"।

... यहूदी धार्मिक गुरुहरूले बारम्बार येशूलाई सामना र विरोध गरे, तब तिनीहरूका कठोर हृदय र कपटी व्यवहारप्रति येशूले तिनीहरूलाई कडा रुपमा गाली गर्नुभएन।

येशूका चेलाहरू अरु मानिसहरूभन्दा निकै फरक थिए। तिनीहरूको भिन्नताले कसरी उनीहरू अरु मानिसहरूका बीचमा साक्षी बने भनि देखाउँदछ।

... निको पारिएको अन्धो मानिसलाई शास्त्रको बारेमा ज्ञान थिएन, तर येशूले उसको लागी के गर्नुभयो सो उसले प्रष्टसँग बतायो।

... मत्ती जसले येशूसँग भौ गराउनको निम्ति आफ्ना विश्वास नगर्ने साथीहरूलाई आफ्नो घरमा बोलायो।

... पावल, जो एक ज्ञानी मानिस थिए, प्राय मानिसहरूसँग तर्क गर्थे।

... पत्रुस, जो बुद्धिजिवी थिएनन, आफ्ना श्रोताहरूलाई स्पष्टताका साथ बताउँदथे।

... स्टेफनले श्रोताहरूका पापपूर्ण स्वभाव देखाउनको लागी इतिहासको प्रयोग गर्दथे।

... डोर्कसले खाँचोमा परेकाहरूलाई मद्दत गर्दथे।

... बर्नाबास प्रोत्साहकका रुपमा परिचित थिए।

... पूरानो नियममा, परमेश्वरको आउनेवाला न्यायको बारेमा भविष्यवक्ताहरूले बारम्बार चेतावनी दिदँथे।

साक्षीका केही विचारहरू

साक्षी हुने कार्य एक व्यक्ति देखी अर्को व्यक्तिमा धेरै नै फरक हुने गर्दछ। परमेश्वरले हामी हरेकलाई बिभिन्न योग्यता र व्यक्तिव्त प्रदान गरिदिनुभएको छ। पवित्रशास्त्रले बृस्तित विवरण प्रदान गर्दैन; यद्यपि, हामी सबैले

आफ्नो जीवनद्वारा साक्षी हुने कार्यलाई प्राथमिक राख्नुपर्छ। तपाईको आरामको स्थानलाई बढाउनुहोस्। ढोका खोल्नको निम्ति परमेश्वरलाई विन्ती गर्नुहोस् र साक्षी हुनका निम्ति अवसरहरूको खोजी गर्नुहोस्।

१ *जब परमेश्वरले तपाईलाई अवसर दिनुहुन्छ, परमेश्वरले तपाईको जीवनमा वा तपाईको मार्गमा ल्याइदिनुहुने मानिसहरूमा उत्साहका साथ साक्षी हुनुहोस्।*

२ *मित्रताको कार्यक्रमको थालनी गर्नुहोस् वा प्रचारको जीवनयापन शुरु गर्नुहोस्।* यस पाठमा तल दिइएको खण्डमा पावलद्वारा दिइएका सुझाबहरूलाई हेर्नुहोस्।

३ *प्रचार सम्बन्धित बाइबल अध्ययनको शिक्षा दिनुहोस्।* कुनै पनि व्यक्तिलाई नियमित रुपमा तपाईसँग नै बाइबल अध्ययन गर्न लगाउनुहोस्। मर्कुस र यूहन्नाको पूस्तकहरू प्रयोग गर्नका लागी उत्तम पूस्तकहरू हुन्।

४ *सुसमाचारका पूस्तिका (ट्रयाक्ट) बाँड्नुहोस्।*

५ *व्यवस्थित विश्वव्यापि प्रचारमा सहभागी हुनुहोस्।* केही मण्डलीहरूमा व्यवस्थित विश्वव्यापी प्रचार कार्यक्रम संचालन हुँदछ। प्रचारकहरूको सभा, साहित्य वितरण, चल-दृश्य वितरण, घरदैलो प्रचार, र सेवा आयोजनाहरू केही तरीकाहरू हुन्।

६ *आफ्नो कल्पनाको प्रयोग गर्नुहोस्।* शास्त्रको खण्ड वा सन्देशहरू पत्रिकामा राखिदिएर, वा शास्त्रका खण्डहरू कागजमा लेखेर झ्यालबाट भित्र फ्याँकिकन पनि मानिसहरूको उद्धार गरिएको छ। प्रभुका निम्ति तपाई कसरी एक उद्धार नगरिएको व्यक्तिकोमा जान सक्नुहुन्छ भन्ने विचार प्रदान गरिनका लागी परमेश्वरसँग प्रार्थनाको विन्ती चढाउनुहोस्।

७ *मिशिनेरी परिवारको लागी आर्थिक सहयोग गर्नुहोस् र प्रार्थना गरिदिनुहोस्।*

८ रेडियो बाइबल कक्षाले प्रकाशन गरेको सानो सूचिपत्र रहेको छ, *"कुनै बहस बिना कसरी म मेरो विश्वास बाँड्न सक्छु?"* यस सूचिपत्रले साक्षी हुनाको लागी केही योजनाहरू बताउँदछ जुन उपयोगी भएको जानकारीहरू प्राप्त भएको छ। यस सूचीपत्र निम्न ठेगानामा पत्र व्यवहार गरेमा प्राप्त गर्न सकिन्छः

आर. बी. सी सेवकाई
पो.ब.नं २२२२
ग्राण्ड रयापिड्स एम. आइ ४९५०१-२२२२

तपाईले प्राप्त गर्नको लागी (६१६) ९७२-२२१० मा पनि सम्पर्क गर्न सक्नुहुन्छ।
उनीहरूको वेबसाईट हो www.rbc.net
जब तपाईले साक्षी हुनका लागी प्राथमिकता दिनुहुन्छ, प्रार्थना, प्रार्थना, प्रार्थना गरि नै रहनुहोस्। परमेश्वरले तिनीहरू जो आज्ञाकारी हुन्छन् र प्रार्थना गर्छन् तिनीहरूलाई आशिष दिनको लागी उहाँ व्यग्र हुनुहुन्छ।

मित्रताद्वारा प्रचार
तलका निर्देशनहरू , तपाईको विश्वास कसरी बाँड्नसक्नुहुन्छ, पावल लिटलद्वारा लिखित पूस्तकबाट साभार गरिएको हो। प्रचारको यस तरीकालाई कहिलेकाँही "जीवनयापन" वा "मित्रता" द्वारा प्रचार पनि भनिदँछ।

१ उद्धार नगरिएका मानिसहरूले जान्न सकुन्। हाम्रा घनिष्ठ मित्रहरू ख्रीष्टियन हुनु जरूरी छ; यद्यपि, जबसम्म हामीले हामी कुनै उद्धार नगरिएको व्यक्तिलाई जान्दैनौं तबसम्म उद्धार नगरिएका मानिसहरूलाई हामी प्रभुमा डोर्याउन सक्दैनौं।

२ साझा रूचि थाहा गर्नुहोस्। शुद्ध साझा रूचीलाई पहिचान गर्नुहोस् जसद्वारा अरु मानिसहरूसँग तपाईले आनन्दका साथ सहकार्य गर्न सक्नुहुन्छ।

३ जसै अवसर आउँदछ, आत्मिकी कुराहरू गर्नुहोस्।

४ पवित्र आत्मालाई उछिन्न नखोज्नुहोस्। यदि त्यस व्यक्तिमा पवित्र आत्माले कार्य गरिरहनुभएको छैन भने विश्वास गर्नको निम्ति तपाईले उसलाई दबाब नदिनुहोस्। जाली निर्णयका लागी दबाब दिनाले बा धकेल्नाले मुक्तिको परीणाम ल्याउँदैन्।

५ मानिसलाई दोष नलगाउनुहोस्। जब येशूले मानिसहरूसँग कुरा गर्नुभयो, उहाँले तिनीहरूलाई दोष लगाउनुभएन। हामीले, पनि, "प्रेममा सत्यता बताउनुपर्छ"।

६ त्यस व्यक्तिको विषयमा नै अडिग रहनुहोस्। जब मुक्तिको सन्दर्भमा गम्भिर कुराकानी शुरु हुँदछ, मुक्तिको विषयमा सान्दार्भिक नभएका विषयहरूलाई समावेश गरिकन अलमल्लमा नपार्नुहोस्।

७ एक व्यक्तिलाई निर्णयको विन्दुमा ल्याइ पुर्याउनुहोस्। परमेश्वरको वचनको प्रयोग गर्नुहोस्, उसलाई मुक्तिको योजना देखाउनुहोस्, र प्रेममा, उसलाई ती स्वीकार गर्ने वा इन्कार गर्ने विन्दुमा ल्याइ पुर्याउनुहोस्।

साक्षीसँग सम्बन्धित सिद्धान्तहरू

१ साक्षी हुने जिम्मेवारीलाई गम्भिरतापूर्वक लिनुहोस्।

२ तपाईको साक्षीको "छोटो संस्करण" सुनाउनको लागी तयारी हुनुहोस्। धेरै साक्षी हुने अवसरहरू केही मिनेटको लागी मात्र सिमित हुन्छन्।

३ मुक्तिको योजनालाई तपाईले सही तरीकाले बुझ्नुभएको छ भन्ने कुरामा निश्चित हुनुहोस्। यो नाजुक रुपमा महत्वपूर्ण रहेको छ। तपाईले यसलाई सही तरीकाले नबुझेसम्म अरुहरूलाई बताउन सक्नुहुन्न। मुक्तिको बारेमा जान्न र बुझ्नको लागी अध्ययन निर्देश १-५ लाई पुनरीक्षण गर्नुहोस्।

४ नियमित प्रार्थना गर्नुहोस् र "सुभ-समाचार" बताउनको लागी अवसर प्राप्त होस् भनेर परमेश्वरसँग बिन्ती चढाउनुहोस्।

५ साक्षी हुनको निम्ति अवसरहरूको खोजी गरिरहनुहोस्।

६ आफैलाई आरामको स्थितिदेखी निकाल्नुहोस् र बिस्तार हुने चाहना राख्नुहोस्।

७ यदि तपाईले पवित्रआत्माले तपाईलाई तुरुन्तै साक्षी हुनको निम्ति चाह गरिरहनुभएको छ भनि आभाष गर्नुभएको छ भने, आज्ञाकारी हुनुहोस्। ऊसँग बोल्नको निम्ति तपाईलाई अर्को अवसर नमिल्न पनि सक्दछ।

८ मुक्तिको योजनाको बारेमा अरुलाई कसरी बताउने भनि अभ्यास गर्नुहोस्।

९ तलका पदहरूसँग परिचित हुनुहोस् वा यिनलाई स्मरण पनि गर्नुहोस्। (रोमी ३:२३, रोमी ६:२३, रोमी ५:८, २कोरिन्थी ५:२१, रोमी १०:९-१०)

एक व्यक्तिलाई पापस्वीकार र पश्चातापको प्रार्थनामा डोर्याउनको लागी तयार हुनुहोस्।

परीणाम स्वरुप मुक्ति ल्याउने कुनै पनि जादुगरी प्रार्थना रहेको छैन। यथार्थमा, हामीलाई बचाउने प्रार्थनाले होइन। जब एक व्यक्तिले प्रभु येशू ख्रीष्टमा विश्वास गर्ने निर्णय लिँदछ वा येशूलाई आफ्नो प्रभु भनि स्वीकार गर्दछ, त्यही क्षणमा नै ऊ उद्धार गरिदँछ।

जब एक व्यक्ति प्रभुलाई ग्रहण गर्नको निम्ति तयार हुँदछ, मुक्तिका आधारभूत कुराहरू देखाउन र प्रार्थना गरिदिनको निम्ति तयार हुनुहोस्। उसलाई मण्डलीमा लानको लागी आइतबार वा प्रचारकसँगको भेटको लागी प्रतिक्षा नगर्नुहोस्। यदि तपाई प्रतिक्षा गर्नुहुन्छ भने, उसले आफ्नो विचार परिवर्तन गर्न सक्छ वा, जे सुकै कारण भए तापनि, ऊ मण्डलीमा उपस्थित नहुन पनि सक्दछ। तपाईले उसलाई प्रभुमा डोर्याउनुहोस्। पछिबाट उसले विश्वास गर्ने छनोट गर्दछ भने, नियमित मण्डली आउनको लागी र सार्वजनिक रुपमा विश्वास स्वीकार गरेर र बप्तिष्मा लिनको लागी उसलाई प्रोत्साहन दिनुहोस्।

यदि कुनै मानिसमा तपाईले उत्तरै दिन नसक्ने इमान्दारी प्रश्नहरि र शंकाहरू छन् भने, अझै धेरै ज्ञान भएको ख्रीष्टियनलाई सहायताको निम्ति विन्ति गर्नुहोस्; तर; सरल नियमको रुपमा, एक व्यक्तिलाई प्रभुमा डोर्याउनको निम्ति तपाईले सम्पूर्ण प्रश्नहरूको जवाफ दिनैपर्छ भन्ने होइन। तपाईलाई थाहा नभएका प्रश्नहरूमा जाली उत्तरहरू नदिनुहोस्। मानिसहरूले "मलाई थाहा छैन" भन्ने जवाफलाई आदर गर्दछन्, तर तिनीहरूले बनावटी जवाफहरू पत्ता लगाइहाल्दछन्।

जब एक व्यक्ति उद्धार गरिदँछ, चेलापनकलो प्रकृया बल्ल शुरु हुँदछ।

जब एक व्यक्तिले विश्वास गरेको स्वीकार गर्दछ, ऊ प्रभुमा "बालक" हुँदछ। एक नयाँ जन्मेको बालकलाई स्नेह र प्रेम चाहिएझैँ गरी, कसै त्यस ख्रीष्टियन बालकलाई सम्हाल्नुपर्छ र ऊ उद्धार गरिएको पहिलो महिनाहरू वा वर्षहरूमा उसको साथ-साथ हिँड्नुपर्छ। कुनै व्यक्तिको व्यक्तिगत प्रोत्साहन र शिक्षा बिना ऊ निरूस्साहित हुन सक्दछ वा आफ्नो विश्वासलाई त्याग पनि गर्न सक्दछ। यदि ऊ वास्तवमै उद्धार गरिएको छ भने, उसले आफ्नो मुक्ति गुमाउँदैन, तर कुनै पनि व्यक्तिको प्रोत्साहन बिना ऊ अलमल्लमा पर्न सक्छ र निरुत्साहित हुन सक्छ।

र नयाँ जन्मेका बालकहरूझैँ वचनको विशुद्ध दूधको तिर्सना गर, र यसद्वारा तिमीहरू बढ्दै जाओ; यदि साँच्चै प्रभु कृपामय हुनुहुन्छ भनि तिमीहरूले चाखेका छौ भने। १पत्रुस २:२-३

नयाँजन्मेको ख्रीष्टियनलाई केही समय अवधीसम्म (केही महिनाहरू – वा एक वर्ष) एक अझ धेरै परिपक्व ख्रीष्टियनले नियमित रुपमा भेट गरिरहनुपर्छ र प्रोत्साहन दिन, निर्माण गर्न, सल्लाह दिन, र साथमा प्रार्थना गर्नको निम्ति उसको साथ-साथ हिँडिरहनुपर्छ।

हामी बलियाहरूले कमजोरहरूका दुर्बलताहरू सहनुपर्दछ, र आफैलाई खुशी पार्नुहुँदैन। रोमी १५:१

यसकारण एक-अर्कालाई सान्त्वना देओ, र एउटाले अर्काको उन्नति गर, जो तिमीहरूले गर्दैछौ पनि। १थेस्सोलोनिकी ५:११

अनि आओ, प्रेम र असल कामहरूमा निम्ति हौसला दिनालाई एक-अर्काको चिन्ता गरौं; र कसै-कसैको रीति भएझैँ हामी एक ठाउँमा भेला हुन नछोडौं; तर एक-अर्कालाई उत्साह दिदैँ रहौं; अनि त्यो दिन जति नजिक-नजिक आउँदै गरेको तिमीहरू देख्छौ, उति नै वेसी हामी यसो गर्ने गरौं। हिब्रु १०:२४-२५

जब तपाई कसैका निम्ति साक्षी बन्नुहुन्छ भने, तिनीहरू कसरी असल मानिसहरू भए भनेर तिनीहरूले तपाईलाई बताउनुपर्ने हुन्छ। तिनीहरू अभ्यास गरिसकेको केही कार्यहरूको बारेमा बताउनुपर्दछ जुनचाँही, तिनीहरूको विचारमा, कुराहरूलाई ठीक बनाउँदछ। मानिसहरूलाई उद्धार गरिएको कुरालाई सोध्दाखेरी निम्न जवाफहरू सूचिगत गरेको पाइन्छ। यी कुराहरूले कुनै तरीकाबाट परमेश्वरबाट योग्यता प्राप्त हुन्छ भनि तिनीहरूले विश्वास गर्दछन्। यी मध्ये केही कुराहरू असल हुन् तरै पनि यसले हाम्रो उद्धार भने गराउँदैन्। सत्य यो हो की मानिसले यी कार्यहरू गर्न सक्छ वा यी कुराहरूबाट अनुभव बटुल्न सक्छ तर अझै पनि साँचो रुपमा उद्धार गरिएको भने हुँदैन नै।

अध्ययन निर्देश ५मा प्रस्तुत गरिएका सूचिहरूलाई फेरी यहाँ पनि प्रस्तुत गरिएको छ।

मुक्ति यी होइनन्

यो बप्तिष्मा लिएर प्राप्त हुँदैन।
यो मण्डलीमा "अघि जादैँमा" यो प्राप्त हुँदैन्।
यो "मण्डलीमा उपस्थित भएर" प्राप्त हुँदैन्।
यो मण्डलीमा सहभागी भएर प्राप्त हुँदैन्।
यो "निर्णय लिएर" प्राप्त हुँदैन।
"येशूसँगको सम्बन्धमा" रहेर यो प्राप्त हुँदैन।
येशूसँग "मेल" भएर यो प्राप्त हुँदैन्।
यो आत्मिकी कुराहरू सोचेर वा बाइबलमा मनन गरेर प्राप्त हुँदैन्।
बाइबलमा के छ भनेर थाहा गर्दैमा यो प्राप्त हुँदैन।
बाइबल अध्ययन गरिरहेकाले यो प्राप्त हुँदैन।
हरेक दिन बाइबल अध्ययन गर्नाले यो प्राप्त हुँदैन्।
हरेक दिन प्रार्थना गरेर यो प्राप्त हुँदैन्।
"धार्मिक" हुदैँमा यो प्राप्त हुँदैन्।
"इमान्दारी" वा "असल मानिस" हुँदैमा यो प्राप्त हुँदैन्।
तपाईले सक्दो राम्रो कार्य गरेबाट यो प्राप्त हुँदैन्।
एक नयाँ रुपमा परिवर्तन हुदैँमा यो प्राप्त हुँदैन्।
जब तपाईको असल कार्यहरूले खराब कार्यहरूलाई उछिन्दछन् तब यो प्राप्त हुने होइन।
"आत्मिकी अनुभव" वा "आत्मिकी जागरण"द्वारा यो प्राप्त हुँदैन्।
तपाईको सारा समस्याहरू येशूलाई सुम्पिनाले यो प्राप्त हुने होइन।
"अन्य भाषाहरू बोल्नाले" यो प्राप्त हुने होइन।
तपाईको मण्डलीको स्तुति-आराधनाको तपाई एक सदस्य हुनाले यो प्राप्त हुने होइन।
सहभागिता वा संस्कारद्वारा यो प्राप्त हुने होइन।
"स्वर्ण-सिद्धान्त"लाई पूरा गर्नाले यो प्राप्त हुने होइन।
ख्रीष्टियन परिवार वा ख्रीष्टियन राष्ट्रमा जन्म लिनाले यो प्राप्त हुने होइन।
दश आज्ञा पूरा गर्नाले वा अरू आज्ञाहरू पालन गर्नाले यो प्राप्त हुने होइन।

दशांश दिएर वा उचित कारणहरूका लागी आर्थिक अनुदान दिँदैमा यो प्राप्त हुँदैन।
आफ्नो अंकल बप्तिष्ट प्रचारक हुँदैमा यो प्राप्त हुँदैन।
मण्डली भवन बनेको जमिन आफ्नो हजुर-आमाले प्रदान गर्नुभएकाले गर्दा यो प्राप्त हुँदैन।

निश्चय नै यी कुराहरूमध्ये कुनैले पनि हामीमा मुक्ति ल्याउँदैन। मुक्ति प्राप्त गर्नको लागी एक मात्र उपाय भनेको आफ्नो पापहरू स्वीकार र पश्चाताप गरी परमेश्वरबाटको सितैंको उपहारलाई ग्रहण गर्नु हो।

दिनभरि मेरो मुखले तपाईको धार्मिकता र तपाईको उद्धारको बयान गर्नेछ; किनकी तिनका संख्या मलाई थाह छैन। प्रभु यहोवाको बलमा न जानेछु; म तपाईको, अँ, केवल तपाईको धार्मिकताको बयान गर्नेछु।
भजनसंग्रह ७१:१५-१६

एक्काइस
परिवारको निम्ति परमेश्वरबाटको योजना

हाम्रो परिवार हाम्रो निम्ति बहुमूल्य छन्। मानव दृष्टोकोणबाट, थोरै मात्र छन्, ती कुराहरू, जसलाई हामीले धेरै महत्व दिदँछौं। मेरी पत्नी र मेरा नानीहरू (वास्तवमा, तिनीहरू अबउसो साना रहिरहेनन्) यस पृथ्वी रहेका कुराहरूमाभन्दा मेरा निम्ति धेरै महत्वका छन्। म तिनीहरूलाई प्रेम गर्छु र तिनीहरूले पनि मलाई प्रेम गर्छन्। तिनीहरूले मलाई प्रोत्साहन र समर्थन दिन्छन् र म पनि तिनीहरूलाई प्रोत्साहन दिन्छु र तिनीहरूलाई निर्माण गर्दछु।
हाम्रो परिवारभन्दा बढी प्राथमिकता रहेको एक मात्र कुरा हो प्रभु येशू ख्रीष्टको चेला हुनको निम्ति हाम्रो प्रतिवद्धता।
जब परमेश्वरले पृथ्वी र मानिसको सृष्टि गर्नुभयो तब उहाँले शुरुमा नै परिवारको स्थापना गरिदिनुभयो (उत्पत्ती १ र २)। मानविय शासन, इस्राएक, र मण्डलीको शुरुवात अघि नै उहाँले परिवारको स्थापना गरिदिनुभयो। कुनै पनि समाजको जग भनेको परिवार नै हुँदछ। परिवारलाई नष्ट गर्नुहोस् र समाज पनि नष्ट हुन्छ। ठीक यही आज हाम्रो अमेरिकी संस्कारमा घटिरहेको छ। हामीले विवाह, पति र पत्नी सम्बन्धी परमेश्वरको योजनालाई त्यागेका छौं र हामीले नानीहरूप्रतिको परमेश्वरको योजनालाई पनि त्यागेका छौं। अनि हामी, राष्ट्र र संस्कृतिका रुपमा, परमेश्वरबाटको यस योजनालाई इन्कार गरेका हुनाले यसको मूल्य पनि चुकाउँदै नै छौं।

परिवारको सन्दर्भमा त्यहाँ शब्दशः हजारौं ख्रीष्टियन वा ख्रीष्टियन भनिने पूस्तकहरू लेखिएका छन् – केही असल छन्, केही त्यति असल छैनन्। कहिलेकाँही यी उपयोगी हुन्छन्; यद्यपि, यस पाठमा समावेश गरिएका आधारभूत कुराहरूलाई बे-वास्ता वा इन्कार गरिदँछ भने, संसारमा भएका सारा पूस्तकहरूले त्यति लाभ भने प्रदान गर्न सक्दैनन्।
आत्मिकी स्वस्थ परिवार निर्माण गर्न सहज छैन। यसको लागी समर्पण र प्रतिवद्धता चाहिन्छ र शैतानले हाम्रो प्रतिरोध गर्दछ। एक आत्मिकी स्वस्थ परिवार निर्माण गर्नको लागी परमेश्वरले आफ्नो वचन – बाइबलमा परिवारको सन्दर्भमा के शिक्षा दिनुभएको छ त्यसको आधारभूत कुराहरूको ज्ञान भएको हुनुपर्दछ। अनि समाजले सिकाएको कुरालाई भन्दा परमेश्वरले जे सिकाउनुभएको छ त्यसलाई नै हामीले स्वीकार गर्नुपर्दछ। परमेश्वरले जे सिकाउनुहुन्छ र संसारले के विश्वास गर्छ र सिकाउँछ ती कुराहरू प्राय एक-अर्कासँग पूर्णरुपमा विपरित रहेको हुँदछ।
दुर्भाग्यवश, धेरै मानिसहरू स्वस्थ आत्मिकी परिवारमा हुर्कन पाएका छैनन्। यद्यपि, ती जो साँचो उद्धार गराइएका छन् परमेश्वर आफै नै तिनीहरूका पिता हुनुहुन्छ र सारा संसारभरि हाम्रा धेरै दाजु\भाइ-दिदी\बहिनी छन्। हामीले कस्तो परिवार पाएका छौं!!! ती जसले उहाँमा विश्वास गर्ने छनोट लिँदछन्, परमेश्वर आफै नै तिनीहरूका पिता हुनुहुनेछ र उहँले हामीलाई आफ्नो परिवारमा अपनाउनुहुनेछ। हामी उहाँका सन्तानहरू हौं र उहाँ हाम्रा प्रेमिलो पिता हुनुहुन्छ। अनि हाम्रा विश्वासी जनहरू प्रभु हाम्रा दाजु\भाइ-दिदी\बहिनी हुँदछन्। परमेश्वरको परिवार सारा विश्वासीहरूका लागी निरन्तर अघि बढिरहने सामर्थ्य, आराम, प्रोत्साहन, र सहायताका बहुमूल्य श्रोत बन्न पुग्दछ, ती जो यस पृथ्वीमा एक स्वस्थ आत्मिकी परिवारमा समावेश छैनन् तिनीहरू समेत गरी।
यस पाठ स्वस्थ परिवारका निम्ति परमेश्वरबाटको योजनामा केन्द्रित रहदँछ। यो बृस्तित र सही विन्दुमा रहेको छ। ती जसले परमेश्वरको योजना जान्न चाहन्छन् र यसलाई अभ्यास गर्नको निम्ति इच्छुक छन्, यी आधारभूत

कुराहरू तपाई र तिनीहरूका परिवारका लागी ठूला आशिष हुनेछ। यी बाइबलिय आधारलाई अभ्यास गरेमा बताइन नसकिने दुःख, पिडा, र कष्टलाई यसले रोक्दछ। परमेश्वरको निर्देशनलाई इन्कार वा बिगारेमा, मानिसले आफ्नो जीवनमा र आफूले प्रेम गर्ने व्यक्तिहरूका जीवनमा धेरै धेरै सङ्कष्टहरू निम्त्याउँदछन्।

परिवारका लागी बाइबलिय जग

बाइबलको पहिलो अध्यायमा नै परिवारबाट परिवारको स्थापनाको योजना जान्न सकिन्छ जसमा परमेश्वरद्वारा सारा जगत्, पृथ्वी र मानिसको सृष्टि गरिएको कुरालाई सही रुपमा अभिलेख गरिएको छ। परमेश्वरले हामीलाई उहाँको आफ्नै स्वरुपमा नर र नारी गरी हामीलाई सृष्टि गर्नुभयो। हामीलाई नर र नारी गरी सृष्टि गर्ने कार्य पछिबाटको विचारद्वारा गरिएको होइन ; यो त परमेश्वरको योजनाको आधारभूत अंश हो।

अनि परमेश्वरले भन्नुभयोः "हामी मानिसलाई हाम्रै स्वरुपमा, हाम्रै समानतामा बनाऔँ, र तिनीहरूले समुन्द्रका माछामाथी, आकाशका पंक्षीहरूमाथी र घरेलु पशुमाथी, साथै सारा पृथ्वीमाथि र पृथ्वीमाथि घस्ने हरेक घस्ने जन्तुमाथि अधिकार राखून्!" अनि परमेश्वरले मानिसलाई आफ्नै स्वरुपमा सृष्टि गर्नुभयो; उहाँले तिनलाई परमेश्वरको स्वरुपमा सृष्टि गर्नुभयो; उहाँले तिनीहरूलाई नर र नारी गरेर सृष्टि गर्नुभयो। अनि परमेश्वरले तिनीहरूलाई आशिष दिनुभयो; र परमेश्वरले तिनीहरूलाई भन्नुभयोः "फल्दै-फुल्दै र बढ्दै जाओ! अनि पृथ्वीलाई भरिदेओ र त्यसलाई वशमा पार ! अनि समुन्द्रका माछामाथि, आकाशका पंक्षीमाथि र पृथ्वीमाथि चलफिल गर्ने हरेक जीवित प्राणीमाथि अधिकार राख!" उत्पत्ती १:२६-२८

परमेश्वरले दिनुभएको निर्देशन "*फल्दै-फुल्दै र बढ्दै जाओ! अनि पृथ्वीलाई भरिदेओ*" थियो। बाइबलको दोश्रो अध्यायमा, यसलाई पूरा गर्नको निम्ति परमेश्वरले विवाहको प्रतिष्ठापन र स्थापना गर्नुभयो।

यसैकारण मानिसले आफ्ना बाबुलाई र आफ्नी आमालाई छोड्नेछ र आफ्नी पत्नीसँग टाँसिनेछ; र तिनीहरू एउटै शरिर हुनेछन्। उत्पत्ती २:२४

येशूले यस शिक्षालाई निश्चित गर्नुभयो। यो प्रष्ट छ की परमेश्वर आफै पुरुष र स्त्रीको वैवाहिक सम्बन्धद्वारा तिनीहरूसित संलघंन हुनुहुन्छ, र त्यस विवाहलाई कुनै पनि मानिसले तोड्न सक्दैन।

अनि उहाँले जवाफ दिएर तिनीहरूलाई भन्नुभयोः "के तिमीहरूले पढेका छैनौं? शुरुमा जसले तिनीहरूलाई सृष्टि गर्नुभयो, उहाँले तिनीहरूलाई नर र नारी बनाउनुभयो, र भन्नुभयो, 'यही कारणले गर्दा मानिसले बाबु र आमालाई छोड्नेछ र आफ्नी स्वास्नीसँग मिलिरहनेछ, अनि ती दुई एउटै शरिर हुनेछन्'। यसैकारण तिनीहरू अब उसो दुई होइनन्, तर एउटै शरिर हुन्। यसकारण जसलाई परमेश्वरले एकसाथ जोड्नुभएको छ, त्यसलाई मानिसले अलग नपारोस्"। मत्ती १९:४-६

तर सृष्टिको शुरुदेखी नै परमेश्वरले तिनीहरूलाई नर र नारी बनाउनुभयो। 'यही कारणले गर्दा मानिसले आफ्ना बाबु र आमालाई छोड्नेछ र आफ्नी स्वास्नीसित मिलिरहनेछ; अनि ती दुई एउटै शरिर हुनेछन्; यसैकारण तिनीहरू अबउसो दुई होइनन्, तर एउटै शरिर हुन्। यसकारण जसलाई परमेश्वरले एकसाथ जोड्नुभएको छ, त्यसलाई मानिसले अलग नपारोस्"। मर्कुस १०:६-९

जब जोडीले विवाह गर्दछन्, तिनीहरूले आफ्ना बाबु आमालाई छाड्नुपर्दछ। निश्चित रुपमा यसको अर्थ बाबु आमासँग तिनीहरूको कुनै सम्बन्ध छैन भन्न खोजेको होइन। यद्यपि, ती जोडीले आफ्नै घरको स्थापना गर्नुपर्छ र विवाहमा बाबु आमाको प्रभावद्वारा कुनै अवरोध पर्न दिनुहुन्न।

मेरी पत्नी लिण्डा, र मेरो चार नानीहरू छन्, ती सबैको विवाह भइसकेको छ र तिनीहरू सबैले प्रभुको सेवा गर्दैछन्। जब तिनीहरूको विवाह भयो मैले हरेकलाई भनें की तिनीहरूले नसोधेसम्म म कुनै हस्तक्षेप गर्दिनँ वा

कुनै पनि सुझाब दिनेछैन। मैले यो प्रतिज्ञालाई निभाइरहेको छु र यसले राम्रो कार्य गरिरहेको छ। सारा नानीहरू र उनीहरूका जीवनसाथीसँग हाम्रो सम्बन्ध राम्रो नै छ, र कुनै कुराहरूको निम्ति तिनीहरूले बेला-बेलामा हामीबाट सुझाब लिनको निम्ति हामीलाई फोन गरिरहन्छन्। म मेरो भूमिकाभन्दा अधिक नजाऊँ र तिनीहरूका व्यक्तिगत सम्बन्धमा कुनै हस्तक्षेप नगरूँ भनि होशियार भइ रहन्छु। यसले मलाई साह्रै सहज पारेको कारण तिनीहरू सबै नै सकृयताका साथ प्रभुको सेवामा लागिरहेका छन्। ☺

जब यी पदहरूले *"एउटै शरिर हुनेछन्"* भन्दछन्, तब यसले पति र पत्नी बीचको लैङ्गिक मेलको बारेमा बताइरहेको छ। मानिस र महिलाको लैङ्गिकता परमेश्वरबाटको योजना हो र यो गलत वा फोहोर छैन।

परमेश्वरले यौन कार्यमा एउटा प्रतिबन्ध लगाइदिनु भएको छ र त्यो हो यो वैवाहिक सम्बन्धमा गासिँएका पति र पत्नीको बीचमा मात्र हुनुपर्दछ। यस पाठ्यक्रमको अर्को अध्ययन निर्देशले यौनको बारेमा बाइबलिय शिक्षालाई समावेश गर्दछ, त्यसकारण यो यस पाठमा समावेश गरिएको छैन।

परमेश्वरको वचनमा यौनको शिक्षालाई अरु ठाउँहरूमा पनि पुष्टि गरिएको छ। तलका खण्डमा विवाहले मण्डलीको निम्ति ख्रीष्टको प्रेमको चित्रण गरेको हामी पाउन सक्दछौं।

यही कारणले गर्दा मानिसले आफ्ना बाबु र आमालाई छोड्नेछ, र आफ्नी पत्नीसँग मिलिरहनेछ, अनि ती दुई एउटै शरिर हुनेछन्। यो ता एउटा ठूलो रहस्य हो, तर म ख्रीष्ट र मण्डलीको विषयमा बोल्दछु। तरै पनि तिमीहरूमध्ये हर एकले आफ्नी पत्नीलाई आफैलाई झैं प्रेम गरोस्; अनि पत्नीले आफ्ना पतिको डर मानोस्। एफिसी ५:३१-३३

निश्चित रुपमा, पति र पत्नीको बीचमा अद्भूत प्रेमिलो सम्बन्ध रहोस् भनि परमेश्वरले त्यस अनुसार नै योजना बनाउनुभएको हो। बाइबलिय पूस्तक "श्रेष्ठगीत"लाई अनौपचारिक रुपमा पढिकन यस जोडीको बीचमा धेरै अद्भूत सम्बन्ध रहेको थियो भनि हामीले थाह गर्न सक्दछौं। यहाँ, करिब तीन हजार वर्ष अघि, यस पूस्तकको एक भागमा, भाषा र शाब्दिक चित्रणद्वारा, पतिले आफ्नी पत्नीको वर्णन गरेको पाइन्छ।

हे शासककी छोरीजुत्ता लगाइएका तिम्रा पाउ ,हरू !!कति सुन्दर तिम्रा तिघ्राहरूका गोलाइहरू गहना ,अँ , निप०ुण कारिगरको हस्तकलाजस्तै छन्। तिम्रो नाभी गोलो कचौराजस्तो छजसमा मिश्रित दाखमद्यको कमी , जो चारैतिरबाट लिली फूल ,तिम्रो पेट गहुँको रासजस्तो छ ;छैनहरूले घ०ेरिएको छ। तिम्रा दुई स्तनहरू मृगीका दुई जुम्ल्याहा पाठाहरूजस्तै छन्। तिम्रो गला हात्तीदाँतको धरहराजस्तो छतिम्रा आँखा ;हरूरब्बीमको -बत पोखरी-श्बोनका माछामूलढोकानेरको हेहरूजो ,तिम्रो नाक लेबानोनको धरहराजस्तो छ ;जस्ता छन् दमस्कसपट्टि फर्केको छ।तिम्रो शरिरमाथि तिम्रो केश कर्मेलजस्तो छ;तिम्रो शिरको केश बैजनी धागोजस्तो छ ; राजा यस केशका लर्कनहरूभित्र कैदी भएका छन्। हे प्रियासुख ,हरूकति ,अँ ,का निम्ति तिमी कति सुन्दरी !!मनोहरश्रेष्ठगीत ७:६-१

प्रष्ट र प्रभावशाली तरीकाद्वारा येशूले विवाहको धार्मिकतालाई पक्का गर्नुभयो। पछि हुन गइरहेको महान् उत्सब कहाँ हुनेछ, जसलाई कहिलेकाँही "थूमाको विवाह" भनि पनि परिचय दिइएको छ, जहाँ येशू आफै दुलहा बन्नुहुनेछ र हामी उहाँका दुलही हुनेछौं।

हामी खुशी होऔं; र खूबै आनन्द मनाऔं, अनि उहाँलाई महिमा दिऔं; किनकी थूमाको विवाह आइपुग्यो, र उहाँकी पत्नीले आफैलाई तयार पारेकी छन्"। अनि उनलाई शुद्ध र चम्किलो मिहिन मलमल पहिरने अधिकार दिइयो; किनकी मिहिन मलमलचाँही पवित्र जनहरूका धार्मिकताका कामहरू हुन्। अनि तिने मलाई भनेः "लेख,

जो-जो थूमाको विवाहको भोजमा बोलाइएका छन्, ती धन्य हुन्"। अनि तिनले मलाई भनेः "परमेश्वरका सत्य वचनहरू यिनै हुन्"। प्रकाश १९:७-९

धर र परिवारको लागी परमेश्वरबाटको योजना सुन्दर रहेको छ। यद्यपि, शैतानले परमेश्वरको योजनालाई वाधा दिन र नष्ट गर्नको लागी सक्दो कार्य गरिरहेको छ, र लाग्छ की त्यो सफल हुँदै छ। यदि हामी प्रभु येशू ख्रीष्टको चेला हुन, आफ्ना सारा हृदयले उहाँको खोजी गर्न, उहाँको समिपमा जान, र उहाँसँग हिँड्नका लागी गम्भिर छौं भने, परमेश्वरले आफ्नो वचन – बाइबलमा दिनुभएको निर्देशन र सिद्धान्तमा हामीले आफ्नो परिवारलाई स्थापना गर्नको लागी कडा परिश्रम गर्नुपर्छ। यो संसारमा प्रख्यात हुँदैन र यसले संसारिक बकवास विचारसँग मेल खाँदैन। आफ्ना प्राथमिकताको बारेमा ख्रीष्टियनहरूले केही प्रमुख निर्णयहरू लिनुपर्दछ। के हामी परमेश्वरको तरीका अनुसार गर्न प्रतिवद्ध छौं वा समाजको तरीका अनुसार गर्नको लागी प्रतिवद्ध रहेका छौं?

विवाहको निम्ति परमेश्वरबाटको योजना

विवाहका लागी ५ बाइबलिय कारणहरू

१ साहचर्य

अनि परमप्रभु परमेश्वरले भन्नुभयोः "आदम एक्लो रहनु असल होइन; तिनका निम्ति म तिनीसंग मेल खाने एउटा सहयोगी बनाउनेछु"। उत्पत्ती २:१८

२ नानीहरू जन्माउन

अनि परमेश्वरले मानिसलाई आफ्नै स्वरुपमा सृष्टि गर्नुभयो; उहाँले तिनलाई परमेश्वरको स्वरुपमा सृष्टि गर्नुभयो; उहाँले तिनीहरूलाई नर र नारी गरेर सृष्टि गर्नुभयो। २८ अनि परमेश्वरले तिनीहरूलाई आशिष दिनुभयो; र परमेश्वरले तिनीहरूलाई भन्नुभयोः "फल्दै-फुल्दै र बढ्दै जाओ! अनि पृथ्वीलाई भरिदेओ र त्यसलाई वशमा पार ! अनि समुन्द्रका माछामाथि, आकाशका पंक्षीमाथि र पृथ्वीमाथि चलफिल गर्ने हरेक जीवित प्राणीमाथि अधिकार राख!" उत्पत्ती १:२७-२८

३ व्यभिचारलाई निषेध गर्न

तरैपनि व्यभिचार हुन नदिनालाई हरेक पुरुषको आफ्नै पत्नी होस्, र हरेक स्त्रीको आफ्नै पति होस्। १कोरिन्थी ७:२

४ आनन्दको लागी

विवाह सबैको बीचमा आदरको योग्य मानियोस्, र ओछ्यान निष्कलकं रहोस्; तर व्यभिचारीहरू र परस्त्रगामीहरूलाई परमेश्वरले न्याय गर्नुहुनेछ। हिब्रु १३:४

५ मण्डलीको लागी परमेश्वर आफैबाटको प्रेमको चित्रण प्रदान गर्न

यही कारणले गर्दा मानिसले आफ्ना बाबु र आमालाई छोड्नेछ, र आफ्नी पत्नीसँग मिलिरहनेछ, अनि ती दुई एउटै शरिर हुनेछन्। यो ता एउटा ठूलो रहस्य हो, तर म ख्रीष्ट र मण्डलीको विषयमा बोल्दछु। तरै पनि तिमीहरूमध्ये हर एकले आफ्नी पत्नीलाई आफैलाई झैं प्रेम गरोस्; अनि पत्नीले आफ्ना पतिको डर मानोस्। एफिसी ५:३१-३३

परमेश्वरको कार्यक्रममा अविवाहितहरूका स्थान

परिवारमा विवाहको महत्वलाई परमेश्वरको वचनले स्पष्ट रुपमा जोड दिँदछ। यद्यपि, यसले कुनै पनि तरीकाद्वारा अविवाहितहरूका भूमिकालाई तल पार्दैन। अविवाहित विश्वासी हुनु भनेको परमेश्वरको कार्यक्रममा दोश्रो स्थानमा हुनु होइन। यथार्थमा, २कोरिन्थी ७ अध्यान, जुन विवाहको सन्दर्भको हो, अविवाहित हुने चाँही माथि उठाइएको उत्कृष्ठ स्थान हो।

तर म ता सबै मानिसहरू मजस्तै होऊन् भन्ने चाहन्छु। तर हरेकसँग उसको आफ्नो परमेश्वरबाटको वरदान छ – कसैको यस किसिमको, कसैको अर्को किसिमको। यसकारण म विवाह नगरेकाहरूलाई र विधवाहरूलाई भन्दछु – जस्तो म छु, त्यस्तै उनीहरू रहे भने उनीहरूका निम्ति यो असल हो। १कोरिन्थी ७:७-८

तर तिमीले विवाह गर्यौं भने पनि तिमीले पाप गरेका हुँदैनौं; अनि कुनै कन्याले विवाह गरी भने पनि उसले पाप गरेकी छैन। तरै पनि यस्ताहरूले शरिरमा कष्ट पाउनेछन्। तर म तिमीहरूसँग कडा व्यवहार गर्दिनँ। १कोरिन्थी ७:२८

तर तिमीहरूलाई फिक्री नहोस् भन्ने म चाहन्छु। जसले विवाह गरेको छैन, उसले, म प्रभुलाई कसरी खुशी पारूँ भन्दै प्रभुकै कुराहरूको विषयमा फिक्री गर्दछ। ३३ तर जसले विवाह गरेको छ, उसले, म मेरी पत्नीलाई कसरी खुशी पारूँ भन्दै संसारका कुराहरूको विषयमा फिक्री गर्दछ। ३४ एउटी पत्नी र एउटी कन्यामा पनि भिन्नता पाइन्छ। विवाह नगरेकी स्त्रीले दुवै शरिर र आत्मामा पवित्र हुनका निम्ति प्रभुकै कुराहरूको विषयमा फिक्री गर्छे। तर विवाह गरेकी स्त्रीले चाँही, म मेरा पतिलाई कसरी खुशी पारूँ भन्दै संसारका कुराहरूको विषयमा फिक्री गर्छे। १कोरिन्थी ७:३२-३४

एक अविवाहित मानिस प्रभुको सेवा गर्नको निम्ति केन्द्रित स्थानमा रहेको हुन्छ किनकी तिनीहरूले आफ्ना पति वा पत्नीलाई खुशी पारिरहनुपर्ने हुँदैन, वा धेरै अभिभावकिय जिम्मेवारी रहेको हुँदैन। प्रभुको सेवा गर्न तिनीहरूले आफ्नो समयहरू समर्पित गर्न सक्छन् जुन एक परिवार भएको विवाहित व्यक्तिको निम्ति असंभव नै रहन्छ।

एकल हुनु भन्नाले ऊ परिवारको सदस्य हुँदैन भन्न खोजिएको होइन। अविवाहित व्यक्तिहरूले आफ्ना परिवारका सदस्यहरूमा धेरै सकारात्मक प्रभाव पनि पार्न सक्छन्। त्यहाँ धेरै अविवाहित व्यक्तिहरू छन् जसले आफ्नो परिवारका सदस्यहरूलाई प्रभुलाई चिन्न उहाँमा डोर्याए र उनीहरूलाई परमेश्वरसँगको हिँडाईमा बढ्नको लागी सहायता दिन प्रमुख भूमिका खेलेका छन्।

व्यक्तिगत रुपमा मेरो एक दिदी हुनुहुन्थ्यो, मारगेरी, जसले विवाह गर्ने इच्छा गर्नुभएन, तर चिकित्सा मिशिनेरीको रुपमा अफ्रिका जानुभयो। उहाँले त्यहाँ करिब ४५ वर्षसम्म सेवाकाई गर्नुभयो। मारगेरी असाधारण व्यक्ति हुनुहुन्थ्यो र उहाँ परमेश्वरको नजिकमा हिँड्नुहुन्थ्यो। उहाँ फुर्तिको यन्त्र हुनुहुन्थ्यो र उहँको सेवकाईको फलस्वरुप, सयौं, शुद हजारौं, मानिसहरूले प्रभुलाई जान्न सके र उहाँको सेवा गरे। केन्द्रिय अफ्रिकन गणराज्यद्वारा नागरिकहरूलाई प्रदान गरिने पदकमध्ये अफ्रिकामा चिकित्सा सेवा गरे वापत उहाँलाई सबैभन्दा उच्च सम्मानको पदकले सम्मानित गरियो। यदि उहाँले विवाह गर्ने छनोट गर्नुभएको थियो भने उहाँले सेवा गर्नुभएझैं गरी सेवा गर्न सक्नुहुने थिएन। मेरो जीवनमा पनि मारगेरीको प्रभाव रहेको छ र उहाँको उदाहरणले प्रभुको सेवामा मलाई अझ विश्वासयोग्य हुनाको निम्ति प्रोत्साहन गरिरहन्छ।

स्पष्टतः सबै मानिसहरू विदेशमा मिशिनेरी हुन सक्दैनन्; यद्यपि, परमेश्वरको कार्ययोजनामा हरेक ख्रीषटियनको महत्वपूर्ण भूमिका रहेको छ र यस पृथ्वीमा उहाँको इच्छा र उद्देश्य पूरा गर्नको निम्ति परमेश्वरद्वारा प्रयोग गरिन सक्दछ।

जब विश्वासीहरूले विवाह गर्दछन्, तिनीहरूले विश्वासी जनहरूसँग मात्र विवाह गर्नुपर्दछ।

मैले मानिसहरूलाई सिकाएको छु र उनीहरूको साथमा काम पनि गरेको छु, मैले जानेमध्येको सबैभन्दा दुःखी मानिसहरू भनेको ख्रीष्टियनहरू थिए जसले अविश्वासीहरूसँग विवाह गरेका छन्। विश्वास नगर्ने मानिसहरूका बिभिन्न प्राथमिकता र मूल्य रहेको हुन्छ। विश्वासीहरूका निम्ति जे महत्वपूर्ण छ त्यो विश्वास नगर्नेहरूका लागी मूर्खता वा बेवकूफी हुँदछ। एकले परमेश्वरलाई आदर गर्न र उहाँसँग हिँड्नको निम्ति इच्छा गर्दछ भने अर्कोले प्राकृतिक मानविय चाहनाहरूलाई पूरा गर्ने इच्छा गर्दछ। परिणाम गम्भिर मतभेद हुँदछ। समय-समयमा यो मतभेद यति गहिरिएर जादँछ, हामी जे छौं त्यसको भित्रसम्म जादँछ; साथै खिन्नता र शोक पनि गहिरिएर जादँछ।

जब एक ख्रीष्टियनले अविश्वासीसँग विवाह गर्दछ, हेर्दा यो राम्रो देखिदँछ र विश्वास नगरिएको व्यक्तिलाई यो सिद्ध विवाहझैँ लाग्न सक्छ। यद्यपि, जब तिनीहरूले साथमा जीवनयापन गर्न शुरु गर्दछन् तब यो विवाहार्थ आनन्द सजिलैसँग टाउको दुःखाईमा परिवर्तन हुन्छ।

परमेश्वरले स्पष्टताका साथ हामीलाई अविश्वासीहरूसँग "साथमा नजोतिओ" भन्नुभएको छ। यस आदेशको एक अति विधि सम्मत अभ्यास भनेको विवाह हो। अविश्वासीलाई विवाह गर्नु भनेको यस आदेशलाई ठाडै भङ्ग गर्नु हो। विवाह भन्दा नजिकको कुनै मानविय सम्बन्ध रहेको छैन, र वैवाहित जोडी निश्चित रुपमा "एकसाथ जोतिएका" हुन्छन्। ईश्वरिय साथीसँग "एकसाथ जोतिनु" ठूलो आशिष हुदँछ र परमेश्वरलाई आदर पनि पुग्दछ। विश्वास नगर्ने व्यक्तिसँग सम्बन्धमा गाँसिनु प्राय हृदयव्यथा र शोकको श्रोत हुने गर्दछ।

अविश्वासीहरूसँग असमान भएर एकै जुवामा नजोतिओ; किनकी धार्मिकताको अधर्मसँग के सङ्गति? अनि उज्यालोको अँध्यारोसँग के सहभागिता? अनि ख्रीष्टको बेलियालसँग के एकता? अथवा विश्वासीको अविश्वासीसँग के हिस्सा? अनि परमेश्वरको मन्दिरको मूर्तिहरूसँग के सम्बन्ध? किनभने तिमीहरू जीवित परमेश्वरको मन्दिर हौ; जसरी परमेश्वरले भन्नुभएको छः 'म उनीहरूका बीचमा बस्नेछु, र उनीहरूका बीचमा हिँड्नेछु; अनि म उनीहरूका परमेश्वर हुनेछु, र उनीहरू मेरा जनहरू हुनेछन्'। २कोरिन्थी ६:१४-१६

तलका पदहरूले यो कुरा सिकाउँछ की विधवाहरू फेरी पनि विवाह गर्नका लागी स्वतन्त्र छन्, तर विश्वासीहरूसँग मात्र। यो निर्देशन विधवाहरूलाई दिँदा, अवश्य नै यो सबै ख्रीष्टियनहरूमा लागु हुँदछ।

जबसम्म उसको पति जीवित रहन्छ, तबसम्म पत्नी व्यवस्थाद्वारा बाँधिएकी हुन्छे; तर उसको पति मरिगयो भने जससँग चाहन्छे, त्यसैसँग विवाह गरिनालाई ऊ स्वतन्त्र हुन्छे; तर प्रभुमा मात्र। १कोरिन्थी ७:३९

विश्वास गर्ने र विश्वास नगर्ने बीचम सबै विवादपूर्ण दुःखी विवाह हुन्छ भन्ने होइन। समय-समयमा हामीले सुन्ने गर्छौं की विश्वासी र अविश्वासीको विवाह पश्चात् अविश्वासी साथी पनि विश्वासी हुदँछ। जब यसो हुन्छ, यो परमेश्वरको अनुग्रहको प्रदर्शनी हो र यो आनन्दको मनाउने कारण हो। यद्यपि, यसो हुने संभावनालाई समिकरणको रुपमा प्रयोग गर्न वा विश्वास नगर्नेहरूसँग एकसाथ नगाँसिने परमेश्वरको आदेशलाई पालन नगर्नको निम्ति बाहाना बनाउन सकिदैँन। हामीले परमेश्वरको आदेशमा आनाज्ञाकारी भइ त्यसबाट असल परिणामको आशा गर्न सक्दैनौं।

पवित्रशास्त्र स्पष्ट छ की उद्धार नगरिएका दुई व्यक्तिबीचको विवाहमा, जब एक व्यक्ति उद्धार गरिदँछ, तब उद्धार गरिएको त्यस नयाँ व्यक्तिले आफ्नो उद्धार नगरिएको साथलाई छाड्नुहुँदैन, यदि त्यस व्यक्ति विवाहमा रहिरहन चाहन्छ भने। यदि उद्धार नगरिएको व्यक्ति वैवाहिक सम्बन्धमा रहिरहन चाहन्छ भने, उद्धार नगरिएको साथी भएका कारणले पारपाचुके गर्नु बाइबलिय आधार भने होइन।

अनि कुनै स्त्रीको अविश्वासी पति छ, र त्यो ऊसित रहन राजी छ भने उसले त्यसलाई नछोडोस्। १४ किनकी विश्वास नगर्ने पति पत्नीद्वारा पवित्र हुन्छ, र विश्वास नगर्ने पत्नी पतिद्वारा पवित्र हुन्छे; नत्रभने तिमीहरूका छोराछोरीहरू अशुद्ध हुन्थे, तर अब उनीहरू पवित्र छन्। १कोरिन्थी ७:१३-१४

यदि विश्वास नगर्ने पति वा पत्नीले आऐनो उद्धार गरिएका साथीलाई छाड्न चाहन्छन् भने, विश्वास गरेकाले विश्वास नगरेकालाई जान दिनुपर्छ। जब विश्वास नगर्ने साथीले छाडेर जान्छन् तब विश्वास गरेको व्यक्ति विवाहमा बाँधी रहिरहँदैनन्। विश्वास गर्ने व्यक्ति विवाहको लागी स्वतन्त्र हुँदछन्, तर उद्धार गरिका व्यक्तिसँग मात्र।

तर विश्वास नगर्ने छुट्टिन्छ भने छुट्टियोस्; यस्ता अवस्थामा भाइ वा बहिनी बन्धनमा छैन। तर परमेश्वरले हामीलाई मेलमिलापका निम्ति बोलाउनुभएको छ। १कोरिन्थी ७:१५

परमेश्वरको योजनामा पतिको भूमिका

केही पानाहरूमा पति र पत्नीको भूमिकालाई वर्णन गर्न असंभव रहेको छ जहाँ यस विषयमा सयौं पानाहरूका पूस्तकहरू लेखिएका छन्। यद्यपि, बाइबलिय सिद्धान्तहरू त्यति धेरै लामा वा बुझ्नका लागी कठिन भने छैनन्। आज्ञाकारी हुनको निम्ति छनोट गर्ने कार्यभन्दा बुझ्न खोज्ने कार्य त्यति जरूरी छैन।

पतिको लागी परमेश्वरद्वारा प्रदान गरिएका दायियत्वहरूलाई तल प्रस्तुत गरिएको छः

१ आफ्ना पत्नीलाई प्रेम गर्न परमेश्वरले निर्देशन दिनुभएको छ।

याद गर्नुहोस्, बाइलिय प्रेम भावनामा आधारित रहेको छैन। अरु मानिसको खाँचोलाई पूरा गर्नको लागी आज्ञाकारी भइ बलिदान स्वरुप आफूलाई दिनु नै बाइबलिय प्रेम हो। अवश्य नै हामीले भावनाहरूलाई महसुस गर्न सक्दछौं, तर यो बाइबलिय प्रेम को आधार भने होइन। यस अध्ययन निर्देश २५को पाठमा, बाइबलिय प्रेमलाई गहिराइमा समावेश गरिएको छ।

तलका पदहरू ध्यापूर्वक अध्ययन गर्नुहोस्। फेरी, हामी, पति हुनाले, जसरी ख्रीष्टले आफ्नो मण्डलीलाई प्रेम गर्नुभयो उसरी नै हामीले पनि आफ्नो पत्नीलाई प्रेम गर्ने निर्देशन हामीलाई दिइएको छ।

हे पतिहरूहो, आ-आफ्ना पत्नीलाई प्रेम गर, जसरी ख्रीष्टले पनि मण्डलीलाई प्रेम गर्नुभयो, र त्यसका निम्ति आफैलाई अर्पण गर्नुभयो – २६ त्यसलाई वचनद्वारा जलको स्नानले शुद्ध गरी पवित्र पार्नलाई, २७ र महिमित मण्डलीको रुपमा त्यसलाई आफ्नो सामु उपस्थित गराउनालाई, जसमा दाग वा चाउरी वा यस्तै अरु कुनै कुरा हुँदैनन्, तर त्यो पवित्र र निष्कलङ्क हुन्छ। २८ यसैकारण पतिहरूले आ-आफ्ना पत्नीलाई आफ्नै शरिरहरूलाई झैं प्रेम गर्नुपर्छ। जसले आफ्नी पत्नीलाई प्रेम गर्दछ, उसले आफैलाई प्रेम गर्दछ। एफिसी ५:२५-२८

येशूले हामी, मण्डलीलाई प्रेम गर्नुभयो, यति धेरै की उहाँ हाम्रो लागी कष्ट भोग्न र मारिन चाहनुभयो। मण्डलीतर्फको ख्रीष्टको प्रेम सकृय थियो, अझ पनि रहिरहेको छ। हाम्रा खाँचाहरू पूरा गर्नको निम्ति बलिदानपूर्ण, बिना शर्त उहाँले आफैलाई हाम्रो निम्ति दिनुभयो। उहँले हाम्रि निम्ति प्रबन्ध, शुरक्षा, र अगुवाई

गर्नुहुन्छ। हामी पतिहरू हौं र यसै गरी हामीले पनि आफ्नी पत्नीलाई प्रेम गर्नुपर्छ। हाम्री पत्नीहरूसँगको सम्बन्धको हरेक पक्षहरू यस किसिमको प्रेममा आधारित हुनुपर्छ।

येशूले आफ्ना मानिसहरू, जो मण्डली हुन्, तिनीहरूलाई पवित्र तुल्याउनको निम्ति मर्नुभयो। हामी, उहाँका मण्डली, शुद्ध, पवित्र, चम्किलो, दाग वा चाउरी बिना उहाँमा सुम्पिदँछौं। यसै गरी हामीले आफ्ना पत्नीहरूलाई प्रेम गर्नुपर्छ। हामीले उनलाई पनि शुद्ध, पवित्र, चम्किलो, दाग वा चाउरी बिना उहाँमा सुम्पिनु पर्दछ। ध्यान दिनुहोस् की हामीले पनि उनलाई चम्किलो पत्नीको रुपमा ख्रीष्टमा सुम्पनुपर्दछ। उनलाई खुशी, सन्तुष्ट, भरिपूर्ण, र चम्किलो राखिराख्नको लागी हामीले यस अधिकारमा अभ्यस्त हुनुपर्दछ।

यो प्रेमको उच्चतम् स्तर हो। यस पृथ्वीमा कुनै पनि पतिले यस किसिमको उच्चतम् स्तरलाई हासिल गर्न सक्दैन। यद्यपि, यस उच्चतम् स्तरप्रति सकृयताका साथ प्रतिवद्ध नहुनको लागी भने यसले बाहाना भने प्रदान गर्दैन। हामी, पति भएकाले, हामीले आफ्ना पत्नीतर्फ गर्ने प्रेममा जवाफदेयी हुदँछौं।

एक पत्नितर्फको पतिको दायित्वलाई यी पदहरूमा अझ उन्नत गरिएको छ। याद गर्नुहोस्, हामी समझदार हुन र उनलाई आदर दिन जरूरी रहेको छ।

यही प्रकारले हे पतिहरू हो, पत्नीलाई कमजोर पात्र सम्झी, साथै जीवनका अनुग्रहका साझा हकदारहरू सम्झी उनीहरूलाई आदर गर्दै बुद्धिमानीसाथ उनीहरूसँग बस; र तिमीहरूका प्रार्थनाहरू नरोकिएका होऊन्। १पत्रुस ३:७

यो एकदम सत्य छ की घर र विवाहको नेतृत्वको जिम्मेवारी परमेश्वरले पतिलाई दिनुभयो; यद्यपि, हामीले आफ्नी पत्नीलाई आदर गर्नुपर्छ र अनन्त जीवनको भागिदारी र विश्वासी जनको रुपमा उनलाई त्यसअनुसारले व्यवहार गर्नुपर्छ। यो अति गम्भिर आदेश हो। यदि बाइबलिय प्रेम अनुसारले हामीले आफ्नी पत्नीलाई प्रेम गर्दैनौं भने, हाम्रा सारा प्रार्थनाहरू अवरोध हुँदछन्। आनाज्ञाकारी आदर नदिने पतिको प्रार्थनालाई परमेश्वरले कुनै जवाफ दिने प्रतिज्ञा दिनुभएको छैन।

हे पतिहरूहो, आफ्नी-आफ्नी पत्नीलाई प्रेम गर, र उनीहरूप्रति तीता नबन। कलस्सी ३:१९

प्रेम भनेको कसैलाई कुल्चनु वा दबाउनु वा कडा अधिकारद्वारा डोर्याउनु होइन। प्रेम सम्बन्धमा बाइबलिय वर्णनलाई हरेक पतिले नियमित रुपमा अध्ययन गरिरहनुपर्छ र आफ्नी पत्नीलाई प्रेम गर्नको निम्ति यसको प्रयोग गर्नुपर्छ।

प्रेमले खुबै सहन्छ, र दयालु हुन्छ; प्रेमले डाहा गर्दैन, प्रेमले आफ्नो प्रशंसा गर्दैन, घमण्डले फुलिँदैन; रूखो व्यवहार गर्दैन, आफ्नै भलाइ खोज्दैन, झडङ्ग रिसाउँदैन, खराबीको हिसाब राख्दैन; अधर्ममा आनन्दित हुँदैन, तर सत्यमा आनन्दित हुन्छ; सबै कुरा सहन्छ, सबै कुरा विश्वास गर्छ, सबै कुराको आशा गर्छ, सबै कुरामा धीरज धर्छ। प्रेम कहिल्यै टल्दैन। तर चाहे भविष्यवाणीहरू होऊन्, ती बितेर जानेछन्; चाहे भाषाहरू होऊन्, ती बन्द हुनेछन्; चाहे ज्ञान होस्, त्यो बितेर जानेछ। १कोरिन्थी १३:४-८

२ पति घरको शिर हुनुपर्छ।

पत्नीहरू आफ्ना पतिमा समर्पित हुनुपर्छ र उनको अधिनतामा आफैलाई सुम्पनुपर्दछ। यो प्रष्ट बाइबलिय सत्यता हो र यसमा कुनै समान्तर राख्नुहुँदैन वा यसलाई इन्कार गर्नुहुँदैन।

हे पत्नीहरूहो, प्रभुको अधिनमा रहेझैँ आफूलाई आ-आफ्ना पतिको अधिनमा सुम्प; २३ किनकी पति पत्नीका शिर हुन्, जसरी ख्रीष्ट पनि मण्डलीका शिर हुनुहुन्छ; अनि उहाँ नै शरिरका मुक्तिदाता हुनुहुन्छ। एफिसी ५:२२-२३

तर तिमीहरूले यो कुरा जानेको म चाहन्छु – प्रत्येक पुरुषको शिर ख्रीष्ट हुनुहुन्छ, र स्त्रीको शिर पुरुष हो; अनि ख्रीष्टको शिर परमेश्वर हुनुहुन्छ। १कोरिन्थी ११:३

हामीले अघि पनि हेरिसकेका छौं, परमेश्वर क्रमका परमेश्वर हुनुहुन्छ र उहाँले पतिलाई घरको शिर बनाउनुभएको च। यो कुरा यस पदबाट पनि प्रष्ट भएको छ की ख्रीष्ट हरेक पुरुषको शिर हुनुहुन्छ, जसमा सारा पतिहरू पनि पर्दछन्। पतिको नेतृत्वले पत्नीलाई परमेश्वरले आफ्नो वचनमा प्रस्तुत गर्नुभएका सिद्धान्तहरूको विपरितमा अगुवाई गर्न भने दिँदैन। पतितर्फ पत्नीको समर्पणताले उनलाई परमेश्वरको वचनको प्रष्ट शिक्षालाई भङ्ग गर्नलाई वाध्य भने तुल्याउँदैन।

पतिको नेतृत्व जहिल्यै पनि बाइबलिय प्रेमा प्रतिवद्ध रहेको हुनुपर्दछ। घरमा नेतृत्वको स्थानमा रहदैँमा उनी विवेकहीन्, शासक, कुनै तरीकाले प्रेम नगर्ने हुन भने अधिकार प्रदान गर्दैन। पतिले घरमा प्रेम र करूणाको स्तरलाई निर्धारण गर्नुपर्छ। याद गर्नुहोस्, ख्रीष्टले हामीलाई, मण्डलीलाई प्रेम गर्नुभएझैँ गरी हामीले आ-आफ्नी पत्नीलाई प्रेम गर्नुपर्छ।

कुनै पनि जोडीका दुई व्यक्तिहरू एकनासको हुँदैनन्, र पतिको नेतृत्व एक जोडीदेखी अर्को जोडीमा फरक पर्दछ। यद्यपि, यो कुरा भने प्रष्ट छ की हरेक पति घरको शिर भने हुनु नै पर्दछ।

परमेश्वरको योजना अनुरुपको नेतृत्व गर्नको लागी, एक पतिले परिवारलाई सिकाउन र कुराकानी गर्नको लागी पर्याप्त समय दिनुपर्दछ। आफ्नो घरमा के भइरहेको छ भन्ने कुरामा उनी ज्ञात रहनुपर्दछ। एक गैरहाजिर पिता घरको असल अगुवा हुन निकै कठिन हुँदछ।

३ पति आफ्नो परिवारमा आत्मिकी अगुवा हुनुपर्दछ।

हे पतिहरूहो, आ-आफ्ना पत्नीलाई प्रेम गर, जसरी ख्रीष्टले पनि मण्डलीलाई प्रेम गर्नुभयो, र त्यसका निम्ति आफैलाई अर्पण गर्नुभयो – २६ त्यसलाई वचनद्वारा जलको स्नानले शुद्ध गरी पवित्र पार्नलाई, २७ र महिमित मण्डलीको रुपमा त्यसलाई आफ्नो सामु उपस्थित गराउनालाई, जसमा दाग वा चाउरी वा यस्तै अरु कुनै कुरा हुँदैनन्, तर त्यो पवित्र र निष्कलङ्क हुन्छ। २८ यसैकारण पतिहरूले आ-आफ्ना पत्नीलाई आफ्नै शरिरहरूलाई झैँ प्रेम गर्नुपर्छ। जसले आफ्नी पत्नीलाई प्रेम गर्दछ, उसले आफैलाई प्रेम गर्दछ। एफिसी ५:२५-२८

फेरी पनि याद गर्नुहोस् पत्नीतर्फको पतिको प्रेमले मण्डलीतर्फको ख्रीष्टको प्रेमलाई प्रतिबिम्बित गर्नुपर्दछ। पत्नीको निम्ति पतिको प्रेमले उनले आफूलाई सम्पूर्णरुपमा आफ्नी पत्नीको आत्मिकी परिपक्वतामा समर्पण गरेको कुरालाई समावेश गर्दछ। याद राख्नुहोस् हामीले आफ्नी पत्नीलाई शुद्ध, पवित्र, चम्किलो, दाग वा चाउरी बिना ख्रीष्टमा सुम्पिनु पर्दछ।

आफ्ना नानीहरू ईश्वरिय हुनका निम्ति तिनीहरूलाई सिकाउने र तालिम दिने जिम्मेवारी पतिलाई प्रदान गरिएको छ।

अनि हे बाबुहरूहो, आफ्ना छोराछोरीहरूलाई रिस नउठाओ; तर प्रभुको अनुशासन र चेताउनीमा तिनीहरूको पालन-पोषण गर। एफिसी ६:४

यहाँ, आफ्ना नानीहरूलाई ईश्वरिय नानीहरू बनाउनका निम्ति पिताहरूलाई प्रष्टसँग निर्देशन प्रदान गरिएको छ। यो कहिल्यै पनि सहज रहेको छैन र निश्चय नै यो हाम्रो समाजमा पनि सहज भने छैन; यद्यपि, पति त पिताका निम्ति यो प्रष्ट बाइबलिय जिम्मेवारी हो।

पति आफ्ना पत्नी र नानीहरूका लागी ईश्वरिय उदाहरण हुनुपर्दछ। याद गर्नुहोस्, हामीले बनिरहेको भन्दा हामीले जे गर्छौं त्यसद्वारा हामीले धेरै सिकाइरहेका हुन्छौं। यदि हामीले व्यक्तिगत रुपमा अभ्यास गर्दैनौं भने हामीले जे भन्छौं त्यसले त्यति फरक पार्दैन। तर यसको माने हामीले मौखिक रुपमा परिवारलाई सिकाउनुहुँदैन तर व्यवहारमा लागु गरेर मात्र सिकाउनुपर्छ भन्ने होइन। यी दुई तरीकाद्वारा नै गर्नको लागी परमेश्वरले हामीलाई प्रष्ट निर्देशन प्रदान गर्नुभएको छ।

पतिको जिम्मेवारी उत्तम छ। परमेश्वरद्वारा प्रदान गरिएको यस भूमिकालाई पूरा गर्नको लागी, सानो तरीकाद्वारा पनि, उनी परमेश्वरको आत्माद्वारा निरन्तर भरपूर भइरहनुपर्छ र उहाँबाट सामर्थ्य प्राप्त गरि नै रहनुपर्दछ। घरमा आत्मिकी अगुवा बन्नको लागी समझ, वुद्धि, सामर्थ्य, र उत्साह दिने पवित्रआत्माले नै हो।

४ पतिको आखिरी दायित्व भनेको आफ्नो परिवारको लागी प्रबन्ध गर्नु हो।

तर यदि कसैले आफ्नाहरूका निम्ति, र विशेष गरी आफ्नो परिवारको निम्ति प्रबन्ध गर्दैन भने उसले विश्वासलाई इन्कार गरेको छैन, र ऊ अविश्वासीभन्दा पनि खराब भएको छ। १तिमोथी ५:८

यसैकारण पतिहरूले आ-आफ्ना पत्नीलाई आफ्नै शरिरहरूलाई झैं प्रेम गर्नुपर्छ। जसले आफ्नी पत्नीलाई प्रेम गर्दछ, उसले आफैलाई प्रेम गर्दछ। २९ किनकी कुनै मानिसले कहिल्यै आफ्नो शरिरलाई घृणा गरेको छैन, तर त्यसलाई पालन-पोषण र स्याहार-सुसार गर्दछ, जसरी प्रभुले पनि मण्डलीलाई गर्नुहुन्छ; ३० किनकी हामी उहाँकै शरिरका, उहाँकै मासुका र उहाँकै हड्डीहरूका अङ्ग हौं। एफिसी ५:२८-३०

पतिले आफूलाई हेरचाह गरेझैं आफ्नी पत्नीलाई पनि हेरचाह गर्नुपर्छ। जसरी पतिले आफ्नो खाँचाहरू पूरा गर्दछ, उसले आफ्ना पत्नी र नानीहरूका खाँचाहरूलाई पनि पूरा गर्नुहुन्छ।

तरै पनि तिमीहरूमध्ये हर एकले आफ्नी पत्नीलाई आफैलाई झैं प्रेम गरोस्; अनि पत्नीले आफ्ना पतिको डर मानोस्। एफिसी ५:३३

पति आफ्नो परिवारका लागी प्रबन्धक भएको परमेश्वर चाहनुहुन्छ। उनी हुन् जसले कारम गर्नुपर्छ र घर, खाना, कपडा, यतायात आदी आवश्यकताहरूलाई पूरा गर्नुपर्दछ। हाम्रो आधुनिक समाजमा, उच्च जीवन स्तर प्रदान गर्नको लागी पति र पत्नी दुवैले काम गर्दछन्। यद्यपि, परमेश्वरको योजनामा, प्रबन्ध गर्ने पति हुन् र पत्नी "घरको काममा" व्यस्त हुनुपर्दछ। यदि पतिले प्रबन्ध गर्ने दायित्व पूरा गर्ने र पत्नीले घरमा बसी पति, नानीहरू र घरलाई हेरचाह, प्रेम प्रदान गर्ने जिम्मेवारी पूरा गर्ने निम्न जीवन स्तरलाई छनोट गर्थे भने धेरै घरहरूको अवस्था राम्रो हुनेथ्यो।

परमेश्वरको योजनामा पत्नीको जिम्मेवारी

मानिस एक्लै रहन असल नभएको कुरा परमेश्वरलाई थाहा थियो। उहाँसँग सुन्दर योजना थियो।

अनि परमप्रभु परमेश्वरले भन्नुभयोः "आदम एक्लो रहनु असल होइन; तिनका निम्ति म तिनीसंग मेल खाने एउटा सहयोगी बनाउनेछु"। उत्पत्ती २:१८

जसले पत्नी पाउँछ, उसले असल कुरा पाउँछ, र परमप्रभुबाट कृपा प्राप्त गर्छ। हितोपदेश १८:२२

मेरा प्रभु र मेरो मुक्ति र शायद मेरा अभिभावकहरू वाहेक, मेरी पत्नी मेरो जीवनको सबैभन्दा महान् आशिष हुनुभएको छ। करिब ५० वर्ष अघि हामी मण्डलीको यूवा समूहमा हुँदा हामीले भेटघाट गर्न शुरु गरेका हौं। एकदिन जब उहाँ १६ वर्षको हुनुहुन्थ्यो, अर्को हप्ताको आइतबार मेरो नजिक उहाँ बस्न सक्नुहुन्छ भनि मैले उहाँलाई सोधें। उहाँले सहमति जनाउनुभयो, र त्यसदिनदेखी उसो हामी साथ बसिरहेका छौं। उहाँ लगातार मेरो सहयात्री र साथी बनिरहनुभएको छ। मेरो गम्भिर बिरामीहरूमा, अरु कठिन समयहरूमा, र असल समयहरूमा पनि उहाँ मेरो साथमा हुनुहुन्छ। परमेश्वरद्वारा मलाई प्रदान गरिएको सेवकाईमा निरन्तर लागिरहनका लागी उहाँले मलाई प्रोत्साहन दिँदै आइरहनुभएको छ, ती समयहरूमा पनि जहाँ फलको आशा थिएन र म निरूत्साहित हुने गर्थे र असफल महसुस गर्थे। परमेश्वरद्वारा मलाई दिइएका सेवकाईहरूमा उहाँ पनि प्रमुख भागिदारी भएरहनुभएको छ। उहाँ हाम्रा चार नानीहरूको पूर्ण-समय कारिन्दा हुनुहुन्थ्यो, जसले उहाँलाई अझैपनि प्रेम गर्दछन् र उनीहरू पनि सकृय रुपमा प्रभुको सेवा गरिरहेका छन्। उहाँ मेरो साथी, सहयात्री, प्रोत्साहक, उदाहरण, सेवकाईमा साझेदार, र मेरो प्रेमीका भइरहनुभएको छ। उहाँ मेरी पत्नी हुनुहुन्छ। उहाँबिना, म धेरै पटक असफल हुने थिएँ।

ईश्वरिय पत्नीको महत्वलाई बढाइ गर्न कठिन छ। परमेश्वरले यस नजिकैको प्रेमिलो सम्बन्धमा प्रबन्ध गरिदिनुभयो, र जब जोडी परमेश्वरद्वारा प्रदान गरिएको विवाहको निर्देशनमा समर्पित हुँदछन्, यो मानविय सम्बन्धमध्येको सबैभन्दा उत्तम र धेरै उपयोगी सम्बन्ध हो।

एक पत्नीको निम्ति परमेश्वरद्वारा प्रदान गरिएका दायित्वहरू धेरै छन्।

१ पत्नी एक ईश्वरिय पत्नी हुनुपर्दछ।

मनोहरता धोकापूर्ण हुन्छ, र सुन्दरता व्यर्थ छ; तर जुन स्त्रीले परमप्रभुको भय मान्छे, उसैको प्रशंसा हुनेछ। हितोपदेश ३१:३०

यही प्रकारले उनीहरूका पत्नीहरू पनि गम्भिर हुनुपर्छ; बदनामी नगर्ने, सतर्क, सबै कुरामा विश्वासयोग्य हुनुपर्छ। १तिमोथी ३:११

यही प्रकारले बूढी स्त्रीहरूको चालचलन पवित्रतालाई सुहाउँदो होस् – न झूटा दोष लगाउने, न पियक्कड, तर असल-असल कुराहरू सिकाउने। तिनीहरूले तरूणी स्त्रीहरूलाई सचेत हुन, आफ्ना-आफ्ना पतिलाई प्रेम गर्न, आफ्ना नानीहरूलाई माया गर्न सिकाऊन्, आत्मसंयमी, पतिव्रता, घर सम्हाल्ने, भला, आफ्ना-आफ्ना पतिका आज्ञाकारी हुन सिकाऊन्; कि परमेश्वरको वचनको निन्दा नहोस्। तीतस २:३-५

पत्नीहरू, पतिहरू समेत गरी, ईश्वरिय व्यक्तिहरू हुनुपर्दछ। तिनीहरू कुकर्ममा लाग्ने, स्वचालित, होइन तर आदर गर्ने, शुद्ध, र दयालु हुनुपर्छ। तिनीहरू इखालु वक्ताहरू होइन तर आदरको योग्य र विश्वायोग्य हुनुपर्छ। यसले परमेश्वरलाई महिमित तुल्याउँदछ, जब पति र पत्नी दुवै नै ईश्वरिय हुनाको लागी प्रतिवद्ध हुँदछन् तब यो संसारको लागी ठूलो साक्षी हुँदछ। यद्यपि, जब पति प्रभुसँग हिँडिरहेको छैन, यस्तो मामला प्रायमात्र हुन आउँदछ, र पत्नीचाँही अजै पनि ईश्वरिय स्त्री नै रहिरहन्छिन् भने उनको विश्वासयोग्यताको लागी परमेश्वरले उनलाई प्रशस्त आशिष प्रदान गर्नुहुदँछ।

यो अति नै उच्च वोलावट हो। मानविय स्तरमा यो असंभव छ। तथापि, एक स्त्री जो आत्माले भरिपूर्ण जीवन जिदँछिन् उनले परमेश्वरद्वारा प्रदान गरिएको ईश्रिय स्त्री बन्ने निर्देशनलाई पूरा गर्न सक्छिन्।

२ पत्नीले आफ्ना पति र नानीहरूलाई प्रेम गर्नुपर्छ।

तिनीहरूले तरूणी स्त्रीहरूलाई सचेत हुन, आफ्ना-आफ्ना पतिलाई प्रेम गर्न, आफ्ना नानीहरूलाई माया गर्न सिकाऊन्, तीतस २:४

आफ्नो पतिलाई प्रेम गर्न एक पत्नीलाई सिकाउनु अनौठो लाग्न सक्छ। सत्यता यो हो की हामीमध्ये धेरै पतिहरूलाई प्रेम गर्न त्यति सहज छैन। हामीलाई प्रेम गर्नको लागी पत्नीहरूलाई प्रोत्साहन र आनुशासनको जरूरी छ।

फेरी, बाइबलिय प्रेम भावनाहरूमा आधारित छैन भनि हामीले आफैलाई सम्झना गराउनु आवश्यक छ। अरु मानिसको खाँचोलाई पूरा गर्नको लागी आज्ञाकारी भइ बलिदान स्वरुप आफूलाई दिनु नै बाइबलिय प्रेम हो। अवश्य नै हामीले भावनाहरूलाई महसुस गर्न सक्दछौं, तर यो बाइबलिय प्रेम को आधार भने होइन। बाइबलिय प्रेम प्रतिवद्धता हो, भावना होइन। व्यक्तिगत रुपमा म खुशी छु की मेरी पत्नीले मलाई भावनात्मक रुपमा पनि प्रेम गर्नुहुन्छ तर उहाँको प्रेम प्रभु र उहाँको वचनमा आधारित रहेको छ, र फलस्वरुप, मतर्फको उहाँको प्रेम करिब ५० वर्षसम्म स्थायी रहिरहेको छ।

३ पत्नीहरूले आफूलाई आ-आफ्ना पतिहरूमा समर्पण गर्नुपर्छ।

तर तिमीहरूले यो कुरा जानेको म चाहन्छु – प्रत्येक पुरुषको शिर ख्रीष्ट हुनुहुन्छ, र स्त्रीको शिर पुरुष हो; अनि ख्रीष्टको शिर परमेश्वर हुनुहुन्छ। १कोरिन्थी ११:३

हामीले धेरै पटक हेरिसकेका छौं, परमेश्वर क्रमको परमेश्वर हुनुहुन्छ, र उहाँको त्रिएकतामा पनि क्रम रहेको छ। येशूले आफूलाई पिताको इच्छामा सुम्पनुहुन्छ र पवित्रआत्माले मानिसहरूलाई ख्रीष्टमा डोर्याउनुहुन्छ। यो क्रम – पिता परमेश्वर, पुत्र परमेश्वर, र पवित्रआत्मा परमेश्वर – दाम, मूल्य, योग्यता वा महत्वको संकेत होइन। त्रिएकतामा क्रम रहेजस्तै, मानविय परिवारमा पनि परमेश्वरले क्रमको स्थापना गरिदिनुभएको छ।

मानविय परिवार पुरुषको शिर ख्रीष्टबाट शुरु हुन्छ, र उसकी पत्नी आफ्नो पतिमा समर्पित हुन्छे। अनि हामीले पनि देख्न सक्दछौं , नानीहरूले आफ्ना बाबु र आमा दुवैमा समर्पित हुनुपर्दछ।

परमेश्वरको क्रमको योजनामा, पतिको नेतृत्वमा पत्नी समर्पित हुनुपर्छ भनि तलका पदहरूले प्रष्ट पार्दछ।

हे पत्नीहरूहो, प्रभुको अधिनमा रहेझैँ आफूलाई आ-आफ्ना पतिको अधिनमा सुम्प; किनकी पति पत्नीका शिर हुन्, जसरी ख्रीष्ट पनि मण्डलीका शिर हुनुहुन्छ; अनि उहाँ नै शरिरका मुक्तिदाता हुनुहुन्छ। यसकारण जसरी मण्डली ख्रीष्टको अधिनमा छ, उसरी नै पत्नीहरू पनि हरेक कुरामा आ-आफ्ना पतिका अधिनमा रहून्। एफिसी ५:२२-२४

पत्नी आफ्नो पतिमा समर्पित हुनुपर्छ भनि परमेश्वरले प्रदान गर्नुभएको निर्देशनलाई यसले प्रष्ट पार्दछ।

हे पत्नीहरूहो, तिमीहरू आफूलाई आफ्ना-आफ्ना पतिको अधिनतामा सुम्प; किनकी प्रभुमा यो उचित छ। कलस्सी ३:१८

तर म स्त्रीलाई शिक्षा दिने अनुमति दिन्नँ, न ता पुरुषमाथि अधिकार जमाउने अनुमति नै दिन्छु; तर ऊ चुपचाप रहोस्। १तिमोथी २:१२

जब एक पत्नी विश्वासी छ र उनको पति अविश्वासी छ भने, आफ्नो पतिको अधिनमा रहनको लागी परमेश्वरले उसलाई निर्देशन दिनुहुन्छ। उनको जीवनको समर्पणता, शुद्धता र श्रद्धाले उनको पतिलाई विश्वासी हुनको लागी प्रभाव पार्न सक्दछ। भद्र र शान्त आत्माको भित्रि सुन्दरता परमेश्वरको दृष्टिमा मूल्यवान् हुन्छ र उहाँले त्यस किसिमको आज्ञाकारितालाई आशिष दिनुहुन्छ।

यही प्रकारले हे पत्नीहरूहो, तिमीहरू आफ्ना-आफ्ना पतिका अधिनमा बस; २ र कसै-कसैले वचन पालन गर्दैनन् भने पनि पत्नीहरूको चालचलनद्वारा अर्थात् तिमीहरूको डरसहितको पवित्र चालचलन देखेर उनीहरू बिनावचन नै जितिएका होऊन्। ३ तिमीहरूको सिंगार केश बाट्ने र सुनको गहना लाउने वा परीपरीका वस्त्र पहिरने बाहिरी सिंगार नहोस्; ४ तर नम्र र शान्त आत्माको अविनाशी सिंगारले सिंगारिएको हृदयको भित्री मानिस होस्, जसको मूल्य परमेश्वरको दृष्टिमा धेरै छ। ५ किनकी पुरानो समयमा परमेश्वरमाथि भरोसा राख्ने पवित्र स्त्रीहरूले पनि आ-आफ्नै पतिको अधिनतामा बसेर यही प्रकारले आ-आफूलाई सिंगार्थे; १पत्रुस ३:१-५

नम्र र शान्त आत्मा हुनु भनेको कमजोर र डरपोक हुनु होइन। धेरै आँट र बल भएका पत्नीहरू पनि नम्र र शान्त रहन सक्दछन्। हितोपदेश ३१ अध्यायमा हामीले हेरेको स्त्री पनि निश्च्य नै बलियो, लक्ष्ययुक्त, र व्यवहारमा सफल नारी थिइन्, तर सरवप्रथम उनी सफल पत्नी र आमा थिइन्।

पतिमा समर्पण हुदैँमा ईश्वरिय जीवन जिउनका निम्ति परमेश्वरको वचनमा प्रदान गरिएको परमेश्वरबाटको निर्देशनलाई यसले उछिन्दैन। यदि बाइबलिय निर्देशन वा सिद्धान्तको विरुद्धमा कुनै पतिले आफ्नी पत्नीलाई कार्य गर्न लगाउँदछ वा उलघंन गराउँदछ भने, परमेश्वरलाई आदर गर्नको निम्ति त्यस पत्नीले परमेश्वरद्वारा प्रदान गरिएको निर्देशनमा आज्ञाकारी हुनुपर्दछ। पतिमा समर्पित हुने भन्दैमा पत्नीले आफूलाई पापमा सुम्पनु हुँदैन।

४ पत्नीले आफ्ना पतिलाई आदर गर्नुपर्छ।

तरै पनि तिमीहरूमध्ये हर एकले आफ्नी पत्नीलाई आफैलाई झैँ प्रेम गरोस्; अनि पत्नीले आफ्ना पतिको डर मानोस्। एफिसी ५:३३

पतिलाई पत्नीबाटको आदर चाहिन्छ। वैवाहिक जीवनमा पत्नीले आफ्ना पतिलाई व्यक्तिगत रुपमा वा अरुको अघि तल झार्नुहुँदैन। ऊ आदरको "योग्य" नभए तापनि, पत्नीले आदर गर्नु नै पर्दछ। यस प्रकारको आज्ञाकारितालाई परमेश्वरले इनाम दिनुहुन्छ र पति आफ्नो पत्नीबाट वृद्धि हुन सक्दछ।

गुणवती स्त्री आफ्ना पतिको मुकुट हो; तर जसले लाजमा पार्छे, त्यो पतिका हड्डीहरूमा सडावटजस्तो हो। हितोपदेश १२:४

झगडालु स्वास्नीसँग फराकिलो घरमा एकसाथ बस्नुभन्दा कौसीको एउटा कुनामा बस्नु उत्तम हो। हितोपदेश २५:२४

५ पत्नीहरू घरमा व्यस्त हुनुपर्दछ।

यही प्रकारले बूढी स्त्रीहरूको चालचलन पवित्रतालाई सुहाउँदो होस् – न झूटा दोष लगाउने, न पियक्कड, तर असल-असल कुराहरू सिकाउने। तिनीहरूले तरूणी स्त्रीहरूलाई सचेत हुन, आफ्ना-आफ्ना पतिलाई प्रेम गर्न, आफ्ना नानीहरूलाई माया गर्न सिकाऊन्, आत्मसंयमी, पतिव्रता, घर सम्हाल्ने, भला, आफ्ना-आफ्ना पतिका आज्ञाकारी हुन सिकाऊन्; कि परमेश्वरको वचनको निन्दा नहोस्। तीतस २:३-५

आजको हाम्रो समाजमा, पतिमा समर्पण हुनुपर्छ वा स्त्रीहरू घरमा नै व्यस्त हुनुपर्छ भन्ने कुरा ख्रीष्टियन समुहमा वा अख्रीष्टियन समुहमा सिकाउनु प्रख्यात विषय रहेको छैन। यद्यपि, पति घरको शिर हुनुपर्छ र पत्नीहरू नानीहरू र घरको हेरचाह गर्दै यसैमा व्यस्त हुनुपर्छ भन्ने कुरा अझै पनि परमेश्वरको योजना नै हो।

फेरी पनि, आफ्ना प्राथमिकताको बारेमा सबै ख्रीष्टियन घरहरूले प्रमुख निर्णय लिनुपर्छ। के हामी परमेश्वरको तरीकाद्वारा गर्न प्रतिवद्ध छौं या समाजको तरीकाद्वारा? यदि निम्न स्तरको जीवनयापन गर्ने हो भने र काम गर्ने पत्नीकोको लाभमा "आनन्द" मनाउनुको साटो परमेश्वरको तरीका अनुसार गर्ने हो भने धेरै ख्रीष्टियन घरहरू अझ राम्रो अवस्थामा हुनेछन्। घरमा शिक्षा दिन र नानीहरूको रेखदेख गर्न र घरलाई प्रगतिशिल पार्न घरमा पत्नी रहनुको फाइदा यो हो की यो अनन्ततासम्म रहिरहनेछ। अतिरिक्त कमाइको लाभ क्षणिक हुँदछ। जब हामीले परमेश्वर र उहाँको राज्यको खोजी गर्दछौं, हाम्रा सारा खाँचाहरू पूरा गर्ने प्रतिज्ञा परमेश्वरले हामीलाई प्रदान गरिदिनुभएको छ।

यसकारण 'हामी के खाऔंला? हामी के पिऔलां? वा हामी के पहिरौंला?' भन्दै तिमीहरू फिक्री नगर। किनकी अन्यजातिहरू यी सबै थोकहरूको खोज गर्दछन्; किनकी तिमीहरूलाई यी सबै थोकहरूको खाँचो छ भनि तिमीहरूका स्वर्गीय पिताले जान्नुहुन्छ। तर पहिले परमेश्वरको राज्य र उहाँको धार्मिकताको खोजी गर, र यी सबै थोकहरू तिमीहरूलाई थपिनेछन्। यसकारण भोलीका निम्ति फिक्री नगर, किनकी भोलीको दिनले आफ्नै थोकहरूका निम्ति फिक्री गर्नेछ। आजको खराबी आजका निम्ति प्रशस्त छ। मत्ती ६:३१-३४

जब हामीले परमेश्वरको योजना र कार्यक्रमको अघि भौतिक कुराहरूलाई राखेर त्यसमा चाहना राख्दछौं भने, परमेश्वर र उहाँको वचनप्रति हामीले विश्वासको आधारभूत कमिलाई प्रकट गरिरहेका छौं। परमेश्वरले प्रबन्ध गरिदिनेछु बनि प्रतिज्ञा गर्नुभएको कुरालाई प्राप्त गर्नको लागी पत्नीहरूले काम गर्न जरूरी छैन।

पत्नीहरू ईश्वरिय स्त्री हुन जरूरी छ। यो सारा स्त्रीहरूमा लागु हुँदछ, "घरमा बस्ने" आमाहरूमा पनि। घरमा बस्नाले स्त्रीहरूलाई स्वतः ईश्वरिय स्त्री भने बनाउँदैन। "घरमा बस्ने" आमाहरूमा पनि काम गर्ने आमाहरू जत्तिकै परीक्षाहरू रहेका छन्।

६ पत्नीहरूले नानीहरूलाई सिकाउनुपर्छ।

हे मेरा छोरा, आफ्ना बाबुको शिक्षा ध्यानसित सुन, र आफ्नी आमाको अर्तीलाई नत्याग; हितोपदेश १:८

हे मेरा छोरा, तिम्रा बाबुको आज्ञा पालन गर, र तिम्री आमाको अर्तीलाई नत्याग; हितोपदेश ६:२०

बुद्धिमानीसाथ उसले आफ्नो मुख खोल्छे; अनि उसको जिब्रोमा दयाको व्यवस्था पाइन्छ। हितोपदेश ३१:२६

परमेश्वरले पतिलाई समग्र रुपमा घरको नेतृत्व दिनुभएकोमा, नानीहरूलाई आत्मिकी तालिम दिने कार्य पनि समावेश हुँदछ, नानीहरूलाई सिकाउने कुरामा आमाहरूको पनि मुख्य भूमिका रहेको हुन्छ। ईश्वरिय आमाहरूले प्रभुका निम्ति संसारमा प्रभाव पार्दछन्। प्रभु येशू ख्रीष्टलाई जान्न र उहाँसँग हिँड्नको निम्ति आफ्ना नानीहरूलाई शिक्षा दिनलाई परमेश्वरबाट हुने वोलावटजस्तो उच्च वोलावट अरु कुनै छैन।

७ बूढी स्त्रीहरूले तरूणी स्त्रीहरूलाई सिकाउनुपर्दछ।

केही मात्रामा मात्र ईश्वरिय मानिसहरू रहनुको एक कारण यो हो की त्यहाँ शिक्षक र आदर्श भूमिका निभाउने ख्रीष्टियनहरू केही मात्र छन्। बूढी स्त्रीहरूले तरूणी स्त्रीहरूलाई शिक्षा दिइकन र आदर्श भूमिका निभाइन

उनीहरूका धेरै प्रभाव पार्न सक्दछन्। महान् हुनको निम्ति यस किसिमको विचार संसारिक विचार होइन तर यो त परमेश्वरको योजना हो, र उहाँलाई पछ्याउनेहरूलाई परमेश्वरले प्रशस्त इनाम प्रदान गर्नुहुनेछ।

यही प्रकारले बूढी स्त्रीहरूको चालचलन पवित्रतालाई सुहाउँदो होस् – न झूटा दोष लगाउने, न पियक्कड, तर असल-असल कुराहरू सिकाउने। तिनीहरूले तरूणी स्त्रीहरूलाई सचेत हुन, आफ्ना-आफ्ना पतिलाई प्रेम गर्न, आफ्ना नानीहरूलाई माया गर्न सिकाऊन्, आत्मसंयमी, पतिव्रता, घर सम्हाल्ने, भला, आफ्ना-आफ्ना पतिका आज्ञाकारी हुन सिकाऊन्; कि परमेश्वरको वचनको निन्दा नहोस्। तीतस २:३-५

हितोपदेश ३१की स्त्री

हितोपदेश ३१:१०-३१मा, ईश्वरिय स्त्रीको बारेमा बयान गरिएको छ जो एक श्रेष्ठ पत्नी र आमा हुन्। यथार्थमा, यिनी यति सिद्ध छिन् की केही मानिसहरू निरुत्साहित हुन्छन् कारण यस स्तरको सिद्धतामा पुग्नसकिदैँन भनि तिनीहरू महसुस गर्दछन्। शायद तिनीहरू सही छन्, तर यस विशेष स्त्रीबाट हामीले सिक्न भने सक्दछौं।

उनी आफ्नो परिवारको लागी ठूलो आशिष भएकी छिन् र तिनीहरूका लागी प्रबन्ध गर्न र हेरचाह गर्न उनी सबै व्यस्त भइरहन्छिन्। आज, हाम्रो रीतिअनुसार तिनले आफ्नो योग्यतालाई खेर जान दिइन् र तिनले व्यापार-व्यवसायमा लागेको भए हुन्थ्यो भनिन्थ्यो। यस स्त्रीले आफ्नो परिवारमा ध्यान केन्द्रित गरे तापनि र परिवारको खाँचाहरूमा आफूलाई समर्पित गरे तापनि, तिनी पेन्सी भने अवश्य होइनन्। तिनी धेरै प्रतिभा भएकी योग्य स्त्री हुन् जसले विशिष्ट पत्नी र आमाको हुनको निम्ति यसको प्रयोग गरकी छिन्। निस्वार्थरुपमा तिनले आफूलाई परिवारको निम्ति समर्पित गरिन् र अनन्तताको मूल्य र इनामतर्फ तिनी केन्द्रित भइन्। परमेश्वरद्वारा निर्देशन गरबमिजिम आफ्ना परिवारमा समर्पित भएकी हुनाले, सदाको लागी, यस पत्नीले आशिष र इनामहरूमा आनन्द मनाउनेछिन्।

गुणवती स्त्री कसले पाउन सक्छ र? किनकी उसको मूल्य ता लालमणिहरूभन्दा पनि धेरै बढी हुन्छ। उसको पतिले निर्धक्क भएर उसमाथि भरोसा राख्छन्; यसले गर्दा उनलाई लाभको घटी हुँदैन। हितोपदेश ३१:१०-११

रात नबितीकनै ऊ उठ्छे पनि, र आफ्नो घरानालाई भोजन दिन्छे, र आफ्ना दासीहरूलाई काम बाँडिदिन्छे। उसले जमिनको विषयमा सोच्छे, र त्यो किन्छे; आफ्ना हातको कमाइले उसले दाखबारी लगाउँछे। उसले आफ्नो कम्मर बलले कस्छे, र आफ्ना पाखुरा बलियो पार्छे। आफ्नो कमाइ राम्रो छ भनि उसले थाह गर्छे; राती उसको बत्ती निभ्दैन। उसले चर्खामा आफ्ना हात लगाउँछे, र आफ्ना हातले कतुवा समाउँछे। उसले गरिबको निम्ति आफ्नो मुठ्ठी खोल्छे; अँ, खाँचोमा परेकोकहाँ आफ्ना हात बढाउँछे। हितोपदेश ३१:१५-२०

बुद्धिमानीसाथ उसले आफ्नो मुख खोल्छे; अनि उसको जिब्रोमा दयाको व्यवस्था पाइन्छ। हितोपदेश ३१:२६

मनोहरता धोकापूर्ण हुन्छ, र सुन्दरता व्यर्थ छ; तर जुन स्त्रीले परमप्रभुको भय मान्छे, उसैको प्रशंसा हुनेछ। हितोपदेश ३१:३०

पारपाचुकेको (डाइभोर्स) सवालमा के त?

तर सृष्टिको शुरुदेखी नै परमेश्वरले तिनीहरूलाई नर र नारी बनाउनुभयो। 'यही कारणले गर्दा मानिसले आफ्ना बाबु र आमालाई छोड्नेछ र आफ्नी स्वास्नीसित मिलिरहनेछ; अनि ती दुई एउटै शरिर हुनेछन्; यसैकारण

तिनीहरू अबउसो दुई होइनन्, तर एउटै शरिर हुन्। यसकारण जसलाई परमेश्वरले एकसाथ जोड्नुभएको छ, त्यसलाई मानिसले अलग नपारोस्"। मर्कुस १०:६-९

परमेश्वरले हामीलाई प्रष्टसँग बताउनुभएको छ की विवाह तबसम्म रहिरहनुपर्छ जबसम्म दुवै सहयात्रीहरू जीवितै रहन्छन्।

जबसम्म उसको पति जीवित रहन्छ, तबसम्म पत्नी व्यवस्थाद्वारा बाँधिएकी हुन्छे; तर उसको पति मरिगयो भने जससँग चाहन्छे, त्यसैसँग विवाह गरिनालाई ऊ स्वतन्त्र हुन्छे; तर प्रभुमा मात्र। १कोरिन्थी ७:३९

किनकी परमप्रभु इस्राएलको परमेश्वर भन्नुहुन्छः उहाँ पत्नीत्यागलाई घृणा गर्नुहुन्छकिनकी यस्तो मानिसले ; सेना ,आफ्नो वस्त्रले अत्याचारलाई ढाक्दछहरूको परमप्रभु भन्नुहुन्छयसैकारण आफ्नो आत्माको विषयमा ; कि तिमी ,होशियार होओहरू!ले विश्वासघात नगर मलाकी २:१६

अनि उहाँले तिनीहरूलाई भन्नुभयोः "जसले आफ्नी स्वास्नीलाई त्याग्दछ र अर्कीलाई विवाह गर्दछ, त्यसले उसको विरोधमा व्यभिचार गर्दछ। अनि स्त्रीले आफ्ना लोग्नेलाई त्यागेर अर्कोसँग विवाहित भई भने त्यसले व्यभिचार गर्दछे"। मर्कुस १०:११-१२

यहाँ भएको प्रष्ट शिक्षालाई संसार र धेरै ख्रीष्टियन समुहहरूले बे-वास्ता गरेका छन्। दुवै सहयात्रीहरू जीवित रहेसम्म विवाह रहिरहोस् भन्ने इच्छा परमेश्वर गर्नुहुन्छ। पारपाचुकेद्वारा तिनीहरूले यसलाई तोड्न मिल्दैन। यस शिक्षालाई बे-वास्ता गर्दै बाइबलिय आधार बिना नै पारपाचुके दिने र अर्को विवाह गर्ने कार्य, पाप हो। यो आनाज्ञाकारिता र विद्रोह हो। परमेश्वरले तिनीहरूका लैङ्गिक मेललाई व्यभिचार भनि परिचित गराउनुभएको छ।

याद गर्नुहोस्, यदि पति र पत्नी दुवैले बाइबलिय निर्देशनमा आफैलाई प्रतिवद्ध गराउँछन् भने, तिनीहरूको विवाह असल हुँदछ।

परमेश्वरले दुई परिस्थितिमा पारपाचुकेलाई अनुमति दिनुहुन्छ, तर यी दुवै परिस्थितिमा संभव भएसम्म विवाहलाई जोगाउनु भनि बताइएको छ। पारपाचुकेको पहिलो बाइबलिय कारण हो, जब जोडीमध्ये एकले व्यभिचार गर्दछ।

अनि म तिमीहरूलाई भन्दछु, जसले व्यभिचार बाहेक अरु कारणले आफ्नी स्वास्नीलाई त्याग्ला र अर्कीलाई विवाह गर्ला, त्यसले व्यभिचार गर्दछ; अनि जसले त्यो त्यागिएकीलाई विवाह गर्दछ, त्यसले पनि व्यभिचार गर्दछ"। मत्ती १९:९

यसो पनि भनिएको छ, 'जसले आफ्नी स्वास्नीलाई त्याग्ला, त्यसले उसलाई उसलाई एउटा त्यागपत्र देओस्। ३२ तर म तिमीहरूलाई भन्दछु, जसले व्यभिचारबाहेक अरु कुनै कारणले आफ्नो स्वास्नीलाई त्याग्ला, त्यसले उसलाई व्यभिचार गर्न लगाउँछ; अनि जसले त्यागिएकीलाई विवाह गर्ला, त्यसले व्यभिचार गर्छ। मत्ती ५:३१-३२

पारपाचुकेको लागी परमेश्वरद्वारा अनुमति मिलेको दोश्रो कारण हो जब जोडीमध्येको एक विश्वासी हुँदछ र अर्कोले त्याग्ने छनोट गर्दछ; तब उद्धार गरिएकोले अर्कोलाई जान अनुमति दिनुपर्दछ।

तर बाँकी रहेकाहरूलाई प्रभु होइन, म भन्दछु – यदि कुनै भाइकी अविश्वासी पत्नी छ, र त्यो ऊसित रहन राजी हुन्छे भने उसले त्यसलाई नत्यागोस्। अनि कुनै स्त्रीको अविश्वासी पति छ, र त्यो ऊसित रहन राजी छ भने

उसले त्यसलाई नछोडोस्। किनकी विश्वास नगर्ने पति पत्नीद्वारा पवित्र हुन्छ, र विश्वास नगर्ने पत्नी पतिद्वारा पवित्र हुन्छे; नत्रभने तिमीहरूका छोराछोरीहरू अशुद्ध हुन्थे, तर अब उनीहरू पवित्र छन्। तर विश्वास नगर्ने छुट्टिन्छ भने छुट्टियोस्; यस्ता अवस्थामा भाइ वा बहिनी बन्धनमा छैन। तर परमेश्वरले हामीलाई मेलमिलापका निम्ति बोलाउनुभएको छ। १कोरिन्थी ७:१२-१५

लैङ्गिक मेल हुनु भनेको अबाइबलिय पुनर्विवाह हो जसलाई व्यभिचार भनि परिचित गराइएको छ, तब ती ख्रीष्टियनहरू जसले यस बाइबलिय निर्देशनलाई तोडेका छन् तिनीहरूले कसरी परमेश्वरसँगको हिँडालाईलाई पुनर्प्राप्ति गर्दछन् त? के तिनीहरूले पारपाचुके दिएर फेरी पूरानै विवाहमा फर्कनुपर्ने हो? के तिनीहरू नयाँ विवाहमा हुने लैङ्गिक मेलबाट जोगिनुपर्छ? के तिनीहरूका सबै लैङ्गिक सम्बन्ध अब पापपूर्ण भएको छ?

त्यहाँ केही प्रश्नहरू छन् जसको सिधा जवाफ बाइबललमा दिइएको छैन। यद्यपि, तिनीहरूको विवाह भइसकेपछि, फेरी पारपाचुके दिएर वास्तविक सहयात्रीकोमा फर्कन सक्दैनन्। पहिलोजस्तै दोश्रो पारपाचुके पनि गलत नै हुन्छ।

परमेश्वरको वचनमा एउटा कुरा के प्रष्ट छ भने जब हामीले आफ्नो पापका लागी *साँचो* पश्चाताप गर्दछौं, परमेश्वरले हामीलाई क्षमादान दिनुहुन्छ। एक जोडीले साँचो रुपमा आफ्ना पापहरू जान्नुपर्छ र त्यसलाई मानिलिनुपर्छ, र आफ्नो विवाहद्वारा प्रभु येशू ख्रीष्टलाई महिमित तुल्याउन र उहाँको आदर गर्नको लागी प्रतोवद्धता जाहेर गर्नुपर्दछ। जब यसो हुन आउँछ, विगतका कुराहरू क्षमा गरिदँछ र तिनीहरूले भविष्यतर्फ हेर्न सक्दछन्। तिनीहरूले फैलाई र आफ्नो विवाहलाईप्रभु येशू ख्रीष्टमा समर्पित गर्न सक्छन् र आफ्नो जीवनको हरेक पक्षबाट उहाँलाई महिमित पार्न सक्दछन्, नयाँ विवाहमा भएको लैङ्गिक मेलद्वारा पनि।

यो पनि बताइनुपर्ने शब्दबाटको चेतावनी हो। तपाईले परमेश्वरलाई चलाकी गरेर फलस्वरुप असल नतिजाको आशा गर्न सक्नुहुन्न। केहीले यो गलत हो भनि थाहा गरिकन पनि, पारपाचुके दिए, र फैरी विवाह गरे किनभने परमेश्वरले क्षमा दिनुहुन्छ भनि तिनीहरूलाई थाहा थियो। यस किसिमले तपाईले परमेश्वरलाई चलाकी गर्न सक्नुहुन्न। तपाईले जानी-बुझेर पाप गरिकन असल परिणामको आशा गर्न सक्नुहुन्न। सरल रुपमा,यो हुन नै सक्दैन। "हामीले यस बारेमा प्रार्थना गर्यौं" भनेर केही मानिसहरूले आफ्ना कार्यलाई न्यायसंगत पनि पार्न खोज्दछन्। यो गहिराईदेखी नै कपटीपना हो। हामीले पाप गर्ने की नगर्ने भनेर प्रार्थना गर्नुपर्दैन। यो कहिल्यै पनि, परमेश्वरको इच्छा रहेको छैन की हामी उहाँमा अनाज्ञाकारी हौं र पाप गरौं। यस किसिमको परिस्थितिमा परमेश्वर आज्ञाकारिता चाहनुहुन्छ, प्रार्थना होइन।

अबाइबलिय पुनर्विवाहका लागी क्षमा प्रदान गरिइएका जोडीहरूले यो महसुस गर्नु आवश्यक छ की प्रभुमा तिनीहरूको सेवा निषेध गरिएको छ किनभने तिनीहरूले परमेश्वरको वचनमा अनाज्ञाकारी भइ ख्याति स्थापना गरेका छन्। पाष्टर वा एल्डर हुनको लागी केही प्रष्ट योग्यताहरू निर्धारण गरिएको छ। तिनीहरू आफ्ना जीवनका सबै क्षेत्रहरूमा निन्दा नगरिएको हुनुपर्दछ र मण्डलीभित्र र बाहिर तिनीहरूको प्रसिद्धि असल रहेको हुनुपर्दछ। यस किसिमको प्रसिद्धि पुनर्स्थापित हुनुअघि नै यसलाई विचारणीय समय चाहिदँछ।

विवाहमा केही अफ्ठ्यारा परिस्थितिहरू पनि आउँदछन्। जस्तै शारिरिक, मानसिक,वा शाब्दिक अपमान, त्याग, र धेरै प्रकारका कुलतहरू छन् जसले मूलभूतरुपमा विवाहलाई नष्ट गर्दछ। बाइबलले यसलाई पारपाचुके गर्नको निम्ति कारणहरू हुन् भनि बताइएको त छैन, तर के यी परिस्थितिहरूमा गरिएका पारपाचुके परमेश्वरको नजरमा स्वीकार्य छन्?

प्राय यी परिस्थितिहरू सिर्जना हुने समयहरूमा, त्यहाँ लैङ्गिक अनौतिकता पनि संलघंन हुँदछ। जब यो सत्य हुन आउँछ, तब पारपाचुकेको लागी वाइलिय जगहरू रहेका छन्। यद्यपि, जब त्यहाँ कुनै अनौतिकता संलघंन भएको हुँदैन, दुर्व्यवहार गरिएको संगी र नानीहरूको शुरक्षाको निम्ति कानुनीरुपमा त्याग गर्ने कदमको भने संभव रहेको हुन्छ। यदि दोषी संगीमा प्रष्टसँग निरन्तर रुपमा परिवर्तन भइरहेको छ भने मिलाप गर्न सकिन्छ। यद्यपि, आफूलाई र नानीहरूलाई दुर्व्यवहारको पारिस्थितिमा लानबाट बचाउनको लागी त्याग भने करिब लामो समयसम्म भएको हुनुपर्दछ। हामी सबैलाई थाहा छ की परिवर्तन गरिएको वा सुधार गरिएको भनिने परिवर्तनहरू साँचो र रहिरहने भने हुँदैनन्। परमेश्वरले पत्नी (वा पतिलाई), वा नानीहरूलाई पति वा पिताद्वारा शारिरिक वा मानसिक रुपमा दबाइएको परमेश्वर चाहनुहुन्न।

विवाह असफल हुनुको कारणहरू

मानवजातिको लागी विवाह र परिवारको महत्व निम्ति परमेश्वरबाटको योजनाको कारणले गर्दा, शैतानले तिनीहरूलाई दुष्टतापूर्वक आक्रमण र नष्ट गर्न चाहन्छ। किन विवाह, घर, र परिवारहरू विफल भइरहेका छन् भनि तल केही कारणहरू प्रस्तुत गरिएका छन्। हामीले यी स्वभावहरू अख्रीष्टियन मानिसहरूका हुन् भनि भन्दछौं, तर यथार्थमा, यी स्वभावहरू धेरै "ख्रीष्टियन" घरहरूमा पनि हुन्।

१ परमेश्वरमा समर्पित हुन अनिच्छुक – सोझै विद्रोह र अनाज्ञाकारिता

म जे चाहन्छु त्यही नै गर्छु, परमेश्वरको निर्देशन अनुसारले होइन। अविवाहित जोडी साथ रहने, व्यभिचार, परस्त्रीगामी र समलिङ्गीहरू सबै विद्रोहको यस वर्गमा पर्दछन्। यथार्थमा, जीवनमा अरु कुराले भन्दा गहिरो चोट र पिडामा पुर्याउने कुराहरू यी नै हुन्। शैतान जहिले पनि झूट र धोकाले पूर्ण छ। तपाईले पाप गरेर त्यसबाटको परिणाम भने असल आउने कुराको आशा गर्न भने मिल्दैन। गलाती ५ अध्यायको अनुसार, तपाईले जे छर्नुहुन्छ त्यही नै काट्नुहुन्छ।

२ परमेश्वरमा केन्द्रित हुनुको साटो स्वःकेन्द्रित हुनु

यो व्यक्तिगत अधिकारको युग हो। परमेश्वरको चाहनामा हाम्रा अधिकारहरू मेला गर्ने भन्दा हाम्रो आफ्नै अधिकारलाई बढी महत्व दिइन्छ। एक व्यक्ति जो आफ्नै अधिकारमा चलिरहेको छ विवाहित संगी र नानीहरूका खाँचाहरूमा समर्पित हुनको लागी उसलाई निकै कठिन पर्दछ।

३ सञ्चारमाध्यमको मान र नौतिकतालाई आत्मसाथ गर्ने

सञ्चारमाध्यमको (दुरदर्शन, समाचार वाचक, रेडियो, संगित, पूस्तक र पत्रिका, आदी) बहुमतले बाइबलिय मूल्य र नौतिकताको स्तरसँग सोझै मतभेद गर्दछ। यी सबैले क्रमबद्धरुपमा बाइबलिय शिक्षा र मूल्यलाई इन्कार र अविश्वास गरिरहेका छन्। परमेश्वरसँगको हिँडाईलाई कुनै व्यक्तिले कसरी कायम गरिरहेको छ भनि देख्न गाह्रो छ, र घण्टौं घण्टा, दैनिक हेराइले, क्रमबद्धरुपमा तपाईको विश्वास र परमेश्वरको निम्ति जीवनयापन गर्ने प्रतिवद्धतालाई च्यातेर लैजान्छ। यदि तपाई परमेश्वरको निम्ति जीउनको लागी प्रतिवद्ध हुनुहुन्छ भने, तपाईले दुरदर्शन र इन्टरनेट आदीको सट्टामा स्वस्थ विकल्पको खोजी गर्नुपर्दछ।

पवित्रशास्त्रको पर्याप्ततालाई शंका गर्नु

समय-समयमा ठोस बाइबलिय आधारित पूस्तक, सि.डी, वा डि.भि.डी,ले प्रभुको सेवा गर्ने हाम्रो प्रतिवद्धतालाई प्रोत्साहन गर्दछ। यद्यपि, ख्रीष्टियन जीवनलाई उचित दिशा दिनको निम्ति शास्त्र पर्याप्त छैन भनि धेरैले यस

कुरामा विश्वास गर्दछन्। परमेश्वरको वचनले कार्य गर्दछ वा परमेश्वरको वचन आजको रीतिमा पर्याप्त छ भनि तिनीहरूले विश्वास गर्दैनन्। केही कुराको अझ आवश्यकता छ। तपाई आजको दिनमा कैयौं ख्रीष्टियन पूस्तक पसलहरूमा जान सक्नुहुन्छ र विवाह, नानीहरू, यौन, सम्बन्ध, आदी, आदी, आदीका बारेमा अनेकौं पूस्तकहरू पाउन सक्नुहुन्छ। तर आज, ख्रीष्टियनहरू माझमा विवाहमा समस्याहरू आइरहेका छन् र इतिहासमा कहिल्यै नभएको दरले पारपाचुकेको भइरहेको छ। नानीहरूमा गडबडी भइरहेको छ र तिनीहरूलाई धेरै प्रकारका मानसिक रोगहरू लागिरहेको छ। परमेश्वर र उहाँको वचनमा फेरी पनि विश्वास गर्ने समय आएको छ।

५ हामी व्यस्त छौं।

असल विवाह स्थापना गर्न र आत्मिकी स्वस्थ परिवार निर्माण गर्नको निम्ति हामी धेरै व्यस्त भइरहन्छौं। जीवनमा के महत्वपूर्ण छ भनि जानिकन बाइबलिय प्राथमिकतालाई बसाल्ने समय आएको छ।

६ मनोरन्जनमा केन्द्रित हुनाले

मलाई मनोरन्जन गराऊ, तर प्रतिवद्धता जाहेर गर्न र सेवा गर्नको निम्ति मलाई नसोध। प्रभु र हाम्रो परिवारलाई उच्च प्राथमिकता दिनुको साटो मनोरन्जन गर्नका लागी अनेकौं तरीकाहरू रहेका छन्। आखिरीमा हामीले हाम्रा गलत प्राथमिकताको फल भोग्नेछौं, ती मनोरन्जनका क्षणहरू चाँडै नै खोक्रो र हल्का हुनेछन्।

७ लत

लतहरू धेरै प्रकारका छन्। मद्यपान र अरु लागुऔषध, कुवा, यौन, अश्लिल दृश्य, भिडियो खेल, इन्टरनेट, सामाजिक सञ्जाल, आदी, आदी, आदी, धेरै कुराहरू छन् जसले हाम्रो जीवन नियन्त्रण गर्दछन्। यी कुनै प्रकारद्वारा नियन्त्रण गरिएको व्यक्ति कदाचित स्वस्थ विवाह, घर, वा परिवारतर्फ प्रतिवद्ध हुँदैन।

नानीहरूका लागी परमेश्वरबाटको योजना

आज अमेरिकाले प्रबल रुपमा हाम्रो प्राथमिकताको सूचीमा नानीहरूको हितलाई पनि समावेश गर्ने माग गर्दछ। तर, यथार्थमा, हाम्रो समाजको मूल्य अनुसार, स्वस्थ नानीहरूलाई हुर्काउने कार्यले हाम्रो आफ्नै स्वार्थी इच्छा र चाहनापछि रहेर दोश्रो स्थान ओगटेको हुन्छ। आर्थिक प्राप्ति, जीवन वृत्ति , मनोरन्जन, सामाजिक जीवन, र लतहरू सबै नानीहरूभन्दा उच्च प्राथमिकतामा रहेका छन्। हामीले कम नानीरहु जन्म दिइरहेका छौं र धेरै सुविधाजनक नभएसम्म नानीहरू पाउँदैनौं। जब कोही गर्भावस्थामा छ र नानी पाउन उपयुक्तता रहेको छैन भने, तिनीहरूले त्यस नानीलाई फालिदिन्छन्।

हामी, ख्रीष्टियन हुनाले, नानीहरूको बारेमा हाम्रो विचारलाई समाजले निश्चित नगरोस् भनि हामीले त्यसको विरुद्ध शुरक्षा गर्नुपर्दछ। यो पाठको स खण्डमा, नानीहरूको बारेमा परमेश्वरले के भन्नुहुन्छ भनि हामी हेर्नेछौं।

नानीहरूप्रति बाइबलिय व्यवहार

अनि परमेश्वरले मानिसलाई आफ्नै स्वरुपमा सृष्टि गर्नुभयो; उहाँले तिनलाई परमेश्वरको स्वरुपमा सृष्टि गर्नुभयो; उहाँले तिनीहरूलाई नर र नारी गरेर सृष्टि गर्नुभयो। अनि परमेश्वरले तिनीहरूलाई आशिष दिनुभयो; र परमेश्वरले तिनीहरूलाई भन्नुभयोः "फल्दै-फुल्दै र बढ्दै जाओ! अनि पृथ्वीलाई भरिदेओ र त्यसलाई वशमा पार ! अनि समुन्द्रका माछामाथि, आकाशका पंक्षीमाथि र पृथ्वीमाथि चलफिल गर्ने हरेक जीवित प्राणीमाथि अधिकार राख!" उत्पत्ती १:२७-२८

पहिलो जोडीलाई दिइएको अभिलिखित प्रथम निर्देशन फल्दै-फुल्दै र वृद्धि हुँदै जानु थियो। परमेश्वरको योजनामा नानीहरूको प्राथमिकता, असुविधाजनक होइन, उच्च रहेको छ। नानीहरू उपहार र इनामहरू हुन् भनि तलका पदहरूमा बताइएको छ, विचार गर्नुहोस्।

हेर, छोराछोरीहरू परमप्रभुले दिनुभएको हकको सम्पत्ती हुन्; अनि गर्भको फलचाँही उहाँको इनाम हो। वीरको हातमा काँडहरू जे हुन्, जवानीका छोराछोरीहरू पनि त्यस्तै हुन्। त्यो मानिस धन्यको हो, जसले आफ्नो ठोक्रा उनीहरूले भरिएको छ; उनीहरू शर्ममा पर्नेछैनन्, तर उनीहरू मूल-ढोकामा शत्रुहरूसँग कुरा गर्नेछन्। भजनसंग्रह १२७:३-५

येशूको यस पृथ्वी भरिको सेवकाईमा, उहाँले नानीहरूको तारिफ गर्नुभयो।

तब उहाँले आफ्ना हात उनीहरूमाथि राखी प्रार्थना गरिदिऊन् भनि साना नानीहरू उहाँकहाँ ल्याइए; तर चेलाहरूले तिनीहरूलाई हकारे। तर येशूले भन्नुभयोः "साना नानीहरूलाई मकहाँ आउन देओ, र उनीहरूलाई नरोक; किनकी स्वर्गको राज्य यस्तैहरूको हो"। मत्ती १९:१३-१४

नानीहरूलाई आत्मिकी रुपमा ठेस लगाउनुको ठूलो मूल्यको परिणाम हेर्नुहोस्।

त्यही घडी चेलाहरू यसो भन्दै येशूकहाँ आएः "स्वर्गको राज्यमा सबभन्दा ठूलो को हो?" अनि येशूले एउटा सानो नानीलाई आफूकहाँ बोलाउनुभयो, र त्यसलाई तिनीहरूका माझमा राख्नुभयो, अनि भन्नुभयोः "म तिमीहरूलाई साँचो भन्दछु, तिमीहरू बदलिएर साना नानीहरूजस्ता भएनौ भने तिमीहरू कुनै रीतिले पनि स्वर्गको राज्यमा पस्नेछैनौ। यसकारण जसले आफैलाई यो सानो नानीजस्तै नम्र तुल्याउँछ, त्यही स्वर्गको राज्यमा सबैभन्दा ठूलो हो। अनि जसले मेरो नाममा एउटा यस्तै सानो नानीलाई ग्रहण गर्दछ, त्यसले मलाई ग्रहण गर्दछ"। "तर जसले ममा विश्वास गर्ने यी सानाहरूमध्ये एउटालाई ठेस खुवाउँछ, त्यसको घिच्रोमा एउटा जाँतो झुण्ड्याएर त्योचाँही समुन्द्रको गहिराइमा डुबाइएको भए त्यसका निम्ति बढिया हुनेथ्यो। मत्ती १८:१-६

नानीहरू व्यक्तिगतरुपमा परमेश्वरद्वारा सृष्टि गरिएका हुन्।

परमेश्वरको वचनमा धेरै पटक बताइएको छ की नानीहरूलाई यस संसारमा ल्याउनुहुने परमेश्वर नै हुनुहुन्छ। तलका पदहरू अचम्मका छन्। हाम्रो बिकासक्रममा परमेश्वर पूर्णरुपमा संलघंन हुनुहुन्थ्यो, गर्वधारणमा पनि।

किनभने तपाईले (परमेश्वर) **मेरो अन्तस्करणलाई आफ्नो अधिकारमा लिनुभएको छ; मेरी आमाको गर्भमा तपाईले मलाई ढाक्नुभएको छ। म तपाईको प्रशंसा गर्नेछु; किनभने म भययोग्य र आश्चर्यपूर्ण रीतिले बनाइएको छु; तपाईका कामहरू अद्भूत छन्, अनि मेरो प्राणले यो कुरा राम्री जान्दछ। जब म गुप्तमा बनिएँ, जब म पृथ्वीका सबभन्दा तल्ला भागहरूमा निपुणतासाथ बुनिएँ, तब मेरा हड्डीहरू तपाईबाट लुकेका थिएनन्। मेरो तत्व बनिनसक्दै तपाईका आँखाले ती देखे, अनि मेरा जुन अङ्गप्रत्यङ्गहरू लगातार बनिँदै गइरहेथे, तीमध्ये एउटै पनि नहुँदा नै ती सब तपाईको पूस्तकमा लेखिसकिएका थिए।** भजनसंग्रह १३९:१३-१६

तिमीलाई बनाउनुहुने र गर्भैदेखी तिमीलाई रच्नुहुने परमप्रभु, जसले तिमीलाई सहायता गर्नुहुनेछ, यसो भन्नुहुन्छः हे मेरो दास याकूब, र हे मैले चुनेको यशूरुन, नडराऊ! यशैया ४४:२

परमप्रभु, तिम्रा उद्धारक र गर्भैबाट तिमीलाई रच्नेवाला यसो भन्नुहुन्छः सबै थोकहरू बनाउनुहुने परमप्रभु म नै हुँ, जसले एकलैले आकाश फैलाउनुहुन्छ, र जसले आफैले पृथ्वी फिँजाउनुहुन्छ; यशैया ४४:२४

यसरी बोअजले रुथलाई लगेतब ,अनि जब तिले उनीसँग सहवास गरे ;अनि उनी तिनकी पत्नी भइन् , अनि उनले एउटा छोरा जन्माइन्। ;परमप्रभुले उनलाई गर्भाधान दिनुभयो रूथ ४:१३

अनि तिनीहरूले बिहान सबैरै उठेर परमप्रभुको सामु दण्डवत् गरे ;आफ्नो घरमा आइपुगे ,र फर्केर रामामा , अनि परमप्रभु ;कहाँ गएअनि एल्काना आफ्नी पत्नी हन्नाले हन्नालाई सम्झना गर्नुभयो। अनि समयको अन्तरालमा यस्तो भयो – हन्ना गर्भवती भइन्मैले उसलाई परमप्रभुबाट ' अनि ;र उनले एउटा छोरा जन्माइन् , राखिन्। 'शमुएल' भनेर उनले उसको नाम 'मागेकी हुँ१शमुएल १:१९-२०

हरेक नानीमा परमेश्वरबाटको योजना र उद्देश्य रहेको छ।

मेरो तत्व बनिनसक्दै तपाईका आँखाले ती देखे, अनि मेरा जुन अङ्गप्रत्यङ्गहरू लगातार बनिँदै गइरहेथे, तीमध्ये एउटै पनि नहुँदा नै ती सब तपाईको पूस्तकमा लेखिसकिएका थिए। भजनसंग्रह १३९:१६

अनि मकहाँ परमप्रभुको यसो भन्ने वचन आयोः "मैले तिमीलाई पेटमा रच्नुभन्दा पहिल्यै म तिमीलाई चिन्दथेँ; अनि तिमी गर्भबाट निस्कनुभन्दा पहिल्यै मैले तिमीलाई पवित्र गरेँ, र जाती-जातीका निम्ति तिमीलाई भविष्यवक्ताको रुपमा नियुक्त गरेँ"। यर्मिया १:४-५

"हे टापुहरूहो, मेरो कुरा सुन! हे मानिसहरूहो, टाढाबाट ध्यान देओ! परमप्रभुले मलाई गर्भैबाट बोलाउनुभएको छ, मेरी आमाको कोखबाट नै उहाँले मेरो नाम लिनुभएको छ। यशैया ४९:१

गर्भमा हुने हरेक नानीलाई परमेश्वरले सृष्टि गर्नुहुन्छ र तिनीहरूमा परमेश्वरबाटको उद्देश्य रहेको छ – तिनीहरू पनि जो वैवाहिक सम्बन्ध बिना नै जन्मेका छन्। यो अति नै बहुमूल्य सत्यता हो। हामी गर्भमा रचिनु अघि नै हामी प्रत्येकका निम्ति परमेश्वरबाटको योजना र उद्देश्य रहेको थियो र हामी गर्भमा रहने पनि उहाँकै योजनाको भाग हो।

जब एक नानीको गर्भपात गरिदँछ, परमेश्वरद्वारा सृष्टि गरिएको जीवन नष्ट हुँदछ। समाजमा धेरैले यस कुरामा विश्वास राख्दछन् की यदि त्यस नानी "आवश्यक" छैन भने, त्यसलाई फाल्ने "अधिकार" उनीहरूमा छ। विवाह अघि यौन सम्बन्धी शिक्षा दिन वा वैवासहिक जोडी एक-अर्कामा विश्वासयोग्य हुनुपर्छ भन्ने कुरा सिकाउन हाम्रो समाजका डर हुन्छ, तर तिनीहरूले पापमय यौन कार्यबाट हुन आएको जीवनलाई फाल्न पाउनुपर्छ भनि त्यस अधिकारको लागी भने दृढतापूर्वक अडिग रहन्छन्। यी सबै नै नानीहरू परमेश्वरको सृष्टि हुन् गर्भमा रहेको हरेक नानीको निम्ति उहाँको योजना र उद्देश्य छ भन्ने बाइबलिय सत्यतालाई भने तिनीहरूले इन्कार गर्दछन्, अविवाहित अभिभावकद्वारा गर्भमा रहेको समेत गरी।

अभिभावकहरूले आफ्ना नानीहरूलाई शिक्षा र तालिम दिनुपर्छ।

परमेश्वरको वचनमा प्रष्ट छ की अभिभावकहरूले आफ्ना नानीहरूलाई परमेश्वर चिनाउनुपर्छ र उहाँसाथ हिँडाउनुपर्छ। यो खेलकुद, मनोरन्जन, भिडियो खेल वा अरू हजारौं थोकहरूभन्दा अघि राखी यो शिक्षा दिनु धेरै महत्वपूर्ण छ। व्यक्तिगत रुपमा मैले धेरै मण्डलीहरूमा सिकाएको छु, तर घरमा वा मण्डलीमा परमेश्वरको वचन सही तरीकाले नसिकाएको देख्दा ज्यादै पिडादायी हुन्छ। अनि तिनीहरूले पछ्याउनको लागी प्रेरणास्रोत पनि थोरै छन्। हाम्रो नानीहरूलाई शिक्षा दिनेभन्दा महत्वपूर्ण कुरा थोरै मात्र छन्, यदि छन् भने। तिनीहरूका भविष्य अन्यौलमा रहेको छ।

हाम्रा नानीहरू हाम्रो जीवनमा आशिष र आनन्दको ठूला श्रोत हुँदछन् वा तिनीहरू निरन्तर गहिरो चोट र पिडाको कारण हुनेछन्। जब तिनीहरू सानै हुन्छन्, परमेश्वरबाट प्राप्त नानीहरू हाम्रा निम्ति कति महत्वपूर्ण रहन्छन् भनि हामीले थाहा गर्नुपर्छ। कुन चाँही अति महत्वपूर्ण हो? हाम्रो रोजगारी वा जीवन वृत्ती? के आफ्नै स्वार्थमय चाहना पूरा गर्ने? हामी परमेश्वरमा आज्ञाकारी हुन र उहाँमा भरोसा गर्न चाहन्छौं, वा हामी ती कुराहरू आफ्नै इच्छा अनुसार गर्न चाहन्छौं? हरेक अभिभावकहरूले निर्णय लिनु पर्ने मूलभूत विषय यही नै हो।

हाम्रा नानीहरूलाई शिक्षा दिनको लागी हामी अनौपचारिक हुन सक्दैनौं नै। हाम्रा नानीहरूलाई शिक्षा दिने कर्तव्य पूरा गर्नको लागी मण्डलीले पनि सहायता गर्न सक्दछ, तर परमेश्वरले प्रत्यक्ष रुपमा अभिभावकहरूलाई यो कर्तव्य प्रदान गर्नुभएको छ, आफ्ना नानीहरूलाई तालिम दिनको लागी उत्तरदायी हुनु पर्ने भनेको अभिभावकहरू नै हुन्।

हे मेरा छोरा, आफ्ना बाबुको शिक्षा ध्यानसित सुन, र आफ्नी आमाको अर्तीलाई नत्याग; हितोपदेश १:८

हे नानीहरूहो, बाबुको शिक्षा सुन, र समझ के हो, सो जान्न ध्यान देओ! हितोपदेश ४:१

अनि हे बाबुहरूहो, आफ्ना छोराछोरीहरूलाई रिस नउठाओ; तर प्रभुको अनुशासन र चेताउनीमा तिनीहरूको पालन-पोषण गर। एफिसी ६:४

हे बाबुहरूहो, आफ्ना छोराछोरीहरूलाई रिस नउठाओ, नत्र उनीहरू निराश हुनेछन्। कलस्सी ३:२१

बालकलाई जुन बाटोमा त्यो हिँड्नुपर्छ, त्यही बाटोको तालिम देऊ; र बूढो हुँदा पनि ऊ त्यसबाट हट्नेछैन। हिपोपदेश २२:६

हामीले आफ्ना नानीहरूलाई मन लगाएर कसरी शिक्षा दिनुपर्छ भनेर तलका पदहरूले बताउँदछन्।

यसकारण तिमीहरूले यी मेरा वचनहरू आफ्नो हृदय र आफ्नो मनमा राखिछोड्नु, र तिनलाई चिन्हको रुपमा आफ्नो हातमा बाँध्नु, अनि ती तिमीहरूको निधारमा बाँधिने पेटिकाहरू होऊन्! १९ अनि तिमीहरूले आफ्नो घरमा बस्दा, बाटोमा हिँड्दा, ढल्केर बस्दा र उठ्दा ती वचनहरूको चर्चा गरेर आफ्ना छोराछोरीहरूलाई ती कुराहरू सिकाउनू! व्यवस्था ११:१८-१९

हे इस्राएल सुन, परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनुहुन्छ; अनि तिमीले परमप्रभु आफ्ना परमेश्वरलाई तिम्रो सारा हृदय, तिम्रो सारा प्राणले र तिम्रो सारा शक्तिले प्रेम गर्नू! अनि यी वचनहरू, जो म आज तिमीलाई आज्ञा गर्दछु, तिम्रो हृदयभित्र रहिरहुन्; अनि तिमीले यी वचनहरू आफ्ना छोराछोरीहरूलाई यत्नसित सिकाउनु; अनि तिमी आफ्नो घरमा बस्दा, आफ्नो बाटोमा हिँड्दा, सुत्दा रउठ्दा तिमीले तिनकै चर्चा गर्नू! अनि तिमीले तिनलाई चिन्हको रुपमा आफ्नो हातमा बाँध्नू; अनि ती तिम्रा आँखाहरूको बीचमा पेटिकाहरू होऊन्! अनि तिमीले तिनलाई आफ्नो घरको ढोकाका खाँबाहरू र आफ्ना मूलढोकाहरूमा लेख्नू! व्यवस्था ६:४-९

अनि जसले मेरो नाममा एउटा यस्तै सानो नानीलाई ग्रहण गर्दछ, त्यसले मलाई ग्रहण गर्दछ"। "तर जसले ममा विश्वास गर्ने यी सानाहरूमध्ये एउटालाई ठेस खुवाउँछ, त्यसको घिन्नोमा एउटा जाँतो झुण्ड्याएर त्योचाँही समुन्द्रको गहिराइमा डुबाइएको भए त्यसका निम्ति बढिया हुनेथ्यो। मत्ती १८:५-६

जोन्सब्रहो, अर्कान्सामा केही वर्ष अघि, एक विद्यालयमा ११वर्षिय र १३ वर्षिय नानीहरूले आगलागी सूचना दिने घण्डी दाबे र चार विद्यार्थी र एक शिक्षकलाई गोली हानी मारेर, त्यस भवनबाट भागे। केही क्षण पछि, राष्ट्रपति क्लिन्टनले, त्यस गोलीकाण्डको बरेमा अभिव्यक्ति दिनुभयो की तिनीहरूले गरेका त्यस कार्य पछाडिको

कारण हामीले जान्न जरूरी रहेको छ। वास्तवमा, त्यो कारण बुझ्न त्यति कठिन भने छैन। तलका बुँदाहरूमा विचार गर्नुहोस्।

१ मानिसको स्वभाव, नानीहरूसमेत गरी, भ्रष्ट र पापपूर्ण रहेको छ। नानीहरू मायालाग्दो र प्राय मनोरन्जन चाहना गर्ने र प्रेम गर्ने भए तापनि, तिनीहरूमा पापी स्वभाव भने रहि रहेको छ।

२ औषतमा, एक बालकमा, करिब १७००० घण्टा दुरदर्शन हेरेर पापपूर्ण स्वभावहरू सन्चित गर्दछन्। त्यस समयमा उसले करिब ८००० हत्या र अनगिन्ति अरु हिंसात्मक कार्यहरू र यौन उत्तेजना बढाउने दृश्यहरू हेरिसकेको हुन्छ। धेरै भिडियो खेलहरूमा नानीहरूले हत्या र अरु हिंसात्मक कार्यहरूको अभ्यास गरिसकेका हुन्छन्, र समाजले यसमा कुनै खराबी छैन भनि तिनीहरूका अभिभावकहरूलाई बताउँदछन्। दुरदर्शन र अरु चलचित्रहरू हेरेर, विद्यालयमा रहेर, र नानीहरूलाई हेरचाह केन्द्रमा राखेर समय व्यतित गर्नाले आफ्ना अभिभावकहरूसँग तिनीहरूले बिताउने समय करिब १००\१ जति हुन आउँछ। एक अध्ययन अनुसार, एक पिताले आफ्ना प्रत्येक नानीहरूसँग एक दिनमा करिब ३ मिनेटभन्दा पनि कम समय बिताउने गरेको पाइएको छ।

३ सही र गलतको शिक्षा वा बाइबलिय नौतिकताको बारेमा धेरै कम मात्रामा सिकाइने गरेको पाइन्छ। निश्चित रुपमा दुरदर्शनले यी शिक्षाहरू प्रदान गर्दैनन्; यथार्थमा, प्रायजसो विद्यालयहरूले पनि यस किसिमको शिक्षा प्रदान गर्दैनन्, विद्यालयहरूमा बाइबलिय नौतिकताको शिक्षा दिनु गैरकानुनी रहेको छ; र धेरै जसो हेरचाह केन्द्रहरूले पनि यस किसिमको शिक्षा दिँदैनन्। धेरै, शायद धेरैजसो, मण्डलीहरूले साँचो बाइबलिय शिक्षा दिनुको साटो नानीहरूको रेखदेख मात्र गर्ने गर्दछन्। यदि तिनीहरूलाई अभिभावकहरूले परमेश्वरको वचनको शिक्षा दिँदैनन् भने, अरु कसले दिनेछ र?

४ विद्यालयहरूले आयोजना गर्ने र दुरदर्शनमा आउने प्राकृतिक कार्यक्रमहरूले नानीहरूलाई उनीहरू परमेश्वरद्वारा सृष्टि गरिएका हुन् भनि सिकाउँदैन, तर तिनीहरू आकस्मिक उत्परिवर्तनद्वारा उत्पन्न भएका उपज हुन् भनि सिकाउने गर्दछ। तिनीहरू उच्च विकसित प्राणी मात्र हुन्। यस शिक्षाको तर्किक निष्कर्ष यो हो की हामी सृष्टि गरिएका हैनौं तर बिकासाक्रमका उपज हौं यसकारण, हाम्रा निम्ति परमेश्वरद्वारा प्रदान गरिएको कुनै नैतिक स्तर रहेको छैन र हाम्रा कार्यहरूका सम्बन्धमा हामीले कुनै ईश्वरसँग जवाफदेयी हुनुपर्दैन। किन मानिसहरू नमार्ने त; आखिरमा, तिनीहरू अरु जनावरहरू जस्तै त हुन्।

आजका यूवाहरूको विशेषता कस्ता छन् भनि थाहा गर्नको लागी केही वर्ष अघि मेरिन्सले एउटा अध्ययन कार्य गरे। सबैभन्दा उपर्युक्त भर्ती र तालिम प्रणाली कुन हुँदछ भनि थाहा गर्नु नै यसको उद्देश्य थियो। तिनीहरूको अध्ययनको एक खोजी यो थियो की आजका यूवाहरूमा सम्बन्ध वा प्रेम र हेरचाह गर्ने बारेमा थोरै मात्र होश रहेको थियो, र गिरोह बढ्दै जानुको प्रत्यक्ष कारण यही नै थियो। घरमा जे कुरा तिनीहरूले पाउँदैनथिए – हेरचाह र परिवारमा सम्बन्धित भावना, त्यो गिरोहमा तिनीहरूले प्राप्त गर्दथे।

परमेश्वरले चाहना गर्नुभएजस्तै गरी तपाई अभिभावक बन्न चाहनुहुन्छ भने, तपाई समाजको स्वभाव विरुद्ध जानु पर्दछ। तपाई एक अलग व्यक्ति हुनुपर्दछ। तपाई फरक हुनुपर्छ, र तपाई उपहासको पात्र हुनुहुनेछ। तर तपाईले परमेश्वरलाई प्रशन्न तुल्याउनु हुनेछ। अनि परमेश्वर हुनुहुन्छ भन्ने ज्ञान प्राप्त र उहाँले तिनीहरूलाई प्रेम गर्नुहुन्छ, की उहाँ तिनीहरूको लागी मर्नुभयो, अनि उहाँ नै आत्मसन्तुष्टि र शान्तिको श्रोत हुनुहुन्छ, र उनीहरूका जीवनमा उहाँले नै उद्देश्यहरू प्रदान गर्नुहुन्छ भनि थाहा गर्दै तपाईका नानीहरू हुर्कनेछन्।

हे मेरा छोरा, सुन; मेरा कुराहरू ग्रहण गर; र तिम्रो जीवनको आयु लामो हुनेछ। मैले तिमीलाई बुद्धिको मार्गमा शिक्षा दिएको छु; मैले तिमीलाई ठीक बाटाहरूमा डोर्याएको छु। हितोपदेश ४:१०-११

हे मेरा छोरा, मेरा वचनहरूमा ध्यान देऊ; मेरा कुराहरूतिर आफ्नो कान लगाऊ! तिम्रा आँखाबाट तिनलाई हट्न नदेऊ; तिनलाई तिम्रो हृदयको मध्य भागमा राख! किनभने तिनलाई भेट्टाउनेहरूका निम्ति ती जीवन हुन्, र उनीहरूका शरिरका निम्ति स्वास्थ्य। हितोपदेश ४:२०-२२

मण्डली अगुवा र तिनीहरूका परिवारहरू ईश्वरिय जीवनयापनका उदाहरणहरू हुनुपर्दछ।

स्थानिय मण्डलीमा पाष्टर वा एल्डर हुनाको लागी चाहिने योग्यताहरूलाई तलका पदहरूले प्रस्तुत गर्दछः

आफ्ना छोराछोरीहरूलाई सारा गम्भिरताकासाथ अधिनमा राखेर आफ्नो घरलाई राम्ररी सञ्चालन गर्ने हुनुपर्छ; किनकी जसले आफ्नो घरको सञ्चालन गर्न जान्दैन, त उसले परमेश्वरको मण्डलीको देखरेख कसरी गर्न सक्ला? १तिमोथी ३:४-५

यदि कुनै मानिस निर्दोष, र एउटै पत्नीका पति छन् भने, र विलासीपनाको वा अधीनतामा नबस्ने दोष नलागेको विश्वासयोग्य छोराछोरीहरू भन् भने। तीतस १:६

यदि कुनै व्यक्तिको परिवार प्रभुसँग हिँडिरहेको छैन भने, ऊ मण्डली अगुवा हुन योग्यको छैन।

नानीहरूले आफ्ना अभिभावकहरूमा आज्ञाकारी हुनुपर्छ र उहाँहरूको आदर गर्नुपर्छ।

हामीले हेरिसकेका छौं, परमेश्वरले प्रष्ट पार्नुभएको छ की परमेश्वरको वचन जान्नका लागी अभिभावकहरूले आफ्ना नानीहरूलाई शिक्षा र तालिम प्रदान गर्नुपर्छ ताकी तिनीहरू यसमा अभ्यस्त हुन सकुन्। नानीहरू आफ्ना अभिभावकहरूप्रति आज्ञाकारी हुनुपर्छ भनि परमेश्वरको वचन स्पष्ट छ।

हामी जो जति अभिभावकहरू भएसकेका छौं हामीलाई यो थाहा छ की नानीहरू स्वतः आफ्ना अभिभावकहरूप्रति आज्ञाकारी हुँदैनन्। उनीहरूलाई आज्ञाकारी हुन सिकाउने कुरा समग्र शिक्षा प्रणालीको एक पाटो हो। हामीले उनीहरू हामीहरूप्रति आज्ञाकारी हुनुपर्छ भनि सिकाउँदैनौं भने, परमेश्वरद्वारा प्रदान गरिएको भूमिकालाई हामीले पूरा गरिरहेका छैनौं।

म र मेरी पत्नीको चार "नानीहरू"छन्। तिनीहरू सबै हुर्किसकेका छन् र आफ्नै खुट्टामा निर्भर भइसके। तिनीहरू सबै नै सकृय रुपमा प्रभुको सेवा गर्दै छन् भनि बताउन पाउनु साँच्चि नै आनन्दको कुरा हो। नानीहरूलाई शिक्षा र तालिम दिने प्रकृया सहज हुदैँन भनि व्यक्तिरुपले म पनि जान्दछु र म सिद्ध अभिभावकको स्तरबाट धेरै पर थिएँ। हामी सबै नै बिभिन्न किसिमबाट कमजोर छौं र हामी सिद्धताबाट निकै टाढामा रहेका छौं। यद्यपि, अझै पनि हामीले नानीहरूलाई शिक्षा दिएको परमेश्वर चाहनुहुन्छ, र त्यस तालिमको सबैभन्दा ठूलो पाटो भनेको उनीहरूलाई आज्ञाकारी हुन सिकाउनु हो।

हे नानीहरूहो, प्रभुमा आफ्ना बाबुआमाको आज्ञा पालन गर, किनकी यो उचित छ 'आफ्ना बाबु र आमालाई आदर गर', जोचाँही प्रतिज्ञा सहितको पहिलो आज्ञा हो, 'र तिम्रो भलाइ होस् र यस पृथ्वीमा तिम्रो आयु लामो होस्'। एफिसी ६:१-३

आफ्ना बाबु र आफ्नी आमालाई आदर गर, र जुन देश परमप्रभु तिम्रा परमेश्वरले तिमीलाई दिनुहुन्छ, त्यस देशमा तिम्रो आयु लामो होस्! प्रस्थान २०:१२

हामीले तिनीहरूलाई आज्ञाकारी हुन मात्र शिक्षा दिने हैन, तर तिनीहरूले आफ्ना अभिभावकहरूलाई पनि आदर दिनुपर्छ भनि हामीले सिकाउनुपर्छ।

हे नानीहरूहो, सबै कुराहरूमा आफ्ना बाबुआमाको आज्ञापालन गर, किनकी यसले प्रभुलाई साह्रै खुशी पार्छ। हे बाबुहरूहो, आफ्ना छोराछोरीहरूलाई रिस नउठाओ, नत्र उनीहरू निराश हुनेछन्। कलस्सी ३:२०-२१

हे मेरा छोरा, मेरो अर्तीलाई नबिर्स; तर तिम्रो हृदयले मेरा आज्ञाहरू पालन गरोस्; हितोपदेश ३:१

यदि हामीले आफ्ना नानीहरूलाई घरमा आज्ञाकारी हुने शिक्षा दिएनौं भने, विद्यालयमा, वा काममा, वा कानुन पालनमा रहेका अख्तियारीतर्फ आज्ञाकारी हुन र आदर समेत गर्न तिनीहरूलाई कठिन हुँदछ।

उच्च माध्यमिकको भूतपूर्व शिक्षक भएकाले, मलाई तिनीहरूको बारेमा थाहा छ जसलाई विद्यालय प्रशासनलाई आदर गर्न र समर्पण हुन समस्या रहेको थियो र तिनीहरूले विद्यालयमा राम्रो नतिजा पनि ल्याएनन् र पछिबाट तिनीहरूले राम्रो रोजगार प्राप्त गर्न वा त्यसमा टिकिरहनका निम्ति कठिन अनुभव पनि गरेका थिए। सबैभन्दा गम्भिर विषय यो हो की ती जसलाई आज्ञाकारी हुन शिक्षा प्रदान गरिएन तिनीहरूलाई परमेश्वरको अधिकारमा समर्पित हुनको निम्ति निकै कठिन हुने गर्छ।

नानीहरूलाई अनुशासन गर्ने वा छडी लगाउने सवालमा के त?

अभिभावकहरूले आफ्ना नानीहरूलाई छडी लगाउनुपर्छ भनि परमेश्वरको वचनले प्रष्ट निर्देशन दिएको छ। तलका पदहरूमा "छडी" शब्दको धेरै प्रयोग गरिएको छ। "छडी" शब्दको प्रयोग लौरो, राजदण्ड, वा विरुवाको कडा भागलाई दर्शाउनलाई गरिन्थ्यो। "छडी"लाई समय-समयमा कडा अनुशासन अर्थ दिनको निम्ति सांकेतिक भाषामा पनि प्रयोग गरिएको छ।

बालकको हृदयमा मूर्खता बाँधिएको हुन्छ, तर अनुशासन गर्ने छडीले त्यसलाई उसबाट हटाईदिन्छ। हितोपदेश २२:१५

अरु समयहरूमा भने छडी शब्दले भौतिक "शारिरक" सजाय भनि प्रष्टसँग दर्शाउँदछ वा जसलाई हामी "झापड लगाउनु" पनि भन्दछौं।

बालकलाई अनुशासन गर्न नछोड; किनकी तिमीले त्यसलाई छडी लगायौ भने त्यो मर्नेछैन। १४ त्यसलाई छडी लगाऊ, र तिमीले त्यसको प्राणलाई नरकबाट बचाउनेछौ। हितोपदेश २३:१३-१४

आजको दिनमा छडी लगाउनु "उचित" मानिदैँन। धेरै समूहहरूमा त यसलाई बाल-दुर्व्यवहार समेत भन्ने गरिएको छ। यद्यपि, परमेश्वरको वचनले यो कुरा सिकाउँदैन।

जसले आफ्नो छडी चलाउँदैन, त्यसले आफ्नो छोरालाई घृणा गरिरहेको छ; तर जसले छोरालाई प्रेम गर्छ, उसले त्यसलाई होशियारीसँग ताडना दिन्छ। हितोपदेश १३:२४

छडी र हप्कीले बुद्धि दिन्छन्, तर छाडा छोडिएको बालकले आफ्नी आमालाई शर्ममा पार्छ। हितोपदेश २९:१५

त्यहाँ गम्भिर अभिव्यक्तिहरू दिइएका छन्। "छडी"को प्रयोगले मृत्युबाट एक बालकलाई जोगाउँदछ।। "छडी" नलगाउनुचाँही बालकलाई घृणा गर्नुझैँ एक हो।

“छडी” शब्दको प्रयोग निर्मम र अत्याचार लाग्न सक्दछ। यद्यपि, प्रेममा र नियन्त्रण गर्ने उद्देश्यमा एक बालकलाई छडी लगाउनु अत्याचार होइन; यो त प्रेम हो।

बालकलाई छडी लगाउनु भनेको आवेगमा आएर पिट्नु वा क्रोधमा बालकलाई हिर्काउनु भन्ने होइन। केही अभिभावकहरूले, क्रोधमा वा निराशामा, बालकलाई निर्मम प्रकारले हिर्काउँदछन्। बालकलाई छडी लगाउनु भनेको यो होइन। एक व्यक्ति जसले स्वःनियन्त्रण वा स्वःअनुशासन जानेको छैन यो त उसबाटको निर्मम र क्रोधी प्रकृया मात्र हो। बालकलाई क्रोधमा हिर्काउनु भनेको, कहिले पनि, सही हुँदैन।

छडी लगाउने कार्य कहिल्यै पनि रिसमा गर्नुहुँदैन र यो सार्वजनुक रुपमा पनि गर्नु हुँदैन। नानीहरूले केटाकेटी व्यवहरा गरे भन्दैमा छडी लगाउने वा अनुशाषनमा राख्रे गर्नुहुँदैन। अभिभावकहरूले बालकको अपरिपक्वता र जानि-जानि गरेको अनाज्ञाकारिता, विरोध, वा अवज्ञाबीचमा भिन्नता राख्र सिक्नुपर्छ। हामी अनाज्ञाकारिता, विरोध र अवज्ञालाई मात्र छडी लगाउँछौं। तिनीहरू अपरिपक्व नानीहरू भएकोमा हामी तिनीहरूलाई छडी लगाउँदैनौं। जब एक बालकले तेश्रो पटक पनि गल्तीमा दुध घोप्टाउँछ भने, उसलाई बुझाउन पर्छ , प्रेम गर्नपर्छ, र उत्साह दिन जरूरी पर्छ, छडी लगाउने होइन।

जब मैले आफ्ना नानीहरूलाई छडी लगाउँथै, सर्वप्रथम म उनीहरूलाई आ-आफ्नो कक्षमा जाने आदेश दिन्थे र आवश्यक रहेको खण्डमा त्यस समय म आफूलाई शान्त पार्दथें, र जे भएको थियो त्यसको बारेमा विचार गर्नको निम्ति मैले केही समय लिने गर्दथे। कहिले-काँही म मेरी पत्नीलाई ती सबै घटेका कुराहरू सुनाउँथे र उनीबाट सल्लाह लिने गर्थे। यदि छडी लगाउनु उचित रहेको अवस्था थियो भने, म उनीहरूको कक्षमा जान्थे र उनीहरूसँग कुरा गर्थे, अनि ती नानीहरूले किन छडी पाउन लागिरहेको छन् भनि प्रष्ट रुपमा थाहा गर्न सकुन् भनि निश्चित पार्दथें।त्यसपछि मैले नानीहरूलाई खाटमा घोप्टो हुन लगाउँदथें। मैले तिनीहरूलाई दुख्रे गरी नै छडी लगाउँदथे तर चाहिनेभन्दा धेरै छडी कहिल्यै पनि लगाइन। त्यसपछि मैले तिनीहरूलाई उठाउँथे र अङ्गालोमा निएर म तिनीहरूलाई प्रेम गर्छु भनि बताउँदथें। यस समयमा, तिनीहरूका उल्लंघन विगतको कुरा हुन्थ्यो र हामी सामान्य रुपमा अघितर्फ बढ्दथ्यौं।

जब यी नानीहरू बढ्दै गए, मैले, समय-समयमा तिनीहरूलाई छनोट दिने गर्थे। तिनीहरूले की त छडी खानुपर्नेथ्यो की त केही समयको लागी सजाय भोग्नुपर्नेथियो। तिनीहरूले प्रायजसो छडी नै रोज्ने गर्दथे। छडी पाएपछि, तिनीहरूका गल्तीहरू सबै व्यवहार गरसकिएको हुन्थ्यो र केही समयमा नै त्यो भुलिसक्रेथियौं। तर सजाय पाएको खण्डमा भने, केही दिनहरूसम्म वा सजाय अवधीसमम्म गल्तीहरूलाई त्यस सजायले दर्शाइ रहदँथियो। आज, धेरै व्रषहरूपछि पनि, हाम्रा चारै “नानीहरू”सँगको हाम्रो सम्बन्ध अझ पनि मधुर नै रहिरहेको छ। तिनीहरू सबैको विवाह भइसकेको छ र तिनीहरू सबैले सकृय रुपमा प्रभुको सेवा गरिरहेका छन्।

के असल छडी लगाईले एक बालकको मानसिकतालाई बिगार्दछ? मेरो मामलामा, मैले सानो छँदा कैयौं छडीहरू पाएँ – घरमा, विद्यालयमा, विद्यालय बसमा – हो, विद्यालय बसमा पनि! दुई वर्षसम्म मैले विद्यालयको बसमा असल हुनुपर्नेथ्यो र त्यो त्यति लामो समयसम्मको लागी असल रहिरहनु निकै कठिन थियो। त्यस समयमा म रबरकोम फित्ता तन्काएर कागजको टुक्रा हान्न निकै सिपालु थिएँ। त्यति धेरै छडी खाए तापनि मेरो शरिर र मानसिकता कहिल्यै पनि क्षति भएन। म ती पाउन लायकको थिएँ, र मलाई सबभन्दा वेशी छडी लगाउने बस चालकसँग सम्बन्धित मसँग धेरै सम्झनाहरू रहिरहेका छन्। सानो बेलामा मलाई छडी लगाइएको कुरामा म धन्यवादी छु।

मूर्खले आफ्ना बाबुको शिक्षालाई तुच्छ ठान्छ; तर जसले हप्की मान्छ, ऊ समझदार हो। हितोपदेश १५:५

जसले शिक्षालाई प्रेम गर्छ, उसले ज्ञानलाई प्रेम गर्छ; तर जसले हप्कीलाई घृणा गर्छ, त्यो पशुसरह हो। हितोपदेश १२:१

तलका पदहरूमा अन्तरदृष्टिका धनहरू र शिक्षाहरू समावेश गरिएका छन्। परमेश्वरले हामीलाई अनुशाषित गर्ने बारेमा हामीले धेरै शिक्षा हासिल गरेका छौं, र हाम्रा नानीहरूलाई अनुशाषित गर्ने बारेमा हामीले अझै धेरै अन्तरदृष्टिहरू प्राप्त गर्न बाँकी नै छ। यी पदहरूलाई विचार गर्न केही समय लिनुहोस् र यसलाई आत्मसाथ गर्नुहोस्।

यदि तिमीहरूले ताडना सह्यौ भने परमेश्वरले तिमीहरूसित छोराहरूसित झैं व्यवहार गर्नुहुन्छ; किनकी कुन छोरा होला, जसलाई बाबुले ताडना दिँदैन? तर तिमीहरूले ताडना पाएनौं भने, जुन ताडनाका भागी सबै हुन्छन्, तब तिमीहरू व्यभिचारद्वारा जन्मेका सन्तान हौ, छोराहरू होइनौ। फेरी, हाम्रा शरिरिक बाबुहरू थिए, जसले हामीलाई ताडना दिन्थे, र हामीले उनीहरूलाई आदर गर्यौं; त के आत्माहरूका पिताको अधिनतामा हामी झन् बढी नबसौं? र नबाचौं? किनकी साँच्चै उनीहरूले ता जुन कुरा उनीहरूलाई असल लाग्दथ्यो, त्यहीअनुसार थोरै दिनका निम्ति हामीलाई ताडना दिए; तर उहाँले ता, हामी उहाँका पवित्रताका भागी होऔं भनेर हाम्रा फाइदाका निम्ति ताडना दिनुहुन्छ। अनि कुनै पनि ताडना अहिलेलाई आनन्दमय होइन, तर दुःखमय नै देखा पर्छ; तरै पनि यस तालिमद्वारा अभ्यस्त भइसकेकाहरूका निम्ति यसले पछिबाट धार्मिकताको शान्तिमय फल दिनेछ। हिब्रु १२:७-११

नानीलाई कसरी रिसालु, दुष्क्रियाशिल, विद्रोही, अल्छे बनाउने

तल प्रस्तुत गरिएका दुई पदहरूले, एक पिताले क्रोधमा आफ्ना नानीहरूलाई रिस नउठाउनु भनि प्रष्ट निर्देशन दिएको छ।

अनि हे बाबुहरूहो, आफ्ना छोराछोरीहरूलाई रिस नउठाओ; तर प्रभुको अनुशासन र चेताउनीमा तिनीहरूको पालन-पोषण गर। एफिसी ६:४

हे बाबुहरूहो, आफ्ना छोराछोरीहरूलाई रिस नउठाओ, नत्र उनीहरू निराश हुनेछन्। कलस्सी ३:२१

यहाँ, बिभिन्न श्रोतहरूबाट साभार गरेर, नानीहरूलाई कसरी रिसालु, दुष्क्रियाशिल, विद्रोही, वा अल्छे बनाउने भनि बिभिन्न तरीकाहरू प्रस्तुत गरिएको छ। मलाई निश्च्यता छ की तपाई अभिभावकहरूले यस सूचिमा अझ थप्नुहुनेछ।

१ निरन्तर रुपमा प्रेम नदेखाउनुहोस्।
२ परमेश्वरद्वारा प्रदान गरिएको अभिभावकिय भूमिलाई भन्दा समाजको अपेक्षालाई पूरा गर्ने।
३ तपाईको नानीहरूलाई धेरै स्वतन्त्रता दिनुहोस्। उनीहरूलाई सिमित नगर्नुहजोस् वा कुनै सिमा नतोक्नुहोस्।
४ तपाईको नानीहरूले मागेका सारा कुराहरू उनीहरूलाई प्रदान गर्नुहोस्, सानै उमेरदेखी नै।
५ कपटी हुनुहोस्। एउटा कुरा भन्नुहोस् र अर्को कुरा गर्नुहोस्।
६ जब उसले खराब कुराहरू बोल्न सिक्दछ, तब तपाई त्यसमा हाँस्नुहोस्।
७ उसलाई कुनै पनि आत्मिकी तालिम नदिनुहोस्। उसलाई हुर्कन र आफ्नै निम्ति निर्णय लिन दिनुहोस्।
८ ऊ गलत छ भनि नबताउनुहोस्। उसले आफूले गलत गरेको महसुस नगराउनुहोस्।
९ उसलाई कुनै पनि जिम्मेवारी वा कार्य गर्न नदिनुहोस्।
१० तिनीहरूलाई अनुशाषित नगर्नुहोस्। तपाईले दोष देखाउन त सक्नुहुन्छ तर कहिल्यै छडी नलगाउनुहोस्।

११ जब ऊ समस्यामा पर्दछ जहिल्यै उसको पक्षमा हुनुहोस्। यदि सक्नुहुन्छ भने उसको विद्यालय विरुद्ध मुद्दा चलाउनुहोस्।
१२ जब तपाईको पति\पत्नीले अनुशासनमा राख्न खोज्नुहुन्छ तब उसलाई बचाउनुहोस्।
१३ तपाईको पति\पत्नीलाई उसको सामु बारम्बार आलोचना गरिरहनुहोस्।
१४ उसको लागी सबै निर्णयहरू उसको इच्छामा नै गरिदिनुहोस्। जहिले पनि उसको समस्यामा जमानी बसिदिनुहोस्। आफ्नो कर्तव्यलाई उसले पछि सिक्न सक्छ।
१५ उसलाई आफ्ना कार्यहरूको परिणाम भोग्न नलगाउनुहोस्। उसले पछि सिक्नेछ।
१६ उसको अघि तपाईको पति\पत्नीसँग नियमित रुपमा बहस गर्नुहोस्।
१७ उसको बाबु\आमा कतिको पतित रहेछन् भनि नियमित रुपमाउसले जानिराखोस।
१८ नियमित रुपमा मद्यपान गर्नुहोस् र लागुऔषध लिनुहोस्। उसलाई पनि मद्यपान र लागुऔषधको अनुभव गर्न दिनुहोस्।
१९ आफ्नो नानीले जुन रुपमा प्रस्तुत हुन चाहन्छ त्यही रुपमा प्रस्तुत हुने अनुमति दिइरहनुहोस्। ऊ जस्तो छ त्यस्तै हुन दिनुहोस्।
२० उसलाई जे-जस्तो लाग्छ मनपरि गर्न दिनुहोस्। तपाईको जीवन उसले चलाओस्।
२१ जब उसले रिसाएर गाली बक्छ तपाई चुप लाग्नुहोस्। जब ऊ रिसाउँछ तपाई बीचमा नबोल्नुहोस्।
२२ जब उसले थुतुतो तेर्साउँछ वा रुन्छ तब तपाई चुप लाग्नुहोस्। उसलाई दुःखी तुल्याएकोमा माफी माग्नुहोस्।
२३ उसको झूटहरूमा विश्वास गर्नुहोस्। यथार्थमा, तपाई आफैले पनि केही झूट बोल्न सक्नुहुन्छ।
२४ उसलाई प्रशस्त खर्चहरू दिनुहोस्, तर साटोमा केहीको पनि आशा नगर्नुहोस्।
२५ तपाईको नानीले गरेको सबै कुरामा उसको आलोचना गर्नुहोस्। ऊ कतिको दुःखाई भएको छ भनि उसले जान्न सकोस्।
२६ उसको सौन्दर्यमा प्रशंसा गर्नुहोस्। उसलाई आकर्षक देखिन सिकाउनुहोस्।
२७ उसले दुरदर्शनमा हेर्ने कार्यक्रमहरूमा नियन्त्रण नगर्नुहोस्। संसार कस्तो छ भनि उसले जान्नुपर्दछ।
२८ उसले चाहेका सारा भिडियो खेलहरू उसलाई प्रबन्ध गरिदिनुहोस्। यसले राम्रोसँग बालकको रेखदेख गर्दछ।
२९ उसलाई कहिल्यै पनि मण्डलीमा उपस्थित नगराउनुहोस्। यो कपटीहरूले पूर्ण छ र तिनीहरू सबैले चाहने भनेको पैसा मात्र हो।
३० उसलाई कहिल्यै पनि बाइबलिय मान्यता वा नैतिक मूल्यका कुराहरूको शिक्षा नदिनुहोस्।
३१ पारपाचुके दिनुहोस् र दुई तीन पटक पुनर्विवाह गर्नुहोस्। समस्याहरू सम्हाल्नका लागी यो नै उत्तम तरीका हो।

अनि हे बाबुहरूहो, आफ्ना छोराछोरीहरूलाई रिस नउठाओ; तर प्रभुको अनुशासन र चेताउनीमा तिनीहरूको पालन-पोषण गर। एफिसी ६:४

बाइस
लैङ्गिक प्रेम सम्बन्धित बाइबलिय शिक्षा

मानवजातिको सृष्टिमा, परमेश्वरले हामीलाई नर र नारी गरी सृष्टि गर्नुभयो, पुरुष र महिला र हामीलाई एक-अर्कासँग आकर्षण हुने गरी सृष्टि गर्नुभयो। परमेश्वरले पति र पत्नी बीचमा विवाहको स्थापना पनि गरिदिनुभयो ताकी यसद्वारा तिनीहरूले एक-आपसमा रहेको आकर्षणलाई पूर्णरुपले स्वतन्त्रतापूर्वक प्रस्तुत गर्न सक्दछन्। उहाँले हामीलाई यौनको वरदान दिनुभयो, जसद्वारा विवाहित जोडी एक-अर्कामा शारिरिक रुपमा मेल हुन सक्दछन् र "एकै शरिर" हुन सक्दछन्। यो अति नै सुन्दर नमुना हो र पति र पत्नीले एक-अर्कामा आनन्द मनाउन सकुन्, प्रेम गर्न सकुन् अनि एक-अर्कामा प्रतिवद्धता जाहेर गर्न सकुन् भनि उहाँ इच्छा गर्नुहुन्छ।

अनि परमेश्वरले भन्नुभयोः "हामी मानिसलाई हाम्रै स्वरुपमा, हाम्रै समानतामा बनाऔँ, र तिनीहरूले समुन्द्रका माछामाथी, आकाशका पंक्षीहरूमाथी र घरेलु पशुमाथी, साथै सारा पृथ्वीमाथि र पृथ्वीमाथि घस्ने हरेक घस्ने जन्तुमाथि अधिकार राखून्!" अनि परमेश्वरले मानिसलाई आफ्नै स्वरुपमा सृष्टि गर्नुभयो; उहाँले तिनलाई परमेश्वरको स्वरुपमा सृष्टि गर्नुभयो; उहाँले तिनीहरूलाई नर र नारी गरेर सृष्टि गर्नुभयो। अनि परमेश्वरले तिनीहरूलाई आशिष दिनुभयो; र परमेश्वरले तिनीहरूलाई भन्नुभयोः "फल्दै-फुल्दै र बढ्दै जाओ! अनि पृथ्वीलाई भरिदेओ र त्यसलाई वशमा पार ! अनि समुन्द्रका माछामाथि, आकाशका पंक्षीमाथि र पृथ्वीमाथि चलफिल गर्ने हरेक जीवित प्राणीमाथि अधिकार राख!" उत्पत्ती १:२६-२८

यसैकारण मानिसले आफ्ना बाबुलाई र आफ्नी आमालाई छोड्नेछ र आफ्नी पत्नीसँग टाँसिनेछ; र तिनीहरू एउटै शरिर हुनेछन्। उत्पत्ती २:२४

हामी विपरित लिङ्गमा आकर्षित हुने कुरा परमेश्वरद्वारा प्रदान गरिएको सामान्य आकर्षण हो। यो हाम्रो चरित्रमा भर पर्दछ, र विपरित लैङ्गिक आकर्षण आफैमा खराब वा पापमय हुँदैन। "श्रेष्ठगीत"मा सरसरी हेर्नुहोस्। यस बाइबलको पूस्तकमा परमेश्वरले स्वस्थ प्रेम सम्बन्धी कुरालाई स्वतन्त्र रुपमा व्यक्त गर्नको लागी एउटा पूरै पूस्तक समर्पण गरिदिनुभएको छ।

यद्यपि, हामी सबैलाई थाहा छ की परमेश्वरबाट योजना गरिएको र उद्देश्य राखिएको लैङ्गिक सम्बन्धलाई बे-वास्ता गरिएको छ, र स्वीकृति बिना विकृत पारिएको छ। यस कार्यमा ख्रीष्टियनहरू र ख्रीष्टियन मण्डलीहरू पनि सहभागी भएको पाइएको छ। यस कार्यले गर्दा संसारको विचार र अभ्यास अनि ख्रीष्टियनको कार्यबीचमा थोरै मात्र भिन्नता रहेको देखिएको छ। परमेश्वरको निर्देशनलाई व्यक्तिगत ख्रीष्टियनहरू र ख्रीष्टियन मण्डलीहरूले इन्कार गरिरहेका छन् र लैङ्गिक पापलाई सहन गर्ने भएका छन्।

यस पाठको उद्देश्य यौन सम्बन्धी आधारभूत बाइबलिय शिक्षालाई प्रष्ट रुपमा प्रदान गर्नु हो, र परमेश्वरको मानिसहरूलाई फेरी पनि पवित्रता पछि लाग्नको निम्ति वोलावट गर्नु हो। हामीले एकै समयमा परमेश्वरलाई सम्पूर्ण हृदयले खोजी गरी उहाँको नजिकमा जाने, र पापलाई सहन गर्ने कार्य गर्न सक्दैनौं।

लैङ्गिक प्रेम सम्बन्धित बाइबलिय शिक्षा

परमेश्वरले हामीलाई नर र नारी गरी सृष्टि गर्नुभयो।

परमेश्वरले हामीलाई नर र नारी गरी सृष्टि गर्नुभयो र उहाँको सृष्टिलाई "असल " भन्नुभयो।

अनि परमेश्वरले मानिसलाई आफ्नै स्वरुपमा सृष्टि गर्नुभयो; उहाँले तिनलाई परमेश्वरको स्वरुपमा सृष्टि गर्नुभयो; उहाँले तिनीहरूलाई नर र नारी गरेर सृष्टि गर्नुभयो। उत्पत्ती १:२७

अनि उहाँले जवाफ दिएर तिनीहरूलाई भन्नुभयोः "के तिमीहरूले पढेका छैनौं? शुरुमा जसले तिनीहरूलाई सृष्टि गर्नुभयो, उहाँले तिनीहरूलाई नर र नारी बनाउनुभयो, मत्ती १९:४

सृष्टिको शुरुदेखी नै परमेश्वरले तिनीहरूलाई नर र नारी बनाउनुभयो। मत्ती १०:६

अनि परमेश्वरले आफुले बनाउनुभएको हरेक चीज देख्नुभयो; अनि हेर, त्यो अति असल थियो। अनि साँझ पर्यो, र बिहान भयो – छैटौँ दिन। उत्पत्ती १:३१

परमेश्वरले प्रष्ट रुपमा भन्नुहुन्छ उहाँको सारा सृष्टि, जसमा पुरुष र स्त्री पनि समावेश हुन्छन्, र जो एक-अर्कामा आकर्षण हुँदछन्, "असल" छन्। यथार्थमा, पुरुष र स्त्री दुवै नै "परमेश्वरको स्वरुप"मा सृष्टि गरिएका हुन् भनि बताइएको छ। हामीले आफूलाई दोषी ठान्नु हुँदैन किनभने हामी लैङ्गिक प्राणी हौं र हामीमा यौन सम्बन्धी भावनाहरू रहेको हुन्छ।

परमेश्वरले विवाहको स्थापना गर्नुभयो। हाम्रो वैवाहिक संगीसँग मात्र हामीले यौन सम्बन्ध राख्नुपर्छ भनि परमेश्वरले हामीलाई प्रष्ट निर्देशन प्रदान गर्नुभएको छ।

परमेश्वरले हामीभित्र राखिदिनुभएको राखिदिनुभएको यौन चाहनालाई हामीले कसरी प्रस्तुत गर्नुपर्छ भनि परमेश्वरले हामीलाई निर्देशन दिनुभएको छ। विवाह बन्धनमा बाँधिएका पति र पत्नी बीचमा मात्र यो पूरा गरिनुपर्छ भनि परमेश्वरले हामीलाई प्रष्ट निर्देशन दिनुभएको छ।

यसैकारण मानिसले आफ्ना बाबुलाई र आफ्नी आमालाई छोड्नेछ र आफ्नी पत्नीसँग टाँसिनेछ; र तिनीहरू एउटै शरिर हुनेछन्। उत्पत्ती २:२४

यस पारिभाषिक शब्द "एकै शरिर" भन्नाले पति र पत्नी बीचको लैङ्गिक मेललाई जनाउँदछ।

अनि उहाँले जवाफ दिएर तिनीहरूलाई भन्नुभयोः "के तिमीहरूले पढेका छैनौं? शुरुमा जसले तिनीहरूलाई सृष्टि गर्नुभयो, उहाँले तिनीहरूलाई नर र नारी बनाउनुभयो, र भन्नुभयो, 'यही कारणले गर्दा मानिसले बाबु र आमालाई छोड्नेछ र आफ्नी स्वास्नीसँग मिलिरहनेछ, अनि ती दुई एउटै शरिर हुनेछन्'। यसैकारण तिनीहरू अब उसो दुई होइनन्, तर एउटै शरिर हुन्। यसकारण जसलाई परमेश्वरले एकसाथ जोड्नुभएको छ, त्यसलाई मानिसले अलग नपारोस्" मत्ती १९:४-६

तर सृष्टिको शुरुदेखी नै परमेश्वरले तिनीहरूलाई नर र नारी बनाउनुभयो। 'यही कारणले गर्दा मानिसले आफ्ना बाबु र आमालाई छोड्नेछ र आफ्नी स्वास्नीसित मिलिरहनेछ; अनि ती दुई एउटै शरिर हुनेछन्; यसैकारण तिनीहरू अबउसो दुई होइनन्, तर एउटै शरिर हुन्। यसकारण जसलाई परमेश्वरले एकसाथ जोड्नुभएको छ, त्यसलाई मानिसले अलग नपारोस्"। मर्कुस १०:६-९

१कोरिन्थी ७ अध्यायमा, वैवाहिक संगीबाट यौन सम्बन्धलाई नत्याग्नु भनि हामीलाई प्रष्टसँग बताइएको छ।

पतिले आफ्नी पत्नीलाई दिनुपर्ने कोमलता देओस्, र त्यही प्रकारले पत्नीले पनि पतिलाई देओस्। आफ्नो शरिरमाथि पत्नीको अधिकार छैन, तर पतिको हुन्छ; अनि त्यही प्रकारले पतिको पनि आफ्नो शरिरमाथि अधिकार छैन, तर पत्नीको हुन्छ। उपवास र प्रार्थनामा पूरा समय दिनालाई आपसमा एक मतका भएर केही समयका लागी बाहेक एक-अर्कादेखी अलग नहोओ; अनि फेरी एकसाथ भइहाल, नत्र शैतानले तिमीहरूलाई तिमीहरूको असंयमको कारणले परीक्षामा पार्नेछ। १कोरिन्थी ७:३-५

परमेश्वरको योजनामा पुरुष र स्त्रीहरू एक-अर्कामा आकर्षित हुनुपर्छ र अन्ततः विवाह गर्नको लागी एक जीवनसाथीको छनोट गर्नुपर्छ। परमेश्वरले प्रष्ट निर्देशन दिनुभएको छ की यौन चाहना वैवाहिक सम्बन्धमा गाँसिएका पति र पत्नी बीचमा मात्र पूरा हुनुपर्दछ। जब परमेश्वरको निर्देशनलाई पछ्याइदँछ र वैवाहिक जोडीले स्वतन्त्र यौन प्रेममा आफूलाई एक-अर्कामा सुम्पन्छन्, यो अति नै पूर्ण, सन्तुष्टि प्रदान गर्ने, र अभिव्यक्ति दिने, परमेश्वरमा आदर्णिय प्रेम हो।

पति र पत्नीको बीचमा मेल भएको, प्रेमिलो, परस्पर सन्तुष्टि प्रदान गर्ने सम्बन्ध कायम भएको परमेश्वर चाहनुहुन्छ। दुर्भाग्यवश्, वैवाहिक सम्बन्धमा मेल र एकता बिरलै पाइन्छ। यो यस किसिमको हुनु हुँदैन्। यदि जोडीहरूले बाइबलिय शिक्षालाई अभ्यास गर्दछन् भने, लैङ्गिक सम्बन्ध समेत गरी, तिनीहरूले स्वस्थ सन्तुष्टि प्रदान गर्ने वैवाहिक सम्बन्ध कायम गर्दछन्।

एक ख्रीष्टियनले कहिल्यै पनि उद्धार नगरिएको व्यक्तिसँग विवाह गर्ने विचार राख्नुहुँदैन। यो सिधै परमेश्वरको वचन विरुद्ध हो र यसले जीवनभरि नै समस्या, चोट, र दुःखमा डोर्याँदछ।

यसैकारण मानिसले आफ्ना बाबुलाई र आफ्नी आमालाई छोड्नेछ र आफ्नी पत्नीसँग टाँसिनेछ; र तिनीहरू एउटै शरिर हुनेछन्। उत्पत्ती २:२४

तर सृष्टिको शुरुदेखी नै परमेश्वरले तिनीहरूलाई नर र नारी बनाउनुभयो। 'यही कारणले गर्दा मानिसले आफ्ना बाबु र आमालाई छोड्नेछ र आफ्नी स्वास्नीसित मिलिरहनेछ; अनि ती दुई एउटै शरिर हुनेछन्; यसैकारण तिनीहरू अबउसो दुई होइनन्, तर एउटै शरिर हुन्। यसकारण जसलाई परमेश्वरले एकसाथ जोड्नुभएको छ, त्यसलाई मानिसले अलग नपारोस्"। मर्कुस १०:६-९

यी पदहरूमा हामीलाई प्रष्ट निर्देशन दिइएको छ की यदि जब हामी विवाह गर्दछौं, हामीले आफ्ना बु-आमालाई छाड्नुपर्छ र आफूले विवाह गरेको जोडीसित एक हुनुपर्छ। अब उसो हाम्रो अभिभावकहरूसँग हाम्रो केही पनि सम्बन्ध रहँदैन भनि यसले भन्न खोजेको होइन। हामीले उहाँहरूलाई हाम्रो जीवनबाट अलग पार्दैनौं, हामीले अबउसो आफ्नो जीवनसाथीलाई निर्माण गर्न तर्फ लाग्दछौं, हाम्रो अभिभावकहरूलाई होइन, जो हाम्रो प्राथमिकतामा रहेको पहिलो सम्बन्ध हो। जब पति र पत्नीले आफ्ना बु-आमालाई त्याग्न चाहदैँनन्, तब विवाह सङ्कष्टमा पर्दछ। जब बाबु-आमा आफ्नो छोरा वा छोरीलाई अलग गर्न चाहदैँनन्, तब विवाहमा समस्या आउँदछ। कुनै पनि वैवाहिक जोडीले आफ्ना बाबु-आमालाई विवाहमा र एक-अर्कासँगको सम्बन्धमा नकारात्मक प्रभाव हुने अनुमति दिन हुँदैन।

पति र पत्नीको बीचमा हुने लैङ्गिक सम्बन्धका निम्ति परमेश्वरद्वारा प्रदान गरिएका कारणहरू थोरैमा पनि तीनवटा छन्।

१ प्रथम कारणः बन्धनमा रहन र एक शरिर हुनको लागी वैवाहिक सम्बन्धमा गाँसिएका पति र पत्नी बीचमा लैङ्गिक सम्बन्ध राख्न सकिन्छ।

तर सृष्टिको शुरुदेखी नै परमेश्वरले तिनीहरूलाई नर र नारी बनाउनुभयो। 'यही कारणले गर्दा मानिसले आफ्ना बाबु र आमालाई छोड्नेछ र आफ्नी स्वास्नीसित मिलिरहनेछ; अनि ती दुई एउटै शरिर हुनेछन्; यसैकारण तिनीहरू अबउसो दुई होइनन्, तर एउटै शरिर हुन्। यसकारण जसलाई परमेश्वरले एकसाथ जोड्नुभएको छ, त्यसलाई मानिसले अलग नपारोस्"। मर्कुस १०:६-९

यसैकारण मानिसले आफ्ना बाबुलाई र आफ्नी आमालाई छोड्नेछ र आफ्नी पत्नीसँग टाँसिनेछ; र तिनीहरू एउटै शरिर हुनेछन्। उत्पत्ती २:२४

अनि उहाँले जवाफ दिएर तिनीहरूलाई भन्नुभयोः "के तिमीहरूले पढेका छैनौं? शुरुमा जसले तिनीहरूलाई सृष्टि गर्नुभयो, उहाँले तिनीहरूलाई नर र नारी बनाउनुभयो, र भन्नुभयो, 'यही कारणले गर्दा मानिसले बाबु र आमालाई छोड्नेछ र आफ्नी स्वास्नीसँग मिलिरहनेछ, अनि ती दुई एउटै शरिर हुनेछन्'। यसैकारण तिनीहरू अब उसो दुई होइनन्, तर एउटै शरिर हुन्। यसकारण जसलाई परमेश्वरले एकसाथ जोड्नुभएको छ, त्यसलाई मानिसले अलग नपारोस्" मत्ती १९:४-६

जब एक व्यक्तिको विवाह हुँदछ, उसले आफ्नो आमा र बाबुलाई छाड्नुपर्छ र आफ्नो जीवनसाथीसँग मेल हुनुपर्दछ। तिनीहरू "एकै शरिर" हुन्छन्। बाइबलमा, "एकै शरिर" भन्नाले पति र पत्नी बीचको यौन सम्बन्धलाई जनाउँदछ। परमेश्वरको नजरमा, १+१=१ नै हुन्छ। यसले गणित भाव त ल्याउँदैन, तर परमेश्वरको निम्ति यसले अर्थ निकाल्दछ। जब हामीसँग लैङ्गिक सम्बन्ध रहदँछ, तब हामी त्यस व्यक्तिसँग एकम हुँदछौं।

पति र पत्नी एक हुनु सुन्दर कुरा हो। विवाहमा एकपनता भनेको लैङ्गिक सम्बन्ध मात्रभन्दा पनि अधिक नै हो। परमेश्वरको योजनामा, पति र पत्नी प्रेममा, दयामा, र उद्देश्यमा एक हुँदछन्। पतिले आफ्नी पत्नीलाई प्रेम गर्नुपर्छ र पत्नीले आफ्नो पतिलाई आदर गर्नुपर्छ। तिनीहरू एकसाथ मिसाइन्छन् र एक बन्दछन् जसरी परमेश्वर पनि मण्डलीसँग एक हुनुभयो।

२ दोश्रो कारणः प्रजननका निम्ति वैवाहिक सम्बन्धमा गाँसिएका पति र पत्नी बीचमा लैङ्गिक सम्बन्ध राख्न सकिन्छ।

अनि परमेश्वरले तिनीहरूलाई आशिष दिनुभयो; र परमेश्वरले तिनीहरूलाई भन्नुभयोः "फल्दै-फुल्दै र बढ्दै जाओ! अनि पृथ्वीलाई भरिदेओ र त्यसलाई वशमा पार ! अनि समुन्द्रका माछामाथि, आकाशका पंक्षीमाथि र पृथ्वीमाथि चलफिल गर्ने हरेक जीवित प्राणीमाथि अधिकार राख!" उत्पत्ती १:२८

परमप्रभुले नूह र तिनका छोराहरूलाई आशिष दिनुभयो, र तिनीहरूलाई भन्नुभयोः "फल्दै-फुल्दै, संख्यामा बढ्दै जाओ र पृथ्वीलाई भरिदेओ! उत्पत्ती ९:१

अनि तिमीहरू फल्दै-फुल्दै र संख्यामा बढ्दै जाओ! पृथ्वीलाई प्रशस्त गरी भरिदेओ, र यसमा संख्यामा बढ्दै जाओ!" उत्पत्ती ९:७

बाबु र आमा बीचमा गहिरो प्रेम भएको र नानीहरूलाई पनि गहिरिएर प्रेम गर्ने प्रेमिलो पालन-पोषण गरिने घरमा नानीहरू हुर्किएको परमेश्वर चाहनुहुन्छ। बाबु-आमाले आफ्ना नानीहरूलाई प्रेम गर्नुपर्छ, हेरचाह दिनुपर्छ, प्रबन्ध गरिदिनुपर्छ, तालिम प्रदान गर्नुपर्छ, र अनुशासनमा राख्नुपर्छ। यो अति नै सुन्दर योजना हो। हाम्रो समाजको इन्कार र विद्रोहको बाबजुद, यो अझै पनि परमेश्वरबाटको योजना नै हो।

प्रेमिलो बाबु-आमा नभएकाहरू मध्ये तपाई पनि एक हुनुहुन्छ भने, परमेश्वरको सहायता र निर्देशन् अनुसार, तपाईको अभिभावकहरूले गरेजस्तै गरी तपाईले त्यही भूल नगर्नुभएको होस् भनि विचार गर्नुहोस्। याद राख्नुहोस्, परमरश्वरले तपाईलाई धेरै प्रेम गर्नुहुन्छ र उहाँले तपाईका चोट र पिडालाई निको पार्न चाहनुहुन्छ। उहाँ तपाईको साथमा भइकन, तपाई उहाँले चाहनुभएजस्तै बन्न सक्नुहुन्छ।

३ तेश्रो कारणः आफ्ना आनन्दका निम्ति वैवाहिक सम्बन्धमा गाँसिएका पति र पत्नी बीचमा लैङ्गिक सम्बन्ध राख्न सकिन्छ।

जब यौनको सन्दर्भ आउँदछ, तब धेरैले परमेश्वरलाई आनन्दमा वाधा पुर्याउने कारकको रुपमा हेर्दछन्। यो सत्य होइन। जब परमेश्वरको योजना अनुरुप यसको प्रयोग हुन्छ भने, पति र पत्नी बीचनको यौन सम्बन्ध निकै आनन्दमय र सन्तोषजनक हुँदछ। परमेश्वरले यौन सम्बन्धमा एकमात्र प्रतिबन्ध राखिदिनुभएको छ, र त्यो प्रतिबन्ध हो यो वैवाहिक जोडी बीच मात्र गरिनुपर्दछ।

तलका शास्त्रहरूका खण्डहरूमा, हरेक पदले एक तरीकाले वा अन्य, पति र पत्नीबीचको यौन सम्बन्धको बारेमा चर्चा गरिरहेको छ। यस पदहरूले, अरुहरूसँग होइन, तर हामीले आफ्नै पत्नीहरूसँग आनन्द मनाउनुपर्छ भनि निर्देशन प्रदान गरिरहेको छ। यी खण्डहरूका मूल निष्कर्ष आनन्द र प्रसन्नता हो।

तिम्रो आफ्नै हौजबाट पानी पिऊ, र तिम्रो आफ्नै कुवाबाट उम्रिरहेको पानी पिऊ! के तिम्रा धाराहरू यताउति पोखिऊन्? र पानीका खोलाहरू सडकहरूमा बगुन्? ती तिम्रै लागि मात्र होऊन्, र तिमीसँग पराईहरूले नपाऊन्। तिम्रो धारा आशिषित होओस्; अनि आफ्नो जवानीको पत्नीसँग आनन्दित होऊ! ऊ एउटी मायालु हरिणी र एउटी मनोहर मृगी हो; हर समय उसका स्तनहरूले तिमीलाई सन्तुष्ट राखून्; अनि उसैको प्रेममा सधैँभरि मग्न होऊ! हे मेरा छोरा, तिमी किन पराई स्त्रीसँग मोहित हुन्छौ? र परस्त्रीको छातीलाई अँगाल्दछौ? हितोपदेश ५:१५-२०

विवाहमा यौन सम्बन्ध "शुद्ध हो भनि बाइबलले बताएको छ। परमेश्वरको अनुमति र आशिष नरहेको भनि हामीले यसमा आनन्द नमनाउनुको कुनै कारण नै छैन।

विवाह सबैको बीचमा आदरको योग्य मानियोस्, र ओछ्यान निष्कलकं रहोस्; तर व्यभिचारीहरू र परस्त्रगामीहरूलाई परमेश्वरले न्याय गर्नुहुनेछ। हिब्रु १३:४

श्रेष्ठगीतको सम्पूर्ण पूस्तक पति र पत्नी बीचको स्वतन्त्र प्रेम सम्बन्धको (समय-समयमा यौन सम्बन्ध) आनन्दतर्फ समर्पित रहेको छ।

उहाँले मलाई आफ्ना मुखका चुम्बनहरूले चुम्बन गरून्किनकि तपाईको प्रेम दाखमद्यभन्दा उत्तम छ। ! तपाईका उत्तम तेलहरूयसैले कन्या ;को सुगन्धले गर्दा तपाईको नाम खन्याइएको तेलजस्तै छहरूले तपाईलाई पछि दगुर्-हामी तपाईको पछि !प्रेम गर्छन्। मलाई खिँच्नुहोस्नेछौंराजाले मलाई आफ्ना कोठा ;हरूमा हामी तपाईको प्रेम दाखमद्यभन्दा बढी सम्झना ;रमाउनेछौं र आनन्द गर्नेछौं तपाईमा हामी ;ल्याउनुभएको छ तिनी ;गर्नेछौंहरू ले तपाईलाई सच्चा रीतिले प्रेम गर्छन्। श्रेष्ठगीत १:२-४

हे मेरा प्रिय ;मनोहर हुनुहुन्छ ,अँ ;तपाई सुन्दर हुनुहुन्छ ,अँहाम्रो ओछ्यान हरियो छ। , श्रेष्ठगीत १:१६

त्यहाँ केही मानिसहरू छन् जसले भन्दछन् मानिस पापद्वारा पतन भएपछि मात्र यौन सम्पर्क शुरु भएको हो, र यो हाम्रो पापी स्वभावको कारण भएको हो, त्यसैले यो स्वभावतः दुष्ट छ। यसको लागी कुनै बाइबलिय ठोस जग रहेको छैन। यथार्थमा, पापद्वारा पतन हुनु अघि नै "एकै शरिर" हुनु र बढ्दै जानु भन्ने निर्देशन प्रदान

गरिएको हो। पापी स्वभावको कारणले यौन सम्बन्धको थालनी भएको होइन भनि यसले प्रष्ट संकेत प्रस्तुत गर्दछ। यो र परमेश्वरद्वारा प्रदान गरिएको - सुन्दर वरदान हो र, परमेश्वरको इच्छा अनुसार प्रयोग गरिएमा, यो परमेश्वरलाई आदर दिने आनन्दमय अनुभव हो।

परमेश्वरको योजनामा विकृति – जब यौन कार्य पाप बन्दछ

हामी सबैलाई थाहा छ, संसार यौनबाट आसक्त रहेको छ। यौन प्रेमको सन्दर्भमा यदि कुनै व्यक्तिले दुरदर्शन, चलचित्र, संगित, उपन्यास, पत्रिका, इन्टरनेट, संसारिक मनोचिकित्सक वा अन्य संसारिक श्रोतहरूबाट थाहा गर्दछ भने, परमेश्वरद्वारा प्रदान गरिएको स्वतन्त्र प्रेमको बयानभन्दा उसको दृष्टिकोण भिन्दै हुँदछ।

फेरी, वैवाहिक सम्बन्धमा गाँसिएका पति र पत्नीबीचमा मात्र यौन प्रेम व्यक्त गरिनुपर्दछ। विवाह अघि हुने कुनै पनि यौन कार्य, विवाह हुनु अघि नै साथ बस्ने, र विवाह वाहेकका कुनै पनि यौन सम्बन्धहरू पाप हुन्। कुनै पनि तरीकाबाट काम बासना, अनैतिकता, व्यभिचार, अनैतिक यौन सम्बन्ध वा एकदिनको शारिरिक सम्बन्ध, समलिङ्गी, बाल र जवान यौन दुर्व्यसनी, नराम्रो कुराकानी, अश्लिल चुट्किला, अश्लिल दृश्य, आदी, आदी, आदी कार्यहरू भएको परमेश्वर चाहनुहुन्न। यो छल-कपट, निरासा, क्रोध, र चोटको कारण भएको परमेश्वर चाहनुहुन्न।

यौन विकृतिले हजारौं महिला र जवान नानीहरूलाई, केटा र केटी दुवैलाई नै, यौन कार्यमा लाग्न र दास हुनको लागी संसारभरि किनबेच गरिन बाध्य गराएको छ। परमेश्वरले जे असल होस् भनि चाहना गर्नुभएको थियो सो विश्वासै गर्न नसकिने कष्ट र पिडाको कारक बनेको छ।

किनकी परमेश्वरको इच्छा यही हो – तिमीहरूको पवित्रता; तिमीहरू व्यभिचारबाट अलग बस; ४ र तिमीहरूमध्ये हरेकले कसरी पवित्रता र आदरको साथमा आफ्नो पात्रलाई प्राप्त गर्नुपर्छ, सो जानोस्; ५ परमेश्वरलाई नचिन्ने ती अन्यजातिहरूले जस्तै कुइच्छाको प्रबल वासनाले होइन। १थेस्सोलोनिकी ४:३-५

पापमय यौन कार्यलाई दर्शाउने बाइबलिय शब्दहरू

गलत यौन व्यवहार दर्शाउनको लागी बाइबलमा धेरै शब्दहरूको प्रयोग गरिएको छ।

१ व्यभिचार

व्यभिचारको परिभाषा यसरी दिइएको छ – अविवाहित व्यक्तिसँग हुने शारिरिक सम्बन्ध। (स्पिरोस् जोडिएट्स, नयाँ नियमको पूर्ण शाब्दिक शब्दाकोष, पृष्ठ ९९४।

तिमीले व्यभिचार नगर्नू! प्रस्थान २०:१४ र व्यवस्था ५:१८

अनि जुन मानिसले अर्को मानिसको स्वास्नीसँग व्यभिचार गर्छ अर्थात् आफ्नो छिमेकीकी स्वास्नीसँग व्यभिचार गर्छ, यस व्यभिचारी र यस व्यभिचारिणी दुवै निश्चय नै मारिऊन्! अनि जुन मानिसले अर्को मानिसको स्वास्नीसँग व्यभिचार गर्छ अर्थात् आफ्नो छिमेकीकी स्वास्नीसँग व्यभिचार गर्छ, यस व्यभिचारी र यस व्यभिचारिणी दुवै निश्चय नै मारिऊन्! लेवी २०:१०

जसले कुनै स्त्रीसँग व्यभिचार गर्छ, त्यससँग समझ हुँदैन; यस्तो काम गर्ने मानिसले आफ्नै प्राणलाई नष्ट गर्छ। हितोपदेश ६:३२

किनभने हृदयबाट नै खराब विचार, हत्या, परस्त्रीगमन, व्यभिचार, चोरी, झूटा साक्षी, निन्दाहरू निस्कन्छन्। मानिसलाई अशुद्ध पार्ने कुराहरू यी नै हुन्; तर नधोइएका हातले खानाले मानिसलाई अशुद्ध पार्दैन"। मत्ती १५:१९-२०

जसका आँखाहरू व्यभिचारले भरिभराउ हुन्छन्; र ती पाप नगरी रहन सक्दैनन्; तिनीहरू अस्थिर प्राणहरूलाई फसाउँछन्; तिनीहरूको हृदय लोभी व्यवहारमा अभ्यस्त भएको हुन्छ; ती श्रापित सन्तान हुन्। २ पत्रुस २:१४

यहाँ कुनै प्रश्न छैन। परमेश्वरको वचनअनुसार विवाह वाहेकका कुनै पनि यौन सम्बन्धहरू गलत र पापपूर्ण हुन्।

२ परस्त्रीगामी वा यौन अनौतिकता

सामान्य रुपमा, अविवाहित जोडी बीचमा हुने यौन सम्बन्धलाई परस्त्रीगामी भनिन्छ, भने अर्कैसँग विवाह भइसकेको व्यक्तिहरू बीच हुने यौन सम्बन्धलाई व्यभिचार भनिन्छ। यद्यपि, परस्त्तीगमनलाई प्राय फराकिलो ढङ्गमा प्रयोग गरिन्छ र हरेक किसिमका यौन पापहरूलाई यसले समावेश गर्दछ।

"परस्त्रीगमन" शब्दलाई किङ्ग जेम्स भर्सनमा (*King James Version)* प्राथमिक रुपमा प्रयोग गरिएको पाइन्छ। नयाँ अन्तराष्ट्रिय संस्करणले (*The New International Version)* "यौन अनौतिकता" शब्दको पर्योग गरेको पाइन्छ वा समय-समयमा, जब सहुउँदो हुदँछ, यसले "वेश्वैत्ती" वा अन्य उपयुक्त शब्दहरूको प्रयोग गरेको पाइएको छ। नयाँ अमेरिकन गुणस्तर बाइबलले *(The New American Standard Bible)* "परस्त्रीगमन" र " अनौतिकता" यी दुवै शब्दको प्रयोग गरेको पाइएको छ।

"परस्त्रीगमन" र "यौन अनौतिकता" फराकिलो शब्दहरू हुन् जसमा हेरक प्रकारका यौन पापहरू समावेश हुँदछन्, (जोडियट्स, पृष्ठ १२०१)

व्यभिचारदेखी भाग ! हरेक पाप जो मानिसले गर्दछ, त्यो शरिरदेखी बाहिर हुन्छ; तर जसले व्यभिचार गर्दछ, त्यसले आफ्नै शरिरको विरोधमा पाप गर्दछ। १कोरिन्थी ६:१८

तर डराउनेहरू, विश्वास नगर्नेहरू, घिनलाग्दाहरू, हत्याराहरू, व्यभिचारीहरू, टुनामुना गर्नेहरू, मूर्तिपूजा गर्नेहरू र सबै झूट बोल्नेहरूको भागचाँही आगो र गन्धकले जलिरहेको झीलभित्र हुनेछ; यो दोश्रो मृत्यु हो"। प्रकाश २१:८

किनकी परमेश्वरको इच्छा यही हो – तिमीहरूको पवित्रता; तिमीहरू व्यभिचारबाट अलग बस; ४ र तिमीहरूमध्ये हरेकले कसरी पवित्रता र आदरको साथमा आफ्नो पात्रलाई प्राप्त गर्नुपर्छ, सो जानोस्; १थेस्सोलोनिकी ४:३-४

अब शरिरका कामहरू प्रकट छन्, ती यी हुन्; परस्त्रीगमन, व्यभिचार, अशुद्धता, कामुकता, मूर्तिपूजा, टुनामुना, शत्रुता, झगडा, डाहा, क्रोध, विरोध, फूट, दलबन्दी, द्वेष, हत्या, मतवालापन, मोजमज्जा र यही प्रकारका कुराहरू; जुन कुराहरूका विषयमा म तिमीहरूलाई पहिल्यै भन्दछु, जसरी अघि नै भनिसकेको पनि छु; यस्ता-यस्ता काम गर्नेहरू परमेश्वरका राज्यका हकवाला हुनेछैनन्। गलाती ५:१९-२१

३ अशुद्धता वा मैला

जब बाइबलमा प्राय "मैला" शब्दको प्रयोग हुँदछ, तब यसले इस्राएल राष्ट्रको लागी मोशाबाट परमेश्वरले प्रदान गर्नुभएको पूरानो नियमको व्यवस्था अनुसार मैला भएको हो भनि बताउँदछ। यद्यपि, यौन पापको सम्बन्धमा पनि यसको प्रयोग हुने गरेको छ। यस मामलामा, सारा पापमय यौन कार्यकलापलाई यसले उल्लेख गर्दछ।

लाटिएको मन भएको हुनाले सबै अशुद्ध कामहरू लालसासाथ गर्नाका निम्ति तिनीहरूले आफूलाई कामुकताको वशमा सुम्पेका छन्। एफिसी ४:१९

तर जस्तो पवित्र जनहरूलाई सुहाउँछ, त्यस्तै तिमीहरूको बीचमा व्यभिचार, सबै अशुद्धता वा लोभको नामसम्म पनि नलिइओस्, एफिसी ५:३

कहीं म फेरी आउँदा तिमीहरूको बीचमा मेरा परमेश्वरले मलाई दीन तुल्याउनुहुन्छ कि, र ती पहिले पाप गर्ने, र आफूले गरेका अशुद्धता, व्यभिचार र कामुकताबाट पश्चाताप नगर्ने धेरैजनाका निम्ति मैले विलाप पो गर्नुपर्ला कि। २कोरिन्थी १२:२१

के यो तिमीहरूलाई थाह छैन? अधर्मीहरू परमेश्वरका राज्यका हकवाला हुनेछैनन्। धोका नखाओ; व्यभिचारीहरू, मुर्तिपूजकहरू, परस्त्रीगामीहरू, पुरुषगामीहरू, चोरहरू, लोभीहरू, मतवालाहरू, गाली बक्नेहरू र धूताहाहरू परमेश्वरका राज्यका हकवाला हुनेछैनन्। अनि तिमीहरूमध्ये कतिजना यस्तै थियौ; तर तिमीहरू धोइएका छौ, तर तिमीहरू प्रभु येशूको नाममा र हाम्रा परमेश्वरका आत्माद्वारा धर्मी ठहरिएका छौ। १कोरिन्थी ६:९-११

४ विलासिता वा कामुकता वा व्यभिचार

विलासिता भन्नाले अधिक यौन इच्छा, बन्देजको गैरहाजिरी, वा आनन्दका निम्ति अतृप्त चाहना हो। (जोडिएट्स, पृष्ठ २७०) आज हामी यसलाई यौन कुलत पनि भन्दछौं। यो शरिरको कार्य हो भनि सजिलै थाहा गर्न सकिन्छ र यसलाई पाप भनि परिचित गराइएको छ।

लाटिएको मन भएको हुनाले सबै अशुद्ध कामहरू लालसासाथ गर्नाका निम्ति तिनीहरूले आफूलाई कामुकताको वशमा सुम्पेका छन्। एफिसी ४:१९

अब शरिरका कामहरू प्रकट छन्, ती यी हुन्; परस्त्रीगमन, व्यभिचार, अशुद्धता, कामुकता, २० मूर्तिपूजा, टुनामुना, शत्रुता, झगडा, डाहा, क्रोध, विरोध, फूट, दलबन्दी, गलाती ५:१९-२०

किनकी हामीले हाम्रो जीवनको बितेको जो समय अन्यजातिहरूको इच्छाअनुसार गर्नामाः कामुकता, अभिलाषा, मतवालापन, मोजमज्जा, रक्सीधोकाइ र घिनलाग्दा मूर्तिपूजाहरूमा बितायौं, त्यही हाम्रा लागि काफी भयो; १पत्रुस ४:३

यौनको लागी परमेश्वरबाटको योजनामा पापपूर्ण विकृति

तल प्रस्तुत गरिएका कुराहरू सबै नै परमेश्वरबाटको योजना र उहाँको निर्देशनहरूमा भएका विकृतिहरू हुन्।

१ तपाईसँग विवाह नभएको हरेकसँग व्यक्तिसँगको यौन सम्पर्क।

तिमीले व्यभिचार नगर्नू! प्रस्थान २०:१४ र व्यवस्था ५:१८

किनभने हृदयबाट नै खराब विचार, हत्या, परस्त्रीगमन, व्यभिचार, चोरी, झूटा साक्षी, निन्दाहरू निस्कन्छन्। मानिसलाई अशुद्ध पार्ने कुराहरू यी नै हुन्; तर नधोइएका हातले खानाले मानिसलाई अशुद्ध पार्दैन"। मत्ती १५:१९-२०

एक "भाइ" जो यौन अनौतिकतामा फसेको छ ऊसँग व्यवहार नगर्नको लागी परमेश्वरले हामीलाई निर्देशन प्रदान गर्नुभएको ।

तर भाइ कहलिएर पनि यदि कोही मानिस व्यभिचारी, वा लोभी, वा मूर्तिपूजक, वा गाली बक्ने, वा मतवाला, वा धुताहा हो भने त्यससँग सङ्गति नगर्नू भनि अब मैले तिमीहरूलाई लेखेको छु; त्यस्तो मानिससँग खाँदै नखानू पनि। १कोरिन्थी ५:११

२ विवाह बिना साथ रहेको।

विवाह बिना पनि साथ बस्ने कुरालाई हाम्रो समाजले स्वीकार गरेको छ, तर परमेश्वरको नजरमा यो पाप हो – यौन अनौतिकता। हाम्रो समाजमा र धेरै मण्डलीहरूमा यो स्वीकार्य भए तापनि, यो पापमय हो र गलत छ अनि यसलाई कुनै पनि व्यक्तिगत ख्रीष्टियन वा मण्डलीले स्वीकार गर्नुहुँदैन। कोही यस किसिमको सम्बन्धमा रहेका छन् भने तिनीहरूले परमेश्वरबाटको आशिष प्राप्त गर्न सक्दैनन्। अनि ती मण्डलीहरू जसले यस कार्यलाई क्षमा दिँदछन् तिनीहरूले पनि परमेश्वरबाटको आशिषलाई प्राप्त गर्न सक्दैनन्। बाइबल अनुसार, मण्डलीहरूले ती जो-जति अनौतिकतामा जिइरहेका छन् तिनीहरूलाई अनुशाषित गरिकन पवित्रतालाई प्रोत्साहन गर्नुपर्छ।

३ विवाहमा सम्बन्धमा नभएको व्यक्तिसँगको यौनका अन्य प्रकारहरू, मौखिक यौन कार्य समेत।

तर जस्तो पवित्र जनहरूलाई सुहाउँछ, त्यस्तै तिमीहरूको बीचमा व्यभिचार, सबै अशुद्धता वा लोभको नामसम्म पनि नलिइओस्, ४ न ता फोहोर कुरा, न ता मूर्खतापूर्ण बातचित, न ता ठट्टादिल्लगी; यी सुहाउने कुराहरू होइनन्; तर बरू धन्यवाद नै चढाइयोस्। एफिसी ५:३-४

लाटिएको मन भएको हुनाले सबै अशुद्ध कामहरू लालसासाथ गर्नाका निम्ति तिनीहरूले आफूलाई कामुकताको वशमा सुम्पेका छन्। एफिसी ४:१९

हालका वर्षहरूमा, राष्ट्रिय अगुवाहरूको उदाहरणलाई पछ्याइकन, धेरैले भनेका छन् की मौखिक यौन कार्य गलत होइन किनकी यो वास्तविक यौन संभोग होइन। यस किसिमका विचारहरू गलत विचारहरू हुन्। परमेश्वरको दृष्टिमा, विवाह बाहेकका मौखिक यौन कार्य वा अनेक प्रकारहरू यौन कार्यहरू अशुद्ध हुन्, र यो स्पष्ट रुपमा गलत र पापपूर्ण रहेको छ।

४ यौन कामबासना

तर म तिमीहरूलाई भन्दछु, जसकसैले कुनै स्त्रीलाई खराब इच्छाले हेर्छ, त्यसले अघि नै आफ्नो हृदयमा त्यससित व्यभिचार गरिसकेको हुन्छ। मत्ती ५:२८

किनकी संसारमा भएका सबै कुराहरू – शरिरको अभिलाषा, आँखाहरूको अभिलाषा र जीवनको सेखी पिताबाटको होइन, तर संसारबाटको हो। १यूहन्ना २:१६

किनकी हामीले हाम्रो जीवनको बितेको जो समय अन्यजातिहरूको इच्छाअनुसार गर्नामाः कामुकता, अभिलाषा, मतवालापन, मोजमज्जा, रक्सीधोकाइ र घिनलाग्दा मूर्तिपूजाहरूमा बितायौं, त्यही हाम्रा लागि काफी भयो; १पत्रुस ४:३

अशुद्ध लैङ्गिक कुराहरू विचार गर्नु पाप हो भनबिबाइबले प्रष्टसँग बताएको छ। मानिस भएकाले, कुनै पनि विचार हाम्रो दिमागमा पस्नबाट हामीले आफैलाई रोक्न सक्दैनौं; यद्यपि, अशुद्ध कुराहरू विचार गरिरहनु, वा कामुकता, पूर्ण रुपमा पापमय र गलत कुरा हो। हामीले अशुद्ध विचारहरूलाई परमेश्वरमा आदर पुग्नर कुराहरूद्वारा बदल गर्नुपर्छ।

५ जब विवाह नगरिएको व्यक्तितर्फ तपाईको भाव वा छुवाई यौन सम्बन्धी रहेको छ।

अशुद्ध यौन सम्बन्धी कुराहरूको विचार गर्नु पापपूर्ण हो भने, एक व्यक्तिलाई यौन सम्बन्धी भाव र छुवाई राख्नु पनि पापपूर्ण नै हो।

तर जस्तो पवित्र जनहरूलाई सुहाउँछ, त्यस्तै तिमीहरूको बीचमा व्यभिचार, सबै अशुद्धता वा लोभको नामसम्म पनि नलिइओस्, ४ न ता फोहोर कुरा, न ता मूर्खतापूर्ण बातचित, न ता ठट्टादिल्लगी; यी सुहाउने कुराहरू होइनन्; तर बरू धन्यवाद नै चढाइयोस्। एफिसी ५:३-४

६ अशिष्ट पहिरन वा तिब्र कामबासनालाई प्रोत्साहन गर्ने पहिरन लगाउनु।

तर म तिमीहरूलाई भन्दछु, जसकसैले कुनै स्त्रीलाई खराब इच्छाले हेर्छ, त्यसले अघि नै आफ्नो हृदयमा त्यससित व्यभिचार गरिसकेको हुन्छ। मत्ती ५:२८

यही प्रकारले स्त्रीहरूले लज्जालु स्वभाव र आत्मसंयमसित सुहाउने वस्त्रले आफूलाई सिंगारून्; बाटिएको केश, वा सुन, वा मोतीहरू, वा दामी-दामी वस्त्रले होइन, १तिमोथी २:९

यौन कामबासना पाप हो भनि परमेश्वरको वचनले स्पष्टसँग बताएको छ। जब एक व्यक्तिले (पुरुष वा स्त्री) अरुहरूमा तिब्र कामबासनाको विचारहरू उत्पन्न र प्रोत्साहन गराउने पहिरन लगाउँदछ भने, तिनीहरूले पनि पाप गरिरहेका छन्। जब एक व्यक्तिले टिपिक्क परेको वस्त्र लगाएर वा शरिरको अङ्गहरूलाई प्रदर्शित गरेर कसैलाई अशुद्ध विचारहरू सोच्न बाध्य गराउँछ भने, ती कामबासनाको सोचाई राख्ने मानिसहरूझैं तिनीहरू पनि गलत हुदँछन्। ख्रीष्टियन हुनाले, आफ्नो शरिरमा आकर्षित गराउन खोज्ने होइन, तर परमेश्वरको महिमा हुने गरी हामीले पहिरन गर्नुपर्छ। आफैमा यौन ध्यानाकर्षण गराउनेचाँही शारिरिक स्वभावबाट आउँदछ, परमेश्वरबाट होइन, र यो पाप हो।

७ बाइबलिय कारण अनुसारले पाचपाचुके नगरी पुनर्विवाह।

जबसम्म उसको पति जीवित रहन्छ, तबसम्म पत्नी व्यवस्थाद्वारा बाँधिएकी हुन्छे; तर उसको पति मरिगयो भने जससँग चाहन्छे, त्यसैसँग विवाह गरिनालाई ऊ स्वतन्त्र हुन्छे; तर प्रभुमा मात्र। १कोरिन्थी ७:३९

अनि उहाँले तिनीहरूलाई भन्नुभयोः "जसले आफ्नी स्वास्नीलाई त्याग्दछ र अर्कीलाई विवाह गर्दछ, त्यसले उसको विरोधमा व्यभिचार गर्दछ। १२ अनि स्त्रीले आफ्ना लोग्नेलाई त्यागेर अर्कोसँग विवाहित भई भने त्यसले व्यभिचार गर्दछे"। मर्कुस १०:११-१२

जबसम्म विवाहहित जोडीहरू जीवित रहिरहन्छन् तबसम्म विवाह रहिरहनुपर्छ भनि परमेश्वरले हामीलाई स्पष्ट निर्देशन प्रदान गर्नुभएको छ।

यहाँ ती शिक्षाहरू प्रस्तुत गरिएको छ जसलाई संसार र धेरै ख्रीष्टियन मण्डली दुवैले इन्कार गरिरहेका छन्। विवाहित जोडीहरू जीवित रहिन्जेल विवाह रहिरहनुपर्छ भनि परमेश्वर इच्छा गर्नुहुन्छ। पारपाचुकेद्वारा यस मेललाई तिनीहरूले तोड्न हुँदैन। दुई परिस्थितिहरूमा पारपाचुके गर्नको निम्ति परमेश्वरले अनुमति दिनुहुन्छ, तर यी दुवै परिस्थितिहरूमा संभव भएसम्म विवाहलाई जोगाउनुपर्दछ। यी शिक्षाहरूलाई इन्कार गरी पारपाचुके दिने र बाइबलिय आधार बिना नै फेरी विवाह गर्नुचाँही पाप हो। यो अनाज्ञाकारिता र विद्रोह हो। तिनीहरू बीचको लैङ्गिक मेललाई परमेश्वरले व्यभिचार भन्नुहुन्छ। यस पाठ्यक्रमको अध्याय निर्देश २१ले पारपाचुकेको विषयमा बृस्तित रुपमा व्यवहार गर्दछ।

८ वेश्यावृत्ती

तिमीहरूका शरिर ख्रीष्टका अङ्गहरू हुन्, के यो तिमीहरूलाई थाह छैन? तब के म ख्रीष्टका अङ्गहरू लगेर वेश्याका अङ्गहरू बनाऊँ? कदापि हुँदैन! १कोरिन्थी ६:१५

अनि तैंले आफ्ना छिमेकीहरूसँगमासु ठूलो भएको मिश्री ,हरू सँग वेश्याकोकाम गरेको छस्र मलाई रिस , कर्म-उठाउनलाई आफ्ना वेश्याहरूप्रशस्त गरी बढाएकी छस्। इजकिएल १६:२६

मैले मैदानमा, डाँडाहरूमाथि तेरा व्यभिचारहरू, तेरा हिनहिनाइहरू, तेरा वेश्या-पनाको कामुकता र तेरा घृणित वस्तुहरू देखेको छु। हे यरूशलेम, तँलाई हाय! के तँ शुद्ध हुनेछैनस्? अझै कति समयपछि?" यर्मिया १३:२७

फेरी पनि, बाइबल प्रष्ट छ। कुनै पनि तरीकाका वेश्यावृत्ती पाप हो।

९ समलिङ्गी

फेरी पनि, परमेश्वरको वचन प्रष्ट छ। बाइबल अनुसार, समलिङ्गी पाप हो।

तिमीले स्त्रीसँग झैँ गरी पुरुषगमन नगर्नू; यो ता घृणित कार्य हो। लेवी १८:२२

यही कारणले गर्दा परमेश्वरले तिनीहरूलाई नीच कामनाहरूकै निम्ति त्यागिदिनुभयो; किनकी तिनीहरूका स्त्रीहरूले पनि स्वाभाविक व्यवहारलाई अस्वाभाविक व्यवहारसँग साटे; अनि त्यही प्रकारले पुरुषहरूले पनि स्त्रीहरूसितको स्वाभाविक व्यवहार त्यागेर पुरुषहरूले पुरुषहरूसितै शर्मलाग्दो काम गर्दै एक-अर्काप्रति आफ्नो कामुकताले जले, र आफ्नो भ्रष्ट चालको उचित दण्ड आफैमा पाए। अनि जसरी तिनीहरूले आफ्नो ज्ञानमा परमेश्वरलाई राख्र चाहेनन्, यसरी नै नसुहाउँदा कामहरू गरुन् भनेर परमेश्वरले तिनीहरूलाई भ्रष्ट भएको मनको वशमा सुम्पिदिनुभयो; रोमी १:२६-२८

के यो तिमीहरूलाई थाह छैन? अधर्मीहरू परमेश्वरका राज्यका हकवाला हुनेछैनन्। धोका नखाओ; व्यभिचारीहरू, मुर्तिपूजकहरू, परस्त्रीगामीहरू, पुरुषगामीहरू, चोरहरू, लोभीहरू, मतवालाहरू, गाली बक्रेहरू र धूताहाहरू परमेश्वरका राज्यका हकवाला हुनेछैनन्। अनि तिमीहरूमध्ये कतिजना यस्तै थियौ; तर तिमीहरू धोइएका छौ, तर तिमीहरू प्रभु येशूको नाममा र हाम्रा परमेश्वरका आत्माद्वारा धर्मी ठहरिएका छौ। १कोरिन्थी ६:९-११

१० अश्लिल साहित्य र "यौन साधन"।

किनकी संसारमा भएका सबै कुराहरू – शरिरको अभिलाषा, आँखाहरूको अभिलाषा र जीवनको सेखी पिताबाटको होइन, तर संसारबाटको हो। अनि संसार बितिजान्छ, र त्यसको अभिलाषा पनि, तर जसले परमेश्वरको इच्छा पालन गर्छ, ऊ सदा-सर्वदा रहन्छ। १यूहन्ना २:१६-१७

अश्लिल सहित्य हेर्ने वा "यौन साधन"को प्रयोग गर्ने कुराहरू वास्तविक यौन कामुकता हुन्। यो पाप हो। कुनै पनि दृश्य, चित्र, भिडियो, सन्चार प्रौद्योगिकी (वेभ साइट), सदृश्य प्रदर्शन, विज्ञापन वा अन्य कुनै पनि कुरा जसलाई यौन भावनालाई उत्तेजित गर्नको निम्ति वा तिब्र कामबासनाको निम्ति योजना गरिएको हुन्छ। यी सबै कुराहरू परमेश्वरबाटको होइन; यो हाम्रो पापी स्वभावबाटको हो। यसले स्वस्थ यौन प्रवृत्तीलाई नष्ट गर्दछ र यसले अकथनिय विवाहहरूलाई पनि नष्ट गरिसकेको छ।

११ जनावरसँगको यौन कार्य।

अनि तिमीले त्यसद्वारा आफूलाई अशुद्ध तुल्याउनका निम्ति कुनै पशुगमन नगर्नू; अनि कुनै स्त्री पशुसँग कुकर्म गर्नलाई त्यसको सामु खडा नरहोस्; यो ता भ्रष्टता हो। लेवी १८:२३

जनावरसँगको यौन कार्य गरेको खण्डमा पूरानो नियमको व्यवस्थाले कडा दण्ड दिन्थ्यो।

हरेक जसले पशुसँग कुकर्म गर्छ, त्यो निश्चय नै मारियोस! प्रस्थान २२:१९

१२ यौन दुर्व्यहवहार

पति र पत्नीबीचमा प्रेम र एकता व्यक्त होस् भन्नको लागी यौनचाँही परमेश्वरद्वारा प्रदान गरिएको सुन्दर वरदान हो। नानीहरू वा यूवाहरूमा कुनै किसिमको यौन दुर्व्यवहार होस् भनि परमेश्वरले कहिल्यै पनि चाहना गर्नुभएन।

नानीहरू र जवानहरू दुवैमा यौन दुर्व्यवहारले कति पिडा र चोट निम्त्याएको छ भन्ने कुरा हाम्रो समझभन्दा बाहिर रहेको छ। यौन दुर्व्यवहारको शिकार तपाई हुनुहुन्छ भने, परमेश्वरबाट तपाईलाई कति गहिरो प्रेम र मूल्य प्रदान गरिएको छ भन्ने कुरालाई सम्झना गर्नुहोस्। यौन दुर्व्यवहार हुनु भनेको त्यस व्यक्तिको कुनै पनि मोल र मूल्य नरहेको संकेत दिनु हो। तपाई अधुरो वा असामान्य भएकाले गर्दा तपाईलाई यौन दुर्व्यवहार गरिएको होइन। तपाईलाई यौन दुर्व्यवहार गरियो किनभने तपाईलाई यौन दुर्व्हवहार गर्ने मानिसहरूमा पापपूर्ण स्वभाव रहेको छ र तिनीहरूले त्यस स्वभावलाई नियन्त्रण गर्न खोजेनन्। यो तिनीहरूका पाप हो, तपाईको होइन।

परमेश्वरले तपाईलाई धेरै प्रेम गर्नुहुन्छ र उहँले तपाईलाई उच्च मूल्यतामा राख्नुहुन्छ, यसकारण उहँ तपाईको लागी मर्नुभयो, ताकी तपाईका सारा पापहरू क्षमा गरि सकिऊन् र तपाई पूर्णरुपले शुद्ध र सफा हुन सक्नुभएको होस् अनि तपाई उहँको सन्तान हुन सक्नुभएको होस्। तपाई परमेश्वरको सन्तान भएको र तपाई उहाँसछगै हिँडेको उहाँ चाहनुहुन्छ। परमेश्वर चोटमा परेको हृदयहरूलाई निको पार्न चाहनुहुन्छ। उहाँसँग-सँगै हिँड्न सिक्नुहोस् र उहाँलाई तपाईको आत्मा निको पार्न दिनुहोस्। परमेश्वरको सहायताद्वारा, अरु मानिसहरूले गरेजस्तै तपाई आफूले पनि गल्तीहरू नदोहोर्याउनुहोस् र तपाई आफैले चोट पाएझैं गरी अरुलाई चोट नदिनुहोस्।

अरु पापहरूजस्तै, यौन सम्बन्धी पापलाई पनि परमेश्वरले न्याय गर्नुहुन्छ।

जब एक व्यक्तिले परमेश्वलाई इन्कार गर्दछ र उहाँका शिक्षाहरूको विरोधमा विद्रोह गर्दछ, तब उसले त्यसको मूल्य चुकाउनुपर्छ।

किनकी तिनीहरूले ज्ञानलाई घृणा गरे, र परमप्रभुको भयलाई रोजेनन्; तिनीहरूले मेरो कुनै सल्लाह चाहेनन्; तिनीहरूले मेरो सबै हप्कीलाई तुच्छ ठाने। यसकारण तिनीहरूले आफ्नै चालचलनको फलबाट खानेछन् र आफ्ना युक्तिहरूले अघाउनेछन्। हितोपदेश १:२९-३१

धोकामा नपर; परमेश्वर ठट्टामा उडाइनुहुन्न; किनकी मानिसले जे छर्छ, त्यसैको कटनी पनि गर्नेछ। ८ किनकी जसले आफ्नै शरिरका निम्ति छर्छ, त्यसले शरिरबाट विनाशको कटनी गर्नेछ; तर जसले आत्माका निम्ति छर्छ, उसले आत्माबाट अनन्त जीवनको कटनी गर्नेछ। गलाती ६:७-८

जसले जय पाउँछ, ऊ सबै कुराहरूको हकदार हुनेछ; अनि म उसको परमेश्वर हुनेछु, अनि उही मेरो छोरो हुनेछ। तर डराउनेहरू, विश्वास नगर्नेहरू, घिनलाग्दाहरू, हत्याराहरू, व्यभिचारीहरू, टुनामुना गर्नेहरू, मूर्तिपूजा गर्नेहरू र सबै झूट बोल्नेहरूको भागचाँही आगो र गन्धकले जलिरहेको झीलभित्र हुनेछ; यो दोश्रो मृत्यु हो"। प्रकाश २१:७-८

परमेश्वरको निर्देशनहरूको विरोध गर्नाले बहुसङ्ख्यक चोट र समस्याहरू निम्त्याउँदछ र ती समस्याहरू जीवनभरिसम्म नै रहिरहन सक्दछन्। नबताइएका समस्याहरू, दोष-बोध, चोट, र जीवनभरिको पछुताऊहरू सबै नै परमेश्वरको स्तरलाई इन्कार गरेर आफ्नै तरीकाद्वारा हिँडेकाले हुन आउँदछन्। जब एक व्यक्तिले आफ्नो पापबाट पश्चाताप गर्दैन, यौन सम्बन्धी पापहरू समेत गरी, परमेश्वरबाट अलग भइ उसले अनन्तताको लागी नरकमा रहनुपर्ने हुन्छ।

के यो तिमीहरूलाई थाह छैन? अधर्मीहरू परमेश्वरका राज्यका हकवाला हुनेछैनन्। धोका नखाओ; व्यभिचारीहरू, मुर्तिपूजकहरू, परस्त्रीगामीहरू, पुरुषगामीहरू, चोरहरू, लोभीहरू, मतवालाहरू, गाली बक्रेहरू र धूताहाहरू परमेश्वरका राज्यका हकवाला हुनेछैनन्। अनि तिमीहरूमध्ये कतिजना यस्तै थियौ; तर तिमीहरू धोइएका छौ, तर तिमीहरू प्रभु येशूको नाममा र हाम्रा परमेश्वरका आत्माद्वारा धर्मी ठहरिएका छौ। १कोरिन्थी ६:९-११

जब पाप वास्तविकरुपमा स्वीकार गरिदँछ, सारा पापहरू, सारा यौन सम्बन्धी पापहरू समेत गरी, क्षमा गरिदँछ।

परमेश्वरले कसरी पूर्ण रुपमा पाप क्षमा गर्नुहुन्छ भनि तलका पदहरूले प्रस्तुत गर्दछः

तर जसरी उहाँ ज्योतिमा हुनुहुन्छ, उसरी नै हामी ज्योतिमा हिँड्छौं भने एक-अर्कासँग हाम्रो संगति हुन्छ, र उहाँका पुत्र येशू ख्रीष्टको रगतले हामीलाई सब पापबाट शुद्ध पार्छ। १यूहन्ना १:७

अनि तिमीहरू आफ्ना पापहरू र आफ्नो शरिरको खतना नभएको अवस्थामा मरेका हुँदा तिमीहरूका सबै अपराधहरू क्षमा गरेर उहाँले तिमीहरूलाई उहाँसित जीवित पार्नुभएको छ; कलस्सी २:१३

उहाँले तिम्रा सबै अधर्महरू क्षमा गर्नुहुन्छ;... भजनसंग्रह १०३:३क

किनकी तिनीहरूका अधर्महरूतर्फ म कृपालु हुनेछु, र तिनीहरूका पापहरू र तिनीहरूका अपराधहरू म कहिल्यै सम्झना गर्नेछैनँ। हिब्रु ८:१२ हेरनुहोस्; यर्मिया ३१:३४ र यशैया ४३:२५

पश्चिमदेखी पूर्वजति टाढो छ, त्यति नै उहाँले हाम्रा अपराधहरू हामीदेखी टाढो हटाउनुभएको छ। भजनसंग्रह १०३:१२

... उहाँले हाम्रा अधर्महरू वशमा पार्नुहुनेछ; अनि तपाईले तिनीहरूका सबै पापहरू समुन्द्रको गहिराइमा फालिदिनुहुनेछ। मीका ७:१९ख

... तिमीहरूका पापहरू सिन्दूरे रङ्गका भए तापनि ती हिँउजस्तै सेता हुनेछन्; ती गाढा राता भए तापनि ऊनजस्तै सेता हुनेछन्। यशैया १:१८ख

चोरहरू, लोभीहरू, मतवालाहरू, गाली बक्रेहरू र धूताहाहरू परमेश्वरका राज्यका हकवाला हुनेछैनन्। अनि तिमीहरूमध्ये कतिजना यस्तै थियौ; तर तिमीहरू धोइएका छौ, तर तिमीहरू प्रभु येशूको नाममा र हाम्रा परमेश्वरका आत्माद्वारा धर्मी ठहरिएका छौ। १कोरिन्थी ६:१०-११

उहाँले पूर्णरुपमा हाम्रा सारा पापहरू क्षमा गरिदिनुहुन्छ भनि पवित्रशास्त्रले बताउँदछ। यसमा सारा यौन सम्बन्धी पापहरू पनि समावेश हुन्छन्। एक व्यक्ति जो सबै प्रकारका विलासितामा सङ्लग्न भएको छ उसका सारा पापहरू पूर्ण रुपमा क्षमा गरिदँछन् र परमेश्वरद्वारा ऊ धर्मी ठहरिदँछ। हामीले यो कुरा भने बुझ्नु जरूरी रहेको छ की हाम्रा सारा पापहरू क्षमा गरिए तापनि यसका परिणामहरू भने सबै हटाइएको हुँदैन। क्षमा गरिनुको अर्थ हामी परमेश्वरसँगको संगतिमा हिँड्न सक्छौं र उहाँको राज्यलाई प्रचार गर्नको निम्ति हामी उहाँद्वारा प्रयोग गरिदँछौं भन्ने चाँही होइन।

यौन परीक्षाहरू जित्नलाई सुझाबहरू

"यसकारण भाइहरूहो, परमेश्वरका कृपाहरूद्वारा म तिमीहरूलाई विन्ति गर्दछुः आफ्ना शरिरहरूलाई तिमीहरूले पवित्र, परमेश्वरलाई मनपर्ने, जिउँदो बलिदानको रुपमा चढाइदेओ; यहि तिमीहरूको उचित सेवा हो। अनि यस संसारसित एकनासे नहोओ, तर परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के रहेछ, सो जाँचेर थाहा पाउनालाई आफ्नो मनको नयाँ हुवाइद्वारा तिमीहरू बदली हुदैँ जाओ"। रोमी १२:१-२

व्यभिचारदेखी भाग ! हरेक पाप जो मानिसले गर्दछ, त्यो शरिरदेखी बाहिर हुन्छ; तर जसले व्यभिचार गर्दछ, त्यसले आफ्नै शरिरको विरोधमा पाप गर्दछ। १कोरिन्थी ६:१८

हाम्रो समाज यौन र हिँसाद्वारा ग्रसित छ। प्रभु येशू ख्रीष्टमा कोही व्यक्ति प्रतिवद्ध हुन चाहन्छ र शुद्ध यौन जीवन जिउन चाहन्छ भने त्यस्ता व्यक्तिहरू थोरै संख्यामा मात्र रहेको हुँदछन्। समय-समयमा तपाईले मात्र यस किसिमको प्रतिवद्धता जाहेर गर्नुभएको रहेछ भनि तपाईले विचार गर्न सक्नुहुन्छ।

प्रभु येशू ख्रीष्टको लागी जिउने र उहाँसँगको हिँडाईमा बढ्नको लागी छनोट गर्नुहोस्। यदि तपाईको जीवनमा यो नै सबैभन्दा मजबुत प्रतिवद्धता रहेको छ भने, यसले तपाईलाई धेरै कडा परीक्षाहरू हुँदो लैजान्छ।

१ परमेश्वरको वचन नियमित रुपमा अध्ययन र आत्मसाथ गर्नुहोस्। प्रार्थना गर्न सिक्नुहोस्। विश्वासी जनहरूसँग नियमित संगति गर्नुहोस्।

२ प्रभुको सेवा गर्नको निम्ति तपाईको प्रतिवद्धतालाई हौसला दिने मित्रको छनोट गर्नुहोस्।

३ अशुद्ध कुराहरूले तपाईको मन भरपूर नपार्नुहोस्। वास्तवमा सारा दुरदर्शन टेली श्रृङ्खला, चलचित्र वा अरु कार्यक्रमहरू यौन विकृति र हिंसाले पूर्ण छन्। हाम्रो मन यी कुराहरू भर्नाले बाइबलिय शुद्ध जीवन जिउने हाम्रो

प्रतिवद्धता धुजा-धुजा पारिदँछ। तापईले कुनै पनि कामुक चलचित्र, अश्लिल साहित्य हेर्नुहुन्न र खराब कुरा पढ्नुहुन्न, वा कुनै यौन सन्चार प्रौद्योगिकीमा जानुहुँदैन, वा कुनैपनि सन्चार प्रौद्योगिकीमा गफ गर्नुहुन्न वा कुनै सम्पर्क राख्नुहुन्न भन्ने निर्णय लिनुहोस्।

४ उन्नति गर्ने ख्रीष्टियन संगितहरू सुन्नुहोस्। धेरै, शायद सबै, संसारका सबै संगितका मूलविषय यौन वा शोषण नै रहेको हुँदछ। संसारिक संगित तपाईको मनमा भर्नाले शुद्ध विचार र शुद्ध जीवनयापनको प्रतिवद्धतालाई धूजा-धूजा पार्दछ।

५ उद्धार नगरिएका "केटासाथी" वा "केटीसाथी" नबनाउनुहोस्। उद्धार नगरिएका मानसिहरूसँग भेट-घाट पनि नगर्नुहोस्। यदि कुनै ख्रीष्टियन व्यक्तिको नौतिक स्तर निम्न छ भने ऊसँग पनि भेट-घाट नगर्नुहोस्।

६ उच्च नौतिक स्तर भएका ख्रीष्टियनहरूसँग आफ्नो समस्याहरू बाँड्नको लागी इच्छा गर्नुहोस्।

७ तपाईको आँखा भविष्यमा नै लगाइराख्नुहोस्। अहिलेलाई यौन कार्यहरूलाई स्थगित गर्नुहोस् ताकी पछि तपाईले ती कुराहरूलाई विवाहमा सुन्दरतापूर्वक पूर्ण गर्नसक्नुभएको होस्।

८ तपाई परीक्षामा पर्न सक्ने परिस्थितिहरूलाई छाडिदिनुहोस्। समुहमा रहनुहोस् र स्वस्थ सामुहिक कार्यकलापहरूमा भाग लिनोस्। यौन कामबासनाका कार्यहरू हुने समारोहहरूमा नजानुहोस्। जवान साथीहरू, जब अभिभावकहरू घरमा हुँदैनन्, तब आफ्ना साथीहरूका घरमा नजानुहोस्।

९ गैरकानुनी लागुऔषध र सबै प्रकारका मद्यदेखी टाढा रहनुहोस्। निरन्तररुपमा लागुऔषध र मद्यको प्रयोग गरेमा त्यसले तपाईलाई गलत यौन चाहना र कार्यहरूलाई डोर्याउँदछ।

१० यो सुन्दा आत्मिकी नलाग्न सक्दछ, तर समय-समयमा, जवान मानिसहरूमा, जब शरिरको रासायनिक तत्व तिब्र हुँदछ, तब परमेश्वरमा सहायताको विन्ती गर्नुहोस् र "हिम्मतका साथ त्यसबाट निस्किनुहोस्"। तपाईले गर्नुभएको प्रतिवद्धतामा तपाई अडिग रहनुहोस्, यौन चाहना तिब्र भइरहेको बेलामा पनि।

मानिसमाथि आइपर्ने किसिमको परीक्षाबाहेक अरु परीक्षा तिमीहरूमाथि आइपरेको छैन; तर परमेश्वर विश्वासयोग्य हुनुहुन्छ, जसले तिमीहरूलाई तिमीहरूको शक्तिदेखी बाहिरको परीक्षामा पर्न दिनुहुनेछैन, तर तिमीहरूले सहन सक भनेर परीक्षाको साथ-साथ उम्किने बाटो पनि बनाउनुहुनेछ। १कोरिन्थी १०:१३

किनकी हाम्रा महापूजाहारी हाम्रा दुर्बलताहरूमा दुःखित हुन नसक्ने हुनुहुन्न; यर हामीहरूझैँ उहाँ सबै कुराहरूमा परीक्षित हुनुभयो, तरै पनि पापरहित हुनुहुन्छ। यसकारण हामी साहससँग अनुग्रहको सिंहासनको नजिकमा आऔँ, र दया पाऔँ, अनि खाँचो पर्दा सहायता पाउनालाई अनुग्रह प्राप्त गरौँ। हिब्रु ४:१५-१६

तेइस

अघि के छ? स्वर्गतर्फ अघि हेर्नुहोस्

हामीमध्ये धेरैजना भविष्यको बारेमा जान्न उत्सुक हुन्छौं। पछि के कुराहरू हुनेछन् भनि धेरै भयभित हुने गर्दछन्। ख्रीष्टियनहरूका लागी, डराउन कुनै कारण नै रहेको छैन। परमेश्वरले उहाँका मानिसहरू यस पृथ्वीमा रहुन्जेल तिनीहरूको हेरचाह, शुरक्षा, र खाँचाहरूमा प्रबन्ध गरिदिने प्रतिज्ञा गर्नुभएको छ, र उहाँसँग अनन्ततामा हामी रहन्छौं भनि हामी विश्वस्त पनि छौं।

बाइबलमा, परमेश्वरद्वारा प्रदान गरिएका सारा प्रतिज्ञाहरूमा नै हाम्रो "आशा" रहेको छ, विशेष गरी ती आशिषहरू जो आफ्ने मानिसहरूका लागी उहाँले भविष्यको निम्ति राखिरहनुभएको छ। जसरी परमेश्वर शुरक्षित र निश्चित हुनुहुन्छ त्यसरी नै त्यहाँ शुरक्षित आशाको निश्चयता पनि रहेको छ। यो निश्चयताको आशा हाम्रो आत्माको लागी लङ्गर हो।

र त्यस धन्य आशाको, र हाम्रा महान् परमेश्वर र मुक्तिदाता येशू ख्रीष्टको महिमापूर्ण आगमनको बाटो हेर्दै जिउनुपर्छ। तीतस २:१३

यसरी नै जब परमेश्वरले प्रतिज्ञाका हकदारहरूलाई, 'उहाँको मनसाय कहिल्यै बदलिन सक्दैन' भन्ने कुरा प्रशस्त गरी देखाउन चाहनुभयो; यसैले की हाम्रा सामु राखिएको आशालाई पक्रनका निम्ति शरण लिनालाई दगुरेकाहरूले अथात् हामीले यी दुईटा कहिल्यै बदलिन नसक्ने कुराहरूद्वारा, जसको विषयमा परमेश्वरले झूट बोल्नु असम्भव छ, बलियो सान्त्वना पाऔं। यो आशाचाँही हामीसित प्राणको लङ्गरजस्तै छ, जो शुरक्षित र दृढ छ, अनि पर्दाको भित्रपट्टिको स्थानसम्म प्रवेश गर्दछ; हिब्रु ६:१७-१९

यस पाठमा परमेश्वरले हामीलाई आशिषित आशाको बारेमा के शिक्षा दिनुहुन्छ भन्ने कुरालाई हामीले बृस्तित रुपरेखा निर्माण गर्दछौं – जसलाई परमेश्वरले हाम्रा निम्ति भविष्यको लागी जोगाइराख्नुभएको छ।

भविष्यको बारेमा रहेको यस अध्ययन परमेश्वरको वचनको वर्णन अनुसार अक्षरश रुपमा आधारित रहेको छ। यसमा भविष्यवाणीहरूको खण्ड पनि समावेश गरिएको छ। अर्को रुपमा भन्नुपर्दा, भविष्यमा साँच्चिकै ७ वर्षको महासंकष्टकाल अवधी रहनेछ र त्यस लगत्तै ख्रीष्टको "हजार" बर्षे राज्यको स्थापना हुनेछ। बाइबललाई अक्षरश वर्णन गरेमा बाइबलमा धेरै प्रतीकात्मक भाषाहरू, धेरै चित्रणात्मक शब्दहरू, उदाहरणहरू र दृष्टान्तहरू रहेको थाहा गर्न सकिन्छ। यद्यपि, बाइबलको खण्डले नबताएसम्म, खण्डहरूलाई अक्षरश लिनुपर्ने हुन्छ।

इस्राएल र मण्डलीको बीचमा रहेको भिन्नतालाई यस अध्ययनद्वारा थाहा गर्न सकिन्छ। तिनीहरू एकै होइनन्, र इस्राएललाई दिइएको प्रतिज्ञा र गरिने न्याय अनिवार्यरुपमा मण्डलीका लागी लागु हुँदैन।

येशू पृथ्वीमा फेरी आउनुहुनेछ

येशू यस पृथ्वीमा दोश्रो पटक पनि आउनुहुनेछ भनि बाइबलले प्रष्ट शिक्षा दिँदछ। धेरै अविश्वासीहरूका लागी यो मूर्खता रहेको हुन्छ; यद्यपि, यो परमेश्वरको वचन - बाइबलको मूल विषय हो। भविष्यमा हुने परमेश्वरको योजना येशूको दोश्रो आगमनको वरिपरि केन्द्रित रहेको छ।

"तिमीहरूको हृदय विचलित नहोस्; तिमीहरू परमेश्वरमा विश्वास गर्दछौ, ममा पनि विश्वासस गर। मेरा पिताको घरमा धेरै वासस्थानहरू छन्; त्यस्तो नहुँदो हो ता म तिमीहरूलाई भन्ने थिएँ। म तिमीहरूका निम्ति ठाउछ तयार पार्न जान्छु। अनि मैले गएर तिमीहरूका निम्ति ठाउँ तयार पारें भने म फेरी आउनेछु; अनि म जहाँ छु, त्यहाँ तिमीहरू पनि होओ भनेर म तिमीहरूलाई आफूकहाँ लिनेछु। यूहन्ना १४:१-३

अनि उहाँले यी कुराहरू भनिसक्नुभएपछि तिनीहरूले हेर्दा-हेर्दै उहाँ माथि उठाइनुभयो; र बादलले उहाँलाई तिनीहरूको दृष्टिबाट ढाकिदियो। १० अनि उहाँ माथि जादैँ गर्नुहुँदा तिनीहरू आकाशतिर एक डिठ लगाएर हेरिरहेका थिए, तब हेर, दुईजना सेतो वस्त्र लगाएका मानिसहरू तिनीहरूको बगलमा खडा भए; ११ अनि उनीहरूले भनेः "हे गालीलका मानिसहरूहो, तिमीहरू किन आकाशतिर हेर्दै उभिँदछौ? तिमीहरूको बीचबाट स्वर्गमा उठाइनुहुने यही येशू नै यही प्रकारले आउनुहुनेछ, जसरी उहाँलाई स्वर्गतिर जाँदै गर्नुभएको तिमीहरूले देख्यौ"। प्रेरित १:९-११

बाइबलको आखिरी अध्यायमा, येशू चाँडै नै यस पृथ्वीमा आउने प्रतिज्ञा दिइएको छ।

"हेर, म चाँडै आउँछु! यस पूस्तकका भविष्यवानीका वचनहरू जसले पालन गर्छ, ऊ धन्य हो!" प्रकाश २२:७

अनि हेर, म चाँडै आउँछु; अनि हरेक मानिसलाई जस्तो उसको काम हुनेछ, त्यही अनुसार दिनालाई मेरो इनाम मसित छ। प्रकाश २२:१२

येशूको दोश्रो आगमनलाई हामीले पूर्वज्ञान अनुसार हेरिरहनुपर्दछ। हामी उहाँसँग रहनले इच्छा गर्दछौं। हामीले ईश्वरिय जीवन जिउन, परमेश्वरलाई आदर दिन र हामी उहाँसँग सदा रहिरहनका लागी तयारी हुनका निम्ति येशूको पुनर्आगमन हाम्रो निम्ति प्रोत्साहन रहदँछ।

र हामीलाई यो सिकाउँछ – अभक्ति र संसारिक अभिलाषाहरू इन्कार गरेर यस वर्तमान संसारमा हामीले आत्मसंयम, धार्मिकता र भक्तिसाथ जिउनुपर्छ; र त्यस धन्य आशाको, र हाम्रा महान् परमेश्वर र मुक्तिदाता येशू ख्रीष्टको महिमापूर्ण आगमनको बाटो हेर्दै जिउनुपर्छ। तीतस २:१२-१३

आज, "अन्यजातिहरूको समयमा" वा "मण्डलीको समय"

पूरानो नियम र नयाँ नियमका सुसमाचारको शुरुदेखी अन्त्यसम्म, परमेश्वरले प्राथमिक रुपमा यहूदीहरूसँग वा इस्राएल राष्ट्रसँग व्यवहार गर्नुभयो। स्पष्टसँग, परमेश्वर अन्यजातिहरू र अरू राष्ट्रहरूसँग पनि व्यवहार गर्दै हुनुहुन्थ्यो, तर यी शास्त्रहरू यहूदी मानिसहरू वा इस्राएल राष्ट्रमा केन्द्रित रहेका छन्।

यद्यपि, हामी अहिले बाँचिरहेको समय "अन्यजातिहरूको समय" हो। यस समय अवधी, जसलाई "मण्डली युग" पनि भनिन्छ, येशूको मृत्युपश्चात् शुरुभयो र स्थानान्तरणसम्म (रयाप्चर) रहिरहनेछ, जब हाम्रो प्रभुले हामीलाई उहाँसँगै घरमा लानुहुनेछ।

अनि तिनीहरू तरवारको धारले ढालिनेछन्, र सबै जातिहरूकहाँ कैदी बनाएर लगिइनेछन्; यरूशलेमचाँही अन्यजातिहरूका समयहरू पूरा नहोउन्जेल यरूशलेमचाँही अन्यजातिहरूद्वारा कुल्चिमिल्ची गरिनेछ। लूका २१:२४

किनकी भाइहरूहो, तिमीहरूले आफूलाई आफ्नो दृष्टिमा बुद्धिमान् ठानौला भनेर यस रहस्यको विषयमा तिमीहरू अनजान रहो भन्ने इच्छा म गर्दिनँ – जबसम्म अन्यजातिहरूको पूरा संख्या भित्र आउँदैन, तबसम्म इस्राएलमाथि केही मात्रामा अन्धापना आएको छ। रोमी ११:२५

अहिलेको यस वर्तमान् समयलाई पनि "मण्डली युग" भनि परिचित गराइएको छ। "मण्डली युग" यस शब्द बाइबलिय पारिभाषिक शब्द होइन, तर यस समय अवधीको यो उचित विवरण भने हो। धेरैजसो वाइवल प्रचारक विद्धानहरूले पेन्टेकोष्टको दिनलाई (प्रेरित २ अध्याय)मण्डली युगको शुरुवातको समय भनि जनाउँदछन्। स्थानान्तरणसम्म (रयाप्चर) यो मण्डली युग रहिरहनेछ।

अनि म पनि तिमीलाई भन्दछु, तिमी पत्रुस हौ, र यस चट्टानमाथि म आफ्नो मण्डली बनाउनेछु, अनि नरकका ढोकाहरू यसमाथि विजयी हुनेछैनन्। मत्ती १६:१८

अनि उहाँ शरिर अर्थात् मण्डलीका शिर हुनुहुन्छ; जो शुरु अर्थात् मरेकाहरूबाट बिउँतनेहरूमा जेठो हुनुहुन्छ, र सबै कुराहरूमा उहाँलाई नै पहिलो स्थान दिइयोस्। कलस्सी १:१८

उहाँलाई नै मण्डलीमा ख्रीष्ट येशूद्वारा पूस्ता-पूस्तासम्म युगानुयुग महिमा भइरहोस्। आमेन। एफिसी ३:२१

यस समय अवधीलाई "अनुग्रहको समय" पनि भनिन्छ। यसले पूरानो नियमसँग भेद राख्दछ जहाँ यहूदी मानिसहरूले मोशाको व्यवस्थालाई पालन गर्नुपर्ने हुन्थ्यो। व्यक्तिगत रुपमा म पनि यस पारिभाषिक शब्द "अनुग्रहको समय"लाई मेरो प्रचारहरूमा प्रयोग गर्न चाँहदिनँ किनभने परमेश्वरले सारा – भूत, वर्तमान्, र भविष्य - समयहरू अनुग्रह प्रदान गरिरहनुभएको छ र गरिरहनुहुनेछ नै।

स्थानान्तरण (रयाप्चर)

धेरै जसो बाइल वुद्धिजिविहरू, जो पवित्रशास्त्रको अक्षरश वर्णनमा विश्वास गर्दछन्, शास्त्रमा रहेका भविष्यवाणीहरू समेत गरी, तिनीहरूले यस कुरामा विश्वास गर्दछन् की परमेश्वरको भविष्यवाणीको पात्रो अनुसार अर्को हुन गइरहेको घटनाचाँही स्थानान्तरण (रयाप्चर) हो। स्थानान्तरण (रयाप्चर) हुनै लागेको छ, यो – महासंकष्ट अवधी अघि, कुनै पनि समय भइहाल्नेछ।

किनकी प्रभु आफै चित्कारसित, प्रधान स्वर्गदूतको आवाज र परमेश्वरको तुरहीसित स्वर्गबाट ओर्लनुहुनेछ; अनि ख्रीष्टमा मरेकाहरू पहिले बौरेर उठ्नेछन्; त्यसपछि हामी जीवित र रहिरहेकाहरू हावामा प्रभुलाई भेट्नाका निम्ति उनीहरूसित एकसाथ बादलहरूमा उठाइनेछौं; अनि यसरी हामी सधैँ प्रभुको साथमा रहनेछौं। यसकारण यी वचनहरूद्वारा एक-अर्कालाई सान्त्वना देओ। १थेस्सोलोनिकी ४:१६-१८

हेर, एउटा रहस्य म तिमीहरूलाई बताउँछु; हामी सबैजना सुतिजानेछैनौं, तर हामी सबै बदली हुनेछौं; एकै छिनमा, आँखाको झिमिकमा, आखिरी तुरही बज्दाहुँदि; किनकी तुरही बज्नेछ र मरेकाहरू अविनाशी दशामा बौराइनेछन्, र हामीचाँही बदली हुनेछौं। १कोरिन्थी १५:५१-५२

"तिमीहरूको हृदय विचलित नहोस्; तिमीहरू परमेश्वरमा विश्वास गर्दछौ, ममा पनि विश्वासस गर। मेरा पिताको घरमा धेरै वासस्थानहरू छन्; त्यस्तो नहुँदो हो ता म तिमीहरूलाई भन्ने थिएँ। म तिमीहरूका निम्ति ठाउछ तयार पार्न जान्छु। अनि मैले गएर तिमीहरूका निम्ति ठाउँ तयार पारें भने म फेरी आउनेछु; अनि म जहाँ छु, त्यहाँ तिमीहरू पनि होओ भनेर म तिमीहरूलाई आफूकहाँ लिनेछु। यूहन्ना १४:१-३

अनि उहाँले यी कुराहरू भनिसक्नुभएपछि तिनीहरूले हेर्दा-हेर्दै उहाँ माथि उठाइनुभयो; र बादलले उहाँलाई तिनीहरूको दृष्टिबाट ढाकिदियो। १० अनि उहाँ माथि जादैँ गर्नुहुँदा तिनीहरू आकाशतिर एक डिठ लगाएर हेरिरहेका थिए, तब हेर, दुईजना सेतो वस्त्र लगाएका मानिसहरू तिनीहरूको बगलमा खडा भए; ११ अनि उनीहरूले भनेः "हे गालीलका मानिसहरूहो, तिमीहरू किन आकाशतिर हेर्दै उभिँदछौ? तिमीहरूको बीचबाट स्वर्गमा उठाइनुहुने यही येशू नै यही प्रकारले आउनुहुनेछ, जसरी उहाँलाई स्वर्गतिर जाँदै गर्नुभएको तिमीहरूले देख्यौ"। प्रेरित १:९-११

यो अनौठो सत्यता हो!!! हामी जसले प्रभुलाई जानेकाछौं डराउनु आवश्यक पर्दैन। ☺ व्यक्तिगत रुपमा म पनि यस सत्यतालाई प्रमाणित गर्न सक्दछु। म दुई पटक मृत्युको मुखमै परेको एक व्यक्ति हुँ, म इमान्दारीताका साथ बताउन सक्दछु की ममा मृत्युको भय थिएन।

यसकारण जब यस विनाशीले अविनाशीलाई पहिरन्छ, र यस मरणशीलले अमरतालाई ओढ्छ, तब यो लेखिएको वचन पूरा हुनेछः 'मृत्यु विजयमा निलियो'। ५५ 'हे मृत्यु, तेरो खील कहाँ छ? हे चिहान, तेरो विजय कहाँ छ?' ५६ अनि मृत्युको खील पाप हो; अनि पापको शक्ति व्यवस्था हो। ५७ तर परमेश्वरलाई धन्यवाद होस्, जसले हाम्रा प्रभु येशू ख्रीष्टद्वारा हामीलाई विजय दिनुहुन्छ। १कोरिन्थी १५:५४-५७

स्थानान्तरणअघि (रयाप्चर) मर्ने ख्रीष्टियनहरूका आत्मा प्रभु येशू ख्रीष्टसँग स्वर्गमा पुगिसकेका हुन्छन्। स्थानान्तरणमा, तिनीहरूका शरिरहरू चिहानबाट बौरेर उठ्नेछन् र येशूको स्वर्गिय महिमित शरिरजस्तै शरिमा तिनीहरू परिवर्तन हुनेछन्। तिनीहरूका नयाँ शरिरहरू तिनीहरूका आत्मासँग एक हुनेछन् र त्यस क्षणदेखी तिनीहरू सदाको निम्ति प्रभु येशू ख्रीष्टसँग रहनेछन्। (१कोरिन्थी १५ अध्याय)

जब स्थानान्तरण हुँदछ, ख्रीष्टियनहरू जो जति जीवित नै हुन्छन् तिनीहरू पनि प्रभुसँगै उठाइ लगिनेछन् र उहाँसँग सदाको निम्ति रहदँछन्। जब यसो हुदँछ, तिनीहरूका शरिरहरू पनि हाम्रा प्रभु येशू ख्रीष्टको स्वर्गिय महिमित शरिरहरूजस्तै गरी परिवर्तन हुनेछ।

किनकी हाम्रो नागरिकता स्वर्गमा छ, जहाँबाट हामी पनि मुक्तिदाता प्रभु येशू ख्रीष्टको बाटो हेर्दछौं; २१ जसले जुन प्रभावशाली कार्यद्वारा सबै कुरा आफ्नो वशमा पार्न सक्नुहुन्छ, त्यही कार्यअनुसार उहाँले हाम्रो दीनहीन शरिरलाई बदली गरिदिनुहुनेछ, र यो उहाँको महिमापूर्ण शरिरजस्तै बानइनेछ। फिलिप्पी ३:२०-२१

केही ख्रीष्टियन समुहहरूमा, स्थानान्तरण कहिले हुनेछ भनि समय निर्धारण गर्ने कोसिस पनि गरिएको छ। धेरैजनाले मिती तोकेका छन् र धेरैले स्थानान्तरण भविष्यमा तत्काल नै हुँदैँछ भनि विश्वका बिभिन्न घटनाहरूलाई यो बाइबलिय संकेत हो भनि अंकित गरिरहेका छन्।

मण्डलीको स्थानान्तरण नजिकै छ। यो कहिले हुन आउँदछ भनि हामी अनजान छौं भनि पवित्रशास्त्रद्वारा यो प्रष्ट बताइएको छ। यसको बाबजुत पनि, बिगतमा धेरैले विशेष अन्तरदृष्टिको दाबी गरी स्थानान्तरणको मिति तोकेका थिए। तिनीहरू सबै नै गलत साबित भए। जब एक व्यक्तिले, प्रख्यात् प्रचारकहरू र शिक्षकहरू समेत गरी, केही विश्व घटनाका कारणहरूले गर्दा, भविष्यमा तुरुन्तै स्थानान्तरण हुँदैछ भनि शिक्षा प्रदान गर्दछन् भने, यसलाई अविश्वास गर्ने विचार उत्तम हुँदछ।

यी सबै नै रोचक, र विचार गर्न भए रोमान्चक तापनि, मूख्य निचोड यो हो की येशू यस पृत्वीमा कहिले आउँदै हुनुहुन्छ सो कुरामा हामी अनजान छौं। हामी कहिले सतर्क रहेर उहाँको बाटो हेर्नुपर्ने हो भन्ने कुरालाई हामी जान्दैनौं नै।

तर त्यस दिन र त्यस घडीको विषयमा कसैले जान्दैन, अहँ, स्वर्गका दूतहरूले पनि जान्दैनन्, तर मेरा पिताले मात्र। मत्ती २४:३६

यसकारण जागा रहो, किनभने तिमीहरूका प्रभु कुन घडी आउँछन्, सो तिमीहरू जान्दैनौ। ४३ तर यो जानिराख – घरको मालिकले चोर कुन पहरमा आउँछ, सो जानेको भए, ऊ जागो रहनेथ्यो र आफ्नो घर फोरिन दिनेथिएन। मत्ती २४:४२-४३

यसकारण तिमीहरू पनि तयार बस; किनभने मानिसका पुत्र तिमीहरूले सोच्दै नसोचेका घडीमा आउँछन्। मत्ती २४:४४

किनकी राती चोर जसरी आउँछ, प्रभुको दिन उसरी नै आउँछ भनि तिमीहरू आफैलाई राम्री थाहा छ। १थेस्सोलोनिकी ५:२

अनि उहाँले तिनीहरूलाई भन्नुभयोः "पिताले आफ्नै अधिकारमा राख्नुभएका समयहरू वा घडीहरूको विषयमा जान्ने काम तिमीहरूको होइन। प्रेरित १:७

महासंकष्टकाल अवधी

स्थानान्तरणमा, सारा मानिसहरूलाई पृथ्वीबाट प्रभुसँग स्वर्गमा उठाइ लगिनेछ। उद्धार नगरिएका सारा मानिसहरू पृथ्वीमा नै रहनेछन्। स्थानान्तरण पछि, सात वर्षे समय अवधीको शुरु हुँदछ, जसलाई "महासंकष्टको समय" पनि भनिन्छ। परमेश्वरलाई इन्कार गरेका हुनाले यस समयमा इस्राएल राष्ट्रमाथि भयानक न्याय गरिनेछ। इस्राएल राष्ट्रमाथि न्याय गर्न केन्द्रि हुँदा, सारा संसारले कल्पना गर्नै नसक्ने कष्ट र पिडाको अनुभव गर्नुपर्नेछ। यस समयमा न्या यति कडा हुनेछ की संसारको आधीभन्दा पनि ज्यादा संख्याको मृत्यु हुनेछ। यो परमेश्वरको क्रोध हो भनि धेरै पटक परिचित गराइएको छ।

महासंकष्टकालको बारेमा बताउने शास्त्र प्रकाशको पूस्तक (अध्याय ४-१९) हो। त्यहाँ धेरै पूरानो नियमका पूस्तकहरू र नयाँ नियमका खण्डहरू पनि छन् जसले यस समय अवधीको बारेम उल्लेख गर्दछ।

किनभने त्यस बेला यस्तो महा संकष्ट हुनेछ, जो पृथ्वीको शुरुदेखि अहिलेसम्म भएको थिएन, न ता फेरी कहिल्यै हुनेछ। अनि ती दिन नघटाइएका भए कुनै प्राणी बाँच्नेथिएन; तर चुनिएकाहरूका निम्ति ती दिन घटाइनेछन्। मत्ती २४:२१-२२

हेर, देश उजाड पार्न भनि क्रोध र बल्दो रिसले क्रुर भएर परमप्रभुको दिन आउँदैछ; अनि उहाँले त्यसका पापीहरूलाई त्यसबाट नाश पार्नुहुनेछ। किनकी आकाशका ताराहरू र त्यसका नक्षत्रहरूले आफ्नो ज्योति दिनेछैनन्; सूर्य झूल्कदाँ-झूल्कदैँ अँध्यारो हुनेछ, र चन्द्रमाले आफ्नो ज्योतिको चमक दिनेछैन। अनि म संसारलाई त्यसको दुष्टताको कारणले, र दुष्टहरूलाई तिनीहरूको अधर्मको कारणले दण्ड दिनेछु; अनि म घमण्डीहरूको हठीपना खतम गरिनेछु र अत्याचारीहरूको अहङ्कार तल झारिदिनेछु। म मानिसलाई निखुर सुनभन्दा, अँ, मानिसलाई ओपीरको सुनभन्दा दुर्लभ तुल्याउनेछु। यसकारण म आकाशहरू हल्लाउनेछु, अनि सेनाहरूका परमप्रभुको क्रोधमा र उहाँको बल्दो रिसको दिनमा पृथ्वी आफ्नो ठाउँबाट हट्नेछ। यशैया १३:९-१३

परमप्रभुको महान् दिन नजिकै छ ,परमप्रभुको दिनको आवाज सुनिन्छ ,अँ ;र साह्रै हतारिन्छ ,यो नजिकै छ ; जहाँ शूरवीर मानिस पनि नमिठो गरी रुनेछ। त्यो दिन क्रोधको दिनविनाश र ,सङ्कष्ट र आपतविपतको दिन , बादल ,को दिनअन्धकार र उदासी ,उजाडको दिनहरूपर्खालले घेरिएका शहर ,र घोर अन्धकारको दिन हरूर अग्ला कुने धरहरा-अग्लाहरूको विरोधमा तुरही र ललकारको दिन हो। अनि म मानिसहरू माथि सङ्कष्ट ल्याउनेछुर तिनी ,हरूअनि तिनी ;ले परमप्रभुको विरोधमा पाप गरेका छन्हरूर ,को रगत धूलोझैँ पोखिनेछ तिनीहरूसु गोबरझैँ फ्याँकिनेछ। परमप्रभुको क्रोधको दिनमा न तिनीको माहरून तिनी ,को चाँदीहरूको सुनले तिनीहरूतर सम्पूर्ण देश नै उहाँको जलनको आगोले भस् ;लाई छुटाउन सक्छम हुनेछकिनकी उहाँले यस देशका ; सबै बासिन्दाहरूलाई छिट्टै सर्वनाश गर्नहुनेछ"। सपन्याह १:१४-१८

महासंकष्टकालमा विश्वलाई अधिकार गर्ने आसकको उदय हुनेछ। त्यसलाई शैतान आफैले सामर्थ्य प्रदान गर्नेछ र त्यसले परमेश्वरको विरोधमा सक्दो कार्य गर्नेछ। त्यसलाई पछ्याउनेहरू सबै सदाको निम्ति दण्डित हुनेछन्।

यस समय अवधीमा पनि धेरै मानिसहर उद्धार गरिनेछन्, तर धेरैलाई, शायद सबैलाई नै, तिनीहरूका विश्वासको कारणले गर्दा मृत्यु दिइनेछ। हामी, ख्रीष्टियनहरू, खुशी हुनुपर्छ, किनकी यस समयमा, हामी ख्रीष्टको उपस्थितको आशिषमा रमाहट गर्दै उहाँसँगै रहनेछौं।

दोश्रो आगमन

महासंकष्टकालको सातौं वर्षको आखिरीमा, येशू आफ्नो सारा भव्यता र महिमाको साथ पृथ्वीमा आउनुहुनेछ र यस पृथ्वीमा आफ्नो हजार वर्ष राज्य शासनको स्थापन गर्नुहुनेछ।

अनि मैले स्वर्ग खोलिएको देखैँ, अनि हेर – एउटा सेतो घोडा; अनि त्यसमाथि बस्नुहुनेचाँही विश्वासयोग्य र सत्य भनिनुहुन्छ, अनि उहाँले धार्मिकता न्याय र लडाँई गर्नुहुन्छ। उहाँका आँखाहरू आगोको ज्वालाजस्तै थिए, र उहाँको शिरमाथि धेरै मुकुटहरू थिए; अनि उहाँको एउटा नाम लेखिएको थियो, जसलाई उहाँले बाहेक अरु कसैले जान्दैनथ्यो। अनि उहाँले रगतमा चोपिएको पोसाक पहिरनुभएको थियो; अनि उहाँको नाम 'परमेश्वरको वचन' भनिन्छ। अनि सेता र शुद्ध मिहिन मलमलका वस्त्र पहिरेका स्वर्गमा भएका सेनाहरू सेता घोडाहरूमा उहाँका पछि-पछि लागे। अनि यही तरवारले उहाँले जाति-जातिलाई हिर्काऊन् भनेर उहाँको मुखबाट एउटा लाग्ने तरवार निस्कन्छ; अनि उहाँले फलामको डन्डाले तिनीहरूमाथि शासन गर्नुहुनेछ; अनि उहाँले सर्वशक्तिमान् परमेश्वरको भयानक रिस र क्रोधको मद्यको कोल कुल्चीमिल्ची गर्नुहुनेछ। अनि उहाँको पोसाक र उहाँको तिघ्रामा 'राजाहरूका राजा, र प्रभुहरूका प्रभु' भन्ने एउटा नाम लेखिएको छ। अनि मैले एउटा स्वर्गदूतलाई घाममा उभिरहेको देखें; अनि तिनले ठूलो सोरले आकाशको बीचमा उड्ने सबै चराहरूलाई यसो भन्दै कराएः "महान् परमेश्वरको भोजमा आओ र भेला होओ! कि तिमीहरूले राजाहरूको मासु, मुख्य कप्तानहरूको मासु, शक्तिशाली मानिसहरूको मासु, साथै स्वतन्त्र र कमारा, ठूला र साना सबैको मासु खाओ"। प्रकाश १९:११-१८

दोश्रो आगमनमा, "घोडामा बस्नुहुनेको (येशू) मुखबाट निस्कने तरवारले" विश्वको प्रणाली र सेनाहरूलाई नष्ट पार्नेछ। संसारको व्यवस्था अन्त्यमा आइपुग्नेछ र येशूले यस पृथ्वीमा आफ्नो हजार वर्षे शासन स्थापना गर्नुहुनेछ।

यस पृथ्वीमा ख्रीष्टको हजार वर्षे शासनकाल

येशू पृथ्वीमा आइसक्नुभएपछि, उहाँले यहाँ हजार वर्षसम्म राज्य गर्नुहुनेछ। यसलाई कहिलेकाँही "सहस्राब्दी" वा ख्रीष्टको "हजार वर्षे राज्यकाल" भनिदँछ।

अनि मैले एउटा स्वर्गदूतलाई स्वर्गबाट ओर्लिरहेको देखें, जसको हातमा अथाह कुण्डको चाबी र एउटा ठूलो साङ्लो थियो। अनि तिनले त्यस अजिङ्गरलाई ०- त्यस पूरानो साँपलाई पक्रे, जो डियाबोलोस र शैतान हो, अनि त्यसलाई हजार वर्षका लागी बाँधे। अनि त्यसलाई अथाह कुण्डमा फ्याँकिदिए र त्यसलाई थुनिदिए, अनि हजार वर्ष पूरा नहोउन्जेल त्यसले अब उसो जाति-जातिलाई धोका नदेओस् भनेर तिनले त्यसमाथि छाप लगाइदिए; अनि यी कुराहरूपछि त्यो थोरै समयका लागी छोडिनुपर्छ। अनि मैले सिंहासनहरू देखें; अनि उनीहरू तीमाथि बसे, र न्याय उनीहरूलाई दिइयो। अनि मैले तिनीहरूका प्राणहरूलाई देखें, जसका शिर येशूको गवाही र परमेश्वरको वचनको कारणले काटिएका थिए, अनि जसले न ता त्यस पशुलाई, न ता आफ्ना निधारमा वा आफ्ना हातमा त्यसका निशान लिएका थिए; अनि तिनीहरू जीवित भए र ख्रीष्टसँग हजार वर्षसम्म राज्य गरे। प्रकाश २०:१-४

येशूले पृथ्वीमा हजार वर्ष राज्य शासन गर्नुहुन्छ भन्ने समय अवधीको विवरण पूरानो नियमका खण्डहरूले पनि प्रस्तुत गरेका छन्।

त्यहाँ थोरै दिनमात्र बाँच्ने दूधेबालक र आफ्नो आयू पूरा नगर्ने वृद्ध मानिस फेरी कहिल्यै हुनेछैनन्; किनकी ठिटाधरि सय वर्षको भइ मर्नेछ; तर सय वर्षको भएर पनि पापी मानिस श्रापित हुनेछ। अनि उनीहरूले घरहरू बनाउनेछन्, र तिनमा वास गर्नेछन्; अनि उनीहरूले दाखबारीहरू लगाउनेछन्, र तिनका फल खानेछन्। उनीहरूले बनाउने, तर अर्काले वास गर्ने, उनीहरूले रोप्ने, तर अर्काले खाने – त्यस्तो हुनेछैन; किनकी मेरो प्रजाको आयु रूखको आयुझैँ हुनेछ, र मेरा चुनिएकाहरूले आफ्ना हातहरूको काम धेरै समयसम्म उपभोग गर्नेछन्। उनीहरूले व्यर्थमा परीश्रम गर्नेछैनन्, न ता विपत्तीका निम्ति जन्माउनेछन्; किनकी उनीहरू परमप्रभुका धन्य जनहरूको वशं हुन्, उनीहरूको साथमा उनीहरूका सन्तानहरू पनि। अनि यस्तो हुनेछ – उनीहरूले पुकार्नुभन्दा पहिल्यै म जवाफ दिनेछु; अनि उनीहरू बोल्दा-बोल्दै म सुन्नेछु। ब्वाँसो र भेडाको पाठो एकसाथ चर्नेछन्, अनि सिंहले गोरुलेझैँ पराल खानेछ; अनि सर्पको आहारचाँही धूलो हुनेछ। मेरो सम्पूर्ण पवित्र पर्वतमा तिनीहरूले न कुनै हानी पुर्याउनेछन्, न नाश नै गर्नेछन्, परमप्रभु भन्नुहुन्छ"। यशैया ६५:२०-२५

क्रीष्टको हजार वर्षे शासनकाल शान्ति र आशिषको राज्य हुनेछ। आदम र हव्वाको पापद्वारा पृथ्वीमा दिइएको श्रापहरू उठाइ लगिनेछन्। हजार वर्षको आखिरीसम्म शैतान अथाह कुण्डमा (नरक) फ्याँकिनेछ।

हजार वर्षको अन्त्यपछि, छोटो समयको लागी शैतानलाई छाडिनेछ र परमेश्वरको विरोधमा त्यसले एक आखिरी विद्रोहको नेतृत्व गर्नेछ। (प्रकाश २०:७-१०)। त्यसको विद्रोह तहसनहस गरिनेछ र शैतान कहिल्यै पनि नछाडिने गरी नरकमा सदाको निम्ति फ्याँकिनेछ।

स्थानान्तरण (रयाप्चर) कहिले हुनेछ?

महासंकष्टकाल अघि स्थानान्तरण हुनेछ भनि धेरै ख्रीष्टियनहरूले पनि विश्वास गर्दैनन्। ती जसले "संकष्टकाल पछिको स्थानान्तरण"मा विश्वास गर्दछन् तिनीहरूले यस कुरामा विश्वास गर्दछन् की ख्रीष्टियनहरू जो महासंकष्टकालको शुरुवातमा जीवित छन् तिनीहरू महासंकष्टकाल हुँदो जादँछन् र सात वर्षको अन्त्यपछि ख्रीष्टको आगमन नभएसम्म त्यहाँ कुनै स्थानान्तरण (रयाप्चर) हुनेछैन। तिनीहरूले विश्वास गर्दछन् की स्थानान्तरण ख्रीष्टको दोश्रो आगमनको अघिमात्र हुनेछ वा सँगै हुनेछ र यी कुराहरू एकै हुन्।

परमेश्वरको वचनको मेरो आफ्नैको अध्ययनमा, सारा समयहरूमा म निश्चित छु की महासंकष्टकाल अवधीको अघि नै ख्रीष्टको आगमन हुनेछ। परमेश्वरको वचनले मण्डलीको अघिबाटै स्थानान्तरण हुन्छ भन्ने शिक्षामा म किन विश्वास गर्छु भनि तल केही कारणहरू मैले प्रस्तुत गरेको छु। यो निकै बृस्तारित रुपमा प्रस्तुत गरिएको छ – यस विषयमा धेरै पूस्तकहरू लेखिएका छन्।

१ महासंकष्टकाल प्राथमिकरयपमा इस्राएमा केन्द्रित गरिएको छ, मण्डलीलाई होइन। इस्राएलको भविष्यको बारेमा गरिएको भविष्यवानीलाई दानिएल ९:२०-२७ खण्डले प्रष्ट पार्दछ। महासंकष्टकालमा परमेश्वरले इस्राएलको कडा न्याय गर्नुहुनेछ, र तिनीहरूलाई आफूमा फर्काइ ल्याउनुहुनेछ। यस समय अवधीको आखिरीमा, जीवित इस्राएलीहरूले येशूलाई मसीह ग्रहण गर्नेछन् र उहाँको सेवा गर्नेछन्।

हाय! त्यो दिन कति डरलाग्दो छ! यसैले त्योजस्तो अरु कुनै दिन छैन; त्यो ता याकूबको संकष्टको समय हो; तर त्यसबाट ऊ बचाइनेछ। यर्मिया ३०:७

अनि यसरी सारा इस्राएलले मुक्ति पाउनेछ, जसरी लेखिएको छः 'छुटकारा दिनुहुने सियोनबाट आउनुहुनेछ, र याकूबबाट अभक्ति हटाउनुहुनेछ; रोमी ११:६

पूरानो नियमका भविष्यवाणीको शुरुदेखी अन्तसम्ममा, आउन गइरहेको महासंकष्टकाल वा "प्रभको दिन" बारेमा धेरै उल्लेखहरू प्रस्तुत गरिएका छन्। इस्राएलका मानिसहरूका लागी यी भविष्यक्ताहरू प्रदान गरिएका हुन्, मण्डलीहरूका लागी होइन। इस्राएल र मण्डली एकै होइन। तिनीहरूलाई समान्तर गर्नु भूल हो, जुन केहीले गर्ने गरेका छन्। तिनीहरू भिन्न छन् र हरेकको लागी परमेश्वरको छुट्टै योजना रहेको छ। इस्राएलका लागी परमेश्वरबाट प्रदान गरिने प्रतिज्ञाहरू र न्यायहरू मण्डलीका निम्ति परमेश्वरको कार्य योजना सँग समान छैनन्।

फेरी पनि, महासंकष्टकालको प्राथमिक उद्देश्य इस्राएलको न्याय हो र समयमा इस्राएल, राष्ट्रको रुपमा, परमेश्वरमा फर्कनेछ। प्रकाशको पूस्तक अध्याय ४-१९सम्म महासंकष्टकालको बृस्तित विवरण प्रस्तुत गरिएको छ। यस खण्डमा एकपटक पनि मण्डलीलाई सम्बोधन गरिएको छैन। यदि मण्डलीले, जुन ख्रीष्टको दुलही हो, पनि यस कल्पना गर्नै नसकिने कष्टहरूलाई भोग्न गइरहेको भए ता, आफ्ना नानीहरूलाई गहिरो प्रेम गर्ने परमेश्वरले अवश्य नै, तिनीहरूलाई केही आशा र आराम प्रदान गर्नुहुनेथ्यो। यो नहुनुको कारण यही नै हो की मण्डली उठाइ लगिनेछ। तिनीहरूको स्थानान्तरण भइसकेको हुनेछ।

विश्वास नगर्ने इस्राएलीहरू र अन्यजातिहरूलाई न्याय गर्ने सात वर्षको अवधीकाल नै महासंकष्ट समय अवधी हो। बाइबलले यसलाई वर्णन गर्नको लागी क्रोध, न्याय, रिस, परीक्षा, समस्या, र नष्ट जस्ता शब्दहरूको प्रयोग गरेको छ। मण्डलीहरू पनि महासंकष्टकालमा सहभागी हुनेछन् भनि कुनै पनि बाइबलिय आधार हामी पाउन सक्दैनौं। साँचो ख्रीष्टियनको लागी, पाप पहिल्यै न्याय गरिसकिएको र क्षमा पनि गरिसकिएको हुन्छ। ख्रीष्टियनहरूका पापहरूलाई सात वर्षसम्म कडा न्याय गर्नुपर्ने अवस्था रहेको छैन। साँचो उद्धार गरिएका मानिसहरू पनि सात वर्षको न्यायमा जानुपर्ने कुरामा विश्वास गर्नु भनेको ख्रीष्टको क्रुसको मृत्यु हाम्रा पापहरूका मूल्यहरू पूर्ण रुपले चुक्ता गर्न पर्याप्त रहेको छैन भन्नु हो।

२ परमेश्वरको वचनमा करिब २० पटक, महासंकष्टकाललाई परमेश्वरको क्रोधको समय भनि परिचित गरिइएको छ -- १०पटक प्रकाशको पूस्तकमा ४- १९ अध्यायमा – र पूरानो नियमका भविष्यवाणीहरूमा गरी। फेरी,यस समय अवधीलाई जनाउने प्रयोग गरिएका शब्दहरू हुन्; न्याय, रिस, परीक्षा, समस्या, र नाश।

विश्वासीहरूले परमेश्वरको क्रोधको सामना गर्नुपर्दैन भनि तलका पदहरूले बताउँदछन्। ती जसले प्रभुलाई इन्कार गर्छन्, तिनीहरूका निम्ति परमेश्वरको क्रोधबाटको न्यायलाई निर्धारण गरिएको छ, उहाँका सन्तानहरूका लागी होइन।

यसकारण अब उहाँको रगतद्वारा धर्मी ठहरिएका हुनाले झन् बढ्ता गरी हामी उहाँद्वारा क्रोधबाट बचाइनेछौं। रोमी ५:९

उहाँलाई उहाँले मरेकाहरूबाट बिउँताउनुभयो अर्थात् येशूलाई, जसले हामीलाई पछि आउने क्रोधबाट छुटकारा दिनुहुन्छ। १थेस्सोलोनिकी १:१०

किनकी परमेश्वरले हामीलाई क्रोधका निम्ति होइन, तर हाम्रा प्रभु येशू ख्रीष्टद्वारा मुक्ति पाऔं भनि ठहराउनुभएको छ। हामी चाहे जागा रहौं चाहे सुतौं, हामी उहाँसित एकसाथ जिऔं भनेर उहाँ हाम्रा निम्ति मर्नुभयो। यसकारण एक-अर्कालाई सान्त्वना देओ, र एउटाले अर्काको उन्नति गर, जो तिमीहरूले गर्दैछौ पनि। १थेस्सोलिनिकी ५:९-११

तिमीले मेरो धीरजको वचन पालन गरेका छौ, यसकारण म पनि तिमीलाई परीक्षाको घडीबाट जोगाउनेछु, जुनचाँही पृथ्वीमा बस्नेहरूलाई जाँच्नाका निम्ति सारा संसारमाथि आउनेछ। प्रकाश ३:१०

हामी महासंकष्टकाल भएर जादैँनौं भनि यी पदहरू दृढ संकेतहरू हुन्, जुनचाँही परमेश्वरको क्रोधको कठिन समयहरू हुन्। प्रकाश ३:१०पद प्रष्ट प्रतिज्ञा हो की फिलाडेल्फियाका मण्डलीहरू महासंकष्टकाल भएर जादैँनन्।

३ येशू कहिले यस पृथ्वीमा आउनुहुन्छ भन्ने कुरामा हामी अनजान छौं भनि परमेश्वरको वचनले बारम्बार बताइरहेको छ।

तर भाइहरूहो, समय र कालहरूको विषयमा मैले तिमीहरूलाई लेख्नुपर्ने खाँचो तिमीहरूलाई छैन। किनकी राती चोर जसरी आउँछ, प्रभुको दिन उसरी नै आउँछ भनि तिमीहरू आफैलाई राम्री थाहा छ। किनकी जब तिनीहरूले 'शान्ति र शुरक्षा' भन्नेछन्, तब गर्भवती स्त्रीमाथि प्रसूति-वेदना आइपरेझैँ तिनीहरूमाथि अचानक विनाश आइपर्नेछ; र तिनीहरू कुनै रीतिले उम्कनेछैनन्। १थेस्सोलिनिकी ५:१-३

तर त्यस दिन र त्यस घडीको विषयमा कसैले जान्दैन, अहँ, स्वर्गका दूतहरूले पनि जान्दैनन्, तर मेरा पिताले मात्र। तर नूहका दिनहरू जस्ता थिए, त्यस्तै मानिसका पुत्रको आगमन पनि हुनेछ। किनकी जसरी जलप्रलय हुनुभन्दा अघिका दिनहरूमा, नूह जहाजमा पसेका दिनसम्म, तिनीहरूले खाइरहेका र पिरहेका थिए; विवाह गरिरहेका र विवाह गरिदिरहेका थिए, अनि जलप्रलय आएर तिनीहरू सबैलाई स्वात्तै नलगुन्जेल तिनीहरूलाई केही थाहा भएन; त्यसरी नै मानिसका पुत्रको आगमन पनि हुनेछ। तब दुईजना खेतमा हुनेछन्; एउटा लगिनेछ र अर्को छोडिनेछ। दुईजना स्त्री पिन्ने घरमा जाँतो पिनिरहेका हुनेछन्; एउटी लगिनेछ र अर्को छोडिनेछ। मत्ती २४:३६-४१

यसकारण जागा रहो, किनभने तिमीहरूलाई नता मानिसका पुत्रको आउने दिन, न ता घडी नै थाह छ। मत्ती २५:१३

यो र अन्य यस्तै पदहरूले स्थानान्तरण कि त सात वर्षको महासंकष्टकालको अन्त्य लगत्तै ख्रीष्टको दोश्रो आगमनको बारेमा उल्लेख गरेको हुनुपर्छ। जब महासंकष्टकाल अघि स्थानान्तरण हुने कुरालाई लागु गरिदँछ तब यो ठीक हुन आउँदछ। सामान्यता, मानिसहरू स्थानान्तरणलाई हेरिरहेका छैनन; यद्यपि, ख्रीष्टियनहरूलाई

सचेत हुन र जागो रहनका लागी निर्देशन दिइएको छ। खाने, पिउने, विवाह – यी कुराहरू सामान्यरुपमा चलिनै रहन्छन्, तब येशू आफ्ना मानिसहरूका निम्ति आउनुहुनेछ र महासंकष्टकालको हानी शुरु हुँदछ।

यद्यपि, यदि सात वर्षे महासंकष्टकालपछि दोश्रो आगमन हुनेछ भनि विश्वास गरिन्छ भने यी पदहरूले केही वा कत्ति पनि भाव निकाल्दैन। प्रकाशको पूस्तक ४-१९ अध्यायसम्ममा बताइएको घटनाका क्रमलाई दोश्रो आगमनले पछ्याउँदछ। यो अरु केही होइन तर सामान्य शान्तिमय समय हो। त्यहाँ धेरै हिँसात्मक संकेतहरू छन् जसले दोश्रो आगमन अघिल्तिरै छ भनि बताउँदछन्, र कसैले प्रकाशको पूस्तकका यी अध्यायहरूको अध्ययन गर्दछन् भने, दोश्रो आगमन उदेकको हुनेछ भनि थाहा गर्नेछन्। यथार्थमा, प्रकाशको भविष्यवाणीलाई विश्वका घटनाहरूसँग दाँज्दाखेरी, मानिसहरूले थाहा गर्नेछन् की यो चाँडै नै हुन गइरहेको छ। यी पदहरूलाई दोश्रो आगमन वा दोश्रो आगमनसँगैको स्थानान्तरणसँग मेल गर्नुचाँही यी पद र यस्तै अन्य पदहरूको निर्धन व्याख्या हो।

नयाँ नियमभरिमा, तिनीहरूले येशूको पुनर्आगमनका लागी अघि हेरिरहे र हामीलाई पनि यसो गर्न निर्देशन दिइएको छ।

किनकी हाम्रो नागरिकता स्वर्गमा छ, जहाँबाट हामी पनि मुक्तिदाता प्रभु येशू ख्रीष्टको बाटो हेर्दछौं; फिलिप्पी ३:२०

किनकी मुक्ति ल्याउने परमेश्वरको अनुग्रह सबै मानिसहरूकहाँ देखा परेको छ, र हामीलाई यो सिकाउँछ – अभक्ति र संसारिक अभिलाषाहरू इन्कार गरेर यस वर्तमान संसारमा हामीले आत्मसंयम, धार्मिकता र भक्तिसाथ जिउनुपर्छ; र त्यस धन्य आशाको, र हाम्रा महान् परमेश्वर र मुक्तिदाता येशू ख्रीष्टको महिमापूर्ण आगमनको बाटो हेर्दै जिउनुपर्छ। तीतस २:११-१३

यसैकारण कुनै पनि अनुग्रहको वरदानमा तिमीहरू कम छैनौ, र हाम्रा प्रभु येशू ख्रीष्टको आगमनको बाटो हेरिरहन्छौ, १कोरिन्थी १:७

पावलले थेस्सोलोनिकीहरूलाई लेखेको पत्रको उद्देश्य श्रोताहरूलाई उत्साह प्रदान गर्नुथियो।

किनकी परमेश्वरले हामीलाई क्रोधका निम्ति होइन, तर हाम्रा प्रभु येशू ख्रीष्टद्वारा मुक्ति पाऔं भनि ठहराउनुभएको छ। हामी चाहे जागा रहौं चाहे सुतौं, हामी उहाँसित एकसाथ जिऔं भनेर उहाँ हाम्रा निम्ति मर्नुभयो। यसकारण एक-अर्कालाई सान्त्वना देओ, र एउटाले अर्काको उन्नति गर, जो तिमीहरूले गर्दैछौ पनि। १थेस्सोलोनिकी ५:९-११

यदि हामीले अघिबाटको मण्डलीको स्थानान्तरणलाई इन्कार गर्दछौं भने, हामीले येशूको आउनै लागेको आआगमनमा रमाहट गर्न सक्दैनौं; बरू हामीले आउन लागेको ख्रीष्टविरोधीमा भय राख्न बाध्य गराउँछ जसले परमेश्वरमा रहेको हाम्रो विश्वासको कारणले गर्दा हामीलाई मृत्युमा पुर्याउन सक्दछ। यो ख्रीष्टियनहरूका लागी मुस्किलले "आशिषित आशा" वा प्रोत्साहनको श्रोत हुनेछ।

४ जब तपाईले ख्रीष्टको आगमन र त्यसको लगत्तै शुरु हुने महासंकष्टकालको बारेमा प्रकाश १९ अध्यायमा अध्ययन गर्नुहुन्छ भने, तपाईले महान् शक्तिहरू, धेरै शक्तिशाली सैनिकहरूको नाश, र केही फुट गहिरो बहने रगतका खोला, र गिद्धहरूले उच्च सैनिक कप्तान र विश्वका ठूला-ठूला नाइकेहरूका मासु खानेछन् भन्ने बारेमा थाह गर्न सक्नुहुन्छ। यद्यपि, जब तपाईले १थेस्सोलोनिकी ४:१६-१८ , १कोरिन्थी १५:५१-५२, यूहन्ना १४:१-३, र प्रेरित १:९-११ अध्ययन गर्नुहुन्छ भने, यो भिन्दै चित्रण रहेको तपाई पाउनुहुन्छ। तिनीहरू मुस्किलले पूर्ण

भिन्न रहदँछन्। महासंकष्टपछि हुने स्थानान्तरणमा विश्वास गर्नको लागी तपाईले यो कुरामा विश्वास गर्नुपर्छ की यी पदहरूले एकै समय वा अवधीलाई बयान गरिरहेका छन्। यी सबै पदहरूले एकै समयलाई बयान गरिरहेका छन् भनि विश्वास गर्नु परिधीलाई बिस्तार गर्नु हो।

५ आज मण्डलीको पूर्व- संकष्टकाल, पूर्व- सहस्राब्दी स्थानान्तरणलाई लगभग सम्पूर्ण प्रख्यात बाइबलिय शिक्षकहरू र बुद्धिजिविहरूले पनि स्वीकार गरेका छन् र यसबाट शिक्षा पनि दिइरहेका छन्, जसले – भविष्यवाणीका सन्देशहरू समेत गरी, यसलाई अक्षरश बुझ्नुपर्छ भनि बाइबलमा विश्वास गर्दछन्। ती जसले शास्त्रलाई बयान गर्नको लागी कहानीहरू वा आत्मिकी देखावटीलाई चाँडो ग्रहण गर्दछन्, तिनीहरूले महासंकष्टकाल पश्चात् हुने विचारधारालाई पक्रिदँछन् र धेरैले ख्रीष्टको सहस्राब्दी राज्यलाई समेत पूर्णरुपमा इन्कार गर्दछन्।

६ हामीमध्ये धेरै, जसले महासंकष्टकाल पश्चात् हुने स्थानान्तरणमा विश्वास गर्दछौं, हामी यस कुरालाई संकेत गर्दछौं की पवित्रशास्त्र कुनै पनि चाबी खण्ड रहेको छैन जसले निश्चित गरी स्थानान्तरण महासंकष्टकाल अघि नै हुनेछ भनि बताएको छ। यो सत्य हो; यद्यपि, यो महासंकष्टकालको मध्यमा वा आखिरीमा हुनेछ भनि कुनै पनि पदले शिक्षा दिएको छैन। ती जसले महासंकष्टकाल पश्चातमा विश्वास गर्दछन् तिनीहरूले महासंकष्टकाल पूर्वलाई घच्घच्याइराख्दछन्, तर तिनीहरूले महासंकष्टकाल पश्चातका लागी पवित्रशास्त्रबाट थोरै वा कत्तिपनि वास्तविक प्रमाण भने प्रस्तुत गर्म सक्दैनन्।

स्थानान्तरण र ख्रीष्टको दोश्रो आगमनको बारेमा कोही व्यक्तिले बाइबलिय शिक्षालाई इमान्दारिकतापूर्वक हेर्दछ भने, येशू ख्रीष्ट महासंकष्टकाल अवधी अघि आउनुहुन्छ, र हामीले हर्ष र अधिक उत्साहकासाथ उहाँको आगमनको बाटो हेर्नुपर्छ भनि यस पूरानो बाइबल शिक्षकले स्पष्ट पार्दछ।

नयाँ स्वर्ग र नयाँ पृथ्वीको सृष्टि

परमेश्वरले यस जगत्लाई सिद्ध बनाउनुभएको हो। शुरुवातमा पापका कुनै असरहरू थिएनन्। यद्यपि, जब आदम र हव्वाले पाप गरे, यसले मानवजातिमा मात्र श्राप ल्याएन तर पृथ्वीमा पनि श्राप ल्यायो – जुन मानिसको वासस्थान हो। परमेश्वरको अनन्ततामा प्रवेश गराउनु अघि गरिने एक अन्तिम कार्य यो हो की उहाँले यस पृथ्वीलाई नाश गर्नुहुन्छ र उहाँले नयाँ स्वर्ग र नयाँ पृथ्वीको सृष्टि गर्नुहुन्छ। सृष्टिमा भएका पापका सारा परीणामहरू र असरहरू हटाइनेछन्।

यस सन्दर्भमा बुझ्न आवश्यक छ की, "स्वर्ग",यस शब्दले परमेश्वर वास गर्नुहुने स्वर्गलाई उल्लेख गरिरहेको छैन, तर यसले त त्यस "स्वर्ग" वा परिमण्डल र आकाशिय पिण्डभन्दा अधिक उल्लेख गरिरहेको छ।

तर प्रभुको दिनचाँही राती चोर आएझैँ आउनेछ, जसमा आकाशहरू ठूलो शब्द गरेर बितिजानेछन्, तत्वहरू प्रचण्ड तापले गर्दा पग्लनेछन्, र पृथ्वी र त्यसमा भएका कामहरू जलेर शेष हुनेछन्। २पत्रुस ३:१०

अनि मैले नयाँ आकाश र नयाँ पृथ्वी देखें; किनकी पहिलो आकाश र पहिलो पृथ्वी बितेर गए; अनि उसो समुन्द्र रहेन। प्रकाश २१:१

किनकी हेर, म नयाँ आकाश र नयाँ पृथ्वी सृष्टि गर्नेछु; अनि पहिलेका कुराहरूको सम्झना गरिनेछैनन्, न ता मनमा नै आउँछन। यशैया ६५:१७

जब यी सबै कुराहरू पग्लनेछन्, तब परमेश्वरको दिनको आगमनको बाटो हेर्दै र त्यसका निम्ति हतारिँदै सबै पवित्र चालचलन र भक्तिमा तिमीहरू कस्तो किसिमको मानिसहरू हुनुपर्छ त? जुन दिन आकाशहरू आगो लागेर बिलाइनेछन्, र तत्वहरू प्रचण्ड तापले गर्दा पग्लनेछन्। तरै पनि हामी उहाँको प्रतिज्ञाअनुसार नयाँ आकाशहरू र नयाँ पृथ्वीको बाटो हेर्दछौं, जहाँ धार्मिकताले वास गर्छ। २पत्रुस ३:११-१३

आकाश र पृथ्वी बितिजानेछन्, तर मेरा वचनहरू कुनै रीतिले बित्नेछैनन्। मत्ती २४:३५

तर त्यही वचनद्वेरा अहिलेका आकाशहरू र पृथ्वी जोगाइएका छन्, न्यायको दिन र भक्तिहिन मानिसहरूका विनाशका लागी आगोको निम्ति साँचिएका हुन्। २पत्रुस ३:७

परमेश्वरले नयाँ स्वर्ग र नयाँ पृथ्वीको सृष्टि गरिसक्नुभएपछि, अनन्तता थालनी हुनेछ। अनि हामी प्रभुसँग सदाको निम्ति रहनेछौं।

हाम्रा प्रभुसँग अनन्तताको निम्ति स्वर्गमा

पचित्रशास्त्रमा बारम्बार उहाँमाथि विश्वास गर्नेहरूलाई परमेश्वरले अनन्त जीवनको प्रतिज्ञा गर्नुभएको छ। उद्धार नगरिएका मानिसहरूको नियतिसँग यसले कडा भेद राख्दछ, जुन "दोश्रो मृत्यु" वा अनन्तताको निम्ति नरकमा रहनु हो।

साँचो-साँचो म तिमीहरूलाई भन्दछु, जसले मेरो वचन सुन्छ र मलाई पठाउनुहुनेमाथि विश्वास गर्छ, ऊसँग अनन्त जीवन छ, र ऊ न्यायमा पर्नेछैन, तर मृत्युबाट जीवनमा सरिसकेको हुन्छ। यूहन्ना ५:२४

"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, की उहाँले आफ्नो एकमात्र जन्माइएको पुत्रलाई दिनुभयो- उहाँमाथी विश्वास गर्ने कोही पनि नष्ट नहोस्, तर उसले अनन्त जीवन पाओस्"। यूहन्ना ३:१६

किनकी पापको ज्याला मृत्यु हो; तर परमेश्वरको अनुग्रहको वरदानचाँही हाम्रा प्रभु येशू ख्रीष्टमा अनन्त जीवन हो। रोमी ६:२३

अनि म तिनीहरूलाई अनन्त जीवन दिन्छु; र तिनीहरू कहिल्यै नष्ट हुनेछैनन्; न ता कसैले तिनीहरूलाई मेरो हातबाट खोसेर लैजान्छ। यूहन्ना १०:२८

तिनीहरू जसले अनन्त जीवन प्राप्त गरिसकेका छन् तिनीहरूले स्वर्गतर्फ अघि हेर्दछन्। हाम्रा निम्ति अघि के राखिएको छ सो बुझ्नुचाँही ईश्वरिय जीवन जिउन र स्वर्गको लागी तयार बनाउने सामर्थ्यको प्रोत्साहन हो।

यद्यपि, यस्तो लाग्छ की आफैलाई ख्रीष्टियन हुँ भनि परिचित गराउने धेरै व्यक्तिहरूले आफ्नो ध्यानाकेन्द्र गुमाएका छन्। भविष्यका स्वर्गका आशिषहरूतर्फ तयार हुनुको साटो, यहाँ अहिले हामी मानविय चाहनाहरू पूरा गर्न केन्द्रित भइरहेका छौं। पैसा, प्रतिष्ठा, विलासी मनोरन्जन, र अरू कुराहरूले स्वर्गमा केन्द्रित हुने हाम्रो प्राथमिकतालाई ओझेलमा पार्दछ। यो मेरो प्रार्थना हो की स्वर्ग सम्बन्धित यस छोटो अध्ययनले हाम्रो अघिल्तिर स्वर्गमा के राखिएको छ त्यस कुरामा हामीलाई केन्द्रित गराउनको लागी उत्साह प्रदान गरोस्।

"आफ्ना निम्ति पृथ्वीमा सम्पत्ती नथुपार, जहाँ किरा र खियाले नष्ट पार्दछन् – जहाँ चोरहरूले फोर्दछन् र चोर्दछन्; तर आफ्ना निम्ति सम्पत्ती स्वर्गमा थुपार, जहाँ न कीराले नष्ट पार्दछ न खियाले – जहाँ चोरहरूले न फोर्दछन् न चोर्दछन्। किनभने जहाँ तिमीहरूको सम्पत्ती छ, त्यहीं तिमीहरूको हृदय पनि हुनेछ। मत्ती ६:१९-२१

ती जसले अनन्त जीवन प्राप्त गर्दछन् तिनीहरूले परमेश्वर र हाम्रो मुक्तिदाता, प्रभु येशू ख्रीष्टसँग अनन्ततामा वास गर्नेछन्। यस खण्डमा स्वर्ग कस्तो हुनेछ भनि हामी झलक्क हेर्नेछौं। यो सहज भने छैन; यथार्थमा, यो असम्भव नै छ कारण हाम्रो मानव मनले हाम्रो निम्ति परमेश्वरले स्वर्ग – हाम्रो अनन्ततामा संचय गरिदिनुभएको कुरालाई पक्रन सक्दैन।

तर जसरी लेखिएको छः 'आँखाले नदेखेका, कानले नसुनेका र मानिसको चित्तमा पनि नपसेका कुराहरू परमेश्वरले आफूलाई प्रेम गर्नेहरूका निम्ति तयार पार्नुभएको छ'। १कोरिन्थी २:९

इजकिएल १ अध्यायमा, परमेश्वरले इजकिएललाई स्वर्गको दर्शन दिनुभयो। इजकिएलले मानव भाषामा स्वर्गको आश्चर्यलाई सकेसम्म वर्णन गर्ने प्रयास गरेका छन्; यद्यपि, उनको वर्णनले हामीलाई समझ दिनुको साटो हामीलाई झनै अलमल्लमा पारेको छ। उनले के भन्न खोजिरहेका छन् हामीले त्यसलाई पक्रन सकिरहेका छैनौं। एउटा कुरा के प्रष्ट छ भने, जबसम्म हामी पूर्ण परिवर्तन गरिएको आत्मा, प्राण, र शरिरका साथ त्यहाँ उपस्थित हुँदैनौं तबसम्म हामीले परमेश्वरले हाम्रो निम्ति तयार पारिदिनुभएको कुराहरूलाई मनमा लिन वा पक्रन सक्षम हुँदैनौं। स्वर्ग परमेश्वरको महिमाको प्रदर्शनी हो, र हामी, हाम्रो वर्तमान् पापमय अवस्थामा, यो कस्तो छ भनि बुझ्न सक्दैनौं।

प्रकाशको पूस्तक ४ अध्यायमा, त्यहाँ पनि समान्तर दृश्य पाउन सकिन्छ। जसै परमेश्वरले यूहन्नालाई स्वर्गमा र पृथ्वीमा हुन आउने भविष्यका कुराहरू प्रकट गरिदिनुहुन्छ, तब यहाँ प्रेरित यूहन्नाले स्वर्गमा परमेश्वरको सिंहासन वरिपरि देखेका कुराहरूलाई वर्णन गर्दछन्।

यो पाठको यस खण्डलाई निरन्तरता दिनुअघि, स्वर्गका आश्चर्यहरूका बारेमा केही ज्ञान आर्जन गर्नका लागी यी दुवै अध्यायहरूलाई (इजकिएल १, प्रकाश ४) केही पटक अध्ययन गर्नु उत्तम हुँदछ।

नयाँ यरूशलेम

नयाँ यरूशलेमलाई स्वर्गको "राजधानी शहर" भनि जान्न सकिन्छ। प्रकाश २१ अध्यायको प्रथम चार पदहरूले यो शहर कस्तो हुनेछ भनि विवरण प्रस्तुत गर्दछ।

अनि मैले नयाँ आकाश र नयाँ पृथ्वी देखें; किनकी पहिलो आकाश र पहिलो पृथ्वी बितेर गए; अनि उसो समुन्द्र रहेन। अनि म यूहन्नाले पवित्र शहर नयाँ यरूशलेमलाई परमेश्वरतर्फबाट स्वर्गदेखी तल झरिरहेको देखें, जो आफ्ना पतिका निम्ति सिँगारिएकी दूलहीझैँ तयार भएको थियो। अनि मैले स्वर्गबाट यसो भन्दै गरेको एउटा ठूलो आवाज सुनेः "हेर, मानिसहरूसित परमेश्वरको निवासस्थान! अनि उहाँ उनीहरूसित वास गर्नुहुनेछ, अनि उनीहरू उहाँका मानिसहरू हुनेछन्, अनि परमेश्वर आफै उनीहरूसित हुनुहुनेछ र उनीहरूका परमेश्वर हुनुहुनेछ। अनि परमेश्वरले उनीहरूका आँखाहरूबाट सबै आँसु पुछिदिनुहुनेछ; अनि मृत्यु कहिल्यै हुनेछैन, न ता शोक, न रूवाइ, न कहिल्यै पिडा नै हुनेछ; किनकी पहिलेका कुराहरू बितिसकेका छन्"। प्रकाश २१:१-४

प्रकाश २१:१०-२७मा, नयाँ यरूशलेमको भौतिक विशेषताको बारेमा विवरणहरू प्रस्तुत गरिएका छन्। फेरी पनि, यो अति अद्भूत वर्णन हो। प्रेरित यूहन्नाले मानव भाषामा स्वर्ग कस्तो रहेको छ भनि बयान गर्ने प्रयास गरेका छन्। यूहन्नाको वर्णनबाट पनि यो कस्तो छ भनि दृश्य कल्पना गर्न हामीलाई कठिन नै पर्दछ।

अनि जुन सातजना स्वर्गदूतहरूसँग आखिरी सात महामारीले भरिएका सात कचौराहरू थिए, तीमध्ये एकजना मकहाँ आए, र यसो भन्दै मसँग कुरा गरेः "यहाँ आऊ, म तिमीलाई दुलही अर्थात् थूमाकी पत्नी देखाउनेछु। अनि उनले मलाई आत्मामा एउटा ठूलो र अग्लो पहाडमा लगे, र मलाई परमेश्वरतर्फबाट स्वर्गदेखि तल झरिरहेको

त्यो महान् शहर पवित्र यरूशलेम देखाए, जससँग परमेश्वरको महिमा थियो; र त्यसको चमकचाँही अति मूल्यवान् रत्नको जस्तै अर्थात् बिल्लौरझैँ सङ्लो भएको स्फटिकजस्तो थियो; अनि त्यसको ठूलो र अग्लो पर्खाल थियो, अनि बाह्रओटा ढोकाहरू थिए, अनि ती ढोकाहरूमा बाह्रजना स्वर्गदूतहरू थिए, अनि तिनका नामहरू लेखिएका थिए, जो इस्राएलीहरूका बाह्र कुलका नामहरू हुन्; पूर्वपट्टि तीन ढोकाहरू; उत्तरपट्टि तीन ढोकाहरू; दक्षिणपट्टि तीन ढोकाहरू; र पश्चिमपट्टि तीन ढोकाहरू। अनि त्यस शहरको पर्खालका बाह्रओटा जगहरू थिए, अनि तिनमा थुमाको बाह्र प्रेरितहरूका नाम लेखिएका थिए। अनि मसँग बोल्नेसित शहर, त्यसका ढोकाहरू र त्यसको पर्खाल नाप्नका लागी एउटा सुनको टाँगो थियो। अनि त्यो शहर वर्गाकार रुपमा बसालिएको छ, अनि त्यसको लमाइचाँही चौडाइ बराबरको छ; अनि उनले त्यस शहरलाई टाँगोले नापे, पन्ध्र सय माइल। त्यसका लमाइ, चौडाइ र उचाइ बराबर रहेछन्। अनि उनले त्यसको पर्खाल नापे; मानिसको अर्थात् स्वर्गदूतको नापअनुसार एक सय चवालीस हातको रहेछ। अनि त्यसको पर्खाल स्फटिकले भनेको थियो; अनि शहरचाँही स्वच्छ काँचजस्तै चोखो सुनको थियो। अनि त्यस शहरका पर्खालका जगहरूचाँही सब प्रकारका रत्नहरूले सिंगारिएका थिए। पहिलो जग स्फटिक थियो; दोस्रो, नीरमणि; तेस्रो, खाल्सेडोन; चौथो, हरितमणि; पाचौं, गोमेद; छैटौं, लालमणि; सातौं, पीतमणि; आठौं, फिरोजा; नवौं, पुष्पराज; दसौं, लहसुने; एघारौं, धूम्रकान्त; बाह्रौं, अमेथिष्ट। अनि बाह्रओटा ढोकाहरू चाँही बाह्रैओटा मोती थिए; एक-एक ढोका एक-एक मोतीको थियो; अनि शहरको सडकचाँही छर्लङ्ग देखिने काँचजस्तै चोखो सुनको थियो। अनि त्यसभित्र मैले कुनै मन्दिर देखिनँ; किनकी प्रभु सर्वशक्तिमान् परमेश्वर र थुमा त्यसको मन्दिर हुनुहुन्थ्यो। अनि त्यस शहरलाई, त्यसमा उज्यालो दिनका निम्ति न घाम, न जूनको खाँचो थियो; किनकी परमेश्वरको महिमाले त्यसलाई उज्यालो पार्थ्यो, र थूमाचाँही त्यसको बत्ती हुनुहुन्थ्यो। अनि मुक्ति पाएकाहरूका जातिहरू त्यसको उज्यालोमा हिँड्नेछन्; अनि पृथ्वीका राजाहरूले तिनीहरूका महिमा र आदर त्यसभित्र ल्याउँछन्। अनि त्यसका ढोकाहरू दिनमा कुनै किसिमले बन्द हुनेछैनन्; किनकी त्यहाँ रात हुनेछैन। अनि तिनीहरूले जाति-जातिका महिमा र आदर त्यसभित्र ल्याउनेछन्। अनि त्यसभित्र अपवित्र पार्ने वा घिनलाग्दो काम गर्ने वा झूटा कुरा बनाउने कुनै पनि कुरा कुनै रीतिले पस्नेछैन; तर तिनीहरू मात्र पस्छन्, जसका नाम थुमाको जीवनको पुस्तकमा लेखिएका छन्। प्रकाश २१:१०-२७

नयाँ यरूशलेम अक्षरश भौतिक शहर हुनेछ। यो कुनै चित्रण वा कुनै प्रकारको भ्रम होइन। ती जसले यस शहरको आकार नापेका छन् तिनीहरूले यो अड्कल गरेका छन् की यस शहरमा करिब एक शय अर्ब मानिसहरूका लागी प्रशस्तै ठाउँहरू हुनेछ। अनि हामीलाई थाहा छ की हरेक उद्धार गरिएका जनहरू त्यहाँ हुनेछन्। तिनीहरू सबै प्रभुमा हाम्रा दाजु\भाइ- दिदी\बहिनी हुनेछन्। हामीले तिनीहरूलाई चिन्नेछौं, अनि हामीले सबैलाई चोखो प्रेम गर्नेछौं, र अनन्तकालसम्म नै हामीहरू एकसाथ संगति गरिरहनेछौं।

यरूशलेम स्वर्गको "राजधानी शहर" हुनेछ, र हामी त्यहाँमात्र सिमित हुँदैनौं। हामी नयाँ पृथ्वीको सौन्दर्य र सिद्धतामा पनि प्रवेश गर्नेछौं। म कट्टर हुन चाहँदिन वा बाइबलको शिक्षा अधिक जान चाहँदिन, तर जसरी सारा जगतको पुनःसृष्टि हुँदछ, म सन्देहस्पद छु की यस असिमित जगतमा प्रभुको सेवा गर्नको लागी हामीलाई जिम्मनेवारी प्रदान गरिदँछ। सारा जगतको अन्वेषण गर्न रोमान्चक हुनेछ।

प्रकाश २१ अध्यायमा वर्णन गरिएको भौतिक शहर अद्भूत छ, यस शहरको बारेमा थप दुई महान् कुराहरू पनि रहेका छन्। पहिलो, परमेश्वर पिता र हाम्रो प्रभु येशू ख्रीष्ट हामीसँग रहनुहुनेछ, र दोश्रो त्यहाँ कुनै पाप वा पापका परीणामहरू रहँदैन। हामी पवित्र पारिनेछौं र हामी परमेश्वरको उपस्थितिमा रहनेछौं। परमेश्वरको पूर्ण महिमालाई हामीले देख्नेछौं र अनुभव पनि गर्न सक्नेछौं, जसलाई अहिले हामी पक्रिन पनि सक्षम छैनौं।

अनि त्यहाँ कुनै श्राप कहिल्यै हुनेछैन; तर त्यसमा परमेश्वर र थुमाको सिंहासन हुनेछ; अनि उहाँका दासहरूले उहाँको सेवा गर्नेछन्; अनि उनीहरूले उहाँको अनुहार देख्नेछन्; अनि उहाँको नाम उनीहरूका निधारहरूमा हुनेछ। प्रकाश २२:३-४

तरै पनि हामी उहाँको प्रतिज्ञाअनुसार नयाँ आकाशहरू र नयाँ पृथ्वीको बाटो हेर्दछौं, जहाँ धार्मिकताले वास गर्छ। २ पत्रुस ३:१३

यसकारण स्वर्गमा धार्मिकता मात्र रहेकाले, स्वर्गमा के *हुनेछैन* भनि विचार गर्नू चाखलाग्दो हुँदछ।

त्यहाँ कुनै पाप हुनेछैन, वा पापका परीक्षाहरू हुनेछैनन्, र परमेश्वरको विरुद्धमा कुनै विद्रोह हुनेछैन। त्यहाँ कुनै अपराध, जेल, प्रहरी, लडाँई, वा सैनिक हुनेछैनन्। त्यहाँ कुनै पनि शोक र पिडा हुनेछैन र हामीले कहिल्यै पनि चिन्ता लिनुपर्दैन। हामी कहिल्यै पनि डाक्टरकहाँ जानुपर्दैन वा कुनै पनि परीक्षण गर्नुपर्दैन किनभने त्यहाँ कुनै पनि शारिरिक वा भावनात्मक पिडा हुँदैन। त्यहाँ रिस, भय, दोष-बोध, लाज, पछुताऊ हुँदैन। नानीहरूलाई वा कसैलाई पनि बे-वास्ता वा दुर्व्यहवार गरिदैँन। त्यहाँ अर्बुध (क्यान्सर) रोग, हृदयको बिमारी, यौन रोग वा कुनै पनि प्रकारका रोगहरू वा बिरामीहरू हुँदैन। त्यहाँ कुनै आर्थिक समस्या वा कुनै पनि ऋण हुँदैन। त्यहाँ हामीले कुनै किसिमको कर तिर्नुपर्दैन। त्यहाँ कुनै पनि भ्रष्ट शासन प्रणाली वा न्याय प्रणाली हुँदैनन्। लिङ्ग वा जारिका आधारमा कुनै पनि पक्षपात वा असंगति त्यहाँ हुँदैन। हामीले कहिल्यै पनि क्षमा माग्नुपर्दैन। त्यहाँ कुनै पनि गादी दुर्घटना, घरआगलागी, वा प्रकोप, आँधी, सुनामी, हिमपात, विद्युत अवरोध , हुरी, भूकम्प, बाढी, वा खडेरी हुँदैनन्। कुनै पनि व्यक्तिगत असफलता हुँदैन। त्यहाँ कुनै पनि बहस, झगडा वा रिस, पारपाचुके, पछुताऊ, भय, ईर्ष्या वा डाह हुँदैन। कुनै विरक्ति हुँदैन। लागु औषध सेवन वा कुलतहरू हुँदैनन्। कुनै पनि भोकमरी हुँदैन र कोही पनि अधिक तौलका हुँदैनन्। ☺

यी सबैकुराहरूको सट्टामा, त्यहाँ शुद्ध आराधना, शान्ति, धेरै असल संगित, निरन्तरताको हर्ष र आनन्द, सेवा, जिम्मेवारी, सारा जगतभरिको असिमित यात्रा, लाखौं घनिष्ठ साथीहरू, साँचो संगति, प्रशस्त असल खाना हुनेछ, र हामी जहिले पनि सिकिरहनेछौं।

वाह!!! पावलका अभिव्यक्ति "फेरी मर्ने"मा कुनै आश्चर्य रहेको छैन।

किनकी मेरा निम्ति जिउनु ख्रीष्ट हुनुहुन्छ र मर्नूचाँही लाभ हो। फिलिप्पी १:२१

स्वर्गमा हामी परमेश्वरसँग रहनेछौं र हामीले उहाँको आशिषमा सदा रमाउनेछौं।

"तिमीहरूको हृदय विचलित नहोस्; तिमीहरू परमेश्वरमा विश्वास गर्दछौ, ममा पनि विश्वासस गर। मेरा पिताको घरमा धेरै वासस्थानहरू छन्; त्यस्तो नहुँदो हो ता म तिमीहरूलाई भन्ने थिएँ। म तिमीहरूका निम्ति ठाउछ तयार पार्न जान्छु। अनि मैले गएर तिमीहरूका निम्ति ठाउँ तयार पारें भने म फेरी आउनेछु; अनि म जहाँ छु, त्यहाँ तिमीहरू पनि होओ भनेर म तिमीहरूलाई आफूकहाँ लिनेछु। यूहन्ना १४:१-३

यहाँ येशूले हाम्रि निम्ति ठाँउ तयार पार्न जादैँ हुनुहुन्छ र हामीलाई उहाँमा ग्रहण गर्नुहुनेछ भन्ने अभिव्यक्ति प्रदान गर्नुभएको छ। यथार्थ भावमा, हामी कुनै ठाउँमा जादैँ छैनौं, हामी व्यक्तिसँग जादैँछौं – हाम्रो प्रभु येशू ख्रीष्टमा।

त्यसपछि हामी जीवित र रहिरहेकाहरू हावामा प्रभुलाई भेट्नाका निम्ति उनीहरूसित एकसाथ बादलहरूमा उठाइनेछौं; अनि यसरी हामी सधैँ प्रभुको साथमा रहनेछौं। १थेस्सोलोनिकी ४:१७

अनि मैले स्वर्गबाट यसो भन्दै गरेको एउटा ठूलो आवाज सुनेः "हेर, मानिसहरूसित परमेश्वरको निवासस्थान! अनि उहाँ उनीहरूसित वास गर्नुहुनेछ, अनि उनीहरू उहाँका मानिसहरू हुनेछन्, अनि परमेश्वर आफै उनीहरूसित हुनुहुनेछ र उनीहरूका परमेश्वर हुनुहुनेछ। प्रकाश २१:३

तर मचाँही धार्मिकतामा तपाईको चेहरा निहार्नेछु। जब म बिउँझन्छु, तब तपाईको स्वरुपमा म सन्तुष्ट हुनेछु। भजनसंग्रह १७:१५

अनि त्यहाँ कुनै श्राप कहिल्यै हुनेछैन; तर त्यसमा परमेश्वर र थुमाको सिंहासन हुनेछ; अनि उहाँका दासहरूले उहाँको सेवा गर्नेछन्; अनि उनीहरूले उहाँको अनुहार देख्नेछन्; अनि उहाँको नाम उनीहरूका निधारहरूमा हुनेछ। प्रकाश २२:३-४

हे पिता, तपाईले मलाई जतिजना दिनुभएको छ, तिनीहरू पनि म जहाँ छु, त्यहीँ मसँगै रहून् भन्ने इच्छा म गर्दछु; र तपाईले मलाई दिनुभएको मेरो महिमा तिनीहरूले देखून्; किनकी तपाईले मलाई संसारको उत्पत्तीभन्दा पहिल्यै प्रेम गर्नुभयो। यूहन्ना १७:२४

हामी उहाँको उपस्थितमा हुने मात्र होइन, हामीले सदाको निम्ति उहाँको आशिषमा आनन्द गर्नेछौं।

ख्रीष्ट येशूमा हामीतर्फ भएको उहाँको दयाद्वारा पछि आउने युगहरूमा उहाँको अनुग्रहको अपार धन देखाउनाका निम्ति। एफिसी २:७

तपाईले मलाई जीवनको बाटो देखाउनुहुनेछ; तपाईको उपस्थितिमा आनन्दको भरपूरी छ; तपाईको दाहिने हातमा सदा-सर्वदा सुख-चैनहरू छन्। भजनसंग्रह १६:११

किनकी तपाईले उनलाई सदाको निम्ति अति आशिषित बनाउनुभएको छ; तपाईले आफ्नो चेहराले उनलाई अत्यन्तै आनन्दित तुल्याउनुभएको छ। भजनसंग्रह २१:६

हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर र पिता धन्य होऊन्, जसले हामीलाई स्वर्गीय स्थानहरूमा सबै आत्मिक आशिषहरूले ख्रीष्टमा आशिषित पार्नुभएको छ; एफिसी १:३

हामी स्वर्गको आनन्द र खूशीको पूर्णतामा अघिल्तिर हेर्दछौं।

स्वर्गमा आराम हुनेछ।

स्वर्गमा अनन्त आराम हुनेछ। स्वर्गमा आराम भन्नाले धेरैजसो समय जीवनको नदीको किनाराको घाँसमा केही नगरिकन सुतिरहनु भन्ने होइन। हामी स्वर्गमा परमेश्वरको सेवा गर्नको निम्ति निरन्तर रुपमा सकृय हुनेछौं, तर यो तनाबपूर्ण, थकित, वा दिक्क भने हुँदैन।

अनि मैले स्वर्गबाट मलाई यसो भनेरहेको एउटा आवाज सुनेः "लेख; ती मरेकाहरू धन्य हुन्, जो अबदेखि उसो प्रभुमा मर्छन्;" आत्मा भन्नुहुन्छः "अँ, तिनीहरूले आफ्ना परिश्रमहरूबाट विश्राम पाऊन्; अनि तिनीहरूका कामहरू तिनीहरूका पछि लाग्छन्"। प्रकाश १४:१३

किनकी यहोशूले तिनीहरूलाई विश्राम दिएका भए उहाँले पछिबाट अर्को दिनको विषयमा कुरा गर्नुहुनेथिएन। यसकारण परमेश्वरका जनहरूका निम्ति विश्रामदिनको विश्राम बाँकी नै छ। किनकी जसले उहाँको विश्राममा प्रवेश गरेको छ, परमेश्वरले आफ्ना कामबाट विश्राम लिएझैँ उसले पनि आफ्ना कामहरूबाट विश्राम लिएको छ।

यसकारण त्यस विश्राममा प्रवेश गर्नालाई हामी प्रयत्न गरौं, नत्र त्यही अविश्वासको नमुनाअनुसार कुनै मानिस लड्ला। हिब्रु ४:८-११

अनि ती विश्वास नगर्नेहरूसँग बाहेक अरु कससँग, 'यिनीहरू मेरो विश्राममा प्रवेश गर्नेछैनन् भनि उहाँले कसम खानुभयो र? यसकारण हामी देख्दछौं, अविश्वासको कारणले तिनीहरू प्रवेश गर्न सकेनन्। हिब्रु ३:१८-१९

स्वर्गमा हामी कस्ता हुनेछौं?

स्वर्गमा हामीले आत्मा वा प्राण दुवैमा सिद्धता हासिल गर्नेछौं, साथै शरिरमा पनि सिद्धता हासिल गर्नेछौं। हामी कस्ता हुनेछौं भन्ने कुरालाई त्यति धेरै गरी त हामी जान्न सक्दैनौं, तर हामीलाई यो थाहा छ की हाम्रो शरिर येशूको महिमित शरिरझैँ हुनेछन्। परमेश्वरको उपस्थिति र महिमामा वास गर्न सक्ने योग्यतामा हामीलाई निर्माण गरिनेछ। हामीमा कुनै पनि पापको प्रभाव ना परिणामहरू रहेका हुँदैनन् जसले हामीलाई उहाँले चाहनुभएझैँ गरी हुनको लागी हामीलाई टुक्र्याउँछ वा प्रतिबन्ध लगाउँदछ। स्वर्गमा हामीले परमेश्वरले हामीलाई सृष्टि गर्नुभएको उहाँको उद्देश्यहरूलाई पूरा गर्नेछौं।

किनकी हाम्रो नागरिकता स्वर्गमा छ, जहाँबाट हामी पनि मुक्तिदाता प्रभु येशू ख्रीष्टको बाटो हेर्दछौं; जसले जुन प्रभावशाली कार्यद्वारा सबै कुरा आफ्नो वशमा पार्न सक्नुहुन्छ, त्यही कार्यअनुसार उहाँले हाम्रो दीनहीन शरिरलाई बदली गरिदिनुहुनेछ, र यो उहाँको महिमापूर्ण शरिरजस्तै बानइनेछ। फिलिप्पी ३:२०-२१

अब भाइहरूहो, म यो भन्दछु, रगत र मासु परमेश्वरको राज्यको हकदार हुन सक्दैन; न ता विनाश अविनाशको हकदार हुन सक्दछ। हेर, एउटा रहस्य म तिमीहरूलाई बताउँछु; हामी सबैजना सुतिजानेछैनौं, तर हामी सबै बदली हुनेछौं; एकै छिनमा, आँखाको झिमिकमा, आखिरी तुरही बज्दाहुँदि; किनकी तुरही बज्नेछ र मरेकाहरू अविनाशी दशामा बौराइनेछन्, र हामीचाँही बदली हुनेछौं। किनकी यस विनाशीले अविनाशीलाई पहिरनैपर्छ, र यस मरणशीलले अमरतालाई ओढ्नैपर्छ। १कोरिन्थी १५:५०-५३

मरेकाहरूको बौरीउठाइ पनि यस्तै प्रकारको हुन्छ। विनाशी दशामा छरिन्छ, अविनाशी दशामा बौराइन्छ। अनादरमा छरिन्छ, महिमामा बौराइन्छ; दुर्बलतामा छरिन्छ; सामर्थ्यमा बौराइन्छ। एउटा प्राकृतिक शरिर छरिन्छ, एउटा आत्मिक शरिर बौराइन्छ। प्राकृतिक शरिर हुन्छ र आत्मिक शरिर पनि हुन्छ। १कोरिन्थी १५:४२-४४

यस आशा र समझ, ईश्वरिय जीवन जिउनको लागी ठूलो प्रोत्साहन हुन्।

प्रियहरूहो, अहिले ता हामी परमेश्वरका सन्तान छौं, अनि हामी के हुनेछौं, सो अहिलेसम्म प्रकट भएको छैन; तर हामी जान्दछौं, जब उहाँ देखा पर्नुहुनेछ, तब हामी उहाँजस्तै हुनेछौं; किनकी हामी उहाँलाई, उहाँ जस्तो हुनुहुन्छ, त्यस्तै देख्नेछौं। अनि उहाँमा यो आशा राख्ने हरेक मानिसले जस्तो उहाँ शुद्ध हुनुहुन्छ, त्यस्तै गरी आफूलाई शुद्ध पार्दछ। १यूहन्ना ३:२-३

तलका वाक्याशंलाई ध्यान दिनुहोस्, *"सिद्ध पारिएका धर्मी जनका आत्माहरूकहाँ"*। म अरुहरूको बारेमा त जान्दिनँ, तर मचाँही सिद्धताबाट धेरै टाढामा छु। यद्यपि, केही वर्षहरू पर्खनुहोस् र म सिद्ध बनाइनेछु किनभने परमेश्वरले मात्र मानिसहरूलाई सिद्ध बनाउनुहुँदछ। एक असाधारण स्त्री जो ४६+ वर्षहरूसम्म मेरो पत्नी रहिरहनुभएको छ, उहाँले भन्नुहुन्छ की म सिद्ध भएको कुरालाई उहाँले पनि कल्पना नै गर्न सक्नुहुन्न। ☺

तर तिमीहरू ता सियोन पर्वतमा, जिउँदो परमेश्वरको शहर स्वर्गीय यरूशलेममा र स्वर्गदूतहरूको असंख्य जमातमा, सर्वसाधारण सभामा, जेठा छोराहरूको मण्डलीमा, जसका नाम स्वर्गमा लेखिएका छन्, र सबैका न्यायकर्ता परमेश्वरकहाँ, सिद्ध पारिएका धर्मी जनका आत्माहरूकहाँ, हिब्रु १२:२२-२३

हिब्रुको पूस्तकका यी पदहरूले सिकाउवछन् की स्वर्गमा स्वर्गदूतहरू, मण्डली, परमेश्वर पिता, र सारा धर्मी मानिसहरू, जसलाई सिद्ध तुल्याइएको छ, हुनेछन्।

यस पृथ्वीमा सेवा गरेकाले स्वर्गमा हामीलाई इनाम प्रदान गरिनेछ।

परमेश्वरको वचन प्रष्ट छ की हामी यस पृथ्वीमा रहुन्जेल हामीले प्रभुको सेवा गरेको कारणले गर्दा हामीलाई इनाम प्रदान गरिनेछ।

अनि हेर, म चाँडै आउँछु; अनि हरेक मानिसलाई जस्तो उसको काम हुनेछ, त्यही अनुसार दिनालाई मेरो इनाम मसित छ। प्रकाश २२:१२

पृथ्वीमा रहुन्जेल हामीले प्रभुको कामहरू गरेका अनुसारले वा हाम्रा कामहरूको गुणस्तरको कारणले हामीलाई इनाम प्रदान गरिदँछ। परमेश्वरको वचनबाट यो स्पष्ट छ की पृथ्वीमा हामीले प्रभुको सेवा गर्नाले स्वर्गको हाम्रो जीवनमा यसले प्रभाव पार्दछ। तल हामीलाई निश्चित निर्देशनहरू प्रदान गरिएको छ, *"आफ्ना निम्ति सम्पत्ती स्वर्गमा थुपार"*। यी धनहरू, वा इनामहरू, सदाको निम्ति रहिरहन्छन्।

"आफ्ना निम्ति पृथ्वीमा सम्पत्ती नथुपार, जहाँ किरा र खियाले नष्ट पार्दछन् – जहाँ चोरहरूले फोर्दछन् र चोर्दछन्; तर आफ्ना निम्ति सम्पत्ती स्वर्गमा थुपार, जहाँ न कीराले नष्ट पार्दछ न खियाले – जहाँ चोरहरूले न फोर्दछन् न चोर्दछन्। किनभने जहाँ तिमीहरूको सम्पत्ती छ, त्यहीं तिमीहरूको हृदय पनि हुनेछ। मत्ती ६:१९-२१

प्रभुमा गरिएका हाम्रा सेवाहरूको न्याय हुँदछ, र हामीलाई त्यस अनुसारले नै इनाम प्रदान गरिदँछ।

किनकी त्यो दिनले त्यो काम देखाउनेछ, किनकी त्यो आगोद्वारा प्रकट गरिनेछ; अनि हरेकको काम, त्यो कस्तो किसिमको रहेछ भनि आगोले जाँच गर्नेछ। कुनै मानिसको काम, जो उसले त्यसमाथि बनाएको छ, रहिरह्यो भने उसले इनाम पाउनेछ। कसैको काम जलिजान्छ भने उसले हानी भोग्नेछ; तर ऊ आफैचाँही बाँच्नेछ, तर आगोबाट भएर उम्केजस्तो। १कोरिन्थी ३:१३-१५

अनि जे तिमीहरू गर्दछौ, सो मानिसहरूका निम्ति होइन, तर प्रभुका निम्ति गरेझैँ तनमनले गर; यो कुरा जानेर की प्रभुबाट तिमीहरूले पैतृकसम्पत्तीरुपी इनाम पाउनेछौ; किनकी तिमीहरू प्रभु ख्रीष्टको सेवा गर्दछौ। कलस्सी ३:२३-२४

किनभने मानिसका पुत्र आफ्ना पिताको महिमामा आफ्ना दूतहरूका साथमा आउनेछन्, र त्यस बेला उनले हरेकलाई उसका कामहरूअनुसार प्रतिफल दिनेछन्। मत्ती १६:२७

अनि जसले यी सानाहरूमध्ये एउटालाई चेलाको नाममा एक कचौरा चिसो पानी मात्र भए पनि पिउन देला, म तिमीहरूलाई साँचो भन्दछु, त्यसले कुनै रीतिले आफ्नो इनाम गुमाउनेछैन"। मत्ती १०:४२

सारा इनामहरू कस्ता हुनेछन् भनि प्रष्ट बताइएको छैन; यद्यपि, हामीले यस पृथ्वीमा गरेका त्यागहरू अनुसारले नै इनामहरू प्रदान गरिदँछन् भन्ने कुरा हामीलाई ज्ञात रहेको छ। यो लाखौं गुणा मूल्य बराबरको हुनेछ।

किनकी म ठान्दछु, यस वर्तमान समयका दुःखकष्टहरू त्यस महिमासँग तुलना गरिने योग्यका छैनन्, जो हामीमाथी प्रकट हुनेछ। रोमी ८:१८

रमाओ, र अत्यन्तै खुशी होओ, किनभने स्वर्गमा तिमीहरूको इनाम ठूलो छ; किनभने यसरी नै तिनीहरूले तिमीहरूभन्दा पहिलेका भविष्यवक्ताहरूलाई सताएका थिए"। मत्ती ५:१२

अनि पृथ्वीको धूलोमा सुत्नेहरूमध्ये धेरैजना – कतिजनाचाँही अनन्त जीवनका निम्ति तर कतिजनाचाँही शर्म र अनन्त घृणाका निम्ति बिउझँनेछन्। अनि जोउनी ,जो समझदार छन्-हरूमण्डलको चमकझैँ -आकाश न्अनि जसले धेरैलाई धार्मिकतातिर फर्काउँछ ;चम्कनेछन्उनीहरू ताराहरूझैँ सदासर्वदा चम्कनेछन्।- दानिएल १२:२-३

बाइबलको सानो पूस्तक २यूहन्नामा, झूटा शिक्षकहरू, जसले सत्यता सिकाउँदैनन, तिनीहरूको विरुद्धमा चेतावनीहरू प्रस्तुत गरिएको छ। तलका पदहरूका गम्भिर चेतानवीहरू प्रस्तुत गरिएको छ। असत्य शिक्षा प्रदान गर्ने कुनै पनि व्यक्तिद्वारा धोकामा नपर्नुहोस् र उहाँमा विश्वासयोग्य सेवा गरेवापत प्राप्त गर्ने इनामलाई नगुमाउनुहोस्। यदि हामी सत्यतामा जिउनबाट चुक्छौं भने, परमेश्वरले हाम्रो निम्ति राखिदिनुभएको इनामलाई पनि हामीले गुमाउन पुग्दछौं। यो निकै दुःखान्त घटना हुनेछ।

किनकी अनेकौं बहकाउनेहरू संसारमा पसेका छन्, जसले येशू ख्रीष्ट शरिरमा आउनुभएको हो भनि स्वीकार गर्दैनन्। बहकाउने र ख्रीष्ट – विरोधी यही हो। आफ्नो विषयमा होसियार बस, यसैले की जुन कुराहरूका लागी हामीले परिश्रम गर्यौं तिनलाई हामी नगुमाऔं, तर पूरा प्रतिफल पाऔं। २ यूहन्ना ७-८

ख्रीष्टियनहरूले कहिल्यै पनि आफ्नो मुक्तिलाई गुमाउँदैनन्, तर सदाका लागी स्वर्गमा हाम्रा निम्ति हुने इनामहरूलाई भने हामीले गुमाउन सक्दछौं। प्रभुमा हाम्रो सेवा अर्धमनको वा फाटफूटे हुनु हुँदैन। यो हाम्रो सारा हृदयबाट नै हुनु पर्दछ, यो जानिकन की प्रभुबाट हामीलाई प्रशस्त प्रदान गरिनेछ।

अनि जे तिमीहरू गर्दछौ, सो मानिसहरूका निम्ति होइन, तर प्रभुका निम्ति गरेझैँ तनमनले गर; यो कुरा जानेर की प्रभुबाट तिमीहरूले पैतृकसम्पत्तीरुपी इनाम पाउनेछौ; किनकी तिमीहरू प्रभु ख्रीष्टको सेवा गर्दछौ। कलस्सी ३:२३-२४

अनि होडबाजीमा संघर्ष गर्ने हरेक मानिसले सबै कुरामा वशमा राख्दछ; अब तिनीहरू साँच्चै नाश भइजाने मुकुट पाउनाको निम्ति यसो गर्दछन्, तर हामी ता नाश नहुने मुकुटका निम्ति। १कोरिन्थी ९:२५

हाम्रा निम्ति प्रशस्तता र निश्चित पैतृक-सम्पत्ती पर्खिरहेको छ

पवित्रशास्त्रका धेरै खण्डहरूले स्वर्गमा रहेको हाम्रो पैतृक-सम्पत्तीको बारेमा उल्लेख गरेको छ। परमेश्वरले हामीलाई जे-जति स्वर्गमा दिनुहुन्छ त्यही नै हाम्रो पैतृक-सम्पत्ती हो। याद गराखुहोस् हाम्रो पैतृक-सम्पत्ती "शुरक्षित" गरिएको छ। यसले हामीलाई पर्खिरहेको छ र हामी त्यहाँ पुग्ने बित्तिकै यो हामीलाई प्रदान गरिनेछ।

हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर र पिता धन्य होऊन्, जसले आफ्नो ठूलो दयाअनुसार येशू ख्रीष्टको मरेकाहरूबाटको बौरीउठाइद्वारा एउटा जिउँदो आशाका निम्ति हामीलाई नयाँ गरी जन्माउनुभएको छ; एउटा

अविनाशी, निष्कलङ्क र ओइलिएर नजाने पैतृक-सम्पत्तिका निम्ति, जो तिमीहरूका लागि स्वर्गमा शुरक्षित राखिएको छ; १पत्रुस १:३-४

र तिमीहरूका मनका आँखाहरू उज्याला पारिएका होऊन्, जसले गर्दा उहाँको वोलावटको आज्ञा के रहेछ, र पवित्र जनहरूमा उहाँको पैतृक-सम्पत्तीको महिमाको धन के रहेछ, एफिसी १:१८

उहाँमा नै तिमीहरूले सत्यको वचन अर्थात् तिमीहरूको मुक्तिको सुसमाचार सुनेपछि भरोसा गर्यौं; उहाँमा नै तिमीहरूले विश्वास गरेपछि प्रतिज्ञाको पवित्र आत्माले तिमीहरू छाप मारियौ। जोचाँही किनिएको सम्पत्तीको छुटकाराको समयसम्म हाम्रो पैतृक-सम्पत्तिको बैना हुनुहुन्छ, उहाँकै महिमाको प्रशंसाको लागी। एफिसी १:१३-१४

उत्तराधिकारी त्यही नै हो जसले पैतृक-सम्पत्ती प्राप्त गर्दछ। साँचो विश्वासी परमेश्वरको उत्तराधिकारी हो, र ख्रीष्टसँगको साझा हकदार हो। फेरी, यो हामीले पक्रसक्रे हाम्रो योग्यताभन्दा अधिकमा रहेको छ। यद्यपि, यस प्रतिज्ञामा शर्त छ। यदि हामी पनि उहाँसँगै महिमित हुन चाहन्छौं भने, यस पृथ्वीमा रहुन्जेल हामीले पनि उहाँको निम्ति कष्टहरू भोग्न इच्छा गर्नुपर्छ।

आत्मा आफैले हाम्रो आत्मासँग 'तिमीहरू परमेश्वरका सन्तान हौ' बनि गवाही दिनुहुन्छ; अनि सन्तान हौं भने हकवालाहरू पनि हौं; साँच्चै परमेश्वरका हकवालाहरू, र ख्रीष्टसँग साझा- हकवालाहरू; उहाँसँगै हामीले दुःख भोग्यौं भनेचाँही उहाँसँगै हामीले महिमा पनि पाउनेछौं। रोमी ८:१६-१७

हामीले स्वर्गमा के गर्नेछौं?

१ स्वर्गमा हामीले परमेश्वर र हाम्रा प्रभु येशू ख्रीष्टको अनन्ततासम्म प्रशंसा र आराधना गर्नेछौं।

प्रकाशको पूस्तकमा, जुनचाँही स्वर्गमा हुने कार्यहरूको पूर्वदर्शन हो, त्यहाँ निरन्तररुपमा प्रशंसा र आराधना भइ रहनेछ। स्वर्गदूतहरूले प्रशंसा गर्नेछन् र हामी, उहाँका मानिसहरूले, उहाँको आराधना गर्नेछौं। स्वर्गमा हामी महिमित अवस्थामा हुनेछौं, जहाँ हामी पाप र यसका प्रभाव र परिणामहरूबाट मुक्त हुनेछौं। हामीले शुद्ध र महिमित आराधना गर्नेछौं, जसमा पापको कुनै पनि प्रभाव रहेको हुँदैन।

अनि ती चारओटा जीवित प्राणीहरूमा हरेकका छ-छओटा पखेटाहरू थिए; ती वरिपरि र भित्रपट्टि आँखै-आँखाले भरिएका थिए; अनि "पवित्र, पवित्र, पवित्र, प्रभु सर्वशक्तिमान् परमेश्वर, जो हुनुहुन्थ्यो, हुनुहुन्छ, र आउनुहुनेछ भन्दै तिनीहरू दिनरात विश्राम लिँदैनन्। जब ती जीवित प्राणीहरूले सिंहासनमा बस्नुहुनेलाई, जो सदासर्वदा जिउनुहुन्छ, महिमा, आदर र धन्यवाद चढाउँछन्, तब ती चौबिस प्राचीनहरूले सिंहासनमा बस्नुहुनेका सामु लम्पसार परेर सदासर्वदा जिउनुहुनेलाई दण्डवत् गर्छन्, र यसो भन्दै आ-आफ्ना मुकुटहरू सिंहासनका सामु राखिदिन्छन्; "हे प्रभु, तपाई महिमा, आदर र सामर्थ्य पाउन योग्य हुनुहुन्छ; किनकी तपाईले नै सबै कुराहरू सृष्टि गर्नुभएको हो, र तपाईकै इच्छाको कारणले ती रहन्छन् र सृष्टि गरिए"। प्रकाश ४:८-११

अनि मैले हेरें, अनि सिंहासन, जीवित प्राणीहरू र प्राचीनहरूका वरिपरि मैले अनेकौं स्वर्गदूतहरूको सोर सुनें; अनि उनीहरूको संख्या करौडौं र लाखौं थियो; अनि उनीहरूले ठूलो सोरले यसो भन्दैथिएः "मारिनुभएको थूमा सामर्थ्य, धन, बुद्धि, बल, आदर, महिमा र धन्यवाद पाउन योग्यका हुनुहुन्छ"। अनि स्वर्गमा, पृथ्वीमाथि र पृथ्वीमनि भएको हरेक सृष्टि गरिएको प्राणीले, र समुन्द्रमा भएकाहरू र तिनीहरूमा भएका सबै थोकहरूले यसो भनिरहेका मैले सुनेः "सिंहासनमा बस्नुहुनेलाई र थुमालाई धन्यवाद, आदर, महिमा र सामर्थ्य सदासर्वदा

होस्"। अनि चार जीवित प्राणीहरूले भनेः "आमेन"। अनि चौबिस प्राचीनहरूले घोप्टो परेर युगानुयुग जिउनुहुनेलाई दण्डवत् गरे। प्रकाश ५:११-१४

प्रकाश ७:९-१२ \ १९:५-६मा पनि स्वर्गको बारेमा यस्तै दृश्य वर्णन गरिएको पाइन्छ। यी सबै दृश्यले स्वर्गमा हाम्रा प्रभुको निरन्तर भइरहेको र भइरहने प्रशंसा र आराधनालाई प्रस्तुत गर्दछ।

२ हामीले प्रभु येशू ख्रीष्टको सेवा गर्नेछौं।

स्वर्गमा हामी प्रभु येशू ख्रीष्टको सेवामा व्यस्त हुनेछौं। फेरी पनि, हामीमा पर्याप्त उत्तर भने छैन; यद्यपि हामीले उहाँको निरन्तर सेवा गर्नेछौं।

यसैकारण यिनीहरू परमेश्वरको सिंहासनको अघिल्तिर छन्, र उहाँको मन्दिरमा दिनरात उहाँको सेवा गर्छन्; अनि जो सिंहासनमा बस्नुहुन्छ, उहाँ यिनीहरूका बीचमा वास गर्नुहुनेछ। प्रकाश ७:१५

अनि त्यहाँ कुनै श्राप कहिल्यै हुनेछैन; तर त्यसमा परमेश्वर र थुमाको सिंहासन हुनेछ; अनि उहाँका दासहरूले उहाँको सेवा गर्नेछन्; अनि उनीहरूले उहाँको अनुहार देख्नेछन्; अनि उहाँको नाम उनीहरूका निधारहरूमा हुनेछ। प्रकाश २२:३-४

एउटा अचम्मको सत्यता यो हो की हामीले उहाँको सेवा गर्ने मात्र होइन तर उहाँले पनि हाम्रो सेवा गर्नुहुन्छ। हामी टेबलमा विश्राम गर्नेछौं, र उहाँ आउनुहुनेछ र हामीलाई पर्खिनुहुनेछ।

ती दासहरू धन्य हुन्, जसलाई मालिकले आफू आउँदा जागिरहेका भेट्टाउनेछन्! म तिमीहरूलाई साँचो भन्दछु, तिनले आफ्नो कम्मर कस्नेछन्, अनि तिनीहरूलाई खानका निम्ति बस्न लाउनेछन्, र अघि बढेर तिनीहरूको सेवा गर्नेछन्। लूका १२:३७

३ हामी ख्रीष्टसँगै राज्य गर्नेछौं।

तलका खण्डहरूमा हामीले यो सिक्न सक्छौं की ख्रीष्टको यस पृथ्वीको हजार वर्षे राज्यमा हामी पनि उहाँसँग नै राज्य गर्नेछौं।

यस पहिलो बौरिउठाइमा जसको भाग हुन्छ, ऊ धन्य र पवित्र हो; यस्ताहरूमाथि दोश्रो मृत्युको कुनै अधिकार छैन, तर तिनीहरू परमेश्वरका र ख्रीष्ट पूजाहारीहरू हुनेछन्, र उहाँसित हजार वर्षसम्म राज्य गर्नेछन्। प्रकाश २०:६

अनि उनीहरूले यसो भन्दै एउटा नयाँ गीत गाएः "तपाई यो पूस्तक लिन र यसका छापहरू खोल्न योग्यका हुनुहुन्छ; किनकी तपाई मारिनुभयो, र आफ्नै रगतद्वारा तपाईले हरेक कुल, भाषा, मानिस र जातिबाट हामीलाई परमेश्वरका निम्ति किनेर छुटादनुभएको छ; अनि हामीलाई हाम्रा परमेश्वरका निम्ति राजाहरू र पूजाहारीहरू बनाउनुभएको छ; अनि हामीहरू पृथ्वीमाथि राज्य गर्नेछौं"। प्रकाश ५:९-१०

तलका खण्डहरूबाट हामी निरन्तर उहाँसँग राज्य गर्नेछौं – सदाको निम्ति,भनि हामीले सिक्दछौं।

अनि त्यहाँ कुनै श्राप कहिल्यै हुनेछैन; तर त्यसमा परमेश्वर र थुमाको सिंहासन हुनेछ; अनि उहाँका दासहरूले उहाँको सेवा गर्नेछन्; अनि उनीहरूले उहाँको अनुहार देख्नेछन्; अनि उहाँको नाम उनीहरूका निधारहरूमा

हुनेछ। अनि त्यहाँ रात हुनेछैन; अनि उनीहरूलाई न बत्तीको, न घामको उज्यालोको खाँचो पर्छ; किनकी प्रभु परमेश्वरले उनीहरूलाई ज्योती दिनुहुन्छ; अनि उनीहरूले सदासर्वदा राज्य गर्नेछन्। प्रकाश २२:३-५

यो विश्वासयोग्य वचन होः हामी उहाँसँग मरेका छौं भने हामी पनि उहाँसँगै जिउनेछौं। हामीले दुःख भोग्यौं भने हामीले पनि उहाँसँगै राज्य गर्नेछौं। हामीले उहाँलाई इन्कार गर्यौं भने उहाँले पनि हामीलाई इन्कार गर्नुहुनेछ। १तिमोथी २:११-१२

तलका पदहरूका तल-माथिका पदले यसले स्वत्गको बारेमा उल्लेख गरिरहेको भनि बताउँदछ, *"त्यसका मालिकले त्यसलाई भनेः स्याबास! असल र विश्वासयोग्य दास! तिमी थोरै कुराहरूमा पनि विश्वासयोग्य रह्यौ, म तिमीलाई धेरै कुराहरूमाथि अधिकारी बनाउनेछु; आफ्ना प्रभुको आनन्दभित्र प्रवेश गर"।* अनन्तताको निम्ति हामीले गर्ने राज्य पृथ्वीमा रहुन्जेल हामीले गरेका सेवा र हाम्रो विश्वासयोग्यतामा निर्भर हुँदछ।

त्यसका मालिकले त्यसलाई भनेः स्याबास! असल र विश्वासयोग्य दास! तिमी थोरै कुराहरूमा पनि विश्वासयोग्य रह्यौ, म तिमीलाई धेरै कुराहरूमाथि अधिकारी बनाउनेछु; आफ्ना प्रभुको आनन्दभित्र प्रवेश गर। मत्ती २५:२१

ख्रीष्टसँग हामीले राज्य गर्ने सन्दर्भमा धेरै प्रश्नहरू खडा हुँदछन् जसलाई हामीले निश्चयतासाथ कुनै पनि उत्तर दिन सक्दैनौं। प्रश्नहरू जस्तै हामीले कसमाथि राज्य गर्नेछौं वा हामीले कहाँ राज्य गर्नेछौं, यी कुराहरूको जवाफ अहिले हामी दिन सक्दैनौं। यद्यपि, ती जसले पृथ्वीमा विश्वासयोग्यताकसा साथ उहाँको सेवा गर्दछन् तिनीहरूलाई राज्य गर्न जिम्मेवारीहरू प्रदान गरिनेछ र तिनीहरूले पनि आ-आफ्ना जिम्मेवारीहरूलाई पूरा गर्नेछन्। हामीले कहिल्यै पनि "गडबड" गर्दैनौं, विफल हुदैनौं, वा कुनै गल्तीहरू गर्न पुग्दैनौं। अनि त्यहाँ हामीले भन्दा ज्यादा जिम्मेवारी पाउनेहरू प्रति हामीले ईर्ष्या गर्दैनौं।

परमेश्वरको प्रतिज्ञा निश्चित छ।

परमेश्वरको वचनमा, हाम्रा निम्ति परमेश्वरले राखिदिनुभएको सारा कुराहरूलाई हाम्रो आशा हुन् भनि परिचित गराइएको छ। यी आशाहरू संभव्यता मात्र होइनन्, तर निश्चयता नै हुन् – जस्तो परमेश्वर निश्चित हुनुहुन्छ। परमेश्वर, जो ढाट्न सक्नुहुन्न वा विफल हुनुहुँदैन, उहाँले सारा प्रतिज्ञाहरू पूरा गर्नुहुनेछ। यस कारणले गर्दा, साँचो विश्वासीहरूका निम्ति स्वर्ग निश्चित नै छ।

किनकी साँच्ची नै मानिसहरू आफूभन्दा ठूलाको नाममा कसम खान्छन्, अनि दृढ निश्चयताका लागी खाइएको कसम तिनीहरूका निम्ति सबै वादविवादको अन्त हो। यसरी नै जब परमेश्वरले प्रतिज्ञाका हकदारहरूलाई, 'उहाँको मनसाय कहिल्यै बदलिन सक्दैन' भन्ने कुरा प्रशस्त गरी देखाउन चाहनुभयो; यसैले की हाम्रा सामु राखिएको आशालाई पक्रनका निम्ति शरण लिनालाई दगुरेकाहरूले अथात् हामीले यी दुईटा कहिल्यै बदलिन नसक्ने कुराहरूद्वारा, जसको विषयमा परमेश्वरले झूट बोल्नु असम्भव छ, बलियो सान्त्वना पाऔं। यो आशाचाँही हामीसित प्राणको लङ्गरजस्तै छ, जो शुरक्षित र दृढ छ, अनि पर्दाको भित्रपट्टिको स्थानसम्म प्रवेश गर्दछ; जहाँ अग्रदूतको रुपमा येशू सधैँका निम्ति मल्किसेदेकको रीतिमुताबिकका महापूजाहारी भईकन हाम्रा निम्ति प्रवेश गर्नुभएको छ। हिब्रु ६:१६-२०

"यो आशाचाँही हामीसित प्राणको लङ्गरजस्तै छ, जो शुरक्षित र दृढ छ" कस्तो सत्यता !!! प्रभु येशू ख्रीष्टको अनुयायी भएकाले, हामी माथि स्वर्गतर्फ र त्यसमा हुने कुराहरू हेर्दछौं, र यो आशा नै हाम्रा प्राणहरूका लङ्गर हो। यो साँचो शान्ति र आनन्द हो जुन उद्धार नगरिएका मानिसहरूले कहिल्यै बुझ्न सक्दैनन्।

उद्धार नगरिएकाहरूका अनन्त गन्तव्य

ख्रीष्टको यस पृथ्वीको हजार वर्षे राज्य पछि, परमेश्वरले "ठूलो सेतो सिंहासन"बाट सारा समयहरूका उद्धार नगरिएका सारा मानिसहरूको न्याय गर्नुहुनेछ। यस न्यायको फलस्वरुप, उद्धार नगरिएका सारा मानिसहरू नरकमा फालिनेछन्।

अनि मैले एउटा ठूलो सेतो सिंहासन र त्यसमाथि बस्नुहुनेलाई देखें, जसको सामुन्नेबाट पृथ्वी र आकाश भागे; अनि तिनीहरूका निम्ति कहीं ठाउँ पाइएन। अनि मैले दुवै साना र ठूला मरेकाहरूलाई परमेश्वरका सामु उभिरहेका देखें; अनि पूस्तकहरू खोलिए; अनि अर्को पूस्तक खोलियो, जो जीवन को पूस्तक हो। अनि ती पूस्तकहरूमा लेखिएका कुराहरूबाट मरेकाहरूको न्याय तिनीहरूका कामअनुसार गरियो। अनि समुन्द्रले त्यसभित्र भएका मरेकाहरूलाई दिहाल्यो; अनि मृत्यु र नरकले तिनीहरूभित्र भएका मरेकाहरूलाई दिहाले; अनि तिनीहरूका कामहरूअनुसार तिनीहरू हरेकको न्याय गरियो। अनि मृत्यु र नरक आगोको झीलभित्र फ्याँकिए। यो दोश्रो मृत्यु हो। अनि जसको नाम जीवनको पूस्तकमा लेखिएको पाइएन, त्यो आगोको झीलभित्र फ्याँकियो। प्रकाश २०:११-१५

तर डराउनेहरू, विश्वास नगर्नेहरू, घिनलाग्दाहरू, हत्याराहरू, व्यभिचारीहरू, टुनामुना गर्नेहरू, मूर्तिपूजा गर्नेहरू र सबै झूट बोल्नेहरूको भागचाँही आगो र गन्धकले जलिरहेको झीलभित्र हुनेछ; यो दोश्रो मृत्यु हो"। प्रकाश २१:८

प्रभु येशू ख्रीष्टमा साँचो विश्वास नगर्ने सारा मानिसहरू, वा उद्धार नगरिएका मानिसहरू सबै, "आगोको झीलभित्र" , वा नरकमा फ्याँकिनेछन्। यो अति नै हृदय बिथोल्ने बाइबलिय सत्यता हो। अरु बाइबलिय लेखकहरूभन्दा येशूले नरकको बारेमा धेरै बताउनुभयो। सुसमाचारका चार पूस्तकहरूमा नरकको बारेमा चेतावनी दिइएको छ। येशू, जसलाई नरकको बारेमा धेरै ज्ञान थियो, उहाँले बारम्बार चेतावनी दिइरहनुभयो।

नरकको बारेमा बाइबलिय विवरणहरू रमाइला छैनन्। परमेश्वरको वचनले नरकलाई धेरै तरीकाबाट वर्णन गरेको छ र नरकको बारेमा धेरै शिक्षा प्रदान गरेको छ। ती कुराहरू यी हुनः

... नरकमा अनन्ततासम्म आराम नमिल्ने यातबाहरू छन् – रुवाई र दाह्रा-किटाई।
... यसलाई अनन्तताको अन्धकार भनि बयान गरिएको छ।
... शरिर र प्राण(भौतिक र मानसिक) दुवै नै यातनामा हुनेछन्।
... यो शैतान र त्यसका दूतहरूका लागी तयार पारिएको थियो।
... यहाँ किराहरू पनि मर्दैन। (जुन कुहिएको मासुमा हुन्छन्)
... यो आगोको झील हो।
... यो अनन्ततको विनाश हो।
... त्यहाँ अनन्ततासम्म नै लाज र घृणा हुनेछ।
... यो परमेश्वरको क्रोधको स्थान हो।
... त्यहाँ आगो कहिल्यै निभ्ने छैन।
... त्यहाँ अनन्ततासम्म नै कष्ट हुनेछ।
... हरेक व्यक्तिले जानेका कुरा र उनीहरूका जीवनयापनमा आधारित भइकन, त्यहाँ बिभिन्न परिमाण दण्डहरू रहेका छन्।

यी विवरणहरू रमाइला छैनन् र उद्धार नगरिएका मानिसहरूको गन्तव्य यस्तो हुन्छ भनि थाहा गर्नाले; यसले हाम्रो हृदय विचलित पार्दछ। सुसमाचारको असल सन्देश विश्वासयोग्यताका बाँड्नको लागी यो हाम्रो निम्ति कारक हुनुपर्दछ।

मानिसहरूको मुक्ति परमेश्वरको हातमा छ भनि जान्नाले आराम मिल्दछ। हाम्रो काम भनेको विश्वासयोग्यताका साथ वीउ छर्नु हो, मानिसहरूलाई आफूमा ल्याउने कार्य पवित्र आत्माको होर जसले वीउलाई हुर्काउनुहुन्छ। जब हामीसँग उद्धार नगरिएका साथीहरू र परिवारहरूका सदस्यहरू हुनुहुन्छ, हामी विश्वासयोग्यताका साथ वीउ छरौं, ज्योति बनौं, र हामी प्रार्थना गरौं। परमेश्वर आफ्ना नानीहरूका प्रार्थनामा प्रतिकृया जनाउनुहुन्छ। उहाँ परमेश्वर नै हुनुहुन्छ जसले मानिसहरूलाई आफ्नो नजिकमा ल्याउनुहुन्छ।

कोही पनि नष्ट भएको परमेश्वर चाह गर्नुहुन्न।

कतिले ढिलाइ भनि सम्झेझैँ आफ्नो प्रतिज्ञाबारे प्रभु ढिलो गर्नुहुन्न; तर कोही पनि नष्ट नहोस्, तर सबैले पश्चाताप गरून् भन्ने इच्छा राखेर उहाँले हामीतर्फ धीरज देखाउनुहुन्छ। २पत्रुस ३:९

बाइबलको आखिरीतिरमध्येको पदले परमेश्वरमा आउनको निम्ति निमन्त्रणा दिँदछ – जीवनको सित्तैंको उपहार स्वीकार गर्न।

अनि आत्मा र दूलहीले भन्नुहुन्छः "आओ!" अनि जसले सुन्छ, उसले भनोस्; "आओ!" अनि जो तिर्खाउँछ, ऊ आओस्। अनि जसले चाहन्छ, उसले सित्तैंमा जीवनको पानी लेओस्। प्रकाश २२:१७

प्रश्नः उद्धार गरिएकाहरू र नगरिएकाहरू कहिले पुरुत्थान गरिदँछन् र तिनीहरूको न्याय कहिले हुनेछ?

मानिसहरू कहिले पुनरुत्थान गरिदँछन् र तिनीहरूको न्याय कहिले हुँदछ भनि धेरै अन्यौलहरू रहेका छन्। यो अति नै महत्वपूर्ण विषय हो र जवाफ दिनको लागी यो कठिन बाइबलिय प्रश्न पनि होइन। यी कुराहरू यस विषयको पूर्णता भने होइनन्। हामी आज जो जीवितै छौं हामीमा हुने न्यायको प्रभावलाई मात्र हामी हेर्नेछौं

ख्रीष्टियनहरूको पुनरूत्थान र न्याय

यस युगमा मर्ने ख्रीष्टियनहरूको शरिर स्थानान्तरणमा कबरबाट पुनरूत्थान गरिनेछ। तिनीहरूका आत्मा जो स्वर्गमा छ, आ-आफ्ना शरिरहरूसँग ती मेल गराइनेछ र तिनीहरू हाम्रा प्रभायेशू ख्रीष्टसँग सदाको लागी रहन जानेछन्। यो पुनरूत्थान ख्रीष्टियनहरूका लागी मात्र हो भनि जान्नु जरूरी छ। यस समयमा उद्धार नगरिएका कुनै पनि व्यक्तिको पुनरूत्थान हुनेछैन – ख्रीष्टियनहरूका मात्र हुनेछ।

तर हे भाइहरूहो, अरु आशा नहुनेहरूले गरेजस्तो चाँही तिमीहरूले शोक नगर भनेर ती सुतिजानेहरूका विषयमा म तिमीहरूलाई अनजान रहेको चाँहदिनँ। किनकी येशू मर्नुभयो र बौरेर उठ्नुभयो भनि हामी विश्वास गर्दछौं भने उसरी नै येशूमा सुतेकाहरूलाई पनि परमेश्वरले उहाँको साथमा ल्याउनुहुनेछ। किनकी प्रभुको वचनद्वारा हामी तिमीहरूलाई यो भन्दछौं – हामी जो जीवित छौं, र प्रभुको आगमनसम्म रहिरह्यौं भने हामीले कुनै रीतिले पनि सुतेकाहरूलाई उछिन्नेछैनौं। किनकी प्रभु आफै चित्कारसित, प्रधान स्वर्गदूतको आवाज र परमेश्वरको तुरहीसित स्वर्गबाट ओर्लनुहुनेछ; अनि ख्रीष्टमा मरेकाहरू पहिले बौरेर उठ्नेछन्; त्यसपछि हामी जीवित र रहिरहेकाहरू हावामा प्रभुलाई भेट्नाका निम्ति उनीहरूसित एकसाथ बादलहरूमा उठाइनेछौं; अनि

यसरी हामी सधैँ प्रभुको साथमा रहनेछौं। यसकारण यी वचनहरूद्वारा एक-अर्कालाई सान्त्वना देओ। १थेस्सोलोनिकी ४:१३-१८

स्थानान्तरणको केही समयमै, यस पृथ्वीमा रहुन्जेल हामीले उहाँको निम्ति गरेका सेवाहरूको न्याय हुनेछ। ख्रीष्टियन समूहहरूमा, यसलाई कहिलेकाँही "न्याय आसन"को न्याय भनिदँछ। हामी उद्धार गरिएका छौं या छैनौं भनि जान्न यो न्याय गरिएको होइन। हाम्रो मुक्ति वा अनन्तताको गन्तव्यसँग यसले कुनै सरोकार राख्दैन। यदि हामी उद्धार नगरिएका भए, हामी यस न्यायमा उपस्थित नै हुँदैँनथियौ। ख्रीष्टियनहरू मात्र त्यहाँ हुनेछन् र ख्रीष्टसँगको तिनीहरूको भविष्य पूर्णरुपले सुनिश्चित हुँदछ।

अब कुनै मानिसले त्यस जगमाथी सुन। चाँदी, रत्नहरू, काठ, घाँस, पराल बनाउँदै लैजान्छ भने हरेकको काम, प्रकट हुनेछ; किनकी त्यो दिनले त्यो काम देखाउनेछ, किनकी त्यो आगोद्वारा प्रकट गरिनेछ; अनि हरेककको काम, त्यो कस्तो किसिमको रहेछ भनि आगोले जाँच गर्नेछ। कुनै मानिसको काम, जो उसले त्यसमाथि बनाएको छ, रहिरह्यो भने उसले इनाम पाउनेछ। कसैको काम जलिजान्छ भने उसले हानी भोग्नेछ; तर ऊ आफैचाँही बाँच्नेछ, तर आगोबाट भएर उम्केजस्तो। १कोरिन्थी ३:१२-१५

अनि सृष्टिको कुनै वस्तु उहाँका नजरबाट छिपेको छैन; तर जसलाई हामीले हिसाब बुझाउनु छ, उहाँका आँखाको सामु सबै थोक नाङ्गा र खुला हुन्छन्। हिब्रु ४:१३

हाम्रो मुक्तिमा कुनै प्रश्न खडा नभए तापनि, हामीले कसरी जीवनयान गर्यौं भनि हामीले त्यसको विवरण भने पेश गर्नुपर्नेहुन्छ। केहीका लागी, यो अति नै असजिलो वा शर्मको समय हुनेछ। हामीमध्ये धेरैजना परमेश्वरको अघि अवाक हुनेछौं, र हामीले उहाँलाई किन बे-वस्ता गर्यौं भनि आफैलाई जोगाउनको लागी वा यस पृथ्वीमा हुँदा किन उहाँमा भरोसा गर्न सकेनौं भनि बताउन असक्षन हुनेछौं। अरुहरूले उहँले यसो भन्नुभएको सुन्नेछन्,म "स्याबास! असल र विश्वासयोग्य दास, तिमीले राम्रो काम गर्यौं"।

यस न्यायमा, उहाँका लागी हामीले गरेका सेवाहरूका निम्ति हामीलाई इनाम प्रदान गरिनेछ। हाम्रा कामहरूको जाँच गरिदँछ (आगोद्वारा) र तिनीहरू कि त जलेर नाश हुनेछन् या तिनीहरूलाई परमेश्वरद्वारा इनाम प्रदान गरिनेछ। ती इनामहरू सदा हामीसाथ अनन्ततासम्म रहिरहनेछन्। यथार्थमा हामी, ख्रीष्टियनहरूले, परमेश्वरलाई आफ्नो जीवनयापन सम्बन्धमा विवरण प्रस्तुत गर्नुपर्ने हुन्छ किनभने परमेश्वरको सेवा विश्वासयोग्यता र प्रतिवद्धताका साथ पूरा गर्नका निम्ति यस कुरा प्रोत्साहनको कारक भन्न पुगेको होस्।

किनकी शरिरमा गरिएका कामहरूका निम्ति, चाहे असल होस् चाहे खराब, हरेकले जे गरेको छ, त्यसअनुसारको फल पाउनालाई हामी सबै ख्रीष्टको न्यायआसनका सामु देखा पर्नुपर्छ। १कोरिन्थी ५:१०

यसैकारण हामीमध्ये हरेकले; परमेश्वरलाई आफ्नो-आफ्नो लेखा दिनेछ। रोमी १४:१२

ती, जो ख्रीष्यनहरू होइनन्, तिनीहरूका पुनरूत्थान र न्याय

यस पृथ्वीमा हाम्रा प्रभु येशू ख्रीष्टको हजार वर्षे राज्य पछि, उद्धार नगरिएका सारा समयका सारा मानिसहरूको पुनरूत्थान हुनेछ, र तिनीहरूको परमेश्वरको न्यायअघि उपस्थित हुनेछन्। यसलाई प्राय "ठूलो सेतो सिंहासन"को न्याय पनि भनिदँछ। यो उद्धार नगरिएका मानिसहरूका लागी मात्र हो। उद्धार गरिएका मानिसहरू प्रभुसाथ भइसकेका हुनेछन्।

अनि मैले एउटा ठूलो सेतो सिंहासन र त्यसमाथि बस्नुहुनेलाई देखें, जसको सामुन्नेबाट पृथ्वी र आकाश भागे; अनि तिनीहरूका निम्ति कहीं ठाउँ पाइएन। अनि मैले दुवै साना र ठूला मरेकाहरूलाई परमेश्वरका सामु

उभिरहेका देखें; अनि पूस्तकहरू खोलिए; अनि अर्को पूस्तक खोलियो, जो जीवन को पूस्तक हो। अनि ती पूस्तकहरूमा लेखिएका कुराहरूबाट मरेकाहरूको न्याय तिनीहरूका कामअनुसार गरियो। अनि समुन्द्रले त्यसभित्र भएका मरेकाहरूलाई दिहाल्यो; अनि मृत्यु र नरकले तिनीहरूभित्र भएका मरेकाहरूलाई दिहाले; अनि तिनीहरूका कामहरूअनुसार तिनीहरू हरेकको न्याय गरियो। अनि मृत्यु र नरक आगोको झीलभित्र फ्याँकिए। यो दोश्रो मृत्यु हो। अनि जसको नाम जीवनको पूस्तकमा लेखिएको पाइएन, त्यो आगोको झीलभित्र फ्याँकियो। प्रकाश २०:११-१५

तर डराउनेहरू, विश्वास नगर्नेहरू, घिनलाग्दाहरू, हत्याराहरू, व्यभिचारीहरू, टुनामुना गर्नेहरू, मूर्तिपूजा गर्नेहरू र सबै झूट बोल्नेहरूको भागचाँही आगो र गन्धकले जलिरहेको झीलभित्र हुनेछ; यो दोश्रो मृत्यु हो"। प्रकाश २१:८

यस न्यायमा, "आफ्ना कामहरू अनुसार" उद्धार नगरिएका मानिसहरूको न्याय हुनेछ। सबै उद्धार नगरिएका मानिसहरू परमेश्वरबाट अलग भइ अनन्तताको निम्ति नरकमा रहनुपर्नेछ, तर सबैले नरकमा उस्तै यातना र कष्ट भने भोग्नुपर्दैन। तिनीहरूका कार्य र जीवनयापनका तरीका साथै यस पृथ्वीमा रहुन्जेल तिनीहरूमा रहेको ज्योतिमा (सत्यता र मुक्तिको ज्ञान) तिनीहरूको दण्ड आधारित रहेको हुँदछ।

परमेश्वरको अघि उभिने धेरै मानिसहरूले आफू द्धार गरिएका ठान्दछन् तर तिनीहरू नरकमा फालिनेछन्। शैतान र झूटा शिक्षकहरूले तिनीहरूलाई धोकामा परेका छन्। यो अति दुःखलाग्दो छ।

मलाई 'हे प्रभु, हे प्रभु' भन्ने हरेक स्वर्गको राज्यमा पस्नेछैन, तर त्यो पस्नेछ। जसले स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्छ। त्यस दिन धेरैले मलाई भन्नेछन्,' हे प्रभु, हे प्रभु, के हामीले तपाईको नाममा भविष्यवाणी गरेनौँ र? अनि के तपाईकै नाममा दुष्ट आत्माहरू निकालेनौँ र? अनि के तपाईकै नाममा अनेकौँ अचम्मका कामहरू गरेनौँ र? "अनि तब म तिनीहरूलाई खुल्लमखुल्ला भन्नेछु,' मैले तिमीहरूलाई कहिल्यै चिनेको छैनँ; हे कुकर्म गर्नेहरूहो, मदेखी टाढा होओ!'"। मत्ती ७:२१-२३

हामीले आफैलाई जाँच्नुपर्दछ भनि बाइबलले हामीलाई बताउँदछ। के हामी साँचोरुपमा उद्धार गरिएका छौं त? त्यो व्यक्ति जसलाई आफू उद्धार गरिएकोमा निश्चयता छैन उसले आफैलाई यो प्रश्न गर्नू अति नै महत्वपूर्ण रहेको हुँदछ।

तिमी विश्वासमा छौ की छैनौ, आफैलाई जाँच; आफैलाई प्रमाण गर। २कोतिन्थी १३:५

परमेश्वरसँग सदाको निम्ति अलग पारिएर, अनन्ततासम्म नरकमा रहनुपर्ने कुरा सोच्न निकै कठिन छ, तर यो उद्धार नगरिएका मानिसहरूको अनन्ततातको गन्तव्य हो।

ख्रीष्टले यस पृथ्वीमा। उहाँले हामीलाई सुसमाचारको सन्देश लिएर हताएका मानिसहरू बीचमा जानको लागी जिम्मेवारी प्रदान गरिदिनुभएको छ। हामीले यस जिम्मेवारीलाई गम्भिरतापूर्वक लिनुपर्दछ।

"भेडाहरू र बाख्राहरूको" न्याय के हो?

मत्ती २५:३१-४६ खण्डमा, "भेडाहरू र बाख्राहरू"को न्यायलाई अभिलेख गरिएको छ। यसलाई कहिलेकाँही "राष्ट्रहरूको न्याय" पनि भन्ने गरिएको छ। यो न्याय महासंकष्टकालपछि र ख्रीष्टको हजार वर्षे राज्यअघि हुन आउने छ। *ती मानिसहरू जो महासंकष्टकाल भएर बाँच्नेछन् यस समयमा तिनीहरूको न्याय हुनेछ।*

यस न्यायमा, हाम्रा प्रभु येशू ख्रीष्टले महासंकष्टकाल अवधीमा उहाँमा उद्धार भएका र उहाँलाई इन्कार गर्ने मानिसहरूलाई छुटाउनुहुन्छ।

ती जसले ख्रीष्टलाई इन्कार गर्दछन्, तिनीहरू "बाख्रा" हुन्, र तिनीहरू नरकमा फालिनेछन्। ख्रीष्टको हजार वर्षको राज्यपछि तिनीहरूलाई सारा समयहरूका उद्धार नभएका सारा मानिसहरूसँगै "ठूलो सेतो सिंहासन" अघि उपस्थित गराइनेछ।

ती मानिसहरू जो महासंकष्टकालमा उद्धार गरिदवछन्, तिनीहरू "भेडा" हुन्, र तिनीहरू ख्रीष्टको हजार वर्षे राज्यमा प्रवेश गर्नेछन्।

ख्रीष्टियनहरू जो आज जीवितै छन् तिनीहरू यस "भेडा र बाख्राका" न्यायमा पर्नेछैनन्। हामीलाई त "न्याय आसन"मा न्याय गरिसकिएको हुन्छ जहाँ इनामका निम्ति ख्रीष्टियनहरूलाई इनाम प्रदान गरिदँछन्। स्थानान्तरणको पछिको केही समयमा नै यो हुन आउने छ।

हामी, ख्रीष्टियनहरू भएकाले, हामीसँग महिमित भविष्य रहेको छ !!! हामीसँग स्वर्ग र त्यसमा भएका थोकहरू छन्। परमेश्वरको सन्तान हुनका निम्ति अपनाइनु र प्रभु येशू ख्रीष्टलाई आफ्नो प्रभु र मुक्तिदाता भनि जान्नु महान् कुरा हो।

अनि उनीहरूले ठूलो सोरले यसो भन्दैथिएः "मारिनुभएको थूमा सामर्थ्य, धन, बुद्धि, बल, आदर, महिमा र धन्यवाद पाउन योग्यका हुनुहुन्छ"। अनि स्वर्गमा, पृथ्वीमाथि र पृथ्वीमनि भएको हरेक सृष्टि गरिएको प्राणीले, र समुन्द्रमा भएकाहरू र तिनीहरूमा भएका सबै थोकहरूले यसो भनिरहेका मैले सुनेः "सिंहासनमा बस्नुहुनेलाई र थुमालाई धन्यवाद, आदर, महिमा र सामर्थ्य सदासर्वदा होस्"।
प्रकाश ५:१२-१३

चौबीस

विश्वास, आशा, र प्रेम

परमेश्वरसँगको हिँडाईको जग

अनि अब विश्वास, आशा, प्रेम – यी तीन कुरा रहन्छन्; तर यिनमा सबैभन्दा ठूलोचाँही प्रेम हो। १कोरिन्थी १३:१३

हाम्रा प्रार्थनाहरूमा तिमीहरूको सम्झना गर्दै, हामी तिमीहरू सबैका निम्ति सधैँ परमेश्वरलाई धन्यवाद चढाउँछौं; हाम्रा परमेश्वर र पिताको सामुन्ने तिमीहरूका विश्वासको काम, प्रेमको परिश्रम र हाम्रा प्रभु येशू ख्रीष्टमा भएको आशाको धीरज निरन्तर सम्झना गर्दछौं; १थेस्सोलोनिकी १:२-३

तिमीहरूका निम्ति सधैँ प्रार्थना गर्दै हामी हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर र पितालाई धन्यवाद चढाउँछौं; किनकी ख्रीष्ट येशूमा भएको तिमीहरूको विश्वास र सबै पवित्र जनहरूप्रति भएको तिमीहरूको प्रेमको विषयमा हामीले सुन्यौं; यस आशाका निम्ति, जो तिमीहरूका लागी स्वर्गमा राखिएको छ, जसको विषयमा तिमीहरूले अघि नै सुसमाचारको सत्यताको वचनमा सुन्यौ, कलस्सी १:३-५

तर हामीचाँही, जो दिनका हौं, विश्वास र प्रेमको बवच, अनि मुक्तिको आशारूपी टोप पहिरेर सचेत रहौं। १थेस्सोलोनिकी ५:८

विश्वास, आशा, र प्रेम परमेश्वरसँगको हाम्रो हिँडाईको जग हुन्। यी बिना, कुनै पनि व्यक्तिले परमेश्वरलाई जान्न सक्दैन वा उहाँसँग हिँड्न सक्दैन। ख्रीष्टिय जीवन विश्वासबाट शुरु हुँदछ। जब एक व्यक्ति उद्धार गरिदँछ, तब ऊ अघि बढ्दै जानका लागी उसले विश्वासद्वारा जिउन सिक्नुपर्छ, उसमा बाइबलिय आशा हुनुपर्छ, र उसले बाइबलिय प्रेममा जीउन सिक्नुपर्छ। यदि यस किसिमको बिकास भएको छैन भने, उसको हिँडाई रोकि नेछ र उसको जीवनमा थोरै वा कत्तिपनि फल फलेको हुँदैन।

यी तीन कुराहरमध्ये प्रेम ठूलो हो भनि बताइएको छ। प्रेम परमेश्वरसँगको हिँडाईको साराशं हो। हामीले परमेश्वरलाई र विश्वासी जनहरूलाई प्रेम गर्न सिक्दछौं। हामीमा साँचो बाइबलिय प्रेम हुनुअघि, परमेश्वर र उहाँको वचनमा हाम्रो विश्वास रहेको हुनुपर्दछ। परमेश्वरमा साँचो विश्वास बिना, परमेश्वरले चाहनुभएझैँ गरी बलिदानपूर्वक प्रेम व्यक्त गर्न त्यहाँ कुनै प्रोत्साहन हुँदैन।

यस पाठमा हामी परमेश्वरसँगको हिँडाईका यी तीन जगहरू – विश्वास, आशा, र प्रेमलाई नजिकबाट नियाल्नेछौं। यी तीन गुणहरू एक-अर्कामा निर्भर छन्। तिनीहरू एक साथै जादँछन्। यीमध्ये कुनै एकलाई मात्र पक्रनु असंभव हुँदछ।

किनभने कलस्सी १:३-५मा आशालाई विश्वास र प्रेमको श्रोत भनि परिचित गराइएको छ र बाइबलिय आशाको बारेमा थोरैमात्र ज्ञान भएकाले, हामी आशालाई पहिले अध्ययन गरौं।

आशा – हाम्रो प्राणको लङ्गर

यो आशाचाँही हामीसित प्राणको लङ्गरजस्तै छ, जो शुरक्षित र दृढ छ, अनि पर्दाको भित्रपट्टिको स्थानसम्म प्रवेश गर्दछ; हिब्रु ६:१९

र तिमीहरूका मनका आँखाहरू उज्याला पारिएका होऊन्, जसले गर्दा उहाँको वोलावटको आज्ञा के रहेछ, र पवित्र जनहरूमा उहाँको पैतृक-सम्पत्तीको महिमाको धन के रहेछ, एफिसी १:१८

ख्रीष्टियन समुहहरूमा, हामी प्राय विश्वास र प्रेमको बारेमा शिक्षा दिँदछौं; यद्यपि, आशाको बारेमा थोरैमात्र बताइन्छ। आशालाई हाम्रो प्राणको लङ्गर मात्र बताइएको छैन, तर विश्वास र प्रेमको श्रोत पनि हो भनि तलका पदहरूमा बताइएको छ।

तिमीहरूका निम्ति सधैँ प्रार्थना गर्दै हामी हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर र पितालाई धन्यवाद चढाउँछौं; किनकी ख्रीष्ट येशूमा भएको तिमीहरूको विश्वास र सबै पवित्र जनहरूप्रति भएको तिमीहरूको प्रेमको विषयमा हामीले सुन्यौं; यस आशाका निम्ति, जो तिमीहरूका लागी स्वर्गमा राखिएको छ, जसको विषयमा तिमीहरूले अघि नै सुसमाचारको सत्यताको वचनमा सुन्यौ, कलस्सी १:३-५

तलका पदहरूमा, आशालाई प्रोत्साहनको धैर्यता भनि परिचित गराइएको छ। हाम्रो आशाले हामीलाई विश्वासयोग्य, प्रेमिलो हुन र उहाँको सेवा नत्याग्नका लागी हामीलाई उत्साह वा प्रेरणा प्रदान गर्दछ।

हाम्रा प्रार्थनाहरूमा तिमीहरूको सम्झना गर्दै, हामी तिमीहरू सबैका निम्ति सधैँ परमेश्वरलाई धन्यवाद चढाउँछौं; हाम्रा परमेश्वर र पिताको सामुन्ने तिमीहरूका विश्वासको काम, प्रेमको परिश्रम र हाम्रा प्रभु येशू ख्रीष्टमा भएको आशाको धीरज निरन्तर सम्झना गर्दछौं; १थेस्सोलोनिकी १:२-३

परमेश्वरको वचनमा, परमेश्वरले आफ्नो वचनमा दिनुभएको सारा प्रतिज्ञाहरूलाई उहाँले पूरा गर्नुहुनेछ भनि निश्चित अपेक्षा राख्नु नै आशा हो। बाइबलमा, परमेश्वरद्वारा हाम्रो निम्ति भविष्यका लागी बाँध्नुभएका प्रतिज्ञाहरू उहाँसाथ रहेर नै हामीले सदाका लागी प्राप्त गर्नेछौं भनि दर्शाउन आशा शब्दको प्रयोग बारम्बार गरिएको छ। जब ख्रीष्ट पृथ्वीमा फर्की आउनुहुनेछ, हामी उहाँसँग सदाको निम्ति रहनेछौं र परमेश्वरले हामीलाई दिन्छु भनि प्रतिज्ञा गर्नुभएको र साँची राखिदिनुभएको कुराहरूमा हामी आनन्द मनाउँनेछौं। अनि हामी यस पृथ्वीमा रहुन्जेल परमेश्वरको सन्तान भएकाले प्राप्त गर्ने आशिषहरूमा हामीले आनन्द मनाउनेछौं। यी सबै नै – वर्तमान्, र भविष्य, आशा सम्बन्धी बाइबलिय शिक्षामा लपेटिएको छ।

आधुनिक अङ्ग्रेजीमा, "आशा" शब्दको प्रयोग नयाँ नियमको समयभन्दा बिभिन्न प्रकार गरी प्रयोगमा ल्याइएको छ। आज हामीले भनौंला, "म आशा गर्छु की आज पानी पर्दैन" वा "म आशा गर्छु की नानीहरू क्रिसमसमा घर आउन सक्नेछन्"। यस "आशा" शब्दको प्रयोगम,, हामी जेमा आशा गर्दछौं त्यो हुन पनि सक्दछ या नहुन पनि सक्दछ। यो अनिश्चित छ, शायद नहुन पनि सक्दछ। आज हामीले प्रयोग गर्ने जस्तै गरी, पवित्रशास्त्रमा पनि केही पटक यस आशा शब्दको प्रयोग गरिएको छ।

जब म स्पेनको यात्रा गरूँला, तब तिमीहरूकहाँ आउनेछु; किनकी मेरो यात्रामा तिमीहरूलाई भेट्ने, र तिमीहरूको संगतिद्वारा पहिले केही मात्रामा तृप्त भएपछि तिमीहरूद्वारा त्यहाँसम्म पुर्याइने आशा गर्दछु। रोमी १५:२४

अनि जब धेरै दिनसम्म न ता घाम न ता ताराहरू नै देखा परे, र ठूलो आँधीबेहरीले हामीलाई छोप्यो, तब ता बाँचौला भन्ने सबै आशा नै हरायो। प्रेरित २७:२०

यद्यपि, धेरैजसो बाइबलमा प्रयोग गरिएको आशा शब्दले चाँही अनिश्चित चाहना वा अपेक्षालाई दर्शाउँदैनन्। साटोमा, यो निश्चित र शुरक्षित आशा हो। परमेश्वर जस्तो निश्चित र शुरक्षित हुनुहुन्छ, यो पनि यस्तै रहेको छ। प्रतिज्ञाहरू दिने परमेश्वर हुनुहुन्छ र उहाँले नै ती पूरा गर्नुहुनेछ।

आशा सम्बन्धमा बाइबलिय शिक्षा

१ हाम्रो आशा परमेश्वर र उहाँको पुत्र – प्रभु येशू ख्रीष्टमा स्थापित रहेको छ।

तिमीहरू उहाँद्वारा परमेश्वरमाथि विश्वास गर्दछौ, जसले उहाँलाई मरेकाहरूबाट बौराउनुभयो र उहाँलाई महिमा दिनुभयो; यसैले कि तिमीहरूका विश्वास र आशा परमेश्वरमाथि रहुन्। १पत्रुस १:२१

किनकी यसैका लागी हामी परिश्रम गर्दछौं र निन्दा सहन्छौं; किनभने हामी जिउँदो परमेश्वरमाथि भरोसा गर्दछौं, जो सबै मानिसहरूका मुक्तिदाता हुनुहुन्छ, विशेष गरी विश्वास गर्नेहरूका। १तिमोथी ४:१०

हाम्रा मुक्तिदाता परमेश्वर र हाम्रा आशा – प्रभु येशू ख्रीष्टको आज्ञाद्वारा येशू ख्रीष्टका प्रेरित पावल तर्फबाट - १तिमोथी १:१

अन जोचाँही साँच्चै विधवा हो, र जसका कोही छैनन्; उसले परमेश्वरमा भरोसा राख्छे, अनि रातदिन विन्ती र प्रार्थनाहरूमा लागिरहन्छे। १तिमोथी ५:५

यो स्पष्ट छ, हाम्रा आशा परमेश्वर पिता र उहाँको पुत्र, प्रभु येशू ख्रीष्टमा आधारित छ। हाम्रा सारा निश्चित र शुरक्षित आशा परमेश्वरबाट नै आउँदछन्।

२ हाम्रा आशाहरू निश्चित छन्, जस्तो परमेश्वर निश्चित र शुरक्षित हुनुहुन्छ।

परमेश्वरको दास र येशू ख्रीष्टको प्रेरित पावलको तर्फबाट – परमेश्वरका चुनिएकाहरूका विश्वास र सत्यको ज्ञानअनुसार, जो भक्तिमुताबिकको छ; अनन्त जीवनको आशामा, जसको प्रतिज्ञा झूट बोल्नै नसक्नुहुने परमेश्वरले संसार शुरु हुनुभन्दा पहिल्यै गर्नुभयो; तीतस १:१-२

किनकी जब परमेश्वरले अब्राहामसँग प्रतिज्ञा बाँध्नुभयो, तब कसम खानलाई, आफूभन्दा ठूलो अरु कोही पाउनुभएन; यसकारण उहाँले आफ्नै नाममा यसो भन्दै कसम खानुभयोः 'निश्चय नै म तिमीलाई आशिषमाथि आशिष दिनेछु, र म तिमीलाई वृद्धिमाथी वृद्धि गर्नेछु'। अनि यसरी धीरजसँग सहेपछि उनले प्रतिज्ञा गरिएको कुरा प्राप्त गरे। किनकी साँच्चै नै मानिसहरू आफूभन्दा ठूलाको नाममा कसम खान्छन्, अनि दृढ निश्चयताका लागी खाइएको कसम तिनीहरूका निम्ति सबै वादविवादको अन्त हो। यसरी नै जब परमेश्वरले प्रतिज्ञाका हकदारहरूलाई, 'उहाँको मनसाय कहिल्यै बदलिन सक्दैन' भन्ने कुरा प्रशस्त गरी देखाउन चाहनुभयो; यसैले की हाम्रा सामु राखिएको आशालाई पक्रनका निम्ति शरण लिनालाई दगुरेकाहरूले अथात् हामीले यी दुईटा कहिल्यै

बदलिन नसक्ने कुराहरूद्वारा, जसको विषयमा परमेश्वरले झूट बोल्नु असम्भव छ, बलियो सान्त्वना पाऔं। यो आशाचाँही हामीसित प्राणको लङ्गरजस्तै छ, जो शुरक्षित र दृढ छ, अनि पर्दाको भित्रपट्टिको स्थानसम्म प्रवेश गर्दछ; जहाँ अग्रदूतको रुपमा येशू सर्धैंका निम्ति मल्किसेदेकको रीतिमुताबिकका महापूजाहारी भईकन हाम्रा निम्ति प्रवेश गर्नुभएको छ। हिब्रु ६:१३-२०

त्यहाँ भयानक पदहरू पनि छन्। परमेश्वर, जो ढाट्नसक्नुहुन्न, हामी जसले उहाँमाथि विश्वास र भरोसा राखेका छौं, हामी उहाँको प्रतिज्ञाहरूमा निश्चित रहेको उहाँ चाहनुहुन्छ। परमेश्वरले आफ्ना प्रतिज्ञाहरूलाई कसम खाएर निश्चित गर्नुभएको छ। किनकी कसम खानको निम्ति परमेश्वरले आफ्नो नाउँभन्दा उच्च अरु केही पाउनुभएन, यसकारण उहाँले आफ्नै नाउँ र अपरिवर्तनिय वचनमा कसम लिनुभयो की उहाँले कहिल्यै पनि आफ्नो मनलाई परिवर्तन गर्नुहुनेछैन र उहाँका प्रतिज्ञाहरू निश्चित नै छन्। हाम्रा आशाहरूले परमेश्वर र हाम्रा सदाका उच्च पूजाहारी – येशू ख्रीष्ट, जसले परमेश्वरको उपस्थितिमा निरन्तर हाम्रो निम्ति विन्ती गरिरहनुहुन्छ, उहाँमा लङ्गर हालेका छन्। जसै परमेश्वर निश्चित र शुरक्षित हुनुहुन्छ, त्यस्तै यस आशा पनि हाम्रा प्राणहरूको लङ्गर हो। वाह !!! यस भन्दा बढी निश्चयता हामीले के नै पाउन सक्छौं र।

अनि आशाले चाँही शर्ममा पर्न दिँदैन; किनभने हामीलाई दिइनुभएको पवित्र आत्माद्वारा परमेश्वरको प्रेम हाम्रा हृदयहरूमा खन्याइएको छ। रोमी ५:५

हाम्रो आशा हाम्रो मानविय कमजोरीहरूमा आधारित छैन, तर परमेश्वरको सामर्थ्यमा आधारित रहेको छ।

र तिमीहरूका मनका आँखाहरू उज्याला पारिएका होऊन्, जसले गर्दा उहाँको वोलावटको आज्ञा के रहेछ, र पवित्र जनहरूमा उहाँको पैतृक-सम्पत्तीको महिमाको धन के रहेछ, र उहाँको शक्तिशाली सामर्थ्यको कामअनुसार हामी विश्वास गर्नेहरूप्रति उहाँको सामर्थ्यको अपार महानता के रहेछ, सो जान्न सक; जुन सामर्थ्य उहाँले ख्रीष्टमा काममा लाउनुभयो जब उहाँले मरेकाहरूबाट उहाँलाई बौराएर उठाउनुभयो, र आफ्नै दाहिने हाततर्फ सबै प्रधानता, अधिकार, सामर्थ्य, प्रभुता र यस संसारमा मात्र होइन, तर आउनेवालामा पनि लिइने हरेक नामभन्दा धेरै माथि स्वर्गीय स्थानहरूमा बसाल्नुभयो; एफिसी १:१८-२१

जब आशाका परमेश्वरले तिमीहरूलाई विश्वास गरेकोमा सारा आनन्द र शान्तिले भरिदिएका होऊन्, र तिमीहरू पवित्र आत्माको सामर्थ्यद्वारा आशाले प्रशस्त होओ। रोमी १५:१३

हाम्रो आशाहरू महिमित पैतृक-सम्पत्तीको धनतर्फ केन्द्रित रहेको छ र यो तुलना नै गर्न नसकिने सामर्थ्यमाथि स्थापित गरिएको छ। यस विफल नहुने आशाको प्रचुरताले हामीलाई महान् हर्ष र आनन्द प्रदान गर्दछ। अनि यी सबै नै परमेश्वरको सामर्थ्य र विश्वासयोग्यतामा स्थापित भएका छन्। फेरी, हाम्रो आशा निश्चित र शुरक्षित छ – जस्तो परमेश्वर निश्चित र शुरक्षित हुनुहुन्छ।

३ आशा भनेको परमेश्वरले हाम्रा निम्ति राख्नुभएको कुरालाई, अहिले र भविष्य, तिब्र रुपमा अघिबाटै जान्नु हो।

हामी उद्धार गरिएको क्षणमा नै हाम्रो आशाको थालनी हुँदछ र यसले हाम्रो जीवनभरि निरन्तरता दिइरहन्छ।

उहाँले हामीलाई यति ठूलो मृत्युबाट छुटकारा दिनुभयो, र छुटकारा दिनुहुन्छ; उहाँले अझैपनि हामीलाई छुटकारा दिनुहुनेछ भनि उहाँमा हामी आशा राख्छौं। २कोरिन्थी १:१०

जब आशाका परमेश्वरले तिमीहरूलाई विश्वास गरेकोमा सारा आनन्द र शान्तिले भरिदिएका होऊन्, र तिमीहरू पवित्र आत्माको सामर्थ्यद्वारा आशाले प्रशस्त होओ। रोमी १५:१३

धेरैजसो समय, आशाले हाम्रो प्रभु येशू ख्रीष्टको आगमन र उद्धार गरिएका मानिसहरूले प्राप्त गर्ने आशिषहरूलाई हेरिरहदँैछ। हाम्रो प्रभुसँगको अनन्तताको जीवन नै हाम्रो महान् आशा हो।

परमेश्वरको दास र येशू ख्रीष्टको प्रेरित पावलको तर्फबाट – परमेश्वरका चुनिएकाहरूका विश्वास र सत्यको ज्ञानअनुसार, जो भक्तिमुताबिकको छ; अनन्त जीवनको आशामा, जसको प्रतिज्ञा झूट बोल्नै नसक्नुहुने परमेश्वरले संसार शुरु हुनुभन्दा पहिल्यै गर्नुभयो; तीतस १:१-२

उहाँको अनुग्रहद्वारा धर्मी ठहरिएर अनन्त जीवनको आशाअनुसार हामी हकवालाहरू बन्न सकौं भनेर। तीतस ३:७

र हामीलाई यो सिकाउँछ – अभक्ति र संसारिक अभिलाषाहरू इन्कार गरेर यस वर्तमान संसारमा हामीले आत्मसंयम, धार्मिकता र भक्तिसाथ जिउनुपर्छ; र त्यस धन्य आशाको, र हाम्रा महान् परमेश्वर र मुक्तिदाता येशू ख्रीष्टको महिमापूर्ण आगमनको बाटो हेर्दै जिउनुपर्छ। तीतस २:१२-१३

यसकारण आ-आफ्ना मनका कम्मर कस, सचेत रहो, र अनुग्रहमाथि पूर्ण रुपले आशा राख; जुन अनुग्रह येशू ख्रीष्ट प्रकट हुनुहुँदा तिमीहरूकहाँ ल्याइनेछ; १पत्रुस १:१३

किनकी हाम्रो आशा, आनन्द, वा रमाहटको मुकुट के हो? हाम्रा प्रभु येशू ख्रीष्टको उपस्थितिमा, उहाँको आगमनमा, के तिमीहरू नै होइनौ र? १थेस्सोलोनिकी २:१९

हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर र पिता धन्य होऊन्, जसले आफ्नो ठूलो दयाअनुसार येशू ख्रीष्टको मरेकाहरूबाटको बौरीउठाइद्वारा एउटा जिउँदो आशाका निम्ति हामीलाई नयाँ गरी जन्माउनुभएको छ; एउटा अविनाशी, निष्कलङ्क र ओइलिएर नजाने पैतृक-सम्पत्तिका निम्ति, जो तिमीहरूका लागि स्वर्गमा शुरक्षित राखिएको छ; १पत्रुस १:३-४

हाम्रो शरिर कबरमा नै सधैँ रहिरहदैँन। हाम्रो शरिर कबरबाट पुनरुत्थान हुनेछ र उहाँसँग सदाको निम्ति रहनका लागी जानेछ।

अनि मरेकाहरूको – दुवै धर्मी र अधर्मीहरूको बौरिउठाइ हुनेछ भनि म परमेश्वरमा आशा राख्छु, जुन कुरा यिनीहरू आफै पनि स्वीकार गर्दछन्। प्रेरित २४:१५

तर हे भाइहरूहो, अरु आशा नहुनेहरूले गरेजस्तो चाँही तिमीहरूले शोक नगर भनेर ती सुतिजानेहरूका विषयमा म तिमीहरूलाई अनजान रहेको चाँहदिनँ। किनकी येशू मर्नुभयो र बौरेर उठ्नुभयो भनि हामी विश्वास गर्दछौं भने उसरी नै येशूमा सुतेकाहरूलाई पनि परमेश्वरले उहाँको साथमा ल्याउनुहुनेछ। १थेस्सोलोनिकी ४:१३-१४

हामी प्रभुसँग अनन्ततासम्म रहनेछौं र त्यस सत्यतासँगै हामीले सारा आशिषहरूमा आनन्द मनाउनेछौं भनि जब हामी निश्चित हुँदछौं, पृथ्वीमा रहुन्जेल यस कुराले हाम्रो जीवनको सबै पक्षहरूमा प्रभाव पार्दछ। अहिले हामी यस पृथ्वीमा बाँच्नुपर्ने र काम गर्नुपर्ने भए तापनि, हाम्रो ध्यानाकेन्द्र चाँही अनन्ततामा नै रहन्छ। यस ज्ञानले हामीलाई हर्ष, शान्ति, सहनशक्ति र प्रदान गर्दछ। यो समझ र यो आशाले हामीलाई हाम्रो जीवनमा हुन आउने धेरै समस्याहरू पार गराएर लादँैछ।

४ ईश्वरिय जीवन जिउनको लागी हाम्रो आशा शक्तिशाली प्रोत्साहन हो।

परमेश्वरको सन्तान भएकाले, हामी स्वर्ग र त्यसका भरपूरीहरूमा आफ्नो मन लगाउँछौं। पृथ्वीको हाम्रो यस छोटो जीवनले हामीलाई प्रभुसँग अनन्तताको लागी रहन तयार पारिरहेको छ। यसले हामीलाई ईश्वरिय जीवन जिउनको निम्ति र यसलाई संभव बनाउनको लागी हाम्रो निम्ति जो मर्नुभयो, उहाँलाई महिमित तुल्याउन उत्साह प्रदान गरेको होस्।

प्रियहरूहो, अहिले ता हामी परमेश्वरका सन्तान छौं, अनि हामी के हुनेछौं, सो अहिलेसम्म प्रकट भएको छैन; तर हामी जान्दछौं, जब उहाँ देखा पर्नुहुनेछ, तब हामी उहाँजस्तै हुनेछौं; किनकी हामी उहाँलाई, उहाँ जस्तो हुनुहुन्छ, त्यस्तै देख्नेछौं। अनि उहाँमा यो आशा राख्ने हरेक मानिसले जस्तो उहाँ शुद्ध हुनुहुन्छ, त्यस्तै गरी आफूलाई शुद्ध पार्दछ। १यूहन्ना ३:२-३

हाम्रो निम्ति अघि के राखिएको भन्ने कुरालाई थाहा गर्नाले अहिले उहाँको निम्ति सेवा गर्न, अनन्ततासम्म रहिरहने स्वर्गिय धनलाई संचय गर्न, हामीलाई उत्साह मिल्दछ।

परमेश्वरको दास र येशू ख्रीष्टको प्रेरित पावलको तर्फबाट – परमेश्वरका चुनिएकाहरूका विश्वास र सत्यको ज्ञानअनुसार, जो भक्तिमुताबिकको छ; अनन्त जीवनको आशामा, जसको प्रतिज्ञा झूट बोल्नै नसक्नुहुने परमेश्वरले संसार शुरु हुनुभन्दा पहिल्यै गर्नुभयो; तीतस १:१-२

ती जसमा बाइबलिय आशा रहेको छ तिनीहरूले अभक्ति र संसारिक शोकलाई इन्कार गर्दछम्।

र हामीलाई यो सिकाउँछ – अभक्ति र संसारिक अभिलाषाहरू इन्कार गरेर यस वर्तमान संसारमा हामीले आत्मसंयम, धार्मिकता र भक्तिसाथ जिउनुपर्छ; र त्यस धन्य आशाको, र हाम्रा महान् परमेश्वर र मुक्तिदाता येशू ख्रीष्टको महिमापूर्ण आगमनको बाटो हेर्दै जिउनुपर्छ। तीतस २:१२-१३

साँचो ख्रीष्टियनहरू धर्मी वा ईश्वरिय मानिस हुने उत्कट चाहना राख्दछन्।

किनकी आत्माद्वारा हामी विश्वासले धार्मिकताको आशाको बाटो हेर्दछौं। गलाती ५:५

जब हामी आफ्नो आशालाई मजबुतीका साथ पक्रिरहदँछौं, तब हामी अरु विश्वासी जनहरूलाई पनि निर्माण गर्न र उत्साह दिन खोज्दछौं।

आओ, हाम्रो विश्वासको अङ्गीकारलाई स्थिर भएर बलियो गरी पक्रौं; किनकी जसले प्रतिज्ञा गर्नुभयो, उहाँ विश्वासयोग्य हुनुहुन्छ; २४ अनि आओ, प्रेम र असल कामहरूमा निम्ति हौसला दिनालाई एक-अर्काको चिन्ता गरौं; र कसै-कसैको रीति भएझैँ हामी एक ठाउँमा भेला हुन नछोडौं; तर एक-अर्कालाई उत्साह दिदैँ रहौं; अनि त्यो दिन जति नजिक-नजिक आउँदै गरेको तिमीहरू देख्छौ, उति नै वेसी हामी यसो गर्ने गरौं। हिब्रु १०:२३-२५

हाम्रो आशा, जुन परमेश्वरले हाम्रो निम्ति भविष्यका लागी संचय गरी राखिदिनुभएको छ, त्यो आजको लागी हाम्रो आशिषको श्रोत हो। हाम्रो अनन्तता शुरक्षित छ। हामीले मृत्युको भय राख्नुपर्दैन। यस पृथ्वीमा हुन आउने परीक्षामहरूमा हामी विश्वासयोग्य हुनुपर्दछ किनभने हामी जान्दछौं ती क्षणिकका लागी मात्र हुन् र हाम्रो निम्ति माथि स्वर्ग रहेको छ। ख्रीष्टियनहरू जो अनन्ततामा केन्द्रित हुन्छन् पृथ्वीमा तिनीहरूले धेरै शान्ति प्राप्त गर्दछन्। अनन्ततामा केन्द्रित हुने ख्रीष्टियनहरूले अहिले पनि परमेश्वरको प्रशंसा र आराधना गर्दछन्।

५ आशा र विश्वासको घनिष्ठ सम्बन्ध रहेको छ।

परमेश्वरको दास र येशू ख्रीष्टको प्रेरित पावलको तर्फबाट – परमेश्वरका चुनिएकाहरूका विश्वास र सत्यको ज्ञानअनुसार, जो भक्तिमुताबिकको छ; अनन्त जीवनको आशामा, जसको प्रतिज्ञा झूट बोल्नै नसक्नुहुने परमेश्वरले संसार शुरु हुनुभन्दा पहिल्यै गर्नुभयो; तीतस १:१-२

विश्वास र आशा साथ-साथ जादँछन्। परमेश्वर र उहाँको सारा प्रतिज्ञाहरूमा रहेको विश्वासमा हाम्रो आशा निर्भर रहेको छ। त्यसै अनुरुपमा, पूर्ण आशा बिनाको विश्वास पनि अर्थहिन् हुन्छ। परमेश्वरको सत्यता र उहाँको वचनमा आधारित भइकन हाम्रो आशा निश्चित रहेको छ। परमेश्वरको वचनद्वारा प्रदान गरिएको परमेश्वरको प्रतिज्ञामा हाम्रो विश्वास आधारित रहेको छ। जब हामी हाम्रा अघिल्तिर राखिएका यी कुराहरूतर्फ ध्यान दिँदछौं, जुन हाम्रो निश्चित आशा हो, परमेश्वरले आफ्नो वचनद्वारा हामीलाई दिनुभएको शिक्षालाई अभ्यास गर्दै अब हामी विश्वासमा जिइरहेका हुदँछौं।

विश्वासद्वारा जिउनु

विश्वासको सम्बन्धमा हाम्रो अध्ययन शुरु गर्नू अघि, तलका खण्डहरूलाई ध्यानपूर्वक अध्ययन गर्नुहोस् र चिन्तन गर्नुहोस्। याद राख्नुहोस्, विश्वास बिना परमेश्वरलाई प्रशन्न पार्नु असंभव छ।

तर बिनाविश्वास उहाँलाई खूशी पार्नु असम्भव छ; किनकी परमेश्वरकहाँ आउनेले, उहाँ हुनुहुन्छ र उहाँलाई यत्नसित खोज्नेहरूलाई उहाँले इनाम दिनुहुन्छ भनि विश्वास गर्नुपर्छ। हिब्रु ११:६

व्यक्तिगत रुपमा मैले पनि विश्वासको यस अध्ययनलाई चुनौतिपूर्ण र इनामपूर्ण रहेको थाहा गरें। यसले मलाई आफूले नबुझेका कुराहरूको जवाफ पाउनका निम्ति शास्त्रहरूमा खोजी गर्न बाध्य बनायो। जब मैले यस अध्ययनलाई तयार पार्नका निम्ति परमेश्वरको आत्माको अगुवाईमा आफैलाई सुम्पिदिए तब मेरो विश्वास पनि भरपूर हुँदै आयो।

बाइबलिय विश्वास के हो?

यदि हामीले परमेश्वरको वचनको शिक्षालाई सही तरीकाले जान्न चाहन्छौं भने, बाइबलिय विश्वासको सन्दर्भमा हामीमा असल बुझाई भएको हुनुपर्दछ। अरु धेरै बाइबलिय विषयहरू जस्तै, विश्वासको बारेमा पनि गलत शिक्षा प्रदान गरिएको छ। यदि हामी परमेश्वरको नजिकमा जान चाहन्छौं भने परमेश्वरको वचनको यस आधारभूत शिक्षालाई हामीले सही तरीकाले बुझ्न आवश्यक छ। हिब्रु ११:१ले विश्वासको सम्बन्धमा असल बाइबलिय विवरण प्रस्तुत गर्दछ।

अब विश्वासचाँही आशा गरिएका वस्तुहरूको निश्चयता र नदेखिएका कुराहरूको प्रमाण हो। हिब्रु ११:१

साँचो विश्वासको हृदयलाई तलका पदहरूले वर्णन गर्दछः

उहाँलाई नदेखिकन तिमीहरू प्रेम गर्दछौ; अहिले उहाँलाई नदेखे तापनि विश्वस गरेर तिमीहरू उहाँमा बयान गरेर नसकिने र महिमाले भरपूर भएको आनन्दले खूबै आनन्द मनाउँछौ; र तिमीहरूको विश्वासको परिणाम अर्थात् तिमीहरूका प्राणहरूको मुक्ति प्राप्त गर्दछौ। १पत्रुस १:८-९

विश्वासले निश्चयता, वा निर्धक्कतालाई समावेश गर्दछ, ती कुराहरूमा जुन हामीले देखेका पनि छैनौं। हिब्रु ११:३मा, साँचो विश्वासको अर्को उदाहरण प्रस्तुत गरिएको छ।

विश्वासैद्वारा हामी बुझ्छौँ – परमेश्वरको वचनद्वारा संसारहरू बनिए; यसकारण देखिएका कुराहरू देखा पर्ने कुराहरूद्वारा बनिएका होइनन्। हिब्रु ११:३

साँचो विश्वासले परमेश्वरको वचनको शिक्षालाई सत्य हो भनि स्वीकार गर्दछ। परमेश्वरले सारा जगतको सृष्टि गर्नुभयो भन्ने कुरा विश्वास गर्न सहज नै लाग्न सक्दछ, तर, यथार्थमा, यो संसारले विश्वास गर्ने र संसारले दिने शिक्षाको ठीक विपरित शिक्षा हो। परमेश्वरको सारा संसार सृष्टि गर्नुभएको हो र उत्पत्तीको पूस्तक १ र २ अध्यायमा उहाँले सारा प्राणीहरूको सृष्टि गर्नुभयो भन्ने कुराहरूलाई विश्वास गर्न धेरै ख्रीष्टियनहरूलाई पनि गाह्रो हुने गरेको छ। जब "विज्ञान" र बाइबल सहमत हुँदैनन्, तब विश्वासद्वारा परमेश्वरको वचन स्वीकार गर्नुको साटो तिनीहरूले मानिसको विश्वास अनुसार बाइबललाई त्यतातिर ढाल्दछन्। बाइबलिय सत्यता भनेको, मानिसहरूको शिक्षामा विश्वास गर्नुको साटो, पूर्णरुपमा, परमेश्वरको शिक्षामा विश्वास र भरोसा गर्नु हो।

तलका शब्दहरू र वाक्याशंहरू सबै ग्रीक व्याख्यात्मक शाब्दिक शब्दाकोषबाट साभार गरिएको हो जसले बाइबलिय विश्वासलाई बयान वा परिभाषित गर्दछन्।

बाइबलिय विश्वास भनेकोः

... परमेश्वरको प्रतिज्ञाहरूमा विश्वास गर्नू हो
... परमेश्वरको व्यक्तित्वमा विश्वास गर्नू हो
... स्थिर धृढ-निश्चयता, पूर्ण-विश्वास, र भरोसा राख्नु हो
... विश्वास, भरोसा गर्नू हो
... भर पर्नु हो
... बाइबलिय शिक्षामा आधारित हुनु हो
... विश्वासयोग्य हुनु हो

यी सबैलाई एकसाथ राख्दै, विश्वासलाई यसरी परिभाषित गर्न सकिन्छः

बाइबलिय विश्वास भनेको शिक्षामा विश्वास गर्नु हो र यसलाई स्वीकार गर्नू हो अनि परमेश्वरको वचनको प्रतिज्ञा सत्य छन् भनि एक व्यक्तिको विश्वास, प्रवृत्ती, र कार्यमा यसलाई आधार बनाउनु हो।

विश्वास भनेको अदृश्य परमेश्वरमा विश्वास गर्नु हो। यो हाम्रो भविष्य उहाँको हातमा सुम्पनु हो। विश्वास भनेको, हामीले चाहेजस्तो प्रतिकृया नदेखे पनि, परमेश्वरको वचनमा विश्वास गर्नु हो। विश्वासद्वारा नै हामी विश्वासयोग्य हुने छनोट गर्दछौं, र – उहाँको महिमाको खातिर र हाम्रो भलाईको लागी, उहाँले जे गर्नुहुन्छ त्यो असल नै हुनेछ भनि हामी उहाँमा भरोसा गर्दछौं।

धेरै जसो जब बाइबलले "विश्वास" शब्दको प्रयोग गरेको हुन्छ यो अहिले हामीले वर्णन गरे अनुरुपमा नै प्रयोग भएको हुँदछ। यद्यपि, त्यहाँ कति पटक बाइबलमा "विश्वास" शब्दलाई, परमेश्वरमा रहेको हाम्रो विश्वासलाई समग्रमा बयान गर्नको लागी अझ साधारण भावमा प्रयोग गरिएको हुँदछ। आज जब हामीले "ख्रीष्टियन विश्वास" वा अन्य कुनै धार्मिक विश्वासको बारेमा कुराकानी गर्दछौं तब यो यही प्रकारमा प्रयोग गरिएको हुँदछ। यही प्रकारले बाइबलमा पनि प्रयोग भएका "विश्वास"का उदाहरणहरूलाई तल प्रस्तुत गरिएको छः

अनि परमेश्वरको वचन बढ्दै गयो, र यरूशलेममा चेलाहरूको संख्या साह्रै बढ्यो; अनि पूजाहारीहरूको एउटा ठूलो भिडले पनि यस विश्वासलाई पालन गर्यो। प्रेरित ६:७

यस ज्ञानलाई कतिले स्वीकार गरेकाले विश्वासको सम्बन्धमा निशाना चुकेका छन्। तिमीसँग अनुग्रह रहोस्। आमेन। १तिमोथी ६:२१

तर यदि कसैले आफ्नाहरूका निम्ति, र विशेष गरी आफ्नो परिवारको निम्ति प्रबन्ध गर्दैन भने उसले विश्वासलाई इन्कार गरेको छैन, र ऊ अविश्वासीभन्दा पनि खराब भएको छ। १तिमोथी ५:८

विश्वासको रखवाली र विश्वासद्वारा जिउने

परमेश्वरको वचनमा विश्वासको सवालमा दुई आधारभूत अभ्यासहरू रहेका छन्। पहिलो, विश्वासको रखवाली र दोश्रो, हामी, प्रभु येशू ख्रीष्टको अनुयायी भएकाले, हामी विश्वासद्वारा जिउनुपर्छ। दुवै महत्वपूर्ण छन्। हामी विश्वास बिना उद्धार गरिन सक्दैनौं र हामी विश्वास बिनाको जीवनद्वारा परमेश्वरसँग हिँड्न वा उहाँको नजिकमा जान सक्दैनौं।

विश्वासको रखवाली

अर्थात् परमेश्वरको धार्मिकता; यो येशू ख्रीष्टमाथिको विश्वासद्वारा विश्वास गर्ने सबैका लागी हो र सबैमाथि आउँछ; किनभने त्यहाँ कुनै भिन्नता छैन। रोमी ३:२२

उहाँलाई नदेखिकन तिमीहरू प्रेम गर्दछौ; अहिले उहाँलाई नदेखे तापनि विश्वस गरेर तिमीहरू उहाँमा बयान गरेर नसकिने र महिमाले भरपूर भएको आनन्दले खूबै आनन्द मनाउँछौ; र तिमीहरूको विश्वासको परिणाम अर्थात् तिमीहरूका प्राणहरूको मुक्ति प्राप्त गर्दछौ। १पत्रुस १:८-९

तर भाइहरूहोप्रभुका प्रिय ,हरूतिमी ,होहरूरमेश्वरलाई धन्यवाद चढाउन हामीलाई कर का निम्ति सधैँभरि प किनभने आत्माको पवित्रीकरण र सत्यताको विश्वासद्वारा परमेश्वरले तिमी ;लागेको छहरूलाई मुक्तिका निम्ति शुरुदेखी नै चुन्नुभएको छ। २थेस्सोलोनिकी २:१३

बाइबलले यो शिक्षा प्रदान गर्दछ, प्रभु येशू ख्रीष्ट, जो परमेश्वरको सिद्ध पुत्र हुनुहुन्थ्यो, हाम्रा पापहरूको दण्ड भोग्नको लागी यस संसारमा आउनुभयो, जुन सारा पापीहरूका निम्ति – सारा मानवजातिका निम्ति, तोकिएको थियो। त्यस पापको दण्डबाट बच्न र अनन्त जीवन प्राप्त गर्नको लागी, हामीले व्यक्तिगत रुपमा उहाँको मृत्युले हाम्रा पापहरूका मूल्य चुक्ता भयो भनि विश्वास गर्नुपर्छ। उहाँ प्रभु येशू ख्रीष्ट नै हुनुहुन्छ जसले हामीलाई उद्धार गर्नुहुन्छ र अनन्त जीवन दिनुहुन्छ। जब हामीले हाम्रो पापको मूल्य चुक्ता गरिदिनको लागी उहाँको मृत्युमा विश्वास गर्दछौं, तब उहाँले हामीलाई सित्तैंमाको उपहार, मुक्ति प्रदान गरिदिनुहुन्छ।

परमेश्वर आफैले हामीलाई विश्वास गर्ने मन दिनुहुन्छ। हामी आफैले स्वाभाविक रुपमा विश्वासको रखवाली गर्न सक्दैनौं। विश्वास परमेश्वरबाटको हो र यो परमेश्वरको वचनद्वारा प्राप्त हुँदछ।

"किनकी विश्वासद्वारा अनुग्रहले तिमीहरूले मुक्ति पाएका छौ, अनि यो तिमीहरू आफैबाटको होइन, यो परमेश्वरको दान हो; कामहरूबाट होइन, नत्रता कसैले घमण्ड गर्नेछ"। एफिसी २:८-९

अनि तिमीले बालककालदेखी नै पवित्र शास्त्रहरू जानेका छौ; जसले तिमीलाई, ख्रीष्ट येशूमा भएको विश्वासद्वारा मुक्तिका निम्ति बुद्धिमान् तुल्याउन सक्छन्। २तिमोथी ३:१५

बाइबलले मुक्तिको बारेमा के बताउँदछ, त्यसलाई सत्य स्वीकार गर्नाले, र उहाँको मृत्युले हाम्रो पाप चुक्ता गर्दछ भनि उहाँमाथि भरोसा राख्नाले विश्वासको थालनी हुँदछ। उहाँको शिक्षालाई पछ्याउनको लागी हामीले आफ्ना पापमय जीवनबाट आफैलाई फर्काउँदछौं।

यथार्थमा, विश्वास आफैले हामीलाई बचाउने होइन, उहाँ हाम्रो प्रभु येशू ख्रीष्ट हुनुहुन्छ जसले हामीलाई बचाउनुहुन्छ। कुनै व्यक्तिले आफैमाथि वा उसका असल कामहरूमाथि वा अरु सयौं कुराहरूमाथि भरोसा राख्न सक्दछम र त्यस विश्वासले त्यसलाई बचाउँदैन्। *विश्वासको हाम्रो उद्देश्य प्रष्ट हुनुपर्छ अन्यथा हामी उद्धार गरिदैँनौं। हाम्रा प्रभु येशू ख्रीष्टमाथिको विश्वासले मात्र हामीमा साँचो मुक्ति ल्याउँदछ। हामीमा अधिक विश्वास भएकाले गर्दा हामी उद्धार गराइएका होइनौं; हामी उद्धार गराइएका छौं किनभने हामीले सही व्यक्तिमाथि आफ्नो विश्वास राखेका छौं – प्रभु येशू ख्रीष्ट।*

मैले दुवै यहूदीहरू र ग्रीकहरूलाई परमेश्वरतर्फ मन फिराउनुपर्छ र हाम्रा प्रभु येशू ख्रीष्टमा विश्वास गर्नुपर्छ भनि यत्नपूर्वक गवाही दिरहें। प्रेरित २०:२१

किनकी ख्रीष्ट येशूमाथि राखिएको विश्वासद्वारा तिमीहरू सबै परमेश्वरका सन्तान हौ। गलाती ३:२६

तर जतिले उहाँलाई ग्रहण गरे, तिनीहरूलाई उहाँले परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो; अर्थात् तिनीहरूलाई , जसले उहाँको नाममा विश्वास गर्दछन्, यूहन्ना १:१२

जब हामीले उहाँमाथि आफ्नो विश्वास राख्दछौं, यो हामीले आफैलाई बचाउन सक्दैनौं भनेर आफैलाई गरेको समर्पण हो। परमेश्वरको वचन स्पष्ट छ की हामी आफ्ना कामहरू वा आफ्ना परिश्रमद्वारा उद्धार गरिदैनौं। यो त परमेश्वरबाटको प्रेम, अनुग्रह, र कृपाद्वारा संभव भएको हो की हामी उद्धार गरिन सक्दछौं र हाम्रा सारा पापहरू क्षमा गरिदँछन्।

"किनकी विश्वासद्वारा अनुग्रहले तिमीहरूले मुक्ति पाएका छौ, अनि यो तिमीहरू आफैबाटको होइन, यो परमेश्वरको दान हो; कामहरूबाट होइन, नत्रता कसैले घमण्ड गर्नेछ"। एफिसी २:८-९

तर जसले काम गर्दैन, तर भक्तिहिनलाई धर्मी ठहराउनुहुनेमाथि विश्वास राख्छ, उसका निम्ति उसको विश्वास धार्मिकता ठहरिन्छ। रोमी ४:५

सबै विश्वासले साँचो उद्धार ल्याउवदैन।

यस कुरामा जोड दिनु अति महत्वपूर्ण रहेको छ की त्यहाँ खोक्रो विश्वास वा विश्वास पनि हुन्छन् जसले मुक्ति ल्याउँदैन।

मलाई 'हे प्रभु, हे प्रभु' भन्ने हरेक स्वर्गको राज्यमा पस्नेछैन, तर त्यो पस्नेछ। जसले स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्छ। त्यस दिन धेरैले मलाई भन्नेछन्,' हे प्रभु, हे प्रभु, के हामीले तपाईको नाममा भविष्यवाणी गरेनौँ र? अनि के तपाईकै नाममा दुष्ट आत्माहरू निकालेनौँ र? अनि के तपाईकै नाममा अनेकौँ अचम्मका कामहरू गरेनौँ र? "अनि तब म तिनीहरूलाई खुल्लमखुल्ला भन्नेछु,' मैले तिमीहरूलाई कहिल्यै चिनेको छैनँ; हे कुकर्म गर्नेहरूहो, मदेखी टाढा होओ!'"। मत्ती ७:२१-२३

अब निस्तार-चाडमा, पर्वको दिन, जब उहाँ यरुशलेममा हुनुहुन्थ्यो, उहाँले गर्नुभएका चिन्हहरू देखेर धेरैले उहाँको नाममा विश्वास गरे। तर येशूले आफैलाई तिनीहरूको भरोसामा छोड्नुभएन, किनभने उहाँले सबै

मानिसहरूलाई जान्नुहुन्थ्यो, अनि कसैले मानिसको विषयमा गवाही दिनु उहाँलाई खाँचो थिएन; किनभने मानिसभित्र के हुन्छ, सो उहाँलाई थाह थियो। यूहन्ना २:२३-२५

तर उहाँले जवाफ दिएर तिनीहरूलाई भन्नुभयोः "यशैयाले तिमी कपटीहरूका विषयमा ठीक भविष्यवाणी गरेका छन्, जस्तो लेखिएको छः 'यस जातिले मलाई आफ्ना ओठले ता आदर गर्दछ, तर यिनीहरूको हृदय मदेखी टाढो छ। तर यिनीहरू व्यर्थमा मेरो उपासना गर्दछन्, किनकी मानिसहरूका आज्ञाहरूलाई धर्म-शिक्षाहरूझैँ सिकाउँछन्। मर्कुस ७:६-७

त्यस समयदेखी उहाँ चेलाहरूमध्ये धेरैजना पछि हटे, अनि फेरी उहाँसँग हिँडेनन्। ६७ तब येशूले ती बाह्रजनालाई भन्नुभयोः "के तिमीहरू पनि जान चाहन्छौ?" यूहन्ना ६:६६

परमेश्वर एक हुनुहुन्छ भनि तिमी विश्वास गर्दछौ; तिमी असल गर्दछौ। दुष्ट आत्माहरूले पनि विश्वास गर्छन्, र थरथर काम्छन्। याकूब २:१९

यहूदा, जसले येशूलाई धोका दिए, त्यसका स्वरुप सबै साँचो चेलाका जस्ता नै थिए। त्यसले पनि अरु चेलाझैँ येशूलाई पछ्याउँथ्यो र येशूले सुसमाचार प्रचार गर्न पठाउनुभएको टोलीमा त्यो दुईपल्ट भागेदार भएको थियो। त्यसलाई, दुष्टात्मा निकाल्ने, र मरेकाहरूलाई बौराउने आश्चर्यकाम समेत गर्नका लागी सामर्थ्य पनि प्रदान गरिएको थियो। तर यहूदा उद्धार गरिएको थिएन। जब येशूले "विनाशको पुत्र" भनि उल्लेख गर्नुभयो, तब उहाँले यहूदा, जसले उहाँलाई धोका दियो, त्यसको बारेमा बताउँदै हुनुहुन्थ्यो भनि तलका पदले बताउँदछ।

जब म तिनीहरूसँग संसारमा थिएँ, तब मैले तिनीहरूलाई तपाईकै नाममा रक्षा गरें; तपाईले मलाई जतिजना दिनुभयो, तिनीहरूलाई मैले रक्षा गरें, अनि पवित्रशास्त्र पूरा होओस् भनेर तिनीहरूमध्ये विनाशको पुत्रबाहेक (यहूदा) **अरु कोही पनि नष्ट भएन।** यूहन्ना १७:१२

तिमी विश्वासमा छौ की छैनौ, आफैलाई जाँच; आफैलाई प्रमाण गर। येशू ख्रीष्ट तिमीहरूभित्र हुनुहुन्छ भनि के तिमीहरू आफ्नै विषयमा जान्दैनौं? जान्दैनौ भने तिमीहरू निकम्मा हौ। २कोरिन्थी १३:५

प्रेरित पावलले कोरिन्थका मण्डलीहरूलाई निर्देशन दिँदछन्, *"तिमी विश्वासमा छौ की छैनौ, आफैलाई जाँच; आफैलाई प्रमाण गर"।* धेरैले सोच्नेछन् की तिनीहरू उद्धार गरिएका छन्, तर, यथार्थमा, तिनीहरूले कहिल्यै परमेश्वरलाई जानेका छैनन्। यदि तपाईका कुनै प्रश्न वा शंका खडा भएको छ भने, यस पाठ्यक्रंको अध्ययन निर्देश ५को समिक्षा गर्नुहोस् अनि तपाई साँचो रुपमा उद्धार गरिनुभएको छ भनि निश्चिन्त हुनुहोस्।

विश्वासद्वारा जिउने

तर बिनाविश्वास उहाँलाई खूशी पार्नु असम्भव छ; किनकी परमेश्वरकहाँ आउनेले, उहाँ हुनुहुन्छ र उहँलाई यत्नसित खोज्नेहरूलाई उहाँले इनाम दिनुहुन्छ भनि विश्वास गर्नुपर्छ। हिब्रु ११:६

जब एक व्यक्तिले प्रभुलाई चिन्दछ, ऊ हाम्रो प्रभु र उहाँको वचन – बाइबलमा, विश्वासयोग्य जीवन जिउँदछ। हामी परमेश्वरमा निरन्तरताको आश्रयमा जीवन जिउनेछौं। हाम्रा जीवनका हरेक पक्षमा परमेश्वर र उहाँको वचनप्रतिको हाम्रो विश्वास जग बन्दछन्। यसले हाम्रा उद्देश्यहरूलाई निर्धारण गर्दछ, यसले हाम्रो हरेक विश्वास, प्रवृत्ती, र कार्यहरूलाई पनि निर्धारित गर्दछ। हाम्रो जीवनमा विश्वासभन्दा बाहिरका केही कुराहरू पनि रहेका छैनन्। हाम्रो जीवनका प्राथमिकताहरू के हुन्छन् सो कुरा हाम्रो विश्वासले निश्चित गर्दछ। उद्धार

गरिएको मानिसले आफैलाई प्रशन्न पार्न छाड्दछ, तर सट्टामा उसले परमेश्वरलाई महिमित, प्रशन्न तुल्याउने जीवन जिउँदछ र उहाँको सेवा गर्दछ।

किनकी हामी रुप देखेर होइन, तर विश्वासद्वारा हिँड्छौं; २कोरिन्थी ५:७

तर परमेश्वरको दृष्टिमा व्यवस्थाद्वारा कोही पनि धर्मी ठहरिँदैन, यो कुरा स्पष्ट छ; किनभने 'धर्मी जन विश्वासद्वारा जिउनेछ'। गलाती ३:११

किनकी यसैमा विश्वासद्वारा विश्वासका निम्ति परमेश्वरको धार्मिकता प्रकट भएको छ, जसरी लेखिएको छः "धर्मी जन विश्वासद्वारा जिउनेछ"। रोमी १:१७

यसकारण जसरी तिमीहरूले ख्रीष्ट येशू प्रभुलाई ग्रहण गरेका छौ, यसरी नै तिमीहरू उहाँमा हिडँ; अनि उहाँमा नै जरा हाल्दै र बनिदैँ जाओ; अनि जसरी तिमीहरू सिकाइएका छौ, उसरी नै यस धन्यवादले प्रशस्त हुँदै विश्वासमा स्थिर हुँदै जाओ। कलस्सी २:६-७

म ख्रीष्टसित क्रुसमा टाँगिएको छु; तरै पनि म जिउँछु; त्यसो भए पनि म ता होइन, तर ख्रीष्ट मभित्र जिउनुहुन्छ; अनि जुन जीवन म अहिले शरिरमा जिउँछु, जसले मलाई प्रेम गर्नुभयो र आफैलाई मेरा निम्ति दिहाल्नुभयो। गलाती २:२०

हामीलाई "विश्वामा हिँड" भनि पटक-पटक भनिएको कुरालाई ध्यान दिनुहोस्। यसले विश्वासको ठूलो फट्को मार भनेको छैन। यथार्थमा, पवित्रशास्त्रमा कहीं पनि हामीलाई "विश्वासको फट्को मार" बताइएको छैन। हामी पाइला-पाइला गरी हिँड्छौं, र एक पटकमा एउटा पाइला सार्दछौं। अर्को पाइला सार्नको निम्ति परमेश्वरले विश्वास प्रदान गर्नुहुन्छ र हामी आज्ञाकारी हुन सक्दछौं – एक पटकमा एक पाइला। भविष्यमा के हुनेछ भनि हामी जान्दैनौं, तर हामीले विश्वासमा पाइला अघि सारन सक्दछौं। परमेश्वरले चाहनुहुने भनेको यही नै हो। हामी आराम गर्न सक्छौं, अनि अर्को पाइला चाल्न सक्छौं, र बाँकी भविष्य परमेश्वरको हातमा सुम्पिदिन सक्दछौं। यो नै साँचो शान्ति हो।

विश्वासले संसारको सोच्ने तरीका र अभक्तिपूर्ण जीवनयापनको सारा प्रभावलाई हराउने सामर्थ्य प्रदान गर्दछ।

किनकी परमेश्वरबाट जन्मेको हरेकले संसारमाथि जय प्राप्त गर्छ; अनि हाम्रो विश्वास नै यो विजय हो, जसले संसारमाथि जय प्राप्त गर्छ। १यूहन्ना ५:४

तर हे परमेश्वरका जन, तिमी यी कुराहरूबाट भाग; र धार्मिकता, भक्ति, विश्वास, प्रेम, धीरज, नम्रताको पछि लाग। तर हे परमेश्वरका जन, तिमी यी कुराहरूबाट भाग; र धार्मिकता, भक्ति, विश्वास, प्रेम, धीरज, नम्रताको पछि लाग। १तिमोथी ६:११

शैतान – दुष्टसँग निरन्तर लडाँई गर्नको लागी विश्वासले मूख्य भूमिका खेल्दछ।

यी सबैबाहेक विश्वासको ढाल उठाओ, जसद्वारा दुष्टका सबै अग्निवाणहरू निभाउनालाई तिमीहरू समर्थ हुनेछौ। एफिसी ६:१६

जागा रहो, विश्वासमा बलियो गरी गभ, पुषार्थ देखाओ, बलिया होओ। तिमीहरूका सबै कुराहरू प्रेमसाथ गरिऊन्। १कोरिन्थी १६:१३-१४

हिब्रु ११अध्यायबाट सत्यताको रत्न – "विश्वासको पाठ"

हिब्रु ११ अध्याय एउटा ठूलो पाठ हो जसले साँचो बाइलिय विश्वासको शिक्षा प्रदान गर्दछ। अरु कुनै खण्डहरूले विश्वासको सम्बन्धमा यति धेरै अन्तरदृष्टि र समझ प्रदान गर्दैनन्।

यहाँ यस पाठलाई गहिराईमा अध्ययन गरिनेछैन। यो यस पाठको क्षेत्रभन्दा अधिक रहेको छ। साटोमा, यस अध्यायमा विश्वासको सन्दर्भमा प्रस्तुत गरिएका केही सत्यताका मूख्य रत्नहरूलाई भने हामी हेर्नेछौं।

विश्वासचाँही आशा गरिएका वस्तुहरूको निश्चयता र नदेखिएका कुराहरूको प्रमाण हो। हिब्रु ११:१

हामीले हेरसकेका छौं, बाइबलिय विश्वास के हो भनेर यसले विवरण प्रस्तुत गर्दछ। "निश्चय" र "प्रमाण" यी शब्दहरूलाई विचार गर्नुहोस्। विश्वास भनेको परमेश्वरबाट प्रदान गरिएका सारा आशा र शिक्षा र प्रतिज्ञाहरू निश्चित छन् भनि जान्नु हो। परमेश्वरको सम्पूर्ण वचन सत्य हो।

"नदेखिएका कुराहरू" बारेमा हामी निश्चित छौं। हामीले कहिल्यै पनि परमेश्वरलाई देखेका छैनौं, न ता हामीले बाइबलका कुनै मानिसहरूलाई देखेका छौं; तरै पनि, यी कुराहरू सत्य हुन् बनि परमेश्वरको आत्माले हामीलाई दृढ-निश्चित पार्दछन्। उद्धार नगरिएका मानिसहरूका लागी भने यो मूर्खता हो। तिनीहरूमा परमेश्वरको आत्माले वास गर्नुभएको छैन र तिनीहरूका मन शैतानले अन्धो पारेको छ। यद्यपि, हामी परमेश्वरको आत्माद्वारा सामर्थी र शक्तिशाली बनाइएका छौं जसले हामीलाई उहाँको वचन – बाइबलद्वारा सत्यताको शिक्षा प्रदान गर्नुहुन्छ।

किनकी यसैद्वारा प्राचीनहरूले असल गवाही प्राप्त गरे। हिब्रु ११:२

पूरानो नियमका मानिस र स्त्रीहरू परमेश्वरमा रहेको विश्वासको कारणले महान् थिए। तिनीहरू विश्वासद्वारा जिउँदथे। तिनीहरूले व्यवस्था पालन गरेको वा तिनीहरूमा प्रतिभा रहेकाले गर्दा महान् भएका होइनन्; तिनीहरू महान् थिए कारण तिनीहरूको विश्वास परमेश्वरमा रहेको थियो र तिनीहरूले आफ्ना विश्वासलाई अभ्यास पनि गरेका थिए।

तिनीहरूमा सधैँ महान् विश्वास रहिरहेको थियो भन्ने होइन, तर जब त्यसको आवश्यकता पर्दथ्यो, तिनीहरूले आफ्ना विश्वासलाई सही सही ठाउँमा उपयोग गर्दथे।

विश्वासैद्वारा हामी बुझ्छौं – परमेश्वरको वचनद्वारा संसारहरू बनिए; यसकारण देखिएका कुराहरू देखा पर्ने कुराहरूद्वारा बनिएका होइनन्। हिब्रु ११:३

यो अति भारी पद हो। परमेश्वरले सून्यताबाट सारा जगतको सृष्टि गर्नुभयो भन्ने कुरालाई हामीले विश्वासैद्वारा बुझ्दछौं। परमेश्वरले आदेश दिनुभयो र सारा जगत अस्तित्वमा आइपुग्यो। यो अघिबाटै रहिरहेको कुनै पनि वस्तुको प्रयोगद्वारा निर्माण गरिएको होइन। यो शिक्षा बुद्धिमानी, सर्वज्ञानी, सर्वशक्तिमान् परमेश्वर नै अस्तित्व हुन आएका सारा कुराहरूको सृष्टिकर्ता हुनुहुन्छ भन्ने कुराबाट थालनी हुँदछ।

ती जसले बिकासावादको सिद्धान्तमा विश्वास गर्दछन् र उत्साहका साथ त्यस बारेमा शिक्षा दिँदछन् यो त्यसको ठीक विपरितमा छ। परमेश्वरको वचनलाई मानिसहरूको शिक्षासँग मेल गर्नलाई धेरै प्रयास गरिए तापनि, सृष्टि र क्रमिक बिकास सुहाउँदो छैन र ख्रीष्टियनहरूले परमेश्वरमा विश्वास गर्ने की मानिसको शिक्षामा विश्वास गर्ने भन्ने विषयमा निर्णय लिनु पर्ने हुँदछ।

परमेश्वरलाई सृष्टिकर्ता स्वीकार गर्नु साँचो बाइबलिय विश्वास हो। मानिस होइन, तर परमेश्वर सार्वभौम हुनुहुन्छ, र यदि परमेश्वरको वचनले यो शिक्षा दिन्छ भने हामीले विश्वास गर्नुपर्छ र यसलाई मानविय समझ, तर्क, र शिक्षासँग मेल नगराईकन स्वीकार गर्नुपर्दछ। जब मानिसहरूले केही ""विज्ञान सम्बन्धी" छ भनि भन्दछन् भने यो स्वतः सत्य हुँदैन, वा यो साँचोरुपमा "विज्ञान सम्बन्धी" रहेको हुँदैन।

तर बिनाविश्वास उहाँलाई खूशी पार्नु असम्भव छ; किनकी परमेश्वरकहाँ आउनेले, उहाँ हुनुहुन्छ र उहाँलाई यत्नसित खोज्नेहरूलाई उहाँले इनाम दिनुहुन्छ भनि विश्वास गर्नुपर्छ। हिब्रु ११:६

यो अति नै महत्वपूर्ण पद हो। परमेश्वरलाई प्रशन्न पार्नको लागी हामीले साँचो बाइबलिय सत्यतालाई अभ्यास गरि रहनुपर्दछ। यो विश्वास परमेश्वर र उहाँको वचनमा छ। उहाँ अस्तित्वमा हुनुहुन्छ र ती जसले उहाँलाई *"यत्नसित खोज्दछन्"* उहाँले तिनीहरूलाई इनाम दिनुहुन्छ भनि हामी विश्वास गर्दछौं। ती जसले आफ्नै शारिरिक चाहना पूरा गर्नको लागी खोजी गर्छन् उहाँले तिनीहरूलाई पनि इनाम दिनुहुन्छ भनि यसले बताउन खोजेको भने होइन। ती जसले परमेश्वरलाई खोज्दछन् उहाँले तिनीहरूलाई इनाम दिनुहुनेछ भनि प्रतिज्ञा गर्नुभएको छ, आफ्नै शारिरिक चाहना पूरा गर्नको लागी खोजी गर्नेहरूलाई होइन।

विश्वासैद्वारा उनी एउटा पराई देशमा झैँ प्रतिज्ञाको देशमा, एउटै प्रतिज्ञाका साझाहकवाला इसहाक र याकूबका साथमा तम्बूहरूमा वास गर्दै परदेशी रहे; किनकी उनले जगहरू भएको एउटा शहरकोबाटो हेर्दथे , जसको रचना गर्नुहुने र बनाउनुहुने परमेश्वर नै हुनुहुन्छ। हिब्रु ११:९-१०

तर अब उनीहरू अझै उत्तम देश अर्थात् स्वर्गीय देशको चाहना गर्दछन्; यसकारण परमेश्वर, उनीहरूका परमेश्वर भनिन शर्माउनुहुन्न; किनकी उहाँले उनीहरूका निम्ति एउटा शहर तयार पार्नुभएको छ। हिब्रु ११:१६

अब्राहाम, इसाहाक, र याकूब सबैले पालमा रहिकन परदेशमा पराईझैँ वास गरे। किन? किनभने, तिनीहरूको वर्तमान् घरमा आराममा रहनुभन्दा, तिनीहरू भविष्यको आफ्नो घरमा रहन छनोट गरे, जुन शहर परमेश्वरले निर्माण गरिदिनुहुन्थ्यो। त्यस शहर, आवश्य नै, स्वर्ग हो। तिनीहरूले त्यहाँ वासस्थान बनाएर आराममा रहनुको साटो, तिनीहरूले, विश्वासैद्वारा, स्वर्गको आफ्नो घरतर्फ नजर लगाए र त्यहाँको लागी तयार भइरहे।

यो अति महत्वपूर्ण पाठ हो। विश्वासद्वारा, हामी हाम्रो भविष्यको घरतर्फ केन्द्रित र तयारी हुँदछौं जहाँ प्रभु साथ हामी सदाका लागी रहनेछौं। पृथ्वीको आराममा केन्द्रित हुनुको साटो, जुनचाँही अस्थायी हो, हामी स्वर्गमा धन थुपार्न केन्द्रित छौं जुन सदाको निम्ति रहिरहन्छ र हामीले त्यसमा अनन्ततासम्म आनन्द मनाउनेछौं।

"आफ्ना निम्ति पृथ्वीमा सम्पत्ती नथुपार, जहाँ किरा र खियाले नष्ट पार्दछन् – जहाँ चोरहरूले फोर्दछन् र चोर्दछन्; तर आफ्ना निम्ति सम्पत्ती स्वर्गमा थुपार, जहाँ न कीराले नष्ट पार्दछ न खियाले – जहाँ चोरहरूले न फोर्दछन् न चोर्दछन्। किनभने जहाँ तिमीहरूको सम्पत्ती छ, त्यहीं तिमीहरूको हृदय पनि हुनेछ। मत्ती ६:१९-२१

हामी सबैजना गरीब हुनुपर्छ र हामी सबै नै पालमा रहनुपर्छ भनि यस खण्डले शिक्षा प्रदान गरिरहेको छैन। यद्यपि, हाम्रो जीवन कहाँ केन्द्रित हुनुपर्छ भनि यसले हामीलाई सिकाइरहेको छ। विश्वासमा, यस पृथ्वीमा आरामको जीवनयापनमा केन्द्रित हुने होइन, तर प्रभुसँग अनन्ततासम्म रहनका लागी हामी तयारी हुँदछौं।

यिनीहरू सबै प्रतिज्ञा गरिएका कुराहरू नपाईकन विश्वासमा मरे; तर तिनलाई टाढामा देखेर तिनको सम्बन्धमा निश्चित भए, र तिनलाई अँगाले; अनि 'पृथ्वीमा ता हामी परदेशी र यात्री रहेछौं' भनि उनीहरूले मानिलिए। हिब्रु ११:१३

सारा मानिसहरू (अब्राहाम, इसाहाक, र याकूब) मर्ने बेलासम्म विश्वासद्वारा नै बाँचिरहेका थिए। मरेपछि तिनीहरूले महान् इनामहरू र विश्वासको परिपूर्णता प्राप्त गरे।

विश्वासैद्वारा मोशाले, उमेरदार भएपछि फाराओकी छोरीको छोरो कहलाइन इन्कार गरे; थोरै समयसम्म पापको मोजमज्जा भोग्नुभन्दा बरू परमेश्वरका जनहरूसँग दुःख भोग्नु नै तिनले रोजे; तिनले ख्रीष्टको निन्दालाई चाँही मिश्रको धनसम्पत्तीभन्दा ठूलो धन सम्झे; किनकी तिनको आँखा इनामतिर लागेको थियो। हिब्रु ११:२४-२६

मोशा अर्को उदाहरण हुन्, जसले विश्वासद्वारा स्वर्गमा रहेको इनामलाई हेरे। मिश्रको विलासी महलमा राजगद्दीको धनी उत्तराधिकारी हुनुभन्दा उनले आफूलाई दासहरू र कष्टित मानिसहरूको रुपमा परिचित गराए। उनले मिश्रको धनहरूभन्दा ख्रीष्टको नामको निन्दालाई बहुमूल्य सम्झे । किन? किनभने उनले इनामतिर हेररहेका थिए।

विश्वासको यो जीवन्त उदाहरण हो। हामीमध्ये धेरैले मिश्रको महलमा मोशासँग भएका थोकहरूप्रति डाहको साथ हेर्न सक्दछौं। तरै पनि, उनले ती सबै त्यागे र दासहरूसँग आफूलाई परिचित गराए। किनभने, विश्वासैद्वारा, उनले अघिल्तिर राखिएको इनामलाई हेरे।

विश्वासैद्वारा तिनले राजाको क्रोधसँग नडराईकन मिश्र-देशलाई त्यागे; किनकी जो देखिनुहुन्न, उहाँलाई देखेजस्तै गरी तिनी स्थिर रहे। हिब्रु ११:२७

यो प्रतिवादझैँ लाग्न सक्दछ। कसरी एक व्यक्तिले अदृश्यलाई देख्दछन्? उत्तर हो, विश्वासद्वारा। विश्वासैद्वारा मोशाले अदृश्य परमेश्वरको प्रतिज्ञाहरूमा भरोसा गरे। मोशाले गरेका निर्णय काल्पनिक थिएन। उनी त्यसमै दृढ रहे। उनको बाँकी जीवनमा यो ध्यानाकेन्द्र बन्यो। मोशा सिद्ध मानिस थिएन; तरै पनि, परमेश्वरले उनलाई छान्नुभयो र प्रयोग गर्नुभयो, कारण उनले परमेश्वरमाथि आफ्नो विश्वास राखेका थिए।

अनि यिनीहरू सबैले विश्वासको कारणले असल गवाही प्राप्त गरे, तापनि प्रतिज्ञा गरिएका कुराहरू प्राप्त गरेनन्; किनकी हामीबिना तिनीहरू सिद्ध नहोऊन् भनेर परमेश्वरले हाम्रा निम्ति पहिलेबाट केही उत्तम कुराको प्रबन्ध गर्नुभएको थियो। हिब्रु ११:२९-४०

यी पदहरू हिब्रु ११ अध्यायको आखिरी पदहरू हुन्। यस पृथ्वीमा रहुन्जेल, यस अध्यायमा रहेका व्यक्तिहरू जो विश्वासका उदाहरणहरू थिए, तिनीहरू कसैले पनि परमेश्वरले गर्नुभएको प्रतिज्ञालाई पूर्णरुपमा प्राप्त गरेनन्। विश्वासको जीवनले अघिल्तिर स्वर्गतर्फ हेर्दछ। हाम्रो जीवनको केन्द्र भनेको अघिल्तिर हेर्नु8 हो र हाम्रा प्रभुसाथ रहनको लागी स्वर्गको जीवनका निम्ति तयार हुनु हो।

यस अध्यायमा उल्लेख गरिएका सारा व्यक्तित्वहरू असिद्ध मानिस र स्त्रीहरू हुन्। हामीले तिनीहरूलाई विश्वासका विरका रुपमा हेर्दछौं, र तिनीहरू हुन् पनि, तर यिनीहरू असिद्ध विरहरू हुन्। तिनीहरू मानिस हुन् र तिनीहरूले खराब छनोट र निर्णय लिए भन्ने कुरालाई प्रष्टैसँग बाइबलमा उल्लेख गरिएको हामी पाउँदछौं। तिनीहरूमध्ये धेरैजसो साधारण मानिसहरू नै थिए; तरै पनि, आफ्नो कमजोरीमा, तिनीहरूले परमेश्वरमाथि विश्वास गर्ने छनोट गरे र उहाँले तिनीहरूलाई दिनुभएको निर्देशनहरू तिनीहरूले पालन गरे।

स्वर्गमा हामी सबै नै सिद्ध बनाइनेछौं। ती विश्वासका विरहरू र हामीमध्ये हरेक नै जसले प्रभु येशू ख्रीष्टमाथि विश्वास गरेका छौं, हामी सबै नै सिद्ध बनाइनेछौं, र साथमा हामीले हाम्रा प्रभु र स्वर्गको सौन्दर्य र सिद्धतामा आनन्द मनाउनेछौं।

वाह !!! यदि यसले तपाईमा आनन्द र हर्ष ल्याउँदैन भने, शायद तपाईले आत्मिकी कुराहरू मनमा लिनुभएको छैन। ☺

यस पाठमा विश्वासका विर पुरुष र स्त्रीहरूको उदाहरणहरू प्रस्तुत गरिएको छ। कोहीको नाम बताइएको छ भने कसैको छैन। हरेक उदाहरणबाट हामीले सिक्नैपर्दछ। तिनीहरूको जीवन अध्ययनले हामीलाई धेरै कुराहरू सिकाउँछन्। यस पाठमा हामी प्रत्येकको जीवनलाई त नियाल्दैनौं। यद्यपि, स्येको बारेमा के बताइएको छ सो अध्ययन गर्नु र मनमा राख्नुचाँही लाभदायक नै हुँदछ। यो प्रशस्तता र इनाम प्रदान गर्ने अध्ययन हो।

विश्वासैद्वारा हाबिल ... हिब्रु ११:४
विश्वासैद्वारा हनोक ... पद ५
विश्वासैद्वारा नूह ... पद ७
विश्वासैद्वारा सारा ... पद ११
विश्वासैद्वारा इसाहाक ... पद २०
विश्वासैद्वारा याकूब ... पद २१
विश्वासैद्वारा यूसुफ ... पद २२
विश्वासैद्वारा मोशा ... पद २३
विश्वासैद्वारा उनीहरू लाल समुन्द्रबाट सुक्खा जमिनबाट झैँ गरी पार भए; ... पद २९
विश्वासैद्वारा राहाब वेश्या ... नष्ट भइन पद ३१

अनि अरु बढ्ता म के भनूँ? गिदोनको विषयमा, बाराक, शामसोन, येफ्थह, दाउद, शमूएल, र भविष्यवक्ताहरूको विषयमा बताउने समय मसँग रहनेछैन; जसले विश्वासैद्वारा राज्यहरू वशमा राखे, धार्मिकताको काम गरे, प्रतिज्ञा गरिएका कुराहरू प्राप्त गरे, सिंहहरूका मुख बन्द गरे, आगोको प्रचण्डतालाई निभाए, तरवारका धारबाट उम्के, कमजोर अवस्थाबाट वलवान् बने, लडाँईमा वीर भने, विदेशीहरूका फौजहरूलाई भगाए। स्त्रीहरूले आफ्ना मरेकाहरूलाई जिउँदो पारिएको अवस्थामा प्राप्त गरे; अनि अरुले चाँही उत्तम बौरिउठाइ प्राप्त गरौं भनेर छुटकारा ग्रहण गरेनन्, तर कुटाई खाई-खाई मरे। अनि अरुचाँही गिल्ला गरिएर, कोर्रा खाएर, त्यसमाथि बन्धन र कैदमा परेर जाँचिए; तिनीहरू ढुङ्गाले हानिए, आराले चिरिए, परीक्षामा परे, तरवारले मारिए; तिनीहरू कङ्गाल भएर, सताउ सहँदै, पीडा भोग्दै भेडाका छालाहरू र बाख्राका छालाहरू पहिरी चारैतिर घुमिहिँडे; संसार तिनीहरूको योग्य थिएन। तिनीहरू मरूभूमि, पहाड अनि पृथ्वीका गुफा र ओडारहरूहुँदो घिमिहिँडे। हिब्रु ११:३२-३८

परमेश्वरबाट प्रदान गरिएको निर्देशनलाई पालन गरी यी प्रत्येक व्यक्ति विश्वासमा अभ्यस्त रहे। कुनै पनि व्यक्ति समान थिएनन्। बिभिन्न तरीकाबाट आज्ञाकारी हुनका निम्ति परमेश्वरले तिनीहरूलाई वोलावट गर्नुभयो। तिनीहरूले विश्वासद्वारा जीवनयापन गर्नको लागी गरेका छनोटहरू भिन्दा-भिन्दै थिए। यद्यपि, तिनीहरूले विश्वासको अभ्यास गरेको परिस्थिति भने तिनीहरूको जीवनमा भिन्दा-भिन्दै नै थियो। तिनीहरूले आफ्ना विश्वासलाई अभ्यास गर्ने तरीका निरन्तर रुपमा अलग थियो।

यी विश्वासका वीर पुरुष र स्त्रीहरूबाट हामीले सत्यताहरू सिक्न सक्दछौं, तर हाम्रो जीवन तिनीहरूको जस्तो समान भने हुँदैन। विश्वासको सम्बन्धमा बाइबलिय शिक्षालाई सिक्नको लागी हामीले शुरुमा प्रतिवद्धता जाहेर गर्नुपर्दछ, र पछिबाट विश्वासयोग्य भइकन त्यस विश्वासलाई परमेश्वरद्वारा हाम्रा निम्ति व्यक्तिगत रुपमा निर्धारण गरिएको बाटोमा आज्ञाकारी भइ हिँड्नको निम्ति अभ्यासका लागी उपयोग गर्नुपर्दछ।

विश्वासको जीवनको परीणाम सधैँ हामीले सोचेको जस्तो वा छनोट गरेको जस्तो हुँदैन। हिब्रुमा उदृत गरिएका मानिसहरूले आफ्ना भविष्य छनोट गर्न सक्ने भए, धेरैले आफू हिँडेको मार्गलाई छान्ने थिएनन्। हाबिलले आफू दाजुबाट मारिने छनोट गर्ने थिएनन्। यूसुफ आफ्ना दाजुहरूबाट बेचिन चाहदैँन थिए। धेरैजना ढुङ्गाले हानिन, चिरिन, बेसहारा हुन चाहदैँनथे, वा गूफा वा सुरूङ्गमा रहने चाहने थिएनन्। तर, विश्वासैद्वारा, परमेश्वरबाट निर्धारण गरिएको कुरालाई तिनीहरूले स्वीकार गरे, र अहिले तिनीहरू हाम्रा प्रभुसँग रहेर स्वर्गमा आफ्ना विश्वासद्वारा प्राप्त भएका प्रशस्तताका धनहरूमा आनन्द मनाउँदैछन्।

यो नै साँचो विश्वासको हृदय हो। परमेश्वरद्वारा हाम्रो जीवनमा निर्धारित गरिएका योजनालाई हामी स्वीकार गर्दछौं र हामी विश्वासैद्वारा उहाँमा जिउँदछौं। हामी उहाँमा र उहाँको वचनमा भरोसा गर्ने छनोट गर्दछौं।

आजका प्रख्यात शिक्षाहरूले यो सिकाउँदछन् की परमेश्वरले हाम्रो इच्छाहरू पूरता गर्नुहुन्छ र हाम्रा शरिरका चाहनाहरू पूरा गर्नको लागी उहाँले सबैथोकहरूको प्रबन्ध गरिदिनुहुनेछ। मानिसहरू यो चाहन्छन् की परमेश्वरले तिनीहरूको इच्छामुताबिकको "प्रशस्तताको जीवन" प्रदान गरिदिनुभएको होस्। याद गर्नुहोस् यस पाठमा स्वस्थता, धन, आनन्द, समृद्धिको बारेमा केही बताइएको छैन। यद्यपि, यहाँ, जुनसुकै परिस्थितिमा पनि उहाँमा विश्वासयोग्य रहने कुरालाई भने जोड दिइएको छ।

विश्वासको उत्पत्ती

विश्वास परमेश्वरबाटको उपहार हो।

तलका पदमा विश्वासलाई परमेश्वरबाटको उपहार हो भनि परिचित गराइएको छ।

"किनकी विश्वासद्वारा अनुग्रहले तिमीहरूले मुक्ति पाएका छौ, अनि यो तिमीहरू आफैबाटको होइन, यो परमेश्वरको दान हो; कामहरूबाट होइन, नत्रता कसैले घमण्ड गर्नेछ"। एफिसी २:८-९

येशू हाम्रो विश्वासको संस्थापक र परिपूरक हुनुहुन्छ भनि परिचित गराइएको छ।

हाम्रो विश्वासका कर्ता र सिद्ध पार्नुहुने येशूलाई हेर्दै, जसले आफ्नो अघिल्तिर राखिएको आनन्दका निम्ति शर्मलाई पनि तुच्छ ठानेर क्रुसको शासना सहनुभयो, र परमेश्वरको सिंहासनको दाहिने हातपट्टि बस्नुभयो। हिब्रु १२:२

विश्वासलाई आत्माको फल भनि परिचित गराइएको छ।

तर आत्माको फल होः प्रेम, आनन्द, मेलमिलाप, सहनशीलता, कृपा, भलाइ, विश्वास, नम्रता, संयम; यस्ता कुराहरूको विरोधमा कुनै व्यवस्था छैन। गलाती ५:२२-२३

यस पदमा, "विश्वास"लाई आत्माको फल भनि परिचित गराइएको छ। "विश्वासयोग्यता" ग्रीक शब्दबाट अनुवाद गरिएको यस शब्दले पनि "विश्वास" अर्थ नै प्रदान गर्दछ। यो प्रष्ट छ की विश्वासयोग्यता र विश्वास ख्रीष्टियनको जीवनमा आत्माद्वारा सिर्जना गरिएको फल हो। हाम्रो जीवनमा परमेश्वरको आत्माको कार्यद्वारा सिर्जना भएको फल विश्वास हो। म आफ्नै मानव स्वभावद्वारा विश्वास सर्जना गर्न सक्दिनँ।

यही कारणले हाम्रा प्रभु येशू ख्रीष्टका पिताको सामु म आफ्ना घुँडा टेक्छु, जसबाट स्वर्गमा र पृथ्वीमाथि सारा घरानाको नाम राखिन्छ, कि उहाँले तिनीहरूलाई यो दान दिऊन् – उहाँको महिमाको धनअनुसार उहाँकै आत्माद्वारा सामर्थ्यले भित्री मानिसमा तिमीहरूले बल पाउन सक, र विश्वासद्वारा ख्रीष्ट तिमीहरूका

हृदयहरूमा वास गरुन्; र प्रेममा जरा गाडिएको र जग बसालिएको हुँदै तिमीहरूले चौडाइ, लमाइ, गहिराइ र उचाइ के रहेछ, सो कुरा सबै पवित्र जनहरूसित थाह पाउन सक; र ज्ञानले जानेर नसकिने ख्रीष्टको प्रेमलाई जान्न सक, कि तिमीहरू परमेश्वरको सारा परिपूर्णताले भरपूर होओ। एफिसी ३:१४-१९

फेरी, हाम्रो जीवनमा परमेश्वरको आत्माको कार्यद्वारा सिर्जना भएको फल विश्वास हो। मेरो शरिर वा आफ्नै आत्माले परमेश्वरमा विश्वास सिर्जना गर्न सक्दैन नै।

एफिसी ५:१८मा, *"आत्माले भरपूर होओ"* भनि हामीलाई निर्देशन प्रदान गरिएको छ।

... तर आत्माले भरपूर होओ; एफिसी ५:१८ख

आत्माले भरपुर हुनु भनेको हाम्रो जीवनको हरेक पक्षमा परमेश्वरको आत्मालाई नियन्त्रण र अगुवाई गर्न दिनु हो। यस अध्ययनको शुरुवातमा, आत्माले भरपुर हुनुलाई *"परमेश्वरको उपस्थितिमा क्षण-क्षण सतर्क रही जीवन जिउने र उहाँको वचनमा दिइएको निर्देशनहरूमा मेल भइ जिउने र छनोट गर्ने"* भनि परिभाषित गरिएको थियो।

एक व्यक्ति जो परमेश्वरको आत्माले भरपूर भएको छैन र जसले "आत्मासँग कदम मिलाएको" छैन त्यस व्यक्तिसँग परमेश्वरबाट प्रदान गरिएको विश्वास छ भनि आशा राख्नु उचित हुदैँन। तिनीहरूमा रहेको विश्वास परमेश्वरबाटको होइन तर स्व-सिर्जित विश्वास हो जसले कुनै साँचो आत्मिकी फल फलाउँदैन।

किनकी आत्माद्वारा हामी विश्वासले धार्मिकताको आशाको बाटो हेर्दछौं। गलाती ५:५

"किनकी विश्वासद्वारा अनुग्रहले तिमीहरूले मुक्ति पाएका छौ, अनि यो तिमीहरू आफैबाटको होइन, यो परमेश्वरको दान हो; कामहरूबाट होइन, नत्रता कसैले घमण्ड गर्नेछ"। एफिसी २:८-९

स्टिफनस र बर्नाबास विश्वास र आत्माले भरपुर भएका मानिसहरूका दउदाहरण हुन्।

किनभने तिनी (बर्नाबास) **असल मानिस थिए, अनि पवित्र आत्मा र विश्वासले भरपुर थिए; अनि धेरै मानिसहरू प्रभुमा थपिए।** प्रेरित ११:२४

... अनि तिनीहरूले विश्वास र पवित्र आत्माले भरपुर भएका मानिस स्टिफनसलाई, ... चुने; प्रेरित ६:५

विश्वास र निरन्तरताका साथ आत्माद्वारा नियन्त्रणमा रहने कुरा साथ-साथ जादँछन्। एक व्यक्तिले एक बाहेक अर्को प्राप्त गर्न सक्दैन।यदि एक व्यक्ति आत्मामा समर्पित नभइकन विश्वास हासिल गर्ने प्रयास गर्दछ बने, त्यो विफल हुनेछ, र दुःखःलाग्दो गरी विफल हुनेछ।

विश्वास परमेश्वरको वचनद्वारा आउँदछ।

यसकारण, विश्वास सुनाइद्वारा आउँछ, र सुनाइचाँही परमेश्वरको वचनद्वारा। रोमी १०:१७

जसै हामीले परमेश्वरको वचन सुन्छौ र यसमा बढ्दै र अभ्यस्त हुँदै जादँछौं, तब हामी विश्वासमा बढ्दछौं। परमेश्वरको आत्माद्वारा सिर्जना हुने विश्वाससँग यसले शत प्रतिशत मेल राख्दछ। परमेश्वरको आत्माले परमेश्वरको वचनप्रतिको समझमा हामीलाई चम्काउँदछ र, यो प्रकृया जादैँ गर्दा, हाम्रो विश्वास पनि बढ्दछ। *विश्वास परमेश्वरको प्रतिज्ञा र शिक्षामा आधारित हुँदछ। विश्वास हाम्रो भावनामा आधारित हुदैँन।*

परमेश्वरको वचनको सही बुझाईले हामीलाई उहाँमाथिको हाम्रो विश्वासमा आधारित सही जीवनयापनमा (धार्मिकता) डोर्याउँदछ। कुनै पनि व्यक्तिले परमेश्वरको वचनलाई सही तरीकाले जान्नु आवश्यक हुँदछ। आज, झूटा बाइलिय शिक्षाहरू अनियन्त्रित रुपमा रहेका छन्। ती जसले परमेश्वरको वचनको शिक्षा सही तरीकाले दिनका निम्ति प्रतिवद्धताका साथ सिकाउने चाहना राख्दछन्, तिनीहरूको संख्या सानो रहेको छ। सत्यता सिकाउन अत्यावश्यक छ किनभने झूटा, अर्ध, खोक्रा, वा पूर्ण झूटा शिक्षाहरूले विश्वासयोग्य जीवनयापनमा डोर्याउँदैनन् वा परमेश्वरमा हुने विश्वासमा हामीलाई बढाउँदैनन्।

ती जसले परमेश्वरको वचनलाई इन्कार गर्दछन् र नियमित रुपमा आत्मसाथ गर्दैनन् तिनीहरूले साँचो विश्वासको आशा गर्न सक्दैनन्। फेरी पनि, एक व्यक्तिसँग कुनै प्रकारको स्व-सिर्जित, स्वःआराधना, भलो विश्वास, हुन सक्छ तर ऊसँग आत्माद्वारा प्रदान गरिएको विश्वास रहदैँन जसले साँचो आत्मिकी फल फलाउँदछ।

जसरी प्रेरितहरूले परमेश्वरको वचन प्रचार गरे, यसले मानिसहरूलाई विश्वासमा ल्यायो, वा केही मानिसहरूले विश्वास गरे।

तापनि वचन सुन्नेहरूमध्ये धेरैले विश्वास गरे; अनि पुरुषहरूको संख्या पाँच हजारजति भयो। प्रेरित ४:४

परमेश्वरको वचन सत्य छ। यसमा भरोसा गर्न सकिन्छ। ती जसले यसमा भरोसा गर्दछन् तिनीहरूको विश्वासको वृद्धि हुँदछ।

विश्वासको सन्दर्भमा अझ धेरै बाइबलिय शिक्षा

१ साँचो बाइबलिय प्रेम बिनाको विश्वास अर्थहिन् हुन्छ।

अनि मसँग भविष्यवाणी गर्ने वरदान भए तापनि र सबै रहस्यहरू र सबै ज्ञानहरू जाने तापनि, साथै पहाडहरू हटाउन सक्ने पूरा विश्वास मसँग भए तापनि मसँग प्रेमचाँही छैन भने म केही पनि होइनँ। १कोरिन्थी १३:२

किनकी ख्रीष्ट येशूमा न खतना न बिनाखतना केही कामको छ, तर विश्वास, जसले प्रेमद्वारा काम गर्छ। गलाती ५:६

अब चोखो हृदय, असल विवेक र निष्कपट विश्वासबाटको प्रेम नै यस आज्ञाको उद्देश्य हो; १तिमोथी १:५

यी पदहरू निर्दयतापूर्ण रुपमा स्पष्ट छन्। यदि ममा पहाड पनि सार्ने विश्वास रहेको थियो र यो प्रेमद्वारा उत्साहित थिएन भने, परमेश्वरको दृष्टिमा यो पूर्णरुपले अर्थहिन् रहेको छ।यस किसिमको विश्वास केही पनि होइन – शून्य, -- मूल्यहिन हो।

साँचो बाइबलिय विश्वास र साँचो बाइबलिय प्रेम भिन्न हुन सक्दैनन्। एक व्यक्तिले यीमध्ये एक मात्र प्राप्त गर्न सक्दैन। धेरैले विश्वासको दाबी गर्दछन् र विश्वासको सम्बन्धमा शिक्षा दिने शिक्षक पनि बन्दछन्; तर, तिनीहरूको जीवनमा वा शिक्षामा प्रेमको थोरै वा कत्ति पनि प्रमाण भेटिदैँन। यस प्रकारको विश्वास परमेश्वरबाटको होइन। यो अर्थहिन् छ र यसले साँचो आत्मिकी फल फलाउँदैन।

तलका पदहरू पवित्र शास्त्रबाटको असाधारण र प्रशस्तताको खण्ड हो। यस खण्डको एक उद्देश्य *"परमेश्वरको सारा परिपूर्णताले भरपूर होओ"* भनि शिक्षा प्रदान गर्नु हो। यो जस्तै हुनको निम्ति पक्रिरहन निकै कठिन पर्दछ। यद्यपि, यसमा मेल गर्नको लागी दुई कुराको आवश्यकता पर्दछ, पहिलो हो *"विश्वासद्वारा ख्रीष्ट तिमीहरूका*

हृदयहरूमा वास गरुन्", र दोश्रो हो, *"प्रेममा जरा गाडिएको र जग बसालिएको हुँदै"*। यसले, फेरी पनि, विश्वास र प्रेम बीचको अलग पार्न नसकिने बन्धनलाई दर्शाउँदछ।

यही कारणले हाम्रा प्रभु येशू ख्रीष्टका पिताको सामु म आफ्ना घुँडा टेक्छु, १५ जसबाट स्वर्गमा र पृथ्वीमाथि सारा घरानाको नाम राखिन्छ, १६ कि उहाँले तिनीहरूलाई यो दान दिऊन् – उहाँको महिमाको धनअनुसार उहाँकै आत्माद्वारा सामर्थ्यले भित्री मानिसमा तिमीहरूले बल पाउन सक, १७ र विश्वासद्वारा ख्रीष्ट तिमीहरूका हृदयहरूमा वास गरुन्; र प्रेममा जरा गाडिएको र जग बसालिएको हुँदै १८ तिमीहरूले चौडाइ, लमाइ, गहिराइ र उचाइ के रहेछ, सो कुरा सबै पवित्र जनहरूसित थाह पाउन सक; १९ र ज्ञानले जानेर नसकिने ख्रीष्टको प्रेमलाई जान्न सक, कि तिमीहरू परमेश्वरको सारा परिपूर्णताले भरपूर होओ। एफिसी ३:१४-१९

यस अध्यायको अन्तिम खण्डतिर तपाईले साँचो बाइबलिय प्रेमसँग व्यवहार गर्नुहुनेछ। अहिलेलाई हामी साधारण रुपमा यसलाई बलिदानपूर्वक दिइनुपर्ने कार्य भनि परिभषित गर्नेछौं जसले अर्को व्यक्तिको खाँचाहरूलाई पूरा गर्दछ। प्रेम कार्य हो। १कोरिन्थी १३ अध्यायमा प्रस्तुत गरिएका सारा प्रेमको विवरणहरू कृया हुन्। प्रेम वा विश्वास जसले बाइबलिय कार्य अनुसार नतिजा ल्याउँदैनन् त्यो साँचो बाइबलिय प्रेम वा विश्वास हुँदै होइन।

२ कार्य बिनाको विश्वास अर्थहिन् हुन्छ (मरेतूल्य)।

यही प्रकारले विश्वास पनि, यदि त्यसका कामहरू छैनन् भने एकलो भई मरेको हुन्छ। याकूब २:१७

किनकी जसरी शरिर आत्माबिना मरेको हुन्छ, उसरी नै विश्वास पनि कामहरूबिना मरेको हुन्छ। याकूब २:२६

हे मेरा भाइहरूको, मसँग विश्वास छ भनि कुनै मानिसले भन्ला, तर ऊसँग कामहरूचाँही छैनन् भने के फाइदा भयो र? के विश्वासले उसलाई बचाउन सक्छ र? याकूब २:१४

विश्वास भनेको बुद्धिमानी मञ्जुरी मात्र होइन। साँचो विश्वासले विश्वासको कार्य गर्दछ। विश्वास अल्छे हुँदैन। हामी परमेश्वरमा विश्वास गरेको दाबी गर्दछौं तर हाम्रो जीवनमा हामीले उहाँको सेवा हुने केही पनि काम गरिरहेका छैनौं, कुनै पनि कुरा गरेका छैनौं, यस्तो हुन सक्दैन। यस्तो विश्वास "मरेतूल्य" हो। धेरैजसो "ख्रीष्टियन" हुँ भनि दाबी गर्नेहरूको सन्दर्भमा यो सही हुन आउँदछ। धेरैले उद्धार गरिएको र "प्रभुलाई प्रेम गरेको" दाबी गर्दछन्, तर तिनीहरूको जीवनद्वारा यो प्रस्तुत भएको भने हुँदैन। कामबिनाको विश्वास मरेतुल्य र मूल्यहिन् हुन्छ। साँचो विश्वासले आज्ञाकारिता ल्याउँदछ, बाइबलिय सिद्धान्तको निष्क्रिय स्वीकार होइन।

उहाँद्वारा नै हामीले उहाँका नामका निम्ति सबै जातिहरूका बीचमा विश्वासप्रति आज्ञापालन पैदा गराऔं भनेर अनुग्रह र प्रेरितको सेवा पायौं; रोमी १:५

हाम्रा प्रार्थनाहरूमा तिमीहरूको सम्झना गर्दै, हामी तिमीहरू सबैका निम्ति सधैँ परमेश्वरलाई धन्यवाद चढाउँछौं; हाम्रा परमेश्वर र पिताको सामुन्ने तिमीहरूका विश्वासको काम, प्रेमको परिश्रम र हाम्रा प्रभु येशू ख्रीष्टमा भएको आशाको धीरज निरन्तर सम्झना गर्दछौं; १थेस्सोलोनिकी १:२-३

विचार गर्नुहोस, यहाँ उल्लेख गरिएको छ *"हाम्रा परमेश्वर र पिताको सामुन्ने तिमीहरूका विश्वासको काम, प्रेमको परिश्रम र हाम्रा प्रभु येशू ख्रीष्टमा भएको आशाको धीरज निरन्तर सम्झना गर्दछौं"*।

हामीले देखिसकेका छौं, परमेश्वरद्वारा प्रदान गरिएको साँचो विश्वासको रखवालीले कार्य गर्दछ। यद्यपि, हामीले यो सम्झन आवश्यक छ की हाम्रा आफ्नै कार्यहरू, हाम्रा आफ्नै परिश्रमहरूले, हामीलाई बचाउँदैन। प्रभु येशूमा रहेको विश्वासको रखवाली यसले गर्दैन। यदि हामी आफ्नै परिश्रममा निर्भर रहेका छौं भने, हामीले हाम्रो विश्वास परमेश्वरमा राख्नुको साटो आफैमा राखिराखेका छौं।

तर जसले काम गर्दैन, तर भक्तिहिनलाई धर्मी ठहराउनुहुनेमाथि विश्वास राख्छ, उसका निम्ति उसको विश्वास धार्मिकता ठहरिन्छ। रोमी ४:५

हामी आफ्नै कामहरूद्वारा बचाइएका हैनौं। यद्यपि, फलस्वरुप असल कार्य नगर्ने विश्वास विश्वासै हुँदैन।

३ हामी निरन्तर विश्वासमा अघि बढ्दै जानुपर्छ।

हे भाइहरूहोतिमी ,हरू धन्यवाद चढाउन हामीलाई कर लागेको छ का निम्ति परमेश्वरलाई सधैँ– यो उचित पनि छकिनभने तिमी ;हरूर तिमी ,को विश्वास अत्यन्तै बढ्दैछहरू मा सबैको– हरेकको – प्रेम एक-अर्काका निम्ति बढ्दैछ; १थेस्सोलोनिकी १:३

तर प्रियहरूहोतिमी ,हरू आत्मामा प्रार्थना गर। पवित्र ,ले चाँही आफ्नो अति पवित्र विश्वासमा आफ्नै उन्नति गर यहूदा १:२०

अनि परमेश्वरको प्रतिज्ञाको सम्बन्धमा अविश्वास गरेर उनी लडखडाएनन्, तर परमेश्वरलाई महिमा दिँदै उनी विश्वासमा बलियो रहे; रोमी ४:२०

नापदेखी बाहिरका कुराहरूमा अर्थात् अरु मानिसहरूको मेहनतमाथि हामी गर्व गर्दैनौं; तर आशा राख्छौं, जब तिमीहरूको विश्वास बढ्छ, तब हाम्रो सिमानासम्बन्धमा तिमीहरूद्वारा हामी प्रशस्त गरी बढाइनेछौं। २कोरिन्थी १०:१५

तलका दुई पदहरूले विश्वासको बारेमा निश्चित गरी बताउँदैन, तर यसको निर्देशनहरूलाई पालन गर्नको निम्ति निश्चय नै हामी विश्वासमा बढ्नुपर्दछ।

तर हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अनुग्रह र पहिचानमा बढ्दै जाओ। उहाँलाई अहिले पनि र सदा-सर्वदा महिमा होओस्। आमेन। २पत्रुस ३:१८

तर प्रेममा साँचो बोल्दै हामी सबै कुराहरूमा उहाँसम्म, जो शिर हुनुहुन्छ अर्थात् ख्रीष्टसम्म बढौं। एफिसी ४:१५

तलका दुई पदहरूमा पापपूर्ण कुराहरूबाट भाग्न र ईश्वरिय कुराहरूको पिछा गर्नको लागी हामीलाई निर्देशन प्रदान गरिएको छ, विश्वास समेत गरी। पिछा गर्नु सकृय हो निष्कृय होइन। विश्वास र अरू ईश्वरिय थोकहरूलाई पिछा गर्न हामी सधैँ सकृय रहनुपर्छ।

अनि जवानीका अभिलाषाहरूदेखी भाग; तर शुद्ध हृदयबाट प्रभुलाई पुकार्नेहरूका साथमा धार्मिकता, विश्वास, प्रेम, शान्तिको पछि लाग। २तिमोथी २:२२

तर हे परमेश्वरका जन, तिमी यी कुराहरूबाट भाग; र धार्मिकता, भक्ति, विश्वास, प्रेम, धीरज, नम्रताको पछि लाग। १तिमोथी ६:११

तलका पदमा, फेरी पनि ध्यान दिनुहोस् की विश्वास र पवित्र आत्मा बीचमा सम्बन्ध रहेको छ। विश्वासमा अघि बढ्दै जानु र साँचो रुपमा आत्माद्वारा नियन्त्रणमा रहनु मूलभूत रुपमा उस्तै कुरा हो।

तर प्रियहरूहोतिमी ,हरू ,ले चाँही आफ्नो अति पवित्र विश्वासमा आफ्नै उन्नति गरपवित्र आत्मामा प्रार्थना गर। यहूदा १:२०

तल छोटो प्रार्थनाहरू प्रस्तुत गरिएका छन् तर विश्वासको बढाईका लागी विन्ती चढाइएका यी प्रार्थनाहरू साँचो हुन्।

अनि प्रेरितहरूले प्रभुलाई भनेः "हाम्रो विश्वास बढाइदिनुहोस्"। लूका १७:५

अनि तुरून्तै त्यस केटाको बाबुले कराएर आँसुसित भन्योः "प्रभुजी, म विश्वास गर्दछु, मेरो अविश्वासलाई सहायता गर्नुहोस्"। मर्कुस ९:२४

हाम्रो विश्वासलाई तोड्ने कुराहरूदेखी हामी सतर्क हुनुपर्छ र होशीयारीका साथ रक्षा गर्नुपर्दछ।

किनकी रुपियाँ-पैसाको प्रेमचाँही सबै खराबीको जरा हो; जुन कुराको लोभ गर्दा कतिजना विश्वासबाट भड्किएका छन्, र आफैलाई अनेकौं पीडाहरूले छेंडै-छेंड पारेका छन्"। १तिमोथी ६:१०

विश्वासमा बढ्दै जाने कुरा हरेक ख्रीष्टियनको प्रमुख लक्ष्य भएको हुनुपर्छ। फेरी, यो निष्कृय होइन तर सकृय पिछा हो। उहाँलाई अझै राम्रोसँग जान्न, उहाँको नजिकमा जान, र उहाँसँगको हाम्रो हिँडाईमा बढ्नका निम्ति हामीले आफैलाई निष्कृय पार्नु हुँदैन।

४ हाम्रो विश्वासलाई बढाउनका लागी जीवन आउने परीक्षा र कठिन परिस्थितिहरूको भूमिका रहेको छ।

हामीले अध्ययन निर्देश १७मा हेरिसकेका छौं, की प्रत्येक ख्रीष्टियनहरूले आफ्नो जीवनमा केही किसिमका परीक्षाहरूको अनुभव गर्नुपर्दछ।

किनकी आफ्ना अपराधहरूले गर्दा तिमीहरूले मुक्का खाएर त्यसलाई धीरजसँग सह्यौ भने बढाइँ गर्ने कुरा के छ र? तर असल काम गरेर पनि त्यसका लागी दुःख भोग्छौ र त्यसलाई धीरजसँग सहन्छौ भने परमेश्वरका सामु यो प्रशंसाको योग्य छ। किनकी यसैका निम्ति तिमीहरू बोलाइएका पनि हौ; किनभने तिमीहरू उहाँकै पाइलाहरूका पछि-पछि हुँड भनेर नै हाम्रा लागी एउटा नमुना छोड्दै ख्रीष्टले हाम्रा निम्ति दुःख भोग्नुभयो। १पत्रुस २:२०-२१

किनभने ख्रीष्टको सम्बन्धमा उहाँमाथि विश्वास गर्ने मात्र होइन, तर उहाँका निम्ति दुःख भोग्ने पनि तिमीहरूलाई अनुग्रह दिइएको छ। फिलिप्पी १:२९

हे प्रियहरूहो, तिमीहरूलाई जाँच्नका लागी तिमीहरूको बीचमा आएको आगोको जाँचको सम्बन्धमा, मानो तिमीहरूमाथि कुनै अनौठो कुरो आइपरेझैँ गरी अचम्म नमान; तर जति तिमीहरू ख्रीष्टका दुःखहरूमा भागी हुन्छौ, उति नै आनन्द मनाओ, र उहाँको महिमा प्रकट हुँदा तिमीहरू पनि भारी आनन्दले आनन्दित हुन सक। १पत्रुस ४:१२-१३

हामीले यी कठिन परिस्थितिहरू एक्लैले सामना गर्नुपर्दैन भनेर पनि हामीले हेरिसकेका छौं। परमेश्वर सधैँ हाम्रो साथमा हुनुहुन्छ; उहाँले हामीलाई गहिरो माया गर्नुहुन्छ र हामीलाई सामर्थ्य प्रदान गरिदिनुहुन्छ।

"तर अब हे याकूब, तिमीलाई सृष्टि गर्नुहुने, अनि हे इस्राएल, तिमीलाई रच्नुहुने परमप्रभुले यसो भन्नुहुन्छः नडराऊ; किनकी मैले तिमीलाई दाम तिरेर छुटाएको छु; मैले तिमीलाई तिम्रो नाम काढेर बोलाइएको छु; तिमी मेरा हौ। तिमी पानीबाट पार भएर जाँदा म तिम्रो साथमा हुनेछु; अनि नदीहरूबाट भएर जाँदा तिनीहरूले तिमीलाई डुबाउनेछैनन्; तिमी आगोबाट भएर जाँदा तिमी डढ्नेछैनौं; न ता ज्वाला तिमीमाथि सल्किनेछ। किनभने म, परमप्रभु तिम्रा परमेश्वर, इस्राएलका पवित्र जन, तिम्रा उद्धारकर्ता हुँ; मेले तिम्रो छुटकाराको दामको रुपमा मिश्र, तिम्रो सट्टामा, कूश र सेबा दिएँ। यशैया ४३:१-३

ख्रीष्टियन जीवनमा परीक्षाले दुईवटा कार्य गर्न सक्छ। यसले बलियो विश्वासमा डोर्याउँदछ वा यसले कसैको विश्वास कमजोर पार्नको निम्ति निरुत्साह ल्याइदिन्छ। जब कठिन परिस्थितिहरूका पनि हामी उहाँसँग हिँड्न सिक्दछौं, उहाँमा निर्भर हुन सिक्दछौं, र विश्वासयोग्य रहिरहनेछौं, तब हाम्रो विश्वास मजबुत हुँदछ।

मेरा भाइहरूहो, जब तिमीहरू नाना प्रकारका परीक्षाहरूमा पर्दछौ, तब यसलाई पूरा आनन्द सम्झ; यो जानेर की तिमीहरूको विश्वासको जाँचले धीरज उत्पन्न गर्छ। तर धीरजलाई आफ्नो सिद्ध काम गर्न देओ, कि कुनै कुराको काँचो नपर्ने गरी तिमीहरू सिद्ध र पूर्ण होओ। याकूब १:२-४

अहिले केही समयका निम्ति, खाँचो परिगयो भने, नाना प्रकारका परीक्षाहरूद्वारा तिमीहरू दुःखित हुन्छौ, तापनि यस मुक्तिमा तिमिहरू खूबै आनन्द मनाउँछौ; र तिमीहरूको विश्वासको यो जाँचचाहीँ, जो आगोद्वारा जाँचिएको नाशवान् सुनभन्दा पनि धेरै बढी मूल्वान् छ येशू ख्रीष्ट प्रकट हुनुहुँदा प्रशंसा, आदर र महिमाको कारण ठहरियोस्; १पत्रुस १:६-७

अनि प्रभुले भन्नुभयोः "हे शिमोन, हे शिमोन, हेर गहुँजस्तै निफन्नालाई शैतानले तिमीहरूलाई लिन चाहेको छ; तर मैले तिम्रो विश्वास नटुटोस् भनेर तिम्रा निम्ति प्रार्थना गरेको छु; अनि तिमी फर्केपछि आफ्ना भाइहरूलाई स्थिर पार"। लूका २२:३१-३२

हामीमध्ये थोरैले मात्र, परीक्षाहरू हुँदो अघिल्तिर हेर्दछौं। हामी त्यस परिस्थितिहरू हुँदो नगएता हुनेथ्यो भनि हामी सबैले विचार गर्नेछौं। यद्यपि, मलाई निश्चयता छ की ती ख्रीष्टियनहरू जो यस समय अवधीमा पनि विश्वायोग्य भइरहे, तिनीहरूले पछि हेर्नेछन् र त्यस परीक्षाहरूद्वारा आफू बढेको देख्नेछन्।

५ शैतानको सामना गर्नको लागी विश्वास हाम्रो मूख्य आधार हो।

अन्तमा हे भाइहरूहो, प्रभुमा र उहाँको बलको सामर्थ्यमा बलवान् होओ। शैतानका धूर्त युक्तिहरूका विरोधमा खडा हुन सक्नालाई परमेश्वरका सारा हतियारहरू धारण गर। किनकी हामी मासु र रगतको विरोधमा कुस्ती लड्दैनौं, तर प्रधानहरूको विरोधमा, अधिकारीहरूको विरोधमा, यस संसारको अन्धकारका शासकहरूको विरोधमा, आकाशी स्थानहरूमा भएका आत्मिक दुष्टताको विरोधमा लड्दछौं। यसकारण खराब दिनमा सामना गर्न सक्नालाई र सबै कुराहरू गरेर खडा हुन सक्नालाई परमेश्वरका सारा हतियारहरू उठाओ। यसकारण खडा होओ, तिमीहरूका कम्मर सत्यताले कस, र धार्मिकताको कवच धारण गर; अनि पाउहरूमा मेलमिलापको सुसमाचारको तयारीका जुत्ता लगाओ; यी सबैबाहेक विश्वासको ढाल उठाओ, जसद्वारा दुष्टका सबै अग्निवाणहरू निभाउनालाई तिमीहरू समर्थ हुनेछौ। एफिसी ६:१०-१६

सचेत रहो, जागा रहो; किनकी तिमीहरूको विरोधी शैतान गर्जने सिंहझैं कसलाई निलूँ भनि खोज्दै चारैतिर घुमिहिँड्छ। विश्वासमा दह्रो रहेर त्यसको सामना गर; यो जानेर कि संसारमा रहेका तिमीहरूका दाजु-भाइहरूले पनि यिनै दुःखहरू भोगिरहेका छन्। १पत्रुस ५:८-९

अनि तिमीहरूचाँही अन्तिम समयमा प्रकट हुनालाई तयार भएको मुक्तिका निम्ति परमेश्वरको शक्तिले विश्वासद्वारा शुरक्षित छौ। १पत्रुस १:५

किनकी परमेश्वरबाट जन्मेको हरेकले संसारमाथि जय प्राप्त गर्छ; अनि हाम्रो विश्वास नै यो विजय हो, जसले संसारमाथि जय प्राप्त गर्छ। १यूहन्ना ५:४

तिमीले कष्ट भोग्न लागेका कुराहरूमध्ये कुनैसँग नडराऊ; हेर, तिमीहरूको जाँच होओस् भनेर शैतानले तिमीहरूमध्ये कतिलाई झ्यालखानामा हाल्नेछ; अनि दस दिनसम्म तिमीहरूलाई सङ्कष्ट हुनेछ; मृत्युसम्म विश्वासयोग्य रह, र म तिमीलाई जीवनको मुकुट दिनेछु। प्रकाश २:१०

प्रत्येक विश्वासी जो परमेश्वरको नजिकमा हुन, उहाँलाई आफ्नो सारा हृदयले खोज्न, र परमेश्वरसँगको हिँडाईमा बढ्न चाहन्छ, ऊ शैतानद्वारा विरोध गरिदँछ। शैतान धेरै चलाख छ र त्यसको अनुभव कसमसेकम ६००० वर्षको छ। त्यसले मानिसहरूलाई जान्दछ, र परमेश्वरप्रति तिनीहरूलाई कसरी शंकालु बनाउने भन्ने कुरा पनि त्यसलाई थाहा छ। हामीले नचाहेको बेलामा पनि, आज्ञाकारी र विश्वासयोग्य हुनु र सही कार्यमा मात्र गर्नुचाँही, शैतानसँगको हाम्रो लडाँईमाथि हामीले विजय हासिल गर्नु हो। हामीले कहिल्यै पनि सारा "किन"लाई बुझ्न सक्नेछैनौं, तर जब हामी विश्वासयोग्य रहिरहदँछौं तब हामीले हाम्रो स्वर्गीय पिताबाट प्रशस्तताको इनाम प्राप्त गर्नेछौं, र हामी उहाँसँगको हिँडाईमा बढ्दै जानेछौं।

६ केहीका लागी, परमेश्वरले विश्वासको आत्मिकी वरदान प्रदान गरिदिनुहुन्छ।

तर सबैलाई फाइदा होस् भनेर हरेकलाई आत्माको प्रकाश दिइन्छ। किनकी एउटालाई आत्माद्वारा बुद्धिको वचन दिइन्छ, र अर्कोलाई उही आत्माद्वारा ज्ञानको वचन दिइन्छ; अनि अर्कोलाई उही आत्माद्वारा विश्वास, र अर्कोलाई उही आत्माद्वारा निको पार्ने वरदानहरू, १कोरिन्थी १२:७-९

सबै ख्रीष्टियनहरू विश्वासद्वारा जिउनुपर्छ। यद्यपि, कसै-कसैलाई भने अतिरिक्त विश्वास प्रदान गरिएको हुन्छ। ती जसलाई विश्वासको आत्मिकी वरदान दिइएको छ, त्यो तिनीहरूका लागी परमेश्वरमा रहेको सामर्थ्य हो। ती जसलाई परमेश्वरले यस किसिमको वरदान वा यस अतिरिक्त विश्वासलाई प्रदान गरिदिनुभएको छ, परमेश्वरले यसद्वारा के गर्नुहुन्छ त्यसमा हामी आनन्द मनाउन सक्दछौं।

"किनकी मलाई दिइएको अनुग्रहद्वारा तिमीहरूको बीचमा भएको हरेक मानिसलाई म भन्दछुः आफ्नो विषयमा जति सोच्नुपर्दछतर परमेश्वरले हरेकलाई बाडिदिनुभएको विश्वासको नापअनुसार ;त्योभन्दा बढी नसोच , सचेत भएर सोच"। रोमी १२:३

७ पहाड सार्ने विश्वास

हाम्रो जीवनमा त्यस्ता परिस्थितिहरू पनि आउँदछन् जसलाई जित्नु असंभव चुनौतिझैँ लाग्दछ। जब यी समयहरू आउँदछन्, र हामी आत्माद्वारा डोर्याइदँछौं र सामर्थ्य प्रदान गरिदँछौं भने, यी "पहाड"हरू हटाउनका निम्ति परमेश्वरले हामीलाई विश्वास प्रदान गरिदिनुहुनेछ।

तलका सारा पदहरूले, एक तरीका वा अन्यद्वारा, बताउँदछन् की परमेश्वरले हाम्रो विश्वास र प्रार्थनाप्रति प्रतिकृया जनाउनुहुनेछ। ती जो परमेश्वरको वचनमा इमान्दारी छन् तिनीहरू यो कुरामा प्रष्ट हुन जरूरी छ की हाम्रा विश्वास र हाम्रा प्रार्थनाहरू सही बाइबलिय शिक्षामा आधारित हुनुपर्दछ र हामी परमेश्वरको इच्छा र हामीमा रहेको उहाँको उद्देश्यअनुरुप कार्य गरिरहेका छौं। परमेश्वरले आफ्नो चाहना विपरितको कुरामा विश्वास गर्नको निम्ति हामीलाई विश्वास प्रदान गर्नुहुँदैन।

उही प्रभुमा, उहाँमाथिको विश्वासद्वारा, हामी साहस अनि भरोसासित प्रवेश पाउँदछौं। एफिसी ३:१२

तलको पद त्यति प्रख्यात पद त होइन तर यो निकै उल्लेखनीय रहेको छ। पावलले प्रार्थना गर्दछन् की परमेश्वरले *"भलाइको हरेक शुभेच्छासाथै विश्वासको काम सामर्थ्यसित पूरा गरेका होऊन् ,"* । हाम्रो विश्वासद्वारा शीघ्रता रुपमा रहेका उद्देश्य र कार्यलाई परमेश्वरले पूरा गरिदिनुहुन्छ। यद्यपि, हामी हाम्रा वोलावटमा योग्य हुनुपर्छ भनि यस पदको पहिलो भागले बताएको छ। अर्थपूर्ण जीवनयापन र हाम्रो विश्वास प्रतिको परमेश्वरको प्रतिकृया एक-अर्कामा बाँधिएका छन्। जब हाम्रो जीवन, हामीलाई गरिएको वोलावटमा अयोग्य हुँदछ, तब हाम्रो विश्वासप्रति परमेश्वरले प्रतिकृया जनाउनुहुन्छ भनि हामी आशा गर्न सक्दैनौं नै।

यसकारण हाम्रा परमेश्वरले तिमीहरूलाई यस वोलवटको योग्य ठानेका होऊन्र उहाँको भलाइको हरेक , साथै विश्वासको काम सामर्थ्यसित पूरा गरेका होऊन् भनि हामी पनि सधैँभरि तिमी ,शुभेच्छाहरूका निम्ति ;प्रार्थना गर्दछौं २थेस्सोलोनिकी १:११

अनि यसलाई नाश पार्नालाई त्यसले यसलाई घरीघरी आगोमा र पानीमा फालेको छ; तर तपाईले केही गर्न सक्नुहुन्छ भने हामीमाथि दया राख्नुहोस् र हामीलाई सहायता गर्नुहोस्। येशूले उसलाई भन्नुभयोः "तिमी विश्वास गर्न सक्छौ भने, विश्वास गर्नेका निम्ति सबै कुरा संभव छन्"। अनि तुरून्तै त्यस केटाको बाबुले कराएर आँसुसित भन्योः "प्रभुजी, म विश्वास गर्दछु, मेरो अविश्वासलाई सहायता गर्नुहोस्"। मर्कुस ९:२२-२४

यस पदमा विनाशकारी दुष्टात्माबाट नियन्त्रण गरिएको छोरालाई त्यसको बाबुले चंगाईका लागी येशूमा ल्याउँछन्। त्यस बाबुको विश्वास अल्लि कमजोर थियो, तर त्यस नानीलाई येशूको नजिकमा ल्याउने विश्वास भने उनमा रहेको थियो। जब येशूले त्यस बाबुको कम कमजोरीलाई देखाइदिनुभयो, तब उसले तत्कालै आफ्नो अविश्वासलई स्वीकार गर्यो र अझै विश्वास प्राप्तिको लागी विन्ती चढायो। येशूले उसको विन्तीलाई जवाई दिई र त्यस नानीलाई निको तुल्याई प्रतिकृया जनाउनुभयो। यसपछि, येशूले यस बारेमा आफ्ना चेलाहरूसँग कुराकानी गर्नुभयो।

तब चेलाहरू एकान्तमा येशूकहाँ आएर भनेः "हामीले चाँही त्यसलाई किन निकाल्न सकेनौं?" अनि येशूले उनीहरूलाई भन्नुभयोः "तिमीहरूको अविश्वासको कारणले; किनकी म तिमीहरूलाई साँचो भन्दछु, तिमीहरूसँग रायोको दानाजत्रो विश्वास छ भने तिमीहरूले यस पहाडलाई भन्नेछौ, 'यहाँबाट सरेर त्यहाँ जा' अनि यो सरेर जानेछ; र तिमीहरूका निम्ति कुनै कुरा असम्भव हुनेछैन। मत्ती १७:१९-२०

यहाँ येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो की हाम्रो जीवनमा पहाडहरू हटाउनका लागी ठूलो विश्वास आवश्यक रहेको हुँदैन। रायोको दानाजत्रो विश्वासले पनि हाम्रो लागी परमेश्वरलाई कार्य गर्न बाध्य गराउँछ। कुनै कुरा पनि असम्भव छैन, हामीमा थोरै मात्र विश्वास भए तापनि। परमेश्वरलाई कार्य गर्नको निम्ति बाध्य गराउने हाम्रो विश्वासले होइन। सत्य परमेश्वरमा रहेको थोरै मात्र विश्वासले पनि हाम्रा विश्वासमा परमेश्वरलाई प्रतिकृया गराउन बाध्य गराउँदछ।

आत्माद्वारा डोर्याइन र विश्वासयोग्य जीवन जिउनका निम्ति निरन्तरताको प्रार्थनाले प्रमुख भूमिका निभाउँदछ। यदि हामीले नियमित प्रार्थना गर्दैनौं भने, हामी आत्माद्वारा नियन्त्रण रहेको जीवनयापन गर्न सक्दैनौं। जब कुराहरू राम्रो हुँदछन् तब हामी प्रार्थना गर्दछौं र जब हामीले उहाँको सेवकाईमा "पहाड"जत्रो समस्याहरू भोग्दछौं तब पनि हामी प्रार्थना नै गर्दछौं। प्रार्थना विश्वासयोग्य जीवनको केन्द्र हो।

उहाँमा हाम्रो जे निर्धक्कता छ, त्यो यही हो – उहाँको इच्छाअनुसार हामीले केही कुरा माग्यौं भने उहाँले हाम्रो विन्ती सुन्नुहुन्छ; अनि हामीले जेसुकै मागे तापनि उहाँले हाम्रो विन्ति सुन्नुहुन्छ भनि हामी जान्दछौं भने हामीले उहाँबाट जे चाहेका थियौं, ती मागहरू पनि पाएका छौं भनि हामी जान्दछौं। १यूहन्ना ५:१४-१५

यसकारण म तिमीहरूलाई भन्दछु, तिमीहरूले प्रार्थना गर्दै जे-जे कुराहरू माग्दछौ, ती पाउँछौ भनि विश्वास गर, र तिमीहरूले ती पाउनेछौ। मर्कुस ११:२४

तर तिमीहरूमध्ये कसैलाई बुद्धिको खाँचो छ भने उसले परमेश्वरलाई मागोस्, जसले सबै मानिसहरूलाई मन खोलेर दिनुहुन्छ र हपार्नुहुन्न; अनि उसलाई यो दिइनेछ। तर उसले पटक्कै शंका नगरीकन विश्वाससित मागोस्; किनकी जसले शंका गर्दछ, ऊ बतासद्वारा बहाइएको र यताउता पारिएको समुन्द्रको छालजस्तो हो। किनकी त्यस मानिसले, म प्रभुबाट कुनै चीज पाउनेछु भनि नसम्झोस्। याकूब १:५-७

जब हामीले प्रभुमा आफैलाई खूशी पार्दछौं, उहाँले हाम्रा हृदयहरूमा चाहना प्रदान गरिदिनुहुन्छ। जब हामीले हाम्रा मार्गहरू उहाँमा प्रतिवद्ध गराउँदछौं र उहाँमा भरोसा गर्दछौं, वा उहाँमा विश्वास गर्दछौं, तब उहाँले कार्य गर्नुहुन्छ।

अनि परमप्रभुमा मग्न होऊ; र उहाँले तिम्रा हृदयका चाहनाहरू पूरा गरिदिनुहुनेछ।आफ्नो मार्गको चिन्ता परमप्रभुलाई सुम्प, र उहाँमाथि भरोसा पनि राख; तब उहाँले त्यो पुर्याउनुहुनेछ। भजनसंग्रह ३७:४-५

विश्वासको सन्दर्भमा झूटा वा बटारिएको शिक्षा विरुद्ध चेतावनी

परमेश्वरको वचनले हामीलाई झूटा र बटारिएका शिक्षा विरुद्धमा प्रष्ट चेतावनी दिँदछ। ख्रीष्टियनहरूको इतिहासका सारा समयहरूमा यस चेतावनीलाई बताइरहन खाँचो परेको छ। यद्यपि, आज झन् बढ्ता गरी खाँचो परिरहेको छ, र एक क्षेत्र जहाँ यस झूटा र बटारिएका शिक्षा भरपूर रहेको छ त्यो हो विश्वासको सम्पूर्ण क्षेत्रमा।

तपाईहरूकै बीचबाट पनि चेलाहरूलाई आफ्नो पछि खिँच्नालाई टेढामेढा कुरा गर्ने मानिसहरू उठ्नेछन्। प्रेरित २०:३०

हाम्रा मुक्तिदाता परमेश्वर र हाम्रा आशा – प्रभु येशू ख्रीष्टको आज्ञाद्वारा येशू ख्रीष्टका प्रेरित पावल तर्फबाट – म म्यासिडोनिया जाँदा मैले तिमीलाई एफेससमा बसेर त्यहाँका कतिजनालाई 'अर्कै किसिमको शिक्षा नसिकाओ, अनि दन्त्यकथाहरू र नटुङ्गिने वंशावलीहरूमा ध्यान नलगाओ' भन्ने आज्ञा दिनू भनि विन्ती गरेथें, सोही अब पनि गर्दछु; तीद्वारा विश्वासद्वारा हुने ईश्वरीय उन्नति होइन, बरू वाद-विवादहरू पैदा हुन्छन्। अब चोखो हृदय, असल विवेक र निष्कपट विश्वासबाटको प्रेम नै यस आज्ञाको उद्देश्य हो; जसबाट जतिजना भड्किएर व्यर्थका बकबकपट्टि लागेका छन्। तिनीहरू व्यवस्थाका गुरु हुने इच्छा गर्दछन्; तर जुन कुरा तिनीहरू गर्दछन्, र जुन विषय ठोकेर भन्दछन्, तिनलाई तिनीहरू बुझ्दैनन् पनि। १तिमोथी १:३-७

अनि मेरो वचन र मेरो प्रचार मानिसको बुद्धिको फुस्ल्याउने कुरामा थिएनन्, तर आत्मा र सामर्थ्यको प्रदर्शनमा थिए; कि तिमीहरूको विश्वास मानिसहरूको बुद्धिमाथि होइन, तर परमेश्वरको सामर्थ्यमाथि बसालिएको होस्। १कोरिन्थी २:४-५

तर हामीले शर्म लाग्ने गुप्त कुराहरू त्यागिदिएका छौं, न ता धूर्ततासँग चल्दछौं, न ता परमेश्वरको वचन छलपूर्वक प्रयोग गर्दछौं; तर सत्यता प्रकट गरीकन परमेश्वरका सामु हामी हरेक मानिसको विवेकमा आफूलाई सिफारिस गर्दछौं। २कोरिन्थी ४:२

शैतान परमेश्वरको दूश्मन हो। त्यसले परमेश्वर र ख्रीष्टियनहरूलाई घृणा गर्दछ। मानिसहरू साँचो रुपमा उद्धार गरिनबाट रोक्नको लागी त्यसले सकेसम्म कार्यहरू गरि नै रहेको छ साथै ख्रीष्टियनहरूले उपयोगी फलवान् जीवन नजिएका हुन् भनेर त्यसले सक्दो प्रयास गरी रोक्न खोजी नै रहेको छ। शैतानको प्रमुख रणनिति यो हो, त्यसले मानिसहरूलाई बाइबलसम्बन्धी झूटा शिक्षाहरूमा विश्वास गराउने प्रयास गरिराखेको छ।

अब आत्माले स्पष्ट गरी भन्नुहुन्छः पछि आउने समयहरूमा कति मानिसहरू बहकाउने आत्माहरूतिर र दुष्टात्माहरूको शिक्षाहरूतिर ध्यान दिएर विश्वासबाट भड्लिएर जानेछन्; जसले कप्ट्याँईको कारणले झूट बोल्छन्; जसको विवेकचाँही तातो फलामले डामिएको हुन्छ; १तिमोथी ४:१-२

धेरैजसो गलत वा बटारिएका शिक्षाहरू सत्यता र त्रुटिका समिश्रण हुन्। यदि यो पूरा नै गलत भएता, यो चाँडै नै इन्कार गरिनेछ। यद्यपि, धेरैजसो झूटा र बटारिएका शिक्षा सुन्नमा असल होस् भनेर त्यहाँ प्रशस्त सत्यताहरू समावेश गरिएको हुन्छ र मानिसहरूले त्यस देखाइएको सत्यतामा गलत कुराहरू सिकाइएका छन् भनि महसुस गर्नुको साटो, तिनीहरूले त्यो स्वीकार गर्दछन्। प्राय कुनै पदलाई बटारेर त्यसको अर्थलाई बताइँदछ र खण्डका सारा शिक्षाहरूलाई भने इन्कार गरिदँछ। सही बाइबलिय सत्यतालाई बुझ्नाले र त्यसलाई अभ्यास गर्नाले साँचो विश्वास स्थापित हुँदछ। यस बाहेकका सबैकुराहरू परमेश्वरबाटको होइन र परीणाम स्वरुप यसले मानिसद्वारा सिर्जित विश्वासलाई ल्याउँदछ।

केही वर्षअघि मैले मेलोडील्याण्ड शिक्षालयका कुलपतिले लेख्नुभएको पूस्तकलाई अध्ययन गरेको थिएँ जसमा उहाँले प्रष्टसँग बताउनुभएको थियो की आत्मिकी सत्यताहरूलाई निश्चित गर्नको लागी हाम्रो अनुभवहरू पनि बाइबल बराबर नै रहेको छ। यस शिक्षा अनुसार, बाइबलमा जस्तै हामीले आफ्नो अनुभवमा पनि भरोसा गर्न सक्दछौं। यस किसिमको शिक्षाले मानिस र उसको अनुभवलाई श्रोत प्रदान गर्नको निम्ति परमेश्वरसँग बराबरी तुल्याउँदछ र यसले परमेश्वरमा विश्वास गरेझै गरी मानिसका पनि उस्तै विश्वास राख्दछ। यस किसिमको शिक्षाले दर्शन, अनौठो आश्चर्यकाम, र नौलो अनुभव बताइने सारा कुराहरूका लागी ढोका खोलिदिएको छ। यसकारण, तिनीहरूका अनुसार, यसका मान्यताहरूलाई परमेश्वरको वचनद्वारा जाँच गर्न मिल्दैन, यिनीहरूको अनुभवप्रति कसैले पनि प्रश्न खडा गर्न सक्दैनन्। यो सबै नै गहिराईसम्म नै झूटा छन्। बाइबल सत्यको वचन हो र यसबाट पाएको शिक्षा र अनुभवलाई हामीले मूल्याकंन गरिरहनुपर्दछ।

आजको सबैभन्दा प्रख्यात शिक्षा यो हो की तपाई धनी, सदा स्वस्थ र आनन्दपूर्वक हर्षित भएको परमेश्वर चाहनुहुन्छ। यस समूहहरूमा यो शिक्षा प्रदान गरिदँछ की तपाईले प्रशस्त आर्थिक सहयोग दिनुभयो भने, परमेश्वरले तपाईलाई धनी बनाउनुहुन्छ। जब तपाईले दिनुहुन्छ, विश्वास गर्नुहोस् र तपाईले चाहनुभएको – ठूला घरहरू, महंगा गाडीहरू, देखावटी दराज, र आदी, सबैकुराहरू परमेश्वरले तपाईलाई प्रदान गर्नुहुनेछ। यस शिक्षालाई धेरै नामद्वारा जान्न सकिन्छ – समृद्धिको शिक्षा, विश्वासको वचनको गतिविधि, विश्वासको सुत्र, सकारात्मक पापस्वीकार, वा शिर्षक दिनुहोस् र दाबी गर्नुहोस्। यी सबैले मूलभूत रुपमा यो शिक्षा दिँदछन् की जहाँ र जेसुकै चाहे तापनि, आफ्ना सारा स्वार्थमय लाभ हासिल गर्नका लागी परमेश्वरलाई प्रभावमा पार्न "विश्वास"को प्रयोग गर्न सकिन्छ।

केनेथ हेगिनले "विश्वासको वचनको शिक्षा"लाई सिकाए र प्रख्यात् बनाए। हाम्रो शब्दहरू, वा हामीले बोलेका शब्दहरूले, हामीलाई आशिष दिन वा हामीले भनेका वा बोलेका साराकुराहरू दिनका लागी परमेश्वरलाई बाध्य तुल्याउँदछ, यसको सिद्धान्त यो हो। परमेश्वरको वचनमा यो सिकाइएको छैन। यो त सोझै वचनलाई बटारिएको हो। यसले केही अबाइबलिय शिक्षाहरूमा डोर्याएको छ। हामी धनी हुनलाई के मात्र गर्नुपर्छ भने, हामीले विश्वास गर्नुपर्छ र पर्समा बोल्नुपर्छ र हामी धनी बन्दछौं। फेरी, यो गहिराईमा नै अबाइबलिय र झूटो हो।

अनि यस प्रकारको शिक्षाले आधारभूत प्रश्नहरूको सिर्जना गर्दछ। को नियन्त्रणमा रहेको छ, परमेश्वर यस हामी? हाम्रा शरिरको इच्छा अनुसारको सारा कुराहरू हामीलाई प्रबन्ध गरिदिनका निम्ति बाध्य हुनलाई, के परमेश्वरको हाम्रो व्यक्तिगत सेवक हो? फेरी, उहाँ हाम्रो प्रभु र मुक्तिदाता हुनुहुन्छ भनेर उहाँलाई महिमित तुल्याउनको लागी हामी समर्पित हुनु नै परमेश्वरसँग हिँडाईको जग हो। परमेश्वरको वचन अनुसार नै हाम्रा सारा विश्वासहरू, प्रवृत्ती, र कार्यहरूलाई निर्धारण गरिदँछ। परमेश्वर हाम्रो इच्छामा समर्पित हुनुको साटो हामीचाँही उहाँको इच्छामा समर्पित हुँदछौं।

विश्वास र चंगाईको सवालमा के त?

यस पृथ्वीमा रहुन्जेल येशूले चंगाईका धेरै-धेरै आश्चर्यकामहरू गर्नुभयो। यी चंगाईहरूमा, विश्वासद्वारा जो चंगाई गरिए येशूले तिनीहरूको सिफारिस गर्नुभयो। तल दुई उदाहरणहरू प्रस्तुत गरिएका छन्।

तर येशू पछिल्तिर फर्कनुभयो, र उसलाई देखेर उहाँले भन्नुभयोः "छोरी, साहस गर, तिम्रो विश्वासले तिमीलाई निको पारेको छ"। अनि त्यो स्त्री त्यही घडीदेखी निको भई। मत्ती ९:२२

तब येशूले जवाफ दिएर उसलाई भन्नुभयोः "हे नारी, तिम्रो विश्वास ठूलो रहेछ! जस्तो इच्छा गरेकी छौ, त्यस्तै तिम्रा लागी होओस्"। मत्ती १५:२८

धेरैको विश्वासको प्रतिकृया स्वरुपम येशूले तिनीहरूको चंगाई गर्नुभयो, तर उहाँ तिनीहरूको विश्वासमा निर्भर रहनुभएको थिएन। उहँले सक्कुहुन्थ्यो र उहाँले केहीलाई तिनीहरूको विश्वासको कारणले गर्दा चंगाई पनि गरिदिनुभयो र उहाँले तिनीहरूलाई पनि निको पार्नुभयो जससँग विश्वास पनि थिएन। मर्कुस २ अध्यायमा, येशूले उहाँकोमा बिरामी मानिसलाई बोकेर ल्याउने मानिसहरूको विश्वास थाहा गर्नुभयो। यूहन्ना ५ अध्यायमा, येशू को हुनुहुन्छ भनेर नचिन्ने व्यक्तिलाई पनि येशूले निको पार्नुभयो। यूहन्ना ९ अध्यायमा, विश्वास नभएको अन्धो मानिस पनि निको पारियो। दुष्तात्मा भएका मानिसहरू पनि निको पारिए जो निको पारिएको समयमा विश्वासीहरू थिएनन्। येशूको आश्चर्यकाम कसैको विश्वासमा निर्भर थिएन, तर उहाँले पिता र आफ्नो इच्छा र उद्देश्यमा चंगाई प्रदान गरिदिनुभयो।

येशूले दुई आधारभूत कारणका निम्ति चंगाई गरिदिनुभयो। पहिलो कारण थियो उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ भन्ने दाबीलाई प्रमाणित गर्न।

जसलाई पिताले पवित्र गरेर संसारमा पठाउनुभयो, के उनैलाई तिमीहरू, 'म परमेश्वरको पुत्र हुँ' भनि मैले भनेकोमा 'तिमी परमेश्वरको निन्दा गर्छौं' भनि भन्दछौ? म मेरा पिताका कामहरू गर्दिनँ भने मलाई विश्वास नगर। तर म गर्दछु भने तिमीहरूले मलाई विश्वास नगरे तापनि कामहरूलाई ता विश्वास गर; र पिता ममा हुनुहुन्छ, अनि म म उहाँमा छु भनि तिमीहरूले जान्न र विश्वास गर्न सक"। यसकारण तिनीहरूले उहाँलाई फेरी पक्रन खोजे, तर उहाँ तिनीहरूको हातबाट उम्कनुभयो। यूहन्ना १०:३६-३९

म पितामा छु, अनि पिता ममा हुनुहुन्छ भनि मलाई विश्वास गर; तर होइन भनेयी कामहरूकै कारणले मलाई विश्वास गर। यूहन्ना १४:११

येशूले चंगाई गर्नुको दोश्रो कारण हो कष्टमा परेकाहरू प्रति उहाँ दयाले भरिनुभयो।

तिनीहरूले उहाँलाई भनेः "प्रभुजी, हाम्रा आँखाहरू खोलिऊन्"। अनि येशूले तिनीहरूलाई टिठ्याउनुभयो र तिनीहरूका आँखाहरूलाई छुनुभयो; अनि तुरुन्तै तिनीहरूका आँखाहरूले दृष्टि पाइहाले, र तिनीहरू उहाँको पछि लागे। मत्ती २०:३३-३४

अनि येशूले निस्केर एउटा ठूलो भिडलाई देख्नुभयो, अनि तिनीहरूप्रति उहाँ दयाले भरिनुभयो, र तिनीहरूका बिरामीहरूलाई निको पार्नुभयो। मत्ती १४:१४

येशूले बाह्र चेलाहरूलाई वा प्रेरितहरूलाई पनि चंगाई, दुष्टात्मा निकाल्न, मरेकाहरूलाई बौराउने अधिकार प्रदान गरिदिनुभयो।

अनि जाँदै गर्दा यसो भन्दै प्रचार गर, 'स्वर्गको राज्य नजिकै आएको छ'। बिरामीहरूलाई निको पार, कोरीहरूलाई शुद्ध पार, मरेकाहरूलाई बिऊँताओ, दुष्ट आत्माहरू निकाल; तिमीहरूले सित्तैंमा पाएका छौ, सित्तैंमा देओ। मत्ती १०:७-८

पछिबाट पावलले शिक्षा दिए की आश्चर्यकामहरू गर्नुचाँही प्रेरित भएको प्रमाण हो।

साँच्ची नै प्रेरितका लक्षणहरू तिमीहरूका बीचमा सम्पूर्ण धीरजसाथ चिन्हहरू, अचम्मका कामहरू र सामर्थ्यका कामहरू प्रकट गरिएका थिए। २कोरिन्थी १२:१२

यो स्पष्ट छ की येशूले धेरैलाई चंगाई गर्नुभयो। यो पनि प्रष्ट छ की परमेश्वरले अझै पनि चंगाई गर्न सक्नुहुन्छ र गर्नुहुन्छ। यद्यपि, हरेक व्यक्तिहरू तत्कालै चंगाई गरिनेछन् भनि बाइबलिय शिक्षा वा प्रतिज्ञामा कही पनि यस किसिमले उल्लेख गरिएको छैन।

त्यहाँ धेरै छन् जसले शारिरिक बिरामीलाई चंगाई गर्ने कुरा प्रायश्चितका पाटो हुन् भनि शिक्षा प्रदान गर्दछन्; यसकारण, आत्मिकी मानिसहरू कहिल्यै पनि रोगी हुँदैनन् वा तिनीहरूमा कुनै बिमार रहँदैन। तिनीहरूले यो शिक्षा दिँदछन्, यदि हामीले विश्वास गर्दछौं भने, हामी कहिल्यै पनि बिरामी हुनेछैनौं।

यो सत्य हो की येशूले क्रुसमा हाम्रा पापका मूल्य मात्र तिरिदिनुभएन, उहाँले हाम्रा शोक, दुःख, बिमारी, सारा कष्टहरू पनि "बोकिदिनुभयो"।

निश्चय उसले हाम्रै दुःखहरू उठाएको छ, र हाम्रै शोकहरू बोकेको छ; तरै पनि हामीले उसलाई परमेश्वरद्वारा हिर्काइएको, पिटिएको र कष्टमा पारिएको ठान्यौं। यशैया ५४:४

निश्चय उसले हाम्रै दुःखहरू उठाएको छ, र हाम्रै शोकहरू बोकेको छ; तरै पनि हामीले उसलाई परमेश्वरद्वारा हिर्काइएको, पिटिएको र कष्टमा पारिएको ठान्यौं। तर ऊ ता हाम्रै अपराधहरूका निम्ति घायल भएको थियो; उसलाई हाम्रै अधर्महरूका निम्ति चोटैचोटद्वारा हामी निको भयौं। यशैया ५३:४-५

हामी पापहरूका निम्ति मरेर धार्मिकताका निम्ति बाचौं भनेर उहाँ आफैले आफ्नो शरिरमा हाम्रा पापहरू क्रुसमाथि बोक्नुभयो; उहाँकै चोटहरूद्वारा तिमीहरू निको पारियौ। किनकी तिमीहरू भेडाहरूझैं भड्किरहेका थियौ; तर अब आफ्ना प्राणहरूका गोठाला र अध्यक्षकहाँ फर्केर आएका छौ। १पत्रुस २:२४-२५

उहाँले तिम्रा सबै अधर्महरू क्षमा गर्नुहुन्छ; उहाँले तिम्रा सबै रोगहरू निको पार्नुहुन्छ; भजनसंग्रह १०३:३

क्रुसमा, येशूले हाम्रा सारा पापहरूका मूल्य तिरिदिनुभयो, र हाम्रा सारा पापहरू क्षमा गरिएका छन् – तर, अहिले, हामी अझै पनि पाप गर्दछौं। हामी उहाँसँग अनन्तताको लागी रहन नगएसम्मलाई हामीले पाप गरि नै रहन्छौं। यसै तरीकाले, क्रुसमा हाम्रा सारा बिमारी र सारा शोक र कष्टलाई उहाँले चंगाई गरिदिनुभयो; तर, अहिले, अझै पनि यो हाम्रो जीवनको पाटो हो। जब हामी उहाँसगै रहनका लागी जादँछौं, त्यहाँ कुनै बिमारी वा कष्ट हुँदैन। यो कस्तो अद्भुत दिन हुनेछ !!!

अनि परमेश्वरले उनीहरूका आँखाहरूबाट सबै आँसु पुछिदिनुहुनेछ; अनि मृत्यु कहिल्यै हुनेछैन, न ता शोक, न रूवाइ, न कहिल्यै पिडा नै हुनेछ; किनकी पहिलेका कुराहरू बितिसकेका छन्"। प्रकाश २१:४

यदि परमेश्वरले कुनै पनि व्यक्तिलाई बिमारीबाट चंगाई प्रदान गर्ने विश्वास दिनुहुन्छ भने, त्यस व्यक्ति चंगाई गरिनेछ। उसले अरुहरूलाई पनि प्रार्थना गर्न र चंगाईको आशा राख्नका लागी विश्वास प्रदान गर्दछ। परमेश्वर अझ पनि परमेश्वर नै हुनुहुन्छ र उहाँले आफ्ना चाहना र उद्देश्यहरूलाई पूरा गर्नुहुनेछ। यद्यपि, यस पृथ्वीमा रहुन्जेल विश्वास गरेका ख्रीष्टियनहरू कहिल्यै बिरामी हुनेछैनन् वा कसैमा पनि, विश्वास रहेको छ भने तत्कालै चंगाई हुन्छन् भन्ने खालका शिक्षाहरूले बाइबलिय सत्यतालाई बटार्दछन्।

आफ्नै कार्यक्रम वा आफ्ना नामलाई प्रचार गर्नको निम्ति, यस प्रकारको शिक्षा प्रयोग गर्नेहरूको संख्या धेरै रहेको छ। कतिले मानिसहरूलाई धोका दिइ लाखौं डलर कमाइसकेका छन्, र त्यस धोकाद्वारा आप्रा निम्ति धेरै भाग्यहरू थुपारिसकेका छन्, र परमेश्वरको वचनलाई बिगारिकन तिनीहरूले यसलाई योग्य तुल्याएका छन्। तिनीहरू लोभद्वारा संचालित छन्। यसरी परमेश्वरलाई घृणा गरिएको छ।

ती जसले विश्वासको सम्बन्धमा यस प्रकारको बटारिएको शिक्षा प्रदान गर्दछन्, तिनीहरूले अरु झूटा वा बटारिएको शिक्षाहरू पनि सिकाउँदछन्। पवित्रआत्मा, येशू को हुनुहुन्छ, मुक्ति, सम्बन्धी र अरु धेरै क्षेत्रहरूमा प्राय तिनीहरूले आफ्ना शिक्षाहरूलाई घुसाँउदछन्। धेरैजसो मामलामा अन्ति परीणाम के आउँछ भने परमेश्वरको नजिकमा मानिसहरूलाई डोर्याउनुको साटो, मानिसहरूलाई धोका दिँइदछ र प्रभु येशू ख्रीष्टलाई इन्कार गरेकाले मानिसहरूले अनन्तताको परिणामलाई भोग्नुपर्ने हुन्छ।

विश्वासको सच्चाँई जान्नको लागी बाइबलिय जाँच।

तल छओटा प्रश्नहरू प्रस्तुत गरिएका छन् जसले विश्वासको सच्चाँई जान्नको लागी मद्दत पुर्याउँदछन्। हाम्रा आफ्नै विश्वासलाई जान्न यी प्रश्नहरूले मद्दत गर्दछन् र हामीलाई विश्वासको बारेमा के शिक्षा दिइएको छ यसबाट बाइबलिय शुद्धता पनि जान्न सकिन्छ।

के हाम्रो विश्वास शिक्षामा आधारित छ वा परमेश्वरको वचनमा आधारित रहेको छ?

हामीले धेरै पटक भनिसकेका छौं, साँचो विश्वास परमेश्वरको वचनमा स्थापित हुन्छ। यसि शिक्षा अबाइबलिय वा बटारिएको बाइबलिय शिक्षामा आधारित छ भने, वा यो सत्यता र झूटको समिश्रण हो भने, यसले परमेश्वरबाट प्रदान गरिने साँचो विश्वासको परिणाम ल्याउँदैन। यसले झूटा मानव-सिर्जित विश्वास सिर्जना गर्दछ।

यसकारण, विश्वास सुनाइद्वारा आउँछ, र सुनाइचाँही परमेश्वरको वचनद्वारा। रोमी १०:१७

२ के हाम्रो विश्वास हाम्रो जीवनमा परमेश्वरको आत्माद्वारा नियन्त्रण गरिएको परिणाम स्वरुप आएको हो, वा के यो हाम्रो आफ्नै मानव आत्माको उपज हो?

याद राख्नुहोस्, विश्वास परमेश्वरको आत्माको फल हो। जब आत्माले हाम्रो जीवन नियन्त्रण गर्नुहुन्छ, हामीमा परमेश्वरबाट प्रदान गरिएको साँचो विश्वास रहन्छ। यदि हामीले आत्मालाई हाम्रो जीवनमा नियन्त्रण राख्न दिँदैनौं वा हामी आत्माले नियन्त्रण गरेकोझैं अभिनय गर्दछौं भने, हामीमा थोरै वा कत्तिपनि साँचो बाइबलिय विश्वास रहँदैन।

तर आत्माको फल होः प्रेम, आनन्द, मेलमिलाप, सहनशीलता, कृपा, भलाइ, विश्वास, नम्रता, संयम; यस्ता कुराहरूको विरोधमा कुनै व्यवस्था छैन। गलाती ५:२२-२३

३ के हाम्रो विश्वास परमेश्वर र विश्वासी जनहरूलाई त्याग स्वरुप प्रेम प्रदानद्वारा चित्रण गराइएको छ।

बाइबलिय प्रेम बिनाको विश्वास शून्य र अर्थहिन् हुन्छ। बाइबलिय "आश्चर्य" प्रेमले विश्वासी जनहरूका खाँचो पूरा गर्नको लागी त्याग गर्दछ। विश्वासी जनहरूलाई सहायता गर्न वा परमेश्वरमा हाम्रो प्रेम र सेवा व्यक्त गर्नका लागी साँचो प्रेमले त्याग प्रदान गर्दछ। यदि कुनै व्यक्तिको विश्वास आफ्नै शारिरिक चाहनाहरूलाई पूरा गर्न केन्द्रित रहन्छ भने, यो बाइबलिय विश्वास होइन।

अनि मसँग भविष्यवाणी गर्ने वरदान भए तापनि र सबै रहस्यहरू र सबै ज्ञानहरू जाने तापनि, साथै पहाडहरू हटाउन सक्ने पूरा विश्वास मसँग भए तापनि मसँग प्रेमचाँही छैन भने म केही पनि होइनँ। १कोरिन्थी १३:२

किनकी ख्रीष्ट येशूमा न खतना न बिनाखतना केही कामको छ, तर विश्वास, जसले प्रेमद्वारा काम गर्छ। गलाती ५:६

अब चोखो हृदय, असल विवेक र निष्कपट विश्वासबाटको प्रेम नै यस आज्ञाको उद्देश्य हो; जसबाट जतिजना भड्किएर व्यर्थका बकबकपट्टि लागेका छन्। तिनीहरू व्यवस्थाका गुरु हुने इच्छा गर्दछन्; तर जुन कुरा तिनीहरू गर्दछन्, र जुन विषय ठोकेर भन्दछन्, तिनलाई तिनीहरू बुझ्दैनन् पनि। १ तिमोथी १:५-७

किनकी रुपियाँ-पैसाको प्रेमचाँही सबै खराबीको जरा हो; जुन कुराको लोभ गर्दा कतिजना विश्वासबाट भड्किएका छन्, र आफैलाई अनेकौं पीडाहरूले छेंडै-छेंड पारेका छन्"। १तिमोथी ६:१०

४ के हाम्रो विश्वासले फलस्वरुपम आज्ञाकारिता र ईश्वरिय कार्यहरू ल्याउँदछ?

फेरी, साँचो विश्वासले प्रभुमा साँचो आज्ञाकारिता र सेवा ल्याउँदछ। यदि विश्वासको अभ्यासले आज्ञाकारी कार्यहरू निम्त्याउँदैन भने, यो साँचो विश्वास होइन। यदि हामी आज्ञाकारी हुन प्रतिवद्ध हुँदैनौं भने, हामी विश्वास गर्छौं भनि दाबी गर्न सक्दैनौं।

यही प्रकारले विश्वास पनि, यदि त्यसका कामहरू छैनन् भने एकलो भई मरेको हुन्छ। याकूब २:१७

किनकी जसरी शरिर आत्माबिना मरेको हुन्छ, उसरी नै विश्वास पनि कामहरूबिना मरेको हुन्छ। याकूब २:२६

५ के हाम्रो विश्वास परमेश्वरको इच्छामा केन्द्रित छ वा यसले हाम्रो आफ्नै इच्छामा जरा गाडेको छ?

परमेश्वरलाई जान्नु र उहाँसँग हिँड्नुको केन्द्र यो हो की हामीले उहाँको इच्छा अनुसारले कार्य गर्दछौं र उहाँको उद्देश्यलाई पूरा गर्दछौं। ती जसले धेरैजसो विश्वासको बारेमा चर्चा गर्दछन् तिनीहरूले परमेश्वरको इच्छामा केन्द्रित हुनुको साटो आफ्नै शारिरिक इच्छामा आफूलाई केन्द्रित गराउँदछन्। यो साँचो विश्वास होइन।

उहाँमा हाम्रो जे निर्धक्कता छ, त्यो यही हो – उहाँको इच्छाअनुसार हामीले केही कुरा माग्यौं भने उहाँले हाम्रो विन्ती सुन्नुहुन्छ; अनि हामीले जेसुकै मागे तापनि उहाँले हाम्रो विन्ति सुन्नुहुन्छ भनि हामी जान्दछौं भने हामीले उहाँबाट जे चाहेका थियौं, ती मागहरू पनि पाएका छौं भनि हामी जान्दछौं। १यूहन्ना ५:१४-१५

तपाईको राज्य आओस्। तपाईको इच्छा स्वर्गमा झैँ पृथ्वीमा पनि पूरा होओस्। मत्ती ६:१०

६ हाम्रो विश्वासको फलले के परमेश्वरमा महिमा ल्याउँदछ र उहाँलाई प्रशन्न तुल्याउँदछ वा यसले हामीलाई नै महिमित तुल्याउँदछ?

आखिरीमा, परमेश्वरले हामीलाई आफ्नै महिमाको खातिर सृष्टि र उद्धार गर्नुभयो। यदि हाम्रो विश्वासले परमेश्वरलाई महिमित तुल्याउन खोज्दैन भने, उहाँलाई चिन्ने र उहाँसाथ हिँड्नुको पूर्ण उद्देश्यलाई हामीले गुमाउँदछौं। हाम्रो आफ्नैको बारेमा महिमा ल्याउन खोज्ने विश्वास साँचो विश्वास होइन।

मेरो नामले कहलाइने हरेकलाई; किनकी मैले उसलाई आफ्नो महिमाका निम्ति सृष्टि गरेँ; मैले उसलाई रचेँ; अँ, मैले उसलाई बनाएँ। यशैया ४३:७

यदि, विश्वासका बाइबलिय जाँचका यस पाठहरू हुँदै जाँदा, तपाईले आफूमा साँचो विश?वास रहेको छ या छैन भनि सोचाईमा पर्नुहुन्छ भने, तपाई एक्लो हुनुहुन्न। यस खण्डलाई लेख्दाखेरी व्यक्तिगत रुपमा मैले पनि आफूलाई दोषी ठहराएँ र अलिकति निरूत्साहित पनि भएँ। यद्यपि, यस निरूत्साहबाट निकाल्नको लागी त्यहाँ भव्य बाइबलिय सत्यता रहेको छ। यो सत्यता हो, परमेश्वरले बताउनुभए अनुसारले कार्य गर्नको निम्ति धेरै विश्वासको आवश्यकता पर्दैन। तलका पदहरूलाई फेरी पनि ध्यानपूर्वक हेर्नुहोस्;

तब चेलाहरू एकान्तमा येशूकहाँ आएर भनेः "हामीले चाँही त्यसलाई किन निकाल्न सकेनौं?" अनि येशूले उनीहरूलाई भन्नुभयोः "तिमीहरूको अविश्वासको कारणले; किनकी म तिमीहरूलाई साँचो भन्दछु, तिमीहरूसँग रायोको दानाजत्रो विश्वास छ भने तिमीहरूले यस पहाडलाई भन्नेछौ, 'यहाँबाट सरेर त्यहाँ जा' अनि यो सरेर जानेछ; र तिमीहरूका निम्ति कुनै कुरा असम्भव हुनेछैन। मत्ती १७:१९-२०

धेरै जसो समय जब यस पदबाट सिकाइन्छ, तब हाम्रा साना विश्वासको निम्ति हामीलाई गाली गरिदँछ; यद्यपि, यो पद हामी सबैको लागी ठूलो प्रोत्साहन हुनुपर्दछ। परमेश्वरको कार्य गर्नको लागी पहाडजत्रै ठूलो विश्वासको आवश्यकता पर्दैन; यसको निम्ति सानो विश्वास पर्याप्त छ। रायोको दानाजत्रो विश्वासद्वारा, जुन सानो वीउ हो, हामीलाई असंभव लागेका कुराहरू परमेश्वरले पूरा गर्नुहुन्छ। के ममा ठूलो विश्वास रहेको छ? सन्देहका साथ मेरो जवाफ हुन्छ, "छैन"। यद्यपि, परमेश्वरले मेरो सानो विश्वासलाई पनि लिनुहुन्छ, र मेरो निम्ति वोलावट भएको कार्यलाई पूरा गर्नको निम्ति यसको प्रयोग गर्नुहुन्छ। यस भरोसाले मलाई मैले व्यक्तिगत रुपमा आफूमा भएको ठूलो विश्वासको कमीको दोष-वोधबाट मलाई स्वतन्त्र गराउँदछ। मेरो सानो विश्वासद्वारा पनि, परमेश्वरले मलाई प्रयोग गर्नुहुन्छ। वाह, कस्तो सत्यता !!! ☺

यसकारण हाम्रा परमेश्वरले तिमीहरूलाई यस वोलवटको योग्य ठानेका होऊन्र उहाँको भलाइको हरेक , भनि साथै विश्वासको काम सामर्थ्यसित पूरा गरेका होऊन् ,शुभेच्छा हामी पनि सधैँभरि तिमीहरूका निम्ति

प्रार्थना गर्दछौंर हाम्रा परमेश्वर र प्रभु येशू ख्रीष्टको नामले तिमी ;हरूर तिमी ,मा महिमा पाओस्हरूले उहाँमा। १ थेस्सोलोनिकी १:११-१२

यहाँ हामीले यो सिक्दछौं की हामीले हाम्रा "असल उद्देश्य"हरूलाई र "हामी विश्वासद्वारा सारा कार्यलाई तत्कालै" पूरा गर्दछौं। यस विश्वासको पूर्णता परमेश्वरको सामर्थ्यद्वारा गरिएको हो। हाम्रो आफ्नै सामर्थ्यद्वारा होइन तर परमेश्वरको सामर्थ्यद्वारा हाम्रो विश्वास पूर्ण गरिदँछ। यसले हाम्रो काँधबाट ठूलो भारी हटाउँदछ। हाम्रो काम भनेको विश्वासलाई अभ्यास गर्ने हो र नतिजा परमेश्वरले ल्याउनुहुन्छ। म धेरै योग्य मानिस त होइन तर परमेश्वर शक्तिमान् हुनुहुन्छ र उहाँले नै हाम्रो विश्वासमा पूर्णता ल्याइदिनुहुन्छ।

यसकारण यति ठूलो साक्षीहरूको बादलले हामी पनि घेरिएका हुनाले आओ, हरेक भार र पाप जसले हामीलाई सजिलै जेल्दछ, पन्साऔं, र धीरजसँग हाम्रा सामु राखिएको त्यो दौड दगुरौं, हाम्रो विश्वासका कर्ता र सिद्ध पार्नुहुने येशूलाई हेर्दै, जसले आफ्नो अघिल्तिर राखिएको आनन्दका निम्ति शर्मलाई पनि तुच्छ ठानेर क्रुसको शासना सहनुभयो, र परमेश्वरको सिंहासनको दाहिने हातपट्टि बस्नुभयो। जसले आफ्नो विरुद्धमा पापीहरूको यस्तो विरोध सहनुभयो, उहाँलाई विचार गर; कि थकित नहोओ, र आफ्ना मनहरूमा हताश नहोओ। हिब्रु १२:१-३

यीमध्ये सबैभन्दा ठूलोचाँही प्रेम हो

अनि अब विश्वास, आशा, प्रेम – यी तीन कुरा रहन्छन्; तर यिनमा सबैभन्दा ठूलोचाँही प्रेम हो। १कोरिन्थी १३:१३

परमेश्वर र मानिसहरूलाई प्रेम गर्नूचाँही परमेश्वरसँगको हिँडाईको केन्द्र र प्राण हो। प्रेम बिना, हाम्रो आत्मिकी जीवन फलहिन् र शून्य हुँदछ। परमेश्वरसँगको हाम्रो हिँडाईमा बढ्न र उहाँको समिपमा जानको लागी, हामीले बाइबलिय प्रेमको समझको बारेमा आधारभूत कृतज्ञता राख्नुपर्दछ र हामीले विचारपूर्वक त्यसलाई अभ्यास गरिहाल्नुपर्छ।

यस खण्डमा हामी बिभिन्न दृष्टकोणबाट बाइबलिय प्रेमलाई हेर्नेछौं। प्रत्येक नै महत्वपूर्ण छन् र परमेश्वरको महान् प्रेम जान्न र हामीले कसरी प्रतिकृया जनाउनुपर्छ भनि थालनी गर्नको लागी हरेकले हामीलाई मद्दत पुर्याउँदछन्।

परमेश्वर प्रेम हुनुहुन्छ

परमेश्वर आफै नै हाम्रो निम्ति प्रेमको उदाहरण हुनुहुन्छ। परमेश्वरको वचनमा त्यहाँ धेरै खण्डहरू छन् जसले परमेश्वर प्रेम र करूणाको परमेश्वर हुनुहुन्छ भनेर परिचय दिएको छ।

अनि परमेश्वरको प्रेम जो हामीप्रति छ, त्यसलाई हामीले जानेका र विश्वास गरेका छौं। परमेश्वर प्रेम हुनुहुन्छ; र हो प्रेममा रहन्छ, ऊ परमेश्वरमा रहन्छ, अनि परमेश्वर उसमा रहनुहुन्छ। १यूहन्ना ४:१६

तर परमेश्वर, जो दया गर्नामा धनि हुनुहुन्छ, आफ्नो महान् प्रेमको कारणले, जसद्वारा उहाँले हामीलाई प्रेम गर्नुभयो, हामी अपराधहरूमा मरेकै भए भए तापनि उहाँले हामीलाई ख्रीष्टसँगै जीवित पार्नुभयो – अनुग्रहले तिमीहरूले मुक्ति पाएका छौ – एफिसी २:४-५

"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, की उहाँले आफ्नो एकमात्र जन्माइएको पुत्रलाई दिनुभयो- उहाँमाथी विश्वास गर्ने कोही पनि नष्ट नहोस्, तर उसले अनन्त जीवन पाओस्"। यूहन्ना ३:१६

यी सामान्य शब्दहरू, "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, की उहाँले आफ्नो एकमात्र जन्माइएको पुत्रलाई दिनुभयो", शास्त्रभरिका शब्दहरूमध्ये सबैभन्दा गहन हुन्। परमेश्वर, जो पूर्णरुपमा पवित्र हुनुहुन्छ, भित्रदेखीकै हामी पापीलाई प्रेम गर्नुभयो। उहाँले हामीलाई यति प्रेम गर्नुभयो की उहाँले आफ्नै पुत्रलाई क्रुर मृत्यु दिनुभयो ताकी हामींले उहाँमा अनन्त जीवन प्राप्त गर्न सकौं। यस बारेमा विचार गरौं !!! हामी जो उहाँको सन्तानहरू हौं, उहाँको प्रेमको कारणले हामीले हृदयदेखी नै प्रशंसा र धन्यवाद चढाउनुपर्छ।

हेर त, पिताले हामीलाई कस्तो किसिमको प्रेम प्रदान गर्नुभएको छ – हामी परमेश्वरका सन्तान कहलिँदछौं; यसैकारण संसारले हामीलाई चिन्दैन, किनभने यसले उहाँलाई चिनेन। १यूहन्ना ३:१

किनकी पृथ्वीमाथि आकाश जति उच्च छ, उहाँको डर मान्नेहरूप्रति उहाँको करुणा पनि उत्ति नै महान् छ। भजनसंग्रह १०३ :११

किनकी परमप्रभु भला हुनुहुन्छ; उहाँको करूणा सदा रहिरहन्छ, र उहाँको सत्यता पुस्ता-पुस्तामा बनिरहन्छ। भजनसंग्रह १००:५

"यस भिडलाई म (येशू) **टिठ्याउँछु, किनकी तिनीहरू मसँग रहेका तीन दिन भइसक्यो, र यिनीहरूसित खानालाई केही छैन।** मर्कुस ८:२

म आनन्दित हुनेछु र तपाईको करुणामा रमाउनेछु; किनकी तपाईले मेरो कष्ट देख्नुभएको छ; दुर्दशाहरूमा तपाईले मेरो प्राणलाई चिन्नुभएको छ। भजनसंग्रह ३१:७

परमप्रभु दयालु र अनुग्रही हुनुहुन्छ, रिसाउनमा ढिलो र अति करूणामय हुनुहुन्छ। उहाँले सधैँ हप्काइरहनुहुन्न, न ता सधैँभरि आफ्नो रिस नै राखिरहनुहुन्छ। भजनसंग्रह १०३:८-९

म तिनीहरूमा अनि तपाई ममा, कि तिनीहरू सिद्ध बनाइएर एक होऊन्; अनि तपाईले मलाई पठाउनुभएको हो, अनि जसरी तपाईले मलाई प्रेम गर्नुभएको छ, उसरी नै तिनीहरूलाई पनि प्रेम गर्नुभएको छ भनि संसारले जानोस्। यूहन्ना १७:२३

यो अचम्मको पद छ। परमेश्वरले आफ्नो पुत्रलाई जुन प्रेमले प्रेम गर्नुहुन्छ हामीलाई पनि उहाँले त्यही प्रेमले नै प्रेम गर्नुहुन्छ।

अध्ययन निर्देश ९बाटको रोमी **८:२८-३९** याद गर्नुहोस्। परमेश्वरको प्रेमदेखी परमेश्वरको सन्तानलाई पूर्णरुपमा केहीले पनि छुटाउन सक्दैन भनि यस खण्डले बृस्तित शिक्षा प्रदान गरेको छ। यदि तपाईले यस खण्डलाई समिक्षा गर्न समय लिनुहुन्छ भने, तपाई असिम आशिषित हुनुहुनेछ।

एफिसी ३:१४-१९

परमेश्वरको प्रेममा हामीले कति धेरै जरा गाड्नु, समझदार हुनु र गहिरो कदर गर्नु महत्वपूर्ण हुन्छ भनि प्रेरित पावले बुझेका थिए। तलका पदहरू एफिसीका मानिसहरूका लागी गरिएका प्रार्थनाहरू हुन्। विश्वासीको जीवनमा साँचो बाइबलिय प्रेमको महत्वलाई दर्शाउनका निम्ति यी पदहरूले हामीलाई अन्तरदृष्टि प्रदान गर्दछन्।

यही कारणले हाम्रा प्रभु येशू ख्रीष्टका पिताको सामु म आफ्ना घुँडा टेक्छु, जसबाट स्वर्गमा र पृथ्वीमाथि सारा घरानाको नाम राखिन्छ, कि उहाँले तिनीहरूलाई यो दान दिऊन् – उहाँको महिमाको धनअनुसार उहाँकै आत्माद्वारा सामर्थ्यले भित्री मानिसमा तिमीहरूले बल पाउन सक, र विश्वासद्वारा ख्रीष्ट तिमीहरूका हृदयहरूमा वास गरुन्; र प्रेममा जरा गाडिएको र जग बसालिएको हुँदै तिमीहरूले चौडाइ, लमाइ, गहिराइ र उचाइ के रहेछ, सो कुरा सबै पवित्र जनहरूसित थाह पाउन सक; र ज्ञानले जानेर नसकिने ख्रीष्टको प्रेमलाई जान्न सक, कि तिमीहरू परमेश्वरको सारा परिपूर्णताले भरपूर होओ। एफिसी ३:१४-१९

यस खण्डभरि नै प्रशस्त शिक्षाहरू प्रदान गरिएका छन्। बाइबलिय प्रेमको सन्दर्भमा हाम्रो अध्ययनसँग सम्बन्धित हुने केही मूख्य वाक्याशंलाई हामी बृस्तित रुपमा हेर्नेछौं।

... कि उहाँले तिनीहरूलाई यो दान दिऊन् – उहाँको महिमाको धनअनुसार उहाँकै आत्माद्वारा सामर्थ्यले भित्री मानिसमा तिमीहरूले बल पाउन सक,

आत्मिकी सत्यता बुझ्नको लागी परमेश्वरले मात्र योग्यता र सामर्थ्य प्रदान गर्न सक्नुहुन्छ। "उहाँको महिमाको धनअनुसार" उहाँले हामीलाई सामर्थ्य प्रदान गर्नुहुन्छ। हामीमध्ये धेरैले आफू आत्मिकी रुपमा बलियो नभएको ठान्दछौं; यद्यपि, जब हामीले आत्मालाई भरपुर हुने अनुमति प्रदान गर्दछौं र हामीलाई नियन्त्रण गर्न दिँदछौं तब हामी सामर्थ्यले भरपुर पारिदँछौं र शास्त्रको यो खण्डमा सिकाइएको आत्मिकी सत्यताहरूलाई हामीले पूर्णरुपमा पक्रिन सक्दछौं।

हामीलाई सामर्थ्य प्रदान गर्नुहुने भनेको परमेश्वरको आत्माले हो। यस पदहरूमा फेरी पनि ध्यान दिनुहोस् की पवित्रआत्मा, विश्वास, र प्रेमबीचमा गाँठो बाँधिएको छ। यी तीनलाई छुटाउनै नसकिने गरी बाँधिएको छ। यी पदहरूमा, जब हामी आत्माद्वारा सामर्थी बनाइदँछौं र उहाँमा हामीले विश्वासलाई अभ्यास गर्दछौं, तब उहाँको प्रेमलाई हामीले बुझ्नका निम्ति हामीलाई योग्य तुल्याइँदछ र हामी परमेश्वरद्वारा भरिपूर्ण पारिदँछौं। यसले हाम्रो मनलाई वशमा पार्दछ !!!

... र प्रेममा जरा गाडिएको र जग बसालिएको हुँदै तिमीहरूले...

सबैले आफ्नो जीवन केहीमाथि निर्माण गर्दछन्। हामी, विश्वासीहरू भएकाले, परमेश्वरको प्रेममा "जरा गाडिएको र जग बसालिएको" छ। उहाँले हामीलाई दिने सामर्थ्यद्वारा, हामी हाम्रो विश्वासमा स्थिर रहन सक्दछौं, उहाँको प्रेमा निश्चित हुन सक्दछौं र सामर्थ्यको स्थानद्वारा संचालित हुन सक्दछौं। जति परमेश्वरको प्रेम बारेमा हामीलाई ज्ञान छ, त्यति नै हामी उहाँसँग नजिकमा हिँड्छौं। परमेश्वरले हामीलाई कति प्रेम गर्नुहुन्छ भेर जति हामीले बुझ्दछौं, त्यति नै वेशी हामीले उहाँलाई जान्दछौं र उहाँमा हाम्रो विश्वास त्यति नै उपयोगी हुँदछ।

... हुँदै तिमीहरूले चौडाइ, लमाइ, गहिराइ र उचाइ के रहेछ, सो कुरा सबै पवित्र जनहरूसित थाह पाउन सक; ...

मैले परमेश्वरको प्रेमको चौडाइ, लमाइ, गहिराइ र उचाइ के रहेछ भनि त्यसलाई पर्याप्तसाथ वर्णन गर्न कुनै तरीका नै छैन। हामी उहाँका सन्तान बन्न सकौं र हामी सदाका निम्ति उहाँसँगै रहन सकौं भनेर पवित्र परमेश्वरलाई पाप बन्न र कष्ट भोग्न र मर्नको लागी कति प्रेम रहेको थियो भनि विचार गर्नको लागी केही समय लिनुहोस्। अनि उहाँले अझै पनि हामीलाई प्रेम गर्नुहुन्छ, शुरक्षा दिनुहुन्छ, प्रबन्ध गरिदिनुहुन्छ। हामीले दिनुपर्ने उचित प्रतिकृया भनेको उहाँमा समर्पित हुनु, उहाँको आराधना गर्नु, सदाको निम्ति उहाँको प्रशंसा गर्नु हो।

.... र ज्ञानले जानेर नसकिने ख्रीष्टको प्रेमलाई जान्न सक, ...

समझभन्दा अधिकमा के रहेको छ भनि हामी कसरी जान्न सक्दछौं? निश्चय नै वौद्धिक ज्ञानद्वारा मात्र त हामीले यसलाई जान्न सक्दैनौं। यद्यपि, जब हामी परमेश्वरसँगको हाम्रो हिँडाईमा अघि बढ्दै जादँछौं र आत्माद्वारा नियन्त्रित हुनको लागी गहिरो प्रतिवद्धता जाहेर गर्दछौं, र हाम्रो जीवनमा उहाँको प्रेमलाई अनुभव गर्दछौं, तब हामी गहिरिएर बुझ्न सक्दछौं र हामीमा साँचो ज्ञान रहदँछ र उहाँको प्रेमप्रति हामी कृतज्ञ हुँदछौं।

कि तिमीहरू परमेश्वरको सारा परिपूर्णताले भरपूर होओ।

फेरी, परमेश्वरद्वारा सारा परिपूर्णताले भरपुर हुनु भनेको के हो भनेर पूर्णरुपमा म पनि वर्णन गर्न असमर्थ रहेको छु। हामीले यसलाई पूरैगरी बुझ्न नै सक्दैनौं, तैपनि यो परमेश्वरको प्रेममा बुझाई, कृतज्ञता, उपयोगद्वारा आउँछ भनि हामी अवश्य जान्दछौं। हामीले यसलाई सम्पूर्ण त प्रिन सक्दैनौं नै, उहाँलाई पूर्ण रुपमा जान्नका लागी हामीले खोजी गरिरहनुपर्छ र निरन्तर हाम्रो प्राण भित्र पस्नको लागी अनुमति दिइरहनुपर्छ।

यस पदहरूले निरन्तर रुपमा उहाँको वचनलाई आत्मसाथ गर्न, आज्ञाकारी हुन, सेवा गर्न, धन्यवादी हुन, आराधना गर्न, र उहाँको प्रशंसा गर्नको लागी पूर्ण प्रतिवद्धता जनाउन वोलावट गर्दछ।

परमेश्वरको अनुग्रह र कृपा

परमेश्वरको प्रेमसाथ सही रुपले अघि बढ्दै जानु परमेश्वरको अनुग्रह र उहाँको कृपा हो। प्रेमको परमेश्वरको भएकोले गर्दा, उहाँ अनुग्रह र कृपा दर्शाउनुहुन्छ। परमेश्वरको यी तीन विशेषताहरू – प्रेम, अनुग्रह र कृपा – साथ-साथ जादँछन्।

कसैले पनि पूर्णरुपमा परमेश्वरको प्रेमलाई वर्णन वा परिभाषित गर्न सक्दैनन्, न ता उहाँको अनुग्रह र कृपालाई पनि। बिद्धानहरू र अध्यात्मवादीहरू परमेश्वरको यी विशेषताहरूलाई बुझ्न र वर्णन गर्नाको निम्ति अधिक चौडाईमा जादँछन्, तर अन्तमा तिनीहरू पनि काफी हुँदैनन्।

तल अनुग्रह र कृपा, दुवैको बारेमा सरल परिभाषा प्रस्तुत गरिएको छः

अनुग्रहः परमेश्वरबाटको आशै नगरिएको समर्थन जुन कहिल्यै कमाउन सकिदैँन।
कृपाः समस्यामा परेकाहरूका निम्ति परमेश्वरबाटको करूणा र भलाई

तर परमेश्वर, जो दया गर्नामा धनी हुनुहुन्छ, आफ्नो महान् प्रेमको कारणले, जसद्वारा उहाँले हामीलाई प्रेम गर्नुभयो, हामी अपराधहरूमा मरेकै भए भए तापनि उहाँले हामीलाई ख्रीष्टसँगै जीवित पार्नुभयो – अनुग्रहले तिमीहरूले मुक्ति पाएका छौ – अनि हामीलाई सँग-सँगै बौराएर उठाउनुभयो, र ख्रीष्ट येशूमा स्वर्गीय स्थानहरूमा सँग-सँगै बसाल्नुभयो, ख्रीष्ट येशूमा हामीतर्फ भएको उहाँको दयाद्वारा पछि आउने युगहरूमा उहाँको अनुग्रहको अपार धन देखाउनाका निम्ति। "किनकी विश्वासद्वारा अनुग्रहले तिमीहरूले मुक्ति पाएका छौ, अनि यो तिमीहरू आफैबाटको होइन, यो परमेश्वरको दान हो; कामहरूबाट होइन, नत्रता कसैले घमण्ड गर्नेछ"। एफिसी २:४-९

यी दुई वाक्याशंहरूलाई विचार गर्नुहोस्, *"परमेश्वर, जो दया गर्नामा धनि हुनुहुन्छ"* र *"अनुग्रहको अपार धन देखाउनाका निम्ति"*। फेरी पनि, परमेश्वरको अनुग्रह र उहाँको कृपाको प्रशस्तताको बारेमा वर्णन गर्न म समर्थ

छैन, तर यिनीहरूको कारणले हामीले परमेश्वरलाई चिन्न सकेका छौं र उहाँको प्रशस्तताको आशिषमा हामीले सदाको निम्ति आनन्द मनाइरहनेछौं।

यसकारण हामी साहससँग अनुग्रहको सिंहासनको नजिकमा आऔं, र दया पाऔं, अनि खाँचो पर्दा सहायता पाउनालाई अनुग्रह प्राप्त गरौं। हिब्रु ४:१६

जब हामी उहाँमा जानेछौं, हामीले निश्चित रुपमा अनुग्रह र कृपा प्राप्त गर्ने आशा राख्न सक्दछौं। उहाँका सन्तानहरूले उहाँको रिस वा क्रोधको भय राख्नुपर्दैन; सट्टामा, हामीले उहाँको प्रेम, अनुग्रह, र कृपालाई प्राप्त गर्नेछौं। परमेश्वरबाटको कस्तो प्रतिज्ञा। हामी कति आशिषित भएका छौं !!!

अनुग्रहः परमेश्वरबाटको आशै नगरिएको समर्थन जुन कहिल्यै कमाउन सकिदैँन।
अनुग्रह अत्यन्तै महत्वपूर्ण बाइबलिय शिक्षा हो। नयाँ नियममा यो करिब ११५ पटक उल्लेख गरिएको छ। परमेश्वरको अनुग्रह वा परमेश्वरको सहायता हामीले पाउन योग्यको कुरा होइन, र यो मानव योग्यतामा आधारित छैन। हामीले यसका लागी काम गर्न वा यसलाई कमाउन सक्दैनौं। हाम्रा पापहरू तिर्नको लागी प्रभु येशू हाम्रा निम्ति मर्नुभएको कुरामा विश्वास गरेमा मात्र हामीले यो प्राप्त गर्न सक्दछौं।

किनकी सबैले पाप गरेका छन् र परमेश्वरको महिमारहित हुन गएका छन्, र उहाँको अनुग्रहद्वारा ख्रीष्ट येशूमा भएको छुटकाराको कारणले तिनीहरू सित्तैँमा धर्मी ठहरिन्छन्; उहाँलाई परमेश्वरले प्रायश्चित ठहराउनुभयो, जो उहाँको रगतमा गरिएको विश्वासद्वारा कार्यकारी हुन्छ; योचाँही परमेश्वरको सहनशीलतामा पहिले गरिएका पापहरूका क्षमाका विषयमा आफ्नो धार्मिकता प्रकट गर्नाको निम्ति हो; रोमी ३:२३-२५

उहाँमा हामीले, उहाँको अनुग्रहको धनअनुसार उहाँको रगतद्वारा छुटकारा अर्थात् पापहरूको क्षमा पाएका छौं; जुन अनुग्रह उहाँले सारा बुद्धि र समझमा हामीलाई प्रशस्त गरी दिनुभयो। एफिसी १:७-८

यस वाक्याशंलाई विचार गर्नुहोस्, *"अनुग्रह उहाँले सारा बुद्धि र समझमा हामीलाई प्रशस्त गरी दिनुभयो"*।

अनि हामीलाई सँग-सँगै बौराएर उठाउनुभयो, र ख्रीष्ट येशूमा स्वर्गीय स्थानहरूमा सँग-सँगै बसाल्नुभयो, ख्रीष्ट येशूमा हामीतर्फ भएको उहाँको दयाद्वारा पछि आउने युगहरूमा उहाँको अनुग्रहको अपार धन देखाउनाका निम्ति। एफिसी २:६-७

अनि उहाँकै परिपूर्णताबाट हामी सबैले पाएका छौं, अनि अनुग्रहमाथि अनुग्रह; यूहन्ना १:१६

यो मबाट हटोस् भनि यस कुराका लागी मैले प्रभुलाई तीनपल्ट विन्ती गरें। अनि उहाँले मलाई भन्नुभयोः 'मेरो अनुग्रह तिम्रो लागी प्रशस्त छ, किनकी दुर्बलतामा मेरो सामर्थ्य सिद्ध हुन्छ'। यसकारण ख्रीष्टको सामर्थ्य ममाथि रहोस् भनेर बरु मेरा दुर्बलताहरूमा ज्यादै खुशीसित म गर्व गर्नेछु। २कोरिन्थी १२:८-९

धेरै प्रभुका जनहरूका निम्ति यस पद प्रमुख आशिष भएको छ, म समेत गरी। परमेश्वरको प्रेम प्रशस्त छ, कठीन परिस्थितिहरूमा पनि हामीलाई विश्वासयोग्य बनाउन समर्थ गराउने खालको। हाम्रो धेरै कमजोरीका क्षेत्रहरूमा उहाँले हामीलाई अगुवाई गर्नुहुन्छ र सामर्थी बनाउनुहुन्छ। जब हामी विश्वासद्वारा अघि हिँड्दछौं र हामीलाई भरपुर पार्न आत्मालाई अनुमति प्रदान गर्दछौं, तब हाम्रो जीवनको हरेक पक्षमा, हाम्रो कमजोर पक्षमा समेत गरी, हामी उपयोगी हुँदछौं र हामीले उहाँलाई महिमित तुल्याउँदछौं।

कृपाः समस्यामा परेकाहरूका निम्ति परमेश्वरबाटको करूणा र भलाई

यदि परमेश्वरबाट कृपा प्राप्त गर्ने थिएनन् भने सारा मानिसहरू गहिरो समस्यामा हुने थिए। हामी परमेश्वरको क्रोधका वस्तु हुनेथियौं र अनन्तताको न्यायलाई हामीले अनुभव गर्नुपर्ने हुन्थ्यो, तर उहाँ कृपालु परमेश्वर हुनुभएकोले गर्दा, हामीले उहाँमा अनन्त जीवन पाउन सकौं भनेर उहाँले आफ्नै पुत्रलाई हाम्रो निम्ति मर्न पठाउनुभयो।

तब हामी आफैले गरेका धर्मका कामहरूद्वारा होइन, तर उहाँकै कृपाअनुसार उहाँले हाम्रो उद्धार गर्नुभयो – नयाँ जन्मको स्नान र पवित्र आत्माबाटको नविकरणद्वारा; तीतस ३:५

हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर र पिता धन्य होऊन्, जसले आफ्नो ठूलो दयाअनुसार येशू ख्रीष्टको मरेकाहरूबाटको बौरीउठाइद्वारा एउटा जिउँदो आशाका निम्ति हामीलाई नयाँ गरी जन्माउनुभएको छ; १पत्रुस १:३

तर परमेश्वर, जो दया गर्नामा धनि हुनुहुन्छ, आफ्नो महान् प्रेमको कारणले, जसद्वारा उहाँले हामीलाई प्रेम गर्नुभयो, हामी अपराधहरूमा मरेकै भए भए तापनि उहाँले हामीलाई ख्रीष्टसँगै जीवित पार्नुभयो – अनुग्रहले तिमीहरूले मुक्ति पाएका छौ – एफिसी २:४-५

तपाईजस्तो परमेश्वर को छ र? जसले अधर्म क्षमा गर्नुहुनेछ, र आफ्नो पैतृक-सम्पत्तीबाट बाँकी रहेकाहरूको अपराध छोडिदिनुहुन्छ; उहाँले आफ्नो रिस सधैँभरि राखिछोड्नुहुन्न; किनभने उहाँ कृपा देखाउनमा प्रशन्न हुनुहुन्छ। मीका ७:१८

परमप्रभुले मेरो विन्ती सुन्नुभएको छ; परमप्रभुले मेरो प्रार्थना ग्रहण गर्नुहुनेछ। भजनसंग्रह ६:९

उद्धार गरिएका मानिसहरू भएका हुनाले, हामी उहाँको प्रेम, अनुग्रह, र कृपाप्रति निरन्तर धन्यवादी भइरहनुपर्दछ। कसैले यो विचार गर्न सक्लान् र परीक्षामा पर्लान् की परमेश्वर अनुग्रह र कृपा गर्नमा यति धनी हुनुहुन्छ, त्यसैले पाप गर्नु ठीक छ। आखिरमा, परमेश्वर प्रेमिलो र क्षमा गर्ने हुनुहुन्छ र उहाँले हामीलाई कहिल्यै अफाल्नुहुन्न। तसर्थ, मैले पाप गर्न सक्छु र अनुग्रह र कृपा प्राप्तिको आशा गर्न सक्दछु। यस प्रकारको प्रवृत्ती ईश्वरहिन र विद्रोही प्रवृत्ती हो। यसले क्रोध वा परमेश्वरबाटको अनुशासनलाई निम्तो दिँदछ। यदि कुनै व्यक्ति यस किसिमको प्रवृत्तीमा पछि हट्दैन भने, उसले कहिल्यै पनि परमेश्वरलाई चिनेको छैन।

तब हामी के भनौं त? अनुग्रह प्रशस्त होस् भनेर के हामी पापमा लागिरहौं? कदापि होइन! हामी, जो पापका निम्ति मरिसकेका छौं, अब उसो कसरी त्यसैमा जिऔं र? रोमी ६:१-२

तब के? हामी व्यवस्थाको अधिनमा छैनौं, तर अनुग्रहको अधीनमा छौं भनेर के हामी पाप गरौं त? कदापि, होइन! के तिमीहरूलाई थाह छैन? जसको वशमा आज्ञापालन गर्नाका निम्ति तिमीहरूले आफूलाई दासझैँ सुम्पिदिन्छौ, तिमीहरू उसैका दास हौ, जसको आज्ञापालन तिमीहरू गर्दछौ; कि ता मृत्युका निम्ति पापका दास, कि ता धार्मिकताका निम्ति आज्ञापालनका दास। रोमी ६:१५-१६

परमेश्वरको प्रेम र अनुग्रह प्राप्ति गर्नाले ईश्वरिय जीवनयापनको परिणाम ल्याउनुपर्दछ।

किनकी मुक्ति ल्याउने परमेश्वरको अनुग्रह सबै मानिसहरूकहाँ देखा परेको छ, र हामीलाई यो सिकाउँछ – अभक्ति र संसारिक अभिलाषाहरू इन्कार गरेर यस वर्तमान संसारमा हामीले आत्मसंयम, धार्मिकता र भक्तिसाथ जिउनुपर्छ; तीतस २:११-१२

हे मानिस, असल के हो, सो उहाँले तिमीलाई बताइदिनुभएको छ; अनि न्यायसंगत काम गर्नु, कृपालाई प्रेम गर्नु र नम्रतापूर्वक आफ्ना परमेश्वरको साथमा हिँड्नुबाहेक परमेश्वरले तिमीबाट अरु के कुरा चाहनुहुन्छ र? मीका ६:८

एक परिपक्व ख्रीष्टियनले उहाँलाई अझै उत्तमसँग जान्नको निम्ति खोजी गर्नुपर्छ र परमेश्वरसँगको हिँडाईमा बढ्नुपर्छ। परमेश्वरको प्रेम, अनुग्रह, र कृपाको लागी उसमा गहिरो कृतज्ञता बिकास हुनुपर्दछ। केही समयको लागी रोकिनुहोस् र परमेश्वरलाई उहाँको प्रेम, अनुग्रह, र कृपाको निम्ति धन्यवाद चढाउनुहोस् !!!

"आश्चर्य" र "भाइ-भाइ" प्रेम

साँचो बाइबलि प्रेमलाई अभ्यास गर्नको लागी, बाइबलिय प्रेम के हो भनि जान्नु मद्दतपूर्ण हुनेछ। बाइबलिय प्रेमलाई जान्नको लागी, प्रेमको बारेमा हामीले संसारबाट (हलिउड) सिकेका कुराहरूलाई हटाउनुपर्छ र परमेश्वरको वचनले प्रेमको सम्बन्धमा के शिक्षा दिन्छ त्यसलाई बुझ्न जरूरी हुँदछ।

बाइबलमा प्रेम सम्बन्धमा दुई चाबी शब्दहरू रहेकाछन्। ती हुन् ग्रीक शब्द "आश्चर्य" (अगेप) र "भाइ-भाइ" (फिलिओ) प्रेम। अगेपचावही धेरै प्रयोग हुने शब्द हो। यी शब्दहरूलाई अझ उत्तम गरी जान्नको लागी, बिभिन्न बाइबल व्याख्यात्मक शाब्दिक शब्दाकोषबाट साभार गरिएका विवरण वा परिभाषाहरूलाई तल प्रस्तुत गरिएको छ।

अचम्मको (अगेप) प्रेम

... इच्छाको निर्णय अनुसारले अरु मानिसको भलाईको खोजी गर्ने
... अरुको खाँचो के छ भनि हेर्ने वा जान्ने र त्यस खाँचालाई पूरा गरिदिने
... केही कुराको आशा नगरी अरुहरूलाई अस्वार्थी अनुराग वा कोमलता दिने
... कर्तव्य वा सिद्धान्तको खातिर विचारपूर्ण छनोट वा चाहना अनुसारको कार्य
... सेवा गर्नको लागी तयार रहेको अस्वार्थी र त्यागको प्रेम। अरुको भलाईको खोजी गर्दछ।
... सहायताद्वारा आदर गर्ने वा मान दिने। प्रेमको वस्तुहरू त्यस प्रेमको लागी "योग्य" हुँदैनन्।

यी सबैलाई एकसाथ जोड्दै, हामीले अचम्मको प्रेमलाई यसरी परिभाषित गर्न सक्दछौः

बाइबलिय शिक्षामा आज्ञाकारी भइकन, अचम्मको प्रेम भनेको अरु कसैको खाँचोलाई हेर्ने हो र साटोमा कुनै कुराको पनि आशा नराखिकन, त्यस खाँचोलाई पूरा गरिदिनु हो। प्रेम गरिएको व्यक्तिमा नजिक हुने भावनाको सृजना हुन पनि सक्छ नहुन पनि सक्छ।

यस अचम्मको प्रेमको अभ्यासमा, एक तरीका वा अन्यबाट, आफूलाई त्याग गर्नुहोस्। यस प्रकारको प्रेमको परम उदाहरण क्रुसमा भएको प्रभु येशू ख्रीष्टको मृत्युद्वारा प्राप्त गर्न सकिन्छ।

"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, की उहाँले आफ्नो एकमात्र जन्माइएको पुत्रलाई दिनुभयो- उहाँमाथी विश्वास गर्ने कोही पनि नष्ट नहोस्, तर उसले अनन्त जीवन पाओस्"। यूहन्ना ३:१६

पवित्र परमेश्वरले आफ्नो एकमात्र पुत्रलाई पनि मर्नको निम्ति *दिहाल्नुभयो*, ताकी हामी जो पापपूर्ण र प्रेम बिनाका छौं, हामीले अनन्त जीवन प्राप्त गर्न सकेका हौं र उहाँसँग अनन्तता बिताउन सकेका हौं। दिनु नै बाइबलिय प्रेम को उच्च रूप हो।

मेरा साना नानीहरूहो, वचनले मात्र होइन, तर कामले र सत्यताले प्रेम गरौं। १यूहन्ना ३:१८

हाम्रो विचारमा, हामीले प्रेमलाई भावनात्मक कुराहरूसँग मेल गर्दछौं। यद्यपि, अचम्मको प्रेमको जग भावना होइन, तर कार्य हो। हामी सृष्टि गरिनुभन्दा अघि नै, हामीजस्तो प्रेम बिनाको, पापपूर्ण, र विद्रोहीलाई प्रेम गर्नु र आफ्ना पुत्रलाई हाम्रा निम्ति मर्न दिनु परमेश्वरको अघिबाटकै योजना थियो। परमेश्वरसँग प्रेको भावना छैन भनि यसले भन्न खोजेको भने होइन। उहाँमा छ। यद्यपि, परमेश्वरको प्रेम उहाँको कार्यद्वारा प्रदर्शित भयो, उहाँको भावनाहरूद्वारा होइन।

तर परमेश्वरले हामीतर्फ आफ्नो प्रेम यसैमा प्रकट गर्नुहुन्छ – हामी पापी हुँदा-हुँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो। रोमी ५:८

परमेश्वरले आफ्नै पुत्र हाम्रा लागी मर्न दिनुहुन्छ भनि हामीले विचार गर्नु पनि हाम्रो बुझाईको योग्यताभन्दा पनि धेरै टाढा रहेको थियो। हामीले मात्र के गर्नुपर्छ भने उहँको पुत्रको उपहारलाई स्वीकार गर्नुपर्छ। जब हामीले यसो गर्दछौं, यस पृथ्वीमा रहुन्जेल परमेश्वरसँगको हिँडाईको सारा आशिषहरू हामीले प्राप्त गर्दछौं, र हामीले भविष्यमा स्वर्गमा उहाँसँग अनन्त जीवन पनि प्राप्त गर्नेछौं। हामी अयोग्य भए तापनि र हामीले तिर्न असक्षम भए तापनि उहाँले हामीलाई आफ्नै पुत्र पनि प्रदान गरिदिनुभयो। यो नै वास्तविक साँचो प्रेम हो। हाम्रा हृदयका गहिराइबाट नै हामीले हाम्रो निम्ति परमेश्वरद्वारा प्रदान गरिएको उहाँको पुत्रको उपहारमा कृतज्ञता व्यक्त गर्नुपर्दछ।

हामीप्रति परमेश्वरबाटको प्रेमलाई प्रतिकृया जनाउँदै, हामी पनि प्रेमिलो मानिसहरू हुनुपर्दछ।

हामी उहाँलाई प्रेम गर्छौं, किनभने उहाँले पहिले हामीलाई प्रेम गर्नुभयो। १यूहन्ना४:१९

यसकारण परमेश्वरका चुनिएका, पवित्र र प्रिय जनहरूले झैं कोमल मायाहरू, दया, मनको नम्रता, दीनता, सहनशीलतालाई धारण गर; कलस्सी ३:१२

यो जान्न अति जरूरी रहेको छ की बाइबलिय दिनु भन्नाले पैसालाई मात्र उल्लेख गरेको होइन। दिनु भन्नाले हाम्रो समय, शारिरिक शक्ति, भावनात्मक फुर्ती, आत्मिकी बल, र हाम्रा वित्तिय श्रोतहरू पनि प्रदान गर्नु हो। अरू मानिसहरूको वास्तविक खाँचो पूरा गर्नलाई हामीले के सकेको दिन सक्दछौं त्यही नै दिनु हो।

परमेश्वरको प्रेमले केही मूल्यवान कुरा हामीलाई दिन बाध्य गरायो, उहाँको आफ्नै पुत्र, जसका प्राप्त गर्नका लागी हामी अयोग्य थियौं। हामीले अनन्त जीवन पाऔं भनेर परमेश्वरले हामीलाई आफ्नो पुत्र मर्नको निम्ति दिनु नै प्रेम दिनुको परम उदाहरण हो।

जब हामी परमेश्वरको नजिकमा आउन र उहाँको स्वरुपमा ढालिन खोजी गर्दछौं, हामीले पनि यस अचम्मको प्रेमलाई अभ्यास गर्नुपर्दछ। यस अचम्मको प्रेमलाई अभ्यास गर्नको लागी तल पाँच सरल निरिक्षणहरूलाई प्रस्तुत गरिएको छः

१ साटोमा केही पनि आशा नराखी, तपाईले आफैलाई, आफ्नो समय, बल, र श्रोतहरू अरुलाई दिनुपर्दछ।

२ यस अचम्मको प्रेम प्राय एकतर्फी प्रदान गरिदँछ। फेरि, साटोमा केही कुराहरूको आशा नराखी यो प्रदान गरिन्छ।
३ यस अचम्मको प्रेमललाई अभ्यास गर्नुचाँही मानसिक छनोट हो की यो भावना वा भावमा जरा गाडिन पनि सक्दछ नगाडिन पनि सक्दछ।
४ यस अचम्मको प्रेम शर्तहिन हुन्छ। प्रापकको योग्यतामा यो निर्भर हुँदैन।
५ यस किसिमको प्रेमले केही मूल्य खोज्दछ --- समय, बल, भावना, वित्तिय वा ???

हामी यस किसिमको प्रेमिलो, दिने व्यक्ति तब मात्र बन्न पुग्दछौं जब हामीले परमेश्वरको वचनको निर्देशन जान्दछौं र त्यसअनुसार लागु गर्दछौं, र परमेश्वरको आत्माद्वारा सामर्थ्य प्रदान गराइदँछौं र डोर्याइँदछौं।

भाइ-भाइ प्रेम

हामीले अचम्मको प्रेममा गरेजस्तै, तल भाइ-भाइ प्रेमको वर्णन गरिएको छ जुन बिभिन्न बाइबल व्याख्यात्मक शाब्दिक शब्दाकोषबाट साभार गरिएको हो।

... कसैको भाइलाई प्रेम गर्नु, कोमल स्नेह, अनुराग, मित्रता, कुनै व्यक्तिलाई रूचाउनु।
... साझा रूचि वा साझा विषयप्रति प्रतिवद्धता वा पोषित नमुना
... अनुकुल रूची वा स्वीकृति, अतिथ्य सत्कार प्रदर्शन
... कुनै पनि परिवारको भित्र वा बाहिर हुनसक्छ

यी सबैलाई एकसाथ राख्दै, हामीले भाइ-भाइको प्रेमलाई यसरी परिभाषित गर्न सक्दछौं, *"प्रभुका हाम्रा दाजु-भाइ। दिदी-बहिनीलाई कृपा, सेवा प्रदान गर्ने र बिकास गराउँदै लैजाने"।*

परमेश्वरको वचनमा हामीलाई बारम्बार प्रेम, निर्माण, र एक-अर्कालाई प्रोत्साहन र सेवा गर्ने निर्देशन प्रदान गरिएको छ। यो सबै नै भाइ-भाइको प्रेमको भाग हो। ख्रीष्टियन विश्वासको परिवारमा हामीले एक-अर्कालाई प्रेम गर्नुपर्छ र साथमा भएकोमा आनन्द मनाउनुपर्छ। यो कुनै विलक्षण वा यौन आकर्षण होइन। यो दुईतर्फी साहचर्य हो र एक-अर्कामा सेवकाई हो र तिनीहरूको खाँचाहरू पूरा गर्नको लागी आफैलाई दिनु हो।

अन्तमा, तिमीहरू सबै एकै मनाका होओ, एक-अर्काप्रति सहानुभूति राख्ने होओ, भाइ-भाइलाई प्रेम गर्ने होओ, कमलो मनका होओ, विनयी होओ; १पत्रुस ३:८

परमेश्वरको वचनमा, भाइ-भाइको प्रेमलाई आफ्नो पुत्रप्रतिको प्रेम, हामीप्रति परमेश्वरको प्रेम, र हामी बीचमा भएको प्रेमलाई दर्शानको निम्ति उल्लेख गरिएको छ। यद्यपि, यो जान्नलाई रोचकलाग्दो छ की परमेश्वरलाई *भाइ-भाइको* प्रेम नदेखाउन हामीलाई निर्देण दिइएको छ, तर हामीले उहाँलाई *अचम्मको* प्रेमले प्रेम गर्ने निर्देशन प्रदान गरिएको छ। तापनि, समय-समयमा, परमेश्वरमा हामी गहिरो आदर र आराधना गर्दछौं, हामीमध्ये धेरैले उहाँप्रति निरन्तर रुपमा न्यानो प्रेम देखाइराख्दैनौं। यद्यपि, हामीले त्यस प्रेमलाई अनुभव नगरे तापनि, हाम्रो आज्ञाकारिता र सेवाद्वारा हामी उहाँलाई प्रेम गरिरहन्छौं। परमेश्वरप्रति प्रेम गर्ने साँचो हृदय यही हो।

साथै, परमेश्वरको वचनमा हाम्रा शत्रुहरू वा संसारका मानिसलाई (छिमेकी) हामीले कहिल्यै *भाइ-भाइको* प्रेम नदेखाउनु भनि हामीलाई निर्देशन प्रदान गरिएको छ। जब हाम्रा शत्रुहरू र हाम्रा छिमेकीहरूलाई प्रेम गर्न निर्दैशन गरिएको छ, यो *अचम्मको* प्रेमद्वारा (छनोटद्वारा) हामीले गर्नुपर्छ।

चेतावनीको वचन

साधारणतया, अरु मानिसहरूको खाँचो पूरा गर्नको लागी तपाईको इच्छाअनुसार छनोट हुनुपर्छ भनि *अचम्मको प्रेमले* जोड दिँदछ, तर *भाइ-भाइको* प्रेमले हामीले प्रेम गर्ने व्यक्तिसँग हामीलाई नजिकमा ल्याउँदछ। यद्यपि, निचोड ल्याउन अघि वा यी शब्दहरूको प्रयोगद्वारा मात्र शास्त्रको कुनै खण्डलाई वर्णन गर्न हामी होशियार हुनुपर्छ। प्राय यी शब्दहरूको प्रयोग एकै अर्थमा हुन सक्छ। प्राय *अचम्मको प्रेमले* हामीले प्रेम गर्ने व्यक्तिप्रति हाम्रो भावनात्मक लगाव निम्त्याउँदैन। *भाइ-भाइको* प्रेमले प्रभुमा साझा सम्बन्ध भएकाहरू माझ भने भावनात्मक लगाव ल्याउँदछ, *अचम्मको* प्रेमले पनि प्रभुमा रहेका हाम्रा दाजु-भाइ\ दिदी-बहिनीका खाँचाहरूलाई पूरा गर्दछ। यद्यपि, हामीसँग साझा सम्बन्ध नभएकाहरू वा हामीले "नरूचाउने" मानिसहरूका माझमा पनि *अचम्मको* प्रेमले हामीलाई डोर्याउँदछ। यिनीहरूलाई सही तरीकाले अर्थाउन सरल रुपमा खण्डमा यिनीहरूको प्रयोग कसरी गरिएको छ भनि हामीले यी बुझ्नुपर्छ।

विश्वासी जनहरूलाई गरिने प्रेमचाँही *अचम्मको* प्रेम र *भाइ-भाइको* प्रेम दुवैमा जरा गाडिएको हुन्छ।

भाइहरूलाई निष्कपट प्रेम गर्नाका लागी आत्माद्वारा सत्यता पालन गरेर तिमीहरूले आफ्ना मनहरूलाई शुद्ध पारेका छौ; यसैकारण एक-अर्कालाई चोखो हृदयले गहिरो प्रेम गर; १पत्रुस १:२२

बाइबलिय प्रेमलाई अभ्यास गर्नु

हामीले परमेश्वरलाई प्रेम गर्नुपर्छ

अनि शास्त्रीहरूमध्ये एकजना आए, अनि तिनीहरूले आपसमा तर्क गरेका सुनेर, र उहाँले तिनीहरूलाई ठीक जवाफ दिनुभएको थाह पाएर तिनले उहाँलाई सोधेः "सबैभन्दा पहिलो आज्ञा कुन हो?" अनि येशूले तिनलाई जवाफ दिनुभयोः "सबैभन्दा पहिलो आज्ञाचाँही यो होः 'हे इस्राएल, सुन ! प्रभु हाम्रा परमेश्वर एउटै प्रभु हुनुहुन्छ; अनि तिमीले आफ्ना परमेश्वर प्रभुलाई आफ्नो सारा हृदयले, आफ्नो सारा प्राणले, आफ्नो सारा मनले र आफ्नो सारा बलले प्रेम गर'। पहिलो आज्ञा यही हो। अनि योजस्तै दोश्रो छ, जो यो होः 'तिमीले आफ्नो छिमेकीलाई आफैलाई झैँ प्रेम गर'। यीभन्दा ठूलो अर्को कुनै आज्ञा छैन"। मर्कुस १२:२८-३१

हामी उहाँलाई प्रेम गर्छौं, किनभने उहाँले पहिले हामीलाई प्रेम गर्नुभयो। १यूहन्ना ४:१९

परमेश्वरले मानिसहरूलाई प्रेम गर्नुभएझैँ, उहाँलाई पनि प्रेम गर्न हामीलाई उहाँले निर्देशन दिनुहुन्छ। परमेश्वरको प्रेमजस्तै, हाम्रा प्रेमहरू पनि कार्यमा आधारित छन्। परमेश्वरप्रतिको हाम्रो प्रेम भावना वा संवेगमा आधारित छैन। परमेश्वरलाई प्रेम गर्नु भनेको हामीले सम्पूर्णरुपले आफैलाई दिनु हो र परमेश्वरमा पूर्ण समर्पित हुनु हो। हामीले केही पक्रिरहेका हुँदैनौं। केही कमि छ भने त्यो वास्तविक साँचो प्रेम होइन। यदि हामी परमेश्वरलाई प्रेम गर्छौं भने, हामी उहाँमा समर्पित हुन्छौं र उहाँमा पूर्ण आज्ञाकारी हुदँछौं।

हामी आज्ञाकारी भइ परमेश्वरलाई प्रेम गर्दछौं

परमेश्वरलाई प्रेम गर्नु के हो भनि तलका पदहरूले व्यवहारिक भाव दर्शाउँदछन्। याद राख्नुहोस् पवित्र शास्त्रमा उल्लेखित "अचम्मको" प्रेम कार्यमा आधारित छ, अनिवार्यरुपमा यो कुनै भावना वा संवेगमा आधारित छैन।

किनभने हामीले उहाँका आज्ञाहरू पालन गर्नु नै परमेश्वरको प्रेम हो; अनि उहाँका आज्ञाहरू कष्टपूर्ण छैनन्। १यूहन्ना ५:३

अनि हामी उहाँका आज्ञाहरूअनुसार हिँडौं – प्रेम यही हो। २यूहन्ना ६

"तिमीहरूले मलाई प्रेम गर्छौं भने मेरा आज्ञाहरू पालन गर। यूहन्ना १४:१५

जससँग मेरा आज्ञाहरू छन् र तिनलाई पालन गर्दछ, उही मलाई प्रेम गर्ने हो। अनि जसले मलाई प्रेम गर्दछ, ऊ मेरा पिताद्वारा प्रेम गरिनेछ, अनि म उसलाई प्रेम गर्नेछु, र आफैलाई उसकहाँ प्रकट गर्नेछु। यूहन्ना १४:२१

येशूले जवाफ दिएर तिनलाई भन्नुभयोः "कसैले मलाई प्रेम गर्छ भने उसले मेरा वचनहरू पालन गर्नेछ; अनि मेरा पिताले उसलाई प्रेम गर्नुहुनेछ, अनि हामी उसकहाँ आउनेछौं र हाम्रो वास्थान ऊसँग बनाउनेछौं। जसले मलाई प्रेम गर्दैन, त्यसले मेरा वचनहरू पालन गर्दैन; अनि जुन वचन तिमीहरू सुन्छौ, त्यो मेरो होइन, तर पिताको हो, जसले मलाई पठाउनुभयो। यूहन्ना १४:२३-२४

परमेश्वरलाई प्रेम गर्नु भनेको उहाँमा आज्ञाकारी हुनु हो भनेर यी पदहरूबाट प्रष्ट पारिएको छ। कुनै पनि व्यक्तिले कहिलेकाँही खोक्रो आज्ञाकारिताद्वारा पनि परमेश्वरप्रति भावनात्मक संचेगको अनुभव गर्न सक्दछ, तर यो साँचो प्रेम वा परमेश्वरको आराधना होइन। हामी अनाज्ञाकारितामा रहेर परमेश्वरलाई प्रेम गरेको वा आराधना गरेको दाबी गर्न सक्दैनौं।

मेरा साना नानीहरूहो, वचनले मात्र होइन, तर कामले र सत्यताले प्रेम गरौं। १यूहन्ना ३:१८

किनकी धर्मी परमप्रभुले धार्मिकतालाई प्रेम गर्नुहुन्छ; उहाँको चेहराले सोझो चाल चल्नेलाई हेर्दछ। भजनसंग्रह ११:७

केही मानसिहरू वास्तविक भावनात्मक हुँदैनन् र तिनीहरूमा परमेश्वरप्रति मजबुत "भावनात्मक" संवेग पनि हुँदैनन्। परमेश्वरप्रति भावनात्मक संवेगको कमिले गर्दा केही मानिसहरूले आफैलाई दोषी ठहराउँदछन्। यद्यपि, परिस्थितीहरूको परिवर्तन अनुसार हाम्रा भावहरू तल माथि जादँछन् भनि हामी सबैलाई थाहा छ। यद्यपि, साँचो प्रेम, जुन आज्ञाकरिता र सेवातर्फको हाम्रो प्रतिवद्धता हो, हाम्रो अनुभवभन्दा स्थिर नै रहन्छ।

यस प्रकारको आज्ञाकारिताको प्रतिवद्धता वृद्धिको प्रकृया हो। जब हामी हाम्रो बिश्वासमा बढ्दै र परिपक्व हुँदै जान्छौं, परमेश्वरप्रतिको हाम्रो प्रेम त्यति नै बढ्दै जान्छ। जब हामी परमेश्वरमा समर्पित भएर जिउँदछौं र परमेश्वरसँगको हिँडाईमा हामी बढ्दै जाँदछौं, हाम्रो प्रेमले गहिरो आयाम लिदँछ, र समय-समयमा, परमेश्वरप्रतिको हाम्रो प्रेममा संवेग हुँदछ जसले आज्ञाकारिताप्रतिको हाम्रो प्रतिवद्धतालाई साथ दिँदछ।

ख्रीष्टमा हाम्रा दाजु-भाइ। दिदी-बहिनीलाई हामीले प्रेम गर्नुपर्छ।

परमेश्वरको वचमा धेरै पटक विश्वासी जनहरूलाई प्रेम गर्न हामीलाई बताइएको छ। परमेश्वरका नानीहरूप्रतिको त्यस प्रेम बिना, परमेश्वरप्रति कुनै साँचो प्रेम रहँदैन। त्यस प्रेम बिना, त्यहाँ साँचो संगति हुँदैन, र परमेश्वरसँगको हाम्रो हिँडाईले थोरैमात्र साँचो फल फलाउँदछ।

प्रियहरूहो, हामी एक-अर्कालाई प्रेम गरौं, किनकी प्रेम परमेश्वरबाटको हो; अनि प्रेम गर्ने हरेक जन परमेश्वरबाट जन्मेको हो, र परमेश्वरलाई चिन्छ। जसले प्रेम गर्दैन, त्यसले परमेश्वरलाई चिन्दैन; किनकी परमेश्वर प्रेम हुनुहुन्छ। १यूहन्ना ४:७-८

प्रियहरूहो, परमेश्वरले हामीलाई यसरी प्रेम गर्नुभयो भने हामीले पनि एक-अर्कालाई प्रेम गर्नुपर्छ। १यूहन्ना ४:११

भाइहरूलाई निष्कपट प्रेम गर्नाका लागी आत्माद्वारा सत्यता पालन गरेर तिमीहरूले आफ्ना मनहरूलाई शुद्ध पारेका छौ; यसैकारण एक-अर्कालाई चोखो हृदयले गहिरो प्रेम गर; १पत्रुस १:२२

भातृ- प्रेमले एक-अर्कालाई कोमलतापूर्वक माया गर; आदर गर्नामा एउटाले अर्कालाई उछिन। रोमी १२:१०

म तिमीहरूलाई यी कुराहरूको आज्ञा गर्दछुः तिमीहरू एक-अर्कालाई प्रेम गर"। यूहन्ना १५:१७

यस पाठ अन्तर्गतको संगतिको खण्डमा हामी यसलाई अझ धेरै बिस्तार गर्नेछौं।

हाम्रा पति वा पत्नी र हाम्रा नानीहरूलाई हामीले प्रेम र आदर गर्नपर्छ।

हे पतिहरूहो, आ-आफ्ना पत्नीलाई प्रेम गर, जसरी ख्रीष्टले पनि मण्डलीलाई प्रेम गर्नुभयो, र त्यसका निम्ति आफैलाई अर्पण गर्नुभयो – एफिसी ५:२५

पतिहरूहो, आफ्नी-आफ्नी पत्नीलाई प्रेम गर, र उनीहरूप्रति तीता नबन। कलस्सी ३:१९

तरै पनि तिमीहरूमध्ये हर एकले आफ्नी पत्नीलाई आफैलाई झैं प्रेम गरोस्; अनि पत्नीले आफ्ना पतिको डर मानोस्। एफिसी ५:३३

यही प्रकारले बूढी स्त्रीहरूको चालचलन पवित्रतालाई सुहाउँदो होस् – न झूटा दोष लगाउने, न पियक्कड, तर असल-असल कुराहरू सिकाउने। तिनीहरूले तरूणी स्त्रीहरूलाई सचेत हुन, आफ्ना-आफ्ना पतिलाई प्रेम गर्न, आफ्ना नानीहरूलाई माया गर्न सिकाऊन्, तीतस २:३-४

येशूले हामीलाई प्रेम गर्नुभयो, हामी मण्डलीलाई, यति प्रशस्त गरी प्रेम गर्नुभयो की हाम्रा निम्ति उहाँले कष्ट र मृत्यु भोग्न पनि तयार हुनुभयो। मण्डलीप्रतिको ख्रीष्टको प्रेम सकृय थियो, र अझ पनि छ। हाम्रा खाँचाहरू पूरा गर्नको निम्ति उहाँले त्याग, शर्तरहित रुपमा आफैलाई हाम्रो निम्ति हाल्नुभयो। उहाँले प्रबन्ध, शुरक्षा दिनुहुन्छ र अगुवाई गर्नुहुन्छ। हामीले पनि हाम्रो पत्नीहरूलाई यसरी नै प्रेम गर्नुपर्छ। हाम्रा पत्नीहरूसँगको हाम्रो सम्बन्धको हरेक पक्ष यस किसिमको प्रेममा आधारित हुनुपर्दछ।

हामीले छिमेकीहरूलाई प्रेम गर्नुपर्छ।

अनि शास्त्रीहरूमध्ये एकजना आए, अनि तिनीहरूले आपसमा तर्क गरेका सुनेर, र उहाँले तिनीहरूलाई ठीक जवाफ दिनुभएको थाह पाएर तिनले उहाँलाई सोधेः "सबैभन्दा पहिलो आज्ञा कुन हो?" अनि येशूले तिनलाई जवाफ दिनुभयोः "सबैभन्दा पहिलो आज्ञाचाँही यो होः 'हे इस्राएल, सुन ! प्रभु हाम्रा परमेश्वर एउटै प्रभु हुनुहुन्छ; अनि तिमीले आफ्ना परमेश्वर प्रभुलाई आफ्नो सारा हृदयले, आफ्नो सारा प्राणले, आफ्नो सारा मनले र आफ्नो सारा बलले प्रेम गर'। पहिलो आज्ञा यही हो। अनि योजस्तै दोश्रो छ, जो यो होः 'तिमीले आफ्नो छिमेकीलाई आफैलाई झैं प्रेम गर'। यीभन्दा ठूलो अर्को कुनै आज्ञा छैन"। मर्कुस १२:२८-३१

मर्कुसको यस खण्डमा उदृत गरिएको दोश्रो आज्ञा हो, हामीले हाम्रा छिमेकीहरूलाई आफैलाई झैं प्रेम गर्नुपर्छ। छिमेकीहरूलाई प्रेम गर्नु भनेको उनीहरूलाई भलाई गर्नु हो। जब हामी सक्षम हुन्छौं, हामीले उनीहरूका खाँचाहरू पूरा गरिदिन्छौं। हाम्रा रूचि अघि हामी उनीहरूका रूचिलाई राख्दछौं। फेरी, छिमेकीलाई प्रेम गर्नुको अर्थ हामी उनीहरूप्रति भावनात्मक रुपमा नजिक हुने भनिएको होइन, तर परमेश्वरको आज्ञा पूरा गर्नको लागी, हामी उनीहरूलाई "मन नपराए तापनि", हामी उनीहरूलाई भलाई गर्दछौं। हामीले जे गरिरहेका छौं त्यस

व्यक्ति त्यो योग्यको नहुन पनि सक्छ, यसो गर्नको लागी हामी निर्णय गर्दछौं किनभने प्रभु येशू ख्रीष्टका अनुयायीहरूले गर्नुपर्ने ठीक तरीका यो नै हो।

हामी छिमेकीहरूलाई साधारतया यसरी सोच्दछौं की तिनीहरू हाम्रा छेउको घरमा बस्ने वा नजिकमा बस्ने मानिसहरू हुन्। यद्यपि, बाइबलिय भावमा, छिमेकी शब्दको अर्थ धेरै फराकिलो छ। अरु कुनै मानिस, जसलाई एक तरीकाले वा अन्यद्वारा हामी व्यवहार गर्दछौं, ती हाम्रा छिमेकीहरू हुन्।

"अब तिम्रो विचारमा, यी तीनजनामा कुनचाँही डाँकुहरूको बीचमा पर्ने मानिसको छिमेकी ठहरियो?" अनि उनले भनेः "उही नै, जसले त्यसमाथि दया देखायो"। तब येशूले उनलाई भन्नुभयोः "जाऊ, तिमीले पनि त्यस्तै गर"। लूका १०:३६-३७

हामीप्रतिको परमेश्वरको प्रेमका निम्ति उहाँको आफ्नै एकमात्र पुत्रको जीवनबाट मूल्य चुकाउनुपर्यो। अरु मानिसलाई प्रेम गर्न मूल्य चुकाउनुपर्छ। यद्यपि, यो यसक एक भाग भए तापनि यो पैसा तिरिदिनु वा हाम्रा सम्पत्तीहरू दिनु मात्र भनेचाँही होइन। हामीले कसैलाई सहायता गर्नको लागी हाम्रो समय, ज्ञान, बुद्धि दिन सक्छौं। कठिन परिस्थितहरू हुँदै गइरहेका वा कुनै समस्यामा परेका मानिसहरूलाई हामीले प्रोत्साहन र कृपा दिई हाम्रो प्रेमलाई प्रस्तुत गर्न सक्दछौं।

हामीले हाम्रा शत्रुहरूलाई प्रेम गर्नुपर्छ।

यसमा कुनै शंका छैन की अभ्यास गर्नको निम्ति बाइबलिय प्रेम निकै कठिन रहेको छ। हाम्रा शत्रुहरू -- हामीलाई गलत गर्ने वा हामीले नरुचाउने कुनै व्यक्तिका -- खाँचाहरू पूरा गर्नको लागी आफैलाई दिनु – कुनै स्वाभाविक मानविय प्रतिकृया होइन। परमेश्वरमा आज्ञाकारी हुनलाई हामीले हाम्रा शत्रुहरूलाई भलाई गरि परमेश्वरप्रतको हाम्रो प्रेमलाई प्रस्तुत गर्नुपर्दछ।

तर तिमी सुन्नेहरूलाई म भन्दछु, आफ्ना शत्रुहरूलाई प्रेम गर; तिमीहरूलाई घृणा गर्नेहरूलाई भलाई गर। जसले तिमीहरूलाई सराप्छन्, तिनीहरूलाई आशिष देओ, र जसले तिमीहरूलाई अपमान गर्छन्, तिनीहरूका निम्ति प्रार्थना गर। लूका ६:२७-२८

तर तिमीहरूका शत्रुहरूलाई प्रेम गर, र भलाई गर, अनि फेरी केही पाउने आशा नगरिकन सापट देओ; र तिमीहरूको इनाम ठूलो हुनेछ, र तिमीहरू परमप्रधानका सन्तान हुनेछौ। किनकी उहाँ अधन्यवादी र दुष्टहरूप्रति दयालु हुनुहुन्छ। लूका ६:३५

अचम्मको प्रेम र १कोरिन्थी १३:१-७

साँचो ख्रीष्टियनहरूले बाइबलिय प्रेमलाई अभ्यास गर्नुपर्छ। १कोरिन्थी १३:१-६ले बाइबलिय प्रेमको अभ्यासको पूर्ण आवश्यकता, मूल्यता, र महत्वको बारेमा जोड दिँदछ। यसपछि यसले बाइबलिय प्रेमलाई कार्य गर्नको निम्ति आत्माको खोजी गर्ने वर्णनहरूलाई प्रदान गर्दछ।

यी पदहरूले बाइबलिय "अचम्मको" प्रेमको शिक्षा दिइरहेका छन् भनि हामीले बुझ्नु जरूरी रहेको छ। यो भाइ-भाइको प्रेम, विवाह, परिवार, वा रोमान्चित प्रेम बारेको शिक्षा होइन। यथार्थमा यो हुनु पर्ने हो। विवाहका निम्ति संसारमा भएका सल्लाह र सुझाबहरूमा यो उत्तम हो; यद्यपि, यी पदहरूले बाइबलिय प्रेमलाई केन्द्रित गरी बोल्दछन् भनि हामीले जान्न आवश्यक रहेको छ जुन हरेक परिस्थितीहरूमा ख्रीष्टियनले प्रेम गर्नुपर्छ भनि

लागु हुँदछ। अघिका खण्डमा हामीले बाइबलिय प्रेमलाई अभ्यास गर्नुपर्छ भनि हेर्यौं। १कोरिन्थी १३:१-७ यी सबै परिस्थितिहरूमा लागु हुँदछ।

यी खण्डहरूलाई ध्यानपूर्वक हेर्नुहोस् र तपाईले अध्ययन गरेका कुराहरूलाई मनन गर्नुहोस्।

मैले मानिसहरूका र स्वर्गदूतहरूका भाषाहरू बोले तापनि मसँग प्रेम छैन भने म ठ्याङ्ठ्याङ गर्ने पित्तल वा झ्याईँझ्याईँ गर्ने झ्याम्टाजस्तो मात्र भएको छु। अनि मसँग भविष्यवाणी गर्ने वरदान भए तापनि र सबै रहस्यहरू र सबै ज्ञानहरू जाने तापनि, साथै पहाडहरू हटाउन सक्ने पूरा विश्वास मसँग भए तापनि मसँग प्रेमचाँही छैन भने म केही पनि होइनँ। अनि मैले मेरा सारा सम्पत्ति गरिबहरूलाई खुवाउन दिए तापनिर आफ्नो शरिरलाई जल्नाका निम्ति सुम्पिदिए तापनि मसँग प्रेमचाँही छैन भने मलाई केही पनि लाभ हुँदैन। प्रेमले खुबै सहन्छ, र दयालु हुन्छ; प्रेमले डाहा गर्दैन, प्रेमले आफ्नो प्रशंसा गर्दैन, घमण्डले फुलिँदैन; रूखो व्यवहार गर्दैन, आफ्नै भलाइ खोज्दैन, झडङ्ग रिसाउँदैन, खराबीको हिसाब राख्दैन; अधर्ममा आनन्दित हुँदैन, तर सत्यमा आनन्दित हुन्छ; सबै कुरा सहन्छ, सबै कुरा विश्वास गर्छ, सबै कुराको आशा गर्छ, सबै कुरामा धीरज धर्छ। १कोरिन्थी १३:१-७

निश्चय नै यो यी पदहरूका सम्पूर्ण व्यवहार भने हुँदैनन्। यी पदहरूको सन्दर्भमा धेरै पूस्तकहरू लेखिएका छन्। यी पदमा दिइएका शिक्षाहरू गम्भिर छन्; तैपनि यी बुझ्न भने कठिन छैनन्। यथार्थमा, धेरै तरीकाहरूद्वारा यो सरल नै छन्। अब हामी यस पदका सरल तर गम्भिर सतयताहरूलाई हेर्न गइरहेका छौं।

मैले मानिसहरूका र स्वर्गदूतहरूका भाषाहरू बोले तापनि मसँग प्रेम छैन भने म ठ्याङ्ठ्याङ गर्ने पित्तल वा झ्याईँझ्याईँ गर्ने झ्याम्टाजस्तो मात्र भएको छु।

१कोरिन्थी १२-१४अध्यायका विषयहरू समग्रमा आत्मिकी वरदानहरूका बारेमा हुन्। १४ अध्यायले अन्यभाषाहरूका बारेमा हुन्। यस पदमा (१कोरिन्थी १३:१) यदि ममा अन्यभाषाहरूका वरदानहरू छन् तर मसँग बाइबलिय प्रेम छेन भने, मैले धेरै अर्थहिन र मूल्यहिन आवाज निकालिरहेको छु भनि बताइएको छ।

आत्मिकी वरदानहरूको अभ्यासले कहिलेकाँही आत्मिकी घमण्ड र गर्वतर्फ पुर्याउँदछ। मलाई प्रष्ट याद छ म त्यस्ता मानिसहरूको समूह बीचमा रहेको थिए जसले अन्यभाषा वरदानको दाबी गर्दथे। त्यो समूह भरिमा म र मेरी पत्नीमात्र त्यस्ता व्यक्ति थियौं जो 'अन्यभाषा बोल्दैनथियौं'। हामीहरू मात्र उनीहरूको बीचमा "आत्माले भरपुर नभएका ख्रीष्टियनहरू" भनि प्रष्टै परिचित थियौं, र प्रष्ट आशय यो थियो की हामी अरुहरूजस्तो एकै आत्मिकी स्तरमा थिएनौं। तिनीहरूका गर्व सुस्पष्ट थियो।

साँचो प्रेम बिनाको कुनै पनि आत्मिकी वरदानको अभ्यास मूल्यहिन् हुन्छ र साँचो आत्मिकी फलबिहिन् रित्तो हुन्छ। यसले मानिसहरबाटको वाहवाहलाई त निम्त्याउला, तर यसको कुनै आत्मिकी मूल्य भने हुँदैन। यथार्थमा, यो त - *ठ्याङ्ठ्याङ गर्ने पित्तल वा झ्याईँझ्याईँ गर्ने झ्याम्टाको आवाज जस्तो मात्र हो*। प्रभावशाली वक्तृताको वरदानले हामी प्रसिद्ध प्रचारक हुन सक्दछौं, तर साँचो बाइबलिय प्रेम बिना परमेश्वरको दृष्टिमा यो मूल्यहिन र शून्य छ।

अनि मसँग भविष्यवाणी गर्ने वरदान भए तापनि र सबै रहस्यहरू र सबै ज्ञानहरू जाने तापनि, साथै पहाडहरू हटाउन सक्ने पूरा विश्वास मसँग भए तापनि मसँग प्रेमचाँही छैन भने म केही पनि होइनँ।

त्यहाँ बाइबलले दिएको शिक्षामा केही समझ भएका मानिसहरू धेरै छन् र त्यहाँ अरु मानिसहरू पनि छन् जससँग बाइबलको प्रशस्त ज्ञान रहेको छ। यद्यपि, यदि तिनीहरूले बाइबलिय प्रेमलाई अभ्यास गर्दैनन् भने,

तिनीहरूका धेरै या कम, ज्ञान, कुनै पनि मूल्यको हुँदैन। आश्चर्यको अभिव्यक्तिमा, यी मानिसहरूमा पहाड सार्ने विश्वास रहे तापनि, साँचो बाइबलिय प्रेम बिना तिनीहरू केही पनि होइनन् र परमेश्वरको दृष्टिमा तिनीहरूले केही पनि पूरा गर्न सक्दैनन्। तिनीहरूका सारा ज्ञान र विश्वास केही पनि हुँदैनन् – शून्य। यो टिप्पणी गर्न रोचक छ की यहाँ तिनीहरूको काम वा क्रिया केही हुँदैनन् भनि बताइएको छैन , तर यसले जोड दिँदछ की तिनीहरू स्वयं नै *केही पनि होइनन्*।

अनि मैले मेरा सारा सम्पत्ति गरिबहरूलाई खुवाउन दिए तापनिर आफ्नो शरिरलाई जल्नाका निम्ति सुम्पिदिए तापनि मसँग प्रेमचाँही छैन भने मलाई केही पनि लाभ हुँदैन।

यस पद हाम्रो कार्यमा शून्य छ। सही उद्देश्य बिनाको सही कार्यले कुनै आत्मिकी इनाम निम्त्याउँदैन। प्रेम बिनाको स्व-त्याग कार्यले पनि हामीमा कुनै आत्मिकी आशिष ल्याउँदैन। यदि यो बाइबलिय प्रेममा जरा गादिएको छैन भने मसँग भएका *सारा* कुराहरू गरिबलाई दिएर अन्ततः त्याग गरि, शहिद नै बने तापनि, यसबाट हामीलाई कुनै लाभ हुँदैन।

अर्को तीन पदहरूले साँचो बाइबलिय प्रेमले कसरी कार्य गर्छ बनि हामीलाई शिक्षा प्रदान गर्दछ। ग्रीकमा प्रेम बारेमा यी सबैको वर्णन, नाम वा क्रिया विशेषण होइन, क्रिया हो। अर्को शब्दमा भन्नुपर्दा, हामीले देखि पनि सकेका छौं, प्रेम कुनै भावना वा संवेग होइन, तर कार्य हो। यो कुरा यस खण्डमा पनि सत्य नै ठहर हुँदछ। जब यसले "प्रेमले खूबै सहन्छ" भन्दछ, यसले प्रेम गर्ने मानिस प्रेमिलो हुन्छ भन्न खोजेको होइन, तर साटोमा प्रेम गर्ने मानिसले सहनलाई अभ्यास गरिरहन्छ भन्न खोजेको हो। यी सबै वर्णनमा यो सत्य रहेको छ। प्रेमले दयाको अभ्यास गर्छ, यसले कुनै पनि ईर्ष्या आदीको अभ्यास गर्दैन।

प्रेमको सन्दर्भमा धेरै विवरणहरू लेखीएका छन्। यी आत्माको खोज गर्ने विवरणहरू हुन् जुन हामीमध्ये सबैले राम्रोसँग खोजी गर्नुपर्दछ र प्रभुको सेवाप्रतिको हाम्रो प्रतिवद्धतालाई हामीले मूल्यांकन गर्नुपर्छ। यो कुनै अनौपचारिक भावुकतापूर्ण प्रेमको विवरण होइन। यो सहज छैन। प्रभुमा बलियो रहेकाहरू र निरन्तरताका साथ आत्माले भरपुर व्यक्तिहरूले मात्र यस किसिमको प्रेमिलो व्यक्ति हुन थालनी गर्न सक्दछन्।

प्रेमले खूबै सहन्छ।

मानिसहरूलाई प्रेम गर्दा धेरै कष्ट भोग्नुपर्छ र यसको निम्ति सहनको अभ्यास गर्नुपर्छ। यो शान्त हुन्छ र रिस गर्नको निम्ति यो अति ढिला हुन्छ। तिनीहरूलाई गलत गरे तापनि यसले प्रतिशोध वा बदलाको विचार गर्दैन। क्षमा दिन यो छिटो हुन्छ।

प्रभुमा सेवा गरिरहेका सहनशिल व्यक्तिहरूले सजिलैसँग हार मान्दैनन्। तिनीहरू सोचे अनुसारले कुराहरू नभए तापनि तिनीहरू विश्वासयोग्य नै रहन्छन्।

यसकारण म, प्रभुको कैदी, तिमीहरूलाई विन्ती गर्दछु; जुन वोलावटले तिमीहरू बोलाइएका छौ, त्यसैको योग्य चालमा हिँड, सबै दीनता र नम्रतासाथ, सहनशीलतासित प्रेमले एक-अर्कालाई सह, एफिसी ४:१-२

कि उहाँलाई पूरा प्रसन्न गराउनालाई तिमीहरू प्रभुको योग्य चालमा हिँड, हरेक असल काममा फलदार हुँदै जाओ, र परमेश्वरलाई चिन्ने ज्ञानमा बढ्दै जाओ; अनि आनन्दसितको सम्पूर्ण धीरज र सहनशीलताका निम्ति उहाँको महिमित सामर्थ्यअनुसार सारा शक्तिले बलवान् होओ; कलस्सी १:१०-११

सहनशिलता हाम्रो प्रभु येशूको विशेषता हो र हामी उहाँको स्वरुपमा ढालिदैँ जानुपर्दछ। सहन आत्माबाटको फल हो। परमेश्वरको आत्माद्वारा भरपुर र सामर्थी पारिएका व्यक्तिहरूले मात्र साँचो बाइबलिय सहनशिलतालाई अभ्यास गर्न सक्दछन्।

यस्ता कुराहरूको विरोधमा कुनै व्यवस्था छैन। अनि जो ख्रीष्टका हुन्, उनीहरूले शरिरलाई वासना र लालसाहरूसँगै क्रुसमा टाँगेका छन्। गलाती ५:२३-२४

प्रेम दयालु हुन्छ

दयालु हुनु भनेको खाँचोमा परेकाहरूलाई सहायता वा सहयोग गर्नको लागी तत्पर हुनु हो। यो अरुका लागी उपयोगी वा सहयोगी कार्य गर्नु हो। यो सभ्य र उदार हुनु हो। यो अरुलाई सहयोग गर्नको लागी त्याग गर्नु हो। दयाले कुनै पनि व्यक्तिलाई भलाई मात्र गर्दछ।

प्राय भलाई र दया साथ-साथ जादँछन्। भलाई र दयाको एक असल उदाहरण येशू हुनुहुन्छ।

हे सबै परिश्रम गर्ने र भारीले दबिएकाहरूहो, मकहाँ आओ, अनि म तिमीहरूलाई विश्राम दिनेछु। मेरो जुवा आफूमाथि राख, र मबाट सिक; किनकी म नम्र र हृदयमा दीन छु; अनि तिमीहरूले आ-आफ्नो मनमा विश्राम पाउनेछौ। किनकी मेरो जुवा सजिलो, र मेरो भारी हलुका छ"। मत्ती ११:२८-३०

हामीले उहाँको अगुवाईलाई पछ्याउनुपर्छ र अरुहरूसँग हामी दयालु हुनुपर्छ।

अनि एक-अर्काप्रति दयालु होओ, कोमल मनका होओ; र जसरी परमेश्वरले ख्रीष्टमा तिमीहरूलाई क्षमा गर्नुभएको छ, उसरी नै तिमीहरूले पनि एक-अर्कालाई क्षमा गर। एफिसी ४:३२

यसकारण परमेश्वरका चुनिएका, पवित्र र प्रिय जनहरूले झैँ कोमल मायाहरू, दया, मनको नम्रता, दीनता, सहनशीलतालाई धारण गर; कसैले कसैको विरोधमा दोष दिने केही कुरा छ भने एक-अर्कालाई सहिदेओ र एक-अर्कालाई क्षमा गर; जसरी ख्रीष्टले तिमीहरूलाई क्षमा गर्नुभयो, उसरी नै तिमीहरूले पनि क्षमा गर। कलस्सी ३:१२-१३

प्रेमले डाहा गर्दैन।

डाहा गर्नु भनेको ईर्ष्या, लोभ, वा अभिलाषा गर्नु हो, वा अरुसँग भएका थोकहरू चाहना गर्नु हो, वा अरूहरूजस्तै हुन मन गर्नु हो। अरु कसैको सम्पत्ती, रुप-सौन्दर्य, तिनीहरूका जीवनको अवस्था, सामर्थ्य, प्रभाव आदी प्रति मानिसहरू डाहा गर्न सक्दछन्। डाहा र ईर्ष्या पाप हुन्।

किनकी तिमीहरू अझै पनि शारिरिक नै छौ; किनकी जब तिमीहरूका बीचमा डाहा, झगडा र फूटहरू छन्, त के तिमीहरू शारिरिक होइनौ र? मानिसको चालमा हिँड्दैनौ र? १कोरिन्थी ३:३

अब शरिरका कामहरू प्रकट छन्, ती यी हुन्; परस्त्रीगमन, व्यभिचार, अशुद्धता, कामुकता, मूर्तिपूजा, टुनामुना, शत्रुता, झगडा, डाहा, क्रोध, विरोध, फूट, दलबन्दी, द्वेष, हत्या, मतवालापन, मोजमज्जा र यही प्रकारका कुराहरू; जुन कुराहरूका विषयमा म तिमीहरूलाई पहिल्यै भन्दछु, जसरी अघि नै भनिसकेको पनि छु; यस्ता-यस्ता काम गर्नेहरू परमेश्वरका राज्यका हकवाला हुनेछैनन्। गलाती ५:१९-२१

यसैकारण सबै वैरभाव, सबै छल, कपट, डाहा र सबै प्रकारका निन्दा हटाओ; १पत्रुस २:१

डाहा र शान्ति साथ-साथ जाँदैन।

स्वस्थ मन शरिरको प्राण हो; तर डाहाचाँही हड्डीहरूको सडावत हो। हितोपदेश १४:३०

डाहा र ईर्ष्याले धेरै प्रकारका पापहरूमा डोर्याउँदछन्। यसको बारेमा धेरै बाइबलिय उदाहरणहरू छन्।

धार्मिक गुरुहरूले ईर्ष्याको कारणले येशूलाई मारे।

किनकी मूख्य पूजाहारीहरूले उहाँलाई डाहाको कारणले सुम्पिदिएका हुन् भनि उनलाई थाह थियो। मर्कुस १५:१०

हव्वाले पाप गरिन् कारण परमेश्वरसँग भएझैँ तिनीसँग पनि भएको चाह तिनले गरिन्। कैनले डाहाको कारणले हाबिललाई मार्यो। युसूफका दाजुहरूले उनलाई दासत्वमा बेचिदिए किनभने तिनीहरूले उनको डाहा गर्दथे। आहाबले नाबोतलाई मार्न लगाए कारण नाबोतको दाखबारी उनी चाहन्थे। कोराह मोशाको डाहा गर्दथे, र परमेश्वरले कोराह र उनको परिवारलाई नष्ट गर्नुभयो। यस प्रकारको सूचि अघि बढि नै रहन्छन्। डाहा र ईर्ष्याले धेरै पापहरूमा डोर्याए र आज पनि डोर्याउँदछन्। बिभिन्न प्रकारका धेरै खालका पापहरू गर्न यी उत्प्रेरकहरू हुन्।

डाहाले अरुहरूसँग भएजस्तै चाहना मात्र राख्दैन, तर तपाईसँग नभएको कुरा अरुसँग हुँदा यसले तपाईलाई क्रोधित पार्दछ। डाहा, चाहना, लोभ, ईर्ष्या, र भित्रभित्रैको उत्जेना, तीतोपना र रिस सबै नै साथ-साथ जादँछन्। जब अरु विफल हुँदछन् वा कुनै प्रकारको अप्ठ्यारा र बाधामा पर्दछन् तब डाहा प्रशन्न हुँदछ। साँचो प्रेम यसको ठीक विपरित छ। जब अरु सफल हुन्छन् तब यसले आनन्द मनाउँछ। जब अरुहरूले बाधा र चोटको अनुभव गर्दछन् तब यसले पनि पिडा महसुस गर्दछ। जब अरुहरू कष्ट भोगिरहेका हुन्छन् तब यसले पनि साथैमा कष्ट भोगिदिन्छ।

यसैले की शरिरमा कुनै फाटो नहोस् तर अङ्गहरूले एक-अर्काका निम्ति एकै प्रकारको वास्ता राखून्। अनि एउटा अङ्गले दुःख पायो भने सबै अङ्गहरूले त्योसँगै दुःख भोग्छन्; अथवा एउटा अङ्गले आदर पायो भने सबै अङ्गहरूले त्योसँगै आनन्द मनाउँछन्। १कोरिन्थी १२:२५-२६

शाउलको छोरा, योनातान, ईश्वरिय मानिसको उदाहरण हुन् जसले आफ्ना घनिष्ठ मित्र दाउदको मित्रतालाई डाहाको कारणले नष्ट हुन दिएनन्। योनातान इस्राएलको अर्को राजा हुने क्रममा थिए, तर परमेश्वरले उनको सट्टामा दाउदलाई अर्को राजा चुन्नुभएको छ भनि उनी जान्दथे। योनातानले डाहाको कारणले प्रभु र दाउदको विरुद्धमा पाप गरेनन्।

प्रेमले आफ्नो प्रशंसा गर्दैन।

प्रशंसा वा घमण्ड गर्नुचाँही अरुमाथि आफैलाई माथि उचाल्नु हो। यसले आफैलाई महिमित पार्छ, प्रशंसा गर्छ र आफ्नै योग्यता वा अधिपत्यमा आनन्द मनाउँछ। यसले अरुहरूलाई डाही र ईर्ष्यालु बनाउने प्रयास गर्दछ। यसले अरुलाई चोड पुर्याउने काममा बढ्दछ, आफैलाई श्रेष्ठ महसुस गराउँदछ। घमण्डी मानिसहरूले अरुलाई प्रेम गर्नु वा हाम्रा प्रभु येशू ख्रीष्टलाई प्रेम गर्नुको साटो आफैलाई प्रेम गर्छन्।

तर अब तिमीहरू आफ्ना सेखीमा अमण्ड गर्दछौ; यस्तो सबै घमण्ड खराब हो। याकूब ४:१६

तिमीहरूको घमण्ड गराइ असल होइन। अलिकति खमीरले सारा ढिकालाई खमीर बनाइदिन्छ भन्ने कुरा के तिमीहरूलाई थाहा छैन? १कोरिन्थी ५:६

परमप्रभु यसो भन्नुहुन्छः बुद्धिमानले आफ्नो बुद्धिमा गर्व नगरोस्, न शक्तिमानले आफ्नो शक्तिमा गर्व गरोस्, न धनवानले आफ्नो धनमा गर्व गरोस्; तर जसले गर्व गर्दछ, उसले मलाई 'परमप्रभु म नै हुँ; म नै पृथ्वीमा करुणा, न्याय र धार्मिकताको काम गर्छु' भनि बुझेको र चिनेकोमा गर्व गरोस्; किनकी यी कुराहरूमा म प्रसन्न हुन्छु, परमप्रभु भन्नुहुन्छ। यर्मिया ९:२३-२४

प्रभु येशू ख्रीष्टको अनुयायी हुनाले, हाम्रो जीवनको पूर्ण उद्देश्य भनेको उहाँलाई महिमित तुल्याउनु हो, हामी आफैलाई होइन। कुनै पनि व्यक्तिले एकै समयमा आफैलाई उचाल्न र हाम्रो प्रभुलाई महिमित तुलयाउन सक्दैन। ख्रीष्टियनहरू भएकाले, हामीलाई यो सहज छ, आफैलाई असल प्रस्तुत गर्न। हामीले बताउने कथाहरूमा पनि, अरुहरूबाट प्रशंसा वा आदर प्राप्त गर्नको लागी कहिलेकाँही हामीले आफैलाई उचाल्दछौं।

केही वर्ष अघि ओल्कहोमामा रहेको एक मण्डलीमा पूरा दिन प्रचार गर्नको निम्ति म उपस्थित भएँ। मध्यान्नको खाजा खाने समयमा त्यस दिनका वक्ताहरू बसेकै टेबलमा खाना खानको लागी म पनि सँगै बसें। तिनीहरूका कुराकानीलाई म कहिल्यै पनि बिर्सिन सक्दिनँ। तिनीहरूले बिगत वर्षमा आफ्ना मण्डलीमा कति मानिसहरू उद्धार गरिए र बप्तिष्मा लिए भन्ने बारेमा कुरा गरिरहेका थिए। तिनीहरूले आफ्नो मण्डलीमा कति मानिस उद्धार गरिए र बप्तिष्मा लिए भन्ने बारेमा, एक श्रेष्ठ मानिस बन्ने खेल खेलिरहेका थिए र स्पष्टरुपमा यहाँ तिनीहरूको घमण्ड र गर्वलाई देखिन सकिन्थ्यो, कारण तिनीहरूले प्रभुलाई महिमा र श्रय दिने कुरै गरेनन्।

तर हाम्रा प्रभु येशू ख्रीष्टको क्रुसमा बाहेक अरू कुनै कुरामा म गर्व गर्दै गर्दिनँ, जसद्वारा संसार मेरा निम्ति, र मचाँही संसारका निम्ति क्रुसमा टाँगिएको छु। गलाती ६:१४

घमण्डले फुलिँदैन।

घमण्ड र बाइबलिय प्रेम एकसाथ जाँदैनन्।

उहाँ (येशू) **बढ्नुपर्छ, तर मचाँही घट्नुपर्छ।** यूहन्ना ३:३०

एक-अर्कासँग एकै मनका होओ। अल्गा कुराहरूमा मन नलगाओ, तर नम्रहरूतर्फ झुक। आफ्नो दृष्टिमा बुद्धिमान् नहोओ। रोमी १२:१६

घमण्ड धेरै प्रकारले आउँदछ। ती जो घमण्डी छन् तिनीहरू गर्व गर्दछन्, फुलिँदछन्, अहंकारी हुन्छन्, अरुभन्दा आफू उच्च रहेको कुरा खूल्ला रुपमा व्यक्त गर्दछन्। धक्कु लाउनुको जरा, जुन अधिका खण्डमा चर्चा गरिएको थियो, घमण्ड हो।

मानिसहरूमा लुकेको नरम खालको घमण्ड पनि हुन्छ। सबै मानिसहरू अहंकारी हुँदैनन। मानिसहरू खुला रुपमा घमण्डी हुँदैनन् तर भित्र-भित्रै तिनीहरूमा स्व-भरोसा रहेको हुन्छ र तिनीहरूले आफैलाई बढी योग्य देख्दछन् वा अरुहरूभन्दा आफूलाई नैतिक उच्चस्तरको पाउँदछन्। ती केही जो ख्रीष्टियनहरू हुन् र कुनै सेवकाईमा नियमित कार्यरत छन् तिनीहरूले पनि आफूलाई कुनै पापदेखी संघर्ष गरिरहेको मानिसभन्दा आफूलाई आत्मिकी उच्चस्तरमा रहेको पाउँदछन्। ती जो च्रचामा रहेका छन् तिनीहरू घमण्ड गर्न सक्र अशुरक्षित छन्।

त्यहाँ आध्यात्म सम्बन्धी घमण्ड पनि रहेको हुन्छ। ती जसलाई बाइबलको केही ज्ञान रहेको छ, वा ती जसले ती राम्ररी जान्नदछन् र बुझ्दछन्, परमेश्वरको वचनको ज्ञानको कारणले तिनीहरू फुलिन सक्दछन्।

घमण्डले अरुमाथि आफूलाई राख्दछ। परमेश्वर हाम्रा योग्यताका श्रोत, हाम्रो "सफलता", वा हाम्रो ज्ञान हुनुहुन्छ भनि यसले चिन्दैन। यसले प्राय विवादमा लैजान्छ। घमण्ड पाप हो र एक घमण्डी व्यक्तिलाई परमेश्वरको नजिकमा जान वा पूर्ण रुपले उहाँको खोजी गर्न असंभव नै हुँदछ। घमण्डले परमेश्वरको आत्मालाई दमन गर्दछ।

तब तिम्रो हृदय घमण्डले फुल्ला, र तिमीले परमप्रभु आफ्ना परमेश्वरलाई बिर्सौला, जसले तिमीलाई मिश्र देशबाट अर्थात् दासत्वको घरबाट निकालेर ल्याउनुभयो; व्यवस्था ८:१४

परमेश्वरले घमण्डलाई घृणा गर्नुहुन्छ भन्ने कुरा प्रष्ट छ।

परमप्रभुको भय मान्नुचाँही खराबीलाई घृणा गर्नु हो; घमण्ड, हठीपना, खराब चाल र टेढा-मेढाबोल्ने मुखलाई म घृणा गर्दछु। हितोपदेश ८:१३

जसको हृदयमा घमण्ड छ, त्यस्तो हरेक व्यक्ति परमप्रभुका निम्ति घृणित छ; निश्चय नै त्यो दण्ड नपाई छोडिनेछैन। हितोपदेश १६:५

घमण्ड पापपूर्ण छ भनि कुनै शंका छ भने, घमण्ड केसँग सम्बन्धित रहेको छ हेर्नुहोस्।

यो पनि जानिराख – अन्तिम दिनहरूमा सङ्कटपूर्ण समयहरू आउनेछन्। किनकी मानिसहरू आफूलाई मात्र प्रेम गर्ने, पैसाको लोभी, सेखीबाज, घमण्डी, निन्दा गर्ने, बाबु-आमाको आज्ञापालन नगर्ने, बैगुणी, अपवित्र, स्वाभाविक माया नभएका, मेल गर्न नचाहने, झूटा दोष लाउने, आत्मसंयम नभएका, कठोर, असललाई घृणा गर्ने, विश्वासघाती, जिद्दीवाल, धमण्डले फुलिएका, परमेश्वरलाई भन्दा बरु मोजमज्जालाई प्रेम गर्ने; भक्तिको भेष ता धारण गर्ने, तर त्यसको शक्ति इन्कार गर्ने हुनेछन्; यस्ताहरूबाट पर बस। २तिमोथी ३:१-५

हामीले आफूलाई नम्र तुल्याउनुपर्छ भनेर पवित्रशास्त्रमा धेरै पटक भनिएको छ। यथार्थमा, हामीले नम्रताको खोजी गर्नुपर्छ।

मेरो नामले कहलाइएका मेरा जनहरूले आफूलाई नम्र तुल्याए, प्रार्थना गरे र मेरो चेहराको खोजी गरे अनि आफ्ना दुष्ट चालहरूबाट फर्के भने म स्वर्गबाट सुन्नेछु, उनीहरूको देशलाई निको पारिदिनेछु। २इतिहास ७:१४

हे देशका सबै नम्रहरूहोधार्मिकताको खोजी !परमप्रभुको खोजी गर ,जसले उहाँको न्यायको काम गरेका छौ , परमप्रभुको रिसको दिनमा तिमी ,हुन सक्छ !नम्रताको खोजी गर !गरहरू छौ।लुकाइने सपन्याह २:३

ती जो नम्र छन् तिनीहरूलाई परमेश्वरले आशिषको प्रतिज्ञा गर्नुभएको छ र नम्र हुनेहरूलाई उहाँले उचाल्नुहुनेछ भनि प्रतिज्ञा पनि गर्नुभएको छ।

तर उहाँले बढी अनुग्रह दिनुहुन्छ। यसकारण उहाँ भन्नुहुन्छः 'परमेश्वरले घमण्डीहरूलाई विरोध गर्नुहुन्छ, तर नम्रहरूलाई अनुग्रह दिनुहुन्छ। याकूब ४:६

यसकारण परमेश्वरको सामर्थी हातमनि आफू-आफूलाई नम्र तुल्याओ, र ठीक समयमा उहाँले तिमीहरूलाई उच्च पार्नुहुनेछ; १पत्रुस ५:६

प्रभुका सामु आफूलाई नम्र तुल्याओ, र उहाँले तिमीहरूलाई माथि उठाउनुहुनेछ। याकूब ४:१०

रूखो व्यवहार गर्दैन।

रूखो व्यवहार गर्नु भनेको अमेल, आफ्नै भलाई, अकृपालु, असभ्य व्यवहार गर्नु हो। यो अनुशासनहित प्रवृत्ती हो जसले अरु मानिसहरूप्रति असभ्य व्यवहार गर्दछ। यसको व्यवहारले अरुलाई कसरी प्रभाव पार्दछ भन्ने कुरालाई थोरै वा कत्तिपनि सरोकार राख्दैन। अरुहरूसँग परस्पर व्यवहार गर्दा गरिने खराब ढङ्ग हो यो।

अविश्वासीहरूसँगको व्यवहारमा ख्रीष्टियनहरू प्राय कठोर व्यवहार र बोली गर्दछन्। तिनीहरूले गरेका कुरा र कार्यहरूलाई हामीले सहमति जनाउन त सक्दैनौं नै, तरैपनि, तिनीहरूसँगको हाम्रो व्यक्तिगत कुराकानीमा हामी हाम्रै भलाई राख्ने र असभ्य व्यवहार गर्ने अधिकार हामीमा रहेको चैन।

सबैलाई आदर गर। भाइ-बन्धुहरूलाई प्रेम गर। परमेश्वरको डर मान। राजालाई आदर गर। १पत्रुस २:१७

यसकारण हामी मेलमिलापका कुराहरू र एक-अर्काको उन्नति गर्ने कुराहरूका पछि लागौं। रोमी १४:१९

कुनै कुवचन तिमीहरूको मुखबाट ननिस्कोस्, तर आवश्यक उन्नतिका निम्ति जुन कुरा असल छ, त्यही मात्र निस्कोस्, र त्यसले सुन्नेहरूलाई अनुग्रह प्रदान गरोस्। एफिसी ४:२९

साचौं प्रेमले प्राय हाम्रो व्यक्तिगत भावनाहरूलाई पन्छाइदिन्छ र अरुसँग कुरा गर्दा आदरयुक्त र नम्र बनाउँदछ, तिनीहरूका लागी पनि जसले हामीलाई त्यही प्रकारको आदर दिँदैनन्। यसको अर्थ हामीले खराब काम वा गलत व्यवहारलाई माफ गर्छौं भन्ने होइन, तर हामीले अझै पनि साँचो प्रेम देखाउनुपर्दैन भन्नेचाँही होइन।

आफ्नै भलाइ खोज्दैन

अब शरिरका कामहरू प्रकट छन्, ती यी हुन्; परस्त्रीगमन, व्यभिचार, अशुद्धता, कामुकता, मूर्तिपूजा, टुनामुना, शत्रुता, झगडा, डाहा, क्रोध, विरोध, फूट, दलबन्दी, द्वेष, हत्या, मतवालापन, मोजमज्जा र यही प्रकारका कुराहरू; जुन कुराहरूका विषयमा म तिमीहरूलाई पहिल्यै भन्दछु, जसरी अघि नै भनिसकेको पनि छु; यस्ता-यस्ता काम गर्नेहरू परमेश्वरका राज्यका हकवाला हुनेछैनन्। गलाती ५:१९-२१

बाइबलिय प्रेमको केन्द्र भनेको अरुहरूका लागी भलाईको खोजी गर्नु हो। अरुहरूलाई बिकास गर्न र सहायता गर्नको लागी के गर्न सकिन्छ त्यसको छनोट गर्नु हो। हाम्रो आफ्नै स्वार्थी चाहना वा महत्वकाक्षांमा केन्द्रित हुनुचाँही बाइबलिय प्रेमको ठीक विपरित हो। विश्वासी भएकाले, अरुहरूका निम्ति हामीले भलाई, उत्तमताको खोजी गर्नुपर्छ। हामीले एक-अर्काको भारीलाई बोक्नुपर्छ।

निश्चय नै, हामीले आफ्नो हेरचाह गर्नु र आफ्ना खाँचाहरूमा प्रबन्ध गर्नु गलत भने होइन। यथार्थमा, हाम्रा खाँचाहरू आफैले पूरा गर्नको लागी काम गर्नु भनि परमेश्वरको वचनद्वारा हामीलाई निर्देशन प्रदान गरिएको छ। जब हामी स्वार्थी र स्व-केन्द्रित हुन्छौं र अरुका लागी थोरै वा कत्तिपनि कार्य गर्दैनौं, तब हामीले बाइबलिय प्रेमलाई अभ्यास गरिरहेका हुँदैनौं।

यसको उदाहरण हाम्रा प्रभु येशू ख्रीष्ट आफै हुनुहुन्छ। जब उहाँ क्रुसमा मर्नुभयो, त्यो उहाँले आफ्नै निम्ति गर्नुभएको होइन; यो त हाम्रो भलाईको लागी थियो। येशूले क्रुसमा कष्ट भोग्न चाहनुहुन्नथ्यो, तरैपनि उहाँ यो भोग्नुभयो, र, फलस्वरुप, हामीले परमेश्वरलाई जान्न सक्छौं र उहाँसँग हिँड्न सक्दछौं अनि हामीले उहाँसँगै अनन्तता बिताउनेछौं। हामीले प्राप्त गरेको यो कस्तो आशिष !!!

कुनै मानिसले पनि आफ्नै भलाइ नखोजोस्, तर हरेकले अर्काको भलाइको खोज गरोस्। १कोरिन्थी १०:२४

यसैले की शरिरमा कुनै फाटो नहोस् तर अङ्गहरूले एक-अर्काका निम्ति एकै प्रकारको वास्ता राखून्। अनि एउटा अङ्गले दुःख पायो भने सबै अङ्गहरूले त्योसँगै दुःख भोग्छन्; अथवा एउटा अङ्गले आदर पायो भने सबै अङ्गहरूले त्योसँगै आनन्द मनाउँछन्। १कोरिन्थी १२:२५-२६

किनकी जहाँ डाहा र विरोध हुन्छन्, त्यहाँ गडबडी र हर प्रकारको दुष्ट काम हुन्छ। याकूब ३:१६

प्रेम झडङ्ग रिसाउँदैन

समय-समयमा सबै मानिसहरूले रिसको अनुभव गर्दछन्। यद्यपि, परमेश्वरलाई खोजी गर्न र उहाँको नजिकमा जान प्रतिवद्ध भएको मानिसले पापमय विचारहरू सोच्न, र अभक्तिहिन तरीकाले कार्य गर्न वा परमेश्वरलाई पछ्याउने उसको कार्यलाई बाधा पुर्याउनबाट आफैलाई रोक्दछ।

होओ, र पाप नगर; आफ्नो ओछ्यानमा मनमनै ध्यान गर, र शान्त होओ! भजनसंग्रह ४:४

रिसाओ, तर पाप नगर; घाम अस्ताउनुभन्दा पहिल्यै तिमीहरूको रिस मरोस्। एफिसी ४:२६

क्रोधलाई पक्रिरहन र त्यसलाई विद्रोह र तीतोपनामा हुर्काउनको साटो, हामीले त्यस रिसबाट आफैलाई मुक्त गराउनुपर्छ। *"घाम अस्ताउनुभन्दा पहिल्यै तिमीहरूको रिस मरोस्"।*

धेरै जसो हामी अरु मानिसहरूसँग केही कुराहरूको लागी क्रोधित हुन्छौं, जुन कुराले हामीलाई, एक तरीकाले वा अरु तरीकाले, नकारात्मक असर पारेको वा हामीलाई चोट पुर्याएको ठान्दछौं। हामीले त्यस रिसलाई पक्रिराख्नुको एक कारणचाँही हामी बदला लिन चाहन्छौं, वा उस्तै व्यवहार गर्न चाहन्छौं। हामी रिसमा झुण्डिरहने एक मात्र कारण यो नै हो। हाम्रा अधिकारहरू भगं गरिएको हुन्छ र हामी पनि प्रहार गर्न चाहन्छौं।

अरुहरूप्रतिको निरन्तर रिस र बाइबलिय प्रेम ठीक विपरित छन्। साँचि बाइबलिय प्रेमले अरुको भलाई खोज्दछ भने, रिसले अरुको हानी मात्र खोज्दछ।

परमेश्वरको वचनमा, परमेश्वर बदला लिन जिम्मेवार हुनुहुन्छ भनि बताइएको छ।

हे प्रियहरूहो, तिमीहरू आफैले बदला नलेओ, तर बरु क्रोधलाई ठाउँ देओ; किनकी लेखिएको छः 'बदला लिने काम मेरो हो, म नै बदला दिनेछु, प्रभु भन्नुहुन्छ'। रोमी १२:१९

तिमीले बदला नलिनू, र आफ्ना जाति-भाइप्रति इबी नराख्नू; तर तिमीले आफ्नो छिमेकीलाई आफैलाई झैं प्रेम गर्नू; म नै परमप्रभु हुँ। लेवी १९:१८

कसैप्रति क्रोधित हुनुको साटो, हामीले त्यस व्यक्तिलाई क्षमा दिनुपर्छ। जब हामीले परमेश्वरलाई सम्झाल्न सुम्पिन्छौं, तब क्षमा दिनु कठिन छैन।

सबै तीतोपना, क्रोध, रिस, कलह र निन्दा सबै वैरभावसित तिमीहरूबाट टाढा गरिऊन्; अनि एक-अर्काप्रति दयालु होओ, कोमल मनका होओ; र जसरी परमेश्वरले ख्रीष्टमा तिमीहरूलाई क्षमा गर्नुभएको छ, उसरी नै तिमीहरूले पनि एक-अर्कालाई क्षमा गर। एफिसी ४:३१-३२

एक ख्रीष्टियनको जीवनमा क्रोधित हुनुपर्ने वैध कुरा त्यो हो जसले परमेश्वरलाई पनि क्रोधित पार्दछ। परमेश्वर क्रोधित हुनुहुने केही कुराहरू हुन् पाप, विद्रोह, र झूटा धार्मिक प्रणाली।

प्रेमले खराबीको हिसाब राख्दैन

जब प्रभुले हाम्रा पापहरू क्षमा गरिदिनुहुन्छ, तब उहाँले "तिनीहरूलाई त्यस उसो सम्झनुहुदैँन"।

किनकी तिनीहरूका अधर्महरूतर्फ म कृपालु हुनेछु, र तिनीहरूका पापहरू र तिनीहरूका अपराधहरू म कहिल्यै सम्झना गर्नेछैनँ। हिब्रु ८:१२ यर्मिया ३१:३४ र यशैया ४३:२५ मा पनि हेर्नुहोस्।

हामी प्रभु येशूको अनुयायी भएका हुनाले, उहाँको जस्तै प्रवृत्ती हामीमा पनि हुनुपर्छ। हामीले क्षमा दिइकन र कुनै मानसिक अभिलेख नराखिकन हामीलाई खराबी गर्नेहरूलाई क्षमा गरिदिनुपर्छ र यसरी बाइबलिय प्रेमलाई अभ्यास गर्नुपर्छ। हामी, मानव भएकाले, के भयो भनि हामी कहिल्यै बिर्सिदैनौं, तर हामीले खराब कुराहरूको सम्बन्धमा मानसिक अभिलेख राख्नुहुँदैन।

अनि सबै कुराहरू परमेश्वरबाटका हुन्, जसले येशू ख्रीष्टद्वारा आफूसँग हाम्रो मिलाप गराउनुभएको छ, र हामीलाई मिलापको सेवा दिनुभएको छ; अर्थात् परमेश्वरले ख्रीष्टमा भईकन आफूसित संसारको मिलाप गराउनुभयो, तिनीहरूसित तिनीहरूका अपराधहरूको हिसाब लिनुभएन र हामीलाई मिलापको वचन सुम्पनुभएको छ। २कोरिन्थी ५:१८-१९

त्यहाँ धेरै छन् जसले आफूलाई गरिएको खराबीको कुनै मानसिक अभिलेख राख्दैनन्। पति र पत्नीमा आफ्नो जीवन साथीहरूले गरेका खराबीको धेरै लामो सूची हुन सक्छ। यो साँचो बाइबलिय प्रेम हो। साटोमा, यो परमेश्वरसँगको हाम्रो हिँडाईमा आउने क्रोध, बेसुरपना, अप्रसन्नता र हार हो। यदि हामी परमेश्वरको समिपमा जान चाहन्छौं भने, हामीले अरुहरूबाट पाएको अपमानलाई मानिसिक अभिलेख गरी राख्नुहुँदैन।

यही सत्यता हामीमा पनि लागु हुँदछ। हाम्रो आफूप्रतिको बिगतका अपमान र असफलतालाई हामीले कहिल्यै मानसिक अभिलेख राख्नुहुँदैन। प्रभुको सेवातर्फ यसले हामीलाई निरूत्साहित गराउँछ र हार मात्र दिँदछ। जब उपयुक्त हुँदछ, संशोधन गर्न हामीले के गर्न सक्छौं सो हामी गर्दछौं, हामीले परमेश्वरको क्षमालाई स्वीकार गर्दछौं, उहाँमाथि आफ्नो भरोसा राख्दछौं, त्यसपछि विश्वासयोग्यताका साथ उहाँको वोलावटको पूर्ण योग्यता अनुसार उहाँको सेवा गर्नेछौं।

भाइहरूहो, मैले पक्रिसकेको छु भनि म आफ्नो विषयमा सम्झन्नँ; तर यो एउटा कुरा म गर्दछु – पछिल्तिरका कुराहरू बिर्सेर अघिल्तिरका कुराहरूतिर लम्कँदै ख्रीष्ट येशूमा परमेश्वरको उच्च वोलावटको पुरस्कारका निम्ति म निशानातिर दगुर्छु। फिलिप्पी ३:१३-१४

प्रेम अधर्ममा आनन्दित हुँदैन

प्रेम निष्कपट होस्। खराब कुरालाई घृणा गर; जुन कुरा असल छ, त्यसमा टाँसिबस। रोमी १२:९

सबै कुरा जाँच; जुन कुरा असल छ, त्यसलाई बलियो गरी समाती राख। २२ दुष्टताको हरेक रुपबाट अलग बस। १थेस्सोलोनिकी ५:२१-२२

किनकी तिमीहरूको आज्ञापालनको कुरा सबैकहाँ फैलिएको छ। यसकारण तिमीहरूको विषयमा म आनन्दित छु; तर अझै पनि म चाहन्छु – तिमीहरू असल कुराका निम्ति बुद्धिमान्, र खराबका निम्ति सोझा बन। रोमी १६:१९

दुष्टतालाई यसरी परिभाषित गर्न सकिन्छ, ती सबै कुराहरू जुन गलत, अधार्मिकता, पापपूर्ण, अधर्मी, वा दुष्ट छन्। यदि एक व्यक्तिले परमेश्वरलाई प्रेम गर्छ भने, पापबाट उसले आनन्द र रमाहट प्राप्त गर्दैन। परमेश्वरलाई प्रेम गर्ने व्यक्तिले निरनन्तर पापमा जीवनयापन गरिरहदैँन। यदि उसले परमेश्वरलाई प्रेम गर्छ भने, पापलाई प्रकाश पार्ने वा खराब विषयवस्तु समावेश गरिएको दुरदर्शन कार्यक्रम उसले हेर्दैन। ऊ हाँस्दैन वा खराब चुट्किला वा कथा सुनाउँदैन। उसले व्यर्थैको कुराकानी गर्दैन। उसले अरुहरूलाई आफ्नो बिगत जीवनमा गरिएको पापपूर्ण कुराहरू सुनाउन आनन्द मान्दैन। एक साँचो प्रेम गर्ने व्यक्तिले चलचित्र सितारा वा अभक्तिमय जीवन जिउने कुनै पनि प्रसिद्ध व्यक्तिको प्रशंसा गर्दैन वा उसलाई पुज्दैन। उसले मानिसहरूको साटो, प्रभु येशू ख्रीष्टमा नै आफूलाई केन्द्रित गराइरहँदछ।

साँचो प्रेमले कुनै तरीकाले पनि व्यक्तिगत रुपमा पापमा आनन्द मनाउँदैन र अरुहरूले पाप गर्दा पनि हर्षित हुँदैन। त्यहाँ धेरै समयहरू हुँदछन् जहाँ अरुले पाप गर्दा हामी मन-मनै खुशी हुँदछौं कारण यसले हाम्रो विचारलाई सिद्ध पारिदिन्छ वा यसले हामीलाई असल देखाउँछ भनि हामी सोच्दछौं। साँचो प्रेमले कुनै कारणको पापमा कहिल्यै आनन्दित हुँदैन।

तलका पदहरूले पापहरूको सूची प्रस्तुत गर्छ जसमा हाम्रो शरिर आनन्दित हुन्छ। यिनीहरू हाम्रो जीवनमा निरन्तर भइरहने जीवनको एक अशं हुनुहुँदैन – यो हुन नै सक्दैन। ती जो यसमा नियमित आनन्द मनाउँछन् परमेश्वरको राज्यमा तिनीहरूको कुनै भाग रहेको छैन।

अब शरिरका कामहरू प्रकट छन्, ती यी हुन्; परस्त्रीगमन, व्यभिचार, अशुद्धता, कामुकता, मूर्तिपूजा, टुनामुना, शत्रुता, झगडा, डाहा, क्रोध, विरोध, फूट, दलबन्दी, द्वेष, हत्या, मतवालापन, मोजमज्जा र यही प्रकारका कुराहरू; जुन कुराहरूका विषयमा म तिमीहरूलाई पहिल्यै भन्दछु, जसरी अघि नै भनिसकेको पनि छु; यस्ता-यस्ता काम गर्नेहरू परमेश्वरका राज्यका हकवाला हुनेछैनन्। गलाती ५:१९-२१

एउटाले अर्कोसित झूट नबोल; किनकी तिमीहरूले पूरानो मान्छेलाई त्यसका कामहरूसमेत निकालिदिएका छौ। अनि नयाँ मान्छेलाई पहिरेका छौ, जोचाँही आफ्नो सृष्टिकर्ताको स्वरुपअनुसार ज्ञानमा नयाँ हुँदै जान्छ; कलस्सी ३:९-१०

तलको शास्त्रको पद अनुसार, परमेश्वरलाई प्रेम गर्ने दाबी गर्ने व्यक्तिको जीवनले दुष्टतालाई प्रेम गरेको छ भने त्यसको चरित्र बयान यसरी गरिएको छ की, "त्यसले परमेश्वरलाई देखेको छैन"। परमेश्वरलाई प्रेम गर्नु वा असल गर्नु र दुष्टतालाई प्रेम गर्नू आपसमा बिल्कूलै फरक कुरा हो। एक व्यक्ति यी दुवै व्यक्तित्वद्वारा परिचित हुन सक्दैन। दुष्टताबाट परिचित हुने व्यक्तिले परमेश्वरलाई प्रेम गर्दैन।

प्रिय तर भलो कुराको पछि ,खराब कुराको पछि होइन ,लाग। जसले भलाइ गर्दछतर ;ऊ परमेश्वरबाटको हो , त्यसले परमेश्वरलाई देखेको छैन। ,जसले खराबी गर्दछ ३यूहन्ना १:११

तर सत्यमा आनन्दित हुन्छ

अनि तिमीहरूले सत्यलाई जान्नेछौ, र सत्यले तिमीहरूलाई स्वतन्त्र गराउनेछ"। यूहन्ना ८:३२

परमेश्वर आत्मा हुनुहुन्छ, अनि उहाँको उपासना गर्नेहरूले आत्मामा र सत्यतामा उपासना गर्नुपर्दछ"। यूहन्ना ४:२४

परमेश्वरप्रतिको साँचो प्रेमले परमेश्वरद्वारा प्रदान गरिएको बाइबलिय सत्यतालाई जान्न, बुझ्न र त्यस अनुसार जिउनको निम्ति खोजी गरिरहन्छ। साँचो प्रेमले झूटा शिक्षालाई स्वीकार गर्दैन। परमेश्वरलाई प्रेम गर्नूचाँही परमेश्वरद्वारा प्रदान गरिएको बाइबलिय सत्यतालाई जान्नु र लागु गर्नु हो। यसले सत्यताको आफ्नै संस्करणको निर्माण गर्दैन वा आदी खोक्रो सत्यतालाई विश्वास गर्दैन वा प्रचारकहरू वा शिक्षकहरू आफैले निर्माण गरेका बटारिएका सत्यताका संस्करणहरूको शिक्षालाई विश्वास गर्दैन। आधी खोक्रो सत्यता र बटारिएको सत्यतामा जिउनु परमेश्वरलाई प्रेम गर्नु होइन।

त्यहाँ त्यस्ता मानिसहरू पनि छन् जसले भन्दछन् की साझा आधार पत्ता लगाउन वा सबैलाई प्रेम गर्नको लागी हामीले बाइबलिय सत्यताप्रतिको हाम्रो प्रतिवद्धतालाई पाखामा पन्छाउनुपर्छ। एकता र "प्रेम"लाई प्रचार गर्ने दुनियावी गति साँचो प्रेम होइन। साँचो प्रेमले कुनै "उच्च उद्देश्य"लाई पूरा गर्नको लागी सत्यतालाई पाखा लगाउँदैन। साँचो प्रेमले बाइबलिय सत्यतामा रमाहट गर्छ र प्रतिवद्ध हुँदछ।

यस पदमा व्यक्त गरिएको सत्यता बाइबलिय सत्यता हो। साधारतया यसले सबै सत्य कुराहरूलाई त समावेश गरेको छैन। धेरै व्यक्तिहरूले व्यक्तिगत रुपमा गम्भिर अपराध गरेको म जान्दछु। लागु औषध र मद्यपान कुलतमा फसेका व्यक्तिहरूको बारेमा पनि म जान्दछु। यी व्यक्तिहरूले अपराध गरेका र अरु व्यक्तिहरू मद्यपानमा फसेर आफ्नो परिवारलाई बर्बाद गरेको कुरामा हर्षित हुन सक्दिनँ। म हर्षित हुन सक्दिनँ किनभने धेरै मानिसहरू झूटा शिक्षकहरूबाट डोर्याइएका छन् जुन मार्गद्वारा तिनीहरू अनन्त न्याय नरकमा पर्नेछन्। यद्यपि, परमेश्वर कोही पनि नष्ट भएको चाहनुहुन्न र पश्चाताप गरी उहाँमा फर्किनेहरूलाई मउहाँले अनन्त जीवन प्रदान गर्नुहुन्छ भन्ने कुरामा भने म हर्षित छु। अनि म हाम्रो मुक्तिको सन्दर्भ र हाम्रा निम्ति अहिले र भविष्यमा परमेश्वरबाट प्राप्त हुने आशिषहरूका बारेमा बताइएका धेरै बाइबलिय सत्यतामा आनन्द मनाउँछु।

भाइहरूलाई निष्कपट प्रेम गर्नाका लागी आत्माद्वारा सत्यता पालन गरेर तिमीहरूले आफ्ना मनहरूलाई शुद्ध पारेका छौ; यसैकारण एक-अर्कालाई चोखो हृदयले गहिरो प्रेम गर; १पत्रुस १:२२

मेरा साना नानीहरूहो, वचनले मात्र होइन, तर कामले र सत्यताले प्रेम गरौं। १यूहन्ना १:२२

तर प्रेममा साँचो बोल्दै हामी सबै कुराहरूमा उहाँसम्म, जो शिर हुनुहुन्छ अर्थात् ख्रीष्टसम्म बढौं। एफिसी ४:१५

त्यसको आगमनचाँही शैतानको कार्यअनुसार सबै सामर्थ्यचिन्ह ,हरूर झूटा चमत्कार हरूर ;साथमा हुन्छ का नष्ट हुनेहरूकिनभने मुक्ति पाउनाका निम्ति ;को मध्यमा अधर्मका सबै प्रकारका धोकाबाजीका साथमा हुन्छ तिनीहरूले सत्यको प्रेम ग्रहण गरेनन्। २थेस्सोलोनिकी २:९-१०

सबै कुरा सहन्छ।

अनुवाद गरिएको ग्रीक शब्द "शुरक्षा"को अर्थ हुन्छ "ढाक्नु"। यहाँ के सिकाइएको छ भने की प्रेमले अरुको गल्तीलाई ढाक्छ, लुकाउँछ, वा गुप्तमा राख्दछ। अरुको गल्ती प्रदर्शन गरिदिनका लागी यो अनिच्छुक हुँदछ। व्यक्तिगत रुपमा वा सार्वजनिक रुपमा अरु कसैसँग आफूलाई तुलना गरेर यसले कुनै व्यर्थको कुराकानी गर्दैन वा अरुभन्दा आफूलाई उच्च तुल्याउँदैन। प्रेमले अरुको गल्तीमा शोषण गर्दैन, तर यसले तिनीहरूका चोटलाई महसुस गर्दछ।

घृणाले झगडा मच्र्याउँछ; तर प्रेमले सबै पापहरू ढाकिदिन्छ। हितोपदेश १०:१२

जसले अपराधलाई ढाकिदिन्छ, उसले प्रेमको खोज गर्छ; तर जसले घरी-घरी कुरा दोहोर्याउँछ, त्यसले घनिष्ठ साथीहरूमा पनि फाटो ल्याउँछ। हितोपदेश १७:९

अनि सबै कुराहरूभन्दा बढी आपसमा गहिरो प्रेम राख; किनकी प्रेमले चाँही अनेकौं पापहरू ढाक्नेछ। १पत्रुस ४:८

हे भाइहरूहो, तिमीमध्ये कोही सत्यबाट भड्कियो भने, र कसैले त्यसलाई फर्काएर ल्यायो भने, उसले जानोस् – जसले त्यस पापीलाई त्यसको बाटोको असत्यताबाट फर्काउँछ, उसले एउटा प्राणलाई मृत्युबाट बचाउनेछ, र अनेकौं पापहरू ढाक्नेछ। याकूब ५:१९-२०

प्रेमले सबै कुरा विश्वास गर्छ

साँचो बाइबलिय प्रेमले परमेश्वरको वचनमा तहरको परमेश्वरको सत्यता र प्रतिज्ञाहरूलाई विश्वासयोग्यताका साथ विश्वास गर्छ र भरोसा गर्छ। यस अनुवाद गरिएको शब्द "भरोसा" विश्वास वा सङ्घाइ जनाउने बाइबलिय साझा शब्द हो। प्रेमले विश्वासलाई अभ्यास गर्दछ। अर्को शब्दमा भन्नुपर्दा, प्रेम कार्य हो, जुन हामीले धेरै पटक उल्लेख गरी सकेका छौं।

जब हामीले एक-अर्कालाई प्रेम गर्दछौं, हामीले परमेश्वरमा भरोसा राख्दछौं र हाम्रा मित्रहरूका लागी भलाईको आशा गर्दछौं। हामी एक-अर्कालाई निन्दा गर्न चाँडो हुँदैनौं र हामीले चाँडै संगति पुनर्स्थापना गर्नुपर्दछ। बाह्र चेलाहरू कडा मानिसहरू थिए, जब तिनीहरू येशूसाथ रहेका थिए, तर येशूले तिनीहरूमाथि भरोसा गर्नुभयो। प्रतिकृयामा, ती बाह्र मानिसहरूले (यहूदा बाहेक) त्यस समयको संसारको अज्ञात ठाउँहरूमा सुसमाचार पुर्याए र तिनीहरूमध्ये धेरै आफ्ना विश्वासका कारणले मारिए पनि।

तिमीहरूको हृदय विचलित नहोस्; तिमीहरू परमेश्वरमा विश्वास गर्दछौ, ममा पनि विश्वास गर। यूहन्ना १४:१

यो विश्वासयोग्य र हर प्रकारले ग्रहणयोग्य वचन हो – ख्रीष्ट येशू पापीहरूलाई मुक्ति दिनालाई संसारमा आउनुभयो; जसमध्ये मुख्य म नै हुँ। १तिमोथी १:१५

अङ्ग्रेजी शब्द भरोसा, विश्वास, र पत्यार, यी सबै नै एकै ग्रीक शब्दबाट आएका हुन्। नयाँ नियममा यी सबैको अर्थ एकै छ। यदि हामी परमेश्वरमा भरोसा गर्छौं भने, उहाँमा हामीले विश्वास गर्नुपर्छ।

उहाँलाई नदेखिकन तिमीहरू प्रेम गर्दछौ; अहिले उहाँलाई नदेखे तापनि विश्वस गरेर तिमीहरू उहाँमा बयान गरेर नसकिने र महिमाले भरपूर भएको आनन्दले खूबै आनन्द मनाउँछौ; १पत्रुस १:८

जब आशाका परमेश्वरले तिमीहरूलाई विश्वास गरेकोमा सारा आनन्द र शान्तिले भरिदिएका होऊन्, र तिमीहरू पवित्र आत्माको सामर्थ्यद्वारा आशाले प्रशस्त होओ। रोमी १५:१३

हाम्रा प्रार्थनाहरूमा तिमीहरूको सम्झना गर्दै, हामी तिमीहरू सबैका निम्ति सधैँ परमेश्वरलाई धन्यवाद चढाउँछौं; हाम्रा परमेश्वर र पिताको सामुन्ने तिमीहरूका विश्वासको काम, प्रेमको परिश्रम र हाम्रा प्रभु येशू ख्रीष्टमा भएको आशाको धीरज निरन्तर सम्झना गर्दछौं; १थेस्सोलोनिकी १:२-३

यो विश्वासयोग्य र हर प्रकारले ग्रहणयोग्य वचन हो। किनकी यसैका लागी हामी परिश्रम गर्दछौं र निन्दा सहन्छौं; किनभने हामी जिउँदो परमेश्वरमाथि भरोसा गर्दछौं, जो सबै मानिसहरूका मुक्तिदाता हुनुहुन्छ, विशेष गरी विश्वास गर्नेहरूका। १तिमोथी ४:९-१०

अब भण्डारीहरूमा यो कुरा हुनुपरेको छ – मानिस विश्वासयोग्य पाइयोस्। १कोरिन्थी ४:२

परमेश्वरले हामीलाई भरोसाका साथ प्रदान गरिदिनुभएका कुराहरूमा सबै ख्रीष्टियनहरू भण्डारीहरू हुन्। उहाँले प्रदान गरिदिनुभएका कुराहरूमा हामी विश्वासयोग्य र भरोसायोग्य भण्डारीहरू हुनुपर्दछ।

प्रेमले सबै कुराको आशा गर्छ।

जब हामी परमेश्वरकहाँ जादँछौं, परमेश्वर हामीलाई दिनुहुने कुराहरूप्रति आशाले अघि हेर्दछ र त्यसप्रति उत्कट अपेक्षा राख्दछ। हामीमा भएको यो कस्तो आशा !!! साँचो प्रेम हामी आफै र यस पृथ्वीमा हामीले प्राप्त गर्न सक्ने कुरामा केन्द्रित हुँदैन; साटो, जब हामी परमेश्वरकहाँ जादँछौं तब उहाँले हामीलाई प्रदान गरिदिनुहुने थोकहरूमा यो केन्द्रित रहेको छ। यो नै हाम्रो आशा हो र यो नै "प्रेमले सबै कुराको आशा गर्छ", यस वाक्याशंको मुलभूत अर्थ हो।

यसकारण आ-आफ्ना मनका कम्मर कस, सचेत रहो, र अनुग्रहमाथि पूर्ण रुपले आशा राख; जुन अनुग्रह येशू ख्रीष्ट प्रकट हुनुहुँदा तिमीहरूकहाँ ल्याइनेछ; १पत्रुस १:१३

अनि आशाले चाँही शर्ममा पर्न दिँदैन; किनभने हामीलाई दिइनुभएको पवित्र आत्माद्वारा परमेश्वरको प्रेम हाम्रा हृदयहरूमा खन्याइएको छ। रोमी ५:५

तिमीहरूका निम्ति सधैँ प्रार्थना गर्दै हामी हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर र पितालाई धन्यवाद चढाउँछौं; किनकी ख्रीष्ट येशूमा भएको तिमीहरूको विश्वास र सबै पवित्र जनहरूप्रति भएको तिमीहरूको प्रेमको विषयमा हामीले सुन्यौं; यस आशाका निम्ति, जो तिमीहरूका लागी स्वर्गमा राखिएको छ, जसको विषयमा तिमीहरूले अघि नै सुसमाचारको सत्यताको वचनमा सुन्यौ, कलस्सी १:३-५

हाम्रा प्रार्थनाहरूमा तिमीहरूको सम्झना गर्दै, हामी तिमीहरू सबैका निम्ति सधैँ परमेश्वरलाई धन्यवाद चढाउँछौं; हाम्रा परमेश्वर र पिताको सामुन्ने तिमीहरूका विश्वासको काम, प्रेमको परिश्रम र हाम्रा प्रभु येशू ख्रीष्टमा भएको आशाको धीरज निरन्तर सम्झना गर्दछौं; १थेस्सोलोनिकी १:२-३

परमेश्वरलाई प्रेम गर्नु भनेको परमेश्वर र उहाँका सबै प्रतिज्ञाहरूमाथि हामीले आशा राख्नु हो। मानिसहरूसँग एक-अर्कामा व्यवहार गर्दा, प्रेम पनि आशावादी हुन्छ। मानिसहरू भरोसा गर्न योग्यको नभए तापनि र तिनीहरूले हामीलाई निरास पारे पनि, आशामा, मानिसहरूसँग प्रेमले सजिलै हार खादैँन। साँचो बाइबलिय प्रेमले, आशामा, अरुहरूमा पुगिरहन्छ। जब कुराहरू निराशाजनक हुन्छन् तैपनि यो आशावादी नै रहन्छ।

प्रेमले सबै कुरामा धीरज धर्छ।

यो याद राख्न जरूरी छ की (१कोरिन्थी १३:४-७)ले साँचो बाइबलिय प्रेम सहनशिलताबाट शुरु हुन्छ र विश्वासयोग्यतामा अन्त हुन्छ भनि वर्णन गर्दछ। निश्चय नै यसले यसको महत्वमा जोड दिँदछ। साँचो प्रेम सहनशिल हुन्छ र सजिलै वा चाँडै हार खादैँन। प्रेमले धीरज धर्छ। प्रभुको सेवामा प्रेम विश्वासयोग्य रहन्छ- बाइबलिय शिक्षालाई अभ्यास गर्न पनि यो विश्वासयोग्य नै रहन्छ। धीरज भनेको अल्छे प्रतिवद्धता होइन तर

यो त आज्ञाकारी हुनका लागी विश्वायोग्य हुने सकृय प्रतिवद्धता हो। धीरज प्रेमले नकारात्मक परिस्थितीमा पराजित हुँदैन वा जाँचमा हार खाँदैन।

परमेश्वर हाम्रो लागी विश्वासयोग्यताको उदाहरण हुनुहुन्छ।

परमप्रभुका करुणाहरूको कारणले हामी नष्ट भएनौं; किनभने उहाँका कोमल कृपाहरूको अन्त हुदैँन। हरेक बिहान ती नयाँ-नयाँ हुन्छन्; तपाईको विश्वासयोग्यता महान् छ। विलाप ३:२२-२३

तिमीहरूलाई बोलाउनुहुने विश्वसयोग्य हुनुहुन्छ; उहाँले यो गर्नुहुनेछ। १थेस्सोलोनिकी ५:२४

हाम्रा प्रभु येशू ख्रीष्टको अनुयायी भएकाले, हामी ख्रीष्टको स्वरुपमा ढालिदैँ जानुपर्छ। विश्वासयोग्य परमेश्वरको अनुयायी भएकाले, हामी पनि विश्वासयोग्य हुनुपर्छ। हामी धीरज वा विश्वासयोग्य हुनुपर्छ भनेर शास्त्रका कैयौं पटक निर्देशन प्रदान गरिएको छ।

१ यसकारण यति ठूलो साक्षीहरूको बादलले हामी पनि घेरिएका हुनाले आओ, हरेक भार र पाप जसले हामीलाई सजिलै जेल्दछ, पन्साऔं, र धीरजसँग हाम्रा सामु राखिएको त्यो दौड दगुरौं, हाम्रो विश्वासका कर्ता र सिद्ध पार्नुहुने येशूलाई हेर्दै, जसले आफ्नो अघिल्तिर राखिएको आनन्दका निम्ति शर्मलाई पनि तुच्छ ठानेर क्रुसको शासना सहनुभयो, र परमेश्वरको सिंहासनको दाहिने हातपट्टि बस्नुभयो। हिब्रु १२:१-२

जब हामी परीक्षा हुँदै जादँछौं तब धीरज धर्नका निम्ति परमेश्वरको वचनले हामीलाई प्रष्ट निर्देशन दिएको छ।

मेरा भाइहरूहो, जब तिमीहरू नाना प्रकारका परीक्षाहरूमा पर्दछौ, तब यसलाई पूरा आनन्द सम्झ; यो जानेर की तिमीहरूको विश्वासको जाँचले धीरज उत्पन्न गर्छ। तर धीरजलाई आफ्नो सिद्ध काम गर्न देओ, कि कुनै कुराको काँचो नपर्ने गरी तिमीहरू सिद्ध र पूर्ण होओ। याकूब १:२-४

प्रयत्न गर्नामा अल्छे नहोओ; आत्मामा जोशिला होओ; प्रभुको सेवा गरिरहो; आशामा आनन्दित होओ; सङ्कष्टमा स्थिर रहो; प्रार्थनामा दृढतापूर्वक लागिरहो; रोमी १२:११-१२

पाष्टर र शिक्षकहरूलाई परमेश्वरको वचनम धीरज धरिरहनका निम्ति निर्देशन प्रदान गरिएको छ। यदि हामी यसो गर्छौं भने, फलस्वरुप, सुन्नेहरूले मुक्ति पाउनेछन्।

आफ्नो विषयमा र शिक्षाको विषयमा होशियार रह, तिनीहरूमा लागिरह; किनकी यसो गर्नाले तिमीले आफैलाई र तिम्रा कुरा सुन्नेहरूलाई पनि बचाउनेछौ। १तिमोथी ४:१६

संगति

किनभने परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ र हामी पनि उहाँलाई प्रेम गर्दछौं, र हामीले एक-अर्कालाई प्रेम गरेको कारणले, हाम्रो ख्रीष्टियन जीवनमा अर्को प्रशस्तताको आयाम आउँदछ – संगति।

हामी आत्मिकी जोगी भएको परमेश्वर योजना गर्नुहुन्न। हामीले शरिरको रुपमा कार्य गर्न उहाँले सोही अनुसारले योजना बनाउनुभयो। परमेश्वरको योजनाअनुरुप यदि त्यस शरिरले कार्य गर्दैन भने, हाम्रा आत्मिकी जीवन र बढाई मन्द हुँदछ। परमेश्वरको मानिसहरू भएकाले, यदि हामी, उहाँले चाहनुभएझैँ गरी बन्न चाहन्छौं भने, परमेश्वरले हामीलाई गर्नको निम्ति योजना गर्नुभएजैँ गरी हामीले परमेश्वरको मानिसहरूसँग कुराकानी

गर्नुपर्छ। परमेश्वरको वचनको निर्देशनलाई पछ्याइकन, परमेश्वरको मानिसहरूसँगको परस्पर सम्बन्ध, सबै नै संगतिको छातामुनि आउँदछ।

धेरै मानिसहरूले संगतिको कुरा गर्दा, धेरैले यसलाई बुझेका छैनन् र वास्तविकतामा अभ्यास पनि गरेका छैनन्। हाम्रो व्यस्त जीवनमा, परमेश्वर र उहाँको मानिसहरूसँगको संगतिलाई प्राथमिकतामा थोरैले मात्र समय लिदँछन्। फलस्वरुप, धेरै व्यक्तिगत ख्रीष्टियनहरू र मण्डलीहरूले परमेश्वरले आफ्ना मानिसहरू र मण्डलीमा राख्नु भएको आत्मिकी बिकास, एकता, परिपक्वताको अपेक्षालाई कहिल्यै पनि प्राप्त गर्न सक्दैनन्।

संगतिलाई अज राम्रोसँग जान्नको लागी, तलका वाक्याशंहरूलाई हेर्नु उपयोगी हुनेछ। यी प्रत्येक नै व्याख्यात्मक बाइबल शब्दाकोष वा बाइबलिय संगतिलाई वर्णन गर्ने अध्ययनबाट साभार गरिएका हुन्।

... परमेश्वरको मानिसहरूको माझमा आत्मिकी आशिषलाई बाँड्नु हो।
... आत्मिकी रूची र दृढ विश्वासलाई बाँड्नु हो।
... आत्मिकी आशिष र मूल्यलाई बाँड्नु हो।
... विश्वासी समुदायको जीवनमा भाग लिनु हो।
... आफ्नो भन्दा विश्वासी जनहरूका खाँचाहरूलाई अघि राख्नु हो।
... विश्वासी जनहरूलाई प्रोत्साहन र बिकास गर्नु हो।
... एक व्यक्ति जसले सम्बन्ध वा प्रतिवद्धता वा साझा कार्यलाई बाँड्दछ।
... आफैलाई सहभागी बनाउँछ।
... साझा अनुभव र रूचिलाई, साझा बनाउने, मिलेर बाँड्ने, सहभागी गर्ने।
... सहभागी, सम्बन्धित, सहभागिता, साझा रुचि राख्ने।
... भौतिक आशिषलाई बाँड्ने, योगदान दिने, कसैको खाँचो पूरा गर्न एक साथ हुने।
... सामाजिक परस्पर सम्बन्ध, मित्रता।
... कुराकानी, एकसाथ हुने।।
... अरु पापमा सहभागी नहुने।

विश्वासी जनसँगको संगति हाम्रो प्रभुको साझा प्रेमसँग र उहाँसँगको संगतिमा आधारित हुँदछ।

तिमीहरूले पनि हामीसँग सङ्गति पाओ भनेर हामीले जे देखेका र सुनेका छौं, सो कुरा तिमीहरूलाई सुनाउँछौं। अनि हाम्रो संगति साँच्चै पितासँग र उहाँका पुत्र येशू ख्रीष्टसँग छ। १यूहन्ना १:३

तर जसरी उहाँ ज्योतिमा हुनुहुन्छ, उसरी नै हामी ज्योतिमा हिँड्छौं भने एक-अर्कासँग हाम्रो संगति हुन्छ, र उहाँका पुत्र येशू ख्रीष्टको रगतले हामीलाई सब पापबाट शुद्ध पार्छ। १यूहन्ना १:७

परमेश्वरसँगको संगतिलाई यसरी परिभाषित गर्न सकिन्छ, *"परमेश्वरमा प्रेमिलो र एक हुने र उहाँको पवित्र स्वभावमा सहभागी हुने। हामी उहाँमा परिचित हुन्छौं, उहाँलाई पछ्याउँछौं, उहाँको कष्ट र महिमा दुवैलाई बाँडिकन, उहाँमा पवित्र जीवन जिउँदछौं"।*

परमेश्वरमा हाम्रो संगति रहेकाले, एक-अर्कासँग पनि हाम्रो संगति रहेको छ। फेरी, विश्वासी जनहरूसँगको संगतिलाई हामीले यसरी परिभाषित गरेका छौं, *"हाम्रा प्रभु येशू ख्रीष्टको प्रेममा एक भइ प्रतिवद्धताकासाथ उहँको चेला बन्ने। हामीले एक-अर्कालाई प्रेम गर्छौं र समर्पित हुँदछौं, परीक्षा र आशिषहरूलाई बाँड्दै, साझा विश्वास र परमेश्वरसँगको हाम्रो संघतिमा एक-अर्कालाई प्रोत्साहन, सामर्थ्य प्रदान गर्न र बढाउँदै लानका लागी एक-अर्कामा पारस्परिक सम्बन्ध राख्दछौं"।*

परमेश्वरले सारा संसारलाई प्रेम गर्नुहुन्छ यो सत्य हो। हामीले अनन्त जीवन प्राप्त गर्न सकौं भनेर उहाँले आफ्नै पुत्रलाई मर्न पठाउनुभयो। एक समान बहुमूल्य सत्यता यो हो की परमेश्वरले विशेष गरी आफ्ना नानीहरूलाई प्रेम गर्नुहुन्छ र उनीहरूसित संगति गर्न चाहनुहुन्छ। यसलाई संभव पार्नको निम्ति, परमेश्वरले हामीलाई उहाँकै स्वरुपमा सृष्टि गर्नुभयो। जसले परमेश्वरसँगको हाम्रो संगतिलाई संभव तुल्यायो। हामीले परमेश्वरमा आनन्द मनाएको उहाँ चाहनुहुन्छ। उहाँ हाम्रो साथी हुन चाहनुहुन्छ। यो यस्तो प्रेम र संगति हो जुन उहाँलाई इन्कार गर्नेहरूसँग उहाँलाई उहाँले कहिल्यै प्रदान गर्नुहुन्न। परमेश्वरको हृदयमा हाम्रो लागी विशेष् स्थान रहेको छ। कस्तो आशिष !!!

ख्रीष्टको शरिरको अरु सदस्यहरूसँग पनि हाम्रो गहिरो मित्रता र हेरचाहको सम्बन्ध हुँदछ जसमा हामीले आनन्द मनाउँदछौं। यो दुईतर्फी प्रेम र संगति हो। अरु विश्वासीहरूसँगको संगतिमा म आनन्द मनाउँछु र (आशावादी छु) तिनीहरूले पनि मसँगको संगति र मित्रतामा आनन्द मनाउँदछन्। हामीले एक-अर्कामा मित्रता र बन्धुत्वलाई आदान-प्रदान गर्दछौं। हामी प्रेम र उत्साह दिँदछौं र लिदँछौं। हामीमा भएको प्रेम र मन्जुरीको खाँचोलाई यसले पूरा गर्दछ। ख्रीष्टमा हामी दाजु-भाइ\ दिदी-बहिनीहरू हौं र हामी उहाँको शरिर, मण्डलीको अङ्ग हौं। यस बन्धनले सबै जाती, समाज, लिङ्ग, आर्थिक, सांस्कृतिक र वर्गको हदलाई हटाइदिन्छ। परमेश्वरको परिवारको सदस्य हुन पाउनु कस्तो आशिष।

अनि तिनीहरू प्रेरितहरूका शिक्षामा, सङ्गतिमा, रोटी-भँचाइमा र प्रार्थनाहरूमा दृढतापूर्वक लागिरहे। प्रेरित २:४२

भाइहरूलाई निष्कपट प्रेम गर्नाका लागी आत्माद्वारा सत्यता पालन गरेर तिमीहरूले आफ्ना मनहरूलाई शुद्ध पारेका छौ; यसैकारण एक-अर्कालाई चोखो हृदयले गहिरो प्रेम गर; १पत्रुस १:२२

जब हामीले हृदयको गहिराइदेखी नै एक-अर्कालाई प्रेम गर्दछौं, निश्चय नै त्यहाँ भावनाहरू समावेश हुँदछन्। संगति चिसो प्रेम होइन, तर महसुस गर्नुपर्ने गहिरो प्रेम हो। जब हामी प्रभु येशू ख्रीष्टमा आज्ञाकारी हुँदछौं र हाम्रा अघि विश्वासी जनहरूका खाँचाहरूलाई राख्दछौं, तब गहिरो स्वस्थ प्रेमको बिकास हुँदछ। ख्रीष्टमा अरु दाजु-भाइ\ दिदी-बहिनी छन् जसले मलाई स्वस्थ प्रेम गर्छन् भनि थाहा गर्नु कस्तो आशिष रहेको छ र मैले पनि उहाँहरूको लागी परमेश्वरमा आदर्णिय स्वस्थ प्रेम प्रकट गर्न सक्दछु। यो कस्तो आनन्द र आशिष हो !!!

नयाँ नियम भरिमा "एक-अर्का"को बारेमा कैयौं उल्लेखहरू छन् जसले ख्रीष्टियन विश्वासीसँगको सम्बन्धमा लागु गर्नुपर्दछ। यस "एक-अर्का"को सम्बन्धित खण्डहरूको प्रशस्त अध्ययनद्वारा हामीले सत्यताहरू आत्मसाथ गर्न सक्दछौं। ख्रीष्टियन संगतिले कसरी कार्य गर्नुपर्छ भनि यी खण्डहरूको अध्ययनले, व्यवहारिक रुपमा नै, प्रष्ट पार्दछ।

भातृ- प्रेमले एक-अर्कालाई कोमलतापूर्वक माया गर; आदर गर्नामा एउटाले अर्कालाई उछिन। रोमी १२:१०

सारा प्रार्थना र अन्तर्विन्ती गर्दै हर समय आत्मामा प्रार्थना गर, अनि यसैका निम्ति सारा प्रयत्न र सबै पवित्र जनहरूका लागी अन्तर्विन्ती गर्दै जागा रहो; एफिसी ६:१८

अनि एक-अर्काप्रति दयालु होओ, कोमल मनका होओ; र जसरी परमेश्वरले ख्रीष्टमा तिमीहरूलाई क्षमा गर्नुभएको छ, उसरी नै तिमीहरूले पनि एक-अर्कालाई क्षमा गर। एफिसी ४:३२

यसकारण हामी मेलमिलापका कुराहरू र एक-अर्काको उन्नति गर्ने कुराहरूका पछि लागौं। रोमी १४:१९

यसकारण एक-अर्कालाई सान्त्वना देओ, र एउटाले अर्काको उन्नति गर, जो तिमीहरूले गर्दैछौ पनि। १थेस्सोलोनिकी ५:११

कुनै कुवचन तिमीहरूको मुखबाट ननिस्कोस्, तर आवश्यक उन्नतिका निम्ति जुन कुरा असल छ, त्यही मात्र निस्कोस्, र त्यसले सुन्नेहरूलाई अनुग्रह प्रदान गरोस्। एफिसी ४:२९

यसकारण विश्वासद्वारा धर्मी ठहरिएका हुनाले हाम्रा प्रभु येशू ख्रीष्टद्वारा परमेश्वरसँग हाम्रो मेलमिलाप भएको छ। रोमी ५:१

साँचो ख्रीष्टियन संगति सुन्दर कुरा हो। हामी विश्वासीको परिवारमा सम्बन्धित छौं जसले एक-अर्काको लागी प्रेम, उत्साह, निर्माण र प्रार्थना गर्दछन्। कस्तो प्रशस्तताको आशिष !!! यस प्रकारको संगति स्वतः हुन आउँदैन; मण्डलीले यो सिकाउनुपर्छ र यसको बिकासको लागी कार्य गर्नुपर्छ। जब यसो हुन आउँछ, परमेश्वरसँगको हिँडाईमा ख्रीष्टियनहरू बढ्दै जादँछन् र उद्धार नगरिएका मानिसहरू प्रभुमा आकर्षिय हुँदछन् कारण ख्रीष्टको शरिरको संगति र प्रेमले गर्दा हो।

परमेश्वरको क्रोध

जब हामीले परमेश्वरको प्रेमको बारेमा सिक्दछौं र त्यसमा आनन्द मानउँदछौं, तब परमेश्वरको क्रोधको बारेमा चर्चा गर्दा, यो स्थिति बाहिरको वा मौसमी विपरित हुन आउँदछ, शायद अति निराशाजनक पनि। यद्यपि, उहाँको प्रेमलाई पूरा जान्नको लागी, परमेश्वर क्रोध र रिसका पनि परमेश्वर हुनुहुन्छ भनि जान्नु आवश्यक छ। जब एक व्यक्तिले परमेश्वरलाई इन्कार गर्दछ र निरन्तर पापमय जीवनयापन गर्दछ भने, यसले परमेश्वरलाई क्रोधित पार्दछ र त्यसमि उहाँको क्रोध खन्याइदँछ।

परमेश्वरको प्रेम र क्रोध दुवैलाई जान्न र कदर गर्न आवश्यक छ। यी मध्ये एकलाई मात्र छोडिकन अर्कोमा मात्र केन्द्रित हुनाले परमेश्वरप्रतिको गलत बुझाईको सृजना हुँदछ। येशू आफैले पनि दुवै सिकाउनुभयो र प्रदर्शन गर्नुभयो। पावल प्रेरित र अरु नयाँ नियम लेखकहरूले यी दुवैको बारेमा सिकाए। पूरानो नियमका भविष्यवक्ताहरूले यी दुवै सिकाए। बाइबलले यी दुवैको बारेमा शिक्षा दिँदछ, र हामीले पनि दिनुपर्दछ।

जति हामीले परमेश्वरलाई जान्दछौं र बुझ्दछौं, उहाँसँगको हाम्रो हिँडाई त्यति नै गहिरो हुँदछ। उहाँले हामीसँगको संगति र हामीले उहाँलाई आदर गरेको चाहनुहुन्छ। परमेश्वरले पापलाई कति धेरै घृणा गर्नुहुन्छ र पापसँग उहाँ कति क्रोधित हुनुहुन्छ भनेर जब हामी जान्दछौं, तब हामीले पनि पालाई घृणा गर्नुपर्छ र पापलाई तिरस्कार गर्ने जीवनयापन लाई प्रर्दशित गर्ने जीवन जिउनको लागी हामी प्रतिवद्ध हुनुपर्दछ।

येशू पाप बनेर क्रुसमा मर्नको लागी कति टाढासम्म जानुभयो भनेर हामीले तबसम्म बुझ्न सक्दैनौं जबसम्म परमेश्वरको निम्ति पाप घृणास्पद छ भनि हामीले बुझ्दैनौं। परमेश्वरको प्रेम र मुक्ति, अनुग्रह र कृपाप्रति हामी तबसम्म पूर्णरुपले कदर गर्दैनौं जबसम्म परमेश्वरले पापलाई कतिधेरै घृणा गर्नुहुन्छ भनेर हामीले बुझ्दैनौं।

शास्त्रमा परमेश्वरको क्रोध निम्न विषय होइन। एक तरीकाले व अन्य, परमेश्वरको रिस वा क्रोधको बारेमा ४५० पटक बताइएको छ। परमेश्वरको क्रोध उग्र छ। यसलाई नष्ट पार्ने आगो भनि वर्णन गरिएको छ। यद्यपि, परमेश्वरको यस पवित्र व्यक्तित्वलाई धेरैले इन्कार वा बे-वास्ता गरेका छन्। आफ्नो मानविय विचारमा सही हुने विचारहरूद्वरा तिनीहरूले परमेश्वरलाई ग्रहण गरिरहेका छन्। तिनीहरूका विचारहरू र शिक्षा मानिसहरूमा त लोकप्रिय होला, तर यो परमेश्वरको वास्तविक व्यक्तित्व भने हुँदै होइन।

आजका आधुनिक आमेरिकन ख्रीष्टयन समूहहरूमा परमेश्वरको क्रोधको विषयलाई प्राय सिकाइदैँन वा प्रचार गरिदैँन। "आत्मिकी" सम्बन्धमा हाम्रो "सकारात्मक" नितिले गर्दा, परमेश्वरको क्रोधभन्दा परमेश्वरको प्रेम बारेमा हामी धेरै चर्चा गर्दछौं। आत्मिकी आशिषहरूको बारेमा चर्चा गर्नु प्रख्यात रहेको छ भने पाप र न्यायको त्रचा गर्नु मूर्खता ठहरिन्छ। साधारणतया धेरैले परमेश्वरको उग्र क्रोधलाई इन्कार वा बे-वास्ता गर्दछन्। धेरैले उहाँको क्रोध र न्यायलाई उहाँको पवित्र व्यक्तित्वमा रहेको खोट सम्झन्छन्।

तर तिम्रो कठोरता र पश्चातापी नहुने हृदयअनुसार तिमीले आफ्ना निम्ति क्रोध थुपारिरहेका छौ – क्रोध र परमेश्वरको धर्ममय न्यायको प्रकट हुने दिनका लागी; रोमी २:५

अँम तिमी ,हरूर मेरो क्रोधको आगो तिमी ,लाई भेला पार्नेछुहरू माथिदन्काउनेछु अनि तिमीहरू त्यसको बीचमा पग्लनेछौ। जसरी चाँदी भट्टीको बीचमा पग्लन्छत्यसरी नै तिमी ,हरूअनि ;त्यसको बीचमा पग्लनेछौ तिमीहरूरमप्रभुले नै आफ्नो क्रोध तिमीप ,ले महरूमाथि खन्याएको हुँ भनि जान्नेछौ। इजलिएल २२:२१-२२

परमप्रभुका करुणाहरूको कारणले हामी नष्ट भएनौं; किनभने उहाँका कोमल कृपाहरूको अन्त हुदैँन। हरेक बिहान ती नयाँ-नयाँ हुन्छन्; तपाईको विश्वासयोग्यता महान् छ। मेरो प्रेणले भन्छः 'परमप्रभु मेरो भाग हुनुहुन्छ; यसकारण म उहाँमाथि आशा राख्नेछु'। उहाँको बाटो हेर्नेहरूका निम्ति, उहाँको खोज गर्ने व्यक्तिका निम्ति परमप्रभु भलो हुनुहुन्छ। परमप्रभुको उद्धारका निम्ति आशा राख्नु, र चुपचाप त्यसको बाटो हेर्नु मानिसका निम्ति असल हो। विलाप ३:२२-२६

किनकी परमप्रभु तिम्रा परमेश्वर भस्म पार्ने आगो हुनुहुन्छ; उहाँ जलन राख्ने ईश्वर हुनुहुन्छ ! व्यवस्था ४:२४

परमेश्वरको रिस र उहाँको क्रोध सम्बन्धमा बाइबलिय सत्यताहरू

परमेश्वर पाप र पापीहरूसँग क्रोधित हुनुहुन्छ।

परमेश्वर पवित्र हुनुहुन्छ; उहाँ धर्मी; र योग्य हुनुहुन्छ। उहाँको व्यक्तित्वमा सानो कण जत्रो पनि पापका दागहरू छैनन्। परमेश्वर पूर्ण सिद्ध र पवित्र हुनुभएकोले; उहाँमा पाप घृणित छ। परमेश्वरले दुष्टतालाई घृणा गर्नुहुन्छ, र समय-समयमा, दुष्ट मानिसहरूलाई आफ्नो घृणा व्यक्त गर्नुहुन्छ।

तपाई धार्मिकतालाई प्रेम गर्नुहुन्छ, र अधर्मलाई घृणा गर्नुहुन्छ; यसकारण परमेश्वरले, तपाईका परमेश्वरले, तपाईलाई तपाईका साथीहरूलाई भन्दा बढी हर्षको तेलले अभिषेक गर्नुभएको छ। भजनसंग्रह ४५:७

परमप्रभुले धर्मी जनलाई जाँच्नुहुन्छ; तर दुष्टलाई र अत्याचार रूचाउनेलाई उहाँको मनले घृणा गर्दछ। भजनसंग्रह ११:५

परमप्रभुले धर्मी जनलाई जाँच्नुहुन्छ; तर दुष्टलाई र अत्याचार रूचाउनेलाई उहाँको मनले घृणा गर्दछ। तिनीहरूको सारा दुष्टता गिल्गालमा छकिनभने त्यहाँ मैले तिनी ;हरूतिनी ;लाई घृणा गरेंहरूका कामहरूको दुष्टताको कारणले म तिनीहरूम तिनी ,नेछुलाई मेरो घरबाट निकालिदिहरू ;लाई फेरी कहिल्यै प्रेम गर्नेछैनँ तिनीहरूका सबै शासकहरूविद्रोही हरूहुन्। होशे ९:१५

अनि त्यहाँ उनीहरूले ती अन्यजातिहरूले झैँजसलाई परमप्रभुले उनी ,हरूको सामुबाट कैदमा लगेर सबै उच्च स्थान ,हटाइदिनुभएको थियोहरूउठाउनलाई दुष्ट काम अनि परमप्रभुलाई रिस ,मा धूप बालेहरू ;गरे २राजा १७:११

"परमेश्वर जलन राख्नुहुन्छ ;र क्रोधित हुनुहुन्छ ,परमप्रभुले बदला लिनुहुन्छ ;र परमप्रभुले बदला लिनुहुन्छ , परमप्रभुले फ्ना विरोधीहरूर आफ्ना शत्रु ,सित बदला लिनुहुन्छहरूका निम्ति रिस साँचेर राख्नुहुन्छ। परमप्रभु अत्यन्तै शक्तिशाली हुनुह ,ढिलो हुनुहुन्छ रिसाउनमाेउन्छ र दोषीलाई कुनै रीतिले निर्दोष ठहर्याउनुहुन्न ; परमप्रभुचाँही– उहाँको बाटो भूमरीमा र आँधीबेह्रीमा छअनि बादल ;हरूचाँही उहाँका पाउको धूलो हुन्। नहुम १:२-३

यसकारण म पनि क्रोधको साथमा व्यवहार गर्नुँअनि तिनी ;न म टिठाउने नै छु ,छैनमेरो आँखाले छोड्ने ;हरू ले मेरा कानमा चर्को सोरले चिच्याए तापनि म तिनीहरूको पुकार सुन्नेछैनँ"। इजलिएल ८:१८

परमेश्वर ती व्यक्तिहरूसँग क्रोधित हुनुहुन्छ जसले उहाँलाई इन्कार गर्छन् र उहाँका आज्ञाहरू उलघंन गर्दछन्।

जसले पुत्रमाथि विश्वास गर्दछ, ऊसँग अनन्त जीवन हुन्छ; अनि जसले पुत्रलाई विश्वास गर्दैन, त्यसले जीवन देख्नेछैन, तर परमेश्वरको क्रोध त्यसमाथि रहन्छ। यूहन्ना ३:३८

तर तिम्रो कठोरता र पश्चातापी नहुने हृदयअनुसार तिमीले आफ्ना निम्ति क्रोध थुपारिरहेका छौ – क्रोध र परमेश्वरको धर्ममय न्यायको प्रकट हुने दिनका लागी; परमेश्वरले हरेकलाई उसका कामहरूअनुसार प्रतिफल दिनुहुनेछः धीरजसँग असल काममा लागिरहँदै महिमा, आदर र अमरताको खोज गर्नेहरूलाई अनन्त जीवन; तर जो झगडालु छन् र सत्यता पालन गर्दैनन्, तर अधर्म पालन गर्दछन्, तिनीहरूमाथि रिस र क्रोध; रोमी २:५-८

याद गर्नुहोस् यी पदहरूले "क्रोधलाई थुपारिरहन्छन्" भनि उल्लेख गरेको छ। यो त्यो रिस हो जुन मनमा निरन्तर भइरहँदछ। यो क्रोधको चमक होइन तर मनको स्थिर अवस्था हो जसले फलस्वरुप, पापीको दण्ड र अनन्तताको न्याय र सजाय निम्त्याउँदछ।

धर्मी जनलाई जाँच्नुहुन्छ; तर दुष्टलाई र अत्याचार रूचाउनेलाई उहाँको मनले घृणा गर्दछ। भजनसंग्रह ११:५

किनकी सत्यको ज्ञान प्राप्त गरेपछि यदि हामी इच्छापूर्वक पाप गर्दछौं भने पापहरूका निम्ति कुनै बलिदान बाँकी रहँदैन; तर न्यायको डरलाग्दो प्रतीक्षा र विरोधीहरूलाई भस्म गर्ने आगोको ज्वाला मात्र बाँकी रहन्छन्। जसले मोशाको व्यवस्थस तुच्छ ठान्थ्यो, त्यो दुई वा तीनजना साक्षीका वचनको आधारमा बिनादया मर्थ्यो भने, तिमीहरूले विचार गर, त्यो मानिस झन् कति कडा दण्डको योग्य ठहरिनेछ, जसले परमेश्वरको पुत्रलाई पाउमनि कुल्चेको छ, वाचाको रगतलाई, जसद्वारा ऊ पवित्र पारिएको थियो, अपवित्र ठानेको छ, र अनुग्रहको आत्मालाई अपमान गरेको छ? किनकी हामी उहाँलाई चिन्छौं, जसले भन्नुभएको छः 'बदला लिने काम मेरो हो, म नै बदला दिनेछु, प्रभु भन्नुहुन्छ'। अनि फेरी, 'प्रभुले आफ्ना जनहरूको न्याय गर्नुहुनेछ'। जीवित परमेश्वरका हातमा पर्नु डरलाग्दो कुरा हो। हिब्रु १०:२६-३१

परमेश्वरलाई स्वीकार नगर्ने राष्ट्रसँग उहाँ क्रोधित हुनुहुन्छ।

परमेश्वरलाई इन्कार गर्ने व्यक्तिहरूसँग मात्र उहाँ क्रोधित हुनुहुने होइन, तर उहाँ आफूलाई इन्कार गर्ने राष्ट्रहरूसँग पनि क्रोधित हुनुहुन्छ।

अनि म अन्यजातिहरूलाई रिस र क्रोधको साथ बदला दिनेछु, यस्तो तिनीहरूले सुनेकै छैनन्। मीका ५:१५

अनि म जाति-जातिलाई आफ्नो रिसमा कुल्चिमिल्ची पार्नेछु, र आफ्नो क्रोधमा तिनीहरूलाई मताउनेछु, अनि तिनीहरूको बल तल पृथ्वीमा झार्नेछु। यशैया ६३:६

निष्कर्ष

हाम्रो निम्ति मुक्ति प्रदान गर्नको लागी यसले परमेश्वरको आफ्नै पुत्रको प्राण लियो। हामीमध्ये केही, मानव अभिभावक भएकाले, अरू मानिसको फाइदाको लागी हामीले आफ्नो नानीहरूमध्ये एकलाई दिने कार्य केहीले मात्र गर्दछौं; तर परमेश्वर जसले आफ्नो पुत्रलाई शुद्ध र गहिरो अलौकिक प्रेम गर्नुभयो, हामीले उहाँसँग संगति गर्न सकौं भनेर आफ्नै पुत्रको जीवन अर्पण गरिदिनुभयो र हामीलाई नरकको अनन्त न्यायबाट बचाउनुभयो। *जब मानिसहरूले परमेश्वरबाटको उपहार मुक्तिलाई इन्कार गर्दछन् जसको लागी परमेश्वरको एकमात्र पुत्रले आफ्नो प्राण अर्पिदिनुभयो, परमेश्वर तिनीहरूसँग क्रोधित हुनुहुन्छ र र उहाँको पुत्रलाई इन्कार गर्नेहरूमाथि परमेश्वरको क्रोध खनिदँछ।*

मुस्किल प्रश्न

मानिसहरूका मनमा उत्पन्न हुनर प्रश्नहरू यस प्रकारका हुन्छन्। परमेश्वर भलो र प्रेमिलो परमेश्वर भएकाले, किन संसारमा यति धेरै कष्ट र दुष्टता रहेको छ त? किन "आँसुमा परीक्षा"हरू र सारा अधर्म र कष्टलाई यसको भाग हुने अनुमति परमेश्वरले दिनुभयो? किन परमेश्वरले अफ्रिकाका नानीहरू भयंकर कष्ट र भोकमरीले मर्न र भारत र अफ्रिका, र संसारको धेरै ठाउँमा रोगहरूले अनुमति दिनुहुन्छ? किन परमेश्वरले मानिसहरूलाई, साना नानीहरू समेत गरी, यौन कार्यमा दास बन्न र बेचिन अनुमति दिनुहुन्छ?

भन्नुपर्ने पहिलो कुरा यो हो की, हामी मानवजाति भएकाले, परमेश्वरलाई हामीले पूर्णतामा जान्न सक्दैनौं। परमेश्वरको वचनमा प्रकट गर्नुभएको कुराद्वारा हामीले समझ प्राप्त गर्दछौं, यद्यपि, परमेश्वरले आफ्नो वचनमा सारा कुराहरू वर्णन गरिदिनुभएको छैन। त्यहाँ दुष्टता र कष्टको बारेमा हामीलाई बृस्तित रुपमा वर्णन गर्न परमेश्वरले आवश्यक सम्झनुभएन। परमेश्वर भलो र प्रेमिलो हुनुहुन्छ भनेर हामीले जान्न सकौं भनेर उहाँले हामीलाई त्यो प्रकट गराउनुहुन्छ, तर यसको बारेमा उहाँले हामीलाई बृस्तित वर्णन भने दिनुभएको छैन। हामीले बुझ्न नसक्ने कुरामा ठेस लाग्नुको साटो, उहाँले प्रकट गरिदिनुभएको कुराहरूमा हामीले विश्वासद्वारा भरोसा गर्न र र उहाँले प्रकट गरिदिनुभए अनुसारले हामीले जीवनयापन गर्न सकौं भनि उहाँले अपेक्षा राख्नुहुन्छ।

हाम्रा सारा प्रश्नहरूको जवाफ हामीले पाउन सक्दैनौं र लेखक पनि गहिराइको विचारक वा शिक्षित नभएको भनि जानेर, यहाँ केही अवलिकन गरिएको छ, जसले यी केही प्रश्नहरूको जवाफ दिन पनि सक्छ नदिन पनि सक्छ।

अवलोकन १

हामी, मानव भएकाले, संपूर्णको सानो भागलाई हामीले बुझ्न सक्दछौं। अर्को शब्दमा भन्नुपर्दा, परमेश्वरले सारा कुरा देख्नुहुन्छ जब की हामीले त्यसको सानो भाग मात्र देख्दछौं। मानिसहरू भएकाले, कुनै खास वातावरण, संस्कृति, र इतिहासका दिइएका कालखण्डमा, जीवित रहेका मानिसहरूद्वारा र तिनीहरूको जीवनको विशेष परिस्थितिद्वारा सिमित गरिएका र त्यसै स्वरुपमा ढालिएकाले कुराबाट हामीले समझ प्राप्त गर्न सक्दछौं। यी परिस्थितिहरूमा परमेश्वर सिमित हुनुहुँदैन र उहाँको समझले हाम्रो समझलाई माथ गर्दछन्। यो जरूरी छ की हामीले हामीले हाम्रा सिमितताहरू जान्न सकौं र सर्वज्ञानी परमेश्वर, जसले आफैलाई उहाँको अभिलिखित वचनमा प्रकट गरिदिनुभएको छ, उहाँमा हामीले विश्वास गर्न सकौं।

हामीमा पर्न आउने र देखिने वियोगान्त घटना, यथार्थमा, आशिष हो। १९५०मा पाँच जवान मिशेनरीहरूलाई औका आदीवासीहरूले इक्वेडरमा मारे। प्रत्येकको विवाह भएको थियो र तिनीहरूको परिवार जवानै थियो। यस घटनाले सारा संसारलाई झट्का लाग्यो। यस समयमा के देख्न सकिँदैन थियो भने परमेश्वरले यस घटनालाई धेरै मानिसहरूका हृदय बिथोल्नको लागी प्रयोग गर्नुभयो, र धेरै व्यक्तिहरूले मिसिनेरी सेवाको लागी आफ्नो जीवन समर्पण गरिदिए। हामीले यसको पूरै दृश्य त देख्न सक्दैनौं, तर यस वियोगान्त घटनाबाट के देख्न सकिन्छ भने विश्व मिशनमा यसले आशिष र लहर ल्यायो। यसले धेरै मानिसहरूलाई प्रभुमा डोर्यायो। ठीक समयमा, इक्वेडरमा रहेका जातिहरूमध्ये औका आदीवासीहरू प्रभुका डोर्याइएका जाति बने।

अवलोकन २

मानिस भएकाले, यस पृथ्वीमा भएको हाम्रो जीवनको दृष्टिकोणबाट हामीले हेर्ने गर्दछौं। यद्यपि, महत्वपूर्ण कुरा के छ भने हामीले अनन्तताको मूल्यलाई प्राप्त गरेका छौं। अनन्तता सदाको लागी हो। अनन्ततासँग यस पृथ्वीको जीवन तुलना गर्ने हो भने यो समयको सानो क्षण मात्र हो। यथार्थमा, अनन्ततासँग तुलना गर्दा संसारको कष्ट केही क्षणसम्म मात्र रहन्छ। परमेश्वरले कुराहरू अनन्ततको दृष्टिकोणबाट हेर्नुहुन्छ। यदि कष्टले स्वर्गमा रहेको हाम्रो अनन्ततको रमाहटलाई बढाउँछ भने, यो कष्ट हजारौं गुणा मूल्य को हुदँछ।

अवलोकन ३

परमेश्वरले मानिसलाई मानवयन्त्र बनाउनुभएन। परमेश्वरले मानिसलाई असल र खराब छान्न सक्ने छनोट प्रदान गरिदिनुभयो र मानिसले खराब छाने। मानिसले खराब छाने, र मानवजातिको इतिहास हेर्ने हो भने हामीले खराबको छनोटको परिणाममा जीवन बिताइरहेका छौं। कष्ट र दुष्टताको लागी परमेश्वर जिम्मेवारी हुनुहुँदैन।, तर मानिस आफै र छनोट गरिएको मालिक – शैतान जिम्मेवार छन्। मानवजातिले दुष्टता छानेका छन् र पिडा र कष्ट मानिस आफैले गरेको खराब छनोटको परिणाम हो।

अबलोकन ४

परमेश्वरले विश्वासलाई अधिक मूल्यताकासाथ हेर्नुहुन्छ। यो ख्रीष्टियन जीवनको मूख्य जग हो। यदि सारा प्रश्नहरूको उत्तर हुनेभए र हामीमा सिद्ध समझ हुनेथियो भने, तब त्यहाँ थोरै विश्वासको मात्र खाँचो हुँदथ्यो। दुईमा दुई जोड्दा चार हुन्छ भनेर विश्वास गर्न कुनै भरोसा राख्नुपर्दैनथ्यो। हामीले चारैतिर हेर्दा दुष्टता देकेपनि परमेश्वर भलो हुनुहुन्छ भनेर परमेश्वरको अभिलिखित वचनमा विश्वास गर्नको लागी विश्वास र भरोसाको आवश्यकता पर्दछ। हाम्रो विश्वास, यद्यपि, अनुचित विश्वास होइन। यो सही तर्कमा आधारित छ, र जसै हामीले परमेश्वरको वचनद्वारा परमेश्वरलाई सही तरीकाले जान्ने खोजी गर्दछौं, तब परमेश्वरको आत्माले हाम्रो समझ र विश्वासलाई बढाइदिनुहुन्छ।

अवलोकन ५

परीक्षाहरूले हाम्रो विश्वासलाई बढाउँछ भनि शास्त्रले प्रष्टै भनेको छ। ती जसले धेरै कष्ट भोग्दछन् तिनीहरूका विश्वास नै गहिरिएको हुँदछ। जब हामीले यी परीक्षाहरूको सामना गर्दछौं, परमेश्वरले हामीलाई कति धेरै गहिरो प्रेम गर्नुहुन्छ भनि र ती परीक्षाहरूद्वारा हामीलाई बलियो बनाउनुहुन्छ भनि हामीले याद गर्नुपर्दछ।

अवलोकन ६

हामीले, समय-समयमा, यस पृथ्वीमा मानिसहरू कष्टमा पर्छन् भनि विचार गर्दछौं, र परमेश्वर, कतै पर रहेर हाम्रा यस पृथ्वीको पिडा र चोटबाट आफैलाई टाढा पारिकन स्वर्गमा कुराहरूमा आनन्द मनाइरहनुहुन्छ। यस पृथ्वीमा मानिस बनिकन येशू आफैले कति कष्ट भोग्नुभयो भन्ने कुरालाई हामीले बिर्सन्छौं र महसुस गर्दनौं।

ध्यानपूर्वक यशैया ५३ अध्याय अध्ययन गर्नुहोस्। येशू पूर्ण रुपमा पापरहित र निर्दोष हुनुभए तापनि, उहाँलाई दण्ड दिइयो र उहाँले हाम्रो पापहरूको मूल्य तिरिदिनुभयो। येशू, हाम्रा चोटहरू टाढाबाट अवलोकन गर्ने नभइकन, उहाँले हामीसँग नै गहिरोरुपमा त्यो भोग्नुभयो।

भजनसंग्रह २२ अध्याय अध्ययन गर्नको निम्ति पनि समय लिनुहोस् जुन क्रुसमा भएकोबेलामा येशूको विचारहरू हुन्। परमेश्वर मानव कष्टदेखी दूरीमा रहनुहुन्छ भन्ने कुरालाई हामीले अबउसो कहिल्यै पनि भन्दैनौं।

अवलोकन ७

परमेश्वर न्यायको परमेश्वर हुनुहुन्छ। शास्त्रले एक तरीका अन्यद्वारा बारम्बार यो बताउँदछ। उहाँले न्याय र धार्मिकतालाई प्रेम गर्नुहुन्छ। मानिसहरूले गरेका पाप र अधर्मको मूल्य परमेश्वरले चुकाउनुहुन्छ। तिनीहरूले अरुहरूलाई पारेका पिडा र कष्टहरूको मूल्य तिर्छन्। जसले यस्ता कुराहरू गर्दछन् तिनीहरूले तिनीहरूले परमेश्वरको क्रोध, न्याय, र बदलाको सामना गर्नुपर्दछ। जब यस्तो हुन आउँदछ, यो रमाइलो दृश्य हुनेछैन। ती जसले प्रभु येशू ख्रीष्टलाई ग्रहण गरेका छैनन्, तिनीहरूले यस पृथ्वीमा गरेका कार्यहरूका लागी अनन्ततासम्म कष्ट र न्याय भोग्नुपर्नेछ।

अवलोकन ८

समय-समयमा हामी विचार गर्न पुग्दछौं की किन परमेश्वरले कष्ट र मृत्युको परिणाम निम्त्याउने, विपत्ती वा आतंकका कार्यहरूलाई अनुमति दिनुहुन्छ। यसले केहीलाई आश्चर्यमा पार्ला, तर मृत्यु र कष्ट निम्त्याउने, आतंक र विपत्तीका कार्यहरूको बारेमा प्रभु येशू ख्रीष्टले उल्लेख गर्नमुभएको थियो। (लूका १३:१-५)। यी दुवै मामलामा, पश्चातापको बारेमा येशूले जोड दिनुभयो। यदि हामीले पश्चाताप गर्दैनौं भने, हामी पनि मर्नेछौं। यसको दृष्टान्तमा, ख्रीष्टले नेभाराको बारेमा बताउनुभएको थियो जसले कुनै फल फलाएन र यसका मालिकले त्यो ढाल्ने आदेश दिए, तर पछिबाट त्यसले फल फलाउँछ की भनेर एक वर्षे समय अवधी पनि थपियो। यसलाई नष्ट गर्नुअघि यसका मालिकले दयापूर्वक एक वर्ष थप गरिदिए। यहाँ भाव रहेको छ की मानिसहरूले पनि प्रभु येशू ख्रीष्टलाई इन्कार गर्दछन्, र फलस्वरुप तिनीहरू आत्मिकी उपयोगहिन् हुन्छन्, र तिनीहरू उधारो समयमा बाँचिरहेका हुन्छन्। "किन परमेश्वरले केही मानिसका मृत्युहरूलाई अनुमति दिइरहनुभएको छ?" यो प्रश्न होइन, तर, "किन उहाँले आफूलाई इन्कार गर्ने सबैलाई नाश गर्नुभएको छैन?", प्रश्न यो हो। येशू ख्रीष्टलाई इन्कार गर्ने कुनै पनि मानिस उधारो समयमा जीवन जिइरहेको हुन्छ र कुनै पनि समयमा हुन सक्ने परमेश्वरको न्याय बाहेक अरु कुराको आशा त्यसले राख्न सक्दैन।

प्रेम विषयको अध्ययन बन्द गर्दैगर्दा, *"परमेश्वरको प्रेम"* शिर्षक रहेको तलको भजनलाई पढ्नुहोस् र मनन गर्नुहोस्। तेश्रो पंक्तिचाँही अहिलेसम्म लेखिएको भजनहरूमध्येको सबैभन्दा महान् पंक्ति हो।

ईश्वरको प्रेम

१ ईश्वरको प्रेम कति महान् छ, वर्णन गरी नसकिने
तारागणदेखी अझ उच्च, असिमसम्म फैलिएको

उद्धार रहित आत्माको लागी, ईश्वरले पुत्र दिए
पापको कालो दागलाई मेटाई, हिँउजस्तो सेतो पारे।

कोरस
ईश्वरको प्रेम कति प्रशस्त, छ बहुमूल्य अपार
सधैँभरि दूतगण समस्त, गाउँछ त्यसको जयजयकार।

२ अन्तिम समय जब आउनेछ, मानव राज्य नाश हुनेछ
विश्वास नगर्ने हरेक जन, ईश्वरको क्रोधमा पर्नेछ
ईश्वरको प्रेम रहने अझै, कति छ दृढ र महान्
अनुग्रह आदम वंशलाई, भनि गाउनेछन् दूतगण।

३ समुन्द्र मसीले भरेको, आकाश पत्र भएको भए
हर रुखको डाँठ कलम बनेको, र हरेक मानिस लेखक भए
लेख्न ईश्वरको महान प्रेम, समुन्द्र सुकि जान्थ्यो
न त अटाउँथ्यो आकाशमा, वर्णन अपार प्रेमको।

लेखक फ्रेडेरिक एम. लेहम्यान
संगित क्लाउडिया लेहम्यान मेज

पच्चीस
आत्मिकी उपयोगीताका व्यवहारिक मार्गदर्शन

२ पत्रुस १:३-११

"येशू ख्रीष्टको दास र प्रेरित शिमोन पत्रुसबाट - उनीहरूलाई, जसले हाम्रा परमेश्वर र मुक्तिदाता येशू ख्रीष्टको धार्मिकताद्वारा हामीसित हाम्रै जस्तो बहुमूल्य विश्वास प्राप्त गरेका छन्; परमेश्वर र हाम्रा प्रभु येशूको पहिचानमा अनुग्रह र शान्ति तिमीहरूका निम्ति प्रशस्त होऊन्; जसरी उहाँको ईश्वरीय शक्तिले हामीलाई जीवन र भक्तिसँग सम्बन्ध राख्ने सबै कुराहरू उहाँकै पहिचानद्वारा दिएको छ, जसले हामीलाई महिमा र सद्गुणद्वारा बोलाउनुभयो। जसद्वारा हामीलाई अत्यन्तै ठूला र बहुमूल्य प्रतिज्ञाहरू दिइएका छन्, यसैले की यी प्रतिज्ञाद्वारा तिमीहरू यस संसारमा अभिलाषाद्वारा हुने भ्रष्टताबाट उम्केर ईश्वरीय स्वभावका भागीगारहरू होओ। अनि यही कारणले पनि तिमीहरूले सबै यत्न गरेर आफ्नो विश्वासमाथि सद्गुण, सद्गुणमाथि ज्ञान, "अनि ज्ञानमाथि संयम, संयममाथि धीरज, धीरजमाथि भक्ति, अनि भक्तिमाथि भाइ-भाइको माया र भाइ-भाइको मायामाथि प्रेम थप। किनकी यी कुराहरू तिमीहरूमा छन्, र प्रशस्त हुदैँ जान्छन् भने यिनीहरूले तिमीहरूलाई हाम्रा प्रभु येशू ख्रीष्टको पहिचानमा बेकम्मा र निष्फल नहुने तुल्याउँछन्। तर जससँग यी कुराहरू छैनन्, ऊ अन्धा हो, र टाढा देख्न सक्दैन, अनि आफ्ना पहिलेका पापहरूबाट ऊ शुद्ध पारिएको छ भन्ने कुरा उसले बिर्सेको छ। यसकारण भाइहरूहो, आफ्नो वोलावट र चुनाउ पक्का गर्नालाई बढी प्रयत्न गर; किनकी तिमीहरूले यी कुराहरू गर्यौ भने तिमीहरूले कहिल्यै ठेस खानेछैनौ; जब यी सबै कुराहरू पग्लनेछन्, तब परमेश्वरको दिनको आगमनको बाटो हेर्दै र त्यसका निम्ति हतारिँदै सबै पवित्र चालचलन र भक्तिमा तिमीहरू कस्तो किसिमको मानिसहरू हुनुपर्छ त? २पत्रुस १:३-११

परमेश्वरसँगको हाम्रो हिँडाईमा कसरी बढ्ने र परिपक्व हुने सन्दर्भमा परमेश्वरको वचनमा दिइएका निर्देशनमध्ये यस शास्त्रको खण्डले प्रष्ट निर्देशन प्रदान गर्दछ। परमेश्वरको खोजी गर्न र उहाँको नजिकमा हुन चाहने कुनै पनि व्यक्ति, यी खण्डहरूसित निकै परिचित हुनुपर्दछ।

यस खण्डको आखिरी पदहरूमा, त्यहाँ चार आशिषहरू प्रदान गरिएको छ जुन यी निर्देशनलाई अभ्यास गरेमा प्राप्त हुँदछ। यी चार आशिषहरू हुन्;

१ परमेश्वरको ज्ञानमा हामी प्रभावशाली र उपयोगी हुँदछौं।
२ हामीमा मुक्तिको निश्चयता हुँदछ।
३ हामी ठेस लाग्नेछैनौं।
४ स्वर्गमा हाम्रो निम्ति प्रशस्त इनाम हुनेछ।

यी कुराहरू हरेक विश्वासीका भित्री चाह हुनुपर्छ। हाम्रा प्रभु येशू ख्रीष्टलाई महिमित तुल्याउनको लागी यी कुराहरू विश्वासयोग्य, लाभदायक, र उपयोगी जीवन जिउनको लागी चाबी हुन्।

यस अध्ययनमा अघि बढ्नको लागी तपाईले यी पदहरू (२पत्रुस १:३-११) कैयौं पटक अध्ययन गर्नुपर्छ र यसले के भन्न खोजिरहेको त्यसलाई आत्मसाथ गर्नुपर्छ।

यो खण्ड लाई (२पत्रुस १:३-११) तीन प्रमुख भागमा बिभाजित गर्न सकिन्छ।

१ परमेश्वरले के गर्नुभएको छ। पद ३-४
२ परमेश्वरले गर्नुभएको कुरामा हामीले कसरी प्रतिकृया जनाउन सक्दछौं।
३ सही प्रतिकृयाको परीणाम स्वरुप पाउने आशिष पद ८-११

अब हामी शास्त्रको यस पूस्तकबाट खण्ड-खण्ड, पद-पद, र केही मामलामा शब्द-शब्द गर्दै अघि बढ्नेछौं।

परमेश्वरले के गर्नुभएको छ (२पत्रुस १:३-४)

जसरी उहाँको ईश्वरीय शक्तिले हामीलाई जीवन र भक्तिसँग सम्बन्ध राख्ने सबै कुराहरू उहाँकै पहिचानद्वारा दिएको छ, जसले हामीलाई महिमा र सद्गुणद्वारा बोलाउनुभयो। जसद्वारा हामीलाई अत्यन्तै ठूला र बहुमूल्य प्रतिज्ञाहरू दिइएका छन्, यसैले की यी प्रतिज्ञाद्वारा तिमीहरू यस संसारमा अभिलाषाद्वारा हुने भ्रष्टताबाट उम्केर ईश्वरीय स्वभावका भागीगारहरू होओ। २पत्रुस १:३-४

पद ३ लाई ध्यानपूर्वक केही पटक पढ्नुहोस्।

जसरी उहाँको ईश्वरीय शक्तिले हामीलाई जीवन र भक्तिसँग सम्बन्ध राख्ने सबै कुराहरू उहाँकै पहिचानद्वारा दिएको छ, जसले हामीलाई महिमा र सद्गुणद्वारा बोलाउनुभयो। ३पद

यी पदहरूले केही गहन सत्यताहरू सिकाउँदछन्। आउनुहोस् यसलाई एक पटकमा केही शब्दहरू गरी हेरौं।

जसरी <u>उहाँको ईश्वरीय शक्तिले</u> हामीलाई जीवन र भक्तिसँग सम्बन्ध राख्ने सबै कुराहरू उहाँकै पहिचानद्वारा दिएको छ,

हामी ईश्वरिय जीवन जिउन योग्यका भएका छौं कारण परमेश्वरले हामीलाई ईश्वरिय सामर्थ्य प्रदान गरिदिनुभएको छ। हाम्रो सामर्थ्य, शक्ति, वा योग्यताले उहाँको सेवा गर्ने हामीलाई योग्य तुल्याएको होइन। यो परमेश्वरको ईश्वरिय सामर्थ्य र उहाँको सामर्थ्यले गर्दा हो।

यो हाम्रो प्रभुसँगको हिँडाई र उहाँको सेवा सम्बन्धित मुलभूत सत्यताहरूमध्येको एक सबैभन्दा ठूलो सत्यता हो। जब हामी पवित्रआत्माद्वारा सामर्थ्य प्रदान गरिदँछौं र डोर्याइदँछौं तब हाम्रो जीवनमा साँचो आत्मिकी फल फल्दछ। जब हाम्रै इच्छा र सामर्थ्यमा आफैले कार्य गर्दछौं, त्यहाँ परमेश्वरद्वारा प्रदान गरिने आत्मिकी फल थोरै वा कत्तिपनि रहेको हुँदैन।

हाम्रो सेवा र धेरै ख्रीष्टियन सेवकाइमा संक्रामक आपत निम्त्याउने एक मुलभूत त्रुटि भनेको कार्यमा परमेश्वरबाटको सामर्थ्य प्रयोग गरिने होइन; साटो आफ्नै सामर्थ्य प्रयोग गरिदँछ। हामीमध्ये धेरै प्रभुमा निर्भर हुनाको लागी त्यति धेरै आत्मिकी परिपक्व भएका छैनौं त्यसैले आफैमा निर्भर हुँदछौं। प्राय हाम्रो उद्देश्यहरू प्रभुलाई प्रशन्न पार्ने खालका हुँदैनन्, तर साटोमा, एक तरीका वा अन्यद्वारा, हामी आफैले असल भएको देख्न चाहन्छौं। परमेश्वरलाई महिमित पार्ने चाहनभन्दा हामी घमण्डद्वारा डोर्याइएका हुन्छौं। ख्रीष्टियनहरूले कडा परीश्रम गरेर प्रभावशाली सेवकाईलाई निर्माण गर्न सक्दछन्, तर प्रायजसो परमेश्वरको साँचो कार्य नभइ हामी आफूमा नै स्थापित भएको हुन्छ।

केही वर्षको लागी, ख्रीष्टियन र संसारिक दुवैमाझमा म व्यक्तिगत रुपमा मद्य र लागुऔषधको बारेमा परामर्श दिने गर्दथें। सामान्य रुपमा, संसारिक समूहमा कुलतलाई रोगको रुपमा परिचित गराइन सकिन्थ्यो। कुलत सम्बन्धी ख्रीष्टियन सेवकाईहरूको यो विचार रहेको छ की तिनीहरूले सामान्यतः स्वास्थ्य लाभ कार्यक्रममा लादँछन्। परमेश्वरको वचनले मद्यपानलाई पाप भनेको छ। परमेश्वरले साँचो ख्रीष्टियनहरूलाई पापबाट स्वतन्त्र

रही ईश्वरिय जीवन जिउन सामर्थ्य प्रदान गर्नुहुन्छ भनि शिक्षा दिनुको साटो, धेरै ख्रीष्टियन सेवकाइले दुर्व्यसनीहरूलाई तिनीहरूको रोगलाई कसरी उपचार गर्ने वा त्यसमाथि कसरी विजय प्राप्त गर्ने भनि शिक्षा दिने प्रयास गर्दछन्। तिनीहरूले पापबाटको पश्चाताप र ईश्वरिय जीवन जिउनको लागी परमेश्वरको सामर्थ्यलाई समुचित गर्न जोड दिँदैनन्। यथार्थमा, मानिसलाई दिने शिक्षाप्रतिको उनीहरूको विश्वास परमेश्वरको वचनले दिने शिक्षाप्रतिको विश्वासभन्दा धेरै छ। परमेश्वरको सामर्थ्यलाई ख्रीष्टियनहरूले कसरी ठग्छन् भनि यो त एउटा उदाहरण मात्र हो। ख्रीष्टियनहरू कसरी परमेश्वरको सामर्थ्यमा भन्दा आफ्नै योग्यता र विचारमा निर्भर हुन्छन् त्यहाँ धेरै उदाहरणहरू रहेका छन्।

जसरी उहाँको ईश्वरीय शक्तिले हामीलाई जीवन र भक्तिसँग सम्बन्ध राख्ने सबै कुराहरू उहाँकै पहिचानद्वारा दिएको छ,

"दिएको छ" भूतकाल हो। सबै साँचो ख्रीष्टियनहरूले अनन्त जीवन र ईश्वरिय जीवन जिउनको लागी चाहिने सबै कुराहरू प्राप्त गरिसकेका छन्। हामीले अझै धेरै सामर्थ्य वा आत्माको लागी प्रार्थना गरिरहनुपर्दैन। हामी आत्माले भरपुर भइसकेका छौं। हामीमा सामर्थ्यको कमी हुँदैन। हाम्रो सामर्थ्यको श्रोतको प्रवाहबाट हामीलाई निकाल्न सकिदैँन। अझै धेरै सामर्थ्यको लागी प्रार्थना गर्नुभन्दा, हामी अझै ईश्वरिय हुन सिक्नुपर्छ। जब हामी धार्मिकतामा बढ्दै जादँछौं, परमेश्वरले हामीलाई अघिबाटै दिइसक्नुभएको कुरालाई हामी प्रभावकारिताका साथ प्रयोग गर्न सक्दछौं।

याद गर्नुहोस् उहाँको सामर्थ्य *दिइएको* छ वा उहाँले *सबै कुराहरू दिनुभएको छ....*। परमेश्वरले त्यो हामीलाई *दिनुभएको* छ। हामीले यो कमाएका होइनौं न ता हामीले यो किन्यौं। यो त उपहारको रुपमा मात्र प्राप्त गर्न सकिन्छ। यदि कसैले यो कमाउन चाहन्छ भने, उसले यो प्राप्त गर्न सक्दैन नै। परमेश्वरको आत्माको मुक्ति र उपहार, जो हाम्रो सामर्थ्यको श्रोत हो, सित्तैंमा हो।

जसरी उहाँको ईश्वरीय शक्तिले <u>हामीलाई</u> जीवन र भक्तिसँग सम्बन्ध राख्ने सबै कुराहरू उहाँकै पहिचानद्वारा दिएको छ,

"हामीलाई", संलग्न गराइएको छ। जीवन र भक्तिको लागी चाहिने सबै कुराहरू हामी साँचो विश्वासीहरूलाई प्रदान गरिएका छन्। ख्रीष्टियन "विशिष्ट वर्ग"हरूमा सामर्थ्य रहने होइन; यो हामी सबमा रहन्छ। त्यहाँ केही ख्रीष्टियनहरू छन् जसलाई हामीले हेर्दछौं किनभने तिनीहरू परमेश्वरद्वारा प्रयोग गरिएका छन् र तिनीहरू परमेश्वरबाट वोलवट गरिएका सेवकाइहरूमा "सफल" भएका छन्। यद्यपि, यथार्थमा, परमेश्वरले हामीलाई व्यक्तिगत रुपमा गर्नको निम्ति दिनुभएको कार्यलाई पूरा गर्न सामर्थ्य प्रदान गरिदिनुभएको छ।

जसरी उहाँको ईश्वरीय शक्तिले हामीलाई जीवन र भक्तिसँग सम्बन्ध राख्ने <u>सबै कुराहरू</u> उहाँकै पहिचानद्वारा दिएको छ,

जीवन र भक्तिको लागी चाहिने "सबै कुराहरू" हामीसँग छन्। "हामीलाई चाहिने केही कुराहरू" वा "हामीलाई चाहिनेमध्ये धेरै" छन् भनि यसले बताउँदैन; जीवन र भक्तिको लागी चाहिने "सबै कुराहरू" हामीसँग छन् भनि यसले भन्दछ। परमेश्वरले चाहनुभएझैँ गरी गर्नको निम्ति हामीलाई अझै धेरै कुराहरूको आवश्यकता रहेको छ भनि हामीमध्ये धेरैले मनभित्र देखी विचार गर्न पुग्दछौं। यद्यपि, हाम्रा यी अझै धेरै खाँचाहरू सामर्थ्य र योग्यताको होइन; हाम्रो खाँचो भनेको हामी उहाँको वचनमा अझै धेरै असल विद्यार्थी हुने हो र त्यस ज्ञान र समझलाई अभ्यासमा उतार्ने हो। जसै हामी उहाँको ज्ञान र समझमा बढ्दै जान्छौं, उहाँले हामीलाई पहिल्यै प्रदान गरिसक्नुभएको कुरालाई प्रभावकारिताका साथ प्रयोग गर्न हामी झनै उत्तम रुपमा सुसज्जित हुँदै जान्छौं।

जसरी उहाँको ईश्वरीय शक्तिले हामीलाई <u>जीवन</u> र भक्तिसँग सम्बन्ध राख्ने सबै कुराहरू उहाँकै पहिचानद्वारा दिएको छ,

जब हामीले प्रभु येशू ख्रीष्टमा विश्वास गर्ने छनोट गर्दछौं, तब हामीलाई अनन्त जीवन प्रदान गरिदँछ। यस पाठको शुरुका मार्गदर्शनले उहाँमा विश्वास गर्नु को अभिप्राय के हो भनेर विवरणहरूसँग व्यवहार गर्दछ। जब परमेश्वरले हामीलाई अनन्त जीवन दिनुभयो उहाँले कुनै कुरा बाँकी राख्नुभएन। अनन्त जीवनलाई चाहिने र साथै अझै धेरै गरी सबै कुराहरू उहाँले हामीलाई दिनुभयो। जब हामी उद्धार गरियौं, परमेश्वरले हामीलाई नयाँ जीवन दिनुभयो; उहाँले हाम्रा सारा पापहरूलाई क्षमा गरिदिनुभयो; उहाँले हामीलाई आफ्नै धार्मिकता खनाइदिनुभयो; उहाँले हामीलाई धर्मी ठहराउनुभयो; उहाँले हामीलाई आफैसित मिलाप गर्नुभयो; अबउसो उहाँ हामीसाथ रहनुहुन्छ; र उहाँले हामीलाई स्थायी रुपमा उहाँको आत्मा प्रदान गरिदिनुभएको छ। यो भन्दा अरु उहाँले के गर्न बाँकी रहेको छ? अनन्त जीवनको लागी सबै कुराहरू हामीसँग रहेका छन्।

जसरी उहाँको ईश्वरीय शक्तिले हामीलाई जीवन र <u>भक्तिसँग</u> सम्बन्ध राख्ने सबै कुराहरू उहाँकै पहिचानद्वारा दिएको छ,

एक पटक हामीले अनन्त जीवन प्राप्त गरेपछि, हामी पूरानो पापमय जीवनयापनबाट फर्किदँछौं र ईश्वरिय जीवन जिउनको लागी प्रतिवद्ध हुँदछौं।ईश्वरिय जीवन जिउनु भनेको हाम्रो वोलावटको योग्य जीवन जिउनु हो। ईश्वरिय हुनु भनेको परमेश्वरमा समर्पित हुनु हो। एक ईश\वरिय व्यक्तिले परमेश्वरको साँचो आराधना र श्रद्धा गर्दछ। एक ईश्वरिय व्यक्तिले यस्तो जीवनयापन गर्दछ जसले हाम्रो प्रभु येशू ख्रीष्टलाई आदर, महिमा र प्रशन्नता प्रदान गर्दछ।

फेरी, ईश्वरिय जीवन जिउनको लागी परमेश्वरले हामीलाई सबैकुरा दिनुभएको छ। जब हामी उद्धार गरिदँछौं, परमेश्वरले हामीलाई उहाँको आत्मा दिनुहुन्छ जो हामीमा वास गर्नुहुन्छ र जसले हामीलाई पूर्णरुपमा घेर्नुहुन्छ। (भजनसंग्रह १३९)

अनि म पितालाई प्रार्थना गर्नेछु, र उहाँले अर्को शान्तिदाता, उहाँ सधैँभरि तिमीहरूसँगै रहून् भनेर तिमीहरूलाई दिनुहुनेछ; अर्थात् सत्यको आत्मा, जसलाई संसारले ग्रहण गर्न सक्दैन; किनभने त्यसले न ता उहाँलाई देख्छ, न उहाँलाई चिन्छ; तर तिमीहरूले उहाँलाई चिन्छौ, किनकी उहाँ तिमीहरूसित रहनुहुन्छ, र तिमीहरूभित्र हुनुहुनेछ। यूहन्ना १४:१६-१७

अनि परमप्रभुको आत्मा उहाँमाथि बसिरहनुहुनेछः बुद्धि र समझको आत्मा। सल्लाह र शक्तिको आत्मा, ज्ञान र परमप्रभुको डरको आत्मा; यशैया ११:२

यहाँ परमेश्वरको आत्मालाई ज्ञान, समझ, बुद्धि, परामर्श, सामर्थ्य र भयको आत्मा भनिएको छ। जब हामीले ईश्वरिय जीवन जिउने खोजी गर्दछौं तब यी सबै हामीलाई दिइनेछन्। हामीलाई योभन्दा अधिक केही कुरा चाहिँदैन।

यस खण्डको पद ३ लाई (२पत्रुस १:३) याद गर्नुहोस् र पढ्नुहोस्;

जसरी उहाँको ईश्वरीय शक्तिले हामीलाई जीवन र भक्तिसँग सम्बन्ध राख्ने सबै कुराहरू उहाँकै पहिचानद्वारा दिएको छ, जसले हामीलाई महिमा र सद्गुणद्वारा बोलाउनुभयो। पद ३

यस पदको दोश्रो वाक्याशंलाई तल बर्णन गरिएको छः

... <u>उहाँकै पहिचानद्वारा</u> दिएको छ, जसले हामीलाई महिमा र सद्गुणद्वारा बोलाउनुभयो।

परमेश्वरद्वारा हामीलाई प्रदान गरिएको सारा कुराहरूप्रतिको हाम्रो कृतज्ञता "उहाँको पहिचान"द्वारा आउँदछ। हामी अझै धेरै ज्ञान र परमेश्वर र उहाँको वचनको समझको खोजी गर्दछौं ताकी हामी उहाँले प्रदान गरिसक्नुभएको कुराहरूमा उपयोगी र प्रभावकारी हुन सकौं।

परमेश्वरले हामीलाई प्रदान गरिसक्नुभएको कुरामा प्रभावकारी हुनको लागी परमेश्वरलाई बुझ्न, हामीमा रहेको उहाँको ज्ञान सतही तहको ज्ञानभन्दा अधिक हुनु आवश्यक रहेको हुन्छ। परमेश्वरको वचनद्वारा उहाँलाई कसरी जान्ने र बुझ्ने भनेर परमेश्वरको वचनमा निरन्तर सकृय प्रतिवद्धता जनाएमा मात्र यो ज्ञान प्राप्त हुँदछ। जसै हामी परमेश्वर र उहाँको वचनमा बढ्दै जादँछौं, तब त्यस ज्ञानले हाम्रो जीवनको पथलाई निर्धारण गर्नुपर्छ।

यो त्यस्तो ज्ञान हो जसले हामीलाई परमेश्वरले चाहनुभएजस्तै गरी हुन र सारा कार्यहरू गर्न योग्य बनाउँदछ। जो व्यक्ति उहाँको वचनको समझमा नियमित बढ्दैन र अभ्यास गर्दैन, त्यो व्यक्ति कमजोर, निकम्मा, र उपयोगहिन हुँदछ।

यही कारणले हामीले पनि यो कुरा सुनेको दिनदेखी तिमीहरूका निम्ति प्रार्थना गर्न, र सारा बुद्धि र आत्मिक समझमा उहाँको इच्छा जान्ने ज्ञानले तिमीहरू भरिएका होओ भनि विन्ती गर्न छोडेका छैनौं; कि उहाँलाई पूरा प्रसन्न गराउनालाई तिमीहरू प्रभुको योग्य चालमा हिँड, हरेक असल काममा फलदार हुँदै जाओ, र परमेश्वरलाई चिन्ने ज्ञानमा बढ्दै जाओ; कलस्सी १:९-१०

साँचो बाइबलिय सत्यतामा आधारित नरहेका झूटा ज्ञान र प्रतिवद्धताहरू पनि त्यहाँ रहेका छन्। गलत सिकाइ र पथभ्रष्टित उत्साहले परमेश्वरको साँचो ज्ञान तर्फ डोर्याउँदैन। यथार्थमा, यसले ठीक विपरित गर्दछ। यसले अनन्ताको लागी परमेश्वरबाट अलग पारी नरकमा डोर्याउँदछ।

जुन स्त्रीहरूले सिक्न ता सधैँ सिक्छन्, तर सत्यको ज्ञानमा कहिल्यै आउन सक्दैनन्। २तिमोथी ३:७

किनकी म तिनीहरूको विषयमा गवाही दिन्छुः परमेश्वरका निम्ति तिनीहरूसित जोश त छ, तर ज्ञानअनुसार छैन रोमी १०:२

फेरी, परमेश्वर र उहाँको वचनको साँचो ज्ञान र त्यसलाई अभ्यास गर्ने प्रतिवद्धता अनि उहाँले चाहनुभएझैँ गरी हुनका लागी परमेश्वरले प्रदान गरिदिनुभएको सामर्थ्य र श्रोतलाई प्रभावकारीताका साथ प्रयोग गर्न हामीलाई योग्य बनाउँदछ।

... उहाँकै पहिचानद्वारा दिएको छ, जसले हामीलाई <u>महिमा</u> र सद्गुणद्वारा बोलाउनुभयो।

परमेश्वरको आफ्नैबाटको महिमा र भलाईले गर्दा उहाँले यस जीवनका हाम्रा खाँचाहरू र भक्तिमा प्रबन्ध गरिदिनुभएको छ। पहिला र सर्वाधिक, परमेश्वर महिमाको परमेश्वर हुनुहुन्छ। परमेश्वर को हुनुहुन्छ भनेर महिमाले वर्णन गर्दछ।

अनि त्यस शहरलाई, त्यसमा उज्यालो दिनका निम्ति न घाम, न जूनको खाँचो थियो; किनकी परमेश्वरको महिमाले त्यसलाई उज्यालो पार्थ्यो, र थूमाचाँही त्यसको बत्ती हुनुहुन्थ्यो। प्रकाश २१:२३

जब हामीले परमेश्वरलाई महिमाको परमेश्वर भनेर जान्दछौं, तब हामीले परमेश्वरको महिमासँग साथ-साथ जाने जीवनयापनद्वारा प्रतिकृया प्रस्तुत गर्दछौं।

यसकारण चाहे तिनीहरू खाओ, चाहे पिओ, चाहे तिमीहरू जेसुकै गर, सबै कुरा परमेश्वरकै महिमाका निम्ति गर। १कोरिन्थी १०:३१

... उहाँकै पहिचानद्वारा दिएको छ, जसले हामीलाई महिमा र <u>सद्गुणद्वारा</u> बोलाउनुभयो।

व्याख्यात्मक शब्दाकोष अनुसार, "सद्गुण" र " श्रेष्ठता" शब्दहरूले परमेश्वरको "नैतिक उत्कृष्ठता"लाई उल्लेख गर्दछन्। महिमा र नैतिक उत्कृष्ठताले परमेश्वरको बयान गर्दछ। परमेश्वर को हुनुहुन्छ भनेर महिमाले बयान गर्दछ, त्यसै गरी "सद्गुण" वा "नैतिक उत्कृष्ठता"ले परमेश्वरको कार्यलाई जनाउँदछ। परमेश्वरको कार्य सधैँ उहाँको महिमा, पवित्रता, धार्मिकता, न्यायसँग साथ-साथ जादँछ।

परमेश्वरको नैतिक उत्कृष्ठता जान्न मानिसको समझ वा वर्णन निरर्थक हुँदछ। परमेश्वरको वचनमा, परमेश्वर पवित्र हुनुहुन्छ भनेर धेरै पटक वर्णन गरिएको छ। परमेश्वरको व्यक्तित्वमा पाप वा दुष्टताका सानोभन्दा सानो दाग पनि रहेको छैन। ती कुराहरू जुन दुष्ट छन् ती सबैबाट उहाँ अलग हुनुहुन्छ। परमेश्वर शुद्ध हुनुहुन्छ। उहाँ हुनुभएका र उहाँले गर्नुभएको सारा कुराहरूमा उहाँ धर्मी र न्यायी हुनुहुन्छ। हामीले यी सारा कुराहरूलाई पक्रिन सक्दैनौं, र परमेश्वरको नैतिक उत्कृष्ठतामा अझै धेरै कुराहरू समावेश छन्। परमेश्वरको नैतिक उत्कृष्ठतालाई जनिकबाट हामीले जान्ने र बयान गर्न सक्ने भनेको उहाँको पवित्रता, धार्मिकता, र न्याय हो, तर यी पनि हाम्रो योग्यताको पक्राइको सिमामा रहेका छैनन्। परमेश्वरको यी गुणहरूप्रतिको हाम्रो प्रतिकृया गहिरो भक्ति र परमेश्वरबाटको भय हुनुपर्दछ। हामीले इमान्दारी आराधना र विश्वासयोग्य सेवा अनि उहाँमा आज्ञाकारिताद्वारा प्रतिकृया जनाउनुपर्दछ।

यसकारण हल्लन नसक्ने राज्य हामीले पाइरहेका हुनाले आओ, हामी अनुग्रह प्राप्त गरौं, जसद्वारा हामी श्रद्धा र ईश्वरीय भयसाथ परमेश्वरलाई ग्रहणयोग्य सेवा चढाउन सकौं; किनकी हाम्रा परमेश्वर भस्म गर्नुहुने आगो हुनुहुन्छ। हिब्रु १२:२८-२९

जसद्वारा हामीलाई <u>अत्यन्तै ठूला र बहुमूल्य प्रतिज्ञाहरू</u> दिइएका छन्।

यस "जसद्वारा" शब्दले उहाँको महिमा र नैतिक उत्कृष्ठातर्फ उल्लेखित गर्दछ। उहाँको महिमा र नैतिक सद्गुणद्वारा, उहाँले हामीलाई महान् र बहुमूल्य प्रतिज्ञाहरू प्रदान गरिदिनुभएको छ।

परमेश्वरबाटको प्रतिज्ञालाई "अत्यन्तै ठूला र बहुमूल्य प्रतिज्ञा" भनि वर्णन गरिएको छ। कसरी एक व्यक्तिले परमेश्वरको प्रतिज्ञालाई पर्याप्त बयान गर्न सक्दछ र? तिनीहरू मानव प्रतिज्ञाहरू जस्तो होइनन् जुन पूरा गर्न वा नगरिन सकिन्छ। परमेश्वर झूटो बोल्न सक्नुहुन्न र उहाँले आफ्नो वचन पूरा गर्नुहुन्छ भनि उहाँमा भरोसा गर्न सकिन्छ। परमेश्वरले गर्नुभएको सारा कुरा र उहाँको समयतालिकालाई हामीले बुझ्न सक्दैनौं, तर उहाँ विश्वायोग्य हुनुहुन्छ र उहाँले आफ्ना वचन पूरा गर्नुहुन्छ।

परमेश्वरको प्रतिज्ञाहरू के मा प्रतिज्ञा गरिएका छन् त्यसमा समान छैनन् र यी प्रतिज्ञा दिनेवाला यी प्रतिज्ञाहरू पूरा गर्ने योग्यतामा समान हुनुहुन्छ। यस खण्डमा यो बताइएको छ की हाम्रो जीवन र भक्तिका सारा खाँचाहरूलाई पूरा गर्ने सबै कुराहरू हामीलाई प्रदान गरिएका छन्। यो आफैमा एक महत्वपूर्ण प्रतिज्ञा हो, तर परमेश्वरको वचनमा अरू धेरै प्रतिज्ञाहरू पनि रहेका छन्।

परमेश्वरको वचनमा बिभिन्न प्रकारका प्रतिज्ञाहरू रहेका छन्। यहाँ विश्वास गर्नेहरूको लागी अनन्त जीवनको धेरै प्रतिज्ञाहरू रहेका छन्। विश्वासीको लागी, परमेश्वरले शुरक्षा, प्रबन्ध, सामर्थ्य, दिशा, शान्ति, उहाँको

आत्मा, र अरु धेरैको प्रतिज्ञा गर्नुभएको छ। परमेश्वरले हामीलाई प्रत्येक आत्मिकी आशिषको प्रतिज्ञा पनि दिनुभएको छ।

हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर र पिता धन्य होऊन्, जसले हामीलाई स्वर्गीय स्थानहरूमा सबै आत्मिक आशिषहरूले ख्रीष्टमा आशिषित पार्नुभएको छ; एफिसी १:३

उहाँले प्रतिज्ञा नगर्नुभएको कुनै कुराहरूको खाँचो हामीमा रहेको छैन। हामीलाई आशिषित गर्नु नभएको कुनै पनि आत्मिकी आशिषहरू बाँकी रहेका छैनन्। यसको कारणले हामी पनि *"यस संसारमा अभिलाषाद्वारा हुने भ्रष्टताबाट उम्केर ईश्वरीय स्वभावका भागीगारहरू"* होऔं।

... यस संसारमा अभिलाषाद्वारा हुने भ्रष्टताबाट उम्केर <u>ईश्वरीय स्वभावका</u> भागीगारहरू होओ।

यो अचम्मको छ। परमेश्वरले हाम्रो निम्ति गरिदिनुभएको र हाम्रा निम्ति प्रतिज्ञा गर्नुभएकोले गर्दा, हामी, पापी मानिस भए पनि, हामी यति माथिको स्थानमा उचालिएका छौं की हामी "ईश्वरिय स्वभावका भागिदार" भएका छौं। कस्तो सत्यता !!! जसै हामी यस स्वरुपमा निश्चित हुँदछौं र उहँको आत्माद्वारा भरपुर हुँदछौं, हामी स्वभाव, उद्देश्य, र कार्यमा परमेश्वरसँग एक हुँदछौं।

फेरी, हामी उहाँको भयमा पछि नै खडा हुनुपर्छ र हामी मानिसले, कसरी परमेश्वरसँगको एकता र संगति प्राप्त गर्न सक्दछ की हामी उहाँको ईश्वरिय स्वभावमा भागिदारहरू हुन सक्दछौं भनि सोचमा पार्दछ। ती जो "ख्रीष्टमा छन्" र "उहाँ उसमा हुनुहुन्छ", तिनीहरूलाई उहाँको धार्मिकता खनाइएको छ र तिनीहरूले हाम्रा प्रभुबाट महिमा प्राप्त गरेका छन्, र, फलस्वरुप, हामी परमेश्वरको स्वभावका भागिदारहरू भएका छौं।

परमेश्वरले चाहनुभएझैँ गरी हुन वा परमेश्वरकोचाहना अनुसार गर्नको लागी हामीसँग केही छैन भनि निश्चयताका साथ विचार गर्न कुनै ठाँउ दिँदैन। हामीमा परमेश्वरको आत्माले वास गर्नुहुन्छ र, जसै हामी उहाँद्वारा डोर्याइँदछौं र सामर्थ्य प्रदान गरिदँछौं, परमेश्वरलाई परमेश्वर बनाउने गुणहरूद्वारा हामी पनि चरित्र चित्रण गरिदँछौं।

... <u>यस संसारमा अभिलाषाद्वारा हुने भ्रष्टताबाट उम्केर</u> ईश्वरीय स्वभावका भागीगारहरू होओ।

उहाँको ईश्वरिय स्वभावमा सहभागी भएर, हामी संसारभित्र पसेको भ्रष्टचारबाट उम्कन्छौं जहाँ हामी बाँचिरहेका छौं। हामी हाम्रो पापी स्वभावको दास होइनौं। यदि एक "ख्रीष्टियन" निरन्तर पापमा जीवनयापन गरिरहन्छ भने, ऊ पाप गर्न चाहन्छ र उसले पाप गर्ने छनोट गर्दछ। उसले पाप गर्दछ किनकी ऊ पाप गर्न चाहन्छ, ऊ पापको दास भएकोले गर्दा होइन। पाप र भ्रष्टाचारको नियन्त्रणबाट स्वतन्त्र हुन परमेश्वरले हामीलाई योग्य तुल्याउनुहुन्छ।

पापको शरिर बेकम्मा होओस् भनेर हाम्रो पूरानो मान्छे उहाँसँगै क्रुसमा टांगियो भन्ने कुरा थाह गर्दै अब उसो हामी पापको दास हुनुहुँदैन। रोमी ६:६

र हामीलाई यो सिकाउँछ – अभक्ति र संसारिक अभिलाषाहरू इन्कार गरेर यस वर्तमान संसारमा हामीले आत्मसंयम, धार्मिकता र भक्तिसाथ जिउनुपर्छ; र त्यस धन्य आशाको, र हाम्रा महान् परमेश्वर र मुक्तिदाता येशू ख्रीष्टको महिमापूर्ण आगमनको बाटो हेर्दै जिउनुपर्छ। तीतस २:१२-१३

संसारलाई प्रेम नगर, न ता संसारमा भएका कुराहरूलाई नै। कसैले संसारलाई प्रेम गर्छ भने पिताको प्रेम त्यसमा हुँदैन। किनकी संसारमा भएका सबै कुराहरू – शरिरको अभिलाषा, आँखाहरूको अभिलाषा र जीवनको सेखी पिताबाटको होइन, तर संसारबाटको हो। १यूहन्ना २:१५-१६

तर जसरी तिमीहरूलाई बोलाउनुहुने पवित्र हुनुहुन्छ, उसरी नै तिमीहरू पनि सबै प्रकारका चालचलनमा पवित्र होओ। किनकी लेखिएको छः 'तिमीहरू पवित्र होओ, किनकी म पवित्र छु'। १पत्रुस १:१५-१६

परमेश्वरले गर्नुभएका कुरामा हामीले कसरी प्रतिकृया जनाउनुपर्छ। (२पत्रुस १:५-७)

यी दुई पदहरूमा (३-४) दिइएको शिक्षा जुन हामीले भरखरै हेरेका छौं, यी असामान्य हुन्। ईश्वरीय मानिसहरू हुनका निम्ति हामीसँग चाहिएका सारा थोकहरू र सारा सामर्थ्यहरू छन्। हामीले यसमा विश्वास गर्दा हुँदी किनभने परमेश्वरले यही शिक्षा प्रदान गर्नुहुन्छ, हामी, यथार्थमा, प्राय यो महसुस गर्दछौं की प्रभुसँगको हाम्रो हिँडाईमा केही कमी रहेको छ। अर्को तीन पदहरूले (५-७) यी सत्यताहरू अनुसार समुचित गर्न र परमेश्वरको उपयोगी फल फलाउने सन्तान बन्नको लागी व्यवहारिक निर्देशनहरू प्रदान गर्दछ।

अनि यही कारणले पनि तिमीहरूले सबै यत्न गरेर आफ्नो विश्वासमाथि सद्गुण, सद्गुणमाथि ज्ञान, "अनि ज्ञानमाथि संयम, संयममाथि धीरज, धीरजमाथि भक्ति, अनि भक्तिमाथि भाइ-भाइको माया र भाइ-भाइको मायामाथि प्रेम थप। २ पत्रुस १:५-७

यो परमेश्वरलाई हृदयदेखी नै खोज्ने र उहाँको समिपमा जाने हृदय हो। कुनै पनि ख्रीष्टियन जसले परमेश्वरसँगको हिँडाईलाई गम्भिरतासाथ लिँदछ उसले यी तीन पदहरूमा होशियारीका साथ ध्यान दिँदछ र यी निर्देशनहरू पालन गर्ने खोजी गर्दछ।

साँचो ख्रीष्टियन जीवन विश्वासको रखवालीका साथ शुरु हुँदछ। यसको साथ-साथै जादैँ, यी पदहरूमा, हामीले यो सिक्दछौं की हाम्रो जीवनमा सद्गुण, ज्ञान, संयम, धीरज, भक्ति, भाइ-भाइको माया, भाइ-भाइको प्रेम बिकास गर्न हामीले धेरै कठिन परीश्रम गर्नुपर्दछ।

<u>अनि यही कारणले</u> पनि तिमीहरूले सबै यत्न गरेर

"अनि यही कारणले", हामीले पदहरूमा अध्ययन गरिसकेको शिक्षातर्फ यसले उदृत गर्दछ (पद ३-४)। किनभने हामीले जीवन र सद्गुणका लागी चाहिने सारा थोकहरू दिइसकेका छौं र किनभने हामीमा बहुमूल्य प्रतिज्ञा रहेको छ जसले उहाँको अद्भूत स्वभावमा सहभागी हुन हामीलाई योग्य तुल्याउँदछ र भ्रष्टता देखी उम्काउँदछ, हाम्रो विश्वासलाई बिकास गर्न र परिपक्व हुनको निम्ति हामीले प्रत्येक प्रयास गर्नुपर्दछ। परमेश्वरले आफ्नो भाग गरिसक्नुभएको छ। अब, यो हाम्रो निम्ति समय रहेको छ, उहाँको आत्माद्वारा सामर्थी भइकन, हामीले हाम्रो भाग पूर्ण गर्नु छ।

अनि यही कारणले पनि तिमीहरूले <u>सबै यत्न गरेर</u>

हाम्रो जीवनमा सद्गुण, ज्ञान, संयम, धीरज, भक्ति, भाइ-भाइको माया, भाइ-भाइको प्रेम बिकास गर्नु हाम्रो भाग रहेको छ। *यो नै ख्रीष्टियन जीवनको केन्द्र हो। यसरी नै हामी परमेश्वरको खोजी गर्दछौं। यसरी नै हामी उहाँको नजिकमा जाँदछौं। यसरी नै हामी परमेश्वरसँगको हाम्रो हिँडाईमा बढ्दै जाँदछौं। यसरी नै हामी हाम्रो ख्रीष्टियन जीवनमा उपयोगी र प्रभावकारी बन्दछौं। यदि हामी परमेश्वरलाई प्रशन्न पार्न चाहन्छौं र उहाँलाई महिमित तुल्याउन चाहन्छौं भने, हामी जानुपर्ने भनेको यसरी नै हो।*

"सबै यत्न गरेर", यो कुनै अनौपचारिक वा खोक्रो प्रतिवद्धता होइन। यो त सकृय प्रतिवद्धता हो जसमा परीश्रम चाहिएको हुन्छ! हामी आफ्ना कार्यहरू वा आफ्नै परीश्रमले उद्धार नगरिए तापनि, हाम्रो विश्वासलाई बढाउदैँ जानका लागी हामीले कठिन परीश्रम गर्नु जरूरी रहन्छ। कुनै पनि ख्रीष्टियन जसले आफ्नो विश्वास बढाउनको लागी परीश्रम गर्दैन ऊ आफ्नो विश्वासमा त्यति बढ्दैन। परमेश्वरसँगको हिँडाईमा ऊ निष्प्रभावी र अनुत्पादक हुँदछ।

... यत्न गरेर आफ्नो <u>विश्वास</u>माथि सद्गुण;

प्रभु येशू ख्रीष्टमा विश्वास वा भरोसा गरिकन हामी हाम्रो ख्रीष्टियन जीवनको शुरुवात गर्दछौं। हामी विश्वासद्वारा बचाइएका हौं।

"किनकी विश्वासद्वारा अनुग्रहले तिमीहरूले मुक्ति पाएका छौ, अनि यो तिमीहरू आफैबाटको होइन, यो परमेश्वरको दान हो; एफिसी २:८

सबै ख्रीष्टियनहरूले परमेश्वरसँगको हिँडाई विश्वासद्वारा नै थालनी गर्दछन्। हाम्रा पापहरूको दण्डको चुक्ता स्वरुप हामी हाम्रा प्रभु येशू ख्रीष्टको मृत्युमा विश्वास गर्दछौं। अब उहाँमाथि हाम्रो आधारभूत विश्वास रहेकोले, विश्वासद्वारा हिँड्न र जिउने निर्देशन हामीलाई प्रदान गरिएको छ। विश्वासद्वारा जिउनुको ठूलो पाटो भनेको यी गुणहरूलाई हाम्रो जीवनमा बिकास गर्नको निम्ति कठिन परीश्रम गर्नु हो।

... यत्न गरेर आफ्नो विश्वासमाथि <u>सद्गुण</u>;

यस पदमा ग्रीक शब्दबाट अनुवादित "सद्गुण" शब्दको अर्थ हामीले सामान्य रुपमा असल जनाउने अर्थभन्दा गहिरो छ। यो त्यही ग्रीक शब्द हो जसलाई २ पत्रुस १:३मा "सद्गुण" भनि अनुवाद गरिएको छ।

जसरी उहाँको ईश्वरीय शक्तिले हामीलाई जीवन र भक्तिसँग सम्बन्ध राख्ने सबै कुराहरू उहाँकै पहिचानद्वारा दिएको छ, जसले हामीलाई महिमा र सद्गुणद्वारा बोलाउनुभयो। २पत्रुस १:३

हामीले यस खण्डमा अघि नै हेरिसकेका छौं, "सद्गुण" वा "उत्कृष्टता"ले नौतिक श्रेष्ठतालाई उद्दृत गरिरहेको छ। विश्वासमाथि "सद्गुण" थप्नको लागी हामीलाई निर्देशन दिइएको छ। ती सबै जसले परमेश्वरको खोजी गर्दछन् र उहाँको नजिकमा जाने इच्छा गर्दछन्, तिनीहरूमा परमेश्वरसँगको हिँडाईमा उच्चतम् सद्गुण रहेको हुनुपर्दछ। प्रभुलाई अनादर र क्रोध गर्ने कार्यमा हामी समाचेश हुनुहुँदैन। "खराब" पापहरूलाई मात्र त्यागिकन हामी सन्तुष्ट रहनु हुँदैन; बरू उच्च नौतिकतालाई अभ्यस्त गर्नको निम्ति हामी परीश्रम गरौं। परमेश्वरको नौतिक सद्गुणको देखासिकी गर्ने प्रयास हामी गरौं र हाम्रो जीवनका सारा कार्यकलापद्वारा उहाँको महिमा गरौं। खोक्रा मध्यम वर्गको लागी कुनै ठाँउ छैन जसले धेरैजसो अमेरिकन ख्रीष्टियनहरूको चरित्रको वर्णन गर्दछ।

किनभने जसलाई उहाँले पहिले नै जान्नुभएको थियो, उनीहरूचाँही आफ्नै पुत्रको रुपमा ढालिऊन् भनेर उहाँले उनीहरूलाई पहिले नै ठहराउनु पनि भयो, यसैले की उहाँ चाँही अनेकौं भाइहरूका बीचमा जेठा होऊन्। रोमी ८:२९

तर जसरी तिमीहरूलाई बोलाउनुहुने पवित्र हुनुहुन्छ, उसरी नै तिमीहरू पनि सबै प्रकारका चालचलनमा पवित्र होओ। किनकी लेखिएको छः 'तिमीहरू पवित्र होओ, किनकी म पवित्र छु'। १ पत्रुस १:१५-१६

यसकारण चाहे तिनीहरू खाओ, चाहे पिओ, चाहे तिमीहरू जेसुकै गर, सबै कुरा परमेश्वरकै महिमाका निम्ति गर। तिमीहरूले ठेस नखुवाओ, न यहूदीहरूलाई, न ग्रीकहरूलाई, न ता परमेश्वरो मण्डलीलाई; १ कोरिन्थी १०:३१-३२

हामीले पछ्याउनको लागी उच्च सद्गुण रहेको छ। हाम्रा स्वभाव र कार्यहरूमा हामीले उच्च सद्गुणको स्तर कायम गर्नुपर्दछ जसले परमेश्वरको व्यक्तित्वलाई प्रतिबिम्बित गर्दछ।

मैले पहिल्यै प्राप्त गरिसकेको छु वा म पहिल्यै सिद्ध भइसकेको छु, होइन; तर ख्रीष्ट येशूद्वारा म जुन कुराका निम्ति पक्राउ परें, त्यो कुरा पक्रन सक्छु कि भनि म त्यसको पछि लाग्छु। फिलिप्पी ३:१२

हाम्रो सोचले परमेश्वरको श्रेष्ठतालाई प्रतिबिम्बित गर्नुपर्दछ। तलको पदमा रहेको सद्गुण पनि ठीक उस्तै ग्रीक शब्द हो जसले परमेश्वरको नैतिक श्रेष्ठतालाई उदृत गर्दछ। हामीले ती कुराहरूको विचार गर्नुपर्दछ जसले परमेश्वरको नैतिक श्रेष्ठतालाई प्रतिबिम्बित गर्दछ।

अन्तमा भाइहरूहो, जे-जे कुरा सत्य छन्, जे-जे कुरा आदरयोग्य छन्, जे-जे कुरा न्यायसङ्गत छन्, जे-जे कुरा चोखा छन्, जे-जे कुरा मनोहर छन्, जे-जे कुरा तारिफ गर्न लायकका छन्; यदि सद्गुण छ भने, यदि कुनै प्रशंसा छ भने यी कुराहरूमा ध्यान देओ। फिलिप्पी ४:८

हामी, हाम्रा प्रभुको अनुयायी भएकाले गर्दा, परमेश्वको श्रेष्ठतालाई हामीले घोषणा गर्नुपर्दछ।

तर तिमीहरू एउटा चुनिएको वंश, एउटा राजकीय पूजाहारीको समाज, एउटा पवित्र जाति र निज प्रजा हौ; यसैले जसले तिमीहरूलाई अन्धकारबाट आफ्नो अचम्मको ज्योतिभित्र बोलाउनुभयो, उहाँका सद्गुणहरू तिमीहरूले प्रकट गर; १ पत्रुस २:९

यस्तो लाग्दछ की ख्रीष्टको नैतिक श्रेष्ठतालाई प्रतिरूपण गर्नको निम्ति धेरै ख्रीष्टियनहरू प्रतिवद्ध रहेका छैनन्। हाम्रा प्रेरणाकास्रोतहरू थोरै छन् र अलग छन्। यदि कसैले सम्पूर्ण हृदयले परमेश्वरको खोजी गर्ने र उहाँको जनिकमा जाने हो भने, ऊ यस खोजीमा एक्लो हुन सक्दछ। यद्यपि, ती जसले यसलाई आफ्ना अनुराग बनाउँदछन्, तब त्यहाँ प्रशस्तै इनाम रहेको छ, परमेश्वर महिमित तुल्याइनुहुन्छ, र परमेश्वरले हामीलाई सृष्टि गर्नुभएको उद्देश्यलाई हामीले पूरा गर्दछौं।

आफ्नो विश्वासमाथि सद्गुण, सद्गुणमाथि <u>ज्ञान</u>,

यस पदहरूमा उदृत गरिएको सद्गुण, संसारले परिभाषित गरेको सद्गुण होइन; यो त परमेश्वरले आफ्नो वचनमा परिभाषित गर्नुभएको सद्गुण हो। हाम्रो विश्वासमा नैतिक सद्गुण थप्नु कुनै छोटकरी मार्गिक दृष्टिकोण होइन। हाम्रो जीवनमा सद्गुण थप्नको लागी हामी जथाभावी खोजी र उपयोग गर्दैनौं। यी शिक्षाहरूमा आज्ञाकारी हुनको लागी, परमेश्वरको वचनमा परिभाषित गरए अनुसारले, संसार अनुसारले होइन, हामीले सही तरीकाले सद्गुणलाई बुझ्नुपर्दछ।

परमेश्वरको वचनले के शिक्षा दिन्छ भनि सही समझ राख्नु र त्यस अनुसार लागु गर्नु परमेश्वरले निर्देशन गर्नुभए अनुसार हुनु हो, विचार गर्नु हो, र सोही अनुरुप कार्य गर्नु हो। प्रायजसो हामीले परमेश्वर र उहाँको वचनलाई बुझ्नु खोक्रो र अपूर्ण साबित हुँदछ। परमेश्वरको सम्बन्धमा रहेको ज्ञान र समजमा हामी सबै नै बढ्दै जानुपर्दछ। यो जीवनभरिको दौड हो। परमेश्वर र उहाँको वचनको ज्ञान र समझमा बढ्नबाट हामी कहिल्यै रोकिदैँनौं।

परमेश्वरको वचनमा, ज्ञान भनेको शिरको ज्ञान मात्र होइन, तर यो त्यो ज्ञान हो जसले हाम्रा विचारहरू, सारा प्रवृत्तीहरू, र सारा कार्यहरूलाई नियन्त्रण गर्दछ। यसले हाम्रो सम्पूर्ण जीवन नियन्त्रण गर्दछ। उहाँमा रहेको हाम्रो प्रतिवद्धताको जीवनभन्दा बाहिर केही पनि रहेको छैन। उहाँ पवित्रआत्मा हुनुहुन्छ जसले यस किसिमको ज्ञान प्राप्त गर्नको लागी हामीलाई योग्य तुल्याउनुहुन्छ र आत्मिकी सत्यता बुझ्नको निम्ति हामीलाई बढाउदैँ लानुहुन्छ। यस अनुसारले हुनको लागी हामीले निरन्तरताका साथ पवित्रआत्मालाई भरपुर हुन र हामीमाथि नियन्त्रण गर्न अनुमति दिनुपर्दछ। खोक्रो अर्धपूर्ण हृदयको प्रतिवद्धताले परमेश्वर र उहाँको वचनको ज्ञान र समझमा बढाउँदै लानको लागी हामीलाई अगुवाई गर्दैन।

परमेश्वरको ज्ञानमा हामी बढ्दै जानुपर्छ भनेर परमेश्वरको वचनले हामीलाई स्पष्टसँग निर्दैशन दिन्छ।

तर हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अनुग्रह र पहिचानमा बढ्दै जाओ। उहाँलाई अहिले पनि र सदा-सर्वदा महिमा होओस्। आमेन। २ पत्रुस ३:१८

आज अमेरिकन ख्रीष्टियनमत झूटा वा विकृत शिक्षाले व्याप्त छ। धेरैले यस किसिमको शिक्षालाई पछ्याउँछन् र जसले रित्तोपना, निराशा, वा आफैमा विनाश समेत ल्याउँदछ। हामीलाई बाइबल बारे सिकाइएको कुरा साँचो हो की होइन भनि हामीले थाहा गर्नु अत्यावश्यक रहेको छ। झूटा शिक्षाले परमेश्वरको सम्बन्धमा ज्ञान र समझ हासिल गर्नतर्फ डोर्याउँदैन।

होसियार होओ, नत्र कसैले तत्वज्ञान र व्यर्थैको धोकाद्वारा तिमीहरूलाई शिकार बनाउला ! ती कुराहरू मानिसका रीतिथिति र संसारका प्राथमिक शिक्षाअनुसार छन्, तर ख्रीष्टअनुसार छैनन्। कलस्सी २:८

तपाईहरूकै बीचबाट पनि चेलाहरूलाई आफ्नो पछि खिँच्नालाई टेढामेढा कुरा गर्ने मानिसहरू उठ्नेछन्। प्रेरित २०:३०

हे तिमोथी, जुन ज्ञानलाई ज्ञान भन्नु नै झूट कुरो हो, त्यसका अशुद्ध र व्यर्थका बकवाद र विरोधहरूबाट तर्किएर तिमीले तिम्रो जिम्मामा सुम्पिएको कुराको रखवाली गर - यस ज्ञानलाई कतिले स्वीकार गरेकाले विश्वासको सम्बन्धमा निशाना चुकेका छन्। तिमीसँग अनुग्रह रहोस्। आमेन। १ तिमोथी ६:२०-२१

झूटा वा विकृत शिक्षा गलत शिक्षाले महान् विश्वास, वृद्धि, वा भक्तितर्फ डोर्याउँदैन।

अनि ज्ञानमाथि <u>संयम</u>,

संयम गहिरो अध्यात्मविद्या सम्बन्धी विचार होइन। यथार्थमा, यसले सरल अर्थ प्रदान गर्दछ – संयम। संयम हुनु भनेको कुनै व्यक्तिको चाहना, अनुराग, र विषयी भोकलाई नियन्त्रण गर्नु हो। हामीले जे गर्दछौं र हामीले प्रयोग गर्ने समयमा अनुशाषित हुनु हो। जब हामी हाम्रो ज्ञानमा बढ्दै जान्छौं र समझ प्राप्त गर्दछौं, तब त्यस निर्देशनलाई अभ्यस्त गर्नको लागी हामीले संकल्प लिनुपर्दछ। यसको लागी संयमको आवश्यकता पर्दछ।

संयमलाई आत्माको फल भनि परिचित गराइएको छ। ती जो आत्माद्वारा नियन्त्रित छन् तिनीहरूले मात्र संयमको अभ्यास गर्न सक्दछन्।

तर आत्माको फल होः प्रेम, आनन्द, मेलमिलाप, सहनशीलता, कृपा, भलाइ, विश्वास, नम्रता, संयम; यस्ता कुराहरूको विरोधमा कुनै व्यवस्था छैन। गलाती ५:२२-२३

प्रभुको सेवा गर्न परीश्रमको आवश्यकता पर्दछ। हाम्रो व्यस्त र विविधता रहेको समाजका धेरै कुराहरू छन् जसले परमेश्वरको वचन अध्ययन गर्न र त्यसमा ध्यान दिनबाट रोकावट सृजना गर्दछन्। मानिसहरू जसले आफूलाई ख्रीष्टियन हुँ भनि परिचित गराउँदछन् तिनीहरूको जीवनमा अर्थयुक्त प्रार्थना भनेको लगभग शून्य नै रहेको पाइन्छ। धेरै जसोको लागी, परमेश्वरलाई अझ बढी जान्नको निम्ति समय दिनुभन्दा सुत्र , टि.भी हेर्न, इन्टरनेटमा भूल्न, वा केही साथीहरूलाई विद्युतीय सन्देश पठाउनु नै चित्ताकर्षक रहेको हुन्छ। आज्ञाकारिताबाट हामीलाई टाढा राख्ने कुराहरूको सूचि अन्तहिन छन्।

यदि हामी परमेश्वरलाई सम्पूर्ण हृदयबाट खोजी गर्ने र उहाँको नजिकमा जाने हो भने, हामीले संयमको अभ्यास गर्नुपर्दछ र परमेश्वरले हामीले जे गरेको चाहनुहुन्छ त्यही गर्नुपर्दछ। कुन कुराहरू बढी महत्वका छन् भनि हामीले थाहा गर्नु जरूरी छ र ती कुराहरूमा नै हामी केन्द्रित हुनुपर्दछ। भक्तिहिन् चाहनाहरू र अस्वस्थ्य बानीले हामीलाई नियन्त्रण गर्नु हुँदैन। एक व्यक्ति जो परमेश्वरको इच्छा अनुसार, परमेश्वरको आत्माद्वारा प्रदान गरिएको सामर्थ्यसाथ-साथ हिँड्छ, ऊ संयममा अभ्यस्त हुँदछ।

संयममाथि <u>धीरज</u>,

धीरज पनि, "संयम"जस्तै, कुनै भारी अध्यात्मविद्या सम्बन्धी विचार होइन। अध्यात्मसम्बन्धी शब्दाकोषहरूले धीरजलाई सहनशीलता, स्थिर, धैर्य, विश्वायोग्यता, र निराश नहुने भनि बयान गर्दछ। यसको सरल अर्थ भनेको हामीले गर्ने विचारद्वारा र हाम्रो जीवनका परिस्थितीहरूमा हामीले दिने प्रतिकृयाद्वारा हामी परमेश्वरसँग विश्वासयोग्य हुने हो।

धीरज निष्क्रिय होइन तर प्रभुमा हुर्कने र उहाँको सेवा गर्ने कार्यमा सकृय संकल्प प्रस्तुत गर्नु हो। यसले नकारात्मक परिस्थितिहरूमा वा परीक्षाको समयमा समर्पण गर्दैन। यसले प्रभुको सेवा गर्ने हाम्रो प्रतिवद्धतालाई कुनै नकारात्मक परिस्थितीले असर पार्न दिँदैन।

प्रभुसँगको हाम्रो हिँडाईमा हामीलाई निरूत्साहित बनाउने र उत्साही नबनाउने कारणहरू धेरै-धेरै छन्। जब यसो हुँदछ, हामीले परमेश्वरको वचन आत्मसाथ गर्नुपर्दछ र हाम्रो आत्मालाई पुनर्जिवित गर्ने अनुमति दिनुपर्दछ। साथै, याद राख्नुहोस्, परमेश्वरले हामीलाई गहिरो प्रेम गर्नुहुन्छ, उहाँ जहिल्यै पनि हाम्रो नजिकमा नै हुनुहुन्छ (भजनसंग्रह १३९), र उहाँको आत्मा हामीभित्र वास गर्दछ। यस समझद्वारा निर्धारण गर्नुहोस् की तपाई उहाँमा विश्वासयोग्य हुनुहुनेछ।

परमेश्वर हाम्रो निम्ति विश्वायोग्यताको उदाहरण हुनुहुन्छ। उहाँ सधैँ विश्वासयोग्य हुनुहुन्छ र उहाँले आफ्ना प्रतिज्ञाहरू गर्नुहुन्छ – त्यस परिस्थितिहरूमा पनि जहाँ हामी निराश र निरूत्साहित हुन्छौ।

परमेश्वर विश्वासयोग्य हुनुहुन्छ, जसद्वारा तिमीहरू उहाँका पुत्र, हाम्रा प्रभु येशू ख्रीष्टको सङ्गतिमा बोलाइएका छौ। १ कोरिन्थी १:९

परमप्रभुका करुणाहरूको कारणले हामी नष्ट भएनौं; किनभने उहाँका कोमल कृपाहरूको अन्त हुदैँन। हरेक बिहान ती नयाँ-नयाँ हुन्छन्; तपाईको विश्वासयोग्यता महान् छ। विलाप ३:२२-२३

तर प्रभु विश्वासयोग्य हुनुहुन्छजसले तिमी ,हरू र दुष्टबाट ,लाई स्थिर पार्नुहुनेछजोगाउनुहुनेछ। २ थेस्सोलोनिकी ३:३

हाम्रा प्रभु येशू ख्रीष्टको अनुयायी भएकाले, हामी पनि विश्वासयोग्य हुने प्रतिज्ञा हामीले गर्नुपर्दछ।

आओ, हाम्रो विश्वासको अङ्गीकारलाई स्थिर भएर बलियो गरी पक्रौं; किनकी जसले प्रतिज्ञा गर्नुभयो, उहाँ विश्वासयोग्य हुनुहुन्छ; हिब्रु १०:२३

यसकारण यति ठूलो साक्षीहरूको बादलले हामी पनि घेरिएका हुनाले आओ, हरेक भार र पाप जसले हामीलाई सजिलै जेल्दछ, पन्साऔं, र धीरजसँग हाम्रा सामु राखिएको त्यो दौड दगुरौं, हाम्रो विश्वासका कर्ता र सिद्ध पार्नुहुने येशूलाई हेर्दै, जसले आफ्नो अघिल्तिर राखिएको आनन्दका निम्ति शर्मलाई पनि तुच्छ ठानेर क्रुसको शासना सहनुभयो, र परमेश्वरको सिंहासनको दाहिने हातपट्टि बस्नुभयो। जसले आफ्नो विरुद्धमा पापीहरूको यस्तो विरोध सहनुभयो, उहाँलाई विचार गर; कि थकित नहोओ, र आफ्ना मनहरूमा हताश नहोओ। हिब्रु १२:१-३

प्रयत्न गर्नामा अल्छे नहोओ; आत्मामा जोशिला होओ; प्रभुको सेवा गरिरहो; आशामा आनन्दित होओ; सङ्कष्टमा स्थिर रहो; प्रार्थनामा दृढतापूर्वक लागिरहो; रोमी १२:११-१२

जब हामी परीक्षाहरू हुँदो जाँदछौं तब धीरज धर्नु भनि परमेश्वरको वचनले हामीलाई स्पष्टसँग निर्देशन प्रदान गर्दछ।

मेरा भाइहरूहो, जब तिमीहरू नाना प्रकारका परीक्षाहरूमा पर्दछौ, तब यसलाई पूरा आनन्द सम्झ; यो जानेर की तिमीहरूको विश्वासको जाँचले धीरज उत्पन्न गर्छ। तर धीरजलाई आफ्नो सिद्ध काम गर्न देओ, कि कुनै कुराको काँचो नपर्ने गरी तिमीहरू सिद्ध र पूर्ण होओ। याकूब १:२-४

अनि यो मात्र होइन, तर हामी सङ्कष्टहरूमा पनि आनन्द मनाउँछौं; यो कुरा जानेर की सङ्कष्टले धीरज, अनि धीरजले खारिएको गुण; र खारिएको गुणले आशा उत्पन्न गर्छ; रोमी ५:३-४

हामीले धीरज धर्नुको अर्को मूख्य कारण यो हो की हाम्रो परीक्षा र यस पृथ्वीको जीवनको अघिल्तिर के राखिएको छ भन्ने हामीलाई थाहा छ । परमेश्वरको प्रतिज्ञाहरूमा आधारित भइकन, हामीलाई यो थाहा छ की जसले उहाँको विश्वासयोग्यताका साथ आज्ञापालन र सेवा गर्दछन् परमेश्वरले तिनीहरूलाई अनन्त इनाम दिनुहुनेछ।

किनकी म ठान्दछु, यस वर्तमान समयका दुःखकष्टहरू त्यस महिमासँग तुलना गरिने योग्यका छैनन्, जो हामीमाथी प्रकट हुनेछ। रोमी ८:१८

अनि जे तिमीहरू गर्दछौ, सो मानिसहरूका निम्ति होइन, तर प्रभुका निम्ति गरेझैं तनमनले गर; यो कुरा जानेर की प्रभुबाट तिमीहरूले पैतृकसम्पत्तीरुपी इनाम पाउनेछौ; किनकी तिमीहरू प्रभु ख्रीष्टको सेवा गर्दछौ कलस्सी ३:२३-२४

अनि हेर, म चाँडै आउँछु; अनि हरेक मानिसलाई जस्तो उसको काम हुनेछ, त्यही अनुसार दिनालाई मेरो इनाम मसित छ। प्रकाश २२:१२

परमेश्वरको सत्यतामा सिकाउनको लागी पाष्टर र शिक्षकहरू धीरजी हुनुपर्दछ।

आफ्नो विषयमा र शिक्षाको विषयमा होशियार रह, तिनीहरूमा लागिरह; किनकी यसो गर्नाले तिमीले आफैलाई र तिम्रा कुरा सुन्नेहरूलाई पनि बचाउनेछौ। १तिमोथी ४:१६

परमेश्वरको खोजी गर्ने प्रकृया र उहाँको नजिक जाने कार्यको निम्ति धीरज आवश्यक पर्दछ। परिपक्वता भनेको रातभरमा आउने कुरा होइन। यो त निरन्तर गइरहने प्रकृया हो जुन हामी उहाँसाथ नपुगिन्जेल सम्म रोकिदैन। ती जो विश्वासयोग्य रहेका छन्, तिनीहरूका निम्ति यस पृथ्वी र आउनेवाला अनन्तताको लागी प्रशस्त इनाम रहेको छ।

धीरजमाथि <u>भक्ति</u>,

भक्तिपूर्ण हुनु भनेको परमेश्वरमा समर्पित हुनु हो। ईश्वरीय मानिसले श्रद्धा चढाउँदछ, साँचो आराधना गर्दछ, र परमेश्वरको भय राख्दछ। एक ईश्वरीय व्यक्तिले त्यसो जीवन जिँदछ जसद्वारा हाम्रा प्रभु येशू ख्रीष्टको आदर, महिमा हुँदछ र उहाँलाई प्रशन्न तुल्याउँदछ। ईश्वरिय हुनु भनेको वोलावटको योग्य हुनु हो। ईश्वरिय हुनु भनेको परमेश्वरको देखासिकी गर्नु हो। परमेश्वर पवित्र र दयालु परमेश्वर हुनुहुन्छ, र हामी पनि पवित्र र प्रेमिलो हुनको निम्ति खोजी गर्नुपर्दछ। हामी परमेश्वरजस्तै पवित्र र सिद्ध त हुँदैनौं नै; यद्यपि, वेशी गरी उहाँजस्तै हुनको लागी हामीले परीश्रम भने गर्न सक्दछौं।

यसकारण तिमीहरू प्रिय बालकहरूझैँ परमेश्वरका देखासिकी गर्नेहरू होओ; र प्रेममा हिँड, जसरी ख्रीष्टले पनि हामीलाई प्रेम गर्नुभयो, र मीठो बास्ना दिने सुगन्ध हुनाका लागी भेटी र बलिदानको रूपमा आफैलाई हाम्रा निम्ति परमेश्वरकहाँ अर्पण गर्नुभयो। एफिसी ५:१-२

किनकी मुक्ति ल्याउने परमेश्वरको अनुग्रह सबै मानिसहरूकहाँ देखा परेको छ, र हामीलाई यो सिकाउँछ – अभक्ति र संसारिक अभिलाषाहरू इन्कार गरेर यस वर्तमान संसारमा हामीले आत्मसंयम, धार्मिकता र भक्तिसाथ जिउनुपर्छ; र त्यस धन्य आशाको, र हाम्रा महान् परमेश्वर र मुक्तिदाता येशू ख्रीष्टको महिमापूर्ण आगमनको बाटो हेर्दै जिउनुपर्छ। तीतस २:११-१३

यो टुटेको अभिलेखझैँ देखिन थालेको छ, तर यो परमेश्वरको वचनको ज्ञान र समझ हो जसले भक्तितर्फ डोर्याउँदछ।

परमेश्वरको दास र येशू ख्रीष्टको प्रेरित पावलको तर्फबाट – परमेश्वरका चुनिएकाहरूका विश्वास र सत्यको ज्ञानअनुसार, जो भक्तिमुताबिकको छ; तीतस १:१

भक्तिमय हुनको निम्ति आफैलाई तालिम दिन हामीलाई निर्देशन प्रदान गरिएको छ। यो हामीले निरन्तर पछ्याइरहनुपर्ने कुरा हो। निश्चय नै, आइतबार मण्डलीमा आक्कल-झूक्कल उपस्थिति जनाउनुभन्दा यो अधिक रहेको छ।

तर अशुद्ध र बूढी स्त्रीहरूका दन्त्यकथाहरूलाई इन्कार गर, अनि भक्तिका निम्ति आफैलाई साधन गर। शरीरको साधनाले थोरै लाभ हुन्छ; तर भक्तिचाँही सबै कुराका निम्ति लाभदायक हुन्छ; किनकि यसैमा अहिलेको जीवन र पछि आउने जीवनको प्रतिज्ञा छ। १तिमोथी ४:७-८

तर हे परमेश्वरका जन, तिमी यी कुराहरूबाट भाग; र धार्मिकता, भक्ति, विश्वास, प्रेम, धीरज, नम्रताको पछि लाग। १तिमोथी ६:११

अनि भक्तिमाथि <u>भाइ-भाइको माया</u> ...

यस अध्ययनको ३९२ पृष्ठमा, अचम्मको प्रेमलाई *"प्रभुमा रहेका आफ्ना दाजु\भाइहरू र दिदी\बहिनीहरू प्रतिको स्नेह, सेवा, र एक-अर्काको वृद्धि गराई"* भनि परिभाषित गरिएको छ। प्रभु येशू ख्रीष्टप्रतिको हाम्रो प्रेमलाई हामी बाँड्दछौं, र एक-अर्काप्रति हाम्रो प्रेम रहेको छ।

यस अध्ययनको पृष्ठ ३९२को शुरुमा, भाइ-भाइ बीचको प्रेम सम्बन्धिको यस विषयलाई हामीले बृस्तित रुपमा अध्ययन गर्दछौं। यस खण्डको समिक्षा गर्नु भाइ-भाइको बीचमा प्रेम रहनुको महत्वलाई बुझ्नको निम्ति उपयोगी हुँदछ।

भातृ- प्रेमले एक-अर्कालाई कोमलतापूर्वक माया गर; आदर गर्नामा एउटाले अर्कालाई उछिन। रोमी १२:१०

भाइ-भाइको प्रेम रहिरहोस्। हिब्रु १३:१

भाइहरूलाई निष्कपट प्रेम गर्नाका लागी आत्माद्वारा सत्यता पालन गरेर तिमीहरूले आफ्ना मनहरूलाई शुद्ध पारेका छौ; यसैकारण एक-अर्कालाई चोखो हृदयले गहिरो प्रेम गर; १ पत्रुस १:२२

परमेश्वरको वचनमा धेरै "एक-अर्का" छन् जसले प्रभुमा हाम्रा दाजु\भाइ र दिदी\बहिनीहरू सँग कसरी व्यवहार गर्नुपर्छ भनि निर्देशन दिँदछ। यी एक-अर्कालाई अभ्यास गर्नु भनेको भाइ-भाइको प्रेमको **एक्सरसाइजको** केन्द्र हो। तल केहीबाइबलिय "एक-अर्का" प्रस्तुत गरिएको छ।

... एक-अर्काका निम्ति प्रार्थना गर ...। याकूब ५:१६

अनि एक-अर्काप्रति दयालु होओ, कोमल मनका होओ; र जसरी परमेश्वरले ख्रीष्टमा तिमीहरूलाई क्षमा गर्नुभएको छ, उसरी नै तिमीहरूले पनि एक-अर्कालाई क्षमा गर। एफिसी ४:३२

यसकारण हामी मेलमिलापका कुराहरू र एक-अर्काको उन्नति गर्ने कुराहरूका पछि लागौं। रोमी १४:१९

कुनै कुवचन तिमीहरूको मुखबाट ननिस्कोस्, तर आवश्यक उन्नतिका निम्ति जुन कुरा असल छ, त्यही मात्र निस्कोस्, र त्यसले सुन्नेहरूलाई अनुग्रह प्रदान गरोस्। एफिसी ४:२९

यसकारण एक-अर्कालाई सान्त्वना देओ, र एउटाले अर्काको उन्नति गर, जो तिमीहरूले गर्दैछौ पनि। १ थेस्सोलोनिकी ५:११

जब विश्वासीका कुनै समूहले यी कुराहरू अभ्यास गर्नको लागी प्रतिवद्ध हुँदछन्, तब ख्रीष्टियजनहरूसँगको यो सुन्दर सम्बन्ध हो।

र भाइ-भाइको मायामाथि <u>प्रेम</u> थप। (भाइ-भाइको प्रेम)

भाइ-भाइको प्रेम अन्तिम र क्राउनिङ स्तर हो जुन हाम्रो विश्वासमा थप्नको निम्ति हामीले हरेक प्रयत्न गर्नुपर्ने हुन्छ।

अनि अब विश्वास, आशा, प्रेम – यी तीन कुरा रहन्छन्; तर यिनमा सबैभन्दा ठूलोचाँही प्रेम हो। १कोरिन्थी १३:१३

यस अध्ययनको अघिल्तिर हामीले भाइ-भाइको प्रेमलाई यसरी परिभाषित गरेका छौः *बाइबलिय शिक्षामा आज्ञाकारी भइकन, अचम्मको प्रेम भनेको अरु कसैको खाँचोलाई हेर्ने हो र साटोमा कुनै कुराको पनि आशा*

नराखिकन, त्यस खाँचोलाई पूरा गरिदिनु हो। प्रेम गरिएको व्यक्तिमा नजिक हुने भावनाको सृजना हुन पनि सक्छ नहुन पनि सक्छ।

अन्ततः यस किसिमले प्रदान गर्ने कार्य प्रभु येशू ख्रीष्टको क्रुसमा भएको मृत्युबाट मात्र हामीले प्राप्त गर्न सक्दछौं। परमेश्वरले, हामी अयोग्यको निम्ति आफ्नै पुत्रलाई मर्न दिनुभयो, ताकी हामीले अनन्त जीवन प्राप्त गर्न सकौं।

"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, की उहाँले आफ्नो एकमात्र जन्माइएको पुत्रलाई दिनुभयो- उहाँमाथी विश्वास गर्ने कोही पनि नष्ट नहोस्, तर उसले अनन्त जीवन पाओस्"। यूहन्ना ३:१६

अनि परमेश्वरको प्रेम जो हामीप्रति छ, त्यसलाई हामीले जानेका र विश्वास गरेका छौं। परमेश्वर प्रेम हुनुहुन्छ; र हो प्रेममा रहन्छ, ऊ परमेश्वरमा रहन्छ, अनि परमेश्वर उसमा रहनुहुन्छ। १यूहन्ना ४:१६

ती जो परमेश्वरको नजिकमा जाने खोजी गर्दछ, प्रेमिलो र प्रदान गर्ने व्यक्ति हुन उसले सिक्नुपर्दछ। प्रेमिलो व्यक्ति नबनिकन हामी ईश्वरीय व्यक्ति बन्न सक्दैनौं। भाइ-भाइको प्रेमको अभ्यासमा, एक तरीकाले वा अन्य, तपाईले आफैलाई सुम्पिदिनु आवश्यक रहन्छ। ती जसलाई हामीले प्रेम प्रकट गरिरहेका छौं यो तिनीहरूको योग्यतामा आधारित रहेको हुँदैन।

मैले मानिसहरूका र स्वर्गदूतहरूका भाषाहरू बोले तापनि मसँग प्रेम छैन भने म ठ्याङठ्याङ गर्ने पित्तल वा झ्याईंझ्याईं गर्ने झ्याम्टाजस्तो मात्र भएको छु। अनि मसँग भविष्यवाणी गर्ने वरदान भए तापनि र सबै रहस्यहरू र सबै ज्ञानहरू जाने तापनि, साथै पहाडहरू हटाउन सक्ने पूरा विश्वास मसँग भए तापनि मसँग प्रेमचाँही छैन भने म केही पनि होइनँ। अनि मैले मेरा सारा सम्पत्ती गरिबहरूलाई खुवाउन दिए तापनि र आफ्नो शरीरलाई जल्नाका निम्ति सुम्पिदिए तापनि मसँग प्रेमचाँही छैन भने मलाई केही लाभ हुँदैन। १कोरिन्थी १३:१-३

यी **सोबरिङ** पदहरू हुन्। ख्रीष्टियन जीवनमा रहेको प्रेमको महत्वलाई यसले **भिभिड्ली** सिकाउँदछ। यदि प्रभु र विश्वासीजनहरू प्रतिको हाम्रो सेवा प्रेमद्वारा प्रोत्साहित गरिँदैन भने, हामी केही पनि होइनौं र हामीले केही पनि प्राप्त गर्देनौं।

बाइबलिय प्रेमलाई हामीले कसरी अभ्यासमा उतार्ने भनेर १ कोरिन्थी १३ अध्यायले व्यवहारिक निर्देशन प्रस्तुत गर्दछ।

प्रेमले खुबै सहन्छ, र दयालु हुन्छ; प्रेमले डाहा गर्दैन, प्रेमले आफ्नो प्रशंसा गर्दैन, घमण्डले फुलिँदैन; रूखो व्यवहार गर्दैन, आफ्नै भलाइ खोज्दैन, झडङ्ग रिसाउँदैन, खराबीको हिसाब राख्दैन; अधर्ममा आनन्दित हुँदैन, तर सत्यमा आनन्दित हुन्छ; सबै कुरा सहन्छ, सबै कुरा विश्वास गर्छ, सबै कुराको आशा गर्छ, सबै कुरामा धीरज धर्छ। प्रेम कहिल्यै टल्दैन। तर चाहे भविष्यवाणीहरू होऊन्, ती बितेर जानेछन्; चाहे भाषाहरू होऊन्, ती बन्द हुनेछन्; चाहे ज्ञान होस्, त्यो बितेर जानेछ। १ कोरिन्थी १३:४-८

हाम्रो विश्वासमा यी गुणहरू थप्नाले परीणाम स्वरुप आउने आशिषहरू

किनकी यी कुराहरू तिमीहरूमा छन्, र प्रशस्त हुदैँ जान्छन् भने यिनीहरूले तिमीहरूलाई हाम्रा प्रभु येशू ख्रीष्टको पहिचानमा बेकम्मा र निष्फल नहुने तुल्याउँछन्। तर जससँग यी कुराहरू छैनन्, ऊ अन्धा हो, र टाढा

देख्र सक्दैन, अनि आफ्ना पहिलेका पापहरूबाट ऊ शुद्ध पारिएको छ भन्ने कुरा उसले बिर्सेको छ। यसकारण भाइहरूहो, आफ्नो वोलावट र चुनाउ पक्का गर्नालाई बढी प्रयत्न गर; किनकी तिमीहरूले यी कुराहरू गर्यौं भने तिमीहरूले कहिल्यै ठेस खानेछैनौ; जब यी सबै कुराहरू पग्लनेछन्, तब परमेश्वरको दिनको आगमनको बाटो हेर्दै र त्यसका निम्ति हतारिँदै सबै पवित्र चालचलन र भक्तिमा तिमीहरू कस्तो किसिमको मानिसहरू हुनुपर्छ त? २ पत्रुस १:८-११

अघिका पदहरूमा (२ पत्रुस १:५-७) हाम्रो विश्वासमा नैतिक गुण, ज्ञान, संयम, धीरज, भक्ति, भाइ-भाइको माया, भाइ-भाइको प्रेम थप्नको लागी कठिन परीश्रम गर्न हामीलाई निर्देशन दिइएको छ। यस शास्त्रको खण्डको अन्तिम चार पदहरूमा, चार नतिजाहरू प्रस्तुत गरिएका छन् जुन ती व्यक्तिहरूको जीवनमा सत्य साबित हुँदछ, जसले आफ्ना विश्वासमा यी गुणहरू थपेका छन्। यी चार नतिजाहरू यस प्रकार छन्;

१ परमेश्वरको ज्ञानमा हामी उपयोगी र प्रभावकारी हुँदछौं।
२ हामीमा मुक्तिको निश्चयता रहन्छ।
३ हामीले ठेस खानेछैनौं।
४ हाम्रो निम्ति स्वर्गगमा प्रशस्तै इनाम रहेको छ।

एक ख्रीष्टियन जसले परमेश्वरको खोजी गर्न, उहाँको नजिक जान, र उहाँसँगको हिँडाईमा बढ्नको निम्ति आफैलाई प्रतिवद्ध गर्दछन्, तिनीहरू यस नजिताबाट **थ्रिल्ड** हुनेछन्।

किनकी यी कुराहरू तिमीहरूमा छन्, र प्रशस्त हुदैँ जान्छन् भने यिनीहरूले तिमीहरूलाई हाम्रा प्रभु येशू ख्रीष्टको पहिचानमा बेकम्मा र निष्फल नहुने तुल्याउँछन्। २ पत्रुस १:८

फेरी,यस वाक्याशं, "यी कुराहरू"ले, हामीले समेटिसकेका गुणहरूलाई उद्दृत गर्दछ – नैतिक श्रेष्ठता, ज्ञान, संयम, धीरज, भक्ति, भाइ-भाइको माया, र भाइ-भाइको प्रेम। यस पदले हामीलाई यो सिकाउँदछ की यदि तपाईमा यस किसिमको गुणको बिकास भएको छ भने, तपाई एक प्रभावकारी उपयोगी ख्रीष्टियन बन्नुहुनेछ।

याद राख्नुहोस्, प्रभावकारी र उपयोगी हुनको निम्ति यी प्रत्येक गुणहरू पूर्ण रुपमा बिकसित हुनुपर्दछ भनेर यस पदले बताउँदैन। यसले यसो भन्दछ, प्रभावकारी र उपयोगी हुनको निम्ति यी गुणहरू बढ्दै जानुपर्दछ। यसले हामीलाई के सिकाउँछ भने ती जो बढिरहेका छन्, ती जो सिद्ध भएका होइन, तिनै व्यक्तिहरू प्रभावकारी र उपयोगी हुन्छन्। सबै ख्रीष्टियनहरू, जो जवान र "परिपक्व" छन्, तिनीहरू निरन्तर बढिरहनुपर्दछ। ती मानसिहरू जो परमेश्वरसँगको हिँडाईमा बढिरहेका छन् उहाँले तिनीहरूलाई आशिष दिनुहुन्छ। परमेश्वरले हामीलाई आत्मिकी फल आशिष दिनको लागी हामी सिद्धतामा नपुगेसम्म कुरिरहनु हुँदैन। यो कस्तो आशिष !!! सामान्य बढिरहेका ख्रीष्टियनहरू पनि परमेश्वरसँगको हिँडाईमा प्रभावकारी र उपयोगी हुन सक्दछन्।

तर जससँग यी कुराहरू छैनन्, ऊ अन्धा हो, र टाढा देख्र सक्दैन, अनि आफ्ना पहिलेका पापहरूबाट ऊ शुद्ध पारिएको छ भन्ने कुरा उसले बिर्सेको छ। २ पत्रुस १:९

ती जसले सकृयताका साथ नैतिक सद्गुण, ज्ञान, संयम, धीरज, भक्ति, भाइ-भाइको माया, र भाइ-भाइको प्रेमको खोजी गर्दैनन् तिनीहरूलाई अल्पदृष्टि र अन्धा भनि बर्णन गरिएको छ र तिनीहरूले आफ्नो आत्मिकी जन्मलाई भुलेका छन्। ती जसले आत्मिकी वृद्धिलाई गम्भिरताका साथ लिएका छैनन् यो तिनीहरूका लागी धारिलो भत्सर्ना हो।

२ पत्रुस १:९ आत्मिकी उत्साह हराएको एक ख्रीष्टियनको चित्रण हो। यदि ऊ साँचो उद्धार गरिएको भए, उसले मुक्ति गुमाउनेछैन, तर ऊ एक निष्क्रिय र फलहीन् ख्रीष्टियन हुँदछ। ऊ बचाइएको भए तापनि, यो त्यो व्यक्ति हो जसमा आफ्नो मुक्तिको कुनै निश्चयता रहेको छैन, र ऊ आफ्नो आत्मिकी हिँडाईमा निरन्तर ठेस खानेछ, र उसले केही मात्र आत्मिकी इनामहरू प्राप्त गर्नेछ।

यसकारण भाइहरूहो, आफ्नो वोलावट र चुनाउ पक्का गर्नालाई बढी प्रयत्न गर; किनकी तिमीहरूले यी कुराहरू गर्यौं भने तिमीहरूले कहिल्यै ठेस खानेछैनौ; किनकी यसरी तिमीहरूले हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अनन्त राज्यमा प्रशस्त गरी प्रवेश पाउनेछौ। २ पत्रुस १:१०-११

परमेश्वरले व्यक्तिहरूलाई *"वोलावट र चुनाउ पक्का गर्नालाई बढी प्रयत्न"* गर्नको निम्ति निर्देशन दिइरहनुभएको छ। फेरी, यी गुणहरू बिकास गरिकन हामी उद्धार गरिदँछौं भनि यसले शिक्षा दिँदैन; तर बरू हाम्रो जीवनमा यी गुणहरू (नैतिक सद्गुण, ज्ञान, संयम, धीरज, भक्ति, भाइ-भाइको माया, र भाइ-भाइको प्रेम) बिकास गर्नको निम्ति प्रतिवद्ध हुनाले हामी आफ्नो मुक्तिमा निश्च्यता प्राप्त गर्दछौं भनि यसले शिक्षा प्रदान गर्दछ।

यस अध्ययनको अध्ययन निर्देश १०ले मुक्तिको निश्चयता सम्बन्धी विषयलाई अझै बृस्तित रुपमा समेट्दछ।

किनकी तिमीहरूले यी कुराहरू गर्यौं भने तिमीहरूले कहिल्यै ठेस खानेछैनौ;

त्यहाँ केही व्यक्तिहरू रहेका छन् जसले आफ एक ख्रीष्टियन हुँ भनि दाबी गर्दछन्, कहिल्यै यसलाई "समेट्दैनन्" । कोही पराजित ख्रीष्टियन जीवन जिइ, आफ्नो र आफ्नो वरिपरि रहने मानिसहरूको जीवनमा पिडा र कष्ट निम्त्याइ निरन्तर ठेस खाइ नै रहन्छन्। यसो हुनु पर्ने होइन। ती जसले आफ्नो विश्वासमा नैतिक सद्गुण, ज्ञान, संयम, धीरज, भक्ति, भाइ-भाइको माया, र भाइ-भाइको प्रेम थप्न कठिन परीश्रम गर्दछन्, तिनीहरू परमेश्वरसँगको हिँडाईमा ठेस खानेछैनन्। तिनीहरूले जीवनको आनन्द लिनेछन्; तिनीहरूमा शान्तिले वास गर्दछ, तिनीहरूसँग उद्देश्य रहँदछ, परमेश्वरको ज्ञानमा तिनीहरू प्रभावकारी हुँदछन्।

किनकी यसरी तिमीहरूले हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अनन्त राज्यमा प्रशस्त गरी प्रवेश पाउनेछौ।

ती जसले आफ्ना विश्वासमा नैतिक सद्गुण, ज्ञान, संयम, धीरज, भक्ति, भाइ-भाइको माया, र भाइ-भाइको प्रेम थप्नको निम्ति कठिन परीश्रम गर्दछन् तिनीहरूको लागी महान् आशिष भनेको तिनीहरूले स्वर्गमा भव्य स्वागत पाउँदछन्। परमेश्वरको वचनले यो शिक्षा दिँदछ की ती जसले यस पृथ्वीमा रहुन्जेल विश्वासयोग्यताका साथ प्रभु येशू ख्रीष्टको सेवा गरेका छन्, स्वर्गमा तिनीहरूका निम्ति प्रशस्तै इनाम रहेको हुन्छ। यी इनामहरू अनन्तताका लागी हुन्।

छब्बीस

येशूमा विजय

शैतान र त्यसका सारा दूतहरू विरुद्ध विजय

येशूमा विजय, मेरो मुक्तिदाता सदैव !
उहाँले मेरो खोजी गर्नुभयो र उहाँको मुक्त पार्ने रगतद्वारा किन्नुभयो।
मैले उहाँलाई जान्नुभन्दा अघि उहाँले मलाई प्रेम गर्नुभयो, र मेरा सारा प्रेम उहाँमा रहेको छ।
उहाँले मलाई शुद्ध जलबाट भएर विजयमा प्रवेश गराउनुभएको छ।

"येशूमा विजय" सुसमाचारको भजन हो जुन धेरैजसो ख्रीष्टियन समूहहरूमा गाइने गरिएको छ – विशेष गरी दक्षिण भेगतिर। यसले प्रत्येक ख्रीष्टियनमा रहेको विजयलाई प्रतिबिम्बित गर्दछ किनभने येशूले हामीलाई प्रेम गर्नुभयो र हाम्रा पापहरूको ऋण चुक्ता गरिदिनको लागी आफ्नो रगत बहाउनुभयो। यस हर्षको भजनको कोरसले यस सत्यतालाई प्रतिबिम्बित गर्दछ। हाम्रा प्रभु येशू ख्रीष्टको मृत्यु र पुनरूत्थानको कारणले गर्दा, उद्धार गरिएका प्रत्येक व्यक्तिले यस अन्तिम विजयको अनुभव गर्दछ। हामीले उहाँसाथ अनन्तता बिताउनेछौं र सदैव उहाँसाथ आनन्द मनाउनेछौं। हामी, हाम्रा प्रभुको अनुयायी भएकाले, हाम्रा महान् मुक्तिको सन्दर्भमा गाउन र प्रतिबिम्बित गर्न पाउँदा अवश्य नै हर्षित हुन सक्दछौं।

यद्यपि, यस पृथ्वीमा, जब हामी परमेश्वर उहाँको नजिक हुने र उहाँसाथ हिँड्ने खोजी गर्दछौं, तब शैतानले हाम्रो विरोध गर्दछ भनि हामी विश्वस्त हुन सक्दछौं। शैतान परमेश्वरको प्रधान शत्रु हो। त्यसले परमेश्वरलाई धृणा गर्दछ साथ-साथै परमेश्वरका जनहरूलाई पनि घृणा गर्दछ। यदि त्यसले सक्के भए, त्यसले सबै ख्रीष्टियनहरूलाई नाश गर्ने थियो, र त्यसले विश्वासी नगर्नेहरू परमेश्वरकहाँ नआउन् भनेर विश्वास नगर्ने सारालाई नाश गर्नेथ्यो।
हामीलाई आत्मिकी रुपमा निष्प्रभावकारी र अनुत्पादक बनाउनको लागी शैतानले सक्दो गर्नेछ। हामीले हामीलाई सामर्थ्यी तुल्याउनको लागी परमेश्वरको आत्मालाई अगुवाई गर्ने अनुमति दिनुको सट्टा हामीले परमेश्वरको आत्माको विरोध गरेको र बाधा हालेको शैतान चाहन्छ। जब हामीले शैतानलाई हामीमाथि प्रभाव पार्ने अनुमति दिँदछौं, तब हामी आत्मिकी रुपमा दुर्बल र निष्प्रभावकारी हुँदछौं र हामीले थोरै वा कत्तिपनि आत्मिकी फल फलाउँदैनौं। यसो हुनु हुँदैन।

शैतानको बाबजुत पनि, विजयी जीवन जिउनको निम्ति ख्रीष्टियनहरूसँग श्रोतहरू रहेको छ, जसले हाम्रा प्रभु येशूमा रहेको हाम्रो विजयलाई प्रतिबिम्बित गर्दछ। हामीले शैतानको भय राख्नुपर्दैन वा हाम्रो जीवनमा त्यसलाई प्रभाव पार्न दिनुहुँदैन।

यसकारण आफूलाई परमेश्वरको अधिनतामा सुम्प। शैतानको सामना गर, र त्यो तिमीहरूबाट भाग्नेछ। परमेश्वरको नजिकमा जाओ, र उहाँ पनि तिमीहरूको नजिकमा आउनुहुनेछ। हे पापीहरूहो, आफ्ना पापहरू शुद्ध पार; हे दुईचित्तेहरूहो, आफ्ना हृदयहरू पवित्र पार। याकूब ४:७-८

हे साना नानीहरूहो, तिमीहरू परमेश्वरका हौ, र तिनीहरूमाथि विजयी भएका छौ; किनभने जो तिमीहरूभित्र हुनुहुन्छ, उहाँचाही संसारमा हुनेभन्दा महान् हुनुहुन्छ। १यूहन्ना ४:४

यस पाठमा हामीले शैतानको बारेमा अध्ययन गर्नेछौं; यद्यपि, जीवनमा हामीले शैतानमाथि केन्द्रित हुनुपर्छ भनि म विश्वास गर्दिनँ, न ता यसो गर्नु बुद्धिमानी नै हो। यदि हामी प्रभु येशू ख्रीष्टमाथि केन्द्रित भयौं भने हामीमाथि शैतानको कुनै अधिकार रहँदैन। हामी येशूमाथी केन्द्रित हुनुपर्छ भनि तलका पदहरूले स्पष्टसँगै निर्देशन प्रदान गर्दछन्।

यसकारण यति ठूलो साक्षीहरूको बादलले हामी पनि घेरिएका हुनाले आओ, हरेक भार र पाप जसले हामीलाई सजिलै जेल्दछ, पन्साऔं, र धीरजसँग हाम्रा सामु राखिएको त्यो दौड दगुरौं, हाम्रो विश्वासका कर्ता र सिद्ध पार्नुहुने येशूलाई हेर्दै, जसले आफ्नो अघिल्तिर राखिएको आनन्दका निम्ति शर्मलाई पनि तुच्छ ठानेर क्रुसको शासना सहनुभयो, र परमेश्वरको सिंहासनको दाहिने हातपट्टि बस्नुभयो। जसले आफ्नो विरुद्धमा पापीहरूको यस्तो विरोध सहनुभयो, उहाँलाई विचार गर; कि थकित नहोओ, र आफ्ना मनहरूमा हताश नहोओ। हिब्रु १२:१-३

शास्त्रमा, शैतान र त्यसको रणनितिको बारेमा परमेश्वरले हामीलाई आधारभूत समझ प्रदान गर्नुभएको छ। फेरी, हामी प्रभु येशू ख्रीष्टमा नै केन्द्रित रहि रहनुपर्दछ, तर मुलभूत रूपमा शैतानको बारेमा परमेश्वरले हामीलाई के प्रकट गरिदिनुभयो सो जान्नु बुद्धिमानी हुँदछ। परमेश्वरको आत्माको समझद्वारा, शैतानको रणनिति र कार्यकलापलाई हामीले चिन्न सक्दछौं र परमेश्वरले दिनुभएको निर्देशन अनुरुप हामीले त्यसको सामना गर्न सक्दछौं।

शैतानले हामीमा दाउ नपाओस् भनेर, किनकी त्यसका युक्तिहरूका विषयमा हामी अनजान छैनौं। २ कोरिन्थी २:११

शैतानको बारेमा आधारभूत बाइबलिय शिक्षा

क शैतान झूटो हो र यो पापपूर्ण र दुष्ट छ।

त्यो (दुष्ट वा शैतान) **शुरुदेखी नै हत्यारा थियो, अनि सत्यमा रहेन; किनकी त्यसमा सत्य छदैँ छैन। जब त्यसले झूट बोल्दछ; किनकी त्यो झूट हो, र झूटको बाबु हो।** यूहन्ना ८:४४

शैतानलाई हत्यारा वा झूटा भनि परिचित गराइएको छ। याद गर्नुहोस्, त्यसको जीवनमा झूट कति प्रभावशाली रहेको छ। शैतानमा *कत्ति पनि सत्यता रहेको छैन* । शैतान झुट र छली हो र यसले सत्यलाई जहिल्यै बङ्ग्याउँदछ। यसको उद्देश्य भनेको हामी र सबैलाई नाश गर्नु वा मार्नु हो। तलको पदहरूमा यो शुरुदेखी नै पापपूर्ण थियो भनि बयान गरिएको छ।

जसले पाप गर्दछ, त्यो शैतानबाटको हो; किनकी शैतानले शूरुदेखी नै पाप गर्दै आएको छ। शैतानका कामहरू नष्ट पार्नालाई नै परमेश्वरका पुत्र प्रकट हुनुभयो। १ यूहन्ना ३:८

तर तिमीहरूको हृदयमा तीतो डाहा र विरोध छ भने गर्व नगर, र सत्यको विरोधमा झूट नबोल। योचाँहि माथिबाट आउने बुद्धि होइन, तर यो ता सांसारिक, शारीरिक, शैतानी हो। याकूब ३:१४-१५

शैतान दुष्ट हो र यसले सत्य बोल्दैन। परमेश्वर यसको ठीक विपरीत हुनुहुन्छ। परमेश्वर पवित्र हुनुहुन्छ – सारा दुष्टता, जुन पापपूर्ण र दुष्ट छ, त्यसबाट अलग हुनुहुन्छ। परमेश्वर पिता, प्रभु येशू ख्रीष्ट, पवित्रआत्मा, र परमेश्वरको वचनलाई सत्य भनि परिचित गराइएको छ। परमेश्वर र उहाँको वचनमा हामीले भरोसा गर्न सक्छौं र निश्चयता राख्न सक्छौं। परमेश्वरको प्रशंसा होस् !!!

ख शैतानले हामीलाई नाश गर्न चाहन्छ।

सचेत रहो, जागा रहो; किनकी तिमीहरूको विरोधी शैतान गर्जने सिंहझैँ कसलाई निलूँ भनि खोज्दै चारैतिर घुमिहिँड्छ। १ पत्रुस ५:८

तिमीहरू आफ्ना बाबु शैतानबाटका हौ, अनि बाबुका कुइच्छाहरू पूरा गर्न चाहन्छौ,। त्यो शुरुदेखी नै हत्यारा थियो, अनि सत्यमा रहेन; किनकी त्यसमा सत्य छदैँ छैन। जब त्यसले झूट बोल्दछ; किनकी त्यो झूट हो, र झूटको बाबु हो। यूहन्ना ८:४४

हे साना नानीहरूहो, तिमीहरू परमेश्वरका हौ, र तिनीहरूमाथि विजयी भएका छौ; किनभने जो तिमीहरूभित्र हुनुहुन्छ, उहाँचाही संसारमा हुनेभन्दा महान् हुनुहुन्छ १ यूहन्ना ४:४

परमेश्वरको अतिप्रिय सन्तान भएकाले हामी शुरक्षित छौं र निरन्तर उहाँद्वारा रक्षा गरिदँछौं। हामीले शैतान र त्यसका सारा दुष्टात्माहरूको भय राख्नुपर्ने कुनै कारण नै रहेको छैन। शैतानले हामीलाई नाश पार्न चाहन्छ, तर परमेश्वरको हाम्रो निम्ति आफ्नो जीवन नै अर्पिदिनुभयो ताकी हामीले उहाँसाथ सदैव रहनको लागी अनन्त जीवन प्राप्त गर्न सकौं।

ग शैतानले मानिसहरूलाई परमेश्वरबाट अलग गर्ने प्रयास गर्दछ।

जसमा यस संसारको ईश्वरले विश्वास नगर्नेहरूका मनहरूलाई अन्धा पारेको छ, ख्रीष्टको महिमाको सुसमाचारको ज्योति तिनीहरूमाथि नचम्कोस् भनेर; ख्रीष्टचाँही परमेश्वरको प्रतिरुप हुनुहुन्छ। २ कोरिन्थी ४:४

अब दैष्टान्त यो होः बीउचाहिँ परमेश्वरको वचन हो। बाटोको किनारमा भएकाहरूचाहिँ ती हुन्, जसले सुन्छन्; तब शैतान आउँछ, र तिनीहरूले विश्वास नगरून् र मुक्ति नपाऊन् भनी तिनीहरूका हृदयबाट वचन लैजान्छ। लूका ८:११-१२

शैतानले उग्रताकासाथ मानिसहरूलाई परमेश्वरबाट टाढा पार्न चाहन्छ, तर त्यसै समयमा हाम्रा पिताले हामीलाई आफ्नो प्रेम र करूणाद्वारा आफू नजिक खिँच्नुहुन्छ। परमेश्वरले हामीलाई यस पृथ्वीमा आशिषित गर्नुहुन्छ र हामीलाई उहाँसाथ रहन अनन्त जीवन प्रदान गरिदिनुहुन्छ।

घ शैतानले हामीलाई पाप गर्न परिक्षित गर्दछ।

तर पत्रुसले भनेः "हे हनानिया, पवित्र आत्मासँग झूट बोल्न र जमिनको दामबाट केही हिस्सा आफ्ना लागी निकाल्नालाई शैतानले किन तिम्रो हृदय भरिदियो?" प्रेरित ५:३

अनि शैतान इस्राएलको विरोधमा उठ्योर दाऊदलाई इस्राएलको गिन्ती लिनलाई सुर्यायो। , १ इतिहास २१:१

अनि बेलुकीको भोजन हुँदै गर्दा शैतानले शिमोनको छोरो यहूदा इस्करयोतीको हृदयमा उहाँलाई पक्राइदिने कुरा हालिसकेको थियो। यूहन्ना १३:२

शैतानले हामीलाई पाप गरोस् भनी परीक्षामा पारिकन परमेश्वर र हामीबीचमा फाटो ल्याउन चाहन्छ, हाम्रा परमेश्वरको हामीमाथि आफ्नै धार्मिकता खनाइदिनुहुन्छ र उहाँको संगतिमा उहाँसाथ-साथ हिँड्ने योग्यता हामीलाई प्रदान गरिदिनुहुन्छ।

ङ मानिसहरूलाई धोका दिनु शैतानको रणनितिमध्येको एक प्रभावकारी रणनिति हो।

अब आत्माले स्पष्ट गरी भन्नुहुन्छः पछि आउने समयहरूमा कति मानिसहरू बहकाउने आत्माहरूतिर र दुष्टात्माहरूको शिक्षाहरूतिर ध्यान दिएर विश्वासबाट भड्लिएर जानेछन्; १ तिमोथी ४:१

किनकी यस्ताहरूचाहिँ झूटा प्रेरितहरू, छलकपटका काम गर्नेहरू, ख्रीष्टका प्रेरितहरूका भेषमा आफूलाई बदल्नेहरू हुन्। अनि यो अचम्मको कुरा होइन! किनकी शैतान आफैले पनि ज्योतिर्मय स्वर्गदूतको भेष धारण गर्छ। यसकारण त्यसका सेवकहरूले पनि धार्मिकताका सेवकहरूको भेष धारण गरे भने त्यो कुनै ठूलो कुरा होइन; तिनीहरूको अन्त तिनीहरूका कामहरूअनुसार हुनेछ। २ कोरिन्थी ११:१३-१५

शैतानको धोका दिने कार्यको सबैभन्दा ठूलो रूप भनेको आश्चर्यकाम र अरू चमत्कारहरू प्रदर्शन गर्नु हो।

त्यस दिन धेरैले मलाई भन्नेछन्,' हे प्रभु, हे प्रभु, के हामीले तपाईको नाममा भविष्यवाणी गरेनौँ र? अनि के तपाईकै नाममा दुष्ट आत्माहरू निकालेनौँ र? अनि के तपाईकै नाममा अनेकौँ अचम्मका कामहरू गरेनौँ र? "अनि तब म तिनीहरूलाई खुल्लमखुल्ला भन्नेछु,' मैले तिमीहरूलाई कहिल्यै चिनेको छैनँ; हे कुकर्म गर्नेहरूहो, मदेखी टाढा होओ!'"। मत्ती ७:२२-२३

धेरैजना जसले आफूले इमान्दारिताका साथ परमेश्वरको सेवा गरिरहेका छन् र उहाँको आत्माद्वारा अगुवाई गरिएका छन् भने विश्वास गर्दछन्, तिनीहरूले झट्का महसुस गर्नेछन् जब तिनीहरूले थाह गर्नेछन् की तिनीहरू यस संसारको शासकद्वारा धोकामा परेका छन्।

त्यसको आगमनचाँही शैतानको कार्यअनुसार सबै सामर्थ्यचिन्ह ,हरूरर झूटा चमत्का हरूका साथमा हुन्छ; २ थेस्सोलोनिकी २:९

किनकी ती चिन्हहरू देखाउने दुष्ट आत्माहरूका आत्मा हुन्, जो सर्वशक्तिमान् परमेश्वरको त्यस महान् दिनको लडाइँमा तिनीहरूलाई भेला गर्नाका निम्ति पृथ्वीका र सारा संसारका राजाहरूकहाँ जान्छन्। प्रकाश १६:१४

जब हामी परमेश्वरसँगको संगतिमा साँचो रूपलर बढ्दै जान्छौं र जब हामीले साँचो बाइबलिय सत्यताको निम्ति परमेश्वरको वचनमा खोजी गर्दछौं, र जब हामीलाई परिपक्व बाइबलिय शिक्षकहरूले शिक्षा दिँदछन्, तब हामी धोकामा पर्ने छैनौं। पिता, पुत्र, आत्मा, र परमेश्वरको वचन जुन बाइबल हो, यी सबै नै सत्य भनि परिचित गराइएका छन्। परमेश्वरको वचनद्वारा परमेश्वरको सम्बन्धमा सत्यता प्रकट गराइएका छन्। परमेश्वरको आत्माले परमेश्वरको वचन बुझ्न हामीलाई योग्य तुल्याउनुहुन्छ। सत्यताले हामीलाई धोकामा पार्दैन।

च शैतानको अन्तिम भवितव्यता भनेको सदाको निम्ति नरकमा रहनु हो।

अनि तिनीहरूलाई धोका दिने शैतान आगो र गन्धकको झीलभित्र फ्याँकियो, जहाँ त्यो पशु र त्यो झूटो भविष्यवक्ता पनि छन्, अनि दिनरात सदासर्वदा तिनीहरू पिडाले तड्पाइनेछन्। प्रकाश २०:१०

"त्यसपछि उनले ती देब्रे हातपट्टि हुनेहरूलाई पनि भन्नेछन् 'हे श्रापितहरूहो, मदेखी त्यस अनन्त आगोभित्र जाइहाल, जोचाँही शैतान र त्यसका दूतहरूका निम्ति तयार पारिएको छ; मत्ती २५:४१

शैतानको स्थान भनेको नरकमा हो, तर साँचो विश्वासीहरू हाम्रा प्रभु येशू ख्रीष्टसँग सदाको लागी साथ रहनेछन्। सदासर्वदा, हामीले उहाँको अनुग्रहको प्रशस्ततामा आनन्द मनाउनेछौं। सदासर्वदा, हामीले उहाँको आराधना, प्रशंसा गाउनेछौं, र उहाँको सेवा गर्नेछौं। सदासर्वदा, संगति र हर्ष रहनेछ। परमेश्वरको प्रशंसा होस् !!!

शैतान विरुद्ध विजय

पवित्रशास्त्रमा शैतानको विरुद्ध विजय सन्दर्भमा निर्देशन प्रदान गर्ने पूस्तकहरू धेरै छन्। जब हामीले यी निर्देशनहरूलाई अभ्यास गर्दछौं, तब हामी पराजित हुँदैनौं वा शैतानबाट धोकामा पारिदैनौं।

क शैतानबाट छुटकाराको निम्ति प्रार्थना गर्नुहोस्।

मत्ती ६ अध्यायमा जब येशूले हामीलाई प्रार्थनाको पद्दती प्रदान गरिदिनुभयो, उहाँले शैतानको सन्दर्भमा पनि यस प्रार्थनामा समावेश गर्नुभयो।

अनि हामीलाई परीक्षामा नलैजानुहोस्, तर हामीलाई दुष्टबाट छुटाउनुहोस्; किनभने राज्य, पराक्रम र महिमा सदासर्वदा तपाईकै हुन्। आमेन'। मत्ती ६:१३

यदि शैतानबाट छुटकाराको निम्ति प्रार्थनाको विन्ती चढाउने निर्देशन येशूले हामीलाई दिनुभएको हो भने, हामीले यसलाई हाम्रो प्रार्थनाको नियमित भाग बनाउनुपर्दछ।

जब हामीले *"हामीलाई दुष्टबाट छुटाउनुहोस्"* , भनि प्रार्थना गर्दछौं, यो कुनै अनौपचारिक प्रार्थना होइन। शैतानबाट छुटकाराको प्रार्थना परमेश्वरप्रतिको समर्पणताको प्रार्थना हो। शैतानमाथि विजय हाशिल गर्ने तरीका भनेको परमेश्वरसँग रहेको हिँडाईमा नजिक भइ पूर्णरूपमा समर्पण हुनु हो। यस किसिमको प्रार्थना गर्नु भनेको...

... प्रभुसँग नजिकमा हिँड्नु हो।
... प्रभुमा समर्पित हुनु हो।
... होशियारी र संयम हुनु हो।
... आफ्नो जीवनमा दुष्टलाई अलिकति पनि ठाँउ नदिनुहोस् ।
... परमेश्वरको सम्पूर्ण हतियारलाई धारण गर्नु हो।

ख शैतानको सामना गर्ने

यसकारण आफूलाई परमेश्वरको अधिनतामा सुम्प। शैतानको सामना गर, र त्यो तिमीहरूबाट भाग्नेछ। परमेश्वरको नजिकमा जाओ, र उहाँ पनि तिमीहरूको नजिकमा आउनुहुनेछ। हे पापीहरूहो, आफ्ना पापहरू शुद्ध पार; हे दुईचित्तेहरूहो, आफ्ना हृदयहरू पवित्र पार। याकूब ४:७-८

यो शास्त्रको चाँबी खण्ड हो, जुन बारम्बार उदृत गरिँदछ, तर, यथार्थमा, यो कम उदृत गरिँदछ। मानिसले प्राय *"शैतानको सामना गर, र त्यो तिमीहरूबाट भाग्नेछ",* यसलाई उदृत गर्दछन्, तर यसको अघि र पछि के छ भनेर

तिनीहरूलेर विचार गर्दैनन्। जब यस खण्डबाट लिइन्छ, परमेश्वरमा समर्पण भइ र उहाँको जनिकमा आइकन हामीले शैतानको सामना गर्दछौं। यो सरल वाक्याँशले समर्पणताको जीवनशैली, आज्ञाकारिता, र परमेश्वरसँगको नजिकको हिँडाईलाई पूर्णरूपमा बयान गर्दछ।

परमेश्वरप्रति समर्पण नभएको र उहाँसँग नजिकको हिँडाई नभएको जीवनशैली रहेको एक व्यक्तिले शैतानमाथि विजयको दाबी गर्दछ भने त्यो व्यक्ति शैतानबाट धोकामा पारिएको छ। जब हामीले परमेश्वरमा निरन्तरताको समर्पणताबिना आफ्नै सामर्थ्यमा शैतानको सामना गर्ने प्रयास गर्दछौं भने, हामी विफल हुने सिमित छ।

ग संयमी र होशियारी रहनुहोस् ।

सचेत रहो, जागा रहो; किनकी तिमीहरूको विरोधी शैतान गर्जने सिंहझैँ कसलाई निलूँ भनि खोज्दै चारैतिर घुमिहिँड्छ। विश्वासमा दह्रो रहेर त्यसको सामना गर; यो जानेर कि संसारमा रहेका तिमीहरूका दाजु-भाइहरूले पनि यिनै दुःखहरू भोगिरहेका छन्। १ पत्रुस ५:८-९

यहाँ हामीलाई संयमि, सचेत रहन र विश्वासमा स्थिर रहनको निम्ति निर्देशन प्रदान गरिएको छ। शैतानमा कन्द्रित हुनु मूर्खता हुँदा, प्रभुसँग दैनिकी रूपमा साथ हिँडिकन हामी निरन्तर सचेत हुनुपर्दछ र शैतानको सामना गर्नुपर्दछ।

घ आफ्नो जीवनमा दुष्टलाई अलिकति पनि ठाँउ नदिनुहोस्

रिसाओ, तर पाप नगर; घाम अस्ताउनुभन्दा पहिल्यै तिमीहरूको रिस मरोस्। एफिसी ४:२६

हाम्रो जीवनमा खोक्रो प्रतिवद्धता र स्वीकार नगरेका पापहरूले शैतानलाई ठाउँ दिँदछ। स्वीकार नगरेका पापहरू जस्तैः झूट, क्रोध, चोरी, घमण्ड, भय, अल्छेपना, र अय निरन्तर पापहरूले, हाम्रो जीवनमा शैतान ठाँउ दिँदछ। जब शैतानले ठाँउ पाउँदछ, तब हामी माथी नियन्त्रण बढाउनको निम्ति यसले यी कुराहरूलाई प्रयोग गर्दछ। हाम्रो जीवनमा हुने सानो नियन्त्रणमा यो सिमित हुँदैन; हाम्रो सारा जीवनमा नियन्त्रण गर्नको निम्ति यसले यस स्थानको प्रयोग गर्दछ।

छ शैतानलाई निन्दा गर्ने सवालमा के त?

धेरै पटक शैतानको निन्दा गर्न ख्रीष्टियनहरूलाई बताइन्छ जसद्वारा हामीबाट पर भाग्न वा हामीलाई एक्लै छाड्नको लागी त्यो बाध्य हुन्छ। यसको समस्या के हो भने शैतानको निन्दा गर भनि पवित्रशास्त्रमा कहीँ पनि बताइएको छैन र पवित्रशास्त्रमा कुनै शिक्षा रहेको छैन की हामीले निन्दा गरेपछि त्यो भाग्नेछ। बाइबलमा, शैतानलाई हप्की दिने परमेश्वरमात्र हुनुहुन्छ (जकरिया ३:१-३, यहूदा १:९, लूका ४:४१)। प्रभुमा निरन्तर रहेको जीवनशैली र उहाँसँगको नजिकको हिँडाईद्वारा मात्र हामीले शैतानलाई पराजित गर्न सक्दछौं। परमेश्वरको सम्पूर्ण हतियार धारण गरमा मात्र हामीले शैतानलाई पराजित गर्न सक्दछौं। सामान्य रूपमा, "शैतान म तँलाई हप्की दिन्छु" भन्नाले आज्ञाकारिताको जीवनशैलीलाई प्रतिस्थापित गर्दैन।

मलाई एक सभाको सम्झना रहेको छ जहाँ शैतानलाई हप्की दिई पछिबाट त्यसमाथि हाँसो उडाउनको निम्ति मानिसहरूलाई चुनौति दिने सन्देश प्रदान गरिएको थियो। आधारभूत रूपमा प्रभुको निम्ति जिउन वा परमेश्वरको हतियारलाई धारण गर्ने सन्दर्भमा केही पनि बताइएन। मानव भएकाले, शैतानको राज्यमा के भइरहेको छ म जान्न सक्दिनँ, तर त्यो शैतानको नै काम थियो जसले यस हाँसो निकालिरहेको थियो। परमेश्वरमा समर्पित हुने र विजय प्राप्त गर्नको लागी पछिबाट शैतानलाई हप्की दिने कुरा सन्दर्भमा रहेको बाइबलिय शिक्षालाई इन्कार गर्ने थोरै वा कुनैपनि मूल्य रहेको छैन।

परमेश्वरको पूर्ण हतियार धारण गर – एफिसी ६:१०-१८

शैतानलाई कसरी पराजित गर्नुपर्छ भन्ने विषयमा शिक्षा प्रदान गर्ने पवित्रआत्माबाटको पूर्ण खण्ड एफिसी ६:१०-१८ हो। शैतानलाई पराजित गर्ने सन्दर्भमा सबैभन्दा धेरै हेरिने खण्ड पनि यही नै हो। प्रत्येक ख्रीष्टियनले यस खण्डलाई पढ्नुपर्छ र मनमा लिनुपर्छ। यसलाई धेरैपटक पढ्नुहोस् र यसले के भन्छ विचार गर्नुहोस्। परमेश्वरको हतियारको हरेक भागलाई धारण गर्नको निम्ति तपाईले के गर्नुपर्छ भन्ने बारेमा विचार गर्नुहोस्।

जब तपाईले यस खण्डको अध्ययन गर्नुहुन्छ, हरेक हतियार परमेश्वरको वचनको समझ र अभ्यासमा आधारित रहेको हुन्छ भनि प्रष्ट हुँदछ। शैतानलाई पराजित गर्नको निम्ति हामीले परमेश्वरको वचन पढ्नुपर्छ, अध्ययन गर्नुपर्छ, र यसको अभ्यास गर्नुपर्छ। *त्यहाँ कुनै छोटो मार्ग रहेको छैन।*

अन्तमा हे भाइहरूहो, प्रभुमा र उहाँको बलको सामर्थ्यमा बलवान् होओ। शैतानका धूर्त युक्तिहरूका विरोधमा खडा हुन सक्नालाई परमेश्वरका सारा हतियारहरू धारण गर। किनकी हामी मासु र रगतको विरोधमा कुस्ती लड्दैनौं, तर प्रधानहरूको विरोधमा, अधिकारीहरूको विरोधमा, यस संसारको अन्धकारका शासकहरूको विरोधमा, आकाशी स्थानहरूमा भएका आत्मिक दुष्टताको विरोधमा लड्दछौं। यसकारण खराब दिनमा सामना गर्न सक्नालाई र सबै कुराहरू गरेर खडा हुन सक्नालाई परमेश्वरका सारा हतियारहरू उठाओ। यसकारण खडा होओ, तिमीहरूका कम्मर सत्यताले कस, र धार्मिकताको कवच धारण गर; अनि पाउहरूमा मेलमिलापको सुसमाचारको तयारीका जुत्ता लगाओ; यी सबैबाहेक विश्वासको ढाल उठाओ, जसद्वारा दुष्टका सबै अग्निवाणहरू निभाउनालाई तिमीहरू समर्थ हुनेछौ। अनि मुक्तिको टोप, र आत्माको तरवार, जोचाँही परमेश्वरको वचन हो, लेओ; सारा प्रार्थना र अन्तर्विन्ती गर्दै हर समय आत्मामा प्रार्थना गर, अनि यसैका निम्ति सारा प्रयत्न र सबै पवित्र जनहरूका लागी अन्तर्विन्ती गर्दै जागा रहो; एफिसी ६:१०-१८

यो यी पदहरूको गहिराइको अध्ययन होइन, तर परमेश्वरसँगको दैनिकी हिँडाइमा शैतान र त्यसका सेनाहरूलाई पराजित गर्नको निम्ति हामीले के गर्नुपर्छ भनि प्रष्टैसँग जान्नको लागी हामी यसलाई नजिकबाट नियाल्नेछौं।

अन्तमा हे भाइहरूहो, प्रभुमा र उहाँको बलको सामर्थ्यमा बलवान् होओ।

यसमा प्रष्ट हुनुपर्दछ की बलियो हुने योग्यता परमेश्वरको सामर्थी शक्तिबाट आउँदछ, हामी आफैबाटको शक्ति वा वुद्धिबाट होइन। हाम्रो आफ्नै तरीकाबाट र आफ्नै सामर्थ्यबाट गर्ने कार्य विफलता हुने सिद्ध सूत्र हो। हामी सफल भएको दिखिन सक्दछौं र हामीले मानिसहरूलाई प्रभावित पार्न सक्दछौं तर पनि आत्मिकी फलमा रितो हुन सक्दछौं। कुनै पनि ख्रीष्टियनले अभिप्राय साथ परमेश्वरको वचन आत्मसाथ गर्न र पालन गर्न प्रतिवद्ध हुन सक्दैन भने त्यो शैतानद्वारा पराजित हुँदछ – अन्यथा, देखिए तापनि।

जसरी उहाँको ईश्वरीय शक्तिले हामीलाई जीवन र भक्तिसँग सम्बन्ध राख्ने सबै कुराहरू उहाँकै पहिचानद्वारा दिएको छ, जसले हामीलाई महिमा र सद्गुणद्वारा बोलाउनुभयो। २ पत्रुस १:३

याद गर्नुहोस्, उहाँ परमेश्वरको आत्मा हुनुहुन्छ जसले हामीलाई सामर्थ्य प्रदान गर्नुहुन्छ।

अनि परमप्रभुको आत्मा उहाँमाथि बसिरहनुहुनेछः बुद्धि र समझको आत्मा। सल्लाह र शक्तिको आत्मा, ज्ञान र परमप्रभुको डरको आत्मा; यशैया ११:२

ती जसले आत्माको अगुवाईलाई पछ्याउन, आफूमाथि आत्मालाई नियन्त्रण गर्ने अनुमति दिन, प्रतिवद्धता जनाउँदछन्, तिनीहरू प्रभुमा बलिया हुँदछन्। ती जसले पवित्र आत्मालाई अगुवाई र सामर्थ्यी गर्ने अनुमति प्रदान गर्दैनन् प्रभुसँगको हिँडाईमा तिनीहरू कमजोर हुँदछन्।

शैतानका धूर्त युक्तिहरूका विरोधमा खडा हुन सक्नालाई परमेश्वरका सारा हतियारहरू धारण गर।

हतियारहरूले सैनिकहरूलाई लडाँईमा शुरक्षा गर्दछ। हतियार बिना एक सैनिक त्यसका शत्रुका प्रहारहरूमा अशुरक्षित हुँदछ। प्रभु येशू ख्रीष्टको अनुयायी भएकाले, हामीले परमेश्वरको हतियारलाई पूर्णरूपमा धारण गर्नुपर्छ ताकी शैतानको कार्यहरूमा र प्रहारमा हामी अशुरक्षित नहोऔं। यहाँ *"परमेश्वरका सारा हतियारहरू"* मा जोड दिइएको छ। कुनै पनि भागलाई त्यागिकन शैतानको विरुद्धमा स्थिर रहनको लागी आशा गर्न सकिँदैन। यस खण्डको १४-१७ पदहरूमा हतियारका भागहरूलाई प्रस्तुत गरिएको छ। सारा अंशहरू महत्वपूर्ण छन्। शैतान को हो भनेर परमेश्वर जान्नुहुन्छ र हामी को हौं भनेर परमेश्वर बुझ्नुहुन्छ, र शैतानको विरुद्धमा खडा हुनको लागी हामीलाई के खाँचो पर्दछ भनि उहाँ जान्नुहुन्छ।

किनकी हामी मासु र रगतको विरोधमा कुस्ती लड्दैनौं, तर प्रधानहरूको विरोधमा, अधिकारीहरूको विरोधमा, यस संसारको अन्धकारका शासकहरूको विरोधमा, आकाशी स्थानहरूमा भएका आत्मिक दुष्टताको विरोधमा लड्दछौं।

यहाँ स्पष्टसँग बताइएको छ की हाम्रो संघर्ष मानिसहरूका विरुद्धमा होइन (शरीर र रगत) तर शैतान र त्यसको दूतहरूका विरुद्धमा हो। निश्चय नै शैतानले मानिसहरूलाई प्रयोग गर्दछ, तर यसको पछाडी शैतान र त्यसका सारा दूतहरू रहेका हुन्छन्।

यसकारण खराब दिनमा सामना गर्न सक्नालाई र सबै कुराहरू गरेर खडा हुन सक्नालाई परमेश्वरका सारा हतियारहरू उठाओ।

किनभने हाम्रो विरुद्धमा शक्तिशाली शत्रु छ, त्यसैले हामीलाई फेरी पनि बताइएको छ *"परमेश्वरका सारा हतियारहरू"* उठाओ। जब शास्त्रको एउटै खण्डमा एउटै निर्देशनलाई दोहोर्याएर दिइएको छ भने, त्यस निर्देशनलाई जोड दिइएको छ। यो महत्वपूर्ण रहेको छ। यदि हामी शैतानको विरुद्धमा खडा हुन चाहन्छौं भने हामीले परमेश्वरको सारा हतियारलाई धारण गर्नुपर्छ, केही भागलाई मात्र होइन।

यसकारण खडा होओ, तिमीहरूका कम्मर सत्यताले कस,

हामी खडा भइ स्थिर रहनुपर्दछ। हामीले हाम्रो प्रतिवद्धताप्रति आफैलाई कमलो र शक्तिहिन् हुने अनुमति दिनुहुँदैन। हामीले पहिरूपर्ने हतियारको प्रथम भाग भनेको सत्यता हो – परमेश्वरद्वारा प्रकट गरिएको सत्यता। हामीलाई मन नभए तापनि वा परमेश्वर बताउनुभएका वा गर्नुभएका कुराहरू नबुझे पनि हामीले विश्वासयोग्यताका साथ परमेश्वरको वचनलाई आत्मसाथ गर्नुपर्छ र अभ्यास गर्नुपर्छ। परमेश्वरको वचन सत्य हुन् भनि तलका पदहरूमा प्रष्टसँग बताइएको छ।

सत्यद्वारा तिनीहरूलाई पवित्र पार्नुहोस्; तपाईको वचन सत्य हो। यूहन्ना १७:१७

तब येशूले आफूलाई विश्वास गर्ने ती यहूदीहरूलाई भन्नुभयोः "तिमीहरू मेरो वचनमा लागिरह्यौ भने तिमीहरू साँच्चै मेरा चेला हौ" । अनि तिमीहरूले सत्यलाई जान्नेछौ, र सत्यले तिमीहरूलाई स्वतन्त्र गराउनेछ"। यूहन्ना ८:३१-३२

हामीले धारण गर्नुपर्ने हतियारको पहिलो भाग हो - सत्यता। जब शैतानले हामीलाई आक्रमण गर्दछ त्यसको सामना गर्नको लागी स्थिर भइ खडा रहनको लागी झूटा शिक्षा, बटारिएका सत्यता, अर्ध-सत्यता, वा कमजोर सत्यताले हामीलाई सुसज्जित गर्दैन। यथार्थमा, यदि हामीमा परमेश्वर र उहाँको वचनको सही ज्ञान रहेको छैन भने, हामीले बाँकी हतियारहरू कुनैलाई पनि धारण गर्न सक्दैनौं र हामी धोकाको गुरूबाट धोकामा परिसकेको हुन्छौं।

हामीले पवित्रशास्त्रमा झूटा शिक्षाको सन्दर्भमा चेतावनी दिने खण्डहरू धेरै-धेरै रहेको पाउँदछौं। आज ख्रीष्टियनमत र मण्डलीहरूमा विकृत शिक्षा र अर्ध सत्यता पसेको छ। शैतानको विरुद्धमा स्थिर भइ खडा हुनको लागी यस किसिमका शिक्षाहरूले हामीलाई सुसज्जित पार्दैनन्।

तपाईहरूकै बीचबाट पनि चेलाहरूलाई आफ्नो पछि खिँच्नालाई टेढामेढा कुरा गर्ने मानिसहरू उठ्नेछन्। प्रेरित २०:३०

हे तिमोथी, जुन ज्ञानलाई ज्ञान भन्नु नै झूट कुरो हो, त्यसका अशुद्ध र व्यर्थका बकवाद र विरोधहरूबाट तर्किएर तिमीले तिम्रो जिम्मामा सुम्पिएको कुराको रखवाली गर - यस ज्ञानलाई कतिले स्वीकार गरेकाले विश्वासको सम्बन्धमा निशाना चुकेका छन्। तिमीसँग अनुग्रह रहोस्। आमेन। १ तिमोथी ६:२०-२१

होसियार होओ, नत्र कसैले तत्वज्ञान र व्यर्थैको धोकाद्वारा तिमीहरूलाई शिकार बनाउला ! ती कुराहरू मानिसका रीतिथिति र संसारका प्राथमिक शिक्षाअनुसार छन्, तर ख्रीष्टअनुसार छैनन्। कलस्सी २:८

हे परमप्रभु, मलाई तपाईको बाटो सिकाउनुहोस्; म तपाईको सत्यतामा हिँड्नेछु; तपाईको नामको डर मान्नालाई मेरो हृदय एकाग्र पार्नुहोस् ! भजनसंग्रह ८६:११

भजनसंग्रहका लेखकझैँ, *"हे परमप्रभु, मलाई तपाईको बाटो सिकाउनुहोस्"*, हामीले पनि यसरी प्रार्थना गर्नुपर्छ, र *"म तपाईको सत्यतामा हिँड्नेछु"* भनि प्रतिवद्धता जनाउनुपर्छ। यसको परीणाम नबाँडिएको इमान्दारिता र हाम्रो प्रभु येशू ख्रीष्टप्रतिको प्रतिवद्धता हो र हाम्रा परमेश्वरकोप्रतिको साँचो श्रद्धा र आराधना हो। जब शैतानले हामीमाथि आक्रमण गर्दछ तब हामी स्थिर भइ खडा रहनको निम्ति यसले हामीलाई सुसज्जित पार्दछ। सत्यताका हिँड्नाले सही जीवनयापनको बयान हुँदछ जसले हामीलाई अर्को हतियारको नजिकमा पुर्याउँदछ।

र धार्मिकताको कवच धारण गर;

क्रमैसँग प्रस्तुत गरिएका यी हतियारका भागहरू कुनै संयोगवशले भएका होइनन्। यो सत्यबाट शुरु हुँदछ र सत्यतालाई अभ्यास गर्ने प्रकृयामा अघि बढ्दछ, जुन धार्मिकतामय ईश्वरिय जीवन जिउनु हो।

परमेश्वरको वचनमा दुई प्रकारका धार्मिकता रहेका छन्।

क परमेश्वरको धार्मिकता वा पवित्रता, जुन उहाँले हामी बचाइएका क्षणमा नै हामीलाई प्रदान (खनाइदिनुहुन्छ वा राखिदिनुहुन्छ) गरिदिनुहुन्छ।

ख परमेश्वरको वचनद्वारा प्रकट गरिएको सत्यता अनुरुपले धार्मिकताको जीवन जिउने।

शैतानले आक्रमण गरेको बेलामा स्थिर भइ खडा रहनको लागी, यी दुवै धार्मिकताहरूको प्रयोग गर्नुपर्छ। हामी उद्धार गर्नुपर्छ र हामी उहाँको निर्देशनमा आज्ञाकारी हुनुपर्छ।

हामी उद्धार गरिएको क्षणमा नै परमेश्वरले हामीमाथि धार्मिकता खनाइदिनुहुन्छ। पवित्रशास्त्रको तलको खण्डमा यसलाई प्रष्टसँग सिकाइएको छ।

'तिम्रा सन्तान यस्तै हुनेछन्' भनि भनिएको वचन अनुसार धेरै जातिहरूका पिता हुनका निम्ति उनले निराशामा पनि आशा राखेर विश्वास गरे; रोमी ४:१८

अनि यसैकारण उनका निम्ति यो कुरा धार्मिकता गनियो। अनि 'उनका उनका निम्ति यो धार्मिकता गनियो' भन्ने कुराचाँही उनका निम्ति मात्र लेखिएको होइन, "तर हाम्रा निम्ति पनि; हामीले पनि हाम्रा प्रभु येशूलाई मरेकाहरूबाट बौराएर उठाउनुहुनेमाथि विश्वास गर्यौं भने हामीलाई पनि यो धार्मिकता दिइनेछ"। रोमी ४:२२-२४

किनकी उहाँमा हामी परमेश्वरका धर्मिकता बन्न पाऔं भनेर पापै नजान्नुहुनेलाई परमेश्वरले हाम्रा निम्ति पाप तुल्याउनुभयो। २ कोरिन्थी ५:२१

हामी बचाइएपछि र हामीमाथि उहाँको धार्मिकता खन्याइएपछि, धर्मि जीवन जीउनको निम्ति हामीले आफैलाई प्रतिवद्ध गराउनुपर्दछ। हामीले आफ्नो विश्वासलाई अभ्यास गर्दछौं र उहाँको शिक्षामा समर्पित भइ जिउँदछौं र उहाँमा आज्ञाकारी हुँदछौं।

तर हे परमेश्वरका जन, तिमी यी कुराहरूबाट भाग; र धार्मिकता, भक्ति, विश्वास, प्रेम, धीरज, नम्रताको पछि लाग। १ तिमोथी ६:११

सबै पवित्रशास्त्र परमेश्वरको प्रेरणाद्वारा दिइएको हो, अनि शिक्षाका निम्ति, भूलदोष देखाउनाका निम्ति, सुधारका निम्ति, धार्मिकताको सम्बन्धमा तालिमका निम्ति लाभदायक हुन्छ; जसद्वारा परमेश्वरको जन हरेक असल कामका निम्ति पूर्ण रुपले सुसज्जित भई सिद्ध होओस्। २ तिमोथी ३:१६-१७

परमेश्वरको वचन, जुन सत्य हो, धर्मी जीवन जिउनको लागी यसले हामीलाई तालिम दिँदछ र परमेश्वरको कार्य गर्नको लागी हामीलाई सुसज्जित पार्दछ। यदि हामी शैतान र त्यसका सारा दूतहरूबाट छुटकारा प्राप्त गर्न चाहन्छौं भने, हामीले उहाँको वचनलाई आत्मसाथ गर्नुपर्छ र धर्मी जीवन वा ईश्वरिय जीवन जिइकन यसलाई अभ्यास गर्नुपर्छ।

अनि पाउहरूमा मेलमिलापको सुसमाचारको तयारीका जुत्ता लगाओ;

हतियारको तेश्रो भाग भनेको शान्ति हो। फेरी हामीले तार्किक बढावलाई यहाँ देख्र सक्दछौं। जब हामीले बाइबलिय सत्यतामा हाम्रो जीवनलाई निर्माण गर्दछौं र ईश्वरिय (धार्मिकता) जीवन जिइकन यसको अभ्यास गर्दछौं, तब हामीले शान्ति प्राप्त गर्दछौं।

केही तरीकाबाट यो अलिक असाधारण लाग्दछ की युद्धको बीचमा, हामीलाई शान्तिमा रहनको लागी निर्देशन प्रदान गरिदँछ। साधारणतया शान्ति र युद्ध एकसाथ जाँदैनन्। यद्यपि, ख्रीष्टियन भएकाले, शान्ति प्राप्त गर्नुको मार्गचाँही लडाँईमा जानु हो र उहाँको नजिकमा रहनु हो। लडाँईमा पनि हामीले शान्ति प्राप्त गर्दछौं र हामीले भय राख्दैनौं।

शान्ति म तिमीहरूको साथमा छोड्छु, मेरो शान्ति म तिमीहरूलाई दिन्छु, संसारले दिने जस्तोचाँही म तिनीहरूलाई दिन्नँ। तिमीहरूको हृदय विचलित नहोस्, नता भयभित होस्। यूहन्ना १४:२७

शैतानले हाम्रो शान्ति भङ्ग गर्न चाहन्छ। यदि हामीलाई चिन्ता लिन, , वा अरुसँग क्रोधित गराउन, वा प्रभुमा भन्दा परिस्थितिमा आँखा लगाउन यसले बाध्य गराउँदछ भने, हाम्रो शान्ति नाश गर्नको निम्ति यो सफल हुँदछ। हामीले यसो हुन दिनुहुँदैन।

शान्ति आत्माको फल हो। यो परमेश्वरको आत्मालाई निरन्तर भरपुर हुन, अगुवाई गर्न, र सामर्थी बनाउन दिनुको परिणाम हो।

तर आत्माको फल होः प्रेम, आनन्द, मेलमिलाप, सहनशीलता, कृपा, भलाइ, विश्वास, नम्रता, संयम; यस्ता कुराहरूको विरोधमा कुनै व्यवस्था छैन। गलाती ५:२२-२३

वचनमा, शान्ति प्राप्त गर्ने सन्दर्भमा हामीलाई निर्देशन प्रदान गरिएको छ।

कुनै कुराका निम्ति फिक्री नगर, तर हरेक कुरामा प्रार्थना र विन्तिद्वारा तिमीहरूका मागहरू धन्यवादसाथ परमेश्वरकहाँ जाहेर गरिऊन्; र सारा समझलाई माथ गर्ने परमेश्वरको शान्तिले तिमीहरूका हृदयहरू र विचारहरूलाई ख्रीष्ट येशूमा रक्षा गर्नेछ। फिलिप्पी ४:६-७

जब हामी समस्याको साथ परमेश्वरमा जाँदछौं भने, हामीले पिर लिन बन्द गर्न सक्दछौं। हामीमध्ये धेरैसँग रहेको समस्या यो हो की हामी कुनै समस्याको बारेमा प्रार्थना चढाउँदछौं र पनि त्यसमा पिर लिइ नै रहँदछौं। तलको पदले *"परमेश्वरको शान्तिले तिमीहरूका हृदयहरूमा राज्य"* गर्न अनुमति देऊ भनि हामीलाई बताउँदछ। जब हामी पिर लिइ नै रहन्छौं, उहाँको शान्तिलाई हाम्रो हृदयमा राज्य गर्न हामी अनुमति दिँदैनौं र हामी अनाज्ञाकारी हुँदछौं।

अनि परमेश्वरको शान्तिले तिमीहरूका हृदयहरूमा राज्य गरोस्, यसैका निम्ति तिमीहरू पनि एउटै शरिरमा बोलाइएका छौ; अनि तिमीहरू धन्यवादी होओ। कलस्सी ३:१५

यी सबैबाहेक विश्वासको ढाल उठाओ, जसद्वारा दुष्टका सबै अग्निवाणहरू निभाउनालाई तिमीहरू समर्थ हुनेछौ।

परमेश्वर र उहाँको वचनप्रतिको विश्वास परमेश्वरको हतियारको मूख्य भाग हो। यदि हामी शैतानसँगको हाम्रो युद्धमा स्थिर भइ खडा हुन चाहँदछौं भने, निश्चित रुपमा हाम्रो विश्वासले परमेश्वरमा गहिरो जरा गाडेको हुनुपर्दछ। यस पाठ्यक्रमको अध्ययन निर्देश २४मा विश्वासको सन्दर्भमा बृस्तित अध्ययन प्रस्तुत गरिएको छ। यदि तपाईले यस विषयको बारेमा अध्ययन गर्नुभएको छैन भने यो तपाईको लागी उपयोगी हुन सक्दछ।

"विश्वासको पाठ"को पहिलो पदले विश्वासको बारेमा बाइबलिय बर्णनलाई प्रस्तुत गर्दछ।

विश्वासचाँही आशा गरिएका वस्तुहरूको निश्चयता र नदेखिएका कुराहरूको प्रमाण हो। हिब्रु ११:१

परमेश्वरसँगको हिँडाईमा विश्वास हाम्रो आधार हो।

तर बिनाविश्वास उहाँलाई खूशी पार्नु असम्भव छ; किनकी परमेश्वरकहाँ आउनेले, उहाँ हुनुहुन्छ र उहाँलाई यत्नसित खोज्नेहरूलाई उहाँले इनाम दिनुहुन्छ भनि विश्वास गर्नुपर्छ। हिब्रु ११:६

किनकी ख्रीष्ट येशूमा न खतना न बिनाखतना केही कामको छ, तर विश्वास, जसले प्रेमद्वारा काम गर्छ। गलाती ५:६

तर परमेश्वरको दृष्टिमा व्यवस्थाद्वारा कोही पनि धर्मी ठहरिँदैन, यो कुरा स्पष्ट छ; किनभने 'धर्मी जन विश्वासद्वारा जिउनेछ'। गलाती ३:११

साँचो विश्वासले परिणाम स्वरूप विश्वासयोग्यताका साथ प्रभुको सेवा गर्ने सकृय प्रतिवद्धता ल्याउँदछ।

यही प्रकारले विश्वास पनि, यदि त्यसका कामहरू छैनन् भने एकलो भई मरेको हुन्छ। याकूब २:१७

किनकी जसरी शरिर आत्माबिना मरेको हुन्छ, उसरी नै विश्वास पनि कामहरूबिना मरेको हुन्छ। याकूब २:२६

परमेश्वरको वचन आत्मसाथ गर्नाले र कठीन परिस्थितिहरूमा विश्वासयोग्य हुनाले उहाँसँगको हिँडाईमा हाम्रो विश्वासलाई बढाउँछ र परिपक्व गराउँदछ।

मेरा भाइहरूहो, जब तिमीहरू नाना प्रकारका परीक्षाहरूमा पर्दछौ, तब यसलाई पूरा आनन्द सम्झ; यो जानेर की तिमीहरूको विश्वासको जाँचले धीरज उत्पन्न गर्छ। तर धीरजलाई आफ्नो सिद्ध काम गर्न देओ, कि कुनै कुराको काँचो नपर्ने गरी तिमीहरू सिद्ध र पूर्ण होओ। याकूब १:२-४

यसकारण, विश्वास सुनाइद्वारा आउँछ, र सुनाइचाँही परमेश्वरको वचनद्वारा। रोमी १०:१७

फेरी, शैतानसँगको हाम्रो युद्धमा स्थिर भइ खडा रहने संकल्पमा, हामीले विश्वासको अभ्यास गर्नुपर्दछ। विश्वास, प्रेम जस्तै, कार्य हो, भावना होइन। जीवनमा धेरै पटक, हामीलाई मन नभए तापनि हामी विश्वसयोग्य रहँदछौं र परमेश्वरको दृष्टिमा जे सही छ त्यही नै गर्दछौं।

विश्वासको अर्को सिद्धान्त यो हो की हामी यस ज्ञानमा रहेका छौं की यस पृथ्वीको हाम्रो जीवन धेरै छोटो छ र हामी यस पृथ्वीमा रहिन्जेल उहाँमा विश्वासयोग्य भएकाले गर्दा हामीले इनाम प्राप्त गर्दछौं र अनन्ततासम्म यसमा आनन्द मनाउनेछौं। ख्रीष्टियन भएकाले, प्रभु येशू ख्रीष्टसँग अनन्ततासम्म लागी रहन हामी हाम्रो अघिल्तिर आफ्नो आँखा लगाउँदछौं। कस्तो आशिष !!!

अनि मुक्तिको टोप,

हेर त, पिताले हामीलाई कस्तो किसिमको प्रेम प्रदान गर्नुभएको छ – हामी परमेश्वरका सन्तान कहलिँदछौं; यसैकारण संसारले हामीलाई चिन्दैन, किनभने यसले उहाँलाई चिनेन। १ यूहन्ना ३:१

हामी शैतानसँग आफ्नो लडाँई लड्दै गर्दा, हामी को हौं भनेर हामीले निरन्तर याद गरिरहनुपर्दछ। *हामी उद्धार गरिएका परमेश्वरका सन्तान हौं।* परमेश्वरद्वारा हामी प्रेम र शुरक्षित गरिएका छौं जो हाम्रो सारा जगतमा सबैतिर अस्तित्वमा हुने महान् सामर्थ्य र शक्ति हुनुहुन्छ। परमेश्वरले हामीलाई गहिरो प्रेम गर्नुहुन्छ जुन प्रेम देखाउन परमेश्वरमात्र सक्षम हुनुहुन्छ। हाम्रो पिता भएकोले, उहाँले हाम्रो शुरक्षा गर्नुहुन्छ र हामीलाई उहाँदेखी र उहाँको शुरक्षादेखी छुटाउनको निम्ति उहाँले शैतानलाई कहिल्यै पनि अनुमति प्रदान गर्नुहुन्न। हामीले यस युद्धको प्रहारलाई बारी महसुस गरे तापनि र अत्याइए तापनि, उहाँको उपस्थिति, सामर्थ्य, गहिरो प्रेमले हामीलाई घेर्दछ भनि हामी जान्दछौं।

हाम्रो मुक्ति सम्बन्धि यस ज्ञान र समझले हामीलाई स्थिर र सामर्थी तुल्याउँदछ। उहाँ परमेश्वर हुनुहुन्छ जसले हामीलाई उद्धार गर्नुहुन्छ र हामी उहाँको पक्षमा छौं। यस समझ र आत्मविश्वासद्वारा, शैतानसँगको हाम्रो लडाँईमा हामी मजबुत भइ खडा हुँदछौं।

यस अध्ययनमा सामान्यतया हामी सारा पाठलाई नै उद्धृत गर्दैनौं; तर भजनसंग्रह ९१ हामी, उहाँको सन्तान प्रतिको, परमेश्वरको प्रेम र शुरक्षाको एक सुन्दर अभिव्यक्ति हो। उद्धार गरिएका मानिसहरूले प्राप्त गर्ने प्रेम र शुरक्षा यही नै हो। यस भजनसंग्रहको खण्डमा आनन्द मनाउनुहोस् र सम्झनालाई ताजा पार्नुहोस्।

जो परमप्रधानको गुप्त स्थानमा वास गर्छ, ऊ सर्वशक्तिमानको छायामा रहिरहन्छ। म परमप्रभुको विषयमा भन्नेछुः "उहाँ मेरो शरणस्थान र मेरो किल्ला हुनुहुन्छ – मेरा परमेश्वर; उहाँमै म भरोसा राख्नेछु"। निश्चय उहाँले नै तिमीलाई चरा मार्नेको पासोबाट र विनाशकारी महामारीबाट छुटाउनुहुनेछ। उहाँले तिमीलाई आफ्ना प्वाँखहरूले ढाक्नुहुनेछ; र उहाँका पखेटाहरूमनि तिमीले शरण लिनेछौ; उहाँको सत्यता तिम्रो ढाल र कवच हुनेछ। तिमी न रातको आतङ्कदेखि, न ता दिनमा उड्ने काँडदेखि नै डराउनेछौ, न ता अन्धकारमा हिँड्ने महामारीदेखि, न ता मध्य-दिनमै उजाड पार्ने विनाशदेखि डराउनेछौ। हजारजना तिम्रो बगालमा ढल्नेछन्, र दश हजार तिम्रो दाहिने हाततिर; तर त्यो तिम्रो नजिक आउनेछैन। तिम्रै आँखाले तिमीले हेर्नेछौ, र दुष्टहरूको नतिजा देख्नेछौ। किनभने तिमीले परमप्रभुलाई, जो मेरा शरणस्थान हुनुहुन्छ, अर्थात् परमप्रधानलाई आफ्नो वासस्थान बनाएका छौ; यसकारण तिमीमाथि कुनै खराबी आइपर्नेछैन, न ता कुनै महामारी तिम्रो वासस्थान नजिक आउनेछ। किनकी तिम्रा सबै मार्गहरूमा तिमीलाई रक्षा गरून् भनी तिम्रो विषयमा उहाँले आफ्ना दूतहरूलाई आज्ञा गर्नुहुनेछ। कहीं तिमीले आफ्नो पाउ ढुङ्गामाथि बजार्छौ कि भनि तिनीहरूले तिमीलाई आफ्ना हातहरूमा उठाउनेछन्। तिमीले सिंह र साँभे साँप कुल्चनेछौ; जवान सिंह र अजिङ्गर तिमीले पाउमुनि कुल्चीमिल्ची पार्नेछौ। किनभने उसले आफ्नो प्रेम म माथि राखेको छ; यसकारण म उसलाई छुटाउनेछु; म उसलाई उच्च स्थानमा राख्नेछु; किनकी उसले मेरो नाम जानेको छ। उसले मलाई पुकार्नेछ, र म उसलाई जवाफ दिनेछु; सङ्कष्टमा म उसको साथमा हुनेछु; म उसलाई छुटाउनेछु, र उसलाई आदर दिनेछु। म उसलाई दीर्घायुले तृप्त पार्नेछु, र उसलाई मेरो उद्धार देखाउनेछु। भजनसंग्रह ९१:१-१६

हामी कठिन परिस्थितिहरूमा जानेछौं, र समय-समयमा, यो लडाँई अत्याउने हुनेछ। यद्यपि, लडाँईको मध्यमा पनि जब हामीले आफूलाई एक्लो महसुस गर्दछौं, परमेश्वरले त्यहाँ हाम्रो आत्मनालाई प्रेम, शुरक्षा, सामर्थ्य दिँदै र पुनर्स्थापन गराउँदैन रहनुहुन्छ। यी सबै जानेर, किन हामी बलियो हुन सक्दैनौं र शैतानसँगको हाम्रो लडाँईमा स्थिर भइ खडा हुन सक्दैनौं।

उहाँले मेरो प्राणलाई पुनर्जीवित पार्नुहुन्छ; उहाँले मलाई आफ्नो नामको खातिर धार्मिकताका मार्गहरूमा डोर्याउनुहुन्छ। चाहे मृत्युको घोर अन्धकारमय छायाको घाटीबाट भएर हिँड्नुपरे तापनि म कुनै खराबीदेखी डराउनेछैनँ; किनकी तपाई मेरो साथमा हुनुहुन्छ; तपाईको लाठो र तपाईको लौराले, अँ, तिनैले मलाई सान्त्वना दिन्छन्। भजनसंग्रह २३:३-४

ख्रीष्टमा हामी को हौं भनेर जब हामीले जान्दछौं र याद गर्दछौं, तब हामी स्थिर रहन सक्दछौं किनभने परमेश्वर को हुनुहुन्छ र उहाँले निरन्तरताका साथ हाम्रो निम्ति के गर्दै हुनुहुन्छ भनि हामी जान्दछौं।

किनकी उहाँमा ईश्वरत्वको सारा परिपूर्णताले शारीरिक रूपमा वास गर्छ। र उहाँमा नै नै तिमीहरू पूर्ण छौ; उहाँ सबै प्रधानता र अधिकारका शिर हुनुहुन्छ। कलस्सी २:९-१०

र आत्माको तरवार, जोचाँही परमेश्वरको वचन हो, लेओ;

यी हतियारको प्रत्येक भाग – सत्यता, धार्मिकता, शान्ति, विश्वास र मुक्तिको टोप, प्रतिको हाम्रो समायोजन – परमेश्वरको वचनलाई हामीले आत्मसाथ गर्ने र अभ्यास गर्ने कुरामा आधारित हुँदछ। यदि हामीले वचनलाई

आत्मसाथ गरिरहेका छैनौं भने, दुष्टको सारा शक्तिहरूसँगको संघर्षमा हामी स्थिर भइ खडा रहने योग्यका हुँदैनौं। वचनलाई आत्मसाथ नगरिकन, हामीले परमेश्वरको हतियारलाई पूर्ण रूपले धारण गर्न सक्दैनौं।

परमप्रभुको व्यवस्था सिद्ध छ, प्राणलाई परिवर्तन गर्ने; परमप्रभुको साक्षी पक्का छ, बोधालाई बुद्धिमान् तुल्याउने। परमप्रभुका नियमहरू सही छन्, हृदयलाई आनन्दित गराउने; परमप्रभुको आज्ञा शुद्ध छ, आँखाहरूलाई ज्योतिर्मय पार्ने। परमप्रभुको भय सफा छ, सदा रहिरहने; परमप्रभुका न्याय-वचनहरू पूर्णतया सत्य र धर्ममय छन्। सुनभन्दा बढी, अँ धेरै निखुर सुनभन्दा बढी तिनीहरूको चाहना गरिनुपर्छ; ती महभन्दा, अँ महको चाकाभन्दा पनि मीठा छन्। साथै तीद्वारा नै तपाईको दासले चेताउनी पाउँछ, अनि तिनको पालन गरेमा ठूलो इनाम छ। भजनसंग्रह १९:७-११

किनकि परमेश्वरको वचन जिउँदो, प्रभावशाली र कुनै दुईधारे तरवारभन्दा पनि लाग्ने हुन्छ; जसले प्राण र आत्मालाई, जोर्नी-जोर्नी र मासीलाई पनि अलग-अलग पार्ने गरी छेड्छ, र हृदयका विचार र मनसायहरू खुट्टयाउने हुन्छ। हिब्रु ४:१२

सबै पवित्रशास्त्र परमेश्वरको प्रेरणाद्वारा दिइएको हो, अनि शिक्षाका निम्ति, भूलदोष देखाउनाका निम्ति, सुधारका निम्ति, धार्मिकताको सम्बन्धमा तालिमका निम्ति लाभदायक हुन्छ; जसद्वारा परमेश्वरको जन हरेक असल कामका निम्ति पूर्ण रुपले सुसज्जित भई सिद्ध होओस्। २ तिमोथी ३:१६-१७

धन्य हो त्यो मानिस, जो भक्तिहीनहरूको सल्लाहमा हिँड्दैन, न पापीहरूको बाटोमा उभिदँछ, न ता गिल्ला गर्नेहरूको आसनमा बस्दछ। तर उसको आनन्द परमप्रभुको व्यवस्थामा हुँदछ, र उहाँकै व्यवस्थामा दिनरात मनन गर्दछ। तब ऊ पानीका नदीहरूको किनारमा रोपिएको रूखझैँ हुनेछ, जसले आफ्नो ऋतुमा आफ्नो फल फलाउँदछ; उसको पात पनि ओइलिनेछैन; अनि उसले जे गर्दछ, त्यो सफल हुनेछ। भजनसंग्रह १:१-३

सारा प्रार्थना र अन्तर्विन्ती गर्दै हर समय आत्मामा प्रार्थना गर, अनि यसैका निम्ति सारा प्रयत्न र सबै पवित्र जनहरूका लागी अन्तर्विन्ती गर्दै जागा रहो;

यो पद आफ्नो शिक्षामा प्रष्ट छ। शैतानसँग युद्ध गर्ने ख्रीष्टियनहरू भएकाले, दुष्टको शक्तिसँग युद्ध गर्ने क्रममा प्रार्थना निरनन्तर गइ रहने भाग बनेको हुनुपर्छ।

जब हामीले परमेश्वरको हतियारलाई धारण गर्दछौं, हामी *सारा प्रार्थना र अन्तर्विन्ती गर्दै हर समय आत्मामा प्रार्थना* गर्दछौं। प्रार्थना बिना, शैतानसँगको लडाँईमा हामी स्थिर भइ खडा रहिरहन सक्दैनौं। याद गर्नुहोस्, हामीले आत्मामा प्रार्थना गर्नुपर्दछ। "प्रार्थना गर्ने वा अन्य भाषाहरू बोल्ने" सँग यसले कुनै सरोकार राख्दैन, तर परमेश्वरलाई अगुवाई गर्न, हामीलाई सामर्थी बनाउन, हाम्रो प्रार्थनाको जीवन समेत गरी, हाम्रो जीवनका सारा पक्षहरूमा नियन्त्रण गर्न अनुमति दिने कुराहरू सबैमा सरोकार राख्दछ।

व्यक्तिगत ख्रीष्टियनबाट ख्रीष्टियनहरूबीच एकसाथ भेला भइ एक-अर्काको लागी प्रार्थना कुरामा यो पद बृस्तारित हुँदछ। *"सबै पवित्र जनहरूका लागी अन्तर्विन्ती गर्दै जागा रहो"* भनि हामीलाई निर्देशन प्रदान गरिएको छ। हामी बिभिन्न प्रार्थनाको विषयहरूमा प्रार्थना गर्दछौं र हामी निरन्तर एक-अर्काको लागी प्रार्थना गर्दछौं। शैतानसँगको हाम्रो लडाँईमा, प्रार्थनाद्वारा हामी एक-अर्कालाई आड दिँदछौं। हामीलाई एक-अर्काको आवश्यकता पर्दछ र हामीलाई एक-अर्काबाट प्रार्थनाको मद्दत चाहिन्छ।

हाम्रो यस लडाँईमा प्रार्थना एक शक्तिशाली हतियार हो। हामीले आफ्नो लागी र अरुहरूको लागी नियमित रूपमा प्रार्थना गर्नुपर्छ र अरुलाई पनि प्रार्थना गरिदिनको निम्ति सहायता माग्नुपर्दछ। हाम्रो निम्ति प्रार्थना गरिकन हाम्रा विश्वासी जनहरूले हाम्रो संघर्षमा भागेदारी होऊन्। याद राख्नुहोस्,

धर्मी जनको प्रभावकारी प्रार्थनाले धेरै कुरा प्राप्त हुन्छ। याकूब ५:१६ख

निष्कर्षमा, यस खण्डले (एफिसी ६:१०-१८) शैतान र त्यसका सारा दूतहरूलाई पराजित गर्ने सन्दर्भमा के भन्दछ स्मरण गरौं। ख्रीष्टियनका यी प्रत्येक हतियारलाई धारण गरिकन हामी शैतानलाई पराजित गर्न सक्दछौं। जब हामीले परमेश्वरको वचनलाई आत्मसाथ गर्दछौं र अभ्यास गर्दछौं तबमात्र यी पालैपालो हुन आउँदछ। परमेश्वरको वचन नियमित रूपमा आत्मसाथ नगरेमा, हाम्रो हिँडाई कमजोर हुनेछ।

क सत्यताको पेटी। हामीले हाम्रो जीवन परमेश्वरको वचनको सत्यतामा निर्माण गर्दछौं। (अर्ध सत्यतामा वा विकृत बाइबलिय सत्यतामा होइन)
ख धार्मिकताको कवच। परमेश्वरको वचनको शिक्षालाई हामी पालन गर्दछौं।
ग पाउहरूमा मेलमिलापको सुसमाचारको तयारीका जुत्ता। हामीले आफ्नो हृदयमा परमेश्वरको शान्तिलाई राज्य गर्न दिँदछौं।
घ विश्वासको ढाल। हामी विश्वासद्वारा जिउँछौं।
ङ मुक्तिको टोप। ख्रीष्टमा हामी को हौं भनेर हामी निरन्तर सम्झना गरिरहँदछौं।
च आत्माको तरवार। हामी नियमित रूपमा परमेश्वरको वचनलाई आत्मसाथ र अभ्यास गर्दछौं।
छ हामीले निरन्तर प्रार्थना गर्दछौं।

सत्ताइस

परमेश्वरको आराधना आत्मा र सत्यतामा

आओ, हामी दण्डवत गरौं र निहुरौं; हाम्रा सृष्टिकर्ता परमप्रभुको सामु घुँडा टेकौं! किनकी उहाँ नै हाम्रा परमेश्वर हुनुहुन्छ; अनि हामीचाँही उहाँको खर्कको प्रजा र उहाँको हातका भेडाहरू हौं। आज तिमीहरूले उहाँको आवाज सुन्यौ भने, भजनसंग्रह ९५:६-७

र स्वर्गमा, पृथ्वीमाथि र पृथ्वीमनि हुनेहरूको हरेक घुँडा येशूको नाममा टेकिनुपर्छ; र पिता परमेश्वरको महिमाका लागी हरेक जिब्रोले 'येशू ख्रीष्ट नै प्रभु हुनुहुन्छ' भनि स्वीकार गर्नुपर्छ"। फिलिप्पी २:१०-११

तर त्यो समय आउँछ, , र अहिले नै हो, जुन घडी साँचो उपासकहरूले पिताको उपासना आत्मामा र सत्यतामा गर्नेछन्; किनकी उहाँको उपासना गर्नालाई पिताले यस्तैहरूलाई खोज्नुहुन्छ। परमेश्वर आत्मा हुनुहुन्छ, अनि उहाँको उपासना गर्नेहरूले आत्मामा र सत्यतामा उपासना गर्नुपर्दछ"। यूहन्ना ४:२३-२४

यसकारण हल्लन नसक्ने राज्य हामीले पाइरहेका हुनाले आओ, हामी अनुग्रह प्राप्त गरौं, जसद्वारा हामी श्रद्धा र ईश्वरीय भयसाथ परमेश्वरलाई ग्रहणयोग्य सेवा चढाउन सकौं; किनकी हाम्रा परमेश्वर भस्म गर्नुहुने आगो हुनुहुन्छ। हिब्रु १२:२८-२९

'ती जाति आफ्नो मुखले चाँही मेरो नजिकमा आउँछ, र आफ्ना ओठले मेरो आदर गर्छ; तर यिनीहरूको हृदय मदेखि टाढो छ। तर यिनीहरू व्यर्थमा मेरो उपासना गर्छन्, किनकी मानिसहरूका आज्ञाहरूलाई धर्म-शिक्षाहरूझैँ सिकाउँछन्'। मत्ती १५:८-९

परमेश्वरको आराधनाले परमेश्वरलाई उच्च, महिमित पार्दछ, श्रद्धा ल्याउँदछ, र उहाँलाई प्रशन्न तुल्याउँदछ। परमेश्वरले उपासकहरूको खोजी गर्नुहुन्छ। हामी जो पापपूर्ण मानिसहरू हौं, हामी अनन्तताको न्यायबाट बचाइएका छौं र हामीलाई अनन्त जीवन प्रदान गरिएको छ। हाम्रा प्रभु येशू ख्रीष्ट पवित्र हुनुहुन्छ; तरैपनि हाम्रा पापहरूको मूल्य चुकाउनको निम्ति उहाँले कष्ट भोग्नुभयो र मर्नुभयो। पवित्र परमेश्वर पाप बन्नुभयो ताकी हामी अनन्त न्यायबाट उम्कन सकौं, उहाँको परिवारमा अपनाइन सकौं, र उहाँसाथ सदाको निम्ति अनन्तताको आनन्द, शान्ति र सन्तुष्टिमा जिउन र राज्य गर्न सकौं। किनभने उहाँ जो हुनुहुन्छ र हाम्रो निम्ति जे गरिदिनुभयो, उहाँ आराधनाको योग्य हुनुहुन्छ।

हामीले आफ्नो ध्यानकेन्द्रलाई भुलेर यी सत्यतालाई कदर नगर्न र प्रभुसँगको हिँडाईमा अनौपचारिक हुन कति सजिलो छ। हामीले यसो हुन दिनुहुन्न। सट्टामा, उहाँ को हुनुहुन्छ र उहाँले हाम्रो निम्ति के गरिदिनुभयो भनेर हामीले नियमित रूपमा सम्झना गरिरहनुपर्छ। हाम्रो प्रेम र कदरको अभिव्यक्तिको स्वरूप हामीले हाम्रो प्रभु र मुक्तिदाताको आराधना हर्षका साथ गर्छौं। हामी सिमिततभन्दा अधिक गरि आशिषित भएका छौं र हाम्रो हृदयको गहिराईदेखि नै हामी हाम्रो परमेश्वरको श्रद्धा गर्दछौं र उहाँको आराधना गर्दछौं र हामी उहाँ केवल उहाँलाई मात्र आराधना गर्दछौं।

"आराधना" यस शब्दको मूलभूत अर्थ भनेको दण्डवत् गर्नु, आफैलाई झुकाउनु, होचिनु, र आदर दिनु हो।

आरधना भनेको परमेश्वरसँगको गहिरो हिँडाईको निम्ति वोलावट हो। यो हाम्रो पवित्र परमेश्वरलाई आदर दिने र उहाँको भयमा रहने वोलावट हो। यो उहाँलाई प्रेम गर्ने र उहाँको पालन गर्ने वोलावट हो।

तलका यी प्रत्येक वाक्याशँहरू बिभिन्न व्याख्यात्मक वचन अध्ययन वा बाइबल शब्दाकोषमा आराधनालाई बर्णन गर्न वा बयान गर्नको निम्ति प्रयोग गरिएका छन्। यी प्रत्येक बर्णनले परमेश्वरको आराधना सन्दर्भको शिक्षालाई गहिरिएर बुझ्नको निम्ति मद्दत गर्दछ।

... झुक्नु, ... घुँडा टेक्नु, ... आफैलाई निहुराउनु, ... आदर गर्नु, ...सेवा गर्नु, ...महिमा गर्नु, ...सम्मान गर्नु, ...भय राख्नु, ...अधिक प्रेम गर्नु, ..., ...प्रेम गर्नु, ...श्रद्धा गर्नु, ...भक्ति गर्नु

यी सबैलाई सामान्य रूपमा साथ राख्दा, आराधनालाई यसरी परिभाषित गर्न सकिन्छ, *"परमेश्वरको सामु हाम्रो आत्माद्वारा आदर र भय, प्रेम, भक्ति र समर्पणतामा दण्डवत् गर्नु"।*

तल शुद्ध आराधनाको अद्भूत उदाहरणलाई प्रस्तुत गरिएको छ। यहाँ, एक "पापी" स्त्रीले आफ्नो पापको पश्चाताप गर्दै येशूको चरणमा दण्डवत् गर्दछिन्। हाम्रो प्रभु येशू ख्रीष्टप्रति गहिरो कदर, प्रेम र भक्ति देखाउँदै उनले उहाँको पाउलाई तेल र उनका आँशुले अभिषेक गर्छिन्, र आफ्ना केशले पुछि दिन्छिन्।

अनि फरिसीहरूमध्ये एकजनाले आफूसँग खाना खान भनि उहाँलाई विन्ती गर्यो। अनि उहाँ फरिसीको घरभित्र पसेर खानको निम्ति बस्नुभयो। अनि हेर, त्यस शहरकी एउटी स्त्रीले, जो पापीनी थिई, त्यस फरिसीको घरमा येशू खान बस्नुभएको छ भन्ने थाह पाएर सुगन्धित तेलको एउटा सङ्गमर्मरको भुँडुल्को लिएर आई, र उहाँको पछिल्तिर उहाँका पाउनेर रूदैँ-रूदैँ खडा भई; अनि आँशुले उहाँका पाउ धुन थाली, र आफ्नै शिरका केशले पुछी, अनि उहाँका पाउ चुम्बन गरी, र तिनीहरूमा सुगन्धित तेल घसी। लूका ७:३६-३८

आराधनाको कस्तो उदाहरण ! यस "पापीनी" स्त्रीलाई क्षमा गरियो। यद्यपि, घमण्डी फरिसीहरूले येशूलाई आराधना गर्नको निम्ति आफैलाई नम्र तुल्याएको कुनै संकेत छैन। त्यस "पापीनी" स्त्रीलेझैँ गरी हामीलाई पनि उहाँलाई प्रेम र आराधना गर्ने चाहना परमेश्वरले प्रदान गरिदिनुभएको छ।

दण्डवत् गर्नु भनेको समर्पणता, आदर, वा श्रद्धाको संकेत हो। पूरानो नियममा आराधना गर्दा तिनीहरू प्राय घुँडा टेक्दथे वा दण्डवत् गर्दथे। जब प्रभु येशू ख्रीष्ट यस संसारमा हुनुहुन्थ्यो, धेरै पटक व्यक्तिहरूले उहाँलाई दण्डवत् गरे वा उहाँको सामु घोप्टो परे। प्रकाशको पूस्तकमा हामीलाई स्वर्गको जीवनको बारेमा झलकहरू प्रस्तुत गरिएका छन् र स्वर्गमा हाम्रा परमेश्वरको आराधना, प्रशंसा, र श्रद्धाको लागी तिनीहरू शारीरिक रूपमा उहाँलाई दण्डवत् गर्दछन्।

र स्वर्गमा, पृथ्वीमाथि र पृथ्वीमनि हुनेहरूको हरेक घुँडा येशूको नाममा टेकिनुपर्छ; र पिता परमेश्वरको महिमाका लागी हरेक जिब्रोले 'येशू ख्रीष्ट नै प्रभु हुनुहुन्छ' भनि स्वीकार गर्नुपर्छ"। फिलिप्पी २:१०-११

आओ, हामी दण्डवत गरौं र निहुरौं; हाम्रा सृष्टिकर्ता परमप्रभुको सामु घुँडा टेकौं! किनकी उहाँ नै हाम्रा परमेश्वर हुनुहुन्छ; अनि हामीचाँही उहाँको खर्कको प्रजा र उहाँको हातका भेडाहरू हौं। आज तिमीहरूले उहाँको आवाज सुन्यौ भने, भजनसंग्रह ९५:६-७

अनि एज्राले परमप्रभु महान् परमेश्वरलाई धन्यको भने। अनि सबै मानिसहरूले आफ्ना हातहरू उठाएर जवाफ दिएः "आमेन ! आमेन !" अनि तिनीहरूले आफ्ना शिरहरू झुकाए, र अनुहार भुँईमा टेकाएर परमप्रभुलाई दण्डवत् गरे। नेहम्याह ८:६

अनि त्यस घरभित्र पसेर उनीहरूले ती साना बालकलाई आफ्नी आमा मरियमको साथमा देखे, र भुँईमा घोप्टेर उहाँलाई दण्डवत् गरे; अनि आफ्ना धनका कन्तुरहरू खोली उनीहरूले उहाँलाई उपहार चढाए – सुन, लोबान र गन्धरस। मत्ती २:११

तब त्यस मानिसले आफ्नो शिर झुकाएर परमप्रभुलाई दण्डवत् गर्यो। उत्पत्ति २४:२६

तब ती डुङ्गामा हुनेहरूले आएर यसो भन्दै उहाँलाई दण्डचत्र गरेः "साँच्चै तपाई परमेश्वरका पुत्र हुनुहुन्छ"। मत्ती १४:३३

तब ती चौबिस प्राचीनहरूले सिंहासनमा बस्नुहुनेका सामु लम्पसार परेर सदासर्वदा जिउनुहुनेलाई दण्डवत् गर्छन्, र यसो भन्दै आ-आफ्ना मुकुटहरू सिंहासनका सामु राखिदिन्छन्; प्रकाश ४:१०

हाम्रा प्रभु येशू ख्रीष्टको शारीरिक उपस्थितिअघि आदर, भय, र समर्पणतामा हाम्रा प्रेम र भक्तिमा दण्डवत् गर्नु हाम्रा निम्ति महान् अवसर हुनेछ। यद्यपि, येशूलाई हामीले आराधनामा दण्डवत् गर्न उहाँ हाम्रो अघि शारीरिक रूपमा उपस्थिति हुनु भने पर्दैन। पूरानो नियममा, येशू शारीरिक रूपमा उपस्थित नभए पनि निश्चय नै, तिनीहरूले उहाँलाई दण्डवत् गरे। आज पनि परमेश्वरमा समर्पण र उहाँको आदर गर्नको लागी शारीरिक रूपमा दण्डवत् गर्नु कुनै गलत कार्य भने हुँदैन। *यद्यपि, शारीरिक मुद्राभन्दा बढी महत्वपूर्ण भनेको हृदयको प्रवृत्ती हो।*

यसकारण हल्लन नसक्ने राज्य हामीले पाइरहेका हुनाले आओ, हामी अनुग्रह प्राप्त गरौं, जसद्वारा हामी श्रद्धा र ईश्वरीय भयसाथ परमेश्वरलाई ग्रहणयोग्य सेवा चढाउन सकौं; किनकी हाम्रा परमेश्वर भस्म गर्नुहुने आगो हुनुहुन्छ। हिब्रु १२:२८-२९

तर त्यो समय आउँछ, , र अहिले नै हो, जुन घडी साँचो उपासकहरूले पिताको उपासना आत्मामा र सत्यतामा गर्नेछन्; किनकी उहाँको उपासना गर्नालाई पिताले यस्तैहरूलाई खोज्नुहुन्छ। परमेश्वर आत्मा हुनुहुन्छ, अनि उहाँको उपासना गर्नेहरूले आत्मामा र सत्यतामा उपासना गर्नुपर्दछ"। यूहन्ना ४:२३-२४

आराधना सम्बन्धित यस पाठको बाँकी भागले आराधना सम्बन्धी आधारभूत बाइबलिय शिक्षालाई समेट्दछ। परमेश्वरलाई साँचो रुपले सेवा र आराधना गर्ने हर्षको अनुभव प्राप्त गर्न यसले तपाईहरूलाई मद्दत पुर्याउन सकेको होस् भनि म प्रार्थना गर्दछु।

आराधना सम्बन्धमा बाइबलिय शिक्षा

१ यूहन्ना ४:२३-२४

तर त्यो समय आउँछ, , र अहिले नै हो, जुन घडी साँचो उपासकहरूले पिताको उपासना आत्मामा र सत्यतामा गर्नेछन्; किनकी उहाँको उपासना गर्नालाई पिताले यस्तैहरूलाई खोज्नुहुन्छ। परमेश्वर आत्मा हुनुहुन्छ, अनि उहाँको उपासना गर्नेहरूले आत्मामा र सत्यतामा उपासना गर्नुपर्दछ"। यूहन्ना ४:२३-२४

आराधनाको सम्बन्धमा यो अति महत्वपूर्ण चाबी खण्ड हो। आज हामीले कसरी उहाँको आराधना गर्नुपर्छ भनि यसले बयान गर्दछ। यी पदहरूमा कमसेकम ३ चाबी सत्यताहरू प्रस्तुत गरिएका छन्।

क परमेश्वरले उपासकहरूको खोजी गर्नुहुन्छ।

यस वाक्याशंलाई ध्यान दिनुहोस्, *"किनकी उहाँको उपासना गर्नालाई पिताले यस्तैहरूलाई खोज्नुहुन्छ"।* हामीले परमेश्वरको आराधना गरेको उहाँ चाहनुहुन्छ, तर उहाँले स्वीकार गर्ने आराधनामा पनि सिमितता रहेको छ। हामीले उहाँलाई *"आत्मा र सत्यतामा पुज्नुपर्छ"।* यदि हामी उहाँले स्वीकार गर्ने आराधना चढाउन चाहन्छौं भने, हामीले सही आत्माद्वारा यसो गर्नुपर्छ, र हाम्रो आराधना साँचो बाइबलिय सत्यतामा आधारित रहेको हुनुपर्छ। यदि हामीमा उहाँमा नजिक हुने र उहाँसँगको हाम्रो हिँडाईमा बढ्दै जाने साँचो चाहना छ भने, उहाँले चाहनुभएजस्तै आराधना हामी उहाँलाई दिने इच्छा गर्दछौं। प्रायजसो हामीले आराधनाद्वारा उहाँलाई उच्च पार्ने खोज्ने होइन तर आफैलाई वा अरु मानिसहरूलाई उच्च पार्ने आराधनाको खाका तयार पार्दछौं।

ख हामीले परमेश्वरको आराधना आत्माद्वारा गर्दछौं।

यहाँ "आत्माद्वारा" परमेश्वरको आराधना गर भनि हामीलाई निर्देशन प्रदान गरिएको छ। जब हामीले उहाँको आराधना गर्दछौं, हामी आत्माद्वारा उहाँलाई दण्डवत् गर्दछौं। हामी भक्ति, आदर, भय, र समर्पणताको उही प्रवृत्तीमा उहाँको सामु दण्डवत् गर्दछौं ताकी यदि हामीले उहाँको शारिरिक उपस्थितिलाई दण्डवत् गरेझैं गरी प्रदर्शित गरेका हौं। यद्यपि, यदि हाम्रो आत्मा सही छैन भने हाम्रो आराधना साँचो हुँदैन। यदि हाम्रो आत्मा साँचो बाइबलिय सत्यतासँग मेल खाँदैन भने र यदि हामी डोर्याइएका छैनौं भने वा परमेश्वरको आत्माद्वारा भरपूर भएका छैनौं भने, हाम्रो आराधना वास्तविक हुँदैन। जब हाम्रो आत्मा सही हुँदछ, जब हामी साँचो प्रशंसा र आराधनाका साथ उहाँको सामु दण्डवत् गर्दछौं हामी नाप्नै नसकिने गरी आशिषित हुँदछौं।

ग हामीले परमेश्वरको आराधना सत्यतामा गर्दछौं।

हामीले गर्ने परमेश्वरको आराधना सत्यतामा आधारित हुनुपर्दछ। परमेश्वर र उहाँको वचनको गलत बुझाईले साँचो आराधनातर्फ डोर्याउँदैन। परमेश्वरमा ग्रहणयोग्य आराधना ल्याउनको लागी एक व्यक्ति अध्यात्मवादी हुनुपर्छ भन्ने होइन साना ख्रीष्टियन नानीहरूले पनि परमेश्वरको आराधना गर्न सक्छन् र उहाँलाई प्रशन्न तुल्याउन सक्दछन् र उहाँको हृदयमा हर्ष ल्याउन सक्दछन्। यद्यपि, जब हामीले परमेश्वर र उहाँको वचनको खोक्रो वा गलत बुझाईमा हाम्रो आराधनालाई आधारित गर्दछौं, तब हाम्रो आराधना साँचो हुँदैन। हामी उद्धार गरिएको अवधी छोटो वा लामो भए तापनि यो सही नै हुन आउँदछ।

२ आराधना र परमेश्वरको पवित्रता

पवित्रशास्त्रमा बारम्बार, परमेश्वर पवित्र हुनुहुन्छ भनि बताइएको छ। जब परमेश्वरले शास्त्रमा आफैलाई बयान गर्नुहुन्छ, उहाँले अरु विशेषताभन्दा "पवित्र" शब्दको प्रयोग गर्नुहुन्छ। परमेश्वरको बारेमा आधारभूत समझ प्राप्त गर्न, र यदि हामी उहाँलाई जान्न र उहाँसाथ हिँड्न चाहन्छौं भने, र यदि हामी परमेश्वरको साँचो आराधना गर्न चाहन्छौं भने, हामीले उहाँको पवित्रतालाई बुझ्नुपर्छ र भय राख्नुपर्छ।

जब हामी परमेश्वरको बारेमा विचार गर्छौं, प्राय हामीप्रतिको उहाँको महान् प्रेमको बारेमा सम्झना गर्दछौं। हामीले यस प्रकारले उहाँको बारेमा विचार गर्नु सही हो। हामीले परमेश्वरको आराधना गर्न र उहाँको प्रशंसा गर्नको निम्ति उहाँको प्रेम हाम्रो निम्ति ठूलो प्रोत्साहन हो। यद्यपि, शास्त्रमा, परमेश्वरको महान् आधारभूत गुण भनेको उहाँको पवित्रता हो।

परमेश्वरको वचनमा "पवित्र" शब्दको मूलभूत अर्थ भनेको "अलग" पार्नु वा "छुट्टयाइनु" हो। परमेश्वरलाई आदर दिन प्रयोग गर्दा, परमेश्वर पूर्णतया र सम्पूर्णरूपले पापपूर्ण वा दुष्टताबाट अलग हुनुहुन्छ भन्ने अर्थ प्रदान गर्दछ। परमेश्वर, दुष्ताको सानो कण जतिबाट पनि अलग भइकन, पूर्णरूपले पवित्र र शुद्ध हुनुहुन्छ।

मानिस भएकाले, पवित्रता बुझ्नको लागी हामी कठिन हुने गर्दछ, कारण हामी पापपूर्ण छौं। यद्यपि, हामीले उहाँलाई साँचो आराधना चढाउनको लागी हामीमा परमेश्वरको पवित्रताको सम्बन्धमा आधारभूत बुझाई र कदर हुनुपर्दछ। तलका खण्डहरूलाई ध्यापूर्वक पढ्नुहोस् र विचार गर्नुहोस्। तपाईको मन र आत्माको गहिराईमा यसलाई डुब्न दिनुहोस्।

हे परमप्रभु, देवताहरूको वीचमा तपाईजस्तो को छ र? तपाईजस्तो पवित्रतामा महिमावान्, प्रशंसाहरूमा भययोग्य, अचम्मका काम गर्नुहुने को छ र? प्रस्थान १५:११

सेनाहरूका परमप्रभुलाई नै पवित्र मान्नु; अनि उहाँ नै तिमीहरूको डर होऊन्, उहाँ नै तिमीहरूको भय होऊन्। यशैया ८:१३

परमप्रभुजस्तो पवित्र अरु कोही छैनन ता हाम्रा परमेश्वरजस्तो अरु कुनै ,किनभने तपाईबाहेक अरु कोही छैन ; चट्टान छ। १शमुएल २:२

उहाँले आफ्नो निज प्रजाकहाँ छुटकारा पठाउनुभयो; उहाँले आफ्नो वाचालाई सधैँका निम्ति ठहराउनुभएको छ; उहाँको नाम पवित्र र श्रद्धेय छ। भजनसंग्रह १११:९

अनि एउटाले अर्कालाई कराएर भनेः 'सेनाहरूका परमप्रभु पवित्र, पवित्र, पवित्र हुनुहुन्छ; सम्पूर्ण पृथ्वी उहाँको महिमाले भरपूर छ'! यशैया ६:३

अनि ती चारओटा जीवित प्राणीहरूमा हरेकका छ-छओटा पखेटाहरू थिए; ती वरिपरि र भित्रपट्टि आँखै-आँखाले भरिएका थिए; अनि "पवित्र, पवित्र, पवित्र, प्रभु सर्वशक्तिमान् परमेश्वर, जो हुनुहुन्थ्यो, हुनुहुन्छ, र आउनुहुनेछ भन्दै तिनीहरू दिनरात विश्राम लिँदैनन्। प्रकाश ४:८

परमेश्वरको पवित्रतालाई जान्नाले हाम्रो आराधनामा ठूलो प्रबाव पार्दछ। परमेश्वरको वचनमा धेरै पटक, उहाँको आराधना गरिएको छ कारण उहाँको पवित्रताले गर्दा हो। उहाँको आराधना *"पवित्रताको सुन्दरतामा"* गर्नु भनि हामीलाई निर्देशन दिइएको छ।

परमप्रभुलाई उहाँको नामलाई सुहाँउदो महिमा देओपवित्रताको सुन्दर ;भेटी लिएर उहाँको सामु आओ ;तामा परमप्रभुलाई दण्डवत् गर !हे सारा पृथ्वीयसैले त्यो ,र पनि स्थिर हुनेछसंसा !उहाँको सामु थरथर काम् , हल्लिनेछैन।१ इतिहास १६:२९-३०

परमप्रभुलाई उहाँको नामलाई दिनुपर्ने महिमा देओ; पवित्रताको सुन्दरतामा परमप्रभुलाई दण्ड्वत् गर ! भजनसंग्रह २९:२

तिनीहरूले तपाईको महान् र भययोग्य नामको प्रशंसा गरून्; किनकी यो पवित्र छ। भजनसंग्रह ९९:३

परमप्रभु हाम्रा परमेश्वरलाई उच्च पार, र उहाँको पाउदानको सामु दण्डवत् गर; किनभने उहाँ पवित्र हुनुहुन्छ। भजनसंग्रह ९९:५

हे धर्मी जनहरूहो, परमप्रभुमा आनन्दित होओ; अनि उहाँको पवित्रताको सम्झनामा धन्यवाद चढाओ ! भजनसंग्रह ९७:१२

अनि उनीहरूले यसो भन्दै परमेश्वरका दास मोशाको गीत र थूमाको गीत गाउँछन्; हे प्रभु सर्वशक्तिमान् परमेश्वर, तपाईका कामहरू ठूला र अचम्मका छन्; हे पवित्र जनहरूका राजा, तपाईका बाटाहरू धर्ममय र

सत्य छन्। हे प्रभु, कसले तपाईको डर मान्नेछैन र? र कसले तपाईको नामलाई महिमा दिनेछैन र? किनकी सबै जातिहरू आउनेछन् र तपाईका सामु दण्डवत् गर्नेछन्, किनकी तपाईका न्यायका कामहरू प्रकट भएका छन्"। प्रकाश १५:३-४

जति हामीले परमेश्वरको पवित्रताको बारेमा अझ धेरै समझ प्राप्त गर्दछौं, त्यति नै हामीले पवित्र जीवन जिउने खोजी गर्दछौं।

आज्ञाकारी नानीहरूले झैँ आफूलाई आफ्नो अज्ञानतामा गरिएका पहिलेका अभिलाषाहरू अनुसारको नबनाओ; तर जसरी तिमीहरूलाई बोलाउनुहुने पवित्र हुनुहुन्छ, उसरी नै तिमीहरू पनि सबै प्रकारका चालचलनमा पवित्र होओ। किनकी लेखिएको छः 'तिमीहरू पवित्र होओ, किनकी म पवित्र छु'। १पत्रुस १:१४-१६

यसकारण प्रियहरूहो, यी प्रतिज्ञाहरू पाएका हुनाले हामीले शरीर र आत्माका सबै मैलाबाट आफूलाई शुद्ध पारौं र परमेश्वरको डरमा पवित्रता सिद्ध पारौं। २ कोरिन्थी ७:१

किनकी मुक्ति ल्याउने परमेश्वरको अनुग्रह सबै मानिसहरूकहाँ देखा परेको छ, र हामीलाई यो सिकाउँछ – अभक्ति र संसारिक अभिलाषाहरू इन्कार गरेर यस वर्तमान संसारमा हामीले आत्मसंयम, धार्मिकता र भक्तिसाथ जिउनुपर्छ; तीतस २:११-१२

हामीलाई हाम्रो शरिर र आत्मालाई मैला पार्ने सारा थोकहरूलाई हटाउन बताइएको छ। यसो गर्नाले हामीले हाम्रो जीवनमा पवित्रता बिकास गर्दछौं। पवित्र जीवन जिउनु परमेश्वरलाई आदर र आराधना गर्ने कार्यको केन्द्र हो। हाम्रो व्यक्तिगत पवित्रता जति महान् छ, परमेश्वरप्रतिको हाम्रो आराधना त्यति नै धेरै गहिरो र ग्रहणयोग्य हुन्छ। पवित्रताबाट आराधनालाई कसैले पनि अलग पार्न सक्दैन। *परमेश्वर पवित्र हुनुभएकोले गर्दा हामी उहाँको आराधना गर्दछौं र पवित्र जीवन जिइकन हामी उहाँलाई आराधना चढाउँदछौं।*

३ आराधनाको सही प्रवृत्ती

यसकारण हल्लन नसक्ने राज्य हामीले पाइरहेका हुनाले आओ, हामी अनुग्रह प्राप्त गरौं, जसद्वारा हामी श्रद्धा र ईश्वरीय भयसाथ परमेश्वरलाई ग्रहणयोग्य सेवा चढाउन सकौं; किनकी हाम्रा परमेश्वर भस्म गर्नुहुने आगो हुनुहुन्छ। हिब्रु १२:२८-२९

यस पदमा हाम्रो निम्ति दुई किसिमको प्रवृत्ती प्रस्तुत गरिएको छ जुन ग्रहणयोग्य आराधनाको केन्द्र हो। यी दुई प्रवृत्तीहरू "आदर" र "भय" हुन्।

ग्रीक शब्दको लागी यस पदमा प्रयोग गरिएको "आदर" शब्दले दुष्टताको "नैतिक प्रतिकुलता"को बारेमा बताउँदछ। जे कुरा वास्तविक रूपमा असल छ त्यही कुरालाई नै हामी पक्रिरहन्छौं र जे कुरा दुष्ट छ त्यसलाई हामी धृणा गर्दछौं। हामीले परमेश्वरको आराधना गर्दछौं किनभने उहाँ पवित्र हुनुहुन्छ भन्ने शिक्षालाई यसले समानातर गर्दछ। *साँचो आराधनाले पनि दुष्टतालाई धृणा र तिरस्कार गर्दछ जुन हाम्रो पवित्र परमेश्वरको हृदय हो। हामीले तबसम्म साँचो रूपले पवित्र परमेश्वरको आराधना गर्न सक्दैनौं जबसम्म, हामीले पनि, दुष्टतालाई धृणा गर्दैनौं।*

धेरैजसो ख्रीष्टियनहरूले दुष्टतालाई धृणा गरेको पाइँदैन। आज धेरै ख्रीष्टियन घरहरू र मण्डलीहरूमा यसलाई जोड दिइएको छैन। *तरैपनि, यदि हामीले पनि परमेश्वरले झैँ पाप र दुष्टतालाई घृणा गर्नुभएको कुरामा मेल खादैँनौं, हामीले पनि उहाँ समक्ष खोक्रो वा हलुको आराधना बाहेक अरू केही ल्याउन सक्दैनौं।*

ग्रहणयोग्य आराधनालाई बर्णन गर्नको निम्ति पर्योग गरिएको दोश्रो शब्द "भय" हो। यस पदमा प्रयोग गरिएको अनुवादित यस "भय" शब्दले परमेश्वरप्रतिको "आदरको समर्पणता" वा परमेश्वरको ईश्वरिय "डर" अर्थ जनाउँदछ। यस प्रयोगमा, परमेश्वरलाई गहिरो सम्मान वा आदर दिनुपर्छ र उहाँमा समर्पित हुनुपर्छ। हाम्रो आराधनामा, हामीले परमेश्वरलाई आदर दिन्छौं र हाम्रो जीवनको हरेक पक्षमा नै हामी उहाँमा समर्पित हुन्छौं।

र उहाँ ,सुनौः परमेश्वरको भय मान ,सम्पूर्ण कुराको निष्कर्ष के हो त"का आज्ञाहरू पालन गरकिनभने ; मानिसको सम्पूर्ण कर्तव्य यही हो। उपदेशक १२:१३

परमप्रभुको भय नै ज्ञानको शुरु हो; तर मूर्खहरूले बुद्धि र शिक्षालाई तुच्छ ठान्छन्। हितोपदेश १:७

परमप्रभुको भय बुद्धिको शुरु हो; अनि परमपवित्रको ज्ञानचाँही समझ हो। हितोपदेश ९:१०

हाम्रो प्रभुप्रति भय वा आदरपूर्ण समर्पणता नराखेको कुराको चेताउनी तलका पदहरूमा प्रस्तुत गरिएको पाइन्छ।

त्यस घडी तिनीहरूले मलाई पुकार्नेछन्, तर म जवाफ दिनेछैनँ; तिनीहरूले यत्नसित मलाई खोज्नेछन्, तर मलाई भेट्टाउनेछैनन्; किनकी तिनीहरूले ज्ञानलाई घृणा गरे, र परमप्रभुको भयलाई रोजेनन्; तिनीहरूले मेरो कुनै सल्लाह चाहेनन्; तिनीहरूले मेरो सबै हप्कीलाई तुच्छ ठाने। यसकारण तिनीहरूले आफ्नै चालचलनको फलबाट खानेछन् र आफ्ना युक्तिहरूले अघाउनेछन्। हितोपदेश १:२८-३१

यसकारण हल्लन नसक्ने राज्य हामीले पाइरहेका हुनाले आओ, हामी अनुग्रह प्राप्त गरौं, जसद्वारा हामी श्रद्धा र ईश्वरीय भयसाथ परमेश्वरलाई ग्रहणयोग्य सेवा चढाउन सकौं; किनकी हाम्रा परमेश्वर भस्म गर्नुहुने आगो हुनुहुन्छ। हिब्रु १२:२८-२९

हिब्रु १२:२८-२९को अन्तिम वाक्याशं *"किनकी हाम्रा परमेश्वर भस्म गर्नुहुने आगो हुनुहुन्छ"* हो। यस सन्दर्भमा रहिकन, यसले त्यस समयको बारेमा उल्लेख गर्दछ जहाँ परमेश्वरले सिनै पर्वतबाट आफ्ना मानिसहरू, इस्राएलका निम्ति बोल्नुभयो। परमेश्वरले आफैलाई गर्जन, चट्याङ, कालो बादल, आगो, र भुकम्पबाट प्रकट गराउनुभयो। (प्रस्थान १९) यस स्थान यति भयानक थियो की मोशा समेत भयले कापिँरहेका थिए। (हिब्रु १२:२१)

परमेश्वरलाई आदर दिने र उहाँको भय राख्ने सन्दर्भमा गहिरो समझ हासिल गर्नको लागी हामीले फेरी पनि प्रस्थान १९ अध्यायलाई अध्ययन गर्नु असल हुनेछ। यदि हामी परमेश्वरमा ग्रहणयोग्य आराधना ल्याउन चाहन्छें भने परमेश्वरप्रतिको हाम्रो व्यवहार हलुका र अनौपचारिक हुन सक्दैन। हाम्रो प्राणको प्रत्येक तन्तुले उहाँ को हुनुहुन्छ भनि जान्दछ र र उहाँलाई प्रेमिलो भक्ति चढाउँदछ र हाम्रो जीवनमाथि पूर्ण र पूरा रूपले नियन्त्रण गर्ने अनुमति प्रदान गर्दछ। परमेश्वरप्रतिको खोक्रो र अनौपचारिक व्यवहारले परीणाम स्वरूप खोक्रो र तुच्छ आराधना नै ल्याउँदछ। ईश्वरिय जीवनको रहिरहने पुनर्जागरण हाम्रो जीवन र हाम्रो मण्डलीमा तब आउँदछ जब हामीले परमेश्वले खोज्नुभएको जस्तै आराधना उहाँलाई चढाउँदछौं।

४ सत्यतामा आराधना

तर त्यो समय आउँछ, , र अहिले नै हो, जुन घडी साँचो उपासकहरूले पिताको उपासना आत्मामा र सत्यतामा गर्नेछन्; किनकी उहाँको उपासना गर्नालाई पिताले यस्तैहरूलाई खोज्नुहुन्छ। परमेश्वर आत्मा हुनुहुन्छ, अनि उहाँको उपासना गर्नेहरूले आत्मामा र सत्यतामा उपासना गर्नुपर्दछ"। यूहन्ना ४:२३-२४

यहाँ याद गर्नुहोस् की आराधना "सत्यता" मा नै गर्नुपर्छ। *साँचो आराधना त्यस्तो व्यक्तिले मात्र चढाउन सक्दछ जसले परमेश्वरको वचन -- बाइबलमा सिकाइएको सत्यतालाई सही तरीकाले बुझ्न र अभ्यास गर्नको निम्ति प्रतिवद्ध हुँदछ।*

पाष्टरहरू र शिक्षकहरूका निम्ति यसले धेरै महत्वपूर्ण आशय राख्दछ। यदि हामीले दृढता साथ र नियमित रूपमा परमेश्वरको वचनबाट सिकाउँदैनौं भने, हामीले हाम्रा मानिसहरूलाई बेइमान आराधनातर्फ साथै आत्मिकी निराशातिर डोर्याउँदछौं र फलहिन् तुल्याउँछौं।

यस कुरामा जोड दिनुपर्छ की परमेश्वरलाई आराधना चढाउनको निम्ति कुनै व्यक्ति बाइबल विद्वान हुनुपर्छ भन्ने होइन। यथार्थमा, धेरैजसो अशिक्षित मानिसहरूले परमेश्वरप्रति गहिरो भक्ति देखाएका छन् र उअँलाई साँचो आराधना चढाएका छन्। यद्यपि, प्रभुसँगको हाम्रो हिँडाईमा परिपक्व नहुनको निम्ति हामीले यसलाई बहानाको रूपमा प्रयोग गर्न मिल्दैन। यदि हामी बढिरहेका छैनौं भने, हामी निष्प्रभावकारी, अनुत्पादक हुँदछौं र हाम्रो आत्मिकी जीवन विफल हुँदछ र निश्चय नै उहाँले चाहनुभएजस्तै आराधना हामीले उहाँलाई चढाउन सक्दैनौं।

धेरै ख्रीष्टियनहरू, शायद हामीमध्ये धेरै नै, आराधनालाई परमेश्वरप्रतिको असल भावनाहरूसँग सम्बन्धित गराउँदछौं। यद्यपि, आराधना भावनाहरूमा निर्धारित छैन; यो त परमेश्वरप्रतिको असल आचरण हो र परमेश्वरको सत्यतालाई अभ्यासमा उतार्नु हो। *साँचो आराधना भावनामा आधारित हुँदैन; यो त सत्यतामा आधारित हुँदछ।* हामीले परमेश्वरलाई धन्यवाद चढाउन सक्दछौं की उहाँले हामीलाई आवेग र भावनाहरू प्रदान गरिदिनुभयो र हामी भावना नभएका यन्त्रमानवहरू होइनौं; यद्यपि, सत्यता नै साँचो आराधनाको केन्द्र हो, भावना होइन। "भित्र न्यायो र कोमल" महसुस गर्नु, "आत्मिकी आवेग" हुनु, वा "असल समय बिताउनु" यी सबै नै असल कुराहरू हुन सक्दछन्, तर यसले यो अर्थ भने प्रदान गर्दैन की हामीले परमेश्वरको साँचो आराधना गरिरहेका छौं।

तलका पदहरूमा दिइएको क्रमलाई विचार गर्नुहोस्। तिनीहरूले कैयौं घण्टाहरू परमेश्वरको वचन अध्ययन गरेर बिताए र तिनीहरूले कैयौं घण्डाहरू आफ्ना पापहरू स्वीकार गर्दै र आराधना गर्दै बिताए। फेरी, साँचो आराधना परमेश्वरसँग सही हुने हृदयबाट आउँदछ। यहाँ हामीले देख्न सक्छौं की परमेश्वरको वचनले पापबोध गरायो; त्यसपछि मानिसहरूले आफ्ना पापहरू स्वीकार गरे र आराधना चढाए।

अनि तिनीहरू आफ्नो ठाँउमा खडा भए, र दिनको एक पहर तिनीहरूले परमप्रभु आफ्ना परमेश्वरको व्यवस्थाको पूस्तकबाट पढेर सुनाए; अनि अर्को पहरचाहिँ तिनीहरूले पाप स्वीकार गरे, र परमप्रभु आफ्ना परमेश्वरलाई दण्डवत् गरे। नहेम्याह ९:३

५ साँचो आराधनाले परमेश्वर केवल परमेश्वरमा महिमा ल्याउँदछ

म परमप्रभु हुँ, मेरो नाम यही हो; अनि म आफ्नो महिमा अरू कसैलाई दिनेछैनँ, न ता मेरो प्रशंसा खोपिएका मूर्तिहरूलाई दिनेछु। यशैया ४२:८

यसकारण चाहे तिनीहरू खाओ, चाहे पिओ, चाहे तिमीहरू जेसुकै गर, सबै कुरा परमेश्वरकै महिमाका निम्ति गर। १ कोरिन्थी १०:३१

'ती जाति आफ्नो मुखले चाँही मेरो नजिकमा आउँछ, र आफ्ना ओठले मेरो आदर गर्छ; तर यिनीहरूको हृदय मदेखि टाढो छ। तर यिनीहरू व्यर्थमा मेरो उपासना गर्छन्, किनकी मानिसहरूका आज्ञाहरूलाई धर्म-शिक्षाहरूझैँ सिकाउँछन्'। मत्ती १५:८-९

साँचो आराधनाले आफैलाई वा अरु कुनै व्यक्तिलाई ध्यानाकर्षित गराउँदैन। यो जहिल्यै पनि परमेश्वर केवल परमेश्वरमा केन्द्रित हुँदछ।

त्यहाँ धेरै "आराधना"का गुरुहरू छन् जसले परमेश्वरलाई महिमित तुल्याएको दाबी गर्दछन् तर, यथार्थमा, तिनीहरूले आफैमा र आफ्नै प्रतिभा र योग्यतामा ध्यानाकेन्द्रित गराउन खोज्दछन्। त्यहाँ धेरै गायकहरू र संगित समूहहरू छन् जसले आफैमा ध्यानाकर्षण गराउन चाहन्छन्। यथार्थमा, तिनीहरूले परमेश्वरलाई महिमित तुल्याउनुको साटो आफैलाई नै महिमित तुल्याउन चाहन्छन्। यो अति गम्भिर छ। कुनै पनि व्यक्तिले आफूमा रहेको घमण्डहरू हटाई आफूलाई रित्तो नपारेसम्म र आफूलाई महिमित तुल्याउने विचारलाई नत्यागेसम्म र परमेश्वरलाई मात्र उच्च पार्ने र महिमित तुल्याउने खोजी नगरेसम्म कुनै आराधनाको कार्यमा अगुवाई गर्ने वा सहभागिता जनाउनु हुँदैन।

यदि कसैले बोल्छ भने परमेश्वरकै वाणीहरूझैँ गरी बोलोस्; यदि कसैले सेवा गर्छ भने परमेश्वरले दिनुभएको योग्यताले झैँ गरोस्; यसले गर्दा सबै कुरामा परमेश्वरको महिमा येशू ख्रीष्टद्वारा होओस्, जसलाई महिमा र प्रभुता युगानुयुग होऊन। आमेन्। १ पत्रुस ४:११

सार्वनजिक आराधनामा सहभागि हुने सबैको निम्ति यो बुझ्न महत्वपूर्ण रहेको छ की तिनीहरूको उद्देश्य भनेको प्रभु येशू ख्रीष्टमा केन्द्रि हुने हो। तिनीहरूले आफैमा ध्यानाकर्षण गराउनु हुँदैन। सार्वनजिक सेवकाईमा सहभागिता भएको कुनै पनि व्यक्तिको सवालमा यो सही हुन आउँदछ। जब हामीले आफैमाथि ध्यानकेन्द्रित गर्दछौं, परमेश्वर केवल परमेश्वरमा रहेको महिमालाई हामीले चोर्ने प्रयास गर्दछौं। परमेश्वरले यस प्रकारबाट आफ्नो महिमा अरु कसैसँग पनि बाँड्नुहुँदैन।

अनि जे तिमीहरू गर्दछौ, सो मानिसहरूका निम्ति होइन, तर प्रभुका निम्ति गरेझैँ तनमनले गर; यो कुरा जानेर की प्रभुबाट तिमीहरूले पैतृकसम्पत्तीरुपी इनाम पाउनेछौ; किनकी तिमीहरू प्रभु ख्रीष्टको सेवा गर्दछौ। कलस्सी ३:२३-२४

६ मूलभूत रूपमा, आराधना जीवनको पद्दती हो।

... यही 'मार्ग' अनुसार .... म मेरा पूर्खाहरूका परमेश्वरको उपासना गर्छु ... प्रेरित २४:१४

पावलले व्यक्त गर्दछन् की उनी 'मार्ग'लाई पछ्याउँदै आराधना गर्दछन्। "मार्ग" हाम्रा प्रभु येशू ख्रीष्टमा विश्वास गर्नर त्यस विश्वास साथ-साथ जानको निम्ति एक निर्देश हो। येशूको चेला वा अनुयायी हुनको निम्ति ती सबै जुन साथ-साथै जादँछन्, त्यसलाई आराधना भनि बर्णन गरिएको छ। *हाम्रो आराधना, आत्मामा उहाँको सामु दण्डवत् गर्ने कार्य, कुनै अवसरमा हुने अनुभव होइन तर निरन्तर गइरहने, नियमित, कहिल्यै नरोकिने जीवनको पद्दती हो।* यस प्रकारको आराधना र समर्पणताले हाम्रो जीवनको हरेक पक्षलाई नियन्त्रण गर्दछ। यदि हामीले कुनै क्षेत्रलाई पक्रिन्छौं भने, हाम्रो आराधनालाई बाधा पुग्दछ र शायद, यथार्थमा, त्यो रित्तो वा निरर्थक आराधना हुँदछ।

आराधना भनेको हाम्रो मण्डलीको "आराधना सेवा"मा सहभागिता जनाउनेभन्दा अधिक नै हो। यो हाम्रो आराधनाको विधिसम्मत अंश हुन त सक्दछ, तर आराधना भनेको योभन्दा धेरै अधिक रहेको छ। *साँचो बाइबलिय आराधना हाम्रो जीवनको प्रत्येक पक्षमा फैलदँछ,* हाम्रो मण्डलीको आराधना वा संगित कार्यक्रममा मात्र होइन।

"यसकारण भाइहरूहो, परमेश्वरका कृपाहरूद्वारा म तिमीहरूलाई विन्ति गर्दछुः आफ्ना शरिरहरूलाई तिमीहरूले पवित्र, परमेश्वरलाई मनपर्ने, जिउँदो बलिदानको रुपमा चढाइदेओ; यहि तिमीहरूको उचित सेवा हो। अनि यस संसारसित एकनासे नहोओ, तर परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के रहेछ, सो जाँचेर थाहा पाउनालाई आफ्नो मनको नयाँ हुवाइद्वारा तिमीहरू बदली हुदैँ जाओ"। रोमी १२:१-२

यी पदहरूले स्पष्टसँग निरन्तर गइरहने प्रवृत्ती र जीवनको पद्दतीका बारेमा चर्चा गरिरहेका छन्। यस निरन्तर गइरहने जीवनको पद्दती भनेको हाम्रो आत्मिकी आराधना हो। हाम्रो शरीरलाई जिउँदो बलिदानको रूपमा अर्पिदेऊ भनि यहाँ हामीलाई बताइएको छ। हाम्रो शरीरलाई जिउँदो बलिदानको रूपमा अर्पिदिनु भनेको परमेश्वरप्रतिको हाम्रो पूरा र सम्पूर्ण समर्पण हो। हामी पवित्र हुनुपर्दछ। हाम्रो सोच्ने तरीकाहरू परिवर्तन गरिनुपर्दछ। जिउँदो बलिदान हुनु भनेको हाम्रा प्रभु येशू ख्रीष्टमा आफैलाई पूर्णरूपमा समर्पण गर्नु हो। यी पदहरूमा अनिवादित ग्रीक शब्दहरूलाई सेवा भनि पनि अनुवादित गर्न सकिन्छ। तसर्थ यस वाक्याशं, *"जिउँदो बलिदानको ... उचित सेवा"* । हाम्रो आराधना हाम्रो सेवासँगै गाँसिएको हुन्छ। परमेश्वरको सेवा गर्नु वा आराधना चढाउनु निरन्तर हुनुपर्दछ, अवसरहरूमा मात्र वा आइतबार बिहानको अनुभव मात्र होइन।

अनि आशेरको कुलका फनुएलकी छोरी, हन्ना नामकी एउटी भविष्यवक्तिनी थिइन्; तिनी साह्रै बूढी थिइन्, र विवाह भएपछि सार वर्ष पतिसँग बसेकी थिइन्। अनि तिनी प्रायः चौरासी वर्षकी विधवा थिइन्; तिनले मन्दिर छोड्दिन थिइन्, तर रातदिन उपवास र प्रार्थना गर्दै परमेश्वरको सेवा गर्थिन्। लूका २:३६-३७

यस विधवा, हन्नाले, आफ्नो जीवनको धेरैजसो, दिनरात, परमेश्वरको आराधना गर्दै बिताइन्। वाह, आराधनाको जीवनको कस्तो उदाहरण।

आराधना र हाम्रो जीवन पद्दतीलाई अलग पार्न सकिन्न। हामीमध्ये कोही पनि सिद्ध छैनौं, तर यदि हामी परमेश्वरसँगको हाम्रो हिँडाईमा बढिरहेका छैनौं भने, परमेश्वरले चाहनुभएजस्तो आराधना दिने अपेक्षा हामीले राख्न सक्दैनौं।

७ जब हामीले आराधनाको जीवनयापन गर्दछौं, त्यहाँ विशेष समयहरू आउँदछन् जहाँ हामीले हृदयदेखिको आराधनाको अनुभव गर्नसक्दछौं।

हाम्रो समाजमा, सबैजना नै व्यस्त रहेको देखिन्छ। अरुहरूमा जस्तै ख्रीष्टियनहरूबीचमा पनि यो सही हुन आउँदछ। हाम्रो कामहरू बाहेक थप, हामीसँग घर, परिवारप्रति, र हाम्रो मण्डलीप्रतिको दायित्व रहेको हुन्छ। अनि समय-समयमा हामीलाई विश्राम लिने समय चाहिन्छ। हामीले आराधनाको जीवनयापन गरे तापनि, हामीमध्ये धेरैले आत्मिकी सम्भिरतालाई निरन्तर महसुस गर्दैनौं। कहिलेकाहिँ हामी थकित र गलेको महसुस गर्दछौं।

यी सबैको बाबजुद पनि, जब हामी प्रभुको सेवा गर्नको निम्ति साँचो रूपले प्रतिवद्ध भएका हुन्छौं, त्यहाँ ती समयहरू पनि आउनेछन् जहाँ परमेश्वर को हुनुहुन्छ र उहाँले हाम्रो निम्ति के गर्नुभयो भनि कदर गर्दै हामीले हृदयको गहिराईदेखिको आराधनाको अनुभव गर्दछौं।

त्यहाँ ती समयहरू पनि आउनेछन् जब हामी परमेश्वरको वचन अध्ययन गर्दछौं र त्यसमा ध्यान दिँदछौं र पवित्र आत्माले हाम्रो समझ खोलिदिनुहुन्छ, र धन्यवाद आराधनाद्वारा हामी हृदयले धन्यवाद चढाउँदछौं। कतिपय समयहरूमा हामी पूरानो भजनहरू वा सुसमाचारिय गीतहरू गाउँदछौं जसले गर्दा हाम्रा आत्माहरूले प्रशंसा र आराधनालाई उच्च पार्दछन्। जब हाम्रा नानीहरूले प्रभुको सेवा गरेको हामी देख्दछौं, तब हामी हर्षसाथ उहाँलाई आराधना चढाउँदछौं र उहाँलाई धन्यवाद दिँदछौं। जब उहाँले हाम्रो निम्ति प्रबन्ध गरिदिनुहुन्छ र

आराम प्रदान गरिदिनुहुन्छ, तब हामी उहाँलाई धन्यवाद दिन्छौं र उहाँलाई आराधना चढाउँदछौं। जब प्रभुमा रहेका हाम्रा दाजु\भाइ र दिदी\बहिनीहरू सँग हामी संगति गर्दछौं, तब हामी उहाँलाई धन्यवाद दिन्छौं र उहाँलाई आराधना चढाउँदछौं। अरु समयमा जब हामी ताराहरू, रूखहरू, हिमालहरू, वा सुन्दर फूलहरू, रूखमा बसेको लोखर्के, वा जङ्गलमा रहने मृगलाई हेर्छौं, वा समुन्द्रको किनारमा उभिदँछौं, हाम्रो हृदयबाट हामी उहाँ को हुनुहुन्छ र उहाँले के सृष्टि गर्नुभयो भनि उहाँको प्रशंसा र आराधना गर्दछौं। त्यहाँ केही समयहरू थिए जहाँ मैले कक्षामा पढाउँदथें र पवित्र आत्माको कार्यलाई केही महसुस गर्न सक्दथें, र, मेरो हृदयमा, म थकित भए तापनि, मैले परमेश्वरलाई धन्यवाद र प्रशंसा चढाउँदथें, जसले मलाई उहाँको वचनबाट सिकाउने अवसर प्रदान गरिदिनुभयो।

परमेश्वर, जो हाम्रो सृष्टिकर्ता, प्रेमिलो पिता, र हाम्रो मुक्तिदाता हुनुहुन्छ, उहाँलाई आराधना चढाउनको निम्ति आफ्ना हृदयहरूलाई उचाल्ने कारणहरू अनगिन्ति रहेका छन्। हृदयदेखी भरपूर भएर प्रशंसा र आराधना चढाउने यी समयहरूले हाम्रो जीवनलाई समृद्ध बनाउँदछ र यसले हामीलाई मजबुत र वृद्धि गराउदैँ लाँदछ, साथै यसले हाम्रो प्रभुलाई पनि प्रशन्न तुल्याउँदछ।

विश्वासैद्वारा याकूबले आफू मर्न लाग्दा यूसुफका दुवै छोराहरूलाई आशिष दिए; अनि आफ्नो लौरोको टुप्पामा अडेसिएर दण्डवत् गरे। हिब्रु ११:२१

आओ, हामी दण्डवत गरौं र निहुरौं; हाम्रा सृष्टिकर्ता परमप्रभुको सामु घुँडा टेकौं! किनकी उहाँ नै हाम्रा परमेश्वर हुनुहुन्छ; अनि हामीचाँही उहाँको खर्कको प्रजा र उहाँको हातका भेडाहरू हौं। आज तिमीहरूले उहाँको आवाज सुन्यौ भने, भजनसंग्रह ९५:६-७

अनि एज्राले परमप्रभु महान् परमेश्वरलाई धन्यको भने। अनि सबै मानिसहरूले आफ्ना हातहरू उठाएर जवाफ दिएः "आमेन ! आमेन !" अनि तिनीहरूले आफ्ना शिरहरू झुकाए, र अनुहार भुँईमा टेकाएर परमप्रभुलाई दण्डवत् गरे। नहेम्याह ८:६

तब त्यस मानिसले आफ्नो शिर झुकाएर परमप्रभुलाई दण्डवत् गर्यो। अनि उसले भन्योः "परमप्रभु मेरा मालिक अब्राहामका परमेश्वर धन्यका होऊन्, जसले मेरा मालिकबाट आफ्नो दया र आफ्नो सत्यता हटाउनुभएको छैन; म बाटोमा हुँदा नै परमप्रभुले मलाई मेरा मालिकका भाइहरूको घरमा डोर्याएर ल्याउनुभयो"। उत्पत्ती २४:२६-२७

तब यहोशापातले भुँईमा आफ्नो अनुहार टेकाए; अनि सारा यहूदा र यरूशलेमका वासिन्दाहरू परमप्रभुको सामु लम्पसार परे, र परमप्रभुलाई दण्डवत् गरे। २ इतिहास २०:१८

८ संगित र आराधना

धेरैजसो ख्रीष्टियनहरूले आराधनालाई मण्डलीमा हुने गायन र संगितसँग सम्बन्धित गर्दछन्। यद्यपि, हाम्रो संगित कार्यक्रमहरूभन्दा आराधना धेरै व्यापक रहेको छ। परमेश्वरले संगितलाई रूचाउनुहुन्छ र यो हाम्रो जीवन र आराधनाको महत्वपूर्ण अंश हुनुपर्दछ; यद्यपि, आराधना भनेको संगित र गायनको समय भनेर बुझ्नुचाहिँ बाइबलअनुसार सही होइन। आराधनाले, संगितलाई मात्र होइन; हाम्रो सम्पूर्ण जीवनलाई नै समावेश गराउँदछ।

आराधनाको अर्थ दिने ग्रीक र हिब्रु शब्दहरूलाई बाइबलमा करिब ७० पटक प्रयोग गरिएको छ। बाइबलमा प्रस्तुत गरिएका यी निर्देशहरूमा संगित र आराधना केही पटकमात्र साथ-साथ गएका छन्। फेरी, संगितलाई मात्र होइन; हाम्रो सम्पूर्ण जीवनलाई नै समावेश गराउँदछ।

संगितको महत्वलाई घटाउनका निम्ति यस खण्ड प्रस्तुत गरिएको होइन। अवश्य होइन। व्यक्तिगत रूपमा ममा पनि सिमित संगित योग्यताहरू छन्, तर म भजनहरू र सुसमाचारिय गीतहरू गाउन रूचाउँछु जसले हाम्रो प्रभुलाई उच्च पार्दछ र उहाँको प्रशंसा गर्दछ। जब हामीले भजनद्वारा परमेश्वरको प्रशंसा गर्दछौं, तब हामीले उहाँलाई आराधना चढाइरहेका हुन्छौं।

आनन्दसाथ परमप्रभुको सेवा गर, भजन गाउँदै उहाँको सामु आओ ! भजनसंग्रह १००:२

अनि लेवीहरू दाऊदका बाजाहरू लिएर र पूजाहारीहरूचाहिँ तुरहीहरू लिएर खडा भए। अनि हिजकियाहले त्यस वेदीमाथि होमबलि चढाउने आज्ञा गरे; अनि जब होमबलि शुरु भयो, तब तुरहीहरू र इस्राएलका राजा दाऊदले ठहराएका बाजाहरू बजाएर परमप्रभुको स्तुतिगान पनि शुरु भयो। अनि सारा समुदायले दण्डवत् गरे, गायकहरूले गीत गाए, र तुरही फुक्नेहरूले तुरही फुके; अनि होमबलि नसिद्धिन्जेल त्यो सबै भइरह्यो। अनि ती होमबलिहरू चढाइसकेपछि राजा र तिनको साथमा उपस्थित हुनेहरू सबैले घोप्टो परेर दण्डवत् गरे। २ इतिहास २९:२६-२९

याद गर्नुहोस् यी पदहरूमा जब परमेश्वरको निम्ति होमबलि चढाइयो र मानिसहरूले परमेश्वरलाई दण्डवत् गरे तब बाजाहरू बजाइए। जब हामीले आराधनालाई व्यक्त गर्नको लागी संगितको प्रयोग गर्दछौं, तब आत्माद्वारा परमेश्वरलाई आदर दिन, उहाँमा भय राख्न, र उहाँमा समर्पण हुनको लागी उहाँलाई दण्डवत् गर्न यसले मानिसहरूलाई प्रोत्साहन गरोस्।

९ प्रशंसा र आराधना

प्रशंसा भनेको हाम्रो परमेश्वरलाई उच्च पार्नु हो। यी वोलिएका वा गाइएका शब्दहरू हुन् वा हाम्रा विचारहरू र व्यवहारहरू हुन् जसले परमेश्वरलाई उच्च पार्दछ।

तल प्रस्तुत गरिएका वाक्याशंहरू वा शब्दहरू बिभिन्न बाइबल अध्ययन सहयोगी वा बाइबल शब्दाकोषबाट साभार गरिएका हुन् जसले प्रशसालाई यसरी परिभाषित गर्दछः

... परमेश्वरको अद्भूत विशेषता र कार्यहरूलाई उच्च पार्ने

... असल बोली

... धन्यवाद दिने

... वास्तविक कदर व्यक गर्ने

... अनुमोदन गर्ने, आदर दिने, महिमा दिने

... परमेश्वरलाई आनन्द र श्रद्धा व्यक्त गर्ने

... आनन्दको रमाहट, उल्लासित हुने, र गाउने

यी सबैलाई एकसाथ राख्दै, हामी बाइबलिय प्रशंसालाई यसरी परिभाषित गर्न सक्दछौः *बताउने, वा गाउने, वा ती विचारहरू राख्ने जसले परमेश्वरको विशेषता र कार्यहरूलाई उच्च पार्दछन्।*

बाइबलिय प्रशंसाका कमसेकम तीन मूलवस्तुहरू छन्;

१ परमेश्वरको विशेषताहरूको कारणले उहाँलाई उचाल्ने (गुण)।
२ परमेश्वरले के गर्नुभयो र गरिरहनुभएको छ त्यसको कारणले उहाँलाई उचाल्ने।
३ परमेश्वर को हुनुहुन्छ र उहाँले के गरिदिनुभयो त्यो कारणले उहाँलाई उचाल्ने।

परमेश्वरको अनुयायीहरूले उहाँलाई प्रशंसा चढाउनुपर्छ भनि उहाँले तिनीहरूलाई निर्देशन दिनुहुन्छ।

तर तिमीहरू एउटा चुनिएको वंश, एउटा राजकीय पूजाहारीको समाज, एउटा पवित्र जाति र निज प्रजा हौ; यसैले जसले तिमीहरूलाई अन्धकारबाट आफ्नो अचम्मको ज्योतिभित्र बोलाउनुभयो, उहाँका सद्गुणहरू तिमीहरूले प्रकट गर; १ पत्रुस २:९

परमप्रभु महान् हुनुहुन्छ; र हाम्रा परमेश्वरको शहरमा, उहाँको पवित्र पर्वतमा उहाँ अत्यन्तै स्तुतिको योग्य हुनुहुन्छ। भजनसंग्रह ४८:१

हे मेरो प्राण, परमप्रभुलाई धन्यको भन्; अनि मभित्र जेजति छ, त्यसले उहाँको पवित्र नामलाई धन्यको भनोस् ! भजनसंग्रह १०३:१

प्रायजसो प्रंसा र संगित साथ-साथ जाँदछ।

परमेश्वरको स्तुति गाओ, स्तुति गाओ; हाम्रा राजाको स्तुति गाओ, स्तुति गाओ ! भजनसंग्रह ४७:६

आओ, हाम्रा परमप्रभुका निम्ति गाऔं; हाम्रा उद्धारका चट्टानका निम्ति आनन्दको सोर निकालौं! धन्यवादसाथ उहाँको उपस्थितिमा आऔं, र उहाँका निम्ति भजनहरू गाउँदै आनन्दको सोर निकालौं! किनकी परमप्रभु महान् परमेश्वर हुनुहुन्छ, र सबै देवताहरूमाथि महान् राजा हुनुहुन्छ। भजनसंग्रह ९५:१-३

तिमीहरूले याहको स्तुति गर ! किनभने हाम्रा परमेश्वरको स्तुति गाउनु असल हो; किनकी यो मनोहर हुन्छ; र स्तुति गर्नु सुहाउँदो कुरो हो। भजनसंग्रह १४७:१

हे सारा पृथ्वी, परमेश्वरका निम्ति आनन्दको सोर निकाल; उहाँको नामको महिमा गाओ; उहाँको प्रशंसा महिमित तुल्याओ; परमेश्वरलाई भनः "तपाई आफ्ना कामहरूमा कति भययोग्य हुनुहुन्छ ! तपाईको सामर्थ्यको महानताले गर्दा तपाईका शत्रुहरूले आफूलाई तपाईको अधीनतामा सुम्पन्छन््। भजनसंग्रह ६६:१-३

उहाँका निम्ति गाओउहाँका सबै अचम्मका काम ;उहाँका निम्ति भजन गाओ ,हरू! को वर्णन गर १ इतिहास १६:९

धेरैजसोको मनमा, प्रशंसा र आराधना एकै कुरा रहेका छन्; यद्यपि, परमेश्वरसँगको हाम्रो हिँडाईमा यी दुवै नै आधारभूत हुन्, तर यी दुवै एक भने होइनन्। आराधनामा हाम्रो जीवनको हरेक पक्ष समावेश हुँदछ। यो यस्तो जीवनयापन हो जसले उहाँलाई महिमित तुल्याउँदछ। प्रशंसा अलिक निश्चित छ। प्रशंसा भनेको बोल्नु, गाउनु, वा शब्दहरू र विचारहरू सोच्नु हो जसले परमेश्वरको अद्भूत गुण र कार्यलाई उचाल्दछ। यदि हामीले नियमितरूपमा परमेश्वरलाई प्रशंसा दिइरहेका छैनौं भने, हामीले आराधनाको साँचो जीवनयापन गरिरहेको कुरामा शंका उत्पन्न हुँदछ। प्रशंसा आराधनाको महत्वपूर्ण अंश हो, आराधना प्रशंसाभन्दा धेरै व्यापक छ।

'ती जाति आफ्नो मुखले चाँही मेरो नजिकमा आउँछ, र आफ्ना ओठले मेरो आदर गर्छ; तर यिनीहरूको हृदय मदेखि टाढो छ। तर यिनीहरू व्यर्थमा मेरो उपासना गर्छन्, किनकी मानिसहरूका आज्ञाहरूलाई धर्म-शिक्षाहरूझैँ सिकाउँछन्'। मत्ती १५:८-९

मत्तीको यी पदहरूमा निकै गम्भिर चेताउनी प्रदान गरिएको छ। आराधना भनि परिचित सबै परमेश्वरमा ग्रहणयोग्य भने हुँदैनन्। यहाँ केही आराधनालाई "व्यर्थ" भनिएको छ। व्यर्थ अर्थ दिने ग्रीक शब्दलाई ग्रीक व्यख्यात्मक शब्द अध्ययनले "गल्ती", "मूर्खता", "बिना उद्देश्य", "निराधार", अशक्त", "बेकार", र "निरर्थक" भनि अर्थ प्रदान गर्दछ।

परमेश्वरबाट हाम्रो आराधना ग्रहण गरिनको निम्ति, यो त्यस्तो व्यक्तिले चढाएको हुनुपर्छ जो परमेश्वरलाई सेवा गर्न र उहाँको आज्ञापालन गर्नको निम्ति प्रतिवद्ध रहेको हुन्छ। हामीले आफैलाई र आफ्नो आराधनालाई जाँच्ने विचार असल विचार हुन्छ। के हाम्रो आराधनामा "गल्ती" छ? के परमेश्वरले यसलाई मूर्खता, निराधार, अशक्त, बेकार वा निरर्थक सम्झनुहुन्छ? त्यो आराधना जुन परमेश्वरलाई महिमित तुल्याउनको सट्टा अरू कुनै कारणमा निर्धारित गरिएको हुन्छ भने त्यो साँचो आराधना होइन।

तलका प्रत्येक पदहरूलाई विचार गर्नुहोस्;

तब जब्दीका छोराहरूकी आमा आफ्ना छोराहरूका साथमा दण्डवत् गर्दै र उहाँलाई केही कुराको माग गर्दै उहाँकहाँ आइन्। मत्ती २०:२०

याकूब र यूहन्नाकी आमा आइन् र येशूको सामु दण्डवत् गरिन्। यद्यपि, तिनको उद्देश्य आफ्ना छोराहरूलाई परमेश्वरको राज्यमा उचाल्नु थियो। उनले प्रभूलाई उचाल्नको निम्ति दण्डवत् गरिनन्; उनले स्वार्थमय कारणको लागी दण्डवत् गरिन्। यो साँचो आराधना होइन।

तिनीहरूले परमेश्वरको सत्यतालाई झूटसँग साटे, र सृष्टिकर्ताको सट्टामा, जो साँच्चै सदासर्वदा धन्य हुनुहुन्छ, तिनीहरूले सृष्टिको पूजा र सेवा गरे। रोमी १:२५

यहाँ तिनीहरूको बारेमा बताइएको छ जसले सृष्टिकर्तालाई पूज्नुको साटो सृष्टिलाई नै पुज्दछन्। यस किसिमको आराधनाले न्यायतर्फ लान्छ, आशिषतर्फ होइन।

परमेश्वरको निम्ति खोक्रो र झूटो आराधना कतिको घृणास्पद छ भन्ने कुरालाई महसुस गर्न हामीमध्ये धेरै नै विफल हुँदछौं।

व्यर्थका भेटीहरू फेरी नल्याओ; धूप ता मेरा निम्ति घृणित वस्तु हो; औंसी र विश्रामदिनहरू- सभाहरूको आयोजना – अधर्म र महासभा, म सहन सक्दिनँ। तिमीहरूका औंसीहरू र तोकिएका चाडहरूलाई मेरो मनले घृणा गर्छ; ती मेरा निम्ति भारी हुन्; तिनलाई बोक्दा-बोक्दै म थकित भएको छु। अनि जब तिमीहरू आफ्ना हातहरू फैलाउँछौं, तब म आफ्ना आँखाहरू तिमीहरूबाट लुकाउनेछु; अँ, जब तिमीहरू धेरै-धेरै प्रार्थना गर्दछौं, तब म सुन्नेछैनँ; तिमीहरूका हातहरू रगतले भरिएका छन्। यशैया १:१३-१५

यहाँ, परमेश्वरको भाषा कति कडा छ, विचार गर्नुहोस् – *"मेरो मनले घृणा गर्छ"*। परमेश्वरको मन हाम्रो बेइमान आराधनाले गर्दा घृणित हुँदछ र ती जसले यस प्रकारले प्रार्थना गर्दछन् उहाँले तिनीहरूका प्रार्थना सुन्नुहुनेछैन। योजस्तै खण्ड आमोसको पूस्तकमा दिइएको छ। यस वाक्याशंलाई विचार गर्नुहोस् "

तिमीहरूका चाडहरूलाई म घृणा गर्छुअनि तिमी ;म तुच्छ ठान्छु ,हरूक०ा महासभाहरूसँग म प्रसन्न छैन। तिमीहरूले मलाई होमबलिहरू र आफ्ना अन्नबलिहरू चढाए तापनि म तिनलाई ग्रहण गर्नेछैनँमीति ;हरूका मोटा पशुहरूका मे-मोटालबलिहरूलाई म वास्ता गर्दिनँ। तेरा गीतहरूको हल्ला मबाट हटाइदेकिनभने म तेरा ; स०तारहरूको सङ्गीत सुन्नेछैनँ। तर न्याय पानीझैं! र धार्मिकता सामर्थी नदीझैं बगोस् , आमोस ५:२१-२४

तेश्रो आज्यालाई ध्यान दिनुहोस्।

तिमीले परमप्रभु आफ्ना परमेश्वरको नाम व्यर्थैमा नलिनू; किनकी जसले उहाँको नाम व्यर्थमा लिन्छ, त्यसलाई परमप्रभुले निर्दोष ठहर्याउनुहुनेछैन। प्रस्थान २०:७

परमेश्वरको नाम व्यर्थमा लिनु भनेको रित्तो, खोक्रो, वा तुच्छ, वा विचारहीन, वा झूटा, वा धोकापूर्ण व्यवहारद्वारा प्रयोग गर्नु हो। (पूरानो नियमको ईश्वरशास्त्रको शाब्दिकपूस्तिका, पृष्ठ ९०८, र पूरानो नियमको पूर्ण शब्द अध्ययन, पृष्ठ ११०७)।

जब हामीले "प्रभुको नाम व्यर्थमा लिने" कुरालाई विचार गर्दछौं, तब हामीले परमेश्वरको कुनै एक नामलाई श्रापको रूपमा प्रयोग गरिएको भनि बुझ्दछौं। परमेश्वरको नाम श्रापको लागी प्रयोग गर्नु भनेको निश्चय नै उहाँको नाम व्यर्थमा लिनु हो; यद्यपि, परमेश्वरको नाम व्यर्थमा लिनु भन्नुको अर्थ योभन्दा व्यापक रहेको छ। परमेश्वरको नाम हल्का, तुच्छ, वा गलत तरीकाले लिनु भनेको नै उहाँको नाम व्यर्थमा लिनु हो र यो तेश्रो आज्ञा भङ्ग गर्नु हो। खोक्रो वा तुच्छ र अवास्तविक आराधना नै, यथार्थमा, परमेश्वरको नाम व्यर्थमा लिनु हो। यो अति गम्भिर छ र यसले परमेश्वरलाई अप्रसन्न पार्दछ।

धेरैजसो मण्डलीहरूमा "आराधना" मानिसहरूलाई प्रशन्न पार्नको निम्ति रचना गरिन्छ। उनीहरूले असल समय पाएको वा सेवाहरूमा मनोरन्जन मिलेको हामी चाहन्छौं। यूवाहरू मण्डली आउन् भनेर संगितहरू उनीहरूलाई आकर्षण गराउने खालको हुँदछ। प्रायजसो यी संगतिहरू "आराधना अगुवा"का रूचिमा आधारित हुँदछ। सेवामा बाइबलिय निर्देशनहरू, जस्तैः "आत्मा र सत्यतामा" पूज्ने, र आदर दिने, र दुष्टतालाई घृणा गर्ने, पवित्र परमेश्वरलाई उच्च तुल्याउने कुराहरू कम वा कत्ति पनि अभ्यास गरिएको हुँदैन। यसो हुनु हुँदैन। यसले परमेशवरको नाम व्यर्थ तुल्याउँदछ।

११ आराधनाको निम्ति आफैलाई तयारी पार्ने

आओ, साँचो मनले, विश्वासको पूरा निश्चयतामा, दुष्ट विवेकबाट शुद्ध हुनालाई आफ्ना हृदयहरूमा छिट्काउ लिएर र आफ्ना शरिरहरूलाई शुद्ध जलले धोएर हामी नजिकमा जाऔं। हिब्रु १०:२२

हिब्रु १०:२२ एक भव्य पद हो ताकी हामीले आराधनाको निम्ति आफैलाई तयारी गर्न यसको प्रयोग गर्न सकौं। यस पदमा "आराधना" र "प्रशंसा" शब्दहरू त छैनन्, तरैपनि यी यस पदको केन्द्र हो।

"आओ, ... हामी नजिकमा जाऔं"।

यो आराधना गर्नको निम्ति वोलावट हो। आऔं हामी परमेश्वरको नजिकमा जाऔं। परिचित पापहरूलाई स्वीकार गरौं र उहाँलाई सेवा, प्रेम गर्न र उहाँ साथ-साथ हिँडनको र उहाँको नजिकमा जानको लागी प्रतिवद्ध होऔं, र यी सबै नै आराधनाका केन्द्रहरू हुन्।

"... साँचो मनले,"

साँचो मनबिना साँचो आराधना हुँदैन। इमान्दारिताबिना, यो त अभिनय वा नाटकमात्र हो। यो त कपटीपना हो। परमेश्वरलाई आराधना चढाउनका निम्ति हामी सिद्ध हुनुपर्दैन तर हामी साँचो हुनुपर्दछ। हामीले आफैलाई उचाल्नुको साटो साँचो रूपमा प्रभु येशू ख्रीष्टलाई नै उचाल्न चाहन्छौं। हामीले दुवै गर्न सक्दैनौं।

"... विश्वासको पूरा निश्चयतामा,"

परमेश्वरको सामु आउँदा, उहाँ अस्तित्वमा हुनुहुन्छ र उहाँले आफ्नो वचन पूरा गर्नुहुन्छ भन्ने कुरामा हामी विश्वस्त हुनुपर्छ। फलस्वरूप, उहाँमा प्रेमिलो र आज्ञाकारी भइकन हामीले हाम्रो विश्वासलाई अभ्यास गर्दछौं।

"... दुष्ट विवेकबाट शुद्ध हुनालाई आफ्ना हृदयहरूमा छिट्काउ लिएर"

शास्त्रमा, "हृदय" एक वृस्तित शब्द हो जसले हाम्रो सारा भित्री प्राण, मन, प्रवृत्ती, आवेग, भावना, र हाम्रा चाहनाहरूलाई उदृत गर्दछ। यी नै हामी हौं। सफा हृदय वा शुद्ध हृदय त्यो हो जुन येशूको रगतद्वारा सफा पारिएको छ। त्यस व्यक्तिले, परमेश्वरको आत्माद्वारा, आफ्नो मन, जोश, र चाहनाहरूलाई नियन्त्रण गर्न सिकेकको हुन्छ। अब दुष्टताको चाहना नगरिकन, उसले हाम्रो परमेश्वर र मुक्तिदाता, प्रभु येशू ख्रीष्टलाई आराधना र प्रशंसा चढाउने चाहना राख्दछ। सफा विवेककासाथ ऊ परमेश्वरमा आउँदछ।

"... र आफ्ना शरिरहरूलाई शुद्ध जलले धोएर हामी नजिकमा जाऔं"।

जब हामीले हाम्रो विचार र बावनाहरूलाई नियन्त्रणमा ल्याउँदछौं, तब हामीले हाम्रो शरिरलाई पनि नियन्त्रण गर्दछौं। धेरै पापहरू हाम्रा शरिरद्वारा गरिँदछन्। जब हामीले हाम्रो हृदय र शरिरलाई नियन्त्रण गर्दछौं र त्यसलाई परमेश्वरको आत्माको नियन्त्रणमुनि ल्याउँदछौं, तब हामीले परमेश्वरमा साँचो प्रशंसा र आराधना ल्याउँदछौं।

हिब्रु १०:२२ पदझैं समान पद याकूब ४:८मा पाइन्छ। जब हामी परमेश्वरको नजिकमा जाँदछौं, तब उहाँले हामीलाई खिँच्नुहुन्छ भन्ने प्रतिज्ञा यस पदले समेट्दछ। कस्तो आशिष र अवसर। हामी सारा जगतका परमेश्वरको नजिक हुन पाउँदछौं र उहाँले हामीबाटको प्रशंसा र आराधनाको खोजी गर्नुहुन्छ।

परमेश्वरको नजिकमा जाओ, र उहाँ पनि तिमीहरूको नजिकमा आउनुहुनेछ। हे पापीहरूहो, आफ्ना पापहरू शुद्ध पार; हे दुईचित्तेहरूहो, आफ्ना हृदयहरू पवित्र पार। याकूब ४:८

यस अध्ययनको शुरुमा पनि व्यक्त गरिएको थियो, *आराधनाको निम्ति गरिएको वोलावट परमेश्वरसँगको गहिरो हिँडाईको वोलावट हो। यो परमेश्वरलाई आदर गर्ने र उहाँको भय राख्ने र त्यसअनुसार नै उहाँको सेवा गर्ने वोलावट हो।*

अठ्ठाइस

सत्यको वचनप्रति सही बुझाई

झूटा शिक्षाको सन्दर्भमा बाइबलिय चेताउनीलाई ध्यान दिने

सबै पवित्रशास्त्र परमेश्वरको प्रेरणाद्वारा दिइएको हो, अनि शिक्षाका निम्ति, भूलदोष देखाउनाका निम्ति, सुधारका निम्ति, धार्मिकताको सम्बन्धमा तालिमका निम्ति लाभदायक हुन्छ; जसद्वारा परमेश्वरको जन हरेक असल कामका निम्ति पूर्ण रुपले सुसज्जित भई सिद्ध होओस्। २ तिमोथी ३:१६-१७

यसकारण जसरी तिमीहरूले ख्रीष्ट येशू प्रभुलाई ग्रहण गरेका छौ, यसरी नै तिमीहरू उहाँमा हिडँ; अनि उहाँमा नै जरा हाल्दै र बनिदैँ जाओ; अनि जसरी तिमीहरू सिकाइएका छौ, उसरी नै यस धन्यवादले प्रशस्त हुँदै विश्वासमा स्थिर हुँदै जाओ। होसियार होओ, नत्र कसैले तत्वज्ञान र व्यर्थैको धोकाद्वारा तिमीहरूलाई शिकार बनाउला ! ती कुराहरू मानिसका रीतिथिति र संसारका प्राथमिक शिक्षाअनुसार छन्, तर ख्रीष्टअनुसार छैनन्। कलस्सी २:६-८

परमेश्वरको वचनलाई सही तरीकाले बुझ्नाले र त्यसलाई अभ्यास गर्नाले प्रतिफल स्वरूप प्रशस्त आशिष ल्याउँदछ।

धन्य हो त्यो मानिस, जो भक्तिहीनहरूको सल्लाहमा हिँड्दैन, न पापीहरूको बाटोमा उभिदैँछ, न ता गिल्ला गर्नेहरूको आसनमा बस्दछ। तर उसको आनन्द परमप्रभुको व्यवस्थामा हुँदछ, र उहाँकै व्यवस्थामा दिनरात मनन गर्दछ। तब ऊ पानीका नदीहरूको किनारमा रोपिएको रूखझैँ हुनेछ, जसले आफ्नो ऋतुमा आफ्नो फल फलाउँदछ; उसको पात पनि ओइलिनेछैन; अनि उसले जे गर्दछ, त्यो सफल हुनेछ। भजनसंग्रह १:१-३

परमेश्वरको वचन मानिसलाई परमेश्वरबाट प्रदान गरिएको सत्यता हो। परमेश्वरको वचनमा मात्र पापको दण्डबाट कसरी बच्ने र कसरी ईश्वरिय जीवन जिउने भनि परमेश्वरद्वारा प्रदान गरिएका सही निर्देशनहरू प्रस्तुत गरिएका छन्। परमेश्वरको आत्माले, परमेश्वरको वचनद्वारा, उहाँमा समर्पित भइ जिउन र उहाँसँगको हाम्रो हिँडाईमा हामी उपयोगी हुनको लागी निर्देशन र सामर्थ्य प्रदान गर्नुहुन्छ। कुनै पनि व्यक्तिले, एक तरीकाले वा अन्य, नियमित रूपमा परमेश्वरको वचनबाट साँचो सत्यतालाई आत्मसाथ गर्दैन भने ऊ एक फलवान उपयोगी ख्रीष्टियन हुँदैन र यदि ऊ बढे तापनि, त्यति धेरै भने बढ्दैन। असत्य, अर्ध-सत्य, वा विकृत सत्यता, वा कमजोर सत्यताले परमेश्वरलाई जान्न तर्फ डोर्याउँदैन वा उहाँसँगको हिँडाईमा बढाउँदैन।

मजबुत शिक्षा जति नै महत्वपूर्ण भए तापनि, मजबुत बाइबलिय शिक्षा लगभग दुर्लभ नै लाग्दछ। तपाईले जता हेरे तापनि विकृत सत्यता, अर्ध सत्यता, कमजोर सत्यता, र झूटा शिक्षाहरू नै सिकाइएको देख्नहुन्छ। धेरैजसो धार्मिक अगुवाहरूले "सफलता" र ख्यातिलाई बाइबलिय शुद्धता र आवाजभन्दा माथि राख्दछन्। केही मानिसहरूले ठोस बाइबलिय शिक्षालाई भन्दा "असल महसुस गर्ने शिक्षा" र मनोरन्जनलाई रोज्दछन्। प्रायजसो विकृत सत्यतामा पर्याप्त सत्यताहरू वा झूटा शिक्षाहरू मिसाइएका हुन्छन् ताकी मानिसहरूले ती बिना प्रश्न विश्वास र ग्रहण गर्न सकुन्।

अपरिवर्तनवादी ईश्वरशास्त्रीहरू र बाइबल शिक्षकहरूले पनि आदारभूत बाइबलिय शिक्षामा असहमति जनाइकन अन्यौलमा अन्यौल थप्न सक्दछन्।

परीणामस्वरूप यी सबैले खोक्रो ख्रीष्टियन विश्वास प्रणाली र साँचो बाइबलिय सत्यतालाई अभ्यास गर्ने कार्यको लागी खोक्रो प्रतिवद्धता निम्त्याउँदछ।

यस पाठको उद्देश्य भनेको सर्वसाधारण मानिसहरूलाई होशियारी हुन र तिनीहरूले स्वीकार गरेका बाइबलिय शिक्षामा भिन्नता राख्नको निम्ति चेताउनी दिँदछ। ती जसले होशियार हुन र आफुले सिकाएका कुरामा भिन्नता राख्नको निम्ति शिक्षा दिँदछन्, म पनि तिनीहरूलाई चेताउनी दिन चाहन्छु। हामीले शिक्षा प्रदान गर्नेहरूका आत्मिकी स्वस्थ्यता हामीले दिने शिक्षाबाट प्रभावित हुने गर्दछ। यो अति नै गम्भिर छ। यसको फैलाव अनन्तताको छ। अनि हामीले जे सिकाउँदछौं परमेश्वरले हामीलाई त्यसप्रति जवाफदेयी बनाउनुहुन्छ।

यदि कसैले बोल्छ भने परमेश्वरकै वाणीहरूझैँ गरी बोलोस्; यदि कसैले सेवा गर्छ भने परमेश्वरले दिनुभएको योग्यताले झैँ गरोस्; यसले गर्दा सबै कुरामा परमेश्वरको महिमा येशू ख्रीष्टद्वारा होओस्, जसलाई महिमा र प्रभुता युगानुयुग होऊन। आमेन्। १ पत्रुस ४:११

परमेश्वरको वचनको सही बुझाई र अभ्यासको फल

सही बुझाई र अभ्यासले परमेश्वरलाई सही प्रकारले चिन्नतर्फ डोर्याउँदछ।

हरेक जसले अपराध गर्दछ र ख्रीष्टको शिक्षामा रहदैँन, त्योसँग परमेश्वर हुनुहुन्न। जो ख्रीष्टको शिक्षामा रहन्छ, ऊसँग पिता र पुत्र दुवै हुनुहुन्छ। २यूहन्ना १:९

जब हामीले परमेश्वरलाई जान्दछौं, तब बाइबलिय सत्यतालाई सही तरीकाले बुझ्ने र अभ्यासमा लागु गर्नाले धेरै आशिषहरू, महान् इनामहरू, र परमेश्वरकोसँगको हाम्रो हिँडाईमा उत्पादकता ल्याउँदछ।

परमप्रभुको व्यवस्था सिद्ध छ, प्राणलाई परिवर्तन गर्ने; परमप्रभुको साक्षी पक्का छ, बोधालाई बुद्धिमान् तुल्याउने। परमप्रभुका नियमहरू सही छन्, हृदयलाई आनन्दित गराउने; परमप्रभुको आज्ञा शुद्ध छ, आँखाहरूलाई ज्योतिर्मय पार्ने। परमप्रभुको भय सफा छ, सदा रहिरहने; परमप्रभुका न्याय-वचनहरू पूर्णतया सत्य र धर्ममय छन्। सुनभन्दा बढी, अँ धेरै निखुर सुनभन्दा बढी तिनीहरूको चाहना गरिनुपर्छ; ती महभन्दा, अँ महको चाकाभन्दा पनि मीठा छन्। साथै तीद्वारा नै तपाईको दासले चेताउनी पाउँछ, अनि तिनको पालन गरेमा ठूलो इनाम छ। भजनसंग्रह १९:७-११

धन्य हो त्यो मानिस, जो भक्तिहीनहरूको सल्लाहमा हिँड्दैन, न पापीहरूको बाटोमा उभिदँैछ, न ता गिल्ला गर्नेहरूको आसनमा बस्दछ। तर उसको आनन्द परमप्रभुको व्यवस्थामा हुँदछ, र उहाँकै व्यवस्थामा दिनरात मनन गर्दछ। तब ऊ पानीका नदीहरूको किनारमा रोपिएको रूखझैँ हुनेछ, जसले आफ्नो ऋतुमा आफ्नो फल फलाउँदछ; उसको पात पनि ओइलिनेछैन; अनि उसले जे गर्दछ, त्यो सफल हुनेछ। भजनसंग्रह १:१-३

बाइबलिय सत्यतालाई सही तरीकाले बुझ्नाले र अभ्यास गर्नाले ईश्वरिय जीवनयापनमा डोर्याउँदछ।

परमेश्वरको दास र येशू ख्रीष्टको प्रेरित पावलको तर्फबाट – परमेश्वरका चुनिएकाहरूका विश्वास र सत्यको ज्ञानअनुसार, जो भक्तिमुताबिकको छ; तीतस १:१

जवान मानिसले आफ्नो चाल के गरेर शुद्ध राख्न सक्छ? – तपाईको वचनअनुसार त्यसमा ध्यान दिएर नै। मेरो सम्पूर्ण हृदयले मैले तपाईलाई खोजेको छु; तपाईका आज्ञाहरूबाट मलाई भड्केर जान नदिनुहोस ! तपाईको विरोधमा पाप नगरूँ भनेर मैले तपाईको वचन आफ्नो हृदयमा लुकाइराखेको छु। भजनसंग्रह ११९:९-११

तब येशूले आफूलाई विश्वास गर्ने ती यहूदीहरूलाई भन्नुभयोः "तिमीहरू मेरो वचनमा लागिरह्यौ भने तिमीहरू साँच्चै मेरा चेला हौ" । अनि तिमीहरूले सत्यलाई जान्नेछौ, र सत्यले तिमीहरूलाई स्वतन्त्र गराउनेछ"। यूहन्ना ८:३१-३२

परमेश्वरको वचनले हामीलाई पाप र धेरै हानी पुर्याउने कुराहरू जस्तै क्रोध, भय, दोष, र घमण्ड को (अध्ययन निर्देश १८ हेर्नुहोस्) नियन्त्रणबाट छुटाउँदछ। वचनमा स्थिर रहनाले प्रार्थना सुनुवाईतर्फ डोर्याउँदछ।

तिमीहरू ममा रह्यौ र मेरा वचनहरू तिमीहरूमा रहे भने तिमीहरू जे चाहन्छौ, सो माग्नेछौ, र त्यो तिमीहरूका निम्ति गरिनेछ"। यूहन्ना १५:७

परमेश्वरको वचनलाई अभ्यास गर्नाले हामी सामर्थी हुन्छौं र यसले हामीलाई हाम्रो जीवनको "आँधी"मा पनि स्थिर भइ खडा रहन योग्य तुल्याउँदछ।

यसकारण हरेक जसले मेरा यी वचनहरू सुन्दछ र तिनलाई पालन गर्दछ, उसलाई म एउटा बुद्धिमान मानिससित तुलना गर्दछु, जसले आफ्नो घर चट्टानमाथी बनायो। अनि पानी बर्स्यो, अनि बाढीहरू आए, आँधीहरू चले, र त्यस घरमाथी बजारिए: तर त्यो ढलेन, किनकी त्यो चट्टानमाथी बसालिएको थियो। अनि हरेक मानिस , जसले मेरा यी वचनहरू सुन्दछ, तर तिनलाई पालन गर्दैन, त्यो चाँही एउटा मूर्ख मानिससित तुलना गरिनेछ, जसले आफ्नो घर बालुवामाथी बनायो: अनि पानी बर्स्यो, अनि बाढीहरू आए, आँधीहरू चले, र त्यस घरमाथी बजारिए; र त्यो ढल्यो: अनि त्यसको ढलाई ठुलो भयो"। मत्ती ७:२४-२७

असल शिक्षाले प्रोत्साहन प्रदान गर्दछ।

आफूले पाएको शिक्षामुताबिक विश्वासयोग्य वचन बलियोसँग पक्रेर खाँटी शिक्षाद्वारा विरोधीहरूलाई अर्ती दिन र कायल गराउन सक्ने हुनुपर्छ। तीतस १:९

सबै पवित्रशास्त्र परमेश्वरको प्रेरणाद्वारा दिइएको हो, अनि शिक्षाका निम्ति, भूलदोष देखाउनाका निम्ति, सुधारका निम्ति, धार्मिकताको सम्बन्धमा तालिमका निम्ति लाभदायक हुन्छ; जसद्वारा परमेश्वरको जन हरेक असल कामका निम्ति पूर्ण रुपले सुसज्जित भई सिद्ध होओस्। २ तिमोथी ३:१६-१७

परमेश्वरको वचनले हामीलाई सही शिक्षा प्रदान गर्दछ र यसले सही जीवनयापनको निर्देशन दिँदछ (धार्मिकता)। यसले गलत व्यवहारलाई झपार्दछ र सुधार गर्दछ। *यस प्रकृयाले हामीलाई परमेश्वरको कार्य गर्नको निम्ति सुसज्जित पार्दछ।* बाइबलिय विद्यालय, गोष्ठी, र तालिम बैठक सबैको आफ्नै महत्व छ; यद्यपि, यदि परमेश्वरले हामीमा आफ्नो कार्य गर्नुभएको छैन भने संसारको सारा तालिमले हामीलाई परमेश्वरको कार्य गर्नको निम्ति सुसज्जित पार्दैन। मानिसहरू जसले परमेश्वरको वचनलाई आत्मसाथ गर्दछन् र तिनलाई अभ्यास गर्दछन् उहाँले आफ्नो कार्य तिनीहरूद्वारा पूर्ण गर्नुहुन्छ।

अनि उहाँले कतिलाई प्रेरितहरू, अनि कतिलाई भविष्यवक्ताहरू, अनि कतिलाई सुसमाचार प्रचारकहरू, अनि कतिलाई गोठालाहरू र शिक्षकहरू हुनालाई दिनुभयो; सेवाको काम र ख्रीष्टको शरिरको उन्नतिका निम्ति पवित्र जनहरूलाई सिद्ध बनाउनालाई, जबसम्म हामी सबैजना विश्वासको र परमेश्वरको पुत्रको पहिचानको एकतामा

आइपुग्दैनौं, एउटा पूरा बढेको मानिस बन्दैनौं, ख्रीष्टको परिपूर्णतारुपी कदको नापसम्म आइपुग्दैनौं; र अब उसो बालक नरहौं, जो मनिसहरूका चलाकी र छलपूर्ण धूर्ततामा हरेक शिक्षारूपी बतासद्वारा यता र उता पारिदँछन् अनि वर र पर हुत्याइँदछन्; यस्ता कुराहरूद्वारा धोका दिनालाई तिनीहरू ढुकेर बस्छन्। तर प्रेममा साँचो बोल्दै हामी सबै कुराहरूमा उहाँसम्म, जो शिर हुनुहुन्छ अर्थात् ख्रीष्टसम्म बढौं। उहाँबाट नै सम्पूर्ण शरिरले हरेक अङ्गको नापमुताबिकको प्रभावकारी कामअनुसार हरेक जोर्नीको सहायताद्वारा टम्म मिलेर एकसाथ बाँधिएर प्रेममा आफ्नै उन्नति गर्नाको निम्ति शरिरको वृद्धि गर्दछ। एफिसी ४:११-१६

परमेश्वरले मण्डलीलाई पाष्टरहरू र शिक्षकहरू प्रदान गरिदिनुभयो। जब परमेश्वरको वचनलाई सही अनुरुपले सिकाइन्छ, तब सुन्नेहरू सेवाका कार्य गर्नको निम्ति सुसज्जित हुँदछन्। फेरी, परमेश्वरको कार्य गर्नको निम्ति हामीलाई सुसज्जित पार्ने भनेको परमेश्वरको वचनले हो। जब यस प्रकृया चलिरहन्छ, मण्डलीको स्थापना हुँदछ र त्यहाँ एकता, परिपक्वता, स्थिरता, प्रेम रहँदछ, र मण्डलीमा निरन्तर गइरहने आत्मिकी वृद्धि हुँदछ। "ख्रीष्टको परिपूर्णतारुपी कदको नाप"लाई प्राप्त गर्न मानिसहरू सफल हुँदछन्।

यस पठनको अध्ययन निर्देश १मा बाइबल के हो भनि हामीले अध्ययन गर्यौं – यो परमेश्वरको प्रेरणाबाट आएको वचन हो। अध्ययन निर्देश ११मा परमेश्वरको वचन आत्मसाथ गर्नको लागी केही व्यवहारिक सुझाबहरू प्रस्तुत गरिएका छम्। फेरी पनि यी पाठहरूलाई समिक्षा गर्नु उपयोगी हुनेछ।

परमेश्वरको वचनको सही बुझाई र अभ्यासको फल

किनकी म तिनीहरूको विषयमा गवाही दिन्छुः परमेश्वरका निम्ति तिनीहरूसित जोश त छ, तर ज्ञानअनुसार छैन। किनकी परमेश्वरको धार्मिकताको विषयमा अनजान भएर र आफ्नै धार्मिकता स्थापित गर्न खोजेर तिनीहरूले आफूलाई परमेश्वरको धार्मिकताको अधीनतामा सुम्पेनन्। रोमी १०:२-३

पावलको प्रार्थना यो थियो की उनका मानिसहरू उद्धार गरिएका होऊन्। उनले यो बताएका छन् की परमेश्वरको निम्ति तिनीहरूको उत्साह थियो तर तिनीहरूको उत्साह वचनको सही समझमा आधारित रहेको भने थिएन। जसको परिणामस्वरूप, तिनीहरू उद्धार पनि गरिएका थिएनन्। परमेश्वरको निम्ति तिनीहरूको उत्साह रहेको थियो, तर तिनीहरू उद्धार गरिएका थिएनन्। यो नै गलत शिक्षाको एक गम्भिर परिणाम हो। धेरैजना आफू उद्धार गरिएको सम्झन्छन् तर तिनीहरू उद्धार गरिएका भने छैनन्। धेरैजना प्रतिवद्ध र इमान्दारी छन् र वरदान पनि पाएका छन् तर जब परमेश्वरले तिनीहरूको न्याय गर्नुहुन्छ, तब उहाँले तिनीहरूलाई भन्नुहुनेछ, *"मैले तिमीहरूलाई कहिल्यै चिनेको छैन"।*

मलाई 'हे प्रभु, हे प्रभु' भन्ने हरेक स्वर्गको राज्यमा पस्नेछैन, तर त्यो पस्नेछ। जसले स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्छ। त्यस दिन धेरैले मलाई भन्नेछन्,' हे प्रभु, हे प्रभु, के हामीले तपाईको नाममा भविष्यवाणी गरेनौं र? अनि के तपाईकै नाममा दुष्ट आत्माहरू निकालेनौं र? अनि के तपाईकै नाममा अनेकौं अचम्मका कामहरू गरेनौं र? "अनि तब म तिनीहरूलाई खुल्लमखुल्ला भन्नेछु,' मैले तिमीहरूलाई कहिल्यै चिनेको छैनँ; हे कुकर्म गर्नेहरूहो, मदेखी टाढा होओ!'"। मत्ती ७:२१-२३

वचनको गलत बुझाई र अभ्यासले रित्तो आराधनातर्फ डोर्याउँदछ। मत्ती १५:८-९ बुद्धिमत्ता पदहरू हुन्। धेरै झूटा शिक्षकहरूले परमेश्वरलाई प्रेम गरेको दाबी गर्दछन्, तर तिनीहरूका आराधना र शिक्षा खोक्रो र अर्थहिन् छन्। दुःखको कुरा यो छ की आफू हिँडेको मार्गमा तिनीहरूले अरू धेरैलाई पनि डोर्याउँदछन्।

'ती जाति आफ्नो मुखले चाँही मेरो नजिकमा आउँछ, र आफ्ना ओठले मेरो आदर गर्छ; तर यिनीहरूको हृदय मदेखि टाढो छ। तर यिनीहरू व्यर्थमा मेरो उपासना गर्छन्, किनकी मानिसहरूका आज्ञाहरूलाई धर्म-शिक्षाहरूझैँ सिकाउँछन्' मत्ती १५:८-९

मानविय ज्ञान र शिक्षाले सुसमाचारको सामर्थ्यलाई रित्तो बनाइदिन्छ।

किनभने ख्रीष्टले मलाई बप्तिष्मा दिन होइन, तर सुसमाचार प्रचार गर्न पठाउनुभयो; शब्दहरूको बुद्धिमा होइन, नत्र ता ख्रीष्टको क्रुस बिनाकामको पारिनेछ। १ कोरिन्थी १:१७

झूटा शिक्षाले सुसमाचारलाई विकृत पार्दछ र पाप गर्ने अधिकार दिँदछ।

किनकी कति मानिसहरू लुकीछिपी भित्र पसेका छन् जोचाहिँ अघिदेखि नै यही दण्डका ,निम्ति ठहरिएका भक्तिहीन मानिसहरू हुन्र एक मात्र ,जसले हाम्रा परमेश्वरको अनुग्रहलाई कामुकतामा परिवर्तन गर्छन् , मालिक परमेश्वर र हाम्रा प्रभु येशू ख्रीष्टलाई इन्कार गर्छन्। यहूदा १:४

तिनीहरूका आफ्ना लोभले, झूटा शिक्षकहरूले परिवारलाई नाश गर्दछन्।

तिनीहरूका मुख बन्द गरिनुपर्छ; नीच कमाइका निम्ति तिनीहरूले नगर्नुपर्ने कुराहरू सिकाई-सिकाईकन सारा घरहरू बरबाद पार्छन्। तीतस १:११

झूटा शिक्षाले परमेश्वरको क्रोधलाई निमन्त्रणा दिँदछ।

कुनै मानिसहरूले तिमीहरूलाई खोक्रा कुराहरूले धोका नदेओस्; किनकी यी कुराहरूले गर्दा परमेश्वरको क्रोध आज्ञा नमान्ने सन्तानहरूमाथि आइपर्छ। एफिसी ५:६

सत्यको वचन र आत्माको वचन

परमेश्वरको वचनलाई येशूले सत्यको वचन भनि परिचित गराउनुहुन्छ।

तपाईको सत्यद्वारा तिनीहरूलाई पवित्र पार्नुहोस्; तपाईको वचन सत्य हो। यूहन्ना १७:१७

आफूलाई परमेश्वरकहाँ ग्रहणयोग्य तुल्याउने प्रयत्न गर – एउटा शर्ममा पर्नु नपर्ने किसिमको कामदारजस्तो, जसले सत्यको वचन ठीक-ठीकसँग छुट्टयाउँछ। २ तिमोथी २:१५

उहाँका सृष्टि गरिएका थोकहरूमा हामी एक प्रकारको पहिलो फल होऔं भनेर उहाँले हामीलाई आफ्नै इच्छाअनुसार सत्यको वचनद्वारा जन्माउनुभयो। याकूब १:१८

तपाईको वचन शुरुदेखी नै सत्य छ; अनि तपाईका धर्ममय फैसलाहरूमा हरेक सदा-सर्वदा रहिरहन्छ। भजनसंग्रह ११९:१६०

येशूले पवित्र आत्मालाई पनि सत्यको आत्मा भनि परिचित गराउनुहुन्छ।

अनि म पितालाई प्रार्थना गर्नेछु, र उहाँले अर्को शान्तिदाता, उहाँ सधैँभरि तिमीहरूसँगै रहून् भनेर तिमीहरूलाई दिनुहुनेछ; अर्थात् सत्यको आत्मा, जसलाई संसारले ग्रहण गर्न सक्दैन; किनभने त्यसले न ता उहाँलाई देख्छ, न उहाँलाई चिन्छ; तर तिमीहरूले उहाँलाई चिन्छौ, किनकी उहाँ तिमीहरूसित रहनुहुन्छ, र तिमीहरूभित्र हुनुहुनेछ। यूहन्ना १४:१६-१७

तापनि जब उहाँ अर्थात् सत्यको आत्मा आउनुहुन्छ, तब उहाँले तिमीहरूलाई सबैसत्यताभित्र डोर्याउनुहुनेछ; यूहन्ना १६:१३

येशूले आफ्नो वचन सत्यको वचन र आफ्नो आत्मा सत्यको आत्मा हुन् भनि परिचित गराउनुहुन्छ। सत्यको आत्माले (पवित्र आत्मा) हामीलाई सत्यको वचन (बाइबल) बुझ्न योग्य तुल्याउनुहुन्छ।

सत्यको वचनलाई सही तरीकाले बुझ्नको लागी हामी सत्यको आत्माद्वारा – भरपूर गरिएको – नियन्त्रण र अगुवाई गरिएको हुनुपर्दछ। परमेश्वरको आत्माको प्रकाश बिना गरिएको वचनको अध्ययनले परिणामस्वरूप भ्रम र गडबडी ल्याउँदछ।

सत्यको आत्माले कहिल्यै पनि सत्यको बचन – बाइबल विपरितमा डोर्याउँदैन र डोर्याउन सक्दैन। मानिसहरूलाई पापबोध गराउनको लागी आत्माले कहिल्यै पनि असत्यताको प्रयोग गर्नुहुँदैन र परमेश्वरसँगको हिँडाईमा हामीलाई डोर्याउनको निम्ति उहाँले कहिल्यै असत्यताको प्रयोग गर्नुहुँदैन। गलत बाइबलिय ज्ञान वा परमेश्वरको वचनको गलत बुझाई, परमेश्वरको आत्माले डोर्याइएको वा भरपुर भएको नतिजा होइन।

अनि मेरो वचन र मेरो प्रचार मानिसको बुद्धिको फुस्ल्याउने कुरामा थिएनन्, तर आत्मा र सामर्थ्यको प्रदर्शनमा थिए; कि तिमीहरूको विश्वास मानिसहरूको बुद्धिमाथि होइन, तर परमेश्वरको सामर्थ्यमाथि बसालिएको होस्। १ कोरिन्थी २:४-५

अध्ययन निर्देश १४ (पृष्ठ १६२) परमेश्वको आत्माको अध्ययन हो। यदि तपाईले परमेश्वरको आत्मा सम्बन्धमा रहेको बाइबलिय शिक्षालाई बुझ्नु हुँदैन भने, यस पाठ अध्ययन गर्नु धेरै उपयोगी हुनेछ।

बाइबलिय सत्यता सही तरीकाले बुझ्नको लागी परिश्रमपूर्वक पिछा

हामीले देखिसकेका छौं, आत्मिकी सत्यता बुझ्नको लागी परमेश्वरको आत्माले हामीलाई योग्य तुल्याउनुहुन्छ। यद्यपि, परमेश्वरको आत्माले हामीलाई प्रकाश पार्नुहुन्छ र शिक्षा दिनुहुन्छ भनि हामीले केही पनि नगरी बस्न सक्छौं भनि यसले भन्न खोजेको भने होइन। यथार्थमा, परिश्रमसाथ अध्ययन गर्न र समझको लागी खोजी गर्नको निम्ति हामीलाई निर्देशन दिइएको छ र अन्तरदृष्टिलाई उच्च प्राथमिकता दिइएको छ ।

आफूलाई परमेश्वरकहाँ ग्रहणयोग्य तुल्याउने प्रयत्न गर – एउटा शर्ममा पर्नु नपर्ने किसिमको कामदारजस्तो, जसले सत्यको वचन ठीक-ठीकसँग छुट्ट्याउँछ। २ तिमोथी २:१५

२ तिमोथीको शब्दहरूलाई ध्यान दिनुहोस्। परमेश्वरको वचन बुझ्नको निम्ति हामीले "प्रयत्न" गर्नुपर्छ। अर्को शब्दमा, वचनलाई बुझ्नको निम्ति हामीले कडा परिश्रम गर्नुपर्छ। प्रभु येशू ख्रीष्टको अनुयायीले परमेश्वरको वचन - बाइबल सही तरीकाले बुझ्नको निम्ति उच्च प्राथमिकता दिनुपर्छ। यो सारा ज्ञानहरू, हाम्रा सारा समझ, अन्तरदृष्टि, विवेक, प्रवृत्ती र कार्यहरूको जग हो।

हाम्रो वचनको अध्ययन र आत्मसाथ निरन्तर गइरहने अभ्यास हुनुपर्दछ। धेरैमा परमेश्वरको वचनको थोरैमात्र ज्ञान रहेको छ र तिनीहरू त्यति बढ्दैनन् किनभने तिनीहरूका परमेश्वरको वचनको अध्ययन निकै फाटफुटे रहेको हुन्छ। हामी व्यस्त मानिसहरू हौं, यद्यपि, ख्रीष्टियन जीवनको आधारभूत अनुशासनमध्येको एक भनेको सही प्राथमिकताहरू स्थापित गर्नु हो। परमेश्वरको वचनलाई आत्मसाथ गर्ने कार्य उच्च प्राथमिकतामा राखिनुपर्दछ।

हे मेरा छोरा, तिमीले मेरा वचनहरू ग्रहण गर्यौं र मेरा आज्ञाहरू आफूसित साँचेर राख्यौ भने, र वुद्धितिर आफ्नो कान थाप्यौ, र आफ्नो हृदय समझतिर ढल्कायौ भने, अँ, ज्ञानको निम्ति पुकार्यौं र समझका निम्ति आफ्नो सोर उचाल्यौ भने, तिमीले त्यसलाई चाँदीलाई झैं खोज्यौ, र लुकाइराखेको धनलाई झैं त्यसको खोज गर्यौं भने तिमीले परमप्रभुको भय बुझ्नेछौ र परमेश्वरको ज्ञान भेट्टाउनेछौ। हितोपदेश २:१-५

परमेश्वरको वचन आत्मसाथ गर्नु र उहाँसँगको हाम्रो हिँडाईलाई प्रिपक्व पार्नु भनेको बृद्धिको प्रकृया हो। यो सजिलै वा चाँडै हुन आउँदैन। यसको लागी प्रतिवद्धता र अनुशासनको जरूरत हुँदछ। आत्मिकी समझ, वृद्धि, र परिपक्वता तब आउँदछ जब परमेश्वरको वचन आत्मसाथ गर्न र बिस्तारित समयहरूसम्म अभ्यास गर्नको लागी हामीले आफैलाई अनुशासित तुल्याउँदछौं।

धेरैपटक मेरो शिक्षाहरूका मैले यस – अपुमपा (अध्ययन, पुःअध्ययन, मनन, समझको निम्ति प्रार्थना) सुत्रलाई सुझाव स्वरूप प्रस्तुत गर्ने गरेको छु। परमेश्वरको वचनबाटको कुनै खण्डलाई अध्ययन गर्नुहोस्, यसलाई केही पटक पुनःअध्ययन गर्नुहोस्, त्यसपछि मनन गर्नको निम्ति केही समय लिनुहोस्, र त्यस खण्डको सही समझ प्राप्त गर्नको लागी परमेश्वरसँग प्रार्थना गर्नुहोस्।

कुनै पनि खण्ड, अध्याय, र पूस्तकलाई सही तरीकाले बुझ्नको निम्ति त्यसलाई धेरै पटक पढ्ने विचार सही हो। यदि तपाईले छनोट गर्नुभएको खण्ड एक दिनमा पढ्न सकिन्छ भने, त्यसलाई धेरै पटक पढ्नुहोस्। कहिलेकाही तपाईले त्यस खण्डलाई धेरै दिनसम्म लगातार पढि नै रहनुपर्दछ। यदि त्यो खण्ड एक दिनमा पढि सिध्याउनको निम्ति लामि छ भने, त्यसलाई छोटो-छोटो गरी बिभाजन गर्नुहोस् ताकी ती एक दिनमा पढ्न सकिएको होस्। त्यसपछि त्यसलाई भाग-भाग गरी पढ्नुहोस् र फेरी पनि पढ्नुहोस्। यस प्रकृयाले धेरै दिन, हप्ता, महिना लिन सक्ला वा शायद झअ बेसी। जब तपाईले परमेश्वरको वचन पढ्नुहुन्छ र त्यसलाई आत्मसाथ गर्नुहुन्छ, तब तपाई हतारमा नहुनुहोस्। परमेश्वरको वचन आत्मसाथ गर्नु कुनै छरितो प्रकृया होइन। यसको लागी समय चाहिन्छ, तर अन्तमा यसले धेरै गुणा महत्व ल्याउँदछ। यसको इनाम प्रशस्तै हुनेछ।

यस प्रकारले दोहोर्याइकन अध्ययन गर्ने पद्दतीको प्रयोगको कारण सरल छ। हामीले प्रथम पटक पढ्दाखेरी नै सारा कुराहरूलाई सम्झन र बुझ्न सक्दैनौं। बाइबलको सन्दर्भमा त यो झनै सत्य हो। यसको गहिराई प्रशस्तै रहेको छ। जति धेरै हामीले परमेश्वरको वचनको खण्डलाई अध्ययन र मनन गर्दछौं त्यति नै धेरै हामीले यसलाई बुझ्न र अभ्यास गर्न सक्दछौं।

जब तपाई अध्ययन गर्नुहुन्छ, तपाईले अध्ययन गर्नुभएको कुरालाई बुझ्नको निम्ति मनन गर्नुहोस्। तपाईले अध्ययन गर्नुभएका कुराहरूलाई सही तरीकाले बुझ्न सक्नुभएको होस् भनेर नियमित रूपमा परमेश्वरसँग प्रार्थना गर्नुहोस्।

वचनलाई आत्मसाथ गर्नु छिटो र सजिलो छैन, तर तपाईले गर्नुभएमध्येको यो सबैभन्दा आनन्नदमय र इनाम प्रदान गर्ने कुरा हो। जब समय-समयमा, तपाईले अध्ययन गर्नुभएको कुरालाई बुझ्नको निम्ति पवित्र आत्माले तपाईको सोचलाई खोलिदिनुभएको तपाईले महसुस गर्नुहुनेछ र तपाईको अभ्यासमा र तपाईको जीवन र तपाईको विश्वासी जनहरूको जीवनमा रहेको यसको महत्वपूर्णतालाई तपाईले बुझ्नुहुन्छ, यो मोहक हुँदछ।

तपाईले पढ्दै गर्दा, त्यहाँ केही अंशहरू हुन्छन् जसलाई तपाईले बुझ्नसक्नुहुन्न। यो ठीकै नै छ। सम्पूर्ण बाइबललाई कसैले पनि बुझ्न सक्दैन। जब तपाई परमेश्वरसँगको हिँडाईमा बढ्दै जानुहुन्छ तब तपाईले अझ धेरै बुझ्नुहुनेछ। त्यहाँ केही कुराहरू छन् जसलाई हामीले यस पृथ्वीमा रहुन्जेल बुझ्न सक्दैनौं। असल बाइबल बिद्वानहरू पनि तिनीहरूले बुझ्न नसकेका कुराहरूमा नियमित बहस गर्दछन्।

कहिलेकाही आधारभूत बाइबल अध्ययन सहयोगीले पनि हामीलाई शास्त्रको खण्डहरू बुझ्नको निम्ति मद्दत पुर्याउँदछ। यस पठनको पृष्ठ १२८-१२९मा, केही आधारभूत बाइबल अध्ययन सहयोग प्रस्तुत गरिएका छन्।

यस पठनको अन्तमा, त्यहाँ एउटा फारम रहेको छ जसको नाम "परिच्छेद अध्ययन" हो। यस फारमको उद्देश्य भनेको एक व्यक्तिलाई परिच्छेद वा शास्त्रको कुनै छोटो खण्डलाई अध्ययन गर्नको निम्ति मार्गदर्शन दिनु हो। यस फारमको प्रयोगले गर्ने एउटा कार्य यो हो की यसले अध्ययन गर्ने कुनै पनि व्यक्तिलाई उनले के पढे भनि त्यसमा मनन गराउँदछ। यो फारम जसकसैको निम्ति उपयोगी हुन सक्दछ जसले परमेश्वरको वचन आत्मसाथ गर्न मनमा लिन चाहँदछ।, शास्त्रबाटको कुनै खण्ड लिएर त्यसबाट शिक्षा दिनको निम्ति तयारी गर्न यो उपयोगी साधन बन्न सक्दछ।

अनि तिमीहरूले मलाई खोज्नेछौ, र मलाई भेट्टाउनेछौ, जब तिमीहरूले मलाई आफ्नो सम्पूर्ण हृदयले खोज्नेछौ। यर्मिया २९:१३

झूटा शिक्षा विरुद्ध बाइबलिय चेताउनीहरू

परमेश्वरको वचनमा धेरै खण्डहरू प्रस्तुत गरिएका छन् जसले झूटा शिक्षा र झूटा शिक्षकहरूको बारेमा हामीलाई चेताउनी दिँदछन्। धेरै पारदर्शी चेताउनीहरू दिएको कारणले गर्दा, हामीले यी प्रष्टै बुझेको परमेश्वर चाहनुहुन्छ। यी चेताउनीहरूमध्ये केहीलाई यहाँ प्रस्तुत गरिएको छ।

किनकी यस्तो समय आउनेछ, जब तिनीहरूले खाँटी शिक्षा सहनेछैनन्, तर चिलाउने कानहरू भएका हुनाले आफ्नै अभिलाषाहरूअनुसार तिनीहरूले आफ्ना निम्ति शिक्षकहरूको थूप्रो लगाउनेछन्; अनि तिनीहरूले आफ्ना कानहरू सत्यताबाट फर्काउनेछन् र दन्त्यकथाहरूतिर लगाउनेछन्। २ तिमोथी ४:३-४

अब आत्माले स्पष्ट गरी भन्नुहुन्छः पछि आउने समयहरूमा कति मानिसहरू बहकाउने आत्माहरूतिर र दुष्टात्माहरूको शिक्षाहरूतिर ध्यान दिएर विश्वासबाट भड्किएर जानेछन्; १ तिमोथी ४:१

नाना प्रकारमा अनौठा शिक्षाहरूद्वारा यता र उता नलगिओ; किनकी अनुग्रहद्वारा हृदय स्थिर हुनु असल कुरा हो; खानेकुराहरूद्वारा होइन, जसद्वारा तिनमा भागी हुनेहरूलाई कुनै फाइदा भएन। हिब्रु १३:९

नाना प्रकारमा अनौठा शिक्षाहरूद्वारा यता र उता नलगिओ; किनकी अनुग्रहद्वारा हृदय स्थिर हुनु असल कुरा हो; खानेकुराहरूद्वारा होइन, जसद्वारा तिनमा भागी हुनेहरूलाई कुनै फाइदा भएन। गलाती १:७

कुनै मानिसहरूले तिमीहरूलाई खोक्रा कुराहरूले धोका नदेओस्; किनकी यी कुराहरूले गर्दा परमेश्वरको क्रोध आज्ञा नमान्ने सन्तानहरूमाथि आइपर्छ। एफिसी ५:६

किनभने मलाई यो थाहा छ, म गएपछि तपाईहरूको बीचमा क्रुर ब्वाँसाहरू भित्र पस्नेछन्, जसले बगाललाई छोड्नेछैनन्। तपाईहरूकै बीचबाट पनि चेलाहरूलाई आफ्नो पछि खिँच्नालाई टेढामेढा कुरा गर्ने मानिसहरू उठ्नेछन्। यसकारण जागा रहनुहोस् र सम्झना गर्नुहोस् – मैले तीन सालसम्म रातदिन हरेकलाई आँसुको साथ चेताउनी दिन छोडिनँ। प्रेरित २०:२९-३१

अनि परमप्रभु बोल्नुभएकै छैन तापनि ,'प्रभु यहोवाले यसो भन्नुहुन्छ' भन्दै त्यसका भविष्यवक्ताहरूले व्यथको कुरा देख्दै र तिनीहरूलाई झूटो जोखना बताउँदै कच्ची चुनाले तिनलाई लिपेका छन्। इजकिएल २२:२८

किनकी अनेकौं बहकाउनेहरू संसारमा पसेका छन्, जसले येशू ख्रीष्ट शरिरमा आउनुभएको हो भनि स्वीकार गर्दैनन्। बहकाउने र ख्रीष्ट – विरोधी यही हो। २ यूहन्ना १:७

तेरा मोहनीहरू र तेरा प्रशस्त टुनामुनाहरू लिएर तँ अब उठ, जसमा तैंले तेरो जवानीदेखि नै मेहनत गरेकी छस्; कतै तैंले फइदा उठाउन सक्छस् कि ! कतै तैंले थर्कमान पार्न सक्छस् कि ! तँ आफ्ना प्रशस्त सल्लाहहरूको कारणले थाकेकी छस्। ती ज्योतिषीहरू, तारा-दर्शीहरू, औंसी-औंसीमा साइत हेर्नेहरू अब खडा होऊन्, र तँमाथि आइपर्ने कुराहरूबाट तँलाई बचाऊन् ! हेर, तिनीहरू नलका ठुटाजस्ता हुनेछन्; आगोले तिनीहरूलाई जलाउनेछ; तिनीहरूले आफ्नो प्राणलाई ज्वालाको पकडबाट छुटाउनेछैनन्; त्यहाँ आगो ताप्नलाई कुनै भुङ्ग्रो हुनेछैन, न ता त्यसको सामु बस्नलाई कुनै आगो नै हुनेछ। जससँग तैंले मेहनत गरिस्, अर्थात् तेरो जवानीदेखिका तेरा व्यापारीहरू – तिनीहरू तेरा निम्ति यस्तै हुनेछन्; तिनीहरू हरेक आ-आफ्नो दिशातिर भड्किहिँड्नेछन्; तँलाई बचाउने कोही हुनेछैन"। यशैया ४७:१२-१५

यसकारण जसरी तिमीहरूले ख्रीष्ट येशू प्रभुलाई ग्रहण गरेका छौ, यसरी नै तिमीहरू उहाँमा हिडँ; अनि उहाँमा नै जरा हाल्दै र बनिदैँ जाओ; अनि जसरी तिमीहरू सिकाइएका छौ, उसरी नै यस धन्यवादले प्रशस्त हुँदै विश्वासमा स्थिर हुँदै जाओ। होसियार होओ, नत्र कसैले तत्वज्ञान र व्यर्थैको धोकाद्वारा तिमीहरूलाई शिकार बनाउला ! ती कुराहरू मानिसका रीतिथिति र संसारका प्राथमिक शिक्षाअनुसार छन्, तर ख्रीष्टअनुसार छैनन्। कलस्सी २:६-८

अनि तब धेरैले ठेस खानेछन्, र एक-अर्कालाई घृणा गर्नेछन्। अनि अनेकौं झूटा भविष्यवक्ताहरू खडा हुनेछन्, र धेरैलाई बहकाउनेछन्। मत्ती २४:१०-११

झूटा शिक्षा र झूटा शिक्षकहरूलाई चिन्ने

झूटा शिक्षाका प्रकारहरू अन्तहिन् छन्। विश्वमा इस्लाम, बुद्ध , हिन्दु र धेरै अरु धर्महरू छन् जुन गहिराईदेखि नै झूटा रहेका छन्। त्यहाँ धेरै मतहरू छन् जस्तै मरमोनिजम्, यहोवाका साक्षीहरू, साइन्टोलोजी (स्वपहिचान र बिभिन्न तालिम र अध्ययनबाट ज्ञान हासिल गर्ने परम्परा भएको एक धार्मिक मत), र अरु धेरै जसले बाइबलमा विश्वास गर्ने दाबी गर्दछन्, तर, फेरी पनि, तिनीहरू गहिराइदेखि नै झुटा रहेका छन्। रोमन क्याथोलिकमत पनि एक झूटा प्रणाली हो जसमा पर्याप्त सत्यताहरू समावेश गरिएका छन् जसले साँचो खोजी गर्नेहरूलाई धोकामा पार्दछ। त्यहाँ धेरै "ख्रीष्टियन" मतहरू छन् जसले बाइबलबाट शिक्षा दिएको र पछ्याएको दाबी गर्दछन् तर तिनीहरूले पूर्णरूपमा जे सत्य छ वा गलत नहुने परमेश्वरको शिक्षा सिकाउँदैनन्। परिणामस्वरूपम, तिनीहरूले सामाजिक र राजनितिक सुसमचारहरू सुनाउँदछन् जसले बाइबलिय सत्यतासँग समानता राखेझैँ आभाष गराउँदछ।

प्रायजसो ती जसले झूटा शिक्षाहरू सिकाउँदछन् तिनीहरू बाइबलसँग परिचित भएका हुन्छन्। आफ्ना शिक्षाहरूलाई "प्रमाणित" गर्नको निम्ति मुस्लिमहरूले पनि बाइबललाई उदृत गर्दछन् ताकी मानिसहरूलाई इस्लाममा परिवरर्तन गराइन सकियोस्। शैतान आफैलाई पनि परमेश्वरको वचन थाहा छ र त्यसले आफ्नो उद्देश्यहरू पूरा गर्नको लागी यसको धोकापूर्ण प्रयोग गर्दछ। शैतानले येशूलाई परीक्षित पार्नको लागी पवित्रशास्त्रको प्रयोग गर्यो। यसको अगुवाईलाई पछ्याउँदै, झूटा शिक्षकहरू पनि यसै गर्दछन्। आफ्नै उद्देश्य पूरा गर्नको लागी तिनीहरूले शास्त्रको प्रयोग गर्दछन् र धेरैलाई यस सत्यतामा विश्वास गर्न लगाउँदछन्। जब मानिसहरूले बाइबलबाट उदृत गरेको सुन्दछन्, तब धेरै स्वभाविक रूपमा यो अनुमान लगाउँदछन् की यस शिक्षा सही हो कारण यहाँ बाइबलबाट उदृत गरिएको छ। यद्यपि, जब झूटा शिक्षकहरूले बाइबलको प्रयोग

गर्दछन्, तिनीहरूले विकृत गरिएको सत्यता सिकाउँदछन् वा तिनीहरूले सत्यता र झुटको मिश्रणलाई सिकाउँदछन्। यो, धेरै तरीकाबाट, सबैभन्दा खतरानक हो किनभने यो देख्दा सहीझैँ देखिँदछ, तर, यथार्थमा, यसले सत्यतालाई विकृत पार्दछ र धेरैलाई सत्यताबाट पर पुर्याउँदछ।

धेरैले बाइबलमा विश्वास गरेको दाबी गर्दछन् तर तिनीहरूले शास्त्रको "सकारात्मक" पक्षबाट मात्र प्रचार गर्दछन्। तिनीहरूले पाप, न्याय, नरक, र ख्रीष्टको बहाइएको रगतलाई पूर्णरूपमा इन्कार वा वे-वास्ता गर्दछन्। यसले मुक्तितर्फ वा ईश्वरिय उपयोगी जीवनतर्फ डोर्याउँदैन।

झूटा शिक्षकहरूले शास्त्रको आधारभूत शिक्षालाई इन्कार गर्दछन् वा विकृत पार्दछन् जस्तैः

क प्रेरणा र दोषरहित परमेश्वरको वचनको
ख प्रभु येशू ख्रीष्ट को हुनुहुन्छ
ग मुक्तिको बाटो
घ ख्रीष्टको आश्चर्यकर्म, जस्तै कन्याबाट जन्म र ख्रीष्टको पुनरूत्थान
ङ उत्पत्तिको पूस्तक १-११ अध्यायमा अभिलिखित बाइबलिय सृष्टि र जलप्रलयको शुद्धता।

झूटाको शिक्षाको बारेमा अझ धेरै जटिल रूपहरू पनि रहेका छन्। त्यहाँ केही छन् जसले शास्त्रको आधारभूत शिक्षालाई मूलतः सही भन्दछन्, तिनीहरू झूटा शिक्षाहरूमा नजिक छन् किनभने तिनीहरूले शास्त्रलाई लापरवाही र बेढङ्गले सम्हाल्दछन् की तिनीहरूले यसको शिक्षालाई नै विकृत पार्दछन्। कहिलेकाही लापरवाही वा वे-वास्ताबाट बाइबलको शिक्षा विपरित तिनीहरूले झूटा अभिव्यक्तिहरू जाहेर गर्दछन्।

यदि कसैले बोल्छ भने परमेश्वरकै वाणीहरूझैँ गरी बोलोस्; यदि कसैले सेवा गर्छ भने परमेश्वरले दिनुभएको योग्यताले झैँ गरोस्; यसले गर्दा सबै कुरामा परमेश्वरको महिमा येशू ख्रीष्टद्वारा होओस्, जसलाई महिमा र प्रभुता युगानुयुग होऊन। आमेन्। १ पत्रुस ४:११

परमेश्वरको वचन कसरी सम्हाल्ने भन्ने बारेमा प्रचारकहरू र शिक्षकहरू निकै होशियार हुनुपर्दछ। *यो परमेश्वरको वचन हो।* जब हामीले प्रचार गर्दछौं वा शिक्षा दिँदछौं, तब हामीले *"परमेश्वरको वचनझैँ गरी"* बोल्नुपर्दछ। यो अति गम्भिर छ। हामीले परमेश्वरको वचन अनौपचारिकरूपमा वा हेलचेक्याँई ढंगमा सिकाउनुहुँदैन। परमेश्वरले आफ्नो वचनमा जे सिकाउनुभएको छ हामीले त्यसलाई विगार्नुहुँदैन।

ती जसले सही शिक्षा प्रदान गर्दैनन् तिनीहरूका लागी बाइबलिय वर्णन

तिनीहरू व्यवस्थाका गुरु हुने इच्छा गर्दछन्; तर जुन कुरा तिनीहरू गर्दछन्, र जुन विषय ठोकेर भन्दछन्, तिनलाई तिनीहरू बुझ्दैनन् पनि। १ तिमोथी १:७

परमेश्वरको वचनमा झूटा शिक्षकहरूको बारेमा धेरै बर्णनहरू प्रस्तुत गरिएका छन्। यीमध्ये केही कठोर लाग्न सक्दछ तर तिनीहरूका गलत शिक्षाका गम्भिरता अनुसार यो वर्णात्मक भाषा समान छ।

यिनीहरू तिमीहरूका प्रेमभोज-हरूमा धक नमानी तिमीहरूसँगै भोज खाने समुन्द्री चट्टानहरूजसले ,हुन् बतासद्वारा यता र उता हुत्याइएका पानीबिनाका ;आफ्नै पेट भर्दछन्बादलहरू हुन् ,फलबिनाका ,पात झरेका ; जरैसँग उखेलिएका रूख ,दुईपल्ट मरेकाहरूआफ्नै शर्मका फीँज उगेल्ने समुन्द्रका प्रचण्ड छाल ;हुन् हरू ;हुन् बाटो बिराउने ताराहरूजसका निम्ति घोर अन्धकार सदासर्वदाका लागि साँचिएको छ। ,हुन् यहूदा १:१२-१३

यिनीहरू पानीबिनाका कुवाहरू हुन्, आँधीले उडाएर लगेको बादलहरू हुन्, जसका निम्ति घोर अन्धकार सधैंका निम्ति साँचिएको छ। २ पत्रुस २:१७

"झूटा भविष्यवक्ताहरूदेखि होसियार बस, जो तिमीहरूकहाँ भेडाको भेषमा आउँछन्, तर भित्रपट्टि चाहिँ तिनीहरू लुटाहा ब्वाँसा हुन्छन्। तिनीहरूकै फलहरूद्वारा तिमीहरूले तिनीहरूलाई चिन्नेछौ। के मानिसहरूले काँडाहरूबाट अङ्गुर वा लोहोंडेका बोटहरूबाट नेभारा बटुल्दछन् र? मत्ती ७:१५-१६

किनकी कति मानिसहरू लुकीछिपी भित्र पसेका छन्जोचाहिँ अघिदेखि नै यही दण्डका निम्ति ठहरिएका , भक्तिहीन मानिसहरू हुन्र एक मात्र ,वर्तन गर्छन्जसले हाम्रा परमेश्वरको अनुग्रहलाई कामुकतामा परि , मालिक परमेश्वर र हाम्रा प्रभु येशू ख्रीष्टलाई इन्कार गर्छन्। यहूदा १:४

हामी परमेश्वरलाई चिन्छौं भनि तिनीहरू दाबी गर्छन्, तर कामहरूद्वारा चाहिँ तिनीहरूले उहाँलाई इन्कार गर्छन्; किनकी तिनीहरू घिनलाग्दा, अनाज्ञाकारी र हरेक असल कामका लागि निकम्मा छन्। तीतस १:१६

जसका आँखाहरू व्यभिचारले भरिभराउ हुन्छन्; र ती पाप नगरी रहन सक्दैनन्; तिनीहरू अस्थिर प्राणहरूलाई फसाउँछन्; तिनीहरूको हृदय लोभी व्यवहारमा अभ्यस्त भएको हुन्छ; ती श्रापित सन्तान हुन्। २ पत्रुस २:१४

झूटा शिक्षकहरूद्वारा प्रयोग गरिएका शैली

झूटा शिक्षकहरू दुवै मण्डली भित्र र बहिरबाट पनि आउन सक्दछन्।

किनभने मलाई यो थाहा छ, म गएपछि तपाईहरूको बीचमा क्रुर ब्वाँसाहरू भित्र पस्नेछन्, जसले बगाललाई छोड्नेछैनन्। तपाईहरूकै बीचबाट पनि चेलाहरूलाई आफ्नो पछि खिँच्नालाई टेढामेढा कुरा गर्ने मानिसहरू उठ्नेछन्। यसकारण जागा रहनुहोस् र सम्झना गर्नुहोस् – मैले तीन सालसम्म रातदिन हरेकलाई आँसुको साथ वेताउनी दिन छोडिनँ। प्रेरित २०:२९-३१

किनकी कति मानिसहरू लुकीछिपी भित्र पसेका छन्जोचाहिँ अघिदेखि न ,ठ यही दण्डका निम्ति ठहरिएका भक्तिहीन मानिसहरू हुन्र एक मात्र ,परमेश्वरको अनुग्रहलाई कामुकतामा परिवर्तन गर्छन् जसले हाम्रा , मालिक परमेश्वर र हाम्रा प्रभु येशू ख्रीष्टलाई इन्कार गर्छन्। यहूदा १:४

तपाईहरूकै बीचबाट पनि चेलाहरूलाई आफ्नो पछि खिँच्नालाई टेढामेढा कुरा गर्ने मानिसहरू उठ्नेछन्। प्रेरित २०:३०

यिनीहरू तिमीहरूका प्रेमभोज-हरूमा धक नमानी तिमीहरूसँगै भोज खाने समुन्द्री चट्टानहरूजसले ,हुन् बतासद्वारा यता र उता हुत्याइएका पानीबिनाका बादल ;आफ्नै पेट भर्दछन्हरू ,फलबिनाका ,पात झरेका ;हुन् दुईपल्ट मरेकाजरैसँग उखेलिएका रूख ,हरू;हुन् यहूदा १:१२

अनि लोभको कारणले बनावटी कुराहरूद्वारा तिनीहरूले तिमीहरूबाट फइदा उठाउनेछन् ; तिनीहरूको अघिबाटकै न्यायले अब ढिलो गर्दैन, र तिनीहरूको विश्वास निदाउँदैन। २ पत्रुस २:३

यिनीहरू गनगन गर्नेहरू र सिकायत गर्नेहरू हुन्जो आफ्नै अभिलाषा ,हरूअनि तिनी ;का पछि हिँड्छन्हरूको ढाइचढाइ गरेका कुरामुखले बहरूर तिनी ,बक्दछ हरूले फाइदाका निम्ति मानिसहरूको झूटा प्रशंसा गर्दछन्। यहूदा १:१६

किनकी ती यस्ताहरूमध्येका हुन्, जो घरहरूभित्र चालमारेर पस्छन्, अनि पापहरूले दबिएका र नाना प्रकारका अभिलाषाहरूद्वारा चलाइएका मूर्ख स्त्रीहरूलाई वशमा पार्छन्; २ तिमोथी ३:६

र अब उसो बालक नरहौं, जो मनिसहरूका चलाकी र छलपूर्ण धूर्ततामा हरेक शिक्षारूपी बतासद्वारा यता र उता पारिदँछन् अनि वर र पर हुत्याइँदछन्; यस्ता कुराहरूद्वारा धोका दिनालाई तिनीहरू ढुकेर बस्छन्। एफिसी ४:१४

जसका आँखाहरू व्यभिचारले भरिभराउ हुन्छन्; र ती पाप नगरी रहन सक्दैनन्; तिनीहरू अस्थिर प्राणहरूलाई फसाउँछन्; तिनीहरूको हृदय लोभी व्यवहारमा अभ्यस्त भएको हुन्छ; ती श्रापित सन्तान हुन्। २ पत्रुस २:१४

आफै भ्रष्टताका कमाराहरू भएर तिनीहरू उनीहरूलाई स्वतन्त्रता दिने प्रतिज्ञा गर्छन्; किनकी मानिस जससँग हार्छ, त्यो उहीद्वारा कमारा बनाइन्छ। २ पत्रुस २:१९

तर जसरी मानिसहरूका बीचमा झूटा भविष्यवक्ताहरू हुन्थे, उसरी नै तिमीहरूका बीचमा पनि झूटा शिक्षकहरू हुनेछन्, जसले तिनीहरूलाई किन्नुहुने प्रभुलाई समेत इन्कार गर्दै गुप्त तवरले नाश पार्ने झूटा शिक्षाहरू भित्र हुल्नेछन्, र आफूमाथि चाँडै आउने विनाश ल्याउँछन्। २ पत्रुस २:१

बाइबलिय अर्थको मूलभूत सिद्धान्तहरू

जब हामीले बाइबलबाटको खण्डलाई "वर्णन" गर्ने बारेमा चर्चा गर्दछौं, तब हामीले यस खण्डले के भनिरहेको छ भनि सही बुझाई राख्न खोजीरहेका हुँदछौं।

शास्त्रको अधिक बहुसंख्यामा अर्थ स्पष्ट हुँदछ। यसले जे भन्न खोजेको छ त्यही नै अर्थ प्रदान गर्दछ।

निश्चय नै, बुद्धिजिवीहरूको लागी पनि स्थान रहेको छ, तर अधिकाशं बाइबललाई बुझ्नको निम्ति कुनै एक व्यक्ति बाइबल ज्ञानी हुनुपर्छ भन्ने चाहिँ होइन। बाइबलिय ज्ञानी हुनुभन्दा ईश्वरिय आत्माले भरपुर भएको व्यक्ति हुने कुरा बढी महत्वपूर्ण हो।

एक अशिक्षित साधारण मानिसले पनि परमेश्वरलाई महिमित पार्ने ईश्वरिय मानिस हुनको निम्ति परमेश्वरको वचनबाट जान्न र सही तरीकाले समझ प्राप्त गर्न सक्दछ, जो परमेश्वरको आत्माद्वारा डोर्याइदँछ, जो परमेश्वरको समिपमा हिँड्दछ, जो परमेश्वरको उपयोगी दास हो, र जसले आफ्नो जीवनमा परमेश्वरको चाहना र उद्देश्यलाई पूरा गर्दछ।

जब हामी बाइबल अध्ययन गर्दछौं तब हामीले सही अर्थ प्रदान गर्ने मूलभूत सिद्धान्तहरूको प्रयोग गर्नुपर्दैन भन्ने चाहिँ होइन। प्रत्येक ख्रीष्टियन जसले परमेश्वरको वचनलाई गम्भिरताका साथ लिन्छ उसले अर्थ प्रदान गर्न वा परमेश्वरको वचन बुझ्नको लागी केही आधारभूत सिद्धान्तहरूको प्रयोग गर्नुपर्छ । बाइबललाई "व्याख्या" गर्न वा सही तरीकाले बुझ्नको निम्ति तल केही आधारभूत सिद्धान्तहरू प्रस्तुत गरिएका छन्।

यी अर्थ प्रदानका सिद्धान्तहरूलाई लागु गरेपछि पनि, त्यहाँ ती समयहरू हुनेछन् जहाँ तपाईले कुनै खण्डलाई बुझ्न सक्नुहुन्न। यसमा ठीक नै छ। सम्पूर्ण बाइबल कसैले पनि बुझ्न सक्दैन। भविष्यमा केही बेला तपाईले यसलाई बढी बुझ्न सक्नुहोला; यद्यपि, त्यहाँ केही कुराहरू छन् जुन हामी यस पृथ्वीमा रहुन्जेलसम्म हामीले यसलाई कहिल्यै पनि पूर्ण रूपमा बुझ्न सक्दैनौं।

१ परमेश्वरसँग "सही" भएको कुरामा निश्चित हुनुहोस्।

जब परमेश्वरको वचनलाई सही तरीकाले बुझ्ने मामला आउँदछ तब यो सबै नियमहरूमध्ये सबैभन्दा आधारभूत नियम हो। यदि कसैमा थोरै मात्रामा भए पनि विद्रोह वा समर्पण नगर्ने चाहनालाई शरण दिँदछ भने, यसले परमेश्वरको आत्मालाई उसको जीवनमा कार्य गर्नको निम्ति वाधा पुर्याउँदछ। कुनै पनि व्यक्तिले परमेश्वरको आत्मालाई अगुवाई गर्ने अनुमति प्रदान गर्दैन भने परमेश्वरको वचनको प्रशस्ततालाई पक्रनको निम्ति ऊ योग्य ठहरिदैँन।

२ परमेश्वरले शास्त्रले के शिक्षा दियोस् भन्ने चाहना गर्नुहुन्छ त्यसलाई जान्नको निम्ति तपाई प्रतिवद्ध रहनुहोस्, नाकी यसले के शिक्षा दियोस् भनि तपाईले चाहना र आशा गर्नुभएको कुरामा।

परमेश्वरको वचनप्रति हामी साँचो हुनुपर्दछ। शास्त्रले के साइरहेको छ त्यसलाई आफ्नै तरीकाले अर्थ प्रदान गर्न वा व्याख्या गर्नको निम्ति कहिलेकाही हामी परिक्षामा पर्न सक्दछौं। यद्यपि, हामीले के सिकाउन चाहन्छौं वा यसले के सिकाउनुपर्छ भनि हामी विचार गर्दछौं त्यस कुरामा होइन तर बाइबलले जे शिक्षा प्रदान गर्छ त्यसलाई मानिलिनको निम्ति हामी इच्छुक रहनुपर्छ।

३ अक्षरश बाइबललाई व्याख्या गर्नुहोस्।

तलका दुई वाक्यहरू बाइबलबाटका होइनन्, तर तिनीहरूले शब्दको प्रयोगको शाब्दिक र रूपकात्मक अर्थ प्रदान गर्दछन्। प्रथम वाक्यमा "जोत्यो" शब्दलाई अक्षरश लिइएको छ, र दोश्रो वाक्यमा यसलाई रूपकात्मक रूपमा प्रयोग गरिएको छ।

एक किसानले वसन्तको ठूलो झरीपछि सुकेको खेतलाई जोत्यो।

बिदाको समय सकिएपछि, जोन फर्केर आयो र आफ्ना टेबलमा रहेको कागजीकार्वाही अघि बढायो।

निश्चय नै जोनले आफ्नो कागजी काम सकाउनको लागी एउटा ट्रयाक्टर ल्याएर आफ्नो टेबलमाथि जोतेन। यस "जोत्यो" शब्दले यस्तो रूपकात्मक अर्थ प्रदान गर्दछ की जब जोन आफ्नो बिदाबाट फर्कि आयो तब उसले गर्नुपर्ने कागजी कामहरू निकै धेरै थियो।

यसको लागी बाइबलिय उदारण स्वरूप तलको पदलाई प्रस्तुत गरिएको छः

हे शास्त्री र फरिसीहरूको, कपटीहरूको, तिमीहरूलाई धिक्कार ! किनभने तिमीहरू विधवाका घरहरू निल्दछौ, र बहानाका निम्ति लामो प्रार्थना गर्दछौ। यसकारण तिमीहरूले झन् ठूलो दण्ड पाउनेछौ। मत्ती २३:१४

येशूले फरिसीहरूलाई भन्नुभयो *"तिमीहरू विधवाका घरहरू निल्दछौ"।* हामी सबैले सहमति जनाउँदछौं की काठ, काँटी र ढुङ्गाहरू खानको लागी उपयुक्त हुँदैनन्। निश्चय नै येशूले यहाँ रुपकात्मक भाषाको प्रयोग गर्नुभएको छ। उहाँले फरिसीहरूलाई तिनीहरूका कपटीपनाका लागी निन्दा गरिरहनुभएको छ। तिनीहरूले आत्मिकी रहेको देखावटी गर्छन्; यद्यपि, आफ्ना असंयमित लोभमा तिनीहरूले आफ्ना व्यक्तिगत स्वार्थका लागी विधवाहरूमाथि फाइदा उठाए। तिनीहरूले उनीहरूका घरहरू पनि लिए।

जब हामीले बाइबल अध्ययन गर्दछौं तब हामीले कुनै अन्यथा संकेत नगरेको पाएपछि, यसले जे भन्दछ त्यही नै बुझ्नुपर्दछ। बाइबलले शिक्षण साधन जस्तै चित्र, उदाहरण, दृष्टान्त, र रुपकात्मक भाषाको प्रयोग गर्दछ। *कुनै*

पनि खण्ड अक्षरश वा रुपकात्मक, कुन रूपमा बुझिनुपर्छ भनि सन्दर्भले निर्धारण गर्दछ। बाइबल बुझ्ने एक आधारभूत नियम यो हो की हामीले सन्दर्भले अन्यथा संकेत नगरेसम्म यसका शिक्षालाई अक्षरश बुझ्नुपर्दछ।

कसैले भनेका छन् की "जब अक्षरश अर्थ सही अर्थ हुन्छ भने, अरू अर्थहरूको खोजी नगर्नुहोस्, अन्यथा तपाई व्यर्थमा कुरामा समेटिनु हुनेछ।

४ *"आत्मिकी अर्थ" नथपिकन त्यस खण्डले जे सिकाएको छ त्यसलाई स्वीकार गर्नुहोस्।*

शास्त्रलाई बुझ्नु भनेको अक्षरश खण्डमा आत्मिकी अर्थ नथप्नु हो। शास्त्रलाई आत्मिकी अर्थ थप्नु भनेको "आत्मिकी" बर्णन गर्नु हो जुन खण्डमा बताइएको हुँदैन। अथवा कुनै व्यक्तिले आत्मिकी अभ्यासहरू लागु गर्न सक्दछ जसको आधार त्यस खण्डमा रहेको हुँदैन। बाइबल साँचो आत्मिकी शिक्षाले भरपुर छ र त्यहाँ कुनै पनि आत्मिकी शिक्षाहरूलाई थपेर भन्नु पर्दैन वा शास्त्रमा वास्तविक रूपमा नसिकाइएका कुराहरूलाई अभ्यास गर्नुपर्दैन।

"आत्मिकी अर्थ" थप्ने सन्दर्भमा तल उदाहरण प्रस्तुत गरिएको छ।

एउटा विवाहित जोडीको बारेमा कथा रहेको छ जो सुझाबको निम्ति मण्डलीमा आए। प्रत्यक्षरूपमा तिनीहरूले विवाह नगर्ने निर्णय गरेका थिए; यद्यपि, इस्राएलीहरूले यरिहो शहरलाई सात पल्ट घुमेको र त्यस शहरका पर्खालहरू ढलेका घटनाको प्रवचन तिनीहरूले सुने। प्रचारकले भने की यदि भावी पतिले आफ्नी भावी पत्नीलाई सात पल्ट घुमे भने, यरिहो शहरको पर्खाल ढलेझैँ भविष्यमा हुन आउने तिनीहरूका समस्याहरू पनि त्यसै गरी ढल्नेछन्। यसैमा आधारित भइ, त्यस भावी पतिले आफ्नी भावी पत्नीलाई सात पल्ट घुमे र तिनीसँग विवाह गरे। उनले चाँडै नै थाहा गरे की सारा समस्याहरू हटिगएका थिएनन् र, त्यस समस्याको विवाहको केही वर्षपछि, तिनीहरू सुझाबको लागी मण्डलीमा उपस्थित भए।

सुन्दा यो अलिक हाँस्यास्पद र हुन नसक्नेझैँ लाग्दछ; तर यो कथा वास्तविक हो र परमेश्वरको वचनको खण्डमा "आत्मिकी अर्थ" थप्न खोज्दा के परिणाम आउँदछ भनि यसले एउटा उदाहरण पेश गर्दछ।

बिडम्बना, प्रारम्भिक तहको बालकविता "सानी बो पिप"बाट आत्मिकी अर्थ थप्दा हामीले कस्तो प्रकारको "बाइबलिय" शिक्षा हासिल गर्न सक्दछौं हेरौं।

सानी बो पिपले आफ्नो भेडाहरू हराएकी छिन् र तिनीहरूकहाँ खोज्ने उनलाई थाहा छैन।
तिनीहरूलाई एक्लै छाडिदेऊ, र तिनीहरू घर फर्की आउनेछन्, आफ्ना पछाडी पुच्छरहरू हल्लाउँदै।

यस प्राथमिक तहको बालकवितामा आत्मिकी अर्थ थप्दा, हामीले यो शिक्षा दिन सक्दछौं की परमेश्वरका मानिसहरूमध्येका धेरै मानिसहरू जो उहाँका भेडाहरू थिए, हराएका छन्। तिनीहरू यसरी हराएका छन् की परमेश्वरले पनि तिनीहरूलाई फर्काइल्याउनको लागी तिनीहरूको खोजी गर्न सक्नुहुन्न। तर यदि हामी धेर्य हुँदछौं भने, अन्ततः तिनीहरू सबै नै फेरी उद्धार गरिनेछन् र तिनीहरू आफ्नो ठाउँमा फर्की आउनेछन्। जब तिनीहरू फर्की आउनेछन्, तिनीहरू सबै सानी बो पिपका भेडाहरू खुशी भएर आफ्ना पछाडी पुच्छरहरू हल्लाउँदै घर फर्की आएझैँ, फेरी खुशी हुनेछन्।

अवश्य नै यो अर्थहिन् हो, र यो सिमाभन्दा बाहिरको कुरा हो र यो अलिक चढाइ गरिएको पनि छ, तर मानिसहरूले शास्त्रलाई अर्थ थपिकन जे वर्णन गर्न सक्छन् यो त्यति अधिक पनि रहेको भने छैन। शास्त्रलाई आत्मिकी अर्थ थपेर भन्दाखेरी कल्पना गरिने कुराहरू पनि थपेर गलत शिक्षा पनि प्रदान गरिदँछ।

धेरैजनाले त यति बढाएर भन्दछन् की बाइबलका कथाहरू वास्तविकतामा घटेका छैनन् तर ती कथाहरू बाइबलमा राखिए कारण हामीले त्यसबाट केही "आत्मिकी" पाठहरू सिक्न सकेका हौं। अवश्य नै, यो, परमेश्वरको वचनको सत्यतालाई गरिएको इन्कार हो, तरैपनि तिनीहरूले यसले "आत्मिकी" पाठ प्रदान गर्छ भनि दाबी भने गर्दछन्।

तल यशैया ११:६-९लाई उदृत गरिएको छ। यस पदको सन्दर्भमा दिइएको टिप्पणी रिचार्ड डब्लु. डि हानको तपाईले बाइबल बुझ्न सक्नुहुन्छ, पूस्तक पृष्ठ ६१ र ६२बाट लिइएको हो, जहाँ उनले यशैया ११:६-९बारेमा चर्चा गरेका छन्।

अनि ब्वाँसो भेडाको पाठासँग बस्नेछ, अनि चितुवा बाख्राको पाठासँग लेट्नेछ; अनि बाछा, जवान सिंह र पालेको पशु एकसाथ बस्नेछन्, अनि एउटा सानो केटाले तिनीहरूलाई डोर्याउनेछ। अनि गाई र भालु सँगै चर्नेछन्; तिनीहरूका बच्चाहरू एकसाथ लेट्नेछन्; अनि सिंहले गोरूलेझैं पराल खानेछ। दूध चुस्ने बच्चा साँभे साँपको दुलाको छेउमा खेल्नेछ; अनि दूध छुटाइएको बालकले विषालु साँपको बिलमा हात हाल्नेछ। मेरो सम्पूर्ण पवित्र पर्वतमा तिनीहरूले न हानी गर्नेछन्, न नाश गर्नेछन्; किनकी जसरी पानीले समुन्द्रलाई ढाकेको हुन्छ, त्यसरी नै पृथ्वी परमप्रभुको ज्ञानले भरपूर हुनेछ। यशैया ११:६-९

"सन्दर्भले तत्काल नै संकेत दिँदछ की यसले त्यो समयलाई उल्लेख गर्दछ जहाँ येशूले पृथ्वीमाथि आफ्नो शासन चलाउनुहुनेछ र आफ्नो राज्य खडा गर्नुहुनेछ। ती जसले शास्त्रमा आत्मिकी अर्थ थप्दछन् तिनीहरूले ब्वाँसोलाई एउटा संकेत दिँदछन् र भेडाहरूलाई अर्को, र सिंहलाई अरु केही नै। कसैले यस खण्डले यो अर्थ दिँदछ भनि बताउँदछन् जहाँ यस संसारमा एउटा यस्तो दिन आउने, जसले ख्रीष्टियनमतको एक मत वा सम्प्रदायलाई प्रतिनिधित्व गर्दछ, जसले अरू धर्मको मत वा सम्प्रदायसँग शान्ति र मिलाप कायम गर्दछ। तर जब हामीले यस प्रकारले अर्थ प्रदान गर्दछौं, तब एउटा धारणा अर्कोभन्दा असल वा खराब हुँदछ। यदि मैले यो धारणा प्रयोग गर्ने हो भने, मैले यो भन्ने थिएँ की ब्वाँसो संयुक्त राज्य अमेरिका हो, सिंह बेलायत हो, भालु रूस हो, र यो निष्कर्ष आउने थियो की यस खण्डले यी तीनले अन्ततः शान्ति कायम गर्दछन्। शास्त्रलाई अर्थ थप्नदाखेरी हुने अनियमितता यी नै हुन्। जब येशू आउनुहुन्छ र राज्यको स्थापना हुँदछ, तब पशुहरूबीचमा पनि शान्ति कायम हुँदछ, र तिनीहरू एक-अर्कामा विनम्र हुन्छन्, र आफ्नो मांसाहारी प्रवृत्तीलाई गुमाउँदछन्, र शुरक्षित भइ साथ चर्नेछन् भनि अक्षरश विश्वास गर्न तपाईलाई कतिको सहज हुँदछ"।

५ शास्त्रबाटको त्यस खण्डको समर्ग शिक्षामा एउटा पद मिल्न आउँछ भनि कसरी बुझ्न सकिन्छ।

बाइबल अध्ययन र अर्थ प्रकाशनको आधारभूत नियम भने खण्डको सन्दर्भलाई बुझ्नु हो। कुनै सन्दर्भबाट त्यसको वाक्याशं वा पदलाई अलग गर्नुको साटो एक व्यक्तिले सम्पूर्ण खण्डलाई पढ्नुपर्छ र त्यसमा समझ प्राप्त गर्नुपर्छ। सन्दर्भलाई नबुझिकन, एउटा पद वा वाक्याशंले के शिक्षा दिइरहेको छ त्यसमा हामीले सजिलै गलत बुझाई राख्न सक्दछौं।

उदाहरणको लागी, तलको पदलाई विचार गर्नुहोस्, "जोन र जिलले बास्केटबल खेले र जोनले जिललाई हरायो"। यदि मैले यस वाक्यको अन्तिक भागलाई मात्र दोहोर्याए भने र मैले कसैलाई "जोनले जिललाई हरायो" भनें भने, मैले यस वाक्याशंको भागलाई सन्दर्भ बिनाको तुल्याउनेछु, र यसले पूर्णरूपमा मानिसहरूलाई मार्गभ्रष्ट गर्दछ।

धेरै मानिसहरले खण्डलाई सन्दर्भ बाहिर जाँदछन्। या त तिनीहरूले सन्दर्भलाई जानेका छैनन् या त तिनीहरूले अभिप्रायले त्यस पदलाई गलत अर्थ प्रदान गर्ने छनोट गर्दछन्। यसो गर्नाले, बाइबले धेरै कुराहरू सिकाएको आभाष गराइन सकिन्छ जुन कुराहरूलाई वास्तविकतामा बाइबलले सिकाउँदैन।

६ समानांतर र सान्दर्भिक खण्डहरूको प्रकाशमा खण्डलाई व्याख्या गर्नुहोस्।

जब एउटा खण्ड प्रष्ट हुँदैन, तब हामीले त्यस विषयको समग्र बाइबलिय शिक्षालाई बुझ्नको लागी अरू समानांतर खण्डहरूको पनि अध्ययन गर्नुपर्छ। बाइबलले कहिल्यै आफैलाई विरोध गर्दैन। हामीले कुनै खण्डको अर्थ बुझ्नु अघि त्यस विषयको बारेमा बाइबलले के शिक्षा प्रदान गर्दछ त्यो पहिले बुझ्नु जरूरी हुँदछ। हामीले कठिन खण्डहरूलाई अरु खण्डहरू, जुन आफ्ना शिक्षामा प्रष्ट छन्, तिनीहरूको प्रकाशमा उति नै वेसी गरी व्याख्या गर्नुपर्दछ।

उदाहरणको लागी, १ कोरिन्थी १५:२९ले "मरेकाहरूका निम्ति बप्तिष्मा" बारेमा बताउँदछ। यसले के भन्दछ भनि समालोचकहरू बिभाजित हुँदछन् र कसैले पनि निश्चित रूपमा यस बारेमा जानेका छैनन्। यसले ठीक के भन्दैछ भनि हामीले नजाने तापनि, हामीले यो जान्दछौं की यसले उद्धार नभइ मरेकाहरूलाई बप्तिष्मा दिनाले तिनीहरूले उद्धार पाउँछन् भन्ने शिक्षा चाहिँ दिएको होइन। हामीले यस अर्थलाई मान्दैनौं किनभने यो अरु प्रष्ट खण्डहरूसँग स्पष्टरूपमा विपरित रहेको छ।

७ बाइबलमा प्रयोग गरिएका स्वतन्त्र चाबी शब्दहरूको अर्थलाई हेर्नुहोस्।

कहिलेकाही हामीले शास्त्रको कुनै खण्डमा प्रयोग गरिएको शब्दको अर्थलाई गलत बुझ्दछौं। प्रारम्भतः शुरुवातमा नयाँ नियम ग्रीक भाषामा लेखिएको थियो, अङ्ग्रेजीमा होइन। अङ्ग्रेजी शब्दाकोषमा (वेबस्टर) शब्दको खोजी गर्नु कहिलेकाही थोरै उपयोगी हुँदछ, तर प्रायजसो यसले बाइबलिय अर्थ वा प्रयोगको बारेमा त्यति धेरै असल बयान भने पेश गर्दैन। ग्रीक भाषामा के अर्थ रहेको छ वा यो कसरी प्रयोग गरिएको छ भनि जान्नु नै धेरै उपयोगी साबित हुँदछ। अनुग्रह, प्रेम, विश्वास, र आशाका बाइबलिय अर्थहरू हामीले प्रयोग गर्ने आधुनिक अङ्ग्रेजीसँग समान हुँदैनन्।

प्रायजसो बाइबल शब्दाकोष जस्तै <u>विक्लिफको बाइबल शब्दाकोष</u> उपयोगी हुन सक्दछ। अझ धेरै यथार्थ परिभाषाको लागी त्यहाँ धेरै व्याख्यात्मक शब्दाकोषहरू रहेका छन् जसले नयाँ नियम शब्दहरूको ग्रीक अर्थ प्रदान गर्दछन्। <u>भाइनको पूरानो र नयाँ नियमका शाब्दिक पूर्ण ब्याख्यात्मक शब्दाकोष</u>, पनि एक उपयोगी पूस्तक हो। यदि तपाई परमेश्वरको वचनलाई सही तरीकाले बुझ्न चाहनुहुन्छ भने यी दुवै पूस्तक नै अर्थयुक्त हुनेछ।

८ बाइबल अध्ययन गर्दै गर्दा, तपाईले अध्ययन गरिरहनुभएको लेखको शैलीलाई जान्नु असल विचार हुँदछ।

बाइबलमा बिभिन्न प्रकारका लेखहरू छन् वा प्राय "शैली" भनिन्छ। बाइबलमा वर्णनात्मक, इतिहास, व्यवस्था, निबंध, प्रवचन, कविता, दृष्टान्त, हितोपदेश, र भविष्यवाणी वा भविष्सूचक लेखहरू समावेश रहेका छन्।

यो पाठको उद्देश्य प्रत्येक लेखलाई विश्लेषण गर्ने, र कसरी यसलाई अध्ययन गर्ने र बुझ्ने भन्ने बारेमा होइन। यो एक प्रमुख योजना हुन आउँदछ। यद्यपि, यसलाई बुझ्नको निम्ति तल केही बृस्तित चर्चा र केही निर्देशनहरू प्रस्तुत गरिएका छन्।

वर्णनात्मक शैलीले के भयो सो बताउँदछ। बाइबलका धेरैजसो ऐतिहासिक अंशहरू वर्णनात्मक छन्। यदि बाइबलले यसो भयो भन्दछ भने, हामीले सरक रूपमा यसलाई सत्य स्वीकार गर्नुपर्छ र यसमा विश्वास गर्नुपर्छ।

दृष्टान्त भनेको प्रवचन वा शिक्षा हो। प्राथमिकरूपमा, चार सुसमाचारका पूस्तकका प्राय अंश र पावललका पत्रहरू शिक्षा र सिद्धान्त हुन्। कहिलेकाही यी भारी लाग्दछन्, तर यी अध्ययन गरिनु नै पर्दछ। हाम्रो विश्वासको सन्दर्भमा यी खण्डहरूले महत्वपूर्ण शिक्षा प्रदान गर्दछन्।

बाइबलमा सर्वत्र *छन्दबद्ध लेखहरू* रहेको पाइन्छ। अय्यूब, भजनसंग्रह, हितोपदेश, श्रेष्ठगीत, र उपदेशक यी सबै नै छन्दबद्ध पूस्तकहरू हुन्। कविताले प्राय आत्मालाई हलचल पार्दछ र हामीले प्राय महसुस गर्ने भावनालाई यसले व्यक्त गर्दछ। पवित्रशास्त्रका यी अंशहरूले हामीलाई प्रेरणा प्रदान गर्दछन् र परमेश्वरको प्रशंसा गर्नको निम्ति हाम्रा हृदयहरूलाई उचाल्दछ।

शास्त्रको छन्दबद्ध खण्डबाट हामीले सिक्न सक्ने धेरै कुराहरू छन्, यद्यपि; शास्त्रको शिक्षाको भागबाट गंभिर उत्तम शिक्षाहरू प्राप्त गर्न सकिन्छ। *हितोपदेश* छोटो उक्ति हो जसले साधारण सत्यतालाई व्यक्त गर्दछ। यो अपवाद नभएको कुनै पूर्ण विधि होइन।

'दृष्टान्त' लाई आत्मिकी अर्थ भएको कथा भनि बर्णन गर्न सकिन्छ। येशूले धेरै दृष्टान्तहरू बताउनुभयो। प्रथमतः साधारणतया दृष्टान्तको एकै शिक्षा हुन्छ भनि जान्नु महत्वपूर्ण रहदँछ। कथाको प्रत्येक विवरणमा आत्मिकी पाठहरू खोजी गर्ने भूल नगर्नुहोस्। सट्टामा, केन्दिरय सन्देशलाई ध्यान दिनुहोस् र त्यस प्राथमिक शिक्षामा नै स्थिर रहनुहोस्।

कहिलेकाहिँ शास्त्रको सारा भागलाई नै पूर्णरूपले बुझ्न गाह्रो हुने भनेको *'भविष्यवाणी'* का भागहरू हुन्। समय-समयमा भरपर्दो टिप्पणीका पूस्तकहरू उपयोगी हुँदछन्। यद्यपि, यदि खण्ड बुझ्न कठिन भइरहेको छ भए तापनि, हामीले अझै यसलाई पढ्न सक्छौं र हामी प्रशस्तै आशिषित हुन सक्दछौं। हामीले सम्पूर्ण विवरणलाई त बुझ्न सक्दैनौं तर के हुनेछ भनि हामीले सामान्य प्रवाह थाहा गर्न सक्दछौं र बाइबलिय भविष्यवाणीको प्रकाशमा बाँच्न सक्दछौं। हामीलाई निश्चित रुपमा थाहा छ की हाम्रो प्रभु येशू ख्रीष्ट फेरी आउँदै हुनुहुन्छ र हामी सदाको निम्ति उहाँसाथ रहनेछौं।

९ बाइबलिय सत्यताप्रतिको तपाईको समझलाई संसारिक विचारको तरीकाद्वारा प्रभावित हुन अनुमति नदिनुहोस्।

संसारिक विचार शैली र परमेश्वरको वचनमा थोरै मात्र समनाता रहेको छ। तर धेरै, शायद अति धेरै ख्रीष्टियनहरू संसारिक विचार शैलीद्वारा प्रभावित भएका छन्। यो अति सामान्य भएको छ की धेरैले यसलाई चिन्न वा जान्न सकिरहेका छैनन्। धेरै आफ्नो आत्मिकी हिँडाईमा अपरिपक्व छन् र तिनीहरूका लागी भिन्नता थाहा गर्नु निकै मुश्किल रहेको छ। यद्यपि, ती जसले ठोस बाइबलिय शिक्षालाई सही तरीकाले बुझ्न र लागु गर्दछन्, तिनीहरूका लागी महान् इनाम राखिएको छ।

हामीले बाइबललाई मानविय विचार शैली अनुकुल अर्थ प्रकाशन गर्न विरुद्ध रखवाली गरिरहनुपर्छ। परमेश्वरलाई परमेश्वर रहन दिनुहोस्। उहाँ साँचो सत्यको प्रकाशकर्ता हुनुहुन्छ। हामीले परमेश्वरको सत्यतालाई मानविय विचार शैली अनुरुप अर्थ प्रकाशन गरिकन मानिसको अघि उहाँलाई दमन गर्न खोज्नुहुँदैन।

ईश्वरशास्त्रीहरूदेखी होशियार हुनुहोस्।

व्यक्तिगतरूपमा असल बाइबल शिक्षकहरूबाट मैले पनि सिकेको छु। जब मैले तिनीहरूका शिक्षाहरू सुने र तिनीहरूका लेखहरू पढें तब मलाई धेरै पटक प्रोत्साहन मिलेको छ र प्रभुसँगको हिँडाईमा म बढेको छु। यद्यपि, मैले यो पनि जानें की जब म उनीहरूका शिक्षाहरू सुन्दछु र उनीहरूका लेखहरू पढ्दछु, तिनीहरू असल

शिक्षकहरू र ईश्वरशास्त्री हुन् भनि स्वीकार गरिए तापनि, मैले भिन्नता राख्न भने सक्नुपर्छ। म व्यक्तिगत रूपमा अरुहरूलाई पनि यो सुझाब दिन चाहन्छु की जब तपाईहरूले परमेश्वरको वचनलाई सिकाएको सुन्नुहुन्छ र परमेश्वरको वचनको सन्दर्भका अरुहरूका लेखहरू पढ्नुहुन्छ तब होशायरीसाथ भिन्नता राख्नोस्।

बाइबल परमेश्वरको प्रेरणाको वचन हो भनेर यदि रूढीवादी बाइबलिय ईश्वरशास्त्री र शिक्षकहरूले पनि विश्वास गर्ने, एक-अर्कामा सहमति जनाउने र परमेश्वरले आफ्नो वचनमा प्रकाश गर्नुभएको सत्यतालाई मात्र स्पष्ट गरी सिकाउने हुँदो हो ता अति असल हुनेथ्यो। यद्यपि, धेरै ईश्वरशास्त्री बाइबलको सरल शिक्षा दिन सन्तुष्ट हुँदैनन्। तिनीहरू बाइबलको आधारभूत शिक्षाभन्दा अधिक जान चाहन्छन् र प्रष्ट बाइबलिय शिक्षाको साटोमा आफ्नै विचार र तर्कबाट व्युत्पन्न गरिएका समझलाई जोड्न चाहन्छन्। परिणामस्वरूप, रूढिवादी ईश्वरशास्त्रीहरूले पनि धेरै भिन्न र विवादग्रस्त कुराहरू सिकाउँदछन्। धेरैले सामान्य रूपमा शास्त्र आफैलाई नै व्यक्त गर्ने अनुमति दिँदैनन् र तिनीहरूले यो महसुस गर्दछन् की बाइबलले सिकाएको कुरामा आफ्नै "समझ" बाकस गर्नुपर्छ र त्यसमा गहिरो रखवाली गर्नुपर्छ।

त्यहाँ धेरै बाइबलिय मूलभूत सत्यताहरू छन् जसलाई प्रभु र उहाँको वचनलाई प्रेम गर्नेहरूले सजिलैसँग बुझ्न सक्छन्। ती बुझ्नको निम्ति तपाई कुनै बाइबल कलेज वा विद्यालय जानुपर्दैन। यद्यपि, यही आधारभूत बाइबलिय सत्यताहरू ईश्वरशास्त्रीहरू, जसले त्यस सरल सत्यतालाई रक्षा गर्ने हेतुले लामो-लामो पूस्तकहरू लेख्छन्, उनीहरूका बीचमा असहमति र गहिरो विभाजनका श्रोतहरू हुन सक्दछन्।

ख्रीष्टियनहरूले परमेश्वरको वचन बुझ्नको निम्ति परमेश्वरको आत्मासँग सहायता माग्नुपर्छ, र त्यसपछि उहाँको वचन अध्ययन गर्नुपर्छ, र यसबाटको आधारभूत शिक्षालाई स्वीकार गरिकन अभ्यासमा उतार्नुपर्दछ। हामीले सबै कुराहरू बुझ्न सक्दैनौं। अनि यसमा ती ईश्वरशास्त्रीहरू पनि पर्दछन्, तिनीहरू पनि जसले बाइबलले सिकाएका कुराहरूमा रहेको आफ्नो विचारहरू र बुझाइहरू बर्णन गर्नको लागी धेरै लामो पूस्तकहरू लेख्दछन्।

मैले यो कुराभन्दा आफूलाई समस्यामा पार्न सक्दछु, तर म तपाईहरूलाई यो सुझाब दिन्छु की कुनै पनि ईश्वरशास्त्रिय खाका जस्तै क्याल्भ्यानिजम (क्याल्भ्यानमत \ *CALVANISM*) अरमिनियनिजम् (अरमिनियनमत \ *ARMINIANISM*), कोभेनेन्ट थेओलोजी (प्रतिज्ञा शास्त्र \ *COVENANT THEOLOGY*), रिफर्म्ड थेओलोजी (सुधारिएको ईश्वरज्ञान\ *REFORMED THEOLOGY*), वा डिस्पेन्सेसन्यालिजम् (*DISPENSATIONALISM)* आदीमा पवित्रशास्त्रलाई नमिलाउनुहोस्। फेरी, सामान्यरूपमा वचनलाई पढ्नुहोस् र परमेश्वरले आफ्नो वचनमा के कुरा प्रष्टसँग प्रकट गर्नुभएको छैन त्यसलाई बुझ्ने कोशिश गर्नुहोस्।

फेरी, व्यक्तिगतरूपमा असल शिक्षकहरूबाट मैले धेरै सिकेको छु। असल बाइबल निर्देश सामाग्री निकै उपयोगी हुँदछ। यद्यपि, हामीले यो कुरा सधैं सम्झना गर्नुपर्छ की बाइबल अध्ययन सहयोगी र निर्देश सामाग्री सबै मानिसहरूद्वारा लिखित हुन्। ईश्वरशास्त्रीहरू, विद्धानहरू, शिक्षकहरू, र लेखकहरू सबै नै अपूरो मानिसहरू हुन् र गल्ति गर्दछन्। सारा मानिसहरू, म समेत गरी, दोषक्षम छन्। तिनीहरूका लेख र शिक्षामा त्रुटि हुन्छ र हुन सक्दछ। अघि बढ्दै जानुहोस् र असल बाइबल निर्देश सामाग्रीको प्रयोग गर्नुहोस् र असल बाइबल शिक्षकहरूबाट सिक्नुहोस्, तर तपाई सधैं होशियार रहिरहनुपर्छ र तपाईले केलाई साँचो बाइबलिय सत्यता भनि लिइरहनुभएको छ त्यसमा भिन्नता राख्न सक्नुपर्दछ।

बाइबलिय असत्यताबाट आफूलाई जोगाउने

झूटा शिक्षाद्वारा आफैलाई डोर्याउन र धोका दिनबाट जोगाउनको निम्ति, हामीसँग कमसेकम चारवटा रक्षापंक्तिहरू छन्।

१ परमेश्वरसँग नजिकमा रहनुहोस् र उहाँको आत्माद्वारा डोर्याइनुहोस्।

परमेश्वरको आत्माप्रति आफ्नो ध्यान दिनुहोस्। उहाँ सत्यको आत्मा हुनुहुन्छ र उहाँले तपाईलाई सत्यतामा डोर्याउनुहुन्छ। यदि तपाईले नियमित रूपमा परमेश्वरको वचनलाई आत्मसाथ गरिरहनुभएको छ र उहाँको नजिकमा प्रतिवद्धताकासाथ हिँडिरहनुभएको छ भने, जब शिक्षा गलत हुँदछ तब तपाईले थाहा गर्नुहुनेछ। यदि केही कुरा सही छैन भनि तपाईले महसुस गर्नुहुन्छ भने, सुन्नुहोस् र भिन्नता थाहा गर्नुहोस् !!! यदि केही कुरा सही छैन भनि तपाईले महसुस गर्नुहुन्छ भने, सम्भवतः त्यहाँ केही सही भइरहेको छैन !

तापनि जब उहाँ अर्थात् सत्यको आत्मा आउनुहुन्छ, तब उहाँले तिमीहरूलाई सबैसत्यताभित्र डोर्याउनुहुनेछ; यूहन्ना १६:१३

२ व्यवस्थित बाइबल अध्ययन र अध्ययन स्वबावको बिकास गर्नुहोस् ताकी अर्ध-सत्य, विकृत सत्यता, र झूटा शिक्षाहरू जान्नको निम्ति तपाई सुविज्ञ हुनुभएको होस्।

आफूलाई परमेश्वरकहाँ ग्रहणयोग्य तुल्याउने प्रयत्न गर – एउटा शर्ममा पर्नु नपर्ने किसिमको कामदारजस्तो, जसले सत्यको वचन ठीक-ठीकसँग छुट्ट्याउँछ। २ तिमोथी २:१५

परमेश्वरको वचन अध्ययन गर्न र पढ्नको निम्ति हाम्रो निम्ति कुनै व्यक्तिगत बदली रहेको छैन। यस बिना, हामी गलत सिकाइन चाँडै प्रभावित हुन सक्दछौं। जब हामीले "परमेश्वरको वचनलाई *हामी* भित्र प्रशस्ततामा वास गर्ने अनुमति दिन्छौं", तब हामीले सही नभएको शिक्षालाई चिन्न र महसुस गर्नब सक्दछौं।

ख्रीष्टको वचनले तिमीहरूभित्र प्रशस्त गरी वास गरोस्; भजन, स्तुतिगान र आत्मिक गीतद्वारा सारा वुद्धिसित एक-अर्कालाई सिकाओ र सम्झाओ, अनुग्रहसाथ आफ्ना हृदयहरूमा प्रभुका निम्ति गाओ। कलस्सी ३:१६

३ शिक्षकहरू र पाष्टरहरू जो परमेश्वरको वचन सही तरीकाले सिकाउनको निम्ति प्रतिवद्ध रहेका छन् तिनीहरूबाट मात्र शिक्षा हासिल गर्नको निम्ति तपाई होशियार रहनुपर्दछ।

परमेश्वरको वचनमा समझ हासिल गर्न र त्यसलाई लागु गर्नको निम्ति परमेश्वरले हामीलाई वरदान भएका पाष्टरहरू र शिक्षाकहरू प्रदान गरिदिनुहुन्छ। यद्यपि, आज सत्यलाई सही तरीकाले सिकाउने पाष्टरहरू र शिक्षकहरूभन्दा सत्यतालाई विकृत पार्ने पाष्टरहरू र शिक्षकहरूको संख्या बढ्दो छ।

तपाईलाई के सिकाइएको छ त्यसलाई ध्यानपूवर्क सुन्नुहोस्। त्यो साँचो बाइबलिय सत्यता हो या केही सही नभएझैँ हो? के सिकाइएको छ त्यसका विचार गर्नुहोस्। तपाईलाई कसले परमेश्वरको वचन ठीकसँग सिकाउँछ त्यो जान्न सिक्नुहोस्। तपाईलाई थाहा नभएको कुरा कसैले तपाईलाई सिकाउँछ भने त्यसतर्फ तपाईको स्वस्थ अविश्वास हुनु असल विचार हो। असल शिक्षकहरू ठूला आशिषहरू हुन सक्छन्, तर जसले सही शिक्षा दिँदैन हामीले तिनीहरूका शिक्षालाई आत्मसाथ गर्यौं भने त्यसले हाम्रो आत्मिकी वृद्धिलाई वाधा पुर्याउन वा रोक्न पनि सक्दछ।

दुरदर्शन (टेलिभिजन) र रेडियोका प्रचारहरूमा अत्यन्त सतर्क रहनुहोस्। धेरै, शायद अति धेरै, मानिसहरू गलत कारणहरूले त्यसमा फसेका छन् र त्यहाँ करिब-करिब कल्पना गर्न सकिने सब प्रकारका झूटा वा विकृत शिक्षाहरू सिकाइन्छन्।

यो सुन्दा अलिक कठोर लाग्न सक्छ, तर यदि तपाई यस्तो मण्डलीमा हुनुहुन्छ जहाँ परमेश्वरको वचन सहीसँग सिकाउन होशियारी हुँदैन भने, तपाई त्यहाँबाट निक्लिआउनुपर्छ र लामो दूरी जानु परे तापनि, सही मण्डलीमा सहभागी हुनुपर्दछ। यदि तपाईसँग गलत शिक्षा सिकाइएको परिवार छ भने, यो अति गम्भिर विषय हो। यसको परिणामहरू अनन्ततासम्म रहन्छन् !!!

आफूले (पाष्टरहरू वा शिक्षकहरू) **पाएको शिक्षामुताबिक विश्वासयोग्य वचन बलियोसँग पक्रेर खाँटी शिक्षाद्वारा विरोधीहरूलाई अर्ती दिन र कायल गराउन सक्ने हुनुपर्छ।** तीतस १:९

४ परिपक्व ईश्वरिय ख्रीष्टियनबाट सल्लाह र सुझाबहरूको खोजी गर्नुहोस्।

यदि कुनै कुरा बाइबल अनुसार गलत छ भनि तपाई अनिश्चित हुनुहुन्छ भने, कुनै ज्ञान भएको र सत्यलाई भिन्नता गर्नसक्ने विश्वासयोग्य व्यक्तिसँग सल्लाह लिनुहोस्।

जहाँ सल्लाह छैन, त्यहाँ मानिसहरू पतित हुन्छन्; तर जहाँ धेरै सल्लाहकार हुन्छन्, त्यहाँ सुरक्षा हुन्छ। हितोपदेश ११:१४

सबै पवित्रशास्त्र परमेश्वरको प्रेरणाद्वारा दिइएको हो, अनि शिक्षाका निम्ति, भूलदोष देखाउनाका निम्ति, सुधारका निम्ति, धार्मिकताको सम्बन्धमा तालिमका निम्ति लाभदायक हुन्छ; जसद्वारा परमेश्वरको जन हरेक असल कामका निम्ति पूर्ण रुपले सुसज्जित भई सिद्ध होओस्।
२ तिमोथी ३:१६-१७

यसकारण जसरी तिमीहरूले ख्रीष्ट येशू प्रभुलाई ग्रहण गरेका छौ, यसरी नै तिमीहरू उहाँमा हिडँ; अनि उहाँमा नै जरा हाल्दै र बनिदैँ जाओ; अनि जसरी तिमीहरू सिकाइएका छौ, उसरी नै यस धन्यवादले प्रशस्त हुँदै विश्वासमा स्थिर हुँदै जाओ। होसियार होओ, नत्र कसैले तत्वज्ञान र व्यर्थैको धोकाद्वारा तिमीहरूलाई शिकार बनाउला ! ती कुराहरू मानिसका रीतिथिति र संसारका प्राथमिक शिक्षाअनुसार छन्, तर ख्रीष्टअनुसार छैनन्।
कलस्सी २:६-८

उनन्तीस

परिवर्तन हुने

अनि यस संसारसित एकनासे नहोओ, तर परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के रहेछ, सो जाँचेर थाहा पाउनालाई आफ्नो मनको नयाँ हुवाइद्वारा तिमीहरू बदली हुदैँ जाओ"। रोमी १२:२

"मनको नयाँ हुवाइद्वारा तिमीहरू बदली हुदैँ जाओ" । यो ख्रीष्टियन जीवनको अर्को जग हो। जब हामी परमेश्वरसँगको हाम्रो हिँडाईमा बढ्दै र परिपक्व हुँदै जान्छौं, तब हाम्रो विचारहरू पूर्ण र सम्पूर्ण रूपमा परिवर्तन हुँदछ। यस परिवर्तन बिना, प्रभुसँगको हाम्रो हिँडाई गम्भिर समस्यामा हुँदछ।

धेरैजनाले जसले आफू ख्रीष्टियन हुँ भनि दाबी गर्दछन् तिनीहरूमा रहेको प्रमुख समस्या यो हो की परमेश्वरले प्रदान गर्नुहुने केही कुराहरूको चाहना तिनीहरूले गर्दछन्, तरपनि तिनीहरूले संसारलेझैँ विचार गर्न र संसारझैँ हुन चाहना राख्दछन्। यसले कुनै काम गर्दैन। यदि हामी उहाँको नजिकमा हिँड्ने चाहना राख्दछौं भने, परमेश्वरले हामीलाई विचार गर्न सिकाउनु भएझैँ गरी हामोले विचार गर्नुपर्दछ।

तिमीहरूले पहिलेको चालचलनको त्यस पूरानो मान्छेलाई फालिदेओ, जो धोकापूर्ण लालसाहरूद्वारा भ्रष्ट हुन्छ, र तिमीहरूको मनको आत्मामा नयाँ हुँदै जाओ; अनि नयाँ मान्छेलाई पहिर, जोचाँही परमेश्वरको स्वरुपअनुसार धार्मिकता र साँचो पवित्रतामा सृजिएको छ। एफिसी ४:२२-२४

यस अध्ययन निर्देश भरि नै हामीले बाइबल निर्देशनहरू जस्तै परमेश्वरको नजिकमा जाने, सारा हृदयले उहाँको खोजी गर्ने, उहाँसँगको हाम्रो हिँडाईमा बढ्दै जाने, उहाँमा ग्रहणयोग्य आराधना चढाउने आदीको बारेमा चर्चा गर्यौं। यी सबैले हाम्रो परिवर्तनिय विचारलाई अपेक्षा गर्दछन्। यस निष्कर्षको अध्ययन निर्देशमा परिवर्तन हुन र हामीले विचार गर्ने तरीकामा नविकरण हुनको निम्ति हामी २३ वटा चाबी वा महत्वलाई बृस्तित रूपमा हेर्नेछौं।

यस अन्तिम अध्ययन यी विषयहरूमध्ये कुनै एकको गहिराइको व्यवहार होइन। मुख्यताः यी सबै विषयहरू, एक वा धेरै अध्ययन निर्देशमा, एक-तरीकाले अन्यद्वारा, चर्चा गरिसकिएको छ। अझ उत्तमसँग बुझ्न र अभ्यासमा लागु गर्नको लागी फेरि ती पाठहरूलाई पुनरीक्षण गर्नु उपयोगी हुनेछ।

१ मुलभूत कुराहरूको सम्झना गर्नुहोस्।

परमेश्वरलाई जान्न र उहाँसाथ हिँड्नको निम्ति तल प्रस्तुत गरिएका तीन प्रतिवद्धताहरू जग हुन्।

क परमेश्वरको वचन आत्मसाथ गर्ने। (अध्ययन निर्देश एक, एघार र अठ्ठाईस)

ख बाइबलिय प्रार्थना पद्दतीको बिकास। (अध्ययन निर्देश १६)

ग मजबुत बाइबल शिक्षा मण्डलीमा सकृयताका साथ सहभागिता जनाउने। (अध्ययन निर्देश पन्ध्र)

हाम्रो शरीरको लागी खाना, पानी जति महत्वपूर्ण छ त्यति नै हाम्रो जीवनका निम्ति यी तीन जगहरू महत्वपूर्ण छन्। हामीमध्ये कसैले पनि सिद्धतालाई प्राप्त गर्न सकेका छैनौं; यद्यपि, यदि यी तीन जगहरूमा बिकास हुनको निम्ति हामीले परिश्रम गर्दछौं भने, प्रभुसँगको हाम्रो हिँडाईमा हामी बढ्दै र परिपक्व हुँदै जानेछौं।

२ सोच-विचार गरी परमेश्वरसँगको तपाईको हिँडाईमा बढ्दै जाने छनोट लिनुहोस्।

परमेश्वरसँगको हिँडाईमा बढ्दै जाने छनोट लिनुहोस्, र यसमा स्थिर रहनुहोस्। बढ्दै जाने तपाईको प्रतिवद्धतामा परिश्रम लगाउनुहोस् र अनुशाषित हुनुहोस्। जब तपाई लर्खराउनुहुन्छ, वा विफल हुनुहुनेछ, स्वीकार गर्नुहोस्, पश्चाताप गर्नुहोस्, र सही बाटोमा हिँड्नुहोस्। तपाईको प्रतिवद्धतामा लागी रहनुहोस्। यसलाई तपाईको जीवनको उच्चतम प्राथमिकता बनाउनुहोस्।

तपाईको अपेक्षाहरूमा यथार्थवादी हुनुहोस्। तत्काल वा रातभरिमा हुने परिपक्वताको आशा नगर्नुहोस्। साँचो वृद्धि हुन समय लाग्दछ।

तर प्रियहरूहोतिमी ,हरूपवित्र आत्मामा प्रार्थना गर। ,ले चाँही आफ्नो अति पवित्र विश्वासमा आफ्नै उन्नति गर यहूदा १:२०

तर हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अनुग्रह र पहिचानमा बढ्दै जाओ। उहाँलाई अहिले पनि र सदा-सर्वदा महिमा होओस्। आमेन। २ पत्रुस ३:१८

खेलाडीहरूले कडा तालिम गर्दछन्। हामीले, पनि, आफूलाई ईश्वरिय तुल्याउनको लागी कठिन परिश्रम गर्नुपर्दछ।

तर अशुद्ध र बूढी स्त्रीहरूका दन्त्यकथाहरूलाई इन्कार गर, अनि भक्तिका निम्ति आफैलाई साधन गर। शरीरको साधनाले थोरै लाभ हुन्छ; तर भक्तिचाँही सबै कुराका निम्ति लाभदायक हुन्छ; किनकि यसैमा अहिलेको जीवन र पछि आउने जीवनको प्रतिज्ञा छ। १ तिमोथी ४:७-८

तर हे परमेश्वरका जन, तिमी यी कुराहरूबाट भाग; र धार्मिकता, भक्ति, विश्वास, प्रेम, धीरज, नम्रताको पछि लाग। १ तिमोथी ६:११

हामीले ईश्वरिय जीवनको पिछा गर्नुपर्छ। परमेश्वरको वचनमा ७०वटा भन्दा वेसी पदहरू छन्, जसले एक तरीकाले वा अन्यद्वारा, परमेश्वरको खोजीलाई उल्लेख गर्दछ। हामी, उद्धार गरिएका व्यक्तिहरू भएकाले, उहाँलाई जान्ने खोजी गर्नुपर्छ र उहाँसँगको गहिराइको परिपक्व हिँडाईद्वारा उहाँको सेवा गर्नुपर्छ।

अनि तिमीहरूले मलाई खोज्नेछौ, र मलाई भेट्टाउनेछौ, जब तिमीहरूले मलाई आफ्नो सम्पूर्ण हृदयले खोज्नेछौ। यर्मिया २९:१३

तर त्यहींबाट तिमीले परमप्रभु आफ्ना परमेश्वरलाई खोज्यौ भने – तिमीले आफ्ना सारा हृदय र आफ्नो सारा प्राणले उहाँलाई खोज्यौ भने तिमीले उहाँलाई भेट्टाउनेछौ। व्यवस्था ४:२९

३ आत्माद्वारा भरपुर हुने र विश्वासद्वारा हिँड्ने

परमेश्वरको वचनमा दुईवटा निर्देशनहरू छन् जुन परमेश्वरसँगको हाम्रो हिँडाईको हरेक पक्षको चाबी हुन्। एउटा निर्देशन हो भरपुर हुनु वा पवित्र आत्माद्वारा नियन्त्रित रहनु र अर्को हो विश्वासद्वारा जिउनु वा हिँड्नु

हो। यी दुई निर्देशनहरू आपसमा बाँधिएका छन्। एक बिना अर्कोलाई तपाईले पालन गर्न सक्नुहुन्न। जब हामी परमेश्वरको आत्माद्वारा आफ्नो जीवनलाई नियन्त्रित र सामर्थी पार्दै जान्छौं, तब हामीले विश्वासको जीवन जिउँदछौं। त्यस विश्वास हाम्रो जीवनका सारा पक्षहरू भित्र पस्दछ।

हामीलाई आत्माले भरपुर हुने निर्देशन प्रदान गरिएको छ। यो निरन्तर गइरहने कार्य हो। यदि हामीले निन्तरताका साथ आत्मालाई भरपुर हुने, अगुवाई गर्ने, र सामर्थ्य पार्ने अनुमति प्रदान गर्दैनौं भने, परमेश्वर चाहनुभएझैँ गरी हुन र गर्न हामी सक्षम हुँदैनौं।

अनि दाखमद्यले नमात, जसमा चरित्रहीनता हुन्छ; तर आत्माले भरपूर होओ; एफिसी ५:१८

यदि हामी आत्मामा जिउँछौं भने हामी आत्मामा हिडौं पनि। गलाती ५:२५

तर म यो भन्दछुः आत्मामा हिँड, र तिमीहरूले शरिरको अभिलाषा कुनै रीतिले पूरा गर्नेछैनौं। गलाती ५:१६

विश्वासमा हिँड्नको निम्ति पनि हामीलाई निर्देशन प्रदान गरिएको छ। यो, पनि, निरन्तर गइरहने कार्य हो। परमेश्वरसँगको हिँडाईमा यो आधारभूत रहेको छ।

किनकी हामी रुप देखेर होइन, तर विश्वासद्वारा हिँड्छौं; २ कोरिन्थी ५:७

तर बिनाविश्वास उहाँलाई खूशी पार्नु असम्भव छ; किनकी परमेश्वरकहाँ आउनेले, उहाँ हुनुहुन्छ र उहाँलाई यत्नसित खोज्नेहरूलाई उहाँले इनाम दिनुहुन्छ भनि विश्वास गर्नुपर्छ। हिब्रु ११:६

किनकी यसैमा विश्वासद्वारा विश्वासका निम्ति परमेश्वरको धार्मिकता प्रकट भएको छ, जसरी लेखिएको छः "धर्मी जन विश्वासद्वारा जिउनेछ"। रोमी १:१७

यसकारण जसरी तिमीहरूले ख्रीष्ट येशू प्रभुलाई ग्रहण गरेका छौ, यसरी नै तिमीहरू उहाँमा हिडँ; अनि उहाँमा नै जरा हाल्दै र बनिदैँ जाओ; अनि जसरी तिमीहरू सिकाइएका छौ, उसरी नै यस धन्यवादले प्रशस्त हुँदै विश्वासमा स्थिर हुँदै जाओ। कलस्सी २:६-७

यस अध्ययन भरि नै हामीले परमेश्वरसँगको हिँडाई बारेमा चर्चा गरिरहेका छौं। परमेश्वरको वचनमा हनोक र जूह दुवै नै परमेश्वरसाथ हिँड्ने मानिसका उदाहरणहरू हुन्। आज हाम्रो लागी, परमेश्वरसँग हिँड्नु भनेको आत्माद्वारा र विश्वासद्वारा हिँड्नु हो। याद गर्नुहोस्, हामीले आत्मा र विश्वासद्वारा हिँड्नुपर्छ भनि हामीलाई निर्देशन प्रदान गरिएको छ। परमेश्वरको वचनले हामीलाई "आत्मामा दगुर्नु" वा "विश्वासका फट्को मार" भनि निर्देशन प्रदान गर्नुभएको छैन। सामान्यरूपमा हामीलाई आत्मा र विश्वासद्वारा हिँड्नुपर्छ भनि निर्देशन प्रदान गरिएको छ। हामी एक पटकमा एउटा पाइला चाल्दछौं। जब हामी प्रभुतर्फ समर्पणतामापाइला- पाइला गरी हिँड्न सिक्दछौं, तब हामीले ख्रीष्टियन जीवन सिद्धान्तको आधारभूतमध्येको एकमा – परमेश्वरको आत्माको अधिनमा विश्वासद्वारा जीवन जिउने - दक्खल हासिल गर्दछौं। यदि हामीले एक पटकमा एक पाइला चाल्दछौं भने हामी हाम्रो सारा जीवनभरि नै परमेश्वरसाथ हिँड्न सक्नेछौं।

त्यहाँ ती समयहरू आउनेछन्, विशेष गरी जब हामी समस्यामा पर्नेछौं, जसले गर्दा हामी निरूत्साहित वा भविष्य विचार गर्दा भयमा हुनेछौं। कुराहरू कसरी हुन आउनेछन् भनि हामी विचार गर्दछौं। परमेश्वरमा एक पटकमा एक पाइला गरी आज्ञाकारी हुन सिक्नुहोस्। अर्को पाइला चाल्न वा अर्को केही घण्टा बिताउनको लागी उहाँमाथि भरोसा राख्नुहोस् र उहाँमा पालन गर्नुहोस्। त्यसपछि भविष्यलाई परमेश्वरको हातमा राख्न आफैलाई अधिन गर्नुहोस् र सुर्ता लिन छोड्नुहोस्।

४ मेरिलिनबाटको सुझाब – तत्काल नै आत्माको पालन गर्नुहोस्।

मेरी पत्नीकी एक बहिनी छिन्, मेरिलिन, जो मैले जानेमध्येको सबैभन्दा ईश्वरिय मानिस हुनुहुन्छ। उहाँ आफ्नो ९०औं दशकतिर हुनुहुन्छ र उहाँ अवकाश गृहमा रहनुहुन्छ। प्रभुमा उहाँको असाधारण विश्वास रहेको छ र उहाँ प्रार्थनाकी स्त्री हुनुहुन्छ। उहाँले अरुहरूसँग निरन्तर रूपमा प्रभुको बारेमा कुरा गरिरहनुहुन्छ। जब म यस पाठ लेख्रे तयारी गरिरहेको थिएँ, मैले उहाँलाई बोलाए र उहाँसँग सल्लाह मागें। उहाँले एउटा कुरा भन्नुभयो की उहँले आत्माको पालन तत्काल गर्न सिक्नुभयो। जब परमेश्वरको आत्माले उहाँलाई केही गर्नको निम्ति अगुवाई गर्नुभएको महसुस उहाँले गर्नुहुन्थ्यो, तब उहाँले तत्काल नै त्यो मान्नुहुन्थ्यो। यदि उहाँले त्यसलाई स्थगित गर्नुभएको खण्डामा, केही अवरोध पुर्याउने कुरा हुन आउने थियो वा केही कारणहरूले गर्दा पछिबाट त्यो त्यति प्रभावकारी नहुने थियो। यो सुझाब मलाई पनि अति उत्तम लाग्यो। जब तपाईले आत्माले तपाईलाई अगुवाई गर्नुभएको महसुस गर्नुहुन्छ, तब तुरून्तै पालन गरिहाल्नुहोस्। भोली ढिलो हुन सक्छ।

५ हाम्रो प्रभु येशू ख्रीष्टको स्वरूपमा ढालिदैँ जानुहोस्। उहाँमा केन्द्रित हुनुहोस्, मानिसहरू, कुराहरू, वा परिस्थितीहरूमा होइन।

किनभने जसलाई उहाँले पहिले नै जान्नुभएको थियो, उनीहरूचाँही आफ्नै पुत्रको रुपमा ढालिऊन् भनेर उहाँले उनीहरूलाई पहिले नै ठहराउनु पनि भयो, यसैले की उहाँ चाँही अनेकौं भाइहरूका बीचमा जेठा होऊन्। रोमी ८:२९

किनकी यसैका निम्ति तिमीहरू बोलाइएका पनि हौ; किनभने तिमीहरू उहाँकै पाइलाहरूका पछि-पछि हुँड भनेर नै हाम्रा लागी एउटा नमुना छोड्दै ख्रीष्टले हाम्रा निम्ति दुःख भोग्नुभयो। १ पत्रुस २:२१

यो सारा संसार अस्तित्ववमा आउनुपूर्व, उहाँका अनुयायीहरू उहाँजस्तै होऊन् भनि परमेश्वरले योजना बनाइसक्नुभएको थियो। हामी अस्तित्वमा आउनुको मुलभूत कारण यो नै हो। जति धेरै हामी उहाँजस्तै हुन्छौं, त्यति नै वेसी हामीले उहाँलाई महिमित तुल्याउँदछौं, जति हाम्रो संगति उहाँसँग गहिरो रहन्छ, त्यति नै वेसी उहाँसँग हाम्रो हिँडाई नजिकमा रहन्छ, जति हामी उपयोगी हुँदछौं, उहाँकोप्रतिको हाम्रो आराधना त्यति नै वेसी हुँदछ।

यदि हामी उहाँझैँ अधिक हुन चाहन्छौं भने, उहाँ कस्तो हुनुहुन्छ र उहाँले के सिकाउनुभयो भन्ने सम्बन्धमा हाम्रो समझ वढ्दै जानुपर्छ। हामी सबैले नै सुसमाचारका चार पूस्तकहरू – मत्ती, मर्कुस, लूका, र यूहन्ना र शास्त्रका अरु पूस्तकलाई पढ्नुपर्छ र आत्मसाथ गर्नुपर्छ। फेरी, यो तत्काल नै हुन भने आउँदैन। येशू जस्तै हुनु भनेको जीवनभरि बढ्दै जाने प्रकृया हो।

ख्रीष्टियन भएकाले, हामी हाम्रो प्रभु येशूमा केन्द्रित रहनुपर्छ। यदि हामी निरन्तररूपमा प्रभु बाहेक मानिसहरू, परिस्थितीहरू, वा अरू कुनै कुराहरूमा केन्दित भइरहन्छौं भने, हामी निरूत्साहित हुनेछौं, र हृदय गुमाउनेछौं। यदि हामीले मानिसहरूमा ध्यान दिन्छौं भने, चाँडो वा ढिलो तिनीहरूले हामीलाई निराश वा भ्रममा पार्नेछन्। जब हामीले प्रभु येशू ख्रीष्टलाई हाम्रो केन्द्र बनाउँदछौं र उहाँले हाम्रो निम्ति भोग्नुभयो सो सम्झना गर्छौं भने, हामी हार्दैनौं वा हृदय गुमाउँदैनौं।

हाम्रो विश्वासका कर्ता र सिद्ध पार्नुहुने येशूलाई हेर्दै, जसले आफ्नो अघिल्तिर राखिएको आनन्दका निम्ति शर्मलाई पनि तुच्छ ठानेर क्रुसको शासना सहनुभयो, र परमेश्वरको सिंहासनको दाहिने हातपट्टि बस्नुभयो।

जसले आफ्नो विरुद्धमा पापीहरूको यस्तो विरोध सहनुभयो, उहाँलाई विचार गर; कि थकित नहोओ, र आफ्ना मनहरूमा हताश नहोओ। हिब्रु १२:२-३

६ परमेश्वरले तपाईलाई कति गहिरो प्रेम गर्नुहुन्छ सो सम्झना गरिरहनुहोस्।

"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, की उहाँले आफ्नो एकमात्र जन्माइएको पुत्रलाई दिनुभयो- उहाँमाथी विश्वास गर्ने कोही पनि नष्ट नहोस्, तर उसले अनन्त जीवन पाओस्"। यूहन्ना ३:१६

र विश्वासद्वारा ख्रीष्ट तिमीहरूका हृदयहरूमा वास गरुन्; र प्रेममा जरा गाडिएको र जग बसालिएको हुँदै तिमीहरूले चौडाइ, लमाइ, गहिराइ र उचाइ के रहेछ, सो कुरा सबै पवित्र जनहरूसित थाह पाउन सक; र ज्ञानले जानेर नसकिने ख्रीष्टको प्रेमलाई जान्न सक, कि तिमीहरू परमेश्वरको सारा परिपूर्णताले भरपूर होओ। एफिसी ३:१७-१९

हामी सबैले नै कठिन परिस्थितीहरूको अनुभव गर्दछौं। परमेश्वरले हामीलाई धेरै र गहिरो प्रेम गर्नुहुन्छ र उहाँ सदा हामीसाथ रहनुहुन्छ भनि सम्झना गर्नु ठूलो प्रोत्साहन हुँदछ।

हेर त, पिताले हामीलाई कस्तो किसिमको प्रेम प्रदान गर्नुभएको छ – हामी परमेश्वरका सन्तान कहलिँदछौं; यसैकारण संसारले हामीलाई चिन्दैन, किनभने यसले उहाँलाई चिनेन। १ यूहन्ना ३:१

किनकी पृथ्वीमाथि आकाश जति उच्च छ, उहाँको डर मान्नेहरूप्रति उहाँको करुणा पनि उत्ति नै महान् छ। भजनसंग्रह १०३:११

हे परमेश्वर, तपाईको करूणा कति उत्तम छ ! यसैकारण मानिसका सन्तानहरूले तपाईका पखेटाहरूको छायामनि शरण लिन्छन्। भजनसंग्रह ३६:७

७ हाम्रा प्रेमिलो पिताको निरन्तर रहने उपस्थितीको चेतनालाई बिकास गर्नुहोस्।

परमेश्वर सदैव हाम्रो साथमा हुनुहुन्छ। उहाँ हामीभित्र हुनुहुन्छ; उहाँ हाम्रो आडमा हुनुहुन्छ; उहाँ हाम्रो अघि हुनुहुन्छ; उहाँको हाम्रो पछि हुनुहुन्छ; उहाँ हाम्रो माथि हुनुहुन्छ र उहाँ हाम्रो मुनि हुनुहुन्छ। उहाँले चारैतिरबाट हामीलाई घेर्नुहुन्छ। परमेश्वरले हामीलाई कहिल्यै छाड्नुहुन्न।

तपाईले मलाई पछि र अघि घेर्नुभएको छ, र आफ्नो हात ममाथि राख्नुभएको छ। भजनसंग्रह १३९:५

तपाईको आत्मादेखी म कहाँ जाऊँ? अथवा तपाईको उपस्थितिबाट म कहाँ भागूँ? म आकाशमा उक्लें भने तपाई त्यहाँ हुनुहुन्छ, अनि मैले पातालमा आफ्नो ओछ्यान बनाएँ भने हेर्नुहोस्, त्यहाँ पनि तपाई हुनुहुन्छ। म बिहानमा पखेटाहरूमा उडेर समुन्द्रका आखिरी भागहरूमा गई बसें भने त्यहाँ पनि तपाईको हातले मलाई डोर्याउनेछ, र तपाईको दाहुने हातले मलाई समात्नेछ। भजनसंग्रह १३९:७-१०

अनि परमप्रभु नै, अँ उहाँ नै तिम्रो अघि-अघि जानुहुन्छ; उहाँ तिम्रो साथमा रहनुहुन्छ; उहाँले तिमीलाई छोड्नुहुन्न र तिमीलाई त्याग्नुहुन्न; नडराऊ ! निराश नहोऊ!" व्यवस्था ३१:८

सबै साँचो ख्रीष्टियनहरूमा स्थायी रूपमा परमेश्वरको आत्माले वास गर्नुहुन्छ वा रहनुहुन्छ।

अनि म पितालाई प्रार्थना गर्नेछु, र उहाँले अर्को शान्तिदाता, उहाँ सधैँभरि तिमीहरूसँगै रहून् भनेर तिमीहरूलाई दिनुहुनेछ; अर्थात् सत्यको आत्मा, जसलाई संसारले ग्रहण गर्न सक्दैन; किनभने त्यसले न ता

उहाँलाई देख्छ, न उहाँलाई चिन्छ; तर तिमीहरूले उहाँलाई चिन्छौ, किनकी उहाँ तिमीहरूसित रहनुहुन्छ, र तिमीहरूभित्र हुनुहुनेछ। यूहन्ना १४:१६-१७

जब हामीले यो महसुस गर्दछौं की परमेश्वर र उहाँको प्रेमले हामीलाई हरेक दिन हरेक क्षण र हामीले चाल्ने हरेक पाइलामा हामीलाई चारैतिरबाट पूर्णरूपमा घेर्दछ, तब हाम्रो जिउने र विचार गर्ने तरीकालाई यसले बदली गराउँदछ। यस समझले उहाँमा विश्वासयोग्य हुन र उहाँसँगको हाम्रो हिँडाईमा समान हुनको निम्ति हामीलाई उत्साह, सामर्थ्य र प्रोत्साहन प्रदान गर्दछ।

८ सारा अस्तित्वमा रहेका थोकहरूको – पृथ्वी, सारा जगत्, अन्तरिक्ष, र सारा प्रकारका जीवन - सृष्टिकर्ता परमेश्वर हुनुहुन्छ भनि थाहा गर्नुहोस्।

हामी प्रत्येक समेत गरी, सारा अस्तित्वमा रहेका कुराहरूको सृष्टिकर्ता परमेश्वर हुनुहुन्छ भनि जान्नु मूलभूतरूपमा परमेश्वरप्रति सही हेराई राख्नु हो र उहाँसँग सही सम्बन्ध कायम गर्नु हो। यस पृथ्वी र हामी, मानव, "प्राकृतिक छनोट"का बिनाक्रमका उपज होइनौं। हामी परमेश्वरका प्रत्यक्ष सृष्टिहरू हौं।

शुरुमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो। उत्पत्ति १:१

किनभने स्वर्गमा भएका र पृथ्वीमा भएका कुराहरू, देखिने र नदेखिने कुराहरू, चाहे सिंहासनहरू, चाहे प्रभुताहरू, चाहे प्रधानहरू, चाहे अधिकारीहरू, सबै उहाँहरूद्वारा नै सृष्टि गरिएका हुन्; सबै कुराहरू उहाँद्वारा र उहाँकै निम्ति सृष्टि गरिएका हुन्; कलस्सी १:१६

सारा पृथ्वीले परमप्रभुको भय मानोस्; संसारका सबै बासिन्दाहरू उहाँको डरले भयभित होऊन्! किनकी उहाँ बोल्नुभयो, र त्यो भइगयो; उहाँले आज्ञा गर्नुभयो, र त्यो खडा भयो। भजनसंग्रह ३३:८-९

सबै कुराहरू उहाँद्वारा हुन आए, अनि हुनआएका कुराहरूमध्ये कुनै पनि उहाँबिना हुन आएन। यूहन्ना १:३

९ व्यक्तिगत रूपमा तपाई पनि परमेश्वरबाट सृष्टि गरिनुभयो, यस कुरालाई महसुस गर्नुहोस्। तपाईका निम्ति उहाँबाटको उद्देश्य रहेको छ, र त्यस उद्देश्यलाई पूरा गर्नको निम्ति उहाँले तपाईलाई सुसज्जति पार्नुहुन्छ। आफ्ना वरदानलाई अभ्यास गर्नुहोस्, र विश्वासी जनहरूलाई प्रोत्साहन र निर्माण गर्नको निम्ति आफ्ना योग्यताहरू प्रयोग गर्ने बाटोको खोजी गर्नुहोस्।

परमेश्वरले संसार मात्र सृष्टि गर्नुभएन, उहाँले हामी प्रत्येकलाई आफ्नै स्वरूपमा बनाउनुभयो। हाम्रो जन्म संयोगवश भएको होइन। हामी को हौं र हाम्रो जीवनको उद्देश्य के हो, भनि बुझ्नको लागी हामीले यस आधारभूत कुरालाई थाहा गर्नुपर्दछ।

अनि परमेश्वरले भन्नुभयोः "हामी मानिसलाई हाम्रै स्वरुपमा, हाम्रै समानतामा बनाऔँ, र तिनीहरूले समुन्द्रका माछामाथी, आकाशका पंक्षीहरूमाथी र घरेलु पशुमाथी, साथै सारा पृथ्वीमाथि र पृथ्वीमाथि घस्रने हरेक घस्रने जन्तुमाथि अधिकार राखून्!" अनि परमेश्वरले मानिसलाई आफ्नै स्वरुपमा सृष्टि गर्नुभयो; उहाँले तिनलाई परमेश्वरको स्वरुपमा सृष्टि गर्नुभयो; उहाँले तिनीहरूलाई नर र नारी गरेर सृष्टि गर्नुभयो। उत्पत्ति १:२६-२७

तल भजनसंग्रह १३९बाट साभार गरिएको पद अचम्मको छ। हामी गर्वधारण हुँदा र आमाको गर्वमा हुर्कदैँ गरेको अवस्था पनि परमेश्वरको सृजनात्मक कार्य हो।

किनभने तपाईले मेरो अन्तस्करणलाई आफ्नो अधिकारमा लिनुभएको छ; मेरी आमाको गर्भमा तपाईले मलाई ढाक्नुभएको छ। म तपाईको प्रशंसा गर्नेछु; किनभने म भययोग्य र आश्चर्यपूर्ण रीतिले बनाइएको छु; तपाईका कामहरू अद्भूत छन्, अनि मेरो प्राणले यो कुरा राम्री जान्दछ। भजनसंग्रह १३९:१३-१४

तलको पद भविष्यवक्ता यर्मियाकहाँ प्रकट भएको थियो; यद्यपि, यो हामी सबैको निम्ति सत्य रहेको छ।

"मैले तिमीलाई पेटमा रच्नुभन्दा पहिल्यै म तिमीलाई चिन्दथैँ; अनि तिमी गर्भबाट निस्कनुभन्दा पहिल्यै मैले तिमीलाई पवित्र गरैँ, र जाती-जातीका निम्ति तिमीलाई भविष्यवक्ताको रुपमा नियुक्त गरैँ"। यर्मिया १:५

आफ्ना सारा सृष्टिका थोकहरू सृष्टि गर्न पछाडि परमेश्वरको उद्देश्य रहेको थियो र प्रत्येक व्यक्तिको सृष्टि पछाडी पनि उहाँको उद्देश्य रहेको छ। यदि हामी क्रमरहितका थियौं वा प्राकृतिक छनोटद्वारा अस्तित्वमा आएका हुँदा हो ता हाम्रो जीवनमा कुनै उद्देश्य हुने थिएन, त्यहाँ सही वा गलत हुने थिएनन्, र अघिल्तिर हेर्नको निम्ति कुनै अनन्तता रहने थिएन। तपाईको जन्म संयोगवश भएको होइन, न ता तपाई परमेश्वरको परिवारको दोश्रो दर्जाको सदस्य हो। हामी हरेकलाई उहाँले सेवकाईको जिम्मा दिनुभएको छ र हामी प्रत्येक नै उहाँको परिवारमा आवश्यक छौं। परमेश्वरलाई आफ्नो सृष्टिकर्ता भनि जान्नु र उहाँको उद्देश्य पूरा गर्नुले हाम्रा जीवनलाई गहिरो अर्थ र संकल्प प्रदान गर्छ।

मेरो तत्व बनिनसक्दै तपाईका आँखाले ती देखे, अनि मेरा जुन अङ्गप्रत्यङ्गहरू लगातार बनिँदै गइरहेथे, तीमध्ये एउटै पनि नहुँदा नै ती सब तपाईको पूस्तकमा लेखिसकिएका थिए। अनि हे परमेश्वर, तपाईका विचारहरू मेरा निम्ति कति बहुमूल्य छन्; तिनको योगफल कति धेरै छ ! भजनसंग्रह १३९:१६-१७

जसले सबै कुराहरू आफ्नो इच्छाको सल्लाहमुताबिक गर्नुहुन्छ, उहाँको संकल्पअनुसार पहिल्यै ठहराएको हुनाले हामीले उहाँमा पैतृक – सम्पत्ती पनि पाएका छौं। एफिसी १:११

हाम्रो जीवन, गर्वधारण देखि हाम्रो मृत्युसम्म सब परमेश्वरको हातमा छ। परमेश्वरसँग हामीलाई सृष्टि गर्ने उद्देश्य मात्र रहेको छैन, त्यस उद्देश्य, जसका लागी हामी सृष्टि गरियौं, त्यसलाई पूरा गर्नको निम्ति, उहाँले हामीलाई सुज्जित पार्नुहुन्छ र सामर्थी तुल्याउनुहुन्छ। परमेश्वरलाई र उहाँका शरिरका अङ्गहरूको (मण्डली) सेवा गर्न सकौं भनेर उहाँले हामी सबैलाई विशेष वरदान वा योग्यताले सुज्जित पार्नुभएको छ। उहाँले हामीलाई उहाँको इच्छा अनुसारले शरिरको स्थानहरूमा राख्नुभएको छ, र उहाँको इच्छा अनुरुप सेवा गर्नको निम्ति उहाँले हामीलाई सुजज्ति पार्नुहुन्छ। "आत्मिकी वरदान", परमेश्वरको सेवा गर्नको निम्ति उहाँद्वारा प्रदान गरिएको विशेष योग्यतालाई जनाउनको निम्ति यस पारिभाषिक शब्दलाई प्रयोग गरिन्छ।

आत्मिकी वरदान व्यक्तिगत विश्वासीका निम्ति आत्माद्वारा प्रदान गरिएको र आत्माद्वारा सामर्थ्यी बनाइएको योग्यता हो जसद्वारा परमेश्वरको आत्माले उहाँको शरिर- मण्डलीको अर्को सदस्यलाई सेवा गर्न प्रयोग गर्नुहुन्छ।

जब एक विश्वासीले आफ्नो आत्मिकी वरदानलाई अभ्यास गर्दछ, त्यसबाट अरुहरूले पनि लाभ पाउँदछन्। तिनीहरूलाई पनि कुनै तरीकाबाट प्रोत्साहन, सामर्थ्य, शिक्षा,सल्लाह वा सहायता मिल्दछ। जब हामीले आफ्नो आत्मिकी वरदानलाई अभ्यास गर्दछौं, अरु ख्रीष्टियनहरू आफ्ना विश्वासमा परिपक्व हुँदछन् र मण्डली अझ वेसी परिपक्व र एकिकृत हुँदछ। ख्रीष्टियनहरू परमेश्वरसँगको आफ्नो हिँडाईमा बढ्दै जादँछन् र यसद्वारा प्रभु येशू ख्रीष्टको आदर र महिमा हुँदछ।

हरेकले पाएको वरदानअनुसार, परमेश्वरका नाना प्रकारका अनुग्रहका असल भण्डारीहरूझैँ तिमीहरूले त्यो वरदान एक-अर्काको सेवामा लगाओ। १ पत्रुस ४:१०

ख्रीष्टियन जीवन सधैँ सहज भने छैन। हामीले एक-अर्कालाई प्रोत्साहन दिनुपर्छ र एक-अर्कालाई निर्माण गरिरहनुपर्छ। हाम्रा विश्वासी जनहरूले हामीलाई हेरचाह र सहायता गर्छन् भनि थाहा गर्नु हाम्रा निम्ति ठूलो उत्साहको कुरा हो। परमेश्वर हाम्रो पक्षमा हुनु महान् कुरा हो, तर हामीलाई प्रभुमा रहेका हाम्रा दाजु\भाइ, दिदी\बहिनीहरूको पनि आवश्यकता पर्दछ। परमेश्वरले हामीलाई यसै अनुरुपले सृष्टि गर्नुभयो।

यसकारण एक-अर्कालाई सान्त्वना देओ, र एउटाले अर्काको उन्नति गर, जो तिमीहरूले गर्दैछौ पनि। १ थेस्सोलोनिकी ५:११

तर जबसम्म 'आज' भनिन्छ, तबसम्म दिनहुँ एक-अर्कालाई अर्ती देओ, र पापको छलद्वारा तिमीहरूमध्ये कोही कठोर नबनोस्। हिब्रु ३:१३

जब हामी बलियाहरूले कमजोरहरूका दुर्बलताहरू सहनुपर्दछ, र आफैलाई खुशी पार्नुहुँदैन। रोमी १५:१

सारा प्रार्थना र अन्तर्विन्ती गर्दै हर समय आत्मामा प्रार्थना गर, अनि यसैका निम्ति सारा प्रयत्न र सबै पवित्र जनहरूका लागी अन्तर्विन्ती गर्दै जागा रहो; एफिसी ६:१८

१० परमेश्वर सारा समयहरूमा पूर्णरूपले नियन्त्रक हुनुहुन्छ भनि थाहा गर्नुहोस्। उहाँ सार्वभौम हुनुहुन्छ। चिन्ता छाड्नुहोस्, परमेश्वरमा भरोसा राख्नुहोस्, र जीवनको आनन्द लिनुहोस्।

परमेश्वर संसारको सृष्टिकर्ता मात्र हुनुहुन्न, यस संसारमा, घटेकाका सारा कुराहरूमा र हुनेवाला कुराहरूमा उहाँको पूर्ण नियन्त्रण रहेको छ। अस्तित्वमा रहेका सम्पूर्ण कुराहरूमाथि उहाँकै नियन्त्रण रहेको छ। सारा संसार, पृथ्वी समेत गरी, उहाँको हातमा रहेको छ। भूमण्डलीय उष्मीकरण, रूखहरूको घट्दो संख्या, ध्रुविय भालुको नाश, वा अरु कुराहरूमा परमेश्वर डर मान्नुहुन्न। यथार्थमा, यस पृथ्वीमा हुन आउने सारा कुराहरूमा उहाँ नै नियन्त्रक हुनुहुन्छ।

परमप्रभुले स्वर्गमा आफ्नो सिंहासन स्थापित गर्नुभएको छ; अनि उहाँको राज्यले सबैमाथि शासन गर्दछ। भजनसंग्रह १०३:१९

परमप्रभुले सदा-सर्वदा राज्य गर्नुहुनेछ। प्रस्थान १५:१८

यस पृथ्वीमा रहेका सारा देशहरूमाथि परमेश्वरको नियन्त्रण रहेको छ। उहाँले शासकहरू र अधिकारमा रहेकाहरूको उदय र पतन गराउनुहुन्छ। हामीले उहाँको योजना र विचारहरूलाई सधैँ थाहा नगरे तापनि, उहाँको नियन्त्रणमा रहेको देशद्वारा उहाँले आफ्नो इच्छा र उद्देश्य पूरा गरिरहनुभएको छ।

जस्तो हामीले सुनेका थियौं, त्यस्तै हामीले सेनाहरूका परमप्रभुको शहरमा, हाम्रो परमेश्वरको शहरमा देखेका छौं; परमेश्वरले त्यसलाई सधैंका निम्ति स्थिर पार्नुहुनेछ। भजनसंग्रह ४७:८

अनि समयहरू र बेलाबखतहरू उहाँले नै बदली गर्नुहुन्छउहाँले राजा ;हरूर राजा ,लाई हटाउनुहुन्छहरूलाई उहाँले ;बसाल्नुहुन्छबुद्धिमानहरूलाई बुद्धि र समझदारहरूलाई समझ दिनुहुन्छ। दानिएल २:२१

राजाको हृदय परमप्रभुको हातमा पानीका खोलाहरूझैँ छ; उहाँले जता चाहनुहुन्छ, त्यतै त्यसलाई फर्काउनुहुन्छ। हितोपदेश २१:१

अनि पृथ्वीका सबै बासिन्दाहरू शून्यसरह गनिएका हुन्अनि उहाँले स्वर्गको सेन ;०ाको बीचमा र पृथ्वीका बासिन्दाहरूको बीचमा आफ्नै इच्छाअनुसार काम गर्नुहुन्छन ता ,अनि कसैले उहाँको हात रोक्न सक्दैन ; उहाँलाई'तपाईले के गर्दै हुनुहुन्छ?' भन्न सक्दछ। दानिएल ४:३५

जीवन र मृत्यु परमेश्वरको हातमा छ।

अब हेर, म, अँ, म उही हुँ; र मसित अरू कुनै देवता छैन, म मार्छु, र म नै जीवित पार्छु; म घायल पार्छु, र म नै निको पार्छु; अनि मेरो हातबाट छुटाउन सक्ने कोही छैन। व्यवस्था ३२:३९

ख्रीष्टियन भएकाले, धेरै कुराहरूको तवाव हामीमा हुन सक्दछ। यद्यपि, के गर्ने भनेर स्वर्गमा परमेश्वर हात मोलेर बस्नुहुन्न। हामी, उहाँको सन्तान भएकाले, विश्राम लिन सक्छौं, यो जानेर की परमेश्वर पूर्णरूपमा नियन्त्रक हुनुहुन्छ। यथार्थमा, हामी जो उहाँका छोरा-छोरीहरू हौं, हाम्रा भलाईका निम्ति उहाँ सारा कार्यहरू गरिरहनुभएको छ। यो उल्लेखनीय सत्यता हो।

अनि हामी जान्दछौं, परमेश्वरलाई प्रेम गर्नेहरूका निम्ति सबै कुरा मिलेर भलाई नै उत्पन्न गर्दछन् – उनीहरूका निम्ति , जो उहाँकै मनसायअनुसार बोलाइएका छन्। रोमी ८:२८

हामीमध्ये सबै जो-जति उहाँका अनुयायीहरू हौं, हामीले छनोट गर्न सक्छौं। हामी जीवनमा असहज, भय, दुःखी, र निरूत्साहित भइ जान सक्छौं, वा हामीले परमेश्वरमा भरोसा गर्ने, आज्ञा पालन गर्ने, र जीवनलाई आनन्द लिने छनोट गर्न सक्छौं। छनोट हाम्रो नै हो।

जसको मन तपाईमाथी अडेसिएर बसेको हुन्छ, उसलाई तपाईले शान्ति नै शान्तिमा जोगाइराख्नुहुनेछ; किनकी उसले तपाईंमाथि भरोसा राख्दछ। यशैया २६:३

शान्ति म तिमीहरूको साथमा छोड्छु, मेरो शान्ति म तिमीहरूलाई दिन्छु, संसारले दिने जस्तोचाँही म तिनीहरूलाई दिन्नँ। तिमीहरूको हृदय विचलित नहोस्, नता भयभित होस्। यूहन्ना १४:२७

वाह ! प्रभुमा किन कसैले विश्वास गर्ने छनोट नगर्ने?

११ परमेश्वरको पवित्रताको बारेमा समझ र आदरलाई बिकास गर्नुहोस्। परमेश्वरको प्रशंसा र आराधना गर्नुहोस् किनभने उहाँ पवित्र हुनुहुन्छ।

परमेश्वरको वचनमा "पवित्र" शब्दको मूलभूत अर्थ भनेको "अलग" वा "पृथक" रहनु हो। परमेश्वरको सन्दर्भमा प्रयोग गर्दा, परमेश्वर पूर्ण र सम्पूर्ण रूपमा पाप र दुष्टताबाट अलग हुनुहुन्छ। परमेश्वरको व्यक्तित्वमा पापको सानो दाग वा कुनै प्रकारको दुष्टता समेत पनि रहेको छैन।

हे परमप्रभु, देवताहरूको वीचमा तपाईजस्तो को छ र? तपाईजस्तो पवित्रतामा महिमावान्, प्रशंसाहरूमा भययोग्य, अचम्मका काम गर्नुहुने को छ र? प्रस्थान १५:११

उहाँले आफ्नो निज प्रजाकहाँ छुटकारा पठाउनुभयो; उहाँले आफ्नो वाचालाई सधैँका निम्ति ठहराउनुभएको छ; उहाँको नाम पवित्र र श्रद्धेय छ। भजनसंग्रह १११:९

सेनाहरूका परमप्रभुलाई नै पवित्र मान्नु; अनि उहाँ नै तिमीहरूको डर होऊन्, उहाँ नै तिमीहरूको भय होऊन्। यशैया ८:१३

परमप्रभुजस्तो पवित्र अरु कोही छैनन ता हाम्रा परमेश्वरजस्तो अरु कुनै ,ही छैनकिनभने तपाईबाहेक अरु को ; चट्टान छ। १ शमुएल २:२

जब हामीले परमेश्वर पूर्णरूपमा सिद्ध पवित्र परमेश्वर हुनुहुन्छ भनि जान्दछौं, तब हामी कतिको पापी रहेछौं भनि हामीले बुझ्नेछौं। जति धेरै परमेश्वरको पवित्रतालाई हामीले जान्दछौं, उहाँले हामीलाई कति गहिरो प्रेम गर्नुहुन्छ भनेर त्यति नै हामीले थाहा पाउँदछौं। परमेश्वर पवित्र हुनुहुन्छ र हामी भित्रदेखी नै पापी छौं; तरैपनि उहाँले अझै हामीलाई गहिरो प्रेम प्रकट गर्नुहुन्छ। उहाँले हामीलाई यति धेरै प्रेम गर्नुभयो की उहाँले आफ्नो एकमात्र पुत्रलाई हाम्रो निम्ति मर्न पठाउनुभयो ताकी हामीलाई हाम्रो पापहरू क्षमा भएका होऊन्, हामीले उहाँको धार्मिकता प्राप्त गर्न सकौं, उहाँसाथ हिँड्न सकौं, र उहाँसँगको संगतिमा आनन्द मनाउन सकौं। हामी यस पृथ्वीमा रहिन्जेल उहाँसँग हिँड्न पाउने मात्र होइन, हामी उहाँ साथ स्वर्गमा रहनेछौं र उहाँको प्रचुर प्रेम र अनुग्रहमा सदा आनन्द मनाउन सक्दछौं।

यसको प्रतिकृया स्वरुप हामीले ईश्वरिय जीवन जिएर उहाँलाई आराधना चढाउनुपर्दछ।

"यसकारण भाइहरूहो, परमेश्वरका कृपाहरूद्वारा म तिमीहरूलाई विन्ति गर्दछुः आफ्ना शरिरहरूलाई तिमीहरूले पवित्र, परमेश्वरलाई मनपर्ने, जिउँदो बलिदानको रुपमा चढाइदेओ; यहि तिमीहरूको उचित सेवा हो। अनि यस संसारसित एकनासे नहोओ, तर परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के रहेछ, सो जाँचेर थाहा पाउनालाई आफ्नो मनको नयाँ हुवाइद्वारा तिमीहरू बदली हुदैँ जाओ"। रोमी १२:१-२

आज्ञाकारी नानीहरूले झैँ आफूलाई आफ्नो अज्ञानतामा गरिएका पहिलेका अभिलाषाहरू अनुसारको नबनाओ; तर जसरी तिमीहरूलाई बोलाउनुहुने पवित्र हुनुहुन्छ, उसरी नै तिमीहरू पनि सबै प्रकारका चालचलनमा पवित्र होओ। किनकी लेखिएको छः 'तिमीहरू पवित्र होओ, किनकी म पवित्र छु'। १ पत्रुस १:१४-१६

सबैसँग मेलमिलापमा बस्ने प्रयत्न गर, र पवित्रताको पछि लाग, जोबिना कुनै मानिसले परमेश्वरलाई देख्नेछैन। हिब्रु १२:१४

यसकारण तिमीहरूले आफैलाई पवित्र पार, र पवित्र होओ; किनकी म नै परमप्रभु तिमीहरूको परमेश्वर हुँ। अनि तिमीहरूले मेरा विधिहरू पालन गर्नु र तिनैलाई मान्नु; म नै तिमीहरूलाई पवित्र पार्ने परमेश्वर हुँ। लेवी २०:७-८

परमप्रभुलाई उहाँको नामलाई सुहाँउदो महिमा देओपवित्रताको सुन्दरतामा ;भेटी लिएर उहाँको सामु आओ ; संसार !उहाँको सामु थरथर काम् ,हे सारा पृथ्वी !परमप्रभुलाई दण्डवत् गर पनि स्थिर हुनेछयसैले त्यो , हल्लिनेछैन। १ इतिहास १६:२९-३०

परमेश्वरको पवित्रताले हामीलाई कमसेकम चार कुराहरू सिकाउनुपर्दछ।

१ हामीले परमेश्वरप्रति गहिरो श्रद्धा, आदर, र भय राख्नुपर्छ।
२ परमेश्वर र मानिसबीचमा अधिक नैतिक अन्तर रहेको छ।
३ हाम्रो आफ्नै भलाइ वा नैतिकताको आधारमा हामी परमेश्वरकहाँ आउन सक्दैनौं।
४ हामीले पवित्र जीवन जिएको परमेश्वर चाहना राख्नुहुन्छ।

१२ प्रेमद्वारा डोर्याइनु होस्।

परमेश्वरले हामीलाई गहिरो प्रेम गर्नुहुन्छ र हामी, पनि, प्रेमिलो मानिसहरू बन्नुपर्दछ। परमेश्वरको वचनले यो सिकाउँदछ की ख्रीष्टियन गुणमध्ये प्रेम सबैभन्दा उच्च छ।

अनि अब विश्वास, आशा, प्रेम – यी तीन कुरा रहन्छन्; तर यिनमा सबैभन्दा ठूलोचाँही प्रेम हो। १ कोरिन्थी १३:१३

अनि परमेश्वरको प्रेम जो हामीप्रति छ, त्यसलाई हामीले जानेका र विश्वास गरेका छौं। परमेश्वर प्रेम हुनुहुन्छ; र हो प्रेममा रहन्छ, ऊ परमेश्वरमा रहन्छ, अनि परमेश्वर उसमा रहनुहुन्छ। १ यूहन्ना ४:१६

परमेश्वरको वचनमा परमेश्वरलाई प्रेम गर्ने निर्देशन हामीलाई दिइएको छ। परमेश्वरको निर्देशनमा आज्ञाकारी भइ हामी परमेश्वरलाई प्रेम गर्दछौं।

अनि तिमीले आफ्ना परमेश्वर प्रभुलाई आफ्नो सारा हृदयले, आफ्नो सारा प्राणले, आफ्नो सारा मनले र आफ्नो सारा बलले प्रेम गर'। पहिलो आज्ञा यही हो। मर्कुस १२:३०

किनभने हामीले उहाँका आज्ञाहरू पालन गर्नु नै परमेश्वरको प्रेम हो; अनि उहाँका आज्ञाहरू कष्टपूर्ण छैनन्। १ यूहन्ना ५:३

हामी उहाँका आज्ञाहरूअनुसार हिँडौं – प्रेम यही हो। २ यूहन्ना १:६

एक-अर्कालाई प्रेम गर्ने निर्देशन हामीलाई प्रदान गरिएको छ। प्रभुमा हाम्रा दाजु\भाइ, दिदी\ बहिनीहरूलाई प्रेम गर्ने सन्दर्भमा, बाइबलिय प्रेमलाई यसरी परिभाषित गर्न सकिन्छ, प्रभुसँगको तिनीहरूका हिँडाईलाई निर्माण गर्नको निम्ति स्नेह, सहायता, सेवा, उत्साह प्रदान गर्ने।

म तिमीहरूलाई यी कुराहरूको आज्ञा गर्दछुः तिमीहरू एक-अर्कालाई प्रेम गर"। यूहन्ना १५:१७

भाइहरूलाई निष्कपट प्रेम गर्नाका लागी आत्माद्वारा सत्यता पालन गरेर तिमीहरूले आफ्ना मनहरूलाई शुद्ध पारेका छौ; यसैकारण एक-अर्कालाई चोखो हृदयले गहिरो प्रेम गर; १ पत्रुस १:२२

भातृ- प्रेमले एक-अर्कालाई कोमलतापूर्वक माया गर; आदर गर्नामा एउटाले अर्कालाई उछिन। रोमी १२:१०

खाँचामा रहेकाहरूलाई बाइबलिय प्रेम देखाउने छनोट निर्णय लिँदा हामी कहिल्यै गलत हुँदैनौं।

१३ यस संसारको थोकहरूलाई प्रेम नगर्ने संकल्प लिनुहोस्।

पवित्र परमेश्वरको आराधना गर्नु भनेको हामीले संसारिक पापपूर्ण थोकहरूलाई प्रेम गर्दैनौं भन्नु हो। हामीले एकै समयमा परमेश्वर र संसारलाई प्रेम गर्न सक्दैनौं।

संसारलाई प्रेम नगर, न ता संसारमा भएका कुराहरूलाई नै। कसैले संसारलाई प्रेम गर्छ भने पिताको प्रेम त्यसमा हुँदैन। किनकी संसारमा भएका सबै कुराहरू – शरिरको अभिलाषा, आँखाहरूको अभिलाषा र जीवनको सेखी पिताबाटको होइन, तर संसारबाटको हो। १ यूहन्ना २:१५-१६

यी पदहरूमा, संसारको प्रेमलाई तीन तरीकाद्वारा बयान गरिएको छ। स्पष्टतः हामीले यी कुराहरूमध्ये कुनै एकलाई प्रेम गर्दैगर्दा परमेश्वरलाई साँचो प्रेम प्रकट गर्न सक्दैनौं र उहाँमा आज्ञाकारी हुन सक्दैनौं।

क शरीरको अभिलाषा

अब शरिरका कामहरू प्रकट छन्, ती यी हुन्; परस्त्रीगमन, व्यभिचार, अशुद्धता, कामुकता, मूर्तिपूजा, टुनामुना, शत्रुता, झगडा, डाहा, क्रोध, विरोध, फूट, दलबन्दी, द्वेष, हत्या, मतवालापन, मोजमज्जा र यही प्रकारका कुराहरू; जुन कुराहरूका विषयमा म तिमीहरूलाई पहिल्यै भन्दछु, जसरी अघि नै भनिसकेको पनि छु; यस्ता-यस्ता काम गर्नेहरू परमेश्वरका राज्यका हकवाला हुनेछैनन्। गलाती ५:१९-२१

ख आँखाको सेखी

"तिमीहरूले सुनेका छौ, पुराना समयकाहरूलाई यो भनिएको थियो, 'तिमीले व्यभिचार नगर'। तर म तिमीहरूलाई भन्दछु, जसकसैले कुनै स्त्रीलाई खराब इच्छाले हेर्छ, त्यसले अघि नै आफ्नो हृदयमा त्यससित व्यभिचार गरिसकेको हुन्छ। मत्ती ५:२७-२८

धेरै ख्रीष्टियनहरूले व्यभिचारको विचार राख्दैनन्; तरैपनि यौन अभिलाषाले भरिएका टि.भि. कार्यक्रम भने तिनीहरूले हेर्दछन्। तिनीहरूले कसैको हत्या त नगर्लान्; तर हत्या र अरू क्रुरताले भरिएको कार्यक्रमलाई भने तिनीहरूले रूचाउँछन्। परमेश्वरले घृणा गर्ने कुराहरूमा तिनीहरूले आनन्द मनाउँछन्। यो प्रेम संसारको निम्ति हो, परमेश्वरको निम्ति होइन।

किनकी मुक्ति ल्याउने परमेश्वरको अनुग्रह सबै मानिसहरूकहाँ देखा परेको छ, र हामीलाई यो सिकाउँछ – अभक्ति र संसारिक अभिलाषाहरू इन्कार गरेर यस वर्तमान संसारमा हामीले आत्मसंयम, धार्मिकता र भक्तिसाथ जिउनुपर्छ; तीतस २:११-१२

ग आफूसँग भएका र आफूले गरेका थोकहरूमा घमण्ड

पवित्रशास्त्रमा त्यहाँ धेरै खण्डहरू छन् जसले घमण्डको विरुद्धमा चेताउनी प्रदान गर्दछ। हामीलाई परमेश्वरप्रति नम्र र समर्पित हुने निर्देशन दिइएको छ।

परमप्रभुको भय मान्नुचाँही खराबीलाई घृणा गर्नु हो; घमण्ड, हठीपना, खराब चाल र टेढा-मेढाबोल्ने मुखलाई म घृणा गर्दछु। हितोपदेश ८:१३

जसको हृदयमा घमण्ड छ, त्यस्तो हरेक व्यक्ति परमप्रभुका निम्ति घृणित छ; निश्चय नै त्यो दण्ड नपाई छोडिनेछैन। हितोपदेश १६:५

सामु आफूलाई नम्र तुल्याओ, र उहाँले तिमीहरूलाई माथि उठाउनुहुनेछ। याकूब ४:१०

तर अब तिमीहरू आफ्ना सेखीमा अमण्ड गर्दछौ; यस्तो सबै घमण्ड खराब हो। १७ यसकारण जसले भलाइ गर्न जान्दछ, तर गर्दैन, त्यसका निम्ति यो पाप हो। याकूब ४:१६

फेरी, हामीले यस संसारका थोकहरू र परमेश्वरलाई एकसाथ प्रेम गर्न सक्दैनौं। परमेश्वरले घृणा गर्ने कुरालाई प्रेम गरेर हामीले उहाँलाई प्रेम गर्छौं भनि दाबी गर्न सक्दैनौं।

१४ तपाईले आफ्नो जीवनलाई होशियारी र इमान्दारिताका साथ जाँच्नुहोस् र ती कुराहरू तपाईको जीवनमा छ की छैन भने हेर्नुहोस्, ती कुराहरूलाई, यथार्थमा जसलाई, प्रभुसँगको हिँडाईलाईभन्दा अधिक गरी तपाइले उच्च मूल्यता दिनुहुन्छ।

ख्रीष्टियनहरूले परमेश्वरसँगको हिँडाईलाई भन्दा बढी प्राथमिकता दिने कुराहरूको सूची अन्तहिन् रहेको छ। हामीमध्ये धेरैले यसलाई सिधैभन्न सक्दैनौं, तर हाम्रा प्राथमिकताहरूले त्यो देखाउँदछन् र निश्चय नै परमेश्वर मूर्ख तुल्याइनु हुन्न। समय-समयमा हामीले उहाँलाई सेवा गर्ने प्रतिवद्धताभन्दा अघि केही कुरालाई प्राथमिकता दिइ रहेका छौं की भनि आफैलाई जाँचिरहनुपर्छ।

यथार्थमा, जब हामीले प्रभुलाई सेवा र आदर गर्ने प्रतिवद्धता अघि केही कुरा राख्छौं, तब हामी मूर्तिपूजाको पापको दोषी हुँदछौं। प्रभुप्रतिको निष्ठा अघि कुनै थोक वा कसैलाई राख्नु नै मूर्तिपुजा हो।

यहाँ केही कुराहरू छन् शायद जसलाई हामी विचार गर्न चाहन्छौं। निश्चय नै यो बृस्तित सूचि भने होइन।

क आफैसँग सम्बन्धित मामलाहरू

घमण्ड, ढिटपना, स्व-दया, प्रख्यात, शक्तिशाली हुने वा नियन्त्रण गर्ने चाहना, क्रोध, अल्छेपना, वा उत्तम स्वरूपमा हुन चाहने कुराहरूले पनि तपाईको जीवनमा परमेश्वरको कार्य गर्न बाधा पुर्याउँदछ।

ख रूपैँया- पैसा र थोकहरूको चाहना

मूलभूतरूपमा सबैजना, धनी वा गरीब, थोकहरूको चाहना गर्दछन्। हामीले चाहना गर्ने कुराहरू अन्तहिन् छन् – राम्रो घर, नयाँ गाडी, नयाँ वस्त्र वा कोट, ठूलो चित्रपटको टि.भी, अझ धेरै भिडियो खेल, नयाँ कपाल बनाउने साधन, धेरै ठाउँहरूको भ्रमण, आदी.., आदी.., आदी । जब हामी यी थोकहरूमा केन्द्रित हुन्छौं, तब प्रभुप्रतिको ध्यानाकेन्द्रलाई हामीले सजिलैसँग गुमाउन सक्छौं। के हामीलाई खाँचा नपरेको थोकहरू किनिकन हामी ऋणमा डुब्न चाहन्छौ? ऋणले हामीलाई तल झार्दछ र नयाँ खरिद उपभोग भइसकेपछि पनि यसले हामीलाई अधिनमा नै राख्दछ।

ग रोजगारी

हामीले जिउनको निम्ति काम गरेको परमेश्वर अपेक्षा गर्नुहुन्छ। यो अति महत्वपूर्ण छ। यद्यपि, प्रभुतर्फको हाम्रो भक्तिभन्दा हाम्रा कामहरू र व्यवसायहरूलाई हामीले बढी प्राथमिकता दिनु हुँदैन। जब यसो हुन आउँदछ, तब प्रभुलाई सेवा गर्ने हाम्रो प्राथमिकतालाई पुरा गर्नको निम्ति हामीले आवश्यक कदमहरू पनि चाल्नुपर्दछ – अर्को रोजगारी खोज्नु परे तापनि।

घ खेलकुद

धेरै ख्रीष्टियनहरूका लागी खेलकुद उन्माद हुँदछ। परमेश्वरप्रतिको भक्ति अघि तिनीहरूले खेलकुदलाई राख्दछन्। जब खेलकुद र परमेश्वरको सेवा गर्ने कार्य आपसमा टक्राव गर्दछन्, तब प्रयजसो खेलकुदले नै जित्ने गर्दछ। यसले हाम्रा नानीहरू र नाती\नातीनाहरूलाई परमेश्वरभन्दा खेलकुदको बढी मूल्य हुन्छ भनि सिकाउँदछ।

ङ *संगित*

परमेश्वरले संगित मन पराउनुहुन्छ र हामीले संगितद्वारा हाम्रा प्रभुको प्रशंसा र आराधना गर्न सक्दछौं। यद्यपि, संगितले हामीलाई रूवाउन पनि सक्दछ। संसारको संगतिले पापलाई महिमित पार्दछ र गलर विचारहरू, भावनाहरू, र प्रवृत्तीलाई बढावा दिँदछ। धेरैजसो ख्रीष्टियनहरूले नियमित रूपमा त्यस्ता संगितहरू सुन्छन् जुन पापपूर्ण विषयमा बनेको हुन्छ जसलाई परमेश्वरले घृणा गर्नुहुन्छ। धेरैजसो "ख्रीष्टियन" संगितहरू पनि खोक्रा छन् र परमेश्वरको नाम उच्च तुल्याउँदैनन्। हामीले कस्तो प्रकारको संगति सुन्नुपर्दछ भनेर तलको पदले उत्तम निर्देशन प्रदान गर्दछ।

अन्तमा भाइहरूहो, जे-जे कुरा सत्य छन्, जे-जे कुरा आदरयोग्य छन्, जे-जे कुरा न्यायसङ्गत छन्, जे-जे कुरा चोखा छन्, जे-जे कुरा मनोहर छन्, जे-जे कुरा तारिफ गर्न लायकका छन्; यदि सद्गुण छ भने, यदि कुनै प्रशंसा छ भने यी कुराहरूमा ध्यान देओ। फिलिप्पी ४:८

तपाईले सुन्ने संगतितर्फ तपाईले त्यति मनन गर्नुहुन्न वा यसलाई प्रभाव पार्न दिनुहुन्न भनि बहाना नबनाउनुहोस्। यो अरु केही नभएर बाहाना मात्र हो। यदि यो सत्य भए तापनि, परमेश्वरलाई आदर नदिने संगितलाई हामीले आफ्नो जीवनको अंश बनाउनुहुँदैन।

च दुरदर्शन (टेलिभिजन) कार्यक्रम वा चलचित्र

दुरदर्शन कार्यक्रम वा संसारिक चलचित्रले थोरै वा साह्रै न्युन मात्रामा मात्र प्रभु येशू ख्रीष्टको महिमा गर्दछ। तरैपनि धेरै ख्रीष्टियनहरिले नियमित रुपमा ती कुराहरू हेर्दछन् र सुन्दछन् र आफ्नो दिमागमा ती कुराहरू भर्दछन् जुन कुराहरूलाई परमेश्वरले धेरै घृणा गर्नुहुन्छ। फेरी, फिलिप्पी ४:८, हामीले के हेर्नुपर्छ भन्ने सम्बन्धमा, एउटा उत्तम निर्देशन हो।

अन्तमा भाइहरूहो, जे-जे कुरा सत्य छन्, जे-जे कुरा आदरयोग्य छन्, जे-जे कुरा न्यायसङ्गत छन्, जे-जे कुरा चोखा छन्, जे-जे कुरा मनोहर छन्, जे-जे कुरा तारिफ गर्न लायकका छन्; यदि सद्गुण छ भने, यदि कुनै प्रशंसा छ भने यी कुराहरूमा ध्यान देओ। फिलिप्पी ४:८

छ इन्टरनेट, सामाजिक सञ्जाल, सन्देश आदन-प्रदान, आइ-फोन, आदी, आदी, आदी

धेरैजानको लागी, ख्रीष्टियनहरू समेत गरी, यी कुराहरू परमेश्वर बनेका छन्। तिनीहरूले आफ्ना समय र विचारहरूलाई दमन गरेका छन्। धेरैजसो ख्रीष्टियनहरूले त परमेश्वरलाई भन्दा यी कुराहरू बढी प्राथमिकता दिँदछन्। फेरी, यो मूर्तिपूजाको पाप हो।

ज दुर्व्यसन

दुर्व्यसन धेरै प्रकारका छन् – मद्य, लागु-औषध, बढी खाने, सुर्तिजन्य, भिडियो खेल, इन्टरनेट, जुवा, र यौन लत; अश्लिल सामाग्री समेत गरी। अवश्य नै यो सम्पूर्ण सूचि भने होइन। ईश्वरिय जीवन जिउनको निम्ति चाहिने सारा कुराहरू परमेश्वरले हामीलाई प्रदान गरिसक्नुभएको छ। जब हामीले कुलतलाई आफूमाथि नियन्त्रण गर्न दिँदछौं, कारण यो हाम्रो इच्छा हो, हामीले गर्नै पर्ने भएकोले गर्दा भने होइन।

झ मानिसहरू

यो मेरो निम्ति आश्चर्यजनक रहेको छ की कसरी मानिसहरूले अरु मानिसहरूलाई उच्च ओहदामा राख्न सक्दछन्। संगितकार, कलाकार, खेलाडी, राजनितिज्ञ, र अरू धेरै प्रख्यात मानिसहरू प्रशंसा र भक्तिका विषय बन्दछन्। यथार्थमा, हामीले परमेश्वरको बारेमा भन्दा तिनीहरूलाई बारेमा उच्च सोच राख्दछौं।

ञ परिवार

हाम्रा परिवारभन्दा बढि महत्वका कुराहरू, यदि रहेको खण्डमा, त्यहाँ केही मात्र छन्। परमेश्वरले हामीलाई यसरी नै बनाउनुभयो। यद्यपि, हामी होशियारी हुनुपर्दछ की हामीले हाम्रा प्रभुप्रतिको प्रतिवद्धतालाई भन्दा बढी आफ्ना परिवारलाई महत्व दिनुहुँदैन।। मेरी पत्नी, लिण्डा, र मसँग दुई "नानीहरू" छन् जो, आफ्ना पत्नीहरू साथमा रहन्छन्, र मिशिनेरीको रूपमा सेवारत छन्। हामीले चाहेजस्तो गरी हामीले उनीहरूलाई कहिल्यै साथमा देख्न पाउँदैनौं। ममा त्यो एक पक्ष पनि छ जसले तिनीहरू घरमा नै रहेको चाहन्छ। तिनीहरूको अनुपस्थितिमा पनि हामी बीचमा नजिकको सम्बन्ध रहेको छ। हाम्रा चारैजना "नानीहरू" प्रभुसँग-सँगै हिँडिरहेका छन् र हाम्रा जीवनमा ठूला आशिष बनेका छन् र हामी प्राय उनीहरूसँग बातचित गरि नै रहन्छौं। यदि हामीले प्रभुलाई सेवा गर्ने प्रतिवद्धता अघि एक-अर्कालाई राख्यौं भने मलाई शंका छ की यो एउटा मामलाको विषय हुनेछ।

जसले बाबु वा आमालाई मलाई भन्दा बेसी माया गर्दछ, त्यो मेरो योग्यको छैन; अनि जसले छोरा वा छोरीलाई मलाई भन्दा बेसी माया गर्दछ, त्यो मेरो योग्यको छैन। मत्ती १०:३७

१५ तपाई ख्रीष्टमा नयाँ सृष्टि हुनुहुन्छ र पापले तपाईमाथिको सामर्थ्यलाई गुमाएको छ भनेर जान्नुहोस् र कदर गर्नुहोस्। तत्काल आफ्ना पापहरूलाई स्वीकार गर्नुहोस् र पश्चाताप गर्नुहोस्।

यसैकारण कोही ख्रीष्टमा छ भने ऊ एउटा नयाँ सृष्टि हो, पूराना कुराहरू बितिगएका छन्; हेर, सबै कुराहरू नयाँ भएका छन्"। २ कोरिन्थी ५:१७

हामी ख्रीष्ट येशूमा नयाँ सृष्टि भएका छौं भनि हामीले बारम्बार आफैलाई सम्झना दिलाइरहनुपर्छ। हामीमा परमेश्वरको आत्माले वास गर्नुहुन्छ। अबउसो पापले हामीमा कुनै नियन्त्रण राख्दैन।

पापको शरिर बेकम्मा होओस् भनेर हाम्रो पूरानो मान्छे उहाँसँगै क्रुसमा टांगियो भन्ने कुरा थाह गर्दै अब उसो हामी पापको दास हुनुहुँदैन। किनकी जो मरेको छ, त्यसले पापबाट छुटकारा पाएको छ। रोमी ६:६-७

जसरी उहाँको ईश्वरीय शक्तिले हामीलाई जीवन र भक्तिसँग सम्बन्ध राख्ने सबै कुराहरू उहाँकै पहिचानद्वारा दिएको छ, जसले हामीलाई महिमा र सद्गुणद्वारा बोलाउनुभयो। २ पत्रुस १:३

ईश्वरिय जीवन जिउनको निम्ति परमेश्वरको ईश्वरिय सामर्थ्यले विश्वासीहरूलाई सबथोक प्रदान गरेको छ। हाम्रा जीवनको पूरानो तरीकाले हामीमाथि आफ्नो नियन्त्रण गुमाइसकेको छ। अबउसो हामी पापमा दासहरू होइनौं। मूख्य कुरा यो हो की साँचो ख्रीष्टियनहरूले शारिरिक जीवनयापन गर्नुपर्दैन। यदि हामीले यसो गर्छौं भने, यो हाम्रो छनोटद्वारा हो, हामीले गर्नै पर्ने गर्दा भने होइन।

हरेक जो उहाँमा रहन्छ, उसले पाप गर्दैन; हरेक जसले पाप गर्दछ, त्यसले उहाँलाई देखेको छैन, न ता उहाँलाई चिनेको छ। १ यूहन्ना ३:६

हामी सबै नै पापद्वारा परीक्षित हुन्छौं। जब हामीले हार मान्दछौं, जब हामीले जानिकन पाप गर्दछौं, वा जब हामीमा गलत पापपूर्ण विचारहरू वा प्रवृत्तीहरू आउँदछन्, वा जब परमेश्वरको निर्देशन अनुरुप गर्न हामी

चुक्दछौं, तब हामीले तत्काल नै त्यस पापलाई मानिलिनुपर्छ र त्यस पापबाट फर्कने र भक्तिलाई पछ्याउने निर्णय हामीले लिइहाल्नुपर्छ।

हामीले आफ्ना पापहरू स्वीकार गर्यौं भने हामीलाई हाम्रा पापहरू क्षमा गर्न र हामीलाई सबै अधर्मबाट शुद्ध पार्नाका निम्ति उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ। १ यूहन्ना १:९

जब हामीले आफ्नो पाप स्वीकार गर्दछौं, हाम्रो धर्मी र न्यायी परमेश्वरले हामीलाई ती *सारा* अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ। परमेश्वरको प्रशंसा होस् !!! म शुद्ध तुल्याइएको छु ! म शुद्ध तुल्याइएको छु ! यो अरि महान् भावना हो !

ख्रीष्टियनको निम्ति उत्तम अभ्यास भनेको भजनसंग्रह १३९को प्रार्थनालाई नियमित प्रार्थना गर्नु हो। तपाईले यसो गरिसक्नुभएपछि, केही घण्टाहरू वा दिनहरूसम्म विचार गरी रहनुहोस् र तपाईको मनमा केही पापपूर्ण कुराहरू आउँछन् की हेर्नुहोस्। यदि आउँछ भने, त्यसलाई स्वीकार गर्नुहोस् र त्यस पापबाट फर्किने निर्णय लिनुहोस्।

हे परमेश्वर, मेरो जाँच – पड्ताल गर्नुहोस् र मेरो हृदयलाई जान्नुहोस्; मलाई जाँच्नुहोस्, र मेरा विचारहरू बुझ्नुहोस्; अनि हेर्नुहोस्, कहीं ममा दुष्ट चाल पो छ कि; र मलाई अनन्तको मार्गमा डोर्याउनुहोस्! भजनसंग्रह १३९:२३-२४

परमेश्वरसँगको हाम्रो संगतिलाई कायम राख्नको लागी र नियमित रूपमा हामी परमेश्वरको आत्माद्वारा भरपुर हुनको लागी, हामीले पाप गरेको महसुस गर्ने बित्तिकै त्यस समयमा नै हामीले त्यस पापलाई स्वीकार गर्नुपर्छ। यो कार्य दिनमा धेरैपटक पनि हुन सक्दछ। पापलाई स्वीकार र त्याग गर्नाले हामीमा शान्ति र उपादकत्व ल्याउँदछ। पापलाई अस्वीकार गर्नाले वा त्यसलाई लुकाउनाले हार, निराशा, र निरन्तर दोष-बोधको भावना ल्याउँदछ।

जसले आफ्ना पापहरू ढाक्छ, त्यो सफल हुँदैन; तर जसले तिनलाई मानिलिन्छ र छोडिदिन्छ, उसले कृपा पाउनेछ। हितोपदेश २८:१३

१६ धन्यवादी प्रवृत्तीको बिकास गर्नुहोस्। नियमित रूपमा परमेश्वरलाई धन्यवाद र प्रशंसा चढाउनुहोस्।

ख्रीष्टियन जीवनको आधारभूत विशेषतामध्को एक विशेषता भनेको उहाँलाई धन्यवाद र प्रशंसा चढाउनु हो – अवसरमा होइन, तर नियमित रूपमा। पवित्रशास्त्रमा यस विषयमा शिक्षा प्रदान गर्ने खण्डहरू धेरै छन्।

सधैँ आनन्दित रहो। निरन्तर प्रार्थना गरिरहो। हरेक कुरामा धन्यवाद चढाओ; किनकी प्रभु येशूमा तिमीहरूका निम्ति परमेश्वरको यही इच्छा छ। १ थेस्सोलोनिकी ५:१६-१८

धन्यवादसाथ उहाँका मूल-ढोकाहरूभित्र र प्रशंसासाथ उहाँका चोकहरूभित्र पस; उहाँलाई धन्यवाद चढाओ, र उहाँको नामलाई धन्यको भन ! किनकी परमप्रभु भला हुनुहुन्छ; उहाँको करूणा सदा रहिरहन्छ, र उहाँको सत्यता पुस्ता-पुस्तामा बनिरहन्छ। भजनसंग्रह १००:४-५

प्रभुमा सदैँ आनन्द गर; म फेरी भन्दछु, आनन्द गर। फिलिप्पी ४:४

हे मेरो प्राण, परमप्रभुलाई धन्यको भन्; अनि मभित्र जेजति छ, त्यसले उहाँको पवित्र नामलाई धन्यको भनोस् ! भजनसंग्रह १०३:१

परमेश्वरको सन्तान भएकाले, हामी हाम्रो प्रेमिलो सार्वभौम परमेश्वरको स्नेहमा रहेका छौं। उहाँ पूर्ण नियन्त्रक हुनुहुन्छ र उहाँले सारा कार्यहरू हाम्रो भलाईको लागी नै गर्नुहुन्छ। उहाँको आत्माले हामीलाई खाँचो परेका सामर्थ्य र निर्देशन दिँदै रहनुहुन्छ। यी सारा सत्यताहरू जान्नाले सारा परिस्थितिहरूमा हामीलाई उहाँका निर्देशनहरूमा आज्ञाकारी बनाउँदछ। जब हामी हाम्रा परिस्थितिहरूमा भन्दा हाम्रा प्रभुमा केन्दित हुँदछौं, तब हामी धन्यवादी हुन सक्दछौं।

एकै समयमा धन्यवादी र घमण्डी, भयपूर्ण, वा क्रोधित हुन कठिन छ। धन्यवादी मानिसहरू आनन्दित र धेरै सन्तुष्ट हुँदछन्। धन्यवादी हुन सिक्नुहोस् र तपाईले प्रभुलाई आदर दिनुहुनेछ र तपाईले जीवनलाई अझै धेरै आनन्द साथ लिनुहुनेछ। अधन्यवादी हुनाले तपाईको जीवनमा कार्य गर्नको लागी परमेश्वरको आत्मालाई वाधा पुग्दछ र उहाँसँग नजिकिएर हिँड्ने कार्यबाट हामीलाई पर पुर्याउँदछ।

१७ कठिन परिस्थितिहरू र परीक्षाहरू भएर जाने र तपाईको जीवनमा जाँच हुनेछ भनि अपेक्षा राख्नुहोस्।

हे प्रियहरूहो, तिमीहरूलाई जाँच्नका लागी तिमीहरूको बीचमा आएको आगोको जाँचको सम्बन्धमा, मानो तिमीहरूमाथि कुनै अनौठो कुरो आइपरेझैँ गरी अचम्म नमान; तर जति तिमीहरू ख्रीष्टका दुःखहरूमा भागी हुन्छौ, उति नै आनन्द मनाओ, र उहाँको महिमा प्रकट हुँदा तिमीहरू पनि भारी आनन्दले आनन्दित हुन सक। १ पत्रुस ४:१२-१३

किनभने ख्रीष्टको सम्बन्धमा उहाँमाथि विश्वास गर्ने मात्र होइन, तर उहाँका निम्ति दुःख भोग्ने पनि तिमीहरूलाई अनुग्रह दिइएको छ। फिलिप्पी १:२९

किनकी आफ्ना अपराधहरूले गर्दा तिमीहरूले मुक्का खाएर त्यसलाई धीरजसँग सह्यौ भने बढाइँ गर्ने कुरा के छ र? तर असल काम गरेर पनि त्यसका लागी दुःख भोग्छौ र त्यसलाई धीरजसँग सहन्छौ भने परमेश्वरका सामु यो प्रशंसाको योग्य छ। किनकी यसैका निम्ति तिमीहरू बोलाइएका पनि हौ; किनभने तिमीहरू उहाँकै पाइलाहरूका पछि-पछि हुँड भनेर नै हाम्रा लागी एउटा नमुना छोड्दै ख्रीष्टले हाम्रा निम्ति दुःख भोग्नुभयो। १ पत्रुस २:२०-२१

हामी परीक्षा र कठीन परिस्थितिहरू हुँदो जानेछौं भनि परमेश्वरको वचनले प्रष्टसित सिकाउँदछ। परमेश्वरको सन्तान भएकाले, हामी एक्लैले यी परीक्षाको सामना गर्नुपर्दैन। कष्ट भोग्नेहरूलाई परमेश्वरले दया देखाउनुहुन्छ र उहाँले हामीलाई केही बहुमूल्य प्रतिज्ञाहरू प्रदान गर्नुभएको छ।

ममा तिमीहरूलाई शान्ति मिलोस् भनेर यी कुराहरू मैले तिमीहरूलाई भनेको हुँ। संसारमा तिमीहरूलाई सङ्कष्ट हुनेछ। तर साहस गर, मैले संसारलाई जितेको छु। यूहन्ना १६:३३

परमेश्वर हाम्रा शरणस्थान र बल, सङ्कष्टहरूमा तुरुन्तै पाइने सहायता हुनुहुन्छ। भजनसंग्रह ४६:१

हे सबै परिश्रम गर्ने र भारीले दबिएकाहरूहो, मकहाँ आओ, अनि म तिमीहरूलाई विश्राम दिनेछु। मेरो जुवा आफूमाथि राख, र मबाट सिक; किनकी म नम्र र हृदयमा दीन छु; अनि तिमीहरूले आ-आफ्नो मनमा विश्राम पाउनेछौ। मत्ती ११:२८-२९

"तर अब हे याकूब, तिमीलाई सृष्टि गर्नुहुने, अनि हे इस्राएल, तिमीलाई रच्नुहुने परमप्रभुले यसो भन्नुहुन्छः नडराऊ; किनकी मैले तिमीलाई दाम तिरेर छुटाएको छु; मैले तिमीलाई तिम्रो नाम काढेर बोलाइएको छु; तिमी मेरा हौ। तिमी पानीबाट पार भएर जाँदा म तिम्रो साथमा हुनेछु; अनि नदीहरूबाट भएर जाँदा तिनीहरूले तिमीलाई डुबाउनेछैनन्; तिमी आगोबाट भएर जाँदा तिमी डढ्नेछैनौं; न ता ज्वाला तिमीमाथि सल्किनेछ।

किनभने म, परमप्रभु तिम्रा परमेश्वर, इस्राएलका पवित्र जन, तिम्रा उद्धारकर्ता हुँ; मेले तिम्रो छुटकाराको दामको रुपमा मिश्र, तिम्रो सट्टामा, कूश र सेबा दिएँ। यशैया ४३:१-३

किङ्ग्याइएको निगालोलाई तिनले भाँच्नेछैनन्, धूवाँ निस्किरहेको सलेदोलाई तिनले निभाउनेछैनन्; तिनले न्याय सत्यतामा ल्याइपुर्याउनेछन्। यशैया ४२:३

कुनै कुराका निम्ति फिक्री नगर, तर हरेक कुरामा प्रार्थना र विन्तिद्वारा तिमीहरूका मागहरू धन्यवादसाथ परमेश्वरकहाँ जाहेर गरिऊन्; र सारा समझलाई माथ गर्ने परमेश्वरको शान्तिले तिमीहरूका हृदयहरू र विचारहरूलाई ख्रीष्ट येशूमा रक्षा गर्नेछ। फिलिप्पी ४:६-७

अनि परमेश्वरको शान्तिले तिमीहरूका हृदयहरूमा राज्य गरोस्, यसैका निम्ति तिमीहरू पनि एउटै शरिरमा बोलाइएका छौ; अनि तिमीहरू धन्यवादी होओ। कलस्सी ३:१५

परमेश्वरले हामीलाई चिन्ता नलिनू भन्नुहुन्छ। बरू हामीले प्रार्थना गर्नुपर्छ, र उहाँको शान्तिलाई हाम्रो हृदयमा शासन गर्न दिनुपर्छ। परमेश्वर सदा हाम्रो साथमा रहनुहुन्छ र उहाँले हामीलाई सामर्थी बनाउनुहुन्छ। समय-समयमा हामीलाई सहायता र उत्साह दिनको निम्ति उहाँले हाम्रा विश्वासी जनहरूको प्रयोग गर्नुहुन्छ। जब हामी कठिन परिस्थितिहरू हुँदै जाँदछौं, हामीले विश्वासी जनहरूलाई यो थाहा गराउनुपर्छ की तिनीहरूले हामीलाई उत्साह, सुझाब दिन सक्छन्, र प्रार्थना गरिदिन सक्छन्।

१८ ख्रीष्टियन मित्रहरू बनाउनुहोस्। ती ख्रीष्टियनहरूसँग नियमित साथ रहनुहोस् जसले तपाईलाई उत्साह दिन्छन्, प्रार्थनामा सहायता गर्छन्, र परमेश्वरसँगको हिँडाईमा तपाईलाई बनाउँदै लैजान्छन्।

हाम्रो नजिकको मित्रद्वारा हामी प्रभावित हुँदछौं। उनीहरू साथ रहेर हाम्रा जीवन र कार्यहरू बाँड्न हामी आनन्द मान्छौं। प्रभुसाथ हिँड्ने साथी हाम्रो आत्मिकी वृद्धिमा ठूलो उत्साहको श्रोत हुन सक्दछ।

साथीहरू जसले हाम्रो आत्मिकी मूल्यतालाई बाँड्दैनन् तिनीहरूले हामीलाई तोड्न सक्छन्। हामी संसारबाट अलग हुन सक्दैनौं र आफैलाई अलग राख्र पनि हुँदैन।, हाम्रा निकटम साथीहरू प्रभुसाथ हिँडनेहरू हुनुपर्दछ।

एकजनाभन्दा दुईजना असल हुन्किनभने तिनी ;हरू ले आफ्नो परिश्रमको असल प्रतिफल पाउँछन्।किनकी तिनीहरू लोटे भने एउटाले आफ्नो साथीलाई उठाउनेछतर ; हाय त्यसलाई ;लै हुन्छजो लोट्दाहुँदी एक , किनभने त्यसलाई उठाउने अर्को कोही हुँदैन। उपदेशक ४:९-१०

जो बुद्धिमान् मानिसहरूसँग हिँड्छ, ऊ बुद्धिमान् हुनेछ; तर मूर्खहरूको साथ लाग्ने मानिस नष्ट हुनेछ। हितोपदेश १३:२०

फलामले फलामलाई धारिलो पार्छ, त्यसरी नै मान्छेले आफ्नो साथीको चेहरालाई धारिलो पार्छ। हितोपदेश २७:१७

रिसाहा मान्छेलाई साथी नबनाऊ; अनि झडङ्ग रिसाउनेसँग नहिँड; नत्र ता तिमीले त्यसका चाल सिक्छौ, र आफ्नो प्राणलाई पासोमा पार्छौं। हितोपदेश २२:२४-२५

१९ असल ख्रीष्टियन संगित सुन्नुहोस् र गाउनुहोस् पनि।

परमेश्वरले संगित मन पराउनुहुन्छ र जब परमेश्वरले हामीलाई सृष्टि गर्नुभयो, तब संगिततर्फ रूचि हुने गरी नै उहाँले हामीलाई सृष्टि गर्नुभयो। परमेश्वरको वचनले हाम्रो संगितलाई "नयाँ गीत" भनि बर्णन गर्दछ। एक "नयाँ

गीत" भन्नाले नयाँ सृजना गरिएको भजन वा नवीनतम चर्चित भजन हो भन्ने होइन तर यो एक नयाँ प्रकारको गीत हो। यो चरित्र र गुणस्तरमा नयाँ हुँदछ। ख्रीष्टियन भएकाले, संगित भनेको हाम्रो प्रभुप्रति हामीले चढाएको धन्यवाद, प्रशंसा, र आराधना हो। निश्चय नै, यो संसारको गीतभन्दा मौलिक हुँदछ।

अनि उहाँले मेरो मुखमा एउटा नयाँ गीत, अँ हाम्रा परमेश्वरको स्तुति हाल्नुभएको छ; धेरैले यो देख्नेछन्, र डराउनेछन्, अनि परमप्रभुमाथि भरोसा राख्नेछन्। भजनसंग्रह ४०:३

परमप्रभुका निम्ति एउटा गीत गाओ; र पवित्र जनहरूका सभामा उहाँको स्तुति गाओ! भजनसंग्रह १४९:१

संगित, परमेश्वरलाई हामीले अर्पण गर्ने प्रशंसा र आराधनाको एक अंश हो। संगितले हामीलाई बढाउँदछ; यसले हामीलाई प्रेरणा दिँदछ; र सही ख्रीष्टियन संगितले हामीलाई शिक्षा प्रदान गर्दछ। ख्रीष्टियन भएकाले, जुन ठाउँ वा जुन समय, हामी गाउन सक्दछौं। हामी एक्लै भएको बेलामा हामी गाउन सक्छौं र विश्वासी जनहरूका साथ रहेका बेलामा पनि हामी गाउन सक्दछौं। संगित योग्यता भएकाहरूले गाउन सक्छन् वा कुशलतासाथ बाजाहरू बजाउन सक्दछन् र हामी बाँकीले चाहिँ गाउन सक्दछौं। अनि परमेश्वर हामी सबसँग प्रशन्न हुनुहुन्छ।

हाम्रा हृदय र मनमा के छ संगितले त्यो व्यक्त गर्दछ। साँचो प्रशंसा र आराधना भएको संगित परमेश्वरको आत्माले भरपुर भएको हृदयबाट निस्की आउँछ।

अनि दाखमद्यले नमात, जसमा चरित्रहीनता हुन्छ; तर आत्माले भरपूर होओ; आपसमा भजन, स्तुतिगान र आत्मिक गीतहरूद्वारा बात गर, प्रभुका निम्ति आ-आफ्नो हृदयमा गाओ, र भजन गर; एफिसी ५:१८-१९

हे परमेश्वर, मेरो हृदय स्थिर छ; म गाउनेछु, अँ, मेरो आत्माले नै स्तुति गाउनेछु। भजनसंग्रह १०८:१

जब परमेश्वरको आत्मा हामीभित्र वास गर्नुहुन्छ, तब हामी गाउँदछौं।

ख्रीष्टको वचनले तिमीहरूभित्र प्रशस्त गरी वास गरोस्; भजन, स्तुतिगान र आत्मिक गीतद्वारा सारा वुद्धिसित एक-अर्कालाई सिकाओ र सम्झाओ, अनुग्रहसाथ आफ्ना हृदयहरूमा प्रभुका निम्ति गाओ। कलस्सी ३:१६

ख्रीष्टियनहरूको गीत हर्ष र आनन्दको गीत हो।

हे धर्मी जनहरूहो, परमप्रभुमा रमाओ; किनकी सीधा चालकाहरूलाई प्रशंसा सुहाउँछ। भजनसंग्रह ३३:१

म तपाईमा आनन्दित हुनेछु र रमाउनेछु; हे परमप्रधान, म तपाईको नामको स्तुति गाउनेछु। भजनसंग्रह ९:२

उहाँका बिजुलीहरूले संसारलाई उज्यालो पारे; पृथ्वीले देख्यो र थरथर काम्यो। परमप्रभुको उपस्थितिमा, पहाडहरू मैनजस्तो पग्लिए। आकाशले उहाँको धार्मिकताको घोषणा गर्दछ, र सबै मानिसहरूले उहाँको महिमा देख्छन्। भजनसंग्रह ९८:४-६

आज, धेरैजसो ख्रीष्टियन भनिने गीतहरू खोक्रा र शिक्षाअनुसार गलत छन्। यदि कुनै संगित बाइबल अनुसार सही छैन भने, यो साँचो आराधना होइन। यसले अनौपचारिक भावनाहरू ल्याउँदछन्, तर यो साँचो आराधना भने होइन।

परमेश्वर आत्मा हुनुहुन्छ, अनि उहाँको उपासना गर्नेहरूले आत्मामा र सत्यतामा उपासना गर्नुपर्दछ"। यूहन्ना ४:२४

फेरी, परमेश्वरले संगितलाई रूचाउनुहुन्छ। उहाँले हामीलाई उहाँको प्रशंसा गर्ने निर्देशन दिनुभएको छ, र परमेश्वरलाई प्रशंसा चढाउन, हामी धेरैको लागी, संगित एक प्राथमिक मार्ग हो।

२० परिवारको सम्बन्धमा रहेको बाइबलिय शिक्षालाई जान्नुहोस् र लागु गर्नुहोस्।

हाम्रो जीवनमा केही कुराहरू छन् जसले हाम्रा परिवारलेभन्दा बढ्ता गरी हामीलाई प्रभावित पार्दछ। यो हामी, विवाहित र अविवाहित, सबैको लागी सही हुन आउँदछ। जब हामीले परिवारको सम्बन्धमा रहेको बाइबलिय शिक्षालाई लागु गर्दछौं, हाम्रा परिवार महान् आनन्दको श्रोत हुन सक्दछ। यस शिक्षालाई इन्कार गर्नाले गहिरो चोट र पिडामा पुर्याउँदछ। यस संग्रहको अध्ययन निर्देश २१ले यस प्रकारको शिक्षालाई बृस्तित रूपमा समेट्दछ।

२१ हतारमा नगर्नुहोस्।

परमेश्वरको समयतालिका हाम्रो समयतालिका होइन। प्राय हामी हतारमा भएझैँ उहाँ हतारमा हुनुभएको देखिदैँन।

परमप्रभुको बाटो हेर; साहसिला होऊ; र उहाँले तिम्रो हृदय बलियो पार्नुहुनेछ; म भन्दछुः परमप्रभुको बाटो हेर! भजनसंग्रह २७:१४

मैले धीरजसँग परमप्रभुको बाटो हेरें, र उहाँ मतिर झुक्नुभयो, र मेरो पुकार सुन्नुभयो। भजनसंग्रह ४०:१

किनकी हे परमप्रभु, म तपाईमा आशा राख्दछु, हे प्रभु, मेरा परमेश्वर, तपाईले नै सुन्नुहुनेछ। भजनसंग्रह ३८:१५

यसकारण म परमप्रभुतिर हेर्नेछु; म मेरा उद्धारका परमेश्वरको बाटो हेर्नेछु; मेरा परमेश्वरले मेरो कुरा सुन्नुहुनेछ। मीका ७:७

हाम्रो ख्रीष्टियन जीवनमा हामीले छिट्टै सिक्ने एक कुरा यो हो की हामीले चाहेजस्तो गरी परमेश्वरले हाम्रो प्रार्थनाको उत्तर दिनुहुँदैन। यसको अर्थ परमेश्वरले सुन्नुहुन्न भन्ने होइन। हाम्रो निम्ति के उत्तम परमेश्वर जान्नुहुन्छ र उहाँ आफ्नो चाहना र उद्देश्य पूरा गर्नको निम्ति कार्यरत हुनुहुन्छ, र प्रायजसो हामीले धैर्यतासाथ कुर्नुपर्छ भन्ने अर्थ यसले प्रदान गर्दछ। हामीले पर्खनु परे तापनि, हामी उहाँमा विश्वासयोग्यताका साथ सेवा र भरोसा गर्दछौं।

२२ शारिरिक रूपमा पनि आफ्नो हेरविचार गर्नुहोस्।

हामी सबैसँग एउटा मात्र शरिर छ र जब यसले त्याग्दछ, यस पृथ्वीको हाम्रो सेवकाईको अन्त हुँदछ। अवश्य नै, हाम्रो प्राण र हाम्रो आत्मा महत्वपूर्ण छ, तर हामी शारिरिक देहमा वास गर्छौं। जब हाम्रो शरिर स्वस्थ हुँदैन, प्रभुपर्तिको हाम्रो सेवामा वाधा पुग्दछ। हाम्रो आफ्नो स्वास्थ्यलाई हेलचेक्याँई गर्नु बुद्धिमानी वा असल राखवाली होइन। जब हामी यसो गर्दछौं, तब हामीले उहाँप्रतिको सेवालाई समाप्त गर्दछौं वा वाधा पुर्याउँदछौं।

अथवा के यो तिमीहरूलाई थाह छैन? तिमीहरूको शरिर पवित्र आत्माको मन्दिर हो, जो तिमीहरूभित्र हुनुहुन्छ, जसलाई तिमीहरूले परमेश्वरबाट पायौ, र तिमीहरू आफैका होइनौ; किनकी तिमीहरू दाम तिरेर किनिएका हौ। यसकारण आफ्नो शरिर र आफ्नो आत्मामा परमेश्वरको महिमा गर, जो परमेश्वरका हुन्। १ कोरिन्थी ६:१९-२०

तिमीहरू परमेश्वरका मन्दिर हौ, र परमेश्वरका आत्मा तिमीहरूभित्र वास गर्नुहुन्छ – के यो कुरा तिमीहरूलाई थाह छैन? कसैले परमेश्वरको मन्दिर नष्ट गर्दछ भने त्यसलाई परमेश्वरले नष्ट गर्नुहुनेछ; किनभने परमेश्वरको मन्दिर पवित्र हुन्छ, जुन मन्दिरचाँही तिमीहरू हौ। १कोरिन्थी ३:१६-१७

तर म मेरो शरिरलाई मुक्का लाउँछु र वशमा ल्याउँछुनत्र ता अरुलाई प्रचार गरेर कुनै हिसाबले म आफैचाँही , बेकम्मा ठहरिनेछु"। १ कोरिन्थी ९:२७

हे प्रियउसरी नै सबै कुरा ,जसरी तिम्रो आत्मिक उन्नति भएको छ ,हरूर निरोग रह भनि ,मा तिम्रो उन्नति होस् मचाहना गर्दछु। ३यूहन्ना २

हामीमध्ये धेरैजना हामीलाई आवश्यक परेकोभन्दा धेरै खान्छौं र हामीले खाने धेरै खानाहरू हाम्रो निम्ति असल हुँदैनन्। परीणामस्वरुप, हामीमा हुनु पर्नेजस्तो शक्ति र स्वास्थ्यता हामीमा हुँदैन। परमेश्वरप्रतिको हाम्रो सेवामा वाधा पुग्दछ। अवश्य नै, स्वास्थ्य भनेको हामीले खानेभन्दा उत्तम हो, तर तर हामीले जे काँदछौं त्यो स्वास्थ्यताको महत्वपूर्ण पक्ष हो।

आधुनिक प्रकृयागत खानाहरूमा कम पौष्टिकतत्व हुँदछ र यो रसायनिक तत्वहरूले खाँदिएको हुँदछ जसले हाम्रो शरिरलाई हानी गर्दछ। यद्यपि, परमेश्वरले हामीलाई प्रशस्तै स्वस्थ खानाहरू प्रदान गरि रहनुभएको छ। बाइबलमा, परमेश्वरले धेरै प्रकारमा फलहरू, तरकारीहरू, अन्नहरू, मासुहरू, दुग्ध सामाग्रीहरू, मसलाहरू, र अन्य अचारहरू प्रदान गर्नुभयो। परमेश्वरले प्रशस्तै पौष्टिक खानाहरू प्रदान गरिदिनुभयो। एक ख्रीष्टियन डाक्टरले यी तीन सरल सुझाबहरू दिनुभयोः

क परमेश्वरले खानको निम्ति सृष्टि गर्नुभएको थोकहरू खानुहोस्।
ख तिनीहरूलाई प्राप्त गरेको प्राकृतिक रूपमा नै ती खानुहोस् – प्रशोधन उपकारणले प्रशोधन गर्नुअघि नै।
ग सबै खानहरू सन्तुलनमा खानुहोस्।

२३ अघिल्तिर स्वर्गतर्फ आँखा लगाइराख्नुहोस्।

त्यो समय आउँदैछ जब हामी हाम्रा प्रभु र मुक्तिदाता, प्रभु येशू ख्रीष्टसँग रहनको लागी जाँदैछौं। उहाँ साथ रहनको लागी येशू हामीलाई लिन आउँदै हुनुहुन्छ। यदि उहाँ आउनुअघि हामी मर्यौं भने, हामी तत्काल नै उहाँसाथ – अनन्तको लागी रहन स्वर्गमा जानेछौं। आनन्दको निम्ति कस्तो कारण ! हाम्रा निम्ति राखिएका सारा आशिषहरूलाई पक्कको निम्ति हाम्रो मन सम्हालिदैँन।

१ "तिमीहरूको हृदय विचलित नहोस्; तिमीहरू परमेश्वरमा विश्वास गर्दछौ, ममा पनि विश्वासस गर। मेरा पिताको घरमा धेरै वासस्थानहरू छन्; त्यस्तो नहुँदो हो ता म तिमीहरूलाई भन्ने थिएँ। म तिमीहरूका निम्ति ठाउछ तयार पार्न जान्छु। अनि मैले गएर तिमीहरूका निम्ति ठाउँ तयार पारें भने म फेरी आउनेछु; अनि म जहाँ छु, त्यहाँ तिमीहरू पनि होओ भनेर म तिमीहरूलाई आफूकहाँ लिनेछु। यूहन्ना १४:१-३

अनि म यूहन्नाले पवित्र शहर नयाँ यरूशलेमलाई परमेश्वरतर्फबाट स्वर्गदेखी तल झरिरहेको देखें, जो आफ्ना पतिका निम्ति सिँगारिएकी दूलहीझैँ तयार भएको थियो। प्रकाश २१:२

यस पृथ्वीको हाम्रो दृष्टिकोणमा, हामी यहाँ धेरै समय रहनेछौं झै लाग्दछ। तर अनन्तताको दृष्टिकोणबाट, यस पृथ्वीको हाम्रो समय समयको परिदृश्यमा एउटा सानो विन्दु मात्र हो। हामीले धेरैपटक भनिसकेका छौं, यस पृथ्वीको जीवन सधैँ सहज भने छैन। कसैको लागी त यो एक पछिको अर्को हृदयको चोट मात्र हो। तर

परमेश्वरको अनुग्रह पर्याप्त छ र जब यस समयको विन्दुको अन्त हुन्छ, तब सदाको लागी हामीले परमेश्वरको उपस्थितिमा आनन्द मनाउनेछौं। यसले हामीलाई निश्चयताको आशा प्रदान गर्दछ र जीवनका आँधीबीचमा पनि यो आनन्द र शान्तिको आधारभूत कारण हो।

किनकी म ठान्दछु, यस वर्तमान समयका दुःखकष्टहरू त्यस महिमासँग तुलना गरिने योग्यका छैनन्, जो हामीमाथी प्रकट हुनेछ। रोमी ८:१८

हे परमप्रभु, मलाई तपाईको बाटो सिकाउनुहोस्; म तपाईको सत्यतामा हिँड्नेछु; तपाईको नामको डर मान्नालाई मेरो हृदय एकाग्र पार्नुहोस् !

भजनसंग्रह ८६:११

अनि यस संसारसित एकनासे नहोओ, तर परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के रहेछ, सो जाँचेर थाहा पाउनालाई आफ्नो मनको नयाँ हुवाइद्वारा तिमीहरू बदली हुदैँ जाओ"।

रोमी १२:२

यसकारण जसरी तिमीहरूले ख्रीष्ट येशू प्रभुलाई ग्रहण गरेका छौ, यसरी नै तिमीहरू उहाँमा हिडँ; अनि उहाँमा नै जरा हाल्दै र बनिदैँ जाओ; अनि जसरी तिमीहरू सिकाइएका छौ, उसरी नै यस धन्यवादले प्रशस्त हुँदै विश्वासमा स्थिर हुँदै जाओ।

कलस्सी २:६-७

अनि तिमीहरूले मलाई खोज्नेछौ, र मलाई भेट्टाउनेछौ, जब तिमीहरूले मलाई आफ्नो सम्पूर्ण हृदयले खोज्नेछौ।

यर्मिया २९:१३

जसको मन तपाईमाथी अडेसिएर बसेको हुन्छ, उसलाई तपाईले शान्ति नै शान्तिमा जोगाइराख्नुहुनेछ; किनकी उसले तपाईंमाथि भरोसा राख्दछ।

यशैया २६:३

आफ्नो मनलाई परिवर्तन गरीकन नवीकरण हुनुहोस्, आत्माले भरपुर हुनुहोस्, विश्वासमा हिँड्नुहोस्, आफ्नो सारा हृदयले उहाँको खोजी गर्नुहोस्, उहाँसँगको हिँडाईमा बढ्दै जानुहोस्, परमेश्वरको नजिकमा जानुहोस्। र उहाँको चाहनाअनुरुपको आराधना चढाउनुहोस्।

परमेश्वरले तपाईलाई प्रशस्तै आशिष दिनुभएको होस्। ☺
फिल बेनेडिक्ट

बाइबल अध्ययन र प्रार्थना सहायक

अबको केही पृष्ठहरूमा केही सहायकहरू प्रस्तुत गरिएका छन् जसले बाइबल अध्ययन र प्रार्थनामा उत्तम पद्दती बिकस गर्न सहायता प्रदान गर्दछ र उपयोगी हुँदछ।

बाइबल खण्ड अध्ययन - पृष्ठ ५१०-५१२

पवित्रशास्त्रको छोटो खण्डलाई बुझ्न र आत्मसाथ गर्न सहायता मिल्न सकोस् भनेर यसलाई त्यस अनुसारले रचना गरिएको छ। शास्त्रको खण्डबाट सिकाउनको निम्ति तयारी गर्ने कार्यमा, यो अति राम्रो उपयोगी साधन ठहर्दछ।

दुई वर्षे बाइबल अध्ययन तालिका - पृष्ठ ५११-५१४

यो ती व्यक्तिहरूका निम्ति दुई वर्षे बाइबल कार्यक्रम हो जो परमेश्वरसँगको हिँडाईमा बढ्न शुरु गरिरहेका छन्। यो नयाँ ख्रीष्टियनहरूलाई बढाउने कार्यक्रम ए तापनि, यथाक्रम बाइबल अध्ययन कार्क्रम नभएकाहरूका लागी यो उपयोगी हुँदछ।

बाइबल अध्ययन अध्याय जाँच सूचि - पृष्ठ ५१५-५१८

सामान्यतः यो फारम बाइबलमा भएका पूस्तक र अध्यायहरूको सूचि हो। यो ती व्यक्तिहरूका लागी रचना गरिएको हो जसले सम्पूर्ण बाइबल अध्ययन कार्यमा लागेका छन्। जब एक व्यक्तिले बाइबलको एक अध्याय पढ्दछ, तब उसले यस पूस्तकलाई चिनो लगाउन सक्छ। यो, हामीमध्ये कम स्मरण शक्ति भएकाहरूका निम्ति उपयोगी हुँदछ जसले हामी कहाँ अध्ययन गरिरहेका छौं भनि हामीलाई सूचित गर्दछ।

बाइबलिय प्रार्थनाका विषयहरू र प्रतिवद्धताहरू – पृष्ठ ५१८-५१९

यो बाइबलिय शिक्षामा आधारित प्रार्थनाका विषयहरू र प्रतिवद्धताहरूको सूचि हो। एक मजबुत बाइबलिय प्रार्थनाको पद्दतिको बिकासको निम्ति यो एउटा उत्तम निर्देशन हो भनि तपाईहरूलाई सुझाब दिँदछु। म यो सुझाब दिन्छु की यो आफ्नो निम्ति वा अरुहरूको प्रार्थनाको निम्ति प्रयोग गर्न सकिन्छ।

यी फारमहरूलाई तपाईले चाहनुभए अनुसारले प्रतिलिपि तयार गर्न सक्नुहुन्छ।

पद-पद गरी बाइबलिय समझको खोजी

हे मेरा छोरा, तिमीले मेरा वचनहरू ग्रहण गर्यौ र मेरा आज्ञाहरू आफूसित साँचेर राख्यौ भने, र वुद्धितिर आफ्नो कान थाप्यौ, र आफ्नो हृदय समझतिर ढल्कायौ भने, अँ, ज्ञानको निम्ति पुकार्यौ र समझका निम्ति आफ्नो सोर उचाल्यौ भने, तिमीले त्यसलाई चाँदीलाई झैं खोज्यौ, र लुकाइराखेको धनलाई झैं त्यसको खोज गर्यौ भने तिमीले परमप्रभुको भय बुझ्नेछौ र परमेश्वरको ज्ञान भेट्टाउनेछौ।

हितोपदेश २:१-५

अध्ययन गरिएको शास्त्रको खण्ड _____ मिति _____

हामीले जान्न र आत्मसाथ गर्न खोजेको बाइबलिय खण्डहरू बुझ्नको निम्ति तल प्रस्तुत गरिएको प्रश्नहरूको फारम भर्न सकिन्छ। यसमा उत्तरहरू लेख्नाले त्यस खण्डबाट हामीले के सिक्यौं भनि थाहा र स्मरण गर्न सकिन्छ।

तपाईले एउटा पद, खण्ड, वा अध्याय अध्ययन गरिरहनुभएको हुनसक्छ। यद्यपि, प्राय समय, विशेष गरी नयाँ नियममा, अध्यायहरू धेरै लामो हुन्छन् र यिनीहरूले धेरै शिक्षाहरू समेट्छन्। सामान्यता, खण्डहरूको प्रयोग गर्नु असल हुँदछ। केही समयपछि एक पटकमा एक खण्ड वा एक पद अध्ययन गरिकन तपाईले एउटा पूरा अध्याय वा पूरा पूस्तकलाई अध्ययन गर्न सक्नुहुनेछ।

बिस्तारै र होशियारीका साथ कमसेकम पाँच वा छ पटक त्यस खण्डलाई अध्ययन गर्नुहोस्। तपाईले के अध्ययन गर्नुभयो सो मनन (विचार) गर्नुहोस्। धेरै यो अनुभव गरेका छन् की ठूलो सोरले खण्डलाई अध्ययन गर्नाले यसलाई आत्मसाथ गर्न मद्दत पुग्दछ। तपाईले अध्ययन र मनन गर्दै गर्दा, यस खण्डको सही बुझाईको निम्ति परमेश्वरसँग विन्ती चढाउँदै गर्नुहोस्।

प्रत्येक खण्डमा रहेको हरेक प्रश्नको उत्तर दिनुपर्छ भन्ने जरूरी हुँदैन। उदाहरणको लागी, प्रत्येक खण्डले निर्देशन, प्रतिज्ञा वा चेताउनी समावेश गर्दैन।

यस खण्डमा सिकाइएको प्रमुख सत्यताहरू के-के हुन्? _____

_____

_____

_____

_____

_____

_____

_____

यस खण्डबाट परमेश्वरको बारेमा हामीले के जान्न सक्दछौं? _____

यस खण्डमा प्रस्तुत गरिएका जीवनयापनका निर्देशन र सिद्धान्तहरू के हुन? _____

यस खण्डमा प्रस्तुत गरिएका प्रतिज्ञाहरू, वा निहित प्रतिज्ञाहरू वा चेताउनीहरू के हुन्? _____

यस खण्डमा कुनै निर्देशनहरू प्रस्तुत गरिएका छन्?

यस खण्डको चाबी पदलाई लेख्नुहोस् र स्मरण गर्नुहोस्

परमेश्वरलाई धन्यवाद र प्रशंसा चढाउनको लागी यस खण्डमा के सत्यता रहेको छ?

अब, यस खण्डबाट भएर प्रार्थनामा प्रतिवद्धता, प्रशंसा, र धन्यवाद चढाउनको लागी केही समय लिनुहोस्।

यी प्रश्नहरूको उत्तर दिइसकेपछि, भरोसायोग्य बाइबल टिप्पणी वा बाइबल शब्दाकोष वा बाइबल शाब्दिक व्याख्यात्मक शब्दाकोषबाट यस खण्डको बारेमा अध्ययन गर्न उपयोगी हुँदछ।

अभ्यास – यस खण्डमा सिकाइएको बाइबलिय सत्यता अनुरुप हुनको निम्ति तपाईले कुन प्रवृत्ती बा व्यवहारमा अभ्यास गर्नुपर्छ?

अब, परमेश्वरको आत्मालाई अगुवाई गर्नको निम्ति सहायताको प्रार्थना चढाउँदै गर्दा, यस खण्डबाट तपाईले सिकाइरहनुभएकाहरूले जान्नुपर्ने र बुझ्नुपर्ने कुराहरू के हुन् सो निर्धारण गर्नुहोस्।

दुई वर्षे बाइबल अध्ययन तालिका

तलको बाइबल अध्ययन कार्यक्रम पुनरावृत्तीय अध्ययनमा आधारित रहेको छ। धेरै पूस्तकहरूको अध्ययन गर्नुको साटो, तपाईले बाइबलको एकै खण्डलाई धेरै दिनसम्म अध्ययन गरि रहनुहुन्छ। यसको कारण सरल छ। हामीमध्ये धेरैले एक पटक अध्ययन गर्दाखेरी सारा कुराहरू बुझ्न सक्दैनौं। बाइबलको सन्दर्भमा यो एकदम सही हुन आउँदछ। यसको गहिराई प्रशस्त छ। बाइबलको खण्डलाई जति धेरै हामी अध्ययन गर्दछौं, त्यति नै धेरै हामीले यसलाई बुझ्दछौं र अभ्यासमा लागु गर्न सक्दछौं।

१ (पहिलो हप्ता) यूहन्ना ३:१६-२१ (अध्याय ३, पद १६-२१। एक हप्तासम्म लगातार यी पदहरू अध्ययन गर्नुहोस्। जब तपाई अध्ययन गर्दै जानुहुन्छ, आफूले अध्ययन गरेका कुराहरूको बारेमा मनन पनि गर्नुहोस्। यी पदहरूको सही बुझाईको लागी परमेश्वरमा विन्ती चढाउनुहोस्। यदि तपाईमा कुनै प्रश्न छन् भने, ती व्यक्तिहरूलाई ती प्रश्न सोध्नुहोस् जसले ठोस बाइबलिय उत्तरहरू दिन सक्दछन्। सबैजनाको उत्तरलाई पूर्ण सही भनि ग्रहण नगर्नुहोस्। यदि उत्तर सही लाग्दैन भने शंका उत्पन्न हुनु असल विचार हो।

२ (दोश्रो हप्ता) हरेक दिन एक हप्तासम्म १यूहन्ना १:५-१० र १यूहन्ना २:१-६ अध्ययन गर्नुहोस्। प्रभु येशू ख्रीष्टको अनुयायी भएकाले, हामीले नियमित रूपमा आफ्ना पापहरू स्वीकार गर्नुपर्छ। परमेश्वरसँगको हिँडाईलाई फलवान् र उत्पादकत्व बनाउनको लागी हामी यसो गर्दछौं। जब हामी पाप गर्दछौं, हामीले आफ्नो मुक्ति गुमाउदैनौं, तर हाम्रो आनन्द र उत्पादकत्वमा ह्रास आउँदछ। तपाईले पाप गर्ने बित्तिकै, आफ्नो पाप चाडैँ स्वीकार गरिहाल्नुहोस् र प्रभुसँग सही हुनुहोस्।

३ (तेश्रो हप्ता) भजनसंग्रह १। यो अध्यायलाई दिनको दुई पटक गरी एक हप्ता अध्ययन गर्नुहोस्। परमेश्वरको वचनको अध्ययन र अभ्यासले धेरै आशिषहरू ल्याउँदछ।

४ (चौथो हप्ता) हरेक दिन एक हप्तासम्म भजनसंग्रह ३२ अध्यायलाई अध्ययन गर्नुहोस्। तपाईले अध्ययन गर्नुभएको हरेक दिनमा, शान्तसाथ बस्नुहोस् र तपाईले अध्ययन गर्नुभएको कुरालाई विचार गर्नुहोस्। तपाईले सिक्नुभएको सत्यताको लागी परमेश्वरलाई धन्यवाद चढाउनुहोस्। तपाईले यस भजनसंग्रहको अध्यायलाई अध्ययन गर्नुभएको दुई वा तीन दिनपछि, प्रश्नहरू सोध्नुहोस् र उत्तर दिनुहोस् जस्तैः

पद १ र २ अनुसार, को आशिषित (आनन्दित) हुँदछ?

पद ३ र ४ अनुसार, पाप स्वीकार नगर्नुको परीणाम के हुन आउँदछ (मौन बस्नु)?

पद ५ अनुसार, हामीले आफ्ना पापहरू स्वीकार गरेपछि के हुन्छ?

पद ६ अनुसार, ईश्वरिय मानिसहरूले के गर्नुपर्दछ?

पद ७ अनुसार, परमेश्वरका दुई प्रतिज्ञाहरू के हुन्?

पद ८ अनुसार, परमेश्वरले प्रतिज्ञा गर्नुहुन्छ?

पद ९ अनुसार, हामी के जस्तो हुनुहुँदैन?

पद १० अनुसार, दुष्ट र परमेश्वरमा भरोसा गर्नेहरू बीचमा के भिन्नता छ?

पद ११ अनुसार, विश्वासीहरूले के गर्नुपर्छ?

तपाईलाई उद्धार गर्नुभएको र उहाँले तपाईको जीवनमा गरिरहनुभएको कार्यहरूका लागी हरेक दिन परमेश्वरलाई धन्यवाद चढाउनुहोस्। आफ्नो, परिवार, साथीहरू,वा तपाईले जानेका व्यक्तिहरूका निम्ति परमेश्वरसँग कुरा गर्नुहोस्।

५ (पाचौं हप्ता) भजनसंग्रह ३३ अध्यायलाई एक हप्तासम्म दैनिक अध्ययन गर्नुहोस्। फेरी, हरेक दिन तपाईले अध्ययन गरी सक्नुभएपछि, शान्तसाथ बस्नुहोस् र तपाईले अध्ययन गर्नुभएको कुरालाई विचार गर्नुहोस्। । तपाईले सिक्नुभएको सत्यताको लागी परमेश्वरलाई धन्यवाद चढाउनुहोस्। फेरी, तपाईले यस भजनसंग्रहको अध्यायलाई अध्ययन गर्नुभएको दुई वा तीन दिनपछि, प्रश्नहरू सोध्नुहोस् र उत्तर दिनुहोस् जस्तैः

पद १-३ अनुसार, हामीमध्ये धेरैजनासँग वीणा छैन, तर हामीले हाम्रो आनन्दलाई र परमेश्वरप्रतिको प्रशंसालाई कसरी प्रस्तुत गर्न सक्दछौं?
पद ४ अनुसार, यसले परमेश्वरको वचनको बारेमा के बताउँदछ?
पद ५ अनुसार, परमेश्वरले केलाई प्रेम गर्नुहुन्छ?
पद ६-९ अनुसार, यस पृथ्वीसँग परमेश्वरको के सम्बन्ध रहेको छ?
पद ८ अनुसार, परमेश्वरप्रतिको हाम्रो प्रवृत्ती कस्तो हुनुपर्दछ?
पद ९ अनुसार, यस पृथ्वीमा रहेका राज्य र जातिहरूलाई कसले नियन्त्रण गर्दछ?
पद १० अनुसार, परमेश्वरको योजना कति समय अवधीसम्म रहन्छ?
पद १२-१५ अनुसार, प्रभुले कसको हेरचाह गर्नुहुन्छ?
पद १६-१९ अनुसार, केले राज्यलाई बचाउँदैन? हामीलाई कठिन परिस्थितिहरूमा कसले छुटकारा दिनुहुन्छ?
पद २०-२२ अनुसार, परमेश्वरमा "पर्खनु"को अर्थ के हो?
हाम्रो आशा को हुनुहुन्छ? हामीले पर्खिन्जेल के गर्नुपर्छ?

६ (छैठौं हप्ता) भजनसंग्रह ३४ अध्यायलाई एक हप्तासम्म दैनिक अध्ययन गर्नुहोस्। पहिलो र दोश्रो हप्तामा प्रयोग गर्नुभएको पद्दतीलाई पछ्याउनुहोस्। तपाईले अध्ययन गर्नुभएको कुराहरू विचार गर्न समय लिनुहोस्। यस समयमा, यदि तपाईले पद-पद अनुसार अध्ययन गर्नुहुन्छ भने, तपाईले आफ्नो मनमा प्रश्नहरू उत्पन्न गर्नुहोस् र उत्तरहरूको बारेमा विचार गर्नुहोस्। यस भजनसंग्रहबाट परमेश्वरले आफ्ना मानिसहरूको लागी के गर्नुहुन्छ भनेर आफैलाई प्रश्न सोध्नुहोस् र तपाईको प्रतिक्रिया कस्तो हुनेछ थाहा गर्नुहोस्। प्रभुसँग कुरा गर्नको निम्ति समय छुटाउन नभुल्नुहोस् र तपाईले सिक्नुभएका सारा कुराहरूमा परमेश्वरलाई धन्यवाद चढाउनुहोस्।

७ (सातौं हप्ता) अब भजनसंग्रह १३९ अध्यायलाई एक हप्तासम्म दैनिक अध्ययन गर्नुहोस्। फेरी, तपाईले अध्ययन गर्नुभएको कुराहरू विचार गर्न समय लिनुहोस्। यो निकै व्यक्तिगत रहेको छ। यस सारा जगतका परमेश्वरले तपाईलाई व्यक्तिगतरूपमा कति गहिरिएर जान्नु र प्रेम गर्नुहुन्छ भनेर यसले बताउँदछ। उहाँले तपाईलाई शुरक्षा र अगुवाई दिनुहुन्छ। उहाँले तपाईलाई जान्ने मात्र होइन, तर उहाँले तपाईलाई व्यक्तिगत रूपमा रचना गर्नुहुन्छ र तपाईमा उहाँको उद्देश्य रहेको छ। अन्तिम दुई पदहरू परमेश्वरप्रतिको समर्पणतामा सुन्दर प्रार्थना हुन् जसले तपाईलाई राम्रोसँग जान्नुहुन्छ। फेरी, उहाँले के भन्नुभयो भन्ने सन्दर्भमा आफैलाई प्रश्न सोध्नुहोस् र तपाईले थाहा गर्नुभएका सत्यताहरूका निम्ति उहाँलाई धन्यवाद चढाउनुहोस्।

८ (यसले करिब दुई हप्ताको समय लिँदछ।) उत्पत्ती, अध्याय १-३। एक दिनमा एउटा अध्याय अध्ययन गर्नुहोस्। अवश्य नै यसले दिनको समय लिनेछ। तपाईले यी तीन अध्यायहरू अध्ययन गरेर सिध्याउनु भएपछि, अध्याय एकलाई फेरी शुरु गर्नुहोस् र फेरी यी तीनै अध्यायहरूलाई सकाउनुहोस्। तपाईले कमसेकम चार पटक अध्ययन नगरेसम्म यस प्रक्रियालाई दोहोर्याइरहनुहोस्। यी निकै महत्वपूर्ण अध्यायहरू हुन्। यिनीहरू जग हुन् जहाँ बाइबलका अन्य पूस्तकहरू र अध्यायहरू निर्माण गरिएका छन्। यिनीहरूलाई जसरी लेखिएको छ त्यसी नै

बुझ्नुपर्दछ। आधुनिक "विज्ञान सम्बन्धी" विकासक्रमका सिद्धान्तसँग मेल गर्ने हेतुले यसलाई परिवर्तन वा रूपातंरित नगर्नुहोस्। हामीले परमेश्वरलाई मानिसभन्दा उच्च अधिकारको रूपमा ग्रहण गर्दछौं।

९ (यसले करिब दुई महिनाको समय लिँदछ।) अब हामी नयाँ नियमको लामो खण्डमा जान गइरहेका छौं। मर्कुसको पूस्तकमा १६ अध्यायहरू छन्। यस अध्यायहरूको लम्बाई फरक छन्। एक दिनमा एउटा अध्याय अध्ययन गर्नुहोस्। तपाईले सबै १६वटा अध्यायहरू अध्ययन गरिसक्नुभएपछि, फेरी शुरु गर्नुहोस् र अध्ययन गर्नुहोस्। त्यसपछि तेश्रो पटक पनि अध्ययन गर्नुहोस्। यस अध्ययनको उद्देश्य भनेको प्रभु येशू ख्रीष्टलाई अझ राम्रोसँग जान्दै जानु हो। येशू मुक्तिदाता मात्र हुनुहुन्न, हामीले पछ्याउनुपर्ने जीवनयापनको उदाहरण पनि हुनुहुन्छ। यदि हामी उहाँ जस्तै हुन चाहन्छौं भने, हामीले संभव भएसम्म उहाँलाई जान्नुपर्दछ। मर्कुसको पूस्तकको तीन पटकको अध्ययनद्वारा हामीले उहाँलाई अझ राम्रोसँग जान्न सक्दछौं र हामी उहाँकोजस्तै जीवनयापनको थालनी गर्न सक्दछौं। फेरी, तपाईले अध्ययन गर्दै गर्नु हुँदा, तपाईले अध्ययन गर्नुभएको कुरालाई विचार गर्नुहोस् र त्यसमा मनन गर्नुहोस्।

१० (करिब ४ वा ५ महिना) अब यूहन्नाको पूस्तक अध्ययन गर्नुहोस्। यूहन्नामा २१ अध्यायहरू छन्। यो सानो "गहिराई"को पूस्तक हो र तपाई अलिक सुस्त जानुपर्दछ। यहाँ केही लामा अध्यायहरू छन्। केही अध्यायहरूलाई अध्ययन र मनन गर्नको निम्ति तपाईलाई दुई वा तीन दिनको समय लाग्न सक्दछ। तपाईले सबै कुराहरू त बुझ्न सक्नुहुन्न, तरै पनि अध्ययनमा लागिरहनुहोस्। जति तपाई आफ्नो अध्ययनमा बढ्दै जानुहुन्छ, त्यति नै वेसी तपाईले बुझ्दै जानुहुनेछ। पूरा पूस्तकलाई कमसेकम दुई वा तीन पटक अध्ययन गर्नुहोस्। येशू परमेश्वर हुनुहुन्छ भन्ने सत्यतालाई यूहन्नाको पूस्तकले जोड दिँदछ। तपाईले यसलाई अध्ययन गरि सिध्याउनु भएपछि, येशूप्रति तपाईको आदर झनै बढ्नुपर्छ किनभने उहाँ परमेश्वर हुनुहुन्छ।

११ (करिब १ महिना) अब छोटो पूस्तकहरूतर्फ जाऔं। १ यूहन्नाको पूस्तकमा जम्मा एउटा अध्याय रहेको छ। एक दिनमा एक अध्याय अध्ययन गर्नुहोस्। तपाईले अध्ययन गर्नुभएको कुरालाई होशायारीसाथ मनन गर्नुहोस्। तपाईले कमसेकम चार पटक यस पूस्तकलाई अध्ययन नगरेसम्म यस प्रक्रियालाई दोहोर्याइरहनुहोस्। १ यूहन्ना गम्भिर पूस्तक हो। यसले हाम्रो जीवनयापनलाई जाँच गर्दछ र हामीले परमेश्वरलाई साँचो रूपले जानेका छौं की छैनौं र उहाँलाई प्रशन्न तुल्याउने जीवन जिइरहेका छौं की छैनौं भनि यसले हामी आफैलाई सोध्दछ। १यूहन्नाले भन्दछ की यदि हामी निरन्तर पापपूर्ण जीवन जिइरहन्छौं भने, वास्तविकतामा हामीले उहाँलाई जानेका छैनौं। त्यस पापूर्ण जीवनयापनमा निरन्तरता दिनुको साटो, हामी त्यस पापलाई स्वीकार गर्छौं र त्यसबाट फर्किन्छौं। सारा ख्रीष्टियनहरूले, परिपक्वहरू पनि, पाप गर्दछन्, तर हामी उहाँसँगको हिँडाईमा बढ्दै जानुपर्छ। हाम्रो जीवनलाई मूल्यांकन गर्नको लागी धेरै परीक्षाहरू आइपर्दछन्। प्रभुसँगको हाम्रो हिँडाईको प्रतिवद्धतालाई यस पूस्तकले (१यूहन्ना) गहिराएर लैजानुपर्दछ। यस पूस्तकबाट चाँडो-चाँडो नजानुहोस्। तपाईले अध्ययन गर्नुभएको कुरामा बिचार र मनन गर्दै धेरै समय व्यतित गर्नुहोस्।

१२ (करिब दुई महिना) अब पूरानो नियममा र बाइबलको प्रथम पूस्तक - उत्पत्तीमा फेरी फर्कौं। उत्पत्तीको पूस्तक सम्पूर्णतया भिन्न प्रकारको पूस्तक हो। यो ऐतिहासिक प्रकृतिको छ।यसले मानिसको शुरुवात साथै हामी कहाँबाट आयौं भनि बताउँदछ। उत्पत्तीको पूस्तकमा ५० अध्यायहरू छन्। एक दिनमा एउटा अध्याय अध्ययन गर्नुहोस्। उत्पत्तीको पूस्तक महत्वपूर्ण पूस्तक हो, तर अहिलेलाई तपाईले यसको अध्ययन एक पटक मात्र गरे हुन्छ। तपाई चाहनुभयो भने पछि फेरी अध्ययन गर्न सक्नुहुन्छ। उत्पत्तीको पूस्तकको आधारभूत बुझाईले परमेश्वर कस्तो हुनुहुन्छ भनि जान्न मद्दत पुग्दछ र यसले नयाँ नियम बुझ्न पनि केही मद्दत पुर्याउँदछ। याद राख्नुहोस् की हामीले उत्पत्तीको पूस्तकको सारा ऐतिहासिक र विज्ञान सम्बन्धी शुद्धतालाई ग्रहण गर्नुपर्छ,

जसमा प्रथम ११ अध्यायहरू पनि पर्दछन्। येशूले पनि यी ११वटा अध्यायहरूबाट उद्धृत गर्नुभयो जसले यो संकेत दिँदछ की उहाँ आफैले पनि यसका सत्यतालाई ग्रहण गर्नुभयो।

१३ (करिब १ महिना) अब नयाँ नियमको एफिसीको पूस्तकतर्फ लागौं। एफिसीको पूस्तक ६ अध्याय मात्र भएको एउटा छोटो पूस्तक हो जुन जीवनको सम्बन्धमा असल शिक्षा र व्यवहारिक निर्देशनहरूले भरपुर छ। एक दिनमा एउटा अध्याय अध्ययन गर्नुहोस् र धेरैजसो समय त्यसमा मनन गर्नुहोस्। यस पूस्तकलाई कमसेकम चार पटक अध्ययन गर्नुहोस्।

१४ (करिब ३ महिना) अब रोमीको पूस्तकतर्फ लागौं। रोमीको पूस्तक १६ अध्याय लामो छ। यसले हाम्रो विश्वासको आधारभूत सत्यताका जगहरू सबलाई समावेश गर्दछ। यो अरु पूस्तकहरूभन्दा "गह्रौं" पूस्तक हो। यसमा हतार नगर्नुहोस्। कहिलेकाही तपाईले एक अध्यायलाई दुई-तीन दिन दिनसक्नुहुन्छ। तपाईले यस पूस्तकलाई कमसेकम दुई पटक अध्ययन गर्नुहोस्। रोमीको पूस्तकले सत्यताको जग प्रदान गर्दछ जसमा हाम्रो विश्वास बसालिएको हुन्छ। मूलभूतरूपमा सारा प्रमुख शिक्षाहरू यस पूस्तकमा समावेश गरिएका छन्। केही खण्डहरू बुझ्नको निम्ति तपाईले टिप्पणीका पूस्तकहरू पनि किन्न सक्नुहुन्छ। तपाईले यस पूस्तकलाई अध्ययन गर्दै गर्नुहुँदा जोन म्याकआर्थरको टिप्पणीको पूस्तक उपयोगी हुनेछ।

१५ (करिब २ महिना) हितोपदेशको पूस्तक सम्पूर्णतया भिन्न पूस्तक हो। सोलोमनले, परमेश्वरको प्रेरणाद्वारा,हितोपदेश वा बुद्धिमानी वचनहरूको प्रयोगद्वारा, जीवन कसरी जिउने भनि सुझाब प्रदान गर्दछन्। हितोपदेश वा केही पदहरू अघि-पछिका पदहरूसँग एक-अर्कामा सम्बन्धित रहेका हुन्छन्, र धेरैजसो चाहिँ स्वतन्त्र हितोपदेशहरू हुन्। यहाँ धेरै कुराहरू रहेका छन्। यदि तपाईकहाँ विद्यालय पढ्ने नानीहरू छन् भने, तिनीहरूले अध्ययन गर्नको निम्ति यो उत्तम पूस्तक रहेको छ। स्वाभाविक तरीकामा यसले जीवनका लगभग सबै पक्षहरूका बारेमा सही व्यवहार र विचार-विमर्श गर्न मद्दत पुर्याउँदछ। याद गर्नुहोस् हितोपदेशको पूस्तक जीवनको सन्दर्भमा एक सामान्य सत्यता हो। हरेक मानिसको जीवनमा हितोपदेश शत प्रतिशत सत्य हुन आउँदछ भनि यसले बताउँदैन। हितोपदेशको पूस्तकमा ३१ अध्यायहरू छन्। यसलाई कम्तिमा एक पटक अध्ययन गर्नुहोस्। तपाईले यसलाई दोहोर्याएर पनि अध्ययन गर्न सक्नुहुन्छ।

१६ (करिब दुई महिना) अब १ र २ पत्रुसको पूस्तकमा जाऔं। यी पूस्तकहरूको संख्या जम्मा ८ अध्यायहरू छन्। यी निकै व्यवहारिक पूस्तकहरू हुन जसले परमेश्वरसँगको हिँडाईका बिभिन्न पक्षहरूमा निर्देशन प्रदान गर्दछ। एक दिनमा एक अध्याय अध्ययन गर्नुहोस्। विचार र मनन गर्नको लागी धेरै समय लिनुहोस् र कमसेकम ३ वा ४ पटक अध्ययन नगरेसम्म यही पूस्तकहरूमा नै रहनुहोस्। परमेश्वरले हामीहरूका निम्ति भविष्यमा के संचय गरी राखिदिनुभएको छ भनि यी पूस्तकहरूले प्रशस्तै आशा र शान्ति प्रदान गर्दछ।

१८ (करिब दुई महिना) प्रकाश। प्रकाश, अध्याय ४-२२ले भविष्यको बारेमा बताउँदछ। यो अध्ययन गर्न सहज छैन र यसको अध्ययन पछि तपाई अलिक अलमल्लमा पर्नुहुनेछ। सम्पूर्ण कुरा बुझ्ने अपेक्षा नराख्नुहोस्। यस पूस्तकलाई एक वा दुई पटक अध्ययन गर्नुहोस्। विश्वास नगर्ने मानसिहरूले सामना गर्नुपर्ने न्यायको बारेमा बुझ्नको निम्ति यसले तपाईलाई केही विचारहरू प्रदान गर्दछ।

अब, तपाई आफैले नै, निरन्तर रूपमा बाइबल अध्ययन गर्न सक्नुहुनेछ। परमेश्वरले हामीलाई शास्त्रको हरेक अंश प्रदान गर्नुभयो र हरेक अंशको उद्देश्य रहेको छ। शास्त्रलाई अध्ययन गर्नु भनेको जीवनभरिको पिछा हो र यो जीवनभरि वृद्धि हुने प्रकृयाको एक पाटो पनि हो। परमेश्वरको वचन निरन्तर अध्ययन र लागु गर्नुहोस् र परमेश्वरसँगको तपाईको जीवनभरिको हिँडाई उपयोगी र सुन्तुष्ट हुनेछ।

पूरानो नियम

उत्पत्ती	१ २ ३ ४ ५ ६ ७ ८ ९ १० ११ १२ १३ १४ १५ १६ १७ १८ १९ २० २१ २२ २३ २४ २५ २६ २७ २८ २९ ३० ३१ ३२ ३३ ३४ ३५ ३६ ३७ ३८ ३९ ४० ४१ ४२ ४३ ४४ ४५ ४६ ४७ ४८ ४९ ५०
प्रस्थान	१ २ ३ ४ ५ ६ ७ ८ ९ १० ११ १२ १३ १४ १५ १६ १७ १८ १९ २० २१ २२ २३ २४ २५ २६ २७ २८ २९ ३० ३१ ३२ ३३ ३४ ३५ ३६ ३७ ३८ ३९ ४०
लेवी	१ २ ३ ४ ५ ६ ७ ८ ९ १० ११ १२ १३ १४ १५ १६ १७ १८ १९ २० २१ २२ २३ २४ २५
गन्ती	१ २ ३ ४ ५ ६ ७ ८ ९ १० ११ १२ १३ १४ १५ १६ १७ १८ १९ २० २१ २२ २३ २४ २५ २६ २७ २८ २९ ३० ३१ ३२ ३३ ३४ ३५ ३६
व्यवस्था	१ २ ३ ४ ५ ६ ७ ८ ९ १० ११ १२ १३ १४ १५ १६ १७ १८ १९ २० २१ २२ २३ २४ २५ २६ २७ २८ २९ ३० ३१ ३२ ३३ ३४
यहोशू	१ २ ३ ४ ५ ६ ७ ८ ९ १० ११ १२ १३ १४ १५ १६ १७ १८ १९ २० २१ २२ २३ २४
न्यायकर्ता	१ २ ३ ४ ५ ६ ७ ८ ९ १० ११ १२ १३ १४ १५ १६ १७ १८ १९ २० २१
रूथ	१ २ ३ ४
१शमुएल	१ २ ३ ४ ५ ६ ७ ८ ९ १० ११ १२ १३ १४ १५ १६ १७ १८ १९ २० २१ २२ २३ २४ २५ २६ २७ २८ २९ ३० ३१
२ शमुएल	१ २ ३ ४ ५ ६ ७ ८ ९ १० ११ १२ १३ १४ १५ १६ १७ १८ १९ २० २१ २२ २३ २४
१ राजा	१ २ ३ ४ ५ ६ ७ ८ ९ १० ११ १२ १३ १४ १५ १६ १७ १८ १९ २० २१ २२
२ राजा	१ २ ३ ४ ५ ६ ७ ८ ९ १० ११ १२ १३ १४ १५ १६ १७ १८ १९ २० २१ २२ २३ २४ २५
१ इतिहास	१ २ ३ ४ ५ ६ ७ ८ ९ १० ११ १२ १३ १४ १५ १६ १७ १८ १९ २० २१ २२ २३ २४ २५ २६ २७ २८ २९

२ इतिहास	१ २ ३ ४ ५ ६ ७ ८ ९ १० ११ १२ १३ १४ १५ १६ १७ १८ ९ २० २१ २२ २३ २४ २५ २६ २७ २८ २९ ३० ३१ ३२ ३३ ३४ ३५ ३६
एज्रा	१ २ ३ ४ ५ ६ ७ ८ ९ १०
नहेम्याह	१ २ ३ ४ ५ ६ ७ ८ ९ १० ११ १२ १३
एस्तर	१ २ ३ ४ ५ ६ ७ ८ ९ १०
अय्यूब	१ २ ३ ४ ५ ६ ७ ८ ९ १० ११ १२ १३ १४ १५ १६ १७ १८ १९ २० २१ २२ २३ २४ २५ २६ २७ २८ २९ ३० ३१ ३२ ३३ ३४ ३५ ३६ ३७ ३८ ३९ ४० ४१ ४२
भजनसंग्रह	१ २ ३ ४ ५ ६ ७ ८ ९ १० ११ १२ १३ १४ १५ १६ १७ १८ १९ २० २१ २२ २३ २४ २५ २६ २७ २८ २९ ३० ३१ ३२ ३३ ३४ ३५ ३६ ३७ ३८ ३९ ४० ४१ ४२ ४३ ४४ ४५ ४६ ४७ ४८ ४९ ५० ५१ ५२ ५३ ५४ ५५ ५६ ५७ ५८ ५९ ६० ६१ ६२ ६३ ६४ ६५ ६६ ६७ ६८ ६९ ७० ७१ ७२ ७३ ७४ ७५ ७६ ७७ ७८ ७९ ८० ८१ ८२ ८३ ८४ ८५ ८६ ८७ ८८ ८९ ९० ९१ ९२ ९३ ९४ ९५ ९६ ९७ ९८ ९९ १०० १०१ १०२ १०३ १०४ १०५ १०६ १०७ १०८ १०९ ११० १११ ११२ ११३ ११४ ११५ ११६ ११७ ११८ ११९ १२० १२१ १२२ १२३ १२४ १२५ १२६ १२७ १२८ १२९ १३० १३१ १३२ १३३ १३४ १३५ १३६ १३७ १३८ १३९ १४० १४१ १४२ १४३ १४४ १४५ १४६ १४७ १४८ १४९ १५०
हितोपदेश	१ २ ३ ४ ५ ६ ७ ८ ९ १० ११ १२ १३ १४ १५ १६ १७ १८ १९ २० २१ २२ २३ २४ २५ २६ २७ २८ २९ ३० ३१
उपदेशक	१ २ ३ ४ ५ ६ ७ ८ ९ १० ११ १२
श्रेष्ठगीत	१ २ ३ ४ ५ ६ ७ ८
यशैया	१ २ ३ ४ ५ ६ ७ ८ ९ १० ११ १२ १३ १४ १५ १६ १७ १८ १९ २० २१ २२ २३ २४ २५ २६ २७ २८ २९ ३० ३१ ३२ ३३ ३४ ३५ ३६ ३७ ३८ ३९ ४० ४१ ४२ ४३ ४४ ४५ ४६ ४७ ४८ ४९ ५० ५१ ५२ ५३ ५४ ५५ ५६ ५७ ५८ ५९ ६० ६१ ६२ ६३ ६४ ६५ ६६
यर्मिया	१ २ ३ ४ ५ ६ ७ ८ ९ १० ११ १२ १३ १४ १५ १६ १७ १८ १९ २० २१ २२ २३ २४ २५ २६ २७ २८ २९ ३० ३१ ३२ ३३ ३४ ३५ ३६ ३७ ३८ ३९ ४० ४१ ४२ ४३ ४४ ४५ ४६ ४७ ४८ ४९ ५० ५१ ५२

विलाप	१ २ ३ ४ ५
इजकिएल	१ २ ३ ४ ५ ६ ७ ८ ९ १० ११ १२ १३ १४ १५ १६ १७ १८ १९ २० २१ २२ २३ २४ २५ २६ २७ २८ २९ ३० ३१ ३२ ३३ ३४ ३५ ३६ ३७ ३८ ३९ ४० ४१ ४२ ४३ ४४ ४५ ४६ ४७ ४८
दानिएल	१ २ ३ ४ ५ ६ ७ ८ ९ १० ११ १२
होशे	१ २ ३ ४ ५ ६ ७ ८ ९ १० ११ १२ १३ १४
योएल	१ २ ३
आमोस	१ २ ३ ४ ५ ६ ७ ८ ९
ओबदयाह	१
योना	१ २ ३ ४
मिका	१ २ ३ ४ ५ ६ ७
नहूम	१ २ ३
हबक्कूक	१ २ ३
सपन्याह	१ २ ३
हाग्गै	१ २
जकरिया	१ २ ३ ४ ५ ६ ७ ८ ९ १० ११ १२ १३ १४
मलाकी	१ २ ३ ४

नयाँ नियम

मत्ती	१ २ ३ ४ ५ ६ ७ ८ ९ १० ११ १२ १३ १४ १५ १६ १७ १८ १९ २० २१ २२ २३ २४ २५ २६ २७ २८
मर्कुस	१ २ ३ ४ ५ ६ ७ ८ ९ १० ११ १२ १३ १४ १५ १६
लूका	१ २ ३ ४ ५ ६ ७ ८ ९ १० ११ १२ १३ १४ १५ १६ १७ १८ १९ २० २१ २२ २३ २४

यूहन्ना	१ २ ३ ४ ५ ६ ७ ८ ९ १० ११ १२ १३ १४ १५ १६ १७ १८ १९ २० २१
प्रेरित	१ २ ३ ४ ५ ६ ७ ८ ९ १० ११ १२ १३ १४ १५ १६ १७ १८ १९ २० २१
रोमी	१ २ ३ ४ ५ ६ ७ ८ ९ १० ११ १२ १३ १४ १५ १६
१कोरिन्थी	१ २ ३ ४ ५ ६ ७ ८ ९ १० ११ १२ १३ १४ १५ १६
२कोरिन्थी	१ २ ३ ४ ५ ६ ७ ८ ९ १० ११ १२ १३
गलाती	१ २ ३ ४ ५ ६
एफिसी	१ २ ३ ४ ५ ६
फिलिप्पी	१ २ ३ ४
कलस्सी	१ २ ३ ४
१थेस्सोलोनिकी	१ २ ३ ४ ५
२थेस्सोलोनिकी	१ २ ३
१तिमोथी	१ २ ३ ४ ५ ६
२तिमोथी	१ २ ३ ४
तीतस	१ २ ३
फिलेमोन	१
हिब्रु	१ २ ३ ४ ५ ६ ७ ८ ९ १० ११ १२ १३
याकूब	१ २ ३ ४ ५
१पत्रुस	१ २ ३ ४ ५
२पत्रुस	१ २ ३
१यूहन्ना	१ २ ३ ४ ५
२यूहन्ना	१
३यूहन्ना	१

यहूदा	१
प्रकाश	१ २ ३ ४ ५ ६ ७ ८ ९ १० ११ १२ १३ १४ १५ १६ १७ १८ १९ २० २१ २२

बाइबलिय प्रार्थनाका विषयहरू र प्रतिवद्धताहरू

यी बाइबलिय प्रार्थनाका विन्तीहरू हुन् जसलाई तपाईले आफ्नो, परिवार, मण्डली परिवार, र अरुका निम्ति प्रार्थना गर्न सक्नुहुन्छ।

क परमेश्वरसँगको हाम्रो हिँडाईको सन्दर्भमा -- **हे परमप्रभु, मलाई तपाईको बाटो सिकाउनुहोस्; म तपाईको सत्यतामा हिँड्नेछु; तपाईको नामको डर मान्नालाई मेरो हृदय एकाग्र पार्नुहोस् !** भजनसंग्रह ८६:११

१ तपाईले परमेश्वरको नामलाई उच्च (आदर) गर्नुहुनेछ। प्रभुको प्रार्थना, मत्ती ६

२ परमेश्वरले तपाईको जीवनमा राज्य गर्नुहुन्छ। प्रभुको प्रार्थना (तपाईको राज्य आओस्) मत्ती ६

३ तपाईले परमेश्वरको इच्छा जान्नुहुनेछ र त्यस अनुसार गर्नुहुनेछ। प्रभुको प्रार्थना, कलस्सी १:९

४ परमेश्वरको वचनले प्रशस्ततामा तपाईमा वास गर्नुहुन्छ। कलस्सी ३:१६

५ बाइबलिय सत्यता सही अनुरुपले बुझ्नको निम्ति परमेश्वरको आत्माले तपाईलाई योग्य तुल्याउनुहुन्छ। १कोरिन्थी २:६-१३

६ परमेश्वरको आत्माले तपाईलाई निरन्तर भर्नुहुनेछ। एफिसी ५:१८

७ तपाई आत्माको फलले भरपुर हुनुहुनेछ। (प्रेम, आनन्द, शान्ति, संयम, आदी) गलाती ५:२२-२३

८ परमेश्वरको आत्माको सामर्थ्यद्वारा भित्रदेखि नै तपाई भरपुर हुनुहुनेछ। एफिसी ३:१६

९ तपाई विश्वासद्वारा हिँड्नुहुनेछ र जिउनुहुनेछ। हिब्रु ११:५, यहूदा १:२०

१० परमेश्वरले तपाईको अघिल्तिर राखिदिनुभएका कुराहरूतर्फ तपाईले हेर्नुहुनेछ। हिब्रु ६:१७-२०, प्रकाश २१:१-४

११ सारा समझलाई माथ गर्ने परमेश्वरको प्रेम तपाईले थाहा गर्नुहुनेछ। एफिसी ३:१९, १यूहन्ना ३:१

१२ आफ्नो सारा हृदय, प्राण, मन र सामर्थ्यद्वारा तपाईले परमेश्वरलाई प्रेम गर्नुहुनेछ। मर्कुस १२:२८-३१

१३ बाइबलिय प्रेमलाई तपाईले अभ्यास गर्नुहुनेछ। १कोरिथी १३:१-८, १३

१४ प्रभु येशू ख्रीष्टको स्वरूपमा तपाई ढालिँदै जानुहुनेछ। रोमी ८:२९

१५ तपाईले आफ्ना सारा हृदयले परमेश्वरको खोजी गर्नुहुनेछ। भजनसंग्रह ६३:१, यर्मिया २९:१३

१६ तपाई परमेश्वरको समिपमा जानुहुनेछ। याकूब ४:८

१७ वचनले भने अनुसारले प्रार्थना गर्न तपाई समर्पित हुनुहुनेछ। मत्ती ६:९-१५, लूका ११:१-१३

१८ तपाई प्रार्थनामा विश्वासयोग्य हुनुहुनेछ र तपाईले हार मान्नुहुनेछैन। लूका १८:१, लूका ११:५-१३, एफिसी ६:१८

१९ तपाईको प्रार्थनाको उद्देश्य सही हुनेछ। याकूब ४:३

२० तपाईले बुद्धि प्राप्त गर्नुहुनेछ। एफिसी १:१७, याकूब १:५

२१ तपाईले ईश्वरिय नभएको सुझाब वा विकृत बाइबलिय शिक्षालाई विश्वास वा ग्रहण गर्नुहुनेछैन। प्रेरित २०:३०

२२ शैतान र त्यसको धोकाबाट तपाईले छुटकारा प्राप्त गर्नुहुनेछ। मत्ती ६:१३, एफिसी ६:१०-१८

२३ परमेश्वरसँगको हिँडाईमा तपाई निरन्तर बढ्दै जानुहुनेछ। २पत्रुस ३:१८

२४ उहाँको आगमनमा तपाईको पूरा अस्तित्व – आत्मा, प्राण, शरिर, निर्दोष हुनेछ। १थेस्सोलोनिकी ५:२३

२५ मृत्युसम्म तपाई विश्वासयोग्य रहनुहुनेछ। २तिमोथी ४:६-८

ख प्रशंसा र धन्यवाद -- **हरेक कुरामा धन्यवाद चढाओ; किनकी प्रभु येशूमा तिमीहरूका निम्ति परमेश्वरको यही इच्छा छ।** १थेस्सोलोनिकी ५:१८

१ तपाईको मुक्तिको निम्ति क्रुसमा भएको मृत्युको लागी परमेश्वरलाई धन्यवाद र प्रशंसा चढाउनुहोस्। २कोरिन्थी ९:१५
२ तपाईलाई दिनुभएको प्रशस्तै आशिषको लागी परमेश्वरलाई धन्यवाद र प्रशंसा चढाउनुहोस्। एफिसी १:१-१४
३ तपाईको परिवारको लागी परमेश्वरलाई धन्यवाद र प्रशंसा चढाउनुहोस्।
४ तपाईको दैनिक शारिरिक आशिष र स्वस्थताको लागी परमेश्वरलाई धन्यवाद र प्रशंसा चढाउनुहोस्।
५ तपाईको जीवनमा आउने कठिन परिस्थिती जसले तपाईको विश्वासलाई बलियो बनाउँदछ, त्यसको निम्ति परमेश्वरलाई धन्यवाद र प्रशंसा चढाउनुहोस्। याकूब १:२
६ _____ निम्ति उहाँलाई धन्यवाद चढाउनुहोस्। (यस खाली ठाँउलाई तपाईले भर्नुहोस्।)

ग हाम्रो जीवनयापनको सन्दर्भमा -- **तर जसरी तिमीहरूलाई बोलाउनुहुने पवित्र हुनुहुन्छ, उसरी नै तिमीहरू पनि सबै प्रकारका चालचलनमा पवित्र होओ। किनकी लेखिएको छः 'तिमीहरू पवित्र होओ, किनकी म पवित्र छु'।** १पत्रुस १:१५-१६

१ तपाईले पवित्र जीवनयापनको सकृय खोजी गर्नुहुनेछ। १पत्रुस १:१५-१६
२ पाप र स्वार्थमय चाहनाहरूमा तपाईले आफैलाई मरेतुल्य पाउनुहुनेछ। रोमी ६
३ हरेक प्रकारको दुष्टतालाई तपाईले इन्कार गर्नुहुनेछ। १थेस्सोलोनिकी ५:२२
४ परमेश्वरले तपाईको हृदयको खोजी गर्नुहुनेछ र तपाईमा भएका कुनै पनि पापूर्ण तरीकालाई प्रकट गरिदिनुहुनेछ। भजनसंग्रह १३९:२३-२४
५ परमेश्वरको अघि तपाईले आफैलाई धार्मिकताको साधनको रूपमा प्रस्तुत गर्नुहुनेछ। रोमी ६
६ धार।मिकताको फलले तपाई भरपुर हुनुहुनेछ। फिलिप्पी १:११
७ भलाई गर्नमा तपाई पिर मान्नुहुनेछैन वा मन गुमाउनुहुनेछैन। गलाती ६:९, हिब्रु १२:३
८ तपाई क्रोधित हुनुहुनेछैन तर परमेश्वरलेझैँ तपाईले पनि क्षमा दिनुहुनेछ। प्रभुको प्रार्थना, कलस्सी ३:१३
९ परमेश्वर दिनुभएको सारा थोकहरूमा तपाई असल भण्डारी हुनुहुनेछ। मत्ती २५:१४-३०, १कोरिन्थी ४:२
१० तपाईले रूपैँया-पैसालाई प्रेम गर्नुहुनेछैन र तपाईसँग भएका थोकहरूमा नै तपाई सन्तुष्ट रहनुहुनेछ। फिलिप्पी ४:११-१२, १तिमोथी ६:६-१०
११ तपाईका सारा प्रवृत् र कार्यलर परमेश्वरलाई प्रशन्न र महिमित तुल्याउनेछ। १कोरिन्थी १०:३१,भजनसंग्रह १९:१४

घ व्यक्तिगत सुसमचार प्रचारको सम्बन्धमा -- **तब उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयोः "साँच्चै फसल प्रशस्तै छ, तर खेतालाहरू थोरै छन्। ३८ यसकारण तिमीहरूले फसलका प्रभुलाई, उहाँले आफ्नो फसलमा खेतालाहरू पठाइदिऊन् भनि प्रार्थना गर"।** मत्ती ९:३७-३८

१ प्रभु येशू ख्रीष्टको लागी तपाई एक सकृय साक्षी हुनुहुनेछ। २कोरिन्थी५:२०

२ सुसमाचार प्रचार गर्नको लागी परमेश्वरले तपाईको निम्ति ढोका खोलिदिनुहुनेछ। कलस्सी ४:३
३ तपाईले सेसमाचारलाई प्रष्टै र भयरहित तरीकाले घोषणा गर्नुहुनेछ। एफिसी ६:२०, कलस्सी ४:४
४ परिवारका सदस्यहरू, साथीहरू, र ती जो हराएका छन् उनीहरूका निम्ति व्यक्तिगत प्रार्थना गर्नुहोस्। रोमओ १०:१
५ सारा संसारमा हराकाहरूकहाँ परमेश्वरले सुसमाचारका साथ खेतालाहरू पठाउनुहुन्छ। लूका १०:२, प्रेरित १:८
६ सुसमाचारको सन्देश तीब्र गतिमा छरिनेछ र आदरयोग्य ठहरिनेछ। २थेस्सोलोनिकी ३:१
७ परमेश्वरले आफ्नो नामको सामर्थ्यद्वारा आफ्ना सन्देशवाहकहरूलाई शुरक्षा गर्नुहुनेछ। २थेस्सोलोनिकी ३:२, यूहन्ना १७:११
८ तपाईले चिन्नुभएको (वा सुन्नुभएको) मिशिनेरीहरूका निम्ति व्यक्तिगतरूपमा प्रार्थना विन्ती चढाउनुहोस्। एफिसी ६:१९-२०

ङ विश्वासी जनहरू र हाम्रा परिवारहरूको सन्दर्भमा -- **प्रियहरूहो, परमेश्वरले हामीलाई यसरी प्रेम गर्नुभयो भने हामीले पनि एक-अर्कालाई प्रेम गर्नुपर्छ।** १यूहन्ना ४:११

१ विश्वासीजनहरूका निम्ति तपाईको प्रेम बढ्नेछ र पोखिनेछ। १थेस्सोलोनिकी ३:१२, १कोरिन्थी १३
२ विश्वासीजनहरूका निम्ति तपाईले विश्वासयोग्यताका साथ प्रार्थना गर्नुहुनेछ। एफिसी ६:१८, याकूब ५:१६
३ विश्वासीजनहरूलाई तपाईले उत्साह दिनुहुनेछ, निर्माण, र सेवा गर्नुहुनेछ। हिब्रु १०:२३-२५
४ अरुको बारेमा कुरा गर्दा तपाईले आफैलाई नियन्त्रण गर्नुहुनेछ। एफिसी ४:२९
५ आफ्ना विश्वासका कारणले संसारभरि यातना भोगिरहेका विश्वासीहरूलाई परमेश्वरले शुरक्षा प्रदान गर्नुहुन्छ। १कोरिन्थी १२:२६
६ तपाईको विवाह मजबुत हुनेछ र तपाईले आफ्नो पति\पत्नीलाई प्रेम र आदर दिनुहुनेछ। एफिसी ५:२२-२३
७ तपाईले सकृयताकासाथ आफ्ना नानीहरूलाई (नाती\नातिना) परमेश्वरसँग हिँड्न सिकाउनुहुनेछ। व्यवस्था ११:१९-२०
८ तपाईका नानीहरू (नाति\नातिना) आज्ञाकारी र श्रद्धालु हुनेछन्। एफिसी ६:१-३

च हाम्रो दैनिक खाँचाहरूको सन्दर्भमा -- **आज हामीलाई हाम्रो दिनहुँको रोटी दिनुहोस्।** मत्ती ६:११

१ तपाईका दैनिकी खाँचाहरूमा परमेश्वरले प्रबन्ध गरिदिनुहुनेछ। प्रभुको प्रार्थना, मत्ती ६
२ तपाईको स्वास्थ्य राम्रो हुनेछ। ३ यूहन्ना २

छ आधिकारिक स्थानमा रहेकाहरूको सन्दर्भमा – प्रार्थना .... **सारा भक्ति र इमान्दारीमा शान्ति र चैनको जीवन बिताउन सकौं भनेर राजाहरू र सबै उच्च अधिकारीहरूका निम्ति चढाइऊन्।** १ तिमीथी २:२